ॐ नमो भगवते वासुदेवाय

श्रीमद्भागवतमहापुराणम्

प्रथमः स्कन्धः

अथ प्रथमोऽध्यायः

सूतजीसँग शौनक आदि ऋषिहरूको प्रश्न

जन्माद्यस्य यतोऽन्वयादितरतश्चार्थेष्वभिज्ञः स्वराट्
तेने ब्रह्म हृदा य आदिकवये मुह्यन्ति यत्सूरयः ।
तेजोवारिमृदां यथा विनिमयो यत्र त्रिसर्गोऽमृषा
धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि ॥ १ ॥

पदार्थ—

यतः = जसबाट
अस्य = यस संसारको
जन्मादि = उत्पत्ति, स्थिति र प्रलय
अर्थेषु = आकाशादि कार्यरूप पदार्थहरूमा
अन्वयात् = परमात्माको सद्रूपले अन्वय हुनाले
इतरतः च = अन्य असत् पदार्थ वन्ध्यापुत्र आदि (जुन ब्रह्मका कार्य होइनन्)मा ब्रह्मसत्ताको अभाव हुनाले त्यसबाट पनि
यः = जो
अभिज्ञः = चेतनरूप
स्वराट् = स्वयं प्रकाश परमात्माले
आदिकवये = ब्रह्माजीलाई
हृदा = सङ्कल्पद्वारा
ब्रह्म = वेद
तेने = प्रदान गर्नुभएको थियो
यत् = जुन वेदका सम्बन्धमा
सूरयः = विद्वान्हरू पनि
मुह्यन्ति = मोहमा पर्दछन्
यथा = जसरी
तेजोवारिमृदां = तेज, जल र स्थलको एक-अर्कामा
विनिमयः = भ्रम हुन्छ
यत्र = जुन परमात्मामा
त्रिसर्गः = जाग्रत्, स्वप्न र सुषुप्तिरूप तीन प्रकारका सृष्टि
अमृषा = सत्यझैं प्रतीत भएको छ
सदा = सधैं
स्वेन = आफ्नो
धाम्ना = तेजले
निरस्तकुहकं = मायाको प्रभाव जसबाट हटेको छ त्यस्तो
परं = परम शाश्वत
सत्यं = सत्यलाई
धीमहि = ध्यान गर्दछौं

वाक्यार्थ— जसबाट यस संसारको उत्पत्ति, स्थिति र प्रलय हुन्छ, जुन तत्त्व सम्पूर्ण सद्रूप पदार्थमा अनुगत छ, जुन तत्त्व असत् पदार्थदेखि भिन्न छ, जुन तत्त्व जड नभएर चेतन छ, जो

परतन्त्र नभएर स्वतन्त्र र स्वयंप्रकाश छ, त्यस्तो स्वयंप्रकाश परमात्माले ब्रह्माजीलाई आफ्ना सङ्कल्पद्वारा वेद प्रदान गर्नुभयो जुन वेदका सम्बन्धमा ठुला-ठुला विद्वान्हरू पनि मोहमा पर्दछन्; जुन परमात्मामा प्रकाशमा जलको, जलमा स्थलको र स्थलमा जलको भ्रम भए जस्तै जाग्रत्, स्वप्न र सुषुप्तिरूप तीन प्रकारका सृष्टि मिथ्या भए तापनि सत्यझैं प्रतीत भइरहेका छन् र जुन परमात्माले आफ्ना प्रकाशद्वारा माया र मायाको कार्यलाई हटाएको छ त्यस परम सत्यको हामी ध्यान गर्दछौं।

विवरण— श्रीमद्भागवतका रचयिता महर्षि वेदव्यासले यस श्लोकमा मङ्गलाचरण गर्नुभएको छ। निर्विघ्नतापूर्वक ग्रन्थसमाप्तिका लागि ग्रन्थको आरम्भमा मङ्गलाचरण गर्ने शिष्टपरम्परा रहेको छ। नमस्कारात्मक, आशीर्वादात्मक र वस्तुनिर्देशात्मकका भेदले मङ्गलाचरण तीन प्रकारका हुन्छन्। जुन मङ्गलाचरणमा आफ्ना गुरु अथवा इष्टदेवलाई नमस्कार गरिएको हुन्छ त्यस्तो मङ्गलाचरणलाई नमस्कारात्मक मङ्गलाचरण भनिन्छ। जुन मङ्गलाचरणमा ग्रन्थकारले आफ्नो अभीष्ट वस्तुको प्रार्थना गरेको हुन्छ त्यस्तो मङ्गलाचरणलाई आशीर्वादात्मक मङ्गलाचरण भनिन्छ। जुन मङ्गलाचरणमा ग्रन्थकारले ग्रन्थमा प्रतिपाद्य वस्तुको निर्देश गरेको हुन्छ त्यस्तो मङ्गलाचरणलाई वस्तुनिर्देशात्मक मङ्गलाचरण भनिन्छ।

श्रीमद्भागवत महापुराणको यो पहिलो मङ्गलाचरण श्लोकको अन्तिम पाउमा रहेको **सत्यं परं धीमहि** यो अन्तिम पद्यांशको अर्थ हो— हामी सबै मिली परम सत्यको ध्यान गर्दछौं। यसरी श्रीमद्भागवतको मुख्य प्रतिपाद्य विषय परब्रह्म परमात्माको निर्देश गरिएको हुनाले यो मङ्गलाचरण वस्तुनिर्देशात्मक मङ्गलाचरण हो। यसै गरी **नमः** शब्दको अर्थ त्याग हो। परमसत्यको ध्यान गर्दा अहङ्कारको त्याग हुने हुँदा यसलाई नमस्कारात्मक मङ्गलाचरण पनि भन्न सकिन्छ। यसै गरी यस मङ्गलाचरणलाई आशीर्वादात्मक मङ्गलाचरण पनि भन्न सकिन्छ। **अभीष्टवस्तुनः प्रार्थना आशीः** अर्थात् आफ्नो अभीष्ट वस्तुको प्रार्थनालाई आशीः भनिन्छ। सम्पूर्ण प्राणीहरूले खोजेको वस्तु आनन्द हो र परमात्मा परमानन्दस्वरूप हुनुहुन्छ, त्यस्तो परमानन्दस्वरूप परमात्माको ध्यान यस श्लोकमा गरिएको हुनाले यो मङ्गलाचरण श्लोकलाई आशीर्वादात्मक मङ्गलाचरण पनि भन्न सकिन्छ। यसप्रकार तीनै प्रकारका मङ्गलाचरणहरूको संमिश्रण यस श्लोकमा देखिन्छ।

जन्माद्यस्य यतः यो ब्रह्मसूत्रको दोस्रो सूत्रबाट श्रीमद्भागवतको प्रारम्भ भएको छ। यो श्रीमद्भागवतमहापुराण ब्रह्मसूत्रको तात्पर्यार्थ हो। गरुडपुराणमा यो भागवत ग्रन्थ ब्रह्मसूत्रहरूको अर्थ हो भनिएको पनि छ। **जन्माद्यस्य यतः** यो पद्यांशमा ब्रह्मको तटस्थ लक्षण गरिएको छ। यसको मुख्य स्रोत तैत्तिरीयोपनिषद् हो। तैत्तिरीयोपनिषद् (१।३।१)मा ब्रह्मको लक्षण यसरी बताइएको छ—जसबाट संसारको उत्पत्ति हुन्छ, जसमा यो संसार स्थित छ अनि प्रलय कालमा जहाँ गएर यो संसार विलीन हुन्छ त्यही नै ब्रह्म हो।[1] यस वाक्यद्वारा ब्रह्मको जुन लक्षण गरिएको छ त्यो तटस्थ लक्षण हो।

कुनै पनि वस्तुको असाधारण वा विशिष्ट धर्मलाई लक्षण भनिन्छ। लक्ष्यदेखि इतर वस्तुमा

---

१. यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत् प्रयान्त्यभिसंविशन्ति तद् विजिज्ञासस्व तद् ब्रह्मेति।

नबसीकन सम्पूर्ण लक्ष्यमा रहेर जसले लक्ष्यलाई अरूदेखि भिन्न रूपमा बोध गराउँछ त्यही नै लक्षण हो। लक्षण दुई प्रकारका हुन्छन्– तटस्थ लक्षण र स्वरूप लक्षण। तटस्थ लक्षण भनेको त्यस्तो लक्षण हो जो लक्ष्यमा सधैँ स्थायी रूपले नबसीकन लक्ष्यलाई अरूदेखि भिन्न रूपमा बोध गराउँछ।[२] उदाहरणका लागि देवदत्तको घर कुन हो भनेर चिनाउने क्रममा कसैलाई 'सुगा बसेको घर देवदत्तको घर हो' भनेर चिनाउन सकिन्छ। यहाँ सुगा हुनु देवदत्तको घरको तटस्थ लक्षण हो। देवदत्तको घरमा बसेको सुगा एकैछिनपछि उडेर जान्छ तर त्यो सुगाले देवदत्तको घरलाई अन्य घरबाट अलग गराउँछ। त्यसै गरी 'जसबाट संसारको उत्पत्ति, स्थिति र प्रलय हुन्छ त्यो ब्रह्म हो' भन्दा उत्पत्तिकर्तृकत्व, स्थितिकर्तृकत्व र लयकर्तृकत्व ब्रह्ममा सधैँ बस्दैनन्। किनभने जुन समयमा ब्रह्ममा संसारको उत्पत्तिकर्तृकत्व रहन्छ त्यस समयमा स्थितिकर्तृकत्व रहँदैन, जुन समयमा स्थितिकर्तृकत्व रहन्छ, त्यस समयमा प्रलयकर्तृकत्व रहँदैन, परन्तु यी लक्षणहरूले ब्रह्मलाई अन्य पदार्थहरूबाट भिन्न रूपले बोध गराउँछन्। त्यसकारण जगत्को उत्पत्तिकर्तृकत्व, स्थितिकर्तृकत्व र लयकर्तृकत्व यी ब्रह्मका तटस्थ लक्षण हुन्।

स्वरूप लक्षण त्यस्तो किसिमको लक्षण हो जुन लक्षण लक्ष्यमा सधैँ रहेर लक्ष्यलाई अरूदेखि भिन्न रूपले बोध गराउँछ।[३] जस्तै, 'सिङ र लुर्कन (माल) भएको प्राणी गाई हो' यस उदाहरणमा सिङ र लुर्कनले गाईलाई अन्य जनावरदेखि भिन्न रूपले बोध गराउँछन् र सिङ र लुर्कन गाईमा सधैँ नै रहन्छन्। तैत्तिरीयोपनिषद्को ब्रह्मानन्दवल्लीको पहिलो अनुवाक्को पहिलो मन्त्र **सत्यं ज्ञानमनन्तं ब्रह्म**ले ब्रह्मको स्वरूप लक्षण बताएको छ। ब्रह्ममा रहेका तीन लक्षण सत्य, ज्ञान र अनन्त ब्रह्ममा सधैँ नै रहिरहने भएकाले तैत्तिरीयोपनिषद्मा आएको **सत्यं ज्ञानमनन्तम्** यो अंश ब्रह्मको स्वरूप लक्षण हो। यस मङ्गलाचरण श्लोकको अन्तिम पद्यांशमा सत्य पद ब्रह्मको स्वरूप लक्षणका लागि आएको हो। यसै गरी **अभिज्ञ** र **स्वराट्** शब्द पनि ब्रह्मकै स्वरूप लक्षणका लागि आएका हुन्।

अन्वयात् शब्दको अर्थ श्रीधर स्वामीले यसप्रकार गर्नुभएको छ– **अर्थेषु आकाशादिकार्येषु परमेश्वरस्य सद्रूपेणान्वयात्**। अर्थात्, आकाश आदि कार्यहरूमा परमेश्वरको सद् रूपले अन्वय भएको हुनाले। जुन वस्तुको व्यावहारिक अस्तित्व स्विकारिन्छ त्यस वस्तुमा परमेश्वरको अस्तित्व नै आरोपित भएको हुन्छ। यहाँ अर्थ भनेर माया र मायाको कार्य भन्ने बुझ्नुपर्छ। उपादानकारणदेखि अतिरिक्त कार्यको सत्ता हुँदैन। उदाहरणका लागि घडा कार्य हो र त्यसको उपादान कारण माटो हो। घडा माटादेखि भिन्न हुँदैन। जसरी घडा माटोमा कल्पित हुनाले घडालाई माटाको कार्य भनिन्छ, त्यसै गरी सम्पूर्ण सांसारिक पदार्थहरू ब्रह्ममा कल्पित हुनाले ती सम्पूर्ण आकाशादि पदार्थहरूलाई ब्रह्मको कार्य भनिएको हो। जसरी घडाको प्रत्येक कणमा माटो अनुगत हुन्छ त्यसै गरी संसारका सम्पूर्ण पदार्थहरूमा ब्रह्मको सत्ता अनुगत छ। माया र मायाका कार्यरूप सम्पूर्ण पदार्थहरू ब्रह्ममा कल्पित हुनाले ती मिथ्या हुन्। जुन पदार्थ मिथ्या हुन्छ त्यसको

---

२. यावल्लक्ष्यकालमनवस्थितत्वेन स्वरूपान्तर्गतं सत् लक्ष्ये इतरव्यावृत्तिं बोधयति तत्तटस्थलक्षणम्।
३. यत्स्वरूपानन्तर्गतं सद् इतरव्यावृत्ततया लक्ष्यं बोधयति, तत्स्वरूपलक्षणम्।

आफ्नो सत्ता हुँदैन। अधिष्ठानको सत्ताद्वारा मात्र त्यो सत्तावान् हुन्छ। डोरीमा भ्रमको कारणले देखापरेको सर्पको आफ्नो सत्ता हुँदैन, डोरीको सत्ताद्वारा मात्र त्यो सत्तावान् हुन्छ। त्यसै गरी संसारका सम्पूर्ण पदार्थहरू ब्रह्ममा कल्पित हुनाले ब्रह्मदेखि अतिरिक्त कुनै पनि पदार्थको आफ्नो सत्ता छैन। सम्पूर्ण पदार्थहरूको अधिष्ठान ब्रह्म हुनाले त्यही ब्रह्मरूप अधिष्ठानको सत्ताद्वारा नै ती पदार्थहरू सत्तावान् देखिन्छन्। घडा, कपडा आदिमा ब्रह्मको सत्ता भएको हुनाले घडा छ, कपडा छ, यसप्रकार 'छ'को प्रतीति हुन्छ।

इतरतः शब्दको अर्थ श्रीधर स्वामीले यसप्रकार गर्नुभएको छ— **खपुष्पादिभ्य-स्तद्व्यतिरेकात्।** अर्थात्, कार्यदेखि भिन्न खपुष्प(आकाशको फूल) आदिमा ब्रह्मसत्ताको व्यतिरेक भएको हुनाले। वन्ध्यापुत्र, खपुष्प आदि पदार्थहरूमा ब्रह्मको सत्ताको प्रतीति नहुनाले वन्ध्यापुत्र छ, आकाशकुसुम छ भनिँदैन। अतः ती पदार्थहरूलाई असत् पदार्थ भनिन्छ।

विनिमय शब्दको सामान्य अर्थ लेनदेन हो तर यहाँ यस शब्दको अर्थ व्यत्यय वा अध्यास हो। मङ्गलश्लोकमा आएको विनिमयः शब्दको अर्थ गर्दै श्रीधर स्वामी लेख्नुहुन्छ— **विनिमयो व्यत्ययः अन्यस्मिन् अन्यावभासः।** विनिमयको अर्थ हो— एक वस्तुमा अर्को वस्तुको प्रतीति हुनु। व्यत्ययलाई अध्यास पनि भनिन्छ।

शङ्कराचार्यले ब्रह्मसूत्रको अध्यासभाष्यमा अध्यासको लक्षण यसप्रकार गर्नुभएको छ— **अतस्मिन् तद्बुद्धिरध्यासः।** अर्थात् जुन वस्तु जस्तो छ त्यस वस्तुलाई त्यस रूपमा नजानीकन त्यसदेखि भिन्नरूपले जान्नु अध्यास हो। उदाहरणका लागि डोरीलाई डोरीका रूपमा नजानीकन सर्परूपले जान्नु अध्यास हो। ब्रह्मसूत्रशाङ्करभाष्यको अध्यासभाष्यमा अध्यासका छओटा विशेषताहरू दिइएका छन्— १) अनादि २) अनन्त ३) नैसर्गिक ४) मिथ्याप्रत्ययरूप ५) कर्तृत्वभोक्तृत्वप्रवर्तक र ६) सर्वलोकप्रत्यक्ष। अध्यास अनादि छ अथवा यो कहिले सुरु भयो भनेर भन्न सकिन्न। अनन्तको अर्थ हो अविनाशी। ब्रह्मज्ञानद्वारा मात्र नष्ट हुने अन्यथा कुनै हालतमा पनि नष्ट नहुने हुनाले यसलाई अनन्त भनिएको हो। संसारका सम्पूर्ण प्राणीहरूलाई जन्मका साथसाथै अध्यास पनि प्राप्त हुन्छ त्यसैले अध्यास नैसर्गिक हो। यो मिथ्याप्रत्यय अर्थात् झुटो ज्ञान हो। यो अध्यास रहेसम्म म प्रमाता हुँ, कर्ता हुँ, भोक्ता हुँ भन्ने भाव सधैँ रहिरहने हुनाले यसलाई कर्तृत्वभोक्तृत्वप्रवर्तक भनिएको हो। अध्यासलाई संसारका सम्पूर्ण प्राणीहरूले सधैँ अनुभव गरेको हुनाले यसलाई सर्वलोकप्रत्यक्ष भनिएको हो। मङ्गल श्लोकमा विनिमय वा अध्यासको उदाहरणका रूपमा **तेजोवारिमृदाम्** पद आएको छ। कहिलेकाहीँ तेजमा जलको भ्रम पर्दछ र जलमा तेजको भ्रम पर्दछ। त्यस्तै कहिलेकाहीँ मरुभूमिमा जल नभए पनि जल भएको भ्रम पर्दछ। त्यस्तै कहिलेकाहीँ पानीमा पनि जमिनको भ्रम पर्दछ।

त्रिसर्ग शब्दको शाब्दिक अर्थ हो तीन प्रकारको सृष्टि। **सृज विसर्गे** यस धातुबाट सर्ग शब्द बन्दछ। सर्गको अर्थ हुन्छ सृष्टि। यहाँ सृष्टि भनेर जाग्रत्, स्वप्न र सुषुप्तिरूप यी तीन प्रकारका सृष्टिलाई बुझाउन खोजिएको हो। वेदान्तसिद्धान्तअनुसार जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन प्रकारका सृष्टिहरू मनका वृत्तिरूप हुन्। अन्तःकरण या मनको परिणामलाई वृत्ति भन्दछन्। अन्तःकरणको सात्त्विक वृत्ति जाग्रत् हो, राजस वृत्ति स्वप्न हो र तामस वृत्ति सुषुप्ति हो। जाग्रत्

भनेको त्यो अवस्था हो जुन अवस्थामा विषय र विषयको ज्ञान दुवै रहन्छन्। स्वप्न त्यो अवस्था हो जुन अवस्थामा विषयको ज्ञानमात्र रहन्छ विषय रहँदैन। सुषुप्ति त्यो अवस्था हो जुन अवस्थामा विषय पनि रहँदैन र विषयको ज्ञान पनि रहँदैन। यहाँ त्रिसर्ग भनेर सत्त्व, रज र तम यी तीन गुणले युक्त भूत (पञ्च महाभूत), इन्द्रिय र देवता (इन्द्रियका अधिष्ठाता देवता) रूप तीन प्रकारका सृष्टिलाई पनि लिन सकिन्छ। श्रीधर स्वामीले टीकामा लेख्नुभएको छ– **यत्र यस्मिन् ब्रह्मणि त्रयाणां मायागुणानां तमोरजःसत्त्वानां सर्गो भूतेन्द्रियदेवतारूपः**। सत्त्व, रज र तमका भेदले मायामा तीन गुणहरू रहेका छन्। मायाको तमोगुणबाट पञ्चमहाभूत, रजोगुणबाट दश इन्द्रिय र सत्त्वगुणबाट इन्द्रियहरूका अधिष्ठातृ देवताहरू उत्पन्न भएका छन्।

निरस्तकुहकम् यो समस्त पद हो। **निरस्तं कुहकं यस्मिन् तम्** यो विग्रहमा बहुव्रीहि समास भएर यो पद बनेको छ। यस पदको अर्थ हो मायाको प्रभाव जसबाट हटेको छ त्यो परमात्मा। कुहक शब्दको अर्थ अन्धकार हो। जसरी सूर्योदय भएपछि रात्रिको अन्धकार हट्दछ त्यसै गरी ज्ञानरूपी प्रकाशद्वारा अज्ञानरूपी अन्धकार हट्दछ। जसले आफ्नो प्रकाशद्वारा अज्ञानरूपी अन्धकारलाई नष्ट गरेको छ त्यस्ता परमात्मालाई भन्ने यस शब्दको अर्थ हो।

मृषाको अर्थ मिथ्या हो भने **अमृषा**को अर्थ हो सत्य। अमृषा यस पदको प्रासङ्गिक अर्थ हो— मिथ्या भएर पनि सत्यझैं प्रतीत भएको। अमृषा यो समस्त पद हो, 'न मृषा' यस विग्रहमा तत्पुरुष समास भई अमृषा शब्द बनेको छ। मिथ्या भनेको त्यो पदार्थ हो जसको न सत्‌रूपले, न त असत्‌रूपले नै निरूपण गर्न सकिन्छ। जुन वस्तु देखिन्छ तर वास्तवमा छैन भने त्यो मिथ्या हो। जस्तै डोरीमा सर्प देखिन्छ तर त्यहाँ त्यो सर्प वास्तवमा छैन। अतः सर्प मिथ्या हो।

पदार्थहरू तीन किसिमका छन्— सत्, असत् र मिथ्या। जुन वस्तुको आफ्नो अस्तित्व छ, सधैं रहिरहन्छ त्यो सत् हो, जस्तै— आत्मा। जुन वस्तु छैन र कहिल्यै, कतै देखिँदैन त्यो वस्तु असत् हो, जस्तै— बन्ध्यापुत्र, आकाशकुसुम आदि। मिथ्या वस्तु अनिर्वचनीय हुन्छ। डोरीमा भ्रमको कारणले देखिएको सर्पलाई हामी न सत् भन्न सक्दछौं, न त असत् नै भन्न सक्दछौं। डोरीमा देखिएको सर्प असत् भएको भए डोरीमा त्यसको प्रतीति हुनु नपर्ने, तर त्यो सर्प डोरीमा नै देखिन्छ। डोरीमा देखिएको सर्प सत् भएको भए डोरीको यथार्थ ज्ञान भएपछि पनि सर्प रहिरहनुपर्ने तर सर्प कतै पनि रहँदैन। डोरीमा देखिएको सर्प बाँझीको छोरोजस्तो असत् पनि होइन किनभने त्यो देखिन्छ। डोरीमा देखिएको सर्प सत् पनि होइन, सत् भएको भए ज्ञान भएपछि पनि आत्माजस्तो रहिरहनुपर्ने। डोरीमा सर्प न पहिले थियो, न सर्प देखिएको समयमा त्यहाँ वास्तवमा सर्प हुन्छ, न त डोरीको ज्ञान भएपछि नै त्यहाँ सर्प रहन्छ। केवल भ्रमले गर्दा डोरीमा सर्प देखापरेको मात्र हो। जसरी डोरीमा मिथ्या सर्प डोरीको सत्ताको कारणले सत्यझैं प्रतीत हुन्छ त्यसै गरी जाग्रत्, स्वप्न र सुषुप्ति तीन प्रकारका सृष्टि तथा भूत, इन्द्रिय र देवतारूप तीन प्रकारका सृष्टि पनि मिथ्या भए तापनि परमात्मामा देखिएका छन्। परमात्मा उक्त तीन प्रकारका सृष्टिहरूको अधिष्ठान हो, अधिष्ठान परमात्मा सत्य हुनाले त्यही अधिष्ठानको सत्ताको कारणले मिथ्या सृष्टि पनि सत्यझैं प्रतीत भइरहेको छ।

सांख्यमतावलम्बीहरू भन्दछन्— यस मङ्गल श्लोकमा **सत्यं परं धीमहि** भनेर सांख्यशास्त्रले

बताएको जगत्को कारणरूप प्रकृतिलाई हामी ध्यान गर्दछौँ भनिएको हो, ब्रह्मको ध्यान गर्दछौँ भनिएको होइन। सांख्य सिद्धान्तअनुसार जगत्को कारण चेतन ब्रह्म होइन, जड प्रकृति हो। सांख्यमतावलम्बीहरूको भनाइ यसप्रकार छ— संसारका सम्पूर्ण पदार्थहरू त्रिगुणात्मक छन्, त्यसकारण संसारको कारण पनि त्रिगुणात्मक नै हुनु पर्दछ। कारणमा रहेका गुणहरू नै कार्यमा आउने हुन्। वेदान्तसिद्धान्तअनुसार बताइएको निर्गुण ब्रह्मलाई जगत्को कारण मान्दा निर्गुण ब्रह्मबाट उत्पन्न भएको जगत् पनि निर्गुण नै हुनु पर्ने तर संसारका सम्पूर्ण पदार्थहरू त्रिगुणात्मक छन्। अतः निर्गुण ब्रह्मलाई जगत्को कारण मान्न मिल्दैन, त्रिगुणात्मक प्रकृतिलाई नै जगत्को कारण मान्नुपर्छ।

यस पक्षको खण्डनमा भनिन्छ— यस मङ्गल श्लोकमा अभिज्ञ शब्दको प्रयोग नगरिएको भए यहाँ प्रकृतिको ध्यान गर्दछौँ भनेको पनि मान्न सकिन्थ्यो तर यहाँ अभिज्ञ शब्दको प्रयोग गरिएकाले जड प्रकृतिको ध्यान गर्दछौँ भनिएको होइन भन्ने कुरा स्पष्ट हुन्छ। अभिज्ञः शब्दको अर्थ हो ज्ञानरूप। **अभितः जानातीति अभिज्ञः** अर्थात् जसले सबैथोक जान्दछ त्यो अभिज्ञ हो। जगत्को कारण सत्य भएर मात्र पुग्दैन, त्यो अभिज्ञ पनि हुनुपर्दछ अर्थात् जान्नेवाला पनि हुनुपर्दछ। त्यसकारण यहाँ जड प्रकृतिको ध्यान गरिएको नभएर चेतन ब्रह्मको ध्यान गरिएको हो।

यहाँ वेदव्यासले हामी त्यस्तो परम सत्यको ध्यान गर्दछौँ जो जगत्को उत्पत्ति, स्थिति र प्रलयको कारण छ भन्नुभएको छ। यहाँ एउटा प्रश्न उठाउन सकिन्छ— त्यसो हो भने जीवलाई जगत्को कारण मानौँ न त। किनभने जीवात्मा पनि वस्तुतः परमात्मादेखि अभिन्न हुनाले परम सत्य हुँदै हो। ऊ चेतन भएकाले अभिज्ञ पनि हुँदै हो। यसको उत्तरमा भनिन्छ— जगत्को कारण स्वयं ज्ञानस्वरूप हुनुपर्छ। त्यसैले मङ्गल श्लोकमा स्वराट् शब्दको प्रयोग गरिएको हो। **स्वयमेव राजते** यो व्युत्पत्तिअनुसार स्वतःसिद्ध ज्ञानलाई स्वराट् भनिन्छ। जीवात्माको ज्ञान इन्द्रियसापेक्ष भएकाले ऊ स्वतःसिद्ध ज्ञानवान् बन्न सक्दैन। अतः ऊ जगत्को कारण बन्न सक्दैन।

हामी परम सत्यको ध्यान गर्दछौँ भनेर यस श्लोकमा वेदव्यासले ब्रह्माजीको ध्यान गर्दछौँ भन्नुभएको हो कि भन्ने शङ्का पनि उचित छैन किनभने यसै श्लोकमा भनिएको छ— **तेने ब्रह्म हृदा य आदिकवये**। अर्थात् जुन परमात्माले ब्रह्माजीलाई पनि आफ्नो सङ्कल्पद्वारा वेदको ज्ञान प्रदान गर्नुभएको थियो। त्यसकारण ब्रह्माजीको ज्ञान पनि स्वतःसिद्ध ज्ञान नभएर परमात्माबाट प्राप्त ज्ञान हो। यस श्लोकमा हामी त्यस्तो परम सत्यको ध्यान गर्दछौँ जो स्वतःसिद्ध ज्ञानरूप छ भनिएको छ, स्वतःसिद्ध ज्ञानस्वरूप परमात्मा नै हुनुहुन्छ। त्यसकारण के सिद्ध हुन्छ भने मङ्गल श्लोकमा प्रकृति, जीव वा ब्रह्माजीको ध्यान गर्दछौँ भनिएको होइन, जगत्को कारणरूप परमात्माको ध्यान गर्दछौँ भनिएको हो।

यो मङ्गल श्लोकले गायत्रीमन्त्रको सम्पूर्ण अर्थलाई आफूमा अन्तर्भूत गराएको छ। **जन्माद्यस्य यतः** यो पदले **सवितुः**को अर्थलाई बताएको छ। **परम्** यो पदले गायत्री मन्त्रमा रहेको **वरेण्यम्** यो पदको अर्थलाई बताएको छ। **धाम्ना स्वेन** पदले **भर्ग**को अर्थलाई बताएको छ। **स्वराट्** पदले **देवस्य** पदको अर्थलाई बताएको छ। **तेने ब्रह्म हृदा** यस पदले **धियो यो नः प्रचोदयात्**को अर्थलाई बताएको छ। यसरी गायत्री मन्त्रको अर्थ यस श्लोकभित्र रहेको छ।

गायत्री मन्त्रले प्रतिपादन गरेको ब्रह्मलाई नै भागवतले पनि प्रतिपादन गरेको छ। गरुडपुराणमा **गायत्रीभाष्यरूपोऽसौ** अर्थात् श्रीमद्भागवत गायत्री मन्त्रको भाष्य हो भनेर उल्लेख गरिएको छ।

यसप्रकार यो मङ्गलाचरण श्लोकमा सत्यस्वरूप, ज्ञानस्वरूप, सृष्टिकर्ता परम ब्रह्म परमात्माको ध्यान गर्दछौँ भनी परमात्माको स्वरूप प्रतिपादनमा नै यो भागवत ग्रन्थ केन्द्रित रहने कुराको सङ्केत गरिएको छ।

धर्मः प्रोज्झितकैतवोऽत्र परमो निर्मत्सराणां सतां
वेद्यं वास्तवमत्र वस्तु शिवदं तापत्रयोन्मूलनम्।
श्रीमद्भागवते महामुनिकृते किं वा परैरीश्वरः
सद्यो हृद्यवरुध्यतेऽत्र कृतिभिः शुश्रूषुभिस्तत्क्षणात्॥ २॥

पदार्थ—

महामुनिकृते = महर्षि वेदव्यासले रचना गर्नुभएको	**सतां** = सज्जनहरूको	**किं** = के आवश्यकता
अत्र = यहाँ	**वेद्यं** = जान्न योग्य	**कृतिभिः** = पुण्यात्माहरूले
श्रीमद्भागवते = श्रीमद्भागवतमा	**शिवदं** = कल्याण दिने	**शुश्रूषुभिः** = सुन्न चाहनेहरूद्वारा
प्रोज्झितकैतवः = कपटले रहित	**तापत्रयोन्मूलनम्** = तीनै किसिमका तापलाई नष्ट गर्ने	**ईश्वरः** = परमात्मा
परमः = परम	**वास्तवम्** = वास्तविक	**तत्क्षणात्** = तत्काल नै
धर्मः = धर्मको निरूपण गरिएको छ	**वस्तु** = वस्तु परमात्मा	**सद्यः** = तुरुन्त
निर्मत्सराणां = शुद्ध अन्तःकरण भएका	**परैः** = अरू साधनहरूको	**हृदि** = हृदयमा
		अवरुध्यते = प्रकट हुनुहुन्छ

वाक्यार्थ— महर्षि वेदव्यासले रचना गर्नुभएको यस श्रीमद्भागवतमा कपटरहित परम धर्मको निरूपण गरिएको छ। यस्तै यसमा शुद्ध अन्तःकरण भएका सज्जनद्वारा जान्न योग्य वास्तविक वस्तु परमात्माको निरूपण गरिएको छ। यो धर्म परम कल्याणकारक छ र यसले तीन प्रकारका तापलाई नष्ट गरिदिन्छ। अब अरू कुनै साधन वा शास्त्रको प्रयोजन छैन। जुन समयमा पुण्यात्मा पुरुषहरू भागवतको श्रवण गर्दछन् त्यसै समयमा उनीहरूका हृदयमा भगवान् तुरुन्त प्रकट हुनुहुन्छ।

विवरण— सम्बन्ध, अधिकारी, विषय र प्रयोजन यी अनुबन्धचतुष्टय मङ्गलाचरणका आवश्यक तत्त्व हुन्। लेखन लागिएको ग्रन्थको प्रतिपाद्य विषय के हो ? ग्रन्थ पढ्ने अधिकारी को हो ? ग्रन्थ र ग्रन्थको प्रतिपाद्य विषयबीच के सम्बन्ध छ र ग्रन्थाध्ययनको प्रयोजन के हो ? यी चार विषयवस्तुहरूलाई अनुबन्धचतुष्टय भनिन्छ। मङ्गलाचरणश्लोकबाट यी चार विषय राम्रोसँग बुझेपछि पाठकहरू ग्रन्थाध्ययनमा प्रवृत्त हुन्छन्।

श्रीमद्भागवतको प्रतिपाद्य विषय हो— धर्म। यस श्लोकमा धर्मका लागि दुइटा विशेषण

परम र **प्रोज्झितकैतव** आएका छन्। कैतव शब्दको अर्थ हो कपट। यो श्रीमद्भागवत महापुराणमा कपटले रहित भएको धर्मको निरूपण गरिएको छ। यहाँ कपटरहित धर्म भनिएको छ। यहाँ शङ्का उठ्न सक्छ— के कुनै धर्म कपटयुक्त पनि हुन्छ र ? कुनै मानिस, देवता वा अन्य प्राणीहरू कपटी हुन सक्छन्, कुनै धर्म कसरी कपटी हुन सक्छ ? धर्म शब्दले बुझाउने जुन अर्थ हो त्यसभित्र कपटजस्ता तुच्छ वस्तु अट्नै सक्दैनन्। यस शङ्काको समाधान हो— मनमा कुनै सांसारिक वस्तुको कामना राखेर गरिएको कर्मलाई यहाँ कपटयुक्त धर्म भनिएको हो। फलप्राप्तिको इच्छारूप कपटलाई पूर्ण रूपमा त्यागेको धर्म नै प्रोज्झितकैतव धर्म हो। मुमुक्षुको मनमा कुनै पनि इच्छा रहेसम्म मोक्ष असम्भव हुने हुनाले उज्झितकैतव यो समस्तपदमा 'प्र' उपसर्ग जोडेर मोक्ष प्राप्त गर्ने इच्छालाई पनि त्याग गरिएको ईश्वरको आराधनाद्वारा प्राप्त हुने ब्रह्मसाक्षात्काररूप परम धर्म भन्ने बुझाउन खोजिएको हो।

श्रीमद्भागवतमा दुई प्रकारका सम्बन्ध उपस्थापित छन्— ज्ञातृज्ञेयभावसम्बन्ध र प्रतिपाद्यप्रतिपादकभाव सम्बन्ध। मुमुक्षुले सधैँ आफ्नो असली स्वरूप परमात्मालाई जान्न खोजिरहेको हुन्छ। त्यसकारण जीव ज्ञाता हो भने परमात्मा ज्ञेय हो। अतः परमात्मा र जीवका बीच ज्ञातृज्ञेयभावसम्बन्ध छ।

श्रीमद्भागवतमहापुराणमा सुरुदेखि अन्त्यसम्म परमात्माको वर्णन गरिएको हुनाले यो महापुराण प्रतिपादक हो र यस पुराणको प्रतिपाद्य विषय परमात्मा हो। त्यसकारण यो पुराण र परमात्मामा प्रतिपाद्यप्रतिपादकभाव सम्बन्ध रहेको छ। अनेक जन्ममा गरिएका शुभ कर्महरूको प्रभावले जसको अन्तःकरण शुद्ध भएको छ त्यस्तो व्यक्ति भागवतको अध्ययन वा श्रवण गर्ने अधिकारी हो। यस ग्रन्थको प्रयोजन दुःखको आत्यन्तिक निवृत्तिपूर्वक परमानन्दको प्राप्ति हो।

श्रीधर स्वामीले टीकामा **वास्तवं वस्तु वेद्यम्**को अर्थ स्पष्ट गर्दै लेख्नुभएको छ— **वास्तवं परमार्थभूतं वस्तु वेद्यं न तु वैशेषिकाणामिव द्रव्यगुणादिरूपम्**। जुन वस्तु ज्ञानको विषय हुन्छ त्यसलाई वेद्य भन्दछन्।

वैशेषिक दर्शनअनुसार वेद्यत्व त्यस्तो धर्म हो जुन द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव यी सातै पदार्थमा रहन्छ। वैशेषिक सिद्धान्तअनुसार लेख्न लागिएको पृथिवी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा र मन यी नौ द्रव्यहरू हुन्। अतः आत्मा उक्त नौओटा द्रव्यहरूमध्ये एउटा द्रव्य हो। वैशेषिकहरूका अनुसार जसमा गुण या क्रिया रहन्छ त्यसैलाई द्रव्य भनिन्छ। यस सिद्धान्तअनुसार आत्मामा ज्ञान आदि गुण रहने हुनाले आत्मा द्रव्य हो। तर वेदान्त सिद्धान्तअनुसार आत्मा निर्गुण र निष्क्रिय छ। आत्मामा कुनै पनि गुण रहँदैन। अतः वेदान्त सिद्धान्तअनुसार आत्मा द्रव्य होइन। वेदान्त सिद्धान्तअनुसार आत्मा द्रव्य नभए पनि यो ब्रह्माकारवृत्तिको विषय हुन सक्ने भएकाले वेद्य हो। उक्त सिद्धान्तअनुसार आत्माबाहेक संसारका अन्य सम्पूर्ण पदार्थहरू मिथ्या हुन्। ती मिथ्या पदार्थहरू वेद्य भए तापनि परमार्थतः वेद्य होइनन्। परमार्थतः वेद्य वस्तु आत्मा वा परमात्मा नै हो। अतः यस श्लोकमा आएको **वास्तवं वस्तु वेद्यम्**को अर्थ हो— वास्तविक रूपमा जान्नुपर्ने वस्तु परमात्मा।

श्रीधर स्वामीले वास्तव शब्दको अर्थ अर्को प्रकारले पनि गर्नुभएको छ— **यद् वा**

वास्तवशब्देन वस्तुनः अंशः जीवः, वस्तुनः शक्तिर्माया, वस्तुनः कार्यं जगच्च वस्त्वेव न ततः पृथगिति वेद्यम्। वस्तु शब्दको अर्थ हो परमात्मा। अविद्या कालमा जीव परमात्माको अंश हो। **वस्तुनः अंशः** यस्तो व्युत्पत्ति गर्दा वास्तव शब्द बन्दछ, यसको अर्थ हो जीव। **वस्तुनः शक्तिः** यस्तो व्युत्पत्ति गर्दा वास्तवी शब्द बन्दछ जसको अर्थ हो माया। किनभने मायालाई परमात्माको शक्ति भनिन्छ। माया अत्यन्त स्वच्छ हुनाले यसमा परमात्माको प्रतिबिम्ब पर्दछ, मायामा परेको परमात्माको प्रतिबिम्बलाई ईश्वर भनिन्छ। त्यसै गरी **वस्तुनः कार्यम्** यस्तो व्युत्पत्ति गर्दा वास्तवम् यो शब्द बन्दछ। यो सम्पूर्ण जगत् परमात्माको कार्य हुनाले वास्तवम् यस शब्दको अर्थ जगत् हुन्छ। यसप्रकार श्लोकमा आएको वास्तवम् यस शब्दबाट जीव, माया र जगत् भन्ने यी तीन अर्थ पनि निस्कन सक्छन्। यसप्रकार वास्तवम् शब्दका यी तीन अर्थ संभव भए पनि यहाँ पहिलो अर्थ परमात्मा नै बढी ग्राह्य छ।

यस श्लोकमा आएको **शिवद** पद परमात्माको विशेषण हो। परमात्माले जीवलाई परम कल्याण प्रदान गर्नुहुन्छ। परमात्माले नै जीवको शुद्ध अन्तःकरणमा ज्ञानरूपले प्रकट भएर उसको अज्ञानलाई नष्ट गरी मोक्ष प्रदान गर्ने हुनाले परमात्मालाई शिवद वा कल्याणदायक भनिएको हो।

भगवान्को अनुग्रह नभईकन ज्ञान हुँदैन, ज्ञान नभईकन आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी तीन तापहरूबाट छुटकारा प्राप्त हुँदैन, त्यसैले नहुने हुनाले त्यो वास्तविक वस्तु परमात्मालाई **तापत्रयोन्मूलनम्** भनिएको हो। किनभने उहाँको ज्ञान नभईकन जीव उक्त तीन प्रकारका तापहरूबाट मुक्त हुन सक्दैन। ताप या दुःख तीन प्रकारका हुन्छन्— आध्यात्मिक, आधिभौतिक र आधिदैविक। आध्यात्मिक ताप दुई प्रकारका छन्— मानसिक र शारीरिक। प्रिय वस्तुको वियोग र अप्रिय वस्तुको संयोग हुँदा हुने प्रतिकूल अनुभवलाई मानसिक दुःख भनिन्छ। शरीर अस्वस्थ हुनाले हुने कष्टलाई शारीरिक दुःख भनिन्छ। विभिन्न प्राणी चोर, डाँकु, बाँदर, बाघ, सर्प इत्यादिबाट हुने कष्टलाई आधिभौतिक दुःख भनिन्छ। दैव वा भाग्य प्रतिकूल हुनाले टार्न नसकिने गरी आइलाग्ने दुःखलाई आधिदैविक दुःख भनिन्छ। बाढी, भूकम्प, अतिवृष्टि, अनावृष्टि आदिका कारणबाट हुने दुःखलाई आधिदैविक दुःख भनिन्छ। यी तीनै किसिमका ताप वा दुःखबाट सदाका लागि छुटकारा दिलाउन सक्षम वस्तु परमात्माको वर्णन यस श्रीमद्भागवत महापुराणमा गरिएको छ।

श्रीधर स्वामीले **किं वा परैरीश्वरः**को अर्थ स्पष्ट गर्दै लेख्नुभएको छ— **परैः शास्त्रैस्तदुक्तसाधनैर्वा ईश्वरो हृदि किं वा सद्य एव अवरुध्यते स्थिरीक्रियते। वाशब्दः कटाक्षे किन्तु विलम्बेन कथञ्चिदेव अत्र तु शुश्रूषुभिः श्रोतुमिच्छद्भिरेव तत्क्षणादेव अवरुध्यते।** अर्थात् धेरै शास्त्रहरू पढ्ने र ती शास्त्रहरूमा बताइएका साधनहरूको अनुष्ठान गर्ने कुनै आवश्यकता छैन, केवल श्रीमद्भागवतको श्रवण एवं अध्ययनद्वारा भगवान् हृदयमा तुरुन्त प्रकट हुनुहुन्छ। अरू शास्त्रहरूको श्रवण एवं अध्ययनद्वारा पनि भगवान्को साक्षात्कार नहुने त होइन तर अन्य शास्त्रहरूको श्रवण एवं अध्ययनबाट विलम्बले मात्र परमात्मा हृदयमा प्रकट हुनुहुन्छ तर श्रीमद्भागवतको विशेषता के छ भने यसको श्रवणद्वारा मुमुक्षुहरूको हृदयमा भगवान् तुरुन्त प्रकट हुनुहुन्छ। यदि भागवत श्रवण गरेर नै मुक्त भइन्छ भने सम्पूर्ण मनुष्यहरू भागवत श्रवणमा नै किन

प्रवृत्त हुँदैनन् त ? यसको उत्तर हो, भागवत श्रवण गरेर नै मुक्त भइन्छ भन्ने कुरामा कुनै सन्देह छैन, तर पुण्य नभईकन भागवत श्रवण गर्ने इच्छा नै उत्पन्न हुँदैन। श्रीधर स्वामीले भन्नुभएको छ– **श्रवणेच्छा तु पुण्यैर्विना नोत्पद्यते।** अर्थात् 'श्रीमद्भागवत श्रवण गर्ने इच्छा त पुण्य नभईकन उत्पन्न नै हुँदैन।' पूर्वजन्म र यस जन्ममा गरेको पुण्यको प्रभावले मात्र भागवत श्रवण गर्ने इच्छा उत्पन्न हुन्छ।

श्रीमद्भागवतमहापुराणले वेदमा प्रतिपादित कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड यी तीनै काण्डको प्रतिनिधित्व गरेको छ। यस श्लोकमा धर्म पद प्रयुक्त भएकाले वेदमा प्रतिपादित कर्मकाण्डको प्रतिनिधित्व श्रीमद्भागवतले गरेको छ भन्ने कुराको सङ्केत मिल्दछ। त्यस्तै यहाँ निर्मत्सराणाम् पद प्रयुक्त भएकाले श्रीमद्भागवतले उपासना काण्डको प्रतिनिधित्व गरेको छ भन्ने कुराको सङ्केत मिल्दछ। त्यसै गरी यहाँ वेद्यम् यस पदको प्रयोग भएको हुनाले यसले वेदको ज्ञानकाण्डको प्रतिनिधित्व गरेको छ भन्ने कुराको सङ्केत मिल्दछ। यसप्रकार वेदमा प्रतिपादित कर्म, उपासना र ज्ञान यी तीनै काण्डको प्रतिनिधित्व श्रीमद्भागवत महापुराणमा भएको छ भन्ने कुराको सङ्केत यस श्लोकमा आएका धर्म, निर्मत्सराणाम् र वेद्यम् यी तीन पदहरूबाट मिल्दछ।

निगमकल्पतरोर्गलितं फलं
शुकमुखादमृतद्रवसंयुतम्।
पिबत भागवतं रसमालयं
मुहुरहो रसिका भुवि भावुकाः॥ ३॥

पदार्थ–

भावुकाः = भावुक	**शुकमुखाद्** = शुकदेवजीको मुखबाट	**भागवतं** = भागवतरूपी
रसिकाः = हे रसिकजन हो	**अमृतद्रवसंयुतम्** = अमृतको रसले युक्त	**रसम्** = रस
निगमकल्पतरोः = वेदरूपी कल्पवृक्षको	**अहो** = आश्चर्य	**आलयं** = मोक्ष प्राप्तिसम्म
गलितं = पाकेको	**भुवि** = पृथ्वीमा	**मुहुः** = बारम्बार
फलं = फल		**पिबत** = पान गर

वाक्यार्थ– हे रसका मर्मज्ञ भक्तजन हो ! यो श्रीमद्भागवत वेदरूपी कल्पवृक्षको पाकेको फल हो। त्यसमाथि पनि श्रीशुकदेवजीरूपी मुखको सम्बन्ध भएकाले अरु यो परमानन्दरूपी अमृतले परिपूर्ण छ। अतः मोक्ष प्राप्तिपछि पनि तपाईंहरूले यसलाई बारम्बार पान गरिरहनुहोस्।

विवरण– नि उपसर्गपूर्वक गम् धातुबाट निगम यो शब्द बन्दछ। **निःशेषेण गमयति धर्मार्थकाममोक्षाख्यान् चतुरः पुरुषार्थान् इति निगमो वेदः** अर्थात् निगम भनेको भगवान्को त्यो वाणी हो जसले धर्म, अर्थ, काम र मोक्ष यी चारै पुरुषार्थको ज्ञान गराउँछ। जसरी स्वर्गको कल्पवृक्षले मनमा चिताएको वस्तु प्रदान गर्दछ, त्यस्तै वेदले पनि धर्म, अर्थ, काम र मोक्ष या

चारै पुरुषार्थ प्रदान गर्ने भएकाले वेदलाई कल्पवृक्ष भनिएको हो। यसप्रकार वेद कल्पवृक्ष हो भने यो श्रीमद्भागवत त्यो वेदरूपी कल्पवृक्षको बोटैमा पाकेको फल हो। बोटैमा पाकेको फल त्यसै पनि अत्यन्त स्वादिलो हुन्छ, त्यसमा पनि यस श्रीमद्भागवतरूपी फललाई शुकदेवरूपी सुगाले ठुँगेको हुनाले यो अझ मिठो छ। सुगाले बोटमा पाकेका फलहरूमध्ये पनि जुनचाहिँ फल सबैभन्दा मिठो छ त्यसलाई छानेर ठुँग्दछ। फल वृक्षको सार हो। मनुष्यहरू फल प्राप्त गर्ने उद्देश्यले नै बगैँचामा रूख लगाउँछन्। रूखको जरा, पात, हाँगा इत्यादिको अभावमा फल फल्दैन, तापनि मनुष्यहरूको अभीष्ट वस्तु रूख नभएर फल नै हो। त्यसै गरी वेद र उपनिषद्हरूको अभावमा श्रीमद्भागवतको अस्तित्व संभव छैन। वेद र उपनिषद्हरूको अध्ययनद्वारा विलम्बले प्राप्त हुने फल श्रीमद्भागवतको अध्ययनद्वारा शीघ्र नै प्राप्त हुने हुनाले यसलाई वेद र उपनिषद्रूपी वृक्षको पाकेको फल भनिएको हो। भगवान् शुकदेवले गङ्गाको किनारमा राजा परीक्षित्लाई श्रीमद्भागवत सुनाउनुभएको थियो त्यसैले यस श्रीमद्भागवतलाई शुकदेवको मुखको स्पर्श प्राप्त भएको छ। त्यसै कारणले श्लोकमा **शुकमुखादमृतद्रवसंयुतम्** भनिएको हो। यहाँ **शुक** शब्दको अर्थ हो शुकदेव मुनि। श्लोकमा आएको **अमृत** पदद्वारा परमानन्दलाई बुझाउन खोजिएको छ। त्यही परमानन्द नै **द्रव** अर्थात् रस हो, तैत्तिरीयोपनिषद् (२।७)मा भनिएको छ– **रसो वै सः रसं ह्येवायं लब्ध्वा आनन्दीभवति**, अर्थात् त्यो परमात्मा रसरूप छ, त्यही रसरूप परमात्मालाई प्राप्त गरेर जीव परमानन्द वा ब्रह्मतत्त्वलाई प्राप्त गर्दछ।

श्लोकमा **भावुक** र **रसिक** यी दुई शब्द आएका छन्। श्रीधरस्वामीले टीकामा यी दुवै शब्दको अर्थ यसप्रकार गर्नुभएको छ– **रसिका रसज्ञास्तत्राऽपि भावुका हे रसविशेषभावनाचतुराः** अर्थात् 'हे रसज्ञ व्यक्तिहरू जो रसको ग्रहण गर्न चतुर छौ'। जो व्यक्ति विषयमा आसक्त छ उसले ब्रह्मरसको आस्वादन गर्न सक्दैन। अतः यहाँ रसिक भनेर अन्तर्मुख अर्थात् विरक्त व्यक्ति भन्ने बुझ्नुपर्छ। योगी एवं तत्त्वचिन्तकहरू अन्तर्मुख हुन्छन् तर भावुक नहुन पनि सक्दछन्। भगवान्को कथा श्रवण गर्दा जसको हृदय पग्लन्छ, आँखाबाट हर्षाश्रु बग्दछ अनि शरीरमा रोमाञ्च हुन थाल्दछ, त्यस्ता व्यक्तिलाई भावुक व्यक्ति भनिन्छ। यहाँ रसिक शब्दको अर्थ अन्तर्मुख हो भने भावुक शब्दको अर्थ भगवान्को कथा श्रवण गर्दा हृदय द्रवीभूत हुने व्यक्ति हो।

यहाँ **गलितं फलं** भनी भागवतलाई एकातर्फ फल भनिएको छ भने अर्कातर्फ **पिबत** वा पिउनुहोस् यो क्रियापद राखिएको छ। यदि भागवत फल हो भने फल पिउन संभव छैन फल खाइन्छ, पिइँदैन। अतः यस दोषबाट बच्नका लागि **रसम्** यस शब्दको प्रयोग गरिएको हो। अर्थात् भागवतरूपी रस पिउनुहोस् भनिएको हो।

आलयम् शब्दमा **लयम् अभिव्याप्य** यस्तो विग्रहमा अव्ययीभाव समास भएको छ। आङ् यो उपसर्ग हो। यहाँ यसका दुईओटा अर्थ हुन्छन्– मर्यादा र अभिविधि। आलयम् यस शब्दमा आएको आङ् उपसर्गको अर्थ हो– अभिविधि। मर्यादा र अभिविधि यी दुई शब्दको अर्थ उदाहरणद्वारा स्पष्ट गरौँ। कसैले आफ्नो साथीलाई भन्यो– 'म तपाईंलाई पुलसम्म पुऱ्याइदिन्छु' (अहं भवन्तं आसेतुं नयामि)। यहाँ प्रयुक्त 'सम्म (आङ्)'को दुईओटा अर्थ हुन्छन्– मर्यादा र अभिविधि। मर्यादा अर्थ लिने हो भने जहाँबाट पुल सुरु हुन्छ त्यस ठाउँसम्म पुऱ्याइदिन्छु भन्ने

अर्थ निस्कन्छ। यदि 'सम्म' यो पदको अभिविधि अर्थ लिने हो भने म तपाईंलाई पुलपारि पुर्‍याइदिन्छु भन्ने अर्थ निस्कन्छ। 'सम्म (आङ्)'को प्रयोग मर्यादा अर्थमा गरिएको हो वा अभिविधि अर्थमा गरिएको हो भन्ने कुरा वक्ताको इच्छामा भर पर्ने कुरा हो। यहाँ भगवान् वेदव्यासले श्लोकमा **आलयम्** यस पदमा अभिविधि अर्थ बुझाउने इच्छा राखेर आङ् यो उपसर्गको प्रयोग गर्नुभएको हो भन्ने कुरा प्रासङ्गिक देखिन्छ। अतः यहाँ भावुक रसिकहरूलाई ज्ञानोत्तरकाल वा जीवन्मुक्तिको अवस्थामा समेत श्रीमद्‌भागवतको अध्ययन अथवा श्रवण गरिरहनुहोस् भनेर वेदव्यासले भन्नुभएको हो।

यसरी यो तेस्रो मङ्गलाचरण श्लोकमा वेद र उपनिषद्‌हरूको सारतत्त्वका रूपमा रहेको यो श्रीमद्‌भागवतमहापुराण मुमुक्षु एवं मुक्त व्यक्तिका लागि समेत अहर्निश ग्रहणीय छ भन्ने कुरा स्पष्ट पारिएको छ।

यसप्रकार पहिलो मङ्गलाचरण श्लोकमा इष्ट देवतालाई नमस्कार गरिएको छ, दोस्रो मङ्गलाचरण श्लोकमा अनुबन्ध चतुष्टयको निर्देशन गरिएको छ भने तेस्रो मङ्गलाचरण श्लोकमा श्रीमद्‌भागवतमहापुराणको महत्त्वको प्रतिपादन गरिएको छ।

नैमिषेऽनिमिषक्षेत्रे ऋषयः शौनकादयः।
सत्रं स्वर्गायलोकाय सहस्रसममासत॥ ४॥

पदार्थ–

अनिमिषक्षेत्रे = देवताहरूको क्षेत्र	**स्वर्गायलोकाय** = भगवत्प्राप्तिका इच्छाले	**सत्रं** = यज्ञ
नैमिषे = नैमिषारण्यमा	**सहस्रसमम्** = एक हजार वर्षमा पूरा हुने	**आसत** = सुरु गर्नुभयो
शौनकादयः = शौनक आदि		
ऋषयः = ऋषिहरूले		

वाक्यार्थ– एक पटक परम पुण्यमय एवं देवताहरूको क्षेत्र नैमिषारण्यमा शौनक आदि ऋषिहरूले भगवत्प्राप्तिका इच्छाले एक हजार वर्षमा पूरा हुने महान् यज्ञ सुरु गर्नुभयो।

विवरण– निमिष शब्दको अर्थ हो आँखाको परेला, जसको आँखाको परेला झिम्किँदैन, उसलाई अनिमिष भन्दछन्। देवताहरूको आँखाको परेला नझिम्किने हुनाले देवताहरूलाई **अनिमिष** भन्दछन्। जसको ज्ञानदृष्टि कहिल्यै पनि लोप हुँदैन उसलाई पनि अनिमिष भन्दछन्। भगवान् नारायण नित्य ज्ञानस्वरूप भएको हुनाले उहाँलाई अनिमिष भनिएको हो। यसर्थ यहाँ प्रयुक्त **अनिमिष** शब्दले मुख्यरूपमा भगवान् र देवताहरूलाई पनि बुझाएको छ। देवताहरूको अथवा भगवान् नारायणको क्षेत्र वा स्थानलाई नै **अनिमिषक्षेत्र** भनिन्छ।

शौनक आदि ऋषिहरूले ब्रह्माजीसँग प्रार्थना गरे– 'निकट भविष्यमा हामी एक हजार वर्षसम्म एउटा ठूलो यज्ञको आयोजना गरेर बस्न चाहन्छौँ। अतः हामीहरूलाई त्यस्तो एउटा पवित्र ठाउँ बताइदिनुहोस्, जहाँ बसेर हामीहरू यज्ञको अनुष्ठान र तपस्या आदि कार्यहरू विघ्नरहित भएर गर्न सकौँ।' ऋषिहरूको प्रार्थना सुनेर ब्रह्माजीले भगवान् शङ्करलाई नमस्कार गरेर

एउटा मनोमय चक्र सृष्टि गरी छोडिदिनुभयो रभन्नुभयो। त्यो चक्रको पाङ्ग्रो जहाँ गएर धसिन्छ, त्यही नै यज्ञ एवं तपस्या गर्नका लागि पवित्र ठाउँ हो भनेर जान्नू। ऋषिहरू त्यो चक्रको पछिलागेर गए। संस्कृतमा नेमिशब्दको अर्थ पाङ्ग्रो हुन्छ। यसैले पाङ्ग्रो धसिएको हुनाले त्यो ठाउँलाई नैमिष भनिएको हो। त्यस ठाउँमा बसेर ऋषिहरूले यज्ञको आयोजना गरे।

अब यस श्लोकमा आएको **स्वर्गायलोकाय** यो शब्दलाई लिएर केही चर्चा गरौँ। स्वर्ग शब्दको सामान्यार्थ देवलोक भन्ने हुन्छ। तर यहाँ स्वर्ग भनेर स्वर्गलोकलाई बुझाउन खोजिएको होइन। लोक भनेर भूर्लोक एवं भुवर्लोकलाई लिन खोजिएको होइन। स्वर्गाय रूप स्वर्ग शब्दको चतुर्थी विभक्तिमा पनि बन्छ। यहाँ प्रयुक्त स्वर्गाय शब्द चतुर्थी विभक्तिको रूप हो कि भन्ने भ्रम पर्न सक्दछ। तर यहाँ प्रयुक्त स्वर्गाय रूप प्रथमान्त हो। स्वर्गाय यो शब्दको व्युत्पत्ति यसप्रकार गरिन्छ– **स्वः स्वर्गे गीयते इति स्वर्गाय**। अर्थात् स्वर्गलोकमा पनि जसको कीर्ति गाइन्छ त्यही नै स्वर्गाय हो। स्वर्गलोकमा भगवान् नारायणको कीर्ति गाइन्छ। यसर्थ भगवान् नारायण नै स्वर्गाय हुनुहुन्छ। स्वर्गाय लोकाय यी दुईटा भिन्न-भिन्न पद नभएर **स्वर्गायलोकाय** यो एउटै समस्त पद हो। **स्वर्गायः हरिरेव लोकः** यस्तो विग्रहमा कर्मधारय समास भएको छ। **कर्मधारयसमासे समस्यमानपदयोः अभेदेन अर्थलाभः** अर्थात् कर्मधारय समासमा समस्यमान दुई पदहरूको एउटै अर्थ हुन्छ भन्ने यस्तो नियम भएकाले स्वर्गाय शब्द र लोकशब्दको एउटै अर्थ हो। स्वर्गाय अर्थात् हरि नै लोक अर्थात् भक्तहरूको निवासस्थान भन्ने यस शब्दको अर्थ निक्लन्छ। यसप्रकार स्वर्गायलोकाय यो समस्तपदको अर्थ भगवान् नारायणलाई प्राप्त गर्ने उद्देश्यका लागि भन्ने हुन्छ।

अब यस श्लोकमा प्रयुक्त **ऋषि** शब्दलाई लिएर चर्चा गरौँ। ऋष गतौ यो धातुबाट इन् प्रत्यय भएर ऋषि शब्द बनेको हो। यस शब्दको व्युत्पत्ति यसप्रकार छ– **ऋषति गच्छति ज्ञानेन संसारपारमिति ऋषिः** अर्थात् ऋषि भनेको त्यो व्यक्ति हो जो ज्ञानद्वारा संसारबाट पार हुन चाहन्छ।

अब यस श्लोकमा प्रयुक्त **शौनकादि** शब्दको बारेमा चर्चा गरौँ। यहाँ **शौनक आदिर्येषां ते** यस्तो विग्रहमा बहुव्रीहि समास भएर शौनकादि शब्द बनेको छ। विवेकयुक्त व्यक्तिलाई शौन भनिन्छ। शौन एव शौनक अर्थात् जो शौन हो उही नै शौनक हो भन्ने अर्थमा शौन यो शब्ददेखि स्वार्थमा कन् प्रत्यय गरेर शौनक यो शब्द बनेको छ।

अब **सहस्रसमम्** यो शब्दलाई लिएर केही चर्चा गरौँ। **सहस्रं समाः संवत्सराः अनुष्ठानकालो यस्य तत्** यस्तो विग्रहमा बहुव्रीहि समास भई सहस्रसमम् यो शब्द बनेको छ। सहस्रसमम् यो समस्त पद सत्रम् यो विशेष्य पदको विशेषण हो। यसकारण सहस्रसमम् सत्रम् यसको अर्थ एकहजार वर्षमा समाप्त हुने यज्ञ हो।

त एकदा तु मुनयः प्रातर्हुतहुताग्नयः।
सत्कृतं सूतमासीनं पप्रच्छुरिदमादरात्॥ ५॥

पदार्थ–

एकदा = एक दिन	**मुनयः** = मुनिहरूले	**सूतम्** = सूतजीलाई
प्रातर्हुतहुताग्नयः = सायंकालमा हवन गरिएकै अग्निमा प्रातःकालको हवन गरिसकेका	**तु** = त	**आदरात्** = आदरपूर्वक
ते = ती	**सत्कृतं** = सत्कार, पूजा गरिएका	**इदम्** = यो
	आसीनं = बसेका	**पप्रच्छुः** = सोध्नुभयो

वाक्यार्थ– एक दिन ती ऋषिहरूले प्रातःकालको अग्निहोत्र आदि नित्य क्रियाबाट निवृत्त भएर, सूतजीलाई विधिपूर्वक पूजा गरेर उहाँलाई उच्च आसनमा राखेर अत्यन्त आदरपूर्वक यो प्रश्न सोध्नुभयो।

विवरण– यस श्लोकमा हुत यो शब्द दुईपटक आएको छ। **प्रातः हुतः प्रातर्हुतः, प्रातर्हुतेषु हुतः प्रातर्हुतहुतः, प्रातर्हुतहुताः अग्नयो यैस्ते प्रातर्हुतहुताग्नयः** यस्तो विग्रहमा तत्पुरुष र बहुब्रीहि समास भएर प्रातर्हुतहुताग्नयः यो शब्द बनेको छ। सायङ्कालमा हवन गरिएको अग्निमा प्रातःकालको हवन गरेका भन्ने यस शब्दको अर्थ हो। यो शब्द मुनयः शब्दको विशेषण हो। यसबाट मुनिहरूले साँझ र बिहान दुवै समयमा नित्य कर्मको रूपमा हवन गर्दथे भन्ने कुरा स्पष्ट हुन्छ।

ऋषय ऊचुः (ऋषिहरूले भन्नुभयो)

त्वया खलु पुराणानि सेतिहासानि चानघ।

आख्यातान्यप्यधीतानि धर्मशास्त्राणि यान्युत॥ ६॥

पदार्थ–

अनघ = पापले रहित भएका हे सूतजी	युक्त भएका	**यानि** = जुन कुरा
त्वया = तपाईंले	**पुराणानि** = पुराणहरू	**उत** = त्यसै गरी
खलु = निश्चय नै	**धर्मशास्त्राणि** = धर्मशास्त्रहरू	**आख्यातानि च** = ती आफूले पढेका कुराहरूको व्याख्या पनि गर्नुभएको छ
सेतिहासानि = इतिहासहरूले	**अपि** = पनि	
	अधीतानि = पढ्नुभएको छ	

वाक्यार्थ– हे पापले रहित भएका सूतजी ! तपाईंले इतिहासले सहित भएका पुराणहरू र धर्मशास्त्रहरू पनि पढ्नुभएको छ अनि आफूले पढेका ती शास्त्रहरूको व्याख्या पनि गर्नुभएको छ।

यानि वेदविदां श्रेष्ठो भगवान् बादरायणः।

अन्ये च मुनयः सूत परावरविदो विदुः॥ ७॥

वेत्थ त्वं सौम्य तत् सर्वं तत्त्वतस्तदनुग्रहात् ।
ब्रूयुः स्निग्धस्य शिष्यस्य गुरवो गुह्यमप्युत ॥ ८ ॥

पदार्थ–

सूत = हे सूतजी !	र निर्गुण दुबै रूपलाई जान्ने	**तत्त्वतः** = राम्रोसँग
यानि = जुन विषयहरूलाई	**मुनयः** = मुनिहरू	**वेत्थ** = जान्नुहुन्छ
वेदविदां = वेद जान्नेहरूमध्ये	**विदुः** = जान्दछन्	**गुरवः** = गुरुहरू
श्रेष्ठः = श्रेष्ठ	**सौम्य** = हे शुद्ध र सरल हृदय	**स्निग्धस्य** = प्रिय
भगवान् = भगवान्	भएका सूतजी !	**शिष्यस्य** = शिष्यलाई
बादरायणः = वेदव्यास	**तदनुग्रहात्** = ती ऋषि र	**गुह्यम्** = गोप्य कुरा
अन्ये = अरू	मुनिहरूको अनुग्रहले	**अपि उत** = पनि
च = पनि	**त्वं** = तपाईं	**ब्रूयुः** = बताउनुहुन्छ
परावरविदः = भगवान्को सगुण	**तत्सर्वं** = ती सम्पूर्ण कुराहरू	

वाक्यार्थ– हे शुद्ध र सरल हृदय भएका सूतजी ! वेदज्ञहरूमा श्रेष्ठ भगवान् वेदव्यास र भगवान्को सगुण र निर्गुण दुबै रूपलाई जान्ने अरू मुनिहरू जुन कुरा जान्दछन् ती सम्पूर्ण कुराहरू उहाँहरूका कृपाले तपाईं जान्नुहुन्छ। गुरुहरू आफ्ना प्रिय शिष्यलाई गोप्य कुराहरू पनि बताउनुहुन्छ।

तत्र तत्राञ्जसाऽऽयुष्मन् भवता यद् विनिश्चितम् ।
पुंसामेकान्ततः श्रेयस्तन्नः शंसितुमर्हसि ॥ ९ ॥

पदार्थ–

आयुष्मन् = हे आयुष्मन्	कल्याणको साधनका विषयमा	छ
तत्र तत्र = ती-ती शास्त्र, पुराण	**भवता** = तपाईंले	**तत्** = त्यो
र गुरुजनहरूको उपदेशमा	**यत्** = जुन	**नः** = हामीहरूलाई
पुंसाम् = मानिसहरूका लागि	**अञ्जसा** = सजिलैसँग	**शंसितुम्** = उपदेश गर्न
एकान्ततः श्रेयः = परम	**विनिश्चितम्** = निश्चय गर्नुभएको	**अर्हसि** = सक्नुहुन्छ

वाक्यार्थ– हे आयुष्मन् ! ती शास्त्र, पुराण र गुरुजनहरूको उपदेशमा कलियुगका प्राणीहरूका लागि परम कल्याणको साधनका रूपमा तपाईंले जुन कुराको निश्चय गर्नुभएको छ, त्यो कुरा हामीहरूलाई बताउनुहोस्।

प्रायेणाल्पायुषः सभ्य कलावस्मिन् युगे जनाः ।
मन्दाः सुमन्दमतयो मन्दभाग्या ह्युपद्रुताः ॥ १० ॥

पदार्थ–

सभ्य = सन्त समाजका भूषण हुनुभएका हे सूतजी	**जनाः** = मानिसहरू	भएका
अस्मिन् = यो	**प्रायेण** = धेरैजसो	**मन्दभाग्याः** = मन्द भाग्य भएका
कलौ = कलि	**अल्पायुषः** = थोरै आयु भएका	**हि उपद्रुताः** = विघ्नबाधाहरूले
युगे = युगमा	**मन्दाः** = मन्द	घेरिएका हुन्छन्
	सुमन्दमतयः = मन्द बुद्धि	

वाक्यार्थ– सन्त समाजका भूषण भएका हे सूतजी ! यस कलियुगमा धेरैजसो मनुष्यहरू थोरै आयु भएका, मन्द बुद्धि भएका, मन्द भाग्य भएका र विभिन्न विघ्नबाधाहरूले घेरिएका हुन्छन्।

भूरीणि भूरिकर्माणि श्रोतव्यानि विभागशः।
अतः साधोऽत्र यत् सारं समुद्धृत्य मनीषया॥
ब्रूहि नः श्रद्दधानानां येनात्मा सुप्रसीदति॥ ११॥

पदार्थ–

भूरिकर्माणि = जहाँ धेरै प्रकारका कर्महरूको वर्णन गरिएको छ त्यस्ता	**अत्र** = ती शास्त्रहरूमा	**नः** = हामीहरूलाई
भूरीणि = धेरै शास्त्रहरू	**यत्** = जुन	**ब्रूहि** = भन्नुहोस्
श्रोतव्यानि = श्रवण गर्नुपर्ने छन्	**सारं** = सार कुरा छ	**येन** = जुन कुरा सुनेर
अतः = त्यसकारण	**मनीषया** = आफ्नो बुद्धिले	**आत्मा** = आत्मा
साधो = हे परोपकारी सूतजी	**समुद्धृत्य** = निकालेर	**सुप्रसीदति** = प्रसन्न हुन्छ
	विभागशः = स्पष्ट गरेर	
	श्रद्दधानानां = श्रद्धालु	

वाक्यार्थ– शास्त्रहरू धेरै छन्, ती शास्त्रहरूमा कुनै एक निश्चित साधनको उल्लेख भएको पनि देखिँदैन। ती शास्त्रहरूमा अनेक प्रकारका कर्महरूको वर्णन गरिएको पाइन्छ। ती शास्त्रहरू यति विस्तृत छन् कि तिनीहरूको कुनै एक अंश सुन्न पनि कठिन छ। तपाईं परोपकारी हुनुहुन्छ, आफ्नो बुद्धिले ती शास्त्रहरूको सार निकालेर प्राणीहरूको कल्याणका लागि श्रद्धालु हामीहरूलाई सुनाउनुहोस्, जसबाट हाम्रो अन्तःकरण शुद्ध होस्।

सूत जानासि भद्रं ते भगवान् सात्वतां पतिः॥
देवक्यां वसुदेवस्य जातो यस्य चिकीर्षया॥ १२॥

पदार्थ–

सूत = हे सूतजी	**पतिः** = रक्षक	**चिकीर्षया** = इच्छाले
ते भद्रं = तपाईंको कल्याण होस्	**भगवान्** = भगवान् श्रीकृष्ण	**वसुदेवस्य** = वसुदेवकी पत्नी
सात्वतां = यदुवंशीहरूका	**यस्य** = जुन काम गर्ने	**देवक्यां** = देवकीबाट

जातः = उत्पन्न हुनुभयो	**जानासि** = तपाईंलाई यो कुरा	थाहा छ

वाक्यार्थ– हे सूतजी ! तपाईंको कल्याण होस्, यदुवंशीका रक्षक भक्तवत्सल भगवान् श्रीकृष्णले वसुदेवकी धर्मपत्नी देवकीको गर्भबाट के गर्ने इच्छाले अवतार लिनुभएको थियो त्यो कुरा तपाईंलाई थाहा छ।

तन्नः शुश्रूषमाणानामर्हस्यङ्गानुवर्णितुम्।

यस्यावतारो भूतानां क्षेमाय च भवाय च॥ १३॥

पदार्थ–

अङ्ग = हे प्रिय	**अनुवर्णितुम्** = वर्णन गर्न	**क्षेमाय** = परम कल्याणको
तत् = त्यो कुरा	**अर्हसि** = सक्नुहुन्छ	लागि
शुश्रूषमाणानाम् = श्रवण गर्न	**यस्य** = जसको	**च** = र
चाहने	**अवतारः** = अवतार	**भवाय** = समृद्धिका लागि
नः = हामीहरूलाई	**भूतानां** = प्राणीहरूको	**च** = पनि (हुन्छ)

वाक्यार्थ– तपाईं कृपापूर्वक त्यो कुराको वर्णन हामीलाई गर्नुहोस् किनभने भगवान्को अवतार जीवको परम कल्याण र समृद्धिका लागि हुन्छ।

आपन्नः संसृतिं घोरां यन्नाम विवशो गृणन्।

ततः सद्यो विमुच्येत यद् बिभेति स्वयं भयम्॥ १४॥

पदार्थ–

घोरां = अत्यन्त डर लाग्दो	**विवशः** = विवश भएर पनि	**विमुच्येत** = मुक्त हुन्छ
संसृतिं = जन्म र मृत्युको	**गृणन्** = लियो भने	**स्वयं** = स्वयं
चक्रमा	**ततः** = त्यो जन्म र मृत्युको	**भयम्** = डर पनि
आपन्नः = परेको जीवले	आपत्तिबाट	**यत्** = जुन भगवान्को नामबाट
यन्नाम = जुन भगवान्को नाम	**सद्यः** = तुरुन्त	**बिभेति** = सधैं डराइरहन्छ

वाक्यार्थ– यो जीव जन्म र मृत्युको डरलाग्दो चक्रमा परेको छ। यस परिस्थितिमा ऊ विवश भएर पनि भगवान्को मङ्गलमय नामको उच्चारण गर्दछ भने त्यो त्यसै समयमा भयबाट मुक्त हुन्छ किनभने स्वयं भय पनि भगवान्को नामदेखि डराउँछ।

यत्पादसंश्रयाः सूत मुनयः प्रशमायनाः।

सद्यः पुनन्त्युपस्पृष्टाः स्वर्धुन्यापोऽनुसेवया॥ १५॥

पदार्थ–

सूत = हे सूतजी	चरणको आश्रयमा रहेका हुनाले	लागेका
यत्पादसंश्रयाः = भगवान्को	**प्रशमायनाः** = शान्तिको मार्गमा	**उपस्पृष्टाः** = सन्निधिमात्रले सेवा

गरिएका	**पुनन्ति** = पवित्र गर्दछन्	**अनुसेवया** = धैरै दिनसम्म सेवा गरेपछि मात्र पवित्र गर्दछ
मुनयः = मुनिहरूले	**स्वर्धुन्याः** = गङ्गाको	
सद्यः = तुरुन्त	**आपः** = जलले त	

वाक्यार्थ– सूतजी ! परम विरक्त र परम शान्त मुनिहरू पनि भगवान्को शरणमा रहन्छन्। अतः त्यस्ता मुनिहरूको स्पर्शमात्रले पनि संसारका जीवहरू तुरुन्त पवित्र हुन्छन्। गङ्गाजीको जलको धैरै दिनसम्म सेवन गरेपछि मात्र पवित्रताको प्राप्ति हुन्छ।

विवरण– यस श्लोकमा आएका **स्वधुर्न्यापः** यस शब्दको बारेमा चर्चा गरौं। स्वधुर्न्यापः यो समस्त पद हो। **स्वधुर्न्या आपः** यस्तो विग्रहमा षष्ठी तत्पुरुष समास भएको छ। स्वर्धुनी यो शब्दको अर्थ हो गङ्गा। भगवान्को चरणको स्पर्शमात्रले संसारी जीवहरू तुरुन्त पवित्र हुन्छन् भने गङ्गाजीमा बारम्बार स्नान गर्नाले पनि केहीमात्र पवित्र हुन्छन् भन्ने यस श्लोकको तात्पर्य हो।

को वा भगवतस्तस्य पुण्यश्लोकेड्यकर्मणः।
शुद्धिकामो न शृणुयाद् यशः कलिमलापहम्॥ १६॥

पदार्थ–

पुण्यश्लोकेड्यकर्मणः = पुण्यात्मा भक्तहरूद्वारा कीर्ति गाइएका	**कलिमलापहम्** = कलियुगका दोषहरूलाई नष्ट गरिदिने	**शुद्धिकामः** = अन्तःकरण शुद्ध गर्न चाहने मनुष्यले
तस्य = ती	**यशः** = कीर्तिलाई	**न शृणुयात्** = श्रवण नगर्ला
भगवतः = भगवान्को	**कः वा** = कुन चाहिँ	

वाक्यार्थ– पुण्यात्मा भक्तहरू जसको लीलाको निरन्तर गान गरिरहन्छन् त्यस्ता भगवान्को कलियुगका दोषहरूलाई नष्ट गर्ने पवित्र कीर्तिलाई आफ्नो चित्तलाई शुद्ध गर्न चाहने त्यस्तो कुन मनुष्य होला, जसले श्रवण गर्न नचाहला।

विवरण– यस श्लोकमा आएको **पुण्यश्लोकेड्यकर्मणः** यो पदलाई लिएर केही विचार गरौं। **पुण्याश्च ते श्लोकाः पुण्यश्लोकाः तैः इड्यानि कर्माणि यस्य सः पुण्यश्लोकेड्यकर्मा तस्य पुण्यश्लोकेड्यकर्मणः** यस विग्रहमा कर्मधारय र बहुव्रीहि समास भई पुण्यश्लोकेड्यकर्मणः यो शब्द बनेको हो। यहाँ पुण्यश्लोक यस पदले भगवान्का भक्तलाई बुझाएको छ। पुण्यश्लोक वा भगवान्का भक्तद्वारा कीर्ति गाइएका भगवान्लाई नै पुण्यश्लोकेड्यकर्मा यस पदले बुझाएको छ।

तस्य कर्माण्युदाराणि परिगीतानि सूरिभिः।
ब्रूहि नः श्रद्दधानानां लीलया दधतः कलाः॥ १७॥

पदार्थ–

लीलया = लीलाद्वारा	**सूरिभिः** = नारद आदि ऋषिहरूद्वारा	**कर्माणि** = कर्महरू
कलाः = विभिन्न अवतारहरू		**श्रद्दधानानां** = श्रद्धा गर्ने
दधतः = धारण गर्ने भएका	**परिगीतानि** = गाइएका	**नः** = हामीहरूलाई
तस्य = ती भगवान् नारायणको	**उदाराणि** = उदार	**ब्रूहि** = बताउनुहोस्

वाक्यार्थ– जो भगवान् लीलाद्वारा विभिन्न अवतारहरू धारण गर्नुहुन्छ, जुन भगवान्को उदार कर्महरूको गान नारद आदि ऋषिहरूले गर्दछन्, हामी श्रद्धालुलाई ती कर्महरूको वर्णन गर्नुहोस्।

अथाख्याहि हरेर्धीमन्नवतारकथाः शुभाः।

लीला विदधतः स्वैरमीश्वरस्यात्ममायया ॥ १८ ॥

पदार्थ–

धीमन् = हे बुद्धिमान् सूतजी !	**लीलाः** = लीलाहरू	**अवतारकथाः** = अवतारका
आत्ममायया = आफ्नो	**विदधतः** = गर्ने भएका	कथाहरू
मायाद्वारा	**ईश्वरस्य हरेः** = ईश्वर हरिका	**अथ** = अब
स्वैरम् = इच्छानुसार	**शुभाः** = शुभ	**आख्याहि** = भन्नुहोस्

वाक्यार्थ– हे बुद्धिमान् सूतजी ! सर्वसमर्थ प्रभु आफ्नी योगमायाद्वारा स्वच्छन्द लीला गर्नुहुन्छ, त्यस्ता श्रीहरिका मङ्गलमय लीलाहरूको तपाईं वर्णन गर्नुहोस्।

वयं तु न वितृप्याम उत्तमश्लोकविक्रमे।

यच्छृण्वतां रसज्ञानां स्वादु स्वादु पदे पदे ॥ १९ ॥

पदार्थ–

वयं = हामीहरू	श्रवणमा	**शृण्वतां** = श्रोताहरूका लागि
तु = त	**न वितृप्यामः** = तृप्त हुँदैनौँ	**पदे पदे** = पदपदमा
उत्तमश्लोकविक्रमे = पुण्य कीर्ति	**यत्** = जुन लीलाको श्रवणमा	**स्वादु स्वादु** = नयाँ-नयाँ रसको
भएका भगवान्को लीला	**रसज्ञानां** = रसज्ञ	अनुभव हुन्छ

वाक्यार्थ– पुण्यकीर्ति भगवान्को लीलाहरूको श्रवण गरेर हामी कहिल्यै पनि तृप्त हुँदैनौँ। किनभने रसज्ञ श्रोताहरूलाई पदपदमा भगवान्को लीलामा नयाँ-नयाँ रसहरूको अनुभव हुन्छ।

विवरण– यस श्लोकमा शौनक आदि ऋषिहरूले भनेका छन्– भगवान्को कथाश्रवणमा हामीलाई कहिल्यै पनि तृप्ति हुँदैन। योग र यागादिको अनुष्ठानद्वारा हृदयरूपी गुफामा रहेको अज्ञानरूपी अन्धकार तत्काल भाग्न सक्दैन परन्तु भगवान्को कथाश्रवण गर्नेबित्तिकै अन्तःकरणको अज्ञानरूपी अन्धकार भाग्दछ। भगवान्को कथाश्रवण गर्दा प्रत्येक पदमा नयाँ-नयाँ रसको अनुभूति हुन्छ। यसैले ऋषिहरूले हामीलाई भगवान्को कथाश्रवणमा तृप्तिको अनुभूति हुँदैन भनेका हुन्।

अन्य पदार्थबाट हुने तृप्ति र भगवान्को कथाश्रवणबाट हुने तृप्ति फरक छन्। तृप्ति तीन प्रकारका हुन्छन्। पेट भरिएर (खान पुगेर), रसको अज्ञानको कारणले र विशेष कुनै स्वाद नहुनाले। परन्तु भगवान्को कथाश्रवणमा उक्त तीनओटा कारणले तृप्ति सम्भव छैन।

कुनै पदार्थ खाँदा त्यो पदार्थले पेट भरिएपछि उक्त पदार्थ थपेर खान मन लाग्दैन। तर सुनेका कुराहरू रहने मस्तिष्कको भाग कहिल्यै पनि भरिँदैन।

यस्तै एउटै वस्तुको सेवन लगातार गरिरहँदा पनि तृप्ति हुन्छ। उखुमा एउटै किसिमको रस

हुन्छ। त्यसकारण उखुको रस धैरै पान गरिसकेपछि फेरि उखुको रस पिउने इच्छा हुँदैन। परन्तु भगवान्‌को कथाश्रवण गर्दा एउटै रसको आस्वादन नभएर क्षणक्षणमा भिन्न-भिन्न रसको आस्वादन हुन्छ। त्यसै कारण यस श्लोकमा स्वादु **स्वादु पदे पदे** भनिएको हो। यसको अर्थ प्रत्येक पदमा भिन्न-भिन्न किसिमको स्वाद रहेको छ।

यसप्रकार तृप्तिका तीन कारणमध्ये एउटा पनि कारण भगवान्‌को कथाश्रवणमा नभएकाले भगवान्‌को श्रवण गरेर हामीलाई तृप्ति वा अलंबुद्धि हुँदैन भनी ऋषिहरूले भनेका हुन्।

कृतवान् किल कर्माणि सह रामेण केशवः।
अतिमर्त्यानि भगवान् गूढः कपटमानुषः॥ २०॥

पदार्थ–

भगवान् = भगवान्‌ले
गूढः = आफूलाई
छिपाउनुभएको छ
कपटमानुषः = मनुष्यले जस्तो
लीला गर्नुहुन्छ
केशवः = भगवान् श्रीकृष्णले
रामेण सह = बलरामका साथ
किल = निश्चय नै
अतिमर्त्यानि = मनुष्यहरूले गर्न
नसक्ने किसिमका
कर्माणि = कामहरू
कृतवान् = गर्नुभयो

वाक्यार्थ– भगवान्‌ले आफ्नो स्वरूपलाई लुकाउनुभएको थियो, मनुष्यहरूका अगाडि आफू पनि मनुष्य भएको नाटक गर्नुहुन्थ्यो, परन्तु उहाँले आफ्ना दाजु बलरामजीका साथ जुन लीलाहरू गरेर देखाउनुभयो, ती लीला अथवा पराक्रमहरू मनुष्यहरूले गर्न सक्ने खालका थिएनन्।

कलिमागतमाज्ञाय क्षेत्रेऽस्मिन् वैष्णवे वयम्।
आसीना दीर्घसत्रेण कथायां सक्षणा हरेः॥ २१॥

पदार्थ–

कलिम् = कलि युग
आगतम् = आएको कुरा
आज्ञाय = राम्रोसँग जानेर
वयम् = हामीहरू
अस्मिन् = यस
वैष्णवे = वैष्णव
क्षेत्रे = क्षेत्रमा
दीर्घसत्रेण = दीर्घकालिक
यज्ञको सङ्कल्प गरेर
आसीनाः = बसेका छौँ
हरेः = भगवान् हरिको
कथायां = कथा श्रवणका लागि
सक्षणाः = हामीहरूलाई समय
प्राप्त छ

वाक्यार्थ– पुण्यकीर्ति भगवान्‌को लीलाहरूको श्रवण गरेर हामी कहिल्यै पनि तृप्त हुँदैनौँ। किनभने रसज्ञ श्रोताहरूलाई पदपदमा भगवान्‌को लीलामा नयाँ-नयाँ रसहरूको अनुभव हुन्छ।

त्वं नः सन्दर्शितो धात्रा दुस्तरं निस्तितीर्षताम्।
कलिं सत्त्वहरं पुंसां कर्णधार इवार्णवम्॥ २२॥

पदार्थ–

सत्त्वहरं = अन्तःकरणको
पवित्रता र शक्तिको नाश गर्ने
कलिं = कलियुगलाई
निस्तितीर्षताम् = पूरै पार गर्न
चाहने हामीहरूलाई
दुस्तरं = दुःखले मात्र तर्न

सकिने
अर्णवम् = समुद्र तर्न चाहने
पुंसां = मानिसहरूका लागि
कर्णधारः = नाविक
इव = झैं
धात्रा = परमात्माद्वारा
त्वं = तपाईं
नः = हामीहरूका लागि
सन्दर्शितः = प्राप्त हुनुभएको हो

वाक्यार्थ– अन्तःकरणको पवित्रता र शक्तिको नाश गर्ने कलियुग आएको जानेर हामीहरू यस वैष्णव क्षेत्रमा दीर्घकालीन यज्ञको सङ्कल्प गरेर बसेका छौं। हामीहरूलाई भगवान्का कथाश्रवण गर्ने अवसर प्राप्त छ। समुद्र पार गर्न चाहने मनुष्यलाई जहाज खियाउने मान्छे मिलेझैं अन्तःकरणको शुद्धि र शक्तिलाई नाश गर्ने कलिको दोषबाट अथवा संसारबाट पार हुन चाहने हामीहरूलाई परमात्माले तपाईंलाई यहाँ पठाउनुभएको हो।

ब्रूहि योगेश्वरे कृष्णे ब्रह्मण्ये धर्मवर्मणि।

स्वां काष्ठामधुनोपेते धर्मः कं शरणं गतः॥ २३॥

पदार्थ–

धर्मवर्मणि = धर्मरक्षक
ब्रह्मण्ये = ब्राह्मणभक्त
योगेश्वरे = योगेश्वर
कृष्णे = कृष्ण
स्वां = आफ्नो
काष्ठाम् = धाममा
उपेते = जानुभएपछि
अधुना = अहिले
धर्मः = धर्म
कं = कसको
शरणं = शरणमा
गतः = गयो
ब्रूहि = त्यो कुरा भन्नुहोस्

वाक्यार्थ– धर्मरक्षक, ब्राह्मणभक्त, योगेश्वर भगवान् श्रीकृष्ण आफ्नो धाममा जानुभएपछि अहिले धर्म कसको शरणमा गयो, यो कुरा हामीलाई बताउनुहोस्।

श्रीमद्भागवतको पहिलो स्कन्धको पहिलो अध्यायमा शौनक आदि ऋषिहरूले सूतजीसँग ६ ओटा प्रश्न गरेका छन्। ती ६ ओटा प्रश्नहरू यसप्रकार छन्।

पहिलो– **पुंसामेकान्ततः श्रेयः** जीवहरूको वस्तुतः कल्याण कसरी हुन्छ ?

दोस्रो– **अवतारप्रयोजनम्** अर्थात् भगवान् अवतार किन लिनुहुन्छ ?

तेस्रो– **तस्य कर्माणि अपि** अर्थात् भगवान्द्वारा गरिएका कर्महरू के-के हुन्।

चौथो– **अवतार कथा अपि** अर्थात् भगवान्का अवतारका कथाहरू के-के हुन्।

पाचौं– **कृष्णावतारचरितम्** अर्थात् कृष्णावतारमा भगवान्ले के-के काम गर्नुभयो।

छैटौं– **धर्मः कं शरणं गतः** अर्थात् भगवान्ले पृथिवीको भार हरण गरेर आफ्नो धामतिर फर्केपछि धर्म कसको शरणमा गयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

नैमिषीयोपाख्याने प्रथमोऽध्यायः॥ १

अथ द्वितीयोऽध्यायः

भगवत्कथा र भगवद्भक्तिको माहात्म्य

व्यास उवाच (व्यासजीले भन्नुभयो)

इति सम्प्रश्नसंहृष्टो विप्राणां रौमहर्षणिः ।

प्रतिपूज्य वचस्तेषां प्रवक्तुमुपचक्रमे ॥ १ ॥

पदार्थ—

इति = यसप्रकार
विप्राणां = शौनक आदि ऋषिहरूको
सम्प्रश्नसंहृष्टः = प्रश्नहरूबाट प्रसन्न हुनुभएका
रौमहर्षणिः = रोमहर्षका पुत्र उग्रश्रवा वा सूतजीले
तेषां = ती ऋषिहरूको
वचः = प्रश्नलाई
प्रतिपूज्य = प्रशंसा गर्दै
प्रवक्तुम् = भन्न
उपचक्रमे = प्रारम्भ गर्नुभयो

वाक्यार्थ— ब्रह्मवादी शौनक आदि ऋषिहरूको प्रश्न सुनेर रोमहर्षका पुत्र उग्रश्रवा (सूत)लाई ठूलो आनन्द भयो। उहाँले ऋषिहरूको मङ्गलमय प्रश्नहरूलाई प्रशंसा गर्दै यसप्रकार भन्न लाग्नुभयो।

सूत उवाच (सूतजीले भन्नुभयो)

यं प्रव्रजन्तमनुपेतमपेतकृत्यं

द्वैपायनो विरहकातर आजुहाव ।

पुत्रेति तन्मयतया तरवोऽभिनेदुस्

तं सर्वभूतहृदयं मुनिमानतोऽस्मि ॥ २ ॥

पदार्थ—

प्रव्रजन्तम् = सम्पूर्ण कुरा त्यागेर जान लागेका
अनुपेतम् = उपनयन संस्कार गरिदिनुहोस् भनी आचार्यसमक्ष नपुगेका
अपेतकृत्यं = कर्ममार्गमा प्रवृत्त नभएका
यं = जसलाई
विरहकातरः = विरहले डराएका
द्वैपायनः = वेदव्यासले
पुत्र = ए छोरा
इति = यस्तो
आजुहाव = बोलाए
तरवः = वृक्षहरूले
तन्मयतया = तन्मयताका कारणले गर्दा
अभिनेदुः = उत्तर दिए
सर्वभूतहृदयं = सम्पूर्ण प्राणीहरूका हृदयस्वरूप
तं = त्यस्ता
मुनिम् = मुनि शुकदेवजीलाई
आनतः अस्मि = नमस्कार गर्दछु

वाक्यार्थ— जुन समयमा श्रीशुकदेवजीको व्रतबन्ध संस्कार भएको थिएन, लौकिक र वैदिक

कर्मको अनुष्ठानको अवसर पनि प्राप्त भएको थिएन, त्यस समयमा उनलाई घरबाट सदाका लागि संन्यास लिएर जान लागेको देखेर उनका बाबु व्यासजी विरहले व्याकुल भएर उच्च स्वरले ए बाबु ! ए बाबु ! तिमी मलाई छोडेर अन्यत्र नजाऊ भनी कराउन थाले। त्यस वेला तन्मय भएका कारणले शुकदेवजीका तर्फबाट जङ्गलका वृक्षहरूले उत्तर दिए। यस्ता सम्पूर्ण प्राणीहरूका हृदयरूप मुनि श्रीशुकदेवजीलाई म नमस्कार गर्दछु।

विवरण— संन्यास लिने दुई किसिमका विधान छन्। **यदहरेव विरजेत् तदहरेव प्रव्रजेत्** अर्थात् मनुष्यलाई जुन दिन उत्कृष्ट वैराग्य आउँछ त्यसैदिन संन्यास लिनू। यस्तो एउटा विधान छ भने अर्को विधान छ **आश्रमात् आश्रमान्तरं गच्छेत्** अर्थात् एउटा आश्रम पार गरेर अर्को आश्रममा प्रवेश गरोस्।

एउटा आश्रम पार गरेपछि अर्को आश्रममा जानुपर्दछ भन्ने विधान अविरक्त व्यक्तिका लागि हो। जुन दिन वैराग्य आउँछ, त्यही दिन संन्यास लिएर हिँडोस् भन्ने यो वचन अत्यन्त वैराग्य भएका व्यक्तिका लागि हो। वेदहरूको अध्ययन नगरीकन, यज्ञहरूद्वारा देवताहरूलाई प्रसन्न नगरीकन जो व्यक्ति मोक्षमार्गमा प्रवेश गर्दछ उसको पतन हुन्छ भनी मनुस्मृतिमा भनिएको छ। वेदाध्ययनद्वारा मनुष्य ऋषिऋणबाट मुक्त हुन्छ, योग्य सन्तान उत्पन्न गरेपछि मानिस पितृऋणबाट मुक्त हुन्छ भने यज्ञहरूको अनुष्ठानद्वारा देवताहरूलाई प्रसन्न गराएपछि देवऋणबाट मुक्त हुन्छ। त्यसकारण वेदाध्ययन, योग्य सन्ततिको उत्पादन र यज्ञहरूको अनुष्ठान गरेपछिमात्र संन्यासमार्गमा प्रवेश गर्नू भन्ने मनुको आज्ञा छ। परन्तु शुकदेवले न वेदको अध्ययन गरेका थिए, न योग्य सन्ततिलाई उत्पन्न गरेका थिए, न त उनले कुनै यज्ञको अनुष्ठान नै गरेका थिए। फेरि उनले कसरी संन्यास लिए भन्ने प्रश्न उठ्न सक्दछ। यसको उत्तर हो— विषयवस्तुमा आकर्षित हुने सामान्य रागी व्यक्तिहरूका लागि आश्रमात् आश्रमान्तरं गच्छेत् यस्तो विधान गरिएको हो। शुकदेव अत्यन्त विरक्त हुनाले उहाँ निवृत्तिमार्गका अनुयायी हुनुहुन्थ्यो। उहाँ निवृत्तिमार्गका अनुयायी हुनाले उहाँलाई उक्त तीनै प्रकारका ऋणहरूमध्ये कुनै पनि ऋणले स्पर्श गर्दैनथ्यो। त्यसकारण त्यस्ता व्यक्तिहरूका लागि **यदहरेव विरजेत् तदहरेव प्रव्रजेत्** यो विधान गरिएको हो।

यः स्वानुभावमखिलश्रुतिसारमेक-
मध्यात्मदीपमतितितीर्षतां तमोऽन्धम्।
संसारिणां करुणयाह पुराणगुह्यं
तं व्याससूनुमुपयामि गुरुं मुनीनाम्॥ ३॥

पदार्थ—

तमोऽअन्धम् = संसाररूपी गाढा अन्धकारलाई
अतितितीर्षतां = पार गर्न चाहनेहरूका लागि
स्वानुभावम् = भगवान्को वास्तविक स्वरूपको अनुभव गराउने
अखिलश्रुतिसारम् = सम्पूर्ण वेदको सार भएको

एकम् = एउटै
अध्यात्मदीपम् = आध्यात्मिक तत्त्वलाई प्रकाशित गर्नका लागि दीप बनेको यो
पुराणगुह्यं = यो रहस्यात्मक पुराण भागवत
यः = जसले
संसारिणां = संसारी मनुष्यहरूमाथि
करुणया = कृपा गरेर
आह = बताउनुभयो
तं = ती
मुनीनाम् = मुनिहरूका पनि
गुरुं = गुरु
व्याससूनुम् = व्यासका पुत्र शुकदेवजीको
उपयामि = शरणमा जान्छु

वाक्यार्थ– यो श्रीमद्भागवत अत्यन्त रहस्यात्मक पुराण हो। यसले भगवान्को वास्तविक स्वरूपको अनुभव गराउँछ। अनि यो पुराण समस्त वेदहरूको सार हो। जो मनुष्य अज्ञानरूपी अन्धकारमा फसेका छन् अनि त्यस अन्धकारबाट पार हुन चाहन्छन् उनीहरूका लागि आध्यात्मिक तत्त्वलाई प्रकाशित गर्ने एक अद्वितीय दीपक हो यो। उनीहरूमाथि नै करुणा गरेर ठुला-ठुला मुनिहरूका पनि आचार्य शुकदेवजीले यसको वर्णन गर्नुभएको हो। त्यस्ता शुकदेवजीको शरणमा म पर्दछु।

विवरण– यस श्लोकमा अज्ञानलाई अन्धकारसँग तुलना गरिएको छ। जसरी अन्धकारको कारणले भएको वस्तु पनि देखिँदैन त्यसै गरी अज्ञानको कारणले गर्दा भएको आत्मा पनि नभएको जस्तो भान भइरहेको छ। **तमोऽन्धम् अतितितीर्षताम्** अर्थात् संसाररूपी गाढा अन्धकारबाट पार हुन चाहने मनुष्यहरूका लागि यो श्रीमद्भागवत उत्कृष्ट माध्यम हो। यो श्रीमद्भागवतको विशेषता बताउनका लागि यस श्लोकमा चारओटा विशेषण आएका छन्। **स्वानुभावम्, अखिलश्रुतिसारम्, एकम्, अध्यात्मदीम्।**

स्वानुभवम् यस शब्दको व्युत्पत्तिप्रक्रिया यसप्रकार छ– **स्व अनुभावो यस्य तत् स्वानुभवम्**। यहाँ प्रयुक्त स्वको अर्थ असाधारण हो। अनुभावको अर्थ प्रभाव हो। यसकारण असाधारण प्रभाव भएको भन्ने अर्थ यस समस्त पदबाट आउँछ। भागवत अज्ञानको निराकरण र भगवत्प्राप्तिका लागि असाधारण माध्यम भएकाले भागवतको विशेषणका रूपमा स्वानुभवम् यो पद आएको हो।

अखिलश्रुतिसारम् यस पदको चर्चा गरौँ। **अखिलश्रुतीनां सारम् यस विग्रहबाट तत्पुरुष समास भई अखिलश्रुतिसारम्** यो शब्द बनेको छ। यस पदको सामान्यार्थ सम्पूर्ण वेदहरूको सार भन्ने हुन्छ। सम्पूर्ण वेदहरूको अध्ययन गर्दा हुने ब्रह्मतत्त्वसाक्षात्कार केवल श्रीमद्भागवतको अध्ययनद्वारा हुने भएकाले यो श्रीमद्भागवतलाई अखिलश्रुतिसारम् अर्थात् सम्पूर्ण वेदहरूको सार भनिएको हो।

यहाँ श्रीमद्भागवतका लागि आएको तेस्रो विशेषण हो– **एकम्**। एकम्को अर्थ हो अद्वितीय, अनुपम अर्थात् कसैसँग दाँज्न नमिल्ने।

चौथो विशेषण हो– **अध्यात्मदीपम्**। आत्मनि इति अध्यात्मम्, तस्य दीपम् अध्यात्मदीपम्। शरीरभित्र अन्तःकरणको साक्षीरूपले बसेको आत्मालाई अध्यात्म भनिन्छ। दीप शब्दको अर्थ साक्षात्प्रकाशक हो। त्यस्तो आत्माको ज्ञान श्रीमद्भागवतको अध्ययनद्वारा हुने हुनाले यो श्रीमद्भागवतलाई अध्यात्मदीप भनिएको हो।

संसारीहरूमाथि दया गरेर उक्त चार विशेषणहरूले युक्त भएको रहस्यात्मक पुराणको उपदेश गर्ने मुनिहरूका पनि गुरु भएका व्यासका पुत्र श्रीशुकदेवको म शरणमा पर्दछु भनेर यहाँ सूतजीले शुकदेवप्रति आफ्नो अगाध श्रद्धा व्यक्त गर्नुभएको छ।

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम्।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत्॥ ४॥

पदार्थ–

नरोत्तमम् = मनुष्यहरूमा श्रेष्ठ
नारायणं = नारायणलाई र
नरं = नररूप ऋषिहरूलाई
च एव = पनि
देवीं = देवी
सरस्वतीं = सरस्वतीलाई
व्यासं = वेदव्यासलाई
नमस्कृत्य = नमस्कार गरेर
ततः = त्यसपछि
जयम् = संसार र अन्तःकरणका
सम्पूर्ण विकारहरूमाथि विजय
प्राप्त गराउने श्रीमद्भागवत
महापुराणको
उदीरयेत् = पाठ गर्नुपर्छ

वाक्यार्थ– मनुष्यहरूमा श्रेष्ठ भगवान्का अवतार नारायण र नररूप ऋषिहरूलाई, सरस्वती देवीलाई, त्यसपछि भगवान् वेदव्यासलाई नमस्कार गरेर संसार र अन्तःकरणका विकारहरूमाथि विजय प्राप्त गराउने श्रीमद्भागवतमहापुराणको पाठ गर्नुपर्छ।

मुनयः साधु पृष्टोऽहं भवद्भिर्लोकमङ्गलम्।
यत् कृतः कृष्णसम्प्रश्नो येनात्मा सुप्रसीदति॥ ५॥

पदार्थ–

मुनयः = हे ऋषिहरू हो
भवद्भिः = तपाईंहरूले
लोकमङ्गलम् = सम्पूर्ण विश्वको
कल्याणका लागि
अहं = मसँग
साधु = राम्रोसँग
पृष्टः = प्रश्न गर्नुभयो
यत् = किनभने
कृष्णसम्प्रश्नः = कृष्णसम्बन्धी
राम्रो प्रश्न
कृतः = गर्नुभएको छ
येन = जसबाट
आत्मा = अन्तःकरण
सुप्रसीदति = प्रसन्न हुन्छ

वाक्यार्थ– हे ऋषिहरू हो ! तपाईंहरूले सम्पूर्ण विश्वको कल्याण गर्ने कृष्णसम्बन्धी प्रश्न मसँग गर्नुभएको छ। यस प्रश्नले अन्तःकरणको शुद्धि हुन्छ।

स वै पुंसां परो धर्मो यतो भक्तिरधोक्षजे।
अहैतुक्यप्रतिहता ययाऽऽत्मा सुप्रसीदति॥ ६॥

पदार्थ–

वै = निश्चय नै
पुंसां = मनुष्यहरूका लागि
सः = त्यही नै
परः = ठुलो
धर्मः = धर्म हो
यतः = जसबाट
अधोक्षजे = भगवान् नारायणमा
अहैतुकी = कामनाले रहित
अप्रतिहता = विघ्नले रहित

भक्तिः = भक्तिको उदय हुन्छ	**आत्मा** = अन्तःकरण
यया = जुन भक्तिद्वारा	**सुप्रसीदति** = प्रसन्न हुन्छ

वाक्यार्थ– मनुष्यहरूका लागि सबैभन्दा ठुलो धर्म त्यही हो जुन धर्मको अनुष्ठान गर्नाले अन्तःकरणमा कुनै पनि कामना र विघ्नले रहित भएको भगवान् नारायणप्रतिको भक्तिको आविर्भाव हुन्छ। जुन भक्तिद्वारा अन्तःकरण प्रसन्न हुन्छ।

वासुदेवे भगवति भक्तियोगः प्रयोजितः।

जनयत्याशु वैराग्यं ज्ञानं च यदहैतुकम्॥ ७॥

पदार्थ–

यत् = किनभने	**भक्तियोगः** = भक्तियोगले	**ज्ञानं** = ज्ञान
भगवति = भगवान्	**आशु** = चाँडै नै	**च** = पनि
वासुदेवे = वासुदेवमा	**वैराग्यं** = वैराग्य र	**जनयति** = उत्पन्न गराउँछ
प्रयोजितः = गरिएको	**अहैतुकम्** = निष्काम	

वाक्यार्थ– भगवान् श्रीकृष्णमा गरिएको भक्तिले चाँडै नै निष्काम ज्ञान र वैराग्यलाई उत्पन्न गर्दछ।

धर्मः स्वनुष्ठितः पुंसां विष्वक्सेनकथासु यः।

नोत्पादयेद् यदि रतिं श्रम एव हि केवलम्॥ ८॥

पदार्थ–

यः = जुन	कथामा	**केवलम्** = केवल
स्वनुष्ठितः = राम्रोसँग गरिएको	**रतिं** = प्रेम	**श्रमः** = परिश्रम
धर्मः = धर्मले	**यदि** = यदि	**एव** = मात्र हो
पुंसां = मानिसहरूमा	**न उत्पादयेत्** = उत्पन्न गर्दैन भने	
विष्वक्सेनकथासु = भगवान्को	**हि** = निश्चय नै	

वाक्यार्थ– राम्रोसँग अनुष्ठान गरिएको धर्मले भगवान् नारायणको कथामा प्रेम उत्पन्न गर्दैन भने त्यो केवल परिश्रममात्र हुन्छ।

धर्मस्य ह्यापवर्ग्यस्य नार्थोऽर्थायोपकल्पते।

नार्थस्य धर्मैकान्तस्य कामो लाभाय हि स्मृतः॥ ९॥

पदार्थ–

आपवर्ग्यस्य = मोक्षरूप	**अर्थः** = प्रयोजन	योग्य हुँदैन
फललाई उत्पन्न गर्ने	**अर्थाय** = धन प्राप्तिका लागि	**धर्मैकान्तस्य** = धर्मानुष्ठानमात्र
धर्मस्य = धर्मको	**न हि उपकल्पते** = निश्चय नै	फल भएको

अर्थस्य = धनको	**हि** = निश्चय नै	**न स्मृतः** = प्रयोजन वा फल
कामः = विषयको उपभोग	**लाभाय** = लाभका लागि	मान्न सकिन्न

वाक्यार्थ– मोक्षरूप फललाई उत्पन्न गर्ने धर्मको प्रयोजन धनलाई प्राप्त गर्नु होइन, धर्मानुष्ठानमात्र फल भएको धर्मको प्रयोजन विषयको उपभोग गर्नु होइन।

विवरण– सामान्यतः लोकप्रसिद्ध नियम के छ भने पहिले मनुष्यले धर्मको अनुष्ठान गर्दछ। धर्मको अनुष्ठानद्वारा मनुष्यलाई धन प्राप्त हुन्छ। धनद्वारा उसले विषयको उपभोग गर्दछ। विषयको उपभोगद्वारा उसलाई इन्द्रियतृप्ति हुन्छ।

यो श्रीमद्भागवत मोक्षशास्त्र भएकाले यस ग्रन्थको परमप्रयोजन हो कैवल्य (मोक्ष)लाई प्राप्त गराउनु। **कैवल्यैकप्रयोजनम्** अर्थात् श्रीमद्भागवतको प्रयोजन हो जीवलाई एउटै मात्र वस्तु कैवल्य प्राप्त गराउनु। अतः यहाँ धर्मानुष्ठानको फल धन कमाउने हो भन्ने कुराको खण्डन गर्दै सूतजी शौनक आदि ऋषिहरूलाई उपदेश गर्दै भन्नुहुन्छ– **धर्मस्य ह्यापवर्ग्यस्य**।

जहाँ पवर्गको समाप्ति हुन्छ त्यसलाई अपवर्ग भनिन्छ। पवर्ग हुन् प, फ, ब, भ र म। पको अर्थ हो पतन, फको अर्थ हो फलाशा, बको अर्थ हो बन्धन, भको अर्थ हो भय र मको अर्थ हो मृत्यु। अर्थात् मोक्ष भनेको त्यो स्थिति हो जहाँ पतन, फलाशा, बन्धन, भय र मृत्युको अभाव छ।

धर्मको वास्तविक फल मोक्ष प्राप्त गराउने हुनाले यहाँ आपवर्ग्यः यो शब्द धर्मको विशेषणको रूपमा आएकाले धर्मको अनुष्ठानको मुख्य फल चित्तशुद्धिद्वारा ज्ञान प्राप्त गराएर जीवलाई मोक्ष प्राप्त गराउनु हो भन्ने बुझिन्छ।

यस श्लोकमा आएको **नार्थोऽर्थायोपकल्पते** यस पदावलीको चर्चा गरौँ– यहाँ यस पदावलीको अन्वय यसप्रकार गर्नुपर्दछ– **अर्थः अर्थाय न उपकल्पते**। यस वाक्यमा अर्थ यो शब्दको प्रयोग दुईपटक भएको छ। पहिलो अर्थ शब्द प्रथमान्त छ भने दोस्रो अर्थ शब्द चतुर्थ्यन्त छ। प्रथमान्त अर्थ शब्दको अर्थ प्रयोजन हो भने चतुर्थ्यन्त अर्थ शब्दको अर्थ धनका लागि हो।
यस श्लोकमा आएको **काम** शब्दको अर्थ हो विषयको उपभोग। **लाभाय** यो शब्दको अर्थ हो प्रयोजन। यस वाक्यले धनको प्रयोजन विषयभोगका लागि हो भन्ने सामान्य मान्यताको खण्डन गर्दै धन धर्मका लागि हो, विषयभोगका लागि होइन भन्ने कुरा बताएको छ। त्यसै गरी विषयभोगको प्रयोजन इन्द्रियलाई तृप्त गराउनु होइन, अपितु जीवननिर्वाहमात्र गर्नु हो। बाँच्नुको प्रयोजन वेदमा बताइएका सकाम कर्महरूको अनुष्ठानद्वारा स्वर्ग प्राप्त गर्नु होइन, अपितु तत्त्वजिज्ञासा गर्नु हो।

कामस्य नेन्द्रियप्रीतिर्लाभो जीवेत यावता।
जीवस्य तत्त्वजिज्ञासा नार्थो यश्चेह कर्मभिः॥ १०॥

पदार्थ–

कामस्य = विषयभोगको	**इन्द्रियप्रीतिः न** = इन्द्रियलाई	**यावता जीवेत** = जतिले
लाभः = प्रयोजन	तृप्त गर्नु होइन किन्तु	जीवननिर्वाह हुन्छ त्यति मात्र हो

जीवस्य = जीवनको
अर्थः = प्रयोजन
तत्त्वजिज्ञासा = तत्त्वको जिज्ञासा
कर्मभिः = अग्निहोत्र आदि वैदिक कर्महरूको अनुष्ठान गरेर स्वर्गप्राप्ति गर्नुपर्छ भन्ने
च = पनि
यः = जुन
इह न = यहाँ प्रसिद्ध छ त्यो फल होइन

वाक्यार्थ– विषयभोगको प्रयोजन इन्द्रियतृप्ति होइन, अपितु जीवननिर्वाहमात्र हो, जीवनको प्रयोजन वेदमा बताइएका कर्महरूको अनुष्ठानद्वारा स्वर्ग आदि फल प्राप्त गर्नु होइन अपितु तत्त्वजिज्ञासा हो।

विवरण– यस श्लोकमा आएको जीव शब्दको अर्थ हो जीवन। जीवनको प्रयोजन वैदिक कर्महरू गरेर स्वर्गलाई प्राप्त गर्नु होइन अपितु तत्त्वजिज्ञासा गर्नु हो। तत्त्वजिज्ञासा नै मनुष्यजीवनको लक्ष्य हुनुपर्छ भन्ने सन्दर्भमा योगवाशिष्ठमा ब्रह्मर्षि वशिष्ठ भगवान् रामलाई उपदेश गर्दै भन्नुहुन्छ– हेर्नुहोस् राम, मनुष्यले यस संसारमा आएपछि खानका लागि शास्त्रसम्मत केही न केही काम गर्नुपर्दछ। प्राणधारण गर्नका लागि अर्थात् बाँच्नका लागि खानुपर्दछ। तत्त्वज्ञानका लागि बाँच्नुपर्छ र संसारबन्धनबाट मोक्ष प्राप्त गर्नका लागि तत्त्वज्ञान गर्नुपर्दछ।

वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम्।
ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते॥ ११॥

पदार्थ–

तत्त्वविदः = तत्त्वलाई जान्ने मानिसहरू
यत् = जुन
अद्वयम् = अद्वितीय
ज्ञानम् = ज्ञान छ
तत् = त्यसैलाई
तत्त्वं = तत्त्व भनेर
वदन्ति = भन्दछन्
ब्रह्म इति = ब्रह्म भनेर
परमात्मा इति = परमात्मा भनेर
भगवान् इति = भगवान् भनेर
शब्द्यते = भनिन्छ

वाक्यार्थ– तत्त्वलाई जान्ने मानिसहरू अद्वितीय ज्ञान नै तत्त्व हो भन्दछन्, त्यही अद्वितीय ज्ञानलाई कसैले ब्रह्म भन्दछन्, कसैले परमात्मा भन्दछन् भने त्यसैलाई कसैले भगवान् पनि भन्दछन्।

विवरण– यस श्लोकमा आएको अद्वय ज्ञान तत्त्वका विषयमा चर्चा गरौं। यस संसारको उत्पत्ति हुनुभन्दा पहिले भएको वस्तु केवल आत्मा हो। त्यही आत्मा नै विज्ञान हो, त्यही नै अद्वयतत्त्व पनि हो र त्यो शान्तस्वरूप छ। त्यो तत्त्व कहिल्यै पनि जन्मदैन। त्यसमा कुनै प्रकारको चलनक्रिया पनि छैन। अनि त्यो वस्तु पनि होइन। वेदान्तसिद्धान्तअनुसार आत्मामा न गुणहरू छन्, न त कुनै प्रकारका क्रिया नै छन्। त्यसै कारणले उपनिषद्मा आत्मालाई निर्गुणं निष्क्रियं शान्तम् भनिएको छ। परन्तु मायाको कारणले नजन्मने आत्मा पनि जन्मने जस्तो प्रतीत हुन्छ। आत्मा द्रव्य नभए तापनि द्रव्यझैँ प्रतीत हुन्छ। त्यही अद्वितीय तत्त्वलाई नै वेदान्तीहरू ब्रह्म भन्दछन्। हिरण्यगर्भका उपासकहरू परमात्मा मान्दछन् र भगवान्का भक्तहरू भगवान् भन्दछन्।

तच्छ्रद्दधाना मुनयो ज्ञानवैराग्ययुक्तया ।

पश्यन्त्यात्मनि चात्मानं भक्त्या श्रुतगृहीतया ॥ १२ ॥

पदार्थ–

श्रद्दधानाः = श्रद्धाले युक्त भएका
मुनयः = मुनिहरू
श्रुतगृहीतया = वेदान्त श्रवणद्वारा प्राप्त भएको
ज्ञानवैराग्ययुक्तया = ज्ञान र वैराग्यले युक्त भएको
भक्त्या = भक्तिद्वारा
आत्मनि = शुद्ध अन्तःकरणमा
तत् आत्मानं = त्यो ज्ञानरूप परमात्मालाई
च = पनि
पश्यन्ति = देख्दछन् (अनुभव गर्दछन्)

वाक्यार्थ– श्रद्धालु मुनिहरू भागवत श्रवणबाट प्राप्त ज्ञान र वैराग्यले युक्त भएको भक्तिद्वारा आफ्नो शुद्ध अन्तःकरणमा त्यो ज्ञानरूप परमात्माको अनुभव गर्दछन्।

अतः पुम्भिर्द्विजश्रेष्ठा वर्णाश्रमविभागशः ।

स्वनुष्ठितस्य धर्मस्य संसिद्धिर्हरितोषणम् ॥ १३ ॥

पदार्थ–

द्विजश्रेष्ठाः = ब्राह्मणहरूमा श्रेष्ठ हे शौनक आदि ऋषिहरू हो
अतः = त्यसकारण
पुम्भिः = मानिसहरूद्वारा
वर्णाश्रमविभागशः = आफ्नो वर्ण र आश्रमको विभाजन अनुसार
स्वनुष्ठितस्य = आफूले गरेको
धर्मस्य = धर्मको
संसिद्धिः = पूर्ण सिद्धि
हरितोषणम् = परमात्मालाई खुसी गराउनु हो

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू हो ! यही कारण हो कि आफ्नै वर्ण र आश्रमको अनुसार मनुष्यहरूले गरिएको धर्मानुष्ठानको पूर्ण सफलता हो भगवान्‌लाई प्रसन्न गराउनु।

तस्मादेकेन मनसा भगवान् सात्वतां पतिः ।

श्रोतव्यः कीर्तितव्यश्च ध्येयः पूज्यश्च नित्यदा ॥ १४ ॥

पदार्थ–

तस्मात् = त्यस कारण
एकेन = एकाग्र
मनसा = मनले
सात्वतां पतिः = भक्तहरूका मालिक
भगवान् = भगवान्‌का विषयमा
नित्यदा = नित्य, निरन्तर
श्रोतव्यः = श्रवण गर्नुपर्छ
कीर्तितव्यः च = कीर्तन पनि गर्नुपर्छ
ध्येयः = ध्यान गर्नुपर्छ
पूज्यः च = पूजा पनि गर्नुपर्छ

वाक्यार्थ– त्यसकारण एकाग्र मनले नित्य-निरन्तर भगवान्‌कै दिव्य लीलाहरूको श्रवण, उहाँकै गुणहरूको कीर्तन, उहाँकै दिव्य गुणहरूको चिन्तन र उहाँको दिव्य विग्रहको पूजा गर्नुपर्दछ।

यदनुध्यासिना युक्ताः कर्मग्रन्थिनिबन्धनम्।
छिन्दन्ति कोविदास्तस्य को न कुर्यात् कथारतिम्॥ १५॥

पदार्थ—

यदनुध्यासिना = जसको ध्यानरूपी खड्गले	**कर्मग्रन्थिनिबन्धनम्** = अहङ्कार बढाउने कर्मलाई	**तस्य** = भगवान्को
युक्ताः = युक्त भएका	**छिन्दन्ति** = काट्दछन्	**कथारतिम्** = कथामा प्रेम
कोविदाः = विवेकीहरू	**कः** = को	**न कुर्यात्** = नगर्ला

वाक्यार्थ— जसको ध्यानरूपी खड्गले युक्त भएका विचारवान् मनुष्यहरू अहङ्कारलाई बढाउने कर्मको छेदन गर्दछन्। अतः को त्यस्तो मनुष्य होला जसले भगवान्को कथाश्रवणमा प्रेम नगर्ला।

विवरण— यस श्लोकमा आएको **कर्मग्रन्थिनिबन्धन** यस पदको बारेमा चर्चा गरौँ। कर्मग्रन्थिनिबन्धन यो समस्त पदमा आएको ग्रन्थिशब्दको अर्थ हो— अहङ्कार। किनभने अहङ्कारलाई चिज्जडग्रन्थि भन्दछन्। जति-जति कर्म गऱ्यो, त्यति-त्यति नै जीवको अहङ्कार बढदैजाने हुनाले कर्मलाई ग्रन्थिनिबन्धन भनिएको हो। **कर्मणः ग्रन्थिः कर्मग्रन्थिः, कर्मग्रन्थिं निबध्नातीति** यसप्रकार समास गरेपछि कर्मग्रन्थिनिबन्धनम् यस्तो समस्तपद बन्दछ।

भगवान्को कथा सुनेपछि चित्तशुद्धिद्वारा ज्ञान हुन्छ। ज्ञान भएपछि अज्ञान नष्ट हुन्छ। अज्ञान नष्ट भएपछि अहङ्कार बढाउने कर्म नष्ट हुन्छ। भगवान्को कथाश्रवण गरेपछि हुने ज्ञानद्वारा अज्ञान नष्ट भएपछि अहङ्कारलाई बढाउने सबै कारण नष्ट हुने हुँदा भगवान्को कथाश्रवणमा प्रेम गर्नुपर्छ भन्ने यो श्लोकको आशय हो।

शुश्रूषोः श्रद्दधानस्य वासुदेवकथारुचिः।
स्यान्महत्सेवया विप्राः पुण्यतीर्थनिषेवणात्॥ १६॥

पदार्थ—

विप्राः = हे शौनक आदि ऋषिहरू हो	सेवाद्वारा	**वासुदेवकथारुचिः** = भगवान्को कथामा प्रेम
पुण्यतीर्थनिषेवणात् = पवित्र तीर्थहरूको सेवन गर्नाले	**शुश्रूषोः** = श्रवण गर्ने इच्छा भएपछि	**स्यात्** = उत्पन्न हुन्छ
महत्सेवया = महापुरुषहरूको	**श्रद्दधानस्य** = श्रद्धा उत्पन्न भएपछि	

वाक्यार्थ— पुण्यतीर्थमा बसेर महापुरुषको सेवा गरेपछि भगवान्को कथाश्रवणको इच्छा हुन्छ, त्यसपछि श्रद्धा र त्यसपछि भगवत्कथा श्रवणमा प्रेमको उदय हुन्छ।

शृण्वतां स्वकथाः कृष्णः पुण्यश्रवणकीर्तनः।
हृद्यन्तःस्थो ह्यभद्राणि विधुनोति सुहृत्सताम्॥ १७॥

पदार्थ—

पुण्यश्रवणकीर्तनः = जसको यशको श्रवण र कीर्तनले मनुष्यहरू पवित्र हुन्छन् त्यस्ता	**कृष्णः** = भगवान् श्रीकृष्ण	**हृदि** = हृदयमा
सताम् = सज्जनहरूका	**स्वकथाः** = आफ्ना कथाहरू	**अन्तःस्थः** = भित्र बसेर
सुहृत् = साथी	**शृण्वतां** = सुन्नेहरूको	**हि** = नै
	अभद्राणि = अशुभ वासनाहरूलाई	**विधुनोति** = नष्ट गरिदिनुहुन्छ

वाक्यार्थ— भगवान् श्रीकृष्णको यशको श्रवण र कीर्तन दुबैले मनुष्यलाई पवित्र पार्दछन्, भगवान् सज्जनहरूको सुहृत् हुनुहुन्छ। आफ्नो कथा श्रवण गर्ने भक्तहरूको हृदयमा प्रवेश गरेर उनीहरूको अशुभ वासनालाई उहाँ नष्ट गरिदिनुहुन्छ।

नष्टप्रायेष्वभद्रेषु नित्यं भागवतसेवया।
भगवत्युत्तमश्लोके भक्तिर्भवति नैष्ठिकी॥ १८॥

पदार्थ—

नित्यं = सधैँ	**नष्टप्रायेषु** = लगभग नष्ट भएपछि	**भगवति** = भगवान्मा
भागवतसेवया = भागवत ग्रन्थ र भगवान्का भक्तहरूको सेवाद्वारा	**उत्तमश्लोके** = पवित्र कीर्ति भएका	**नैष्ठिकी** = निष्ठायुक्त
अभद्रेषु = अशुभ वासनाहरू		**भक्तिः** = भक्ति
		भवति = हुन्छ

वाक्यार्थ— सधैँ भगवान् र भगवान्का भक्तहरूको सेवाद्वारा अशुभ वासनाहरू नष्ट भएपछि पवित्रकीर्ति भगवान्मा अचल भक्तिको उदय हुन्छ।

तदा रजस्तमोभावाः कामलोभादयश्च ये।
चेत एतैरनाविद्धं स्थितं सत्त्वे प्रसीदति॥ १९॥

पदार्थ—

तदा = त्यस वेला	**च** = पनि	**चेतः** = चित्त
रजस्तमोभावाः = रजोगुण र तमोगुणबाट उत्पन्न हुने	**एतैः** = यिनीहरूद्वारा	**सत्त्वे** = सत्त्व गुणमा (स्थित हुन्छ) र
कामलोभादयः = काम, लोभ आदि	**अनाविद्धं** = अभिभूत नभएर	**प्रसीदति** = प्रसन्न हुन्छ
	स्थितं = रहेको	
	ये = जुन	

वाक्यार्थ— त्यसपछि अन्तःकरणको रजोगुण र तमोगुणका भाव काम र लोभद्वारा अभिभूत नभएको चित्त सत्त्वगुणमा स्थित भएर निर्मल हुन्छ।

विवरण— रजोगुण र तमोगुणबाट उत्पन्न भएका जुन काम, लोभ आदि शत्रुहरू छन् ती शत्रुहरूद्वारा अभिभूत नभएको भगवान्को भक्तियुक्त चित्त सत्त्वगुणमा अवस्थित हुन्छ र शान्त हुन्छ। मुमुक्षुका लागि रजोगुण र तमोगुण हानिकारक छन् भने सत्त्वगुण चाहिँ निर्गुणको स्थितिमा पुग्नका लागि द्वार भएकाले यहाँ सत्त्वगुणको प्रशंसा गरिएको हो। रजोगुणको कारणले चित्त

विक्षिप्त हुन्छ भने तमोगुणको कारणले चित्त लयावस्थामा प्राप्त हुन्छ। लय र विक्षेपले रहित भएको चित्त सत्त्वगुणमा अवस्थित हुन्छ। सत्त्वगुणले ब्रह्मको दर्शन गराउने हुनाले यस श्लोकमा **सत्त्वे प्रसीदति** भनिएको हो। यहाँ **प्रसीदति**को अर्थ **उपशाम्यति** अर्थात् शान्त हुन्छ भन्ने हो। आत्माबाहेक संसारका सम्पूर्ण पदार्थहरू त्रिगुणात्मक हुन्छन्। चित्त पनि त्रिगुणात्मक हुन्छ। चित्तबाट सत्त्व, रज र तमोगुणलाई हटाएपछि चित्तको कुनै पनि अस्तित्व सिद्ध हुँदैन। वैराग्य, सहनशीलता, उदारता आदि सत्त्वगुणका कार्य हुन्। तृष्णा, स्नेह, राग र लोभ आदि रजोगुणका कार्य हुन्। सम्मोह, भय इत्यादि तमोगुणका कार्य हुन्।

एवं प्रसन्नमनसो भगवद्भक्तियोगतः।

भगवत्तत्त्वविज्ञानं मुक्तसङ्गस्य जायते ॥ २० ॥

पदार्थ—

एवं = यसप्रकार	**प्रसन्नमनसः** = चित्त प्रसन्न भएपछि	**भगवत्तत्त्वविज्ञानं** = भगवत् तत्त्व साक्षात्कार
भगवद्भक्तियोगतः = भगवान्मा गरिएको प्रेममय निष्काम भक्तिद्वारा	**मुक्तसङ्गस्य** = आसक्तिको नाश भएको व्यक्तिलाई	**जायते** = हुन्छ

वाक्यार्थ— यसप्रकार भगवान्को भक्तिद्वारा चित्त प्रसन्न भएपछि आसक्तिले रहित भएका व्यक्तिलाई भगवत् तत्त्वसाक्षात्कार हुन्छ।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः।

क्षीयन्ते चास्य कर्माणि दृष्ट एवात्मनीश्वरे ॥ २१ ॥

पदार्थ—

आत्मनि = शुद्ध अन्तःकरणमा	**हृदयग्रन्थिः** = हृदयको ग्रन्थि	**च एव** = पनि
ईश्वरे = भगवान्को	**भिद्यते** = टुट्दछ	**क्षीयन्ते** = नष्ट हुन्छन्
दृष्टे = साक्षात्कार भएपछि	**अस्य** = उक्त मुक्तात्मा व्यक्तिका	
सर्वसंशयाः = सम्पूर्ण शङ्काहरू		
छिद्यन्ते = नष्ट हुन्छन्	**कर्माणि** = कर्महरू	

वाक्यार्थ— शुद्ध अन्तःकरणमा परमात्मतत्त्वको साक्षात्कार भएपछि हृदयको गाँठो फुस्कन्छ, सम्पूर्ण संशयहरू मेटिन्छन्, त्यस मुक्तात्मा व्यक्तिका सम्पूर्ण कर्महरू नष्ट हुन्छन्।

विवरण— यो श्लोक मुण्डकोपनिषद् (२। २। ९)बाट यथावत्‌रूपमा लिइएको छ। यस श्लोकमा ब्रह्मतत्त्वसाक्षात्कारको फल बताइएको छ। यहाँ आत्मा र अन्तःकरणको परस्परको तादात्म्याध्यासलाई **हृदयग्रन्थि** भनिएको हो। फलाम तात्ने क्रममा जसरी आगाको उष्णता फलाममा सर्दछ, फलाम आगोजस्तै प्रतीत हुन्छ, त्यसै गरी आत्माको चैतन्यको प्रतीति बुद्धिमा हुन्छ, अनि बुद्धिमा रहेका प्रमातृत्व, कर्तृत्व र भोक्तृत्वको प्रतीति आत्मामा हुन्छ। यसप्रकार

परस्परको तादात्म्याध्यासलाई यहाँ हृदयग्रन्थि भनिएको हो।

भगवान्‌को भक्तिद्वारा अन्तःकरणका सम्पूर्ण दुर्वासनाहरू हटिसकेपछि अन्तःकरण शुद्ध हुन्छ। शुद्ध अन्तःकरणमा आत्माको साक्षात्कार हुन्छ। उपनिषद्‌हरूमा मनद्वारा अथवा सूक्ष्मबुद्धिद्वारा आत्माको साक्षात्कार हुन्छ भनिएको छ।

भगवान् शङ्कराचार्यले गीताभाष्यमा आत्मज्ञानको साधनको विषयमा यसप्रकार लेख्नुभएको छ— शास्त्र र आचार्यको उपदेशद्वारा आत्मज्ञानको साधनको विषयमा अनुभव हुन्छ, त्यो अनुभवद्वारा अन्तःकरणमा संस्कार उत्पन्न हुन्छ। त्यो संस्कारद्वारा संस्कृत भएको अन्तःकरणलाइ शुद्ध अन्तःकरण भनिन्छ। त्यही शुद्ध अन्तःकरणमा आत्माको साक्षात्कार हुन्छ। जसरी धुलोमैलो नलागेको र नहल्लिएको ऐनामा मुखको प्रतिबिम्ब पर्दछ, त्यसै गरी कर्म र उपासनाद्वारा शुद्ध भएको अन्तःकरणमा तत्त्वमस्यादि महावाक्यको श्रवणद्वारा आत्मतत्त्वको साक्षात्कार हुन्छ।

यहाँ आत्मतत्त्वसाक्षात्कार भनेर जीव र परमात्माको अभेदज्ञानलाई लिनुपर्दछ। न्याय, वैशेषिक, सांख्य र योग दर्शनका अनुयायीहरू भेदज्ञानद्वारा मोक्ष हुन्छ भन्ने स्विकार्दछन्। तर वेदान्त दर्शनका अनुयायीहरू भेदज्ञानद्वारा नभई अभेदज्ञानद्वारा मोक्ष हुने बताउँछन्। उपनिषद्‌हरूमा पनि भेदज्ञानद्वारा मोक्ष हुन्छ भन्ने सिद्धान्तको खण्डन गरिएको छ। उपनिषद्‌का अनुसार भेददर्शन वस्तुतः ज्ञान होइन अपितु अभेददर्शन नै ज्ञान हो। भेददर्शनले द्वैतको सिद्धि गर्दछ र द्वैतमा संशय रहन्छ। अद्वैतमा संशय सम्भव छैन। उदाहरणका लागि जाग्रत् र स्वप्नमा द्वैतको प्रतीति हुने हुनाले ती अवस्थामा संशय हुन्छ। सुषुप्ति अवस्थामा द्वैतको अभाव हुने हुनाले संशयको पनि अभाव हुन्छ। संशय गर्नु वस्तुतः मनको कार्य हो। शुद्ध अन्तःकरणमा परमात्मतत्त्वको साक्षात्कार भएपछि अज्ञानको निवृत्ति हुन्छ र अज्ञानको निवृत्ति भएपछि अज्ञानको कार्य मनको पनि बाध हुन्छ। अर्थात् जीवन्मुक्ति कालमा मन आत्मादेखि अभिन्नरूपले रहेको हुनाले मनमा कुनै प्रकारको संशय हुन सक्दैन। त्यसकारण भगवत्तत्त्वसाक्षात्कार भएपछि सम्पूर्ण संशय मेटिन्छन् भनिएको हो।

आफ्नो आत्मादेखि अभिन्न ब्रह्मतत्त्वको साक्षात्कार भएपछि हृदयग्रन्थिको भेदन हुन्छ अथवा अहङ्कार नष्ट हुन्छ। ब्रह्मज्ञानको फल हो— अहङ्कारको निवृत्ति। अहङ्कार नै बन्धनको कारण हो। जीव र ब्रह्मको एकताको साक्षात्कारलाई छोडेर यस अहङ्कारलाई हटाउने अरू कुनै पनि उपाय छैन।

ब्रह्मसाक्षात्कारको एउटा फल चिज्जडग्रन्थिनरूप अहङ्कारको निवृत्ति हो भने अर्को फल हो सम्पूर्ण संशयको निवृत्ति। जीव र परमात्माको एकताको साक्षात्कार हुनुभन्दा पहिले असंभावना र विपरीतभावनारूप संशय रहन्छ। ब्रह्म हुन सकिँदैन भन्ने भावनालाई असंभावना भनिन्छ भने म प्रमाता, कर्ता र भोक्ता हुँ भन्ने भावलाई विपरीतभावना भनिन्छ। ब्रह्मज्ञान भएपछि त्यस्तो असंभावना र विपरीतभावनारूपी संशयको पनि निवृत्ति हुन्छ। ब्रह्मज्ञानको तेस्रो फल हो कर्मफलनाश। सञ्चित र प्रारब्ध गरी दुई प्रकारका कर्महरू हुन्छन्। जीवले अनन्त जन्ममा असंख्य कर्महरू गरेका हुन्छन्। ती कर्महरूलाई सञ्चित कर्म भन्दछन्। ती कर्महरूमध्ये जीवलाई फल दिनका लागि उन्मुख कर्महरूलाई प्रारब्ध कर्म भनिन्छ। कपासको थुप्रोमा आगो लगाउँदा

कपासको थुप्रो एक क्षणमा भस्म भएझैं ब्रह्मज्ञान भएपछि जीवका सम्पूर्ण सञ्चित कर्महरूलाई ज्ञानरूपी आगोले भस्म गरिदिन्छ। तर प्रारब्ध कर्म भने हातबाट छुटेका बाणजस्ता हुन्। जसरी हातबाट छुटेका बाणलाई फेरि फर्काउन सकिँदैन त्यसै गरी प्रारब्ध कर्मलाई ज्ञानले नष्ट गर्न सक्दैन। ज्ञानलाई प्रारब्ध कर्मले उत्पन्न गर्ने हुँदा ज्ञानको जनक प्रारब्ध कर्म हो। प्रारब्धकर्मबाट उत्पन्न भएको ज्ञानले प्रारब्धकर्मलाई नष्ट गर्न सक्दैन। अतः **क्षीयन्ते चास्य कर्माणि** यहाँ कर्म भनेर सञ्चित कर्मलाई बुझ्नुपर्दछ। प्रारब्ध कर्मलाई छोडेर ज्ञानीका अरू सम्पूर्ण कर्महरू ज्ञानद्वारा नष्ट हुन्छन्।

अतो वै कवयो नित्यं भक्तिं परमया मुदा।
वासुदेवे भगवति कुर्वन्त्यात्मप्रसादनीम्॥ २२॥

पदार्थ–

अतः = त्यसकारण	**परमया** = ठुलो	**आत्मप्रसादनीम्** =
वै = निश्चय नै	**मुदा** = आनन्दले	अन्तःकरणलाई शुद्ध गराउने
कवयः = विवेकशील मनुष्यहरू	**भगवति** = भगवान्	**भक्तिं** = भक्ति
नित्यं = सधैं	**वासुदेवे** = वासुदेवमा	**कुर्वन्ति** = गर्दछन्

वाक्यार्थ– यसै कारणले विवेकशील मनुष्यहरू सधैं ठुलो आनन्दले अन्तःकरणलाई शुद्ध गराउने भक्ति भगवान् वासुदेवमा गर्दछन्।

सत्त्वं रजस्तम इति प्रकृतेर्गुणास्तै-
र्युक्तः परः पुरुष एक इहास्य धत्ते।
स्थित्यादये हरिविरिञ्चिहरेति संज्ञाः
श्रेयांसि तत्र खलु सत्त्वतनोर्नृणां स्युः॥ २३॥

पदार्थ–

सत्त्वं रजः तमः इति = सत्त्व,	**अस्य** = यस संसारको	**तत्र** = ती तीनजना
रज र तमका भेदले	**इह** = यहाँ	देवताहरूमध्ये
प्रकृतेः = प्रकृतिका	**स्थित्यादये** = सृष्टि, स्थिति र	**नृणां** = मनुष्यहरूको
गुणाः = गुणहरू छन्	प्रलयका लागि	**श्रेयांसि** = कल्याण
तैः = ती तीन गुणहरूद्वारा	**हरिविरिञ्चिहर इति** = विष्णु,	**खलु** = निश्चय नै
युक्तः = युक्त	ब्रह्मा र रुद्र यी	**सत्त्वतनोः** = सत्त्व गुणलाई
एकः = एउटै	**संज्ञाः** = नामलाई	स्वीकार गर्ने श्रीनारायणबाट
परः पुरुषः = परब्रह्म परमात्मा	**धत्ते** = धारण गर्दछन्	**स्युः** = हुन्छ

वाक्यार्थ– सत्त्व, रज र तमका भेदले प्रकृतिका तीनओटा गुणहरू छन्। यी तीन गुणहरूलाई

स्वीकार गरेर एउटै परब्रह्म परमात्मा यस संसारको सृष्टि, स्थिति र प्रलयका लागि ब्रह्मा, विष्णु र महेश्वरको रूप धारण गर्नुहुन्छ। परन्तु यी तीन देवताहरूमध्ये मनुष्यहरूको परम कल्याण त सत्त्व गुणलाई स्वीकार गर्ने भगवान् नारायणबाट मात्र सम्भव छ।

पार्थिवाद् दारुणो धूमस्तस्मादग्निस्त्रयीमयः।

तमसस्तु रजस्तस्मात् सत्त्वं यद् ब्रह्मदर्शनम्॥ २४॥

पदार्थ–

पार्थिवात् = पृथिवीको विकार भएको	**त्रयीमयः** = वेदोक्त कर्ममय	**सत्त्वं** = सत्त्व गुण श्रेष्ठ हुन्छ
दारुणः = दाउरा वा समिधाको अपेक्षा	**अग्निः** = अग्नि श्रेष्ठ हुन्छ	**यत्** = सत्त्व गुणले
धूमः = धुवाँ श्रेष्ठ हुन्छ	**तमसः** = तमोगुणको अपेक्षा	**ब्रह्मदर्शनम्** = ब्रह्मको ज्ञान गराउँछ
तस्मात् = त्यसभन्दा पनि	**रजः** = रजोगुण श्रेष्ठ हुन्छ	
	तस्मात् = त्यसभन्दा	
	तु = पनि	

वाक्यार्थ– पृथ्वीतत्त्वको विकार दाउराको अपेक्षा धुवाँ श्रेष्ठ हुन्छ। धुवाँको अपेक्षा वेदोक्त कर्मद्वारा मनुष्यहरूलाई सद्गति प्रदान गर्ने हुनाले अग्नि श्रेष्ठ हुन्छ। त्यसै गरी तमोगुणको अपेक्षा रजोगुण श्रेष्ठ, रजोगुणको अपेक्षा सत्त्वगुण श्रेष्ठ हुन्छ। किनभने सत्त्वगुणले ब्रह्मको दर्शन गराउँछ।

भेजिरे मुनयोऽथाग्रे भगवन्तमधोक्षजम्।

सत्त्वं विशुद्धं क्षेमाय कल्पन्ते येऽनु तानिह॥ २५॥

पदार्थ–

अथ = यसकारण	**सत्त्वं** = सत्त्वमय	**तान् अनु** = तिनीहरूको अनुसरण गर्दछन्
अग्रे = प्राचीन कालमा	**भगवन्तम्** = भगवान्	**क्षेमाय कल्पन्ते** = कल्याणका भागी हुन्छन्
मुनयः = मननशील महात्माहरू	**अधोक्षजम्** = वासुदेवको	
क्षेमाय = आफ्नो कल्याणका लागि	**भेजिरे** = भजन गर्दथे	
विशुद्धं = विशुद्ध	**इह** = यहाँ	
	ये = जो भक्तहरू	

वाक्यार्थ– यसकारण प्राचीन कालमा मननशील महात्माहरू आफ्ना कल्याणका लागि विशुद्ध सत्त्वमय भगवान् वासुदेवको भजन गर्दथे। अहिले पनि जो भक्तहरू उनीहरूको अनुसरण गर्दछन्, तिनीहरू पनि कल्याणका भागी हुन्छन्।

मुमुक्षवो घोररूपान् हित्वा भूतपतीनथ।

नारायणकलाः शान्ता भजन्ति ह्यनसूयवः॥ २६॥

पदार्थ–

अनसूयवः = कसैमा पनि दोषदर्शन नगर्ने
मुमुक्षवः = मुमुक्षुहरू
घोररूपान् = डरलाग्दा रूप भएका
भूतपतीन् = भूतपति भैरव आदिलाई
हित्वा = छाडेर
अथ = त्यसपछि
शान्ताः = शान्त स्वरूप भएका
नारायणकलाः = नारायणका कलाको
हि = निश्चय नै
भजन्ति = भजन गर्दछन्

वाक्यार्थ– कसैमा पनि दोषदर्शन नगर्ने मुमुक्षुहरू डरलाग्दा रूप भएका भूतपति भैरव आदिलाई छाडेर शान्त स्वरूप भएका नारायण र उहाँका कलाको भजन गर्दछन्।

रजस्तमःप्रकृतयः समशीला भजन्ति वै।
पितृभूतप्रजेशादीन् श्रियैश्वर्यप्रजेप्सवः॥ २७॥

पदार्थ–

रजस्तमःप्रकृतयः = रजोगुणी र तमोगुणी स्वभाव भएका
समशीलाः = भूत-प्रेतसँग मिल्ने स्वभाव भएका मनुष्यहरू
श्रियैश्वर्यप्रजेप्सवः = धन, ऐश्वर्य र सन्तानको कामनाले वशीभूत भएकाहरू
वै = निश्चय नै
पितृभूतप्रजेशादीन् = पितृ, भूत र प्रजापतिहरूको
भजन्ति = उपासना गर्दछन्

वाक्यार्थ– रजोगुणी र तमोगुणी स्वभाव भएका मनुष्यहरू भूतप्रेत आदिका साथ स्वभाव मिल्ने हुनाले धन, ऐश्वर्य र सन्तानको कामनाले पितृ, भूत र प्रजापति आदिको भजन गर्दछन्।

वासुदेवपरा वेदा वासुदेवपरा मखाः।
वासुदेवपरा योगा वासुदेवपराः क्रियाः॥ २८॥

पदार्थ–

वेदाः = वेदहरू
वासुदेवपराः = भगवान् नारायण नै तात्पर्य भएका
मखाः = यज्ञहरू
वासुदेवपराः = भगवान् नारायण नै तात्पर्य भएका
योगाः = योगहरू
वासुदेवपराः = भगवान् नारायण नै तात्पर्य भएका
क्रियाः = वेद र स्मृतिमा बताइएका कर्महरू
वासुदेवपराः = भगवान् नारायण नै तात्पर्य भएका

वाक्यार्थ– सम्पूर्ण वेदहरूको प्रतिपाद्य विषय भगवान् नारायण हुनुहुन्छ। सम्पूर्ण यज्ञहरूको अनुष्ठान भगवान् नारायणलाई प्राप्त गर्ने उद्देश्य मनमा राखेर गरिन्छन्। अष्टाङ्ग योगहरूको अनुष्ठान पनि भगवान् नारायणलाई नै प्राप्त गर्ने उद्देश्यले गरिन्छन्। सम्पूर्ण वैदिक कर्महरूले चित्तशुद्धिद्वारा भगवान्कै ज्ञान गराउने हुनाले सम्पूर्ण कर्महरूको उद्देश्य पनि भगवान्लाई प्राप्त गर्नु नै हो।

वासुदेवपरं ज्ञानं वासुदेवपरं तपः।
वासुदेवपरो धर्मो वासुदेवपरा गतिः॥ २९॥

पदार्थ–

ज्ञानं = ज्ञानशास्त्र
वासुदेवपरं = भगवान् वासुदेवलाई नै विषय गर्ने
तपः = तपस्या
वासुदेवपरं = भगवान् वासुदेवलाई नै विषय गर्ने
धर्मः = दान, व्रत आदि धर्महरू
वासुदेवपरः = भगवान् वासुदेवलाई नै विषय गर्ने
गतिः = स्वर्गादि फल
वासुदेवपरा = भगवान् वासुदेवलाई नै विषय गर्ने हुन्छन्

वाक्यार्थ– शास्त्र र ज्ञान दुबै भगवत्प्राप्तिका लागि हुन्। दान, व्रत आदिलाई विषय गर्ने धर्मशास्त्र पनि भगवत्प्राप्तिकै लागि हो। स्वर्गादि फल पनि आनन्दरूप भगवान्को एक अंश भएकाले स्वर्गादि फलको विषय पनि भगवान् नारायण नै हुनुहुन्छ।

विवरण– माथिका २८ र २९ दुई श्लोकमा भगवत्तत्त्वको प्रतिपादन नै वेद, यज्ञ, योग, कर्म, ज्ञान, तप र धर्मको उद्देश्य रहेको कुरा बताइएको छ।

सम्पूर्ण वेदहरूको प्रतिपाद्य विषय भगवान् नै हुनुहुन्छ भन्ने यस अंशको तात्पर्यार्थ हो। वेदमा कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड गरी तीन काण्डहरू छन्। वेदमा भएका एकलाख मन्त्रहरूमध्ये ८० हजार मन्त्रहरूले कर्मको प्रतिपादन गर्दछन्। १६ हजार मन्त्रहरूले उपासनाको प्रतिपादन गर्दछन् भने ४ हजार मन्त्रहरूले ज्ञानको प्रतिपादन गर्दछन्।

वेदमा बताइएका तीनै काण्डहरूले भगवान् नारायणकै वास्तविक स्वरूपको प्रतिपादन गर्दछन्। वेदको कर्मकाण्ड र उपासनाकाण्डले चित्तशुद्धिद्वारा परमात्मा भगवान्को स्वरूपलाई बताउँछन् भने वेदको ज्ञानकाण्ड उपनिषद्ले चाँहि भगवान्को वास्तविक स्वरूपलाई साक्षात् बताउँछ (माण्डूक्योपनिषद्कारिका २।३०, आनन्दगिरिटीका)। ब्रह्मसूत्र (१।१।३) मा पनि वेदादि सम्पूर्ण शास्त्रहरूको लक्ष्य पनि भगवत्स्वरूपको प्रतिपादन गर्नु नै हो भन्ने उल्लेख गरिएको छ। गीताको **वेदैश्च सर्वैरहमेव वेद्यः** (१५।१५) यो भगवद्वाक्यद्वारा पनि सम्पूर्ण वेदको असली तात्पर्य परमात्माको वास्तविक स्वरूपको प्रतिपादनमा नै छ भन्ने कुरा प्रमाणित हुन्छ।

त्यसै गरी सम्पूर्ण यज्ञहरूले, योगले, श्रौत र स्मार्त कर्महरूले, ज्ञानले, तपस्याले र धर्मले परमात्माकै ज्ञान गराउने हुनाले उक्त सम्पूर्ण साधन भगवत्तत्त्वसाक्षात्कारका लागि हुन् भन्ने कुरा प्रमाणित हुन्छ।

यहाँ गति भनेर स्वर्गादिफललाई लिनुपर्दछ। स्वर्ग एउटा आनन्दको विषय हो। परमात्मालाई छोडेर आनन्द भन्ने वस्तु कहीँ पनि सिद्ध नहुने हुनाले स्वर्ग पनि परमात्माकै एक अंश हो। अतः सकामपुरुषहरू अग्निहोत्रादि कर्म गरेर स्वर्ग प्राप्त गर्दछन्।

स एवेदं ससर्जाग्रे भगवानात्ममायया।
सदसद्रूपया चासौ गुणमय्यागुणो विभुः॥ ३०॥

पदार्थ—

अगुणः = प्रकृतिका गुणले रहित भएका
विभुः = व्यापक
सः एव = ती उनै
असौ भगवान् = भगवान्ले
सदसद्रूपया = सत् र असत्रूप
गुणमय्या = गुणमयी
च = पनि
आत्ममायया = आफ्नो मायाद्वारा
अग्रे = सृष्टिको आदिकालमा
इदं = यो भूत र भौतिक प्रपञ्चलाई
ससर्ज = सृष्टि गर्नुभयो

वाक्यार्थ— प्रकृतिका गुणले रहित भएका व्यापक ती उनै भगवान्ले सत् र असत्रूप गुणमयी आफ्नो मायाद्वारा सृष्टिको आदिकालमा यो भूत र भौतिक प्रपञ्चलाई सृष्टि गर्नुभयो।

तया विलसितेष्वेषु गुणेषु गुणवानिव ।
अन्तःप्रविष्ट आभाति विज्ञानेन विजृम्भितः ॥ ३१ ॥

पदार्थ—

तया = त्यस मायाबाट
विलसितेषु = बनेका
एषु = यी
गुणेषु = सत्त्व, रज र तम गुणमा
विज्ञानेन विजृम्भितः = परिपूर्ण विज्ञानस्वरूप परमात्मा
अन्तःप्रविष्टः = आकाश आदि पञ्च महाभूत र तिनका कार्यहरूमा
गुणवान् इव = गुणवान्झैं
आभाति = प्रतीत हुनुहुन्छ

वाक्यार्थ— सत्त्वगुण, रजोगुण र तमोगुण मायाका विलास हुन्। ती मायाका गुणभित्र प्रवेश गरेर भगवान् पनि गुणहरूले युक्त भएको जस्तो प्रतीत हुनुहुन्छ। वस्तुतः भगवान् नारायण विज्ञानानन्दघन हुनुहुन्छ।

यथा ह्यवहितो वह्निर्दारुष्वेकः स्वयोनिषु ।
नानेव भाति विश्वात्मा भूतेषु च तथा पुमान् ॥ ३२ ॥

पदार्थ—

यथा = जसरी
वह्निः = आगो
एकः हि अवहितः = एउटै नै रहेर
स्वयोनिषु = आफू प्रकट हुने
दारुषु = दाउराहरूमा
नाना = भिन्न-भिन्न
इव = जस्तै
भाति = प्रतीत हुन्छ
तथा = त्यसै गरी
विश्वात्मा = सम्पूर्ण प्राणीहरूमा आत्मरूप
पुमान् = परमात्मा
च = पनि
भूतेषु = प्राणीहरूमा
नाना इव = भिन्न-भिन्नजस्तो भएर
भाति = प्रतीत हुनुहुन्छ

वाक्यार्थ— अग्नि वस्तुतः एउटै भए तापनि अनेक प्रकारका उपाधिको संसर्गले गर्दा अनेक रूपमा देखा पर्दछ। त्यसै गरी सम्पूर्ण प्राणीका आत्मस्वरूप भगवान् नारायण एउटै हुनुहुन्छ परन्तु प्राणीहरूको अनेकताको दृष्टिले विभिन्न रूपमा देखिनुहुन्छ।

असौ गुणमयैर्भावैर्भूतसूक्ष्मेन्द्रियात्मभिः ।
स्वनिर्मितेषु निर्विष्टो भुङ्क्ते भूतेषु तद्‌गुणान्॥ ३३ ॥

पदार्थ–

असौ = यी परमात्मा
भूतसूक्ष्मेन्द्रियात्मभिः = भूत, सूक्ष्म भूत, श्रोत्रादि इन्द्रियहरू र अन्तःकरण आदि
गुणमयैः = गुणमय
भावैः = भावहरूद्वारा
स्वनिर्मितेषु = आफूद्वारा बनाइएका
भूतेषु = प्राणीहरूमा
निर्विष्टः = प्रवेश गरेर
तद्‌गुणान् = तत्-तत् विषयहरूको
भुङ्क्ते = भोग गर्नुहुन्छ

वाक्यार्थ– भगवान् नै सूक्ष्म भूत, इन्द्रिय र अन्तःकरण आदि गुणहरूका विकारभूत भावद्वारा अनेक प्रकारका योनिहरूको निर्माण गरेर तिनमा भिन्न-भिन्न जीवहरूले प्रवेश गरेर तत्तत् योनिहरूको अनुरूप विषयहरूको भोग गर्नुहुन्छ।

भावयत्येष सत्त्वेन लोकान् वै लोकभावनः ।
लीलावतारानुरतो देवतिर्यङ्नरादिषु ॥ ३४ ॥

पदार्थ–

लोकभावनः = विभिन्न लोकहहरूको रचना गर्ने
एषः = यी भगवान् नारायण
वै = निश्चय नै
देवतिर्यङ्नरादिषु = देवता, पशु पक्षी र मनुष्य आदि योनिहरूमा
लीलावतारानुरतः = लीलावतार ग्रहण गरेर
सत्त्वेन = सत्त्व गुणद्वारा
लोकान् = जीवहरूको
भावयति = पालन-पोषण गर्नुहुन्छ

वाक्यार्थ– उहाँ सम्पूर्ण लोकहरूको रचना गर्नुहुन्छ। देवता, पशु, पक्षी र मनुष्य आदि योनिहरूमा लीलावतार ग्रहण गरेर सत्त्वगुणद्वारा जीवहरूको पालन-पोषण गर्नुहुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे
नैमिषीयोपाख्याने द्वितीयोऽध्यायः॥ २॥

अथ तृतीयोऽध्यायः

भगवान्का अवतारहरूको वर्णन

सूत उवाच (सूतले भन्नुभयो)

जगृहे पौरुषं रूपं भगवान् महदादिभिः।

सम्भूतं षोडशकलमादौ लोकसिसृक्षया॥ १॥

पदार्थ–

आदौ = सृष्टिको आदिमा	**महदादिभिः** = महत्तत्त्व इत्यादिले	कलाहरूले युक्त भएको
लोकसिसृक्षया = लोकहरूको	**सम्भूतं** = युक्त	**पौरुषं रूपं** = पुरुष रूपलाई
सृष्टि गर्ने इच्छाले	**षोडशकलम्** = दश इन्द्रिय,	**जगृहे** = धारण गर्नुभयो
भगवान् = भगवान् नारायणले	पञ्चमहाभूत र मन यी सोह्र	

वाक्यार्थ– सृष्टिको आदिमा भगवान्ले लोकहरूको निर्माण गर्ने इच्छा गर्नुभयो। इच्छा हुने बित्तिकै उहाँले महत्तत्त्व आदिद्वारा निष्पन्न पुरुषरूपलाई ग्रहण गर्नुभयो जुन रूपमा दश इन्द्रियहरू, पञ्च महाभूत र सोह्र कलाहरू थिए।

यस्याम्भसि शयानस्य योगनिद्रां वितन्वतः।

नाभिह्रदाम्बुजादासीद् ब्रह्मा विश्वसृजां पतिः॥ २॥

पदार्थ–

अम्भसि = जलमा	**नाभिह्रदाम्बुजात्** = नाभिरूप	**ब्रह्मा** = ब्रह्मा
शयानस्य = सुत्नुभएका	सरोवरमा उत्पन्न भएको	**आसीत्** = उत्पन्न हुनुभएको
योगनिद्रां = योगनिद्रालाई	कमलबाट	थियो
वितन्वतः = फैलाउने	**विश्वसृजां** = प्रजापतिहरूका	
यस्य = जसको	**पतिः** = अधिपति	

वाक्यार्थ– उहाँले प्रलय कालको जलमा शयन गर्दै योगनिद्राको विस्तार गर्नुभयो। उहाँको नाभिसरोवरबाट एक कमल उत्पन्न भयो, त्यस कमलबाट प्रजापतिका अधिपति ब्रह्माजी उत्पन्न हुनुभयो।

यस्यावयवसंस्थानैः कल्पितो लोकविस्तरः।

तद् वै भगवतो रूपं विशुद्धं सत्त्वमूर्जितम्॥ ३॥

पदार्थ–

यस्य = जुन विराट्रूप	भगवान्को	**अवयवसंस्थानैः** = अङ्ग-

प्रत्यङ्गद्वारा **लोकविस्तरः** = समस्त लोकहरूको **कल्पितः** = कल्पना गरियो	**भगवतः** = भगवान् नारायणको **तत्** = त्यो **वै** = निश्चय नै **विशुद्धं** = विशुद्ध	**रूपं** = रूप **सत्त्वम् ऊर्जितम्** = सत्त्वमय विशुद्ध रूप हो

वाक्यार्थ– भगवान्‌को त्यस विराट्‌रूपको अङ्गप्रत्यङ्गमा समस्त लोकहरूको कल्पना भएको छ। भगवान्‌को त्यो रूप विशुद्ध सत्त्वमय श्रेष्ठ रूप हो।

पश्यन्त्यदो रूपमदभ्रचक्षुषा
सहस्रपादोरुभुजाननाद्भुतम्।
सहस्रमूर्धश्रवणाक्षिनासिकं
सहस्रमौल्यम्बरकुण्डलोल्लसत्॥ ४॥

पदार्थ–

अदभ्रचक्षुषा = योगीहरू ज्ञानात्मक चक्षुद्वारा **सहस्रपादोरुभुजाननाद्भुतम्** = हजारौँ गोडा, तिघ्रा, हात र मुखहरूको कारण अत्यन्त	विलक्षण **सहस्रमूर्धश्रवणाक्षिनासिकं** = हजारौँ शिर, कान, आँखा र नाक भएको **सहस्रमौल्यम्बरकुण्डलोल्लसत्** =	हजारौँ मुकुट, वस्त्र र कुण्डल आदि आभूषणद्वारा सुशोभित **अदः रूपम्** = यस्तो रूप **पश्यन्ति** = हेर्दछन्

वाक्यार्थ– योगीहरू दिव्य दृष्टिले भगवान्‌को त्यो रूपको दर्शन गर्दछन्। भगवान्‌को त्यो रूप हजारौँ गोडा, तिघ्रा, हात र मुखहरूको कारणले अत्यन्त विलक्षण छ, त्यो रूपमा हजारौँ शिर, हजारौँ कान, हजारौँ आँखा र नाकहरू छन्। त्यसै गरी त्यो रूप हजारौँ मुकुट, वस्त्र र कुण्डल आदि आभूषणद्वारा उल्लसित छ।

एतन्नानावताराणां निधानं बीजमव्ययम्।
यस्यांशांशेन सृज्यन्ते देवतिर्यङ्नरादयः॥ ५॥

पदार्थ–

एतत् = भगवान्‌को यो पुरुषरूप **नानावताराणां** = अनेक अवतारहरूको **निधानं** = आफ्नो लीला समाप्त गरेपछि प्रवेश गर्ने ठाउँ हो	**बीजम् अव्ययम्** = ती विभिन्न अवतारहरूको उद्‌गमस्थान नाश नहुने खालको बीउ हो **यस्य अंशांशेन** = जुन भगवान्‌को अंश ब्रह्मा, ब्रह्माको	पनि अंश मरीचि आदि ऋषिहरूद्वारा **देवतिर्यङ्नरादयः** = देवता, पशु, पक्षी र मनुष्यादि योनिहरूको **सृज्यन्ते** = सृष्टि हुन्छ

वाक्यार्थ– भगवान्‌को त्यो पुरुषरूप जसलाई नारायण भनिन्छ, अनेक अवतारहरूको अक्षय कोष हो, यही रूपबाट सम्पूर्ण अवतार प्रकट हुन्छन्। यही रूपको साना-साना अंशबाट देवता, पशु, पक्षी र मनुष्य आदि योनिहरूको सृष्टि हुन्छ।

स एव प्रथमं देवः कौमारं सर्गमाश्रितः।

चचार दुश्चरं ब्रह्मा ब्रह्मचर्यमखण्डितम्॥ ६॥

पदार्थ—

सः एव = तिनै	**सर्गम्** = सर्गलाई	**दुश्चरं** = अत्यन्त कठिन
देवः = भगवान् नारायणले	**आश्रितः** = स्वीकार गरेर	**अखण्डितम्** = अखण्डित
प्रथमं = पहिले	**ब्रह्मा** = ब्राह्मणको रूपलाई	**ब्रह्मचर्यम्** = ब्रह्मचर्य व्रतलाई
कौमारं = कौमार	धारण गरेर	**चचार** = पालन गर्नुभयो

वाक्यार्थ— ती भगवान् नारायणले पहिलो कौमार सर्गमा सनक, सनन्दन, सनातन र सनत्कुमार यी चार ब्राह्मणहरूको रूपमा अवतार ग्रहण गरेर अत्यन्त कठिन अखण्ड ब्रह्मचर्यको पालना गर्नुभयो।

द्वितीयं तु भवायास्य रसातलगतां महीम्।

उद्धरिष्यन्नुपादत्त यज्ञेशः सौकरं वपुः॥ ७॥

पदार्थ—

द्वितीयं = दोस्रो अवतारमा	**यज्ञेशः** = यज्ञहरूका स्वामी	**उद्धरिष्यन्** = उद्धारका लागि
तु = त	भगवान् नारायणले	**सौकरं** = वराहको
अस्य = यस संसारको	**रसातलगतां** = रसातलमा पुगेकी	**वपुः** = शरीरलाई
भवाय = कल्याणका लागि	**महीम्** = पृथ्वीको	**उपादत्त** = स्वीकार गर्नुभयो

वाक्यार्थ— दोस्रो पटक यस संसारको कल्याणका लागि समस्त यज्ञका स्वामी ती भगवान् नारायणले रसातलमा पुगेकी पृथिवीलाई ल्याउनका लागि बराहको रूपलाई धारण गर्नुभयो।

तृतीयमृषिसर्गं च देवर्षित्वमुपेत्य सः।

तन्त्रं सात्वतमाचष्ट नैष्कर्म्यं कर्मणां यतः॥ ८॥

पदार्थ—

तृतीयम् = तेस्रो अवतारमा	**देवर्षित्वम् उपेत्य** = नारदको	**आचष्ट** = उपदेश गर्नुभयो
ऋषिसर्गं = ऋषिहरूको सृष्टिमा	अवतारलाई स्वीकार गरेर	**यतः** = जुन शास्त्रको अध्ययनले
सः = ती भगवान् नारायणले	**सात्वतम् तन्त्रं** = सात्वत तन्त्र	**कर्मणां** = कर्मबन्धनबाट
च = पनि	वा पाञ्चरात्र आगमको	**नैष्कर्म्यं** = मुक्ति मिल्दछ

वाक्यार्थ— तेस्रो पटक ऋषिहरूको सृष्टिमा उहाँले देवर्षि नारदको रूपमा अवतार ग्रहण गरेर सात्वत तन्त्र अर्थात् नारद पाञ्चरात्रको उपदेश गर्नुभयो। यसमा कर्मद्वारा नै कसरी कर्मबन्धनबाट मुक्ति मिल्न सक्दछ भन्ने कुराको वर्णन गरिएको छ।

तुर्ये धर्मकलासर्गे नरनारायणावृषी ।
भूत्वाऽऽत्मोपशमोपेतमकरोद् दुश्चरं तपः ॥ ९ ॥

पदार्थ—

तुर्ये = चतुर्थ अवतारमा
धर्मकलासर्गे = धर्मपत्नी मूर्तिको गर्भबाट
नरनारायणौ ऋषी = नर र नारायण ऋषि
भूत्वा = भएर
आत्मोपशमोपेतम् = आत्मालाई शम अवस्थामा पुऱ्याउने
दुश्चरं = अत्यन्त कठिन
तपः = तपस्या
अकरोत् = गर्नुभयो

वाक्यार्थ— चौथो पटक भगवान् नारायणले धर्मपत्नी मूर्तिको गर्भबाट नर र नारायणको रूपमा अवतार लिनुभयो। यस अवतारमा उहाँले मन र इन्द्रियको सर्वथा संयम गरेर अत्यन्त कठिन तपस्या गर्नुभयो।

पञ्चमः कपिलो नाम सिद्धेशः कालविप्लुतम् ।
प्रोवाचासुरये साङ्ख्यं तत्त्वग्रामविनिर्णयम् ॥ १० ॥

पदार्थ—

पञ्चमः = पाँचौँ अवतारमा
सिद्धेशः = सिद्धहरूका स्वामी
कपिलः = कपिल
नाम = नाम गरेका
कालविप्लुतम् = समयको कारणले लुप्त भएको
तत्त्वग्रामविनिर्णयम् = तत्त्वको निर्णय गर्ने
साङ्ख्यं = सांख्य शास्त्र
आसुरये = आसुरी नामका ऋषिलाई
प्रोवाच = उपदेश गर्नुभयो

वाक्यार्थ— पाँचौँ अवतारमा सिद्धहरूका स्वामी महर्षि कपिलको रूपमा प्रकट भएर समयको प्रभावले लुप्त हुन लागेको तत्त्वको निर्णय गर्ने सांख्यशास्त्रको उपदेश आफ्नो आसुरि शिष्यलाई गर्नुभयो।

षष्ठे अत्रेरपत्यत्वं वृतः प्राप्तोऽनसूयया ।
आन्वीक्षिकीमलर्काय प्रह्लादादिभ्य ऊचिवान् ॥ ११ ॥

पदार्थ—

षष्ठे = छैटौँ अवतारमा
अनसूयया वृतः = अनसूयाले हजुरलाई पुत्रको रूपमा प्राप्त गरौँ भन्ने वर मागेको हुनाले
अत्रेः = अत्रि ऋषिको
अपत्यत्वं प्राप्तः = पुत्ररूपमा जन्म लिएर
अलर्काय = अलर्क ऋषिलाई र
प्रह्लादादिभ्यः = प्रह्लाद आदिलाई
आन्वीक्षिकीम् = ब्रह्मविद्या
ऊचिवान् = उपदेश गर्नुभयो

वाक्यार्थ— छैटौँ अवतारमा अनसूयाको इच्छा पूरा गर्न अत्रि ऋषिको पुत्र दत्तात्रेयरूपमा उहाँले अवतार लिनुभयो। यस अवतारमा उहाँले अलर्क एवं प्रह्लाद आदिलाई ब्रह्मज्ञानको उपदेश दिनुभयो।

ततः सप्तम आकूत्यां रुचेर्यज्ञोऽभ्यजायत।

स यामाद्यैः सुरगणैरपात् स्वायम्भुवान्तरम्॥ १२॥

पदार्थ–

ततः = त्यसपछि	**यज्ञः** = यज्ञको रूपमा	**स्वायम्भुवान्तरम्** = स्वायम्भुव मन्वन्तरलाई
सप्तमे = सातौँ अवतारमा	**अभ्यजायत** = उत्पन्न हुनुभयो	**अपात्** = रक्षा गर्नुभयो
रुचेः = रुचि प्रजापतिकी	**सः** = ती भगवान् नारायण	
आकूत्यां = आकूति नामक पत्नीमा	**यामाद्यैः** = याम आदि	
	सुरगणैः = देवताका साथ	

वाक्यार्थ– ती भगवान् नारायणले सातौँ पटक रुचि प्रजापतिकी आकूति नामक पत्नीबाट यज्ञको रूपमा अवतार लिनुभयो। यस अवतारमा उहाँले आफ्ना पुत्र याम आदि देवताहरूका साथ स्वायम्भुव मन्वन्तरको रक्षा गर्नुभयो।

अष्टमे मेरुदेव्यां तु नाभेर्जात उरुक्रमः।

दर्शयन् वर्त्म धीराणां सर्वाश्रमनमस्कृतम्॥ १३॥

पदार्थ–

अष्टमे = आठौँ अवतारमा	**उरुक्रमः** = ऋषभदेवको रूपमा	**धीराणां** = परमहंसको
तु = त	**जातः** = उत्पन्न हुनुभयो	**वर्त्म** = मार्गलाई
मेरुदेव्यां = मेरु देवीमा	**सर्वाश्रमनमस्कृतम्** = सम्पूर्ण आश्रमीहरूका लागि	**दर्शयन्** = देखाउनुभयो
नाभेः = नाभिबाट		

वाक्यार्थ– आठौँ पटक राजा नाभिकी पत्नी मेरुदेवीको गर्भबाट भगवान् नारायणले ऋषभदेवको रूपमा अवतार ग्रहण गर्नुभयो। यस अवतारमा उहाँले सम्पूर्ण आश्रमीहरूका लागि वन्दनीय परमहंसको मार्गलाई देखाउनुभयो।

ऋषिभिर्याचितो भेजे नवमं पार्थिवं वपुः।

दुग्धेमामोषधीर्विप्रास्तेनायं स उशत्तमः॥ १४॥

पदार्थ–

नवमं = नवौँ अवतारमा	अवतार	**दुग्ध** = दोहन गर्नुभयो
सः = ती भगवान् नारायणले	**भेजे** = धारण गरे	**तेन** = त्यसकारणले
ऋषिभिः = ऋषिहरूको	**विप्राः** = हे ऋषिहरू हो	**अयं** = यो अवतार
याचितः = प्रार्थनाले	**इमाम्** = यी पृथ्वीबाट	**उशत्तमः** = अत्यन्त कल्याणकारी भयो
पार्थिवं वपुः = राजा पृथुको	**ओषधीः** = औषधिहरू	

वाक्यार्थ– नवौँ पटक ऋषिहरूको प्रार्थनालाई स्वीकार गरेर भगवान् नारायणले राजा पृथुको

रूपमा अवतार ग्रहण गर्नुभयो। यस अवतारमा उहाँले पृथिवीबाट समस्त औषधिहरूको दोहन गर्नुभयो। त्यसकारण उहाँको यो अवतार प्राणीहरूका लागि अत्यन्त कल्याणकारक भयो।

रूपं स जगृहे मात्स्यं चाक्षुषोदधिसम्प्लवे।

नाव्यारोप्य महीमय्यामपाद् वैवस्वतं मनुम्॥ १५॥

पदार्थ–

सः = ती भगवान् नारायणले
चाक्षुषोदधिसम्प्लवे = चाक्षुष मन्वन्तरको अन्तमा जब तीनै लोक समुद्रमा डुबेका थिए
मात्स्यं = मत्स्य
रूपं = अवतार
जगृहे = धारण गरेर
वैवस्वतं = वैवस्वत
मनुम् = मनुलाई
महीमय्याम् = पृथिवीमय
नावि = नौकामा
आरोप्य = राखेर
अपात् = रक्षा गर्नुभयो

वाक्यार्थ– चाक्षुष मन्वन्तरको अन्तमा जब सम्पूर्ण लोकहरू समुद्रमा डुबेका थिए, त्यस समयमा दसौँ मत्स्य अवतारलाई ग्रहण गरेर पृथ्वीरूपी डुङ्गामा राखेर आगामी मन्वन्तरका अधिपति वैवस्वत मनुको रक्षा गर्नुभयो।

सुरासुराणामुदधिं मथ्नतां मन्दराचलम्।

दध्रे कमठरूपेण पृष्ठ एकादशे विभुः॥ १६॥

पदार्थ–

एकादशे = एघारौँ अवतारमा
सुरासुराणाम् = देवता र दानव मिलेर
उदधिं = समुद्र
मथ्नतां = मन्थन गरेको समयमा
विभुः = सर्वव्यापक परमात्माले
कमठरूपेण = कछुवाको रूप धारण गरेर
मन्दराचलम् = मन्दराचल पर्वतलाई
पृष्ठे = पिठिउँमा
दध्रे = बोक्नुभयो

वाक्यार्थ– जुन समयमा देवता र दैत्यहरू समुद्र मन्थन गरिरहेका थिए त्यस समयमा एघारौँ कच्छपरूपलाई धारण गरेर भगवान्ले मन्दराचललाई आफ्नो पिठिउँमा बोक्नुभयो।

धान्वन्तरं द्वादशमं त्रयोदशममेव च।

अपाययत् सुरानन्यान् मोहिन्या मोहयन् स्त्रिया॥ १७॥

पदार्थ–

द्वादशमं = बाह्रौँ अवतारमा
धान्वन्तरं = धन्वन्तरिको रूपमा समुद्रबाट अमृतको घडा लिएर प्रकट हुनुभयो
त्रयोदशमम् = तेह्रौँ अवतारमा
मोहिन्या = मोहिनी
स्त्रिया = स्त्रीको रूप धारण गरेर
अन्यान् = अन्य असुरहरूलाई
मोहयन् = मोहित गर्दै
सुरान् = देवताहरूलाई
च एव = चाहिँ
अपाययत् = (अमृत) पान गराउनुभयो

वाक्यार्थ– बाह्रौँ अवतारमा धन्वन्तरिको रूपमा अमृत लिएर समुद्रबाट प्रकट हुनुभयो। तेह्रौँ

अवतारमा मोहिनीरूपलाई धारण गरेर दैत्यहरूलाई मोहित गराएर देवताहरूलाई अमृत पान गराउनुभयो।

चतुर्दशं नारसिंहं बिभ्रद् दैत्येन्द्रमूर्जितम्।
ददार करजैर्वक्षस्येरकां कटकृद्यथा॥ १८॥

पदार्थ–

चतुर्दशं = चौधौँ अवतारमा	**दैत्येन्द्रम्** = दैत्यराज	**ददार** = चिरिदिनुभयो
नारसिंहं = नरसिंहरूपलाई	हिरण्यकशिपुको	**यथा** = जसरी
बिभ्रत् = धारण गरेर	**ऊरौ** = छातीमा	**कटकृत्** = चकटी बनाउनेले
ऊर्जितम् = अत्यन्त बलवान्	**करजैः** = नङ्ग्राले	**एरकां** = परालालाई चिर्दछ

वाक्यार्थ– चौधौँ अवतारमा नरसिंहरूप धारण गरेर अत्यन्त बलवान् दैत्यराज हिरण्यकशिपुको छातीलाई आफ्ना वज्र जस्ता तीखा नङ्ग्राले चकटी बनाउने मान्छेले परालको त्यान्द्रालाई चिरेझैँ चिरेर मारिदिनुभयो।

पञ्चदशं वामनकं कृत्वागादध्वरं बलेः।
पदत्रयं याचमानः प्रत्यादित्सुस्त्रिविष्टपम्॥ १९॥

पदार्थ–

पञ्चदशं = पन्धौँ अवतारमा	**अध्वरं** = यज्ञमा	**पदत्रयं** = तीन पाइला जमिन
वामनकं कृत्वा = वामनरूपलाई धारण गरेर	**अगात्** = गएर	**याचमानः** = माग्नुभयो
	त्रिविष्टपम् = तीनै लोकको राज्य	
बलेः = राजा बलिको	**प्रत्यादित्सुः** = लिने इच्छाले	

वाक्यार्थ– पन्धौँ पटक वामनरूप धारण गरेर दैत्यराज बलिको यज्ञमा जानुभयो। यस अवतारमा उहाँले तीन पाइला जमिन माग्ने बहाना गरेर बलिबाट तीनै लोकको राज्य लिनुभयो।

अवतारे षोडशमे पश्यन् ब्रह्मद्रुहो नृपान्।
त्रिःसप्तकृत्वः कुपितो निःक्षत्रामकरोन्महीम्॥ २०॥

पदार्थ–

षोडशमे = सोह्रौँ	**नृपान्** = राजाहरूलाई	पटकसम्म
अवतारे = परशुराम अवतारमा	**पश्यन्** = देखेर	**महीम्** = पृथ्वीलाई
ब्रह्मद्रुहः = ब्राह्मणहरूसँग द्वेष गर्ने	**कुपितः** = सिराएर	**निःक्षत्राम्** = क्षत्रियहरूरहित
	त्रिःसप्तकृत्वः = एक्काईस	**अकरोत्** = बनाउनुभयो

वाक्यार्थ– सोह्रौँ अवतारमा परशुरामको अवतार लिई ब्राह्मणद्रोही राजाहरूसँग क्रुद्ध भएर एक्काईस पटकसम्म पृथ्वीको परिक्रमा गरी पृथ्वीलाई क्षत्रियशून्य गराउनुभयो।

ततः सप्तदशे जातः सत्यवत्यां पराशरात् ।
चक्रे वेदतरोः शाखा दृष्ट्वा पुंसोऽल्पमेधसः ॥ २१ ॥

पदार्थ–

ततः = त्यसपछि	उत्पन्न भएर	**वेदतरोः** = वेदरूपी वृक्षका
सप्तदशे = सत्रौँ अवतारमा	**अल्पमेधसः** = अल्प बुद्धि	**शाखाः** = विभिन्न शाखाहरू
पराशरात् = पराशर ऋषिबाट	भएका	**चक्रे** = बनाउनभयो
सत्यवत्यां = सत्यवतीको गर्भमा	**पुंसः** = मानिसहरूलाई	
जातः = वेदव्यासको रूपमा	**दृष्ट्वा** = देखेर	

वाक्यार्थ– त्यसपछि सत्रौँ पटक पराशर र सत्यवतीबाट वेदव्यासको रूपमा अवतार लिनुभयो र अल्पबुद्धि भएका मनुष्यहरूको उद्धारका लागि वेदरूपी वृक्षका शाखाहरूको विस्तार गर्नुभयो।

नरदेवत्वमापन्नः सुरकार्यचिकीर्षया ।
समुद्रनिग्रहादीनि चक्रे वीर्याण्यतः परम् ॥ २२ ॥

पदार्थ–

अतः परम् = यसपछि अठारौँ	**नरदेवत्वम्** = राजाको रूपमा	रावणवध आदि
अवतारमा	**आपन्नः** = राम अवतार ग्रहण	**वीर्याणि** = वीरतापूर्ण कार्यहरू
सुरकार्यचिकीर्षया = देवताहरूको	गरेर	**चक्रे** = गर्नुभयो
कार्य सम्पन्न गर्ने इच्छाले	**समुद्रनिग्रहादीनि** = समुद्र निग्रह,	

वाक्यार्थ– त्यसपछि अठारौँ पटक देवताहरूको कार्य सम्पन्न गर्ने इच्छाले राजाको रूपमा रामावतार ग्रहण गरेर समुद्रनिग्रह र रावणवध आदि कार्यहरू गर्नुभयो।

एकोनविंशे विंशतिमे वृष्णिषु प्राप्य जन्मनी ।
रामकृष्णाविति भुवो भगवानहरद्भरम् ॥ २३ ॥

पदार्थ–

एकोनविंशे = उन्नाईसौँ र	कृष्णको रूपमा	**भुवः** = पृथ्वीको
विंशतिमे = बीसौँ अवतारमा	**जन्मनी** = अवतार	**भरम्** = भारलाई
वृष्णिषु = यदुवंशमा	**प्राप्य** = पाएर	**अहरत्** = हरण गर्नुभयो
रामकृष्णौ इति = बलराम र	**भगवान्** = भगवान्ले	

वाक्यार्थ– उन्नाईसौँ र बीसौँ अवतारमा भगवान् बलराम र भगवान् श्रीकृष्णको रूपमा अवतार लिएर पृथ्वीको भारलाई हरण गर्नुभयो।

ततः कलौ सम्प्रवृत्ते सम्मोहाय सुरद्विषाम् ।
बुद्धो नाम्नाञ्जनसुतः कीकटेषु भविष्यति ॥ २४ ॥

पदार्थ–

ततः = त्यसपछि
कलौ = कलियुग
सम्प्रवृत्ते = लागेपछि
सुरद्विषाम् = देवताहरूसँग रिस गर्ने दैत्यहरूलाई
सम्मोहाय = मोहित गराउनका लागि
अञ्जनसुतः = अञ्जनको पुत्रको रूपमा
बुद्धः नाम्ना = बुद्ध नाम लिएर
कीकटेषु = कीकट देशमा
भविष्यति = उत्पन्न हुनुहुनेछ

वाक्यार्थ– त्यसपछि कलियुग आएपछि दानवहरूलाई मोहमा पार्नका लागि अञ्जनको पुत्रको रूपमा कीकट प्रदेशमा भगवान् बुद्धको रूपमा अवतार ग्रहण गर्नुहुनेछ।

अथासौ युगसन्ध्यायां दस्युप्रायेषु राजसु।
जनिता विष्णुयशसो नाम्ना कल्किर्जगत्पतिः॥ २५॥

पदार्थ–

अथ = यसपछि
युगसन्ध्यायां = कलियुगको अन्त्य हुने समयमा
राजसु = राजाहरू
दस्युप्रायेषु = सबैजसो लुटेरा भएपछि
विष्णुयशसः = विष्णुयश नाम गरेका ब्राह्मणबाट
असौ = यी
जगत्पतिः = संसारका स्वामी भगवान् नारायण
कल्किः नाम्ना = कल्किको नाममा
जनिता = उत्पन्न हुनुहुनेछ

वाक्यार्थ– यसपछि कलियुगको अन्त हुने समयमा पृथ्वीको शासन गर्ने बहानाले राजाहरूमा लुट्ने प्रवृत्ति बढेपछि जगत् रक्षक भगवान्ले विष्णुयश ब्राह्मणको घरमा कल्किको रूपमा अवतार लिनुहुनेछ।

अवतारा ह्यसङ्ख्येया हरेः सत्त्वनिधेर्द्विजाः।
यथाविदासिनः कुल्याः सरसः स्युः सहस्रशः॥ २६॥

पदार्थ–

द्विजाः = हे शौनक आदि ऋषिहरू
यथा = जसरी
अविदासिनः = अगाध
सरसः = तलाउबाट
सहस्रशः = हजारौँ
कुल्याः = साना-साना कुलाहरू
स्युः = निक्लन्छन्
हि = निश्चय नै
सत्त्वनिधेः = सत्त्व गुणका खानि भएका
हरेः = भगवान् हरिबाट
असङ्ख्येयाः = असङ्ख्य
अवताराः = अवतारहरू हुन्छन्

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू हो जसरी अगाध सरोवरबाट हजारौँ साना-साना कुलाहरू निस्कन्छन् त्यसै गरी सत्त्वनिधि भगवान् श्रीहरिका असङ्ख्य अवतारहरू भइरहन्छन्।

ऋषयो मनवो देवा मनुपुत्रा महौजसः।
कलाः सर्वे हरेरेव सप्रजापतयः स्मृताः॥ २७॥

पदार्थ—

ऋषयः = ऋषिहरू	**सप्रजापतयः** = प्रजापतिहरू	भएकाहरू
मनवः = मनुहरू	सहित	**हरेः एव** = भगवान् नारायणकै
देवाः = देवताहरू	**सर्वे** = सबै	**कलाः** = कलाहरू
मनुपुत्राः = मनुपुत्रहरू	**महौजसः** = महान् सामर्थ्य	**स्मृताः** = मानिन्छन्

वाक्यार्थ— ऋषि, मनु, देवता, प्रजापति, मनुपुत्र र अरू जति पनि शक्तिशाली पुरुष संसारमा देखिन्छन् ती सम्पूर्ण शक्तिशाली प्राणीहरू भगवान्कै अंश हुन्।

एते चांशकलाः पुंसः कृष्णस्तु भगवान् स्वयम्।

इन्द्रारिव्याकुलं लोकं मृडयन्ति युगे युगे॥ २८॥

पदार्थ—

एते च = यी उपर्युक्त अवतारहरू	**स्वयम् भगवान्** = स्वयं भगवान्	भएका
पुंसः = भगवान् नारायणका	हुनुहुन्छ	**लोकं** = मानिसहरूलाई
अंशकलाः = कलावतार हुन्	**इन्द्रारिव्याकुलं** = इन्द्रका शत्रु	**युगे युगे** = युग-युगमा
कृष्णः तु = कृष्ण त	दैत्यहरूको अत्याचारबाट पीडित	**मृडयन्ति** = रक्षा गर्दछन्

वाक्यार्थ— यी उपर्युक्त अवतारहरू भगवान्का अंशावतारहरू हुन् भने श्रीकृष्ण भगवान् पूर्ण अवतारी हुनुहुन्छ, अर्थात् साक्षात् अवतारी नै हुनुहुन्छ। जब संसारका प्राणीहरू दैत्यहरूको अत्याचारले पीडित हुन्छन्, त्यस समयमा युग-युगमा अनेक रूप धारण गरेर भगवान्ले उनीहरूको रक्षा गर्नुहुन्छ।

जन्म गुह्यं भगवतो य एतत् प्रयतो नरः।

सायं प्रातर्गृणन् भक्त्या दुःखग्रामाद् विमुच्यते॥ २९॥

पदार्थ—

यः = जो	**गुह्यं** = रहस्यमय	**गृणन्** = पाठ गर्दछ भने त्यो
नरः = मानिस	**जन्म** = दिव्य जन्मको कथा	मानिस
प्रयतः = पवित्र भएर	**सायं प्रातः** = सायंकाल र प्रातः	**दुःखग्रामात्** = सम्पूर्ण
एतत् = यो	काल	दुःखसमूहबाट
भगवतः = भगवान्को	**भक्त्या** = भक्तिपूर्वक	**विमुच्यते** = मुक्त हुन्छ

वाक्यार्थ— भगवान्को दिव्य जन्मको यो कथा अत्यन्त गोपनीय एवं रहस्यमय छ, जो मनुष्य एकाग्रचित्तले शुद्ध भएर भक्तिपूर्वक यसको पाठ गर्दछ, त्यस मनुष्यले सम्पूर्ण दुःखबाट छुट्कारा प्राप्त गर्दछ।

विवरण— यस श्लोकमा आएको **दुःखग्रामात्** यस शब्दको विषयमा चर्चा गरौँ। दुःखग्राम भनेको दुःखहरूको समूह हो। दुःख भनेको मनको त्यस्तो वृत्तिविशेष हो जसलाई सबै जीवले हटाउन चाहेका हुन्छन्। अर्थात् दुःख भनेको त्यस्तो वस्तु हो जसलाई कुनै पनि प्राणीले मन पराएको

हुँदैन। योगवाशिष्ठअनुसार चञ्चल चित्तमा परेको आत्माको प्रतिबिम्ब नै दुःख हो। किनभने जब कुनै व्यक्तिको चित्त शान्त हुन्छ तब त्यो व्यक्ति दुःखी भएको देखिँदैन। जसको चित्त अशान्त छ, त्यही व्यक्ति दुःखी भएको देखिन्छ।

आध्यात्मिक, आधिभौतिक र आधिदैविकका भेदले दुःख तीन प्रकारका हुन्छन्। श्रीमद्‌भागवत माहात्म्यको मङ्गलाचरण श्लोकमा नै **तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः** भनी बताइएको छ।

आध्यात्मिक दुःख शारीरिक र मानसिकका भेदले दुई प्रकारका हुन्छन्। शरीरमा हुने जरो आउनु टाउको दुख्नु, दाँत दुख्नु, पेट दुख्नु आदिलाई शारीररिक दुःख भन्दछन्। प्रियवियोग र अप्रियसंयोगबाट हुने दुःख विशेषलाई मानसिक दुःख भनिन्छ। शारीरिक रोगलाई व्याधि र मानसिक रोगलाई आधि भनिन्छ।

चोर, डाँका, बाघ, भालु, हात्ती, गैँडा र सर्प आदिबाट हुने कष्टलाई आधिभौतिक कष्ट भनिन्छ। त्यस्तै देवताहरू रुष्ट भएर हुने अतिवृष्टि, अनावृष्टि, वज्रपात, भूकम्प आदिबाट हुने कष्टलाई आधिदैविक कष्ट या दुःख भन्दछन्।

उपनिषद्अनुसार आत्मालाई छोडेर माया र मायाका सम्पूर्ण कार्यहरू दुःखरूप हुन्। मायाका कार्यअन्तर्गत सम्पूर्ण द्वैत प्रपञ्च पर्दछ। यसकारण उपनिषद्अनुसार सम्पूर्ण द्वैत प्रपञ्च दुःखरूप हो। सम्पूर्ण दुःखहरूबाट छुट्कारा प्राप्त गर्ने एकमात्र उपाय हो, आत्मतत्त्वको ज्ञान।

एतद् रूपं भगवतो ह्यरूपस्य चिदात्मनः।
मायागुणैर्विरचितं महदादिभिरात्मनि ॥ ३० ॥

पदार्थ–

अरूपस्य = प्राकृत स्वरूपले रहित हुनुभएका	**एतद्** = यो	**महदादिभिः** = महत्तत्त्व आदिद्वारा
चिदात्मनः = चिन्मय	**रूपं** = स्थूलरूप	**आत्मनि** = परमात्मामा
भगवतः = भगवान्को	**हि** = निश्चय नै	**विरचितं** = कल्पित हो
	मायागुणैः = मायाका गुण	

वाक्यार्थ– प्राकृत स्वरूप रहित चिन्मय भगवान्को यो जुन स्थूल जगदाकाररूप हो, त्यो उहाँकै माया महत्तत्त्व आदि गुणको कारणले भगवान्मा कल्पित छ।

विवरण– यस श्लोकमा निराकार भगवान्ले सृष्टिका क्रममा साकार रूप लिने कुरा बताइएको छ। वेदादि शास्त्रहरूमा परमात्माका तीन प्रकारका रूप बताइएका छन्– निर्गुण निराकार, सगुण निराकार र सगुण साकार। जसमा कुनै गुण र आकार छैन त्यस्ता परमात्मालाई निर्गुण निराकार भन्दछन्। ब्रह्ममा कुनै गुण र आकार नभएको हुनाले ब्रह्मलाई निर्गुण र निराकार भन्दछन्। सम्पूर्ण प्राणीहरूभित्र अन्तर्यामीरूपमा निवास गर्ने कुनै आकार नभए तापनि उसले मायाको गुणहरूलाई स्वीकार गरेर संसारको नियमन गरेकाले उसलाई सगुण निराकार भनिएको हो। अर्थात् आफू निराकार भए तापनि उसले मायाका गुणहरूलाई स्वीकार गरेको हुनाले उसलाई सगुण निराकार

भनिएको हो। जुन परमात्मामा गुण र आकार दुबै छन्, त्यस्तो परमात्मालाई सगुण र साकार परमात्मा भन्दछन्। राम, कृष्ण आदि अवतारहरू भगवान्का सगुण र साकार रूप हुन्।

निर्गुण भगवान्ले सगुण साकार रूप किन र कसरी लिनुहुन्छ भन्ने कुरामा शास्त्रहरूमा विभिन्न मतहरू देखिन्छन्। निर्गुण परमात्माले सगुण साकार रूप लिनुका कारणमा जे-जति मतमतान्तरहरू भए तापनि वस्तुतः आफ्ना भक्तहरूको कल्याणका लागि नै भगवान्ले सगुण साकार रूप ग्रहण गर्नुहुन्छ।

भगवान्को उपासनाको पहिलो क्रम सगुण रूपको उपासना हो। सगुण रूपको उपासनाबाट मुमुक्षुहरूको वासनाको क्षय भई चित्त निर्मल हुन्छ। जीवहरू अविद्या, काम र कर्मको कारणले अनादिकालदेखि संसारसागरमा पौडिरहेका छन्। आत्माको परमानन्दरूपतालाई नजान्नु अविद्या हो। त्यस अविद्याको कारणले शरीरमा अहंबुद्धि हुन्छ, शरीरमा अहंबुद्धि भएपछि कामना उत्पन्न हुन्छ। त्यो कामनाबाट कर्महरू हुन्छन्। कर्मफल भोग्नका लागि जन्म हुन्छ। जन्म भएपछि फेरि कर्म हुन्छ। कर्मको फल भोग्नका लागि फेरि जन्म हुन्छ। साइकलको एउटा पाङ्ग्रो चलाएपछि अर्को पाङ्ग्रो स्वतः चलेझैं जीवको लागि जन्म र मृत्युको प्रवाह कहिल्यै पनि शान्त हुँदैन। भगवान् सगुण साकार रूपमा आएर विभिन्न लीलाहरू गर्नुहुन्छ। उहाँका भक्तहरूले कानद्वारा उहाँका तिनै लीलाहरूको श्रवण गर्दछन्, वाणीद्वारा उहाँका लीलाहरूको वर्णन गर्दछन् र मनद्वारा उहाँका लीलाहरूको स्मरण गर्दछन्। यसप्रकार भगवान्का लीलाहरूको श्रवण, कीर्तन र स्मरणद्वारा भक्तहरूको अन्तःकरण शुद्ध हुन्छ। त्यो शुद्ध अन्तःकरणमा परमात्मा प्रकट हुनुहुन्छ। परमात्माको साक्षात्कार भएपछि अविद्याको निवृत्ति हुन्छ। अविद्याको निवृत्ति भएपछि जीव संसारबन्धनबाट मुक्त हुन्छ। यसप्रकार वासनाग्रस्त मुमुक्षु जीवहरूको कल्याणको लागि निर्गुण निराकार परमात्माले सगुण साकार रूप ग्रहण गर्नुहुन्छ।

उपनिषद्अनुसार निर्गुण ब्रह्म साक्षात्कार नभईकन मोक्ष सम्भव छैन। साधकहरूको अन्तःकरणको अशुद्धिको कारणले प्रारम्भमा उनीहरूको मन निर्गुण निराकारमा लाग्न सक्दैन। अशुद्ध मनले सूक्ष्म वस्तुलाई ग्रहण गर्न सक्तैन। विषय स्थूल भएकाले मनलाई स्थूल वस्तुहरूको चिन्तनको अभ्यास परेको हुन्छ। अतः साधकहरूले प्रारम्भमा भगवान्को स्थूल वा सगुण रूपको चिन्तन गर्नुपर्दछ। निर्गुण निराकार ब्रह्मको साक्षात्कार मुमुक्षुहरूको लक्ष्य हो भने सगुण साकारको उपासना त्यो निर्गुण ब्रह्मसाक्षात्कारको साधन हो।

यथा नभसि मेघौघो रेणुर्वा पार्थिवोऽनिले।
एवं द्रष्टरि दृश्यत्वमारोपितमबुद्धिभिः॥ ३१॥

पदार्थ—

यथा = जसरी
अनिले = वायुमा रहेको
मेघौघः = मेघको समूहलाई
नभसि = आकाशमा र
पार्थिवः = पृथ्वीमा रहने
रेणुः = धूलो
वा = अथवा
एवं = त्यसै गरी
अबुद्धिभिः = अज्ञानीहरूद्वारा
द्रष्टरि = द्रष्टा आत्मामा
दृश्यत्वम् = दृश्यत्व धर्म
आरोपितम् = आरोप गरिएको

हो

वाक्यार्थ– जसरी बादल वायुको आश्रयमा रहन्छ र धूलो पनि रहेको हुन्छ तर पनि अज्ञानी मनुष्यहरू वायुमा रहेको बादललाई आकाश छ भनेर मान्दछन्, धूलोमा रहेको धूसरपनलाई वायुमा मान्दछन् त्यसै गरी अज्ञानीहरूले साक्षी आत्मामा स्थूल दृश्यरूप जगत्‌को आरोप गर्दछन्।

विवरण– वेदान्तसिद्धान्तअनुसार जान्नुपर्ने केवल दुइटामात्र पदार्थ छन्– द्रष्टा र दृश्य। द्रष्टा भनेको त्यो वस्तु हो जसले आफूलाई पनि जान्दछ र आफूदेखि अतिरिक्त दृश्यलाई पनि जान्दछ। अनि दृश्य भनेको त्यो वस्तु हो जसले न आफूलाई जान्दछ न आफूदेखि अतिरिक्तलाई जान्दछ। शरीर दृश्य हो भने शरीरभित्र बस्ने आत्मा द्रष्टा हो। शरीरभित्र बस्ने आत्माले आफूलाई पनि जान्दछ र आफूदेखि अतिरिक्त शरीर, इन्द्रिय, मन, बुद्धि, प्राण र संसारका अन्य सम्पूर्ण पदार्थलाई पनि जान्दछ। शरीरले न त शरीरभित्र बस्ने आत्मालाई जान्दछ, न अरू घडा, कपडा आदि वस्तुहरूलाई नै जान्दछ। यिनै द्रष्टा र दृश्यलाई अर्को शब्दमा क्षेत्र र क्षेत्रज्ञ पनि भन्दछन्। गीता (१३।२)मा भगवान् श्रीकृष्णले अर्जुनलाई यसप्रकार उपदेश गर्नुभएको छ– **क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम**। अर्थात् क्षेत्र र क्षेत्रज्ञको ज्ञान नै मेरो वास्तविक ज्ञान हो।

द्रष्टाको अज्ञानको कारणले द्रष्टामाथि दृश्यको आरोप हुन्छ। उदाहरणका लागि यदि कुनै व्यक्तिले डोरीलाई डोरी भनेर राम्रोसँग जानेको छ भने उसलाई डोरीमा सर्पको भ्रम हुँदैन। डोरीलाई डोरी भनेर नजानेको हुनाले उसलाई डोरीको अज्ञान भयो। त्यही अज्ञानको कारणले उसलाई डोरीमा सर्पको भ्रम भएको हो।

अष्टावक्रगीता (२।७)मा भनिएको छ– आत्माको अज्ञानको कारणले गर्दा जगत्‌को भान भएको हो। आत्माको ज्ञान भएपछि जगत्‌को भान हुँदैन। डोरीको अज्ञानको कारणले गर्दा डोरीमा सर्पको भ्रम भएको हो। परन्तु डोरीको ज्ञान भएपछि डोरीमा सर्पको भ्रम हुँदैन।

यही कुरा माण्डूक्यकारिका (२।१७-१८)मा यसप्रकार बताइएको छ– डोरीको ज्ञान भएपछि डोरीको अज्ञान जसरी नष्ट हुन्छ त्यसै गरी आत्माको ज्ञान भएपछि आत्माको अज्ञान नष्ट हुन्छ। जसरी डोरीको ज्ञानद्वारा अज्ञानको कारणले देखिएको सर्प नष्ट हुन्छ, ठीक त्यसै गरी आत्माको ज्ञानद्वारा अज्ञान नष्ट भएपछि आत्माको अज्ञानबाट देखिएको संसार पनि नष्ट हुन्छ।

अतः परं यदव्यक्तमव्यूढगुणव्यूंहितम्।
अदृष्टाश्रुतवस्तुत्वात् स जीवो यत्पुनर्भवः॥ ३२॥

पदार्थ–

अतः परं = यस स्थूलरूपदेखि अतिरिक्त
यत् = जुन
अव्यक्तम् = सूक्ष्मरूप छ
अव्यूढगुणबृंहितम् = हात, गोडा आदि आकारले रहित भएका पृथिवी आदि गुणद्वारा बनेको
अदृष्टाश्रुतवस्तुत्वात् = नदेखिएको र नसुनिएको वस्तु हुनाले
सः = त्यो
जीवः = जीवको उपाधि लिङ्ग शरीर हो
यत् पुनर्भवः = जसको बारम्बार जन्म भइरहन्छ

वाक्यार्थ– यस स्थूलरूपदेखि अतिरिक्त जुन सूक्ष्मरूप छ हात, गोडा आदि आकारले रहित

पृथिवी आदि गुणद्वारा बनेको, नदेखिएको र नसुनिएको वस्तु हुनाले त्यो जीवको उपाधि लिङ्ग शरीर हो। यसैको बारम्बार जन्म भइरहन्छ।

विवरण– यस श्लोकमा आएको जीवको विषयमा चर्चा गरौँ। अधिष्ठान ब्रह्मचैतन्य, अन्तःकरण र अन्तःकरणमा परेको ब्रह्मचैतन्यको प्रतिबिम्ब यी तीनओटाको समष्टिलाई जीव भनिन्छ। पञ्चदशीमा विद्यारण्यस्वामीले जीवको स्वरूपलाई यसप्रकार देखाउनुभएको छ– अधिष्ठानरूप चैतन्य, सूक्ष्म शरीर र सूक्ष्म शरीरमा प्रतिबिम्बित चिदाभासको समूहलाई जीव भनिन्छ।[४]

उपाधिले रहित शुद्ध आत्माको जन्म हुँदैन। लिङ्गशरीर अर्थात् सूक्ष्म शरीरका साथै तादात्म्याध्यासलाई प्राप्त गरेको जुन चैतन्य हो, त्यसैको पुनर्जन्म हुन्छ। जसरी पानीको तलतिर बग्नु स्वभाव हो, त्यस्तै विषयप्रति निरन्तर आकृष्ट भइरहनु जीवको स्वभाव हो। जब जीवले कुनै विषयको भोग गर्दछ, त्यस भोगबाट उसको अन्तःकरणमा संस्कार उत्पन्न हुन्छ। त्यस भोगबाट उत्पन्न भएको संस्कारलाई वासना भनिन्छ। यो भोगवासना नै उसको पुनर्जन्मको कारण हो। जसको विषयप्रतिको राग समाप्त भएको छ उसको पुनर्जन्म सम्भव छैन। न्यायसूत्रमा गौतम महर्षिले लेख्नुभएको छ– **वीतरागजन्मादर्शनात्**। अर्थात् जसमा विषयप्रतिको राग समाप्त भएको छ, उसको पुनर्जन्म भएको देखिंदैन। अतः विषयप्रतिको जुन आसक्ति हो, त्यही नै पुनर्जन्मको कारण हो। गीतामा भगवान्ले अर्जुनलाई यही कुरा भन्नुभएको छ– जीवको विषयप्रतिको आसक्ति नै सद्योनि र असद्योनि प्राप्तिको कारण हो।[५]

पुनर्जन्म प्रक्रियाको अन्त्य कसरी हुन्छ भन्ने कुरा नैष्कर्म्यसिद्धिमा यसप्रकार बताइएको छ– सर्वप्रथम मुमुक्षुले नित्य र नैमित्तिक कर्मको अनुष्ठान गर्नुपर्दछ। नित्य र नैमित्तिक कर्मको अनुष्ठानद्वारा धर्मको उत्पत्ति हुन्छ। सूर्य र अन्धकारमा परस्पर विरोध भएझैं धर्म र पापमा परस्परको विरोध हुने हुनाले धर्मको उत्पत्ति भएपछि पापको नाश हुन्छ। पापको नाश भएपछि चित्तको शुद्धि हुन्छ। चित्तको शुद्धि भएपछि संसारको यथार्थताको बोध हुन्छ। संसारको यथार्थताको बोध भएपछि सर्वकर्मसंन्यास हुन्छ। सर्वकर्मसंन्यास भएपछि योगाभ्यास हुन्छ। योगाभ्यासपछि चित्तको अन्तर्मुखता हुन्छ। चित्तको अन्तर्मुखता भएपछि तत्त्वमसि आदि महावाक्यार्थ ज्ञान हुन्छ। महावाक्यार्थको ज्ञान भएपछि अविद्याको निवृत्ति हुन्छ। अविद्याको निवृत्ति भएपछि जीवको ब्रह्मस्वरूपले अवस्थिति हुन्छ। जीवको यही ब्रह्मस्वरूपले अवस्थितिलाई नै मोक्ष भन्दछन्।[६]

जीव र परमात्माको एकताको साक्षात्कार नभईकन पुनर्जन्म प्रक्रियाको अन्त्य सम्भव

---

४. चैतन्यं यदधिष्ठानं लिङ्गदेहश्च यः पुनः।
चिच्छाया लिङ्गदेहस्था तत्सङ्घो जीव उच्यते।।

५. कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु। (१३।२१)

६. नित्यनैमित्तिककर्मानुष्ठानात् धर्मोत्पत्तिः, धर्मोत्पत्तेः पापहानिः, ततः चित्तशुद्धिः, ततः संसारायाथात्म्यावबोधः, ततः वैराग्यम्, ततः सर्वकर्मसंन्यासः, ततः योगाभ्यासः, ततः चित्तस्य प्रत्यक्प्रवणता, ततः तत्त्वमस्यादिवाक्यार्थपरिज्ञानम् ततः अविद्योच्छेद ततः स्वात्मनि अवस्थानम्।

छैन। यो पुनर्जन्म प्रक्रियाको अन्त्य भन्नु र मोक्ष भन्नु एउटै कुरा हो। **ऋते ज्ञानान्नमुक्तिः** अर्थात् ज्ञान नभईकन मोक्ष सम्भव छैन भनी शास्त्रमा यही कुरा बताइएको छ।

जीव वस्तुतः अकर्ता, अभोक्ता र अप्रमाता हो। अज्ञानको कारणले गर्दा अन्तःकरणका साथ उसको तादात्म्याध्यास भएकाले उसले आफूलाई कर्ता, भोक्ता, प्रमाता मानेको हुनाले अनन्तकालदेखि ऊ संसारचक्रमा घुमिरहेको छ। श्रोत्रिय र ब्रह्मनिष्ठ गुरुबाट तत्त्वमस्यादि महावाक्यहरूको श्रवण गरेपछि जीवले जीव र परमात्माको एकताको साक्षात्कार गर्दछ। त्यो साक्षात्कारद्वारा जीव र परमात्माको एकताको बाधक अज्ञान नष्ट हुन्छ। अज्ञान नष्ट भएपछि त्यस अज्ञानको कार्य अन्तःकरण नष्ट हुन्छ। अन्तःकरण नष्ट भएपछि वासना नष्ट हुन्छ। वासना नष्ट भएपछि जीवको पुनर्जन्म प्रक्रियाको अन्त्य हुन्छ।

यत्रेमे सदसद्रूपे प्रतिषिद्धे स्वसंविदा ।
अविद्ययाऽऽत्मनि कृते इति तद् ब्रह्मदर्शनम् ॥ ३३ ॥

पदार्थ–

इमे = यी	**कृते** = कल्पित छन्	**प्रतिषिद्धे** = हट्दछन्
सदसद्रूपे = सत् र असत् रूप	**यत्र** = जुन अवस्थामा	**इति** = यसो भएपछि
अविद्यया = अज्ञानद्वारा	**स्वसंविदा** = स्वरूपको	**तत् ब्रह्मदर्शनम्** = त्यस ब्रह्मको
आत्मनि = आत्मामा	सम्यग्ज्ञान भएपछि	साक्षात्कार हुन्छ

वाक्यार्थ– यी सत् र असत् रूप अज्ञानद्वारा आत्मामा कल्पित छन्। स्वरूपको सम्यग्ज्ञान भएपछि यिनीहरू हट्दछन् र यसो भएपछि त्यस ब्रह्मको साक्षात्कार हुन्छ।

यद्येषोपरता देवी माया वैशारदी मतिः ।
सम्पन्न एवेति विदुर्महिम्नि स्वे महीयते ॥ ३४ ॥

पदार्थ–

यदि = यदि	**मतिः** = बुद्धि	**महिम्नि एव** = परमानन्दरूप
वैशारदी = ईश्वरकी	**सम्पन्नः इति** = ब्रह्मरूपमा प्राप्त	महिमामा नै
एषा = यी	हुन्छ भनी	**महीयते** = विराजमान हुन्छ
माया देवी = माया देवी	**विदुः** = ब्रह्म ज्ञानीहरू भन्दछन्	
उपरता = हट्दछ भने	**स्वे** = आफ्नो	

वाक्यार्थ– तत्त्वज्ञानी मनुष्यहरूलाई के कुरा थाहा छ भने जुन समयमा परमेश्वरको बुद्धिरूप माया निवृत्त हुन्छ त्यसै समयमा जीव परमानन्दस्वरूप हुन्छ र आफ्नो महिमामा प्रतिष्ठित हुन्छ।

एवं जन्मानि कर्माणि ह्यकर्तुरजनस्य च ।
वर्णयन्ति स्म कवयो वेदगुह्यानि हृत्पतेः ॥ ३५ ॥

पदार्थ—

एवं = यसप्रकार
अकर्तुः = वस्तुतः कर्म नभएका
अजनस्य = जन्म पनि नभएका
च = पनि
हृत्पतेः = हृदयका स्वामी नारायणका
वेदगुह्यानि = वेदका अत्यन्त गोपनीय
जन्मानि = जन्म
कर्माणि = कर्म
च = पनि
कवयः = तत्त्वज्ञानीहरू
हि = नै
वर्णयन्ति स्म = वर्णन गर्दछन्

वाक्यार्थ— वास्तवमा जुन परमात्माको न कुनै जन्म छ, न त कुनै कर्म नै छ, तर पनि वेदले पनि गोपनीय र रहस्यमय रूपमा राखेका भगवान्का अलौकिक जन्म र कर्महरूको वर्णन तत्त्वज्ञानीहरू गर्दछन्।

स वा इदं विश्वममोघलीलः
सृजत्यवत्यत्ति न सज्जतेऽस्मिन्।
भूतेषु चान्तर्हित आत्मतन्त्रः
षाड्वर्गिकं जिघ्रति षड्गुणेशः॥ ३६॥

पदार्थ—

अमोघलीलः = जसको लीला कहिल्यै व्यर्थ हुँदैन ऊ
सः = यस्ता नारायणले
इदं = यो
विश्वम् = संसारलाई
सृजति = बनाउनुहुन्छ
अवति = रक्षा गर्नुहुन्छ
वा = अथवा
अत्ति = संहार गर्नुहुन्छ
च = पनि
अस्मिन् = यो संसारमा
न सज्जते = आसक्त हुनुहुन्न
भूतेषु = प्राणीहरूको अन्तःकरणमा
अन्तर्हितः = लुकेर बस्नुभएका
आत्मतन्त्रः = परम स्वतन्त्र
षड्गुणेशः = पञ्च ज्ञानेन्द्रिय र मनका मालिक भएका
षाड्वर्गिकं = उक्त ६ इन्द्रियका विषयहरूलाई
जिघ्रति = (सुँघ्नुहुन्छ) टाढैबाट ग्रहण गर्नुहुन्छ

वाक्यार्थ— भगवान् नारायणको लीला अमोघ छ। उहाँ आफ्नो लीलाद्वारा नै यस संसारको सृष्टि, स्थिति र संहार गर्नुहुन्छ। सम्पूर्ण प्राणीहरूको अन्तःकरणमा लुकेर बसी ज्ञानेन्द्रिय र मनको नियन्ताको रूपमा ती इन्द्रियका विषयहरूलाई ग्रहण गर्नुहुन्छ। परन्तु उहाँ ती पदार्थहरूमा आसक्त हुनुहुन्न, उहाँ परम स्वतन्त्र हुनुहुन्छ।

विवरण— यस श्लोकमा आएको **न सज्जतेऽस्मिन्** यस अंशको बारेमा चर्चा गरौँ। राग नभईकन विषयमा लिप्तता हुन सक्दैन। परमात्मामा राग आदि दोषको अभाव हुनाले परमात्माद्वारा विषयको भोग भए तापनि उहाँ जीवझैँ विषयमा लिप्त हुनुहुन्न। भगवान् ६ ओटा इन्द्रियहरूको नियन्ता भएकाले भगवान्लाई हृषीकेश भनिएको हो। भगवान्ले विषयहरूको भोग गर्नुहुन्छ भन्नुको तात्पर्य भगवान्द्वारा विषयहरू प्रकाशित हुन्छन् भनिएको हो।

न चास्य कश्चिन्निपुणेन धातु-
रवैति जन्तुः कुमनीष ऊतीः ।
नामानि रूपाणि मनोवचोभिः
सन्तन्वतो नटचर्यामिवाज्ञः ॥ ३७ ॥

पदार्थ—

अज्ञः = कुनै अज्ञानी मनुष्यले	**नामानि** = नामहरू र	**कुमनीषः** = अल्प बुद्धि भएको
मनोवचोभिः = सङ्कल्प र वचनद्वरा	**रूपाणि** = रूपहरू	**कश्चित्** = कुनै पनि
सन्तन्वतः = फैलाइएको	**सन्तन्वतः** = फैलाउने	**जन्तुः** = जीवले
नटचर्याम् = जादुगरको खेललाई	**अस्य** = यी	**निपुणेन** = तर्कद्वारा
न अवैति इव = नबुझ्नेजस्तै	**धातुः** = परमात्माको	**न च अवैति** = जान्न सक्दैन नै
	ऊतीः = लीलाहरूलाई	

वाक्यार्थ— जसरी कुनै अज्ञानी मनुष्य जादूगर अथवा नटको सङ्कल्प र वचनद्वारा गरिएको खेललाई बुझ्न सक्दैन, त्यसै गरी आफ्नो सङ्कल्प र वेदवाणीद्वारा भगवान्ले प्रकट गर्नुभएको विभिन्न नाम, रूप र उहाँका लीलाहरूलाई अल्पज्ञ जीवले धेरै तर्क र युक्तिहरूद्वारा पनि जान्न सक्दैन।

स वेद धातुः पदवीं परस्य
दुरन्तवीर्यस्य रथाङ्गपाणेः ।
योऽमायया सन्ततयानुवृत्त्या
भजेत तत्पादसरोजगन्धम् ॥ ३८ ॥

पदार्थ—

दुरन्तवीर्यस्य = अनन्त पराक्रम भएका	ती परमात्माको	**सन्ततया** = निरन्तर
परस्य = संसारदेखि निकै माथि रहनुभएका	**पदवीं** = स्वरूपलाई	**अनुवृत्त्या** = सेवाद्वारा
रथाङ्गपाणेः = रथको चक्र हातमा लिनुभएका	**सः** = त्यस पुरुषले	**तत्पादसरोजगन्धम्** = भगवान्को चरणकमलको दिव्य गन्धलाई
धातुः = संसारलाई बनाउनुहुने	**वेद** = जान्न सक्दछ	**भजेत** = सेवन गर्दछ
	यः = जसले	
	अमायया = कुटिल भावले रहित भएको	

वाक्यार्थ— चक्रपाणि भगवान्का शक्ति र पराक्रम अनन्त छन्, उहाँ जगत्को निर्माता भएर पनि आफूले बनाएको संसारबाट निकै पर हुनुहुन्छ। उहाँको स्वरूप र लीलालाई त्यही मनुष्यले जान्न

सक्दछ जो नित्य–निरन्तर निष्कपट भावले उहाँका चरणकमलको दिव्य गन्धको सेवन गर्दछ।

अथेह धन्या भगवन्त इत्थं
यद् वासुदेवेऽखिललोकनाथे।
कुर्वन्ति सर्वात्मकमात्मभावं
न यत्र भूयः परिवर्त उग्रः ॥ ३९ ॥

पदार्थ–

भगवन्तः = हे ऋषिहरू तपाईंहरू	**सर्वात्मकम्** = सम्पूर्ण रूपमा	**इह** = यहाँ
धन्याः = अत्यन्त भाग्यशाली हुनुहुन्छ	**आत्मभावं** = अनन्य प्रेम	**इत्थं** = यसरी
अखिललोकनाथे = सम्पूर्ण लोकका स्वामी	**कुर्वन्ति** = गर्नुहुन्छ	**उग्रः** = डरलाग्दो
वासुदेवे = भगवान् श्रीकृष्णमा	**यत्र** = जुन भावलाई प्राप्त गरेपछि	**यत् परिवर्तः** = जन्म मरणको यस्तो भुमरीमा
	भूयः = फेरि	**न** = पर्नुपर्दैन
	अथ = यसपछि	

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू हो ! तपाईंहरू ज्यादै भाग्यशाली हुनुहुन्छ। यस जीवनमा विभिन्न विघ्न र बाधाहरूले भरिएको यस संसारमा सम्पूर्ण लोकहरूका स्वामी भगवान् श्रीकृष्णमा तपाईंहरूको अनन्य प्रेम छ। जुन अनन्य प्रेमलाई प्राप्त गरेपछि फेरि जन्म–मरणरूप संसारको भयङ्कर चक्रमा पर्नुपर्दैन।

विवरण– ज्ञान नभईकन मोक्ष सम्भव छैन। तर भगवान्‌मा अनन्य भक्ति नभईकन ज्ञान सम्भव नहुने हुनाले संसारचक्रबाट मुक्ति प्राप्त गर्नका लागि भक्तिको ठुलो भूमिका छ। वेदमा कर्म, उपासना र ज्ञान गरी तीन काण्डहरू छन् भने मनमा पनि मल, विक्षेप र आवरण गरी तीनओटा दोषहरू छन्। अन्तःकरणको मलदोषलाई हटाउनको लागि कर्मको आवश्यकता पर्दछ भने अन्तःकरणको विक्षेपदोषलाई हटाउनका लागि भक्तिको आवश्यकता पर्दछ। मनको चञ्चलतालाई विक्षेप भन्दछन्। यसलाई हटाउनका लागि भक्तिको अवश्यकता पर्दछ। जसरी ऐनामा मुखको प्रतिबिम्ब पर्नका लागि ऐनामा धुलोमैलो पनि लागेको हुनुहुँदैन र ऐना हल्लिएको पनि हुनुहुँदैन त्यसै गरी आत्माको ज्ञानको लागि चित्तमा मलदोष र विक्षेपदोष दुबै हुनुहुँदैन। कर्मयोगद्वारा मलदोष हटे तापनि विक्षेप दोष नहट्ने हुनाले त्यो विक्षेप दोषको निवृत्तिका लागि भक्तिको आवश्यकता पर्दछ।

इदं भागवतं नाम पुराणं ब्रह्मसम्मितम्।
उत्तमश्लोकचरितं चकार भगवानृषिः ॥ ४० ॥

पदार्थ—

भगवान् ऋषिः = महर्षि भगवान् वेदव्यासले	श्रीकृष्णको चरित्रले परिपूर्ण भएको	**नाम** = नामक
ब्रह्मसम्मितम् = वेदसमान उत्तम	**इदं** = यो	**पुराणं** = पुराण
उत्तमश्लोकचरितं = भगवान्	**भागवतं** = भागवत	**चकार** = बनाउनुभयो

वाक्यार्थ— भगवान् वेदव्यासले वेदसमान भगवच्चरित्रले परिपूर्ण भएको यो भागवत नामक पुराण बनाउनुभयो।

निःश्रेयसाय लोकस्य धन्यं स्वस्त्ययनं महत्।

तदिदं ग्राहयामास सुतमात्मवतां वरम्॥ ४१॥

पदार्थ—

धन्यं = प्रशंसनीय	**लोकस्य** = मनुष्यहरूको	**वरम्** = श्रेष्ठ
स्वस्त्ययनं = कल्याणकारी	**निःश्रेयसाय** = परम कल्याणका लागि	**सुतम्** = आफ्ना छोरा शुकदेवजीलाई
महत् = महान्		
तत् इदं = यही पुराणलाई	**आत्मवतां** = ब्रह्मज्ञानीहरूमा	**ग्राहयामास** = पढाउनुभयो

वाक्यार्थ— उहाँले यो प्रशंसनीय, कल्याणकारी र महान् पुराणलाई लोकहरूको परम कल्याणका लागि आफ्ना आत्मज्ञानशिरोमणि पुत्रलाई पढाउनुभयो।

सर्ववेदेतिहासानां सारं सारं समुद्धृतम्।

स तु संश्रावयामास महाराजं परीक्षितम्॥ ४२॥

पदार्थ—

सर्ववेदेतिहासानां = सम्पूर्ण वेद र इतिहासको	**तु** = त	**गङ्गायां** = गङ्गातटमा बसेका
	परमर्षिभिः = ठुला ऋषिहरूद्वारा	**महाराजं** = महाराज
सारं सारं = सार-सार कुरालाई	**परीतं** = घेरिएका	**परीक्षितम्** = परीक्षित्‌लाई
समुद्धृतम् = सङ्ग्रह गरिएको	**प्रायोपविष्टं** = निराहार व्रत लिएका	**संश्रावयामास** = सुनाउनुभयो
सः = ती भगवान् शुकदेवजीले		

वाक्यार्थ— यसमा सम्पूर्ण वेद र इतिहासको सार सङ्ग्रह गरिएको छ। जुन समयमा राजा परीक्षित् आमरण निराहार व्रत लिएर गङ्गाको तटमा परमर्षिहरूद्वारा घेरिएर बस्नुभएको थियो, त्यस समयमा उहाँलाई भगवान् शुकदेवजीले यो पुराण सुनाउनुभयो।

प्रायोपविष्टं गङ्गायां परीतं परमर्षिभिः।

कृष्णे स्वधामोपगते धर्मज्ञानादिभिः सह॥ ४३॥

कलौ नष्टदृशामेष पुराणार्कोऽधुनोदितः।

तत्र कीर्तयतो विप्रा विप्रर्षेर्भूरितेजसः॥ ४४॥

पदार्थ–

धर्मज्ञानादिभिः सह = धर्म र ज्ञानका साथ
कृष्णे = भगवान् श्रीकृष्ण
स्वधामोपगते = आफ्नो धाम वैकुण्ठतिर फर्केपछि
कलौ = यस कलियुगमा
नष्टदृशाम् = अज्ञानरूपी अन्धकारले अन्धा भएका मनुष्यहरूका लागि
अधुना = अहिले
एषः = यो
पुराणार्कः = पुराणरूपी सूर्य
उदितः = उदाएको छ
विप्राः = हे शौनक आदि ऋषिहरू हो
तत्र = त्यहाँ
भूरितेजसः = महातेजस्वी
विप्रर्षेः = भगवान् शुकदेवजी
कीर्तयतः = सुनाउँदै हुनुहुन्थ्यो

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू ! जब भगवान् श्रीकृष्ण धर्म र ज्ञान आदिका साथ आफ्नो परम धामतिर जानुभयो, तब अहिले यस कलियुगमा अज्ञानरूपी अन्धकारले अन्धा भएका मनुष्यहरूका लागि अहिले यो पुराणरूपी सूर्य प्रकट भएको छ। त्यहाँ महातेजस्वी भगवान् शुकदेवजी सुनाउँदै हुनुहुन्थ्यो।

अहं चाध्यगमं तत्र निविष्टस्तदनुग्रहात्।

सोऽहं वः श्रावयिष्यामि यथाधीतं यथामति॥ ४५॥

पदार्थ–

तत्र = त्यहाँ
अहं = म
निविष्टः = बसेको थिएँ
तदनुग्रहात् = उहाँको कृपापूर्ण अनुमतिले
अहं = मैले
अध्यगमं = यो भागवतको अध्ययन गरेँ
च = पनि
यथा अधीतं = जसरी अध्ययन गरेँ त्यस अनुसार
यथामति = आफ्नो बुद्धिको अनुसार
सः अहं = म
वः = तपाईंहरूलाई
श्रावयिष्यामि = सुनाउनेछु

वाक्यार्थ– महातेजस्वी श्रीशुकदेवजी यो पुराण राजा परीक्षित्‌लाई सुनाइरहनुभएको थियो, त्यस समयमा म पनि त्यहाँ बसेको थिएँ। मैले उहाँको कृपापूर्ण अनुमतिले यस भागवतको अध्ययन गरेँ। मैले यस भागवतको जसरी अध्ययन गरेको छु र मेरो बुद्धिले जति ग्रहण गर्न सकेको छ त्यसैको अनुसार म तपाईंहरूलाई सुनाउनेछु।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

नैमिषीयोपाख्याने तृतीयोऽध्यायः॥ ३॥

अथ चतुर्थोऽध्यायः

महर्षि व्यासको असन्तोष

व्यास उवाच (व्यासजीले भन्नुभयो)

इति ब्रुवाणं संस्तूय मुनीनां दीर्घसत्रिणाम्।

वृद्धः कुलपतिः सूतं बह्वृचः शौनकोऽब्रवीत्॥ १॥

पदार्थ—

इति = यसप्रकार	यज्ञमा सम्मिलित भएका	**बह्वृचः** = ऋग्वेदाध्यायी
ब्रुवाणं = भनिरहनुभएका	**मुनीनां** = मुनिहरूको बीचमा	**शौनकः** = शौनक ऋषिले
(सूतजीको)	**वृद्धः** = (विद्या र अवस्था	**सूतं** = सूतजीलाई
संस्तूय = स्तुति गर्दै	दुबैमा) वृद्ध	**अब्रवीत्** = भन्नभुयो
दीर्घसत्रिणाम् = दीर्घकालीन	**कुलपतिः** = कुलपति	

वाक्यार्थ— यसप्रकार समग्र ऋषिहरूको प्रशंसा गर्ने सूतजीको स्तुति गर्दै दीर्घकालीन यज्ञमा सम्मिलित भएका मुनिहरूको बीचमा विद्या र अवस्था दुबैले वृद्ध कुलपति ऋग्वेदाध्यायी शौनक ऋषिले सूतजीलाई भन्नुभयो।

शौनक उवाच (शौनकजीले भन्नुभयो)

सूत सूत महाभाग वद नो वदतां वर।

कथां भागवतीं पुण्यां यदाह भगवाञ्छुकः॥ २॥

पदार्थ—

वदतां = कथा भन्नेहरूमा	**पुण्यां** = पवित्र	**आह** = भन्नुभयो (त्यो कथा)
वर = श्रेष्ठ	**भागवतीं** = भागवत	**नः** = हामीहरूलाई
महाभाग = महाभाग्यशाली	**कथां** = कथालाई	**वद** = भन्नुहोस्
सूत सूत = हे सूतजी	**भगवान्** = भगवान्	
यत् = जुन	**शुकः** = शुकदेवजीले	

वाक्यार्थ— हे सूतजी ! तपाईं वक्ताहरूमा उत्तम हुनाका साथै अत्यन्त भाग्यशाली पनि हुनुहुन्छ। यसर्थ जुन पवित्र भागवत कथा भगवान् शुकदेवजीले भन्नुभएको थियो त्यो हामीहरूलाई सुनाउनुहोस्।

कस्मिन् युगे प्रवृत्तेयं स्थाने वा केन हेतुना।
कुतः सञ्चोदितः कृष्णः कृतवान् संहितां मुनिः॥ ३॥

पदार्थ—

कस्मिन् = कुन	**इयं** = यो कथा	**कृष्णः** = कृष्ण द्वैपायन
युगे = युगमा	**केन** = कुन	**मुनिः** = मुनिले
वा = अथवा	**हेतुना** = कारणले	**संहितां** = परमहंसको संहितालाई
स्थाने = ठाउँमा	**कुतः** = कसबाट	**कृतवान्** = बनाउनुभयो
प्रवृत्ता = प्रवृत्त भयो	**सञ्चोदितः** = प्रेरित भएर	

वाक्यार्थ— यो कथा कुन युगमा, कुन ठाउँमा र कुन कारणले भनिएको थियो ? कृष्णद्वैपायन भगवान् वेदव्यासले कसबाट प्रेरित भएर यो परमहंस संहिताको निर्माण गर्नु भएको हो ?

तस्य पुत्रो महायोगी समदृङ्निर्विकल्पकः।
एकान्तमतिरुन्निद्रो गूढो मूढ इवेयते॥ ४॥

पदार्थ—

तस्य = भगवान् वेदव्यासका	**एकान्तमतिः** = एकमात्र	नपाउने ढङ्गले रहनुभएकाले
पुत्रः = छोरा	परमात्मामा स्थित	**मूढः** = मूढ
महायोगी = ठुलो योगी	**उन्निद्रः** = संसारनिद्राबाट	**इव** = झैँ
समदृक् = समदर्शी	जागेका	**ईयते** = प्रतीत हुनुहुन्छ
निर्विकल्पकः = भेदभावरहित	**गूढः** = संसारी प्राणीले थाहा	

वाक्यार्थ— भगवान् वेदव्यासकाका छोरा शुकदेवजी ठुला योगी, समदर्शी, भेदभावरहित, संसारनिद्राबाट बिउँझनुभएका र निरन्तर एकमात्र परमात्मामा तल्लीन हुनुहुन्छ। संसारी प्राणीले थाहा नपाउने ढङ्गले रहनुभएकाले उहाँ मूढझैँ प्रतीत हुनुहुन्छ।

दृष्ट्वानुयान्तमृषिमात्मजमप्यनग्नं
देव्यो ह्रिया परिदधुर्न सुतस्य चित्रम्।
तद्वीक्ष्य पृच्छति मुनौ जगदुस्तवास्ति
स्त्रीपुम्भिदा न तु सुतस्य विविक्तदृष्टेः॥ ५॥

पदार्थ—

अनग्नं = कपडा लगाएका	**ऋषिम्** = भगवान् वेदव्यासलाई	स्त्रीहरूले
आत्मजम् = छोराको	**दृष्ट्वा** = देखेर	**ह्रिया** = लाजले
अनुयान्तम् = पछि लागेका	**देव्यः** = तलाउमा स्नान गरिहेका	**परिदधुः** = कपडा लगाए

अपि = परन्तु
सुतस्य = व्यासजीका छोरालाई
वीक्ष्य = नाङ्गै देखेर चाहिँ कपडा लगाएनन्
तत् = त्यो
चित्रम् = आश्चर्य छ
मुनौ = वेदव्यासले
पृच्छति = सोधेपछि
जगदुः = स्त्रीहरूले उत्तर दिए कि
तव = तपाईंको
स्त्रीपुम्भिदा = स्त्री र पुरुषमा भेदबुद्धि
अस्ति = छ
विविक्तदृष्टेः = निर्विकार दृष्टि भएका
सुतस्य = तपाईंका छोराको
तु = चाहिँ
न = यो स्त्री हो र यो पुरुष हो भन्ने भेददृष्टि छैन
न = छैन

वाक्यार्थ– संन्यास लिएर वनतिर जान लाग्नुभएका शुकदेवजीको पछि-पछि भगवान् वेदव्यासजी गइरहनुभएको थियो। त्यसवेला जलमा स्नान गरिरहेका स्त्रीहरूले नाङ्गै हिँडिरहेका सोह्रवर्षे शुकदेवजीलाई देखेर कपडा लगाएनन् परन्तु वस्त्रधारण गरेका व्यसजीलाई देखेर लाजले कपडा लगाए। यो आश्चर्य देखेर व्यासजीले कारण सोध्दा ती स्त्रीहरूले यसप्रकार उत्तर दिएका थिए– 'यो व्यक्ति स्त्री हो अनि यो व्यक्ति पुरुष हो भन्ने भेददृष्टि तपाईंमा भएकाले हामीले तपाईंलाई देखेर कपडा लगाएका हौं, परन्तु तपाईंका छोरा शुकदेवजीमा स्त्रीपुरुषमा भेददृष्टि नभएकाले उहाँलाई देख्दा हामीले कपडा नलगाएका हौं।'

कथमालक्षितः पौरैः सम्प्राप्तः कुरुजाङ्गलान्।
उन्मत्तमूकजडवद् विचरन् गजसाह्वये॥ ६॥

पदार्थ–

कुरुजाङ्गलान् = कुरुजाङ्गल देशको
गजसाह्वये = हस्तिनापुरमा
सम्प्राप्तः = पुगेर
उन्मत्तमूकजडवत् = पागल, लाटो र जडजस्तो भएर
विचरन् = घुम्ने ती शुकदेवजीलाई
पौरैः = नगरवासीहरूले
कथम् = कसरी
आलक्षितः = चिने

वाक्यार्थ– कुरुजाङ्गल देशको हस्तिनापुरमा पुगेर पागल, लाटो र जडसमान विचरण गर्ने शुकदेव मुनिलाई नगरवासीहरूले कसरी चिने ?

कथं वा पाण्डवेयस्य राजर्षेर्मुनिना सह।
संवादः समभूत्तात यत्रैषा सात्वती श्रुतिः॥ ७॥

पदार्थ–

तात = हे पितातुल्य
वा = अथवा
पाण्डवेयस्य = पाण्डवपुत्र
राजर्षेः = राजा परीक्षित्को
मुनिना = शुकदेव मुनिका
सह = साथ
संवादः = संवाद
कथं = कसरी
समभूत् = भयो
यत्र = जुन संवादमा
एषा = यो
सात्वती = भागवत
श्रुतिः = संहिता भनियो

वाक्यार्थ– पाण्डवनन्दन राजर्षि परीक्षित्को भगवान् शुकदेवजीका साथ कुन प्रसङ्गमा कसरी वार्तालाप भयो र यो भागवत संहिता भन्ने काम गरियो ?

स गोदोहनमात्रं हि गृहेषु गृहमेधिनाम् ।
अवेक्षते महाभागस्तीर्थीकुर्वंस्तदाश्रमम् ॥ ८ ॥

पदार्थ–

सः = ती	**गृहमेधिनाम्** = गृहस्थहरूको	**गोदोहनमात्रं** = गाई दुहुन लाग्ने
महाभागः = महाभाग्यशाली	**गृहेषु** = घरमा	समयजति मात्र
शुकदेवजी	**तदाश्रमम्** = तिनीहरूको घरलाई	**अवेक्षते** = रहनुहुन्छ
हि = निश्चय नै	**तीर्थीकुर्वन्** = तीर्थस्वरूप बनाउँदै	

वाक्यार्थ– भगवान् शुकदेवजी त निश्चय नै गृहस्थहरूको घरमा उनीहरूको घरलाई तीर्थरूप बनाउनको लागि गाई दुहुन जति समय लाग्छ त्यति समयका लागि मात्र रहनुहुन्छ।

अभिमन्युसुतं सूत प्राहुर्भागवतोत्तमम् ।
तस्य जन्म महाश्चर्यं कर्माणि च गृणीहि नः ॥ ९ ॥

पदार्थ–

सूत = हे सूतजी	**प्राहुः** = भन्दछन्	**च** = पनि
अभिमन्युसुतं = अभिमन्युका	**तस्य** = उहाँको	**नः** = हामीहरूलाई
छोरा राजा परीक्षित्लाई	**महाश्चर्यं** = आश्चर्यमय	**गृणीहि** = वर्णन गर्नुहोस्
भागवतोत्तमम् = भगवान्का	**जन्म** = जन्म र	
अनन्य भक्त छन् भनेर	**कर्माणि** = कर्महरूलाई	

वाक्यार्थ– सूतजी ! अभिमन्युपुत्र राजर्षि परीक्षित् भगवान्का ज्यादै अनन्य भक्त हुनुहुन्थ्यो भन्ने कुरा हामीहरूले सुनेका छौँ। उहाँको अत्यन्त आश्चर्यमय जन्म र कर्महरूको वर्णन गर्नुहोस्।

स सम्राट् कस्य वा हेतोः पाण्डूनां मानवर्धनः ।
प्रायोपविष्टो गङ्गायामनादृत्याधिराट्श्रियम् ॥ १० ॥

पदार्थ–

वा = अथवा	**कस्य** = कुन	गरेर
पाण्डूनां = पाण्डव वंशको	**हेतोः** = कारणले	**गङ्गायाम्** = गङ्गातटमा
मानवर्धनः = मानलाई बढाउने	**अधिराट्श्रियम्** = साम्राज्य	**प्रायोपविष्टः** = मृत्युपर्यन्त
सः = ती	लक्ष्मीलाई	निराहार व्रत लिएर बस्नुभयो
सम्राट् = सम्राट् राजा परीक्षित्	**अनादृत्य** = अनादर (परित्याग)	

वाक्यार्थ– राजा परीक्षित् त पाण्डवहरूको मानलाई बढाउने सम्राट् हुनुहुन्थ्यो र के कारणले साम्राज्य लक्ष्मीको परित्याग गरेर गङ्गाको तटमा मृत्युपर्यन्त निराहार व्रत लिएर बस्नुभयो ?

नमन्ति यत्पादनिकेतमात्मनः
शिवाय हानीय धनानि शत्रवः ।
कथं स वीरः श्रियमङ्ग दुस्त्यजां
युवैषतोत्स्रष्टुमहो सहासुभिः ॥ ११ ॥

पदार्थ–

अङ्ग = हे प्रिय सूतजी	**नमन्ति** = नमस्कार गर्दछन्	**असुभिः** = प्राणका
शत्रवः = शत्रुहरू पनि	**सः** = ती राजा	**सह** = साथ
आत्मनः = आफ्नो	**वीरः** = वीर र	**उत्स्रष्टुम्** = त्यागनका लागि
शिवाय = भलाइका लागि	**ह** = निश्चय नै	**कथं** = कसरी
धनानि = धनहरू	**युवा** = युवक पनि हुनुहुन्थ्यो	**ऐषत** = इच्छा गर्नुभयो
आनीय = ल्याएर	**अहो** = फेरि किन	
यत्पादनिकेतम् = जसको चरणपादुकालाई	**दुस्त्यजां** = दुस्त्यज	
	श्रियम् = लक्ष्मीलाई	

वाक्यार्थ– हे प्रिय सूतजी ! शत्रु राजाहरू पनि आफ्नो भलाइका लागि धेरै धन ल्याएर उहाँको चरणपादुकामा चढाएर नमस्कार गर्दथे। उहाँ वीर र युवक पनि हुनुहुन्थ्यो। उहाँले त्यस्तो दुस्त्यज लक्ष्मीलाई आफ्ना प्राणका साथ किन त्याग गर्ने इच्छा गर्नुभयो ?

शिवाय लोकस्य भवाय भूतये
य उत्तमश्लोकपरायणा जनाः ।
जीवन्ति नात्मार्थमसौ पराश्रयं
मुमोच निर्विद्य कुतः कलेवरम् ॥ १२ ॥

पदार्थ–

ये = जुन	**भवाय** = समृद्धिका लागि	**निर्विद्य** = विरक्त भएर पनि
उत्तमश्लोकपरायणाः = भगवान्मा चित्त समर्पण गरेका	**भूतये** = ऐश्वर्यका लागि	**पराश्रयं** = अर्काको आश्रय भएको
	जीवन्ति = जीवन धारण गर्दछन्	
जनाः = मानिसहरू	**आत्मार्थम् न** = आफ्ना लागि उनीहरू जीवन धारण गर्दैनन्	**कलेवरम्** = शरीरलाई
लोकस्य = संसारको		**कुतः** = के कारण
शिवाय = सुखका लागि	**असौ** = यी राजाले	**मुमोच** = छोड्नुभयो

वाक्यार्थ– भगवान्मा चित्त समर्पण गरेका मानिसहरू स्वार्थरहित भएर संसारको सुख र समृद्धिका लागि जीवन धारण गर्दछन्। यस्तै राजा परीक्षित्को शरीर पनि अर्काको हितका लागि थियो। उहाँले विरक्त भएर अरूहरूको आश्रय भएको शरीरलाई किन परित्याग गर्नुभयो ?

तत्सर्वं नः समाचक्ष्व पृष्टो यदिह किञ्चन।
मन्ये त्वां विषये वाचां स्नातमन्यत्र छान्दसात्॥ १३॥

पदार्थ–

इह = यस समयमा	**समाचक्ष्व** = भन्नुहोस्	**विषये** = विषयमा
यत् किञ्चन = जुन कुरा	**त्वां** = तपाईंलाई	**स्नातम्** = पारङ्गत
पृष्टः = सोधेका छौं	**छान्दसात्** = वेदवाणीलाई	**मन्ये** = ठान्दछु
तत्सर्वं = ती सम्पूर्ण कुराहरू	**अन्यत्र** = छाडेर	
नः = हामीहरूलाई	**वाचां** = अरू सम्पूर्ण शास्त्रको	

वाक्यार्थ– सुतजी ! तपाईं वेदवाणीलाई छोडेर अरू सम्पूर्ण शास्त्रहरूका पारदर्शी विद्वान् हुनुहुन्छ। त्यसकारण हामीले अहिले जुन कुरा सोधेका छौं, कृपा गरेर त्यसको उत्तर हामीलाई दिनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

द्वापरे समनुप्राप्ते तृतीये युगपर्यये।
जातः पराशराद् योगी वासव्यां कलया हरेः॥ १४॥

पदार्थ–

युगपर्यये = सत्य युग आदि चार युगहरूको गणनामा	**समनुप्राप्ते** = आएपछि	**हरेः** = भगवान् नारायणको
	पराशरात् = पराशरद्वारा	**कलया** = कलावतार
तृतीये = तेस्रो	**वासव्यां** = वसुकन्या सत्यवतीको गर्भबाट	**योगी** = भगवान् वेदव्यासको
द्वापरे = द्वापर युगमा		**जातः** = जन्म भयो

वाक्यार्थ– सत्य युग आदि चार युगहरूमध्ये तेस्रो द्वापर युगमा महर्षि पराशरद्वारा वसुकन्या सत्यवतीको गर्भबाट भगवान्को कलावतार योगिराज व्यासजीको जन्म भयो।

स कदाचित् सरस्वत्या उपस्पृश्य जलं शुचिः।
विविक्तदेश आसीन उदिते रविमण्डले॥ १५॥

पदार्थ–

सः = ती भगवान् वेदव्यास	**कदाचित्** = कुनै दिन	**रविमण्डले** = सूर्य

उदिते = उदयको समयमा	**जलं** = जलमा	**आसीनः** = बस्नुभयो
सरस्वत्याः = सरस्वती नदीको	**उपस्पृश्य** = स्थान गरेर	
शुचिः = पवित्र	**विविक्तदेशे** = एकान्त ठाउँमा	

वाक्यार्थ– एकदिन भगवान् वेदव्यास सूर्योदयको वेलामा सरस्वती नदीको पवित्र जलमा स्नान गरी एकान्त पवित्र ठाउँमा बस्नुभएको थियो।

परावरज्ञः स ऋषिः कालेनाव्यक्तरंहसा।
युगधर्मव्यतिकरं प्राप्तं भुवि युगे युगे॥ १६॥
भौतिकानां च भावानां शक्तिह्रासं च तत्कृतम्।
अश्रद्दधानान्निःसत्त्वान् दुर्मेधान् ह्रसितायुषः॥ १७॥
दुर्भगांश्च जनान् वीक्ष्य मुनिर्दिव्येन चक्षुषा।
सर्ववर्णाश्रमाणां यद् दध्यौ हितममोघदृक्॥ १८॥

पदार्थ–

परावरज्ञः = भूत र भविष्यत्लाई जान्ने	**तत्कृतम्** = कालद्वारा गरिएको	**वीक्ष्य** = देखेर
सः = ती	**भौतिकानां** = पञ्च महाभूतका कार्य भएका	**सर्ववर्णाश्रमाणां** = सम्पूर्ण वर्ण र आश्रमहरूको
ऋषिः = भगवान् वेदव्यासले	**भावानां** = शरीर आदिको	**च** = पनि
	शक्तिह्रासं = शक्तिको ह्रास	**अमोघदृक्** = अमोघ दृष्टि भएका
अव्यक्तरंहसा = अव्यक्त वेग भएको	**च** = पनि देखेर त्यस्तै	**मुनिः** = मुनि भगवान् वेदव्यासले
	अश्रद्दधानान् = श्रद्धारहित	
कालेन = समयको प्रभावले	**निःसत्त्वान्** = धर्मशून्य अथवा रजोगुण र तमोगुणले युक्त भएका	**यत्** = जुन
युगधर्मव्यतिकरं = युगधर्महरूको सङ्कर वा नाश		**हितम्** = हितकारक छ, त्यसको
प्राप्तं = प्राप्त भएको (दिव्य चक्षुले देखेर त्यस्तै)	**दुर्मेधान्** = मन्दमति	**दिव्येन** = दिव्य
	ह्रसितायुषः = अल्पायु	**चक्षुषा** = दृष्टिद्वारा
भुवि = पृथिवीमा	**दुर्भगान्** = भाग्यहीन	**दध्यौ** = विचार गर्नुभयो
युगे युगे = युग युगमा	**जनान्** = मानिसहरूलाई	

वाक्यार्थ– अमोघ दृष्टि भएका महर्षि वेदव्यास भूत र भविष्यत्लाई जान्नुहुन्थ्यो। उहाँले विचार गर्नुभयो कि समयको गतिसँगै प्रत्येक युगमा धर्मको नाशको कारणले भौतिक वस्तुको शक्तिको ह्रास भइरहेको छ, संसारका प्राणीहरू श्रद्धाहीन र शक्तिहीन भइरहेका छन्, उनीहरूको बुद्धिले आफ्नो कर्तव्यको ठीक-बेठीक निर्णय गर्न सकिरहेको छैन, मानिसहरूको आयु पनि कम हुँदै

गइरहेको छ। यसर्थ मानिसहरूको भाग्यहीनतालाई देखेर मुनीश्वर भगवान् वेदव्यासले आफ्नो दिव्य दृष्टिले सम्पूर्ण वर्ण र आश्रमको हित कसरी हुन्छ भन्ने कुरालाई लिएर खुब विचार गर्नुभयो।

चातुर्होत्रं कर्म शुद्धं प्रजानां वीक्ष्य वैदिकम्।
व्यदधाद् यज्ञसन्तत्यै वेदमेकं चतुर्विधम्॥ १९॥

पदार्थ—
चातुर्होत्रं = होता, अध्वर्यु, उद्गाता र ब्रह्मा यी चारजना ऋत्विक्बाट सम्पन्न हुने
वैदिकम् = वैदिक
कर्म = कर्म
प्रजानां = कर्ममा अधिकार भएका मनुष्यका लागि
शुद्धं = अन्तःकरणलाई शुद्ध गर्ने
वीक्ष्य = विचार गरेर
यज्ञसन्तत्यै = यज्ञको विस्तारको लागि
एकं = एउटै
वेदम् = वेदलाई
चतुर्विधम् = चार प्रकारको
व्यदधात् = गर्नुभयो

वाक्यार्थ— महर्षि वेदव्यासले वेदोक्त चातुर्होत्र कर्मले मानिसहरूको हृदयलाई शुद्ध गराउँछ भन्ने विचार गरी उहाँले यज्ञको विस्तार गर्नको लागि एउटै वेदलाई चार भागमा विभक्त गर्नुभयो।

ऋग्यजुःसामाथर्वाख्या वेदाश्चत्वार उद्धृताः।
इतिहासपुराणं च पञ्चमो वेद उच्यते॥ २०॥

पदार्थ—
ऋग्यजुःसामाथर्वाख्याः = ऋक्, यजु, साम र अथर्व नाम गरेका
चत्वारः = चार
वेदाः = वेद
उद्धृताः = एकबाट चार भागमा विभाजित गर्नुभयो
इतिहासपुराणं = इतिहासपुराणलाई
च = पनि
पञ्चमः = पाँचौं
वेदः = वेद
उच्यते = भनिन्छ

वाक्यार्थ— यसरी महर्षि वेदव्यासले एउटा वेदलाई ऋक्, यजु, साम र अथर्व चार भागमा वर्गीकृत गर्नुभयो। यसपछि इतिहासपुराणको रचना गर्नुभयो। यसलाई पाँचौं वेद भनिन्छ।

तत्रर्ग्वेदधरः पैलः सामगो जैमिनिः कविः।
वैशम्पायन एवैको निष्णातो यजुषामुत॥ २१॥
अथर्वाङ्गिरसामासीत् सुमन्तुर्दारुणो मुनिः।
इतिहासपुराणानां पिता मे रोमहर्षणः॥ २२॥

पदार्थ—

तत्र = वेदहरूमध्ये
पैलः = पैल नाम गरेका ऋषिले
ऋग्वेदधरः = ऋग्वेदको अध्ययन गर्नुभयो
जैमिनिः = जैमिनि
कविः = ऋषिले
सामगः = सामवेदको अध्ययन गर्नुभयो
यजुषाम् = यजुर्वेदमा
उत = चाहिँ
वैशम्पायनः = वैशम्पायन ऋषिले
एकः = एक्लै
एव = नै
निष्णातः = कुशल हुनुभयो
अथर्वाङ्गिरसाम् = अथर्व वेदमा
दारुणः = दरुणका पुत्र
सुमन्तुः = सुमन्तु
मुनिः = मुनि निष्णात हुनुभयो
इतिहासपुराणानां = इतिहास र पुराणको विषयमा
मे = मेरा
पिता = पिता
रोमहर्षणः = रोमहर्षण
आसीत् = निष्णात हुनुभयो

वाक्यार्थ— पैल ऋषिले ऋग्वेद र जैमिनि ऋषिले सामवेदको अध्ययन गर्नुभयो। वैशम्पायन मुनि यजुर्वेदमा र दरुणनन्दन सुमन्तु ऋषि अथर्ववेदमा निष्णात हुनुभयो। मेरा पिता रोमहर्षण चाहिँ इतिहास र पुराणमा निष्णात हुनुभयो।

त एत ऋषयो वेदं स्वं स्वं व्यस्यन्ननेकधा।
शिष्यैः प्रशिष्यैस्तच्छिष्यैर्वेदास्ते शाखिनोऽभवन्॥ २३॥

पदार्थ—

ते = ती
एते = यिनै
ऋषयः = ऋषिहरूले
ते = ती ऋषिहरूले
स्वं स्वं = आ-आफ्नो
वेदं = शाखाहरूलाई
अनेकधा = अनेक भागमा
व्यस्यन् = विभक्त गर्नुभयो यसप्रकार
शिष्यैः = शिष्य
प्रशिष्यैः = प्रशिष्य र
तच्छिष्यैः = उनीहरूका पनि शिष्यद्वारा
वेदाः = वेदहरू
शाखिनः = विभिन्न शाखाहरूले युक्त
अभवन् = भए

वाक्यार्थ— यी पूर्वोक्त ऋषिहरूले आ-आफ्नो शाखालाई अनेक भागमा विभक्त गर्नुभयो। यसप्रकार शिष्य, प्रशिष्य र उनीहरूका पनि शिष्यहरूद्वारा वेदका धेरै शाखाहरू बने।

त एव वेदा दुर्मेधैर्धार्यन्ते पुरुषैर्यथा।
एवं चकार भगवान्व्यासः कृपणवत्सलः॥ २४॥

पदार्थ—

कृपणवत्सलः = मन्द बुद्धि भएका मानिसहरूलाई कृपा गरेर
भगवान् = भगवान्
व्यासः = वेदव्यासले
दुर्मेधैः = मन्दबुद्धि भएका
पुरुषैः = पुरुषहरूद्वारा
यथा = जसरी
ते एव = ती
वेदाः = वेदहरू
धार्यन्ते = धारण गर्न सकिन्छन्
एवं = त्यही ढङ्गले
चकार = विभाजन गर्नुभयो

वाक्यार्थ– भगवान् वेदव्यासले कम बुद्धि भएका मानिसहरूले वेदको ज्ञान सजिलैसँग गर्नसकून् भन्ने उद्देश्यले वेदको विभाजन गर्नुभएको हो।

स्त्रीशूद्रद्विजबन्धूनां त्रयी न श्रुतिगोचरा।
कर्मश्रेयसि मूढानां श्रेय एवं भवेदिह ॥
इति भारतमाख्यानं कृपया मुनिना कृतम् ॥ २५ ॥

पदार्थ–

स्त्रीशूद्रद्विजबन्धूनां = स्त्री, शूद्र र पतित द्विजातिहरू
त्रयी = यी तीनै
न श्रुतिगोचरा = वेदश्रवणका अधिकारी नहुनाले
कर्मश्रेयसि = कल्याणकारक शास्त्रोक्त कर्ममा
मूढानां = भूल गर्ने
एवं = त्यस्ता पुरुषको पनि
इह = यहाँ
श्रेयः = कल्याण
भवेत् = होस्
इति = भन्ने विचार गरेर
कृपया = कृपापूर्वक
मुनिना = मुनि वेदव्यासले
भारतमाख्यानं = महाभारत इतिहासको
कृतम् = रचना गर्नुभयो

वाक्यार्थ– स्त्री, शूद्र र पतित द्विजाति यी तीनै थरी वेदश्रवणका अधिकारी नहुनाले उनीहरू कल्याणकारी शास्त्रोक्त कर्ममा गल्ती गर्दछन्। यसर्थ त्यस्ता पुरुषको पनि कल्याण होस् भन्ने दृष्टिले महामुनि वेदव्यासले कृपा गरेर महाभारत इतिहासको रचना गर्नुभयो।

एवं प्रवृत्तस्य सदा भूतानां श्रेयसि द्विजाः।
सर्वात्मकेनापि यदा नातुष्यद्धृदयं ततः ॥ २६ ॥
नातिप्रसीदद्धृदयः सरस्वत्यास्तटे शुचौ।
वितर्कयन् विविक्तस्थ इदं प्रोवाच धर्मवित् ॥ २७ ॥

पदार्थ–

द्विजाः = शौनक आदि ऋषिहरू हो
एवं = यसप्रकार
भूतानां = प्राणीको
श्रेयसि = कल्याणका लागि
सर्वात्मकेन = आफ्नो सम्पूर्ण शक्ति लगाएर
सदा = सधैं
प्रवृत्तस्य = प्रवृत्त
अपि = भए पनि
यदा = जब
हृदयं = उहाँको हृदय
न अतुष्यत् = प्रसन्न भएन
ततः = त्यसपछि
नातिप्रसीदद्धृदयः = मनमा केही खिन्नता लिएका
धर्मवित् = धर्म जान्ने ती वेदव्यास
सरस्वत्याः = सरस्वती नदीको
शुचौ = पवित्र
तटे = तटमा
विविक्तस्थः = एकान्तमा बसेर
वितर्कयन् = मनमनमा विचार गर्दै

इदं = यसप्रकार	**उवाच** = भन्न लाग्नुभयो

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू ! यद्यपि व्यासजी आफ्नो सम्पूर्ण शक्ति लगाएर सदा सर्वदा प्राणीहरूको कल्याणमा लागिरहनुभयो तर पनि उहाँको हृदयमा सन्तोषको अनुभूति भएन। यसपछि सरस्वती नदीको पवित्र तटमा एकान्तमा बसेर धर्मवेत्ता व्यासजी मनमनै विचार गर्दै यसप्रकार भन्न लाग्नुभयो।

धृतव्रतेन हि मया छन्दांसि गुरवोऽग्नयः।
मानिता निर्व्यलीकेन गृहीतं चानुशासनम्॥ २८॥

पदार्थ–

निर्व्यलीकेन = निष्कपट भावले	**छन्दांसि** = वेदहरू	**अनुशासनम्** = उहाँहरूको आज्ञाको
हि = निश्चय	**गुरवः** = गुरुहरू	**गृहीतं** = पालन पनि गरेको छु
धृतव्रतेन = ब्रह्मचर्य आदि व्रतलाई पालन गर्दै	**च** = र	
मया = मैले	**अग्नयः** = अग्निहरूको	
	मानिताः = सम्मान गरेको छु	

वाक्यार्थ– मैलै निष्कपट भावले ब्रह्मचर्य आदि व्रतको पालन गर्दै वेद, गुरुजन र अग्निको सम्मान गरेको छु र उहाँहरूको आज्ञाको पालन पनि गरेको छु।

भारतव्यपदेशेन ह्याम्नायार्थश्च दर्शितः।
दृश्यते यत्र धर्मादि स्त्रीशूद्रादिभिरप्युत॥ २९॥

पदार्थ–

उत = यस्तै	**प्रदर्शितः** = खोलिदिएको छु	**हि** = निश्चय नै
भारतव्यपदेशेन = महाभारतको बहानाले	**यत्र** = जुन महाभारतमा	**धर्मादि** = धर्म आदिको
आम्नायार्थः = वेदको अर्थ	**स्त्रीशूद्रादिभिः** = स्त्री, शूद्र आदिहरूद्वारा	**दृश्यते** = ज्ञान गर्न सकिन्छ
च = पनि	**अपि** = पनि	

वाक्यार्थ– महाभारत बनाउने बहानाले मैले वेदको अर्थलाई पनि खोलिदिएको छु। यसको अध्ययन गरेर स्त्री, शूद्र आदिले पनि आ-आफ्नो धर्म र कर्मको ज्ञान प्राप्त गर्दछन्।

तथापि बत मे दैह्यो ह्यात्मा चैवात्मना विभुः।
असम्पन्न इवाभाति ब्रह्मवर्चस्यसत्तमः॥ ३०॥

पदार्थ–

तथा अपि = तर पनि	**आत्मा** = जीवात्मा	**विभुः** = पूर्ण
दैह्यः = देहमा विश्वास गर्ने	**बत** = वस्तुतः	**एव** = नै छ

च = र	**मे** = मेरो	**इव** = जस्तो
हि = निश्चय नै	**आत्मना** = आफ्नो रूपले	**आभाति** = प्रतीत भइरहेको छु
ब्रह्मवर्चसी = ब्रह्मतेजले सम्पन्न भए पनि	**असत्तमः** = श्रेष्ठ	
	असम्पन्नः = अपूर्ण	

वाक्यार्थ— यद्यपि म ब्रह्मतेजले सम्पन्न र श्रेष्ठ पनि छु, तापनि म आफ्नो रूपले अपूर्णझैं प्रतीत भइरहेको छु।

किं वा भागवता धर्मा न प्रायेण निरूपिताः।
प्रियाः परमहंसानां त एव ह्यच्युतप्रियाः॥ ३१॥

पदार्थ—

भागवताः = भगवान्‌लाई प्राप्त गराउने	गरिनँ	**प्रियाः** = प्रिय छन्
	प्रायेण = खास गरी	**हि** = निश्चय नै
धर्माः = धर्मको बारेमा	**ते** = ती भागवत धर्म	**अच्युतप्रियाः** = अच्युतका प्रिय छन्
किं वा = अवश्य पनि	**एव** = नै	
न निरूपिताः = मैले निरूपण	**परमहंसानां** = परमहंसका लागि	

वाक्यार्थ— अवश्य पनि मैले अहिलेसम्म भगवान्‌लाई प्राप्त गराउने धर्महरूको बारेमा निरूपण गरेको छैन। मेरो मनको अपूर्णताको कारण यही नै हुन सक्दछ। खास गरी परमहंसका लागि प्रिय भागवत धर्म नै भगवान्‌का लागि पनि प्रिय हुन्छन्।

तस्यैवं खिलमात्मानं मन्यमानस्य खिद्यतः।
कृष्णस्य नारदोऽभ्यागादाश्रमं प्रागुदाहृतम्॥ ३२॥

पदार्थ—

एवं = यसप्रकार	**खिद्यतः** = खिन्न चित्त भएका	**उदाहृतम्** = बताइएको
आत्मानं = आफूलाई	**तस्य** = ती	**आश्रमं** = आश्रममा
खिलम् = अपूर्ण	**कृष्णस्य** = द्वैपायन वेदव्यासको	**नारदः** = देवर्षि नारद
मन्यमानस्य = ठान्ने	**प्राक्** = पहिले	**अभ्यागात्** = आउनुभयो

वाक्यार्थ— कृष्णद्वैपायन व्यास यसप्रकार आफूलाई अपूर्ण मानेर खिन्न भएर बसिरहनुभएको थियो। यसै समयमा पूर्वोक्त आश्रममा देवर्षि नारदजी आउनुभयो।

तमभिज्ञाय सहसा प्रत्युत्थायागतं मुनिः।
पूजयामास विधिवन्नारदं सुरपूजितम्॥ ३३॥

पदार्थ—

तम् = उहाँ
आगतं = आउनुभएको
अभिज्ञाय = थाहा पाएर
सहसा = तुरुन्त
प्रत्युत्थाय = उठेर
मुनिः = भगवान् वेदव्यासले
सुरपूजितम् = देवताद्वारा पूजित
नारदं = नारद ऋषिलाई
विधिवत् = विधिपूर्वक
पूजयामास = पूजा गर्नुभयो

वाक्यार्थ– नारदजी आउनुभएको देखेर व्यासजी तुरुन्त उठ्नुभयो र देवताद्वारा सम्मानित उहाँको विधिपूर्वक पूजा गर्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

नैमिषीयोपाख्याने चतुर्थोऽध्यायः ॥ ४ ॥

अथ पञ्चमोऽध्यायः

भगवान्‌को यशकीर्तिको महिमा एवं देवर्षि नारदको पूर्व जुनीको वर्णन

सूत उवाच (सूतजीले भन्नुभयो)

अथ तं सुखमासीन उपासीनं बृहच्छ्रवाः ।

देवर्षिः प्राह विप्रर्षिं वीणापाणिः स्मयन्निव ॥ १ ॥

पदार्थ—

अथ = यसपछि	लिएका	**तं** = ती
सुखम् = सुखपूर्वक	**देवर्षिः** = देवर्षि नारदले	**विप्रर्षिं** = वेदव्यासलाई
आसीनः = बसेका	**स्मयन् इव** = मुसुक्क हाँस्दै	**प्राह** = भन्न लाग्नुभयो
बृहच्छ्रवाः = ठुलो कीर्ति भएका	**उपासीनं** = आफ्ना नजिकमा	
वीणापाणिः = हातमा वीणा	बस्नुभएका	

वाक्यार्थ— यसपछि सुखपूर्वक बसेका ठुला कीर्ति भएका, हातमा वीणा लिएका देवर्षि नारदले मुसुक्क हाँस्दै आफ्नो नजिकमा बस्नुभएका भगवान् वेदव्यासलाई भन्न लाग्नुभयो।

नारद उवाच (नारदजीले भन्नुभयो)

पाराशर्य महाभाग भवतः कच्चिदात्मना ।

परितुष्यति शारीर आत्मा मानस एव वा ॥ २ ॥

पदार्थ—

महाभाग = महाभाग्यशाली	**आत्मा** = आत्मा	आफ्नो चिन्तनले
पाराशर्य = व्यासजी	**आत्मना** = आफ्नो कर्मले	**एव** = नै
भवतः = तपाईंको	**वा** = अथवा	**परितुष्यति** = सन्तुष्ट छन्
कच्चित् = के	**मानसः** = मनमा अभिमान गर्ने	
शारीरः = शरीरमा अभिमान गर्ने	आत्मा	

वाक्यार्थ— हे भाग्यशाली व्यासजी ! तपाईंका शरीर र मन दुबै आफ्नो कर्म र चिन्तनबाट सन्तुष्ट त छन् ?

जिज्ञासितं सुसम्पन्नमपि ते महदद्भुतम् ।

कृतवान् भारतं यस्त्वं सर्वार्थपरिबृंहितम् ॥ ३ ॥

पदार्थ–

जिज्ञासितं = तपाईंले जान्न खोज्नुभएको धर्मादि विषयलाई	**सर्वार्थपरिबृंहितम्** = धर्म, अर्थ आदि सम्पूर्ण पुरुषार्थले युक्त	**अपि** = र
सुसम्पन्नम् = राम्रोसँग जान्नुभयो	**भारतं** = महाभारत	**अद्भुतम्** = अद्भुत कार्य हो
यः = जुन	**कृतवान्** = बनाउनुभयो	
त्वं = तपाईंले	**ते** = तपाईंको त्यो	
	महत् = ठुलो	

वाक्यार्थ– व्यासजी ! तपाईं आफ्नो जिज्ञासा राम्रोसँग पूर्ण भएको होला किनभने धर्म आदि सम्पूर्ण पुरुषार्थले परिपूर्ण भएको जुन महाभारतको रचना गर्नुभयो त्यो तपाईंको अत्यन्त ठुलो र अद्भुत कार्य हो।

जिज्ञासितमधीतं च यत्तद् ब्रह्म सनातनम्।
तथापि शोचस्यात्मानमकृतार्थ इव प्रभो ॥ ४ ॥

पदार्थ–

यत् = जुन	गर्नुभयो	**अकृतार्थः** = अकृतार्थ पुरुषले (शोक गरेको)
सनातनम् = सनातन	**अधीतं च** = जान्नु पनि भयो	**इव** = झैँ
ब्रह्म = ब्रह्म हो	**तथा अपि** = तर पनि	**शोचसि** = शोक गरिरहनुभएको छ
तत् = त्यस ब्रह्मको	**प्रभो** = हे व्यासजी	
जिज्ञासितम् = खुब विचार	**आत्मानम्** = आफूलाई	

वाक्यार्थ– सनातन ब्रह्मको विषयमा पनि तपाईंले खुब विचार गर्नुभयो र त्यो ब्रह्मलाई जान्नु पनि भयो। यति गर्दागर्दै पनि अकृतार्थ पुरुषझैँ आफ्नो विषयमा तपाईं किन शोक गरिरहनुभएको छ ?

व्यास उवाच (व्यासजीले भन्नुभयो)

अस्त्येव मे सर्वमिदं त्वयोक्तं
तथापि नात्मा परितुष्यते मे।
तन्मूलमव्यक्तमगाधबोधं
पृच्छामहे त्वाऽऽत्मभवात्मभूतम्॥ ५॥

पदार्थ–

मे = मेरा विषयमा	**उक्तं** = भन्नुभएको	**सर्वम्** = सबै
त्वया = तपाईंले	**इदं** = यो	**अस्ति** = ठीक हो

एव = नै	**तन्मूलम्** = मेरो असन्तोषको	मानसपुत्र
तथा अपि = तैपनि	कारण	**त्वा** = तपाईंलाई
मे = मेरो	**अव्यक्तम्** = थाहा छैन	**पृच्छामहे** = सोध्दछु
आत्मा = हृदय	**अगाधबोधं** = अगाध ज्ञानले	
तु = चाहिँ	परिपूर्ण भएका	
न परितुष्यते = प्रसन्न छैन	**आत्मभवात्मभूतम्** = ब्रह्माजीका	

वाक्यार्थ– तपाईंले मेरा विषयमा जे भन्नुभयो त्यो सब ठीकै हो तापनि मेरो हृदय सन्तुष्ट छैन। परन्तु मेरो असन्तोषको कारण मलाई पनि थाहा छैन। हे नारदजी ! तपाईंको ज्ञान अगाध छ। तपाईं ब्रह्माजीको मानसपुत्र हुनुहुन्छ। त्यसकारण म तपाईंसँग आफ्नो असन्तोषको कारण सोध्दछु।

स वै भवान् वेद समस्तगुह्य-
मुपासितो यत्पुरुषः पुराणः।
परावरेशो मनसैव विश्वं
सृजत्यवत्यत्ति गुणैरसङ्गः॥ ६॥

पदार्थ–

सः वै = त्यस्तो	**पुरुषः** = पुरुषको	**मनसा** = आफ्नो सङ्कल्पमात्रले
भवान् = तपाईं नारदजी	**उपासितः** = उपासना गर्नुभएको	**एव** = नै
समस्तगुह्यम् = समस्त गोपनीय	छ (जुन पुराणपुरुष)	**विश्वं** = संसारको
रहस्यलाई	**परावरेशः** = प्रकृति र पुरुष	**सृजति** = सृष्टि गर्नुहुन्छ
वेद = जान्नुहुन्छ	दुबैको स्वामी हुनुहुन्छ	**अवति** = पालन गर्नुहुन्छ
यत् = किनभने तपाईंले	**असङ्गः** = असङ्ग भईकन पनि	**अत्ति** = संहार गर्नुहुन्छ
पुराणः = त्यो पुराण	**गुणैः** = प्रकृतिका गुणलाई	

वाक्यार्थ– पुराणपुरुष परमात्माको उपासना गरेको हुनाले नै तपाईं सम्पूर्ण गोपनीय रहस्यलाई जान्नुहुन्छ। तपाईंले त्यस्ता पुराणपुरुषको उपासना गर्नुभएको छ जो प्रकृति र पुरुष दुबैको स्वामी हुनुहुन्छ र असङ्ग भईकन पनि आफ्नो सङ्कल्पमात्रले प्रकृतिका तीन गुणद्वारा संसारको सृष्टि, स्थिति र प्रलय गर्नुहुन्छ।

त्वं पर्यटन्नर्क इव त्रिलोकी-
मन्तश्चरो वायुरिवात्मसाक्षी।
परावरे ब्रह्मणि धर्मतो व्रतैः
स्नातस्य मे न्यूनमलं विचक्ष्व॥ ७॥

पदार्थ–

त्वं = तपाईं	**अन्तश्चरः** = सबको भित्र बसेर	**व्रतैः** = स्वाध्याय र नियमद्वारा
अर्क = सूर्य	**आत्मसाक्षी** = अन्तःकरणको साक्षी पनि हुनुहुन्छ	**स्नातस्य** = निष्णात
इव = झैं	**परे** = परम	**मे** = मेरो
त्रिलोकीम् = तिनै लोकमा	**ब्रह्मणि** = ब्रह्ममा	**अलं** = पर्याप्त
पर्यटन् = भ्रमण गर्दै	**धर्मतः** = योगानुष्ठानद्वारा	**न्यूनम्** = जुन कमी छ (त्यस कमीलाई)
वायुः इव = योगबलले प्राणवायुसमान	**अवरे** = वेदरूपी अपर ब्रह्ममा	**विचक्ष्व** = बताइदिनुहोस्

वाक्यार्थ– तपाईं सूर्यझैं तीनै लोकमा भ्रमण गर्नुहुन्छ अनि योगबलद्वारा प्राणवायुझैं सबको भित्र बसेर अन्तःकरणको साक्षी हुनुहुन्छ। योगानुष्ठान र नियमद्वारा परब्रह्म र शब्दब्रह्म दुबैमा पूर्णता प्राप्त गरे पनि आफूमा केही कमी भइरहेको मैले अनुभव गरिरहेको छु। ममा भएको उक्त कमीलाई कृपापूर्वक बताइदिनुहोस्।

नारद उवाच (नारदजीले भन्नुभयो)

भवतानुदितप्रायं यशो भगवतोऽमलम्।
येनैवासौ न तुष्येत मन्ये तद्दर्शनं खिलम्॥ ८॥

पदार्थ–

भवता = तपाईंले	**अनुदितप्रायं** = वर्णन गर्नुभएन	**तद्दर्शनं** = त्यो शास्त्र
भगवतः = भगवान् नारायणको	**येन** = जसबाट	**खिलम्** = अपूर्ण
अमलम् = निर्मल	**असौ** = भगवान् नारायण	**एव** = नै
यशः = यशको	**न तुष्येत** = प्रसन्न हुनुहुन्न	**मन्ये** = ठान्दछु

वाक्यार्थ– हे व्यासजी ! तपाईंले भगवान् नारायणको निर्मल यशको वर्णन गर्नुभएन। जसबाट भगवान् नारायण प्रसन्न हुनुहुन्न त्यस्तो शास्त्रलाई म अपूर्ण नै ठान्दछु।

यथा धर्मादयश्चार्था मुनिवर्यानुकीर्तिताः।
न तथा वासुदेवस्य महिमा ह्यनुवर्णितः॥ ९॥

पदार्थ–

मुनिवर्य = हे मुनिश्रेष्ठ व्यास (तपाईंले महाभारत आदि ग्रन्थमा)	**अर्थाः** = पुरुषार्थहरूको	**महिमा** = महिमाको
यथा = जसरी	**अनुकीर्तिताः** = वर्णन गर्नुभयो	**हि** = निश्चय नै
धर्मादयः = धर्म आदि	**तथा च** = त्यसरी	**न अनुवर्णितः** = वर्णन गर्नुभएन
	वासुदेवस्य = भगवान् नारायणको	

वाक्यार्थ– हे मुनिश्रेष्ठ व्यास ! तपाईंले महाभारत आदि ग्रन्थमा जसरी धर्म आदि पुरुषार्थहरूको वर्णन गर्नुभयो त्यसरी भगवान् नारायणको महिमाको वर्णन गर्नुभएन।

न यद्वचश्चित्रपदं हरेर्यशो
जगत्पवित्रं प्रगृणीत कर्हिचित्।
तद्वायसं तीर्थमुशन्ति मानसा
न यत्र हंसा निरमन्त्युशिक्क्षयाः॥ १०॥

पद्वार्थ–

चित्रपदं = रस अलङ्कार आदिले युक्त भए तापनि
यत् = जुन
वचः = वाणीले
जगत्पवित्रं = संसारलाई पवित्र गर्ने
हरेः = भगवान्को
यशः = कीर्तिलाई
कर्हिचित् = कहिल्यै पनि
न प्रगृणीत = वर्णन गर्दैन भने
तत् = त्यस्तो वाणी
वायसं = काकहरूको लागि
तीर्थम् = जुठो फ्याँक्ने ठाउँ भनेर
उशन्ति = भन्दछन्
मानसाः = मानसरोवरको कमलवनमा विहार गर्ने
हंसाः = हंसजस्ता
उशिक्क्षयाः = निरन्तर ब्रह्म विचारमा लागेका मुमुक्षुहरू
यत्र = त्यस्ता वाणीमा
न निरमन्ति = रमाउँदैनन्

वाक्यार्थ– रस, भाव र अलङ्कार आदिले युक्त भए तापनि जगत्लाई पवित्र गर्ने भगवान् नारायणको कीर्तिको गान नगर्ने वाणी काकहरूलाई जुठो फ्याँक्ने ठाउँ (रछ्यान) जस्तै अपवित्र मानिन्छ। मानसरोवरको सुन्दर कमलवनमा विहार गर्ने हाँस जस्ता ब्रह्मधाममा विहार गर्ने भगवच्चरणानुरागी ममुक्षुहरू त्यस्ता वाणीमा कहिल्यै पनि रमाउँदैनन्।

तद् वाग्विसर्गो जनताघविप्लवो
यस्मिन् प्रतिश्लोकमबद्धवत्यपि।
नामान्यनन्तस्य यशोऽङ्कितानि य-
च्छृण्वन्ति गायन्ति गृणन्ति साधवः॥ ११॥

पद्वार्थ–

तद्वाग्विसर्गः = त्यस वाणीको प्रयोगले
जनताघविप्लवः = सम्पूर्ण मनुष्यहरूको पापलाई नाश गर्दछ
यस्मिन् = जुन वाणीको प्रयोगमा
अबद्धवति अपि = अपशब्द आदिले युक्त भए तापनि
प्रतिश्लोकम् = प्रत्येक श्लोकमा
अनन्तस्य = भगवान् नारायणको
यशोऽङ्कितानि = कीर्तिले अङ्कित
नामानि = नामहरू हुन्छन्
यत् = जुन नामहरूलाई

साधवः = सज्जनहरूले
शृण्वन्ति = श्रवण गर्दछन्
गृणन्ति = भन्दछन्
गायन्ति = गाउँदछन्

वाक्यार्थ— जसमा सुन्दर रचना पनि छैन र अनि जुन अपशब्दले पनि युक्त छ तर जसका प्रत्येक श्लोक भगवान्का कीर्तिसूचक नामद्वारा युक्त छन् भने त्यस्तो वाणीले मनुष्यहरूको सम्पूर्ण पापलाई नष्ट गरिदिन्छ। किनभने सज्जनहरू त्यस्तै वाणीको श्रवण, गान र कीर्तन गर्ने गर्दछन्।

नैष्कर्म्यमप्यच्युतभाववर्जितं
न शोभते ज्ञानमलं निरञ्जनम्।
कुतः पुनः शश्वदभद्रमीश्वरे
न चार्पितं कर्म यदप्यकारणम्॥ १२॥

पदार्थ—

यत् = जुन
नैष्कर्म्यम् = ब्रह्मलाई विषय गर्ने
निरञ्जनम् = उपाधिलाई नाश गर्ने
ज्ञानम् = ज्ञान
अपि = पनि
अच्युतभाववर्जितं = भगवान् अच्युतको भक्तिले रहित छ भने
अलं = पर्याप्त
न शोभते = शोभा पाउँदैन
पुनः = फेरि
कुतः = कसरी
शश्वत् = साधन र फलकाल दुबैमा
अभद्रम् = दुःखरूप काम्य कर्म र
ईश्वरे = भगवान् नारायणमा
न अर्पितं = अर्पण नगरिएको
अकारणम् = निष्काम
कर्म = कर्म
च अपि = पनि कसरी सुशोभित होला ?

वाक्यार्थ— मोक्षप्राप्तिको साक्षात् साधन भए पनि भगवान्को भक्तिले रहित ज्ञानको शोभा हुँदैन। यस्तै साधन र सिद्ध दुबै कालमा दुःखरूप भएको काम्य कर्म र भगवान्मा अर्पण नगरिएको निष्काम कर्म पनि शोभाहीन हुन्छन्।

विवरण— यस श्लोकमा **निष्कर्म** भनेर ब्रह्मलाई लिइएको हो। त्यो निष्कर्म ब्रह्मको आकारमा आकारित अन्तःकरणको वृत्तिलाई नैष्कर्म्य भनिएको हो। निष्कर्म भनेको ब्रह्म हो। नैष्कर्म्य भनेको ब्रह्मको आकारमा आकारित अन्तःकरणको वृत्तिमा आरूढ ब्रह्मचैतन्य हो। यसैलाई ब्रह्मचैतन्य, ब्रह्मसाक्षात्कार, जीव र परमात्माको एकाताको साक्षात्कारका रूपमा पनि लिने गरिन्छ। यस्तो ब्रह्मज्ञान पनि भगवान्को भक्तिले रहित छ भने शोभायुक्त हुँदैन।

यस श्लोकमा रहेको **अकारणम्**को अर्थ हो फलको अर्थ नराखी गरिएको कर्म। सकाम कर्म फलकाल र साधनाकालमा दुःखदायी हुन्छ। निष्काम कर्म अर्थात् कामनाले रहित कर्म छ तापनि यदि त्यो कर्म भगवान्मा अर्पण गरिएको छैन भने त्यसले मुमुक्षुको चित्त शुद्ध हुँदैन। यस प्रक्रियामा चित्तको अन्तर्मुखता हुँदैन। अर्थात् चित्त बहिर्मुख हुन्छ। यसर्थ भगवत्प्रीत्यर्थ गरिने कर्म नै निष्काम कर्म हो। यसैलाई नै यहाँ अकारणम् शब्दद्वारा बुझाइएको छ।

अथो महाभाग भवानमोघदृक्
शुचिश्रवाः सत्यरतो धृतव्रतः ।
उरुक्रमस्याखिलबन्धमुक्तये
समाधिनानुस्मर तद्विचेष्टितम् ॥ १३ ॥

पदार्थ–

अथ = यसकारण
महाभाग = महाभाग्यशाली
भवान् = व्यासजी
अमोघदृक् = यथार्थ दृष्टि हुनुभएका
शुचिश्रवाः = पवित्र कीर्ति हुनुभएका
सत्यरतः = सत्यपरायण
धृतव्रतः = दृढवर्ती हुनुहुन्छ, (त्यसकारण तपाईं)
अखिलबन्धमुक्तये = सम्पूर्ण लोकको मुक्तिका लागि
तत् = सम्पूर्ण प्राणीलाई प्रिय लाग्ने
उरुक्रमस्य = भगवान् नारायणको
विचेष्टितम् = विभिन्न प्रकारका लीलालाई
समाधिना = चित्तको एकाग्रताद्वारा
अनुस्मर = स्मरण गरेर वर्णन गर्नुहोस्

वाक्यार्थ– हे महाभाग्यशाली वेदव्यासजी ! तपाईंको दृष्टि अमोघ छ र कीर्ति पवित्र छ। तपाईं सत्यपरायण र दृढव्रत हुनुहुन्छ। यसकारण अब तपाईं सम्पूर्ण जीवहरूलाई बन्धनबाट मुक्त गराउनका लागि समाधिद्वारा अचिन्त्य शक्ति भगवान्का लीलाहरूको स्मरण गर्नुहोस्।

ततोऽन्यथा किञ्चन यद्विवक्षतः
पृथग्दृशस्तत्कृतरूपनामभिः ।
न कर्हिचित् क्वापि च दुःस्थिता मति-
र्लभेत वाताहतनौरिवास्पदम् ॥ १४ ॥

पदार्थ–

ततः = भगवान्को लीलालाई छोडेर
पृथग्दृशः = अनात्म वस्तुमा दृष्टि गएको हुनाले
अन्यथा = भिन्न प्रकारले
यत् = अरू
किञ्चन = केही विषय
विवक्षतः = भन्न इच्छा गर्ने मनुष्यको
तत्कृतरूपनामभिः = त्यो इच्छाबाट उत्पन्न रूप र नामद्वारा
दुःस्थिता = विचलित
मतिः = बुद्धि
कर्हिचित् = कहिल्यै पनि
क्व अपि = कुनै पनि विषयमा
वाताहतनौः = हावाद्वारा डगमगाएको डुङ्गा
इव = जस्तै
च = पनि
आस्पदम् = स्थान
न लभेत = प्राप्त गर्न सक्दैन

वाक्यार्थ— भगवान्को लीलादेखि अतिरिक्त कुनै वस्तुको वर्णन गर्न चाहने मनुष्य अनेक नाम र रूपहरूको चक्करमा पर्दछ। त्यस्ता व्यक्तिको बुद्धि भेदभावले भरिएको हुन्छ। जसरी नदी पार गर्न लाग्दा हावाले हल्लिएको डुङ्गा स्थिर हुन सक्दैन त्यसै गरी त्यो व्यक्तिको बुद्धि कहीँ पनि स्थिर हुन सक्दैन।

जुगुप्सितं धर्मकृतेऽनुशासतः
स्वभावरक्तस्य महान् व्यतिक्रमः।
यद्वाक्यतो धर्म इतीतरः स्थितो
न मन्यते तस्य निवारणं जनः॥ १५॥

पदार्थ—

जुगुप्सितं = निन्द्य काम्य कर्ममा
स्वभावरक्तस्य = स्वभावले नै अनुरक्त भएका व्यक्तिका लागि
धर्मकृते = यही नै धर्म हो भनेर
अनुशासतः = प्रेरणा गर्ने तपाईंको
महान् = ठुलो
व्यतिक्रमः = उल्टो कार्य भयो
यद्वाक्यतः = तपाईं वेदव्यासको वाक्यद्वारा
धर्मः इति = यही नै मुख्य धर्म हो भन्दै
स्थितः = अटल भएर
इतरः = प्राकृत अर्थात् अज्ञानी
जनः = मनुष्य
तस्य = त्यस काम्य कर्मको
निवारणं = तत्त्वज्ञानीले गरेको निषेधलाई
न मन्यते = स्वीकार गर्दैन

वाक्यार्थ— संसारी मनुष्यहरू स्वभावले नै विषयमा फसेका हुन्छन्। धर्मको उपदेश गर्ने क्रममा तपाईंले उनीहरूलाई सकाम कर्म गर्ने आज्ञा दिनुभएको छ। यो बिल्कुल विपरीत कार्य भयो। अविवेकी मनुष्यहरू तपाईंको वचनमा विश्वास गरेर तपाईंले बताउनुभएको सकाम कर्म नै धर्म हो भन्ने निश्चय गरेर त्यसको निषेध गर्ने वचनलाई वास्तविक मान्दैनन्।

विचक्षणोऽस्यार्हति वेदितुं विभो-
रनन्तपारस्य निवृत्तितः सुखम्।
प्रवर्तमानस्य गुणैरनात्मन-
स्ततो भवान् दर्शय चेष्टितं विभोः॥ १६॥

पदार्थ—

विचक्षणः = कुनै अत्यन्त निपुण व्यक्तिमात्र
निवृत्तितः = सर्वकर्म संन्यासद्वारा
अनन्तपारस्य = देशकृत, वस्तुकृत र कालकृत त्रिविधपरिच्छेदशून्य भएकाले
विभोः = व्यापक परमात्माको
सुखम् = निर्विकल्प सुखात्मक स्वरूपलाई
वेदितुं = जान्न
अर्हति = समर्थ हुन्छ
ततः = त्यसकारणले

भवान् = हे समर्थ वेदव्यासजी
अनात्मनः = देहादिमा अभिमान गर्नाले
गुणैः = प्रकृतिका सत्त्व आदि गुणद्वारा
प्रवर्तमानस्य = प्रवृत्त भएका
अस्य = व्यक्तिका लागि
विभोः = भगवान्को
चेष्टितं = लीलाहरूलाई
दर्शय = वर्णन गर्नुहोस्

वाक्यार्थ– भगवान् अनन्त हुनुहुन्छ। कुनै विचारवान् ज्ञानी पुरुष नै संसारबाट निवृत्त भएर उहाँको स्वरूप परमानन्दलाई प्राप्त गर्न सक्दछन्। अतः जो मनुष्यहरू पारमार्थिक बुद्धिले रहित छन् उनीहरूको कल्याणका लागि भगवान्का लीलाहरूको वर्णन गर्नुहोस्।

विवरण– यस श्लोकमा रहेको **निवृत्तितः सुखम्** यस अंशको बारेमा चर्चा गरौं। निवृत्ति भनेको मोक्ष हो र यसबाट नै वास्तविक सुख प्राप्त हुन्छ।

संसारका पदार्थहरू स्वरूपतः बन्धनका कारण होइनन्, अपितु ती पदार्थहरूप्रतिको आसक्ति नै बन्धनको कारण हो। बन्धन र मोक्षको कारण संसारका पदार्थहरू नभएर मन नै हो। जुन समयमा हाम्रो मनले केही कुराको इच्छा गर्दछ, केही कुरा सोचेको हुन्छ अथवा केही कुरालाई ग्रहण गरेको हुन्छ, त्यही नै बन्धन हो। जुन समयमा मनले कुनै पनि वस्तुलाई ग्रहण गरेको हुँदैन त्यही नै मोक्ष हो।

संसारका पदार्थहरूमा ममताबुद्धिको परित्याग गरेर ती पदार्थहरूको उपभोग गरेमा जीवलाई दुःखको अनुभव हुँदैन। जीवका लागि सबभन्दा ठुलो बन्धन के हो भन्ने प्रश्नको उत्तरमा शङ्कराचार्यले प्रश्नोत्तरी मणिरत्नमालामा अनात्मा शरीरमा अहंबुद्धि गर्नु नै बन्धनको कारण हो भनी बताउनुभएको छ।

कर्म गर्नका लागि जीवले कुनै न कुनै शरीरलाई अवश्य ग्रहण गरेको हुनुपर्दछ। स्थूलशरीरको अभावमा कुनै पनि मनुष्यले केही पनि कर्म गरेको देखिँदैन। कर्म गर्नका लागि शरीरको आवश्यकता परेझैं कर्ताको पनि आवश्यकता पर्दछ। कर्ता भनेर अन्तःकरणमा रहेको चिदाभासलाई बुझ्नुपर्दछ। ढुङ्गा, माटो, काठ आदिमा कर्तृत्वभाव देखिँदैन, किनभने तिनीहरूमा अन्तःकरण छैन। त्यसै गरी कर्म हुनका लागि विभिन्न करणहरूको पनि आवश्यकता पर्दछ। करण भनेर ज्ञानेन्द्रिय, कर्मेन्द्रिय अनि मनलाई लिनुपर्दछ। कुनै पनि कर्म हुनका लागि जसरी इन्द्रियहरूको आवश्यकता पर्दछ त्यसै गरी प्राणहरूको पनि आवश्यकता पर्दछ।

वेदान्तसिद्धान्तअनुसार शुद्ध आत्मा न कर्ता हो, न भोक्ता हो, न त प्रमाता नै हो। प्रमातृत्व, कर्तृत्व र भोक्तृत्व यी धर्महरू अन्तःकरणका हुन्। परन्तु आत्मा र अन्तःकरणको तादात्म्याध्यास भएकाले आत्माले अन्तःकरणका धर्महरूलाई आफ्नो धर्म मानेर बन्धनको अनुभव गर्दछ। यसैलाई अविवेक पनि भन्दछन्। विवेकद्वारा उक्त अविवेक नष्ट भएपछि आत्माले आफ्नो असङ्गताको अनुभव गर्दछ। यही असङ्गताको अनुभव नै मोक्ष हो। यसप्रकार आसक्तिको फल बन्धन हो भने निवृत्तिको फल मोक्ष हो।

त्यक्त्वा स्वधर्मं चरणाम्बुजं हरे-
र्भजन्नपक्वोऽथ पतेत् ततो यदि ।
यत्र क्व वाभद्रमभूदमुष्य किं
को वार्थ आप्तोऽभजतां स्वधर्मतः ॥ १७ ॥

पदार्थ–

यत्र = जहाँ
स्वधर्मं = आफ्नो नित्य र नैमित्तिक कर्मलाई
त्यक्त्वा = छोडेर
हरेः = भगवान् नारायणको
चरणाम्बुजं = चरणकमलको
भजन् = भजन गर्ने मनुष्यको
अपक्वः = भजनको परिपाक नभईकन
यदि = यदि
पतेत् = शरीर छुट्यो भने
अथ = यसपछि
अमुष्य = त्यस व्यक्तिको
अभद्रम् = अकल्याण
अभूत् किं = के हुनसक्छ र
क्व वा = अथवा कहीँ
अभजतां = भगवान्को भजन नगरीकन
स्वधर्मतः = खालि आफ्नो नित्य र नैमित्तिक कर्म गर्ने व्यक्तिले
ततः = त्यसबाट
कः अर्थः = त्यस्तो विशेष के फल
आप्तः = प्राप्त गर्न सक्दछन्

वाक्यार्थ– नित्य र नैमित्तिक कर्मको परित्याग गरेर भगवान्को भजन गर्ने मनुष्यको यदि कथञ्चित् भजनको परिपाक नभईकन शरीर छुटिहाल्यो भने पनि उसको कुनै अकल्याण हुँदैन। परन्तु कुनै व्यक्तिले स्वधर्मको पालन गरेको छ तर ऊ भगवान्को भजन गर्दैन भने उसलाई कुनै विशिष्ट लाभ हुँदैन।

तस्यैव हेतोः प्रयतेत कोविदो
न लभ्यते यद् भ्रमतामुपर्यधः ।
तल्लभ्यते दुःखवदन्यतः सुखं
कालेन सर्वत्र गभीररंहसा ॥ १८ ॥

पदार्थ–

कोविदः = बुद्धिमान् मनुष्यले
तस्य एव = त्यही वस्तुको
हेतोः = प्राप्तिका लागि
प्रयतेत = प्रयास गरोस्
यत् = जुन वस्तु
उपरि = माथि ब्रह्मापर्यन्त र
अधः = तल स्थावर योनिपर्यन्त
भ्रमताम् = भ्रमण गर्ने जीवले
न लभ्यते = प्राप्त गर्न सकिन्न
तत् = त्यो
सुखं = सुख त
गभीररंहसा = कर्मलाई उद्‌बुद्ध गर्न समर्थ
कालेन = समयद्वारा उद्‌बोधित
अन्यतः = पूर्वजन्ममा गरिएका कर्महरूद्वारा
सर्वत्र = नरक आदिमा पनि
दुःखवत् = दुःख अनायास प्राप्त भएझैं
लभ्यते = अवश्य प्राप्त हुन्छ

वाक्यार्थ– बुद्धिमान् मनुष्यले त्यस्तो वस्तु प्राप्त गर्नका लागि प्रयास गर्नुपर्छ जुन वस्तुको प्राप्ति त माथि ब्रह्मापर्यन्त र तल स्थावरपर्यन्तका योनिहरूमा हुन सक्दैन। संसारको विषयसुख त पूर्वजन्ममा गरिएका कर्महरूद्वारा नरकमा दुःख अनायास प्राप्त भएझैं स्वतः प्राप्त हुन्छ।

न वै जनो जातु कथञ्चनाव्रजेन्
मुकुन्दसेव्यन्यवदङ्ग संसृतिम्।
स्मरन्मुकुन्दाङ्घ्र्युपगूहनं पुन-
र्विहातुमिच्छेन्न रसग्रहो यतः॥ १९॥

पदार्थ–

अङ्ग = हे मुनि	मनुष्यझैं	यसकारण
मुकुन्दसेवी = भगवान्को भजन गर्ने	**संसृतिम्** = जन्म र मृत्युरूप संसारमा	**मुकुन्दाङ्घ्र्युपगूहनं** = भगवान्को चरणकमलको आलिङ्गनलाई
जनः = मानिस	**वै** = निश्चय नै	**पुनः** = बारम्बार
जातु = कहिल्यै पनि	**न आव्रजेत्** = आउँदैन	**स्मरन्** = स्मरण गर्दै
कथञ्चन = कुनै प्रकार कुयोनिमा गएको छ तापनि	**यतः** = यसबाट	**विहातुम्** = छोड्न
अन्यवत् = खालि कर्म गर्ने	**रसग्रहः** = भगवान्को भक्तिको आस्वादनलाई प्राप्त गरेको छ	**न इच्छेत्** = चाहँदैन

वाक्यार्थ– व्यासजी ! जो व्यक्ति भगवान् श्रीकृष्णको चरणारविन्दको सेवक छ ऊ अन्य मनुष्यझैं जन्ममृत्युमय संसारमा फेरि फर्केर आउँदैन। भगवान्को चरणकमलको स्मरण गरेर उहाँको भक्तिलाई उसले फेरि प्रारम्भ गर्दछ किनभने उसलाई भक्तिरसको चस्का लागिसकेको हुन्छ।

इदं हि विश्वं भगवानिवेतरो
यतो जगत्स्थाननिरोधसम्भवाः।
तद्धि स्वयं वेद भवांस्तथापि वै
प्रादेशमात्रं भवतः प्रदर्शितम्॥ २०॥

पदार्थ–

हि = निश्चय नै	**जगत्स्थाननिरोधसम्भवाः** = संसारको उत्पत्ति, स्थिति र प्रलय हुन्छन् (परन्तु भगवान्चाहिँ यो संसारदेखि)	**इव** = भिन्नझैं प्रतीयमान जो जीव हो त्यो पनि भगवान् नै हो
इदं = यो		
विश्वं = विश्व		**तत्** = त्यो कुरा
भगवान् = भगवान् हो		**भवान्** = तपाईं
यतः = जुन भगवान्बाट	**इतरः** = भिन्न नै हुनुहुन्छ	**स्वयं** = आफैं

हि = नै	**ते** = त्यस्ता	**प्रदर्शितम्** = गरेको हुँ
वेद = जान्नुहुन्छ	**भवतः** = तपाईंलाई	
तथा अपि = तर पनि	**प्रादेशमात्रं** = सङ्केतमात्र	

वाक्यार्थ– जसबाट संसारको उत्पत्ति, स्थिति र प्रलय हुन्छ उही भगवान् नै विश्वको रूपमा पनि हुनुहुन्छ। भगवान् संसारको रूपमा भईकन पनि उहाँ संसारदेखि भिन्न नै हुनुहुन्छ। यो कुरालाई तपाईं स्वयं जान्नुहुन्छ। मैले त केवल सङ्केतमात्र गरेको हुँ।

त्वमात्मनात्मानमवेह्यमोघदृक्
परस्य पुंसः परमात्मनः कलाम्।
अजं प्रजातं जगतः शिवाय तन्
महानुभावाभ्युदयोऽधिगण्यताम्॥ २१॥

पदार्थ–

अमोघदृक् = अमोघ दृष्टि भएका हे वेदव्यासजी	**कलाम्** = अंशभूत	**तत्** = त्यसकारणले
त्वम् = तपाईं	**अजं** = न जन्मने भईकन	**महानुभावाभ्युदयः** = भगवान् नारायणको पराक्रम
आत्मानम् = आफूलाई	**जगतः** = संसारको	**अधिगण्यताम्** = प्रशस्त मात्रामा निरूपण गर्नुहोस्
परस्य = परम	**शिवाय** = कल्याणका लागि	
पुंसः = पुरुष	**प्रजातं** = उत्पन्न भएको	
परमात्मनः = परमात्माको	**आत्मना** = आफैँले	
	अवेहि = जान्नुहोस्	

वाक्यार्थ– व्यासजी ! तपाईंको दृष्टि अमोघ छ। यस कुरालाई तपाईं राम्रोसँग जान्नुहोस् कि तपाईं पुरुषोत्तम भगवान्‌को कलावतार हुनुहुन्छ। तपाईं अजन्मा भईकन पनि जगत्‌को कल्याणका लागि जन्मलाई स्वीकार गर्नुभएको छ। यसकारण अब तपाईं विशेष रूपले भगवान्‌का लीलाहरूको कीर्तन गर्नुहोस्।

इदं हि पुंसस्तपसः श्रुतस्य वा
स्विष्टस्य सूक्तस्य च बुद्धिदत्तयोः।
अविच्युतोऽर्थः कविभिर्निरूपितो
यदुत्तमश्लोकगुणानुवर्णनम्॥ २२॥

पदार्थ–

यत् = जुन	कीर्ति भएका भगवान्	**हि** = निश्चय नै
उत्तमश्लोकगुणानुवर्णनम् = पवित्र	नारायणका गुणहरूको वर्णन हो	**इदं** = यही नै

पुंसः = पुरुषको	**च** = र	**निरूपितः** = निरूपण गरिएको
तपसः = तपस्याको	**बुद्धिदत्तयोः** = ज्ञान र दानको	छ
श्रुतस्य = वेदाध्ययनको	**अविच्युतः** = एकमात्र	
स्विष्टस्य = यज्ञानुष्ठानको	**अर्थः** = प्रयोजन हो भनी	
सूक्तस्य = स्वाध्यायको	**कविभिः** = विद्वान्हरूद्वारा	

वाक्यार्थ– विद्वान्हरूले यो कुराको निर्णय गरेका छन् कि मनुष्यको तपस्या, वेदाध्ययन, यज्ञानुष्ठान, स्वाध्याय, ज्ञान र दानको एकमात्र प्रयोजन पुण्यकीर्ति श्रीकृष्णको गुण र लीलाहरूको वर्णन गर्नु हो।

अहं पुरातीतभवेऽभवं मुने
दास्यास्तु कस्याश्चन वेदवादिनाम्।
निरूपितो बालक एव योगिनां
शुश्रूषणे प्रावृषि निर्विविक्षताम्॥ २३॥

पदार्थ–

मुने = हे मुनि	**दास्याः** = दासीबाट	**निर्विविक्षताम्** = एकै ठाउँमा
अहं = म	**अभवं** = उत्पन्न भएको थिएँ	बस्न चाहने
तु = चाहिँ	त्यस समयमा म	**योगिनां** = योगीहरूको
पुरातीतभवे = पूर्वकल्पमा	**बालकः** = बालक	**शुश्रूषणे** = सेवामा
वेदवादिनाम् = वेदवादी	**एव** = नै थिएँ	**निरूपितः** = नियुक्त गरिएको
ब्राह्मणहरूकी	**प्रावृषि** = वर्षाकाल उपलक्षित	थिएँ
कस्याश्चन = कुनै एउटी	चातुर्मास्यमा	

वाक्यार्थ– हे व्यासजी, पहिलो कल्पमा म वेदवादी ब्राह्मणहरूकी एउटी दासीको छोरो थिएँ। वर्षाऋतुमा एकै ठाउँमा बसेर चातुर्मास्य यज्ञ गरिरहेका ती वेदवादी ब्राह्मणको सेवामा म नियुक्त गरिएको थिएँ।

ते मय्यपेताखिलचापलेऽर्भके
दान्तेऽधृतक्रीडनकेऽनुवर्तिनि।
चक्रुः कृपां यद्यपि तुल्यदर्शनाः
शुश्रूषमाणे मुनयोऽल्पभाषिणि॥ २४॥

पदार्थ–

यद्यपि = यद्यपि	**ते** = उहाँ	**मुनयः** = योगीहरू

तुल्यदर्शनाः = सेवा गर्ने र नगर्ने दुबैमा समदृष्टि भएका हुनुहुन्थ्यो तापनि	**अधृतक्रीडनके** = क्रीडाका सम्पूर्ण साधनहरूलाई परित्याग गरेको	**अर्भके** = बालक
अपेताखिलचापले = सम्पूर्ण चञ्चलताले रहित	**अनुवर्तिनि** = अनुकूल	**मयि** = ममा
दान्ते = इन्द्रियविजयी	**अल्पभाषिणि** = थोरै बोल्ने	**कृपां** = कृपा
	शुश्रूषमाणे = सेवापरायण	**चक्रुः** = गर्नुभयो

वाक्यार्थ– यद्यपि म बालक थिएँ तापनि ममा कुनै प्रकारको चञ्चलता थिएन। म जितेन्द्रिय थिएँ, खेलकूदबाट टाढा रहन्थेँ, आज्ञानुसार मुनिहरूको सेवा गर्दथेँ र बोल्न पनि निकै कम बोल्दथेँ। मेरो यस्तो शील र स्वभावलाई देखेर मुनिहरूले ममाथि ठुलो कृपा गर्नुभयो।

उच्छिष्टलेपाननुमोदितो द्विजैः
सकृत् स्म भुञ्जे तदपास्तकिल्बिषः।
एवं प्रवृत्तस्य विशुद्धचेतस-
स्तद्धर्म एवात्मरुचिः प्रजायते॥ २५॥

पदार्थ–

द्विजैः = ती वेदवादी ब्राह्मणहरूद्वारा	**भुञ्जे स्म** = खाने गर्दथेँ	भएपछि
अनुमोदितः = आज्ञालाई प्राप्त गरेर म	**तद्** = त्यस भोजनद्वारा	**तद्धर्मः** = उहाँहरूले गर्नुभएको परमेश्वरको भजनरूपी धर्म
उच्छिष्टलेपान् = उहाँहरूले खाएर बाँकी रहेको अन्न	**अपास्तकिल्बिषः** = सम्पूर्ण पापले रहित भएको भएँ	**एव** = नै
सकृत् = एकपटक	**एवं** = यसप्रकार	**आत्मरुचिः** = मेरो मनको पनि रुचि
	प्रवृत्तस्य = सेवा गर्दागर्दै	**प्रजायते** = हुन लाग्यो
	विशुद्धचेतसः = चित्त शुद्ध	

वाक्यार्थ– वेदवादी ब्राह्मणको अनुमति पाइसकेपछि उहाँहरूले खाएर बाँकी रहेको भोजन म दिनको एक पटक गर्दथेँ। यसबाट मेरा सम्पूर्ण पापहरू नष्ट भए। यसप्रकार उहाँहरूको सेवा गर्दागर्दै मेरो हृदय शुद्ध भयो। उहाँहरू जसरी भजन र पूजन गर्नुहुन्थ्यो, त्यो काममा मेरो पनि रुचि भयो।

तत्रान्वहं कृष्णकथाः प्रगायता-
मनुग्रहेणाशृणवं मनोहराः।
ताः श्रद्धया मेऽनुपदं विशृण्वतः
प्रियश्रवस्यङ्ग ममाभवद्रुचिः॥ २६॥

पदार्थ—

अङ्ग = हे मुनि	**अनुग्रहेण** = अनुग्रहद्वारा ती कथाहरू	**प्रियश्रवसि** = पवित्र कीर्ति भएका परमात्मामा
तत्र = त्यहाँ	**आशृणवं** = राम्रोसँग सुनें	**मम** = मेरो
अन्वहं = प्रतिदिन	**ताः** = ती कथाहरू	**रुचिः** = रुचि
मनोहराः = मनलाई हरण गर्ने	**श्रद्धया** = श्रद्धापूर्वक	**अभवत्** = भयो
कृष्णकथाः = भगवान् श्रीकृष्णको कथा	**अनुपदं** = प्रत्येक पद	
प्रगायताम् = भन्ने महात्माहरूको	**विशृण्वतः** = श्रवण गर्दागर्दै	

वाक्यार्थ— प्रिय व्यासजी, त्यस सत्सङ्गमा लीलागानपरायण महात्माको अनुग्रहले म प्रतिदिन भगवान् श्रीकृष्णका मनोहर कथाहरू सुन्ने गर्दथें। श्रद्धापूर्वक एक-एक पद सुन्दासुन्दै प्रियकीर्ति भगवान्मा मेरो रुचि भयो।

तस्मिंस्तदा लब्धरुचेर्महामुने
प्रियश्रवस्यस्खलिता मतिर्मम ।
ययाहमेतत् सदसत् स्वमायया
पश्ये मयि ब्रह्मणि कल्पितं परे ॥ २७ ॥

पदार्थ—

महामुने = व्यासजी	**मतिः** = बुद्धि भयो	**ब्रह्मणि** = ब्रह्ममा
तदा = त्यस वेला	**यया** = जुन बुद्धिद्वारा	**स्वमायया** = मायाद्वारा
तस्मिन् = ती	**अहम्** = म	**कल्पितं** = कल्पित रूपले
प्रियश्रवसि = पवित्रकीर्ति परमात्मामा	**एतत्** = यो	**पश्ये** = देख्दछु
लब्धरुचेः = रुचि भएका	**सदसत्** = सत् र असत् रुग्ण संसारलाई	
मम = मेरो	**मयि** = आत्मरूप	
अस्खलिता = निश्चल	**परे** = परम	

वाक्यार्थ— जब भगवान्मा मेरो रुचि भयो तब मनोहर प्रभुमा मेरो बुद्धि निश्चल भयो। त्यस बुद्धिद्वारा सम्पूर्ण सत् र असत्रूप जगत्लाई आफ्नो परब्रह्मस्वरूप आत्मामा मायाद्वारा कल्पित देख्न थालें।

इत्थं शरत्प्रावृषिकावृतू हरे-
र्विशृण्वतो मेऽनुसवं यशोऽमलम् ।

सङ्कीर्त्यमानं मुनिभिर्महात्मभि-
र्भक्तिः प्रवृत्ताऽऽत्मरजस्तमोपहा ॥ २८ ॥

पदार्थ–

इत्थं = यसप्रकार	**यशः** = कीर्ति	**आत्मरजस्तमोपहा** = जीवात्मा-हरूको रजोगुण र तमोगुणलाई नष्ट गर्ने
महात्मभिः = महात्मा	**अनुसवं** = दिनको तीन पटक	**भक्तिः** = भगवान्‌मा भक्ति
मुनिभिः = मुनिहरूद्वारा	**शरत्प्रावृषिकौ** = वर्षा र शरत्	**प्रवृत्ता** = लाग्यो
सङ्कीर्त्यमानं = गाइएको	**ऋतू** = ऋतुमा	
हरेः = भगवान् नारायणको	**विश्रृण्वतः** = सुन्दासुन्दै	
अमलम् = निर्मल	**मे** = मेरो	

वाक्यार्थ– यसप्रकार शरद् र वर्षा यी दुई ऋतुहरूमा दिनको तीन पटक महात्मा मुनिहरूले श्रीहरिको निर्मल कीर्तिको वर्णन गर्नुभयो। म प्रेमपूर्वक प्रत्येक कुरा सुन्दथेँ, यसकारणले गर्दा मेरा हृदयमा चित्तको रजोगुण र तमोगुणलाई नाश गर्ने भक्तिको प्रादुर्भाव भयो।

तस्यैवं मेऽनुरक्तस्य प्रश्रितस्य हतैनसः।
श्रद्दधानस्य बालस्य दान्तस्यानुचरस्य च ॥ २९ ॥
ज्ञानं गुह्यतमं यत्तत् साक्षाद्भगवतोदितम्।
अन्ववोचन् गमिष्यन्तः कृपया दीनवत्सलाः ॥ ३० ॥

पदार्थ–

एवं = यसप्रकारले	**तस्य** = शुद्ध त्वं पदार्थस्वरूप	**गुह्यतमं** = अत्यन्त गोप्य
अनुरक्तस्य = भगवान्‌मा आसक्त	**बालस्य** = बालक	**ज्ञानं** = भागवताख्य शास्त्रलाई
प्रश्रितस्य = नम्र	**मे** = ममाथि कृपा गरेर	**दीनवत्सलाः** = ती दीनवत्सल महात्माहरूले
हतैनसः = पापले रहित	**यत्** = जुन	**गमिष्यन्तः** = जाने समयमा
श्रद्दधानस्य = श्रद्धाले युक्त	**साक्षात्** = साक्षात्	**कृपया** = कृपा गरेर
दान्तस्य = जितेन्द्रिय	**भगवता** = भगवान् नारायणले	**अन्ववोचन्** = उपदेश गर्नुभयो
च = र	**उदितम्** = ब्रह्माजीलाई बताइएको	
अनुचरस्य = सेवापरायण		

वाक्यार्थ– म उहाँहरूको ज्यादै अनुरागी थिएँ र विनयी पनि थिएँ। उहाँहरूको सेवाले मेरा पापहरू नष्ट भएका थिए। मेरा हृदयमा श्रद्धा थियो। शरीर वाणी र मनले म उहाँहरूको आज्ञाकारी थिएँ। यसैले ममाथि कृपा गरेर ती दीनवत्सल महात्माहरूले जाने समयमा त्यो गुह्यतम ज्ञानको उपदेश गर्नुभयो, जसको उपदेश स्वयं भगवान्‌ले आफ्नो श्रीमुखले गर्नुभएको थियो।

येनैवाहं भगवतो वासुदेवस्य वेधसः ।
मायानुभावमविदं येन गच्छन्ति तत्पदम् ॥ ३१ ॥

पदार्थ–

येन = जुन ज्ञानले	प्रभावलाई	स्वरूपलाई
वेधसः = जगत्को रचना गर्ने	**अहं** = मैले	**एव** = नै
भगवतः = भगवान्	**अविदं** = जानैं	**गच्छन्ति** = मुमुक्षुहरू प्राप्त
वासुदेवस्य = वासुदेवको	**येन** = जुन ज्ञानले	गर्दछन्
मायानुभावम् = मायाको	**तत्पदम्** = भगवान्को	

वाक्यार्थ– त्यस उपदेशले जगन्निर्माता भगवान् श्रीकृष्णको मायाको प्रभावलाई मैले जानैं जसलाई जानेपछि मुमुक्षुहरू उहाँको परमपद प्राप्त गर्दछन्।

एतत् संसूचितं ब्रह्मंस्तापत्रयचिकित्सितम् ।
यदीश्वरे भगवति कर्म ब्रह्मणि भावितम् ॥ ३२ ॥

पदार्थ–

ब्रह्मन् = हे वेदव्यासजी	**भावितम्** = समर्पण गरिएको	काम गर्ने
यत् = जुन	कर्म नै	**एतत्** = यो
ईश्वरे = सर्वाभिमानी	**तापत्रयचिकित्सितम्** =	**कर्म** = कर्म
भगवति = सगुण	आध्यात्मिक आदि तीन तापलाई	**संसूचितं** = बताएँ
ब्रह्मणि = ब्रह्ममा	नष्ट गर्नका लागि औषधीको	

वाक्यार्थ– हे वेदव्यासजी ! पुरुषोत्तम भगवान् श्रीकृष्णप्रति सम्पूर्ण कर्मलाई समर्पण गर्नु नै संसारको तीन तापको एकमात्र औषधि हो, यो कुरा मैले यहाँलाई बताएँ।

आमयो यश्च भूतानां जायते येन सुव्रत ।
तदेव ह्यामयं द्रव्यं न पुनाति चिकित्सितम् ॥ ३३ ॥

पदार्थ–

सुव्रत = नियमको पालन गर्ने	**जायते** = उत्पन्न हुन्छ	**चिकित्सितम्** = शोधन गरिएको
वेदव्यासजी (जसरी)	**तत्** = त्यही	त्यही पदार्थले
भूतानां = प्राणीहरू	**द्रव्यं** = पदार्थले	**च** = चाहिँ
यः = जुन	**एव** = नै	**हि** = निश्चय नै
आमयः = रोग	**न आमयं** = त्यही रोगलाई नष्ट	**पुनाति** = पवित्र (स्वस्थ)
येन = जुन पदार्थबाट	गर्न सक्दैन तर	बनाउँछ

वाक्यार्थ– नियमको पालन गर्ने हे वेदव्यासजी ! प्राणीहरूलाई जुन पदार्थको सेवनबाट जुन रोग

लाग्दछ त्यही पदार्थ चिकित्सा विधिबाट शोधन गरेर प्रयोग गर्दाखेरि त्यस रोगलाई नष्ट गर्दछ।

एवं नृणां क्रियायोगाः सर्वे संसृतिहेतवः।
त एवात्मविनाशाय कल्पन्ते कल्पिताः परे॥ ३४॥

पदार्थ–

एवं = यसप्रकार	कारण बन्दछन्	**एव** = चाहिँ
नृणां = मनुष्यहरूका	**ते** = तिनै क्रियायोगहरू	**आत्मविनाशाय** = आफ्नै
सर्वे = सबै	**परे** = ईश्वरमा	विनाशका लागि
क्रियायोगाः = क्रियायोगहरू	**कल्पिताः** = समर्पित गरेका	**कल्पन्ते** = बन्दछन्
संसृतिहेतवः = जन्म र मृत्युका	खण्डमा	

वाक्यार्थ– यसप्रकार यद्यपि सम्पूर्ण कर्महरू मनुष्यलाई जन्म र मृत्युरूप संसारको चक्रमा पार्ने खालका हुन्छन्। यदि भगवान्मा समर्पण गरेर ती कर्महरू गर्ने हो भने त्यस्ता कर्महरूले आफ्नै कर्मपनलाई पनि नष्ट गर्दछन्।

यदत्र क्रियते कर्म भगवत्परितोषणम्।
ज्ञानं यत्तदधीनं हि भक्तियोगसमन्वितम्॥ ३५॥

पदार्थ–

हि = निश्चय नै	**यत्** = जुन	भक्तियोगले युक्त भएको
अत्र = यो कर्मभूमिमा	**कर्म** = कर्म	**ज्ञानं** = ज्ञान
भगवत्परितोषणम् = भगवान्लाई	**क्रियते** = गरिन्छ	**तदधीनं** = त्यही कर्मको
प्रसन्न गराउने	**भक्तियोगसमन्वितम्** =	अधीनमा हुन्छ

वाक्यार्थ– यस लोकमा भगवान्को प्रसन्नताका लागि जुन कर्म गरिन्छ भक्तियोगले युक्त भएको ज्ञान त्यही कर्मको अधीनमा हुन्छ।

कुर्वाणा यत्र कर्माणि भगवच्छिक्षयासकृत्।
गृणन्ति गुणनामानि कृष्णस्यानुस्मरन्ति च॥ ३६॥

पदार्थ–

यत्र = जुन समयमा	**कुर्वाणाः** = गर्दछन् (त्यस	**असकृत्** = बारम्बार
भगवच्छिक्षया = भगवान्को	समयमा)	**गृणन्ति** = लिने गर्दछन्
शिक्षालाई प्राप्त गरेर	**कृष्णस्य** = श्रीकृष्णको	**अनुस्मरन्ति च** = (भगवान्
कर्माणि = कर्महरू	**गुणनामानि** = गुण र नामहरू	कृष्णको) स्मरण पनि गर्दछन्।

वाक्यार्थ– भगवान् प्रसन्न गराउनका लागि गरिने कर्ममार्गमा उहाँको आज्ञानुसार आचरण गर्दै मानिसहरू बारम्बार भगवान् श्रीकृष्णको गुणगान, नामकीर्तन तथा स्मरण गर्दछन्।

नमो भगवते तुभ्यं वासुदेवाय धीमहि ।

प्रद्युम्नायानिरुद्धाय नमः सङ्कर्षणाय च ॥ ३७ ॥

पदार्थ–

तुभ्यं = तपाईं	**धीमहि** = मनद्वारा गर्दछौँ त्यस्तै	**च** = पनि
भगवते = भगवान्	**प्रद्युम्नाय** = प्रद्युम्नलाई	**नमः** = नमस्कार छ
वासुदेवाय = वासुदेवलाई	**अनिरुद्धाय** = अनिरुद्धलाई	
नमः = नमस्कार	**सङ्कर्षणाय** = सङ्कर्षणलाई	

वाक्यार्थ– हे प्रभु ! तपाईं भगवान् श्रीवासुदेवलाई नमस्कार छ। हामीहरू हजुरको ध्यान गर्दछौँ। प्रद्युम्न, अनिरुद्ध र सङ्कर्षणलाई पनि नमस्कार छ।

इति मूर्त्यभिधानेन मन्त्रमूर्तिममूर्तिकम् ।

यजते यज्ञपुरुषं स सम्यग्दर्शनः पुमान् ॥ ३८ ॥

पदार्थ–

इति = यसप्रकार	**यज्ञपुरुषं** = भगवान् यज्ञपुरुषलाई	**सः** = त्यो
मन्त्रमूर्तिम् = मन्त्र र ध्यानले बताएको मूर्ति भएका (वस्तुतः)	**मूर्त्यभिधानेन** = वासुदेव आदि नामद्वारा	**पुमान्** = मनुष्य
अमूर्तिकम् = कुनै पनि मूर्ति नभएका	**यजते** = जसले पूजा गर्दछ	**सम्यग्दर्शनः** = सम्यग् ज्ञानवान् हुन्छ

वाक्यार्थ– यसप्रकार मन्त्र र ध्यानले बताएको मूर्ति भएका (वस्तुतः) कुनै पनि मूर्ति नभएका भगवान् यज्ञपुरुषलाई वासुदेव आदि नामद्वारा जसले पूजा गर्दछ त्यो मनुष्य सम्यग् ज्ञानवान् हुन्छ।

इमं स्वनिगमं ब्रह्मन्नवेत्य मदनुष्ठितम् ।

अदान्मे ज्ञानमैश्वर्यं स्वस्मिन् भावं च केशवः ॥ ३९ ॥

पदार्थ–

ब्रह्मन् = हे व्यासजी	**अवेत्य** = जानेर	**भावं** = प्रेमा भक्ति
केशवः = भगवान् नारायणले	**मे** = मलाई	**च** = पनि
इमं = यो पूर्वोक्त	**ज्ञानम्** = आफ्नो ज्ञान	**अदात्** = दिनुभयो
मदनुष्ठितम् = मैले गरेको	**ऐश्वर्यं** = अणिमादि ऐश्वर्य	
स्वनिगमं = उपदेशलाई	**स्वस्मिन्** = आफ्नो	

वाक्यार्थ– ब्रह्मन् ! जब मैले भगवान्‌को आज्ञाको यसप्रकार पालन गरेँ तब यस कुरालाई जानेर भगवान् श्रीकृष्णले मलाई आत्मज्ञान, ऐश्वर्य र आफ्नो भावरूप प्रेमाभक्ति प्रदान गर्नुभयो।

त्वमप्यदभ्रश्रुत विश्रुतं विभोः
समाप्यते येन विदां बुभुत्सितम्।
प्राख्याहि दुःखैर्मुहुरर्दितात्मनां
सङ्क्लेशनिर्वाणमुशन्ति नान्यथा॥ ४०॥

पदार्थ—

अदभ्रश्रुत = बहुश्रुत अर्थात् धेरै शास्त्रका ज्ञाता भएका हे व्यासजी	**विदां** = विद्वान्हरूको	**दुःखैः** = दुःखहरूद्वारा
त्वम् = तपाईंले	**बुभुत्सितम्** = जान्ने इच्छा	**मुहुः** = बारम्बार
अपि = पनि	**समाप्यते** = समाप्त हुन्छ	**अर्दितात्मनां** = पीडित मन भएका जीवहरूको
येन = जसको श्रवण गर्नाले	**विश्रुतं** = चारैतिर फैलिएको कीर्तिलाई	**सङ्क्लेशनिर्वाणम्** = पीडाको शान्ति
विभोः = भगवान्को	**प्राख्याहि** = वर्णन गर्नुहोस्	**न उशन्ति** = ठान्दैनन्
	अन्यथा = अरू कुनै प्रकारले	

वाक्यार्थ— व्यासजी ! तपाईंको ज्ञान पूर्ण छ। तपाईं भगवान्को कीर्तिको वर्णन गर्नुहोस्। यसैबाट ठुला-ठुला ज्ञानीहरूको जिज्ञासा पूर्ण हुन्छ। जो मनुष्यहरू दुःखद्वारा बारम्बार सताइएका छन् तिनीहरूको दुःखको शान्ति यसैबाट मात्र सम्भव छ, अरू कुनै उपाय छैन।

अध्यायविवरण— महर्षि भगवान् वेदव्यास भगवान् नारायणका कलावतावर हुनुहुन्थ्यो। उहाँले एक वेदलाई चार भागमा विभक्त गरेको हुनाले उहाँको नाम वेदव्यास रहेको हो। वेदव्यासले अन्य १७ ओटा पुराणहरू र महाभारतको रचना गरिसक्दा पनि उहाँको चित्त शान्त भएन। एकदिन उहाँ सूर्योदयको समय सरस्वती नदीको तटमा अत्यन्त खिन्नचित्त भएर बस्नुभएको थियो त्यसै समयमा त्यहाँ देवर्षि नारद आउनुभयो। महर्षि वेदव्यासको मुख अत्यन्त मलिन देखेर देवर्षि नारदले उहाँसँग असन्तोषको कारण सोध्नुभयो। वेदव्यासले भन्नुभयो— हे देवर्षे ! म असन्तुष्ट छु भन्ने कुरामात्र मलाई थाहा छ, तर मेरो असन्तोषको कारण के हो भन्ने कुरा मलाई थाहा छैन। तपाईं भगवान् नारायणका अनन्य भक्त हुनुहुन्छ त्यसकारण तपाईं भूत, वर्तमान र भविष्यत् तीनै कालका कुराहरू जान्नुहुन्छ। अतः आफ्नो योगशक्तिद्वारा तपाईं मेरो असन्तोषको कारण बताइदिनुहोस्। त्यसपछि देवर्षि नारदले ध्यानदृष्टिद्वारा वेदव्यासको असन्तोषको कारणलाई जानेर यसप्रकार उहाँलाई भन्नुभयो— तपाईंले आफ्ना रचनाहरूमा जसरी अरू-अरू विषयको वर्णन गर्नुभएको छ, त्यसरी भगवान् नारायणको भक्तिलाई जोड दिएर वर्णन गर्नुभएको छैन। त्यसै कारणले तपाईंको मनमा सन्तोष नभएको हो।

विभिन्न रस अलङ्कार आदिले युक्त भएको काव्य छ तापनि यदि त्यसमा भगवान्को महिमाको वर्णन गरिएको छैन भने भगवान्का भक्तहरूले त्यसलाई प्रेमपूर्वक पढ्दैनन्। फेरि त्यस्तो अर्को कुनै काव्य छ, जसमा रस, अलङ्कार आदिको अभाव छ तापनि यदि त्यसमा

भगवान्को महिमाको वर्णन भएको छ भने भगवान्का भक्तहरूले त्यसलाई अत्यन्त प्रेमपूर्वक पढ्दछन्। जीव र ब्रह्मको एकतालाई प्रतिपादन गर्ने ब्रह्मज्ञान पनि यदि भगवान्को भक्तिले रहित छ भने त्यसले जति शोभा पाउनुपर्ने हो, त्यति शोभा पाउन सक्तैन। त्यस्तो कर्म जुन भगवान्मा अर्पण गरिएको छैन भने बहिर्मुख हुनाले त्यो कर्मद्वारा मुमुक्षुको चित्त शान्त हुन नसक्ने हुनाले त्यो कर्म निरर्थक हुन्छ।

यस संसारमा आएको मनुष्यले त्यस्तो वस्तुको प्राप्तिका लागि प्रयास गर्नुपर्दछ जुन वस्तुको प्राप्ति न स्वर्ग आदि लोकहरूमा सम्भव छ, न त नरक आदि लोकमा नै छ। भगवान्मा भक्ति, विषयबाट वैराग्य र ज्ञान यी तीन कुराहरूको प्राप्ति केवल मानवजीवनमा मात्र सम्भव छ। भगवान्को भक्तिको चस्का एकपटक लागेपछि फेरि मनुष्य कुनै पनि परिस्थितिमा संसारी बन्न सक्दैन।

यसप्रकार देवर्षि नारदले भगवान् वेदव्यासलाई उपदेश गर्नुभयो र उहाँको प्रेरणाका लागि आफू पूर्वजन्ममा दासीपुत्र भएको र महापुरुषहरूको कृपाद्वारा देवर्षि नारद भएको पूर्वजन्मको वृत्तान्त पनि सुनाउनुभयो। यसप्रकार देवर्षि नारदबाट प्रेरणा प्राप्त गरेर आश्रममा बसेर वेदव्यासले परमहंससंहिता श्रीमद्भागवतको रचना गर्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

व्यासनारदसंवादे पञ्चमोऽध्यायः ॥ ५॥

अथ षष्ठोऽध्यायः

नारदजीको पूर्व जुनीको वर्णनको बाँकी अंश

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं निशम्य भगवान् देवर्षेर्जन्म कर्म च।

भूयः पप्रच्छ तं ब्रह्मन् व्यासः सत्यवतीसुतः॥ १॥

पदार्थ—

ब्रह्मन् = हे शौनक जी	**निशम्य** = सुनेर	**तं** = ती नारदलाई
एवं = यसप्रकार	**सत्यवतीसुतः** = सत्यवतीका छोरा	**भूयः** = फेरि
देवर्षेः = देवर्षि नारदको	**भगवान्** = भगवान्	**पप्रच्छ** = सोध्नुभयो
जन्म = जन्म र	**व्यासः** = वेदव्यासले	
कर्म च = कर्म पनि		

वाक्यार्थ— हे शौनकजी ! देवर्षि नारदको जन्म र साधनाको कुरा सुनेर सत्यवतीका छोरा भगवान् वेदव्यासले नारदजीसँग फेरि प्रश्न गर्नुभयो।

व्यास उवाच (व्यासजीले भन्नुभयो)

भिक्षुभिर्विप्रवसिते विज्ञानादेष्टृभिस्तव।

वर्तमानो वयस्याद्ये ततः किमकरोद् भवान्॥ २॥

पदार्थ—

तव = तपाईंलाई	अन्यत्र गएपछि	**ततः** = त्यसपछि
विज्ञानादेष्टृभिः = ज्ञानको उपदेश गर्ने	**आद्ये** = बाल्य	**किम्** = के
भिक्षुभिः = भिक्षुहरू	**वयसि** = अवस्थामा	**अकरोत्** = गर्नुभयो
विप्रवसिते = तपाईंलाई छोडेर	**वर्तमानः** = रहनुभएका	
	भवान् = तपाईंले	

वाक्यार्थ— तपाईंलाई ज्ञानको उपदेश गर्ने महात्माहरूले तपाईंलाई बाल्य अवस्थामा नै छोडेर गएपछि तपाईंले के गर्नुभयो ?

स्वायम्भुव कया वृत्त्या वर्तितं ते परं वयः।

कथं चेदमुदस्राक्षीः काले प्राप्ते कलेवरम्॥ ३॥

पदार्थ–

स्वायम्भुव = ब्रह्माजीका पुत्र हे नारदजी	**कया** = कुन	**कलेवरम्** = दासीपुत्रको शरीरलाई
ते = तपाईंको	**वृत्त्या** = प्रकारले	**कथं च** = कसरी
परं = बाल्यावस्थादेखि अतिरिक्तको	**वर्तितं** = बित्यो	**उदस्राक्षीः** = छोड्नुभयो
वयः = आयु (समय)	**काले** = मरण काल	
	प्राप्ते = प्राप्त भएपछि	
	इदम् = यो	

वाक्यार्थ– हे स्वयम्भूपुत्र नारदजी ! तपाईंले आफ्नो शेष आयुलाई कसरी बिताउनुभयो ? मृत्युको समयमा कुन विधिले आफ्नो शरीरको त्याग गर्नुभयो ?

प्राक्कल्पविषयामेतां स्मृतिं ते मुनिसत्तम ।

न ह्येष व्यवधात् काल एष सर्वनिराकृतिः ॥ ४ ॥

पदार्थ–

मुनिसत्तम = हे देवर्षि	**काल** = कालले	**स्मृतिं** = स्मृतिलाई
सर्वनिराकृतिः = सम्पूर्ण वस्तुहरूलाई नष्ट गर्न	**ते** = तपाईंको	**न व्यवधात्** = किन नाश गरेन
एषः = त्यो	**प्राक्कल्पविषयाम्** = पूर्व कल्पको	
	एतां = यो	

वाक्यार्थ– हे देवर्षि ! कालले सम्पूर्ण वस्तुलाई नष्ट गर्दछ तर त्यस कालले तपाईंको पूर्वकल्पको स्मृतिलाई किन नष्ट गरेन ?

नारद उवाच (नारदजीले भन्नुभयो)

भिक्षुभिर्विप्रवसिते विज्ञानादेष्टृभिर्मम ।

वर्तमानो वयस्याद्ये तत एतदकारषम् ॥ ५ ॥

पदार्थ–

मम = मलाई	**विप्रवसिते** = मलाई छोडेर अन्यत्र गएपछि	**ततः** = त्यसपछि
विज्ञानादेष्टृभिः = विज्ञानको उपदेश गर्ने महात्माहरू	**आद्ये वयसि** = बाल्यावस्थामा	**एतत्** = यो
भिक्षुभिः = भिक्षुहरूले	**वर्तमानः** = रहेको मैले	**अकारषम्** = गरेँ

वाक्यार्थ– मलाई ज्ञानको उपदेश गर्ने महात्माहरू गएपछि बाल्यावस्थामा रहेको मैले आफ्नो जीवन यसप्रकार व्यतीत गरेँ।

एकात्मजा मे जननी योषिन्मूढा च किङ्करी।
मय्यात्मजेऽनन्यगतौ चक्रे स्नेहानुबन्धनम्॥ ६॥

पदार्थ–

एकात्मजा = म एउटै छोरो भएको	**मूढा** = अल्पबुद्धियुक्त भएकी र	**मयि** = म
मे = मेरी	**किङ्करी च** = दासी पनि हुनुहुन्थ्यो	**आत्मजे** = छोरामा
जननी = आमा	**अनन्यगतौ** = उहाँलाई छोडेर अरू कुनै सहारा नभएको	**स्नेहानुबन्धनम्** = अत्यन्त स्नेह
योषित् = स्त्री		**चक्रे** = गर्दथिन्

वाक्यार्थ– मेरी आमाको म एकमात्र छोरो थिएँ। मेरी आमा स्त्री, अल्पबुद्धि भएकी र दासी हुनुहुन्थ्यो। उहाँलाई छोडेर मेरा लागि अरू कुनै सहारा थिएन। मेरी आमाको ममाथि ज्यादै स्नेह थियो।

सास्वतन्त्रा न कल्पाऽऽसीद् योगक्षेमं ममेच्छती।
ईशस्य हि वशे लोको योषा दारुमयी यथा॥ ७॥

पदार्थ–

मम = मेरो	**अस्वतन्त्रा** = परतन्त्र हुनाले	**ईशस्य** = ईश्वरको
योगक्षेमं = योग र क्षेमका विषयमा	**न कल्पासीत्** = योगक्षेमका लागि असमर्थ हुनुहुन्थ्यो	**हि** = निश्चय नै
इच्छती = चिन्ता गर्नुहुन्थ्यो परन्तु	**यथा** = जसरी	**लोकः** = यो सम्पूर्ण संसार
सा = उहाँ	**दारुमयी योषा** = कठपुतली (नचाउनेवालाको वशमा हुन्छ)	**वशे** = वशमा छ

वाक्यार्थ– उहाँ सधैं मेरो योगक्षेमको चिन्ता गर्नुहुन्थ्यो। परन्तु पराधीन हुनाले उहाँ मेरा लागि केही पनि गर्न सक्नुहुन्नथ्यो। जसरी कठपुतली नचाउने मान्छेका इच्छाको अनुसार चल्दछ; त्यसै गरी यो सम्पूर्ण संसार ईश्वरकै अधीनमा चल्छ।

विवरण– परमात्मा यस संसारको अभिन्ननिमित्तोपादान कारण हुनुहुन्छ। कुनै कार्यका प्रति एउटै वस्तु निमित्तकारण र उपादानकारण दुबै बन्यो भने त्यस्तो कारणलाई अभिन्ननिमित्तो-पादानकारण भनिन्छ। माकुराले जालो बुन्दाखेरि जालो कार्य हो भने त्यसको उपादानकारण र निमित्तकारण दुबै माकुरो नै हो। जालोरूप कार्यका प्रति माकुराको शरीर उपादानकारण हुन्छ भने माकुराभित्रको चेतनतत्त्व निमित्तकारण हुन्छ। मुण्डकोपनिषद् (१।१।७)मा यही कुरा यसप्रकार बताइएको छ– जसरी माकुराले जालो फैलाउँछ र फेरि आफूमा नै लीन पनि गर्दछ। जसरी पृथिवीमा विभिन्न प्रकारका वनस्पतिहरू उत्पन्न हुन्छन् अनि जसरी जीवित पुरुषबाट दाह्री-जुँगाहरू उत्पन्न हुन्छन्। त्यसै गरी परमात्माबाट यो संसार उत्पन्न हुन्छ।

उपादानकारणविना कार्यको आफ्नो छुट्टै अस्तित्व हुँदैन। उदाहरणका लागि माटोबाट घडा

उत्पन्न हुँदा घडा कार्य हो, त्यसको उपादानकारण माटो हो। माटोविना घडाको कुनै अस्तित्व हुँदैन। त्यसै गरी परमात्माविना यो संसारको कुनै अस्तित्व छैन।

अहं च तद्ब्रह्मकुले ऊषिवांस्तदपेक्षया।
दिग्देशकालाव्युत्पन्नो बालकः पञ्चहायनः॥ ८॥

पदार्थ–

अहं = म	त्यस वस्तीमा	थाहा नपाएको
तदपेक्षया = आफ्नो आमाको	**ऊषिवान्** = म बसेँ	**बालकः** = बालक थिएँ
स्नेह बन्धनमा बाँधिएर	**पञ्चहायनः** = पाँच वर्षको	
च = पनि	**दिग्देशकालाव्युत्पन्नः** = दिशा,	
तद्ब्रह्मकुले = ब्राह्मणहरूको	देश र कालका सम्बन्धमा केही	

वाक्यार्थ– म आफ्नी आमाको स्नेहबन्धनमा बाँधिएर त्यही ब्रह्मवस्तीमा नै बसेँ। मेरो अवस्था केवल पाँच वर्षको थियो। मलाई दिशा, देश र कालको सम्बन्धमा अलिकति पनि ज्ञान थिएन।

एकदा निर्गतां गेहाद् दुहन्तीं निशि गां पथि।
सर्पोऽदशत्पदा स्पृष्टः कृपणां कालचोदितः॥ ९॥

पदार्थ–

एकदा = एक दिन	**निर्गतां** = निक्लेकी	**आस्पृष्टः** = स्पर्श गरिएको
निशि = रातका समयमा	**कृपणां** = दुःखी ती मेरी	**कालचोदितः** = कालद्वारा प्रेरित
गां = गाई	आमालाई	**सर्पः** = सर्पले
दुहन्तीं = दुहुनका लागि	**पथि** = बाटोमा	**अदशत्** = डस्यो
गेहात् = घरबाट	**पदा** = गोडाले	

वाक्यार्थ– एक दिनको कुरा हो, मेरी आमा गाई दुहुनका लागि घरबाट बाहिर निक्लनुभएको थियो। बाटोमा उहाँका गोडाले सर्पलाई कुल्चेको हुनाले कालद्वारा प्रेरित भएको त्यस सर्पले उहाँलाई डस्यो।

तदा तदहमीशस्य भक्तानां शमभीप्सतः।
अनुग्रहं मन्यमानः प्रातिष्ठं दिशमुत्तराम्॥ १०॥

पदार्थ–

तदा = त्यस समयमा	**अहम्** = मैले	**मन्यमानः** = ठानेर
तत् = आमाको त्यो मृत्युलाई	**अभीप्सतः** = चाहने	**उत्तराम् दिशम्** = उत्तर दिशातिर
भक्तानां = भक्तहरूको	**ईशस्य** = ईश्वरको	**प्रातिष्ठं** = प्रस्थान गरेँ
शम् = कल्याण	**अनुग्रहं** = अनुग्रह हो भन्ने	

वाक्यार्थ– आमाको मृत्युलाई मैले भक्तहरूको मङ्गल चाहने भगवान्को यो मप्रति ठुलो अनुग्रह हो भन्ने ठानेँ। त्यसपछि म उत्तर दिशातिर लागेँ।

स्फीताञ्जनपदांस्तत्र पुरग्रामव्रजाकरान्।
खेटखर्वटवाटीश्च वनान्युपवनानि च॥ ११॥
चित्रधातुविचित्राद्रीनिभभग्नभुजद्रुमान्।
जलाशयाञ्छिवजलान्नलिनीः सुरसेविताः॥ १२॥
चित्रस्वनैः पत्ररथैर्विभ्रमद्भ्रमरश्रियः।
नलवेणुशरस्तम्बकुशकीचकगह्वरम्॥ १३॥
एक एवातियातोऽहमद्राक्षं विपिनं महत्।
घोरं प्रतिभयाकारं व्यालोलूकशिवाजिरम्॥ १४॥

पदार्थ–

तत्र = त्यहाँ
स्फीतान् = धनधान्य आदिले सम्पन्न भएका
जनपदान् = देशहरूलाई
पुरग्रामव्रजाकरान् = शहर, गाउँ, गोपाल वस्ती र रत्नादि खानीहरूलाई
वनानि = जङ्गल
उपवनानि = बगैँचाहरूलाई
खेटखर्वटवाटीः = पर्वतका नजिकका र साना गाउँहरू एवं बगैँचाहरू
च = पनि
चित्रधातुविचित्राद्रीन् = विभिन्न धातुहरूले युक्त भएको पर्वतहरूलाई
इभभग्नभुजद्रुमान् = हात्तीद्वारा हाँगा भाँचिएका वृक्षहरूलाई
सुरसेविताः = देवताहरूले उपयोग गर्ने खालका
जलाशयान् = तलाउहरूलाई
नलिनीः = कमलहरूले युक्त भएका
शिवजलान् = शीतल जलवाला
चित्रस्वनैः = विभिन्न सुमधुर स्वरवाला
पत्ररथैः = पक्षीहरूसँग
विभ्रमद्भ्रमरश्रियः = घुमिरहने भ्रमर फूलका शोभाहरूलाई
नलवेणुशरस्तम्ब-कुशकीचकगह्वरम् = निगाला, विभिन्न जातका बाँस, कुश र घाँसका झाडीहरूले गर्दा अत्यन्त भयानक लाग्ने
एकः एव = एक्लै नै
अतियातः = उत्तर दिशातिर हिँडेको
अहम् = मैले
व्यालोलूकशिवाजिरम् = सर्प, लाटोकोसेरो र स्यालहरू खेल्ने
घोरं = डरलाग्दो
प्रतिभयाकारं = डरमाथि पनि डर थपिने
महत् = ठुलो
विपिनं = जङ्गललाई
अद्राक्षं = देखेँ

वाक्यार्थ– त्यस मार्गमा मैले अनेक धनधान्यले सम्पन्न देश, नगर, गाउँ, नदी र पर्वतको तटवर्ती स्थानहरू, वाटिका, वन-उपवन र रङ्गविरङ्गका धातुहरूले युक्त भएका अत्यन्त सुन्दर पर्वतहरू

देखेँ। कहीँकहीँ जङ्गली वृक्षहरू थिए। जसका हाँगाहरू हात्तीले भाँचिदिएका थिए। शीतल जलले भरिएका जलाशय थिए। जहाँ देवताहरूको काममा आउने खालका कमल थिए। त्यहाँ पक्षीहरू विभिन्न प्रकारका आवाज गरिरहेका थिए। भमराहरू भुँ-भुँ गरिरहेका थिए। यी सबै दृश्य हेर्दै म अगाडि बढेँ। यति लामो बाटो पार गरिसकेपछि मैले एउटा ज्यादै डरलाग्दो र ठुलो जङ्गल देखेँ।

परिश्रान्तेन्द्रियात्माहं तृट्परीतो बुभुक्षितः।
स्नात्वा पीत्वा ह्रदे नद्या उपस्पृष्टो गतश्रमः॥ १५॥
तस्मिन्निर्मनुजेऽरण्ये पिप्पलोपस्थ आश्रितः।
आत्मनाऽऽत्मानमात्मस्थं यथाश्रुतमचिन्तयम्॥ १६॥

पदार्थ–

परिश्रान्तेन्द्रियात्मा = सम्पूर्ण इन्द्रिय र शरीर थाकेर चूर भएको	**पीत्वा** = पानी पिएर	**आत्मस्थं** = हृदाकाशमा बस्ने
तृट्परीतः = तिर्खाएको	**उपस्पृष्टः** = आगमन गरेँ	**आत्मानम्** = परमात्मालाई
बुभुक्षितः = भोकाएको	**गतश्रमः** = श्रमरहित भएको	**यथाश्रुतम्** = परमहंसहरूले बताए जसरी नै
अहं = म	**अहं** = म	**अरण्ये** = जङ्गलमा
नद्याः = कुनै नदीको	**तस्मिन्** = त्यो	**आश्रितः** = बसेर
ह्रदे = कुण्डमा	**निर्मनुजे** = कोही पनि मनुष्य नभएको	**अचिन्तयम्** = चिन्तन गरेँ
स्नात्वा = स्नान गरेर	**पिप्पलोपस्थे** = पिपलको फेदमा	
	आत्मना = समाहित मनले	

वाक्यार्थ– मार्गमा हिँड्दा-हिँड्दै मेरो शरीर र इन्द्रियहरू अत्यन्त शिथिल भएका थिए। मलाई ज्यादै भोक र तिर्खा पनि लागेको थियो। त्यहाँ मलाई एउटा नदीको नजिक म पुगेँ। नदीको तलाउमा मैँले स्नान, आचमन र जलपान गरेँ। यसबाट मेरो थकाइ हट्यो। त्यस निर्जन वनमा पीपलको फेदमा आसन लगाएर म बसेँ। महात्माहरूबाट मैले जे सुनेको थिएँ परमात्माको त्यही स्वरूपको मैले मनमनै ध्यान गर्न लागेँ।

ध्यायतश्चरणाम्भोजं भावनिर्जितचेतसा।
औत्कण्ठ्याश्रुकलाक्षस्य हृद्यासीन्मे शनैर्हरिः॥ १७॥

पदार्थ–

भावनिर्जितचेतसा = भगवान्का प्रेमले वशीभूत हृदयद्वारा	**ध्यायतः** = ध्यान गर्दै गरेको	**हृदि** = हृदयमा
चरणाम्भोजं = भगवान्का चरकमललाई	**औत्कण्ठ्याश्रुकलाक्षस्य** = अत्यन्त उत्कण्ठाका कारणले आँखाभरि आँसु भएको मेरो	**शनैः** = बिस्तारै-बिस्तारै
		हरिः = भगवान् श्रीहरि
		आसीत् = प्रकट हुनुभयो

वाक्यार्थ– भक्तिभावबाट वशीकृत चित्तद्वारा भगवान्का चरणकमलको ध्यान गर्दागर्दै भगवत् प्राप्तिको उत्कट इच्छाले आँखाबाट आँसु आउन लाग्यो र मेरो हृदयमा विस्तारै-विस्तारै भगवान् प्रकट हुनुभयो।

प्रेमातिभरनिर्भिन्नपुलकाङ्गोऽतिनिर्वृतः।
आनन्दसम्प्लवे लीनो नापश्यमुभयं मुने॥ १८॥

पदार्थ–

मुने = हे व्यासजी, त्यस समयमा
प्रेमातिभरनिर्भिन्नपुलकाङ्गः = प्रेम भावको उद्रेकका कारणले अङ्ग
अङ्ग पुलकित भएको
अतिनिर्वृतः = समाहित र शान्त हृदयद्वारा
आनन्दसम्प्लवे = आनन्दको
बाढीमा
लीनः = चुर्लुम्म डुबेको मैले
उभयं = दुबैलाई
न अपश्यम् = सम्झिनँ

वाक्यार्थ– हेर्नुहोस् वेदव्यास जी ! त्यस समयमा प्रेम भावको अत्यन्त उद्रेकद्वारा मेरो शरीरमा रोमाञ्च पैदा भयो। हृदय अत्यन्त शान्त र शीतल भयो। आनन्दको बाढीमा म यसरी डुबें कि मलाई आफ्नो र ध्येय वस्तुको केही पनि भान भएन।

रूपं भगवतो यत्तन्मनःकान्तं शुचापहम्।
अपश्यन् सहसोत्तस्थे वैक्लव्याद्दुर्मना इव॥ १९॥

पदार्थ–

भगवतः = भगवान्को
यत् = जुन
मनःकान्तं = मनमोहक
शुचापहम् = शोकनाशक
रूपं = रूप छ
तत् = त्यसलाई
सहसा = अनायास
वैक्लव्यात् = विफलताको
कारणले
दुर्मनाः इव = भारी मन गराई
अपश्यन् = नदेखेर
उत्तस्थे = रुटपट आसनबाट उठेँ

वाक्यार्थ– भगवान्को त्यो अनिर्वचनीय स्वरूप समस्त शोकलाई नाश गर्ने र मनलाई अत्यन्त लोभ्याउने खालको थियो। अकस्मात् त्यस रूपलाई नदेखदाखेरि म विह्वल भएँ र मेरो मन अत्यन्त दुःखी भयो म आसनबाट उठेँ।

दिदृक्षुस्तदहं भूयः प्रणिधाय मनो हृदि।
वीक्षमाणोऽपि नापश्यमवितृप्त इवातुरः॥ २०॥

पदार्थ–

भूयः = फेरि पनि
दिदृक्षुः = हेर्ने इच्छा गर्ने
अहं = मैले
हृदि = हृदयमा
ततः च = त्यसपछि
मनः = मनलाई
प्रणिधाय = स्थिर गरेर
वीक्षमाणः = हेर्न खोज्दा
न अपश्यम् = फेरि देख्न सकिनँ
अपि = पनि
अवितृप्तः इव = अतृप्तझैं
आतुरः = आतुर भएँ

वाक्यार्थ– मैले त्यस रूपको दर्शन गर्न फेरि चाहेँ। मनलाई हृदयमा समाहित गरेर बारम्बार दर्शन गर्ने प्रयास गर्दा पनि मैले त्यस रूपलाई फेरि देख्न सकिनँ। म अतृप्तझैँ आतुर भएँ।

एवं यतन्तं विजने मामाहागोचरो गिराम्।

गम्भीरश्लक्ष्णया वाचा शुचः प्रशमयन्निव॥ २१॥

पदार्थ–

एवं = यसप्रकार	**अगोचरः** = विषय नहुने	**प्रशमयन् इव** = शान्त गराउने
विजने = निर्जन वनमा	भगवान्ले	उद्देश्यले झैँ
यतन्तं = प्रयास गरिरहेको	**गम्भीरश्लक्ष्णया** = गम्भीर र मधुर	**आह** = भन्नुभयो
माम् = मलाई	**गिराम्** = वाणीको	
वाचा = वाणीले	**शुचः** = शोकलाई	

वाक्यार्थ– यसप्रकार निर्जन वनमा मलाई प्रयत्न गरिरहेको देखेर वाणीका विषय नभएका भगवान्ले अत्यन्त गम्भीर र मधुर वाणीले मेरो शोकलाई शान्त गर्दै भन्नुभयो।

हन्तास्मिञ्जन्मनि भवान् मा मां द्रष्टुमिहार्हति।

अविपक्वकषायाणां दुर्दर्शोऽहं कुयोगिनाम्॥ २२॥

पदार्थ–

हन्त = यो खेदको कुरा हो	**मा द्रष्टुमर्हति** = देख्न सक्नुहुन्न	लागि
अस्मिन् = यस	**अहं** = म	**दुर्दर्शः** = उनीहरूको अगाडि
जन्मनि = जन्ममा	**अविपक्वकषायाणां** = पूर्ण रूपले	प्रकट हुन सक्दिनँ
भवान् = तपाईंले	वासना शान्त नभएका	
मां = मलाई	**कुयोगिनाम्** = कुयोगीहरूको	

वाक्यार्थ– दुःखको कुरा के भने यस जन्ममा तिमीले मेरो दर्शन गर्न सक्दैनौ। जसको वासना पूर्णतया शान्त भएको छैन। त्यस्ता भोगीहरूका लागि मेरो दर्शन अत्यन्त दुर्लभ छ।

सकृद् यद् दर्शितं रूपमेतत् कामाय तेऽनघ।

मत्कामः शनकैः साधु सर्वान्मुञ्चति हृच्छयान्॥ २३॥

पदार्थ–

अनघ = हे निष्पाप बालक	**एतत्** = यो एक पटकको दर्शन	इच्छा राख्ने
यत् = जुन	**ते** = तिम्रो	**साधु** = साधक पुरुष
सकृत् = एक पटक	**कामाय** = ममा रुचि बढाउनका	**शनकैः** = बिस्तारै बिस्तारै
रूपम् = रूप	लागि हो	**सर्वान्** = सम्पूर्ण
दर्शितं = देखाइयो	**मत्कामः** = मलाई प्राप्त गर्ने	**हृच्छयान्** = हृदयका

वासनाहरूलाई	**मुञ्चति** = त्यागिदिन्छ

वाक्यार्थ– हे निष्पाप बालक ! तिम्रा हृदयमा मलाई प्राप्त गर्ने इच्छा जागृत गर्नका लागि मैले एक पटक आफ्नो रूपको दर्शन तिमीलाई गराएको हुँ। मलाई प्राप्त गर्ने आकाङ्क्षाले युक्त साधकले बिस्तारै-बिस्तारै हृदयका सम्पूर्ण वासनालाई त्यागिदिन्छ।

सत्सेवया दीर्घयापि जाता मयि दृढा मतिः।
हित्वावद्यमिमं लोकं गन्ता मज्जनतामसि ॥ २४ ॥

पदार्थ–

अदीर्घया = अल्पकालीन	**जाता** = उत्पन्न भयो भने	**हित्वा** = छोडेर
अपि = पनि	यसपछि	**मज्जनताम्** = मेरो पार्षद
सत्सेवया = महापुरुषको सेवाले	**इमं** = यो	**गन्ता असि** = भएर जन्मनेछौ
मयि = ममा	**अवद्यम्** = शूद्र कुलमा उत्पन्न	
दृढा = दृढ	भएको	
मतिः = बुद्धि	**लोकं** = शरीरलाई	

वाक्यार्थ– अल्पकालीन सन्त सेवाबाट तिम्रो चित्तवृत्ति ममा स्थिर भएको छ। अब तिमी यो प्राकृत मलीन शरीरलाई छाडेर मेरो पार्षद भएर जन्मनेछौ।

मतिर्मयि निबद्धेयं न विपद्येत कर्हिचित्।
प्रजासर्गनिरोधेऽपि स्मृतिश्च मदनुग्रहात् ॥ २५ ॥

पदार्थ–

मयि = ममा	**कर्हिचित्** = कहिल्यै पनि	**स्मृतिः च** = मविषयक स्मृति
निबद्धा = प्राप्त गर्ने इच्छा	**न विपद्येत** = छुप्ने छैन	बनी नै रहनेछ
लागेको	**प्रजासर्गनिरोधे अपि** = प्रायः	
इयं = यो	सम्पूर्ण सृष्टिको प्रलय पछि पनि	
मतिः = बुद्धि	**मदनुग्रहात्** = मेरो कृपाले	

वाक्यार्थ– मलाई प्राप्त गर्ने तिम्रो निश्चयमा कुनै पनि परिवर्तन आउने छैन। समस्त प्राणीको प्रलय भइसकेपछि पनि तिमीलाई मेरो स्मृति बाँकी नै रहनेछ।

एतावदुक्त्वोपरराम तन्महद्-
भूतं नभोलिङ्गमलिङ्गमीश्वरम्।
अहं च तस्मै महतां महीयसे
शीर्ष्णावनामं विदधेऽनुकम्पितः ॥ २६ ॥

पदार्थ—

एतावद् = यति	**महद्भूतं** = सर्वव्यापक परमात्मा	**महीयसे** = श्रेष्ठ
उक्त्वा = भनेर	**उपरराम** = चूप लाग्नुभयो	**तस्मै** = ती भगवान्लाई
नभोलिङ्गम् = हृदयाकाशमा प्रकट हुने	**अनुकम्पितः** = यसप्रकार भगवान्को कृपालाई प्राप्त गरेको	**च** = पनि
अलिङ्गम् = अव्यक्त	**अहम्** = मैले	**शीर्ष्णा** = शिर झुकाएर
ईश्वरम् = सर्वनियामक	**महतां** = श्रेष्ठहरूमा	**अवनामम्** = प्रणाम
तत् = शास्त्र प्रसिद्ध		**विदधे** = गरेँ

वाक्यार्थ— आकाश समान अव्यक्त सर्वशक्तिमान् भगवान् परमात्मा यति भनेर चुप लाग्नुभयो। उहाँको यो कृपाको अनुभव गरेर मैले श्रेष्ठभन्दा श्रेष्ठ परमात्मालाई आफ्नो शिर झुकाएर प्रणाम गरेँ।

नामान्यनन्तस्य हतत्रपः पठन्
गुह्यानि भद्राणि कृतानि च स्मरन्।
गां पर्यटंस्तुष्टमना गतस्पृहः
कालं प्रतीक्षन् विमदो विमत्सरः॥ २७॥

पदार्थ—

अनन्तस्य = भगवान्का	**जन्मानि** = जन्म र	**गतस्पृहः** = इच्छारहित
नामानि = पवित्र नामहरू	**कृतानि च** = कर्महरूको	**विमदः** = मदले रहित
हतत्रपः = लज्जालाई छोडेर	**स्मरन्** = स्मरण गर्दै	**विमत्सरः** = मात्सर्यले रहित भएर
पठन् = पढ्दै	**गां** = पृथिवी	**कालं प्रतीक्षन्** = केवल कालको प्रतीक्षा गरेर बसेको थिएँ
भद्राणि = लोकको कल्याण गर्ने	**पर्यटन्** = घुम्दै	
गुह्यानि = रहस्यमय	**तुष्टमना** = प्रसन्न मनले	

वाक्यार्थ— त्यसपछि म लज्जा र सङ्कोच छोडेर भगवान्को अत्यन्त रहस्यमय र मङ्गलमय मधुर नाम र लीलाहरूको कीर्तन र स्मरण गर्न लागेँ। इच्छा, घमण्ड र ईर्ष्या मेरो हृदयबाट पहिले नै हटिसकेका थिए। त्यसपछि म आनन्दपूर्वक कालको प्रतीक्षा गर्दै पृथ्वीमा विचरण गर्न लागेँ।

एवं कृष्णमतेर्ब्रह्मन्नासक्तस्यामलात्मनः।
कालः प्रादुरभूत्काले तडित्सौदामनी यथा॥ २८॥

पदार्थ—

ब्रह्मन् = हे व्यासजी	भक्ति लागेका हुनाले	**एवं** = यसप्रकार
कृष्णमतेः = भगवान् श्रीकृष्णमा	**असक्तस्य** = आसक्तिले रहित	**अमलात्मनः** = निर्मल चित्त

भएको	(मृत्यु) आएपछि	**कालः** = मृत्यु
मम = मेरो	**तडित्सौदामनी यथा** = विजुली	**प्रादुरभूत्** = प्रकट भयो
कालः = शरीर छुट्ने समय	चम्केझैं	

वाक्यार्थ– व्यासजी ! यसप्रकार भगवान्को कृपाले मेरो हृदय शुद्ध भयो; विषयप्रतिको आसक्ति हरायो। म भगवान् श्रीकृष्णमा समर्पित भएँ। केही समयपछि जसरी एकाएक विजुली चम्कन्छ त्यसै गरी मेरो मृत्युको समय आइपुग्यो।

प्रयुज्यमाने मयि तां शुद्धां भागवतीं तनुम्।

आरब्धकर्मनिर्वाणो न्यपतत् पाञ्चभौतिकः॥ २९॥

पदार्थ–

मयि = मलाई	**तनुम्** = शरीर	**पाञ्चभौतिकः** = पञ्च
तां = पूर्वोक्त	**प्रयुज्यमाने** = प्राप्त भएपछि	महाभूतबाट बनेको शरीर
शुद्धां = शुद्ध	**आरब्धकर्मनिर्वाणः** = प्रारब्ध	**न्यपतत्** = नष्ट भयो
भागवतीं = भगवत् पार्षदरूप	कर्म समाप्त भएको	

वाक्यार्थ– मलाई शुद्ध भगवत् पार्षद शरीर प्राप्त भएपछि मेरो प्रारब्ध कर्म समाप्त हुनाको कारणले मेरो पाञ्चभौतिक शरीर नष्ट भयो।

कल्पान्त इदमादाय शयानेऽम्भस्युदन्वतः।

शिशयिषोरनुप्राणं विविशेऽन्तरहं विभोः॥ ३०॥

पदार्थ–

कल्पान्ते = ब्रह्माजीको दिन	**अम्भसि** = जलमा	**अनुप्राणं** = श्वासका साथ
समाप्त भएपछि	**शयाने** = भगवान् नारायणले	**अहं** = म
इदम् = यी तीनै लोकलाई	शयन गरेपछि	**अन्तः** = भित्र
आदाय = आफूमा संहार गरेर	**शिशयिषोः** = भगवान्	**विविशे** = प्रवेश गरेँ
उदन्वतः = प्रलयकालीन	नारायणमा शयन गर्न चाहने	
समुद्रको	**विभोः** = ब्रह्माजीको	

वाक्यार्थ– कल्पको अन्त्यमा प्रलयकालीन समुद्रको जलमा भगवान् नारायणले शयन गरेपछि भगवान् नारायणका हृदयमा शयन गर्ने इच्छाले सम्पूर्ण सृष्टिलाई आफूमा लीन गरेर ब्रह्माजीको श्वासका साथमा मैले पनि भगवान्को हृदयमा प्रवेश गरेँ।

सहस्रयुगपर्यन्ते उत्थायेदं सिसृक्षतः।

मरीचिमिश्रा ऋषयः प्राणेभ्योऽहं च जज्ञिरे॥ ३१॥

पदार्थ—

सहस्त्रयुगपर्यन्ते = एक सहस्र चतुर्युग बितेपछि
उत्थाय = उठेर
इदं = जगत्लाई
सिसृक्षतः = सृष्टि गर्न इच्छा गर्ने ब्रह्माजीबाट
प्राणेभ्यः = ब्रह्माजीको इन्द्रियबाट
मरीचिमिश्राः = मरीचि आदि
ऋषयः = ऋषिहरू र
अहं च = म पनि
जज्ञिरे = उत्पन्न भयौं

वाक्यार्थ— जब एक सहस्र चतुर्युग बितेपछि ब्रह्माजी जागेर सृष्टि गर्ने इच्छा गर्नुभयो, त्यस समयमा मरीचि आदि ऋषिहरूका साथ म पनि उत्पन्न भएँ।

अन्तर्बहिश्च लोकांस्त्रीन् पर्येम्यस्कन्दितव्रतः।
अनुग्रहान्महाविष्णोरविघातगतिः क्वचित्॥ ३२॥

पदार्थ—

महाविष्णोः = भगवान् विष्णुको
अनुग्रहात् = कृपाले
क्वचित् = कहीं पनि
अविघातगतिः = विना रोकतोक
अस्कन्दितव्रतः = भगवान्को भजन र ब्रह्मचर्य आदि ब्रतबाट विचलित नभईकन
त्रीन् लोकान् = तीनै लोकहरूको
अन्तर्बहिः च = बाहिर र भित्र
पर्येमि = भ्रमण गर्दछु

वाक्यार्थ— त्यसपछि म भगवान्को कृपाले वैकुण्ठ आदिमा र अरू तीनै लोकमा बाहिर-भित्र विना रोकतोक विचरण गर्दछु।

देवदत्तामिमां वीणां स्वरब्रह्मविभूषिताम्।
मूर्च्छयित्वा हरिकथां गायमानश्चराम्यहम्॥ ३३॥

पदार्थ—

स्वरब्रह्मविभूषिताम् = ब्रह्म-व्यञ्जक षड्ज, ऋषभ र गान्धार आदि स्वरले युक्त
देवदत्ताम् = स्वयं भगवान्ले दिनुभएको
वीणां = वीणालाई
मूर्च्छयित्वा = बजाउँदै
इमां = यो
हरिकथां = भगवान्को कथालाई
गायमानः = गाउँदै
अहम् = म
चरामि = विचरण गर्दछु

वाक्यार्थ— भगवान्ले दिनुभएको षड्ज, ऋषभ आदि स्वरब्रह्मले विभूषित वीणा बजाउँदै, उहाँका लीलाहरूको गान गर्दै म सम्पूर्ण संसारमा विचरण गर्दछु।

प्रगायतः स्ववीर्याणि तीर्थपादः प्रियश्रवाः।
आहूत इव मे शीघ्रं दर्शनं याति चेतसि॥ ३४॥

पदार्थ—

स्ववीर्याणि = भगवान्को वीर्यलाई
प्रगायतः = गाउँदै

तीर्थपादः = जसका पाउमा सम्पूर्ण तीर्थहरू छन् **प्रियश्रवाः** = जसको कीर्तिको श्रवण भक्तहरूलाई अत्यन्त	प्यारो लाग्छ, यस्ता भगवान् **आहूतः इव** = बोलाएझैँ **मे** = मलाई **शीघ्रं** = छिटो	**चेतसि** = चित्तमा आएर **दर्शनं याति** = दर्शन दिनुहुन्छ

वाक्यार्थ– जसको चरणकमल समस्त तीर्थहरूको उद्गम स्थान छ, भक्तहरूलाई जसको कीर्ति अत्यन्त प्यारो लाग्छ त्यस्ता प्रभु मैले बोलाएको जस्तो गरेर मेरो हृदयमा आएर दर्शन दिनुहुन्छ।

एतद्ध्यातुरचित्तानां मात्रास्पर्शेच्छया मुहुः।
भवसिन्धुप्लवो दृष्टो हरिचर्यानुवर्णनम्॥ ३५॥

पदार्थ–

मुहुः = बारम्बार **मात्रास्पर्शेच्छया** = विषयभोगको इच्छाले **एतत् हि** = यसअनुसार नै	**आतुरचित्तानां** = आतुर चित्त भएका मनुष्यहरूका लागि **हरिचर्यानुवर्णनम्** = भगवान् नारायणको गुणानुवर्णन	**भवसिन्धुप्लवः दृष्टः** = संसाररूपी सागरबाट पार हुनका लागि जहाजको रूपमा छ

वाक्यार्थ– जसको चित्त निरन्तर विषयभोगको कामनाले आतुर भइरहेको छ उनीहरूका लागि भगवान्को लीलाको कीर्तन संसाररूपी सागरबाट पार हुनका लागि जहाज हो।

यमादिभिर्योगपथैः कामलोभहतो मुहुः।
मुकुन्दसेवया यद्वत्तथाऽऽत्माद्धा न शाम्यति॥ ३६॥

पदार्थ–

मुहुः = बारम्बार **कामलोभहतः** = काम र लोभले घायल भएको **आत्मा** = चित्त	**मुकुन्दसेवया** = भगवान्को सेवाले **यद्वत्** = जसरी शान्त हुन्छ **तथा** = त्यसरी	**अद्धा** = प्रयास विना नै **यमादिभिः** = यम, नियम आदि **योगपथैः** = योग मार्गद्वारा **न शाम्यति** = शान्त हुँदैन

वाक्यार्थ– काम र लोभको चोटबाट घायल भएको चित्तले भगवान् श्रीकृष्णको सेवाबाट जसरी प्रत्यक्ष शान्तिको अनुभव गर्दछ, यम, नियम आदि योग मार्गबाट त्यस्तो शान्तिको अनुभव गर्दैन।

सर्वं तदिदमाख्यातं यत्पृष्टोऽहं त्वयानघ।
जन्मकर्मरहस्यं मे भवतश्चात्मतोषणम्॥ ३७॥

पदार्थ–

अनघ = हे निष्पाप वेदव्यासजी **त्वया** = तपाईंले **अहं** = मलाई	**यत्पृष्टः** = जो कुरा सोध्नुभएको थियो **तदिदं** = त्यो	**सर्वं** = सम्पूर्ण **मे** = मेरो **जन्मकर्मरहस्यम्** = जन्म र

कर्मको रहस्य र	**आत्मतोषणम्** = आत्मतुष्टिको	**च** = पनि
भवतः = तपाईंको	उपाय	**आख्यातं** = मैले बताएँ

वाक्यार्थ– हे निष्पाप व्यासजी ! तपाईंले मलाई मेरो जन्म र साधनाको विषयमा र तपाईंको आत्मतुष्टिको विषयमा जुन कुरा सोध्नुभएको थियो, त्यो मैले तपाईंलाई बताएँ।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं सम्भाष्य भगवान् नारदो वासवीसुतम्।

आमन्त्र्य वीणां रणयन् ययौ यादृच्छिको मुनिः॥ ३८॥

पदार्थ–

एवं = यसप्रकार	अनुमति लिएर	विचरण गर्ने
वासवीसुतम् = वासवीपुत्र	**भगवान् नारदः** = भगवान् नारद	**मुनिः** = नारदजी
भगवान् वेदव्यासलाई	**वीणां** = वीणा	**ययौ** = बिदा लिएर जानुभयो
सम्भाष्य = भनेर	**रणयन्** = बजाउँदै	
आमन्त्र्य = उनीबाट जाने	**यादृच्छिकः** = स्वतन्त्ररूपले	

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू हो ! देवर्षि नारदजीले वासवीपुत्र व्यासजीलाई यसो भनेर उहाँबाट जाने अनुमति मागेर वीणा बजाउँदै स्वतन्त्ररूपले विचरण गर्नका लागि त्यहाँबाट हिँड्नुभयो।

अहो देवर्षिर्धन्योऽयं यत्कीर्तिं शार्ङ्गधन्वनः।

गायन् माद्यन्निदं तन्त्र्या रमयत्यातुरं जगत्॥ ३९॥

पदार्थ–

अहो = अहो	**शार्ङ्गधन्वनः** = भगवान्को	**इदं** = यो
अयं = यी	**कीर्तिं** = कीर्ति	**जगत्** = जगत्लाई
देवर्षिः = देवर्षि नारद	**गायन्** = गाउँदै	**तन्त्र्या** = वीणाद्वारा
धन्यः = कृतार्थ हुनुहुन्छ	**माद्यन्** = स्वयं प्रसन्न हुँदै	**रमयति** = आनन्दित गराउनुहुन्छ
यत् = किनभने	**आतुरं** = विविध तापसन्तप्त	

वाक्यार्थ– अहो देवर्षि नारद, कति धन्य हुनुहुन्छ ! किनभने आफ्नो वीणाद्वारा भगवान्को कीर्ति गाउँदै आफू त आनन्दमय हुनुहुन्छ नै, साथै विविध तापसन्तप्त जगत्लाई पनि वीणा बजाएर आनन्दित गर्नुहुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

व्यासनारदसंवादे षष्ठोऽध्यायः॥ ६॥

अथ सप्तमोऽध्यायः

अश्वत्थामाद्वारा द्रौपदीका छोराहरूको हत्या र अर्जुनद्वारा अश्वत्थामाको मानहानि

शौनक उवाच (शौनकजीले भन्नुभयो)

निर्गते नारदे सूत भगवान्बादरायणः ।

श्रुतवांस्तदभिप्रेतं ततः किमकरोद् विभुः ॥ १ ॥

पदार्थ–

सूत = हे सूतजी	**श्रुतवान्** = सुन्नुभयो	**विभुः** = व्यापक भगवान् वेदव्यासले
भगवान् = भगवान	**नारदे** = नारदजी	**किम्** = के
बादरायणः = बादरायणले	**निर्गते** = व्यासजीको आश्रमबाट बिदा भएर गएपछि	**अकरोत्** = गर्नुभयो
तदभिप्रेतं = नारदको अभिप्रायलाई	**ततः** = त्यसपछि	

वाक्यार्थ– सूतजी ! सर्वशक्तिमान् व्यास भगवान्‌ले नारदजीको अभिप्रायलाई सुन्नुभयो। नारद व्यासजीको आश्रमबाट बिदा भएर गएपछि उहाँले के गर्नुभयो ?

सूत उवाच (सूतजीले भन्नुभयो)

ब्रह्मनद्यां सरस्वत्यामाश्रमः पश्चिमे तटे ।

शम्याप्रास इति प्रोक्त ऋषीणां सत्रवर्धनः ॥ २ ॥

तस्मिन् स्व आश्रमे व्यासो बदरीषण्डमण्डिते ।

आसीनोऽप उपस्पृश्य प्रणिदध्यौ मनः स्वयम् ॥ ३ ॥

पदार्थ–

ब्रह्मनद्यां = ब्रह्म नदी	**इति प्रोक्तः** = नाम गरिएको	**व्यासः** = भगवान् वेदव्यासले
सरस्वत्याम् = सरस्वतीको	**आश्रमः** = पवित्र वासस्थान	**अपः** = जल
पश्चिमे तटे = पश्चिम तटमा	**बदरीषण्डमण्डिते** = बयरको वनले घेरिएको	**उपस्पृश्य** = आचमन गरेर
ऋषीणां = ऋषिहरूको	**तस्मिन्** = त्यो	**स्वयम्** = आफैँ
सत्रवर्धनः = निरन्तर यज्ञ चलिरहने	**स्वे आश्रमे** = आफ्नो आश्रममा	**मनः** = मनलाई
शम्याप्रासः = शम्याप्रास	**आसीनः** = बसेर	**प्रणिदध्यौ** = समाहित गर्नुभयो

वाक्यार्थ– ब्रह्म नदी सरस्वतीको पश्चिम तटमा शम्याप्रास नामक एउटा आश्रम छ। त्यहाँ

व्यासजीको पनि आफ्नो आश्रम छ। आश्रमको चारैतिर बयरहरूको सुन्दर वन छ। त्यस आश्रममा बसेर उहाँले आचमन गर्नुभयो र आफ्नो मनलाई समाहित गर्नुभयो।

भक्तियोगेन मनसि सम्यक् प्रणिहितेऽमले।
अपश्यत् पुरुषं पूर्वं मायां च तदपाश्रयाम्॥ ४॥

पदार्थ–
भक्तियोगेन = भक्तियोगद्वारा
सम्यक् = राम्रोसँग
अमले = निर्मल
मनसि = मन
प्रणिहिते = समाहित गरेपछि
पूर्वं = आदि
पुरुषं = पुरुष भगवान् र
तदपाश्रयाम् = भगवान्को
आश्रयमा रहने
मायां च = माायालाई पनि
अपश्यत् = देख्नुभयो

वाक्यार्थ– उहाँले भक्तिद्वारा आफ्नो मनलाई पूर्णतया एकाग्र र निर्मल गरेर आदिपुरुष परमात्मा र उहाँको आश्रयमा रहने मायालाई देख्नुभयो।

यया सम्मोहितो जीव आत्मानं त्रिगुणात्मकम्।
परोऽपि मनुतेऽनर्थं तत्कृतं चाभिपद्यते॥ ५॥

पदार्थ–
यया = जुन मायाद्वारा
सम्मोहितः = मोहमा परेको
जीव = जीव
परः अपि = मायाका तीनै
गुणहरूदेखि आफू टाढा भईकन
पनि
आत्मानं = आफूलाई
त्रिगुणात्मकम् = तीन गुणहरूले
युक्त भएको
मनुते = ठान्दछ
तत्कृतं = उक्त मान्यताबाट
प्राप्त हुने
अनर्थं = अनर्थलाई
च = पनि
अभिपद्यते = भोग्दछ

वाक्यार्थ– जुन मायाबाट मोहित भएर यो जीव तीन गुणहरूदेखि अतीत भएर पनि आफूलाई त्रिगुणात्मक मान्दछ र उक्त मान्यताबाट हुने अनर्थलाई भोग्दछ।

अनर्थोपशमं साक्षाद्भक्तियोगमधोक्षजे।
लोकस्याजानतो विद्वांश्चक्रे सात्वतसंहिताम्॥ ६॥

पदार्थ–
अनर्थोपशमं = अनर्थको
शान्तिको कारण
साक्षात् = साक्षात् (साधन)
अधोक्षजे = भगवान् नारायणमा
भक्तियोगम् = भक्तियोग हो भन्ने
अजानतः = नजान्ने
लोकस्य = संसारका
प्राणीहरूका लागि
विद्वान् = यो कुरा बुझ्नुभएका
उहाँले
सात्वतसंहिताम् =
परमहंसहरूको संहिता
श्रीमद्भागवतलाई
चक्रे = बनाउनुभयो

वाक्यार्थ– यो अनर्थको शान्तिको साक्षात् साधन केवल भगवान्को भक्तियोग हो। परन्तु संसारका मनुष्यहरू यस कुरालाई जान्दैनन्। यस कुरालाई बुझेर उहाँले परमहंसहरूको संहिता श्रीमद्भागवत्को रचना गर्नुभयो।

यस्यां वै श्रूयमाणायां कृष्णे परमपूरुषे।

भक्तिरुत्पद्यते पुंसः शोकमोहभयापहा॥ ७॥

पदार्थ–

यस्यां = जुन श्रीमद्भागवत	**कृष्णे** = परम पुरुष श्रीकृष्णमा	**भक्तिः** = भक्ति
श्रूयमाणायां = सुनिसकेपछि	**पुंसः** = श्रवणकर्ताको हृदयमा	**उत्पद्यते** = उत्पन्न हुन्छ
वै = निश्चय नै	**शोकमोहभयापहा** = शोक मोह र भयलाई नाश गर्ने	
परमपूरुषे = परम पुरुष		

वाक्यार्थ– जुन भागवतको श्रवण गर्नाले सुन्ने व्यक्तिको हृदयमा पुरुषोत्तम भगवान् श्रीकृष्णप्रति जीवको शोक, भय र मोह नष्ट गर्ने भक्तिको उदय हुन्छ।

स संहितां भागवतीं कृत्वानुक्रम्य चात्मजम्।

शुकमध्यापयामास निवृत्तिनिरतं मुनिः॥ ८॥

पदार्थ–

सः = ती	**कृत्वा** = बनाएर	**शुकम्** = शुकदेवजीलाई
मुनिः = ती भगवान् व्यासले	**अनुक्रम्य** = पुनरावृत्ति गरेर	**च** = पनि
भागवतीं = भागवत्	**निवृत्तिनिरतं** = निवृत्ति परायण	**अध्यापयामास** = पढाउनुभयो
संहितां = संहिता	**आत्मजम्** = आफ्ना छोरा	

वाक्यार्थ– उहाँले यो भागवत संहिताको निर्माण र पुनरावृत्ति गरेर यसलाई आफ्नो निवृत्तिपरायण पुत्र शुकदेवलाई पढाउनुभयो।

शौनक उवाच (शौनकजीले भन्नुभयो)

स वै निवृत्तिनिरतः सर्वत्रोपेक्षको मुनिः।

कस्य वा बृहतीमेतामात्मारामः समभ्यसत्॥ ९॥

पदार्थ–

वै = निश्चय नै	**सर्वत्र** = सम्पूर्ण कार्यहरूमा	**कस्य वा** = के कारणले
सः = ती	**उपेक्षकः** = उपेक्षा राख्ने	**एताम्** = यो
मुनिः = शुकदेव मुनि	**आत्मारामः** = सधैँ आत्मामा रमण गर्ने	**बृहतीम्** = विशालकाय ग्रन्थलाई
निवृत्तिनिरतः = अत्यन्त निवृत्ति परायण		

समभ्यसत् = अध्ययन गर्नुभयो

वाक्यार्थ– शुकदेवजी त अत्यन्त निवृत्तिपरायण हुनुहुन्थ्यो, उहाँलाई कुनै पनि वस्तुको अपेक्षा थिएन, उहाँ सधैँ आत्मामा नै रमण गर्नुहुन्थ्यो। उहाँले कुन उद्देश्यले यस विशालकाय ग्रन्थको अध्ययन गर्नुभयो ?

सूत उवाच (सूतजीले भन्नुभयो)

आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरुक्रमे ।
कुर्वन्त्यहैतुकीं भक्तिमित्थम्भूतगुणो हरिः ॥ १० ॥

पदार्थ–

आत्मारामाः = आत्मामा रमाउने	**मुनयः च** = मुनिहरू पनि	**भक्तिम्** = भक्ति
निर्ग्रन्थाः = अहङ्काररूपी ग्रन्थि टुटिसकेका अथवा विधि र निषेधरूप ग्रन्थिबाट माथि उठिसकेका	**अपि** = पनि	**कुर्वन्ति** = गर्दछन्
	उरुक्रमे = भगवान्मा	**हरिः** = भगवान् नारायण
	अहैतुकीं = बिना कारण अर्थात् स्वतः नै	**इत्थम्भूतगुणः** = यस्तो गुणवाला हुनुहुन्छ

वाक्यार्थ– जो ज्ञानी छन्, जसको अविद्याको गाँठो फुकिसकेको छ, जो सदा आफूमा नै रमाउँछन्, त्यस्ता व्यक्तिहरू पनि भगवान्मा हेतुरहित भक्ति गर्दछन्, किनभने भगवान्का गुण नै यस्ता मधुर छन्, जुन गुणहरू सम्पूर्ण मनुष्यहरूलाई आफ्नोतर्फ तान्दछन्।

विवरण– यहाँ आएको **निर्ग्रन्थाः** शब्दको चर्चा गरौँ। निर्ग्रन्थाः यो शब्द निवृत्तः ग्रन्थिः येषां ते विग्रहमा बहुव्रीहि समास भई बनेको शब्द हो। यहाँ ग्रन्थि शब्दले अहङ्कारलाई बुझाएको छ। यसैले यस शब्दको सामान्य अर्थ अहङ्काररूप ग्रन्थिबाट हटेका भन्ने हुन्छ। अहङ्कार अज्ञानको कार्य हो। ज्ञानबाट अज्ञान नष्ट भएपछि मात्र अज्ञानको कार्य अहङ्कारको नाश हुन्छ। यसर्थ निर्ग्रन्थाः शब्दबाट ज्ञानबाट अहङ्काररूप ग्रन्थि हटेका भन्ने अर्थ प्राप्त हुन्छ।

अब **अहैतुकीं भक्तिं** यस अंशको चर्चा गरौँ। भगवान् नारायणमा अनन्यप्रेम हुनुलाई भक्ति भन्दछन्। मनमा भगवान्प्रति अनन्यप्रेम छ, परन्तु त्यो भक्तिबाट भगवान्लाई प्रसन्न गराएर भगवान्बाट कुनै सांसारिक वस्तु प्राप्त गर्ने इच्छा छैन भने त्यस्तो भक्तिलाई अहैतुकी भक्ति भन्दछन्। भक्त प्रह्लादको भक्ति अहैतुकी भक्ति हो। जसरी गङ्गाको प्रवाह अखण्डरूपले निरन्तर समुद्रतिर बगिरहन्छ, त्यसै गरी भगवान्का गुणहरूको श्रवण गरेपछि भक्तहरूको मनको गति अविच्छिन्नरूपले भगवान्मा लागिरहन्छ भने त्यस्तो भक्तिलाई अहैतुकी भक्ति भनिन्छ।

गीता (७।१६)मा दुःखमा परेको, जिज्ञासु, अर्थार्थी र ज्ञानी यी चार प्रकारका भक्तहरूको उल्लेख गरिएको छ। यी चारप्रकारका भक्तहरूमध्ये ज्ञानी भक्तले गर्ने भक्तिलाई नै अहैतुकी भक्ति हो।

हरेर्गुणाक्षिप्तमतिर्भगवान् बादरायणिः।

अध्यगान्महदाख्यानं नित्यं विष्णुजनप्रियः॥ ११॥

पदार्थ—

नित्यं = सधैं	**बादरायणिः** = शुकदेवजीले	**महत्** = ठुलो
विष्णुजनप्रियः = भगवान्का भक्तहरूसँग प्रेम गर्ने	**हरेः** = भगवान् नारायणको	**आख्यानं** = यस आख्यानलाई
भगवान् = भगवान्	**गुणाक्षिप्तमतिः** = गुणबाट आकृष्ट भएर	**अध्यगात्** = पढ्नुभयो

वाक्यार्थ— भगवान्का भक्तहरूसँग सधैं प्रेम गर्ने शुकदेवजीलाई भगवान्का गुणहरूले आफूतर्फ तानेको हुनाले उहाँले यस विशाल ग्रन्थको अध्ययन गर्नुभएको हो।

परीक्षितोऽथ राजर्षेर्जन्मकर्मविलापनम्।

संस्थां च पाण्डुपुत्राणां वक्ष्ये कृष्णकथोदयम्॥ १२॥

पदार्थ—

अथ = यसपछि	**पाण्डुपुत्राणां** = पाण्डवहरूको	**च** = पनि
राजर्षेः = राजर्षि	**संस्थां** = महाप्रस्थानको विषयमा	**वक्ष्ये** = भन्दछु (जसबाट)
परीक्षितः = परीक्षितको		**कृष्णकथोदयम्** = भगवान् श्रीकृष्णको कथाको उदय हुन्छ
जन्मकर्मविलापनम् = जन्म कर्म र मोक्षको विषयमा		

वाक्यार्थ— शौनकजी! अब म राजर्षि परीक्षित्को जन्म, कर्म र मोक्ष तथा पाण्डवहरूको स्वर्गारोहणको कथा भन्दछु। किनभने यिनै कुराहरूबाट भगवान् श्रीकृष्णका अनेक कथाहरूको उदय हुन्छ।

यदा मृधे कौरवसृञ्जयानां
वीरेष्वथो वीरगतिं गतेषु।
वृकोदराविद्धगदाभिमर्श-
भग्नोरुदण्डे धृतराष्ट्रपुत्रे॥ १३॥
भर्तुः प्रियं द्रौणिरिति स्म पश्यन्
कृष्णासुतानां स्वपतां शिरांसि।
उपाहरद्विप्रियमेव तस्य
जुगुप्सितं कर्म विगर्हयन्ति॥ १४॥

पदार्थ–

अथो = यसपछि
यदा = जुन समयमा
मृधे = युद्धमा
कौरवसृञ्जयानां = कौरव र पाण्डवहरूको
वीरेषु = वीरहरू
वीरगतिं गतेषु = वीर गतिलाई प्राप्त गरिसकेपछि
धृतराष्ट्रपुत्रे = धृतराष्ट्रका पुत्र दुर्योधनको
वृकोदराविद्धगदाभिमर्श-भग्नोरुदण्डे = भीमसेनको गदाको प्रहारबाट जाँघ टुटेपछि
द्रौणिः = अश्वत्थामाले
भर्तुः = आफ्ना स्वामी दुर्योधनका लागि
प्रियम् इति पश्यन् स्म = प्रिय लाग्ने कार्य हुन्छ भन्ने ठानेर
स्वपतां = सुतिरहेका
कृष्णासुतानां = द्रौपदीका छोराहरूको
शिरांसि = टाउकाहरू
उपाहरत् = काटेर ल्याए
तस्य = दुर्योधनका लागि पनि यो कार्य
विप्रियमेव = प्रतिकूल नै लाग्यो किनभने
जुगुप्सितं कर्म = नीच कर्मको
विगर्हयन्ति = सबै मनुष्यहरू निन्दा नै गर्दछन्

वाक्यार्थ– महाभारतको युद्धमा कौरव र पाण्डव दुबै पक्षका वीरहरूले वीर गति प्राप्त गरिसकेका थिए। भीमसेनको गदाको प्रहारले दुर्योधनको जाँघ टुटेको थियो। अश्वत्थामाले आफ्ना स्वामी दुर्योधनका लागि यो प्रिय कार्य हुनेछ भन्ने ठानेर द्रौपदीका सुतेका छोराहरूका टाउकाहरू काटेर दुर्योधनलाई अर्पण गरे। यो कार्य दुर्योधनका लागि पनि अप्रिय नै थियो, किनभने त्यस्तो नीच कर्मको सबैले निन्दा गर्दछन्।

माता शिशूनां निधनं सुतानां
निशम्य घोरं परितप्यमाना।
तदारुदद्वाष्पकलाकुलाक्षी
तां सान्त्वयन्नाह किरीटमाली॥ १५॥

पदार्थ–

तदा = त्यस समयमा
माता = द्रौपदी
शिशूनां = बालक
सुतानां = छोराहरूको
घोरं = भयानक
निधनं = मरण (भएको)
निशम्य = सुनेर
वाष्पकलाकुलाक्षी = आँखाबाट आँसुको धारा निकालेर
परितप्यमाना = शोक गर्दै
अरुदत् = रुन लागिन्
तां = ती द्रौपदीलाई
सान्त्वयन् = सान्त्वना दिँदै
किरीटमाली = अर्जुन
आह = भन्न लागे

वाक्यार्थ– ती बालकहरूकी माता द्रौपदी आफ्ना पुत्रहरूको मृत्यु भएको भन्ने सुनेर अत्यन्त दुःखी भइन्। उनका आँखाबाट आँसु आयो, उनी रुन लागिन्। अर्जुनले उनलाई सान्त्वना दिँदै भने।

तदा शुचस्ते प्रमृजामि भद्रे
यद् ब्रह्मबन्धोः शिर आततायिनः।
गाण्डीवमुक्तैर्विशिखैरुपाहरे
त्वाऽऽक्रम्य यत्स्नास्यसि दग्धपुत्रा ॥ १६ ॥

पदार्थ—

भद्रे = हे कल्याणी !
यत् = जुन समयमा
गाण्डीवमुक्तैः = गाण्डिव धनुबाट छोडिएका
विशिखैः = बाणद्वारा
आततायिनः = आततायी
ब्रह्मबन्धोः = ब्राह्मणाधम अश्वत्थामाको
शिरः = टाउको
त्वा = तिम्रो
उपाहरे = नजिकमा ल्याउँनेछु, (जुन टाउकालाई)
आक्रम्य = आसन बनाएर
दग्धपुत्रा = मरेका छोराहरूकी आमा तिमी
स्नास्यसि = स्नान गर्नेछ्यौ
तदा = त्यस समयमा
ते = तिम्रो
शुचः = शोकका आँसुहरू
प्रमृजामि = पुछ्नेछु

वाक्यार्थ— म तिम्रो आँसु त्यस समयमा पुछ्नेछु, जब आततायी ब्राह्मणाधम अश्वत्थामाको टाउको गाण्डिव धनुको बाणले काटेर म तिमीलाई अर्पण गर्नेछु। पुत्रहरूको अन्त्येष्टि क्रिया गरिसकेपछि तिमी त्यस टाउकालाई आसन बनाएर स्नान गर्नेछ्यौ। त्यस समयमा म तिम्रा शोकका आँसुहरू पुछ्नेछु।

इति प्रियां वल्गुविचित्रजल्पैः
स सान्त्वयित्वाच्युतमित्रसूतः।
अन्वाद्रवद्दंशित उग्रधन्वा
कपिध्वजो गुरुपुत्रं रथेन ॥ १७ ॥

पदार्थ—

इति = यसप्रकार
वल्गुविचित्रजल्पैः = मिठा एवं विचित्र कुराहरूद्वारा
प्रियां = द्रौपदीलाई
सान्त्वयित्वा = सम्झाएर
अच्युतमित्रसूतः = भगवान् श्रीकृष्ण नै मित्र र सारथि भएका
उग्रधन्वा = भयानक गाण्डीव धनुलाई धारण गर्ने
सः = ती
कपिध्वजः = जसको रथको ध्वजामा हनुमान् थिए ती अर्जुन
दंशितः = कवच धारण गरेर
रथेन = रथमाथि चढेर
गुरुपुत्रं = गुरुपुत्र
अनु आद्रवत् = अश्वत्थामाको पछि लागे

वाक्यार्थ— अर्जुनले यस्ता मिठा विचित्र कुराहरूद्वारा द्रौपदीलाई सान्त्वना दिएर आफ्ना मित्र भगवान् श्रीकृष्णलाई सारथि बनाएर कवच धारण गरेर आफ्नो भयानक गाण्डीव धनु लिएर

रथमाथि चढेर गुरुपुत्र अश्वत्थामाको पछि लागे।

तमापतन्तं स विलक्ष्य दूरात्
कुमारहोद्विग्नमना रथेन।
पराद्रवत्प्राणपरीप्सुरुर्व्यां
यावद्गमं रुद्रभयाद्यथार्कः ॥ १८ ॥

पदार्थ–

तम् = ती अर्जुनलाई	**प्राणपरीप्सुः** = प्राणको रक्षाका लागि	**रथेन** = रथमाथि चढेर
आपतन्तं = आफ्नो पछिपछि लागेको	**सः** = ती	**पराद्रवत्** = भागे
दूरात् = टाढाबाट	**कुमारहा** = बालघाती अश्वत्थामा	**यथा** = जसरी
विलक्ष्य = देखेर	**यावद्गमम्** = जतिसम्म भाग्न सक्दथे त्यहाँसम्म	**रुद्रभयात्** = रुद्रको भयले
उद्विग्नमना = उद्विग्न मन भएका	**उर्व्यां** = पृथ्वीमा	**कः** = सूर्य (भागेका थिए)

वाक्यार्थ– बालकहरूको हत्याले अश्वत्थामाको मन उद्विग्न भएको थियो। उनले टाढैबाट देखे कि अर्जुनले उनलाई लखेटिहेका छन्। जसरी रुद्रका भयले सूर्य भागेका थिए त्यसै गरी उनी आफ्नो प्राणरक्षाका लागि पृथिवीमा जति भाग्न सक्दथे त्यति भागे।

यदाशरणमात्मानमैक्षत श्रान्तवाजिनम्।
अस्त्रं ब्रह्मशिरो मेने आत्मत्राणं द्विजात्मजः ॥ १९ ॥

पदार्थ–

द्विजात्मजः = ब्राह्मणपुत्र अश्वत्थामा	**आत्मानम्** = आफूलाई	एकमात्र साधनका रूपमा
श्रान्तवाजिनम् = जसका रथका घोडाहरू थाकिसकेका थिए	**अशरणम्** = रक्षकले रहित अथवा एक्लो	**ब्रह्मशिरः** = ब्रह्मशिर नाम गरेको
यदा = जब	**ऐक्षत** = देखे	**अस्त्रं** = ब्रह्मास्त्र
	आत्मत्राणं = आफूलाई बचाउने	**मेने** = ठाने

वाक्यार्थ– जब उनले देखे कि उनका रथका घोडाहरू थाकिसकेका छन् र उनी बिल्कुल एक्लै छन्, तब उनले आफूलाई बचाउने एकमात्र साधन ब्रह्मास्त्र नै ठाने।

अथोपस्पृश्य सलिलं सन्दधे तत्समाहितः।
अजानन्नपि संहारं प्राणकृच्छ्र उपस्थिते ॥ २० ॥

पदार्थ–

अथ = यसपछि	फर्काउने विधि	**तत्समाहितः** = ध्यान केन्द्रित
प्राणकृच्छ्रे = प्राण नै जाने सङ्कट	**अजानन् अपि** = नजाने तापनि	गरेर
उपस्थिते = आइपरेकाले	**सलिलम् उपस्पृश्य** = आचमन	**तत्** = त्यो ब्रह्मास्त्र
उपसंहारं = ब्रह्मास्त्रलाई	गरेर	**सन्दधे** = प्रयोग गरे

वाक्यार्थ– ब्रह्मास्त्रलाई फर्काउने विधान थाहा नभए पनि प्राण सङ्कटमा परेको देखेर उनले आचमन गरे र ध्यान केन्द्रित गरेर ब्रह्मास्त्रको प्रयोग गरे।

ततः प्रादुष्कृतं तेजः प्रचण्डं सर्वतो दिशम्।

प्राणापदमभिप्रेक्ष्य विष्णुं जिष्णुरुवाच ह ॥ २१ ॥

पदार्थ–

ततः = त्यस ब्रह्मास्त्रबाट	**तेजः** = तेज	**विष्णुं** = भगवान् श्रीकृष्णलाई
सर्वतोदिशम् = सम्पूर्ण	**अभिप्रेक्ष्य** = देखेर	**ह** = निश्चय नै
दिशाहरूमा	**प्राणापदम्** = प्राण नै जाने सङ्कट	**उवाच** = भने
प्रादुष्कृतं = प्रकट भएको	देखेर	
प्रचण्डं = प्रचण्ड	**जिष्णुः** = अर्जुनले	

वाक्यार्थ– त्यस अस्त्रबाट सम्पूर्ण दिशाहरूमा एउटा ठुलो प्रचण्ड तेज फैलियो। अब त आफूलाई प्राण बचाउन नै गाह्रो परेको कुरा अर्जुनले देखे। त्यसपछि उनले भगवान् श्रीकृष्णसँग प्रार्थना गरे।

अर्जुन उवाच (अर्जुनले भने)

कृष्ण कृष्ण महाबाहो भक्तानामभयङ्कर।

त्वमेको दह्यमानानामपवर्गोऽसि संसृतेः ॥ २२ ॥

पदार्थ–

कृष्ण कृष्ण = हे कृष्ण	**संसृतेः** = जन्म र मरण आदिको	**अपवर्गः** = मोक्षरूप
महाबाहो = हे महाभाग	कारणले	**त्वम्** = तपाईं
भक्तानाम् = भक्तहरूलाई	**दह्यमानानाम्** = बारम्बार	**एकः एव** = एउटै
अभयङ्कर = अभय प्रदान गर्ने	पिल्सिरहेका	**असि** = हुनुहुन्छ

वाक्यार्थ– श्रीकृष्ण ! तपाईं सच्चिदानन्दरूप परमात्मा हुनुहुन्छ। तपाईं आफ्ना भक्तलाई अभय दान गर्नुहुन्छ। संसाररूपी दावानलबाट सन्तप्त भएका प्राणीहरूका लागि त्यो दुःखबाट छुटाउने एकमात्र तपाईं नै हुनुहुन्छ।

त्वमाद्यः पुरुषः साक्षादीश्वरः प्रकृतेः परः।
मायां व्युदस्य चिच्छक्त्या कैवल्ये स्थित आत्मनि॥ २३॥

पदार्थ–

त्वम् = तपाईं	**प्रकृतेः** = प्रकृतिदेखि	**मायां** = मायालाई
आद्यः = सम्पूर्ण सृष्टिको	**परः** = पर रहेको	**व्युदस्य** = हटाएर
कारण हुनुहुन्छ	**पुरुषः** = ईश्वर हुनुहुन्छ	**कैवल्ये** = कैवल्यरूप
साक्षात् = साक्षात्	**चिच्छक्त्या** = आफ्नो	**आत्मनि** = आत्मामा
ईश्वरः = ईश्वर हुनुहुन्छ	चिच्छक्तिद्वारा	**स्थितः** = अवस्थित हुनुहुन्छ

वाक्यार्थ– तपाईं प्रकृतिदेखि पर रहने आदिपुरुष साक्षात् परमेश्वर हुनुहुन्छ। आफ्नो चित्शक्तिद्वारा बहिरङ्ग एवं त्रिगुणमय मायालाई टाढा भगाएर आफ्नो अद्वितीय स्वरूपमा स्थित हुनुहुन्छ।

स एव जीवलोकस्य मायामोहितचेतसः।
विधत्से स्वेन वीर्येण श्रेयो धर्मादिलक्षणम्॥ २४॥

पदार्थ–

सः एव = त्यो ईश्वर तपाईं नै	लागि	काम र मोक्षरूप
मायामोहितचेतसः = अविद्याको	**स्वेन** = आफ्नो	**श्रेयः** = कल्याण
कारणले मोहमा फसेका	**वीर्येण** = प्रभावले	**विधत्से** = प्रदान गर्नुहुन्छ
जीवलोकस्य = जीवहरूका	**धर्मादिलक्षणम्** = धर्म, अर्थ,	

वाक्यार्थ– त्यही तपाईं आफ्नो प्रभावले माया मोहित जीवहरूका लागि धर्म, अर्थ, काम र मोक्षरूप कल्याणको विधान गर्नुहुन्छ।

तथायं चावतारस्ते भुवो भारजिहीर्षया।
स्वानां चानन्यभावानामनुध्यानाय चासकृत्॥ २५॥

पदार्थ–

तथा = त्यस्तै	**भारजिहीर्षया** = भार हरण गर्ने	भक्तहरूका लागि
अयं च = यो	इच्छाले	**असकृत्** = बारम्बार
ते अवतारः = तपाईंको अवतार	**स्वानां** = आफ्ना	**अनुध्यानाय च** = स्मरण एवं
भुवः = पृथिवीको	**अनन्यभावानाम्** = अनन्य	ध्यानका लागि पनि हो

वाक्यार्थ– तपाईंको यो अवतार पृथिवीको भार हरण गर्नका लागि हो। तपाईं अनन्य प्रेमी भक्तहरूका लागि निरन्तर स्मरण र ध्यानका लागि हुनुहुन्छ।

किमिदं स्वित्कुतो वेति देवदेव न वेद्म्यहम्।
सर्वतो मुखमायाति तेजः परमदारुणम्॥ २६॥

पदार्थ—

देवदेव = सम्पूर्ण देवताहरूका पनि देवता हे भगवान्	**सर्वतोमुखम्** = चारैतिरबाट	**आयाति इति वा** = आइरहेको छ
परमदारुणम् = ज्यादै भयंकर	**आयाति** = आइरहको छ	**अहम्** = म
तेजः = तेज	**किम् इदं स्वित्** = यो के हो ?	**न वेद्मि** = जान्दिनँ
	कुतः = कहाँबाट	

वाक्यार्थ— सम्पूर्ण देवताहरूको पनि देवता हे श्रीकृष्ण ! यो भयङ्कर तेज चारैतिरबाट मतर्फ आइरहेको छ, यो के हो ? कहाँबाट आइरहेको छ, किन आइरहेको छ भन्ने कुरा मलाई बिल्कुल थाहा छैन।

श्रीभगवानुवाच (भगवान्ले भन्नुभयो)

वेत्थेदं द्रोणपुत्रस्य ब्राह्ममस्त्रं प्रदर्शितम्।
नैवासौ वेद संहारं प्राणबाध उपस्थिते ॥ २७ ॥

पदार्थ—

प्राणबाधे = प्राण नै जाने सङ्कट	**ब्राह्मम् अस्त्रं** = ब्रह्मास्त्र	**न वेद** = जान्दैनन्
उपस्थिते = उपस्थित भएको हुनाले	**प्रदर्शितम्** = प्रयोग गरेका हुन्	**इदं** = यो
द्रोणपुत्रस्य = अश्वत्थामाले	**असौ** = यिनी अश्वत्थामा	**वेत्थ** = (तर तिमी) जान्दछौ
	संहारं = यसको संहारलाई	

वाक्यार्थ— अर्जुन ! यो अश्वत्थामाले छोडेको अस्त्र हो। प्राण सङ्कट भएको हुनाले उनले यस अस्त्रको सन्धानमात्र गरेका हुन्, यसको उपसंहार गर्ने विधान उनलाई थाहा छैन तर तिमीलाई थाहा छ।

न ह्यस्यान्यतमं किञ्चिदस्त्रं प्रत्यवकर्शनम्।
जह्यस्त्रतेज उन्नद्धमस्त्रज्ञो ह्यस्त्रतेजसा ॥ २८ ॥

पदार्थ—

हि = किनभने	**न** = छैन	**हि** = नै
अस्य = यस ब्रह्मास्त्रलाई	**उन्नद्धम्** = प्रचण्ड	**जहि** = उपसंहार गर
प्रत्यवकर्शनम् = फर्काउन सक्ने	**अस्त्रतेजसा** = ब्रह्मास्त्रको तेजले	**अस्त्रज्ञः** = किनभने तिमी अस्त्रविद्यामा कुशल छौ
अन्यतमं = अर्को कुनै	**अस्त्रतेज** = ब्रह्मास्त्रको तेजलाई	
अस्त्रं = अस्त्र	**किञ्चित् अस्त्रं** = कुनै अस्त्रले	

वाक्यार्थ— यस अस्त्रलाई अभिभूत गर्न सक्ने शक्ति अरू कुनै पनि अस्त्रमा छैन। तिमी अस्त्रविद्यामा निपुण छौ, ब्रह्मास्त्रको तेजद्वारा नै ब्रह्मास्त्रको प्रचण्ड तेजलाई निभाऊ।

सूत उवाच (सूतजीले भन्नुभयो)

श्रुत्वा भगवता प्रोक्तं फाल्गुनः परवीरहा।

स्पृष्ट्वापस्तं परिक्रम्य ब्राह्मं ब्राह्मास्त्रं सन्दधे॥ २९॥

पदार्थ—

भगवता = भगवान्ले	**फाल्गुनः** = अर्जुनले	निवारणका लागि
प्रोक्तं = बताउनुभएको कुरा	**आपः स्पृष्ट्वा** = आचमन गरेर	**ब्राह्मं** = ब्रह्मास्त्र
श्रुत्वा = सुनेर	**तं** = भगवान्लाई	**सन्दधे** = प्रयोग गरे
परवीरहा = विपक्षी वीरहरूलाई	**परिक्रम्य** = परिक्रमा गरेर	
मार्नका लागि निपुण	**ब्राह्मास्त्रं** = ब्रह्मास्त्रको	

वाक्यार्थ— अर्जुन विपक्षीहरूलाई मार्न ज्यादै कुशल थिए। भगवान्को कुरालाई सुनेर उनले आचमन गरे। त्यसपछि भगवान्लाई परिक्रमा गरेर ब्रह्मास्त्रको निवारणका लागि ब्रह्मास्त्रको नै प्रयोग गरे।

संहत्यान्योन्यमुभयोस्तेजसी शरसंवृते।

आवृत्य रोदसी खं च ववृधातेऽर्कवह्निवत्॥ ३०॥

पदार्थ—

शरसंवृते = बाणद्वारा वेष्टित	र अग्निझैं	**आवृत्य** = ढाकेर
उभयोः = दुईओटा	**अन्योन्यम्** = परस्परमा	**ववृधाते** = बढ्न लागे
ब्रह्मास्त्रहरूको	**संहत्या** = टकराएर	
तेजसी = तेज	**खं च** = आकाशलाई पनि	
अर्कवह्निवत् = प्रलयकालीन सूर्य	**रोदसी** = पृथिवी र स्वर्गलाई	

वाक्यार्थ— बाणद्वारा वेष्टित ती दुईओटा ब्रह्मास्त्रहरू प्रलयकालीन सूर्य र अग्निझैं आपसमा परस्पर टकराएर आकाश र दिशाहरूमा फैलिएर बढ्न लागे।

दृष्ट्वास्त्रतेजस्तु तयोस्त्रील्लोकान्प्रदहन्महत्।

दह्यमानाः प्रजाः सर्वाः सांवर्तकममंसत॥ ३१॥

पदार्थ—

ततः = त्यसपछि	**महत्** = ठुलो	**तु** = त
त्रीन् = तीनै	**तयोः** = अर्जुन र अश्वत्थामाको	**दह्यमानाः** = उक्त तेजले डढ्न
लोकान् = लोकहरूलाई	**अस्त्रतेजः** = ब्रह्मास्त्रको तेज	लागेका
प्रदहत् = डढाउन लागेको	**दृष्ट्वा** = देखेर	**सर्वाः** = सम्पूर्ण

प्रजाः = मानिसहरू	सांवर्तक अग्नि नै हो भन्ने	
सांवर्तकः = यो त प्रलयकालीन	**अमंसत** = ठान्न लागे	

वाक्यार्थ– तीनै लोकलाई जलाउने ती दुईओटा ब्रह्मास्त्रहरूको तेजले मानिसहरू जल्न लागेको देखेर सबैले यो प्रलय कालको सांवर्तक अग्नि हो भन्ने निश्चय गरे।

प्रजोपद्रवमालक्ष्य लोकव्यतिकरं च तम्।
मतं च वासुदेवस्य सञ्जहारार्जुनो द्वयम्॥ ३२॥

पदार्थ–

अर्जुनः = अर्जुनले	नाश पनि	**द्वयम्** = दुईओटै ब्रह्मास्त्रको
प्रजोपद्रवम् च = प्रजाहरूको	**आलक्ष्य** = देखेर	तेजलाई
नाश र	**वासुदेवस्य** = भगवान्	**सञ्जहार** = फर्काइदिए
तम् = त्यो	वासुदेवको	
लोकव्यतिकरं च = लोकहरूको	**मतं** = अनुमतिले	

वाक्यार्थ– त्यस आगोबाट प्रजा र लोकहरूको नाश भएको देखेर भगवान्को अनुमतिले अर्जुनले दुबै तेजलाई फर्काइदिए।

तत आसाद्य तरसा दारुणं गौतमीसुतम्।
बबन्धामर्षताम्राक्षः पशुं रशनया यथा॥ ३३॥

पदार्थ–

ततः = त्यसपछि	**दारुणं** = अत्यन्त क्रूर	**पशुं** = पशुलाई बाँधिन्छ त्यसै
आमर्षताम्राक्षः = जसका आँखा	**गौतमीसुतम्** = गौतमीपुत्र	गरी
क्रोधले राता-राता भएका थिए	अश्वत्थामालाई	**रशनया** = डोरीले
(ती अर्जुनले)	**आसाद्य** = समातेर	**बबन्ध** = बाँधे
तरसा = वेगले	**यथा** = जसरी	

वाक्यार्थ– क्रोधले आँखा राता-राता भएका अर्जुनले दौडेर क्रूर अश्वत्थामालाई पशुलाई डोरीले बाँधेझैं गरी बाँधे।

शिबिराय निनीषन्तं रज्ज्वा बद्ध्वा रिपुं बलात्।
प्राहार्जुनं प्रकुपितो भगवानम्बुजेक्षणः॥ ३४॥

पदार्थ–

रज्ज्वा = डोरीले	**बद्ध्वा** = बाँधेर	**अर्जुनं** = अर्जुनलाई
रिपुं = शत्रुलाई	**शिबिराय** = सेना राख्ने ठाउँतिर	**प्रकुपितः** = रिसाउनुभएका
बलात् = बलपूर्वक	**निनीषन्तं** = लान लागेका	**अम्बुजेक्षणः** = कमलका जस्ता

आँखा भएका	**भगवान्** = भगवान्ले	**आह** = भन्नुभयो

वाक्यार्थ– अर्जुनले अश्वत्थामालाई बलपूर्वक बाँधेर शिबिरतिर लैजान लागेको समयमा कमलनयन भगवान् श्रीकृष्ण क्रूद्ध भएर भन्नुभयो।

मैनं पार्थार्हसि त्रातुं ब्रह्मबन्धुमिमं जहि।

योऽसावनागसः सुप्तानवधीन्निशि बालकान्॥ ३५॥

पदार्थ–

पार्थ = हे अर्जुन	**इमं** = यसलाई	भएका
एनं = यो	**जहि** = मार	**सुप्तान्** = सुतेका
ब्रह्मबन्धुम् = ब्रह्मबन्धुलाई	**यः असौ** = यो जुन अश्वत्थामाले	**बालकान्** = बालकहरूलाई
त्रातुं = छोड्न	**निशि** = रातमा	**अवधीत्** = मार्‍यो
मा एव अर्हसि = ठीक छैन	**अनागसः** = अपराधले रहित	

वाक्यार्थ– हे अर्जुन ! यस ब्राह्मणाधमलाई छाड्नु ठिक छैन। यसलाई त मारिहाल्नुपर्छ। किनभने यसले रातमा सुतेका निरपराध बालकहरूको हत्या गरेको छ।

मत्तं प्रमत्तमुन्मत्तं सुप्तं बालं स्त्रियं जडम्।

प्रपन्नं विरथं भीतं न रिपुं हन्ति धर्मवित्॥ ३६॥

पदार्थ–

धर्मवित् = धर्म जान्ने मान्छे	**बालं** = बालक	**भीतं** = डराएको
मत्तं = असावधान	**स्त्रियं** = स्त्री	**रिपुं** = शत्रुलाई
प्रमत्तम् = मदमस्त	**जडम्** = विवेकशून्य	**न हन्ति** = मार्दैन
उन्मत्तं = पागल	**प्रपन्नं** = शरणागत	
सुप्तं = सुतेको	**विरथं** = रथहीन	

वाक्यार्थ– धर्मवेत्ता पुरुष असावधान, मदमस्त, पागल, सुतेको बालक, स्त्री, विवेकज्ञानशून्य, शरणागत, रथहीन र भयभीत शत्रुलाई मार्दैनन्।

स्वप्राणान्यः परप्राणैः प्रपुष्णात्यघृणः खलः।

तद्वधस्तस्य हि श्रेयो यद्दोषाद्यात्यधः पुमान्॥ ३७॥

पदार्थ–

यः = जो	**स्वप्राणान्** = आफ्नो प्राणको	**श्रेयः** = कल्याणकारक हुन्छ
अघृणः = दयाहीन	**प्रपुष्णाति** = पोषण गर्दछ	**यद्दोषात्** = जुन दोषको कारणले
खलः = दुष्ट पुरुष	**तद्वधः** = त्यस व्यक्तिको वध नै	**पुमान्** = पुरुष
परप्राणैः = अर्काको प्राणको	**तस्य** = त्यसका लागि	**अधः** = नरक
हिंसाद्वारा	**हि** = निश्चय नै	**याति** = जान्छ

वाक्यार्थ– परन्तु जो दुष्ट र क्रूर पुरुष अर्कालाई मारेर आफ्नो प्राणको पोषण गर्दछ त्यस्ता व्यक्तिको वध गर्नु नै उसका लागि कल्याणकारक हुन्छ। किनभने ऊ बाँच्यो भने फेरि पाप गर्दछ र त्यस पापको कारणले उसलाई नरक जानुपर्दछ।

प्रतिश्रुतं च भवता पाञ्चाल्यै शृण्वतो मम ।
आहरिष्ये शिरस्तस्य यस्ते मानिनि पुत्रहा ॥ ३८ ॥

पदार्थ–
मम = मैले
शृण्वतः = सुन्ने गरी
भवता = तिमीले
पाञ्चाल्यै = द्रौपदीलाई
प्रतिश्रुतं च = प्रतिज्ञा पनि गरेका थियौ कि
मानिनि = हे मानवती द्रौपदी
यः = जसले
पुत्रहा = तिम्रा छोराहरूको वध गरेको छ
तस्य = त्यस व्यक्तिको
शिरः = टाउको
ते = तिमीलाई
आहरिष्ये = ल्याइदिनेछु

वाक्यार्थ– अर्को कुरा तिमीले मेरै अगाडि द्रौपदीसँग के प्रतिज्ञा पनि गरेका थियौ भने हे मानवती ! जसले तिम्रा छोराहरूको वध गरेको छ, उसको टाउको ल्याएर तिमीलाई अर्पण गरौँला।

तदसौ वध्यतां पाप आततायात्मबन्धुहा ।
भर्तुश्च विप्रियं वीर कृतवान् कुलपांसनः ॥ ३९ ॥

पदार्थ–
वीर = हे वीर
असौ = यो
कुलपांसनः = कुलाङ्गार
आत्मबन्धुहा = तिम्रा आफ्ना बालकहरूलाई मार्ने
भर्तुः च = दुर्योधनको लागि पनि
विप्रियं = प्रतिकूल हुने काम
कृतवान् = गरेको छ
तत् = त्यो
आततायी = आततायी
पापः = यो पापीलाई
वध्यतां = मार

वाक्यार्थ– यस पापी कुलाङ्गार आततायीले तिम्रा छोराहरूको वध गरेको छ र आफ्नो स्वामी दुर्योधनलाई समेत दुःखी गराएको छ। यसकारण हे अर्जुन ! यसलाई तिमीले मार्नै पर्छ।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं परीक्षता धर्मं पार्थः कृष्णेन चोदितः ।
नैच्छद्धन्तुं गुरुसुतं यद्यप्यात्महनं महान् ॥ ४० ॥

पदार्थ–
एवं = यसप्रकारको
धर्मं = धर्मको
परीक्षता = परीक्षा लिने उद्देश्यले
कृष्णेन = भगवान् श्रीकृष्णले
चोदितः = प्रेरणा गरिएका
महान् = धर्मका ज्ञाता

पार्थः = अर्जुनले
आत्महनं = आफ्ना छोराहरूलाई मार्ने
गुरुसुतं = अश्वत्थामालाई
हन्तुं = मार्ने
यद्यपि = तैपनि
न ऐच्छत् = इच्छा गरेनन्

वाक्यार्थ– भगवान् श्रीकृष्णले अर्जुनको धर्मको परीक्षा लिनका लागि यसप्रकार प्रेरणा गर्नुभएको थियो। परन्तु अर्जुनको हृदय ज्यादै महान् थियो, यद्यपि अश्वत्थामाले उनका छोराहरूको हत्या गरेको थियो तापनि अर्जुनको मनमा गुरुपुत्रलाई मार्ने इच्छा भएन।

अथोपेत्य स्वशिबिरं गोविन्दप्रियसारथिः।
न्यवेदयत् तं प्रियायै शोचन्त्या आत्मजान् हतान्॥ ४१॥

पदार्थ–

अथ = यसपछि
गोविन्दप्रियसारथिः = भगवान् श्रीकृष्ण आफ्ना प्रिय सारथि भएका अर्जुन
स्वशिबिरं = आफ्नो शिबिरमा
उपेत्य = पुगेर
हतान् = अश्वत्थामाद्वारा मारिएका
आत्मजान् = छोराहरूका लागि
शोचन्त्यै = शोक गरिरहेकी
प्रियायै = द्रौपदीलाई
तं = ती गुरुपुत्रलाई
न्यवेदयत् = अर्पण गरे

वाक्यार्थ– यसपछि आफ्नो मित्र र सारथि श्रीकृष्णका साथ अर्जुन युद्ध शिबिरमा पुगे। त्यहाँ आफ्ना मृत छोराहरूका लागि शोक गरिरहेकी द्रौपदीका अगाडि लगेर गुरुपुत्र अश्वत्थामालाई सुम्पिदिए।

तथाऽऽहृतं पशुवत् पाशबद्ध-
मवाङ्मुखं कर्मजुगुप्सितेन।
निरीक्ष्य कृष्णापकृतं गुरोः सुतं
वामस्वभावा कृपया ननाम च॥ ४२॥

पदार्थ–

तथा = त्यसरी अपमानपूर्वक
आहृतं = ल्याइएका
पशुवत् = पशुझैँ
पाशेन = पाशाले
बद्धम् = बाँधिएका
कर्मजुगुप्सितेन = आफूले गरेको निन्दनीय कर्मका कारणले
अवाङ्मुखं = मुख तलतिर फर्काएका
अपकृतं = आफ्नो अनिष्ट गर्ने
गुरोः = गुरुका
सुतं = पुत्रलाई
निरीक्ष्य = देखेर
वामस्वभावा = सुन्दर शील भएकी
कृष्णा = द्रौपदीले
कृपया = दयाले
ननाम च = गुरुपुत्रलाई नमस्कार पनि गरिन्

वाक्यार्थ– पशुझैं बाँधेर ल्याइएका, निन्दित कर्म गरेको हुनाले आफ्नो मुख तलतिर झुकाएका, आफ्नो अनिष्ट गर्ने गुरुपुत्र अश्वत्थामालाई यसरी अपमानित भएको देखेर सुन्दर शील भएकी द्रौपदीको कोमल हृदय दयाले भरिएर आयो र उनले अश्वत्थामालाई नमस्कार गरिन्।

उवाच चासहन्त्यस्य बन्धनानयनं सती।
मुच्यतां मुच्यतामेष ब्राह्मणो नितरां गुरुः॥ ४३॥

पदार्थ–

अस्य = यी गुरुपुत्रलाई	**उवाच** = भनिन्	**ब्राह्मणः** = यी ब्राह्मण
बन्धनानयनं = बाँधेर ल्याउनु	**एषः** = यिनलाई	**नितरां** = अत्यन्त
असहन्ती सती = सहन नगर्दै	**मुच्यताम् मुच्यताम्** =	**गुरुः** = पूजनीय गुरु हुन्
च = पनि	छोडिदिनुहोस्, छोडिदिनुहोस्	

वाक्यार्थ– गुरुपुत्रलाई यसप्रकार बाँधेर ल्याउनु सती द्रौपदीलाई सहन भएन र उनले भनिन्– छोडिदिनुहोस्, छोडिदिनुहोस्, यी ब्राह्मण हाम्रा लागि अत्यन्त पूजनीय गुरु हुन्।

सरहस्यो धनुर्वेदः सविसर्गोपसंयमः।
अस्त्रग्रामश्च भवता शिक्षितो यदनुग्रहात्॥ ४४॥
स एष भगवान्द्रोणः प्रजारूपेण वर्तते।
तस्यात्मनोऽर्धं पत्न्यास्ते नान्वगाद्वीरसूः कृपी॥ ४५॥

पदार्थ–

सरहस्यः = रहस्ययुक्त	**सः** = ती	**आत्मनः** = देहको
धनुर्वेदः = धनुर्वेद	**भगवान्** = भगवान्	**अर्धम्** = आधा भाग
सविसर्गोपसंयमः = अस्त्र प्रयोग	**द्रोणः** = द्रोण नै	**कृपी** = कृपी
र उपसंहारले युक्त भएको	**एषः** = यिनी	**पत्नी** = पत्नीको रूपमा
अस्त्रग्रामः = अस्त्र समूह	**प्रजारूपेण** = पुत्ररूपले	**आस्ते** = जीवित नै हुनुहुन्छ
भवता = तपाईंले	**वर्तते** = हाम्रो अगाडि छन्	किनभने उहाँ
यदनुग्रहात् = जुन द्रोणाचार्यको	यसकारण	**ते** = उहाँको
अनुग्रहले	**वीरसूः** = पुत्रवती	**न अन्वगात्** = आफ्नो पतिसँग
शिक्षितः च = सिक्नुभयो पनि	**तस्य** = ती द्रोणकी	सती जानुभएन

वाक्यार्थ– जसको कृपाले तपाईंले रहस्यसहित प्रयोग र उपसंहारका सम्पूर्ण धनुर्वेदको ज्ञान प्राप्त गर्नुभएको छ, ती तपाईंका आचार्य द्रोण नै उहाँको पुत्रको रूपमा तपाईंको अगाडि उपस्थित हुनुहुन्छ। उहाँकी अर्धाङ्गिनी कृपीले यिनै पुत्रप्रतिको ममताको कारणले आफ्ना पतिको अनुगमन गर्न सकिनन् र अहिले उनी जीवित हुनुहुन्छ।

तद्धर्मज्ञ महाभाग भवद्भिर्गौरवं कुलम्।

वृजिनं नार्हति प्राप्तुं पूज्यं वन्द्यमभीक्ष्णशः॥ ४६॥

पदार्थ–

तत् = त्यसकारण	**वृजिनं** = दुःख	**महाभाग** = महाशय
भवद्भिः = तपाईंले	**प्राप्तुं** = प्राप्त गराउन	**अभीक्ष्णशः** = सधैँ
गौरवं = गुरुका	**नार्हति** = योग्य छैन	**पूज्यं** = पूज्य र
कुलम् = कुललाई	**धर्मज्ञ** = हे धर्मज्ञ	**वन्द्यः च** = नमस्करणीय पनि छ

वाक्यार्थ– महाभाग्यवान् आर्यपुत्र ! तपाईं धर्मज्ञ हुनुहुन्छ, जुन गुरुवंशको नित्य पूजा एवं वन्दना गर्नुपर्दछ, त्यस गुरुवंशलाई कष्ट पुऱ्याउनु तपाईंका लागि उचित कार्य होइन।

मा रोदीदस्य जननी गौतमी पतिदेवता।

यथाहं मृतवत्सार्ता रोदिम्यश्रुमुखी मुहुः॥ ४७॥

पदार्थ–

यथा = जसरी	**अश्रुमुखी** = आँखाले भिजेको मुख भएकी	**पतिदेवता** = पतिव्रता
अहं = म	**मुहुः** = बारम्बार	**गौतमी** = गौतमी
मृतवत्सा = बच्चाहरू मर्नाको कारणले	**रोदिमि** = रोइरहेकी छु (त्यसरी)	**जननी** = आमा
आर्ता = दुःखी भएर	**अस्य** = यी अश्वत्थामाकी	**मा रोदीत्** = नरोऊन्

वाक्यार्थ– जसरी मेरा बच्चाहरू मरेकाले म दुःखी भएर रोइरहेकी छु र मेरो आँखाबाट बारंबार आँसु आइरहेको छ, त्यसरी नै यिनकी माता पतिव्रता गौतमी नरोऊन्।

यैः कोपितं ब्रह्मकुलं राजन्यैरजितात्मभिः।

तत्कुलं प्रदहत्याशु सानुबन्धं शुचार्पितम्॥ ४८॥

पदार्थ–

यैः = जुन	**ब्रह्मकुलं** = ब्रह्मकुलले	**शुचार्पितम्** = शोकमग्न गराएर
अजितात्मभिः = उच्छृङ्खल	**सानुबन्धं** = परिवार सहित	**आशु** = चाँडै नै
राजन्यैः = राजाहरूद्वारा	**तत्** = त्यस	**प्रदहति** = दग्ध गर्दछ
कोपितं = कुपित	**कुलं** = राजकुललाई	

वाक्यार्थ– जो उच्छृङ्खल राजाहरू आफ्ना कुकृत्यद्वारा ब्राह्मण कुललाई कुपित गराउँछन्, ती कुपित ब्राह्मणले परिवारसहित राजाहरूलाई शोकमग्न गराएर नष्ट गरिदिन्छन्।

सूत उवाच (सूतजीले भन्नुभयो)

धर्म्यं न्याय्यं सकरुणं निर्व्यलीकं समं महत्।

राजा धर्मसुतो राज्ञ्याः प्रत्यनन्दद्वचो द्विजाः॥ ४९॥

पदार्थ–

द्विजाः = हे शौनकादि ऋषिहरू हो	**धर्म्यं** = धर्मको अनुकूल	भएको
धर्मसुतः = धर्मपुत्र	**न्याय्यं** = न्यायको अनुकूल	**समं** = समताले युक्त
राजा = राजा युधिष्ठिरले	**सकरुणं** = करुणाले युक्त भएको	**महत्** = श्रेष्ठ
राज्ञ्याः = द्रौपदीको	**निर्व्यलीकं** = कपटले रहित	**वचः** = वचनको
		प्रत्यनन्दत् = समर्थन गर्नुभयो

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू हो! द्रौपदीको भनाइ धर्म र न्यायको अनुकूल थियो। उनमा कपट थिएन, अपितु करुणा र समता थियो। त्यसकारण राजा युधिष्ठिरले रानीको हितले भरिपूर्ण भएको श्रेष्ठ वचनको समर्थन गर्नुभयो।

नकुलः सहदेवश्च युयुधानो धनञ्जयः।

भगवान् देवकीपुत्रो ये चान्ये याश्च योषितः॥ ५०॥

पदार्थ–

नकुलः = नकुलले	**देवकीपुत्रः** = देवकीपुत्र	**याः च** = अरू
सहदेवः = सहदेवले	**भगवान् च** = भगवान् श्रीकृष्णले पनि	**योषितः** = स्त्रीहरूले पनि (द्रौपदीको वचनको समर्थन गरे)
युयुधानः = सात्यकिले	**ये च अन्ये** = अरू मनुष्यहरू र	
धनञ्जयः = अर्जुनले		

वाक्यार्थ– साथै नकुल, सहदेव, सात्यकि, अर्जुन, स्वयं भगवान् श्रीकृष्णले र त्यहाँ उपस्थित सम्पूर्ण नर नारीहरूले द्रौपदीका कुराको समर्थन गरे।

तत्राहामर्षितो भीमस्तस्य श्रेयान्वधः स्मृतः।

न भर्तुर्नात्मनश्चार्थे योऽहन्सुप्तान्शिशून्वृथा॥ ५१॥

पदार्थ–

तत्र = त्यस समयमा	**न भर्तुः** = न त स्वामीका लागि	**अर्थे** = त्यसकारणले
अमर्षितः = क्रुद्ध भएका	**सुप्तान्** = सुतेका	**च** = पनि
भीमः = भीमसेनले	**शिशून्** = बालकहरू	**वधः** = वध
आह = भने	**वृथा** = बिना कारण	**श्रेयान् स्मृतः** = श्रेयकारक छ
यः = जुन अश्वत्थामाले	**अहन्** = मारे	
न आत्मनः = न आफ्ना लागि	**तस्य** = ती अश्वत्थामाको	

वाक्यार्थ– त्यस समयमा क्रूद्ध भएर भीमसेनले भने– जसले सुतेका बच्चाहरूलाई न आफ्ना लागि न आफ्ना स्वामीका लागि नै अपितु बिना कारणले मारेको छ, उसको वध गर्नु नै उत्तम हो।

निशम्य भीमगदितं द्रौपद्याश्च चतुर्भुजः।
आलोक्य वदनं सख्युरिदमाह हसन्निव ॥ ५२ ॥

पदार्थ–

चतुर्भुजः = भगवान् श्रीकृष्णले	**सख्युः** = अर्जुनको	**हसन् इव** = हाँस्दै
भीमगदितं = भीमसेनको र	**वदनं** = मुख	**आह** = भन्नुभयो
द्रौपद्याश्च = द्रौपदीको कुरा	**आलोक्य** = हेरेर	
निशम्य = सुनेर	**इदम्** = यो	

वाक्यार्थ– भगवान् श्रीकृष्णले द्रौपदी र भीमसेनको कुरा सुनेर अर्जुनतिर हेरेर हाँस्दै भन्नुभयो।

श्रीभगवानुवाच (भगवान् श्रीकृष्णले भन्नुभयो)

ब्रह्मबन्धुर्न हन्तव्य आततायी वधार्हणः।
मयैवोभयमाम्नातं परिपाह्यनुशासनम् ॥ ५३ ॥

पदार्थ–

ब्रह्मबन्धुः = पतित ब्राह्मण पतित (भए तापनि)	**आततायी** = आततायी	**उभयम् एव** = दुबै प्रकारको
न हन्तव्यः = उसको वध गर्नुहुँदैन	**वधार्हणः** = मार्न योग्य छ	**अनुशासनम्** = आज्ञालाई
	मया एव = मैले नै	**परिपाहि** = पालना गर
	आम्नातं = भनिएको	

वाक्यार्थ– पतित ब्राह्मणको पनि वध गर्नुहुँदैन र आततायीलाई मार्नुपर्दछ भन्ने यी दुबै प्रकारको कुरा मैले शास्त्रमा बताएको छु। हे अर्जुन ! तिमीले मेरा यी दुबै आज्ञाको पालन गर।

कुरु प्रतिश्रुतं सत्यं यत्तत्सान्त्वयता प्रियाम्।
प्रियं च भीमसेनस्य पाञ्चाल्या मह्यमेव च ॥ ५४ ॥

पदार्थ–

प्रियाम् = द्रौपदीलाई	**तत्** = त्यो	**पाञ्चाल्या** = द्रौपदीका लागि
सान्त्वयता = सान्त्वना दिँदै	**सत्यं** = सत्य	**मह्यम् एव च** = मेरा लागि पनि
यत् = जुन	**कुरु** = गर	**प्रियं** = जुन कुरा प्रिय हुन्छ
प्रतिश्रुतं = प्रतिज्ञा गरेका थियौ	**भीमसेनस्य** = भीमसेनको	**कुरु** = त्यही नै गर

वाक्यार्थ– तिमीले द्रौपदीलाई सान्त्वना दिँदै जुन प्रतिज्ञा गरेका थियौ, त्यसलाई पनि सत्य

साबित गर, साथै भीमसेन, द्रौपदी र मेरा लागि पनि जुन कुरा प्रिय हुन्छ, त्यही नै गर।

सूत उवाच (सूतजीले भन्नुभयो)

अर्जुनः सहसाज्ञाय हरेर्हार्दमथासिना।

मणिं जहार मूर्धन्यं द्विजस्य सहमूर्धजम्॥ ५५॥

पदार्थ–

अथ = यसपछि	**हार्दम्** = अभिप्रायलाई	**सहमूर्धजम्** = केशले सहित
अर्जुनः = अर्जुनले	**आज्ञाय** = बुझेर	**मूर्धन्यं** = शिरको
सहसा = तुरुन्त	**असिना** = तलवारले	**मणिं** = मणिलाई
हरेः = भगवान् श्रीकृष्णको	**द्विजस्य** = ब्राह्मण अश्वत्थामाको	**जहार** = हरण गरे

वाक्यार्थ– अर्जुनले भगवान्‌को हृदयको अभिप्रायलाई बुझेर आफ्नो तलवारले अश्वत्थामाको शिरको कपालसँगै रहेको मणि निकालिदिए।

विमुच्य रशनाबद्धं बालहत्याहतप्रभम्।

तेजसा मणिना हीनं शिबिरान्निरयापयत्॥ ५६॥

पदार्थ–

रशनाबद्धं = डोरीले बाँधेका	**तेजसा** = अध्ययन र मन्त्र	अश्वत्थामालाई
बालहत्याहतप्रभम् =	जपादिबाट उत्पन्न भएको तेजले	**शिबिरात्** = शिबिरबाट
बालहत्याको कारणले कान्तिले	**मणिना** = मणिले	**विमुच्य** = फुकाएर
हीन भएका	**हीनं** = रहित भएका ती	**निरयापयत्** = निकालिदिए

वाक्यार्थ– बालकको हत्या गर्नाले अश्वत्थामा पहिलेदेखि नै कान्तिहीन भएका थिए, अब उनी आफ्नो मणि र ब्रह्मतेजले पनि रहित भए। त्यसपछि अर्जुनले उनलाई बन्धनमुक्त गराएर शिबिरबाट निकालिदिए।

वपनं द्रविणादानं स्थानान्निर्यापणं तथा।

एष हि ब्रह्मबन्धूनां वधो नान्योऽस्ति दैहिकः॥ ५७॥

पदार्थ–

वपनं = मुण्डन गरिदिनु	**एषः हि** = यही नै	**अन्यः** = अतिरिक्त
द्रविणादानं = धनको अपहरण	**ब्रह्मबन्धूनां** = अधम	**दैहिकः** = शारीरिक
गर्नु	ब्राह्मणहरूको	**तथा** = वध
स्थानात् = निवास स्थानबाट	**वधः** = वध हो	**न अस्ति** = उचित मानिँदैन
निर्यापणं = निकालिदिनु	**इतः** = यसदेखि	

वाक्यार्थ– मुड्नु, धन हरण गरिदिनु, निवासस्थानबाट बाहिर निकालिदिनु यही नै ब्राह्मणाधमको वध हो। उनका लागि यसदेखि अतिरिक्त कुनै शारीरिक वधको विधान छैन।

पुत्रशोकातुराः सर्वे पाण्डवाः सह कृष्णया।

स्वानां मृतानां यत्कृत्यं चक्रुर्निर्हरणादिकम्॥ ५८॥

पदार्थ–

कृष्णया सह = द्रौपदीका साथ
पुत्रशोकातुराः = पुत्र शोकले पीडित भएका
सर्वे = सम्पूर्ण
पाण्डवाः = पाण्डवहरू
मृतानां = मरेका
स्वानां = आफ्ना बन्धुहरूका लागि
निर्हरणादिकम् = दाह संस्कारका लागि घाटमा लैजाने आदि
यत्कृत्यं = काम
चक्रुः = गरे

वाक्यार्थ– पुत्रहरूको मृत्युले द्रौपदी र सबै पाण्डवहरू शोकाकुल भएका थिए। त्यसपछि उनीहरूले आफ्ना मरेका भाइबन्धुहरूको दाहादि अन्त्येष्टि क्रिया गरे।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

द्रौणिनिग्रहो नाम सप्तमोऽध्यायः॥

अथ अष्टमोऽध्यायः

गर्भस्थ परीक्षित्को रक्षा, कुन्तीद्वारा भगवान्को स्तुति र युधिष्ठिरको शोक

सूत उवाच (सूतजीले भन्नुभयो)

अथ ते सम्परेतानां स्वानामुदकमिच्छताम्।

दातुं सकृष्णा गङ्गायां पुरस्कृत्य ययुः स्त्रियः ॥ १ ॥

पदार्थ–

अथ = अश्वत्थामालाई दण्ड दिइसकेपछि
सम्परेतानां = मरेका (यसै कारणले)
उदकम् = जलाञ्जलि
इच्छताम् = चाहने
स्वानाम् = आफ्ना बन्धुहरूका लागि
दातुं = तर्पण दिनका लागि
सकृष्णाः = द्रौपदीका साथ
ते = ती पाण्डवहरू
स्त्रियः = स्त्रीहरूलाई
पुरस्कृत्य = अगाडि लगाएर
गङ्गायां = गङ्गामा
ययुः = गए

वाक्यार्थ– अश्वत्थामालाई दण्ड दिइसकेपछि पाण्डव श्रीकृष्णका साथ जलाञ्जलिका इच्छुक मरेका स्वजनहरूलाई तर्पण दिनका लागि स्त्रीहरूलाई अगाडि लगाएर गङ्गाको तटमा गए।

ते निनीयोदकं सर्वे विलप्य च भृशं पुनः।

आप्लुता हरिपादाब्जरजःपूतसरिज्जले ॥ २ ॥

पदार्थ–

ते = ती पाण्डव आदि सबै
उदकं = जल
भृशं = अत्यन्त
निनीय = दिएर
विलप्य = विलाप गरेर
हरिपादाब्जरजःपूतसरिज्जले = भगवान् श्रीकृष्णको चरणको धूलाले पवित्र भएको गङ्गाको जलमा
पुनः = फेरि
सर्वे च = सबैले नै
आप्लुताः = स्नान गरेर

वाक्यार्थ– त्यहाँ ती सबैले मृतबन्धुहरूलाई जलदान दिए। त्यसपछि उनीहरूका गुणलाई स्मरण गरेर विलाप गर्न लागे। त्यसपछि उनीहरूले भगवान्को चरणकमलको धुलोले पवित्र भएको गङ्गाजलमा फेरि स्नान गरे।

तत्रासीनं कुरुपतिं धृतराष्ट्रं सहानुजम्।

गान्धारीं पुत्रशोकार्तां पृथां कृष्णां च माधवः ॥ ३ ॥

सान्त्वयामास मुनिभिर्हतबन्धूञ्शुचार्पितान्।
भूतेषु कालस्य गतिं दर्शयन् न प्रतिक्रियाम्॥ ४॥

पदार्थ—

तत्र = त्यहाँ
आसीनं = विद्यमान
सहानुजम् = भीम आदिले सहित
कुरुपतिं = कुरुपति युधिष्ठिरलाई
धृतराष्ट्रं = धृतराष्ट्रलाई
पुत्रशोकार्तां = पुत्र शोकले दुःखी भएकी
गान्धारीं = गान्धारीलाई
पृथां = कुन्तीलाई
कृष्णां च = द्रौपदीलाई
माधवः = भगवान् श्रीकृष्णले
हतबन्धून् = बन्धुहरू नष्ट भएकाले
शुचार्पितान् = शोकले ग्रस्त भएका (ती युधिष्ठिरादिलाई)
भूतेषु = पञ्चमहाभूतको कार्य देहादिमा
कालस्य = कालको
न प्रतिक्रियाम् = प्रतिकार गर्न नसकिने
गतिं = गतिलाई
दर्शयन् = देखाउँदै
मुनिभिः = मुनिहरूले सहित भएर
सान्त्वयामास = सान्त्वना दिनुभयो

वाक्यार्थ— त्यहाँ आफ्ना भाइहरूका साथ कुरुपति महाराज युधिष्ठिर, धृतराष्ट्र, पुत्रशोकले व्याकुल भएकी गान्धारी, कुन्ती र द्रौपदी सबै एक ठाउँमा बसेर मरेका स्वजनहरूका लागि शोक गर्न लागे। भगवान् श्रीकृष्णले मुनिहरूसहित भएर उनीहरूलाई सान्त्वना दिँदै के भन्नुभयो भने संसारका सम्पूर्ण प्राणीहरू कालका अधीनमा छन्, कालबाट कोही पनि बच्न सक्दैन।

साधयित्वाजातशत्रोः स्वं राज्यं कितवैर्हृतम्।
घातयित्वासतो राज्ञः कचस्पर्शक्षतायुषः॥ ५॥
याजयित्वाश्वमेधैस्तं त्रिभिरुत्तमकल्पकैः।
तद्यशः पावनं दिक्षु शतमन्योरिवातनोत्॥ ६॥

पदार्थ—

अजातशत्रोः = अजातशत्रु राजा युधिष्ठिरको
कितवैः = वञ्चक दुर्योधन आदिद्वारा
हृतम् = अपहरण गरिएको
स्वं राज्यं = उनको राज्यलाई
साधयित्वा = उनैलाई दिलाएर
कचस्पर्शक्षतायुषः = द्रौपदीको केशको स्पर्श गर्नाले आयु क्षीण भएका
असतः = दुष्ट
राज्ञः = राजाहरूको
घातयित्वा = वध गराएर
तं = युधिष्ठिरद्वारा
उत्तमकल्पकैः = उत्तम सामग्रीले युक्त भएका
त्रिभिः = तीनओटा
अश्वमेधैः = अश्वमेध यज्ञ
याजयित्वा = गराएर
पावनं = पवित्र
तद्यशः = युधिष्ठिर महाराजको कीर्तिलाई
शतमन्योः इव = इन्द्रको यशझैं
दिक्षु = चारै दिशामा

आतनोत् = फैलाइदिनुभयो

वाक्यार्थ– यसप्रकार श्रीकृष्णले अजातशत्रु महाराज युधिष्ठिरलाई धूर्तहरूले आफ्नो अधीनमा गरेको राज्य फर्काइदिनुभयो। द्रौपदीको केशको स्पर्श गर्नाले जसको आयु क्षीण भएको थियो, ती दुष्ट राजाहरूको वध गराउनुभयो। साथै युधिष्ठिरद्वारा उत्तम सामग्री र पुरोहितद्वारा तीनओटा अश्वमेध यज्ञ गराउनुभयो। यसप्रकार युधिष्ठिरको पवित्र कीर्तिलाई इन्द्रको यशझैं संसारमा फैलाइदिनुभयो।

आमन्त्र्य पाण्डुपुत्रांश्च शैनेयोद्धवसंयुतः।
द्वैपायनादिभिर्विप्रैः पूजितैः प्रतिपूजितः॥ ७॥
गन्तुं कृतमतिर्ब्रह्मन् द्वारकां रथमास्थितः।
उपलेभेऽभिधावन्तीमुत्तरां भयविह्वलाम्॥ ८॥

पदार्थ–

पाण्डुपुत्रान् = पाण्डवहरूलाई
आमन्त्र्य = सल्लाह दिएर
शैनेयोद्धवसंयुतः = सात्यकि र उद्धवको साथ
पूजितैः = आफूद्वारा पूजा गरिएका
द्वैपायनादिभिः = व्यास आदि
विप्रैः = ब्रह्मर्षिद्वारा
प्रतिपूजितः च = पूजित पनि हुनुभएका
ब्रह्मन् = हे ब्राह्मण
द्वारकां = द्वारका
गन्तुं = जानका लागि
कृतमतिः = निश्चय गरेर
रथमास्थितः = रथमा चढ्नुभएका भगवान् श्रीकृष्णले
भयविह्वलाम् = डरले विह्वल भएकी
अभिधावन्तीम् = अगाडिबाट दौडिएर आइरहेकी
उत्तरां = उत्तरालाई
उपलेभे = देख्नुभयो

वाक्यार्थ– त्यसपछि भगवान् श्रीकृष्णले त्यहाँबाट जाने विचार गर्नुभयो। त्यसका लागि उहाँले पाण्डवहरूसँग बिदा लिनुभयो। व्यास आदि ब्रह्मर्षिहरूको सत्कार गर्नुभयो। उनीहरूले पनि भगवान्को ठुलो सत्कार गरे। त्यसपछि सात्यकि र उद्धवका साथ भगवान् द्वारका जानका लागि रथमा बस्नुभयो। त्यसै समयमा भयले विह्वल भएर आफूतिर दौडिएर आइरहेकी उत्तरालाई भगवान्ले देख्नुभयो।

उत्तरोवाच (उत्तराले भनिन्)

पाहि पाहि महायोगिन् देवदेव जगत्पते।
नान्यं त्वदभयं पश्ये यत्र मृत्युः परस्परम्॥ ९॥
अभिद्रवति मामीश शरस्तप्तायसो विभो।
कामं दहतु मां नाथ मा मे गर्भो निपात्यताम्॥ १०॥

पदार्थ–

देवदेव = हे देवाधि देव	**यत्र** = जहाँ	**माम्** = मतिर
जगत्पते = हे जगदीश्वर	**परस्परं** = परस्परमा एक-अर्काको निमित्त	**अभिद्रवति** = आइरहेको छ
महायोगिन् = तपाईं महायोगी हुनुहुन्छ	**मृत्युः** = मृत्युको कारण बनिरहेको हुन्छ	**कामं** = बरु
पाहि पाहि = मेरो रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस्	**विभो** = हे व्यापक	**माम्** = मलाई
त्वत् = तपाईंदेखि	**नाथ** = हे नाथ !	**दहतु** = डढाओस्
अन्यं = अरू कुनैलाई	**ईश** = हे ईश	**मे** = मेरो
अभयं = अभय प्रदान गर्नेवाला	**तप्तायसः** = दन्-दन् बलिरहेको	**गर्भो** = गर्भको
न पश्ये = म देख्दिनँ, किनभने	**शरः** = फलामको बाण	**मा निपात्यताम्** = पतन नहोस्

वाक्यार्थ– देवाधिदेव जगदीश्वर तपाईं महायोगी हुनुहुन्छ। तपाईं मेरो रक्षा गर्नुहोस्। तपाईंलाई छोडेर यस लोकमा मलाई अभयदान दिनेवाला कोही पनि छैन। किनभने यहाँ सम्पूर्ण प्राणीहरू परस्पर एक-अर्काको मृत्युको कारण बनिरहेका छन्। प्रभो ! तपाईं सर्वशक्तिमान् हुनुहुन्छ। दन्दन् बलिरहेको फलामको बाण मतिर आइरहेको छ। बरु मेरो शरीर जलेर भस्म होस् तर यो गर्भ नष्ट नहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

उपधार्य वचस्तस्या भगवान् भक्तवत्सलः।
अपाण्डवमिदं कर्तुं द्रौणेरस्त्रमबुध्यत ॥ ११ ॥

पदार्थ–

भक्तवत्सलः = आफ्ना भक्तहरू माथि कृपा गर्ने	**उपधार्य** = सुनेर	**द्रौणेः** = अश्वत्थामाको
भगवान् = भगवान्ले	**अपाण्डवम्** = पाण्डव वंशले रहित	**इदं** = यो
तस्या = ती उत्तराको	**कर्तुं** = गर्नका लागि प्रवृत्त भएका	**अस्त्रम्** = ब्रह्मास्त्र हो भन्ने
वचः = वचन		**अबुध्यत** = ठहऱ्याउनुभयो

वाक्यार्थ– भक्तवत्सल भगवान् श्रीकृष्णले उत्तराको कुरा सुन्नेबित्तिकै अश्वत्थामाले पाण्डववंशलाई समाप्त गर्नका लागि ब्रह्मास्त्रको प्रयोग गरेको हो भन्ने थाहा पाउनुभयो।

तर्ह्येवाथ मुनिश्रेष्ठ पाण्डवाः पञ्च सायकान्।
आत्मनोऽभिमुखान् दीप्तानालक्ष्यास्त्राण्युपाददुः ॥ १२ ॥

पदार्थ—

मुनिश्रेष्ठ = मुनिहरूमा श्रेष्ठ भएका हे शौनकजी
तर्हि एव = त्यसै समयमा
पाण्डवाः = पाण्डवहरूले
आत्मनः अभिमुखान् = आफ्नो सम्मुख आइरहेका
दीप्तान् = बलिरहेका
पञ्च = पाँचओटा
सायकान् = बाणहरूलाई
आलक्ष्य = देखेर
अथ = यसपछि
अस्त्राणि = अस्त्रहरू
उपाददुः = उठाए

वाक्यार्थ— त्यसै समयमा पाण्डवहरूले पनि दन्दन् बलिरहेका पाँचओटा बाणहरू आफूतिर आइरहेका देखे। अतः उनीहरूले पनि आआफ्नो अस्त्र उठाए।

व्यसनं वीक्ष्य तत्तेषामनन्यविषयात्मनाम्।
सुदर्शनेन स्वास्त्रेण स्वानां रक्षां व्यधाद्विभुः॥ १३॥

पदार्थ—

विभुः = व्यापक भगवान् श्रीकृष्णले
अनन्यविषयात्मनाम् = अनन्य
तेषाम् = ती
स्वानां = भक्तहरूको
तत् = त्यस किसिमको
व्यसनं = दुःखलाई
वीक्ष्य = देखेर
स्वास्त्रेण= आफ्नो अस्त्र
सुदर्शनेन = सुदर्शन चक्रले
रक्षां = रक्षा
व्यधात् = गर्नुभयो

वाक्यार्थ— सर्वशक्तिमान् भगवान् श्रीकृष्णले आफ्ना अनन्यप्रेमी शरणागत भक्तहरूमा ठुलो विपत्ति आएको जानेर आफ्नो सुदर्शन चक्रद्वारा उनीहरूको रक्षा गर्नुभयो।

अन्तःस्थः सर्वभूतानामात्मा योगेश्वरो हरिः।
स्वमाययावृणोद् गर्भं वैराट्याः कुरुतन्तवे॥ १४॥

पदार्थ—

योगेश्वरः = योगेश्वर
सर्वभूतानाम् = सम्पूर्ण प्राणीहरूमा
अन्तःस्थः = अन्तर्यामीरूपले
आत्मा = रहनुभएका आत्मा
हरिः = भगवान् विष्णुले
कुरुतन्तवे = पाण्डव वंशको विस्तारको लागि
स्वमायया = आफ्नो मायाद्वारा
वैराट्याः = उत्तराको
गर्भं = गर्भलाई
आवृणोत् = ढाकिदिनुभयो

वाक्यार्थ— योगेश्वर श्रीकृष्ण समस्त प्राणीहरूका हृदयमा विराजमान आत्मा हुनुहुन्छ। उहाँले पाण्डवहरूको वंशपरम्परा चलाउनका लागि उत्तराको गर्भलाई आफ्नो मायाको कवचले ढाकिदिनुभयो।

यद्यप्यस्त्रं ब्रह्मशिरस्त्वमोघं चाप्रतिक्रियम्।
वैष्णवं तेज आसाद्य समशाम्यद् भृगूद्वह॥ १५॥

पदार्थ–

भृगूद्वह = हे शौनकजी	हटाउन नसकिने खालको हुनाले	**तेजः** = तेज
यद्यपि = यद्यपि	**अमोघं** = अमोघ थियो	**आसाद्य** = प्राप्त गरेर
ब्रह्मशिरः = ब्रह्मशिर नाम गरेको	**च** = (तर) पनि	**समशाम्यत्** = शान्त भयो
अस्त्रं तु = अस्त्र त	**वैष्णवं** = भगवान् विष्णुको	
अप्रतिक्रियम् = कसैले पनि	सुदर्शन चक्रको	

वाक्यार्थ– शौनकजी ! यद्यपि ब्रह्मास्त्र अमोघ छ, त्यसलाई हटाउने कुनै पनि उपाय छैन। तापनि भगवान् श्रीकृष्णको तेजका अगाडि आएर त्यो अस्त्र शान्त भयो।

मा मंस्था ह्येतदाश्चर्यं सर्वाश्चर्यमयेऽच्युते।

य इदं मायया देव्या सृजत्यवति हन्त्यजः॥ १६॥

पदार्थ–

सर्वाश्चर्यमये = सर्वाश्चर्यमय	**मा मंस्थाः** = नठान्नुहोला	**इदं** = यस संसारलाई
अच्युते = श्रीकृष्णमा	**यः** = जो	**सृजति** = बनाउनुहुन्छ
एतत् = सुदर्शन चक्रद्वारा	**अजः** = अजन्मा भगवान्	**अवति** = रक्षा गर्नुहुन्छ
ब्रह्मास्त्रको शमन	**देव्या** = देवी	**हन्ति** = नाश गर्नुहुन्छ
आश्चर्यं = आश्चर्यको कुरा हो	**मायया** = मायाद्वारा	
भनेर	**हि** = नै	

वाक्यार्थ– यो कुनै आश्चर्यको कुरो होइन, किनभने भगवान् सर्वाश्चर्यमय हुनुहुन्छ। उहाँ आफ्नो शक्ति मायाद्वारा आफू अजन्मा भईकन पनि यस संसारको सृष्टि, रक्षा र संहार गर्नुहुन्छ।

ब्रह्मतेजोविनिर्मुक्तैरात्मजैः सह कृष्णया।

प्रयाणाभिमुखं कृष्णमिदमाह पृथा सती॥ १७॥

पदार्थ–

ब्रह्मतेजोविनिर्मुक्तैः = ब्रह्मतेजबाट	**सती** = सती	**इदम्** = यो
मुक्त भएका	**पृथा** = कुन्ती	**आह** = भन्नुभयो
आत्मजैः = छोराहरूका साथ	**प्रयाणाभिमुखं** = द्वारकातिर	
कृष्णया च = द्रौपदीका	प्रस्थान गर्न लाग्नुभएका	
सह = साथ	**कृष्णम्** = कृष्णलाई	

वाक्यार्थ– जब भगवान् श्रीकृष्ण द्वारकातिर जान लाग्नुभयो, ब्रह्मास्त्रको ज्वालाबाट मुक्त भएका आफ्ना पुत्र र द्रौपदीका साथ कुन्तीले भगवान् श्रीकृष्णको यसप्रकार स्तुति गर्नुभयो।

कुन्त्युवाच (कुन्तीले भन्नुभयो)

नमस्ये पुरुषं त्वाऽऽद्यमीश्वरं प्रकृतेः परम्।

अलक्ष्यं सर्वभूतानामन्तर्बहिरवस्थितम्॥ १८॥

पदार्थ—

आद्यम् = आद्य	**सर्वभूतानाम्** = सम्पूर्ण प्राणीहरूको	**अलक्ष्यं तु** = ती प्राणीहरूद्वारा जान्न नसकिने
पुरुषं = पुरुष	**अन्तर्बहिः** = बाहिर र भित्र	**नमस्ये** = (तपाईंलाई) नमस्कार गर्दछु
ईश्वरं = सर्वसमर्थ	**अवस्थितम्** = अवस्थित भए तापनि	
प्रकृतेः = प्रकृतिदेखि		
परम् = टाढा रहनुभएका		

वाक्यार्थ— भगवान् तपाईं सम्पूर्ण जीवहरूको भित्र-बाहिर सबैतिर हुनुहुन्छ, तापनि तपाईं इन्द्रिय र वृत्तिहरूको विषय हुनुहुन्न। किनभने तपाईं प्रकृतिदेखि पर आदि पुरुष परमेश्वर हुनुहुन्छ। म तपाईंलाई नमस्कार गर्दछु।

मायाजवनिकाच्छन्नमज्ञाधोक्षजमव्ययम्।

न लक्ष्यसे मूढदृशा नटो नाट्यधरो यथा॥ १९॥

पदार्थ—

मायाजवनिकाच्छन्नम् = मायारूपी पर्दाले ढाकिनुभएका	**यथा** = जसरी	जान्दैन त्यस्तै
अज्ञाधोक्षजम् = इन्द्रियजन्य जनिका अविषय	**नाट्यधरः नटः मूढदृशा** = नाट्यशास्त्रलाई नजान्ने मान्छेले यो नट नाट्यकलामा कुशल छ अथवा अकुशल छ भन्ने कुरा	**मूढदृशा** = अज्ञानीपुरूषद्वारा
अव्ययम् = अविकार		**न लक्ष्यसे** = जानिनुहुन्न

वाक्यार्थ— तपाईं इन्द्रियजन्य ज्ञानको विषय हुनुहुन्न। आफ्नो मायाका पर्दाले आफैंलाई ढाकेर अवस्थित हुनुहुन्छ। जसरी नाट्यकलाबाट अनभिज्ञ पुरुषहरू अर्को भेषमा आएको मनुष्यलाई प्रत्यक्ष देखेर पनि जान्न सक्दैनन्, त्यसै गरी तपाईं पनि सर्वत्र अपरोक्षरूपले अवस्थित भए तापनि मायाको पर्दाले ढाकिएको हुनाले तपाईंलाई अज्ञानी मनुष्यहरू जान्न सक्दैनन्।

तथा परमहंसानां मुनीनाममलात्मनाम्।

भक्तियोगविधानार्थं कथं पश्येम हि स्त्रियः॥ २०॥

पदार्थ—

मुनीनाम् = मुनिहरूमा	कर्म आदि मलले रहित भएका	**परमहंसानां** = आत्मा र
अमलात्मनाम् = अविद्या, काम,	मननशील	अनात्माको विवेक गर्ने

व्यक्तिहरूको हृदयमा **भक्तियोगविधानार्थं** = परमप्रेममयी भक्तिको सञ्चार गर्नका लागि (अवतार	लिनुभएका तपाईंलाई) **स्त्रियः** = (रागादिदोषले युक्त भएका हामी) स्त्रीजातिले **तथा** = त्यसरी	**कथं हि** = कसरी **पश्येम** = जान्न सकौँला

वाक्यार्थ– तपाईं शुद्ध हृदय भएका विचारशील जीवन्मुक्त परमहंसहरूको हृदयमा आफ्नो प्रेममयी भक्तिको सञ्चार गराउनका लागि अवतीर्ण हुनुभएको छ। हामी राग आदि दोषले युक्त भएका स्त्रीहरूले तपाईंलाई कसरी चिन्न सक्छौ र ?

कृष्णाय वासुदेवाय देवकीनन्दनाय च ।
नन्दगोपकुमाराय गोविन्दाय नमो नमः ॥ २१ ॥

पदार्थ–

कृष्णाय = सबको मनलाई आकृष्ट गर्ने कृष्ण **वासुदेवाय** = वसुदेवका छोरा **देवकीनन्दनाय** = देवकीका छोरा	**नन्दगोपकुमाराय** = नन्दबाबाका प्यारा छोरा **गोविन्दाय** = गोठाला तपाईंलाई **च** = पनि	**नमः नमः** = बारम्बार नमस्कार छ

वाक्यार्थ– तपाईं सबैको मनलाई आकृष्ट गर्नुहुन्छ, प्राणीहरूको अन्तःकरणभित्र प्रकाशित हुनुहुन्छ। अनि वासुदेवका छोरा, देवकीनन्दन र नन्दकुमार पनि हुनुहुन्छ। यस्ता गोविन्द भगवान्लाई म बारम्बार प्रणाम गर्दछु।

नमः पङ्कजनाभाय नमः पङ्कजमालिने ।
नमः पङ्कजनेत्राय नमस्ते पङ्कजाङ्घ्रये ॥ २२ ॥

पदार्थ–

पङ्कजनाभाय = आफ्नो नाभिमा कमल उत्पन्न गर्नेवालालाई **नमः** = नमस्कार गर्दछु **पङ्कजमालिने** = कमलकै माला लगाउनेवालाई	**नमः** = नमस्कार गर्दछु **पङ्कजनेत्राय** = कमलनयन भगवान्लाई **नमः** = नमस्कार छ **पङ्कजाङ्घ्रये** = कमलको	फूलजस्तै कोमल र सुन्दर चरण हुने **ते** = तपाईं भगवान्लाई **नमः** = नमस्कार छ

वाक्यार्थ– हे भगवान् ! तपाईं आफ्नो नाभिमा नै समस्त संसारको कारणभूत कमलपुष्प उत्पन्न गर्नुहुन्छ। कमलपुष्पकै दिव्य वनमाला धारण गर्नुहुन्छ। हजुरको नयन कमल जस्तै सुन्दर चरण पनि कमलपुष्पजस्तै अति कोमल छन्। यस्ता हजुरलाई मेरो बारम्बार प्रणाम छ।

यथा हृषीकेश खलेन देवकी
कंसेन रुद्धातिचिरं शुचार्पिता ।

विमोचिताहं च सहात्मजा विभो

त्वयैव नाथेन मुहुर्विपद्गणात् ॥ २३ ॥

पदार्थ–

हृषीकेश = इन्द्रियहरूका स्वामी
विभो = व्यापक हे भगवान्
यथा = जसरी
खलेन = दुर्जन
कंसेन = कंसले
अतिचिरं = धेरै कालसम्म
रुद्धा = कारागारमा बन्द गरिएकी
शुचार्पिता = शोकले ग्रस्त भएकी
देवकी = देवकीलाई
विमोचिता = कारागारबाट र शोकबाट मुक्त गराउनुभयो त्यसै गरी
सहात्मजा = छोराहरूले सहित
अहं च = मेरो पनि
मुहुः = बारम्बार
विपद्गणात् = विभिन्न प्रकारका आपत्तिहरूबाट
त्वया एव नाथेन = रक्षक तपाईंले नै (रक्षा गर्नुभएको थियो)

वाक्यार्थ– हे हृषीकेश ! जसरी तपाईंले दुष्ट कंशद्वारा जेलमा बन्द गरिएकी तथा धेरै कालदेखि शोकग्रस्त देवकीको रक्षा गर्नुभयो। त्यसै गरी मेरा पुत्रहरूका साथ मेरो पनि बारम्बार रक्षा गर्नुभएको छ। तपाईं नै हाम्रो रक्षक हुनुहुन्छ।

विषान्महाग्नेः पुरुषाददर्शनाद्

असत्सभाया वनवासकृच्छ्रतः ।

मृधे मृधेऽनेकमहारथास्त्रतो

द्रौण्यस्त्रतश्चास्म हरेऽभिरक्षिताः ॥ २४ ॥

पदार्थ–

हरे = पापनाशक हे भगवान्
विषात् = विषबाट
महाग्नेः = लाक्षागृहको भयानक आगोबाट
पुरुषाददर्शनात् = हिडिम्ब आदि नरभक्षी राक्षसहरूको दृष्टिबाट
असत्सभायाः = दुष्टहरूको द्यूतसभाबाट
वनवासकृच्छ्रतः = वनवासको विपत्तिबाट
मृधे मृधे = धेरै पटकका युद्धहरूमा
अनेकमहारथास्त्रतः = अनेक महारथिहरूको शस्त्र र अस्त्रहरूबाट
द्रौण्यस्त्रतः = अश्वत्थामाको अस्त्रबाट
च = पनि
अभिरक्षिताः = हामीहरूको रक्षा गर्नुभएको छ

वाक्यार्थ– श्रीकृष्ण ! तपाईंले हामीलाई विषबाट, लाक्षागृहको भयानक आगाबाट, हिडिम्ब आदि नरभक्षी राक्षसहरूको दृष्टिबाट, दुष्टहरूको द्यूतसभाबाट, वनवासको विपत्ति र अनेक पटकको युद्धमा अनेक महारथिहरूको शस्त्र र अस्त्रबाट र अहिले पनि अश्वत्थामाको ब्रह्मास्त्रबाट रक्षा गर्नुभएको छ।

विपदः सन्तु नः शश्वत् तत्र तत्र जगद्गुरो ।

भवतो दर्शनं यत् स्यादपुनर्भवदर्शनम् ॥ २५ ॥

पदार्थ–

जगद्गुरो = हे जगद्गुरु	**नः** = हामीहरूलाई	गरिदिन
तत्र तत्र = ती देश र	**विपदः** = विपत्तिहरू	**भवतः** = तपाईंको
कालहरूमा	**सन्तु** = आइरहून्	**दर्शनं** = दर्शन
यत् = जुन विपत्तिहरूमा	**अपुनर्भवदर्शनम्** = जीवको जन्म	**स्यात्** = प्राप्त हुन्छ
शश्वत् = बारम्बार	र मृत्युरूप संसारलाई नष्ट	

वाक्यार्थ– हे जगद्गुरु हाम्रो जीवनमा सधैं पदपदमा विपत्तिहरू आइरहून्। विपत्तिहरूमा निश्चितरूपले तपाईंको दर्शन हुन्छ।

जन्मैश्वर्यश्रुतश्रीभिरेधमानमदः पुमान् ।

नैवार्हत्यभिधातुं वै त्वामकिञ्चनगोचरम् ॥ २६ ॥

पदार्थ–

जन्मैश्वर्यश्रुतश्रीभिः = उच्च	**पुमान्** = मानिसले	**त्वाम्** = हजुरको
कुलको जन्म र ऐश्वर्य र	**वै** = निश्चय नै	**अभिधातुं** = नाममात्र लिन पनि
विद्याको समृद्धिको कारणले	**अकिञ्चनगोचरम्** = अकिञ्चन	**न एव अर्हति** = सक्दैन
एधमानमदः = मद बढेका	अनन्यप्रेमी भक्तहरूसँग प्रेम गर्ने	

वाक्यार्थ– उच्चकुलको जन्म, ऐश्वर्य, विद्या र सम्पत्तिको कारणले जसको अहङ्कार बढेको छ त्यस्तो मनुष्यले तपाईंको नामसम्म पनि लिन सक्दैन, किनभने तपाईं त्यस्ता मनुष्यहरूलाई दर्शन दिनुहुन्छ जो अकिञ्चन छन्।

नमोऽकिञ्चनवित्ताय निवृत्तगुणवृत्तये ।

आत्मारामाय शान्ताय कैवल्यपतये नमः ॥ २७ ॥

पदार्थ–

अकिञ्चनवित्ताय = निःस्पृह	मायाको कार्यबाट टाढा	हुनुभएका
भक्तका लागि परम धन	रहनुभएका	**कैवल्यपतये** = मुमुक्षुहरूलाई
हुनुभएका तपाईंलाई	**आत्मारामाय** = निरन्तर	मुक्ति दिन समर्थ हुनुभएका
नमः = नमस्कार गर्दछु।	आत्मामा मात्र रमण गर्ने	तपाईंलाई
निवृत्तगुणवृत्तये = माया र	**शान्ताय** = रागादिदोषले रहित	**नमः** = नमस्कार छ

वाक्यार्थ– तपाईं निर्धनको परम धन हुनुहुन्छ। मायाको प्रपञ्चले तपाईंलाई स्पर्शमात्र पनि गर्न सक्दैन। तपाईं आफूमा नै विहार गर्नहुन्छ। परम शान्तस्वरूप हुनुहुन्छ, मोक्षको अधिपति हुनुहुन्छ,

यस्ता तपाईंलाई बारम्बार नमस्कार छ।

विवरण– जीव अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश यी पाँच क्लेशहरूको अधीनमा हुने हुनाले दुःखी छ। दुःख दिनु र विक्षिप्त गराउनु पञ्चक्लेशको कार्य हो। परमात्मा उक्त क्लेशहरूको अधीनमा नहुने हुनाले उहाँ आत्माराम र शान्त हुनुहुन्छ।

आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी तीनप्रकारका दुःखहरूको आत्यन्तिक निवृत्ति र परमानन्दको प्राप्तिलाई कैवल्य (मोक्ष) भनिन्छ। जीवहरू दुःखबाट मुक्त हुन चाहन्छन् र जीवनमा परमानन्द पनि प्राप्त गर्न चाहन्छन्। परमात्माको अनुग्रह नभईकन जीवलाई मोक्ष प्राप्त नहुने हुनाले परमात्मालाई कैवल्यपति भनिएको हो।

मन्ये त्वां कालमीशानमनादिनिधनं विभुम्।
समं चरन्तं सर्वत्र भूतानां यन्मिथः कलिः॥ २८॥

पदार्थ–

त्वां = तपाईंलाई	**विभुम्** = व्यापक	**यत्** = जुन कालरूप तपाईंबाट
कालम् = कालरूप	**सर्वत्र** = सम्पूर्ण पदार्थहरूमा	**भूतानां** = प्राणीहरूको
ईशानम् = सबको नियन्ता	**समं** = समानरूपले	**मिथः** = परस्परमा
अनादिनिधनं = आदि र अन्त्यले रहित	**चरन्तं** = विचरण गर्ने	**कलिः** = सङ्घर्ष हुन्छ
	मन्ये = ठान्दछु	

वाक्यार्थ– म तपाईंलाई अनादि अनन्त सर्वव्यापक सबको नियन्ता कालस्वरूप परमेश्वर ठान्दछु संसारका समस्त पदार्थ र प्राणीहरू आपसमा टकराएर परस्पर विरुद्ध दिशातिर गइरहन्छन्, परन्तु तपाईं समस्त पदार्थहरूमा समानरूपले विचरण गर्नुहुन्छ।

न वेद कश्चिद् भगवंश्चिकीर्षितं
तवेहमानस्य नृणां विडम्बनम्।
न यस्य कश्चिद्दयितोऽस्ति कर्हिचिद्
द्वेष्यश्च यस्मिन् विषमा मतिर्नृणाम्॥ २९॥

पदार्थ–

भगवन् = हे भगवान्	**यस्मिन्** = जुन तपाईंमा	**ईहमानस्य** = इच्छा गर्ने
यस्य = जुन तपाईंको	**नृणां** = मनुष्यहरूको	**कश्चित्** = कसैले
कर्हिचित् = कहिल्यै पनि	**विषमा** = असमान	**तव** = तपाईंको
दयितः = प्रिय र	**मतिः** = बुद्धि हुन्छ	**चिकीर्षितं** = गर्न खोज्नुभएको कुरालाई
द्वेष्यः = अप्रिय	**नृणां** = मनुष्यहरूको	
न अस्ति = छैन	**विडम्बनम्** = अनुकरण	**कश्चित्** = कसैले

च = पनि
न वेद = जान्न सक्दैन

वाक्यार्थ– हे भगवान् जब तपाईं मनुष्यको जस्तो लीला गर्नुहुन्छ, तब तपाईं के गर्न चाहनुहुन्छ भन्ने कुरा कसैले पनि जान्दैन। तपाईंका न कोही प्रिय छन्, न त कोही अप्रिय नै छन्। तपाईंको सम्बन्धमा मानिसहरूको बुद्धिमात्र विषम भएको हो।

जन्म कर्म च विश्वात्मन्नजस्याकर्तुरात्मनः।
तिर्यङ्नृषिषु यादःसु तदत्यन्तविडम्बनम्॥ ३० ॥

पदार्थ–
विश्वात्मन् = विश्वका आत्मा हुनुभएका हे भगवान्
तिर्यङ्नृषिषु = तिर्यग्, मनुष्य र ऋषिहरूको योनिहरूमा (क्रमशः वराह, राम र वामनरूपले र)
यादःसु = जलचरमा (मत्स्य रूपले)
अकर्तुः = अकर्ता
आत्मनः = परमात्मारूप
अजस्य = कहिल्यै नजन्मनेको
यत् = जुन
जन्म = जन्म
कर्म च = कर्म छ
तत् = त्यो
अत्यन्तविडम्बनम् = खालि अनुकरणमात्र अर्थात् लीलामात्र हो

वाक्यार्थ– तपाईं विश्वको आत्मा हुनुहुन्छ, विश्वरूप हुनुहुन्छ। तपाईं न जन्म लिनुहुन्छ, न त कुनै कर्म नै गर्नुहुन्छ, तापनि पशु, पक्षी, मनुष्य, ऋषि, जलचर आदिमा तपाईं जन्म लिनुहुन्छ र ती योनिको अनुरूप दिव्यकर्महरू पनि गर्नुहुन्छ। यो सब तपाईंको लीलामात्र हो।

गोप्याददे त्वयि कृतागसि दाम तावद्
या ते दशाश्रुकलिलाञ्जनसम्भ्रमाक्षम्।
वक्त्रं निनीय भयभावनया स्थितस्य
सा मां विमोहयति भीरपि यद् बिभेति॥ ३१ ॥

पदार्थ–
यत् = जुन तपाईंबाट
भीः अपि = डर पनि
बिभेति = डराउँछ
त्वयि = त्यो तपाईंले
कृतागसि = दहीको भाँडो फुटाउने अपराध गरेपछि
गोपी = यशोदाले तपाईंलाई बाँध्नका लागि
दाम = दाम्लो
आददे = ग्रहण गर्नुभयो
तावत् = त्यस समयमा
अश्रुकलिलाञ्जनसम्भ्रमाक्षम् = आँसु र गाजल मिसिएको र चञ्चल नयन भएको
वक्त्रं = आफ्नो मुख
भयभावनया = डरको कारणले
निनीय = तलतिर झुकाएर
स्थितस्य = रहनुभएका तपाईंको
या दशा = जुन लीला छवि थियो
ते = तपाईंको
सा = त्यो लीलाछविले
मां = मलाई
विमोहयति = मोहमा पारेको छ

वाक्यार्थ– तपाईं त्यस्ता हुनुहुन्छ जसबाट डर पनि डराएर भाग्दछ। तर जब बाल्यावस्थामा तपाईंले दही या दुधको भाँडो फोरेर आफ्नी आमा यशोदालाई कुपित गराउनुभएको थियो, उहाँले तपाईंलाई बाँध्नका लागि दाम्लो हातमा लिनुभएको थियो। त्यस समयमा तपाईंका आँखाबाट आँसु निक्लिरहेका थिए। ती आँसुको कारण आँखाको गाजल बगेर तपाईंका दुबै गालाहरूमा लतपतिएका थिए। त्यस समयमा तपाईंका आँखा अत्यन्त चञ्चल थिए। डरको कारणले तपाईंले आफ्नो मुखलाई तलतिर निहुराउनुभएको थियो। तपाईंको त्यस्तो लीलाछविको ध्यान गरेर म मोहित हुन्छु।

केचिदाहुरजं जातं पुण्यश्लोकस्य कीर्तये।

यदोः प्रियस्यान्ववाये मलयस्येव चन्दनम्॥ ३२॥

पदार्थ–

केचित् = कसैले	**प्रियस्य** = आफ्ना प्रिय	**अन्ववाये** = कुलमा
मलयस्य = मलयाचलको कीर्ति बढाउनका लागि	**पुण्यश्लोकस्य** = युधिष्ठिरको	**अजं** = नजन्मने तपाईंलाई
चन्दनम् इव = चन्दन प्रकट भएझैं	**कीर्तये** = कीर्तिलाई बढाउनका लागि	**जातं** = मायाद्वारा जन्म लिनुभएको हो
	यदोः = यदुको	**आहुः** = भन्दछन्

वाक्यार्थ– तपाईं अजन्मा भएर किन जन्म लिनुभयो। यसको कारण बताउँदै कोही महापुरुष भन्दछन्, जसरी मलयाचल कीर्तिलाई संसारमा फैलाउनका लागि त्यसमा चन्दन प्रकट हुन्छ, त्यसै गरी आफ्ना प्रिय भक्त युधिष्ठिरको कीर्तिलाई संसारमा फैलाउनका लागि जन्मरहित तपाईंले जन्म लिनुभएको हो।

अपरे वसुदेवस्य देवक्यां याचितोऽभ्यगात्।

अजस्त्वमस्य क्षेमाय वधाय च सुरद्विषाम्॥ ३३॥

पदार्थ–

अपरे = अरूहरू	**अजः** = कहिल्यै नजन्मने	**च** = पनि
वसुदेवस्य = वसुदेवकी पत्नी	**त्वम्** = तपाईं	**अभ्यगात्** = उनीहरूको पुत्रको रूपमा अवतार लिनुभएको हो भन्दछन्।
देवक्यां = देवकीमा	**अस्य** = यस संसारको	
याचितः = तपाईंलाई हामीले पुत्ररूपमा प्राप्त गर्न सकौं भनी प्रार्थना गरेकाले	**क्षेमाय** = कल्याणका लागि	
	सुरद्विषाम् = दैत्यहरूको	
	वधाय = नाशका लागि	

वाक्यार्थ– अरूहरू देवकी र वसुदेवले पूर्वजन्ममा सुतप र पृश्निका रूपमा तपाईंलाई हामीले पुत्ररूपमा प्राप्त गर्न सकौं भनी प्रार्थना गरेकाले कहिल्यै नजन्मने तपाईं यो संसारको कल्याणका लागि र दैत्यहरूको नाशका लागि पनि उनीहरूको पुत्रको रूपमा अवतार लिनुभएको हो भन्दछन्।

भारावतारणायान्ये भुवो नाव इवोदधौ ।
सीदन्त्या भूरिभारेण जातो ह्यात्मभुवार्थितः ॥ ३४ ॥

पदार्थ–

अन्ये = अरूहरू	**भूरिभारेण** = दैत्यहरूको ठुलो	**भारावतारणाय** = भार हल्का
आत्मभुवार्थितः = ब्रह्माजीको	भारले	गर्नका लागि
प्रार्थनाले	**सीदन्त्याः** = कष्ट या दुःख	**हि** = नै
उदधौ = समुद्रमा	पाइरहेकी	**जातः** = अवतार लिनुभएको हो
नाव इव = जहाज डुब्न लागेझैं	**भुवः** = पृथिवीको	भन्दछन्

वाक्यार्थ– अरू कसैको भनाइ के छ भने यी पृथिवी दैत्यको अत्यन्त भारले समुद्रमा डुब्न लागेको जहाजझैं डग्डगाइरहेकी थिइन् र अत्यन्त पीडित थिइन्। ब्रह्माजीको प्रार्थनाले पृथिवीको भार छुटाउनका लागि यहाँले अवतार ग्रहण गर्नुभएको हो।

भवेऽस्मिन् क्लिश्यमानानामविद्याकामकर्मभिः ।
श्रवणस्मरणार्हाणि करिष्यन्निति केचन ॥ ३५ ॥

पदार्थ–

केचन = अरू केही महापुरुषहरू	**क्लिश्यमानान्** = बारम्बार दुःखी	**करिष्यन् इति** = गर्ने उद्देश्यले
अस्मिन् = यो	भइरहेका मनुष्यहरूका लागि	यदुकुलमा यहाँले अवतार
भवे = संसारमा	**श्रवणस्मरणार्हाणि** = श्रवण र	लिनुभएको हो भन्दछन्
आमविद्याकामकर्मभिः =	स्मरण गर्न योग्य विभिन्न	
अविद्या, काम र कर्मद्वारा	लीलाहरू	

वाक्यार्थ– कोही महापुरुषहरू के भन्दछन् भने यस संसारका मनुष्यहरू अनादिकालदेखि अविद्या, काम र कर्मको बन्धनमा परिरहेका छन्, उनीहरूका लागि श्रवण र स्मरण गर्न योग्य कर्महरू गर्नका लागि यहाँले अवतार लिनुभएको हो।

शृण्वन्ति गायन्ति गृणन्त्यभीक्ष्णशः
स्मरन्ति नन्दन्ति तवेहितं जनाः ।
त एव पश्यन्त्यचिरेण तावकं
भवप्रवाहोपरमं पदाम्बुजम् ॥ ३६ ॥

पदार्थ–

जनाः = जो मनुष्यहरू	**तव** = तपाईंको	**शृण्वन्ति** = श्रवण गर्दछन्
अभीक्ष्णशः = निरन्तर	**ईहितं** = चरित्रलाई	**गायन्ति** = गाउँदछन्

गृणन्ति = कीर्तन गर्दछन्
स्मरन्ति = स्मरण गर्दछन्
नन्दन्ति = सुनेर अत्यन्त प्रसन्न हुन्छन्
ते एव = तिलीहरूले नै
अचिरेण = चाँडै नै
भवप्रवाहोपरमं = जन्ममरणादि परम्परालाई नष्ट गर्ने
तावकं = तपाईंको
पदाम्बुजम् = चरणकमललाई
पश्यन्ति = देख्दछन्

वाक्यार्थ– जो मनुष्यहरू निरन्तर तपाईंका चरित्रको श्रवण, गान, कीर्तन एवं स्मरण गरेर आनन्दित हुन्छन्। तिनीहरू नै चाँडो नै तपाईंको चरणकमलको दर्शन प्राप्त गर्दछन्। तपाईंका चरणको दर्शनले जन्म र मृत्युको प्रवाहलाई सधैंका लागि रोकिदिन्छ।

अप्यद्य नस्त्वं स्वकृतेहित प्रभो
जिहाससि स्वित् सुहृदोऽनुजीविनः।
येषां न चान्यद् भवतः पदाम्बुजात्
परायणं राजसु योजितांहसाम्॥ ३७॥

पदार्थ–
स्वकृतेहित = आफ्ना भक्तहरूको इच्छालाई पूर्ण गर्ने
प्रभो = हे प्रभु
त्वं = तपाईं
अद्य = आज
अनुजीविनः = आफूमा आश्रित (हामीहरूलाई)
जिहाससि स्वित् = के छोडेर जान चाहनुहुन्छ
राजसु = राजाहरूमा
योजितांहसाम् = वैरभाव बढेका
येषां = हामीहरूका लागि
अपि = पनि
भवतः = तपाईंको
पदाम्बुजात् = चरणकमललाई छोडेर
नः = हामीहरूका
सुहृदः = साथी
च = पनि
अन्यत् = अरू कुनै आश्रय
परायणं = अर्को बाटो
न = छैन

वाक्यार्थ– भक्तहरूको इच्छा पूर्ण गर्ने हे प्रभो ! के तपाईं आफ्ना आश्रित एवं सम्बन्धी हामीहरूलाई छोडेर जान चाहनुहुन्छ ? तपाईंको चरणकमलदेखि अतिरिक्त हाम्रा मित्र पनि छैनन् र अन्य कुनै बाटो पनि छैन। पृथिवीका राजाहरूसँग त हाम्रो पहिलेदेखि नै बैरभाव छँदैछ।

के वयं नामरूपाभ्यां यदुभिः सह पाण्डवाः।
भवतोऽदर्शनं यर्हि हृषीकाणामिवेशितुः॥ ३८॥

पदार्थ–
हृषीकाणाम् = इन्द्रियहरूको
ईशितुः = प्राणको अभावमा कुनै पनि अस्तित्व
इव = नभएझैं
यर्हि = किनकि
भवतः = तपाईंको
अदर्शनं = दर्शनको अभावमा
नामरूपाभ्यां = नाम र रूप
यदुभिः सह = यदुहरूका साथ
वयं = हामी
पाण्डवाः = पाण्डवहरूको
के = के अस्तित्व रहन्छ र ?

वाक्यार्थ– जसरी शरीरमा प्राणको अभावमा इन्द्रियहरू शक्तिहीन हुन्छन् त्यसै गरी तपाईंको दर्शनको अभावमा यदुवंशीहरूको र मेरा पुत्र पाण्डवहरूको नाम र रूपको अस्तित्व नै समाप्त हुन्छ।

नेयं शोभिष्यते तत्र यथेदानीं गदाधर।
त्वत्पदैरङ्किता भाति स्वलक्षणविलक्षितैः॥ ३९॥

पदार्थ–

गदाधर = हे गदाधर	**इयं** = यो कुरुजङ्गलकी भूमि	**तत्र** = तपाईंले छोडेर गएपछि
स्वलक्षणविलक्षितैः = वज्र अङ्कुश आदि चिह्नले युक्त भएका	**इदानीं** = अहिले	**न शोभिष्यते** = त्यस्तो शोभालाई प्राप्त गर्नेछैन
त्वत्पदैः = तपाईंका चरणले	**भाति** = शोभायमान भइरहेको छ	
अङ्किता = चिह्नित भएको	**यथा** = जसरी शोभालाई प्राप्त गरेको छ	

वाक्यार्थ– हे गदाधर! तपाईंको विलक्षण चरणचिह्नबाट चिह्नित यो कुरुजङ्गलदेशको भूमि आज जसरी शोभायमान भइरहेको छ तपाईंले छोडेपछि त्यो शोभा रहनेछैन।

इमे जनपदाः स्वृद्धाः सुपक्वौषधिवीरुधः।
वनाद्रिनद्युदन्वन्तो ह्येधन्ते तव वीक्षितैः॥ ४०॥

पदार्थ–

स्वृद्धाः = सुसमृद्ध	**जनपदाः** = देशहरू र	**हि** = निश्चय
सुपक्वौषधिवीरुधः = पाकेका धान र लतावृक्ष आदिले युक्त भएका	**वनाद्रिनद्युदन्वन्तः** = वन, पर्वत, नदी र समुद्र पनि	**एधन्ते** = वृद्धिलाई प्राप्त गरिरहेका छन्
इमे = यी	**तव** = तपाईंको	
	वीक्षितैः = दृष्टिद्वारा	

वाक्यार्थ– तपाईंको दृष्टिका प्रभावले यो देश पाकेको बाली तथा लता र वृक्षहरूले समृद्ध भइरहेको छ। यो वन, पर्वत, नदी र समुद्र पनि तपाईंका सुदृष्टिले समृद्ध भइरहेका छन्।

अथ विश्वेश विश्वात्मन् विश्वमूर्ते स्वकेषु मे।
स्नेहपाशमिमं छिन्धि दृढं पाण्डुषु वृष्णिषु॥ ४१॥

पदार्थ–

विश्वेश = हे विश्वका स्वामी	**स्वकेषु** = आफ्ना	**दृढं** = दृढ
विश्वात्मन् = हे विश्वका आत्मा	**वृष्णिषु** = यदुवंशीहरूमा र	**स्नेहपाशम्** = स्नेहको पासोलाई
विश्वमूर्ते = हे विश्वरूप	**पाण्डुषु** = पाण्डवहरूमा	**अथ** = अब
मे = मेरा	**इमं** = यो	**छिन्धि** = काटिदिनुहोस्

वाक्यार्थ– तपाईं विश्वको स्वामी हुनुहुन्छ, विश्वको आत्मा हुनुहुन्छ। यदुवंशी र पाण्डवहरूमा मेरो ममता बढिरहेको छ। तपाईंले कृपा गरेर यो मेरो ममताको पासोलाई काटिदिनुहोस्।

त्वयि मेऽनन्यविषया मतिर्मधुपतेऽसकृत्।
रतिमुद्वहतादद्धा गङ्गेवौघमुदन्वति ॥ ४२ ॥

पदार्थ–

मधुपते = यादवकूलका मालिक हे श्रीकृष्ण	**इव** = जस्तै	**असकृत्** = निरन्तर
गङ्गा = गङ्गाको	**त्वयि** = तपाईंमा	**अद्धा** = साक्षात्
ओघम् = प्रवाह	**मे** = मेरो	**रतिम्** = प्रेम
उदन्वति = समुद्रतिर बगेको	**अनन्यविषया** = अनन्यविषयक	**उद्वहतात्** = बढाइरहोस्
	मतिः = बुद्धिले	

वाक्यार्थ– हे श्रीकृष्ण ! जसरी गङ्गाको धारा समुद्रमा निरन्तर खसिरहन्छ, त्यसै गरी मेरो बुद्धि पनि अन्यत्र कतै पनि नगईकन तपाईंमा लागिरहोस्।

श्रीकृष्ण कृष्णसख वृष्ण्यृषभावनिध्रुग्-
राजन्यवंशदहनानपवर्गवीर्य।
गोविन्द गोद्विजसुरार्तिहरावतार
योगेश्वराखिलगुरो भगवन् नमस्ते ॥ ४३ ॥

पदार्थ–

श्रीकृष्ण = हे कृष्ण	अग्निरूप हे भगवान्	**अखिलगुरो** = चराचर जगत्का गुरु हुनुभएका
कृष्णसख = हे अर्जुनका प्यारा साथी	**अनपवर्गवीर्य** = अनन्त शक्ति धारण गर्ने	**योगेश्वर** = योगेश्वर
वृष्ण्यृषभ = हे यदुवंशशिरोमणि	**गोद्विजसुरार्तिहरावतार** = गाई, ब्राह्मण र देवताहरूको दुःखलाई हटाउनका लागि पृथ्वीमा अवतार लिनुभएका	**गोविन्द भगवन्** = हे गोविन्द भगवान्
अवनिध्रुग्-राजन्यवंशदहन = पृथ्वीका भाररूप राजवंशधारी दैत्यहरूलाई जलाउनका लागि		**ते** = तपाईंलाई
		नमः = नमस्कार छ

वाक्यार्थ– हे कृष्ण ! हे अर्जुनका प्यारा साथी ! हे यदुवंशशिरोमणि ! तपाईं पृथिवीको भाररूप राजवंशधारी दैत्यहरूलाई जलाउनका लागि अग्निस्वरूप हुनुहुन्छ। तपाईंको शक्ति अनन्त छ। गोविन्द ! तपाईंको यो अवतार गाई, ब्राह्मण र देवताको दुःख हटाउनका लागि भएको हो। योगेश्वर चराचरका गुरु हे भगवान् ! म तपाईंलाई नमस्कार गर्दछु।

सूत उवाच (सूतजीले भन्नुभयो)

पृथयेत्थं कलपदैः परिणूताखिलोदयः।

मन्दं जहास वैकुण्ठो मोहयन्निव मायया॥ ४४॥

पदार्थ–

कलपदैः = मिठामिठा पद भएका वाक्यहरूद्वारा
पृथया = कुन्तीले
परिणूताखिलोदयः = राम्रोसँग भगवान्को महिमाको वर्णन गरेपछि
वैकुण्ठः = भगवान् श्रीकृष्ण
मायया = मायाद्वारा
मोहयन् इव = मुग्ध गराएझैं गरेर
इत्थं = यसरी
मन्दं जहास = मुसुक्क हाँस्नुभयो

वाक्यार्थ– यसप्रकारले कुन्तीले अत्यन्त मधुर शब्दमा भगवान्को अधिकांश लीलाको वर्णन गर्नुभयो। कुन्तीको यस प्रार्थनालाई सुनेर भगवान् श्रीकृष्ण आफ्नो मायाले उहाँलाई मोहित गराएझैं मुसुक्क हाँस्नुभयो।

तां बाढमित्युपामन्त्र्य प्रविश्य गजसाह्वयम्।

स्त्रियश्च स्वपुरं यास्यन् प्रेम्णा राज्ञा निवारितः॥ ४५॥

पदार्थ–

तां = ती कुन्तीलाई
बाढम् = तपाईंले भनेअनुसार हुनेछ
इति च = यसो
उपामन्त्र्य = भनेर (बिदा लिएर)
गजसाह्वयम् = हस्तिनापुरमा
प्रविश्य = प्रवेश गरेर
स्त्रियः = कुन्ती र सुभद्रा आदिहरूबाट
स्वपुरं = आफ्नो सहर द्वारकातिर
यास्यन् = प्रस्थान गर्न लाग्नुभएका भगवान्
प्रेम्णा = प्रेमपूर्वक
राज्ञा = राजा युधिष्ठिरद्वारा
निवारितः = रोकिनुभयो

वाक्यार्थ– तपाईंको इच्छानुसार तपाईंको भक्ति ममा लागिरहनेछ भनेर रथ भएको ठाउँबाट हस्तिनापुरमा प्रवेश गरेर कुन्ती र सुभद्रा आदि स्त्रीहरूबाट बिदा लिएर भगवान् श्रीकृष्ण द्वारकातिर जान लाग्नुभएको थियो। राजा युधिष्ठिरले प्रेमपूर्वक उहाँलाई रोक्नुभयो।

व्यासाद्यैरीश्वरेहाज्ञैः कृष्णेनाद्भुतकर्मणा।

प्रबोधितोऽपीतिहासैर्नाबुध्यत शुचार्पितः॥ ४६॥

पदार्थ–

ईश्वरेहाज्ञैः = भगवान्को लीलाको मर्म जान्ने
व्यासाद्यैः = व्यास आदि ऋषिहरूले
इतिहासैः = अनेक इतिहासहरू सुनाएर
अद्भुतकर्मणा = अद्भुत चरित्र गर्ने
कृष्णेन = स्वयं भगवान् श्रीकृष्णले पनि
प्रबोधितः अपि = सम्झाए तापनि
शुचार्पितः = शोकले व्याकुल भएका युधिष्ठिरले
न अबुध्यत = सम्झन सकेनन्

वाक्यार्थ– भगवान्‌को लीलाको मर्मलाई राम्रोसँग जान्ने व्यास आदि महर्षि र स्वयं अद्‌भुत चरित्र भएका भगवान् श्रीकृष्णले पनि अनेक इतिहासहरू सुनाएर युधिष्ठिरलाई सम्झाउन प्रयास गर्नुभयो तर उहाँको शोक हटेन।

आह राजा धर्मसुतश्चिन्तयन्सुहृदां वधम्।

प्राकृतेनात्मना विप्राः स्नेहमोहवशं गतः॥ ४७॥

पदार्थ–

विप्राः = हे शौनकादि ऋषिहरू हो	**सुहृदां** = स्वजनहरूका	**आत्मना** = चित्तले
धर्मसुतः = धर्मपुत्र	**वधम्** = वधलाई	**स्नेहमोहवशं गतः** = स्नेह र मोहको वशमा परेर
राजा = राजा युधिष्ठिर	**चिन्तयन्** = विचार गरेर	**आह** = भन्न लाग्नुभयो
	प्राकृतेन = विवेकरहित	

वाक्यार्थ– शौनकादिऋषिहरू हो ! धर्मपुत्र राजा युधिष्ठिरलाई आफ्ना बन्धुहरूको वधको कारणले ठुलो चिन्ता भयो। उनी अविवेकयुक्त चित्तले स्नेह र मोहको वशमा परेर भन्न लाग्नुयो।

अहो मे पश्यताज्ञानं हृदि रूढं दुरात्मनः।

पारक्यस्यैव देहस्य बह्व्यो मेऽक्षौहिणीर्हताः॥ ४८॥

पदार्थ–

अहो = यो अत्यन्त कष्टको कुरा हो	**अज्ञानं** = अज्ञानलाई	**एव** = नै
दुरात्मनः = दुरात्मा	**पश्यत** = हेर	**बह्व्यः** = अनेक
मे = मेरो	**पारक्यस्य** = कुक्कुर र स्यालहरूको आहार भएको	**अक्षौहिणीः** = अक्षौहिणी सेना
हृदि = हृदयमा	**देहस्य** = शरीरका लागि	**हताः** = मारेँ
रूढं = रूढ	**मे** = मैले	

वाक्यार्थ– अहो ! आश्चर्य म दुरात्माको हृदयमा जरो गाडेर बसेको अज्ञानलाई त हेर। मैले स्याल र कुक्कुरहरूको आहार भएको यो अनात्मा शरीरको लागि अक्षौहिणी सेनाको वध गराएँ।

बालद्विजसुहृन्मित्रपितृभ्रातृगुरुद्रुहः।

न मे स्यान्निरयान्मोक्षो ह्यपि वर्षायुतायुतैः॥ ४९॥

पदार्थ–

बालद्विजसुहृन्मित्रपितृभ्रातृगुरुद्रुहः = बालक, ब्राह्मण, सम्बन्धी, मित्र, काका, भाइबन्धुहरूसँग द्रोह गर्ने	**मे** = मेरो	**निरयात्** = नरकबाट
	वर्षायुतायुतैः = करोडौँ वर्षहरूमा	**मोक्षः** = मोक्ष
	अपि = पनि	**हि** = निश्चय
		न स्यात् = हुनेछैन

वाक्यार्थ– मैले बालक, ब्राह्मण, सम्बन्धी, काका, भाइबन्धु र गुरुजनसँग द्रोह गरेँ। करोड वर्षमा पनि नरकबाट मलाई छुट्कारा प्राप्त हुनेछैन।

नैनो राज्ञः प्रजाभर्तुर्धर्मयुद्धे वधो द्विषाम्।
इति मे न तु बोधाय कल्पते शासनं वचः॥ ५०॥

पदार्थ–

प्रजाभर्तुः = प्रजाहरूको पालन गर्ने	**न एनः** = पाप लाग्दैन भन्ने	**तु** = निश्चय
राज्ञः = राजाका लागि	**धर्मयुद्धे** = धर्मपूर्वक गरिने युद्धमा	**मे बोधाय** = मलाई सम्झाउन
द्विषाम् वधः = शत्रुहरूको बध गर्दा	**इति शासनं** = यो शास्त्रको	**न कल्पते** = समर्थ छैन
	वचः = शिक्षारूप वचन	

वाक्यार्थ– यद्यपि शास्त्रवचन छ कि राजा यदि आफ्ना प्रजाको पालन गर्नका लागि धर्मयुद्धमा शत्रुहरूलाई मार्दछ भने उसलाई पाप लाग्दैन। तर पनि यो शास्त्रवचनले मलाई सम्झाउन सकेको छैन।

स्त्रीणां मद्धतबन्धूनां द्रोहो योऽसाविहोत्थितः।
कर्मभिर्गृहमेधीयैर्नाहं कल्पो व्यपोहितुम्॥ ५१॥

पदार्थ–

मद्धतबन्धूनां = मद्वारा मारिएका बन्धुहरूका	**द्रोहः** = द्रोह	**कर्मभिः** = कर्महद्वारा
स्त्रीणां = स्त्रीहरूको	**इह** = यहाँ	**व्यपोहितुम्** = हटाउन
यः = जुन	**उत्थितः** = उठेको छ	**न कल्पः** = समर्थ छैन
असौ = जुन	**अहं** = म	
	गृहमेधीयैः = गृहस्थीले गर्ने	

वाक्यार्थ– आफ्ना पति र भाइबन्धुहरू मारिएका स्त्रीहरूमा मप्रतिको जुन विद्रोह उठेको छ त्यसको प्रायश्चित्त यज्ञयागादिद्वारा सम्भव छैन।

यथा पङ्केन पङ्काम्भः सुरया वा सुराकृतम्।
भूतहत्यां तथैवैकां न यज्ञैर्मार्ष्टुमर्हति॥ ५२॥

पदार्थ–

यथा = जसरी	जललाई स्वच्छ गर्न सकिन्न	**सुराकृतम्** = हटाउन सकिदैन
पङ्केन = हिलोद्वारा	**वा** = अथवा	**तथैव** = त्यसै गरी
पङ्काम्भः = हिलो लागेको	**सुरया** = मदिराद्वारा	**एकां भूतहत्यां** = एउटा प्राणीको

बधको पनि	**मार्ष्टुम्** = नष्ट गर्न	सक्दैन
यज्ञैः = यज्ञहरूद्वारा	**न अर्हति** = प्रायश्चित्त हुन	

वाक्यार्थ– जसरी हिलो लागेको पानीलाई हिलाले धोएर स्वच्छ गर्न सकिन्न अनि जसरी मदिराको असरलाई मदिराद्वारा हटाउन सकिँदैन, त्यसै गरी हिंसायुक्त अनेक यज्ञहरूद्वारा पनि एउटा मात्रै प्राणीको हत्याको पनि प्रायश्चित्त सम्भव छैन।

श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

कुन्तीस्तुतिर्युधिष्ठिरानुतापो नामाष्टमोऽध्यायः ॥ ८ ॥

अथ नवमोऽध्यायः

युधिष्ठिरहरू भीष्मकहाँ जानु र
भगवान् श्रीकृष्णको स्तुति गर्दै भीष्मले प्राणत्याग गर्नु

सूत उवाच (सूतजीले भन्नुभयो)

इति भीतः प्रजाद्रोहात् सर्वधर्मविवित्सया ।
ततो विनशनं प्रागाद् यत्र देवव्रतोऽपतत् ॥ १ ॥

पदार्थ–

इति = यसप्रकार	धर्महरूको ज्ञान प्राप्त गर्ने इच्छाले	**यत्र** = जहाँ
प्रजाद्रोहात् = प्रजाको द्रोहबाट	**ततः** = त्यसपछि	**देवव्रतः** = भीष्मपितामह
भीतः = डराएका राजा युधिष्ठिर	**विनशनं** = कुरूक्षेत्रमा	**अपतत्** = शरशय्यामा सुतिरहनुभएको थियो
सर्वधर्मविवित्सया = सम्पूर्ण	**प्रागात्** = जानुभयो	

वाक्यार्थ– यसप्रकार प्रजाद्रोहबाट भयभीत राजा युधिष्ठिर सम्पूर्ण धर्महरूको ज्ञान प्राप्त गर्ने इच्छाले उहाँले कुरुक्षेत्रको यात्रा गर्नुभयो जहाँ भीष्मपितामह शरशय्यामा सुतिरहनुभएको थियो ।

तदा ते भ्रातरः सर्वे सदश्वैः स्वर्णभूषितैः ।
अन्वगच्छन् रथैर्विप्रा व्यासधौम्यादयस्तथा ॥ २ ॥

पदार्थ–

विप्राः = हे शौनकादि ऋषि हो	**सदश्वैः** = राम्रा-राम्रा घोडाहरू लादिएका	**अन्वगच्छन्** = युधिष्ठिरको पछिपछि लागे
तदा = त्यस वेला	**स्वर्णभूषितैः** = सुवर्णद्वारा आभूषित	**तथा** = त्यस्तै
ते = ती	**रथैः** = रथमा चढेर	**व्यासधौम्यादयः** = व्यास र धौम्य आदि ब्राह्मण पनि गए
सर्वे = सम्पूर्ण		
भ्रातरः = भाइहरू		

वाक्यार्थ– त्यस समयमा सब भाइहरूले अत्यन्त सुन्दर घोडाहरू लगाइएका स्वर्णभूषित रथहरूमा बसेर राजा युधिष्ठिरको अनुगमन गरे। उनका साथ व्यास, धौम्य आदि ब्राह्मणहरू पनि थिए।

भगवानपि विप्रर्षे रथेन सधनञ्जयः ।
स तैर्व्यरोचत नृपः कुवेर इव गुह्यकैः ॥ ३ ॥

पदार्थ–

विप्रर्षे = हे शौनकजी	**रथेन** = रथमा चढेर जानुभयो	**गुह्यकैः** = यक्षहरूले घेरिएका
भगवान् = भगवान् श्रीकृष्ण	**तैः** = ती भाइहरूका साथ	**कुवेरः इव** = कुबेरझैं
अपि = पनि	**सः** = ती	**व्यरोचत** = शोभित भए
सधनञ्जयः = अर्जुनका साथ	**नृपः** = राजा युधिष्ठिर	

वाक्यार्थ– शौनकजी ! अर्जुनका साथ भगवान् श्रीकृष्ण पनि रथमा चढेर जानुभयो। ती सब भाइहरूका साथ महाराज युधिष्ठिरको त्यस्तो शोभा भयो कि मानौं यक्षहरूले घेरिएका कुबेर कहीं गइरहेका छन्।

दृष्ट्वा निपतितं भूमौ दिवश्च्युतमिवामरम्।
प्रणेमुः पाण्डवा भीष्मं सानुगाः सह चक्रिणा ॥ ४ ॥

पदार्थ–

सानुगाः = अनुचरहरूका साथ र	**दिवः च्युतम्** = स्वर्गबाट खसेका	**भीष्मं** = भीष्मलाई
चक्रिणा सह = भगवान् श्रीकृष्णका साथ	**अमरम् इव** = देवताझैं	**दृष्ट्वा** = देखेर
पाण्डवाः = पाण्डवहरूले	**भूमौ** = पृथिवीमा	**प्रणेमुः** = नमस्कार गरे
	निपतितं = लडेका	

वाक्यार्थ– आफ्ना अनुचर र कृष्णका साथ त्यहाँ गएर पाण्डवहरूले देखे कि स्वर्गबाट खसेका देवताहरूझैं भीष्मपितामह पृथ्वीमा लडिरहेको हुनुहुन्छ। उनीहरूले भीष्मलाई नमस्कार गरे।

तत्र ब्रह्मर्षयः सर्वे देवर्षयश्च सत्तम।
राजर्षयश्च तत्रासन् द्रष्टुं भरतपुङ्गवम् ॥ ५ ॥

पदार्थ–

सत्तम = हे शौनकजी	**द्रष्टुं** = हेर्न	**राजर्षयः च** = राजर्षिहरू पनि
तत्र = त्यहाँ	**सर्वे** = सम्पूर्ण	**तत्र** = त्यहाँ
भरतपुङ्गवम् = भरतवंशीहरूका गौरवरूप (भीष्मपितामहलाई)	**ब्रह्मर्षयः** = ब्रह्मर्षिहरू	**आसन्** = उपस्थित थिए
	देवर्षयः च = देवर्षिहरू र	

वाक्यार्थ– शौनकजी ! त्यस समयमा भरतवंशीका गौरवरूप भीष्मपितामहलाई हेर्नका लागि सम्पूर्ण ब्रह्मर्षि, देवर्षि र राजर्षिहरू त्यहाँ आए।

पर्वतो नारदो धौम्यो भगवान् बादरायणः।
बृहदश्वो भरद्वाजः सशिष्यो रेणुकासुतः ॥ ६ ॥

वसिष्ठ इन्द्रप्रमदस्त्रितो गृत्समदोऽसितः।

कक्षीवान् गौतमोऽत्रिश्च कौशिकोऽथ सुदर्शनः ॥ ७ ॥

अन्ये च मुनयो ब्रह्मन् ब्रह्मरातादयोऽमलाः ।

शिष्यैरुपेता आजग्मुः कश्यपाङ्गिरसादयः ॥ ८ ॥

पदार्थ–

पर्वतः = पर्वत	**इन्द्रप्रमदः** = इन्द्रप्रमद	**अन्ये च** = अरू पनि
नारदः = नारद	**त्रितः** = त्रित	**अमलाः** = अत्यन्त शुद्ध हृदय भएका
धौम्यः = धौम्य	**असितः** = असित	**ब्रह्मरातादयः** = शुकदेवजी आदि
भगवान् = भगवान्	**कक्षीवान्** = कक्षीवान्	**मुनयः** = मुनिहरू
बादरायणः = वेदव्यास	**गृत्समदः** = गृत्समद	**शिष्यैः** = शिष्यहरूका
बृहदश्वः = वृहदश्व	**गौतमः** = गौतम	**उपेताः** = साथ
भरद्वाजः = भरद्वाज	**अत्रिः** = अत्रि	**कश्यपाङ्गिरसादयः** = कश्यप र अङ्गिरापुत्र बृहस्पति आदि ऋषिहरू पनि
सशिष्यः = शिष्यका साथ	**कौशिकः** = कौशिक	**आजग्मुः** = आएका थिए
रेणुकासुतः = परशुरामजी	**सुदर्शनः** = सुदर्शन	
अथ = त्यसपछि	**च** = पनि	
वसिष्ठः = वशिष्ठ	**ब्रह्मन्** = हे ब्रह्मन्	

वाक्यार्थ– पर्वत, नारद, धौम्य, भगवान् व्यास, बृहदश्व, भरद्वाज, शिष्यहरूका साथ परशुराम, वशिष्ठ, इन्द्रमद, त्रित, गृत्समद, असित, कक्षीवान्, गौतम, अत्रि, विश्वामित्र, सुदर्शन, त्यसै गरी अरू पनि शुकदेवजी आदि महात्माहरू एवं शिष्यहरूका साथ कश्यप, अङ्गिरापुत्र बृहस्पति आदि ऋषिहरू पनि त्यहाँ आए।

तान् समेतान् महाभागानुपलभ्य वसूत्तमः ।

पूजयामास धर्मज्ञो देशकालविभागवित् ॥ ९ ॥

पदार्थ–

देशकालविभागवित् = देश र कालको विभागलाई जान्ने	**तान्** = ती	**उपलभ्य** = प्राप्त गरेर
धर्मज्ञः = धर्मका ज्ञाता	**महाभागान्** = महाभाग्यशाली ऋषिहरूलाई	**पूजयामास** = यथायोग्य सत्कार गरे
वसूत्तमः = भीष्मपितामहले	**समेतान्** = सम्मिलित	

वाक्यार्थ– भीष्मपितामह धर्म एवं देश र कालको विभागलाई अर्थात् कुन समयमा के काम गर्नुपर्दछ भन्ने कुरालाई राम्रोसँग जान्नुहुन्थ्यो। उहाँले ती महाभाग्यशाली ऋषिहरूलाई सम्मिलित भएको देखेर उनीहरूको यथायोग्य सत्कार गर्नुभयो।

कृष्णं च तत्प्रभावज्ञ आसीनं जगदीश्वरम् ।

हृदिस्थं पूजयामास माययोपात्तविग्रहम् ॥ १० ॥

पदार्थ–

तत्प्रभावज्ञः = भगवान् श्रीकृष्णको प्रभावलाई जान्ने ती भीष्मपितामहले
आसीनं = आफ्ना अगाडि रहनुभएका
मायया = मायाद्वारा
उपात्तविग्रहम् = शरीरलाई धारण गरेका
जगदीश्वरम् = जगत्का ईश्वर
हृदिस्थं = हृदयमा विराजमान
कृष्णं = भगवान् श्रीकृष्णलाई
च = पनि
पूजयामास = मौनरूपले पूजा गर्नुभयो

वाक्यार्थ– उहाँ भगवान् श्रीकृष्णका प्रभावलाई खुब राम्रोसँग जान्नुहुन्थ्यो। अतः उहाँले लीलाद्वारा मनुष्यको वेष धारण गरेर त्यहाँ बस्नुभएका र जगदीश्वरको रूपमा हृदयमा विराजमान भगवान् श्रीकृष्णको बाहिर र भित्र दुबै प्रकारको पूजा गर्नुभयो।

पाण्डुपुत्रानुपासीनान् प्रश्रयप्रेमसङ्गतान्।
अभ्याचष्टानुरागाश्रैरन्धीभूतेन चक्षुषा ॥ ११ ॥

पदार्थ–

प्रश्रयप्रेमसङ्गतान् = विनय र नम्ताले युक्त भएका
उपासीनान् = नजिक बसेका
पाण्डुपुत्रान् = पाण्डवहरूलाई
अनुरागाश्रैः = प्रेमका आँसुले
अन्धीभूतेन = ढाकिएका
चक्षुषा = आँखाले हेरेर
अभ्याचष्ट = भन्नुभयो

वाक्यार्थ– पाण्डवहरू अत्यन्त प्रेमका साथ भीष्मपितामहका नजिकमा गएर बसे। उनीहरूलाई देखेर प्रेमका आँसुले भरिएका आँखा लिएर भीष्मपितामहले भन्नुभयो।

अहो कष्टमहोऽन्याय्यं यद्यूयं धर्मनन्दनाः।
जीवितुं नार्हथ क्लिष्टं विप्रधर्माच्युताश्रयाः ॥ १२ ॥

पदार्थ–

धर्मनन्दनाः = हे धर्मपुत्रहरू हो
विप्रधर्माच्युताश्रयाः = ब्राह्मणधर्म र भगवान्मा आश्रित रहेर
यत् = जुन
यूयं = तिमीहरूले
क्लिष्टं = दुःखपूर्वक
जीवितुं = बाँच्न
न अर्हथ = योग्य छैनौ
अहो = अहो
कष्टम् = कष्ट
अहो = अहो
अन्याय्यं = अन्याय

वाक्यार्थ– हे धर्मपुत्रहरू हो ! यो ठुलो अन्याय र कष्टको कुरा हो– तिमीहरू ब्राह्मणधर्म र भगवान्को आश्रित हुँदाहुँदै पनि तिमीहरूलाई ठुलो दुःखका साथ बाँच्नुपरेको थियो, त्यसका योग्य तिमीहरू कुनै पनि हालतमा थिएनौ।

संस्थितेऽतिरथे पाण्डौ पृथा बालप्रजा वधूः।

युष्मत्कृते बहून्क्लेशान्प्राप्ता तोकवती मुहुः ॥ १३ ॥

पदार्थ–

अतिरथे = अतिरथि	**वधूः** = बुहारी	**क्लेशान्** = दुःख
पाण्डौ = पाण्डुको	**पृथा** = कुन्तीले	**प्राप्ता** = पाइन्
संस्थिते = मृत्युपछि	**युष्मत्कृते** = तिमीहरूका लागि	
बालप्रजा तोकवती = सानासाना	**मुहुः** = बारम्बार	
बच्चावाला भएकी	**बहून्** = धेरै	

वाक्यार्थ– अतिरथि पाण्डुको मृत्यु भएपछि सानासाना बालबच्चा भएकी बुहारी कुन्तीले तिमीहरूका लागि ठुलो कष्ट सहन गर्नुपरेको थियो।

सर्वं कालकृतं मन्ये भवतां च यदप्रियम्।

सपालो यद्वशे लोको वायोरिव घनावलिः ॥ १४ ॥

पदार्थ–

वायोः = वायुको	**यत् वशे** = जुन काल	त्यो
वशे = वशमा	भगवान्को अधीनमा छ	**सर्वं** = सम्पूर्ण घटना
घनावलि इव = मेघमण्डल रहेझैं	**भवतां च** = तिमीहरूका लागि	**कालकृतं** = त्यही काल
सपालः = लोकपालहरूका साथ	**यत्** = जुन	भगवान्को लीला हो भन्ने
लोकः = यो सम्पूर्ण संसार	**अप्रियम्** = अप्रिय घटना घट्यो	**मन्ये** = ठान्दछु

वाक्यार्थ– जसरी बादल वायुको वशमा रहन्छ, त्यसै गरी लोकपालसहित सम्पूर्ण संसार काल भगवान्को अधीनमा रहुन्छ। मलाई लाग्छ कि तिमीहरूको जीवनमा घटेका यी सबै घटना उनैको लीला हो।

यत्र धर्मसुतो राजा गदापाणिर्वृकोदरः।

कृष्णोऽस्त्री गाण्डिवं चापं सुहृत्कृष्णस्ततो विपत् ॥ १५ ॥

पदार्थ–

यत्र = जहाँ	**कृष्णः** = अर्जुन	मित्र हुनुहुन्छ
धर्मसुतः = धर्मपुत्र	**अस्त्री** = धनुर्धारी छन्	**ततः** = त्यसो हुँदा पनि
राजा = युधिष्ठिर छन्	**गाण्डिवं** = गाण्डिव	**विपत्** = आपत्ति छ
गदापाणिः= गदाधारी	**चापं** = धनु जहाँ छ	
वृकोदरः = भीमसेन	**सुहृत्कृष्णः** = भगवान् श्रीकृष्ण	

वाक्यार्थ– जहाँ धर्मपुत्र युधिष्ठिर राजा छन्, गदाधारी भीमसेन र धनुर्धारी अर्जुन जहाँ रक्षाको काम गर्दछन्, जहाँ गाण्डीव धनु छ, भगवान् श्रीकृष्ण जहाँ मित्र हुनुहुन्छ, त्यहाँ कुनै प्रकारको विपत्तिको सम्भावना नै थिएन।

न ह्यस्य कर्हिचिद्राजन् पुमान् वेद विधित्सितम् ।

यद्विजिज्ञासया युक्ता मुह्यन्ति कवयोऽपि हि ॥ १६ ॥

पदार्थ–

राजन् = हे राजा युधिष्ठिर
अस्य = यी परमेश्वरले
विधित्सितम् = गर्न खोजेको कुरा
कर्हिचित् = कुनै पनि
पुमान् = मनुष्यले
न हि वेद = निश्चय नै जान्न सक्दैन
यद्विजिज्ञासया युक्ताः = जसलाई जान्न इच्छा राख्ने
कवयः अपि = ज्ञानीहरू पनि
हि = निश्चय नै
मुह्यन्ति = मोहमा पर्दछन्

वाक्यार्थ– कालरूप परमेश्वरले कहिले के गर्न चाहनुहुन्छ भन्ने कुरा कसैलाई पनि थाहा छैन। यस कुरालाई जान्न चाहने ठुलाठुला ज्ञानीहरू पनि मोहमा परेका हुन्छन्।

तस्मादिदं दैवतन्त्रं व्यवस्य भरतर्षभ ।

तस्यानुविहितोऽनाथा नाथ पाहि प्रजाः प्रभो ॥ १७ ॥

पदार्थ–

तस्मात् = त्यसकारण
भरतर्षभ नाथ प्रभो = हे युधिष्ठिर, हे नाथ, हे प्रभो !
इदं = सुख र दुःख आदि सबैकुरा
दैवतन्त्रं = परमेश्वरको अधीन छ भन्ने
व्यवस्य = निश्चय गरेर
तस्य = उहाँकै
अनुविहितः = इच्छाको अनुसरण गरेर
अनाथा = अनाथ
प्रजाः = प्रजाहरूको
पाहि = पालन गर्नुहोस्

वाक्यार्थ– हे युधिष्ठिर ! संसारका यी घटनाहरू ईश्वरको इच्छाको अधीनमा छन् तिनै ईश्वरको इच्छाको अनुसरण गरेर तिमी यी अनाथ प्रजाहरूको पालन गर। किनभने तिमी यिनका स्वामी हौ, यिनको पालन गर्न तिमी समर्थ पनि छौ।

एष वै भगवान् साक्षादाद्यो नारायणः पुमान् ।

मोहयन् मायया लोकं गूढश्चरति वृष्णिषु ॥ १८ ॥

पदार्थ–

वै = निश्चय
एषः = यी हाम्रा अगाडि रहेका
भगवान् = श्रीकृष्ण
आद्यः = आद्य
पुमान् = पुरुष
साक्षात् = साक्षात्
नारायणः = नारायण नै हुनुहुन्छ
मायया = मायाद्वारा
लोकं = मनुष्यहरूलाई
मोहयन् = मोहमा पार्दै
वृष्णिषु = यदुवंशीहरूमा
गूढः = लुकेर
चरति = लीला गर्नुहुन्छ

वाक्यार्थ– यी श्रीकृष्ण साक्षात् भगवान् हुनुहुन्छ। यी सबका आदिकारण र परमपुरुष भगवान्

नारायण हुनुहुन्छ। आफ्नो मायाले मानिसहरूलाई मोहित गराउँदै यदुवंशीहरूमा लुकेर लीला गर्नुहुन्छ।

अस्यानुभावं भगवान् वेद गुह्यतमं शिवः।
देवर्षिर्नारदः साक्षाद् भगवान् कपिलो नृप॥ १९॥

पदार्थ–

नृप = हे राजा !	**भगवान् शिवः** = भगवान् शिवजी	**साक्षात्** = साक्षात्
अस्य = यी श्रीकृष्णको	**देवर्षिः** = देवर्षि	**भगवान्** = भगवान्
गुह्यतमं = अत्यन्त गोप्य	**नारदः** = नारद	**कपिलः** = कपिलले
अनुभावं = रहस्यलाई		**वेद** = जान्नुहुन्छ

वाक्यार्थ– उहाँको प्रभाव अत्यन्त गूढ र रहस्यमय छ। युधिष्ठिर ! उहाँको प्रभावलाई भगवान् शङ्कर, देवर्षि नारद र स्वयं भगवान् कपिलले जान्नुहुन्छ।

यं मन्यसे मातुलेयं प्रियं मित्रं सुहृत्तमम्।
अकरोः सचिवं दूतं सौहृदादथ सारथिम्॥ २०॥

पदार्थ–

यं = जुन भगवान् तिमीले अज्ञानले	**सुहृत्तमम्** = अत्यन्त श्रेष्ठ	**अथ** = त्यसपछि
मातुलेयं = मामाको छोरा	**सौहृदात्** = अत्यन्त प्रेमको कारणले	**सारथिम्** = सारथि पनि
प्रियं मित्रं = प्रिय मित्र	**सचिवं** = आफ्नो अनुकूल	**अकरोः** = बनायौ
मन्यसे = मान्दछौ	**दूतं** = दूत र	

वाक्यार्थ– जसलाई तिमी, आफ्नो मामाका छोरा, प्रियमित्र र सुहृत् ठान्दछौ, जसलाई तिमीले प्रेमवश आफ्नो अनुकूल दूत र सार पनि बनायौ ती स्वयं परमात्मा हुनुहुन्छ।

सर्वात्मनः समदृशो ह्यद्वयस्यानहङ्कृतेः।
तत्कृतं मतिवैषम्यं निरवद्यस्य न क्वचित्॥ २१॥

पदार्थ–

सर्वात्मनः = सर्वात्मा	**निरवद्यस्य** = निष्पाप परमात्मामा	**हि** = निश्चय
समदृशः = समदर्शी	**तत्कृतं** = ती साना र ठुला कार्यहरूबाट भएको	**मतिवैषम्यं** = बुद्धिमा विषमता
अद्वयस्य = अद्वितीय		**न क्वचित्** = कुनै पनि परिस्थितिमा भएको छैन
अनहङ्कृतेः = अहङ्काररहित		

वाक्यार्थ– यी सर्वात्मा, समदर्शी, अद्वितीय, अहङ्काररहित, निष्पाप परमात्मामा सानो र ठुलो कार्यको कारण कुनै पनि प्रकारको विषमता कहिल्यै पनि हुन सक्दैन।

तथाप्येकान्तभक्तेषु पश्य भूपानुकम्पितम्।

यन्मेऽसूंस्त्यजतः साक्षात् कृष्णो दर्शनमागतः॥ २२॥

पदार्थ–

तथा अपि = सबमा समभावले अवस्थित भए तापनि	**अनुकम्पितम्** = उहाँको कृपालाई	छोड्न लागेको समयमा
भूप = हे राजा	**पश्य** = हेर्नुहोस्	**साक्षात् कृष्णः** = साक्षात् भगवान् श्रीकृष्ण
एकान्तभक्तेषु = आफ्ना अनन्य भक्तहरूमा	**यत्** = जुन कृपाको कारणले	**दर्शनम्** = दर्शन दिन
	असून् त्यजतः मे = मैले प्राण	**आगतः** = आउनुभयो

वाक्यार्थ– युधिष्ठिर! यसप्रकार सर्वत्र सम भए तापनि हेर त, उहाँ आफ्ना अनन्यप्रेमी भक्तहरूमाथि कति प्रेम गर्नुहुन्छ! जुन प्रेमको कारणले नै मैले आफ्नो प्राणको परित्याग गर्न लागिरहेको वेलामा भगवान् श्रीकृष्णले मलाई साक्षात् दर्शन दिनुभयो।

भक्त्यावेश्य मनो यस्मिन् वाचा यन्नाम कीर्तयन्।

त्यजन् कलेवरं योगी मुच्यते कामकर्मभिः॥ २३॥

पदार्थ–

यस्मिन् = जुन भगवान् श्रीकृष्णमा	**वाचा** = वाणीले	**त्यजन्** = त्याग गर्ने
भक्त्या = भक्तिपूर्वक	**यन्नाम** = जुन भगवान्का नामहरूको	**योगी** = योगी
मनः = मन	**कीर्तयन्** = कीर्तन गर्दै	**कामकर्मभिः** = काम र कर्मद्वारा
आवेश्य = लगाएर	**कलेवरं** = शरीर	**मुच्यते** = मुक्त हुन्छ

वाक्यार्थ– भगवत्परायण योगीपुरुष भक्तिभावले भगवान्मा मन लगाएर, वाणीले उहाँको नामको कीर्तन गर्दै शरीरको त्याग गर्दछन् भने कामना र कर्मका बन्धनबाट सजिलैसँग छुट्कारा प्राप्त गर्दछन्।

स देवदेवो भगवान् प्रतीक्षतां

कलेवरं यावदिदं हिनोम्यहम्।

प्रसन्नहासारुणलोचनोल्लसन्-

मुखाम्बुजो ध्यानपथश्चतुर्भुजः॥ २४॥

पदार्थ–

सः = ती	देवता	**यावत्** = जहिलेसम्म
देवदेवः = देवताहरूका पनि	**भगवान्** = भगवान् श्रीकृष्णले	**अहम्** = म

इदं = यो	**सन्मुखाम्बुजः** = प्रसन्न हास्य र	**ध्यानपथः** = जसको दर्शन
कलेवरं = शरीर	राता कमल जस्ता आँखाहरूले	ध्यानमा मात्र सम्भव छ यस्ता
हिनोमि = छोड्दछु	सुशोभित मुख भएका	भगवान् श्रीकृष्णले
प्रसन्नहासारुणलोचनोल्ल-	**चतुर्भुजः** = चारहात भएका	**प्रतीक्षतां** = प्रतीक्षा गर्नुहोस्

वाक्यार्थ– प्रसन्नतापूर्वक हँसिलो अनुहार भएका र राता कमलजस्ता आँखाहरूले उज्यालो मुहार भएका, भक्तहरूले ध्यानमा मात्र दर्शन गर्न सकिने देवदेव भगवान् श्रीकृष्ण जबसमम म आफ्ना शरीरको त्याग गर्दिनँ तबसम्म आफ्नो चतुर्भुजरूपले यहीं नै कृपपूर्वक बसिदिनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

युधिष्ठिरस्तदाकर्ण्य शयानं शरपञ्जरे।

अपृच्छद् विविधान् धर्मानृषीणां चानुशृण्वताम्॥ २५॥

पदार्थ–

तत् = भीष्मको त्यो कुरा	भीष्मपितामहलाई	**च** = पनि
आकर्ण्य = सुनेर	**ऋषीणां** = ऋषिहरूको	**अपृच्छत्** = सोध्नुभयो
युधिष्ठिरः = राजा युधिष्ठिरले	**अनु शृण्वताम्** = अगाडि	
शरपञ्जरे = शरशय्यामा	**विविधान्** = विभिन्न प्रकारका	
शयानं = सुतेका	**धर्मान्** = धर्महरू	

वाक्यार्थ– युधिष्ठिरले उहाँको यो कुरा सुनेर शररशय्यामा सुतेका भीष्मपितामहसँग ऋषिहरूका अगाडि विभिन्न प्रकारको धर्मको सम्बन्धमा अनेक रहस्यहरू सोध्नुभयो।

पुरुषस्वभावविहितान् यथावर्णं यथाश्रमम्।

वैराग्यरागोपाधिभ्यामाम्नातोभयलक्षणान्॥ २६॥

दानधर्मान् राजधर्मान् मोक्षधर्मान् विभागशः।

स्त्रीधर्मान् भगवद्धर्मान् समासव्यासयोगतः॥ २७॥

पदार्थ–

यथावर्णं = वर्णको अनुसार र	निवृत्तिरूप दुई प्रकारको धर्म	**स्त्रीधर्मान्** = पातिव्रत्यादि
यथाश्रमम् = आश्रमको अनुसार	**दानधर्मान्** = तुलापुरुष आदि	स्त्रीधर्म
पुरुषस्वभावविहितान् = पुरुषका	दानधर्म	**भगवद्धर्मान्** = एकादश्यादिव्रत
स्वाभाविक धर्म	**राजधर्मान्** = प्रजापालन आदि	नियम आदि भगवद्धर्म
वैराग्यरागोपाधिभ्याम् = वैराग्य र	राज धर्म	**समासव्यासयस्त्रोगतः** = सङ्क्षेप
रागरूप उपाधिको कारणले	**मोक्षधर्मान्** = शम र दम आदि	र विस्तारपूर्वक
आम्नातोभयलक्षणान् = प्रवृत्ति र	मोक्षधर्म	**विभागशः** = अवान्तर भेदले

विभिन्न भागमा विभक्त भएका

वाक्यार्थ– भीष्मपितामहले वर्ण र आश्रमको अनुसार पुरुषको स्वाभाविक धर्म, वैराग्य र रागको कारण विभिन्न रूपले बताइएका निवृत्ति र प्रवृत्तिरूप द्विविध धर्म, दानधर्म, राजधर्म, मोक्षधर्म, स्त्रीधर्म, भगवद्धर्म यी सम्पूर्ण धर्महरूको छुट्टाछुट्टै सङ्क्षेप र विस्ताररूपले वर्णन गर्नुभयो।

धर्मार्थकाममोक्षांश्च सहोपायान् यथा मुने।
नानाख्यानेतिहासेषु वर्णयामास तत्त्ववित्॥ २८॥

पदार्थ–

मुने = हे शौनकजी	भएका	उपाख्यान, इतिहास सुनाउँदै
तत्त्ववित् = तत्त्ववित्	**धर्मार्थकाममोक्षान्** = धर्म, अर्थ,	**च** = पनि
भीष्मपितामहले	काम र मोक्ष यी चार	**वर्णयामास** = वर्णन गर्नुभयो
यथा = यसरी	पुरुषार्थहरूको	
सहोपायान् = उपायले सहित	**नानाख्यानेतिहासेषु** = अनेक	

वाक्यार्थ– शौनकजी ! यसका साथै धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थहरूको र अनेक उपाख्यान र इतिहास सुनाउँदै यिनलाई प्राप्त गर्ने साधनहरूको विभागपूर्वक वर्णन गर्नुभयो।

धर्मं प्रवदतस्तस्य स कालः प्रत्युपस्थितः।
यो योगिनश्छन्दमृत्योर्वाञ्छितस्तूत्तरायणः॥ २९॥

पदार्थ–

धर्मं = धर्मको	**सः** = त्यो	**छन्दमृत्योः** = इच्छामृत भएका
प्रवदतः = उपदेश दिँदादिँदै	**कालः तु** = समय त	**योगिनः** = योगिद्वारा
तस्य = उहाँको	**प्रत्युपस्थितः** = आइपुग्यो	**वाञ्छितः** = इच्छा गरिएको हुन्छ
उत्तरायणः = उत्तरायणको	**यः** = जुन समय	

वाक्यार्थ– भीष्मपितामहले यसप्रकार धर्मको प्रवचन गरिरहनुभएकै वेला इच्छामृत्यु भएका मानिसहरूले चाहेको उत्तरायणको त्यो समय आइपुग्यो।

तदोपसंहृत्य गिरः सहस्रणी-
र्विमुक्तसङ्गं मन आदिपूरुषे।
कृष्णे लसत्पीतपटे चतुर्भुजे
पुरः स्थितेऽमीलितदृग् व्यधारयत्॥ ३०॥

पदार्थ–

तदा = त्यस समयमा	नेता भीष्मपितामहले	**उपसंहृत्य** = वाणीको संयम
सहस्रणीः = हजार रथिहरूका	**गिरः** = वाणीको	गरेर

विमुक्तसङ्गं = विषयचिन्तनबाट छुटेको
मनः = मनलाई
पुरः स्थिते = अगाडि रहनुभएका
आदिपूरुषे = आदिपुरुष
लसत्पीतपटे = पीताम्बरधारी
चतुर्भुजे = चतुर्भुज
कृष्णे = भगवान् श्रीकृष्णमा
अमीलितदृक् = आँखा नचिम्लीकन
व्यधारयत् = लगाउनुभयो

वाक्यार्थ— त्यस समयमा हजारौँ रथीहरूका नेता भीष्मपितामहले वाणीको संयम गरेर मनलाई विषयचिन्तनबाट हटाएर आफ्ना अगाडि रहनुभएका पीताम्बरधारी चतुर्भुज भगवान् श्रीकृष्णमा ध्यान लगाउनुभयो।

विशुद्धया धारणया हताशुभ-
स्तदीक्षयैवाशु गतायुधश्रमः।
निवृत्तसर्वेन्द्रियवृत्तिविभ्रम-
स्तुष्टाव जन्यं विसृजञ्जनार्दनम्॥ ३१॥

पदार्थ—
विशुद्धया = शुद्ध भएको मन भगवान्मा
धारणया = धारण गर्नाले
हताशुभः = सम्पूर्ण पापले रहित
गतायुधश्रमः = शस्त्रको चोटको पीडाले रहित हुनुभएका
तदीक्षया = भगवान्को दर्शन गर्नाले
एव = नै
आशु = तुरुन्तै
निवृत्तसर्वेन्द्रियवृत्तिविभ्रमः = सम्पूर्ण इन्द्रियहरूको वृत्तिको विलासलाई रोकेर
जन्यं = शरीरलाई
विसृजन् = छोड्ने समयमा
जनार्दनम् = भगवान् श्रीकृष्णको
तुष्टाव = स्तुति गर्न लाग्नुभयो

वाक्यार्थ— भीष्मपितामह एक टकले उहाँतिर हेरिरहनुभएको थियो। उहाँलाई शस्त्रको चोटले जुन पीडा भएको थियो, त्यो भगवान्को दर्शन गर्नेबित्तिकै तुरुन्त हट्यो। उहाँको जुन अशुभ बाँकी थियो, त्यो भगवान्को विशुद्ध धारणाबाट हट्यो। शरीर छोड्ने समयमा उहाँले आफ्ना समस्त इन्द्रियका वृत्तिको विलासलाई रोकिदिनुभयो र अत्यन्त प्रेमले भगवान्को स्तुति गर्नुभयो।

भीष्म उवाच (भीष्मले भन्नुभयो)

इति मतिरुपकल्पिता वितृष्णा
भगवति सात्वतपुङ्गवे विभूम्नि।
स्वसुखमुपगते क्वचिद्विहर्तुं
प्रकृतिमुपेयुषि यद्भवप्रवाहः॥ ३२॥

पदार्थ–

सात्वतपुङ्गवे = यदुवंश शिरोमणि	संसारको सृष्टि परम्परा चल्दछ	**भगवति** = भगवान् श्रीकृष्णमा
विभूम्नि = सर्वोत्कृष्ट महत्त्वले	त्यस्तो	**वितृष्णा** = कुनै फलको
युक्त हुनुभएका	**प्रकृतिम्** = प्रकृतिलाई	सङ्कल्पले रहित भएको
स्वसुखम् = आफ्नो	**क्वचित्** = कहिलेकाहीँ	**मतिः** = बुद्धि
परमानन्दस्वरूपमा	**विहर्तुं** = संसारको सृष्टि, स्थिति	**इति** = यस्तो
उपगते = अवस्थित	र प्रलयको लागि	**उपकल्पिता** = उपहारको रूपमा
यत् भवप्रवाहः = जुन प्रकृतिबाट	**उपेयुषि** = स्वीकार गर्ने	म चढाउँछु

वाक्यार्थ– जीवनभर नाना प्रकारका साधन र अनुष्ठान गर्नाले आफ्नो जीवनका यस अन्तिम समयमा म शुद्ध र कामनाले रहित भएको मेरो बुद्धि सदासर्वदा आफ्नो आनन्दमय स्वरूपमा रहनुभएका यदुवंशशिरोमणि सर्वव्यापक श्रीकृष्ण भगवान्मा समर्पण गर्दछु। तपाईं आफ्नो वैष्णवी मायाद्वारा सृष्टि परम्परा चलाउनुपर्ने भएकाले कहिलेकाहीँ लीला गर्ने इच्छाले मायालार्य पनि स्वीकार गर्नुहुन्छ।

त्रिभुवनकमनं तमालवर्णं
रविकरगौरवराम्बरं दधाने।
वपुरलककुलावृताननाब्जं
विजयसखे रतिरस्तु मेऽनवद्या॥ ३३॥

पदार्थ–

त्रिभुवनकमनं = तीनै लोकमा	**अलककुलावृताननाब्जं** =	भगवान् श्रीकृष्णमा
सुन्दर	नागबेली परेका कपालहरूद्वारा	**मे** = मेरो
तमालवर्णं = तमालपत्रको जस्तो	सुशोभित कमलजस्तो मुख	**अनवद्या** = कपटले रहित
नीलवर्ण भएको	भएका	**रतिः** = प्रेम
रविकरगौरवराम्बरं = भगवान्	**वपुः** = शरीर	**अस्तु** = होस्
सूर्यको किरणजस्तो सेतो र	**दधाने** = धारण गर्ने	
पहेँलो वर्णको सुन्दर वस्त्रले	**विजयसखे** = अर्जुनका साथी	

वाक्यार्थ– जसको शरीर त्रिभुवन सुन्दर एवं श्याम तमालझैं नीलो वर्णको छ, जुन शरीरमा सूर्यका किरणजस्तो श्रेष्ठ पीताम्बर फर्फराइरहेको छ, जसको कमलजस्तो मुखमा नागवेली परेका कपालहरू लट्किरहेका छन्, ती अर्जुनका साथी श्रीकृष्णमा मेरो निष्कपट प्रेम होस्।

युधि तुरगरजोविधूम्रविष्वक्-
कचलुलितश्रमवार्यलङ्कृतास्ये।

मम निशितशरैर्विभिद्यमानत्वचि

विलसत्कवचेऽस्तु कृष्ण आत्मा ॥ ३४ ॥

पदार्थ–

युधि = युद्धमा	पसिनाबिन्दुहरूद्वारा अलङ्कृत	परेका थिए त्यस्ता
तुरगरजोविधूम्रविष्वक्कचलुलित-	अनुहार हुनुभएका	**विलसत्कवचे** = कवचले
श्रमवार्यलङ्कृतास्ये = घोडाको	**मम** = मेरो	मण्डित हुनुभएका
टापबाट उडेको धुलाबाट	**निशितशरैः** = तीखा बाणहरूले	**कृष्णे** = भगवान् श्रीकृष्णमा
मैलिएर हल्लिँदै नागवेली परेका	**विभिद्यमानत्वचि** = जसका	**आत्मा** = मेरो अन्तःकरण
कपालहरूबाट खसेका	शरीरका छालाहरू छियाछिया	**अस्तु** = समर्पित होस्

वाक्यार्थ– युद्धमा घोडाको टापबाट उडेको धुलोद्वारा मैलिएर हल्लिँदै नागवेली परेका कपालहरूबाट खसेका पसिनाका थोपाहरूद्वारा अलङ्कृत अनुहार हुनुभएका र मेरा तीखा बाणहरूले जसका शरीरका छालाहरू छियाछिया भएका थिए, त्यस्ता कवचले सुशोभित हुनुभएका भगवान् श्रीकृष्णमा मेरो अन्तःकरण समर्पित होस्।

सपदि सखिवचो निशम्य मध्ये

निजपरयोर्बलयो रथं निवेश्य।

स्थितवति परसैनिकायुरक्ष्णा

हृतवति पार्थसखे रतिर्ममास्तु ॥ ३५ ॥

पदार्थ–

सखिवचः = अर्जुनका वचनलाई	**निवेश्य** = राखेर	**स्थितवति** = स्थिर भएर
निशम्य = सुनेर	**अक्ष्णा** = आफ्ना दृष्टिले	**मम** = मेरो
सपदि = चाँडै नै	**परसैनिकायुः** = कौरवसेनाको	**रतिः** = प्रेम
निजपरयोः बलयः = कौरव र	आयुलाई	**अस्तु** = होस्
पाण्डव सेनाका	**हृतवति** = नष्ट गर्नुहुने	
मध्ये = माझमा	**पार्थसखे** = अर्जुनका साथी	
रथं = रथलाई	भगवान् श्रीकृष्णमा	

वाक्यार्थ– आफ्ना मित्र अर्जुनको कुरा सुनेर जसले तुरुन्तै पाण्डवसेना र कौरवसेनाको बीचमा रथ ल्याउनुभएको थियो, जसले आफ्नो दृष्टिद्वारा कौरवसेनाको आयुलाई क्षीण गर्नुभएको थियो, त्यस्ता पार्थसारथि भगवान् श्रीकृष्णमा मेरो प्रेम लागोस्।

व्यवहितपृतनामुखं निरीक्ष्य

स्वजनवधाद् विमुखस्य दोषबुद्ध्या।
कुमतिमहरदात्मविद्यया
यश्चरणरतिः परमस्य तस्य मेऽस्तु॥ ३६॥

पदार्थ–

व्यवहितपृतनामुखं = केही टाढा बसेका कौरवसेनाका मुख्य हामीहरूलाई
निरीक्ष्य = देखेर
दोषबुद्ध्या = पापको भयले
स्वजनवधात् = आफ्ना मान्छेहरूको वधबाट
विमुखस्य = हटेका अर्जुनको
कुमतिम् = म मार्नेवाला हुँ भन्ने कुबुद्धिलाई
यः = जुन भगवान् श्रीकृष्णले
आत्मविद्यया = आत्मविद्याको उपदेशले
अहरत् = छुटाउनुभयो
तस्य = त्यस्ता
परमस्य = परमपुरुष भगवान् श्रीकृष्णमा
मे = मेरो
चरणरतिः = चरणप्रतिको अनुराग
अस्तु = होस्

वाक्यार्थ– टाढाबाट कौरवसेनाका मुख्य हामीहरूलाई देखेर पापको भयले बन्धुहत्याबाट विमुख भएका अर्जुनको म मार्नेवाला हुँ भन्ने कुबुद्धिलाई आत्मविद्याको उपदेश गरेर जुन भगवान्ले हटाउनुभएको थियो, त्यस्ता भगवान् श्रीकृष्णमा मेरो प्रेम लागिरहोस्।

स्वनिगममपहाय मत्प्रतिज्ञामृतम्-
अधिकर्तुमवप्लुतो रथस्थः।
धृतरथचरणोऽभ्ययाच्चलद्‌गु-
र्हरिरिव हन्तुमिभं गतोत्तरीयः॥ ३७॥
शितविशिखहतो विशीर्णदंशः
क्षतजपरिप्लुत आततायिनो मे।
प्रसभमभिससार मद्वधार्थं
स भवतु मे भगवान् गतिर्मुकुन्दः॥ ३८॥

पदार्थ–

मत्प्रतिज्ञामृतम् = महाभारतको युद्धमा कृष्णलाई शस्त्र ग्रहण गराएर छोड्छु भन्ने मेरो प्रतिज्ञालाई
अधिकर्तुम् = सत्य बनाउन
स्वनिगमम् = युद्धमा कदापि शस्त्रग्रहण नगर्ने आफ्नो प्रतिज्ञालाई
अपहाय = छोडेर
रथस्थः = रथमा रहे तापनि त्यहाँबाट
अवप्लुतः = तुरुन्त तल ओर्लिएर

धृतरथचरणः = हातमा रथको पाङ्ग्रो लिनुभएका
चलद्गुः = आफूले टेकेको पृथिवीलाई कम्पायमान गर्दै
गतोत्तरीयः = जसको काँधको ओड्ने खसेको थियो
इभं = हात्तीलाई
हन्तुम् = मार्न
हरिः इव = सिंहजैँ
अभ्ययात् = ममाथि आइलाग्नुभएको थियो
जब ममाथि आइलाग्नुभयो तब
आततायिनः = धनुर्धारी
मे = मेरो
शितविशिखहतः = तीखा बाणहरूले प्रहार गरिएका
विशीर्णदंशः = कवच नष्ट गरिएका र
क्षतजपरिप्लुतः = रगतले ढाकिएका भगवान्
मद्वधार्थं = मलाई मार्नका लागि
प्रसभम् = सहसा (निषेध गर्न लागेका अर्जुनको अतिक्रमण गर्दै)
अभिससार = मेरो नजिक आउनुभएको थियो
सः = त्यस्ता
भगवान् = भगवान्
मुकुन्दः = मुकुन्द
मे = मेरा
गतिः = आश्रय
भवतु = बन्नुहोस्

वाक्यार्थ– महाभारतको युद्धमा म कृष्णलाई शस्त्रग्रहण गराएरै छोड्छु भन्ने मेरो प्रतिज्ञालाई सत्य बनाउन युद्धमा कदापि शस्त्र ग्रहण नगर्ने आफ्नो प्रतिज्ञालाई छोडेर रथमा रहे तापनि त्यहाँबाट तल ओर्लेर हातमा रथको पाङ्ग्रो लिनुभएका, आफ्नो शरीरका भारले पृथिवीलाई कम्पायमान गर्दै दौँडदाखेरी जसको काँधको ओड्ने तल खसेको थियो त्यस्ता हात्तीलाई मार्न सिंह जाइलागेझैं जब ममाथि आइलाग्नुभएको थियो, तब धनुर्धारी मेरा तीखा बाणहरूले प्रहार गरिएका, कवच नष्ट गरिएका र रगतले ढाकिएका भगवान् निषेध गर्न लागेका अर्जुनको पनि अतिक्रमण गर्दै मलाई मार्नका लागि मेरो नजिक आउनुभएको थियो, त्यस्ता भगवान् नै मेरा आश्रय बन्नुहोस्।

विजयरथकुटुम्ब आत्ततोत्रे
धृतहयरश्मिनि तच्छ्रियेक्षणीये।
भगवति रतिरस्तु मे मुमूर्षो-
र्यमिह निरीक्ष्य हता गताः स्वरूपम्॥ ३९॥

पदार्थ–

विजयरथकुटुम्बे = अर्जुनको रथको रक्षामा सावधान हुनुभएका
आत्ततोत्रे = दाँया हातमा छडी लिनुभएका
धृतहयरश्मिनि = बाँया हातमा घोडाको लगाम लिनुभएका अनि
तच्छ्रिया = चाबुक र लगामको शोभाले
ईक्षणीये = दर्शनीय हुनुभएका
भगवति = त्यस्ता भगवान् श्रीकृष्णमा
मुमूर्षोः = मरणासन्न
मे = मेरो
रतिः = प्रेम
अस्तु = होस्
यम् = जुन भगवान्को
निरीक्ष्य = दर्शन गरेर
इह = युद्धक्षेत्रमा
हताः = मरेका वीरहरू
स्वरूपम् = भगवान्को स्वरूपलाई
गताः = प्राप्त गरे

वाक्यार्थ– अर्जुनको रथको रक्षामा सावधान हुनुभएका, दायाँ हातमा छडी लिनुभएका, वायाँ हातमा लगाम लिनुभएका, अनि छडी र लगामको शोभाले दर्शनीय हुनुभएका भगवान् श्रीकृष्णमा मरणासन्न मेरो प्रेम बनिरहोस्। यस्ता भगवान्को दर्शन गरेर युद्धक्षेत्रमा मरेका वीरहरूले पनि भगवान्को स्वरूपलाई प्राप्त गरेका थिए।

ललितगतिविलासवल्गुहास
प्रणयनिरीक्षणकल्पितोरुमानाः।
कृतमनुकृतवत्य उन्मदान्धाः
प्रकृतिमगन् किल यस्य गोपवध्वः॥ ४०॥

पदार्थ–

ललितगतिविलासवल्गुहास-प्रणयनिरीक्षणकल्पितोरुमानाः = सुन्दर गति, रासादि विलास, मनोहारी हाँसो र स्नेहपूर्वकको हेराइले राम्रोसँग भगवान्बाट	सम्मान प्राप्त गरेका अनि **कृतम्** = विभिन्न लीलाको **अनुकृतवत्य** = अनुकरण गरेर **उन्मदान्धाः** = भगवान्को वियोगमा प्रेमले उन्मत्त भएका	**गोपवध्वः** = गोपीहरूले **यस्य** = जुन भगवान्को **प्रकृतिम्** = स्वरूपलाई **अगन् किल** = निश्चय नै प्राप्त गरेका थिए

वाक्यार्थ– सुन्दर गति, रासादि विलास, मनोहारी हाँसो र स्नेहपूर्वकको हेराइले राम्रोसँग भगवान्बाट सम्मान प्राप्त गरेका अनि विभिन्न लीलाको अनुकरण गरेर भगवान्को वियोगमा प्रेमले उन्मत्त भएका गोपीहरूले त्यस्ता भगवान्को स्वरूपलाई निश्चय नै प्राप्त गरेका थिए।

मुनिगणनृपवर्यसङ्कुलेऽन्तः
सदसि युधिष्ठिरराजसूय एषाम्।
अर्हणमुपपेद ईक्षणीयो
मम दृशिगोचर एष आविरात्मा॥ ४१॥

पदार्थ–

युधिष्ठिरराजसूये = युधिष्ठिरको राजसूय यज्ञमा **मुनिगणनृपवर्यसङ्कुले** = महान् मुनि र श्रेष्ठ राजाहरूले व्याप्त **अन्तः सदसि** = सभाको मध्यमा **एषाम्** = यी मुनिहरू र श्रेष्ठ	राजाहरूको **ईक्षणीयः** = मनोहारी दर्शनको विषय बन्दै **अर्हणम्** = अग्र पूजालाई **उपपेदे** = प्राप्त गर्नुभयो **एषः आत्मा** = अन्तर्यामी त्यस्ता	भगवान् श्रीकृष्ण **मम** = मेरो **दृशिगोचरः** = आँखाको अगाडि **आविः** = प्रकट हुनुहुन्छ, यो मेरो सौभाग्य हो

वाक्यार्थ– युधिष्ठिरको राजसूय यज्ञमा महान् मुनि र श्रेष्ठ राजाहरूले व्याप्त सभाको मध्यमा

ऋषिहरूको मनोहारी दर्शनको विषय बन्दै जुन भगवान्‌ले अग्रपूजालाई प्राप्त गर्नुभयो, त्यस्ता अन्तर्यामी भगवान् श्रीकृष्ण मेरा आँखाका अगाडि प्रकट हुनुहुन्छ, यो मेरो सौभाग्य हो।

तमिममहमजं शरीरभाजां
हृदि हृदि धिष्ठितमात्मकल्पितानाम्।
प्रतिदृशमिव नैकधार्कमेकं
समधिगतोऽस्मि विधूतभेदमोहः॥ ४२॥

पदार्थ–

एकं अर्कम् = (आकाशमा) सूर्य एउटामात्र भए तापनि	**शरीरभाजां** = अनेक शरीरधारीहरूको	श्रीकृष्णलाई
प्रतिदृशम् = अनेक आँखाहरूद्वारा	**हृदि हृदि** = प्रत्येक हृदयमा	**विधूतभेदमोहः** = भेदप्रयुक्त मोहलाई नष्ट गरेर
न एकधा इव = अनेक रूपमा देखिएझैँ	**धिष्ठितम्** = अनेकरूपले प्रतीयमान	**अहम्** = मैले
आत्मकल्पितानाम् = आफैँद्वारा रचिएका	**तम्** = ती	**समधिगतः अस्मि** = प्राप्त गरेको छु
	इमम् = यिनै	
	अजं = अजन्मा भगवान्	

वाक्यार्थ– आकाशमा सूर्य एउटामात्र भए तापनि अनेक आँखाहरूले अनेकरूपमा देखिएझैँ आफूद्वारा रचिएको अनेक शरीरधारीहरूको प्रत्येक हृदयमा अनेकरूपले प्रतीयमान ती अजन्मा भगवान् श्रीकृष्णलाई मैले भेदप्रयुक्त मोहलाई नष्ट गरेर प्राप्त गरेको छु।

सूत उवाच (सूतजीले भन्नुभयो)

कृष्ण एवं भगवति मनोवाग्दृष्टिवृत्तिभिः।
आत्मन्यात्मानमावेश्य सोऽन्तःश्वास उपारमत्॥ ४३॥

पदार्थ–

सः = भीष्मपितामहले	**आत्मनि** = आत्मस्वरूप	**आवेश्य** = लीन गरेर
एवं = यसप्रकार	**भगवति** = भगवान्	**अन्तःश्वासः** = उनका प्राण भगवान्मै लीन भए
मनोवाग्दृष्टिवृत्तिभिः = मन, वाणी र दृष्टिहरूको वृत्तिद्वारा	**कृष्णे** = कृष्णमा	**उपारमत्** = उनी शान्त भए
	आत्मानम् = आफूलाई	

वाक्यार्थ– भीष्मपितामहले मन, वाणी र दृष्टिका वृत्तिहरूले भगवान् श्रीकृष्णमा आफूलाई लीन गरिदिनुभयो। उहाँका प्राण त्यहीँ लीन भए अनि उहाँ शान्त हुनुभयो।

सम्पद्यमानमाज्ञाय भीष्मं ब्रह्मणि निष्कले।

सर्वे बभूवुस्ते तूष्णीं वयांसीव दिनात्यये ॥ ४४ ॥

पदार्थ—

भीष्मं = भीष्मलाई	**आज्ञाय** = जानेर	**ते** = त्यहाँ उपस्थित
निष्कले = अनन्त	**दिनात्यये** = दिन बितिसकेपछि	**सर्वे** = सम्पूर्ण मानिसहरू
ब्रह्मणि = ब्रह्ममा	**वयांसि इव** = पक्षीहरू शान्त भएझैं	**तूष्णीं बभूवुः** = चुप लागे
सम्पद्यमानम् = लीन भएको		

वाक्यार्थ— उहाँ अनन्त ब्रह्ममा लीन भएका जानेर त्यहाँ उपस्थित भएका सबै मनुष्यहरू दिन बितिसकेपछि सन्ध्याकालको समयमा पक्षीहरूको आवाज शान्त भएझैं चुपचाप भए।

तत्र दुन्दुभयो नेदुर्देवमानववादिताः ।
शशंसुः साधवो राज्ञां खात् पेतुः पुष्पवृष्टयः ॥ ४५ ॥

पदार्थ—

तत्र = त्यस समयमा	**नेदुः** = बजे	**शशंसुः** = (भीष्मको) प्रशंसा गरे
देवमानववादिताः = देवता र मनुष्यहरूद्वारा बजाइएका	**राज्ञां** = राजाहरूमा	**खात्** = आकाशबाट
दुन्दुभयः = दमाहाहरू	**साधवः** = साधु स्वभाव भएकाहरूले	**पुष्पवृष्टयः पेतुः** = पुष्पवृष्टि भयो

वाक्यार्थ— त्यस समयमा देवता र मनुष्यहरूका दमाहाहरू बज्न लागे। साधुस्वभाव भएका राजाहरूले उनको प्रशंसा गर्न लागे। आकाशबाट पुष्पवृष्टि हुन लाग्यो।

तस्य निर्हरणादीनि सम्परेतस्य भार्गव ।
युधिष्ठिरः कारयित्वा मुहूर्तं दुःखितोऽभवत् ॥ ४६ ॥

पदार्थ—

भार्गव = हे भृगुपुत्र शौनकजी	**निर्हरणादीनि** = दाहसंस्कारादि कर्म	**दुःखितः** = शोकमग्न
युधिष्ठिरः = राजा युधिष्ठिरले	**कारयित्वा** = गराएर	**अभवत्** = हुनुभयो
तस्य = ती भीष्मको	**मुहूर्तं** = एक मुहूर्तसम्म	
सम्परेतस्य = मृत शरीरको		

वाक्यार्थ— शौनकजी ! युधिष्ठिरले उनको मृत शरीरको अन्त्येष्टि क्रिया गर्नुभयो र एक मुहूर्तसम्म उहाँ शोकमग्न हुनुभयो।

तुष्टुवुर्मुनयो हृष्टाः कृष्णं तद्गुह्यनामभिः ।
ततस्ते कृष्णहृदयाः स्वाश्रमान् प्रययुः पुनः ॥ ४७ ॥

पदार्थ—

ततः = त्यसपछि	**हृष्टाः** = प्रसन्न भएका	**मुनयः** = मुनिहरूले

तद्गुह्यनामभिः = भगवान् श्रीकृष्णको रहस्यमय नामोच्चारण गर्दै	**ते** = त्यहाँ उपस्थित सम्पूर्ण मानिसहरू	**स्वाश्रमान्** = आ-आफ्ना आश्रमतिर
कृष्णं = भगवान् श्रीकृष्णको	**कृष्णहृदयाः** = आफ्ना हृदयलाई कृष्णमय बनाएर	**प्रययुः** = फर्के
तुष्टुवुः = स्तुति गरे त्यसपछि	**पुनः** = फेरि	

वाक्यार्थ– त्यसपछि प्रसन्न ऋषिहरूले भगवान्को रहस्यमय नाम लिँदै भगवान् श्रीकृष्णको स्तुति गर्नुभयो। त्यसपछि आफ्नो हृदयलाई कृष्णमय बनाएर आ-आफ्ना आश्रमतिर फर्कनुभयो।

ततो युधिष्ठिरो गत्वा सहकृष्णो गजाह्वयम्।

पितरं सान्त्वयामास गान्धारीं च तपस्विनीम्॥ ४८॥

पदार्थ–

ततः = त्यसपछि	**गजाह्वयम्** = हस्तिनापुर	**गान्धारीं** = गान्धारीलाई
युधिष्ठिरः = राजा युधिष्ठिर	**गत्वा** = गएर	**च** = पनि
सहकृष्णः = भगवान् श्रीकृष्णका साथ	**पितरं** = ठूलाबा धृतराष्ट्रलाई	**सान्त्वयामास** = सान्त्वना दिनुभयो
	तपस्विनीम् = तपस्विनी	

वाक्यार्थ– त्यसपछि राजा युधिष्ठिरले भगवान् श्रीकृष्णका साथ हस्तिनापुरमा गएर आफ्ना ठूलाबा धृतराष्ट्र र तपस्विनी गान्धारीलाई सान्त्वना दिनुभयो।

पित्रा चानुमतो राजा वासुदेवानुमोदितः।

चकार राज्यं धर्मेण पितृपैतामहं विभुः॥ ४९॥

पदार्थ–

पित्रा = ठूलाबा धृतराष्ट्रको	**विभुः** = राज्य सञ्चालनकार्यमा समर्थ	**पितृपैतामहं** = वंशपरम्परागत
चानुमतः = आज्ञाले		**राज्यं** = राज्य
वासुदेवानुमोदितः = भगवान् श्रीकृष्णको अनुमतिले	**राजा** = राजा युधिष्ठिरले	**चकार** = गर्नुभयो
	धर्मेण = धर्मपूर्वक	

वाक्यार्थ– त्यसपछि धृतराष्ट्रको आज्ञा र भगवान् श्रीकृष्णको अनुमतिले राज्यसञ्चालन कार्यमा निपुण राजा युधिष्ठिरले आफ्नो वंशपरम्परागत राज्यको धर्मपूर्वक शासन गर्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

युधिष्ठिरराज्यप्रलम्भो नाम नवमोऽध्यायः॥ ९॥

अथ दशमोऽध्यायः

श्रीकृष्णको द्वारकागमन

शौनक उवाच (शौनकजीले भन्नुभयो)

हत्वा स्वरिक्थस्पृध आततायिनो
युधिष्ठिरो धर्मभृतां वरिष्ठः।
सहानुजैः प्रत्यवरुद्धभोजनः
कथं प्रवृत्तः किमकारषीत् ततः॥ १॥

पदार्थ–

स्वरिक्थस्पृधः = पाण्डवहरूको सम्पत्तिलाई आफ्नो गर्न चाहने	**वरिष्ठः** = श्रेष्ठ भएका	**कथं** = कसरी
आततायिनः = आतङ्क मच्चाउने (दुर्योधन आदि)लाई	**प्रत्यवरुद्धभोजनः** = बन्धुहत्याको शोकका कारण भोजनमा रुचि नभएका	**प्रवृत्तः** = राज्यशासनमा प्रवृत्त हुनुभयो
हत्वा = मारेर	**युधिष्ठिरः** = राजा युधिष्ठिर	**ततः** = त्यसपछि
धर्मभृताम् = धर्म धारणगर्नेहरूमा	**अनुजैः** = आफ्ना भाइहरूका	**किम्** = के
	सह = साथ	**अकारषीत्** = गर्नुभयो

वाक्यार्थ– धार्मिक शिरोमणि महाराज युधिष्ठिरले पैतृक सम्पत्ति आफ्ना अधीनमा गर्न चाहने आततायीहरूको नाश गरेर आफ्ना भाइहरूका साथ कुन प्रकारले राज्यशासन गर्नुभयो र अनि उहाँले अरू के-के काम गर्नुभयो ? किनभने उहाँको त भोगमा कुनै प्रवृत्ति नै थिएन।

सूत उवाच (सूतजीले भन्नुभयो)

वंशं कुरोर्वंशदवाग्निनिर्हृतं
संरोहयित्वा भवभावनो हरिः।
निवेशयित्वा निजराज्य ईश्वरो
युधिष्ठिरं प्रीतमना बभूव ह॥ २॥

पदार्थ–

वंशदवाग्निनिर्हृतं = कुरु वंशरूपी जङ्गलबाट उत्पन्न	भएको क्रोधरूपी अग्निले डढेको	**कुरोः** = कुरुको
		वंशं = वंशलाई

संरोहयित्वा = परीक्षित्‌को रक्षाद्वारा अङ्कुरित गरेर	**निवेशयित्वा** = स्थापित गरेर	**ह** = निश्चय नै
युधिष्ठिरम् = राजा युधिष्ठिरलाई	**भवभावनः** = लोकरक्षक	**प्रीतमना** = प्रसन्न
निजराज्ये = आफ्नो राज्यमा	**हरिः** = भगवान् श्रीकृष्ण	**बभूव** = हुनुभयो
	ईश्वरः = ईश्वर	

वाक्यार्थ– भगवान् श्रीकृष्णले सम्पूर्ण सृष्टिलाई उज्जीवित गराउने परस्परको कलहरूपी अग्निले डढेको कुरुवंशलाई पुनः उज्जीवित गर्नुभयो। अनि युधिष्ठिरलाई राज्यसिंहासनमा राखेर ज्यादै प्रसन्न हुनुभयो।

निशम्य भीष्मोक्तमथाच्युतोक्तं
प्रवृत्तविज्ञानविधूतविभ्रमः।
शशास गामिन्द्र इवाजिताश्रयः
परिध्युपान्तामनुजानुवर्तितः॥ ३॥

पदार्थ–

अथ = यसपछि	उत्पन्न भएको परमात्मा	सहायतालाई प्राप्त गरेर
भीष्मोक्तम् = भीष्मको उपदेश र	विषयक ज्ञानद्वारा अन्तःकरणको	**परिध्युपान्ताम्** = समुद्रसम्मको
अच्युतोक्तम् = भगवान् श्रीकृष्णको उपदेशलाई	मोह हटेका युधिष्ठिर	**गाम्** = भूमिलाई
निशम्य = सुनेर	**अजिताश्रयः** = भगवान्‌को आश्रयमा रहेर	**इन्द्र** = इन्द्रले
प्रवृत्तविज्ञानविधूतविभ्रमः =	**अनुजानुवर्तितः** = भाइहरूको	**इव** = झैँ
		शशास = शासन गर्नुभयो

वाक्यार्थ– भीष्म पितामह र भगवान्‌को उपदेशले युधिष्ठिरको अन्तःकरणमा विवेकको उदय भयो र उहाँको भ्रान्ति हट्‌यो। भगवान्‌को आश्रयमा रहेर भीमसेन आदि भाइहरूको पूर्ण रूपले सहयोग प्राप्त गरेर उहाँले इन्द्रले स्वर्गको शासन गरेझैँ समुद्रपर्यन्त सम्पूर्ण पृथिवीको शासन गर्न लाग्नुभयो।

कामं ववर्ष पर्जन्यः सर्वकामदुघा मही।
सिषिचुः स्म व्रजान् गावः पयसोधस्वतीर्मुदा॥ ४॥

पदार्थ–

(युधिष्ठिरको राज्यमा)	**ववर्ष** = बर्स्यो	अभीष्टलाई दिनेवाली थिइन्
पर्जन्यः = मेघ	**मही** = पृथ्वी	**उधस्वतीः** = ठुला-ठुला कल्चौँडा भएका
कामं = आवश्यकताअनुसार	**सर्वकामदुघा** = सम्पूर्ण	

गावः = गाईहरू	**पयसा** = दुधले	**सिषिचुः स्म** = सेचन गर्दथे
मुदा = हर्षले युक्त भएर	**व्रजान्** = गोठहरूलाई	

वाक्यार्थ– युधिष्ठिरको राज्यमा आवश्यकताअनुसार यथेष्ट वर्षा हुन्थ्यो। पृथिवीमा समस्त अभीष्ट वस्तुहरू पैदा हुन्थे। ठुलाठुला कल्चौँडा भएका गाईहरू प्रसन्न भएर सम्पूर्ण गोठलाई दुधले सेचन गर्दथे।

नद्यः समुद्रा गिरयः सवनस्पतिवीरुधः।

फलन्त्योषधयः सर्वाः काममन्वृतु तस्य वै ॥ ५ ॥

पदार्थ–

नद्यः = नदीहरू	**सर्वाः** = सम्पूर्ण	**कामम्** = पर्याप्त रूपमा
समुद्राः = समुद्रहरू	**ओषधयः** = जौ, धान आदि	**वै** = निश्चय नै
गिरयः = पर्वतहरू	औषधीहरूले	**फलन्ति** = समृद्ध गराउँथे
सवनस्पतिवीरुधः = वृक्ष र	**तस्य** = ती राजा युधिष्ठिरलाई	
लताहरूले युक्त भएका	**अनुऋतु** = प्रत्येक ऋतुमा	

वाक्यार्थ– नदी, समुद्र, पर्वत, वनस्पति, लताहरू र औषधिहरू प्रत्येक ऋतुमा यथेष्टरूपले आआफ्ना वस्तुहरू राजालाई प्रदान गर्दथे।

नाधयो व्याधयः क्लेशा दैवभूतात्महेतवः।

अजातशत्रावभवन् जन्तूनां राज्ञि कर्हिचित् ॥ ६ ॥

पदार्थ–

अजातशत्रौ = शत्रुरहित भएका	शरीरबाट	कष्टहरू
युधिष्ठिर	**आधयः** = मनको व्यथा	**जन्तूनाम्** = प्राणीहरूलाई
राज्ञि = राजा भएपछि	**व्याधयः** = शरीरका रोगहरू	**कर्हिचित्** = कहिले पनि
दैवभूतात्महेतवः = देवता, भूत र	**क्लेशाः** = सर्दी र गर्मीबाट हुने	**न अभवन्** = भएनन्

वाक्यार्थ– शत्रुरहित राजा युधिष्ठिरको राज्यमा कुनै पनि प्राणीलाई कहिल्यै पनि दैविक, भौतिक र आत्मिक क्लेश भएनन्।

उषित्वा हास्तिनपुरे मासान् कतिपयान् हरिः।

सुहृदां च विशोकाय स्वसुश्च प्रियकाम्यया ॥ ७ ॥

आमन्त्र्य चाभ्यनुज्ञातः परिष्वज्याभिवाद्य तम्।

आरुरोह रथं कैश्चित् परिष्वक्तोऽभिवादितः ॥ ८ ॥

पदार्थ–

सुहृदाम् = आफ्ना बन्धुहरूको
विशोकाय = शोक हटाउनका लागि
च = तथा
स्वसु = बहिनी सुभद्रालाई
प्रियकाम्यया = प्रसन्न गराउने उद्देश्यले
हरिः = भगवान् श्रीकृष्ण
कतिपयान् = केही
मासान् = महिनासम्म
हास्तिनपुरे = हस्तिनापुरमा
उषित्वा = बसेर
आमन्त्र्य = युधिष्ठिरसँग द्वारकातिर जाने आज्ञा मागेपछि
च = र
परिष्वज्य = युधिष्ठिरले भगवान्लाई आलिङ्गन गरेर
अभ्यनुज्ञातः = अनुमति दिएपछि
तम् = युधिष्ठिरलाई
अभिवाद्य = नमस्कार गरेर
कैश्चित् = केही समान अवस्था भएकाले
परिष्वक्तः = आलिंगन गरिएका
अभिवादितः = नमस्कार गरिएका भगवान् श्रीकृष्ण द्वारका जानका लागि
रथम् = रथमा
आरुरोह = चढ्नुभयो।

वाक्यार्थ– आफ्ना बन्धुहरूको शोकलाई हटाउन र बहिनी सुभद्रालाई प्रसन्न गराउनका लागि भगवान् केही महिनासम्म हस्तिनापुरमा नै बस्नुभयो। त्यसपछि उहाँले राजा युधिष्ठिरसँग दरवारमा जाने आज्ञा माग्नुभयो। राजा युधिष्ठिरले आलिङ्गन गरेर र अन्य कतिपयले नमस्कार गरेर भगवान् श्रीकृष्णलाई द्वारका जाने अनुमति दिनुभयो। भगवान् श्रीकृष्ण युधिष्ठिरलाई प्रणाम गरेर रथमा बस्नुभयो।

सुभद्रा द्रौपदी कुन्ती विराटतनया तथा।
गान्धारी धृतराष्ट्रश्च युयुत्सुर्गौतमो यमौ ॥ ९॥
वृकोदरश्च धौम्यश्च स्त्रियो मत्स्यसुतादयः।
न सेहिरे विमुह्यन्तो विरहं शार्ङ्गधन्वनः ॥ १० ॥

पदार्थ–

सुभद्रा = सुभद्रा
द्रौपदी = द्रौपदी
कुन्ती = कुन्ती
विराटतनया = उत्तरा
तथा = तथा
गान्धारी = गान्धारी
धृतराष्ट्रः = धृतराष्ट
युयुत्सुः = युद्ध गर्न इच्छुक
गौतमः = गौतम कृपाचार्य
च = र
यमौ = जुम्ल्याहा नकुल, सहदेव
वृकोदरः = भीम
धौम्य = धौम्य
मत्स्यसुतादयः = सत्यवती आदि
विमुह्यन्तः = मोहमा प्राप्त भएर
शार्ङ्गधन्वनः = भगवान् श्रीकृष्णको
विरहम् = विरहलाई
न सेहिरे = सहन गर्न सकेनन्

वाक्यार्थ– त्यस समयमा सुभद्रा, द्रौपदी, कुन्ती, उत्तरा, गान्धारी, धृतराष्ट्र, युयुत्सु, कृपाचार्य, नकुल, सहदेव, भीमसेन, धौम्य, सत्यवती आदि सब मूर्च्छित जस्ता भए। उनीहरूले भगवान् श्रीकृष्णको विरहलाई सहन गर्न सकेनन्।

सत्सङ्गान्मुक्तदुःसङ्गो हातुं नोत्सहते बुधः ।

कीर्त्यमानं यशो यस्य सकृदाकर्ण्य रोचनम्॥ ११ ॥

सत्सङ्गात् = सत्पुरुषको सङ्गतबाट
मुक्तदुःसङ्गः = दुःसङ्गलाई छोडेको
बुधः = विचारशील मनुष्य
कीर्त्यमानम् = सत्पुरुषहरूद्वारा वर्णन गरिएको
रोचनम् = रुचिकर
यस्य = जुन भगवान्‌को
यशः = कीर्ति
सकृत् = एकपटक पनि
आकर्ण्य = सुनेर
हातुम् = छोड्न
न उत्सहते = इच्छा गर्दैन

वाक्यार्थ— सत्पुरुषको सङ्गतबाट दुःसङ्गलाई छोडेको विचारशील मनुष्यले भगवान्‌को मधुर र मनोहर यशलाई एकपटक सुन्ने अवसर प्राप्त गरेको छ भने फेरि ऊ यस कार्यबाट टाढा रहने कल्पनासम्म पनि गर्न सक्दैन।

विवरण— जो व्यक्ति कुनै विषयमा आसक्त छ, उही नै बन्धनमा पर्दछ। यदि आसक्तिलाई सर्वथा छोड्न सकिँदैन भने त्यो आसक्ति सज्जनहरूका साथ गर्नुपर्दछ। सज्जनहरूका साथ गरिएको जो आसक्ति हो, त्यही नै संसारबन्धनबाट छुट्ने एकमात्र उपाय हो। आसक्तिको परित्याग मुक्तिप्राप्तिको एउटा सिँढी हो। मुक्तिप्राप्तिका लागि ९ ओटा सिँढीहरू बताइएका छन्— १. महापुरुषहरूको सेवा २. महापुरुषहरूको कृपा ३. महापुरुषहरूप्रतिको श्रद्धा ४. भगवत्कथाश्रवण ५. भगवान्‌मा प्रेम ६. द्वैत र अद्वैतको विवेकपूर्वकको आत्मज्ञान ७. भगवान्‌मा दृढ भक्ति ८. भगवत्तत्त्वसाक्षात्कार ९. भक्तमा भगवद्‌गुणको आविर्भाव।

पहिले महापुरुषको सेवा गर्नुपर्दछ। महापुरुषको सेवा गरेपछि सेवा गर्ने मानिसमाथि महापुरुषको कृपा हुन्छ। महापुरुषको कृपा भएपछि त्यो कृपाप्राप्त पुरुषलाई त्यो महापुरुषको काम मन पर्न थाल्दछ। त्यसपछि उसले भगवान्‌को कथाश्रवण गरेपछि भगवान्‌मा प्रेम हुन्छ। भगवान्‌मा प्रेमको उदय भएपछि साधकहरूले आफूलाई स्थूल शरीर र सूक्ष्मशरीरदेखि भिन्नरूपले देख्न थाल्दछ। त्यसपछि भगवान्‌मा अत्यन्त दृढ भक्ति हुन थाल्दछ। त्यसपछि भगवत्तत्त्वसाक्षात्कार हुन्छ र त्यसपछि भगवान्‌का गुणहरू भक्तमा पनि प्रकट हुन थाल्दछन्।

नारदभक्तिसूत्र (४६)मा जसले विषयी पुरुषहरूको सङ्गलाई परित्याग गर्दछ र जसले महापुरुषको सङ्गत गर्दछ त्यसैले मायामाथि विजय प्राप्त गर्दछ भनिएको छ।
भगवद्‌भक्त सज्जनको सङ्गतबाट जसको दुःसङ्ग हटेको छ त्यस्तो विचारशील मानिसले भगवान्‌को कथा सुनिसकेपछि त्यसलाई छोड्नै सक्दैन।

तस्मिन् न्यस्तधियः पार्थाः सहेरन् विरहं कथम्।

दर्शनस्पर्शसंलाप शयनासनभोजनैः॥ १२ ॥

पदार्थ—
दर्शनस्पर्शसंलापशयनासन-भोजनैः = भगवान्‌को दर्शन, स्पर्श, उहाँसँग आलाप, शयन,

बसउठ र भोजनद्वारा	हृदयलाई अर्पित गरेका	विरहलाई
तस्मिन् = ती भगवान्मा	**पार्थाः** = पाण्डवहरू	**कथम्** = कसरी
न्यस्तधियः = आफ्नो सम्पूर्ण	**विरहम्** = भगवान् श्रीकृष्णको	**सहेरन्** = सहन गर्न सक्लान्

वाक्यार्थ— भगवान्को दर्शन, स्पर्श, उहाँसँग वार्तालाप, साथसाथ सुत्ने, बस्ने, भोजन गर्नाले जसले आफ्नो सम्पूर्ण हृदयलाई भगवान्मा अर्पण गरेका थिए, त्यस्ता पाण्डवहरूले भगवान्को विरहलाई कसरी सहन गर्न सक्दथे ?

सर्वे तेऽनिमिषैरक्षैस्तमनुद्रुतचेतसः ।
वीक्षन्तः स्नेहसम्बद्धा विचेलुस्तत्र तत्र ह ॥ १३ ॥

पदार्थ—

स्नेहसम्बद्धाः = स्नेहसम्बन्धनले बाँधिएका	**सर्वे** = सबै पाण्डवहरू	**तत्र** = त्यहाँ
द्रुतचेतसः = द्रवीभूत चित्त भएका	**अनिमिषैः** = निर्निमेष	**ह** = निश्चयका साथ
ते = ती	**अक्षैः** = नेत्रद्वारा	**तम् अनु** = भगवान् श्रीकृष्णका पछाडि
	वीक्षन्तः = हेर्दै	**विचेलुः** = दौडे
	तत्र = त्यहाँ	

वाक्यार्थ— पाण्डवहरूको चित्त स्नेहले पग्लिएको थियो। उनीहरू आँखा नझिम्क्याईकन भगवान्लाई हेर्दै स्नेहबन्धनले बाँधिएर उहाँका पछिपछि दौडे।

न्यरुन्धन्नुद्गलद्बाष्पमौत्कण्ठ्याद् देवकीसुते ।
निर्यात्यगारान्नोऽभद्रमिति स्याद् बान्धवस्त्रियः ॥ १४ ॥

पदार्थ—

देवकीसुते = देवकीपुत्र भगवान्	स्त्रीहरू	**इति** = यस उद्देश्यले
अगारात् = घरबाट	**औत्कण्ठ्यात्** = उत्कण्ठावश	**उद्गलद्बाष्पम्** = आँखाबाट निक्लन लागेको आँशुलाई
निर्याति = द्वारकातिर जानलाग्दा	**अभद्रम्** = अपशकुन	**न्यरुन्धन्** = रोके
बान्धवस्त्रियः = बन्धुहरूका	**नो स्यात्** = नहोस्	

वाक्यार्थ— भगवान् श्रीकृष्णले पाण्डवहरूको दरवारबाट बिदा भएर जान लाग्दा उहाँका बन्धु स्त्रीहरूको आँखा आँसुले भरिएका थिए। परन्तु यात्राको समयमा कुनै प्रकारको अपशकुन नहोस् भनेर उनीहरूले आँसुलाई प्रयत्नपूर्वक रोके।

मृदङ्गशङ्खभेर्यश्च वीणापणवगोमुखाः ।
धुन्धुर्यानकघण्टाद्या नेदुर्दुन्दुभयस्तथा ॥ १५ ॥

पदार्थ–

मृदङ्गशङ्खभेर्यः = मादल, शङ्ख, भेरी
वीणापणवगोमुखाः = वीणा, ढोल, नरसिङ्गा,
धुन्धुर्यानकघण्टाद्याः = धुन्धुरी, नगाडा, घण्टा
तथा च = त्यस्तै
दुन्दुभयः = दुन्दुभि आदि
बाजाहरू
नेदुः = बजे

वाक्यार्थ– भगवान्‌को प्रस्थानको समयमा मादल, शङ्ख, भेरी, वीणा, ढोल, नरसिङ्गा, धुन्धुरी, नगरा, घण्टा, दुन्दुभी आदि बाजाहरू बज्न लागे।

प्रासादशिखरारूढाः कुरुनार्यो दिदृक्षया।
ववृषुः कुसुमैः कृष्णं प्रेमव्रीडास्मितेक्षणाः॥ १६॥

पदार्थ–

कुरुनार्यः = कुरुवंशका स्त्रीहरू
दिदृक्षया = भगवान् श्रीकृष्णको दर्शन गर्ने इच्छाले
प्रासादशिखरारूढाः = दरवाारको छतमाथि चढेर
कृष्णम् = भगवान् श्रीकृष्णलाई
प्रेमव्रीडास्मितेक्षणाः = प्रेम, लज्जा र मन्दमुस्कानले हेर्दै
कुसुमैः = पुष्प
ववृषुः = वृष्टि गरे

वाक्यार्थ– भगवान्‌को दर्शनको लालसाले कुरुवंशका स्त्रीहरू दरबारको छतमाथि चढेर प्रेम, लज्जा र मन्दमुस्कानयुक्त दृष्टिले भगवान्‌माथि पुष्पवृष्टि गर्न लागे।

सितातपत्रं जग्राह मुक्तादामविभूषितम्।
रत्नदण्डं गुडाकेशः प्रियः प्रियतमस्य ह॥ १७॥

पदार्थ–

(त्यस समय)
प्रियः = भगवान्‌का प्रिय साथी
गुडाकेशः = अर्जुनले
प्रियतमस्य = आफ्ना प्रियतम भगवान् श्रीकृष्णको
मुक्तादामविभूषितम् = मोतीको झल्लर टाँगिएको
रत्नदण्डम् = रत्ननिर्मित दण्डले युक्त भएको
सितातपत्रम् = सेतो छाता
ह = निश्चयका साथ
जग्राह = लिनुभयो

वाक्यार्थ– त्यस समयमा भगवान्‌का प्रिय साथी अर्जुनले मोतीको झल्लर टाँगिएको रत्नको दण्डले युक्त भएको सेतो छाता आफ्नो हातमा लिनुभयो।

उद्धवः सात्यकिश्चैव व्यजने परमाद्भुते।
विकीर्यमाणः कुसुमै रेजे मधुपतिः पथि॥ १८॥

उद्धवः = उद्धव
सात्यकिः = सात्यकि
च एव = पनि
परमाद्भुते = विचित्र प्रकारको
व्यजने = पङ्खा डोलाउन लागे
पथि = बाटामा

कुसुमैः = पुष्पवृष्टिद्वारा	गरिनुभएका	**रेजे** = अत्यन्त सुशोभित हुनुभयो
विकीर्यमाणः = स्वागत	**मधुपतिः** = भगवान् श्रीकृष्ण	

वाक्यार्थ– उद्धव र सात्यकि विचित्र प्रकारको पङ्खा हम्कन लागे। मार्गमा भगवान् श्रीकृष्णमाथि चारैतिरबाट फूलहरूको वर्षा भइरहेको थियो र उहाँ अत्यन्त सुशोभित हुनुभएको थियो।

अश्रूयन्ताशिषः सत्यास्तत्र तत्र द्विजेरिताः।

नानुरूपानुरूपाश्च निर्गुणस्य गुणात्मनः॥ १९॥

पदार्थ–

तत्र = त्यहाँ	**निर्गुणस्य** = निर्गुण	**न अनुरूपाः** = अननुरूप
तत्र = त्यहाँ	**च** = र	**सत्याः** = सत्य
द्विजेरिताः = ब्राह्मणद्वारा	**गुणात्मनः** = सगुण भगवान्का	**आशिषः** = आशीर्वादहरू
दिइएका	**अनुरूपाः** = अनुरूप	**अश्रूयन्त** = सुनिन्थे

वाक्यार्थ– त्यहाँ ब्राह्मणहरूले दिएका सत्य आशीर्वादहरू सुनिन्थे। ती आशीर्वादहरू सगुण भगवान्का लागि अनुरूप थिए परन्तु निर्गुणका लागि अनुरूप थिएनन्। किनभने निर्गुण भगवान्मा कुनै प्राकृत गुण नभएकाले ब्राह्मणहरूले आशीर्वाद दिने प्रसङ्ग नै उठ्दैन।

अन्योन्यमासीत् सञ्जल्प उत्तमश्लोकचेतसाम्।

कौरवेन्द्रपुरस्त्रीणां सर्वश्रुतिमनोहरः॥ २०॥

पदार्थ–

उत्तमश्लोकचेतसाम् = भगवान्	हस्तिनापुरका कुलीन स्त्रीहरूको	र मनलाई आकृष्ट गर्ने
श्रीकृष्णमा चित्त अर्पण गरेका	**अन्योन्यम्** = परस्परमा	**सञ्जल्पः** = संवाद
कौरवेन्द्रपुरस्त्रीणाम् =	**सर्वश्रुतिमनोहरः** = सबको कान	**आसीत्** = थियो

वाक्यार्थ– भगवान् श्रीकृष्णमा चित्त अर्पण गरेका हस्तिनापुरका कुलीन स्त्रीहरू एकआपसमा सबको मन र कानलाई प्रिय लाग्ने वार्तालाप यसप्रकार गरिरहेका थिए।

स वै किलायं पुरुषः पुरातनो
य एक आसीदविशेष आत्मनि।
अग्रे गुणेभ्यो जगदात्मनीश्वरे
निमीलितात्मन् निशि सुप्तशक्तिषु॥ २१॥

पदार्थ—

(आफ्नो चोरी औंलाले भगवान् श्रीकृष्णलाई देखाउँदै)
अयं = यी श्रीकृष्ण
किल = निश्चय
सः = त्यही
वै = नै
पुरुषः = परम पुरुष हुनुहुन्छ
यः = जो
गुणेभ्यः = प्रकृतिका सत्त्व, रज र तम यी तीन गुणदेखि
अग्रे = पहिले
एकः = आफूमात्र
पुरातनः = अनादि कालदेखि
अविशेषे = निर्विशेष
आत्मनि = आत्मस्वरूपमा
आसीत् = रहनुहुन्थ्यो अनि
निशि = प्रलय कालमा
सुप्तशक्तिषु = महत्तत्त्व आदि समस्तजगद्विधायक शक्तिहरू विलीन भइसकेपछि
जगदात्मनि = जगदात्मा
ईश्वरे = भगवान्मा
निमीलितात्मन् = जीवको विलय भइसकेपछि पनि एकमात्र रहनुहुन्छ

वाक्यार्थ— ए सखी हो ! कृष्ण जो अहिले हस्तिनापुरबाट द्वारकातिर प्रस्थान गर्दै हुनुहुन्छ, उहाँ सनातन परमपुरुष हुनुहुन्छ। जो प्रलयको समयमा पनि आफ्नो निर्विशेष स्वरूपमा स्थित रहनुहुन्छ। यस समयमा सृष्टिका मूल कारण तीन गुणहरू रहँदैनन् र सम्पूर्ण जीवहरू जगदात्मा ईश्वरमा लीन हुन्छन्। महत्तत्त्व आदि समस्त शक्तिहरू आफ्नो कारण अव्यक्तमा सुतेका हुन्छन्।

स एव भूयो निजवीर्यचोदितां
स्वजीवमायां प्रकृतिं सिसृक्षतीम्।
अनामरूपात्मनि रूपनामनी
विधित्समानोऽनुससार शास्त्रकृत्॥ २२॥

पदार्थ—

भूयः = फेरि जगत्को सृष्टि कालमा
अनामरूपात्मनि = नाम र रूपले रहित जीवमा
रूपनामनी = पृथक् नाम र रूप
विधित्समानः = बनाउन इच्छा गर्दै
शास्त्रकृत् = जीवको कर्मफल भोग व्यवस्थाको लागि वेद बनाएर
निजवीर्यचोदिताम् = आफ्नो काल शक्तिले प्रेरित
सिसृक्षतीम् = विविध सृष्टितिर उन्मुख भएकी
स्वजीवमायाम् = जीवलाई मोहित गर्ने
प्रकृतिम् = प्रकृतिलाई
एव = नै
अनुससार = चेतन अध्यक्षको रूपमा अनुसरण गर्नुहुन्छ।

वाक्यार्थ— यसपछि उहाँले आफ्नो नाम र रूपले रहित स्वरूपमा नाम र रूपको निर्माण गर्ने इच्छा गर्नुहुन्छ र अंशभूत जीवहरूलाई मोहमा पार्ने त्रिगुणात्मक प्रकृतिलाई संसारको सृष्टिको लागि कालशक्तिद्वारा प्रेरित गर्नुहुन्छ एवं व्यवहारका लागि वेदादि शास्त्रहरूको रचना गर्नुहुन्छ।

स वा अयं यत्पदमत्र सूरयो
जितेन्द्रिया निर्जितमातरिश्वनः ।
पश्यन्ति भक्त्युत्कलितामलात्मना
नन्वेष सत्त्वं परिमार्ष्टुमर्हति ॥ २३ ॥

पदार्थ–

सः = यी
वा = अथवा
अयं = तिनै भगवान् श्रीकृष्ण हुन्
अत्र = यस संसारमा
यत्पदम् = जसको स्वरूपलाई
निर्जितमातरिश्वनः = प्राणमाथि विजय प्राप्त गरेको
जितेन्द्रियाः = इन्द्रियहरूमाथि विजय प्राप्त गरेका
सूरयः = योगीहरू
भक्त्युत्कलितामलात्मना = भक्तिले प्रफुल्लित निर्मल हृदयमा
पश्यन्ति = देख्दछन्
ननु = वास्तवमा
एषः = यिनै भगवान् श्रीकृष्ण
सत्त्वम् = अन्तःकरणलाई
परिमार्ष्टुम् = शुद्ध गर्न
अर्हति = समर्थ छन्

वाक्यार्थ– यस जगत्मा जितेन्द्रिय योगीहरू प्राणलाई आफ्नो वशमा राखेर भक्तिद्वारा प्रफुल्लित निर्मल हृदयमा जसको स्वरूपको साक्षात्कार गर्दछन् ती योगी श्रीकृष्ण उही साक्षात् परब्रह्म हुनुहुन्छ। वास्तवमा उहाँको भक्तिद्वारा अन्तःकरणको पूर्ण शुद्धि हुन्छ तर योगादिद्वारा त हुँदैन।

स वा अयं सख्यनुगीतसत्कथो
वेदेषु गुह्येषु च गुह्यवादिभिः ।
य एक ईशो जगदात्मलीलया
सृजत्यवत्यत्ति न तत्र सज्जते ॥ २४ ॥

पदार्थ–

सखि = हे सखी
वा = अथवा
सः = यी
अयम् = उनै श्रीकृष्ण हुनुहुन्छ
वेदेषु = वेदहरूमा
गुह्येषु = वेदानुसारी आगमहरूमा
गुह्यवादिभिः = रहस्यको निरूपण गर्न समर्थ ऋषिहरूद्वारा
अनुगीतसत्कथः = यथार्थ कथाको वर्णन गरिएका
यः = जुन
ईशः = भगवान् श्रीकृष्ण
एकः = आफू एक्लै
आत्मलीलया = आफ्नो लीलाद्वारा
जगत् = संसारलाई
सृजति = बनाउनुहुन्छ
अवति = रक्षा गर्नुहुन्छ
अत्ति = नाश गर्नुहुन्छ
च = पनि परन्तु
तत्र = त्यहाँ
न सज्जते = आसक्त हुनुहुन्न

वाक्यार्थ– सखी ! वास्तवमा यी श्रीकृष्ण उहाँ नै हुनुहुन्छ, जसको सुन्दर लीलाहरूको वर्णन वेद

र वेदानुसारी शास्त्रहरूमा व्यास आदि ऋषिहरूले गर्नुभएको छ। उहाँ एक अद्वितीय ईश्वर हुनुहुन्छ र आफ्नो लीलाले जगत्को सृष्टि, पालन र संहार गर्नुहुन्छ तर ती कार्यहरूमा उहाँ आसक्त हुनुहुन्न।

यदा ह्यधर्मेण तमोधियो नृपा
जीवन्ति तत्रैष हि सत्त्वतः किल।
धत्ते भगं सत्यमृतं दयां यशो
भवाय रूपाणि दधद्युगे युगे॥ २५॥

पदार्थ–

यदा = जुन समयमा
तमोधियः = तामसी बुद्धिवाला
नृपाः = राजाहरू
हि = निश्चय नै
अधर्मेण = अधर्मद्वारा
जीवन्ति = आफ्नो पेट पाल्न लाग्दछन्
तत्र = त्यस समयमा
एषः = यी भगवान् श्रीकृष्ण
किल = निश्चय नै
सत्त्वतः = सत्त्व गुणलाई स्वीकार गरेर
भगम् = ऐश्वर्य
सत्यम् = सत्य प्रतिज्ञा
ऋतम् = यथार्थोपदेश
दयां = भक्तहरूमाथि दया
यशः = अद्भुत कर्म
धत्ते = उत्तम गुणहरूले परिपूर्ण भएर प्रकट हुनुहुन्छ
भवाय = संसारको कल्याणको लागि
युगे युगे = प्रत्येक युगमा
रूपाणि = अनेक अवतारहरू
दधत् = धारण गर्नुहुन्छ

वाक्यार्थ– जब तामसी बुद्धि भएका राजाहरू अधर्मद्वारा आफ्नो पेट पाल्न थाल्दछन् तब परमेश्वर सत्त्वगुणलाई स्वीकार गरेर ऐश्वर्य, सत्य, ऋत, दया र यश प्रकट गर्दै संसारको कल्याणको लागि युगयुगमा अनेक अवतार धारण गर्नुहुन्छ।

अहो अलं श्लाघ्यतमं यदोः कुल–
महो अलं पुण्यतमं मधोर्वनम्।
यदेष पुंसामृषभः श्रियः पतिः
स्वजन्मना चङ्क्रमणेन चाञ्चति॥ २६॥

पदार्थ–

यत् = किनभने
श्रियः = लक्ष्मीका
पतिः = स्वामी
पुंसाम् = मानिसहरूमा
ऋषभः = उत्तम भगवान् श्रीकृष्णले
स्वजन्मना = आफ्नो जन्मले
यदोः = यदुको
कुलम् = कुललाई
अञ्चति = सम्मान गर्नु भएको छ यसकारण यो यदुकुल
अलम् = ज्यादै
श्लाघ्यतमम् = अति प्रशंसनीय बन्न पुगेको छ
मधोः वनम् = व्रजमण्डल पनि

अलम् = ज्यादै
पुण्यतमम् = अति पवित्र भएको छ
जसलाई
एषः = भगवान्‌ले
चङ्क्रमणेन = बाल्यावस्थामा र किशोरावस्थामा क्रीडा गरेर पवित्र गर्नु भएको छ

वाक्यार्थ– अहो ! यो यदुवंश परम प्रशंसनीय छ जुन वंशलाई लक्ष्मीपति पुरुषोत्तम भगवान् श्रीकृष्णले जन्म ग्रहण गरेर सम्मानित गर्नुभएको छ। यो पवित्र व्रजमण्डल पनि अत्यन्त धन्य छ जसलाई भगवान् श्रीकृष्णले आफ्नो शैशवावस्थामा र किशोर अवस्थामा आफ्ना दिव्य लीलाहरूद्वारा सुशोभित गर्नुभएको छ।

अहो बत स्वर्यशसस्तिरस्करी
कुशस्थली पुण्ययशस्करी भुवः।
पश्यन्ति नित्यं यदनुग्रहेषितं
स्मितावलोकं स्वपतिं स्म यत्प्रजाः॥ २७॥

पदार्थ–
अहो बत = यो आश्चर्यको कुरो हो कि
कुशस्थली = द्वारकाले
स्वर्यशसः = स्वर्गको कीर्तिलाई पनि
तिरस्करी = तिरस्कार गरेको छ
भुवः = पृथिवीको
पुण्ययशस्करी = पवित्र यशलाई फैलाएको छ
यत् = किनभने
यत्प्रजाः = जहाँका प्रजाहरू
अनुग्रहेषितं = आफ्नो भक्तमाथि अनुग्रह गर्नको लागि निवास गर्नुभएका
स्मितावलोकं = मन्दहास्यले युक्त
स्वपतिं = आफ्नो पतिलाई
नित्यं = सधैँ
पश्यन्ति स्म = देख्दथे

वाक्यार्थ– ज्यादै हर्षको विषय के हो भने द्वारका नगरीले स्वर्गको यशलाई बढाएको छ। यो कुरा किन नहोस्, यहाँका प्रजाहरू भक्तहरूमाथि अनुग्रह गर्नका लागि निवास गर्नुहुने मन्दमुस्कान र कृपापूर्ण दृष्टिले आफ्ना भक्तहरूलाई हेर्ने भगवान् श्रीकृष्णको दर्शन सधैँ गर्दछन्।

नूनं व्रतस्नानहुतादिनेश्वरः
समर्चितो ह्यस्य गृहीतपाणिभिः।
पिबन्ति याः सख्यधरामृतं मुहु-
र्व्रजस्त्रियः सम्मुमुहुर्यदाशयाः॥ २८॥

पदार्थ–
सखि = सखि
नूनं = अवश्य नै
अस्य = भगवान् श्रीकृष्णद्वारा
गृहीतपाणिभिः = पाणिग्रहण गरिएका व्रजका स्त्रीहरूले
व्रतस्नानहुतादिना = व्रत, स्नान र हवन आदिद्वारा
ईश्वरः = भगवान् श्रीकृष्ण
समर्चितः = आराधना गरिएको

हुनुपर्छ किनभने
याः = जुन स्त्रीहरू
मुहुः = बारम्बार
अस्य = भगवान् श्रीकृष्णको
अधरामृतं = अधरामृत
हि = निश्चय नै
पिबन्ति = पिउँदछन्
यदाशयाः = जसको
स्मरणमात्रले
व्रजस्त्रियः = व्रजका स्त्रीहरू
सम्मुमुहुः = आनन्दले मूर्च्छित भएका थिए

वाक्यार्थ– हेर सखी ! भगवान् श्रीकृष्णले जुन स्त्रीहरूको पाणिग्रहण गर्नुभएको छ तिनीहरूले अवश्य पनि व्रत, स्नान, हवन आदिद्वारा उहाँको आराधना गरेको हुनुपर्दछ। यसर्थ उनीहरूले भगवान् श्रीकृष्णको अधरसुधाको पान गर्ने अवसर प्राप्त गरेका छन् जसको स्मरणमात्रले पनि व्रजस्त्रीहरू आनन्दले मूर्च्छित हुन्थे।

या वीर्यशुल्केन हृताः स्वयंवरे
प्रमथ्य चैद्यप्रमुखान् हि शुष्मिणः।
प्रद्युम्नसाम्बाम्बसुतादयोऽपरा
याश्चाहृता भौमवधे सहस्रशः॥ २९॥
एताः परं स्त्रीत्वमपास्तपेशलं
निरस्तशौचं बत साधु कुर्वते।
यासां गृहात्पुष्करलोचनः पति-
र्न जात्वपैत्याहृतिभिर्हृदि स्पृशन्॥ ३०॥

पदार्थ–
याः = जो
प्रद्युम्नसाम्बाम्बसुतादयः = प्रद्युम्न, साम्ब, आम्ब आदि छोरा हुने रुक्मिणी आदि पटरानीहरू
स्वयंवरे = स्वयंवरमा
वीर्यशुल्केन = पराक्रमरूपी शुल्क दिएर
शुष्मिणः = बलवान्
चैद्यप्रमुखान् = शिशुपाल आदि वीरहरूलाई
प्रमथ्य = जितेर
हृताः = ल्याइएका थिए
याः = जो
अपराः = अन्य
सहस्रशः = सोह्र हजार रानीहरू थिए तिनीहरू
च = पनि
भौमवधे = भौमासुरलाई मारेर
हि = निश्चय
आहृताः = ल्याइएका थिए
एताः = भगवान् श्रीकृष्णका यी रानीहरूले
अपास्तपेशलं = स्वातन्त्र्यले रहित भएको र
निरस्तशौचं = पवित्रताले रहित भएको
परं = केवल वा खालि यस्तो
स्त्रीत्वम् = स्त्रीत्वलाई
साधु = राम्रो उत्कृष्ट
कुर्वते = बनाएका छन्
यासां = जसको
गृहात् = घरबाट
पुष्करलोचनः = कमलनयन भगवान् श्रीकृष्ण
पतिः = पति

आहृतिभिः = (पारिजात आदि प्रियवस्तुको) उपहारद्वारा	**हृदि स्पृशन्** = आनन्द प्रदान गर्दै **जातु** = कहिल्यै पनि	**न अपैति** = उनीहरूबाट एक क्षणका लागि पनि टाढा हुनुहुन्न

वाक्यार्थ– स्वयंवरमा शिशुपाल आदि बलवान् राजाहरूको अहङ्कारलाई चूर्ण पारेर भगवान् श्रीकृष्णले आफ्ना बाहुवलले जसलाई हरण गरेर ल्याउनुभएको थियो तथा जसका छोराहरू प्रद्युम्न, साम्ब, आम्ब आदि छन् ती रुक्मिणी आदि आठ पटरानीहरू र भौमासुरलाई मारेर ल्याइएका अररू हजारौं पत्नीहरू वास्तवमा धन्य छन् किनभने यी सबैले स्वतन्त्रता र पवित्रताले रहित स्त्रीजीवनलाई पवित्र र उज्ज्वल बनाएका छन्। यसर्थ यिनीहरूका स्वामी भगवान् श्रीकृष्ण नाना प्रकारका प्रिय चेष्टा र पारिजात आदि प्रियवस्तुहरूको उपहारद्वारा आनन्दित पार्दै एक क्षणका लागि पनि उनीहरूदेखि टाढा हुनुहुन्न।

एवंविधा गदन्तीनां स गिरः पुरयोषिताम्।
निरीक्षणेनाभिनन्दन् सस्मितेन ययौ हरिः॥ ३१॥

पदार्थ–

सः = ती	**पुरयोषिताम्** = हस्तिनापुरका स्त्रीहरूको	**ययौ** = त्यहाँबाट बिदा भएर जानुभयो
हरिः = भगवान् श्रीकृष्ण	**सस्मितेन** = मन्दमुस्कानयुक्त	
एवंविधाः = यसप्रकारका	**निरीक्षणेन** = हेराइले	
गिरः = वाणीहरू	**अभिनन्दन्** = अभिनन्दन गर्दै	
गदन्तीनां = बौल्दै गरेका		

वाक्यार्थ– हस्तिनापुरका स्त्रीहरू यसप्रकार वार्तालाप गरिरहेका थिए। भगवान् श्रीकृष्ण मन्दमुस्कान र प्रेमपूर्ण हेराइले उनीहरूको अभिनन्दन गर्दै त्यहाँबाट बिदा हुनुभयो।

अजातशत्रुः पृतनां गोपीथाय मधुद्विषः।
परेभ्यः शङ्कितः स्नेहात् प्रायुङ्क्त चतुरङ्गिणीम्॥ ३२॥

पदार्थ–

परेभ्यः = शत्रुहरूबाट	**मधुद्विषः** = श्रीकृष्णको	**चतुरङ्गिणीम्** = चार प्रकारका
शङ्कितः = शङ्का गरेर	**गोपीथाय** = संरक्षणका लागि	**पृतनां** = सेनालाई
अजातशत्रुः = युधिष्ठिरले	**स्नेहात्** = प्रेमको कारणले	**प्रायुङ्क्त** = खटाउनुभयो

वाक्यार्थ– अजातशत्रु युधिष्ठिरले भगवान् श्रीकृष्णलाई बाटामा शत्रुहरूले आक्रमण गर्दछन् कि भन्ने शङ्का गरी उहाँको रक्षाको लागि स्नेहवश हात्ती, घोडा, रथ र पैदल सेना साथमा लगाइदिनुभयो।

अथ दूरागतान् शौरिः कौरवान् विरहातुरान्।
सन्निवर्त्य दृढं स्निग्धान् प्रायात्स्वनगरीं प्रियैः॥ ३३॥

पदार्थ–

अथ = यसपछि	**दृढं** = अत्यन्त	साथ
शौरिः = श्रीकृष्ण	**स्निग्धान्** = प्रिय	**स्वनगरीं** = आफ्नो सहर
दूरागतान् = टाढासम्म पुऱ्याउन	**कौरवान्** = कौरवहरूलाई	द्वारकातिर
साथमा आएका	**सन्निवर्त्य** = सान्त्वनापूर्वक	**प्रायात्** = प्रस्थान गर्नुभयो
विरहातुरान् = विरहले आतुर	फर्काइदिएर	
भएका	**प्रियैः** = प्रिय उद्धव आदिका	

वाक्यार्थ– सुदृढ प्रेमको कारणले कुरुवंशी पाण्डव भगवान्सँग उहाँको बिदाइका लागि टाढासम्म गए। भगवान् श्रीकृष्णले उनीहरूलाई सान्त्वनापूर्वक फर्काइदिनुभयो। त्यसपछि उहाँ सात्यकि, उद्धव आदि प्रिय मित्रहरूका साथ द्वारकातर्फ प्रस्थान गर्नुभयो।

कुरुजाङ्गलपाञ्चालान् शूरसेनान् सयामुनान्।
ब्रह्मावर्तं कुरुक्षेत्रं मत्स्यान् सारस्वतानथ॥ ३४॥
मरुधन्वमतिक्रम्य सौवीराभीरयोः परान्।
आनर्तान् भार्गवोपागाच्छ्रान्तवाहो मनाग् विभुः॥ ३५॥

पदार्थ–

भार्गव = हे शौनक	**मत्स्यान्** = मत्स्य	**परान्** = पर पश्चिमतर्फ रहेका
कुरुजाङ्गलपाञ्चालान् =	**सारस्वतान्** = सारस्वत	**आनर्तान्** = द्वारका प्रदेशमा
कुरुजाङ्गल र पाञ्चाल	**अथ** = यसपछि	**मनाक्** = केही मात्रामा
शूरसेनान् = शूरसेन	**मरुधन्वम्** = मरुधन्वलाई	**श्रान्तवाहः** = घोडा थाकेका
सयामुनान् = यमुनातटवर्ती प्रदेश	**अतिक्रम्य** = पार गरेर	**विभुः** = भगवान् श्रीकृष्ण
ब्रह्मावर्तं = ब्रह्मावर्त	**सौवीराभीरयोः** = सौवीर र	**उपागात्** = आउनुभयो
कुरुक्षेत्रं = केरुक्षेत्र	आभीरको	

वाक्यार्थ– उहाँ कुरुजाङ्गल, पाञ्चाल, शूरसेन, यमुनाका तटवर्ती प्रदेश, ब्रह्मावर्त, कुरुक्षेत्र पार गरेर सौवीर र आभीर देशको पश्चिमतर्फ रहेको आनर्त देशमा आउनुभयो। त्यस वेला धेरै समयको यात्राको कारणले भगवान्का रथका घोडाहरू केही थाकेका थिए।

तत्र तत्र ह तत्रत्यैर्हरिः प्रत्युद्यतार्हणः।
सायं भेजे दिशं पश्चाद् गविष्ठो गां गतस्तदा॥ ३६॥

पदार्थ–

तत्र तत्र = ती मार्गहरूका ठाउँठाउँमा	**सायं** = साँझमा	**गविष्ठः** = रथबाट पृथिवीमा ओर्लेर
तत्रत्यैः = त्यहाँका मानिसहरूले	**पश्चात् दिशं** = द्वारका	**गां** = तलाउमा गएर
प्रत्युद्यताईणः = विभिन्न उपहारद्वारा सम्मान गरिएका	**भेजे** = पुग्नुभयो	**पश्चात् दिशं** = सन्ध्योपासना
हरिः = भगवान् श्रीकृष्ण	**तदा** = त्यस वेला	**भेजे** = गर्नुभयो
ह = निश्चय नै	**गविष्ठः** = सूर्य	
	गां गतः = अस्ताउनुभयो	
	तदा = सायङ्काल भएपछि	

वाक्यार्थ– विभिन्न ठाउँमा असङ्ख्य भक्तहरूद्वारा अर्पण गरिएका विभिन्न प्रकारका उपहारहरू ग्रहण गर्दै भगवान् श्रीकृष्ण सूर्यास्तको समयमा द्वारका पुग्नुभयो र तलाउमा गएर सन्ध्योपासना गर्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

नैमिषीयोपाख्याने श्रीकृष्णद्वारकागमनं नाम दशमोऽध्यायः ॥ १० ॥

अथ एकादशोऽध्यायः

द्वारकामा श्रीकृष्णको स्वागत

सूत उवाच (सूतजीले भन्नुभयो)

आनर्तान् स उपव्रज्य स्वृद्धाञ्जनपदान् स्वकान् ।
दध्मौ दरवरं तेषां विषादं शमयन्निव ॥ १ ॥

पदार्थ–

सः = भगवान् श्रीकृष्ण	**उपव्रज्य** = पुगेर	**दरवरं** = पाञ्चजन्य शङ्ख
स्वकान् = आफ्ना	**तेषां** = ती आनर्त देशवासीहरूको	**दध्मौ** = बजाउनुभयो
स्वृद्धान् = समृद्ध	**विषादं** = विरहवेदनालाई	
आनर्तान् = आनर्त नाम गरेको	**शमयन् इव** = मानौँ शमन गर्दै	
जनपदान् = देशमा		

वाक्यार्थ– श्रीकृष्णले समृद्ध आनर्त देशमा पुगेर त्यहाँका प्रजाहरूको विरहवेदनालाई शान्त गराउँदै आफ्नो पाञ्चजन्य शङ्ख बजाउनुभयो ।

स उच्चकाशे धवलोदरो दरोऽ-
प्युरुक्रमस्याधरशोणशोणिमा ।
दाध्मायमानः करकञ्जसम्पुटे
यथाब्जखण्डे कलहंस उत्स्वनः ॥ २ ॥

पदार्थ–

(त्यस समयमा भगवान् श्रीकृष्णले)	**उरुक्रमस्य** = भगवान्को	**यथा** = जसरी
करकञ्जसम्पुटे = करकमलका बीचमा राखेर	**अधरशोणशोणिमा** = ओठको रातोपनले रातो भएको	**उत्स्वनः** = उच्च स्वरले शब्द गर्ने
दाध्मायमानः = बजाइएको	**सः** = त्यो	**कलहंसः** = रजहाँस
धवलोदरः = सेतो वर्ण भएको	**दरः** = शङ्ख	**अब्जखण्डे** = रातो कमलमाथि सुशोभित हुन्छ
अपि = र	**उच्चकाशे** = त्यसै गरी ज्यादै शोभित भयो	

वाक्यार्थ– भगवान्को ओठको रातोपनले रातो भएको त्यो सेतो वर्णको शङ्ख उहाँले आफ्नो करकमलभित्र राखेर बजाउँदा रातो कमलमाथि बसेर राजहंसले उच्च स्वरले मधुर गान गरेको जस्तो सुशोभित हुन्थ्यो ।

तमुपश्रुत्य निनदं जगद्भयभयावहम् ।
प्रत्युद्ययुः प्रजाः सर्वा भर्तृदर्शनलालसाः ॥ ३ ॥

पदार्थ–

जगद्भयभयावहम् = संसारको भयलाई भयभीत गर्ने
तम् = त्यो
निनदं = शङ्खको ध्वनिलाई
उपश्रुत्य = सुनेर
सर्वाः = सम्पूर्ण
प्रजाः = प्रजाहरू
भर्तृदर्शनलालसाः = भगवान् श्रीकृष्णको दर्शन गर्ने इच्छाले
प्रत्युद्ययुः = बाहिर निक्ले

वाक्यार्थ– भगवान् श्रीकृष्णले बजाएको शङ्खको ध्वनि संसारको भयलाई भयभीत गराउने खालको थियो। शङ्खको त्यस ध्वनिलाई सुनेर त्यहाँका प्रजाहरू श्रीकृष्णको दर्शन गर्ने इच्छाले घरबाट बाहिर निक्ले।

तत्रोपनीतबलयो रवेर्दीपमिवादृताः ।
आत्मारामं पूर्णकामं निजलाभेन नित्यदा ॥ ४ ॥
प्रीत्युत्फुल्लमुखाः प्रोचुर्हर्षगद्गदया गिरा ।
पितरं सर्वसुहृदमवितारमिवार्भकाः ॥ ५ ॥

पदार्थ–

रवेः = सूर्यलाई
दीपम् = सूर्यलाई दीपको आवश्यकता नपरे पनि भक्तहरू जसरी सूर्यलाई दीपदान गर्दछन्
इव = त्यस्तै
तत्र = त्यहाँ
उपनीतबलयः = हातमा विभिन्न प्रकारका उपहार लिएर
प्रीत्युत्फुल्लमुखाः = प्रेमले मुख-कमल प्रसन्न भएका
आदृताः = भक्तिले युक्त भएका द्वारकावासी प्रजाहरूले
आत्मारामं = आत्मामा रमण गर्ने
निजलाभेन = आफ्नो परमानन्द स्वरूपलाई प्राप्त गरेकाले
नित्यदा = सधैं
पूर्णकामं = पूर्णकाम
अवितारम् = रक्षक
सर्वसुहृदम् = सम्पूर्ण प्राणीका मित्र भगवान् श्रीकृष्णलाई
अर्भकाः = बालकहरू (जसरी आफ्नो ताते बोलीले)
पितरं = बाबुसँग (कुराकानी गर्दछन्)
इव = त्यसै गरी
हर्षगद्गदया = हर्षले गद्गद भएको
गिरा = वाणीले
प्रोचुः = स्तुति गर्न लागे

वाक्यार्थ–भगवान् श्रीकृष्ण आत्माराम हुनुहुन्छ। उहाँ आफ्नो आत्मलाभले नै सदा सर्वदा पूर्ण काम हुनुहुन्छ। तर पनि जसरी मानिसहरू ठूलो आदरका साथ भगवान् सूर्यलाई दीपदान गर्दछन् त्यसै गरी द्वारकावासीहरूले अनेक प्रकारको उपहारद्वारा भगवान् श्रीकृष्णको स्वागत गरे। सबैको अनुहारमा प्रेमको झलक स्पष्टरूपले देखिन्थ्यो। उनीहरूले हर्षले गद्गद् भएको वाणीले श्रीकृष्णको त्यसै गरी स्तुति गरे जसरी एउटा बालक आफ्नो बुबासँग तोते बोलीमा कुरा गर्दछ।

नताः स्म ते नाथ सदाङ्घ्रिपङ्कजं
विरिञ्चवैरिञ्च्यसुरेन्द्रवन्दितम् ।
परायणं क्षेममिहेच्छतां परं
न यत्र कालः प्रभवेत् परः प्रभुः ॥ ६ ॥

पदार्थ–

नाथ = हे भगवान्
विरिञ्चवैरिञ्च्यसुरेन्द्रवन्दितम् = ब्रह्मा, सनकादि र इन्द्रद्वारा नमस्कार गरिएको
इह = यस संसारमा
परं = परम
क्षेमम् = कल्याण
इच्छतां = इच्छा गर्ने व्यक्तिहरूका लागि
परायणं = परम आश्रय भएको
यत्र = जुन चरणकमलको आश्रयलाई प्राप्त गरेपछि
परः = परम पिता ब्रह्मा आदि
प्रभुः = देवतालाई नियन्त्रणमा राख्न सक्षम
कालः = काल
न प्रभवेत् = समर्थ हुँदैन
ते = तपाईंको त्यस्तो
अङ्घ्रिपङ्कजं = चरणकमललाई
सदा = सधैँ
नताः स्म = नमस्कार गर्दछौँ

वाक्यार्थ– हे भगवान् ! हामी तपाईंका ती चरणकमलमा सदा सर्वदा प्रणाम गर्दछौँ जसको वन्दना ब्रह्मा, शङ्कर, इन्द्र आदि देवताहरूले पनि गर्दछन्। तपाईंका चरणकमल यस संसारमा परम कल्याण चाहने व्यक्तिहरूका लागि सर्वोत्तम आश्रय छन् जसको शरण लिएपछि कालले पनि त्यस व्यक्तिका लागि कुनै अनिष्ट गर्न सक्दैन।

भवाय नस्त्वं भव विश्वभावन
त्वमेव माताथ सुहृत्पतिः पिता ।
त्वं सद्गुरुर्नः परमं च दैवतं
यस्यानुवृत्त्या कृतिनो बभूविम ॥ ७ ॥

पदार्थ–

विश्वभावन = संसारका पालक भगवान्
त्वं = तपाईं
नः = हामीहरूको
भवाय = कल्याणका लागि
भव = हुनुहोस् किनभने
त्वम् = तपाईं
एव = नै
माता = माता
सुहृत् = मित्र
पिता = पिता हुनुहुन्छ
नः = हामीहरूको
सद्गुरुः = सद्गुरु
पतिः = स्वामी
अथ = यसपछि
परमं = परम
दैवतं = आराध्य देव
च = पनि हुनुहुन्छ
यस्य = जसको
अनुवृत्त्या = सेवाले हामीहरू
कृतिनः = कृतार्थ
बभूविम = भएका छौँ

वाक्यार्थ– संसारका पालक हे भगवान्, तपाईं नै हाम्रा लागि माता, सुहृद्, स्वामी, पिता हुनुहुन्छ। तपाईंको चरणको सेवा गर्न पाउँदा हामी कृतार्थ भएका छौँ, तपाईं हाम्रो कल्याण गर्नुहोस्।

अहो सनाथा भवता स्म यद्वयं
त्रैविष्टपानामपि दूरदर्शनम्।
प्रेमस्मितस्निग्धनिरीक्षणाननं
पश्येम रूपं तव सर्वसौभगम्॥ ८॥

पदार्थ–
अहो = यो ठुलो भाग्यको कुरो हो
यत् = कि
वयं = हामीहरू
भवता = तपाईंलाई पाएर
सनाथाः = सनाथ भएका
स्म = छौँ
त्रैविष्टपानाम् = देवताहरूका लागि
अपि = पनि
दूरदर्शनम् = दुर्लभ
प्रेमस्मितस्निग्धनिरीक्षणाननं = प्रेम मिसिएको हाँसो र अनुरागपरिपूर्ण नेत्रले युक्त भएको मुखले
सर्वसौभगम् = सम्पूर्ण अङ्गमा सौन्दर्यमिश्रित
तव = तपाईंको
रूपं = रूप
पश्येम = हेर्दछौँ

वाक्यार्थ– हामीहरू तपाईंलाई पाएर सनाथ भएका छौँ। किनभने तपाईंको सर्वसौन्दर्यसार अनुपम रूपको हामी दर्शन गर्दछौँ। तपाईंको यो सुन्दर मुख, प्रेमपूर्ण मुस्कानमिश्रित हेराइ र रूपको दर्शन त देवताहरूलाई पनि दुर्लभ छ।

यर्ह्यम्बुजाक्षापससार भो भवान्
कुरून् मधून् वाथ सुहृद्दिदृक्षया।
तत्राब्दकोटिप्रतिमः क्षणो भवेद्
रविं विनाक्ष्णोरिव नस्तवाच्युत॥ ९॥

पदार्थ–
भो = हे
अम्बुजाक्ष = कमलनयन
अच्युत = अच्युत
यर्हि = जब
भवान् = तपाईं
सुहृद्दिदृक्षया = आफ्ना बन्धुबान्धव भेट्नका लागि
कुरून् = हस्तिनापुर
वा = अथवा
मधून् = व्रजमण्डलतिर
अपससार = हामीलाई छोडेर जानुहुन्छ
अथ = यसपछि
तत्र = त्यस समयमा
रविं = भगवान् सूर्यको
विना = अभावमा
अक्ष्णोः = आँखाको लागि
इव = जसरी

क्षणः = एक छिन पनि	**भवेत्** = हुन्छ	**नः** = हामीहरूका लागि (एक
अब्दकोटिप्रतिमः = करोड वर्ष	**तव** = त्यसै गरी तपाईंको	छिन पनि कोटि वर्ष बराबर
बराबर	**विना** = अभावमा	हुन्छ)

वाक्यार्थ– कमलनयन श्रीकृष्ण ! जब आफ्नो बन्धुबान्धवलाई भेट्न द्वारकालाई छोडेर हस्तिनापुर अथवा ब्रजमण्डलतिर लाग्नुहुन्छ त्यस अवस्थामा तपाईंको अभावमा एक क्षण पनि हाम्रा लागि करोड वर्षजस्तो लाग्छ। सूर्यको अभावमा आँखाको जुन अवस्था हुन्छ तपाईंको अभावमा हाम्रो पनि त्यही अवस्था हुन्छ।

इति चोदीरिता वाचः प्रजानां भक्तवत्सलः।
शृण्वानोऽनुग्रहं दृष्ट्या वितन्वन्प्राविशत् पुरम्॥ १०॥

पदार्थ–

भक्तवत्सलः = भगवान् श्रीकृष्ण	**शृण्वानः** = श्रवण गर्दै	**पुरम्** = द्वारका पुरीमा
प्रजानां = प्रजाहरूले	**च** = र	**प्राविशत्** = प्रवेश गर्नुभयो
उदीरिताः = प्रशंसामा भनिएका	**दृष्ट्या** = कृपामय दृष्टिले	
इति = यी	**अनुग्रहं** = कृपालाई	
वाचः = वाणीहरूलाई	**वितन्वन्** = बर्साउँदै	

वाक्यार्थ– भक्तवत्सल भगवान् श्रीकृष्ण प्रजाहरूको मुखबाट यी कुराहरू सुन्दै आफ्नो कृपामय दृष्टिले उनीहरूमाथि अनुग्रहको वर्षा गर्दै द्वारकामा प्रवेश गर्नुभयो।

मधुभोजदशार्हार्हकुकुरान्धकवृष्णिभिः।
आत्मतुल्यबलैर्गुप्तां नागैर्भोगवतीमिव॥ ११॥
सर्वर्तुसर्वविभवपुण्यवृक्षलताश्रमैः।
उद्यानोपवनारामैर्वृतपद्माकरश्रियम्॥ १२॥
गोपुरद्वारमार्गेषु कृतकौतुकतोरणाम्।
चित्रध्वजपताकाग्रैरन्तःप्रतिहतातपाम्॥ १३॥
सम्मार्जितमहामार्गरथ्यापणकचत्वराम्।
सिक्तां गन्धजलैरुप्तां फलपुष्पाक्षताङ्कुरैः॥ १४॥
द्वारि द्वारि गृहाणां च दध्यक्षतफलेक्षुभिः।
अलङ्कृतां पूर्णकुम्भैर्बलिभिर्धूपदीपकैः॥ १५॥

पदार्थ—

नागैः = नागहरूले **भोगवतीम् इव** = पातालपुरीको रक्षा गरेझैं (द्वारका पुरी) **आत्मतुल्यबलैः** = भगवान् श्रीकृष्णजस्तै बलशाली, **मधुभोजदशार्हार्हकुकुरान्धक-वृष्णिभिः** = मधु, भोज, दशार्ह, अर्ह, कुकुर, अन्धक र वृष्णिवंशीद्वारा **गुप्तां** = सुरक्षित **सर्वर्तुसर्वविभवपुण्यवृक्ष-लताश्रमैः** = समस्त ऋतुहरूमा सम्पूर्ण वैभवले सम्पन्न एवं पवित्र वृक्ष र लताहरूको कुञ्जले र **उद्यानोपवनारामैः** = ठाउँठाउँमा फलहरूले परिपूर्ण उद्यान, पुष्पवाटिका र क्रीडावनहरूले युक्त **वृतपद्माकरश्रियम्** = तलाउहरूको शोभाले सम्पन्न **गोपुरद्वारमार्गेषु** = सहरका ढोकाहरूमा र राजमार्गमा **कृतकौतुकतोरणाम्** = विभिन्न प्रकारका तोरणहरूद्वारा सजाइएको **चित्रध्वजपताकाग्रैः** = चित्र-विचित्र ध्वजा र पताकाका कारणले **अन्तः प्रतिहतातपाम्** = घामको कुनै प्रभाव नपर्ने द्वारकामा **सम्मार्जितमहामार्गरथ्याआपणक-चत्वराम्** = राजमार्ग, अन्य सडक र बजारहरूमा राम्रोसँग सफा गरिएको **गन्धजलैः** = सुगन्धित जलद्वारा **सिक्तां** = छर्किएको **फलपुष्पाक्षताङ्कुरैः** = भगवान्को स्वागतका लागि फल, पुष्प,अक्षता र अङ्कुरहरू चारैतिर **उप्तां** = छरिएको द्वारका **गृहाणां** = घरको **द्वारि द्वारि** = प्रत्येक ढोकामा **दध्यक्षतफलेक्षुभिः** = दही, अक्षता, फल र उखुद्वारा **बलिभिः** = बलिद्वारा **धूपदीपकै** = धूप,दीप र **पूर्णकुम्भैः** = जलपूर्ण घडाहरूद्वारा **च** = पनि **अलङ्कृतां** = सजाइएका थिए

वाक्यार्थ— जसरी नागहरू आफ्नो नगरी भोगवती पातालपुरीको रक्षा गर्दछन् त्यसै गरी भगवान्को त्यो द्वारकापुरी पनि मधु, भोज, दशार्ह, अर्ह, कुकुर, अन्धक र वृष्णिवंशी यादवहरूद्वारा सुरक्षित थियो। द्वारकापुरी समस्त ऋतुहरूका सम्पूर्ण वैभवले सम्पन्न एवं पवित्र वृक्ष र लताहरूको कुञ्जले युक्त थियो। ठाउँठाउँमा फलहरूले परिपूर्ण उद्यान, पुष्पवाटिका एवं क्रीडावनहरू थिए। बीचबीचमा कमलयुक्त सरोवरहरूले नगरको शोभालाई बढाइरहेका थिए। सहरका ढोकाहरूमा, दरबारका ढोकाहरूमा र सडकहरूमा भगवान्का तोरणहरू टाँगिएका थिए। चारैतिर चित्र-विचित्रका ध्वजापताकाहरू फहराइरहेका थिए। यसर्थ ती ठाउँहरूमा घामको कुनै पनि प्रभाव पर्दैनथ्यो। यस्तै द्वारकाका राजमार्ग, अरू सडक, बजारहरू र तिनका चोकहरूमा अत्यन्त सुगन्धित जलको सेचन गरिएको थियो। भगवान्को स्वागतका लागि बर्साइएका फलफूल, अक्षता र अङ्कुरहरू चारैतिर छरिएका थिए। द्वारकाका प्रत्येक ढोकामा दही, अक्षता, फल, उखु, जलपरिपूर्ण कलश, उपहारका वस्तुहरू र धूप, दीप आदि सजाइएका थिए।

निशम्य प्रेष्ठमायान्तं वसुदेवो महामनाः।
अक्रूरश्चोग्रसेनश्च रामश्चाद्भुतविक्रमः॥ १६ ॥

प्रद्युम्नश्चारुदेष्णश्च साम्बो जाम्बवतीसुतः।
प्रहर्षवेगोच्छशितशयनासनभोजनाः॥ १७॥
वारणेन्द्रं पुरस्कृत्य ब्राह्मणैः ससुमङ्गलैः।
शङ्खतूर्यनिनादेन ब्रह्मघोषेण चादृताः॥
प्रत्युज्जग्मू रथैर्हृष्टाः प्रणयागतसाध्वसाः॥ १८॥

पदार्थ–

प्रेष्ठम् = परम प्रिय भगवान् श्रीकृष्ण
आयान्तं = आउँदै गर्नुभएको
निशम्य = थाहा पाएर
महामनाः = उदारशिरोमणि
वसुदेवः = वसुदेव
अक्रूरः = अक्रूर
उग्रसेनः = उग्रसेन र
अद्भुतविक्रमः = अद्भुत पराक्रमी
रामः = बलराम
च = पनि
प्रद्युम्नः = प्रद्युम्न
चारुदेष्णः = चारुदेष्ण
च = र
जाम्बवतीसुतः = जाम्बवतीपुत्र
साम्बः = साम्ब
प्रहर्षवेगोच्छशितशयनासन-भोजनाः = हर्षको उद्रेकको कारणले सम्पूर्ण आवश्यक कार्य सुत्ने, बस्ने र भोजनआदिलाई छोडेर
आदृताः = भक्तिले युक्त
हृष्टाः = प्रसन्न
वारणेन्द्रं = श्रेष्ठ हात्तीलाई
पुरस्कृत्य = अगाडि लगाएर
ससुमङ्गलैः = मङ्गलसूचक पुष्पादि हातमा लिएका
ब्राह्मणैः = ब्राह्मणद्वारा
ब्रह्मघोषेण = स्वस्तिवाचनका साथ
शङ्खतूर्यनिनादेन = शङ्ख, तुरही बाजाहरू
च = र
रथैः = रथहरूका साथ
प्रणयागतसाध्वसाः = अतिशय स्नेहका कारण हतपत गर्दै
प्रत्युज्जग्मुः = भगवान् श्रीकृष्णको स्वागतका लागि आए

वाक्यार्थ–उदार शिरोमणि वसुदेव, अक्रूर, उग्रसेन, अद्भुत पराक्रमी बलराम, प्रद्युम्न, चारुदेष्ण, जाम्बवती पुत्र साम्बले भगवान् श्रीकृष्ण आउँदै हुनुहुन्छ भन्ने थाहा पाएपछि उनीहरूको मनमा यति आनन्द भयो कि उनीहरूले आफ्नो सम्पूर्ण आवश्यक कार्य सुत्ने–बस्ने र भोजन आदि छोडिदिए। प्रेमको कारणले उनीहरूको हृदय अत्यन्त भावविभोर भएको थियो। उनीहरूले मङ्गल शकुनका लागि एक गजराजलाई अगाडि लगाएर माङ्गलिक सामग्रीले सुसज्जित ब्राह्मणहरूद्वारा स्वस्तिवाचन गराउँदै भगवान्को स्वागतका लागि गए। शङ्ख, तुरही आदि बाजाहरू बज्न लागे, वेदध्वनि हुन थाल्यो। ती सबै अत्यन्त हर्षित भएर रथमाथि चढेर भगवान्को स्वागतका लागि गए।

वारमुख्याश्च शतशो यानैस्तद्दर्शनोत्सुकाः।
लसत्कुण्डलनिर्भातकपोलवदनश्रियः॥ १९॥

नटनर्तकगन्धर्वाः सूतमागधवन्दिनः ।
गायन्ति चोत्तमश्लोकचरितान्यद्भुतानि च ॥ २० ॥

पदार्थ–

तद्दर्शनोत्सुकाः = भगवान् श्रीकृष्णको दर्शन गर्ने इच्छाले	कुण्डलहरूको कान्ति गालामा पर्नाले जसका मुखहरू अत्यन्त शोभित देखिन्थे	**सूतमागधवन्दिनः** = सूत, मागध र वन्दना गर्नेहरूले
शतशः = सयौँ	**यानैः** = यानद्वारा आइरहेका थिए	**च** = पनि
वारमुख्याः = वाराङ्गनाहरू	**नटनर्तकगन्धर्वाः** = नट, नाच्ने र गाउनेहरू	**अद्भुतानि** = अद्भुत
च = पनि		**उत्तमश्लोकचरितानि** = भगवान् श्रीकृष्णका चरित्रहरूलाई
लसत्कुण्डलनिर्भातकपोलवदन-श्रियः = चमचम गर्ने		**गायन्ति** = गाइरहेका थिए

वाक्यार्थ– साथै भगवान् श्रीकृष्णको दर्शनका लागि उत्सुक चमचम गर्ने कुण्डलहरूको कान्ति गालामा पर्नाले मुखमण्डल अत्यन्त सुशोभित भएका सैकडौँ श्रेष्ठ वाराङ्गनाहरू पालकीमाथि चढेर भगवान्को स्वागतका लागि पुगे। यस्तै नाच्नेहरू, गाउनेहरू, स्तुतिपाठक, मागध र वन्दना गर्नेहरूले भगवान् श्रीकृष्णको अद्भुत चरित्रको गान गरिरहेका थिए।

भगवांस्तत्र बन्धूनां पौराणामनुवर्तिनाम् ।
यथाविध्युपसङ्गम्य सर्वेषां मानमादधे ॥ २१ ॥

पदार्थ–

तत्र = त्यहाँ	**अनुवर्तिनाम्** = अनुसेवकहरूको	गरेर
भगवान् = भगवान् श्रीकृष्णले	**यथाविधि** = उनीहरूको योग्यताको अनुसार	**सर्वेषां** = सबैको
बन्धूनां = बन्धु-बान्धवहरूको	**उपसङ्गम्य** = अलग अलग भेट	**मानम्** = सत्कार
पौराणाम् = नागरिकहरूको		**आदधे** = गर्नुभयो

वाक्यार्थ– भगवान् श्रीकृष्णले बन्धु, बान्धव, नागरिक र सेवकहरूलाई उनीहरूको योग्यताअनुसार अलग-अलग भेट गरेर सम्मान गर्नुभयो।

प्रह्वाभिवादनाश्लेषकरस्पर्शस्मितेक्षणैः ।
आश्वास्य चाश्वपाकेभ्यो वरैश्चाभिमतैर्विभुः ॥ २२ ॥
स्वयं च गुरुभिर्विप्रैः सदारैः स्थविरैरपि ।
आशीर्भिर्युज्यमानोऽन्यैर्वन्दिभिश्चाविशत्पुरम् ॥ २३ ॥

पदार्थ–

प्रह्वाभिवादनाश्लेषकरस्पर्श-	**स्मितेक्षणैः** = कसैलाई शिर	झुकाएर प्रणाम, कसैलाई

वाणीले अभिवादन, कसैलाई छाती मिलाएर आलिङ्गन, कसैतिर मुसुक्क हाँसेर, कसैलाई प्रेमपूर्ण दृष्टि हेरेर
आश्वास्य = कसैलाई उनीहरूको इच्छाअनुसार वर प्रदान गरेर
च = र
अश्वपाकेभ्यः = चाण्डालपर्यन्त सम्पूर्ण नगरवासीहरूलाई
अभिमतैः = उनीहरूले इच्छा गरेको
वरैः = वरदान दिएर
स्वयं = आफू
च = र
सदारैः = पत्नीसहित
विप्रैः = ब्राह्मणहरूद्वारा
स्थविरैः = वृद्ध
गुरुभिः = गुरु
अन्यैः = अरूहरूको
आशीर्भिः = आशीर्वादलाई
अपि = पनि
युज्यमानः = ग्रहण गर्दै
वन्दिभिः = वन्दना गर्नेहरूको स्तुतिपाठलाई श्रवण गर्दै सबका साथ
विभुः = भगवान् श्रीकृष्ण
पुरम् = द्वारकापुरीमा
आविशत् = प्रवेश गर्नुभयो

वाक्यार्थ– कसैलाई वाणीले अभिवादन गर्नुभयो, कसैलाई छाती मिलाउनुभयो, कसैसँग हात मिलाउनुभयो, कसैतिर हेरेर मुसुक्क हाँसिदिनुभयो र कसैलाई खालि प्रेमपूर्ण दृष्टिले मात्र हेर्नुभयो। यसप्रकार चाण्डालपर्यन्त सबैलाई सन्तुष्ट गरेर गुरुजन, सपत्नीक ब्राह्मण, बृद्ध एवं अरुहरूबाट आशीर्वाद ग्रहण गर्दै उनीहरूको प्रशंसा सुन्दै सबका साथ भगवान् श्रीकृष्ण द्वारकामा पुग्नुभयो।

राजमार्गं गते कृष्णे द्वारकायाः कुलस्त्रियः।
हर्म्याण्यारुरुहुर्विप्र तदीक्षणमहोत्सवाः॥ २४॥

पदार्थ–

विप्र = हे शौनकजी
कृष्णे = भगवान् श्रीकृष्ण
राजमार्गं = राजमार्गबाट
गते = जान लाग्दा
द्वारकायाः = द्वारकाका
कुलस्त्रियः = कुलस्त्रीहरू
तदीक्षणमहोत्सवाः = भगवान्को दर्शनलाई महोत्सव ठानेर
हर्म्याणि = घरको छतमा
आरुरुहुः = चढे

वाक्यार्थ– शौनकजी ! भगवान् श्रीकृष्ण राजमार्गबाट जान लाग्दा द्वारकाका कुलस्त्रीहरू भगवान् श्रीकृष्णको दर्शनलाई परम महोत्सव मान्दै आ–आफ्नो घरको छतमाथि चढेर भगवान्को दर्शन गर्न लागे।

नित्यं निरीक्षमाणानां यदपि द्वारकौकसाम्।
न वितृप्यन्ति हि दृशः श्रियो धामाङ्गमच्युतम्॥ २५॥

पदार्थ–

यदपि = यद्यपि
नित्यं = सधैं
श्रियः धामाङ्गम् = जसका प्रत्येक अङ्गहरू शोभाका आश्रय छन् यस्ता
अच्युतम् = भगवान् श्रीकृष्णलाई
निरीक्षमाणानां = हेरिरहेका
द्वारकौकसाम् =

द्वारकावासीहरूको	**हि** = निश्चय नै
दृशः = नेत्रहरू	**न वितृप्यन्ति** = तृप्त हुँदैनन्

वाक्यार्थ– जसका प्रत्येक अङ्गहरू शोभाका आश्रय छन् यस्ता भगवान् श्रीकृष्णलाई हेरिरहेका द्वारकावासीहरूका नेत्रहरू कहिल्यै तृप्त हुँदैनन्।

श्रियो निवासो यस्योरः पानपात्रं मुखं दृशाम्।
बाहवो लोकपालानां सारङ्गाणां पदाम्बुजम्॥ २६॥

पदार्थ–

यस्य = जुन भगवान् श्रीकृष्णको	**दृशाम्** = नेत्रहरूको	**पदाम्बुजम्** = चरणकमल
उरः = वक्षःस्थल	**पानपात्रं** = सौन्दर्य सुधाले भरिएको पानपात्रजस्तो छ	**सारङ्गाणां** = भ्रमरजस्ता परम विवेकी भक्तहरूको निवासस्थान छ
श्रियः = लक्ष्मीको	**बाहवः** = भुजाहरू	
निवासः = निवासस्थान छ	**लोकपालानां** = लोकपालहरूको निवासस्थान छ	
मुखं = जसको मुखारविन्द		

वाक्यार्थ– भगवान्‌को वक्षःस्थल मूर्तिमान् सौन्दर्यलक्ष्मीको निवासस्थान हो। उहाँको मुखारविन्द नेत्रद्वारा पान गर्न योग्य सौन्दर्यसुधाले भरिएको पानपात्र हो। उहाँका भुजाहरू लोकपालहरूको निवासस्थान हो। उहाँका चरणकमलहरू परमहंसका लागि आश्रय हुन्। उहाँको प्रत्येक अङ्ग शोभाको धाम हो।

सितातपत्रव्यजनैरुपस्कृतः
प्रसूनवर्षैरभिवर्षितः पथि।
पिशङ्गवासा वनमालया बभौ
घनो यथार्कोडुपचापवैद्युतैः॥ २७॥

पदार्थ–

सितातपत्रव्यजनैः = सेतो छाता र चमरद्वारा	**अभिवर्षितः** = चारैतिर वर्षा गरिनुभएका	हुनुभयो
उपस्कृतः = अलङ्कृत हुनुभएका	**पिशङ्गवासा** = पीताम्बरधारी	**यथा** = जसरी
पथि = बाटोमा	**वनमालया** = वनमालाद्वारा भगवान् श्रीकृष्ण	**घनः** = मेघ
प्रसूनवर्षैः = फूलको वर्षाले	**बभौ** = त्यसै गरी सुशोभित	**अर्कोडुपचापवैद्युतैः** = सूर्य, नक्षत्र, चन्द्रमा, धनु र विजुलीबाट सुशोभित हुन्छ

वाक्यार्थ– द्वारकाको राजमार्गमा भगवान् श्रीकृष्णले प्रस्थान गर्दा उहाँको शिरमाथि सेतो वर्णको छाता ओढाइएको थियो र सेतो चमर डोलाइएको थियो। चारैतिरबाट उहाँमाथि पुष्पवृष्टि गरिएको

थियो। उहाँले पीताम्बर र वनमाला धारण गर्नुभएको थियो। त्यस समय उहाँ श्याम, मेघ एकै साथ सूर्य, चन्द्रमा, इन्द्रधनुष र बिजुलीद्वारा शोभायमान भएझैं शोभायमान हुनुभयो।

प्रविष्टस्तु गृहं पित्रोः परिष्वक्तः स्वमातृभिः।
ववन्दे शिरसा सप्त देवकीप्रमुखा मुदा॥ २८॥

पदार्थ–

पित्रोः = माता र पिताको	**देवकीप्रमुखाः** = देवकी आदि	**तु** = र
गृहं = घरमा	**सप्त** = सात माताहरूलाई	**स्वमातृभिः** = आमाहरूले
प्रविष्टः = प्रवेश गरेर	**शिरसा** = शिर झुकाएर	**परिष्वक्तः** = उहाँलाई आलिङ्गन गरे
मुदा = आनन्दपूर्वक	**ववन्दे** = नमस्कार गर्नुभयो	

वाक्यार्थ– सबभन्दा पहिले भगवान् आफ्नो मातापिताको घर प्रवेश गर्नुभयो। त्यहाँ उहाँले अत्यन्त नम्रता र श्रद्धाका साथ देवकी आदि सात माताहरूको चरणकमलमा शिर झुकाएर प्रणाम गर्नुभयो।

ताः पुत्रमङ्कमारोप्य स्नेहस्नुतपयोधराः।
हर्षविह्वलितात्मानः सिषिचुर्नेत्रजैर्जलैः॥ २९॥

पदार्थ–

स्नेहस्नुतपयोधराः = स्नेहको कारणले स्तनबाट दुध निक्लेका	**ताः** = ती देवकी आदि माताले	**जलैः** = जल अथवा हर्षको आँसुद्वारा
हर्षविह्वलितात्मानः = अतिशय हर्षको कारणले हृदय विह्वल भएका	**पुत्रम्** = भगवान् श्रीकृष्णलाई	**सिषिचुः** = सेचन गरे
	अङ्कम् = काखमा	
	आरोप्य = राखेर	
	नेत्रजैः = आँखाबाट निक्लेका	

वाक्यार्थ– माताहरूले पनि पुत्रलाई आफ्नो काखमा राख्नुभयो। स्नेहको कारण उहाँहरूको स्तनबाट दुधको धारा बग्न लाग्यो। उहाँहरूको हृदय हर्षले विह्वल भयो। आनन्दको आँशुले उहाँहरूले भगवान् श्रीकृष्णको अभिषेक गर्नुभयो।

अथाविशत् स्वभवनं सर्वकाममनुत्तमम्।
प्रासादा यत्र पत्नीनां सहस्राणि च षोडश॥ ३०॥

पदार्थ–

अथ = त्यसपछि	**च** = र	**आविशत्** = प्रवेश गर्नुभयो
सर्वकामम् = सम्पूर्ण भोग्य पदार्थले युक्त भएको	**अनुत्तमम्** = अत्यन्त उत्तम	**यत्र** = जहाँ
	स्वभवनं = आफ्नो दरबारमा	**पत्नीनां** = भगवान् श्रीकृष्णका

पत्नीहरूका	**षोडश सहस्राणि** = सोह्र हजार	**प्रासादाः** = दरबारहरू थिए

वाक्यार्थ– भगवान् श्रीकृष्ण माताहरूको आज्ञा लिएर सम्पूर्ण भोग्य सामग्रीले सम्पन्न सर्वश्रेष्ठ दरबारमा जानुभयो। त्यहाँ भगवान् श्रीकृष्णका सोह्र हजार पत्नीका अलग-अलग दरबारहरू थिए।

पत्न्यः पतिं प्रोष्य गृहानुपागतं
विलोक्य सञ्जातमनोमहोत्सवाः।
उत्तस्थुरारात्सहसाऽऽसनाशयात्
साकं व्रतैर्व्रीडितलोचनाननाः॥ ३१॥

पदार्थ–

पत्न्यः = भगवान् श्रीकृष्णकी पत्नीहरू	श्रीकृष्णलाई	**साकं** = साथ
प्रोष्य = धेरै दिनसम्म बाहिर बसेर	**विलोक्य** = देखेर	**सहसा** = तुरुन्त
गृहान् = घरमा	**सञ्जातमनोमहोत्सवाः** = मनमा ठुलो हर्षको अनुभव गर्ने	**आसनाशयात्** = आसन र नियमहरूको परित्याग गरी
उपागतं = आउनुभएको	**व्रीडितलोचनाननाः** = लजालु मुख र आँखाले युक्त भएका	**आरात्** = एकाएक
पतिं = पति भगवान्	**व्रतैः** = व्रत समाप्तिका	**उत्तस्थुः** = उठे

वाक्यार्थ– आफ्नो प्राणनाथ भगवान् श्रीकृष्ण धेरै दिनसम्म बाहिर बसेर घरमा आएको देखेर रानीहरूको हृदयमा ठुलो आनन्द भयो। भगवान्लाई आफ्नो नजिक देखेर एकाएक ध्यानलाई छोडेर उहाँहरूले आसनको मात्र परित्याग होइन अपितु नियमहरूको पनि परित्याग गर्नुभयो।

तमात्मजैर्दृष्टिभिरन्तरात्मना
दुरन्तभावाः परिरेभिरे पतिम्।
निरुद्धमप्यास्रवदम्बु नेत्रयो-
र्विलज्जतीनां भृगुवर्य वैक्लवात्॥ ३२॥

पदार्थ–

भृगुवर्य = हे शौनकजी	**तम्** = ती	**दृष्टिभिः** = दृष्टिको नजिक आइसकेपछि
दुरन्तभावाः = भगवान् श्रीकृष्णप्रति गम्भीर भाव भएका रुक्मिणी आदि पत्नीहरूले	**पतिम्** = आफ्ना पति भगवान् श्रीकृष्णलाई	**आत्मजैः** = छोराहरूको माध्यमले
	अन्तरात्मना = मनमनैले	

परिरेभिरे = आलिङ्गन गर्नुभयो
विलज्जतीनां = लज्जावश
नेत्रयोः = आँखामा
निरुद्धम् = रोकिएका
अम्बु = आँसु
अपि = पनि
वैक्लवात् = विवशताको कारणले
अस्रवत् = अलिकति खसिहाल्यो

वाक्यार्थ—भगवान्प्रति उहाँहरूको भाव अत्यन्त गम्भीर थियो। उहाँहरूले पनि मनैमन फेरि नेत्रद्वारा पुत्रको बहानाले र शरीरले पनि भगवान् श्रीकृष्णको आलिङ्गन गर्नुभयो। त्यस समयमा उहाँहरूको नेत्रबाट जुन प्रेमका आँसुहरू निक्लन लागेका थिए तिनलाई लज्जावश रोक्ने प्रयास गरे तापनि विवशतावश केही थोपा आँसुहरू भूमिमा खसिहाले।

यद्यप्यसौ पार्श्वगतो रहोगत-
स्तथापि तस्याङ्घ्रियुगं नवं नवम्।
पदे पदे का विरमेत तत्पदा-
च्चलापि यच्छ्रीर्न जहाति कर्हिचित्॥ ३३॥

पदार्थ—
यद्यपि = यद्यपि
असौ = यी श्रीकृष्ण
पार्श्वगतः = सधै उहाँहरूको नजिक रहनुहुन्छ त्यसमाथि पनि
रहोगतः = उहाँसँग एकान्तमा रहनुहुन्छ
तथापि = तर पनि
तस्य = भगवान् श्रीकृष्णका
अङ्घ्रियुगं = चरणयुगल
पदे पदे = प्रतिक्षण
नवं नवम् = नयाँ-नयाँ प्रतीत हुन्थे त्यसकारण
तत्पदात् = उहाँको चरणलाई
का = कसले
विरमेत = छोड्न सक्ला
यत् = भगवान्को जुन चरणकमललाई
चला = चञ्चल स्वभाव भएकी
श्रीः = लक्ष्मी
अपि = पनि
कर्हिचित् = कहिल्यै
न जहाति = छोड्दिनन्

वाक्यार्थ— यद्यपि भगवान् श्रीकृष्ण एकान्तमा सधैँ उनीहरूसँग बस्नुहुन्थ्यो तथापि भगवान् श्रीकृष्णका चरणकमल उहाँहरूका लागि प्रतिक्षण नयाँनयाँ प्रतीत हुन्थे। स्वभावले नै चञ्चल लक्ष्मी जसको चरणकमललाई एकछिन पनि छोड्दिनन् त्यस्ता भगवान् श्रीकृष्णको सन्निधिले कुन स्त्रीलाई तृप्ति हुन सक्ला ?

एवं नृपाणां क्षितिभारजन्मनाम्
अक्षौहिणीभिः परिवृत्ततेजसाम्।
विधाय वैरं श्वसनो यथानलं
मिथो वधेनोपरतो निरायुधः॥ ३४॥

पदार्थ–

एवं = यसप्रकार	**वैरं** = वैरभाव	**तथा** = त्यसरी
क्षितिभारजन्मनाम् = पृथिवीको भार भएका	**विधाय** = गराएर	**निरायुधः** = अस्त्र ग्रहण नगरीकन
परिवृत्ततेजसाम् = प्रभावशाली	**श्वसनः** = वायु	**वधेन** = ती शक्तिशाली राजाहरूका बधबाट
नृपाणां = राजाहरूमा	**यथा** = जसरी बाँसहरूको परस्पर सङ्घर्षले	**उपरतः** = निवृत्त हुनुभयो
अक्षौहिणीभिः = अक्षौहिणी सेनाका साथ	**अनलं** = आगालाई उत्पन्न गरेर बाँसहरूको वनलाई नष्ट गराइदिन्छ	
मिथः = परस्पर		

वाक्यार्थ– जसरी वायु बाँसहरूको सङ्घर्षद्वारा अग्नि उत्पन्न गरी ती सम्पूर्ण बाँसहरूलाई नष्ट गरिदिन्छ त्यसै गरी भगवान् श्रीकृष्णले पनि पृथिवीका भारभूत शक्तिशाली राजाहरूमा परस्परमा वैरभाव प्रकट गराएर आफूले शस्त्र ग्रहण नगरीकन अक्षौहिणी सेनासहित तीं राजाहरूको वध गराएर त्यसपछि आफू उपरत हुनुभयो।

स एष नरलोकेऽस्मिन्नवतीर्णः स्वमायया।
रेमे स्त्रीरत्नकूटस्थो भगवान् प्राकृतो यथा॥ ३५॥

पदार्थ–

सः = उनै	**अवतीर्णः** = मनुष्यरूपमा अवतार लिएर	मनुष्य
एषः = यी साक्षात् परमेश्वर	**स्त्रीरत्नकूटस्थः** = स्त्रीरत्नको समुदायमा रहेर	**यथा** = जसरी
भगवान् = भगवान् श्रीकृष्ण	**प्राकृतः** = स्त्रीको वशमा रहेको	**अस्मिन्** = यस
स्वमायया = आफ्नो मायालीलाद्वारा		**नरलोके** = मर्त्यलोकमा
		रेमे = रमाउनुभयो

वाक्यार्थ– साक्षात् परमेश्वर नै आफ्नो लीलाद्वारा मनुष्यलोकमा अवतीर्ण हुनुभएको थियो। हजारौं स्त्रीरत्नको समुदायमा रहेर उहाँले साधारण मनुष्यको जस्तो क्रीडा गर्नुभयो।

उद्दामभावपिशुनामलवल्गुहास
व्रीडावलोकनिहतो मदनोऽपि यासाम्।
सम्मुह्य चापमजहात्प्रमदोत्तमास्ता
यस्येन्द्रियं विमथितुं कुहकैर्न शेकुः॥ ३६॥

पदार्थ–

यासाम् = जुन कमनीय कामिनीहरूको	**उद्दामभावपिशुनामलवल्गुहास** = **व्रीडावलोकनिहतः** =	आफूभित्रको गम्भीर भावको सङ्केत गर्ने उहाँहरूको प्रेमपूर्वक

हेराइले घायल भएको
मदनः = कामदेवले
सम्मुह्य = मूर्च्छित भएर
अपि = पनि
चापम् = आफ्नो धनुलाई
अजहात् = परित्याग गरिदिएको
थियो
ताः = त्यस्ता
प्रमदोत्तमाः = स्त्रीरत्नहरूले
यस्य = जुन भगवान् श्रीकृष्णको
इन्द्रियं = इन्द्रियलाई
कुहकैः = मधुर हाँसो र कटाक्षद्वारा
विमथितुं = क्षुब्ध गर्न
नशेकुः = समर्थ भएनन्

वाक्यार्थ– जसको निर्मल र मधुर हँसी उनको हृदयको निर्मल भावलाई सूचित गर्दथ्यो, जसको दृष्टिको चोटले घायल भएर कामदेवले आफ्नो धनुषको परित्याग गरेको थियो त्यस्ता कमनीय कामिनीहरूले आफ्नो कामविलासद्वारा भगवान् श्रीकृष्णको मनमा अलिकति पनि क्षोभ उत्पन्न गर्न सकेनन्।

तमयं मन्यते लोको ह्यसङ्गमपि सङ्गिनम्।
आत्मौपम्येन मनुजं व्यापृण्वानं यतोऽबुधः॥ ३७॥

पदार्थ–

असङ्गम् = स्त्रीपुत्रादि विषयमा अनासक्त
अपि = र
व्यापृण्वानं = मनुष्यको जस्तो चेष्टा गर्ने
तम् = ती भगवान् श्रीकृष्णलाई
अयं = यो अज्ञानी
लोकः = जीवसमुदाय
आत्मौपम्येन = आफ्नो दृष्टान्तद्वारा
सङ्गिनम् = स्त्री पुत्रादि विषयमा आसक्त
मनुजं = मनुष्य
मन्यते = ठान्दछ
यतः = किनभने
हि = निश्चय नै
अबुधः = यो अज्ञानी जीव समुदाय भगवान्‌को तत्त्वको विषयमा अनभिज्ञ छ

वाक्यार्थ– त्यस्ता असङ्ग भगवान् श्रीकृष्णलाई संसारी मनुष्यहरू आफूले जस्तै कर्म गरेको देखेर आसक्त मनुष्यझैं ठान्दछन् किनभने उनीहरू अज्ञानी छन्।

एतदीशनमीशस्य प्रकृतिस्थोऽपि तद्गुणैः।
न युज्यते सदात्मस्थैर्यथा बुद्धिस्तदाश्रया॥ ३८॥
तं मेनिरेऽबला मूढाः स्त्रैणं चानुव्रतं रहः।
अप्रमाणविदो भर्तुरीश्वरं मतयो यथा॥ ३९॥

पदार्थ–

एतत् = यही नै
ईशस्य = ईश्वरको
ईशनम् = ईश्वरत्व हो कि
प्रकृतिस्थः = प्रकृतिमा रहेर
अपि = पनि
तद्गुणैः = प्रकृतिका गुण राग, लोभ, मोह, दुःख, सुख आदिद्वारा
सदा = सधैं

न युज्यते = लिप्त हुनुहुन्न **यथा** = जसरी **आत्मस्थैः** = आत्माको सत्ता र	प्रकाशरूप धर्मद्वारा **तदाश्रया** = आत्माको अधीनमा रहने	**बुद्धिः** = बुद्धि (लिप्त हुन्छ)
यथा = जसरी **मतयः** = अहङ्कारका वृत्तिहरूले **ईश्वरं** = ईश्वरलाई आफ्नो धर्मले युक्त भएको मान्दछन् त्यसै गरी **भर्तुः** = भगवान् श्रीकृष्णको **अप्रमाणविदः** = तत्त्वलाई	नजान्ने **मूढाः** = अज्ञानी **च** = र **अबलाः** = भगवान्‌का पत्नीहरूले **तं** = भगवान् श्रीकृष्णलाई	**स्त्रैणं** = स्त्रीमा आसक्त **रहः** = एकान्तमा **अनुव्रतं** = आफ्नो वशमा रहेको **मेनिरे** = ठान्दथे

वाक्यार्थ– यही नै भगवान्‌को भगवत्ता हो कि उहाँ प्रकृतिमा रहेर पनि प्रकृतिका गुणद्वारा कहिल्यै पनि लिप्त हुनुहुन्न। आत्माको सत्ता र प्रकाशरूप धर्मद्वारा त्यसको अधीनमा रहेको बुद्धि लिप्त भएजस्तो भगवान् प्रकृतिका गुणद्वारा लिप्त हुनुहुन्न। जसरी अहङ्कारका वृत्तिहरू ईश्वरलाई आफ्नो धर्मले युक्त मान्दछन् त्यस्तै भगवान्‌को वास्तविक तत्त्व नजान्ने ती मूढ स्त्रीहरू पनि भगवान् कृष्णलाई आफ्नो एकान्तसेवी स्त्रीमा आसक्त पुरुष नै ठान्दथे।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

नैमिषीयोपाख्याने कृष्णद्वारकाप्रवेशो नामैकादशोऽध्यायः॥ ११॥

अथ द्वादशोऽध्यायः

परीक्षित्को जन्म

शौनक उवाच (शौनकजीले भन्नुभयो)

अश्वत्थाम्नोपसृष्टेन ब्रह्मशीर्ष्णोरुतेजसा ।

उत्तराया हतो गर्भ ईशेनाजीवितः पुनः ॥ १ ॥

पदार्थ–

अश्वत्थाम्ना = अश्वत्थामाद्वारा	**उत्तरायाः** = उत्तराको	**ईशेन** = भगवान् कृष्णद्वारा
उपसृष्टेन = छोडिएको	**गर्भः** = गर्भ	**आजीवितः** = बचाइएको थियो
उरुतेजसा = ठुलो प्रभाव भएको	**हतः** = नष्ट गरिएको र	
ब्रह्मशीर्ष्णा = ब्रह्मास्त्रद्वारा	**पुनः** = फेरि	

वाक्यार्थ– अश्वत्थामाले प्रहार गरेको अत्यन्त तेजस्वी ब्रह्मास्त्रबाट उत्तराको गर्भ नष्ट भएको थियो परन्तु भगवान्ले उसलाई पुनः जीवित गराइदिनुभयो ।

तस्य जन्म महाबुद्धेः कर्माणि च महात्मनः ।

निधनं च यथैवासीत्स प्रेत्य गतवान् यथा ॥ २ ॥

तदिदं श्रोतुमिच्छामो गदितुं यदि मन्यसे ।

ब्रूहि नः श्रद्दधानानां यस्य ज्ञानमदाच्छुकः ॥ ३ ॥

पदार्थ–

यस्य = जुन राजा परीक्षित्लाई	**कर्माणि** = कर्महरू	**श्रोतुम्** = सुन्न
शुकः = भगवान् शुकदेवजीले	**निधनं** = निधन	**इच्छामः** = चाहन्छौ
ज्ञानम् = ज्ञान	**च** = र	**यदि** = यदि
अदात् = प्रदान गर्नुभएको थियो	**प्रेत्य** = शरीरलाई छोडेर	**गदितुं** = सुनाउन
महाबुद्धेः = महाज्ञानी	**सः** = ती राजा परीक्षित्	**मन्यसे** = योग्य ठान्नुहुन्छ भने
महात्मनः = महात्मा	**यथा एव** = जसरी	**श्रद्दधानानां** = श्रद्धा गर्ने
तस्य = ती राजा परीक्षित्को	**गतवान्** = जुन गतिलाई प्राप्त गर्नुभयो	**नः** = हामीहरूलाई
जन्म = जन्म		**ब्रूहि** = भन्नुहोस्
आसीत् = भयो	**तत् इदं** = यी सम्पूर्ण कुराहरू	

वाक्यार्थ– त्यस गर्भबाट उत्पन्न भएका महाज्ञानी महात्मा परीक्षित् जसलाई शुकदेवजीले ज्ञानको उपदेश गर्नुभएको थियो, उनको जन्म, कर्म, मृत्यु र त्यसपछि उनलाई जुन गति प्राप्त

भयो, यी विषयहरूमा हामी ठुलो श्रद्धाका साथ श्रवण गर्न चाहन्छौं। यदि तपाईं हामीलाई उक्त विषयहरूमा श्रवण गर्न योग्य ठान्नुहुन्छ भने हामीलाई बताउनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

अपीपलद् धर्मराजः पितृवद् रञ्जयन् प्रजाः।
निःस्पृहः सर्वकामेभ्यः कृष्णपादाब्जसेवया॥ ४॥

पदार्थ–

कृष्णपादाब्जसेवया = भगवान् श्रीकृष्णको चरणकमलको सेवाले	भोगहरूबाट	**रञ्जयन्** = प्रसन्न राख्दै
सर्वकामेभ्यः = सम्पूर्ण	**निःस्पृहः** = स्पृहारहित हुनुभएका	**पितृवत्** = पिताले झैं
	धर्मराजः = धर्मराज युधिष्ठिरले	**अपीपलत्** = पालन गर्नुभयो
	प्रजाः = प्रजाहरूलाई	

वाक्यार्थ– धर्मराज युधिष्ठिर आफ्ना प्रजाहरूलाई प्रसन्न राख्दै पितृवत् उनीहरूको पालना गर्न लाग्नुभयो। भगवान् श्रीकृष्णको चरणकमलको सेवाबाट उहाँ सम्पूर्ण भोग्य पदार्थबाट निःस्पृह हुनुभएको थियो।

सम्पदः क्रतवो लोका महिषी भ्रातरो मही।
जम्बूद्वीपाधिपत्यं च यशश्च त्रिदिवं गतम्॥ ५॥

पदार्थ–

सम्पदः = राजा युधिष्ठिरसँग प्रशस्त सम्पत्ति थियो	**भ्रातरः** = आज्ञाकारीभाइहरू	**गतम्** = पुगेको
क्रतवः = उहाँले धेरै ठुला-ठुला यज्ञहरू गर्नुभएको थियो	**मही** = सम्पूर्ण पृथिवी	**यशः** = कीर्ति
लोकाः = प्रजा	**जम्बूद्वीपाधिपत्यं** = जम्बूद्वीपको राज्य	**च** = पनि थियो
महिषी = अनुकूल रानी	**च** = र	
	त्रिदिवं = स्वर्गसम्म	

वाक्यार्थ– महाराज युधिष्ठिरसँग अतुल सम्पत्ति थियो। यज्ञानुष्ठानको फलस्वरूप उहाँले श्रेष्ठ लोकहरूलाई प्राप्त गर्ने अधिकार प्राप्त गर्नुभएको थियो। उहाँका रानीहरू र भाइहरू अनुकूल थिए। उहाँ जम्बूद्वीपको स्वामी हुनुहुन्थ्यो र उहाँको कीर्ति स्वर्गसम्म फैलिएको थियो।

किं ते कामाः सुरस्पार्हा मुकुन्दमनसो द्विजाः।
अधिजह्रुर्मुदं राज्ञः क्षुधितस्य यथेतरे॥ ६॥

पदार्थ–

द्विजाः = हे शौनकादि ऋषिहरू	**सुरस्पार्हाः** = देवताहरूद्वारा पनि	अभिलषित

ते = ती
कामाः = भोग्य पदार्थहरूले
यथा = जसरी
क्षुधितस्य = भोकाएको मनुष्यलाई
इतरे = अरू पदार्थहरूले आनन्द दिन सक्दैनन्
मुकुन्दमनसः = भगवान् श्रीकृष्णका भक्त
राज्ञः = राजा युधिष्ठिरलाई
किं = के
मुदं = आनन्द
अधिजह्रुः = प्रदान गर्न सक्थे

वाक्यार्थ– उहाँसँग भोगका यस्ता सामग्रीहरू थिए जसको प्राप्तिका लागि देवताहरू पनि लालायित हुन्थे। तर जसरी भोकाएको मानिसलाई भोजनदेखि बाहेक अरू कुरा मन पर्दैन त्यसै गरी उहाँलाई पनि भगवान्देखि बाहेकका अरू वस्तुले सुख दिन सकेनन्।

मातुर्गर्भगतो वीरः स तदा भृगुनन्दन।
ददर्श पुरुषं कञ्चिद् दह्यमानोऽस्त्रतेजसा॥ ७॥

पदार्थ–
भृगुनन्दन = हे भृगुपुत्र शौनकजी
मातुः = आमा उत्तराको
गर्भगतः = गर्भस्थित
सः = ती
वीरः = वीर शिशु परीक्षित् जब
अस्त्रतेजसा = ब्रह्मास्त्रको तेजबाट
दह्यमानः = जलिरहेका थिए
तदा = त्यस वेला
कञ्चित् = कुनै
पुरुषं = ज्योतिर्मय पुरुषलाई
ददर्श = देखे

वाक्यार्थ– शौनकजी! उत्तराको गर्भमा स्थित त्यो वीर शिशु परीक्षित् जब अश्वत्थामाको ब्रह्मास्त्रको तेजबाट जल्न लागेको थियो त्यतिखेर त्यस बालकले आफ्नो अगाडि एउटा ज्योतिर्मय पुरुष देख्यो।

अङ्गुष्ठमात्रममलं स्फुरत्पुरटमौलिनम्।
अपीच्यदर्शनं श्यामं तडिद्वाससमच्युतम्॥ ८॥
श्रीमद्दीर्घचतुर्बाहुं तप्तकाञ्चनकुण्डलम्।
क्षतजाक्षं गदापाणिमात्मनः सर्वतो दिशम्॥
परिभ्रमन्तमुल्काभां भ्रामयन्तं गदां मुहुः॥ ९॥
अस्त्रतेजः स्वगदया नीहारमिव गोपतिः।
विधमन्तं सन्निकर्षे पर्यैक्षत क इत्यसौ॥ १०॥

पदार्थ–
(त्यो पुरुष)
अङ्गुष्ठमात्रम् = अङ्गुष्ठमात्र परिमाणवाला

अमलं = निर्मल
स्फुरत्पुरटमौलिनम् = शिरमा सुनको मुकुट चम्किरहेको
अपीच्यदर्शनं = अति सुन्दर
श्यामं = श्याम रूपवाला
तडिद्वाससम् = विजुलीजस्तै चमचम चम्कने पीताम्बर धारण गरेका
अच्युतम् = अच्युत
श्रीमद्दीर्घचतुर्बाहुं = अत्यन्त सुन्दर लामा चार हात भएका
तप्तकाञ्चनकुण्डलम् = कानमा सुनका अत्यन्त सुन्दर कुण्डलहरू लगाएका
क्षतजाक्षं = रगतजस्तो राता आँखा भएका
गदापाणिम् = गदा हातमा लिएका
आत्मनः = आफ्नो रक्षाको लागि
सर्वतः = चारै
दिशम् = दिशातर्फ
मुहुः = बारम्बार
परिभ्रमन्तम् = घुमिरहेका र
उल्काभां = अगुल्टोजस्तो
गदां = गदालाई
सर्वतः = दिशातर्फ
दिशम् = चारैतिर
मुहुः = बारम्बार
भ्रामयन्तं = घुमाइरहेका
गोपतिः = भगवान् सूर्यले आफ्ना किरणद्वारा
नीहारम् = कुहिरालाई हटाए
इव = झैं
स्वगदया = आफ्नो गदाद्वारा
अस्त्रतेजः = ब्रह्मास्त्रको तेजलाई **विधमन्तं** = नाश गरिरहेका
यस्तो कुनै अलौकिक पुरुषलाई
सन्निकर्षे = आफ्नो आँखा अगाडि
पर्यैक्षत = देखे यसपछि
असौ = यो पुरुष
कः = को होला
इति = भनेर त्यस बालकले मनमनै विचार गर्न लाग्यो

वाक्यार्थ– त्यो पुरुष देख्नमा अङ्गुष्ठमात्र परिमाण भए पनि उसको स्वरूप अत्यन्त निर्मल थियो। उसले विजुलीजस्तो चमचम गर्ने पीताम्बर धारण गर्नुका साथै शिरमा सुनको मुकुट चम्किइरहेका एक दिव्य पुरुषलाई देख्यो। त्यस निर्विकार पुरुषका सुन्दर लाामा हातहरू थिए। कानमा सुनका सुन्दर कुण्डलहरू थिए। आँखाहरू राता थिए। हातमा अगुल्टोजस्तो गदा लिएर बारम्बार आफ्नो चारैतिर घुमाइरहेको देख्यो। जसरी सूर्यले आफ्नो किरणद्वारा कुहिरालाई भगाउँछन् त्यसै गरी त्यो ज्योतिर्मय पुरुषले ब्रह्मास्त्रको तेजलाई हटाइरहेको थियो। त्यस पुरुषलाई आफ्नो नजिकै देखेर यो पुरुष को होला भनेर त्यो बालक मनमनै विचार गर्नलाग्यो।

विधूय तदमेयात्मा भगवान् धर्मगुब्विभुः।
मिषतो दशमासस्य तत्रैवान्तर्दधे हरिः॥ ११॥

पदार्थ–

अमेयात्मा = अचिन्त्य रूप
धर्मगुप् = धर्मरक्षक
विभुः = व्यापक
भगवान् = भगवान्
हरिः = हरि
तत् = ब्रह्मास्त्रको तेजलाई
विधूय = हटाएर
दशमासस्य = दश महिना पुगेको बालकले
मिषतः = हेर्दाहेर्दै
तत्र = त्यही गर्भमा
एव = नै
अन्तर्दधे = अन्तर्धान हुनुभयो

वाक्यार्थ– यसप्रकार धर्मरक्षक अचिन्त्यरूप भगवान् श्रीकृष्ण दश महिनाको गर्भस्थ शिशुको

अगाडि ब्रह्मास्त्रको तेजलाई शान्त गरेर अन्तर्धान हुनुभयो।

ततः सर्वगुणोदर्के सानुकूलग्रहोदये।
जज्ञे वंशधरः पाण्डोर्भूयः पाण्डुरिवौजसा॥ १२॥

पदार्थ–

ततः = त्यसपछि
सानुकूलग्रहोदये = अनुकूल ग्रहहरूको उदयले युक्त
सर्वगुणोदर्के = समस्त सद्गुणहरूलाई विकसित गर्ने लग्नमा
पाण्डोः = पाण्डुको
वंशधरः = वंशधर
ओजसा = तेजले
भूयः = फेरि
पाण्डुः = पाण्डु
इव = झैँ
जज्ञे = जन्मिए

वाक्यार्थ– त्यसपछि अनुकूल ग्रहको उदयले युक्त समस्त सद्गुणलाई विकसित गर्ने शुभ समयमा पाण्डुका वंशधर परीक्षित्‌को जन्म भयो। जन्मको समयमा त्यस बालकको तेज देख्दा पाण्डु नै फेरि अर्को जन्म लिएर आएजस्तो प्रतीति हुन्थ्यो।

तस्य प्रीतमना राजा विप्रैर्धौम्यकृपादिभिः।
जातकं कारयामास वाचयित्वा च मङ्गलम्॥ १३॥

पदार्थ–

प्रीतमना = नाति जन्मेको खबर सुनेर प्रसन्न भएका
राजा = राजा युधिष्ठिरले
धौम्यकृपादिभिः = धौम्य, कृपाचार्य आदि
विप्रैः = ब्राह्मणहरूद्वारा
मङ्गलम् = मङ्गल
वाचयित्वा = वाचन गराएर
तस्य = ती बालकको
जातकं = जातकर्म संस्कार
च = पनि
कारयामास = गराउनुभयो

वाक्यार्थ– नातिको जन्मको समाचार सुन्दा युधिष्ठिर अत्यन्त प्रसन्न हुनुभयो। उहाँले धौम्य, कृपाचार्य आदि ब्राह्मणद्वारा ती बालकको जातकर्म संस्कार गराउनुभयो।

हिरण्यं गां महीं ग्रामान् हस्त्यश्वान् नृपतिर्वरान्।
प्रादात् स्वन्नं च विप्रेभ्यः प्रजातीर्थे स तीर्थवित्॥ १४॥

पदार्थ–

तीर्थवित् = दानको योग्य समयलाई जान्ने
सः = ती
नृपतिः = राजा युधिष्ठिरले
प्रजातीर्थे = प्रजातीर्थ कालमा अर्थात् नाल काट्नुभन्दा पहिलेको समयमा
विप्रेभ्यः = ब्राह्मणहरूलाई
हिरण्यं = सुन
गां = गाई
महीं = पृथिवी
ग्रामान् = गाउँहरू
वरान् = उत्तम
हस्त्यश्वान् = हात्ती र घोडाहरू
स्वन्नं = उत्तम अन्नहरू

च = पनि

प्रादात् = प्रदान गरे

वाक्यार्थ– महाराज युधिष्ठिर दानको योग्य समयलाई जान्नुहुन्थ्यो। उहाँले प्रजातीर्थनामक कालमा अर्थात् बालकको नाल काट्नुभन्दा पहिले ब्राह्मणलाई सुवर्ण, गाई, पृथिवी, गाउँ, उत्तम जातका घोडा र अन्नहरूको दान गर्नुभयो।

तमूचुर्ब्राह्मणास्तुष्टा राजानं प्रश्रयान्वितम्।
एष ह्यस्मिन् प्रजातन्तौ पुरूणां पौरवर्षभ ॥ १५ ॥
दैवेनाप्रतिघातेन शुक्ले संस्थामुपेयुषि।
रातो वोऽनुग्रहार्थाय विष्णुना प्रभविष्णुना ॥ १६ ॥
तस्मान्नाम्ना विष्णुरात इति लोके बृहच्छ्रवाः।
भविष्यति न सन्देहो महाभागवतो महान् ॥ १७ ॥

पदार्थ–

तुष्टाः = सन्तुष्ट भएका
ब्राह्मणाः = ब्राह्मणहरूले
प्रश्रयान्वितम् = नम्रताले युक्त भएका
तम् = ती
राजानं = राजालाई
ऊचुः = भने
पौरवर्षभ = हे पुरुवंश शिरोमणि
पुरूणां = पुरु वंशीहरूको
अस्मिन् = यस
शुक्ले = शुद्ध
प्रजातन्तौ = वंशपरम्परामा
अप्रतिघातेन = दुर्निवार
दैवेन = काल गतिले
संस्थाम् = नाश
उपेयुषि = हुन लागेको समयमा
वः = तपाईंहरूमाथि
अनुग्रहार्थाय = अनुग्रह गर्नका लागि
प्रभविष्णुना = सर्वशक्तिसम्पन्न
विष्णुना = विष्णुले
एषः = यो बालक
हि = निश्चय नै
रातः = प्रदान गर्नुभयो
तस्मात् = त्यसकारण
विष्णुरातः = विष्णुरात
इति = यो
नाम्ना = नामले
लोके = लोकमा प्रसिद्ध हुनेछ भन्ने कुरामा
महाभागवतः = भगवान्को परम भक्त र
बृहच्छ्रवाः = परम यशस्वी
महान् = महापुरुष
भविष्यति = हुनेछ भन्ने कुरामा
न सन्देहः = सन्देह छैन

वाक्यार्थ– सन्तुष्ट भएका ब्राह्मणहरूले विनयी राजा युधिष्ठिरसँग भने– हे पुरुवंश शिरामणि !, कालको दुर्निवार गतिले यो पवित्र पुरुवंश करिब-करिब नष्ट हुन लागिसकेको थियो। परन्तु तपाईंहरूमाथि कृपा गरेर भगवान् विष्णुले यस बालकलाई प्रदान गरेर यस वंशको रक्षा गर्नुभयो। त्यसकारण यस बालकको नाम विष्णुरात हुनेछ। निःसन्देह यो बालक संसारमा ठुलो यशस्वी, भगवान्को परम भक्त र महापुरुष हुनेछ।

राजोवाच (राजा युधिष्ठिरले भन्नुभयो)

अप्येष वंश्यान् राजर्षीन् पुण्यश्लोकान् महात्मनः।

अनुवर्तिता स्विद् यशसा साधुवादेन सत्तमाः॥ १८॥

पदार्थ–

सत्तमाः = महात्माहरू	**यशसा** = कीर्तिले	**वंश्यान्** = हाम्रो वंशमा भएका
अपि स्वित् = के	**पुण्यश्लोकान्** = पवित्र कीर्ति भएका	**राजर्षीन्** = राजर्षिहरूको
एषः = यस बालकले		**अनुवर्तिता** = अनुसरण गर्ला
साधुवादेन = उज्वल	**महात्मनः** = सज्जन	

वाक्यार्थ– महात्माहरू ! के यस बालकले हाम्रो वंशमा उत्पन्न भएका उज्ज्वल कीर्ति भएका सज्जन राजर्षिहरूको अनुसरण गर्ला त ?

ब्राह्मणा ऊचुः (ब्राह्मणहरूले भने)

पार्थ प्रजाविता साक्षादिक्ष्वाकुरिव मानवः।

ब्रह्मण्यः सत्यसन्धश्च रामो दाशरथिर्यथा॥ १९॥

पदार्थ–

पार्थ = हे धर्मराज (यो बालक पछि गएर)	**इव** = झैँ	**ब्रह्मण्यः** = ब्राह्मणभक्त र
	प्रजाविता = प्रजाको रक्षक हुनेछ	**सत्यसन्धः** = सत्यप्रतिज्ञ
साक्षात् = साक्षात्	**दाशरथिः** = दशरथनन्दन	**च** = पनि हुनेछ
मानवः = मनुपुत्र	**रामः** = राम	
इक्ष्वाकुः = इक्ष्वाकु	**यथा** = झैँ	

वाक्यार्थ– मनुपुत्र इक्ष्वाकुको समान यसले आफ्ना प्रजाहरूको पालन गर्नेछ, दशरथनन्दन भगवान् श्रीरामझैँ ब्राह्मणभक्त र सत्यप्रतिज्ञ हुनेछ।

एष दाता शरण्यश्च यथा ह्यौशीनरः शिबिः।

यशो वितनिता स्वानां दौष्यन्तिरिव यज्वनाम्॥ २०॥

पदार्थ–

एषः = यो बालक	**दाता** = दाता र	**इव** = समान
हि = निश्चय नै	**शरण्यः** = शरणागतवत्सल हुनेछ	**स्वानां** = आफ्नो वंशको
औशीनरः = उशीनर नरेश	**च** = र	**यशः** = कीर्तिलाई
शिबिः = शिवि	**यज्वनाम्** = याज्ञिकहरूमध्ये	**वितनिता** = फैलाउनेछ
यथा = झैँ	**दौष्यन्तिः** = दुष्यन्तपुत्र भरत	

वाक्यार्थ– यो बालक उशीनर नरेश शिबिकैँ दाता र शरणागतवत्सल हुनेछ। याज्ञिकहरूमा दुष्यन्तपुत्र भरतकैँ आफ्नो वंशको यश फैलाउनेछ।

धन्विनामग्रणीरेष तुल्यश्चार्जुनयोर्द्वयोः।

हुताश इव दुर्धर्षः समुद्र इव दुस्तरः॥ २१॥

पदार्थ–

एषः = यो बालक	**अग्रणीः** = अग्रगण्य हुनेछ	**च** = पनि
धन्विनाम् = धनुर्धारीहरूमा	**हुताशः** = अग्नि	**दुस्तरः** = दुस्तर
द्वयोः = दुई	**इव** = कैँ	**च** = पनि हुनेछ
अर्जुनयोः = अर्जुनमा सहस्रबाहु अर्जुन र अर्जुन	**दुर्धर्षः** = दुर्धर्ष र	
तुल्यः = समान	**समुद्रः** = समुद्र	
	इव = कैँ	

वाक्यार्थ– यो बालक धनुर्धरहरूमा सहस्रबाहु अर्जुन र आफ्नो पितामह अर्जुन समान अग्रगण्य हुनेछ अनि यो बालक अग्निकैँ दुर्धर्ष र समद्रसमान दुस्तर हुनेछ।

मृगेन्द्र इव विक्रान्तो निषेव्यो हिमवानिव।

तितिक्षुर्वसुधेवासौ सहिष्णुः पितराविव॥ २२॥

पदार्थ–

असौ = यो बालक	**हिमवान्** = हिमालय	**इव** = कैँ
मृगेन्द्रः = सिंह	**इव** = कै	**तितिक्षुः** = क्षमाशील
इव = कैँ	**निषेव्यः** = आश्रय लिन योग्य	**पितरौ इव** = माता पिताकैँ
विक्रान्तः = पराक्रमी	**वसुधा** = पृथिवी	**सहिष्णुः** = सहनशील हुनेछ

वाक्यार्थ– यो बालक सिंहसमान पराक्रमी, हिमालयकैँ आश्रय लिन योग्य, पृथिवीसमान तितिक्षु र मातापिता समान सहनशील हुनेछ।

पितामहसमः साम्ये प्रसादे गिरिशोपमः।

आश्रयः सर्वभूतानां यथा देवो रमाश्रयः॥ २३॥

पदार्थ–

साम्ये = समानतामा	**रमाश्रयः** = लक्ष्मीपति	प्राणीहरूका लागि
पितामहसमः = ब्रह्माजी बराबर	**देवः** = भगवान् विष्णु	**आश्रयः** = आश्रयदाता हुनेछ
प्रसादे = कृपामा	**यथा** = जस्तै	
गिरिशोपमः = भगवान् शङ्करकैँ	**सर्वभूतानां** = सम्पूर्ण	

वाक्यार्थ– यो बालक समानतामा पितामह ब्रह्माजीको समान हुनेछ। भगवान् शङ्करकैँ कृपालु

हुनेछ, सम्पूर्ण प्राणीहरूलाई आश्रय दिनमा लक्ष्मीपति भगवान् विष्णुसमान हुनेछ।

सर्वसद्गुणमाहात्म्ये एष कृष्णमनुव्रतः।
रन्तिदेव इवोदारो ययातिरिव धार्मिकः॥ २४॥

पदार्थ–

एषः = यो बालक	**अनुव्रतः** = अनुयायी हुनेछ	**ययातिः** = ययाति
सर्वसद्गुणमाहात्म्ये = सम्पूर्ण सद्गुणको महिमा धारण गर्नमा	**रन्तिदेवः** = रन्तिदेव	**इव** = झैँ
कृष्णम् = श्रीकृष्णको	**इव** = झैँ	**धार्मिकः** = धार्मिक हुनेछ
	उदारः = उदार	

वाक्यार्थ– समस्त सद्गुणको महिमा धारण गर्नमा यो बालक श्रीकृष्णको अनुयायी हुनेछ अनि रन्तिदेवसमान उदार र ययातिसमान धार्मिक हुनेछ।

धृत्या बलिसमः कृष्णे प्रह्राद इव सद्ग्रहः।
आहर्तैषोऽश्वमेधानां वृद्धानां पर्युपासकः॥ २५॥

पदार्थ–

धृत्या = धैर्यमा	**कृष्णे** = भगवान् श्रीकृष्णमा	**आहर्ता** = गर्नेवाला
बलिसमः = बलिसमान	**सद्ग्रहः** = दृढ निष्ठा	**वृद्धानां** = वृद्धहरूको
प्रह्रादः = प्रह्लाद	**एषः** = यो बालक	**पर्युपासकः** = सेवक
इव = झैँ	**अश्वमेधानां** = अश्वमेध यज्ञ	हुनेछ

वाक्यार्थ– धैर्यमा बलिसमान र भगवान् श्रीकृष्णप्रतिको दृढ निष्ठामा प्रह्लादसमान हुनेछ। यसबाट धेरै अश्वमेध यज्ञ हुनेछन्। यो बालक वृद्धहरूको सेवक हुनेछ।

राजर्षीणां जनयिता शास्ता चोत्पथगामिनाम्।
निग्रहीता कलेरेष भुवो धर्मस्य कारणात्॥ २६॥

पदार्थ–

एषः = यो बालक	उल्लङ्घन गर्नेहरूलाई	**धर्मस्य** = धर्मको
राजर्षीणां = राजर्षिहरूका	**शास्ता** = दण्ड दिने	**कारणात्** = कारणले
जनयिता = पिता बन्नेछ	**भुवः** = पृथिवी माता	**कलेः** = कलियुगलाई
उत्पथगामिनाम् = मर्यादाको	**च** = र	**निग्रहीता** = निग्रह गर्नेछ

वाक्यार्थ– यसका छोराहरू राजर्षि हुनेछन्। मर्यादाको उल्लङ्घन गर्नेहरूलाई यसले दण्ड दिनेछ। पृथिवी माता र धर्मको रक्षाको लागि यस बालकले कलियुगको दमन गर्नेछ।

तक्षकादात्मनो मृत्युं द्विजपुत्रोपसर्जितात्।

प्रपत्स्यत उपश्रुत्य मुक्तसङ्गः पदं हरेः॥ २७॥

पदार्थ—

द्विजपुत्रोपसर्जितात् = ब्राह्मण पुत्रको शापद्वारा नियोजित **तक्षकात्** = तक्षकद्वारा **आत्मनः** = आफ्नो	**मृत्युं** = मृत्यु **उपश्रुत्य** = सुनेर **मुक्तसङ्गः** = आसक्तिलाई छोडेर **हरेः** = भगवान् विष्णुको	**पदं** = पदलाई **प्रपत्स्यते** = प्राप्त गर्नेछ

वाक्यार्थ— ब्राह्मण कुमारको शापको कारणले तक्षकद्वारा आफ्नो मृत्यु हुने कुरा सुनेर यो बालक राज्यप्रतिको आसक्तिलाई छोडेर भगवान्‌को शरणमा जानेछ।

जिज्ञासितात्मयाथार्थ्यो मुनेर्व्याससुतादसौ।

हित्वेदं नृप गङ्गायां यास्यत्यद्धाकुतोभयम्॥ २८॥

पदार्थ—

नृप = हे राजा **असौ** = यी राजा परीक्षित् **व्याससुतात्** = व्यासपुत्र **मुनेः** = शुकदेव मुनिबाट **जिज्ञासितात्मयाथार्थ्यः** =	आत्माको यथार्थ ज्ञानलाई प्राप्त गरेर **इदं** = यो शरीरलाई **गङ्गायां** = गङ्गामा **हित्वा** = छोडेर	**अद्धा** = निश्चय नै **अकुतोभयम्** = सम्पूर्ण भयनाशक भगवान् नारायणलाई **यास्यति** = प्राप्त गर्नेछ

वाक्यार्थ— व्यासनन्दन श्रीशुकदेव मुनिबाट आत्माको यथार्थ ज्ञानलाई प्राप्त गरेर यस बालकले गङ्गातटमा आफ्नो पाञ्चभौतिक शरीरको परित्याग गरेर अभयपद अर्थात् मोक्षलाई प्राप्त गर्नेछ।

इति राज्ञ उपादिश्य विप्रा जातककोविदाः।

लब्धापचितयः सर्वे प्रतिजग्मुः स्वकान् गृहान्॥ २९॥

पदार्थ—

विप्राः = हे शौनक आदि ब्राह्मणहरू **सर्वे** = सबै **जातककोविदाः** = ज्योतिष शास्त्रका विशेषज्ञहरूले	**इति** = यसप्रकार **राज्ञः** = राजा युधिष्ठिरलाई **उपादिश्य** = उपदेश गरेर **लब्धापचितयः** = उपहार, पूजा आदिलाई स्वीकार गरेर	**स्वकान्** = आआफ्नो **गृहान्** = घर **प्रतिजग्मुः** = गए

वाक्यार्थ— ज्योतिष शास्त्रका विशेषज्ञहरूले राजा युधिष्ठिरलाई यसप्रकारको बालकको जन्मलग्नको फल बताएर राजाले दिएको उपहार, पूजा आदि स्वीकार गरेर आ-आफ्नो घरतिर लागे।

स एष लोके विख्यातः परीक्षिदिति यत्प्रभुः ।
पूर्वं दृष्टमनुध्यायन् परीक्षेत नरेष्विह ॥ ३० ॥

पदार्थ–

सः = त्यही	**यत्** = किनभने	**इह** = यस लोकमा
एषः = यो बालक	**प्रभुः** = त्यो समर्थ बालक	**नरेषु** = मनुष्यहरूमा
परीक्षित् = परीक्षित्	**पूर्वं** = पहिले	**परीक्षेत** = मैले गर्भमा देखेको
इति = यो नामले	**दृष्टम्** = देखेकालाई	मनुष्य कुन चाहिँ होला भन्ने
लोके = लोकमा	**अनुध्यायन्** = गर्भमा देखेको	परीक्षण गर्दै हिँड्दथे
विख्यातः = प्रसिद्ध भयो	पुरुषको ध्यान गर्दै	

वाक्यार्थ– त्यही बालक पछि गएर संसारमा परीक्षित् भन्ने नामले प्रसिद्ध भयो। त्यो समर्थ बालकले गर्भमा जुन पुरुषको दर्शन प्राप्त गरेको थियो निरन्तर त्यही पुरुषको स्मरण गर्दै यी मनुष्यहरूमा त्यो पुरुष कुनचाहिँ होला भन्दै परीक्षा गरिरहने हुनाले उनी परीक्षित् यस नामले प्रसिद्ध भएका हुन्।

स राजपुत्रो ववृधे आशु शुक्ल इवोडुपः ।
आपूर्यमाणः पितृभिः काष्ठाभिरिव सोऽन्वहम् ॥ ३१ ॥

पदार्थ–

सः = ती	साथ	**इव** = झैँ
राजपुत्रः = राजपुत्र	**आपूर्यमाणः** = पूर्ण हुँदै	**आशु** = चाँडै
पितृभिः = पितृ युधिष्ठिर	**अन्वहम्** = प्रतिदिन	**ववृधे** = बढ्न लागे
आदिका साथ र	**शुक्ले** = शुक्ल पक्षमा	
काष्ठाभिः = चौसठ्ठी कलाका	**उडुपः** = चन्द्रमा बढेको	

वाक्यार्थ– जसरी शुक्ल पक्षमा चन्द्रमा दिनप्रतिदिन आफ्ना कलाहरूले पूर्ण हुँदै बढ्दछन् त्यसै गरी ती राजकुमार पनि गुरुजनको लालन-पालन र चौसठ्ठी कलाको शिक्षाद्वारा प्रतिदिन बढ्दै गए।

यक्ष्यमाणोऽश्वमेधेन ज्ञातिद्रोहजिहासया ।
राजा लब्धधनो दध्यौ नान्यत्र करदण्डयोः ॥ ३२ ॥

पदार्थ–

ज्ञातिद्रोहजिहासया =	इच्छाले	**यक्ष्यमाणः** = भगवान्को पूजा
स्वजनबधको प्रायश्चित्त गर्ने	**अश्वमेधेन** = अश्वमेध यज्ञद्वारा	गर्न इच्छुक

राजा = राजा युधिष्ठिर	धनदेखि	**न लब्धधनः** = धन नहुनाले
करदण्डयोः = कर र दण्डको	**अन्यत्र** = अतिरिक्त	**दध्यौ** = चिन्तामग्न हुनुभयो

वाक्यार्थ– यसै समयमा स्वजनबधबाट उत्पन्न पापको प्रायश्चित्त गर्नको लागि राजा युधिष्ठिरले अश्वमेध यज्ञद्वारा भगवान्‌को पूजा गर्ने विचार गर्नुभयो। परन्तु प्रजाबाट असुल गरेको कर र दण्ड गरेको रकमदेखि अतिरिक्त धन आफूसँग नहुनाले राजा युधिष्ठिर चिन्तामग्न हुनुभयो।

तदभिप्रेतमालक्ष्य भ्रातरोऽच्युतचोदिताः।

धनं प्रहीणमाजह्रुरुदीच्यां दिशि भूरिशः॥ ३३॥

पदार्थ–

तदभिप्रेतम् = युधिष्ठिरको त्यो अभिप्रायलाई	**भ्रातरः** = अर्जुन आदि युधिष्ठिरका भाइले	**भूरिशः** = धेरै
आलक्ष्य = जानेर	**उदीच्यां** = उत्तर	**धनं** = धन
अच्युतचोदिताः = भगवान्‌बाट प्रेरणा प्राप्त गरेका	**दिशि** = दिशामा	**आजह्रुः** = ल्याए
	प्रहीणम् = छोडेको	

वाक्यार्थ– उनको अभिप्रायलाई जानेर भगवान् श्रीकृष्णको प्रेरणाले उनका भाइहरूले उत्तर दिशामा राजा मरुत् ब्राह्मणले छोडेको प्रशस्त धन लिएर आए।

तेन सम्भृतसम्भारो धर्मपुत्रो युधिष्ठिरः।

वाजिमेधैस्त्रिभिर्भीतो यज्ञैः समयजद्धरिम्॥ ३४॥

पदार्थ–

तेन = त्यस धनद्वारा	पापबाट डराएका	**वाजिमेधैः** = अश्वमेध
सम्भृतसम्भारः = सामग्री एकत्रित गरेका	**धर्मपुत्रः** = धर्मपुत्र	**यज्ञैः** = यज्ञद्वारा
	युधिष्ठिरः = राजा युधिष्ठिर	**हरिम्** = भगवान् नारायणको
भीतः = बान्धवहरूको हत्याको	**त्रिभिः** = तीनओटा	**समयजत्** = पूजा गर्नुभयो

वाक्यार्थ– त्यही धनबाट यज्ञको सामग्री तयार गरेर बान्धवहरूको हत्याको पापबाट डराएका राजा युधिष्ठिरले तीन अश्वमेध यज्ञहरूद्वारा भगवान्‌को पूजा गर्नुभयो।

आहूतो भगवान् राज्ञा याजयित्वा द्विजैर्नृपम्।

उवास कतिचिन्मासान् सुहृदां प्रियकाम्यया॥ ३५॥

पदार्थ–

राज्ञा = राजा युधिष्ठिरद्वारा	**भगवान्** = भगवान् श्रीकृष्णले	**नृपम्** = राजा युधिष्ठिरको
आहूतः = बोलाइनुभएका	**द्विजैः** = ब्राह्मणहरूद्वारा	**याजयित्वा** = यज्ञलाई सम्पन्न

गराएर
सुहृदां = आफ्ना सुहृत्
पाण्डवहरूको
प्रियकाम्यया = प्रसन्नताको
लागि
कतिचित् = केही
मासान् = महिनासम्म
उवास = बस्नुभयो

वाक्यार्थ– युधिष्ठिरको निमन्त्रणामा आउनुभएका भगवान् श्रीकृष्ण ब्राह्मणहरूद्वारा उहाँको यज्ञलाई सम्पन्न गराएर आफ्ना सुहृद् पाण्डवहरूको प्रसन्नताका लागि केही महिनासम्म हस्तिनापुरमैं बस्नुभयो।

ततो राज्ञाभ्यनुज्ञातः कृष्णया सह बन्धुभिः।
ययौ द्वारवतीं ब्रह्मन् सार्जुनो यदुभिर्वृतः॥ ३६॥

पदार्थ–

ब्रह्मन् = हे शौनकजी
ततः = त्यसपछि
बन्धुभिः सह = भाइहरूसहित
राज्ञा = राजा युधिष्ठिर र
कृष्णया = द्रौपदीबाट
अभ्यनुज्ञातः = अनुमति लिएर
यदुभिः = यदुवंशीद्वारा
वृतः = घेरिएका भगवान्
श्रीकृष्ण
सार्जुनः = अर्जुनका साथ
द्वारवतीं = द्वारका
ययौ = जानुभयो

वाक्यार्थ– त्यसपछि भाइहरूसहित राजा युधिष्ठिर र द्रौपदीबाट अनुमति लिएर यदुवंशीद्वारा घेरिएका भगवान् श्रीकृष्ण अर्जुनका साथ द्वारका जानुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे
नैमिषीयोपाख्याने परीक्षिज्जन्माद्युत्कर्षो नाम द्वादशोऽध्यायः॥ १२॥

अथ त्रयोदशोऽध्यायः

विदुरको उपदेशअनुसार धृतराष्ट्र र गान्धारीको वनगमन

सूत उवाच (सूतजीले भन्नुभयो)

विदुरस्तीर्थयात्रायां मैत्रेयादात्मनो गतिम्।
ज्ञात्वागाद्धास्तिनपुरं तयावाप्तविवित्सितः॥ १॥

पदार्थ–

विदुरः = विदुर	**गतिम्** = यथार्थ स्वरूपलाई	जिज्ञासा शान्त गरेर
तीर्थयात्रायां = तीर्थयात्रामा	**ज्ञात्वा** = जानेर	**हास्तिनपुरं** = हस्तिनापुरमा
मैत्रेयात् = मैत्रेय ऋषिबाट	**तया** = त्यो ज्ञानद्वारा	**अगात्** = जानुभयो
आत्मनः = आत्माको	**अवाप्तविवित्सितः** = आफ्नो	

वाक्यार्थ– विदुरजी तीर्थयात्रामा गएको वेला महर्षि मैत्रेयबाट आत्माको ज्ञान प्राप्त गरेर आफ्नो जिज्ञासा शान्त गरेर हस्तिनापुरमा फर्केर आउनुभयो।

यावतः कृतवान् प्रश्नान् क्षत्ता कौषारवाग्रतः।
जातैकभक्तिर्गोविन्दे तेभ्यश्चोपरराम ह॥ २॥

पदार्थ–

क्षत्ता = विदुरजीले	प्रश्नहरूको उत्तर सुन्नुभन्दा	प्रश्नबाट
कौषारवाग्रतः = मैत्रेयजीको	पहिले नै	**च** = पनि
अगाडि	**गोविन्दे** = भगवान् श्रीकृष्णमा	**ह** = निश्चय नै
यावतः = जति	**जातैकभक्तिः** = अव्यभिचारिणी	**उपरराम** = उपरत हुनुभयो
प्रश्नान् = प्रश्नहरू	भक्ति लागेको हुनाले	
कृतवान् = गर्नुभयो ती सम्पूर्ण	**तेभ्यः** = अवशिष्ट अन्य	

वाक्यार्थ– विदुरजीले मैत्रेय ऋषिसँग जति प्रश्न गर्नुभएको थियो ती प्रश्नको उत्तर सुन्नुभन्दा पहिले नै भगवान् श्रीकृष्णमा अनन्य भक्तिको उदय भएको हुनाले उहाँ अररू बाँकी प्रश्नहरूको उत्तर सुन्नबाट उपरत हुनुभयो। उहाँका प्रश्नहरूको उत्तरको फल हो– भगवान्मा भक्ति लाग्नु। भगवान्मा पहिले नै भक्ति लागेकाले अरू प्रश्नको उत्तर विदुरजीले सुन्न चाहनुभएन।

तं बन्धुमागतं दृष्ट्वा धर्मपुत्रः सहानुजः।
धृतराष्ट्रो युयुत्सुश्च सूतः शारद्वतः पृथा॥ ३॥

गान्धारी द्रौपदी ब्रह्मन् सुभद्रा चोत्तरा कृपी ।
अन्याश्च जामयः पाण्डोर्ज्ञातयः ससुताः स्त्रियः ॥ ४ ॥
प्रत्युज्जग्मुः प्रहर्षेण प्राणं तन्व इवागतम् ।
अभिसङ्गम्य विधिवत् परिष्वङ्गाभिवादनैः ॥ ५ ॥
मुमुचुः प्रेमबाष्पौघं विरहौत्कण्ठ्यकातराः ।
राजा तमर्हयां चक्रे कृतासनपरिग्रहम् ॥ ६ ॥

पदार्थ–

ब्रह्मन् = हे शौनकजी	**उत्तरा** = उत्तरा	**विधिवत्** = यथायोग्य
तं = ती	**कृपी** = द्रोणचार्यकी पत्नी कृपी	**परिष्वङ्गाभिवादनैः** = आलिङ्गन र प्रणाम आदिद्वारा
बन्धुम् = काका विदुरजी	**अन्याः** = अन्य	**अभिसङ्गम्य** = विदुरसँग भेट गरेर
आगतं = आएको	**पाण्डोः** = पाण्डुका	**विरहौत्कण्ठ्यकातराः** = विरहजनित उत्कण्ठाले कातर भएर
दृष्ट्वा = देखेर	**जामयः** = पत्नीहरू	**प्रेमबाष्पौघं** = प्रेमको आँसु
सहानुजः = भाइहरूसहित	**च** = तथा	**मुमुचुः** = बगाए
धर्मपुत्रः = धर्मपुत्र युधिष्ठिर	**ससुताः** = छोराहरूले सहित	**राजा** = राजा युधिष्ठिरले
धृतराष्ट्रः = धृतराष्ट्र	**ज्ञातयः** = दाजुभाइहरू	**कृतासनपरिग्रहम्** = आसनमा बसेका
युयुत्सुः = युयुत्सु	**स्त्रियः** = अरू स्त्रीहरू	**तम्** = उहाँलाई
सूतः = सञ्जय	**प्राणं** = प्राण	**अर्हयांचक्रे** = सत्कार गर्नुभयो
शारद्वतः = कृपाचार्य	**आगतम्** = आएको	
पृथा = कुन्ती	**तन्वः** = शरीर	
च = पनि	**इव** = जस्तै (प्राण आए पछि शरीर क्रियाशील भएजस्तै)	
गान्धारी = गान्धारी	**प्रहर्षेण** = हर्षका साथ	
द्रौपदी = द्रौपदी	**प्रत्युज्जग्मुः** = विदुर भएको ठाउँमा आए	
सुभद्रा = सुभद्रा		
च = तथा		

वाक्यार्थ– आफ्ना काका विदुरजी आएको देखेर उहाँका चार भाइ, धृतराष्ट्र, युयुत्सु, सञ्जय, कृपाचार्य, कुन्ती, गान्धारी, द्रौपदी, सुभद्रा, उत्तरा, कृपी र आफ्ना पुत्रहरूसहित अरू स्त्रीहरू अत्यन्त प्रसन्नताका साथ शरीरमा प्राणको सञ्चार हुँदा शरीरका सम्पूर्ण अवयवहरू क्रियाशील भएजस्तै विदुरको स्वागतका लागि सक्रिय भए। यथायोग्य आलिङ्गन र प्रणाम आदिद्वारा सबले उहाँसँग भेट गरे। विरहजनित उत्कण्ठाबाट कातर भएर सबैले प्रेमको आँसु बगाए। युधिष्ठिरले उहाँलाई आसनमा बसाएर उहाँको यथोचित सत्कार गर्नुभयो।

तं भुक्तवन्तं विश्रान्तमासीनं सुखमासने।

प्रश्रयावनतो राजा प्राह तेषां च शृण्वताम्॥ ७॥

पदार्थ—

भुक्तवन्तं = भोजन गरिसकेका	**सुखम्** = सुखपूर्वक	**राजा** = राजा युधिष्ठिरले
विश्रान्तम् = विश्राम गरिसकेका	**आसीनं** = बसेका	**शृण्वताम्** = सुन्दै गरेका
च = र	**तं** = ती विदुरजीलाई	**तेषां** = ती सबैको अगाडि
आसने = आसनमा	**प्रश्रयावनतः** = नम्रतापूर्वक	**प्राह** = भन्नुभयो

वाक्यार्थ— भोजन र विश्राम गरेर सुखपूर्वक आसनमा बस्नुभएका विदुजीसँग युधिष्ठिरले नम्र भएर सबैको अगाडि भन्नुभयो।

युधिष्ठिर उवाच (युधिष्ठिरले भन्नुभयो)

अपि स्मरथ नो युष्मत्पक्षच्छायासमेधितान्।

विपद्गणाद् विषाग्न्यादेर्मोचिता यत्समातृकाः॥ ८॥

पदार्थ—

युष्मत्पक्षच्छायासमेधितान् =	**स्मरथ** = सम्झनुहुन्छ	लाक्षागृहको दाह आदि
आफ्नो छत्रछायामा पालन	**समातृकाः** = आमा कुन्तीले	**विपद्गणात्** = विपत्तिबाट
पोषण गरिएका	सहित हामीहरूलाई	**मोचिताः** = तपाईंले हामीलाई
नः = हामीहरूलाई	**यत्** = जुन	बचाउनुभएको थियो।
अपि = कहिले काँही	**विषाग्न्यादेः** = विष र	

वाक्यार्थ— के कहिलेकाहीं तपाईंहरू हाम्रो पनि स्मरण गर्नुहुन्छ? जसरी पक्षी आफ्ना फुलहरूलाई आफ्ना प्वाँखहरूको छायामा राखेर उसको संरक्षण गर्दछ त्यसै गरी तपाईंले पनि अत्यन्त बात्सल्यका साथ हाम्रो पालन पोषण गर्नुभएको थियो। तपाईंले बारम्बार हामीलाई र हाम्री आमालाई विष र लाक्षागृहको दाह आदि विपत्तिबाट बचाउनुभएको थियो।

कया वृत्त्या वर्तितं वश्चरद्भिः क्षितिमण्डलम्।

तीर्थानि क्षेत्रमुख्यानि सेवितानीह भूतले॥ ९॥

पदार्थ—

क्षितिमण्डलम् = पृथिवीमा	**वर्तितं** = जीवन निर्वाह गर्नुभयो	**क्षेत्रमुख्यानि** = कुन-कुन मुख्य
चरद्भिः = विचरण गर्ने	**इह** = यस	क्षेत्रहरूको
वः = तपाईंले	**भूतले** = पृथिवी तलमा	**सेवितानि** = दर्शन गर्नुभयो
कया = कुन	**तीर्थानि** = कुन कुन मुख्य	
वृत्त्या = वृत्तिले	तीर्थहरू र	

वाक्यार्थ– पृथिवीका विभिन्न ठाउँमा विचरण गर्ने तपाईंले विचरण गर्दा कसरी जीवननिर्वाह गर्नुभयो र कुन-कुन तीर्थ र मुख्य क्षेत्रहरूको दर्शन गर्नुभयो ?

भवद्विधा भागवतास्तीर्थभूताः स्वयं विभो।
तीर्थीकुर्वन्ति तीर्थानि स्वान्तःस्थेन गदाभृता॥ १०॥

पदार्थ–

विभो = हे प्रभो	**तीर्थभूताः** = तीर्थस्वरूप भएर	**तीर्थानि** = तीर्थहरूलाई
भवद्विधाः = तपाईंजस्ता	**स्वान्तःस्थेन** = मनमा स्थित	**तीर्थीकुर्वन्ति** = महातीर्थ
भागवताः = भगवान्का भक्तहरू	**गदाभृता** = गदा हातमा लिने	बनाउनुहुन्छ
स्वयं = आफैं	भगवान्का कारणले	

वाक्यार्थ– तपाईंजस्ता भगवान्का प्रियभक्त स्वयं तीर्थरूप हुनुहुन्छ र आफ्नो हृदयमा विराजमान भगवान्द्वारा तीर्थहरूलाई पनि महातीर्थ बनाउँदै विचरण गर्नुहुन्छ।

अपि नः सुहृदस्तात बान्धवाः कृष्णदेवताः।
दृष्टाः श्रुता वा यदवः स्वपुर्यां सुखमासते॥ ११॥

पदार्थ–

तात = हे काका	**अपि** = र	उहाँहरूलाई
कृष्णदेवताः = भगवान्	**बान्धवाः** = भाइबन्धुहरू	**दृष्टाः** = देख्नुभयो
श्रीकृष्णलाई नै आफ्नो	**यदवः** = यादवहरू	**वा** = अथवा
आराध्यदेव मान्ने	**स्वपुर्यां** = आफ्नो द्वारका पुरीमा	**श्रुताः** = उहाँहरूको बारेमा
नः = हामीहरूका	**सुखम्** = सुखपूर्वक	सुन्नुभयो
सुहृदः = सुहृद्हरू	**आसते** = निवास गर्दछन्	

वाक्यार्थ– हे काका, तपाईं तीर्थयात्रा गर्दै द्वारका पनि अवश्य जानुभयो होला ? त्यहाँ हाम्रा सुहृद् एवं भाइबन्धु, जसका एकमात्र आराध्यदेव भगवान् श्रीकृष्ण हुनुहुन्छ, उहाँहरू आफ्नो नगरीमा सुखपूर्वक हुनुहुन्छ ? द्वारकामा गएर नदेखे पनि उहाँहरूको विषयमा तपाईंले अवश्य पनि सुन्नुभएको त होला ?

इत्युक्तो धर्मराजेन सर्वं तत्समवर्णयत्।
यथानुभूतं क्रमशो विना यदुकुलक्षयम्॥ १२॥

पदार्थ–

धर्मराजेन = धर्मराज	**इति** = यसप्रकार	**क्रमशः** = क्रमैले
युधिष्ठिरद्वारा	**उक्तः** = सोधिएका विदुरजीले	**यथा** = जस्तो

अनुभूतं = देखेर, सुनेर अनुभव गर्नुभयो	**विना** = बाहेक	**समवर्णयत्** = वर्णन गर्नुभयो
यदुकुलक्षयम् = यदुकुलको नाश	**तत्** = त्यो	
	सर्वं = सबै	

वाक्यार्थ– राजा युधिष्ठिरले यसप्रकार सोधेपछि विदुरजीले तीर्थ एवं यदुवंशीको सम्बन्धमा जुन जुन-कुरा देख्नुभएको थियो, सुन्नुभएको थियो र अनि अनुभव गर्नुभएको थियो, क्रमशः सबै कुरा बताउनुभयो। तर उहाँले यदुवंशको विनाशको खबर सुनाउनुभएन।

नन्वप्रियं दुर्विषहं नृणां स्वयमुपस्थितम्।

नावेदयत् सकरुणो दुःखितान् द्रष्टुमक्षमः॥ १३॥

पदार्थ–

नृणां = मनुष्यका लागि	यदुकुलको नाशको घटना	**सकरुणः** = करुण हृदय भएका विदुरजीले
स्वयम् = आफैँ प्रारब्धबश	**दुःखितान्** = दुःखी भएका पाण्डवहरू	**न आवेदयत्** = सुनाउन चाहनुभएन
उपस्थितम् = प्राप्त भएको	**द्रष्टुम्** = देख्न	
अप्रियं = अप्रिय	**अक्षमः** = असमर्थ	
दुर्विषहं = सहन गर्न नसकिने		

वाक्यार्थ– करुणहृदय भएका विदुरजीले मनुष्यका लागि आफैँ प्रारब्धवश प्राप्त भएको त्यो असह्य र अप्रिय घटना सुनाएर पाण्डवहरूलाई दुःखी बनाउन चाहनुभएन।

कञ्चित्कालमथावात्सीत् सत्कृतो देववत् सुखम्।

भ्रातुर्ज्येष्ठस्य श्रेयस्कृत् सर्वेषां प्रीतिमावहन्॥ १४॥

पदार्थ–

अथ = त्यसपछि (पाण्डवहरूद्वारा)	**भ्रातुः** = दाजु धृतराष्ट्रको	**कञ्चित्** = केही
देववत् = देवताझैँ	**श्रेयस्कृत्** = कल्याणको कामनाले	**कालम्** = समय
सत्कृतः = सत्कार गरिएका विदुरजी	**सर्वेषां** = सबैलाई	**सुखम्** = सुखपूर्वक
ज्येष्ठस्य = जेठा	**प्रीतिम्** = प्रसन्न	**अवात्सीत्** = बस्नुभयो
	आवहन् = गराउँदै	

वाक्यार्थ– पाण्डवहरूले विदुरजीलाई देवताझैं मानेर उहाँको सेवा एवं सत्कार गर्दथे। उहाँ केही दिनसम्म आफ्ना जेठा दाजु धृतराष्ट्रको कल्याणको कामनाले सबैलाई प्रसन्न गर्दै सुखपूर्वक हस्तिनापुरमैं बस्नुभयो।

अबिभ्रदर्यमा दण्डं यथावदघकारिषु।

यावद् दधार शूद्रत्वं शापाद् वर्षशतं यमः॥ १५॥

पदार्थ–

शापात् = माण्डव्य ऋषिको शापको कारणले	वर्षका लागि	**अघकारिषु** = पापीहरूमा
यमः = यमराज	**शूद्रत्वं** = शूद्र योनि	**यथावत्** = यथोचित
वर्षशतं यावत् = एक सय	**दधार** = लिए त्यतिवेला	**दण्डं** = दण्ड
	अर्यमा = पितृका राजा अर्यमाले	**अबिभ्रत्** = दिन्थे

वाक्यार्थ– विदुरजी साक्षात् धर्मराज हुनुहुन्थ्यो। माण्डव्य ऋषिको श्रापको कारणले सय वर्षको लागि उहाँ शूद्र बन्नुभएको थियो। यति समयका लागि यमराजको पदमा पितृदेव अर्यमा हुनुहुन्थ्यो। उहाँ नै पापीहरूलाई दण्ड दिनुहुन्थ्यो।

टिप्पणी– कुनै समयमा एकजना राजाका सिपाहीहरूले केही चोरहरूलाई माण्डव्य ऋषिको आश्रममा समाते। ऋषि पनि चोरहरूमा सामेल छन् भन्ने उनीहरूलाई लाग्यो र उनीहरूले ऋषिलाई पनि समाते। त्यसपछि राजाको आज्ञाअनुसार उनीहरूले चोरहरूका साथमा माण्डव्य ऋषिलाई पनि शूलीमा चढाए। तर तत्काल राजालाई यी व्यक्ति त साधु जस्ता छन् भन्ने लाग्यो र शूलीबाट ओरालेर राजाले उहाँसँग क्षमा मागे।

त्यसपछि माण्डव्य ऋषिले यमराजकहाँ गएर 'मलाई कुन पापको फलस्वरूप यस्तो दण्ड दिइयो ?' भनी प्रश्न गर्नुभयो। यमराजले भन्नुभयो– 'तपाईंले बालक हुँदा एउटा हुटिट्याउँलाई कुशको टुप्पाले घोचिदिनुभएको थियो, त्यसै अपराधको दण्डस्वरूप यस्तो भएको हो। त्यसपछि ऋषिले भन्नुभयो– 'मैले अज्ञानवश यस्तो गरेँ होला। तर त्यति सानो अपराधको लागि तिमीले यति ठुलो दण्ड दियौ। यस्तो अनुचित दण्ड दिने तिमी अब सय वर्षसम्म शूद्रको जुनी लिएर बस्नेछौ।' यसरी माण्डव्य ऋषिको श्रापले गर्दा यमराजले विदुरको रूपमा अवतार लिनुपरेको थियो।

युधिष्ठिरो लब्धराज्यो दृष्ट्वा पौत्रं कुलन्धरम्।
भ्रातृभिर्लोकपालाभैर्मुमुदे परया श्रिया॥ १६॥

पदार्थ–

लब्धराज्यः = आफ्नो राज्यलाई प्राप्त गरेका	**दृष्ट्वा** = देखेर	**श्रिया** = सम्पत्तिको कारण
युधिष्ठिरः = युधिष्ठिरले	**लोकपालाभैः** = इन्द्रादि लोकपालबराबर	**मुमुदे** = आनन्दपूर्वक जीवन व्यतीत गर्न लाग्नुभयो
कुलन्धरम् = वंशधर	**भ्रातृभिः** = भाइहरूका साथ	
पौत्रं = नाति परीक्षित्लाई	**परया** = अतुल	

वाक्यार्थ– राज्य प्राप्त भएपछि इन्द्रादि लोकपाल जस्ता बलशाली भाइहरूका साथ राजा युधिष्ठिर वंशधर परीक्षित्लाई देखेर आफ्नो अतुल सम्पत्तिका साथ आनन्दपूर्वक जीवन व्यतीत गर्न लाग्नुभयो।

एवं गृहेषु सक्तानां प्रमत्तानां तदीहया ।

अत्यक्रामदविज्ञातः कालः परमदुस्तरः ॥ १७ ॥

पदार्थ–

एवं = यसप्रकार	धन्धाका कारणले	**कालः** = काल
गृहेषु = घरमा	**प्रमत्तानां** = मस्त भएका	**अविज्ञातः** = थाहा नपाईकन नै
सक्तानां = आसक्त भएका	**परमदुस्तरः** = प्रतिकार गर्न	**अत्यक्रामत्** = बितेर गयो
तदीहया = घरको काम	नसकिने	

वाक्यार्थ– यसप्रकार पाण्डवहरू गृहस्थाश्रम र राज्यसञ्चालन आदि कार्यहरूमा यसरी आसक्त भए कि उनीहरूलाई आफ्नो जीवन बितेको थाहै भएन। उनीहरूले थाहै नपाई उनीहरूले प्रतिकार गर्न नसक्ने समय बितेर गयो।

विदुरस्तदभिप्रेत्य धृतराष्ट्रमभाषत ।

राजन् निर्गम्यतां शीघ्रं पश्येदं भयमागतम् ॥ १८ ॥

पदार्थ–

विदुरः = विदुरले	**अभाषत** = भन्नुभयो	**पश्य** = हेर्नुहोस्
तत् = कालको त्यस दुस्तर गतिलाई	**राजन्** = हे राजा	**शीघ्रं** = चाँडै
	इदं = यो	**निर्गम्यतां** = हस्तिनापुरलाई छोडेर निक्लनुहोस्
अभिप्रेत्य = जानेर	**आगतम्** = अगाडि उपस्थित	
धृतराष्ट्रम् = धृतराष्ट्रलाई	**भयम्** = भयदायी समयलाई	

वाक्यार्थ– विदुरजीले कालगतिलाई जानेर आफ्ना दाजु धृतराष्ट्रलाई भन्नुभयो– हुर्नुहोस् दाज्यू अब हामीहरूका लागि भयङ्कर समय आएको छ। जतिसक्यो चाँडै हस्तिनापुरबाट निक्लनुपर्छ।

प्रतिक्रिया न यस्येह कुतश्चित् कर्हिचित् प्रभो ।

स एव भगवान् कालः सर्वेषां नः समागतः ॥ १९ ॥

पदार्थ–

प्रभो = हे प्रभु	**प्रतिक्रिया** = प्रतिक्रिया	**कालः** = काल
इह = यहाँ	**न** = छैन	**सर्वेषां** = सबै
यस्य = जसको	**सः** = ती	**नः** = हामीहरूका सामु
कुतश्चित् = कसैबाट पनि	**एषः** = यी	**समागतः** = आएको छ
कर्हिचित् = कहिल्यै पनि	**भगवान्** = भगवान्	

वाक्यार्थ– हे प्रभु ! यहाँ हामीहरूका सामु अहिले त्यो सर्वसमर्थ काल उपस्थित भएको छ जसलाई हटाउने कुनै उपाय छैन।

येन चैवाभिपन्नोऽयं प्राणैः प्रियतमैरपि ।

जनः सद्यो वियुज्येत किमुतान्यैर्धनादिभिः ॥ २० ॥

पदार्थ—

येन = जुन कालद्वारा
अभिपन्नः = ग्रस्त भएको
अयं = यो
जनः = मानिस
प्रियतमैः = अत्यन्त प्रिय
प्राणैः = प्राणद्वारा
अपि = पनि
सद्यः = तुरुन्त
एव = नै
वियुज्येत = वियुक्त हुन्छ
अन्यैः = अरू
धनादिभिः = धनादिको विषयमा
किमुत = त के कुरा

वाक्यार्थ— कालको वशीभूत भएर मानिस आफ्नो प्रियतम प्राणबाट पनि वियुक्त हुन बाध्य हुन्छ भने धनजन आदि अरू वस्तुहरूको विषयमा त भन्नु नै के पर्‍यो र ?

पितृभ्रातृसुहृत्पुत्रा हतास्ते विगतं वयः ।

आत्मा च जरया ग्रस्तः परगेहमुपाससे ॥ २१ ॥

पदार्थ—

पितृभ्रातृसुहृत्पुत्राः = काका, भाइ, सुहृत् र छोराहरू
हताः = युद्धमा मारिए
ते = तपाईंको
वयः = उमेर यौवनावस्था
विगतं = गयो
आत्मा = स्थूल शरीर
च = पनि
जरया = वृस्थावस्थाले
ग्रस्तः = ग्रस्त छ
परगेहम् = अर्काका घरमा
उपाससे = बस्नुभएको छ

वाक्यार्थ— तपाईंका काका, भाइ, मित्र र पुत्रहरू युद्धमा मारिए। तपाईंहरूको युवावस्था पनि बितेर गयो। अहिले तपाईंको शरीर वृद्धावस्थाले ग्रस्त शरीर लिएर तपाईं अर्काको घरमा बस्नुभएको छ।

अहो महीयसी जन्तोर्जीविताशा यया भवान् ।

भीमापवर्जितं पिण्डमादत्ते गृहपालवत् ॥ २२ ॥

पदार्थ—

अहो = यो आश्चर्यको कुरा हो
जन्तोः = प्राणीसमुदायको
जीविताशा = बाँचिरहने इच्छा
महीयसी = अत्यन्त प्रबल हुन्छ
यया = जुन आशाको कारणले
भवान् = तपाईं
भीमापवर्जितं = भीमसेनले दिएको
पिण्डम् = भोजन
गृहपालवत् = कुक्कुरले झैं
आदत्ते = स्वीकार गर्नुहुन्छ

वाक्यार्थ— अहो ! प्राणीहरूको बाँच्ने इच्छा कति प्रबल हुँदोरहेछ ? तपाईं कुक्कुरले झैं भीमसेनले दिएको भोजन खाएर बाँचिरहनुभएको छ।

अग्निर्निसृष्टो दत्तश्च गरो दाराश्च दूषिताः ।
हृतं क्षेत्रं धनं येषां तद्दत्तैरसुभिः कियत् ॥ २३ ॥

पदार्थ–

येषां = जुन पाण्डवहरूलाई	**दाराः** = पत्नीको	**हृतं** = हरण गर्नुभयो
अग्निः = आगोमा जलाउने	**दूषिताः** = अपमान गर्नुभयो	**तद्दत्तैः** = उनले दिएको अन्नबाट
निसृष्टः = चेष्टा गर्नुभयो	**क्षेत्रं** = भूमि	पोषित
गरः = विष	**च** = र	**असुभिः** = प्राणद्वारा बाँच्नाले
दत्तः = प्रदान गरेर मार्न	**धनं** = धन	**कियत्** = के गौरव छ र
चाहनुभयो	**च** = पनि	

वाक्यार्थ– जो पाण्डवहरूलाई तपाईंले आगोमा जलाउने चेष्टा गर्नुभयो, विष प्रदान गरेर मार्न चाहनुभयो, सभाको बीचमा जसकी पत्नीलाई अपमानित गर्नुभयो र जसको भूमि एवं धन खोस्नुभयो आज उनीहरूले नै दिएको अन्न खाएर बाँच्नुमा तपाईंको के गौरव छ ?

तस्यापि तव देहोऽयं कृपणस्य जिजीविषोः ।
परैत्यनिच्छतो जीर्णो जरया वाससी इव ॥ २४ ॥

पदार्थ–

तस्य = यसप्रकार दुःखको	**अयं** = यो	नचाहँदै पनि
अनुभव गर्ने	**देहः** = शरीर	**अपि** = पनि
कृपणस्य = देहासक्त	**जरया** = वृद्धावस्थाको कारणले	**वाससी** = पुराना कपडा
जिजीविषोः = बाँच्न चाहने	**जीर्णः** = जीर्ण भएर	**इव** = झैं
तव = तपाईंको	**अनिच्छतः** = तपाईंले नचाहँदा	**परैति** = नष्ट भएर जाँदैछ

वाक्यार्थ– यस प्रकार दुःखको अनुभव गर्ने देहासक्त जिजीविषु तपाईंको यो वृद्धावस्थाले गलेको शरीर तपाईंले नचाहीकन पनि प्रतिदिन क्षीण हुँदैगएको छ।

गतस्वार्थमिमं देहं विरक्तो मुक्तबन्धनः ।
अविज्ञातगतिर्जह्यात् स वै धीर उदाहृतः ॥ २५ ॥

पदार्थ–

गतस्वार्थम् = धर्मादि पुरुषार्थ	पदार्थबाट विरक्त भएर यसैले	**जह्यात्** = जसले यस शरीरलाई
सम्भव नहुने	**मुक्तबन्धनः** = शरीरादिमा	त्याग गर्दछ
इमं = यो	अहङ्कारको त्याग गरेर	**सः** = त्यो
देहं = शरीरलाई	**अविज्ञातगतिः** = कहाँ गयो	**वै** = निश्चय नै
विरक्तः = सम्पूर्ण सांसारिक	भन्ने कसैले थाहा नपाईकन	**धीरः** = धीर पुरुष हो भनेर

उदाहृतः = बताइन्छ

वाक्यार्थ– सम्पूर्ण सांसारिक पदार्थबाट विरक्त भएर धर्मादि पुरुषार्थ गर्नसम्म पनि नमिल्ने गरी जीर्ण भएको यो शरीरप्रतिको अहङ्कारलाई छाडिदिनुहोस्। जो मानिस संसारका सम्बन्धीहरूबाट अलग रहेर उनीहरूले थाहा नै नपाईकन यो शरीरको परित्याग गर्दछन् तिनै व्यक्तिहरू धीर मानिन्छन्।

यः स्वकात् परतो वेह जातनिर्वेद आत्मवान्।
हृदि कृत्वा हरिं गेहात् प्रव्रजेत् स नरोत्तमः॥ २६॥

पदार्थ–

स्वकात् = आफ्नो	अन्तःकरणलाई वशमा गरेर	घरको परित्याग गर्दछ
वा = अथवा	**हरिं** = हरि भगवान्लाई	**इह** = यहाँ
परतः = अर्काको विवेकबाट	**हृदि** = हृदयमा	**सः** = त्यही नै
यः = जो	**कृत्वा** = राखेर	**नरोत्तमः** = उत्तम मानिस हो
जातनिर्वेदः = विरक्त भएर	**गेहात्** = घरबाट	
आत्मवान् = आफ्नो	**प्रव्रजेत्** = संन्यासका लागि	

वाक्यार्थ– जो आफ्नो विवेकले होस् अथवा अरूले सम्झाएर होस् यो संसारलाई दुःखमय सम्झेर यसबाट विरक्त हुन्छ र आफ्नो अन्तःकरणलाई वशमा राखेर हृदयमा भगवान्लाई धारण गरेर संन्यासका लागि घरबाट निक्लेर हिँड्दछ त्यही नै उत्तम मनुष्य हो।

अथोदीचीं दिशं यातु स्वैरज्ञातगतिर्भवान्।
इतोऽर्वाक्प्रायशः कालः पुंसां गुणविकर्षणः॥ २७॥

पदार्थ–

इतः = यसभन्दा	**गुणविकर्षणः** = गुणलाई हटाउने	**अज्ञातगतिः** = थाहा नाउने गरी
अर्वाक् = पछाडि	वाला हुनेछ यसकारण	**उदीचीं** = उत्तर
कालः = समय	**अथ** = यसपछि	**दिशं** = दिशातिर
प्रायशः = प्रायः	**भवान्** = तपाईं	**यातु** = जानुहोस्
पुंसां = मनुष्यहरूको	**स्वैः** = आफ्ना सम्बन्धीहरूले	

वाक्यार्थ– अब यसपछि आउने समय प्रायः मनुष्यहरूको गुणलाई घटाउनेवाला हुनेछ। त्यसकारण आफ्ना सम्बन्धीहरूले थाहा नपाउने गरी उत्तर दिशातिर जानुहोस्।

एवं राजा विदुरेणानुजेन
प्रज्ञाचक्षुर्बोधित आजमीढः।

छित्त्वा स्वेषु स्नेहपाशान् द्रढिम्नो
निश्चक्राम भ्रातृसन्दर्शिताध्वा ॥ २८ ॥

पदार्थ–

एवं = यसप्रकार	**प्रज्ञाचक्षुः** = प्रज्ञाचक्षु	**भ्रातृसन्दर्शिताध्वा** = आफ्ना
अनुजेन = आफ्ना भाइ	**राजा** = राजा धृतराष्ट्र	भाइ विदुरले देखाएको मार्गलाई
विदुरेण = विदुरले	**स्वेषु** = पाण्डवहरूमा	स्वीकार गरेर
बोधितः = ज्ञान गराइएका	**द्रढिम्नः** = सुदृढ	**निश्चक्राम** = घर छोडेर हिँडे
आजमीढः = अजमीढको वंशमा	**स्नेहपाशान्** = स्नेहपाशलाई	
जन्मेका	**छित्त्वा** = काटेर	

वाक्यार्थ– जब विदुरजीद्वारा सम्झाइएका प्रज्ञाचक्षु धृतराष्ट्रको ज्ञानरूपी नेत्र खुल्यो, यसपछि आफ्ना भाइ विदुरको उपदेशबाट प्राप्त भएको विवेकले भाइबन्धुप्रतिको सुदृढ स्नेहपाशलाई काटेर धृतराष्ट्र घर छोडेर हिँडे।

पतिं प्रयान्तं सुबलस्य पुत्री
पतिव्रता चानुजगाम साध्वी ।
हिमालयं न्यस्तदण्डप्रहर्षं
मनस्विनामिव सत्सम्प्रहारः ॥ २९ ॥

पदार्थ–

पतिव्रता = पतिव्रता	शत्रुहरूद्वारा गरिएको प्रहारले	संन्यासीलाई आनन्द प्रदान गर्ने
साध्वी = साध्वी	**मनस्विनाम्** = मनस्वीहरूलाई	**हिमालयं** = हिमालयतिर
सुबलस्य = सुबलकी	आनन्द प्रदान गरे	**प्रयान्तं** = जान लागेका
पुत्री = छोरी गान्धारी	**इव** = झैँ	**पतिं** = धृतराष्ट्रको
च = पनि	**न्यस्तदण्डप्रहर्षं** = प्राणीहरूका	**अनुजगाम** = पछि लागिन्
सत्सम्प्रहारः = धर्मयुद्धमा	द्रोहलाई परित्याग गरेका	

वाक्यार्थ– जसरी वीरपुरुषलाई धर्मयुद्धमा शत्रुको प्रहारले आनन्द प्रदान गर्दछ त्यसै गरी विषयत्यागी संन्यासीहरूलाई आनन्द प्रदान गर्ने हिमालयतिर आफ्ना पति धृतराष्ट्र जान लागेको देखेर परम पतिव्रता सुबलनन्दिनी गान्धारी उनको पछि लागिन्।

अजातशत्रुः कृतमैत्रो हुताग्नि–
र्विप्रान् नत्वा तिलगोभूमिरुक्मैः ।

गृहं प्रविष्टो गुरुवन्दनाय
न चापश्यत् पितरौ सौबलीं च ॥ ३० ॥

पदार्थ–

कृतमैत्रः = सन्ध्योपासना समाप्त गरेर
हुताग्निः = अग्निहोत्र गरेर
अजातशत्रुः = शत्रुरहित राजा युधिष्ठिर
विप्रान् = ब्राह्मणहरूलाई
तिलगोभूमिरुक्मैः = तिल, गाई, भूमि र सुवर्णदानद्वारा
नत्वा = सत्कार गरेर
गुरुवन्दनाय = गुरुजनको चरणवन्दनाका लागि
गृहं = सभामण्डलमा
प्रविष्टः = जानुभएका राजा युधिष्ठिरले
पितरौ = विदुर, धृतराष्ट्र र
सौबलीं = सुबलपुत्री गान्धारीलाई
च = पनि
न अपश्यत् = देख्नुभएन

वाक्यार्थ– अजातशत्रु युधिष्ठिरले प्रातःकाल सन्ध्यावन्दन एवं अग्निहोत्र गरेर ब्राह्मणहरूलाई नमस्कार गर्नुभयो। उहाँहरूलाई तिल, गाई, भूमि र सुवर्णको दान गर्नुभयो। त्यसपछि गुरुजनको चरणवन्दनाका लागि राजमहलमा जानुभयो। त्यहाँ उहाँले धृतराष्ट्र, विदुर र गान्धारीलाई देख्नुभएन।

तत्र सञ्जयमासीनं पप्रच्छोद्विग्नमानसः ।
गावल्गणे क्व नस्तातो वृद्धो हीनश्च नेत्रयोः ॥ ३१ ॥
अम्बा च हतपुत्राऽऽर्ता पितृव्यः क्व गतः सुहृत् ।
अपि मय्यकृतप्रज्ञे हतबन्धुः स भार्यया ॥
आशंसमानः शमलं गङ्गायां दुःखितोऽपतत् ॥ ३२ ॥

पदार्थ–

उद्विग्नमानसः = उद्विग्न चित्त भएका राजा युधिष्ठिरले
तत्र = त्यहाँ
आसीनं = बसेका
सञ्जयम् = सञ्जयलाई
पप्रच्छ = सोध्नुभयो
गावल्गणे = गावल्गणका पुत्र हे सञ्जय
नः = हामीहरूका
नेत्रयोः हीनः = नेत्रहीन
च = र
वृद्धः = वृद्ध
तातः = पिताजी
क्व = कहाँ
हतपुत्रा = पुत्रहरू मारिएका हुनाले
आर्ता = दुःखी भएकी
अम्बा = आमा गान्धारी
सुहृत् = सुहृत्
पितृव्यः = काका विदुर
च = र
क्व = कहाँ
गतः = जानुभयो
हतबन्धुः = सम्पूर्ण सन्तानहरू नष्ट भएका
सः = ती ठुलाबा धृतराष्ट्र
भार्यया = पत्नी गान्धारीका साथ
अकृतप्रज्ञे = विवेकहीन
मयि = म युधिष्ठिरमा

अपि = पनि	**आशंसमानः** = आशङ्का गरेर	**गङ्गायां** = गङ्गामा
शमलं = अपराध	**दुःखितः** = दुःखी भएर	**अपतत्** = हाम फाल्नुभयो कि

वाक्यार्थ– युधिष्ठिरले उद्विग्नचित्त भएर सञ्जयसँग सोध्नुभयो– सञ्जय ! मेरा वृद्ध एवं नेत्रहीन पिता धृतराष्ट्र कहाँ हुनुहुन्छ ? पुत्रशोकले पीडित दुःखी माता गान्धारी र मेरा परमहितैषी काका विदुरजी कहाँ जानुभयो ? काका आफ्ना पुत्र र बन्धुबान्धवको विनाशका कारण अत्यन्त दुःखी हुनुहुन्थ्यो। कहीं मलाई विवेकहीन ठानी कुनै अपराधको आशङ्का गरेर माता गान्धारीसहित धृतराष्ट्रले गङ्गाजीमा हामफाल्नु त भएन ?

पितर्युपरते पाण्डौ सर्वान् नः सुहृदः शिशून्।
अरक्षतां व्यसनतः पितृव्यौ क्व गतावितः॥ ३३॥

पदार्थ–

पितरि = पिता	**सुहृदः** = मित्रहरू	**इतः** = यहाँबाट
पाण्डौ = पाण्डुको	**शिशून्** = शिशुहरू	**क्व** = कहाँ
उपरते = मृत्यु भएपछि	**व्यसनतः** = आपत्तिबाट	**गतौ** = जानुभयो
सर्वान् = सबै	**अरक्षतां** = रक्षा गर्नुभयो	
नः = हामीहरू	**पितृव्यौ** = विदुर र धृतराष्ट्र	

वाक्यार्थ– पिता पाण्डुको निधन हुँदा हामी अत्यन्त साना थियौं त्यस अवस्थामा विदुर र धृतराष्ट्रले नै कष्टपूर्वक हाम्रो पालन-पोषण गर्नुभएको थियो। त्यतिमात्रै होइन, उहाँहरू हामीहरूलाई अत्यन्त प्रेम पनि गर्नुहुन्थ्यो। उहाँहरू यहाँबाट कता जानुभयो ?

सूत उवाच (सूतजीजीले भन्नुभयो)

कृपया स्नेहवैक्लव्यात् सूतो विरहकर्शितः।
आत्मेश्वरमचक्षाणो न प्रत्याहातिपीडितः॥ ३४॥

पदार्थ–

सूतः = सञ्जयले	**स्नेहवैक्लव्यात्** = स्नेहको	भएर
आत्मेश्वरम् = आफ्ना स्वामी	विकलताले	**न प्रत्याह** = चाँडै उत्तर दिन
धृतराष्ट्रलाई	**अतिपीडितः** = अत्यन्त दुःखी	सक्नुभएन
अचक्षाणः = नदेखेर	भएर	
कृपया = कृपा र	**विरहकर्शितः** = विरहले आतुर	

वाक्यार्थ– सञ्जय आफ्ना स्वामी धृतराष्ट्रलाई नदेखेर कृपा र स्नेहको विकलताले अत्यन्त पीडित र विरहातुर भए। यसकारण उनले युधिष्ठिरलाई केही पनि उत्तर दिन सकेनन्।

विमृज्याश्रूणि पाणिभ्यां विष्टभ्यात्मानमात्मना ।
अजातशत्रुं प्रत्यूचे प्रभोः पादावनुस्मरन् ॥ ३५ ॥

पदार्थ—

पाणिभ्यां = दुई हातले	**आत्मानम्** = मनलाई	**अनुस्मरन्** = चिन्तन गर्दै
अश्रूणि = आँसु	**विष्टभ्य** = स्थिर गरेर	**अजातशत्रुं** = युधिष्ठिरलाई
विमृज्य = पुछेर	**प्रभोः** = प्रभु धृतराष्ट्रको	**प्रत्यूचे** = भन्नुभयो
आत्मना = आफ्नो बुद्धिद्वारा	**पादौ** = चरणलाई	

वाक्यार्थ— सञ्जयले बिस्तारै बिस्तारै आफ्नो बुद्धिद्वारा चित्तलाई स्थिर गरे र हातले आँखाको आँसु पुछेर आफ्ना स्वामी धृतराष्ट्रका चरणको स्मरण गर्दै युधिष्ठिरसँग भने।

सञ्जय उवाच (सञ्जयले भने)

नाहं वेद व्यवसितं पित्रोर्वः कुलनन्दन ।
गान्धार्या वा महाबाहो मुषितोऽस्मि महात्मभिः ॥ ३६ ॥

पदार्थ—

कुलनन्दन = कुलनन्दन युधिष्ठिर	**गान्धार्याः** = गान्धारीको पनि	**महात्मभिः** = ती महात्माहरूद्वारा
वः = तपाईंका	**व्यवसितं** = सङ्कल्पलाई	**मुषितः** = ठगिएको
पित्रोः = काकाको	**अहं** = म	**अस्मि** = छु
वा = र	**न वेद** = जान्दिनँ	
	महाबाहो = हे महाबाहु	

वाक्यार्थ— हे कुलनन्दन ! मलाईं तपाईंका दुबै जना काका र गान्धारीको सङ्कल्पको विषयमा केही पनि थाहा छैन। हे महाबाहु, मलाई त ती दुईजना महात्माहरूले ठगिदिए।

अथाजगाम भगवान् नारदः सहतुम्बुरुः ।
प्रत्युत्थायाभिवाद्याह सानुजोऽभ्यर्चयन् मुनिम् ॥ ३७ ॥

पदार्थ—

अथ = यसपछि	**आजगाम** = आउनुभयो	**मुनिम्** = मुनि नारदलाई
भगवान् = भगवान्	**सानुजः** = भाइहरूका सहित युधिष्ठिर महाराज	**अभिवाद्य** = नमस्कार गरेर
नारदः = नारद		**अभ्यर्चयन्** = सम्मान गर्दै
सहतुम्बुरुः = तुम्बुरुका साथ	**प्रत्युत्थाय** = उठेर	**आह** = भन्नुभयो

वाक्यार्थ— त्यसपछि तुम्बुरुका साथ देवर्षि नारद त्यहाँ आउनुभयो। महाराज युधिष्ठिरले भाइहरूसहित उठेर उहाँहरूलाई प्रणाम गरेर सम्मान गर्दै भन्नुभयो।

युधिष्ठिर उवाच (युधिष्ठिरले भन्नुभयो)

नाहं वेद गतिं पित्रोर्भगवन् क्व गतावितः।
अम्बा वा हतपुत्राऽऽर्ता क्व गता च तपस्विनी॥ ३८॥

पदार्थ—

भगवन् = हे भगवान्	**क्व** = कहाँ	**च** = पनि
पित्रोः = पिता धृतराष्ट्र र विदुरको	**गतौ** = गए	**क्व** = कहाँ
गतिं = गतिलाई	**वा** = यस्तै	**गता** = जानुभयो
अहं = म	**तपस्विनी** = तपस्विनी	
न वेद = जान्दिनँ	**हतपुत्रा** = पुत्रहरू मारिएकी	
इतः = यहाँबाट	**आर्ता** = दुःखी	
	अम्बा = आमा गान्धारी	

वाक्यार्थ— हे भगवान्! मलाई धृतराष्ट्र, विदुर र र पुत्रशोकले व्याकुल माता गान्धारी कहाँ जानुभयो भन्ने विषयमा केही पनि थाहा छैन।

कर्णधार इवापारे भगवान् पारदर्शकः।
अथाबभाषे भगवान् नारदो मुनिसत्तमः॥ ३९॥

पदार्थ—

अपारे = अपार समुद्रमा	**पारदर्शकः** = पारदर्शक हुनुहुन्छ	**नारदः** = नारद
कर्णधारः = कर्णधार	**अथ** = यसपछि	**आवभाषे** = भन्न लाग्नुभयो
इव = झैं	**मुनिसत्तमः** = मुनिहरूमा श्रेष्ठ	
भगवान् = भगवान् तपाईं नै	**भगवान्** = देवर्षि	

वाक्यार्थ— हे भगवान्! अपार समुद्रमा कर्णधारझैं तपाईं नै हाम्रा लागि पारदर्शक हुनुहुन्छ। त्यसपछि भगवान्का परमभक्त भगवन्मय देवर्षि नारदले भन्नुभयो।

नारद उवाच (नारदजीले भन्नुभयो)

मा कञ्चन शुचो राजन् यदीश्वरवशं जगत्।
लोकाः सपाला यस्येमे वहन्ति बलिमीशितुः॥
स संयुनक्ति भूतानि स एव वियुनक्ति च॥ ४०॥

पदार्थ—

राजन् = हे राजा युधिष्ठिर	सहित भएका	**एव** = नै
कञ्चन = कसैका लागि पनि	**इमे** = यी	**भूतानि** = एक प्राणीलाई अर्को
मा शुचः = शोक नगर्नुहोस्	**लोकाः** = सम्पूर्ण मनुष्यहरू	प्राणीसँग
यत् = किनभने	**यस्य** = जुन	**संयुनक्ति** = मिलाउनुहुन्छ
जगत् = यो सम्पूर्ण संसार	**ईशितुः** = परमेश्वरको	**च** = र
ईश्वरवशं = ईश्वरको अधीनमा	**बलिम्** = आज्ञालाई	**वियुनक्ति** = विछोड पनि
छ	**वहन्ति** = पालन गर्दछन्	गराउनुहुन्छ
सपालाः = इन्द्रादि लोकपालले	**सः** = उहाँ भगवान्	

वाक्यार्थ— धर्मराज ! तपाईं कसैका लागि पनि कत्ति पनि शोक नगर्नुहोस्। किनभने यो सम्पूर्ण संसार ईश्वरको वशमा छ। सम्पूर्ण लोक र लोकपालहरू विवश भएर ईश्वरको आज्ञाको पालन गर्दछन्। उहाँ नै एक प्राणीलाई अर्को प्राणीसँग मिलाउनुहुन्छ र फेरि त्यसै गरी उक्त प्राणीलाई अर्को प्राणीबाट वियुक्त पनि गराउनुहुन्छ।

यथा गावो नसि प्रोतास्तन्त्यां बद्धाश्च दामभिः।
वाक्तन्त्यां नामभिर्बद्धा वहन्ति बलिमीशितुः॥ ४१॥

पदार्थ—

यथा = जसरी	**प्रोताः** = बाँधिएर रहेका हुन्छन्	**बद्धाः** = बाँधिएर
तन्त्यां = ठुलो डोरीमा	यसै गरी	**ईशितुः** = परमेश्वरको
बद्धाः = बाँधिएका	**वाक्तन्त्यां** = वेदरूपी डोरीमा	**बलिम्** = आज्ञालाई
गावः = गोरुहरू	**च** = पनि	**वहन्ति** = पालन गर्दछन्
नसि = नाकमा	**नामभिः** = वर्ण, आश्रम आदि	
दामभिः = सानो डोरीले	नामले	

वाक्यार्थ— जसरी पहिले ठुलो अथवा लामो डोरीले बाँधिएर त्यसपछि नाक छेडेर त्यसभित्र डोरी छिराएर अर्को डोरीले बाँधिएका गोरुहरू आफ्नै स्वामीको भारी बोक्दछन् त्यसै गरी मनुष्यहरू पनि वर्णाश्रमादि अनेक प्रकारका नामद्वारा वेदरूप डोरीले बाँधिएर ईश्वरको आज्ञाको पालन गर्दछन्।

यथा क्रीडोपस्कराणां संयोगविगमाविह।
इच्छया क्रीडितुः स्यातां तथैवेशेच्छया नृणाम्॥ ४२॥

पदार्थ—

यथा = जसरी	**क्रीडितुः** = कुनै खेल्ने मनुष्यको	**क्रीडोपस्कराणां** = क्रीडाका
इह = यस लोकमा	**इच्छया** = इच्छाद्वारा	साधनहरूको

संयोगविगमौ = संयोग र वियोग हुन्छ
तथैव = त्यसै गरी
ईशेच्छया = ईश्वरको इच्छाले
नृणाम् = मनुष्यहरूको
स्यातां = संयोग र वियोग हुन्छ

वाक्यार्थ— जसरी संसारमा खेलाडीको इच्छाद्वारा नै क्रीडाका साधनहरूको संयोग र वियोग हुन्छ त्यसै गरी भगवान्को इच्छाद्वारा नै मनुष्यहरूको पनि संयोग र वियोग हुने गर्दछ।

यन्मन्यसे ध्रुवं लोकमध्रुवं वा न चोभयम्।
सर्वथा न हि शोच्यास्ते स्नेहादन्यत्र मोहजात्॥ ४३॥

पदार्थ—

वा = अथवा
यत् = यदि तपाईं
लोकम् = जीव समुदायलाई जीवरूपले
ध्रुवं = नित्य
अध्रुवं = अनित्य देहरूपले
न च उभयम् = शुद्ध ब्रह्मरूपले अथवा अनिर्वाच्यरूपले न नित्य न अनित्य नै
मन्यसे = मान्नुहुन्छ भने पनि
मोहजात् = मोहबाट उत्पन्न भएको
स्नेहात् = आसक्तिदेखि
अन्यत्र = अतिरिक्त
ते = ती जीवहरू
सर्वथा = सर्वथा
न हि शोच्याः = शोक गर्न योग्य छैनन्

वाक्यार्थ— तपाईं प्राणीहरूलाई जीवरूपले नित्य या देहरूपले अनित्य अथवा जडरूपले अनित्य, चेतनरूपले नित्यानित्य जे माने पनि कुनै पनि परिस्थितिमा मोहजन्य आसक्तिदेखि अतिरिक्त यी प्राणीहरू शोक गर्न योग्य छैनन्।

तस्माज्जह्यङ्ग वैक्लव्यमज्ञानकृतमात्मनः।
कथं त्वनाथाः कृपणा वर्तेरंस्ते च मां विना॥ ४४॥

पदार्थ—

तस्मात् = त्यसकारण
अङ्ग = हे धर्मराज
मां = मेरो
विना = अभावमा
च = र
अनाथाः = सहायहीन
कृपणाः = दुःखी
ते = ती धृतराष्ट्र, विदुर र गान्धारी
कथं = कसरी
वर्तेरन् = रहेका होलान् भन्ने
आत्मनः = आफ्नो
अज्ञानकृतम् = अज्ञानजन्य
वैक्लव्यम् = विकलतालाई
जहि = छोड्नुहोस्

वाक्यार्थ—त्यसकारण हे धर्मराज ! ती दीन दुःखी असहाय धृतराष्ट्र, विदुर र गान्धारी मेरो सहायताविना कसरी बसेका होलान् भन्ने यो अज्ञानजन्य मनको विकलतालाई छोडिदिनुहोस्।

कालकर्मगुणाधीनो देहोऽयं पाञ्चभौतिकः।
कथमन्यांस्तु गोपायेत् सर्पग्रस्तो यथा परम्॥ ४५॥

पदार्थ–

अयं = यो	**सर्पग्रस्तः** = सर्पको मुखमा परेको मनुष्य	**अन्यान्** = अरूहरूलाई
पाञ्चभौतिकः = पाञ्चभौतिक	**यथा** = झैँ	**तु** = त
देहः = शरीर	**परम्** = पराधीन यो शरीर	**गोपायेत्** = रक्षा गर्न सक्ला
कालकर्मगुणाधीनः = काल, कर्म र गुणको अधीनमा छ	**कथम्** = कसरी	

वाक्यार्थ– यो पाञ्चभौतिक शरीर काल, कर्म र गुणहरूको वशमा छ। सर्पको मुखमा परेको मनुष्यजस्तो यो पराधीन शरीरले अर्काको रक्षा कसरी गर्न सक्ला ?

विवरण– पाणिनीय व्याकरणअनुसार बदलिनु अर्थ भएको दिह् धातुबाट देह शब्द बन्दछ। अर्थात् जो प्रतिक्षण बदलिइरहन्छ, त्यसैलाई देह भन्दछन्। किनभने शरीर बाल्यावस्थामा सानो हुन्छ। त्यसपछि युवावस्थामा बढ्छ। फेरि वृद्धावस्थामा घट्दै जान्छ र उसको एकदिन नाश हुन्छ। देह अथवा शरीरलाई भोगायतन भन्दछन्। भोगायतन शब्दको अर्थ हुन्छ जीवात्मा बसेर भोग गर्ने ठाउँ। भोगका साधनहरू इन्द्रियहरू हुन्छन्। दुःखको कारण यही देह हो। देहको कारण हो धर्माधर्म। धर्माधर्मको कारण हो शुभाशुभकर्म। शुभकर्म गरेपछि धर्म उत्पन्न हुन्छ। अशुभकर्म गरेपछि अधर्म उत्पन्न हुन्छ। त्यो धर्म अधर्मबाट देह बन्ने हुँदा यो देह कर्मको अधीनमा छ। यो सम्पूर्ण संसार नै प्रकृतिका तीन गुणहरूको अधीनमा हुनाले शरीर पनि गुणको अधीनमा हुने नै भयो। कालद्वारा प्रकृतिका गुणहरूमा क्षोभ भएपछि मात्र कुनै पनि वस्तुको सृष्टि हुने हुँदा यो देह कालको अधीनमा हुन्छ। त्यस्तो आफैँ कालको अधीनमा रहेको देहले अरूको सुरक्षा कसरी गर्न सक्छ र ?

अहस्तानि सहस्तानामपदानि चतुष्पदाम्।
फल्गूनि तत्र महतां जीवो जीवस्य जीवनम्॥ ४६ ॥

पदार्थ–

अहस्तानि = हात नभएका (माछो आदि जीवहरू)	(तृणादि)	**तत्र** = त्यहाँ
सहस्तानाम् = हातवाला (मनुष्यादिका)	**चतुष्पदाम्** = चार पाद भएका (गाईहरूको)	**जीवः** = जीव
जीवनम् = आहार बन्दछन्	**फल्गूनि** = साना-साना जीवहरू	**जीवस्य** = जीवको
अपदानि = पाउ नभएका	**महतां** = ठुला जीवका आहार बन्दछन्	**जीवनम्** = जीविकाको माध्यम बन्दछ

वाक्यार्थ– हात नभएका माछो आदि जीवहरू हात भएका मनुष्यका, पाउ नभएका तृणादिहरू चार पाद भएका गाई आदि प्राणीहरूका आहार बन्दछन्। साना जीवहरू ठुला जीवहरूका आहार भएका देखिन्छन्। यसरी एउटा जीव अर्को जीवको आहार बनिरहेको हुन्छ।

तदिदं भगवान् राजन्नेक आत्माऽऽत्मनां स्वदृक् ।
अन्तरोऽनन्तरो भाति पश्य तं माययोरुधा ॥ ४७ ॥

पदार्थ—

राजन् = हे राजा	**अन्तरः** = शरीरभित्र	**भाति** = प्रकाशित हुनुभएको छ
तत् इदं = यो समस्त जगत्	भोक्तारूपले र	**तं** = ती एउटै भगवान्लाई
आत्मनां = जीवहरूको	**अनन्तरः** = बाहिर भोग्यरूपले	**मायया** = मायाद्वारा
आत्मा = स्वरूप	**भगवान्** = भगवान्	**उरुधा** = विभिन्न रूपमा भएको
स्वदृक् = स्वप्रकाश	**एकः** = एक्लै	**पश्य** = जान्नुहोस्

वाक्यार्थ— यी समस्त जीवहरूको भित्र र बाहिर उहाँ नै एक स्वयंप्रकाश भगवान् हुनुहुन्छ जो सम्पूर्ण आत्माहरूको आत्मा हुनुहुन्छ र मायाद्वारा अनेक प्रकारले प्रकट हुनुहुन्छ।

सोऽयमद्य महाराज भगवान् भूतभावनः ।
कालरूपोऽवतीर्णोऽस्यामभावाय सुरद्विषाम् ॥ ४८ ॥

पदार्थ—

महाराज = हे महाराज	**भगवान्** = भगवान् श्रीकृष्ण	**कालरूपः** = कालरूपले
भूतभावनः = समस्त	**अद्य** = यस समयमा	**अवतीर्णः** = अवतीर्ण हुनुभएको
प्राणीहरूलाई जीवन प्रदान गर्ने	**अस्याम्** = यस धरातलमा	छ
सः = ती	**सुरद्विषाम्** = देवद्रोहीहरूको	
अयम् = एउटै	**अभावाय** = नाश गर्नका लागि	

वाक्यार्थ— महाराज ! समस्त प्राणीहरूलाई जीवनदान दिने उहाँ भगवान् नै यस समय पृथिवीमा देवद्रोही दैत्यको नाश गर्नका लागि कालरूपले अवतीर्ण हुनुभएको छ।

निष्पादितं देवकृत्यमवशेषं प्रतीक्षते ।
तावद् यूयमवेक्षध्वं भवेद् यावदिहेश्वरः ॥ ४९ ॥

पदार्थ—

देवकृत्यम् = देवताहरूको कार्य	**प्रतीक्षते** = प्रतीक्षामा हुनुहुन्छ	**भवेत्** = हुनुहुन्छ
निष्पादितं = सम्पन्न	**यावत्** = जबसम्म	**तावत्** = त्यहाँसम्म
गरिसक्नुभएको छ	**ईश्वरः** = भगवान् श्रीकृष्ण	**यूयम्** = तपाईंहरूले
अवशेषं = बाँकी रहेको कार्यको	**इह** = यहाँ	**अवेक्षध्वं** = प्रतीक्षा गर्नुहोस्

वाक्यार्थ— उहाँले देवताहरूको कार्य पूरा गरिसक्नुभएको छ। यसबाहेक उहाँले गनुपर्ने केही कार्य बाँकी छ। त्यसैका लागि उहाँ रोकिनुभएको छ। जबसम्म प्रभु यहाँ हुनुहुन्छ तबसम्म तपाईंहरूले उहाँको प्रतीक्षा गर्नुहोस्।

धृतराष्ट्रः सह भ्रात्रा गान्धार्या च स्वभार्यया ।

दक्षिणेन हिमवत ऋषीणामाश्रमं गतः ॥ ५० ॥

पदार्थ–

धृतराष्ट्रः = धृतराष्ट्र	**स्वभार्यया** = आफ्नी श्रीमती	**ऋषीणाम्** = ऋषिहरूको
भ्रात्रा = भाइ विदुरका	**गान्धार्याः** = गान्धारीका साथ	**आश्रमं** = आश्रममा
सह = साथ	**हिमवतः** = हिमालयको	**गतः** = जानुभएको छ
च = र	**दक्षिणेन** = दक्षिण दिशामा	

वाक्यार्थ– धृतराष्ट्र भाइ विदुरका र आफ्नी श्रीमती साथ हिमालयको दक्षिण दिशामा ऋषिहरूको आश्रममा जानुभएको छ।

स्रोतोभिः सप्तभिर्या वै स्वर्धुनी सप्तधा व्यधात् ।

सप्तानां प्रीतये नाम्ना सप्तस्रोतः प्रचक्षते ॥ ५१ ॥

या = जुन प्रसिद्ध	**प्रीतये** = प्रसन्नताका लागि	**सप्तस्रोतः** = सप्तस्रोत या सप्तसरोवर
स्वर्धुनी = गङ्गा	**वै** = निश्चय नै	**नाम्ना** = यस नामले
सप्तभिः = सात	**सप्तधा** = सात भागमा	**प्रचक्षते** = भन्दछन्
स्रोतोभिः = स्रोतहरूद्वारा	**व्यधात्** = विभक्त भएकी छिन्	
सप्तानां = सप्तर्षिको	(यसकारण जुन तीर्थ)	

वाक्यार्थ– गङ्गा सप्तर्षिको प्रसन्नताका लागि सात स्रोतहरू भएर सात भागमा विभक्त भएकी छिन्। यसकारण त्यस ठाउँलाई सप्तस्रोत या सप्तसरोवर भन्दछन्।

स्नात्वानुसवनं तस्मिन् हुत्वा चाग्नीन् यथाविधि ।

अब्भक्ष उपशान्तात्मा स आस्ते विगतैषणः ॥ ५२ ॥

पदार्थ–

सः = ती धृतराष्ट्र	**यथाविधि** = विधिपूर्वक	काम, क्रोध आदि विकारले रहित भएर
तस्मिन् = त्यस आश्रममा	**अग्नीन्** = अग्निमा	**विगतैषणः** = सम्पूर्ण कामनारहित भएर
स्नात्वा = स्नान गरेर	**हुत्वा** = हवन गरेर	**आस्ते** = अवस्थित छन्
अनुसवनं = त्रिकाल सन्ध्या	**अब्भक्षः** = पानीमात्र पिएर	
च = र	**उपशान्तात्मा** = अन्तःकरणका	

वाक्यार्थ– त्यस आश्रममा उहाँ त्रिकाल सन्ध्या र अग्निहोत्र विधिपूर्वक गर्नुहुन्छ। अब उहाँको चित्तमा कुनै प्रकारको पनि कामना छैन। उहाँ केवल जल पिएर शान्तचित्तले निवास गर्नुहुन्छ।

जितासनो जितश्वासः प्रत्याहृतषडिन्द्रियः ।
हरिभावनया ध्वस्तरजःसत्त्वतमोमलः ॥ ५३ ॥
विज्ञानात्मनि संयोज्य क्षेत्रज्ञे प्रविलाप्य तम् ।
ब्रह्मण्यात्मानमाधारे घटाम्बरमिवाम्बरे ॥ ५४ ॥
ध्वस्तमायागुणोदर्को निरुद्धकरणाशयः ।
निवर्तिताखिलाहार आस्ते स्थाणुरिवाचलः ॥
तस्यान्तरायो मैवाभूः सन्न्यस्ताखिलकर्मणः ॥ ५५ ॥

पदार्थ—

जितासनः = आसनमाथि विजय प्राप्त गरेर
जितश्वासः = प्राणलाई वशमा राखेर
प्रत्याहृतषडिन्द्रियः = ६ वटै इन्द्रियहरूलाई विषयबाट हटाएर
हरिभावनया = भगवान्को भक्तिद्वारा
ध्वस्तरजःसत्त्वतमोमलः = तमोगुण, रजोगुण र सत्वगुणको मललाई नष्ट गरेर
आत्मानम् = आत्मालाई अहङ्कारलाई स्थूल शरीरबाट अलग गरेर
विज्ञानात्मनि = बुद्धिमा
संयोज्य = मिलाएर
तम् = विज्ञानात्मालाई
क्षेत्रज्ञे = द्रष्टा आत्मामा
प्रविलाप्य = लीन गरेर त्यसलाई पनि
घटाम्बरम् = घटाकाशलाई घटरूप उपाधिबाट अलग गराएर
अम्बरे = महाकाशमा मिलाए
इव = झैं
आधारे = आश्रयसंज्ञक
ब्रह्मणि = ब्रह्ममा लीन गरेर
ध्वस्तमायागुणोदर्कः = मायाको कार्य वासनालाई नष्ट गरेर
निरुद्धकरणाशयः = चक्षु आदि इन्द्रियहरू र मनलाई वशमा राखेर
निवर्तिताखिलाहारः = सम्पूर्ण इन्द्रियहरूलाई आ-आफ्ना विषयबाट फर्काएर
अचलः = निश्चय भएर
आस्ते = रहेका छन्
सन्न्यस्ताखिलकर्मणः = सम्पूर्ण इन्द्रियलाई आ-आफ्ना विषयबाट फर्काएर
तस्य = ती धृतराष्ट्रका लागि तपाईं
अन्तरायः = विघ्नका रूपमा
मा एव भूः = नबन्नोस्

वाक्यार्थ— आसन जितेर प्राणलाई वशमा गरेर उहाँले आफ्ना छ इन्द्रियहरूलाई विषयबाट हटाउनुभएको छ। भगवान्प्रतिको अखण्ड भक्तिको कारणले उहाँका तमोगुण, रजोगुण र सत्त्वगुणका मलहरू नष्ट भएका छन्। उहाँले आफ्नो अहङ्कारलाई बुद्धिमा लीन गरेर बुद्धिलाई क्षेत्रज्ञ आत्मामा लीन गरेर, क्षेत्रज्ञ आत्मालाई घटाकाशलाई महाकाशमा लीन गरेझैं सर्वाधिष्ठान ब्रह्ममा एक गरिदिनुभएको छ। उहाँले आफ्ना समस्त इन्द्रिय र मनलाई रोकेर बाहिरका समस्त विषयबाट हटाउनुभएको छ। मायाको गुणबाट हुने समस्त वासनाहरूलाई सर्वथा हटाइदिनुभएको छ। समस्त कर्महरूको संन्यास गरेर यस समय उहाँ ठुटोजस्तो स्थिर भएर बस्नुभएको छ।

त्यसकारण तपाईं उहाँका मार्गमा विघ्न नबन्नुहोस्।

स वा अद्यतनाद् राजन् परतः पञ्चमेऽहनि।
कलेवरं हास्यति स्वं तच्च भस्मीभविष्यति॥ ५६॥

पदार्थ–

राजन् = हे राजा	**पञ्चमे** = पाँचौ	**तत्** = त्यो शरीर
सः = धृतराष्ट्र	**अहनि** = दिनमा	**च** = पनि
वा = अथवा	**स्वं** = आफ्नो	**भस्मीभविष्यति** = जलेर भस्म हुनेछ
अद्यतनात् = आजभन्दा	**कलेवरं** = शरीरलाई	
परतः = पछिको	**हास्यति** = त्याग्नेछन्	

वाक्यार्थ– हे राजा! आजको पाँचौ दिनमा उहाँले आफ्नो शरीरको परित्याग गर्नुहुनेछ। त्यो शरीर योगाग्निमा जलेर भस्म हुनेछ।

दह्यमानेऽग्निभिर्देहे पत्युः पत्नी सहोटजे।
बहिः स्थिता पतिं साध्वी तमग्निमनु वेक्ष्यति॥ ५७॥

पदार्थ–

सह उटजे = पर्णशालासहित	**बहिः** = कुटीबाट	**पतिम् अनु** = पतिका पछि
पत्युः = आफ्ना पति धृतराष्ट्रको	**स्थिता** = बाहिर बसेकी	**अग्निम्** = अग्निमा
देहे = शरीर	**साध्वी** = पतिव्रता	**वेक्ष्यति** = प्रवेश गर्नेछिन्
अग्निभिः = योगाग्निद्वारा	**पत्नी** = पत्नी गान्धारी	
दह्यमाने = डढेर ध्वस्त भएपछि	**तम्** = उनै	

वाक्यार्थ– अग्निद्वारा पर्णकुटीका साथ आफ्ना पतिको देह जलेको देखेर कुटीदेखि बाहिर उभिइरहेकी गान्धारीले पनि पतिको अनुगमन गर्दै त्यही आगोमा प्रवेश गर्नेछिन्।

विदुरस्तु तदाश्चर्यं निशाम्य कुरुनन्दन।
हर्षशोकयुतस्तस्माद् गन्ता तीर्थनिषेवकः॥ ५८॥

पदार्थ–

कुरुनन्दन = हे कुरुनन्दन	**निशाम्य** = देखेर	**तीर्थनिषेवकः** = तीर्थयात्राका लागि
विदुरः = विदुरले	**हर्षशोकयुतः** = हर्ष र शोकले युक्त भएर (दाइको मोक्ष देखेर हर्षित तथा उनको मृत्युको कारण दुःखी भएर)	**तस्मात्** = त्यहाँबाट
तु = त		**गन्ता** = जानेछन्
तत् = ती दाइको		
आश्चर्यं = आश्चर्यमय मोक्षलाई		

वाक्यार्थ– हे कुरुनन्दन ! विदुरजी आफ्ना दाइको आश्चर्यमय मोक्षलाई देखेर हर्षित एवं दाइसँगको वियोग हुनाले दुःखित हुँदै त्यहाँबाट तीर्थसेवनका लागि प्रस्थान गर्नुहुनेछ।

इत्युक्त्वाथारुहत् स्वर्गं नारदः सहतुम्बुरुः।
युधिष्ठिरो वचस्तस्य हृदि कृत्वाजहाच्छुचः॥ ५९॥

पदार्थ–

अथ = यसपछि	**स्वर्गं** = स्वर्गतिर	**हृदि** = हृदयमा
सहतुम्बुरुः = तुम्बुरुका साथ	**आरुहत्** = लागे	**कृत्वा** = राखेर
नारदः = देवर्षि नारद	**युधिष्ठिरः** = राजा युधिष्ठिरले	**शुचः** = शोकलाई
इति = यसो	**तस्य** = देवर्षि नारदको	**अजहात्** = त्यागनुभयो
उक्त्वा = भनेर	**वचः** = उपदेशलाई	

वाक्यार्थ– देवर्षि नारद यसो भनेर तुम्बुरका साथ स्वर्गतिर जानुभयो। धर्मराज युधिष्ठिरले उहाँको उपदेशलाई हृदयमा धारण गरेर शोकलाई त्यागिदिनुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे
नैमिषीयोपाख्याने त्रयोदशोऽध्यायः॥ १३॥

अथ चतुर्दशोऽध्यायः

अपशकुन देखेर युधिष्ठिरले शङ्का गर्नु र अर्जुन द्वारकाबाट फर्कनु

सूत उवाच (सूतजीले भन्नुभयो)

सम्प्रस्थिते द्वारकायां जिष्णौ बन्धुदिदृक्षया ।
ज्ञातुं च पुण्यश्लोकस्य कृष्णस्य च विचेष्टितम् ॥ १ ॥
व्यतीताः कतिचिन्मासास्तदा नायात्ततोऽर्जुनः ।
ददर्श घोररूपाणि निमित्तानि कुरूद्वहः ॥ २ ॥

पदार्थ–

बन्धुदिदृक्षया = आफ्ना बान्धवहरूलाई भेट गर्ने इच्छाले	**जिष्णौ** = अर्जुन	**अर्जुनः** = अर्जुन
पुण्यश्लोकस्य = पवित्र कीर्ति भएका	**द्वारकायां** = द्वारकामा	**ततः** = त्यहाँबाट
कृष्णस्य = भगवान् श्रीकृष्णको	**सम्प्रस्थिते** = गएको	**न आयात्** = फर्केर आएनन्
विचेष्टितम् = चेष्टालाई	**कतिचित्** = केही	**कुरूद्वहः** = धर्मराज युधिष्ठिर
ज्ञातुं = जान्न	**मासाः** = महिनाहरू	**घोररूपाणि** = डर लाग्दा
	व्यतीताः = बितिसकेका थिए	**निमित्तानि** = अपशकुनहरू
	तदा = त्यस वेलासम्म पनि	**ददर्श** = देख्न लाग्नुभयो

वाक्यार्थ– आफ्ना बन्धुबान्धवहरूसँग भेट गर्न र भगवान् श्रीकृष्णको इच्छा बुझ्नका लागि अर्जुन द्वारकामा गएका थिए। धेरै महिना बितिसक्दा पनि उनी त्यहाँबाट फर्केर आएनन्। धर्मराज युधिष्ठिरले ठुलाठुला भयङ्कर अपशकुनहरू देख्न लाग्नुभयो।

कालस्य च गतिं रौद्रां विपर्यस्तर्तुधर्मिणः ।
पापीयसीं नृणां वार्तां क्रोधलोभानृतात्मनाम् ॥ ३ ॥
जिह्मप्रायं व्यवहृतं शाठ्यमिश्रं च सौहृदम् ।
पितृमातृसुहृद्भ्रातृदम्पतीनां च कल्कनम् ॥ ४ ॥
निमित्तान्यत्यरिष्टानि काले त्वनुगते नृणाम् ।
लोभाद्यधर्मप्रकृतिं दृष्ट्वोवाचानुजं नृपः ॥ ५ ॥

पदार्थ–

कालस्य = समयको	**रौद्रां** = विकट	**गतिं** = गतिलाई देखेर

च = र
विपर्यस्तर्तुधर्मिणः = ऋतु विपरीत भएका वसन्त आदि ऋतुहरू (पत्रपुष्प, फल आदि र तातो चिसो आदि विपरीत भएका)
क्रोधलोभानृतात्मनाम् = क्रोध, लोभ र असत्यपरायण
नृणां = मनुष्यहरूको
पापीयसीं = पापपूर्ण
वार्तां = वार्ता
व्यवहृतं = व्यवहार
जिह्मप्रायं = कपटपूर्ण
सौहृदम् = मित्रता
शाठ्यमिश्रं = छलकपटले युक्त
पितृमातृसुहृद्भ्रातृदम्पतीनां = पिता, माता, सुहृद् सम्बन्धी भाइ र पतिपत्नीमा
च = पनि
कल्कनम् = भगडा देखेर
काले = समय
अनुगते = सम्पूर्ण दोषहरूले युक्त भएपछि
निमित्तानि = उत्पातहरू
अति = अत्यन्त
अरिष्टानि = अशुभ
तु = र
नृणाम् = मनुष्यहरूको
लोभाद्यधर्मप्रकृतिं = लोभादि अधर्मविषयक स्वभावलाई
दृष्ट्वा = देखेर
नृपः = युधिष्ठिरले
अनुजं = भाइ भीमसेनलाई
उवाच = भने

वाक्यार्थ– कालको गति अत्यन्त विकट हुँदैछ। जुन समयमा जुन ऋतु र त्यसका कार्यहरू हुनु पर्ने हो त्यस समयमा त्यो ऋतु र त्यसका कार्यहरू नभएर तिनीहरू विपरीत हुँदैछन्। मानिसहरू क्रोधी, लोभी र असत्यपरायण भएका छन्। आफ्नो जीवन निर्वाहका लागि मनुष्यहरू पापपूर्ण व्यवहार गरिरहेका छन्। सम्पूर्ण व्यवहार कपटले परिपूर्ण छ। यहाँसम्म कि मित्रतामा पनि छलकपट देखिन्छ। मातापिता, सम्बन्धी, भाइ र पतिपत्नीमा झगडा भइरहेको छ। कलिकालको कारणले गर्दा मानिसहरूको स्वभाव नै लोभ, दम्भ आदि अधर्मले अभिभूत भएको छ। प्रकृतिमा पनि अत्यन्त अरिष्टसूचक अपशकुनहरू हुन लागेका छन्। यी सब कुराहरू देखेर युधिष्ठिरले आफ्ना भाइ भीमसेनसँग भन्नुभयो।

युधिष्ठिर उवाच (युधिष्ठिरले भन्नुभयो)

सम्प्रेषितो द्वारकायां जिष्णुर्बन्धुदिदृक्षया।
ज्ञातुं च पुण्यश्लोकस्य कृष्णस्य च विचेष्टितम्॥ ६॥

पदार्थ–

जिष्णुः = अर्जुनलाई
बन्धुदिदृक्षया = बन्धुहरूलाई भेट्न
च = र
पुण्यश्लोकस्य = पवित्रकीर्ति
कृष्णस्य = भगवान् श्रीकृष्णको
विचेष्टितम् = चेष्टा र अभिप्रायलाई
ज्ञातुं = जान्न
च = पनि
द्वारकायां = द्वारकामा
सम्प्रेषितः = पठाएका थियौं

वाक्यार्थ– भीमसेन, हामीले अर्जुनलाई आफ्ना सुहृद्हरूसँग भेट गर्न र भगवान्को अभिप्राय बुझ्नका लागि द्वारकामा पठाएका थियौं।

गताः सप्ताधुना मासा भीमसेन तवानुजः।
नायाति कस्य वा हेतोर्नाहं वेदेदमञ्जसा ॥ ७ ॥

पदार्थ—

अधुना = अहिले	**तव** = तिम्रा	**इदम्** = यो नआउनाको कारण
सप्त = सात	**अनुजः** = भाइ	**अहं** = म
मासाः = महिनाहरू	**न आयाति** = आएका छैनन्	**अञ्जसा** = राम्रोसँग
गताः = बितिसके	**कस्य** = कुन	**न वा वेद** = जान्दिनँ
भीमसेन = भीमसेन	**हेतोः** = कारणले नआएका हुन्	

वाक्यार्थ— सात महिना बितिसक्दा पनि अर्जुन फर्केर आएनन्। उनी अहिलेसम्म किन फर्केर आएनन्, यसमा कारण मैले बुझ्न सकेको छैन।

अपि देवर्षिणादिष्टः स कालोऽयमुपस्थितः।
यदाऽऽत्मनोऽङ्गमाक्रीडं भगवानुत्सिसृक्षति ॥ ८ ॥

पदार्थ—

यत् = जुन कालमा	**उत्सिसृक्षति** = छोड्न चाहनुहुन्छ	**कालः** = समय
भगवान् = भगवान् श्रीकृष्ण	**देवर्षिणा** = देवर्षि नारदले	**अपि उपस्थितः** = के उपस्थित
आत्मनः = आफ्नो	**आदिष्टः** = निर्देश गरेको	भएको त होइन
आक्रीडं = लीलाको साधन	**सः** = त्यो	
अङ्गम् = मनुष्य शरीरलाई	**अयम्** = यो	

वाक्यार्थ— देवर्षि नारदले बताएअनुसार भगवान् श्रीकृष्णले आफ्नो मनुष्य शरीर त्याग गर्ने समय आइसकेको त होइन ?

यस्मान्नः सम्पदो राज्यं दाराः प्राणाः कुलं प्रजाः।
आसन् सपत्नविजयो लोकाश्च यदनुग्रहात् ॥ ९ ॥

पदार्थ—

यस्मात् = जुन भगवान्	**दाराः** = पत्नीहरू	**लोकाः** = यज्ञबाट प्राप्त हुने
श्रीकृष्णबाट र	**प्राणाः** = प्राण	लोकहरू
यदनुग्रहात् = जसको कृपाबाट	**कुलं** = कुल	**च** = पनि
नः = हामीहरूले	**प्रजाः** = प्रजा	**आसन्** = प्राप्त गरेका थियौँ
सम्पदः = सम्पत्ति	**सपत्नविजयः** = शत्रुहरूमाथि	
राज्यं = राज्य	विजय र	

वाक्यार्थ— उनै भगवान्को कृपाबाट हामीलाई यो सम्पत्ति, राज्य, स्त्री, प्राण, कुल, सन्तान,

शत्रुमाथि विजय र स्वर्गादिलोकको अधिकार प्राप्त भएको छ।

पश्योत्पातान् नरव्याघ्र दिव्यान् भौमान् सदैहिकान्।
दारुणान् शंसतोऽदूराद् भयं नो बुद्धिमोहनम्॥ १०॥

पदार्थ–

नरव्याघ्रः = मनुष्यहरूमा बाघजस्ता प्रभावशाली हे भीम	**अदूरात्** = चाँडै नै	**शंसतः** = सूचना गर्ने
दिव्यान् = स्वर्गमा हुने	**नः** = हामीहरूको	**दारुणान्** = घोर
भौमान् = पृथिवीमा हुने	**बुद्धिमोहनम्** = बुद्धिलाई मोहमा पार्ने खालको	**उत्पातान्** = उत्पातहरूलाई
सदैहिकान् = शरीरमा हुने	**भयं** = भयलाई	**पश्य** = हेर

वाक्यार्थ– हे पुरुषव्याघ्र भीमसेन ! हेर त, आकाशमा उल्कापात, पृथिवीमा भूकम्प, शरीरमा रोग आदि भयङ्कर अपशकुन देखिइरहेका छन्। यसबाट हामीहरूको बुद्धिलाई मोहमा पार्ने कुनै ठुलो उत्पात हुनेछ भन्ने कुराको सूचना मिलिरहेको छ।

ऊर्वक्षिबाहवो मह्यं स्फुरन्त्यङ्ग पुनः पुनः।
वेपथुश्चापि हृदये आराद् दास्यन्ति विप्रियम्॥ ११॥

पदार्थ–

अङ्ग = हे भीम	**हृदये** = हृदयमा	**अपि** = पनि
ऊर्वक्षिबाहवः = छाती, आँखा र हातहरू	**वेपथुः** = कम्प भइरहेकोछ, यो उत्पातले	**विप्रियम्** = दुःख
पुनः पुनः = बारम्बार	**आरात्** = चाँडै नै	**दास्यन्ति** = दिनेछन्
स्फुरन्ति = फर्फराइरहेका छन्	**मह्यं** = मलाई	

वाक्यार्थ– प्रिय भीम ! मेरो छाती, बायाँ आँखा, र भुजाहरू फरफर गरिरहेका छन्। अवश्य चाँडै नै कुनै ठुलो अनिष्ट हुनेवाला छ।

शिवैषोद्यन्तमादित्यमभिरौत्यनलानना।
मामङ्ग सारमेयोऽयमभिरेभत्यभीरुवत्॥ १२॥

पदार्थ–

अङ्ग = भीम	**उद्यन्तम्** = उदाउन लागेको	**माम्** = मलाई लक्ष्य गरेर
अनलानना = मुखबाट आगो निकाल्दै	**आदित्यम्** = सूर्यतिर हेरेर	**अभीरुवत्** = निर्भय भएर
	अभिरौति = रोइरहेकी छ	**अभिरेभति** = भुकिरहेको छ
एषा = यो	**अयम्** = यो	
शिवा = श्रृगाली (स्याल्नी)	**सारमेयः** = कुक्कुर	

वाक्यार्थ– हेर, यो श्रृगाली मुखबाट आगो निकाल्दै उदाउन लागेको सूर्यतिर हेरेर रोइरहेकी छ। यो कुकुर बिल्कुल निर्भय भएर मतिर हेरेर भुकिरहेको छ।

शस्ताः कुर्वन्ति मां सव्यं दक्षिणं पशवोऽपरे ।

वाहांश्च पुरुषव्याघ्र लक्षये रुदतो मम ॥ १३ ॥

पदार्थ–

शस्ताः = गाई आदि वस्तुहरू	**पशवः** = पशुहरू	**मम** = मेरा
मां = मेरो	**दक्षिणं** = दाहिनेतिरबाट परिक्रमा	**वाहान्** = घोडाहरू
सव्यं = देब्रेतिरबाट परिक्रमा गर्दछन्	**कुर्वन्ति** = गर्दछन्	**च** = पनि
अपरे = अन्य	**पुरुषव्याघ्र** = पुरुषमा बाघजस्ता हे भीम	**रुदतः** = रोइरहेको
		लक्षये = देख्दछु

वाक्यार्थ– भीमसेन ! गाई आदि पशुहरू मेरो देब्रे परिक्रमा गर्दैछन्। मेरा घोडा आदि वाहनहरू रोइरहेका देखिन्छन्।

मृत्युदूतः कपोतोऽयमुलूकः कम्पयन् मनः ।

प्रत्युलूकश्च कुह्वानैर्विश्वं वै शून्यमिच्छतः ॥ १४ ॥

पदार्थ–

अयम् = यो	काक	**वै** = नै
कपोतः = परेवाले	**च** = पनि	**शून्यम्** = सुनसान
मृत्युदूतः = मृत्युको सूचना गरिरहेकोछ	**कुह्वानैः** = कुत्सित शब्दहरूद्वारा	**इच्छतः** = गरिरहेका छन्
उलूकः = लाटोकोसेरो र	**मनः** = मनलाई	
प्रति उलूकः = त्यसको प्रतिपक्षी	**कम्पयन्** = कम्पित गर्दै	
	विश्वं = संसारलाई	

वाक्यार्थ– यो मृत्युदूत परेवा, लाटो कोसेरो, र उसको प्रतिपक्षी काग आफ्ना कर्णकठोर शब्दहरूद्वारा मेरो मन कपाउँदै संसारलाई नै शून्य पारिरहेका छन्।

धूम्रा दिशः परिधयः कम्पते भूः सहाद्रिभिः ।

निर्घातश्च महांस्तात साकं च स्तनयित्नुभिः ॥ १५ ॥

पदार्थ–

तात = भाइ	**धूम्राः** = मैला देखिन्छन्	**अद्रिभिः सह** = पर्वतहरूका साथ
दिशः = पूर्व, पीश्चम आदि दिशाहरू	**परिधयः** = सूर्य र चन्द्रमाका चारैतिर घेराहरू देखिन्छन्	**भूः** = पृथिवी

कम्पते = काँपिरहेकी छिन्	**साकं** = साथ	**च** = पनि
स्तनयित्नुभिः = मेघले सहित	**महान्** = ठुलो	(परिरहेको छ)
भएको गर्जनाका	**निर्घातः** = चट्याङ्	

वाक्यार्थ— दिशाहरू मैला देखिएका छन्। सूर्य र चन्द्रमाको चारैतिर मण्डलहरू लागेका छन्। पहाडहरूका साथ पृथिवी काँपिरहेकी छिन्। बादलहरू जोरजोरले गर्जना गरिरहेका छन्। ठाउँठाउँमा चट्याङ् परिरहेको छ।

वायुर्वाति खरस्पर्शो रजसा विसृजंस्तमः।
असृग् वर्षन्ति जलदा बीभत्समिव सर्वतः॥ १६॥

पदार्थ—

खरस्पर्शः = कडा स्पर्श भएको	**वाति** = चलिरहेको छ	**सर्वतः** चारैतिर
रजसा = धुलोद्वारा (चारैतिर)	**जलदाः** = मेघहरू	**बीभत्सम्** = डरलाग्दो
तमः = अन्धकारलाई	**असृक्** = रगत	**इव** = झैं देखिन्छ
विसृजन् = फैलाउँदै	**वर्षन्ति** = बर्साउँदैछन्	
वायुः = वायु	(यसकारण)	

वाक्यार्थ— धुलो वर्षा गरेर अन्धकारलाई फैलाउँदै तीव्र वेगमा आँधी चलिरहेको छ। बादलहरू डरलाग्दो दृश्य उपस्थित गर्दै रगतको वृष्टि गरिरहेका छन्।

सूर्यं हतप्रभं पश्य ग्रहमर्दं मिथो दिवि।
ससङ्कुलैर्भूतगणैर्ज्वलिते इव रोदसी॥ १७॥

पदार्थ—

हतप्रभं = कान्तिले रहित भएको	**ग्रहमर्दं** = मङ्गल आदि	समूहद्वारा
सूर्यं = सूर्यलाई	ग्रहहरूको युद्ध	**रोदसी** = पृथिवी र आकाश
पश्य = हेर	**ससङ्कुलैः** = अन्य प्राणीहरूले	**ज्वलिते इव** = बलिरहेका जस्ता
दिवि = आकाशमा	सहित	देखिन्छन्
मिथः = परस्परमा	**भूतगणैः** = भूत र पिशाच आदि	

वाक्यार्थ— हेर त, सूर्यको कान्ति पनि कम भएको छ। आकाशमा ग्रहहरू टकराइरहेका छन्। प्राणीहरूको भीडमा पृथिवी र आकाशमा आगो लागेको जस्तो देखिन्छ।

नद्यो नदाश्च क्षुभिताः सरांसि च मनांसि च।
न ज्वलत्यग्निराज्येन कालोऽयं किं विधास्यति॥ १८॥

पदार्थ—

नद्यः = नदीहरू
नदाः = ठुला नदीहरू
सरांसि = तलाउहरू
मनांसि = मनुष्यहरूका मन
च = पनि
क्षुभिताः = क्षुब्ध भइरहेका छन्
आज्येन = घिउद्वारा
अग्निः = अग्नि
न ज्वलति = बल्दैन
अयं = यो
कालः = काल
किं = के
विधास्यति = गर्नलागेको छ भन्ने कुरा भन्न सकिन्न

वाक्यार्थ— नदी, ठुला नदी, तलाउ र मनुष्यहरूको मन पनि क्षुब्ध भइरहेका छन्। घिउबाट आगो बल्दैन। यसर्थ यो कालले के गर्नलागेको छ भन्ने कुरा भन्न सकिन्न।

न पिबन्ति स्तनं वत्सा न दुह्यन्ति च मातरः।
रुदन्त्यश्रुमुखा गावो न हृष्यन्त्यृषभा व्रजे॥ १९॥

पदार्थ—

गावः = गाईहरू
न दुह्यन्ति = दुध दिँदैनन्
च = र
वत्साः = बाच्छाहरू
स्तनं = दुध
न पिबन्ति = पिउँदैनन्
मातरः = गाईहरू
अश्रुमुखाः = मुखमा आँसु लिएर
रुदन्ति = रुन्छन्
ऋषभाः = गोरुहरू
व्रजे = गोठमा
न हृष्यन्ति = खुसी हुँदैनन्

वाक्यार्थ— बाच्छाहरू दुध पिउँदैनन्। गाईहरू दुध दिँदैनन् र गौशालामा आँसु निकालेर रोइरहेका छन्। गोरुहरू उदास देखिन्छन्।

दैवतानि रुदन्तीव स्विद्यन्ति ह्युच्चलन्ति च।
इमे जनपदा ग्रामाः पुरोद्यानाकराश्रमाः॥
भ्रष्टश्रियो निरानन्दाः किमघं दर्शयन्ति नः॥ २०॥

पदार्थ—

दैवतानि = देवताका मूर्तिहरू
रुदन्ति इव = मानौं रोइरहेका छन्
स्विद्यन्ति = उनबाट पसिना निक्लिरहेका छन्
हि = निश्चय नै
उच्चलन्ति = हिँड्न र डुल्न लागेका जस्ता देखिन्छन्
इमे = यी
जनपदाः = देशहरू
ग्रामाः = गाउँहरू
च = र
पुरोद्यानाकराश्रमाः = सहर, बगैचा, खानी र आश्रमहरू
भ्रष्टश्रियः = श्रीहीन भएका
निरानन्दाः = आनन्दरहित भएका
नः = हामीहरूलाई
किम् = के
अघं = पाप
दर्शयन्ति = देखाइरहेका छन्

वाक्यार्थ— देवताहरूको मूर्ति रोइरहेका जस्ता देखिन्छन्। मूर्तिहरूबाट पसिना निक्लिरहेका छन्। उनीहरू हिँडडुल गर्न लागेका जस्ता देखिन्छन्। भाइ, यी देशहरू, गाउँ, सहर, बगैंचा, खानी र

आश्रमहरू श्री तथा आनन्दले रहित देखिएका छन्। मलाई थाहा छैन, यिनीहरूले कुन दुःखको सूचना गरिरहेका छन्।

मन्य एतैर्महोत्पातैर्नूनं भगवतः पदैः।

अनन्यपुरुषश्रीभिर्हीना भूर्हतसौभगा॥ २१॥

पदार्थ–

एतैः = यी	**भूः** = पृथिवी	**नूनं** = निश्चय नै
महोत्पातैः = महान् उत्पातहरूद्वारा	**अनन्यपुरुषश्रीभिः** = अन्य कुनै पुरुषमा नहुने सौन्दर्यले युक्त	**हीना** = रहित भएकी छिन् भन्ने
हतसौभगा = सौभाग्यले हीन भएकी	**भगवतः** = भगवान्‌का	**मन्ये** = ठान्दछु
	पदैः = चरणकमलद्वारा	

वाक्यार्थ– यी ठुलाठुला उत्पातहरूलाई देख्दा मलाई के लाग्छ भने भाग्यले हीन भएकी पृथिवी अनन्य सुन्दर विलक्षण चिह्नद्वारा चिह्नित भगवान्‌का चरणकमलद्वारा रहित भएकी छिन्।

इति चिन्तयतस्तस्य दृष्टारिष्टेन चेतसा।

राज्ञः प्रत्यागमद् ब्रह्मन् यदुपुर्याः कपिध्वजः॥ २२॥

पदार्थ–

ब्रह्मन् = हे शौनकजी	**चिन्तयतः** = चिन्ता गर्ने	**यदुपुर्याः** = द्वारकाबाट
दृष्टारिष्टेन = अरिष्टलाई जान्ने	**तस्य** = ती	**कपिध्वजः** = अर्जुन
चेतसा = चित्तद्वारा	**राज्ञः** = राजा युधिष्ठिरको समक्ष	**प्रत्यागमत्** = आए
इति = यो		

वाक्यार्थ– राजा युधिष्ठिर यी भयङ्कर उत्पातहरूलाई देखेर मनमनै चिन्ता गरिरहेका थिए। त्यसै समयमा द्वारकाबाट अर्जुन आइपुगे।

तं पादयोर्निपतितमयथापूर्वमातुरम्।

अधोवदनमब्बिन्दून् सृजन्तं नयनाब्जयोः॥ २३॥

विलोक्योद्विग्नहृदयो विच्छायमनुजं नृपः।

पृच्छति स्म सुहृन्मध्ये संस्मरन्नारदेरितम्॥ २४॥

पदार्थ–

अयथापूर्वम् = पहिलेभन्दा विलक्षण तरिकाले	**पादयोः** = आफ्ना चरणमा	**आतुरम्** = आतुर
	निपतितम् = परेका	**अधोवदनम्** = तलतिर मुख

फर्काएका
नयनाब्जयोः = आँखामा
अब्बिन्दून् = आँसु
सृजन्तं = खसालिरहेका
विच्छायम् = कान्तिले हीन भएका
तं = ती
अनुजं = भाइ अर्जुनलाई
विलोक्य = देखेर
उद्विग्नहृदयः = उद्विग्न हृदय भएका
नृपः = राजा युधिष्ठिरले
नारदेरितम् = नारदको भनाइलाई
संस्मरन् = स्मरण गर्दै
सुहृन्मध्ये = मित्रहरूका अगाडि
पृच्छति स्म = सोध्नुभयो

वाक्यार्थ– अन्त्यन्त आतुर, मुख भुइँतिर निहुराएका, आँखाबाट आँसु निकालिरहेका, कान्तिहीन, अर्जुन आफ्नो पाउमा परेको देखेर युधिष्ठिर हडबडाउनुभयो। देवर्षि नारदको कुरा सम्झेर उहाँले आफ्ना मित्रहरूका अगाडि अर्जुनलाई सोध्नुभयो।

युधिष्ठिर उवाच (युधिष्ठिरले भन्नुभयो)

कच्चिदानर्तपुर्यां नः स्वजनाः सुखमासते।
मधुभोजदशार्हार्हसात्वतान्धकवृष्णयः॥ २५॥

पदार्थ–
आनर्तपुर्यां = द्वारकापुरीमा
नः = हामीहरूका
स्वजनाः = स्वजन
मधुभोजदशार्हार्हसात्वतान्धक-वृष्णयः = मधु, भोज, दशार्ह, आर्ह, सात्वत, अन्धक र वृष्णिवंशी यादवहरू
कच्चित् = के
सुखम् = सुखपूर्वक
आसते = छन्

वाक्यार्थ– भाइ ! द्वारकापुरीमा हाम्रा स्वजनसम्बन्धी मधु, भोज, दशार्ह, आर्ह, सात्वत, अन्धक र वृष्णिवंशी यादवहरू के सकुशल छन् ?

शूरो मातामहः कच्चित् स्वस्त्यास्ते वाथ मारिषः।
मातुलः सानुजः कच्चित् कुशल्यानकदुन्दुभिः॥ २६॥

पदार्थ–
अथ = यसपछि
मारिषः = मान्य
शूरः = वीर
मातामहः = मातामह
कच्चित् = के
स्वस्ति = सुखपुर्वक
वा = अथवा
सानुजः = भाइहरूका साथ
मातुलः = हाम्रा मामा
आनकदुन्दुभिः = वसुदेवजी
कच्चित् = के
कुशली = कुशलतापूर्वक हुनुहुन्छ
आस्ते = हुनुहुन्छ

वाक्यार्थ– हाम्रा मान्य मातामह शूरसेनजी के प्रसन्न हुनुहुन्छ ? आफ्ना भाइसहित मामा वसुदेवजी कुशलतापूर्वक हुनुहुन्छ ?

सप्त स्वसारस्तत्पत्न्यो मातुलान्यः सहात्मजाः।
आसते सस्नुषाः क्षेमं देवकीप्रमुखाः स्वयम्॥ २७॥

पदार्थ–

तत्पत्न्यः = वसुदेवकी पत्नीहरू	**स्वसारः** = बहिनीहरू	**स्वयम्** = आफू
मातुलान्यः = माइज्यूहरू	**सहात्मजाः** = छोराहरूले सहित	**आसते** = कुशल हुनुहुन्छ
देवकीप्रमुखाः = देवकी आदि	**सस्नुषाः** = बुहारीहरू सहित	
सप्त = सात	**क्षेमम्** = सुखपूर्वक	

वाक्यार्थ– उहाँकी पत्नी हाम्रा माइज्यू, देवकी आदि सात बहिनीहरू आफ्ना छोरा र बुहारीसहित आफू आनन्दपूर्वक हुनुहुन्छ ?

कच्चिद्राजाऽऽहुको जीवत्यसत्पुत्रोऽस्य चानुजः।
हृदीकः ससुतोऽक्रूरो जयन्तगदसारणाः॥ २८॥
आसते कुशलं कच्चिद् ये च शत्रुजिदादयः।
कच्चिदास्ते सुखं रामो भगवान् सात्वतां प्रभुः॥ २९॥

पदार्थ–

असत्पुत्रः = दुष्ट पुत्र भएका	**अक्रूरः** = अक्रूर	**आसते** = हुनुहुन्छ
आहुकः = उग्रसेन	**जयन्तगदसारणाः** = जयन्त, गद सारण	**सात्वतां** = यादवहरूका
राजा = राजा		**प्रभुः** = प्रभु
कच्चित् = के	**च** = पनि	**भगवान्** = भगवान्
जीवति = जीवित हुनुहुन्छ		**रामः** = बलराम
अस्य = उग्रसेनका	**ये च** = अरू	**कच्चित्** = के
अनुजः = भाइ देवक	**शत्रुजिदादयः** = शत्रुजित् आदि	**सुखं** = सुखपूर्वक
ससुतः = छोरा कृतवर्मासहित	**कच्चित्** = के	**आस्ते** = हुनुहुन्छ
हृदीकः = हृदीक	**कुशलं** = कुशल	

वाक्यार्थ– जसको पुत्र कंस अत्यन्त दुष्ट थियो ती राजा उग्रसेन आफ्ना भाइ देवकका साथ जीवित हुनुहुन्छ ? हृदीक, उनका छोरो कृतवर्मा, अक्रूर, जयन्त, गद, सारण तथा शत्रुजित् आदि यादववीरहरू सकुशल छन् ? यादवहरूका स्वामी बलरामजी आनन्दपूर्वक हुनुहुन्छ ?

प्रद्युम्नः सर्ववृष्णीनां सुखमास्ते महारथः।
गम्भीररयोऽनिरुद्धो वर्धते भगवानुत॥ ३०॥

पदार्थ—

सर्ववृष्णीनां = वृष्णीदेशमा सर्वश्रेष्ठ	**आस्ते** = हुनुहुन्छ	**वर्धते उत** = प्रसन्नतापूर्वक हुनुहुन्छ
महारथः = महारथी	**गम्भीररयः** = युद्धमा ठुलो फूर्ति देखाउने	
प्रद्युम्नः = प्रद्युम्न	**भगवान्** = भगवान्	
सुखम् = सुखपूर्वक	**अनिरुद्धः** = अनिरुद्ध	

वाक्यार्थ— वृष्णीवंशका सर्वश्रेष्ठ महारथी प्रद्युम्न सकुशल हुनुहुन्छ ? युद्धमा ठुलो फूर्ति देखाउने भगवान् अनिरुद्ध प्रसन्नतापूर्वक हुनुहुन्छ ?

सुषेणश्चारुदेष्णश्च साम्बो जाम्बवतीसुतः ।
अन्ये च कार्ष्णिप्रवराः सपुत्रा ऋषभादयः ॥ ३१ ॥
तथैवानुचराः शौरेः श्रुतदेवोद्धवादयः ।
सुनन्दनन्दशीर्षण्या ये चान्ये सात्वतर्षभाः ॥ ३२ ॥
अपि स्वस्त्यासते सर्वे रामकृष्णभुजाश्रयाः ।
अपि स्मरन्ति कुशलमस्माकं बद्धसौहृदाः ॥ ३३ ॥

पदार्थ—

सुषेणः = सुषेण	**शौरेः** = भगवान् श्रीकृष्णका	यदुवंशीहरू
चारुदेष्णः = चारुदेष्ण	**अनुचराः** = सेवक	**अपि** = पनि
च = र	**श्रुतदेवोद्धवादयः** = श्रुतदेव, उद्धव आदि	**सर्वे** = सबै
जाम्बवतीसुतः = जाम्बवतीनन्दन	**ये च** = अरू	**स्वस्ति** = सकुशल
साम्बः = साम्ब	**सुनन्दनन्दशीर्षण्याः** = सुनन्द, नन्द आदि प्रधान यदुवंशी र	**आसते** = हुनुहुन्छ
अन्ये = अरू	**अन्ये** = अरू	**बद्धसौहृदाः** = हामीहरूमा प्रेम राख्ने उहाँहरू
च = पनि	**रामकृष्णभुजाश्रयाः** = भगवान् श्रीकृष्ण र बलरामको भुजा नै आश्रय भएका	**अपि** = पनि
ऋषभादयः = ऋषभ आदि	**सात्वतर्षभाः** = प्रधान	**अस्माकं** = हामीहरूको
कार्ष्णिप्रवराः = भगवान् कृष्णका		**कुशलम्** = कुशल मङ्गल
सपुत्राः = पुत्रहरूसहित		**स्मरन्ति** = सोध्नुहुन्छ
तथा एव = त्यसै गरी		

वाक्यार्थ— सुषेण, चारुदेष्ण, जाम्बवतीनन्दन साम्ब, आफ्ना पुत्रसहित ऋषभ आदि भगवान् श्रीकृष्णका अरू पुत्रहरू पनि प्रसन्न छन् ? भगवान् श्रीकृष्णका सेवक श्रुतदेव, उद्धव आदि र अरू सुनन्द, नन्द आदि प्रधान यदुवंशी जो भगवान् श्रीकृष्ण र बलरामका बाहुबलद्वारा सुरक्षित

छन्, के तिनीहरू सकुशल छन् ? तिनीहरू सबै हाम्रो कुशल-मङ्गलको विषयमा प्रश्न गर्दछन् त ?

भगवानपि गोविन्दो ब्रह्मण्यो भक्तवत्सलः।
कच्चित् पुरे सुधर्मायां सुखमास्ते सुहृद्वृतः॥ ३४॥

पदार्थ–

भक्तवत्सलः = भक्तवत्सल	**भगवान्** = भगवान्	**सुधर्मायां** = सुधर्मा सभामा
ब्रह्मण्यः = ब्राह्मणभक्त	**गोविन्दः** = गोविन्द	**कच्चित्** = के
सुहृद्वृतः = आफ्ना मित्रहरूले घेरिएका	**अपि** = पनि	**सुखम्** = सुखपूर्वक
	पुरे = द्वारका पुरीमा	**आस्ते** = हुनुहुन्छ

वाक्यार्थ– भक्तवत्सल ब्राह्मणभक्त भगवान् श्रीकृष्ण आफ्ना सम्बन्धीहरूका साथ द्वारकाको सुधर्मा सभामा सुखपूर्वक हुनुहुन्छ ?

मङ्गलाय च लोकानां क्षेमाय च भवाय च।
आस्ते यदुकुलाम्भोधावाद्योऽनन्तसखः पुमान्॥ ३५॥

पदार्थ–

अनन्तसखः = बलरामसहित	**मङ्गलाय** = मङ्गलका लागि	**च** = पनि
आद्यः = आदि	**भवाय** = उन्नतिका लागि	**यदुकुलाम्भोधौ** = यदुकुलरूपी समुद्रमा
पुमान् = पुरुष भगवान् श्रीकृष्ण	**क्षेमाय** = परम कल्याणका लागि	
लोकानां = संसारको		**आस्ते** = निवास गर्नुहुन्छ

वाक्यार्थ– भगवान् आदिपुरुष बलरामजीका साथ संसारको परम मङ्गल, कल्याण र उन्नतिका लागि युदुवंशरूप क्षीरसागरमा विराजमान हुनुहुन्छ।

यद्बाहुदण्डगुप्तायां स्वपुर्यां यदवोऽर्चिताः।
क्रीडन्ति परमानन्दं महापौरुषिका इव॥ ३६॥

पदार्थ–

यद्बाहुदण्डगुप्तायां = जसको बाहुदण्डद्वारा सुरक्षित	**अर्चिताः** = सम्मानित	**इव** = झैँ
	यदवः = यदुहरू	**परमानन्दं** = आनन्दपूर्वक
स्वपुर्यां = द्वारका नगरीमा	**महापौरुषिकाः** = भगवत्पार्षद	**क्रीडन्ति** = विहार गर्दछन्

वाक्यार्थ– उहाँकै बाहुबलद्वारा सुरक्षित द्वारकापुरीमा यदुवंशीहरू संसारका सम्पूर्ण मनुष्यहरूद्वारा सम्मानित भएर आनन्दसाथ भगवान् विष्णुका पार्षदसमान भएर विहार गरिरहेका छन्।

यत्पादशुश्रूषणमुख्यकर्मणा
सत्यादयो द्व्यष्टसहस्रयोषितः।
निर्जित्य सङ्ख्ये त्रिदशांस्तदाशिषो
हरन्ति वज्रायुधवल्लभोचिताः॥ ३७॥

पदार्थ–

यत्पादशुश्रूषणमुख्यकर्मणा = जसको पादसेवनरूपी मुख्य कर्मद्वारा
सत्यादयः = सत्यभामा आदि
द्व्यष्टसहस्रयोषितः = सोह्र हजार रानीहरू
सङ्ख्ये = युद्धमा
त्रिदशान् = देवताहरूलाई
निर्जित्य = जितेर
वज्रायुधवल्लभोचिताः = इन्द्रपत्नी शचीद्वारा उपभोग्य
तदाशिषः = अभीष्ट वस्तु पारिजात आदिको
हरन्ति = उपभोग गर्दछन्

वाक्यार्थ– सत्यभामा आदि सोह्रहजार रानीहरू प्रधानरूपले भगवान् श्रीकृष्णकै चरणसेवामा रत रहेर उहाँद्वारा युद्धमा इन्द्रादि देवताहरूलाई हराएर प्राप्त इन्द्राणीको भोगयोग्य अभीष्ट पारिजात आदि वस्तुहरूको उपभोग गर्दछन्।

यद्बाहुदण्डाभ्युदयानुजीविनो
यदुप्रवीरा ह्यकुतोभया मुहुः।
अधिक्रमन्त्यङ्घ्रिभिराहृतां बलात्
सभां सुधर्मां सुरसत्तमोचिताम्॥ ३८॥

पदार्थ–

यद्बाहुदण्डाभ्युदयानुजीविनः = जुन भगवान् श्रीकृष्णको बाहुदण्डको प्रभावबाट सुरक्षित भएर
यदुप्रवीराः = यदुवंशीहरू
अकुतोभयाः = निर्भय भएर
सुरसत्तमोचिताम् = इन्द्र आदि ठुला-ठुला देवताहरूद्वारा बस्न योग्य
बलात् = आफ्नो प्रभावले
आहृतां = भगवान्द्वारा ल्याइएको
सुधर्मां = सुधर्मा
सभां = सभालाई
मुहुः = बारम्बार
अङ्घ्रिभिः = चरणद्वारा
ह = निश्चय नै
अधिक्रमन्ति = आक्रान्त गर्दछन्

वाक्यार्थ– यदुवंशी वीर श्रीकृष्णको बाहुदण्डको प्रभावले सुरक्षित भएर निर्भय रहन्छन् र भगवान् श्रीकृष्णले आफ्ना बाहुवललले ल्याएको ठुलाठुला देवताहरू बस्न योग्य सुधर्मा सभालाई आफ्ना चरणले आक्रान्त गर्दछन्।

कच्चित्तेऽनामयं तात भ्रष्टतेजा विभासि मे ।
अलब्धमानोऽवज्ञातः किं वा तात चिरोषितः ॥ ३९ ॥

पदार्थ—

तात = हे अर्जुन	**मे** = मैले	**अलब्धमानः** = कुनै प्रकारको
ते = तिमी	**भ्रष्टतेजा** = तिमीलाई श्रीहीन	सम्मान नपाई
कच्चित् = के	**विभासि** = देखिरहेको छु	**अवज्ञातः** = तिरस्कृत त
अनामयं = कुशल छौ	**चिरोषितः** = द्वारकामा धेरै	**किं वा** = भएनौ
तात = हे अर्जुन	समयसम्म बसेका छौ, अतः	

वाक्यार्थ— भाइ अर्जुन ! भन के तिमी सकुशल छौ ? मैले तिमीलाई श्रीहीन देखिरहेको छु। तिमी धेरै दिनसम्म द्वारकामा बस्दा कसैले तिम्रो सम्मानमा कमी त गरेन ? अथवा तिमीलाई कसैले अपमान त गरेन ?

कच्चिन्नाभिहतोऽभावैः शब्दादिभिरमङ्गलैः ।
न दत्तमुक्तमर्थिभ्य आशया यत्प्रतिश्रुतम् ॥ ४० ॥

पदार्थ—

अभावैः = प्रेमविहीन	**न अभिहतः** = चित्त त दुखाएन	**यत् प्रतिश्रुतम्** = दिन्छु भनेर
अमङ्गलैः = अमङ्गल	अथवा	**उक्तम्** = भनिएको वस्तु
शब्दादिभिः = शब्दहरूद्वारा	**आशया** = आशापूर्वक आएका	**न दत्तम्** = दिएनौ वा दिन
कच्चित् = कहीँ	**अर्थिभ्य** = याचकहरूलाई	सकेनौ

वाक्यार्थ— कहीँ कसैले दुर्भावपूर्ण अमङ्गल शब्द आदिद्वारा तिम्रो चित्त त दुखाएन ? अथवा कुनै आशाले आएका याचकलाई उनीहरूले मागेको वस्तु अथवा आफ्ना तर्फबाट कसैलाई केही दिने प्रतिज्ञा गरेर नदिएका त होइनौ ?

कच्चित्त्वं ब्राह्मणं बालं गां वृद्धं रोगिणं स्त्रियम् ।
शरणोपसृतं सत्त्वं नात्याक्षीः शरणप्रदः ॥ ४१ ॥

पदार्थ—

शरणप्रदः = शरणमा आएका	**बालं** = बालकलाई	**सत्त्वं** = अन्य कुनै प्राणीलाई
मानिसहरूको रक्षा गर्ने	**गां** = गाईलाई	**कच्चित्** = कहीँ
त्वं = तिमीले	**रोगिणं** = रोगीलाई	**न अत्याक्षीः** = परित्याग त
शरणोपसृतं = शरणमा आएको	**स्त्रियम्** = स्त्रीलाई	गरेनौ
ब्राह्मणं = ब्राह्मणलाई	**वृद्धं** = वृद्धलाई	

वाक्यार्थ— तिमीले शरणागतको रक्षा गर्दै आएका छौ। कहीँ कुनै ब्राह्मण, बालक, गाई, ठुला

रोगी, अबला अथवा अन्य कोही जो तिम्रो शरणमा आएका थिए, तिमीले ती व्यक्तिको परित्याग त गरेनौ ?

कच्चित् त्वं नागमोऽगम्यां गम्यां वासत्कृतां स्त्रियम् ।
पराजितो वाथ भवान्नोत्तमैर्नासमैः पथि ॥ ४२ ॥

पदार्थ–

त्वं = तिमी	**स्त्रियम्** = स्त्रीलाई	**अथ** = यसपछि
अगम्यां = अगम्या स्त्रीमा	**असत्कृतां** = असत्कारपूर्वक	**पथि** = बाटोमा
कच्चित् = कहीँ	समागम त गरेनौ	**भवान्** = तिमी
न अगमः = समागम त गरेनौ	**उत्तमैः** = उत्तम प्रकृतिका	**असमैः** = आफूभन्दा बलवान्
वा = अथवा	मानिसहरूद्वारा	मनुष्यद्वारा
गम्यां = समागम गर्न योग्य	**वा** = अथवा	**पराजितः** = पराजित त भएनौ

वाक्यार्थ– कहीँ तिमीले अगम्या स्त्रीसँग समागम त गरेनौ ? अथवा गमन गर्न योग्य स्त्रीका साथ असत्कारपूर्वक समागम त गरेनौ ? अथवा बाटोमा तिमी आफूभन्दा बलवान् मनुष्यद्वारा पराजित त भएनौ ?

अपि स्वित् पर्यभुङ्क्थास्त्वं सम्भोज्यान् वृद्धबालकान् ।
जुगुप्सितं कर्म किञ्चित् कृतवान् न यदक्षमम् ॥ ४३ ॥

पदार्थ–

त्वं = तिमीले	**अपि स्वित्** = के	**किञ्चित्** = कुनै
सम्भोज्यान् = पहिले भोजन	**पर्यभुङ्क्थाः** = एक्लै	**जुगुप्सितं** = निन्दित
गराउन योग्य	भोजन त गरेनौ	**कर्म** = कर्म
वृद्धबालकान् = वृद्ध र	**अक्षमम्** = गर्न अयोग्य	**न कृतवान्** = गरेनौ
बालकहरूलाई छोडेर	**यत्** = जुन	

वाक्यार्थ– मार्गमा तिमीले भोजन गराउन योग्य बालक र बूढालाई भोजन गराईकन आफूले एक्लै त भोजन गरेनौ ? अथवा तिमीले गर्न नहुने कुनै निन्दित कर्म त गरेनौ ?

कच्चित् प्रेष्ठतमेनाथ हृदयेनात्मबन्धुना ।
शून्योऽस्मि रहितो नित्यं मन्यसे तेऽन्यथा न रुक् ॥ ४४ ॥

पदार्थ–

अथ = यसपछि	**हृदयेन** = अभिन्न हृदय	**रहितः** = रहित हुनाले
नित्यं = सधैँ	**आत्मबन्धुना** = परम सुहृद्	**शून्यः** = शून्य
प्रेष्ठतमेन = अत्यन्त प्रिय	श्रीकृष्णद्वारा	**अस्मि** = छु भनी

कच्चित् = कहीं
मन्यसे = मानेका छौ कि
अन्यथा = यसलाई छोडेर
ते = तिम्रो
रुक् न = पीडाको कारण अरू हुन सक्दैन

वाक्यार्थ—अथवा आफ्ना परम प्रियतम अभिन्न हृदय परमसुहृद् भगवान् श्रीकृष्णबाट रहित भएका त होइनौ ? यसै कारणले आफूलाई शून्य मानिरहेका छौ। तिमीलाई मानसिक पीडा हुनमा यी कारणदेखि अतिरिक्त अरू कारण हुन सक्दैन।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

युधिष्ठिरवितर्को नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

अथ पञ्चदशोऽध्यायः

श्रीकृष्णसँगको विरहको व्यथाले पीडित पाण्डवहरू परीक्षित्लाई राज्य दिएर स्वर्गतर्फ प्रस्थान गर्नु

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं कृष्णसखः कृष्णो भ्रात्रा राज्ञाऽऽविकल्पितः।
नानाशङ्कास्पदं रूपं कृष्णविश्लेषकर्शितः॥ १॥
शोकेन शुष्यद्वदनहृत्सरोजो हतप्रभः।
विभुं तमेवानुध्यायन् नाशक्नोत् प्रतिभाषितुम्॥ २॥

पदार्थ—

एवं = यसप्रकार
भ्रात्रा = भाइ
राज्ञा = राजा युधिष्ठिरले
नानाशङ्कास्पदं = विभिन्न प्रकारका शङ्काहरूको कारण भएको
रूपं = अर्जुनको तेजोहीन रूपलाई लिएर
विकल्पितः = शङ्काहरू गरेपछि
कृष्णविश्लेषकर्शितः = भगवान् श्रीकृष्णको वियोगले पीडित भएका
शोकेन = शोकले
शुष्यद्वदनहृत्सरोजः = मुखकमल र हृदयकमल सुकेका
हतप्रभः = कान्तिहीन भएका
कृष्णसखः = भगवान् श्रीकृष्णका प्रिय साथी
कृष्णः = अर्जुन
तम् = उहाँ
एव = नै
विभुं = भगवान् श्रीकृष्णलाई
अनुध्यायन् = ध्यानमा चुर्लुम्म डुबेकाले
प्रतिभाषितुम् = युधिष्ठिरका प्रश्नहरूको उत्तर दिन
न अशक्नोत् = सकेनन्

वाक्यार्थ— भगवान् श्रीकृष्णका प्यारा साथी अर्जुन त्यसै त उहाँको विरहले पीडित भएका थिए, त्यसमाथि पनि राजा युधिष्ठिरले उनको विषादयुक्त मुद्रालाई देखेर विभिन्न प्रकारका आशङ्काहरू गर्दै धेरै प्रश्नहरू सोध्नुभयो। शोकका कारणले अर्जुनको मुख र हृदयकमल सुकेको थियो। मुखमण्डलमा कुनै कान्ति थिएन। भगवान् श्रीकृष्णको ध्यानमा पूर्णतः लीन भएकाले उनले युधिष्ठिरको कुनै पनि प्रश्नको उत्तर उत्तर दिन सकेनन्।

कृच्छ्रेण संस्तभ्य शुचः पाणिनामृज्य नेत्रयोः।
परोक्षेण समुन्नद्धप्रणयौत्कण्ठ्यकातरः॥ ३॥

सख्यं मैत्रीं सौहृदं च सारथ्यादिषु संस्मरन्।

नृपमग्रजमित्याह बाष्पगद्गदया गिरा॥ ४॥

पदार्थ—

नेत्रयोः = आँखामा देखापरेका	**सारथ्यादिषु** = रथ हाँक्ने आदि	कारण अस्पृष्ट भएका
शुचः = शोकका आँसुहरूलाई	कर्महरूमा	**गिरा** = वाणीले
संस्तभ्य = आँखामा नै रोकेर	**सख्यं** = सखीभाव,	**अग्रजम्** = आफ्ना दाजु
पाणिना = हातले	**मैत्रीं** = मैत्रीभाव	**नृपम्** = राजा युधिष्ठिरलाई
आमृज्य = आँसु पुछेर	**च** = र	**इति** = यो
परोक्षेण = भगवान् श्रीकृष्ण	**सौहृदं** = सुहृद्भावलाई	**आह** = भन्न लागे
आफ्ना आँखाबाट टाढा हुनाले	**संस्मरन्** = स्मरण गर्दै	
समुन्नद्धप्रणयौत्कण्ठ्यकातरः =	**कृच्छ्रेण** = कष्टपूर्वक	
उत्कण्ठाले परवश भएका	**बाष्पगद्गदया** = गला रोकिएका	

वाक्यार्थ— श्रीकृष्णको वियोगको कारणले बढेको प्रेमको उत्कण्ठाले अर्जुन परवश भएका थिए। रथ हाँक्ने र घुम्ने आदि समयमा भगवान्ले उनीसँग मित्रता, अभिन्नहृदयता र प्रेमपूर्ण व्यवहार गर्नुभएको थियो। यसर्थ ठुलो कष्टका साथ उनले आफ्नो शोकको वेगलाई रोके। हातले आँखाको आँसु पुछेर उनले अक्मकाउँदै राजा युधिष्ठिरलाई भने।

अर्जुन उवाच (अर्जुनले भने)

वञ्चितोऽहं महाराज हरिणा बन्धुरूपिणा।

येन मेऽपहृतं तेजो देवविस्मापनं महत्॥ ५॥

पदार्थ—

महाराज = हे महाराज	**वञ्चितः** = ठगिएको छु	**मे** = मेरो
बन्धुरूपिणा = बन्धुको रूप	**येन** = तिनै भगवान् श्रीकृष्णले	**महत्** = ठुलो
धारण गर्ने	**देवविस्मापनं** = देवताहरूलाई	**तेजः** = तेज
हरिणा = भगवान् श्रीकृष्णद्वारा	आश्चर्यमा पार्ने	**अपहृतं** = हरण गरियो

वाक्यार्थ— अत्यन्त घनिष्ठ मित्रको रूप धारण गरेर भगवान् श्रीकृष्णले मलाई ठगिदिनुभयो। मेरो जुन प्रबल पराक्रमलाई देखेर ठुलाठुला देवता पनि आश्चर्यचकित हुन्थे, त्यस तेजलाई नै भगवान् श्रीकृष्णले मबाट खोस्नुभयो।

यस्य क्षणवियोगेन लोको ह्यप्रियदर्शनः।

उक्थेन रहितो ह्येष मृतकः प्रोच्यते यथा॥ ६॥

पदार्थ–

यस्य = जुन भगवान्‌को
क्षणवियोगेन = एक क्षणमात्रको वियोगले पनि
लोकः = यो सम्पूर्ण लोक
हि = निश्चय नै
अप्रियदर्शनः = अप्रिय देखिन्छ
यथा = जसरी
उक्थेन = प्राणले
रहितः = रहित
एषः = मानव शरीर
मृतकः = मरेको भनेर
हि = निश्चय नै
प्रोच्यते = भनिन्छ

वाक्यार्थ– जसरी यो मानव शरीर प्राणले रहित हुँदा मृतक हुन्छ त्यसै गरी उहाँको वियोग हुँदा यो सम्पूर्ण लोक अप्रिय देखिन्छ।

यत्संश्रयाद् द्रुपदगेहमुपागतानां
राज्ञां स्वयंवरमुखे स्मरदुर्मदानाम्।
तेजो हृतं खलु मयाभिहतश्च मत्स्यः
सज्जीकृतेन धनुषाधिगता च कृष्णा॥ ७॥

पदार्थ–

यत्संश्रयात् = जसको बललाई प्राप्त गरेर
स्वयंवरमुखे = द्रौपदीको स्वयम्बरको प्रारम्भमा
द्रुपदगेहम् = द्रुपदको दरबारमा
उपागतानां = आएका
स्मरदुर्मदानाम् = कामोन्मत्त
राज्ञां = राजाहरूको
तेजः = तेज
मया = मैले
हृतं = अपहरण गरेको थिएँ
च = अनि
सज्जीकृतेन = बाण चढाएको
धनुषा = धनुले
कृष्णा = द्रौपदीलाई
च = पनि
अधिगता = प्राप्त गरेँ
मत्स्यः = मत्स्याकार पत्र विशेषलाई
खलु = निश्चय नै
अभिहतः = भेदन गरेँ

वाक्यार्थ– जसको आश्रयलाई प्राप्त गरेर द्रौपदीको स्वयम्वरमा राजा द्रुपदको घरमा आएका कामोन्मत्त राजाहरूको तेजलाई मैले हरण गरेको थिएँ र बाण चढाएको धनुले मत्स्याकार पत्रविशेषलाई भेदन गरेर द्रौपदीलाई प्राप्त गरेको थिएँ।

यत्सन्निधावहमु खाण्डवमग्नयेऽदा
मिन्द्रं च सामरगणं तरसा विजित्य।
लब्धा सभा मयकृताद्भुतशिल्पमाया
दिग्भ्योऽहरन् नृपतयो बलिमध्वरे ते॥ ८॥

पदार्थ–

उ = आश्चर्यको कुरा हो
यत्सन्निधौ = जसको सान्निध्यलाई प्राप्त गरेर

अहम् = म
तरसा = वेगले
सामरगणं = देवगणले सहित
इन्द्रं = इन्द्रलाई
विजित्य = जितेर
खाण्डवम् = खाण्डव वन
अग्नये = अग्निलाई
अदाम् = दिएँ
मयकृता = मय दानवद्वारा निर्मित
अद्भुतशिल्पमाया = अद्भुत कला कौशल र जलमा स्थल र स्थलमा जल देखिनु आदि मायाले युक्त भएको
सभा = सभा
लब्धा = प्राप्त गरेँ (अनि जसको बललाई प्राप्त गरेर)
ते = तपाईंको
अध्वरे = राजसूय यज्ञमा
दिग्भ्यः = विभिन्न दिशाबाट आएका
नृपतयः = राजाहरूले
च = पनि
बलिम् = बलि
अहरन् = समर्पित गरेका थिए

वाक्यार्थ– जसको सन्निधिलाई प्राप्त गरेर सम्पूर्ण देवताहरू सहित इन्द्रलाई आफ्नो बलले जितेर अग्निदेवको तृप्तिका लागि मैले खाण्डव वन प्रदान गरेको थिएँ र मय दानवले बनाएको अलौकिक कलाकौशलले परिपूर्ण मायामय सभाभवनलाई प्राप्त गरेको थिएँ। त्यसपछि तपाईंको यज्ञमा चारैतिरबाट राजाहरूले आएर अनेक प्रकारका उपहारहरू अर्पण गरेका थिए।

यत्तेजसा नृपशिरोऽङ्घ्रिमहन्मखार्थे
आर्योऽनुजस्तव गजायुतसत्त्ववीर्यः।
तेनाहृताः प्रमथनाथमखाय भूपा
यन्मोचितास्तदनयन् बलिमध्वरे ते ॥ ९॥

पदार्थ–
यत्तेजसा = जसको शक्तिलाई प्राप्त गरेर
गजायुतसत्त्ववीर्यः = दश हजार हात्तीको उत्साह र बल भएका
आर्यः = पूज्य
तव = तपाईंका
अनुजः = भाइ भीमले
नृपशिरोऽङ्घ्रिम् = राजाहरूको शिरमा आफ्नो पाउ राख्ने त्यस जरासन्धलाई
मखार्थम् = राजसूय यज्ञ सम्पन्न गर्नका लागि
अहन् = मारेका थिए त्यसपछि
प्रमथनाथमखाय = महाभैरवको यज्ञमा बलि चढाउनका लागि
तेन = जरासन्धले
आहृताः = ल्याइएका र क्यालखानामा बन्द गरिएका
भूपाः = राजाहरू
यत् = जुन जरासन्धलाई
मोचिताः = मारेर मोचित गरिएका थिए
तत् = त्यसकारणले ती राजाहरूले
ते = तपाईंको
अध्वरे = यज्ञमा
बलिम् = यज्ञसम्पादनको साधन
अनयन् = ल्याएका थिए

वाक्यार्थ– दशहजार हात्तीको शक्ति र बलले सम्पन्न तपाईंका भाइ भीमसेनले उनैको शक्तिलाई प्राप्त गरेर राजाहरूका शिरमा आफ्नो पाउ राख्ने अभिमानी जरासन्धको वध गरेका थिए। त्यसपछि उनै भगवान् श्रीकृष्णले जरासन्धले महाभैरव यज्ञमा बलि चढाउनको लागि

ज्यालखानामा बन्द गरेर राखेका राजाहरूलाई मुक्त गर्नुभएको थियो र राजाहरूले पनि तपाईंको यज्ञमा धेरै उपहारहरू चढाएका थिए।

पत्न्यास्तवाधिमखक्लृप्तमहाभिषेक
श्लाघिष्ठचारुकबरं कितवैः सभायाम्।
स्पृष्टं विकीर्य पदयोः पतिताश्रुमुख्या
यस्तत्स्त्रियोऽकृतहतेशविमुक्तकेशाः॥ १०॥

पदार्थ—

यः = जुन भगवान्ले	**श्लाघिष्ठचारुकबरं** = यज्ञको	**तत्स्त्रियः** = ती दुष्टका
पदयोः = आफ्ना पाउमा	जलद्वारा स्नान गर्नाले पवित्र	स्त्रीहरूलाई
पतिताश्रुमुख्या = आँखाबाट	भएको सुन्दर केशलाई	**हतेशविमुक्तकेशाः** = विधवा
आँसु झर्दै घोप्टिएकी	**विकीर्य** = फुकाएर	बनेर आफैं आफ्नो चुल्ठो
तव = तपाईंकी	**कितवैः** = जुन दुष्टहरूले	खोल्नुपर्ने
पत्न्याः = पत्नी द्रौपदीको	**सभायाम्** = राजसभामा	**अकृत** = बनाउनुभयो
अधिमखक्लृप्तमहाभिषेक-	**स्पृष्टं** = समाए	

वाक्यार्थ— महारानी द्रौपदी राजसूय यज्ञको महान् अभिषेकबाट पवित्र भएका आफ्ना ती सुन्दर केशहरूलाई फैलाएर आँखाबाट आँसु निकालेर जब श्रीकृष्णका चरणमा परिन् तब उहाँले उनकै अगाडि राजसभामा अपमान गर्ने धूर्तहरूका स्त्रीहरूलाई त्यस्तो हालतमा पुऱ्याइदिनुभयो कि विधवा भएर उनीहरूलाई आफ्नो केश आफ्नै हातले खोल्न बाध्य हुनुपऱ्यो।

यो नो जुगोप वन एत्य दुरन्तकृच्छ्राद्
दुर्वाससोऽरिरचितादयुताग्रभुग्यः।
शाकान्नशिष्टमुपयुज्य यतस्त्रिलोकीं
तृप्ताममंस्त सलिले विनिमग्नसङ्घः॥ ११॥

पदार्थ—

यः = जुन दुर्वासाजी	**दुरन्तकृच्छ्रात्** = ठुलो सङ्कटबाट	**उपयुज्य** = उपयोग गरेर
अयुताग्रभुक् = दस हजार	**नः** = हामीहरूलाई	**जुगोप** = रक्षा गर्नुभयो
शिष्यसँग भोजन गर्नुहन्छ, त्यस्ता	**वने** = वनवासमा	**यतः** = किनभने
दुर्वाससः = दुर्वासाको	**एत्य** = आएर	**सलिले** = पृथिवीमा
अरिरचितात् = शत्रु दुर्योधनको	**शाकान्नशिष्टम्** = पाकस्थालीमा	**विनिमग्नसङ्घः** = स्नान
षड्यन्त्रबाट आएको	अवशिष्ट थोरै सागको टुक्राको	गरिरहेको ऋषिसमूहले आफूमात्र

नभई	**तृप्ताम्** = तृप्त भएको
त्रिलोकीं = तीनै लोकलाई	**अमंस्त** = मान्यो

वाक्यार्थ– वनवासको समयमा शत्रु दुर्योधनको षड्यन्त्रले दशहजार शिष्यहरूलाई साथमा लिएर भोजन गर्ने दुर्वासाले हामीहरूलाई दुस्तर सङ्कटमा पार्नुभएको थियो, त्यस समयमा भगवान् श्रीकृष्णले द्रौपदीको पात्रमा बचेको सागको एक टुक्रा खाएर हाम्रो रक्षा गर्नुभएको थियो। उहाँले त्यसो गर्दा नदीमा स्नान गर्न गएका मुनिहरूलाई उनीहरूमात्र तृप्त नभएर तीनै लोक तृप्त भएको भान भएको थियो।

यत्तेजसाथ भगवान् युधि शूलपाणि-
र्विस्मापितः सगिरिजोऽस्त्रमदान्निजं मे।
अन्येऽपि चाहममुनैव कलेवरेण
प्राप्तो महेन्द्रभवने महदासनार्धम्॥ १२॥

पदार्थ–

यत्तेजसा = जसका प्रतापले मैले	**निजं** = आफ्नो	**एव** = नै
युधि = युद्धमा	**अस्त्रम्** = पाशुपतास्त्र	**कलेवरेण** = शरीरले
सगिरिजः = पार्वतीले सहित	**अदात्** = दिनुभयो	**महेन्द्रभवने** = इन्द्रको सभामा
शूलपाणिः = भगवान् शङ्करलाई	**अन्ये** = अरू लोकपालहरूले	**महदासनार्धम्** = इन्द्रको आधा
विस्मापितः = आश्चर्यमा पारेँ	**च अपि** = पनि (प्रसन्न भएर	आसनलाई
अथ = यसपछि	आआफ्ना अस्त्रहरू दिनुभयो)	**प्राप्तः** = प्राप्त गरेको थिएँ
भगवान् = भगवान् शङ्करले	**अहम्** = म	
मे = मलाई	**अमुना** = यही	

वाक्यार्थ– उहाँकै प्रतापले मैले युद्धमा पार्वतीसहित भगवान् शंकरलाई आश्चर्यमा पारेको थिएँ। मेरो पराक्रमबाट प्रभावित भएर उहाँले मलाई आफ्नो पाशुपतास्त्र दिनुभएको थियो। साथै अरू लोकपालहरूले पनि प्रसन्न भएर आ–आफ्नो अस्त्र मलाई दिनुभएको थियो। त्यतिमात्र नभएर उहाँको कृपाले सशरीर स्वर्गमा गई देवराज इन्द्रको सभामा उहाँकै बराबर आधा आसनमा बस्ने सम्मान मैले प्राप्त गरेको थिएँ।

तत्रैव मे विहरतो भुजदण्डयुग्मं
गाण्डीवलक्षणमरातिवधाय देवाः।
सेन्द्राः श्रिता यदनुभावितमाजमीढ
तेनाहमद्य मुषितः पुरुषेण भूम्ना॥ १३॥

पदार्थ–

तत्र = त्यहीँ स्वर्गमा
एव = नै
विहरतः = भ्रमण गर्दा
यदनुभावितम् = भगवान्को शक्तिले प्रभावयुक्त बनाइएको
मे = मेरो
गाण्डीवलक्षणम् = गाण्डीव धनुलाई धारण गर्ने
भुजदण्डयुग्मं = भुजाहरूको
सेन्द्राः = इन्द्रले सहित
देवाः = देवताहरूले
अरातिवधाय = शत्रुको वधका लागि
श्रिताः = आश्रय लिएका थिए
आजमीढ = हे राजा युधिष्ठिर
तेन = ती
भूम्ना = व्यापक
पुरुषेण = पुरुषोत्तम भगवान्द्वारा
अहम् = म
अद्य = आज
मुषितः = ठगिएको छु

वाक्यार्थ– इन्द्रको आग्रहले म स्वर्गमा केही दिनसम्म बसेँ। त्यतिखेर इन्द्रसहित सम्पूर्ण देवताहरूले निवातकवच आदि दैत्यहरूलाई मार्नको लागि गाण्डीव धारण गर्ने यिनै भुजाहरूको आश्रय लिएका थिए। महाराज ! यी सब कुराहरू जसको कृपाले हामीले प्राप्त गरेका थियौँ, उहाँ भगवान् श्रीकृष्णबाट नै आज म वञ्चित हुन पुगेको छु।

यद्बान्धवः कुरुबलाब्धिमनन्तपार-
मेको रथेन ततरेऽहमतीर्यसत्त्वम्।
प्रत्याहृतं बहु धनं च मया परेषां
तेजास्पदं मणिमयं च हृतं शिरोभ्यः॥ १४॥

पदार्थ–

यद्बान्धवः = जुन भगवान्को सहायतालाई प्राप्त गरेर
अनन्तपारम् = पार पाउन नसकिने
अतीर्यसत्त्वम् = पार गर्न कठिन भीष्म द्रोणरूपी जलजन्तुले युक्त
कुरुबलाब्धिम् = कौरवसेनारूपी सागरलाई
रथेन = रथमा चढेर
एकः = एक्लै
अहम् = म
ततरे = पार गरेँ (यिनै भगवान्को सहायतालाई प्राप्त गरेर)
मया = मैले
परेषां = शत्रुहरूले
हृतं = अपहरण गरी लगेको
बहु = धेरै
धनं = धन
च = पनि
प्रत्याहृतं = फर्काएर ल्याएको थिएँ
शिरोभ्यः = ती शत्रुहरूको शिरबाट
तेजास्पदं = चम्किलो
मणिमयं = मणिमय मुकुट
च = पनि (ल्याएको थिएँ)

वाक्यार्थ– महाराज ! भीष्म, द्रोण आदि महामत्स्यद्वारा पूर्ण कौरवसेनारूपी अपार समुद्रलाई उहाँकै आश्रय प्राप्त गरकाले एक्लै रथमाथि चढेर मैले पार गरेँ। यस्तै उहाँकै कृपाबाट मैले राजा विराट्का सम्पूर्ण गोधनलाई शत्रुहरूबाट फर्काउनुका साथै ती राजाहरूको शिरमा चममच गर्ने मणिमय मुकुट खोसेर ल्याएको थिएँ।

यो भीष्मकर्णगुरुशल्यचमूष्वदभ्र
राजन्यवर्यरथमण्डलमण्डितासु ।
अग्रेचरो मम विभो रथयूथपाना-
मायुर्मनांसि च दृशा सह ओज आर्च्छत् ॥ १५ ॥

पदार्थ–

विभो = हे महाराज
अदभ्रराजन्यवर्यरथमण्डल-
मण्डितासु = धेरै श्रेष्ठ राजाहरूको रथद्वारा सुशोभित
भीष्मकर्णगुरुशल्यचमूषु = भीष्म, कर्ण, गुरु द्रोणाचार्य, शल्य आदिको सेनामा
यः = जो भगवान्
मम = मेरो
अग्रेचरः = सारथिरूपले मेरो अगाडि बसेर
दृशा = आफ्नो दृष्टिले
रथयूथपानाम् = महारथी र यूथपतिहरूको
आयुः = आयु
मनांसि = मन
ओजः = उत्साहलाई
च = र
सहः = बललाई
आर्च्छत् = हरण गर्नुभएको थियो

वाक्यार्थ– महाराज ! कौरवको सेना भीष्म, द्रोण, शल्य, तथा अरू ठुलाठुला राजा र क्षत्रिय वीरहरूको रथले शोभायमान थियो। भगवान् श्रीकृष्णले मेरो रथको अगाडि बसेर आफ्नो दृष्टिले ती महारथीहरूको आयु, मन, उत्साह र बललाई नष्ट गर्नुहुन्थ्यो।

यद्दोष्षु मा प्रणिहितं गुरुभीष्मकर्ण
नप्तृत्रिगर्तशल्यसैन्धवबाह्लिकाद्यैः ।
अस्त्राण्यमोघमहिमानि निरूपितानि
नो पस्पृशुर्नृहरिदासमिवासुराणि ॥ १६ ॥

पदार्थ–

यद्दोष्षु = जुन भगवान् श्रीकृष्णको भुजदण्डमा
प्रणिहितं = उहाँले नै कृपापूर्वक राखिदिएको
मा = मलाई
गुरुभीष्मकर्णनप्तृत्रिगर्तशल्य-
सैन्धवबाह्लिकाद्यैः = गुरु, भीष्म, कर्ण, अश्वत्थामा, त्रिगर्त देशको अधिपति सुशर्मा, शल्य, जयद्रथ बाह्लिक आदि वीरहरूले
निरूपितानि = प्रयोग गरिएका
अमोघमहिमानि = अप्रतिहत प्रभाव भएका
अस्त्राणि = अस्त्रहरूले
असुराणि = असुरहरूले प्रयोग गरिएका अस्त्रहरूले
नृहरिदासम् = नृसिंह भगवान्का भक्त प्रह्लादलाई
इव = जैँ
नो उपस्पृशुः = स्पर्श गरेनन्

वाक्यार्थ– द्रोणाचार्य, भीष्म, कर्ण, भूरिश्रवा, सुशर्मा, शल्य, जयद्रथ र बाह्लिक आदि वीरहरूले ममाथि अमोघ अस्त्र चलाएका थिए। परन्तु जसरी नृसिंह भगवान्को कृपाले हिरण्यकशिपु आदि

दैत्यहरूका अस्त्रशस्त्रहरूले प्रह्लादलाई स्पर्श गर्न सक्दैनथे त्यसै गरी भगवान् श्रीकृष्णको भुजदण्डको छायामा बसेकाले मलाई उनीहरूको शस्त्र र अस्त्रहरूले स्पर्श गर्न सकेनन्।

सौत्ये वृतः कुमतिनाऽऽत्मद ईश्वरो मे
यत्पादपद्ममभवाय भजन्ति भव्याः।
मां श्रान्तवाहमरयो रथिनो भुविष्ठं
न प्राहरन् यदनुभावनिरस्तचित्ताः॥ १७॥

पदार्थ–

भव्याः = श्रेष्ठ व्यक्तिहरू
अभवाय = मोक्षका लागि
यत्पादपद्मम् = जसको चरणकमललाई
भजन्ति = सेवन गर्दछन्
आत्मदः = भक्तहरूका कल्याणका लागि आफूलाई पनि प्रदान गर्न सक्ने
ईश्वरः = त्यस्ता भगवान् श्रीकृष्णलाई
कुमतिना = दुर्बुद्धि
मे = मैले
सौत्ये = सारथिसम्म
वृतः = बनाएँ
यदनुभावनिरस्तचित्ताः = भगवान् श्रीकृष्णको कृपाले नष्टचित्त भएका
अरयः = शत्रु
रथिनः = महारथिहरूले
श्रान्तवाहम् = घोडा थाकेकाले
भुविष्ठं = पृथिवीमा खडा भएको
मां = मलाई
न प्राहरन् = प्रहार गर्न सकेनन्

वाक्यार्थ– श्रेष्ठ पुरुष संसारबाट मुक्त हुनका लागि जसको चरणकमलको सेवन गर्दछन्। उनीहरूलाई आफ्नो असली स्वरूपको ज्ञान गराउने ती भगवान्लाई म दुर्बुद्धिले आफ्नो सारथि बनाएँ। जुन समयमा घोडाहरू थाकेका कारण म रथबाट ओर्लेर पृथिवीमा उभिइरहेको थिएँ, त्यस समयमा ठुलाठुला महारथि शत्रुहरूले ममाथि प्रहार गर्न सकेनन् किनभने भगवान् श्रीकृष्णले उनीहरूलाई मोहमा पारिदिनुभएको थियो।

नर्माण्युदाररुचिरस्मितशोभितानि
हे पार्थ हेऽर्जुन सखे कुरुनन्दनेति।
सञ्जल्पितानि नरदेव हृदिस्पृशानि
स्मर्तुर्लुठन्ति हृदयं मम माधवस्य॥ १८॥

पदार्थ–

नरदेव = हे राजा
उदाररुचिरस्मितशोभितानि = श्रेष्ठ र सुन्दर मुस्कानले युक्त हुनाले
हृदिस्पृशानि = हृदयलाई स्पर्श गर्ने
माधवस्य = भगवान् श्रीकृष्णको
नर्माणि = परिहासका वाक्यहरू
हे पार्थ = हे पार्थ
हे अर्जुन = अर्जुन
सखे = साथी
कुरुनन्दन = कुरुनन्दन

इति = यसप्रकारका	**स्मर्तुः** = स्मरण गर्दा	**हृदयं** = हृदयलाई
सञ्जल्पितानि = मधुर वाक्यहरू	**मम** = मेरो	**लुठन्ति** = क्षुब्ध गर्दछन्

वाक्यार्थ– महाराज ! भगवान् श्रीकृष्णको उन्मुक्त मन्द हास्यले युक्त विनोदपूर्ण र हृदयस्पर्शी वचन र अनि उहाँले मलाई पार्थ, अर्जुन, सखा, कुरुनन्दन, भनेर बोलाउनुभएको कुरा जब मेरो स्मृतिमा आउँछ, त्यसले मेरो हृदयमा ठुलो क्षोभ उत्पन्न गराउँछ।

शय्यासनाटनविकत्थनभोजनादि-
ष्वैक्याद्वयस्य ऋतवानिति विप्रलब्धः।
सख्युः सखेव पितृवत्तनयस्य सर्वं
सेहे महान् महितया कुमतेरघं मे ॥ १९ ॥

पदार्थ–

शय्यासनाटनविकत्थन-भोजनादिषु = सुत्ने, बस्ने, घुम्ने, आफ्ना सम्बन्धमा, धेरै-धेरै कुरा गर्ने र भोजन आदि गर्ने कार्यमा	**इति** = छौ भन्ने व्यंग्यात्मक वचनले	**सख्युः** = एउटा साथीको अपराधलाई
ऐक्यात् = हामी दुईमा अभिन्न व्यवहार हुनाले	**विप्रलब्धः** = तिरस्कार गर्दा पनि	**सखा इव** = अर्को साथीले सहन गरेझैं
वयस्य = हे साथी	**महान्** = भगवान् श्रीकृष्ण महान् हुनुहुन्छ	**सर्वं** = मेरो सम्पूर्ण अपराधलाई
ऋतवान् = तिमी ज्यादै सत्यवादी	**महितया** = त्यही महत्त्वका कारणले	**तनयस्य** = छोराको अपराध
	कुमतेः = कुबुद्धि	**पितृवत्** = पिताले झैं
	मे = मेरो	**सेहे** = सहन गर्नुहुन्थ्यो
	अघं = अपराधलाई	

वाक्यार्थ– सुत्दा, बस्दा, घुम्दा, आफ्ना सम्बन्धमा विभिन्न प्रकारका कुराहरू गर्दा र भोजन आदि गर्दा हामी दुई प्रायः सँगसँगै हुन्थ्यौं। म कहिलेकाहीं उहाँलाई हे मित्र, तपाईं ज्यादै सत्यवादी हुनुहुन्छ भनेर व्यङ्ग्यात्मक वचन पनि बोल्ने गर्दथें। त्यस समयमा एउटा मित्रले अर्को मित्रको र पिताले आफ्नो पुत्रको अपराध सहन गरेझैं भगवान् श्रीकृष्णले पनि म दुर्बुद्धिको अपराधलाई सहन गरेर आफ्नो सहनशीलताको परिचय दिनुहुन्थ्यो।

सोऽहं नृपेन्द्र रहितः पुरुषोत्तमेन
सख्या प्रियेण सुहृदा हृदयेन शून्यः।
अध्वन्युरुक्रमपरिग्रहमङ्ग रक्षन्
गोपैरसद्भिरबलेव विनिर्जितोऽस्मि ॥ २० ॥

पदार्थ–

नृपेन्द्र = राजाहरूमा उत्तम
अङ्ग = हे राजा
सः = त्यो
अहं = म अर्जुन
सख्या = साथी
प्रियेण = प्रिय
सुहृदा = मित्र
पुरुषोत्तमेन = ती पुरुषोत्तम भगवान् श्रीकृष्णद्वारा
रहितः = रहित भएको हुनाले
हृदयेन = हृदयले
शून्यः = शून्य मूर्च्छितप्रायः भएको छु
उरुक्रमपरिग्रहम् = भगवान् श्रीकृष्णका सोह्र हजार पत्नीरूप परिग्रहलाई
अध्वनि = मार्गमा
रक्षन् = रक्षा गर्न लागेका
असद्भिः = दुष्ट
गोपैः = गोपहरूद्वारा
अबला = एक सामान्य स्त्री जाति
इव = झैँ
विनिर्जितः = पराजित भएको
अस्मि = छु

वाक्यार्थ– महाराज ! जो मेरा सखा एवं प्रियमित्र मात्रै नभएर मेरो हृदय नै हुनुहुन्थ्यो ती पुरुषोत्तम भगवान्‌बाट म अहिले रहित भएको छु। भगवान्‌का पत्नीहरूलाई म द्वारकाबाट आफ्नो साथमा लिएर आइरहेको थिएँ, परन्तु मार्गमा दुष्ट गोपहरूले मलाई हराइदिए। मैले उहाँहरूको रक्षा गर्न सकिनँ।

तद्वै धनुस्त इषवः स रथो हयास्ते
सोऽहं रथी नृपतयो यत आनमन्ति।
सर्वं क्षणेन तदभूदसदीशरिक्तं
भस्मन् हुतं कुहकराद्धमिवोप्तमूष्याम्॥ २१॥

पदार्थ–

धनुः = धनु
तद् वै = त्यही नै हो
इषवः = बाणहरू
ते = ती नै हुन्
सः = त्यो
रथः = रथ
हयाः = घोडाहरू
ते = तिनीहरू नै
सः = त्यो
अहं = म
रथी = रथी हुँ
यतः = जुन धनु आदिको कारणले
नृपतयः = ठुला-ठुला राजाहरू
आनमन्ति = मेरो अगाडि झुकेर नमस्कार गर्दथे
ईशरिक्तं = भगवान् श्रीकृष्णले रहित भएपछि
क्षणेन = एक छिनमैं
तत् = त्यो
सर्वं = सबै
भस्मन् हुतं = खरानीमा दिइएको आहुतीझैँ
कुहकराद्धम् = कपटी मनुष्यबाट प्राप्त भएको
ऊष्याम् = ऊषर भूमिमा
उप्तम् = छरेको बिउ
इव = झैँ
असद् = नभएको बराबर
अभूत् = भयो

वाक्यार्थ– मेरो गाण्डीव धनु त्यही हो, बाण पनि त्यही हो, रथ पनि त्यही हो, घोडाहरू पनि तिनै हुन्, ठुलाठुला राजाहरू जसको अगाडि आएर शिर झुकाउँथे, त्यो रथी अर्जुन पनि म उही

हुँ। परन्तु भगवान् श्रीकृष्णको अभावमा ती सम्पूर्ण पदार्थहरू एक क्षणमैं खरानीमा हवन गरिएको आहुती, कपटले युक्त भएको सेवा एवं ऊषर भूमिमा रोपिएको बिउझैं व्यर्थ अर्थात् सारहीन भए।

राजंस्त्वयानुपृष्टानां सुहृदां नः सुहृत्पुरे।
विप्रशापविमूढानां निघ्नतां मुष्टिभिर्मिथः॥ २२॥
वारुणीं मदिरां पीत्वा मदोन्मथितचेतसाम्।
अजानतामिवान्योन्यं चतुःपञ्चावशेषिताः॥ २३॥

पदार्थ–

राजन् = हे राजा	**मदिरां** = मदिरा	**मुष्टिभिः** = मुक्काहरूले
त्वया = तपाईंले	**पीत्वा** = पिएर	**मिथः** = परस्परमा
सुहृत्पुरे = द्वारकामा	**मदोन्मथितचेतसाम्** = मदोन्मत्त भएर	**निघ्नतां** = प्रहार गर्ने
अनुपृष्टानां = सोधिएका	**अजानताम्** = अपरिचित	**नः** = हामीहरूका
विप्रशापविमूढानां = ब्राह्मणको शापका कारणले मोहमा परेका	**इव** = झैं	**सुहृदां** = सुहृद्हरूमध्ये
वारुणीं = वारुणी	**अन्योन्यं** = एकअर्कामा	**चतुःपञ्चावशेषिताः** = केवल चार पाँचजनामात्र अवशिष्ट छन्

वाक्यार्थ– हे राजा ! तपाईंले द्वारकावासी आफ्ना सुहृद् सम्बन्धीहरूको विषयमा जुन कुरा सोध्नुभएको थियो, तिनीहरू सबै नै ब्राह्मणको शापद्वारा मोहग्रस्त भई वारुणी मदिरा पिएर मदोन्मत्त भएर अपरिचितझैं आपसमा मुक्कामुक्की र मारपिट गरेर सब मरे। तीमध्ये चारपाँच जनामात्र बाँचेका छन्।

प्रायेणैतद् भगवत ईश्वरस्य विचेष्टितम्।
मिथो निघ्नन्ति भूतानि भावयन्ति च यन्मिथः॥ २४॥

पदार्थ–

प्रायेण = प्रायः	**विचेष्टितम्** = लीला हो	**च** = र
एतत् = यो यादवकुलको उपसंहार	**यत्** = कि जुन ईश्वरबाट नै	**भावयन्ति** = एउटाले अर्काको पालन-पोषण पनि गर्दछन्
भगवतः = सर्वशक्तिमान्	**भूतानि** = प्राणीहरू	
ईश्वरस्य = ईश्वरको	**मिथः** = परस्परमा	
	निघ्नन्ति = मारकाट गर्दछन्	

वाक्यार्थ– वास्तवमा यो सर्वशक्तिमान् भगवान् श्रीकृष्णकै लीला हो कि संसारका प्राणीहरू परस्पर एकअर्काको पालनपोषण गर्दछन्। फेरि एकले अर्कोलाई मार्ने पनि गर्दछन्।

जलौकसां जले यद्वन्महान्तोऽदन्त्यणीयसः।
दुर्बलान् बलिनो राजन् महान्तो बलिनो मिथः॥ २५॥
एवं बलिष्ठैर्यदुभिर्महद्भिरितरान् विभुः।
यदून् यदुभिरन्योन्यं भूभारान् सञ्जहार ह॥ २६॥

पदार्थ—

राजन् = हे राजा	**बलिनः** = बलिया जन्तुहरूले	**यदून्** = यदुहरूलाई मारेर फेरि
जलौकसां = जलचरहरूमा	**मिथः** = परस्परमा	**यदुभिः** = ती यदुहरूद्वारा
महान्तः = ठुला जन्तुहरूले	**जले** = जलमा लड्दछन्	**यदून्** = दुर्बल यदुहरूलाई
अणीयसः = साना जन्तुहरूलाई	**एवं** = यसै गरी	**अन्योन्यं** = परस्पर युद्ध गराएर
बलिनः = बलवान् जन्तुहरू	**विभुः** = व्यापक परमात्माले पनि	**भूभारान्** = पृथिवीको भारलाई
दुर्बलान् = दुर्बल जन्तुहरूलाई	**बलिष्ठैः** = बलिया र	**ह** = निश्चय नै
यद्वत् = जसरी	**महद्भिः** = श्रेष्ठ	**सञ्जहार** = हरण गर्नुभयो
अदन्ति = खान्छन्	**यदुभिः** = यदुहरूद्वारा	
महान्तः = ठुला र	**इतरान्** = अन्य	

वाक्यार्थ— हे राजा! जसरी जलजन्तुहरूमा ठुला जन्तुहरूले साना जन्तुहरूलाई, बलवान्ले दुर्बललाई र बलवान्हरूमा जसरी एउटाले अर्कालाई खान्छन् त्यसै गरी भगवान् श्रीकृष्णले पनि अतिशय बलवान् यदुवंशीद्वारा अरू राजाहरूको संहार गराउनुभयो। त्यसपछि यदुवंशीहरूमा पनि एउटा यदुवंशीद्वारा अर्को यदुवंशीको नाश गराएर पूर्णरूपले पृथिवीको भार उतारिदिनुभयो।

देशकालार्थयुक्तानि हृत्तापोपशमानि च।
हरन्ति स्मरतश्चित्तं गोविन्दाभिहितानि मे॥ २७॥

पदार्थ—

देशकालार्थयुक्तानि = देश, काल र प्रयोजनको अनुरूप	तापलाई शान्त गर्ने	**मे** = मेरो
च = र	**गोविन्दाभिहितानि** = भगवान् श्रीकृष्णले दिएका शिक्षाहरूले	**चित्तं** = चित्त
हृत्तापोपशमानि = हृदयको	**स्मरतः** = स्मरण गर्दाखेरि नै	**हरन्ति** = हरण गर्दछन्

वाक्यार्थ— भगवान् श्रीकृष्णले मलाई जुन शिक्षाहरू दिनुभएको थियो ती शिक्षाहरू देश, काल र प्रयोजनको अनुरूप र हृदयको तापलाई शान्त गर्ने खालका थिए। उहाँले दिएका ती शिक्षाहरूको स्मरण गर्दा तिनीहरूले मेरो चित्तलाई हरण गर्दछन्।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं चिन्तयतो जिष्णोः कृष्णपादसरोरुहम् ।

सौहार्देनातिगाढेन शान्तासीद्विमला मतिः ॥ २८ ॥

पदार्थ—

एवं = यसप्रकार	श्रीकृष्णका चरणकमलको	**विमला** = रागादि दोषले रहित र
अतिगाढेन = अपार	**चिन्तयतः** = चिन्तन गर्दागर्दै	**शान्ता** = शान्त
सौहार्देन = प्रेमले	**जिष्णोः** = अर्जुनको	**आसीत्** = भयो
कृष्णपादसरोरुहम् = भगवान्	**मतिः** = बुद्धि	

वाक्यार्थ— यसप्रकार अत्यन्त प्रगाढ प्रेमले भगवान् श्रीकृष्णको चरण कमलको चिन्तन गर्दागर्दै अर्जुनको चित्तवृत्ति अत्यन्त निर्मल र शान्त भयो ।

वासुदेवाङ्घ्र्यनुध्यानपरिबृंहितरंहसा ।

भक्त्या निर्मथिताशेषकषायधिषणोऽर्जुनः ॥ २९ ॥

गीतं भगवता ज्ञानं यत्तत्सङ्ग्राममूर्धनि ।

कालकर्मतमोरुद्धं पुनरध्यगमत् प्रभुः ॥ ३० ॥

पदार्थ—

वासुदेवाङ्घ्र्यनुध्यानपरिबृंहितरंहसा = भगवान् श्रीकृष्णको चरणकमलको निरन्तर चिन्तनले बढेको	**प्रभुः** = समर्थ	**कालकर्मतमोरुद्धं** = कालको व्यवधान र कर्मको विस्तारको कारणले प्रमादवश विस्मृत भएको थियो
भक्त्या = भक्तिद्वारा	**अर्जुनः** = अर्जुनले	**पुनः** = फेरि
निर्मथिताशेषकषायधिषणः = हृदयको मन्थन गर्नाले अन्तःकरणका सम्पूर्ण दोषहरू नष्ट हुनाले	**सङ्ग्राममूर्धनि** = युद्धको प्रारम्भमा	**अध्यगमत्** = अर्जुनको स्मृतिमा आयो
	भगवता = भगवान् श्रीकृष्णद्वारा	
	गीतं = उपदेश गरिएको	
	यत् = जुन	
	ज्ञानं = गीताको ज्ञान हो	
	तत् = त्यो	

वाक्यार्थ— अर्जुनको प्रेममयी भक्ति भगवान् श्रीकृष्णको अहर्निश चिन्तन गर्नाले बढ्दैगयो । भक्तिको वेगले उनको हृदयलाई मन्थन गरेर सम्पूर्ण विकारहरूलाई बाहिर निकालिदियो । उनलाई युद्धको प्रारम्भमा भगवान्ले दिनुभएको गीताज्ञानको पुनःस्मरण भयो जुन ज्ञान कालको व्यवधान र कर्मको विस्तारको कारणले प्रमादवश केही दिनका लागि विस्मृति भएको थियो ।

विशोको ब्रह्मसम्पत्त्या सञ्छिन्नद्वैतसंशयः।
लीनप्रकृतिनैर्गुण्यादलिङ्गत्वादसम्भवः॥ ३१॥

पदार्थ–
ब्रह्मसम्पत्त्या = ब्रह्मज्ञानको प्राप्तिले
लीनप्रकृतिनैर्गुण्यात् = मायाको आवरण भङ्ग भएको हुनाले गुणातीत अवस्था भएपछि
अलिङ्गत्वात् = सूक्ष्म शरीरको नाश भएको हुनाले
असम्भवः = स्थूल शरीरमा अभिमान नष्ट भयो
सञ्छिन्नद्वैतसंशयः = द्वैत संशयको निवृत्ति हुनाले
विशोकः = शोकरहित भए

वाक्यार्थ– ब्रह्मज्ञानको प्राप्तिले मायाको आवरण भङ्ग भएर उनलाई गुणातीतको अवस्था प्राप्त भयो। द्वैतको संशय निवृत्त भयो। सूक्ष्म शरीर भङ्ग भयो। स्थूल शरीरमा अभिमान नष्ट भयो र द्वैतको निवृत्ति भएकाले उनी शोकरहित भए।

निशम्य भगवन्मार्गं संस्थां यदुकुलस्य च।
स्वःपथाय मतिं चक्रे निभृतात्मा युधिष्ठिरः॥ ३२॥

पदार्थ–
भगवन्मार्गं = भगवान्को स्वधाम गमन
च = र
यदुकुलस्य = यदुकुलको
संस्थां = संहारको वृत्तान्त
निशम्य = सुनेर
निभृतात्मा = निश्चल मति भएका
युधिष्ठिरः = युधिष्ठिरले
स्वःपथाय = स्वर्गारोहणको
मतिं = निश्चय
चक्रे = गर्नुभयो

वाक्यार्थ– भगवान्को स्वधामगमन र यदुवंशको संहारको वृत्तान्त सुनेर निश्चलमति भएका युधिष्ठिरले स्वर्गारोहणको निश्चय गर्नुभयो।

पृथाप्यनुश्रुत्य धनञ्जयोदितं
नाशं यदूनां भगवद्गतिं च ताम्।
एकान्तभक्त्या भगवत्यधोक्षजे
निवेशितात्मोपरराम संसृतेः॥ ३३॥

पदार्थ–
पृथा = कुन्तीले
अपि = पनि
धनञ्जयोदितं = अर्जुनको कुराबाट
यदूनां = यदुकुलको
नाशं = नाश र
ताम् = त्यो
भगवद्गतिं = भगवान्को स्वर्गारोहणको खबरलाई
च = पनि
अनुश्रुत्य = सुनेर
एकान्तभक्त्या = एकान्त भक्तिद्वारा
अधोक्षजे = इन्द्रियजन्य ज्ञानका विषय नभएका

भगवति = भगवान् श्रीकृष्णमा
निवेशितात्मा = आफ्नो
अन्तःकरणलाई लगाएर
संसृतेः = जन्म र मृत्युरूप
संसारबाट
उपरराम = उपरत हुनुभयो

वाक्यार्थ– कुन्तीले पनि अर्जुनको मुखबाट यदुवंशीको नाश र भगवान्‌को स्वधाम गमनको कुरा सुनेर अनन्य भक्तिले आफ्नो हृदयलाई भगवान् श्रीकृष्णमा लगाएर सधैँका लागि जन्ममृत्युरूप संसारबाट मुक्त हुनुभयो।

ययाहरद् भुवो भारं तां तनुं विजहावजः।
कण्टकं कण्टकेनेव द्वयं चापीशितुः समम्॥ ३४॥

पदार्थ–
कण्टकेन = एउटा काँडाले
कण्टकं = अर्को काँडालाई
इव = जैँ
अजः = भगवान् श्रीकृष्णले
यया = यदुकुलमा उत्पन्न भएको जुन शरीरले
भुवः = पृथिवीको
भारं = भारलाई
अहरत् = हरण गर्नुभयो
अपि च = फेरि
तां = त्यही
तनुं = शरीर
विजहौ = छोड्नुभयो
ईशितुः = सर्वसमर्थ भगवान् श्रीकृष्णको लागि
द्वयं = दुबै शरीर
समम् = बराबर थिए

वाक्यार्थ– भगवान् श्रीकृष्णले लोकदृष्टिले जुन मानव शरीरले पृथिवीको भार हटाउनुभएको थियो त्यो शरीरको ठिक उहाँले त्यसै गरी परित्याग गरिदिनुभयो जसरी कुनै व्यक्तिले एउटा काँडाले अर्को काँडालाई निकालेर दुबै काँडाहरूलाई फ्याँकिदिन्छ। भगवान्‌का लागि ती दुबै शरीर समान थिए।

यथा मत्स्यादिरूपाणि धत्ते जह्याद् यथा नटः।
भूभारः क्षपितो येन जहौ तच्च कलेवरम्॥ ३५॥

पदार्थ–
यथा = जसरी
नटः = नट
मत्स्यादिरूपाणि = मत्स्य आदि रूपलाई
धत्ते = धारण गरेर
जह्यात् = फेरि छोड्दछ
यथा = त्यसै गरी भगवान्‌ले पनि
येन = जुन शरीरले
भूभारः = पृथिवीको भार
क्षपितः = हटाउनुभयो
तत् = त्यो
कलेवरम् = शरीरलाई
च = पनि
जहौ = छोड्नुभयो

वाक्यार्थ– जसरी कुनै नटले मत्स्यादिको रूप धारण गरेर त्यो मत्स्यादिको शरीरको परित्याग गर्दछ त्यसै गरी उहाँले पनि जुन मानवशरीरले पृथिवीको भारलाई हटाउनुभएको थियो, त्यो शरीरको पनि परित्याग गरिदिनुभयो।

यदा मुकुन्दो भगवानिमां महीं
जहौ स्वतन्वा श्रवणीयसत्कथः।
तदाहरेवाप्रतिबुद्धचेतसा-
मभद्रहेतुः कलिरन्ववर्तत॥ ३६॥

पदार्थ–

श्रवणीयसत्कथः = श्रवण गर्न योग्य मधुर लीलाहरू गर्ने	**इमां** = यो	**अभद्रहेतुः** = अधर्मको कारण भएको
भगवान् = भगवान्	**महीं** = पृथिवीलाई	**कलिः** = कलियुगले
मुकुन्दः = मुकुन्दले	**जहौ** = छोड्नुभयो	**अन्ववर्तत** = चारैतिर प्रभाव फैलाउन थाल्यो
यदा = जुन समयमा	**तदा एव** = त्यसै	
स्वतन्वा = आफ्नो मनुष्य शरीरले	**अहः** = दिनमा	
	अप्रतिबुद्धचेतसाम् = विवेकहीन मनुष्यहरूका लागि	

वाक्यार्थ– श्रवणयोग्य मधुर लीला गर्ने भगवान् श्रीकृष्णले जब आफ्नो मनुष्यको शरीरले यो पृथिवीलाई छोडिदिनुभयो त्यही दिनदेखि विचारहीन मनुष्यलाई अधर्ममा प्रवृत्त गराउने कलियुगले यस पृथिवीमा आफ्नो प्रभाव फैलाउन थाल्यो।

युधिष्ठिरस्तत्परिसर्पणं बुधः
पुरे च राष्ट्रे च गृहे तथाऽऽत्मनि।
विभाव्य लोभानृतजिह्महिंसना-
द्यधर्मचक्रं गमनाय पर्यधात्॥ ३७॥

पदार्थ–

(त्यस समयमा)	**तथा च** = र	भएको ठाउँमा
बुधः = बुद्धिमान्	**आत्मनि** = मनमा	**तत्परिसर्पणं** = कलियुगको प्रभाव फैलिएको
युधिष्ठिरः = युधिष्ठिरले	**च** = पनि	**विभाव्य** = जानेर
पुरे = नगरमा	**लोभानृतजिह्महिंसनादि** = लोभ, असत्य, छल, हिंसा आदि	**गमनाय** = महाप्रस्थानका लागि
राष्ट्रे = देशमा	**अधर्मचक्रं** = अधर्मको वृद्धि	**पर्यधात्** = निश्चय गर्नुभयो
गृहे = घरमा		

वाक्यार्थ– महाराज युधिष्ठिरले देश, नगर, घरमा र प्राणीहरूमा लोभ, असत्य, छल, हिंसा आदि अधर्मको वृद्धि भएको देखेर अब यस पृथिवीमा कलियुगको प्रवेश भएछ भन्ने ठानेर महाप्रस्थानको निश्चय गर्नुभयो।

स्वराट् पौत्रं विनयिनमात्मनः सुसमं गुणैः।
तोयनीव्याः पतिं भूमेरभ्यषिञ्चद् गजाह्वये ॥ ३८ ॥

पदार्थ–

स्वराट् = राजा युधिष्ठिरले	**सुसमं** = बराबर	**पतिं** = सम्राट् पदमा
विनयिनम् = शिक्षित	**पौत्रं** = नाति परीक्षित्लाई	**गजाह्वये** = हस्तिनापुरमा
गुणैः = उदारआदि गुणहरूद्वारा	**तोयनीव्याः** = समुद्रपर्यन्त	**अभ्यषिञ्चत्** = अभिषिक्त
आत्मनः = आफू	**भूमेः** = भूमिका	गर्नुभयो

वाक्यार्थ– राजा युधिष्ठिरले हस्तिनापुरमा गुणमा आफैं समान भएका विनयी पौत्र परीक्षित्लाई समुद्रले घेरिएको पृथिवीको सम्राट् पदमा अभिषिक्त गर्नुभयो।

मथुरायां तथा वज्रं शूरसेनपतिं ततः।
प्राजापत्यां निरूप्येष्टिमग्नीनपिबदीश्वरः॥ ३९॥

पदार्थ–

ईश्वरः = समर्थ युधिष्ठिरले	**वज्रं** = अनिरुद्धका पुत्र वज्रलाई	**निरूप्य** = गरेर
तथा = त्यसै गरी	अभिषिक्त गर्नुभयो	**अग्नीन्** = गार्हपत्य आदि
मथुरायां = मथुरामा	**ततः** = त्यसपछि	अग्निहरूलाई
शूरसेनपतिं = शूरसेनाधिपतिको	**प्राजापत्यां** = प्रजापतिको	**अपिबत्** = आफूमा लीन
रूपमा	**इष्टिम्** = इष्टिलाई	गर्नुभयो

वाक्यार्थ– समर्थ युधिष्ठिरले मथुरामा शूरसेनाधिपतिको रूपमा अनिरुद्धको पुत्र वज्रलाई अभिषिक्त गर्नुभयो। त्यसपछि प्रजापतिको इष्टि गरेर गार्हपत्य आदि अग्निहरूलाई आफूमा लीन गर्नुभयो अथवा संन्यास ग्रहण गर्नुभयो।

विसृज्य तत्र तत्सर्वं दुकूलवलयादिकम्।
निर्ममो निरहङ्कारः सञ्छिन्नाशेषबन्धनः॥ ४०॥
वाचं जुहाव मनसि तत्प्राण इतरे च तम्।
मृत्यावपानं सोत्सर्गं तं पञ्चत्वे ह्यजोहवीत्॥ ४१॥

पदार्थ–

निर्ममः = ममताले रहित र	बन्धनहरूलाई काटेर	**सर्वं** = सबै पदार्थलाई
निरहङ्कारः = अहङ्कारले पनि	**यदुकूलवलयादिकम्** = यदुवंशका	**तत्र** = घरमा नै
रहित भएकाले	राजोचित वस्त्र आभूषण आदि	**विसृज्य** = त्यागेर
सञ्छिन्नाशेषबन्धनः = सम्पूर्ण	**तत्** = त्यो	**वाचं** = इन्द्रियहरूलाई

मनसि = मनमा लीन गरेर
तत् = त्यो मनलाई
प्राणे = प्राणमा
जुहाव = लीन गर्नुभयो
तं च = त्यो प्राणलाई
इतरे = अपानमा लीन गरेर
सोत्सर्गं = अपानव्यापारले युक्त
अपानं = अपानलाई
मृत्यौ = अपानको अभिमानी मृत्यु देवतामा
तम् = त्यो मृत्युको अभिमानी देवतालाई
पञ्चत्वे = पञ्च महाभूतले बनेको शरीरमा
हि = निश्चय नै
अजोहवीत् = लीन गरिदिनुभयो

वाक्यार्थ– उहाँले ममता र अहङ्कारले रहित भई सम्पूर्ण बन्धनहरूलाई काटेर यदुकुलका राजोचित वस्त्र आभूषण आदि घरमा नै त्यागेर दृढ भावनाले इन्द्रियलाई मनमा, मनलाई प्राणमा, प्राणलाई अपानमा, क्रियासहित अपानलाई मृत्युमा र मृत्युलाई पञ्चभूतमय शरीरमा लीन गरिदिनुभयो।

त्रित्वे हुत्वाथ पञ्चत्वं तच्चैकत्वेऽजुहोन्मुनिः।
सर्वमात्मन्यजुहवीद् ब्रह्मण्यात्मानमव्यये॥ ४२॥

पदार्थ–

अथ = यसपछि
पञ्चत्वं = पृथ्वी, जल, तेज, वायु र आकाशयुक्त शरीरलाई
त्रित्वे = मायाका तीन गुण (सत्त्व, रज, तम)मा
तत् च = त्यो गुणत्रयलाई
एकत्वे = मूल प्रकृतिमा
मुनिः = राजा युधिष्ठिरले
अजुहोत् = लीन गरे
सर्वम् = सम्पूर्ण आरोपको कारण भएको अज्ञानलाई
आत्मनि = कूटस्थ आत्मामा
हुत्वा = हवन गरेर
आत्मानम् = त्यो कूटस्थ आत्मालाई
अव्यये = निर्विकार
ब्रह्मणि = ब्रह्ममा
अजुहवीत् = लीन गर्नुभयो

वाक्यार्थ– यसप्रकार पञ्चतत्त्वयुक्त शरीरलाई मृत्युरूप अनुभव गरेर उहाँले त्यसलाई त्रिगुणमा मिलाउनुभयो। त्रिगुणलाई मूल प्रकृतिमा र सर्वकारणस्वरूप उक्त प्रकृतिलाई आत्मामा तथा आत्मालाई अविनाशी ब्रह्ममा लीन गरिदिनुभयो।

चीरवासा निराहारो बद्धवाङ्मुक्तमूर्धजः।
दर्शयन्नात्मनो रूपं जडोन्मत्तपिशाचवत्॥ ४३॥
अनपेक्षमाणो निरगादशृण्वन् बधिरो यथा।
उदीचीं प्रविवेशाशां गतपूर्वां महात्मभिः॥
हृदि ब्रह्म परं ध्यायन्नावर्तेत यतो गतः॥ ४४॥

पदार्थ–

(त्यसपछि युधिष्ठिर महाराजले)
चीरवासा = शरीरमा चीरवस्त्र धारण गरेर
निराहारः = भोजनको परित्याग गरेर
बद्धवाक् = मौन धारण गर्नुभयो

मुक्तमूर्धजः = आफ्ना केशहरूलाई फैलाई
जडोन्मत्तपिशाचवत् = जड, उन्मत्त र पिशाचले झैँ
आत्मनः = आफ्नो
रूपं = रूपलाई
दर्शयन् = देखाउँदै
अनपेक्षमाणः = कसैको कुनै पनि अपेक्षा नराखीकन
बधिरः = बहिरो
यथा = जस्तै
अशृण्वन् = कसैको कुरा नसुनी
निरगात् = घरबाट निक्लनुभयो
हृदि = हृदयमा
परं = परम
ब्रह्म = ब्रह्मलाई
ध्यायन् = ध्यान गर्दै
महात्मभिः = महात्माहरूद्वारा
गतपूर्वां = पहिले अनुसरण गरिएको
उदीचीं = उत्तर
आशां = दिशातिर
प्रविवेश = प्रवेश गर्नुभयो
यतः = जुन दिशातर्फ
गतः = लागेको मानिस
न आवर्तेत = फर्कँदैन

वाक्यार्थ— त्यसपछि युधिष्ठिरले शरीरमा चीरवस्त्र धारण गरेर अन्नजलको त्याग गरिदिनुभयो। मौनव्रत धारण गरी आफ्ना केशहरूलाई खोलेर उहाँ जड, पिशाच र उन्मत्तजस्तो हुनुभयो। बहिरोजस्तो भएर कसैको कुनै कुरा नसुनी घरबाट निक्लनुभयो। आफ्नो हृदयमा परंब्रह्मको ध्यान गर्दै जुन दिशातिर लागेपछि योगीहरू फेरि फर्कँदैनन् र जुन दिशाको यात्रा पहिलेका ठुलाठुला महापुरुषले गरेका थिए, उहाँले त्यही उत्तर दिशाको यात्रा गर्नुभयो।

सर्वे तमनुनिर्जग्मुर्भ्रातरः कृतनिश्चयाः।
कलिनाधर्ममित्रेण दृष्ट्वा स्पृष्टाः प्रजा भुवि ॥ ४५ ॥

पदार्थ—

भुवि = पृथिवीमा
प्रजाः = प्रजाहरूलाई
अधर्ममित्रेण = अधर्मको सहायक भएको
कलिना = कलिद्वारा
स्पृष्टाः = व्याप्त भएको
दृष्ट्वा = देखेर
कृतनिश्चयाः = भगवान् श्रीकृष्णलाई प्राप्त गर्ने निश्चय गरेर
सर्वे = सबै
भ्रातरः = भीमसेन र अर्जुन आदि भाइहरू
तम् = युधिष्ठिरको
अनु निर्जग्मुः = पछिलागे

वाक्यार्थ— अधर्मको सहायक कलियुगले पृथिवीमा आफ्नो प्रभाव जमाइसकेको कुरा थाहा पाएर युधिष्ठिरका भाइ भीमसेन, अर्जुन आदिले पनि भगवान् श्रीकृष्णको चरणप्राप्तिको दृढ निश्चय गरेर युधिष्ठिरको पछि लागे।

ते साधुकृतसर्वार्था ज्ञात्वाऽऽत्यन्तिकमात्मनः।
मनसा धारयामासुर्वैकुण्ठचरणाम्बुजम् ॥ ४६ ॥

पदार्थ—

साधुकृतसर्वार्थाः = जीवनमा आफूले गर्नुपर्ने सम्पूर्ण कर्म गरिसकेका
ते = ती युधिष्ठिर आदि
वैकुण्ठचरणाम्बुजम् = भगवान् श्रीकृष्णको चरणकमल नै
आत्यन्तिकम् = मुख्य शरण हो भन्ने
ज्ञात्वा = ठानेर (भगवान्को चरणकमललाई)
आत्मनः = आफ्नो
मनसा = हृदयमा

धारयामासुः = धारण गरे

वाक्यार्थ– उनीहरूले जीवनमा गर्नुपर्ने सबै काम गरिसकेका थिए। अतः भगवान् श्रीकृष्णको चरणकमल नै हाम्रा लागि परमपुरुषार्थ हो भन्ने ठानेर उनीहरूले भगवान्को चरणकमललाई हृदयमा धारण गरे।

तद्ध्यानोद्रिक्तया भक्त्या विशुद्धधिषणाः परे।
तस्मिन्नारायणपदे एकान्तमतयो गतिम्॥ ४७॥
अवापुर्दुरवापां ते असद्भिर्विषयात्मभिः।
विधूतकल्मषा स्थानं विरजेनात्मनैव हि॥ ४८॥

पदार्थ–

तद्ध्यानोद्रिक्तया = भगवान्को चरणकमलको ध्यानबाट बढेको
भक्त्या = भक्तिले
विशुद्धधिषणाः = बुद्धि शुद्ध भएका
तस्मिन् = शास्त्र प्रसिद्ध
परे = परम
नारायणपदे = नारायणको चरणमा
एकान्तमतयः = निश्चल बुद्धि भएका
विरजेन = शुद्ध
आत्मना = अन्तःकरणको कारणले
एव = नै
विधूतकल्मषाः = सम्पूर्ण पापहरूले रहित भएका
ते = ती युधिष्ठिर आदिले
विषयात्मभिः = सधैँ विषयचिन्तनतर्फ लागेका
असद्भिः = असद् पुरुषहरूद्वारा
दुरवापां = प्राप्त गर्न नसकिने
स्थानं = भगवत् स्थानरूप
गतिम् = गतिलाई
हि = निश्चय नै
अवापुः = प्राप्त गरे

वाक्यार्थ– पाण्डवहरूको हृदयमा भगवान् श्रीकृष्णको चरणकमलको ध्यानले भक्तिभाव बढ्यो। उनीहरूको बुद्धि सर्वथा शुद्ध भएर भगवान् श्रीकृष्णको सर्वोत्कृष्ट स्वरूपमा अनन्य भावले स्थिर भयो, जुन स्वरूपमा निष्पाप पुरुषहरूमात्र स्थिर हुन सक्दछन्। यसर्थ उनीहरूले आफ्नो विशुद्ध अन्तःकरणले त्यस गतिलाई प्राप्त गरे जुन गति विषयासक्त मनुष्यले कहिल्यै पनि प्राप्त गर्न सक्दैनन्।

विदुरोऽपि परित्यज्य प्रभासे देहमात्मनः।
कृष्णावेशेन तच्चित्तः पितृभिः स्वक्षयं ययौ॥ ४९॥

पदार्थ–

कृष्णावेशेन = भगवान् श्रीकृष्णमा आफ्नो चित्त लगाउने हुनाले
तच्चित्तः = आफ्नो चित्तलाई कृष्णमय नै बनाएका
विदुरः = विदुरले
अपि = पनि
प्रभासे = प्रभास भन्ने ठाउँमा
आत्मनः = आफ्नो
देहम् = शरीरलाई
परित्यज्य = छोडेर
पितृभिः = पितृहरूका साथ
स्वक्षयं = आफ्नो स्थान अर्थात् यमलोकमा
ययौ = गए

वाक्यार्थ– संयमी र श्रीकृष्णको प्रेमावेशमा मुग्ध भगवन्मय विदुरजीले पनि आफ्नो शरीरलाई प्रभासमा त्यागिदिनुभयो। त्यस समयमा उहाँलाई लिन आएका पितृहरूका साथ उहाँ यमलोकतिर जानुभयो।

द्रौपदी च तदाऽऽज्ञाय पतीनामनपेक्षताम्।

वासुदेवे भगवति ह्येकान्तमतिराप तम्॥ ५०॥

पदार्थ–

द्रौपदी = द्रौपदीले
च = पनि
पतीनाम् = पतिहरूले
अनपेक्षताम् = आफ्नो अथवा घरको कुनै पनि अपेक्षा नराखेको
आज्ञाय = जानेर
भगवति = भगवान्
वासुदेवे = वासुदेवमा
एकान्तमतिः = आफ्नो बुद्धि निश्चल बनाएर
तम् = ती भगवान् श्रीकृष्णलाई
तदा हि = = त्यसै समयमा
आप = प्राप्त गरिन्

वाक्यार्थ– द्रौपदीले पनि पतिहरूले आफ्नो अथवा घरको कुनै पनि अपेक्षा नराखेको जानेर भगवान् वासुदेवमा आफ्नो बुद्धि निश्चल बनाएर भगवान् श्रीकृष्णलाई त्यसै समयमा प्राप्त गरिन्।

यः श्रद्धयैतद् भगवत्प्रियाणां

पाण्डोः सुतानामिति सम्प्रयाणम्।

शृणोत्यलं स्वस्त्ययनं पवित्रं

लब्ध्वा हरौ भक्तिमुपैति सिद्धिम्॥ ५१॥

पदार्थ–

यः = जो पुरुष
भगवत्प्रियाणां = भगवान्का प्यारा भक्त
पाण्डोः = पाण्डुको
सुतानाम् = छोराहरूको
अलं = अत्यन्त
स्वस्त्ययनं = मङ्गलमय र
पवित्रं = पवित्र
इति एतत् = यो
सम्प्रयाणम् = महाप्रयाणलाई
श्रद्धया = श्रद्धापूर्वक
शृणोति = श्रवण गर्दछ
हरौ = भगवान् नारायणमा
भक्तिम् = भक्तिलाई
लब्ध्वा = प्राप्त गरेर
सिद्धिम् = मोक्षलाई
उपैति = प्राप्त गर्दछ।

वाक्यार्थ– भगवान्का प्रियभक्त पाण्डवहरूको महाप्रयाणको यो परमपवित्र मङ्गलमय कथालाई जसले श्रद्धापूर्वक सुन्दछ उसले अवश्य पनि भगवद्भक्ति र मोक्ष प्राप्त गर्दछ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

पाण्डवस्वर्गारोहणं नाम पञ्चदशोऽध्यायः॥ १५॥

अथ षोडशोऽध्यायः

परीक्षित्को दिग्विजय एवं धर्म र पृथ्वीको संवाद

सूत उवाच (सूतजीले भन्नुभयो)

ततः परीक्षिद् द्विजवर्यशिक्षया
महीं महाभागवतः शशास ह ।
यथा हि सूत्यामभिजातकोविदाः
समादिशन् विप्र महद्गुणस्तथा ॥ १ ॥

पदार्थ–

विप्र = हे शौनकजी
सूत्याम् = परीक्षित्को जन्म दिनमा
अभिजातकोविदाः = जातककर्ममा निपुण भएका ब्राह्मणहरूले
यथा = जसरी
ह = निश्चयात्मक किसिमले
समादिशन् = परीक्षित्को सम्बन्धमा जुन गुणहरूको वर्णन गरेका थिए
तथा = त्यस्तै
महद्गुणः = महान् गुणहरूले युक्त भएका
महाभागवतः = महाभागवत
परीक्षित् = परीक्षित्ले
ततः = त्यसपछि
द्विजवर्यशिक्षया = श्रेष्ठ ब्राह्मणहरूको शिक्षाद्वारा
महीं = पृथिवीको
हि = निश्चय नै
शशास = शासन गर्न लाग्नुभयो

वाक्यार्थ– शौनकजी ! पाण्डवहरूको महाप्रयाणपछि भगवान्का परमभक्त राजा परीक्षित् श्रेष्ठ ब्राह्मणहरूको शिक्षाको अनुसार पृथिवीको शासन गर्नलाग्नुभयो। जन्मको समयमा ज्योतिषीहरूले उहाँका गुणहरूको विषयमा जुन किसिमले वर्णन गरेका थिए, वास्तवमा ती सम्पूर्ण गुणहरू उहाँमा विद्यमान थिए।

स उत्तरस्य तनयामुपयेम इरावतीम् ।
जनमेजयादींश्चतुरस्तस्यामुत्पादयत् सुतान् ॥ २ ॥

पदार्थ–

सः = राजा परीक्षित्ले
उत्तरस्य = उत्तरकी
तनयाम् = छोरी
इरावतीम् = इरावतीका साथ
उपयेमे = विवाह गर्नुभयो
तस्याम् = ती इरावतीमा
जनमेजयादीन् = जनमेजय आदि
चतुरः = चार
सुतान् = छोराहरूलाई
उत्पादयत् = जन्माउनुभयो

वाक्यार्थ– उहाँले उत्तरकी पुत्री इरावतीसँग विवाह गर्नुभयो। ती इरावतीबाट परीक्षित्का

जनमेजय आदि चार छोराहरू जन्मिए।

आजहाराश्वमेधांस्त्रीन् गङ्गायां भूरिदक्षिणान्।
शारद्वतं गुरुं कृत्वा देवा यत्राक्षिगोचराः॥ ३॥

पदार्थ–

शारद्वतं = कृपाचार्यलाई	दिएर	**देवाः** = देवताहरू
गुरुं = गुरु	**त्रीन्** = तीन	**अक्षिगोचराः** = प्रत्यक्षरूपले
कृत्वा = बनाएर	**अश्वमेधान्** = अश्वमेध यज्ञ	प्रकट भएर भाग ग्रहण गरेका
गङ्गायां = गङ्गाको तटमा	**आजहार** = गर्नुभयो	थिए
भूरिदक्षिणान् = प्रशस्त दक्षिणा	**यत्र** = जुन यज्ञमा	

वाक्यार्थ– कृपाचार्यलाई आचार्य बनाएर उहाँले गङ्गाको तटमा तीनओटा अश्वमेध यज्ञहरू गर्नुभयो। ती यज्ञमा ब्राह्मणहरूलाई प्रशस्त दक्षिणा दिइएको थियो र देवताहरूले प्रत्यक्षरूपमा प्रकट भएर आफ्नो भाग ग्रहण गरेका थिए।

निजग्राहौजसा वीरः कलिं दिग्विजये क्वचित्।
नृपलिङ्गधरं शूद्रं घ्नन्तं गोमिथुनं पदा॥ ४॥

पदार्थ–

वीरः = वीर राजा परीक्षित्ले	जोडालाई	धारण गर्ने
दिग्विजये = दिग्विजयका लागि	**पदा** = लात्ताले	**कलिं** = कलिलाई
प्रस्थान गर्दा	**घ्नन्तं** = हानिरहेको	**ओजसा** = बलपूर्वक
क्वचित् = कुनै देशमा	**शूद्रं** = आफू शूद्र भए पनि	**निजग्राह** = दण्ड दिनुभयो
गोमिथुनं = गाई र साँढेको	**नृपलिङ्गधरं** = राजाको रूपलाई	

वाक्यार्थ– एकपटक दिग्विजयको समयमा उहाँले शूद्रको रूपमा राजाको भेष धारण गरी कलियुगले एउटा गाई र साँढेको जोडालाई लात्ताले हानिरहेको देख्नुभयो। त्यस समयमा उहाँले त्यसलाई बलपूर्वक पक्डेर दण्ड दिनुभयो।

शौनक उवाच (शौनकजीले भन्नुभयो)

कस्य हेतोर्निजग्राह कलिं दिग्विजये नृपः।
नृदेवचिह्नधृक् शूद्रकोऽसौ गां यः पदाहनत्॥
तत्कथ्यतां महाभाग यदि कृष्णकथाश्रयम्॥ ५॥

पदार्थ—

नृपः = राजा परीक्षित्‌ले
दिग्विजये = दिग्विजयको समयमा
कलिं = (वध गर्न योग्य) कलिलाई
कस्य = के
हेतोः = कारणले
निजग्राह = दण्डमात्र दिएर छाड्नुभयो
यः = जो कलि
गां = गाईलाई
पदा = लात्ताले
अहनत् = हानिरहेको थियो किनभने
असौ = यो कलि
नृदेवचिह्नधृक् = राजाको भेष धारण गरेको भए पनि
शूद्रकः = वस्तुतः शूद्र थियो
महाभाग = सूतजी
तत् = कलिनिग्रहको प्रसङ्ग
यदि = यदि
कृष्णकथाश्रयम् = भगवान् श्रीकृष्णको कथासँग सम्बन्धित छ भने
कथ्यतां = भन्नुहोस्

वाक्यार्थ— सुतजी ! दिग्विजयको समयमा महाराज परीक्षित्‌ले वध गर्न योग्य कलिलाई दण्डमात्र दिएर किन छोड्नुभयो ? उसले राजाको भेष धारण गरेको भए पनि ऊ वास्तवमा अधम शूद्र थियो जसले गाईलाई लात्ताले हानेको थियो। यदि त्यो प्रसङ्ग भगवान् श्रीकृष्णको लीलासँग अथवा उनका चरणकमलको मकरन्द रस पान गर्ने रसिक महानुभावसँग सम्बन्ध राख्ने खालको छ भने हामीलाई सुनाउनुहोस्।

अथवास्य पदाम्भोजमकरन्दलिहां सताम्।
किमन्यैरसदालापैरायुषो यदसद्व्ययः ॥ ६ ॥
क्षुद्रायुषां नृणामङ्ग मर्त्यानामृतमिच्छताम्।
इहोपहूतो भगवान् मृत्युः शामित्रकर्मणि ॥ ७ ॥

पदार्थ—

अथवा = अथवा
अस्य = भगवान् श्रीकृष्णको
पदाम्भोजमकरन्दलिहां = चरणकमलको मकरन्द रसलाई पान गर्ने
सताम् = रसिक महानुभावसँग सम्बन्ध राख्ने प्रसङ्ग छ भने हामीलाई सुनाउनुहोस्
अङ्ग = हे सूतजी
ऋतम् = मोक्ष
इच्छताम् = प्राप्त गर्न चाहने
क्षुद्रायुषां = थोरै आयु भएका
मर्त्यानाम् = मरण धर्म भएका
नृणाम् = हामी मनुष्यहरूको लागि
यत् = जुन कुरा सुन्दाखेरि
आयुषः = आयुको
असद्व्ययः = निरर्थक क्षयमात्र हुन्छ
अन्यैः = त्यस्ता अन्य
असदालापैः = असद् कुराहरूको वर्णन गरेर अथवा सुनेर
किम् = के हुन्छ र
इह = नैमिषारण्यको क्षेत्रमा
शामित्रकर्मणि = शान्तिकर्ममा
भगवान् = भगवान्
मृत्युः = मृत्यु
उपहूतः = आह्वान गरिएका छन्

वाक्यार्थ— व्यर्थको कुराबाट हामीलाई के लाभ छ ? अरू कुरामा त आयु व्यर्थमात्र नष्ट हुन्छ।

प्रिय सुतजी ! जो मनुष्यहरू मोक्ष चाहन्छन् परन्तु अल्पायु हुनाले मृत्युद्वारा ग्रस्त छन् उनीहरूको कल्याणको लागि भगवान् यमको आवाहन गरेर उनलाई यहाँ शान्ति कर्ममा नियुक्त गरिएको छ।

न कश्चिन्म्रियते तावद् यावदास्त इहान्तकः।
एतदर्थं हि भगवानाहूतः परमर्षिभिः॥
अहो नृलोके पीयेत हरिलीलामृतं वचः॥ ८॥

पदार्थ—

इह = यस कर्ममा	**न म्रियते** = मर्दैन	**वचः** = वचन
यावत् = जबसम्म	**हि** = निश्चय नै	**पीयेत** = पान गर्न पाइन्छ
अन्तकः = यमराज	**नृलोके** = मनुष्य लोकमा	**एतदर्थं** = यही कार्यका लागि
आस्ते = बस्नुहुन्छ	**अहो** = आश्चर्यले युक्त	**परमर्षिभिः** = ऋषिहरूले
तावत् = त्यहाँसम्म	**हरिलीलामृतं** = हरिलीलारूपी	**भगवान्** = भगवान् मृत्युलाई
कश्चित् = कोही पनि	अमृतले युक्त भएको	**आहूतः** = यहाँ बोलाइएको छ

वाक्यार्थ— जबसम्म यमराज यस कर्ममा नियुक्त हुन्छन् तबसम्म यस मृत्युलोकमा कसैको पनि मृत्यु सम्भव छैन। मृत्युबाट ग्रस्त मनुष्यलोकका जीवहरूले पनि अमृततुल्य लीलाकथाको पान गर्न सकून् भनेर महर्षिहरूले भगवान् यमलाई यहाँ बोलाएका हुन्।

मन्दस्य मन्दप्रज्ञस्य वयो मन्दायुषश्च वै।
निद्रया ह्रियते नक्तं दिवा च व्यर्थकर्मभिः॥ ९॥

पदार्थ—

मन्दप्रज्ञस्य = मन्दबुद्धि भएका	**वयः** = आयु निरर्थक भएर	**च** = चाहिँ
मन्दायुषः = कम आयु भएका	बितिरहेको हुन्छ	**व्यर्थकर्मभिः** = व्यर्थ कामहरू
च = र	**नक्तं** = रात	गरेर
मन्दस्य = मन्दभाग्य भएका	**निद्रया** = निद्राद्वारा	**वै** = निश्चय नै
व्यक्तिको	**दिवा** = दिउँसो	**ह्रियते** = बितिरहेको हुन्छ

वाक्यार्थ— पहिले आयु थोरै त्यसमाथि पनि मन्दबुद्धि हुनाले मन्दभाग्य भएका विषयी पुरुषहरूको आयु रातमा निद्रा र दिनमा व्यर्थ कार्यहरू गरेर त्यसै बितिरहन्छ।

सूत उवाच (सूतजीले भन्नुभयो)

यदा परीक्षित् कुरुजाङ्गलेऽवसत्
कलिं प्रविष्टं निजचक्रवर्तिते।

निशम्य वार्तामनतिप्रियां ततः
शरासनं संयुगशौण्डिराददे ॥ १० ॥

पदार्थ—

यदा = जुन समयमा	**संयुगशौण्डिः** = युद्धमा शूर	**ततः** = त्यस समयमा
परीक्षित् = राजा परीक्षित्	**निजचक्रवर्तिते** = आफ्नो	**अनतिप्रियां** = अप्रिय
कुरुजाङ्गले = कुरुजाङ्गल देशको	सेनाद्वारा पालित कुरुजाङ्गलमा	**वार्ताम्** = कुरा
राजधानी हस्तिनापुरमा	**कलिं** = कलियुगले	**निशम्य** = सुनेर
अवसत् = निवास गर्नुभएको	**प्रविष्टं** = प्रवेश गरेको कुरा	**शरासनं** = धनु
थियो	सुन्नुभयो	**आददे** = लिनुभयो

वाक्यार्थ— कुरुजाङ्गल देशमा सम्राट्को रूपमा रहँदा राजा परीक्षित्ले सुन्नुभयो कि उहाँको सेनाद्वारा सुरक्षित साम्राज्यमा कलियुगले प्रवेश गरेको छ। यो अप्रिय समाचार सुनेर युद्धवीर राजा परीक्षित्ले हातमा धनुष लिनुभयो।

स्वलङ्कृतं श्यामतुरङ्गयोजितं
रथं मृगेन्द्रध्वजमाश्रितः पुरात्।
वृतो रथाश्वद्विपपत्तियुक्तया
स्वसेनया दिग्विजयाय निर्गतः॥ ११ ॥

पदार्थ—

श्यामतुरङ्गयोजितं = श्याम	**रथं** = रथमा	**वृतः** = युक्त भएर
वर्णका घोडाहरूद्वारा तानिएको	**आश्रितः** = बसेर	**दिग्विजयाय** = दिग्विजयका
स्वलङ्कृतं = सुसज्जित	**रथाश्वद्विपपत्तियुक्तया** = रथ,	लागि
मृगेन्द्रध्वजम् = सिंहको	घोडा, हात्ती, पैदल सेनाले युक्त	**पुरात्** = नगरबाट
आकारले अङ्कित ध्वजा भएको	**स्वसेनया** = आफ्ना सेनाले	**निर्गतः** = निक्लनुभयो

वाक्यार्थ— यसपछि उहाँ श्यामवर्णका घोडाहरूद्वारा तानिएको, सिंहको आकारले अङ्कित ध्वजा भएको, सुसज्जित रथमाथि चढेर रथ, हात्ती, घोडा र पैदल सेना साथमा लिएर दिग्विजयका लागि नगरबाट बाहिर निक्लनुभयो।

भद्राश्वं केतुमालं च भारतं चोत्तरान् कुरून्।
किम्पुरुषादीनि वर्षाणि विजित्य जगृहे बलिम्॥ १२ ॥

पदार्थ—

(राजा परीक्षित्ले)	**भद्राश्वं** = भद्राश्व,	**केतुमालं** = केतुमाल

भारतं = भारत	**किम्पुरुषादीनि** = किम्पुरुष आदि	**बलिम्** = उपहार
उत्तरान् = उत्तर	**वर्षाणि** = सबै भूखण्डहरूलाई	**च** = पनि
कुरून् = कुरु	**च** = पनि	**जगृहे** = लिनुभयो
च = र	**विजित्य** = जितेर	

वाक्यार्थ– उहाँले भद्राश्व, केतुमाल, भारत, उत्तर कुरु र किम्पुरुष आदि सम्पूर्ण भूखण्डहरूलाई जितेर त्यहाँका राजाहरूबाट उपहार प्राप्त गर्नुभयो।

तत्र तत्रोपश्रृण्वानः स्वपूर्वेषां महात्मनाम्।
प्रगीयमाणं च यशः कृष्णमाहात्म्यसूचकम्॥ १३॥
आत्मानं च परित्रातमश्वत्थाम्नोऽस्त्रतेजसः।
स्नेहं च वृष्णिपार्थानां तेषां भक्तिं च केशवे॥ १४॥
तेभ्यः परमसन्तुष्टः प्रीत्युज्जृम्भितलोचनः।
महाधनानि वासांसि ददौ हारान् महामनाः॥ १५॥

पदार्थ–

तत्र तत्र = ती ती देशहरूमा	तेजबाट	**परमसन्तुष्टः** = ज्यादै सन्तुष्ट भएर
प्रगीयमाणं = गाइएको	**आत्मानं** = आफूलाई	**प्रीत्युज्जृम्भितलोचनः** = प्रेमले चम्किला आँखा भएका
स्वपूर्वेषां = आफ्ना पूर्वजहरूको	**परित्रातम्** = भगवान् श्रीकृष्णबाट रक्षा गरिएको कुरा सुन्दै	**महामनाः** = उदार चित्त भएका राजा परीक्षित्ले
च = र	**वृष्णिपार्थानां** = यादवहरूको र पाण्डवहरूको	**तेभ्यः** = पूर्वोक्त यश सुनाउने ती मनुष्यहरूलाई
महात्मनाम् = अरू महात्माहरूको	**स्नेहं** = परस्परको स्नेह	**महाधनानि** = बहुमूल्य द्रव्यहरू
कृष्णमाहात्म्यसूचकम् = भगवान् श्रीकृष्णको महत्त्वलाई सूचित गर्ने	**च** = र	**वासांसि** = कपडाहरू
यशः = कीर्ति	**तेषां** = तिनीहरूको	**हारान्** = हारहरू
उपश्रृण्वानः = सुन्दै	**केशवे** = भगवान् श्रीकृष्णमा	**ददौ** = दिनुभयो
अश्वत्थाम्नः = अश्वत्थामाको	**भक्तिं** = भक्तिको कुरा सुनेर	
अस्त्रतेजसः = ब्रह्मास्त्रको	**च** = पनि	

वाक्यार्थ– परीक्षित्ले ती देशहरूमा सर्वत्र आफ्ना पूर्वज महात्माहरूको कीर्तिको गान गरेको सुन्नुभयो। कीर्तिको गानमा पदपदमा भगवान् श्रीकृष्णको महिमा प्रकट हुन्थ्यो। साथै उहाँले के कुरा सुन्नुभयो भने भगवान् श्रीकृष्णले अश्वत्थामाको ब्रह्मास्त्रको तेजबाट कसरी उहाँको रक्षागर्नु भएको थियो एवं यदुवंशी र पाण्डवहरूमा परस्पर कस्तो प्रेम थियो र पाण्डवहरूको भगवान्

श्रीकृष्णमा कस्तो भक्ति थियो। जो मनुष्यहरूले उहाँलाई आफ्ना पूर्वजहरूको र भगवान् श्रीकृष्णको चरित्र सुनाउँथे। राजा परीक्षित् उनीहरूमाथि ज्यादै प्रसन्न हुनुहुन्थ्यो। उहाँका नेत्रहरू प्रेमले चम्किन्थे र उहाँ उनीहरूलाई बहुमूल्य वस्त्र र हारहरू उपहारका रूपमा दिनुहुन्थ्यो।

सारथ्यपारषदसेवनसख्यदौत्य-
वीरासनानुगमनस्तवनप्रणामान्।
स्निग्धेषु पाण्डुषु जगत्प्रणतिं च विष्णो-
र्भक्तिं करोति नृपतिश्चरणारविन्दे ॥ १६ ॥

पदार्थ—

स्निग्धेषु = प्रिय
पाण्डुषु = पाण्डुहरूमा
सारथ्यपारषदसेवनसख्यदौत्य-वीरासनानुगमनस्तवनप्रणामान् = सारथिको काम गरेको, उनीहरूको सभासद् बनेको, पाण्डवहरूको मनोनुकूल काम गरेको, साथी बनेको, दूत बनेको, पाण्डवहरूको रक्षाको लागि राति शस्त्र ग्रहण गरेर वीरासनमा बसेको, उनीहरूको पछि-पछि हिँडेको, स्तुति गरेको, प्रणाम गरेको
च = र
जगत्प्रणतिं = पाण्डवहरूको चरणमा संसारलाई झुकाएको कुरा सुनेर
नृपतिः = राजा परीक्षित्
विष्णोः = भगवान् श्रीकृष्णको
चरणारविन्दे = चरणकमलमा
भक्तिं = अरु बढ्ता भक्ति
करोति = गर्नुहुन्थ्यो

वाक्यार्थ— उहाँले यो कुरा पनि सुन्नुभयो कि भगवान् श्रीकृष्णले प्रेमको वशीभूत भएर पाण्डवहरूको सारथिको काम गर्नुभयो, उनीहरूको सभासद् बन्नुभयो, उनीहरूको इच्छाअनुसार काम गरेर उनीहरूको सेवा गर्नुभयो। उहाँ उनीहरूको साथी त हुनुहुन्थ्यो नै साथै दूतसमेत बन्नुभयो। उहाँ रातको समयमा शस्त्रग्रहण गरेर वीरासनमा बसेर शिबिरको पहरा दिनुहुन्थ्यो, उनीहरूको पछि-पछि हिँड्नुहुन्थ्यो, स्तुति गर्नुहुन्थ्यो, प्रणाम गर्नुहुन्थ्यो। यतिमात्र नभएर आफ्ना प्रेमी पाण्डवहरूको चरणमा उहाँले सम्पूर्ण संसारलाई झुकाउनुभएको थियो। यी कुराहरू सुन्दा राजा परीक्षित्को भक्ति भगवान् श्रीकृष्णका चरणकमलमा बढ्दैगयो।

तस्यैवं वर्तमानस्य पूर्वेषां वृत्तिमन्वहम्।
नातिदूरे किलाश्चर्यं यदासीत् तन्निबोध मे ॥ १७ ॥

पदार्थ—

अन्वहम् = प्रत्येक दिन
पूर्वेषां = पाण्डवहरूको
वृत्तिम् = आचरणको अनुसरण गरेर
एवं = यसप्रकार
वर्तमानस्य = दिग्विजय गरिरहेका
तस्य = ती परीक्षित्‌ले
न अतिदूरे = शिबिरको नजिकै
किल = निश्चय
यत् = जुन
आश्चर्यं = आश्चर्यजनक घटना

आसीत् = घटेको थियो	**मे** = मबाट
तत् = त्यो घटना	**निबोध** = सुन्नुहोस्

वाक्यार्थ– यसप्रकार उहाँ प्रतिदिन पाण्डवहरूको आचरणको अनुसरण गर्दै दिग्विजय गरिहनुभएको थियो। त्यस समयमा राजा परीक्षित्को शिबिरदेखि केही टाढा जुन आश्चर्यजनक घटना घट्यो त्यो म तपाईंलाई सुनाउँछु।

धर्मः पदैकेन चरन् विच्छायामुपलभ्य गाम्।
पृच्छति स्माश्रुवदनां विवत्सामिव मातरम्॥ १८॥

पदार्थ–

धर्मः = साँढेको रूपलाई धारण गरेको धर्म	**विच्छायाम्** = कान्तिले रहित भएकी	निकालेर रोइरहेकी
एकेन = एउटा	**विवत्साम्** = छोरो मरेकी	**गाम्** = पृथिवीको रूपलाई धारण गरेकी गाईलाई
पदा = खुट्टाले	**मातरम्** = आमा	**उपलभ्य** = प्राप्त गरेर
चरन् = हिँडिरहेको थियो	**इव** = झैं	**पृच्छति स्म** = सोधे
एक ठाउँमा	**अश्रुवदनां** = आँखाबाट आँसु	

वाक्यार्थ– धर्म साँढेको रूप धारण गरेर एउटा खुट्टाले हिँडिरहेका थिए। एक ठाउँमा उनले गाईको रूपमा पृथिवीलाई भेटे। छोराको मृत्युले दुःखी भएर उसकी आमा रोएझैं ती गाई रोइरहेकी थिइन्। उनको आँखाबाट आँसु निक्लिरहेका थिए। उनको शरीरमा कुनै कान्ति थिएन। तिनीसँग धर्मले प्रश्न गरे।

धर्म उवाच (धर्मले भन्नुभयो)

कच्चिद् भद्रेऽनामयमात्मनस्ते
विच्छायासि म्लायतेषन्मुखेन।
आलक्षये भवतीमन्तराधिं
दूरे बन्धुं शोचसि कञ्चनाम्ब॥ १९॥

पदार्थ–

भद्रे = हे कल्याणी	**ईषत्** = केही	**असि** = देखिनुहुन्छ यसकारण
ते = तपाईंको	**म्लायता** = मलिन देखिएका	**भवतीम्** = तपाईंको
आत्मनः = शरीरमा	**मुखेन** = मुखले	**अन्तराधिं** = मनमा कष्ट छ भन्ने
कच्चित् = के	**विच्छाया** = श्रीहीन अथवा	
अनामयम् = आरोग्य छ	कान्तिहीन	**आलक्षये** = अनुमान गर्दछु

अम्ब = हे माताजी
दूरे = टाढा रहेको
कञ्चन = कुनै
बन्धुं = बन्धुको बारेमा
शोचसि = शोक गर्दैगर्दै हुनुहुन्छ कि

वाक्यार्थ– कल्याणी तपाईं कुशल त हुनुहुन्छ ? तपाईंको मुख मलिन र श्रीहीन देखिन्छ। यसर्थ तपाईंको हृदयमा दुःख अवश्य छ। के तपाईंको सम्बन्धी दूर देशमा गएकाले उसका लागि तपाईं यत्रो शोक गर्दै हुनुहुन्छ ?

पादैर्न्यूनं शोचसि मैकपाद-
मात्मानं वा वृषलैर्भोक्ष्यमाणम्।
आहो सुरादीन् हृतयज्ञभागान्
प्रजा उत स्विन्मघवत्यवर्षति॥ २०॥

पदार्थ–
पादैः = अरू तीन पाउले
न्यूनं = रहित भएकाले
एकपादम् = एक पाउमात्र भएको
मा = मेरो विषयमा
शोचसि = शोक गरिरहनुभएको छ
उत = कि
वा = अथवा
आत्मानं = आफूलाई देखेर शोक गरिहेकी
वृषलैः = शूद्रप्राय राजाहरूले
भोक्ष्यमाणम् = भोग गर्न लागेको
आहो स्वित् = अथवा
मघवति = इन्द्रले
अवर्षति = वर्षा नगराएकाले
प्रजाः = दुर्भिक्षपीडित प्रजाहरूको विषयमा शोक गरिरहनुभएको छ
हृतयज्ञभागान् = यज्ञका भाग हरिएका
सुरादीन् = देवताहरूको विषयमा शोक गरिरहनुभएको छ

वाक्यार्थ– आफ्ना तीन पाउद्वारा खण्डित भएको हुनाले के तपाईंले मेरो लागि शोक गरेको त होइन ? अथवा अब देवताहरूलाई यज्ञमा आहुति दिइँदैन भनेर के देवताका लागि शोक गरेको त होइन ? अब शूद्रहरूले ममाथि शासन गर्नेछन् भनेर तपाईंले आफ्नै लागि शोक गरेको त होइन ? अथवा के तपाईंले ती प्रजाहरूको लागि शोक गर्नुभएको हो जो वर्षाको अभावको कारणले अकाल र दुर्भिक्षबाट पीडित छन्।

अरक्ष्यमाणाः स्त्रिय उर्वि बालान्
शोचस्यथो पुरुषादैरिवार्तान्।
वाचं देवीं ब्रह्मकुले कुकर्म-
ण्यब्रह्मण्ये राजकुले कुलाग्र्यान्॥ २१॥

पदार्थ–
उर्वि = हे पृथिवी
अथ = यसपछि
अरक्ष्यमाणाः = पतिपुत्र आदिद्वारा रक्षा नगरिएका
स्त्रिय = स्त्रीहरूको विषयमा शोक गरिरहनुभएको छ
बालान् = बाबु आमाद्वारा रक्षा नगरिएका बालकहरूको विषयमा
शोचसि = शोक गरिरहनुभएको छ अथवा
पुरुषादैः = राक्षसतुल्य मनुष्यहरूद्वारा
आर्तान् = पीडित व्यक्तिहरूको शोक गरिरहनुभएको छ
कुकर्मणि = कुत्सित कर्म गर्ने
ब्रह्मकुले = ब्राह्मण कुलमा रहेकी
वाचं = बोलीकी
देवीं = देवी सरस्वतीको विषयमा शोक गरिरहनुभएको छ
इव = यस्तै
अब्रह्मण्ये = ब्राह्मणभक्तिले रहित भएको
राजकुले = राजकुलमा रहेका
कुलाग्रयान् = कुलीन ब्राह्मणहरूको विषयमा शोक गरिरहनुभएको छ

वाक्यार्थ– हे देवी ! अथवा के तपाईं राक्षसजस्ता मनुष्यहरूद्वारा सताइएका अरक्षित स्त्रीहरू र आर्त बालकहरूका लागि शोक गरिहनुभएको छ ? अथवा विद्या अब कुकर्मी ब्राह्मणको अधीनमा गयो र ब्राह्मण विप्रद्रोही राजाको सेवा गर्न लागे भनेर तपाईं दुःखी हुनुभएको त होइन ?

किं क्षत्रबन्धून् कलिनोपसृष्टान्
राष्ट्राणि वा तैरवरोपितानि ।
इतस्ततो वाशनपानवासः
स्नानव्यवायोन्मुखजीवलोकम् ॥ २२ ॥

पदार्थ–
वा = अथवा
कलिना = कलियुगद्वारा
उपसृष्टान् = व्याप्त भएका
क्षत्रबन्धून् = दुष्ट राजाहरूको विषयमा शोक गरिरहनुभएको छ
तैः = ती दुष्ट राजाहरूद्वारा
अवरोपितानि = नष्ट, भ्रष्ट गरिएका
राष्ट्राणि = राष्ट्रहरूको विषयमा शोक गरिरहनुभएको छ
किं वा = अथवा
इतस्ततः = निषिद्ध देशहरूमा
अशनपानवासःस्नान-व्यवायोन्मुखजीवलोकम् = खान, पान, वस्त्र, स्नान,स्त्री सहवास आदिमा शास्त्रीय नियमहरूको पालन नगर्ने स्वेच्छाचारी मनुष्यहरूलाई देखेर शोक गरिरहनुभएको छ

वाक्यार्थ– अथवा आजका नाममात्रका राजा सर्वथा कलियुगी भएका छन् र देशमाथि शासन गर्ने बहानाले देशहरूलाई नै नष्टभ्रष्ट गरेका छन् भनेर तपाईंले शोक गर्नुभएको त होइन ? अथवा आजका मानिस खानपान, वास, स्नान र स्त्रीसहवास आदिमा शास्त्रीय नियमको पालन नगरी स्वेच्छाचारी भइरहेका छन् भनेर त तपाईले शोक गर्नुभएको त होइन ?

यद्वाम्ब ते भूरिभरावतार
कृतावतारस्य हरेर्धरित्रि ।
अन्तर्हितस्य स्मरती विसृष्टा
कर्माणि निर्वाणविलम्बितानि ॥ २३ ॥

पदार्थ–

यद्वा = अथवा
अम्ब = हे माता
धरित्रि = धरित्री
ते = तपाईंको
भूरिभरावतारकृतावतारस्य = भारलाई हरण गर्नका लागि अवतार ग्रहण गरेर
अन्तर्हितस्य = अहिले अन्तर्धान हुनुभएका
हरेः = भगवान् श्रीकृष्णका
निर्वाणविलम्बितानि = जीवहरूलाई मोक्ष प्रदान गर्ने
कर्माणि = कर्महरू
स्मरती = स्मरण गर्दै
विसृष्टा = भगवान्ले छोड्नुभएकाले शोक गर्नुभएको हो

वाक्यार्थ– हे पृथिवी ! जुन भगवान्ले तपाईंको भारलाई हटाउनका लागि अवतार लिनुभएको थियो र अवतार लिएर मोक्ष प्रदान गर्ने खालका विभिन्न लीलाहरू गर्नुभएको थियो। अब आफ्ना लीलाको संवरण गरेर अहिले उहाँले तपाईंको परित्याग गर्नु भएको छ। उहाँ भगवान् श्रीकृष्णको सम्झना आएको हुनाले शोक गर्नुभएको त होइन ?

इदं ममाचक्ष्व तवाधिमूलं
वसुन्धरे येन विकर्शितासि ।
कालेन वा ते बलिनां बलीयसा
सुरार्चितं किं हृतमम्ब सौभगम् ॥ २४ ॥

पदार्थ–

वसुन्धरे = हे पृथिवी
बलिनां = बलवान्हरूलाई पनि पराजित गर्ने
बलीयसा = शक्तिशाली
कालेन = कालले
सुरार्चितं = देवताहरूद्वारा पनि वन्दनीय
ते = तपाईंको
सौभगम् = सौभाग्यलाई अहिले
हृतम् = अपहरण गरिएकाले
किं वा = कि
येन = जुन दुःखको कारणले
विकर्शिता असि = दुब्ली हुनुहुन्छ
अम्ब = हे माताजी
तव = तपाईंको
इदं = यो
आधिमूलं = मानसिक पीडाको कारण
मम = मलाई
आचक्ष्व = भन्नुहोस्

वाक्यार्थ– हे देवी ! तपाईं रत्नहरूकी खानी हुनुहुन्छ। जुन कारणले तपाईं यति दुर्बल हुनुभएको छ त्यो कारण मलाई बताउनुहोस्। बलबान्भन्दा बलवान्हरूलाई पराजित गर्ने कालले

देवताहरूद्वारा पनि वन्दनीय तपाईंको सौभाग्यलाई अपहरण गरेको हुनाले तपाईं यति दुःखी हुनुहुन्छ भनेजस्तो मलाई लाग्दछ।

धरण्युवाच (पृथ्वीले भन्नुभयो)

भवान् हि वेद तत्सर्वं यन्मां धर्मानुपृच्छसि।

चतुर्भिर्वर्तसे येन पादैर्लोकसुखावहैः॥ २५॥

पदार्थ—

धर्म = हे धर्म	**सर्वं** = सबै कुरा	लोकहरूलाई सुख प्रदान गर्ने
भवान् = तपाईंले	**हि** = निश्चय नै	**चतुर्भिः** = चारओटा
यत् = जुन कुरा	**वेद** = जान्नुहुन्छ	**पादैः** = पाउहरूले युक्त भएर
मां = मलाई	**येन** = जुन भगवान्को कारणले	**वर्तसे** = रहनुभयो
अनुपृच्छसि = सोध्दै हुनुहुन्छ	तपाईं	
तत् = त्यो	**लोकसुखावहैः** = सम्पूर्ण	

वाक्यार्थ— हे धर्म! तपाईं मलाई जुन कुरा सोध्दै हुनुहुन्छ, त्यो कुरा तपाईं पहिलेदेखि नै जान्नुहुन्छ। भगवान्को कृपाप्रसादलाई प्राप्त गरेर तपाईं सम्पूर्ण संसारलाई सुख प्रदान गर्ने आफ्ना चार पाउहरूले युक्त हुनुहुन्थ्यो।

सत्यं शौचं दया क्षान्तिस्त्यागः सन्तोष आर्जवम्।

शमो दमस्तपः साम्यं तितिक्षोपरतिः श्रुतम्॥ २६॥

ज्ञानं विरक्तिरैश्वर्यं शौर्यं तेजो बलं स्मृतिः।

स्वातन्त्र्यं कौशलं कान्तिर्धैर्यं मार्दवमेव च॥ २७॥

प्रागल्भ्यं प्रश्रयः शीलं सह ओजो बलं भगः।

गाम्भीर्यं स्थैर्यमास्तिक्यं कीर्तिर्मानोऽनहङ्कृतिः॥ २८॥

एते चान्ये च भगवन् नित्या यत्र महागुणाः।

प्रार्थ्या महत्त्वमिच्छद्भिर्न वियन्ति स्म कर्हिचित्॥ २९॥

पदार्थ—

सत्यं = सत्य बोल्नु	**क्षान्तिः** = क्षमा	**आर्जवम्** = सरलता
शौचं = पवित्रता	**त्यागः** = दान	**शमः** = मनो निग्रह
दया = दया	**सन्तोषः** = सन्तोष	**दमः** = बाह्य इन्द्रियनिग्रह

तपः = तपस्या
साम्यं = समता
तितिक्षा = तितिक्षा
उपरतिः = उपरति
श्रुतम् = शास्त्रविचार
ज्ञानं = ज्ञान
विरक्तिः = वैराग्य
ऐश्वर्यं = ऐश्वर्य
शौर्यं = वीरता
तेजः = तेज
बलं = शरीरसामर्थ्य
स्मृतिः = स्मृति
स्वातन्त्र्यं = स्वतन्त्रता
कौशलं = कुशलता
कान्तिः = कान्ति
धैर्यं = धैर्य
मार्दवम् = कोमलता
च एव = पनि
प्रागल्भ्यं = निर्भीकता
प्रश्रयः = विनय
शीलं = शील
सहः = बल
ओजः = साहस
बलं = ज्ञानेन्द्रिय र कर्मेन्द्रियको सामर्थ्य
भगः = ऐश्वर्य
गाम्भीर्यं = गाम्भीर्य
स्थैर्यम् = स्थिरता
आस्तिक्यं = आस्तिकता
कीर्तिः = कीर्ति
मानः = गौरव
अनहङ्कृतिः = निरहङ्कार
एते = यी पूर्वोक्त उनन्चालीस गुण
च = र
अन्ये = अन्य शरणत्व, भक्तवत्सलत्व आदि
च = पनि
महत्त्वम् = महत्त्व
इच्छद्भिः = राख्न चाहने मनुष्यहरूले
प्राथ्या = पार्थना गरिने
नित्या = स्वाभाविक
भगवन् = हे धर्म
महागुणाः = भगवान्देखि अभिन्न सत्, चित्, आनन्द आदि स्वरूपभूत गुणहरू
यत्र कर्हिचित् = महाप्रलयको समयमा पनि
न वियन्ति स्म = नष्ट हुँदैनन्

वाक्यार्थ— भगवान् श्रीकृष्णमा सत्य, पवित्रता, दया, क्षमा, त्याग, सन्तोष, सरलता, शम, दम, तप, समता, तितिक्षा, उपरति, शास्त्रविचार, ज्ञान, वैराग्य, ऐश्वर्य, वीरता, तेज, बल, स्मृति, स्वतन्त्रता, कौशल, कान्ति, धैर्य, कोमलता, निर्भीकता, विनय, शील, साहस, उत्साह, बल, सौभाग्य, गम्भीरता, स्थिरता, आस्तिकता, कीर्ति, गौरव र निरहङ्कारता यी उनन्चालीसओटा अप्राकृत गुण तथा महत्त्वाकाङ्क्षी पुरुषद्वारा वाञ्छनीय शरणागतवत्सलता आदि अरू महान् गुणहरू उहाँको सेवाका लागि नित्य-निरन्तर निवास गर्दैछन्। उक्त गुणहरूले एक क्षणका लागि पनि भगवान्लाई छोड्दैनन्।

तेनाहं गुणपात्रेण श्रीनिवासेन साम्प्रतम्।
शोचामि रहितं लोकं पाप्मना कलिनेक्षितम्॥ ३०॥

पदार्थ—

गुणपात्रेण = सम्पूर्ण गुणहरूका पात्र
श्रीनिवासेन = लक्ष्मीका आश्रय भएका भगवान् श्रीकृष्णले
साम्प्रतम् = अहिले
रहितं = रहित
पाप्मना = पापको कारण
तेन = त्यस
कलिना = कलियुगले
ईक्षितम् = व्याप्त भएको
लोकं = जनसमूहको विषयमा
अहं = म
शोचामि = शोक गरिरहेकी छु

वाक्यार्थ— त्यस्ता समस्त गुणहरूका आश्रय, सौन्दर्यधाम भगवान् श्रीकृष्णले यस समयमा यस

लोकबाट आफ्नो लीलालाई संवरण गर्नुभएको छ। अहिले यो संसार पापमय कलियुगको कुदृष्टिको शिकार बन्न पुगेको छ। यो देखेर मलाई ठुलो शोक भइरहेको छ।

आत्मानं चानुशोचामि भवन्तं चामरोत्तमम्।
देवान् पितॄनृषीन् साधून् सर्वान् वर्णांस्तथाश्रमान्॥ ३१॥

पदार्थ–

आत्मानं = आफ्नो विषयमा	**ऋषीन्** = ऋषिहरूको लागि	**आश्रमान्** = आश्रमहरूको लागि
अमरोत्तमम् = देवताहरूमा श्रेष्ठ	**साधून्** = साधूहरूको लागि	**च** = पनि
भवन्तं = तपाईंको विषयमा	**सर्वान्** = सम्पूर्ण	**अनुशोचामि** = शोक गर्दछु
देवान् = देवताहरूको लागि	**वर्णान्** = वर्ण र	
पितॄन् = पितृहरूको लागि	**च तथा** = त्यस्तै	

वाक्यार्थ– मैलै आफ्नो विषयमा एवं देवताहरूमा श्रेष्ठ हुनुभएका तपाईंको विषयमा शोक गरिरहेकी छु। यस्तै अन्य देवता, पितृ, ऋषि, साधु समस्त वर्ण तथा आश्रमका मनुष्यका लागि पनि शोक गरिरहेकी छु।

ब्रह्मादयो बहुतिथं यदपाङ्गमोक्ष
कामास्तपः समचरन् भगवत्प्रपन्नाः।
सा श्रीः स्ववासमरविन्दवनं विहाय
यत्पादसौभगमलं भजतेऽनुरक्ता॥ ३२॥
तस्याहमब्जकुलिशाङ्कुशकेतुकेतैः
श्रीमत्पदैर्भगवतः समलङ्कृताङ्गी।
त्रीनत्यरोच उपलभ्य ततो विभूतिं
लोकान् स मां व्यसृजदुत्स्मयतीं तदन्ते॥ ३३॥

पदार्थ–

यदपाङ्गमोक्षकामाः = जुन लक्ष्मीजीको कृपाकटाक्षलाई प्राप्त गर्ने इच्छाले	**बहुतिथं** = धेरै कालसम्म	**विहाय** = छोडेर
भगवत्प्रपन्नाः = भगवान्‌का शरणमा गएर	**तपः** = तपस्या	**अलं अनुरक्ता** = अत्यन्त प्रेमपूर्वक
ब्रह्मादयः = ब्रह्मा आदि देवताहरूले	**समचरन्** = गरी	**यत्पादसौभगम्** = जुन भगवान्‌को चरणसौन्दर्यको
	सा = ती	**भजते** = सेवन गर्नुहुन्छ
	श्रीः = लक्ष्मी	**अहम्** = म पृथिवी
	स्ववासम् = आफ्नो वासस्थान	
	अरविन्दवनं = कमलवनलाई	

तस्य = ती
भगवतः = भगवान् श्रीकृष्णको
अब्जकुलिशाङ्कुशकेतुकेतैः = कमल, वज्र, अङ्कुश, ध्वजा आदि चिह्नले मुक्त भएका
श्रीमत्पदैः = शोभासम्पन्न चरणकमलद्वारा
समलङ्कृताङ्गी = सम्पूर्ण अङ्गहरू सुशोभित भएकी थिएँ
ततः = ती भगवान् श्रीकृष्णबाट
विभूतिं = सम्पूर्ण समृद्धिलाई
उपलभ्य = प्राप्त गरेर
त्रीन् = तीनै
लोकान् = लोकलाई
अत्यरोचे = अतिक्रमण गरेको थिएँ
सः = ती भगवान् श्रीकृष्णले
उत्स्मयतीं = तीन लोकमा म बराबर अरू कुनै पनि लोक छैन भने अहङ्कार गरेको हुनाले
तदन्ते = मेरो अहङ्कारको नाश गर्नको लागि
मां = मलाई
व्यसृजत् = छोडिदिनुभयो

वाक्यार्थ— जसको कृपाकटाक्ष प्राप्त गर्नका लागि ब्रह्मा आदि देवताहरू भगवान्को शरणागत भएर धेरै दिनसम्म तपस्या गर्दछन् ती लक्ष्मीजी आफ्नो निवासस्थान कमलको परित्याग गरेर अत्यन्त प्रेमपूर्वक जसको छत्रछायाको सेवन गर्नुहुन्छ। उनै भगवान्को कमल, वज्र, अङ्कुश, ध्वजा आदि चिह्नहरूले विभूषित भएकी हुनाले मलाई ठुलो वैभव प्राप्त भएको थियो। तीनै लोकमा म बराबर कुनै पनि थिएन। परन्तु मेरो सौभाग्यको अब अन्त भयो। भगवान्ले म अभागिनीलाई छोडिदिनुभयो। मलाई आफ्नो सौभाग्यको अहङ्कार भएको हुनाले मेरो अहङ्कारलाई नष्ट गर्नका लागि भगवान्ले मलाई छोडिदिनुभयो।

यो वै ममातिभरमासुरवंशराज्ञाम्
अक्षौहिणीशतमपानुददात्मतन्त्रः।
त्वां दुःस्थमूनपदमात्मनि पौरुषेण
सम्पादयन्यदुषु रम्यमबिभ्रदङ्गम्॥ ३४॥

पदार्थ—

आत्मतन्त्रः = स्वतन्त्र
यः = जो भगवान् श्रीकृष्णले
वै = निश्चय
मम = मेरो
असुरवंशराज्ञाम् = असुर वंशमा उत्पन्न भएका राजाहरूको
अक्षौहिणीशतम् = सयौं अक्षौहिणी सेनाको
अतिभरम् = ठुलो भारलाई
अपानुदत् = हटाउनुभयो त्यसै गरी
ऊनपदम् = तीन पाउले रहित भएका
आत्मनि = मनमनैमा
दुःस्थम् = ठुलो कष्टको अनुभव गर्ने
त्वां = तपाईंलाई
पौरुषेण = सामर्थ्य
सम्पादयन् = सम्पादन गर्दै
यदुषु = यदुकुलमा
रम्यम् = अत्यन्त रमणीय
अङ्गम् = अङ्गलाई
अबिभ्रत् = धारण गर्नुभयो

वाक्यार्थ— तपाईं आफ्ना तीन पादद्वारा हीन हुनाले मनमनै दुःखी हुनुहुन्थ्यो त्यसैले तपाईंलाई सम्पूर्ण अङ्गहरूले पूर्ण एवं स्वस्थ बनाउनका लागि उहाँ अत्यन्त रमणीय श्यामसुन्दर विग्रहले युक्त भएर यदुवंशमा प्रकट हुनुभयो र असुरवंशी राजाहरूको सैकडौं अक्षौहिणीको रूपमा रहेको मेरो ठुलो भाइलाई हटाउनुभयो किनभने उहाँ परमस्वतन्त्र हुनुहुन्थ्यो।

का वा सहेत विरहं पुरुषोत्तमस्य
प्रेमावलोकरुचिरस्मितवल्गुजल्पैः ।
स्थैर्यं समानमहरन्मधुमानिनीनां
रोमोत्सवो मम यदङ्घ्रिविटङ्किताया: ॥ ३५ ॥

पदार्थ–

(भगवान् श्रीकृष्णले)	**समानम्** = मानका साथ	हुन्थे त्यस्ता
प्रेमावलोकरुचिरस्मितवल्गु-	**स्थैर्यं** = धैर्यलाई	**पुरुषोत्तमस्य** = भगवान्
जल्पैः = प्रेमपूर्वकको हेराइले	**अहरत्** = हरण गर्नुभएको थियो	श्रीकृष्णको
मनोहर मन्द मुस्कान र मिठा-	**यदङ्घ्रिविटङ्किताया:** = जसको	**विरहं** = विरहलाई
मिठा कुराहरूद्वारा	चरणकमलको स्पर्शले	**का** = कुन नारीले
मधुमानिनीनां = मधुमयी मानिनी	**मम** = मेरा अङ्गहरू	**वा** = अथवा
सत्यभामा आदिको	**रोमोत्सवः** = आनन्दपुलकित	**सहेत** = सहन गर्न सक्ली

वाक्यार्थ– जसले आफ्नो प्रेमपूर्वकको हेराइ, मनोहर हाँसो र मिठामिठा कुराहरूद्वारा सत्यभामा आदि मधुमयी मानिनीहरूको गानका साथ उनीहरूको धैर्यलाई समेत नष्ट गर्नुभएको थियो जसको चरणकमलको स्पर्शले मेरा अङ्गहरू आनन्द पुलकित हुन्थे त्यस्ता पुरषोत्तम भगवान् श्रीकृष्णको विरहलाई म कसरी सहन गर्न सकूँ ?

तयोरेवं कथयतोः पृथिवीधर्मयोस्तदा ।
परीक्षिन्नाम राजर्षिः प्राप्तः प्राचीं सरस्वतीम् ॥ ३६ ॥

पदार्थ–

एवं = यसप्रकार	**तदा** = त्यस वेला	**सरस्वतीम्** = सरस्वतीको तटमा
तयोः = ती दुई	**परीक्षित्** = परीक्षित्	**प्राप्तः** = आइपुग्नुभयो
पृथिवीधर्मयोः = पृथिवी र धर्म	**नाम** = नाम गरेका	
कथयतोः = आपसमा कुरा	**राजर्षिः** = राजर्षि	
गरिरहेका थिए	**प्राचीं** = पूर्ववाहिनी	

वाक्यार्थ– धर्म र पृथिवी यसप्रकार कुरा गरिरहँदा राजर्षि परीक्षित् पूर्ववाहिनी सरस्वती नदीको तटमा आइपुग्नुभयो ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे
पृथ्वीधर्मसंवादो नाम षोडशोऽध्यायः ॥ १६ ॥

अथ सप्तदशोऽध्यायः

महाराज परीक्षित्द्वारा कलियुगको दमन

सूत उवाच (सूतजीले भन्नुभयो)

तत्र गोमिथुनं राजा हन्यमानमनाथवत्।
दण्डहस्तं च वृषलं ददृशे नृपलाञ्छनम्॥ १॥

पदार्थ–

तत्र = त्यहाँ
राजा = राजा परीक्षित्ले
अनाथवत् = स्वामीले रहित कुनै व्यक्तिलाई झैं
हन्यमानम् = शूद्रद्वारा पिटिइरहेका
गोमिथुनं = गाई र साँढेको जोडालाई
नृपलाञ्छनम् = राजभेषधारी
दण्डहस्तं = हातमा दण्ड लिएको
वृषलं = शूद्रलाई
च = पनि
ददृशे = देखे

वाक्यार्थ– शौनकजी ! त्यहाँ पुगेर राजा परीक्षित्ले एउटा राजभेषधारी शूद्रले हातमा लठ्ठी लिएर गाई र साँढेको एक जोडालाई पिटिरहेको देख्नुभयो। त्यो दृश्य देख्दा यस्तो लाग्दथ्यो कि तिनीहरूको रक्षा गर्ने कोही छैन।

वृषं मृणालधवलं मेहन्तमिव बिभ्यतम्।
वेपमानं पदैकेन सीदन्तं शूद्रताडितम्॥ २॥

पदार्थ–

मृणालधवलं = कमलको तन्तुझैं सेतो वर्ण भएका
बिभ्यतम् = भयभीत भएर
मेहन्तम् = मूत्रत्याग गरिहेका
इव = झैं
एकेन = एउटा
पदा = पाउले खडा भएर
वेपमानं = थर्थर काँपिरहेको
शूद्रताडितम् = शूद्रको ताडनाले
सीदन्तं = पीडित
वृषं = साँढेको रूपलाई धारण गरेका (धर्मलाई पनि देख्नुभयो)

वाक्यार्थ– यस्तै राजा परीक्षित्ले त्यहाँ कमलको डाँठजस्ता सेता, भयभीत भएर मूत्रत्याग गरिरहेका, एउटा खुट्टाले उभिएर काँपिरहेका एवं शूद्रको ताडनाले अत्यन्त दुःखी भएको साँढेको रूप धारण गरेका धर्मलाई पनि देख्नुभयो।

गां च धर्मदुघां दीनां भृशं शूद्रपदाहताम्।
विवत्सामाश्रुवदनां क्षामां यवसमिच्छतीम्॥ ३॥

पदार्थ—

धर्मदुघां = यज्ञादि सामग्रीको सम्पादक हुनाले धर्मको कारण भएकी
शूद्रपदा = शूद्रको लात्ताले
हताम् = हानिएकी
भृशं = अत्यन्त
दीनां = दुःखी भइरहेकी
विवत्साम् = बाच्छाले रहित भएकी
गां = गाईझैं
साश्रुवदनां = आँखाबाट आँसु निकालिरहेकी
क्षामां = दुर्बल
च = र
यवसम् = घाँस खान
इच्छतीम् = इच्छा गरिरहेकी (अथवा पृथिवी पक्षमा यज्ञ भागको इच्छा गर्ने गाईको रूपलाई धारण गर्ने पृथिवीलाई देखे)

वाक्यार्थ— धर्मोपयोगी दुध, घिऊ आदि हविष्य पदार्थलाई दिने ती गाई शूद्रले लात्ताले हानेको हुनाले अत्यन्त दुःखी भएकी थिइन्। उनी दुब्ली र बाच्छोरहित थिइन्। उनलाई भोक लागेको थियो र आँखाबाट आँसु बगिरहेका थिए।

पप्रच्छ रथमारूढः कार्तस्वरपरिच्छदम्।
मेघगम्भीरया वाचा समारोपितकार्मुकः॥ ४॥

पदार्थ—

कार्तस्वरपरिच्छदम् = स्वर्णजडित
रथम् = रथमा
आरूढः = चढेर
समारोपितकार्मुकः = धनुषमा ताँदो चढाएर
मेघगम्भीरया = मेघसमान गम्भीर
वाचा = वाणीले
पप्रच्छ = सोधे

वाक्यार्थ— स्वर्णजडित रथमा चढेका राजाले धनुषमा ताँदो चढाएर मेघजस्ता गम्भीर वाणीले उसलाई यसप्रकार सोध्नुभयो।

कस्त्वं मच्छरणे लोके बलाद्धंस्यबलान्बली।
नरदेवोऽसि वेषेण नटवत् कर्मणाद्विजः॥ ५॥

पदार्थ—

मच्छरणे = म रक्षक भएको
लोके = लोकमा
बली = बलवान् भएर
अबलान् = दुर्बलहरूलाई
बलात् = बलपूर्वक
हंसि = पिट्छस्
त्वं = तँ
कः = को होस्
नटवत् = नटझैं
वेषेण = भेषले मात्र
नरदेवः = राजाजस्तो देखिन्छस् परन्तु
कर्मणा = कर्मले
अद्विजः = शूद्र
असि = होस्

वाक्यार्थ— अरे त को होस्? तँ आफू बलवान् भएर मेरा राज्यका यी दुर्बल प्राणीलाई पिटिरहेको छस्। तैंले कुनै नटले झैं भेषचाहिँ राजाको बनाएको छस्, परन्तु तेरो कर्म भने शूद्रको जस्तो छ।

यस्त्वं कृष्णे गते दूरं सहगाण्डीवधन्वना ।
शोच्योऽस्यशोच्यान् रहसि प्रहरन् वधमर्हसि ॥ ६ ॥

पदार्थ–

गाण्डीवधन्वना = अर्जुनका	**अशोच्यान्** = निरपराध	**असि** = छस्
सह = साथ	प्राणीलाई	त्यसकारण
कृष्णे = भगवान् श्रीकृष्ण	**प्रहरन्** = प्रहार गर्ने	**वधम्** = वध गर्न
दूरं = आफ्नो धाममा	**यः** = जो	**अर्हसि** = योग्य छस्
गते = गएपछि	**त्वं** = तँ	
रहसि = निर्जन ठाउँमा	**शोच्यः** = अपराधी	

वाक्यार्थ– मेरा पितामह अर्थात् हजुरबाका साथ भगवान् श्रीकृष्ण परमधाम भएपछि यसप्रकार निर्जन ठाउँमा निरपराधीहरूमाथि प्रहार गर्ने तँ अपराधी होस् र यसर्थ तँ मारिन योग्य छस्।

त्वं वा मृणालधवलः पादैर्न्यूनः पदा चरन् ।
वृषरूपेण किं कश्चिद्देवो नः परिखेदयन् ॥ ७ ॥

पदार्थ–

मृणालधवलः = कमलनालजस्तै	दशा देख्ता	**किं** = के
श्वेत वर्ण हुनुभएका	**नः** = मलाई	**वा** = अथवा
पादैः = अरू तीन पाउहरूले	**परिखेदयन्** = ठुलो कष्ट भएको	**कश्चित्** = कुनै
न्यूनः = रहित भएर पनि	छ	**देवः** = देवता हुनुहुन्छ
पदा = एक पाउले	**वृषरूपेण** = वृषभको रूपमा	
चरन् = हिँड्नु हुने तपाईंको यो	**त्वं** = तपाईं	

वाक्यार्थ– त्यसपछि उहाँले धर्मसँग सोध्नुभयो– तपाईंको वर्ण कमलको डाँठजस्तै सेतो छ। अरू तीनओटा पाउहरू नहुँदा तपाईं आफ्नो एउटै पाउले हिँडडुल गरिरहनुभएको छ, यो देख्दा मलाई ठुलो कष्ट भइरहेको छ। मलाई भन्नुहोस्, के तपाईं साँढेको रूपमा कुनै देवता हुनुहुन्छ ?

न जातु पौरवेन्द्राणां दोर्दण्डपरिरम्भिते ।
भूतलेऽनुपतन्त्यस्मिन् विना ते प्राणिनां शुचः ॥ ८ ॥

पदार्थ–

पौरवेन्द्राणां = पुरुवंशी	सुरक्षित	**ते** = तपाईंलाई
नरपतिहरूको	**अस्मिन्** = यस	**विना** = छाडेर
दोर्दण्डपरिरम्भिते = बाहुबलद्वारा	**भूतले** = भूमण्डलमा	**जातु** = कहिल्यै पनि

प्राणिनां = प्राणीहरूको	**न अनुपतन्ति** = खसेको
शुचः = शोकको आँसुहरू	देखिएका छैनन्

वाक्यार्थ– यो अहिले भूमण्डल पुरुवंशी नरपतिहरूको बाहुबाट सुरक्षित छ। मैले अहिलेसम्म तपाईंलाई छोडेर अरू कुनै पनि प्राणीलाई आँखाबाट शोकको आँसु बगाएको दखेको छैन।

मा सौरभेयात्र शुचो व्येतु ते वृषलाद्भयम्।
मा रोदीरम्ब भद्रं ते खलानां मयि शास्तरि॥ ९॥

पदार्थ–

सौरभेय = हे धेनुपुत्र	**व्येतु** = हटोस्	**खलानां** = दुष्टहरूको
मा शुचः = शोक नगर्नुहोस्	**अम्ब** = हे माताजी	**शास्तरि** = शासक
वृषलाद् = शूद्रबाट	**ते** = तपाईंलाई	**मयि** = म रहेसम्म
ते = तपाईंको	**भद्रं** = सुख होस्	**मा रोदीः** = तपाईंलाई रुनुपर्ने
भयम् = भय	**अत्र** = यस लोकमा	छैन

वाक्यार्थ– धेनुपुत्र ! अब तपाईं शोक नगर्नुहोस्। अब तपाईं यो शूद्रबाट निर्भय हुनुहोस्। यस लोकमा दुष्टहरूलाई दण्ड दिने शासक म रहेसम्म तपाईं रुनुपर्दैन।

यस्य राष्ट्रे प्रजाः सर्वास्त्रस्यन्ते साध्व्यसाधुभिः।
तस्य मत्तस्य नश्यन्ति कीर्तिरायुर्भगो गतिः॥ १०॥

पदार्थ–

साध्वि = हे साध्वी	**प्रजाः** = प्रजाहरू	**आयुः** = आयु
यस्य = जुन राजाको	**त्रस्यन्ते** = पीडित हुन्छन्	**भगः** = भाग्य
राष्ट्रे = राष्ट्रमा	**मत्तस्य** = कर्तव्यशून्य	**गतिः** = पुण्यलोकको प्राप्ति यी
असाधुभिः = दुष्टहरूद्वारा	**तस्य** = त्यस राजाको	कुराहरू
सर्वाः = सम्पूर्ण	**कीर्तिः** = यश	**नश्यन्ति** = नष्ट हुन्छन्

वाक्यार्थ– हे साध्वी ! जुन राजाको राज्यमा दुष्टहरूको उपद्रवद्वारा प्रजाहरू सन्त्रस्त हुन्छन् त्यस्ता प्रमादी राजाको कीर्ति, आयु, ऐश्वर्य र परलोक पनि भ्रष्ट हुन्छ।

एष राज्ञां परो धर्मो ह्यार्तानामार्तिनिग्रहः।
अत एनं वधिष्यामि भूतद्रुहमसत्तमम्॥ ११॥

पदार्थ–

हि = किनभने	**आर्तानाम्** = दुःखीहरूको	नै
एषः = यो	**आर्तिनिग्रहः** = दुःखलाई हटाउनु	**राज्ञां** = राजाहरूको

परः = ठुलो	**भूतद्रुहम्** = प्राणीहरूलाई	**एनं** = यसलाई
धर्मः = धर्म हो	दुःखदिने	**वधिष्यामि** = मार्नेछु
अतः = यसकारण	**असत्तमम्** = अत्यन्त दुष्ट	

वाक्यार्थ– दुःखीहरूको दुःखलाई दूर गर्नु नै राजाहरूको परम धर्म हो। प्राणीहरूलाई पीडा दिने यो शूद्र महादुष्ट हो। यसकारण म यसलाई अहिले नै मार्दछु।

कोऽवृश्चत् तव पादांस्त्रीन् सौरभेय चतुष्पद।
मा भूवंस्त्वादृशा राष्ट्रे राज्ञां कृष्णानुवर्तिनाम्॥ १२॥

पदार्थ–

चतुष्पद = चार पाउ हुने	**पादान्** = पाउहरूलाई	**राज्ञां** = राजाहरूको
सौरभेय = हे धेनुपुत्र	**कः** = कसले	**राष्ट्रे** = राष्ट्रमा
तव = तपाईंका	**अवृश्चत्** = काट्यो	**त्वादृशाः** = तपाईं जस्ता दुःखी
त्रीन् = तीन	**कृष्णानुवर्तिनाम्** = कृष्णभक्त	**मा भूवन्** = न होऊन्

वाक्यार्थ– हे धेनुपुत्र ! तपाईं त चारपाउवाला जीव हुनुहुन्छ। तपाईंका अरू तीनओटा पाउहरू कसले काट्यो ? श्रीकृष्णको अनुयायी राजाहरूको राज्यमा कहिल्यै पनि कोही पनि तपाईंजस्ता दुःखी हुनेछैनन्।

आख्याहि वृष भद्रं वः साधूनामकृतागसाम्।
आत्मवैरूप्यकर्तारं पार्थानां कीर्तिदूषणम्॥ १३॥

पदार्थ–

वृष = वृषभ	**साधूनाम्** = साधुहरूको	त्यो कुन व्यक्ति हो
वः = तपाईंको	**आत्मवैरूप्यकर्तारं** = अङ्गभङ्ग	**आख्याहि** = त्यसको विषयमा
भद्रं = कल्याण होस्	गरेर	मलाई भन्नुहोस्
अकृतागसाम् = तपाईं जस्ता	**पार्थानां** = पाण्डवहरूको कुलमा	
निरपराध	**कीर्तिदूषणम्** = कलङ्क लगाउने	

वाक्यार्थ– वृषभ ! तपाईंको कल्याण होस्। भन्नुहोस् तपाईंजस्ता निरपराध साधुको अङ्गभङ्ग गरेर कुन दुष्टले पाण्डवहरूको कीर्तिमा कलङ्क लगाएको हो ?

जनेऽनागस्यघं युञ्जन् सर्वतोऽस्य च मद्भयम्।
साधूनां भद्रमेव स्यादसाधुदमने कृते॥ १४॥

पदार्थ–

अनागसि = निरपराध	**जने** = व्यक्तिमा	**अघं** = दुःख

युञ्जन् = दिने व्यक्ति	**च** = अनि	**भद्रम्** = कल्याण
सर्वतः = सबैतिर	**असाधुदमने** = दुष्टहरूको दमन	**एव** = नै
अस्य = त्यस व्यक्तिका लागि	**कृते** = गरेपछि	**स्यात्** = होस्
मद्भयम् = मेरो भय रहनेछ	**साधूनां** = साधुहरूको	

वाक्यार्थ– जो कुनै पनि निरपराध प्राणीलाई सताउँछ, चाहे त्यो जो कोही व्यक्ति होस्, ऊ मबाट अवश्य पनि भयभीत रहनेछ। दुष्टहरूको दमन गर्नाले नै साधुहरूको कल्याण हुन्छ।

अनागस्स्विह भूतेषु य आगस्कृन्निरङ्कुशः।
आहर्तास्मि भुजं साक्षादमर्त्यस्यापि साङ्गदम्॥ १५॥

पदार्थ–

यः = जुन व्यक्ति	**आगस्कृत्** = द्रोह गर्दछ	**अपि** = पनि
इह = यस लोकमा	**साक्षात्** = त्यो साक्षात्	**आहर्ता** = काटिदिने
निरङ्कुशः = निर्भय भएर	**अमर्त्यस्य** = देवता नै भए पनि	**अस्मि** = छु
अनागस्सु = निरपराध	**साङ्गदम्** = मूल सहित	
भूतेषु = प्राणीहरूमा	**भुजं** = उसको हात	

वाक्यार्थ– जो उद्दण्ड व्यक्ति निरपराध प्राणीलाई दुःख दिन्छ, त्यो साक्षात् देवता नै किन नहोस्, मूलसहित त्यस व्यक्तिको हात काट्नेछु।

राज्ञो हि परमो धर्मः स्वधर्मस्थानुपालनम्।
शासतोऽन्यान् यथाशास्त्रमनापद्युत्पथानिह॥ १६॥

पदार्थ–

इह = यहाँ	**यथाशास्त्रम्** = शास्त्रको	मनुष्यहरूको पालन गर्नु
अनापदि = आपत्तिकालदेखि	अनुकूल	**राज्ञः** = राजाको
अतिरिक्त समयमा पनि	**शासतः** = दण्ड दिने र	**हि** = निश्चय
उत्पथान् = धर्म त्याग गर्ने	**स्वधर्मस्थानुपालनम्** = आफ्नो	**परमः** = परम
अन्यान् = असाधु पुरुषलाई	धर्मको आचरण गर्ने	**धर्मः** = धर्म हो

वाक्यार्थ– आपत्तिकाललाई छोडेर मर्यादा उल्लङ्घन गर्नेहरूलाई शास्त्रानुसार दण्ड दिँदै आफ्नो धर्ममा स्थित प्रजाहरूको पालन गर्नु राजाहरूको परम धर्म हो।

धर्म उवाच (धर्मले भन्नुभयो)

एतद् वः पाण्डवेयानां युक्तमार्ताभयं वचः।
येषां गुणगणैः कृष्णो दौत्यादौ भगवान् कृतः॥ १७॥

पदार्थ—

पाण्डवेयानां = पाण्डु वंशमा उत्पन्न हुनुभएका	प्रदान गर्ने	**भगवान्** = भगवान्
वः = तपाईंको	**वचः** = वचन	**कृष्णः** = कृष्ण
एतत् = यो	**युक्तम्** = युक्तियुक्त नै छ	**दौत्यादौ** = दूत, सारथि आदि
आर्ताभयं = आर्तहरूलाई अभय	**येषां** = जुन पाण्डवहरूको	**कृतः** = बन्ने काम गर्नुभयो
	गुणगणैः = गुणगणहरूले	

वाक्यार्थ— पाण्डु वंशमा उत्पन्न हुनुभएका तपाईंको यो आर्तहरूलाई अभय प्रदान गर्ने वचन युक्तियुक्त नै छ जुन पाण्डवहरूको गुणगणहरूको भगवान् कृष्ण दूत, सारथि आदि बन्नुभयो।

न वयं क्लेशबीजानि यतः स्युः पुरुषर्षभ।
पुरुषं तं विजानीमो वाक्यभेदविमोहिताः॥ १८॥

पदार्थ—

पुरुषर्षभ = हे नरेन्द्र	**वयं** = हामीहरू	**यतः** = जसबाट
वाक्यभेदविमोहिताः = शास्त्रका विभिन्न वचनहरूबाट मोहित भएकाले	**तं** = त्यो	**क्लेशबीजानि** = दुःखका कारणहरू उत्पन्न
	पुरुषं = पुरुषलाई	**स्युः** = उत्पन्न हुन्छन्
	न विजानीमः = जान्दैनौं	

वाक्यार्थ— नरेन्द्र ! शास्त्रका विभिन्न वचनहरूद्वारा मोहित भएको हुनाले हामी त्यस पुरुषलाई जान्न सक्दैनौं जसबाट क्लेशका कारणहरू उत्पन्न हुन्छन्।

केचिद्विकल्पवसना आहुरात्मानमात्मनः।
दैवमन्ये परे कर्म स्वभावमपरे प्रभुम्॥ १९॥

पदार्थ—

विकल्पवसनाः = कुनै पनि द्वैतलाई स्वीकार नगर्ने	**अन्ये** = अरू ज्योतिषीहरू	**स्वभावम्** = स्वभावलाई नै सुख र दुःखको कारण मान्दछन्
केचित् = केही भोगीहरू	**दैवम्** = ग्रह आदिलाई आफ्ना सुख र दुःखको कारण मान्दछन्	(यस्तै केही मानिसहरू)
आत्मनः = आफ्नो सुख र दुःखको कारण	**परे** = अन्य पूर्वमीमांसकहरू	**प्रभुम्** = ईश्वरलाई (दुःख र सुखको कारण मान्दछन्)
आत्मानम् = आफू नै हो भनेर	**कर्म** = प्रारब्ध कर्मलाई सुख र दुःखको कारण मान्दछन्	
आहुः = भन्दछन्	**अपरे** = चार्वाकहरू	

वाक्यार्थ— जो मनुष्यहरू कुनै पनि प्रकारको द्वैतलाई स्विकार्दैनन् उनीहरू आफूलाई नै आफ्नो दुःखको कारण बताउँछन्। ज्योतिषीहरू ग्रहलाई दुःखको कारण बताउँछन्। मीमांसकहरू प्रारब्ध कर्मलाई र चार्वाकहरू स्वभावलाई दुःखको कारण बताउँछन्।

अप्रतर्क्यादनिर्देश्यादिति केष्वपि निश्चयः ।

अत्रानुरूपं राजर्षे विमृश स्वमनीषया ॥ २० ॥

पदार्थ–

केषु = कसैको	**अनिर्देश्यात्** = वाणीको विषय नभएको कर्महरूको फल प्रदान गर्ने परमात्माबाट नै प्राणीहरूलाई सुख अथवा दुःख मिल्दछ	**राजर्षे** = हे राजा
इति अपि = यस्तो पनि		**अत्र** = यस विषयमा
निश्चयः = निश्चय छ कि		**अनुरूपं** = योग्य पक्षलाई
अप्रतर्क्यात् = मनद्वारा तर्क गर्न नसकिने		**स्वमनीषया** = आफ्नो बुद्धिद्वारा
		विमृश = विचार गर्नुहोस्

वाक्यार्थ– कतिपय विद्वान्‌हरूको यस्तो निश्चय छ कि दुःखको कारण न तर्कद्वारा जान्न सकिन्छ, न त वाणीद्वारा नै बताउन सकिन्छ। राजर्षि ! यी पहिले बताइएका विभिन्न मतहरूमध्ये कुनचाहिँ मत ठिक हुन सक्दछ, तपाईं नै आफ्नो बुद्धिद्वारा विचार गर्नुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं धर्मे प्रवदति स सम्राड् द्विजसत्तम ।

समाहितेन मनसा विखेदः पर्यचष्ट तम् ॥ २१ ॥

पदार्थ–

द्विजसत्तमाः = हे ऋषिश्रेष्ठ शौनकजी	**प्रवदति** = भनेपछि	**समाहितेन** = सावधान
	सः = ती प्रसिद्ध	**मनसा** = मनले
एवं = यसप्रकार	**सम्राट्** = राजा परीक्षित्‌ले	**तम्** = ती धर्मलाई
धर्मे = धर्मले	**विखेदः** = भ्रमले रहित भएर	**पर्यचष्ट** = भन्नुभयो

वाक्यार्थ– हे ऋषिश्रेष्ठ शौनकजी ! धर्मको यो प्रवचन सुनेर सम्राट् परीक्षित् ज्यादै प्रसन्न हुनुभयो। उहाँको खेद मेटियो। उहाँले शान्तचित्त भएर धर्मसँग भन्नुभयो।

राजोवाच (राजाले भन्नुभयो)

धर्मं ब्रवीषि धर्मज्ञ धर्मोऽसि वृषरूपधृक् ।

यदधर्मकृतः स्थानं सूचकस्यापि तद्भवेत् ॥ २२ ॥

पदार्थ–

धर्मज्ञ = धर्मज्ञ	**असि** = हुनुहुन्छ यसकारण	मनुष्यलाई
वृषरूपधृक् = वृषभको रूपलाई धारण गर्ने	**धर्मं** = धर्मको	**यत्** = जुन
	ब्रवीषि = उपदेश गर्नुहुन्छ	**स्थानं** = स्थान नरकादिको
धर्मः = तपाईं धर्म	**अधर्मकृतः** = अधर्म गर्ने	प्राप्ति हुन्छ

तत् = त्यही स्थान	मनुष्यको	**भवेत्** = हुन्छ
सूचकस्य = पैशुन्य वृत्ति गर्ने	**अपि** = पनि	

वाक्यार्थ– धर्मको तत्त्व जान्नेवाला हे वृषभदेव ! तपाईं धर्मको उपदेश गरिरहनुभएको छ। अवश्य पनि तपाईं वृषभको रूपमा स्वयं धर्म हुनुहुन्छ। तपाईंले आफूलाई दुःख दिनेवालाको नाम यसकारणले नभन्नुभएको हो कि अधर्म गर्ने मनुष्यहरूलाई जुन नरकादिको प्राप्ति हुन्छ, पैशुन्य वृत्ति गर्नेवाला मनुष्यलाई पनि त्यही नरकादिको प्राप्ति हुन्छ।

अथवा देवमायाया नूनं गतिरगोचरा।
चेतसो वचसश्चापि भूतानामिति निश्चयः॥ २३॥

पदार्थ–

अथवा = अथवा	**भूतानाम्** = प्राणीहरूको	**इति** = यस्तो
नूनं = निश्चय	**चेतसः** = मनको र	**च अपि** = पनि
देवमायायाः = परमात्माको मायाको	**वचसः** = वाणीको	**निश्चयः** = निश्चय
गतिः = स्वरूप	**अगोचरा** = विषय हुन सक्दैन भन्ने	

वाक्यार्थ– अथवा यो सिद्धान्त निश्चित छ कि प्राणीहरूको मन र वाणीले पनि परमेश्वरको मायाको स्वरूपको निरूपण हुन सक्दैन।

तपः शौचं दया सत्यमिति पादाः कृते कृताः।
अधर्मांशैस्त्रयो भग्नाः स्मयसङ्गमदैस्तव॥ २४॥

पदार्थ–

कृते = सत्य युगमा	**इति** = यी चार	मदद्वारा
तपः = तपस्या	**पादाः** = पाउहरू तपाईंका थिए	**तव** = तपाईंका
शौचं = पवित्रता	(यस समयमा)	**त्रयः** = तप, शौच र दया
दया = दया	**अधर्मांशैः** = अधर्मका अंश	**भग्नाः** = नष्ट
सत्यम् = सत्य	**स्मयसङ्गमदैः** = गर्व, आसक्ति र	**कृताः** = भए

वाक्यार्थ– धर्मदेव ! सत्ययुगमा तप, पवित्रता, दया र सत्य यी तपाईंका चारओटा पाउहरू थिए, परन्तु यस समयमा अधर्मको अंश, गर्व, आसक्ति र मदले तीन चरणहरू नष्ट भएका छन्।

इदानीं धर्म पादस्ते सत्यं निर्वर्तयेद् यतः।
तं जिघृक्षत्यधर्मोऽयमनृतेनैधितः कलिः॥ २५॥

पदार्थ–

इदानीं = अहिले	**धर्म** = हे धर्म	**ते** = तपाईंको

पादः = एक पाउ	कुनै प्रकारले धारण गर्नुभएको	**एधितः** = बढेको
सत्यं = सत्यमात्र अवशिष्ट छ	छ	**अयम्** = यो
यतः = जुन चतुर्थ पाउ सत्यको	**तं** = तपाईंको चतुर्थ पाद	**कलिः** = कलिरूप
आधारमा	सत्यलाई पनि	**अधर्मः** = अधर्म
निर्वर्तयेत् = यहाँले आफूलाई	**अनृतेन** = असत्यद्वारा	**जिघृक्षति** = खान खोज्दैछ

वाक्यार्थ— अब तपाईंको चतुर्थ चरण केवल सत्यमात्र बाँकी छ। त्यसकै बलमा तपाईं बाँचिरहनुभएको छ। असत्यले पुष्ट भएको यो अधर्मरूप कलि त्यो चतुर्थ पाउलाई पनि खान खोजिरहेको छ।

इयं च भूमिर्भगवता न्यासितोरुभरा सती।
श्रीमद्भिस्तत्पदन्यासैः सर्वतः कृतकौतुका॥ २६॥

पदार्थ—

इयं = यी	भागलाई हटाएपछि	**सर्वतः** = चारैतिर
भूमिः = पृथिवी	**श्रीमद्भिः** = कमल, अङ्कुश	**कृतकौतुका** = मङ्गलमयी भएकी
च = पनि	वज्र आदि शोभाले युक्त	**सती** = थिइन्
भगवता = भगवान् श्रीकृष्णद्वारा	**तत्पदन्यासैः** = भगवान्	
न्यासितोरुभरा = यिनको ठुलो	श्रीकृष्णका पाउहरूद्वारा	

वाक्यार्थ— यी गौमाता साक्षात् पृथिवी हुनुहुन्छ। भगवान्ले यिनको भारलाई हरण गर्नुभएको थियो। वज्र, अङ्कुश आदि भगवान् श्रीकृष्णका चरणका चिह्नले युक्त भएर यिनी मङ्गलमयी भएकी थिइन्।

शोचत्यश्रुकला साध्वी दुर्भगेवोज्झिताधुना।
अब्रह्मण्या नृपव्याजाः शूद्रा भोक्ष्यन्ति मामिति॥ २७॥

पदार्थ—

अधुना = अहिले भगवान्	भएका	**इति** = भनेर
श्रीकृष्णद्वारा	**नृपव्याजाः** = राजाहरूको भेष	**साध्वी** = पतिव्रता
उज्झिता = रहित भएकी	धारण गर्ने	**दुर्भगा** = भाग्यहीन
अश्रुकला = आँखाबाट आँशु	**शूद्राः** = शूद्रहरूले	**इव** = जस्तो भएर
निकाल्दै	**माम्** = मलाई	**शोचति** = शोक गर्दैछिन्
अब्रह्मण्या = ब्राह्मणभक्तिले हीन	**भोक्ष्यन्ति** = भोग गर्नेछन्	

वाक्यार्थ—अहिले यी पृथ्वी भगवान् श्रीकृष्णबाट रहित भएकी हुनाले राजाको स्वाँग बनाएर ब्राह्मणद्रोही शूद्रहरूले मलाई भोग गर्ने भए भनेर साध्वी, अभागिनीझैं आँखाबाट आँसु खसालेर चिन्ता गरिरहेकी छिन्।

इति धर्मं महीं चैव सान्त्वयित्वा महारथः।
निशातमाददे खड्गं कलयेऽधर्महेतवे ॥ २८ ॥

पदार्थ–

इति = यसप्रकार	**महारथः** = महाराजा परीक्षित्‌ले	**एव** = नै
धर्मं = धर्मलाई र	**अधर्महेतवे** = अधर्मको कारण	**निशातम्** = धारिलो
महीं = पृथिवीलाई	भएको	**खड्गं** = तारबार
च = पनि	**कलये** = कलिलाई मार्नको	**आददे** = उठाउनुभयो
सान्त्वयित्वा = सान्त्वना दिएर	लागि	

वाक्यार्थ– महाराज परीक्षित्‌ले यसप्रकार धर्म र पृथिवीलाई सान्त्वना दिनुभयो, फेरि उहाँले अधर्मको कारण भएको कलियुगलाई मार्नका लागि धारिलो तरबार उठाउनुभयो।

तं जिघांसुमभिप्रेत्य विहाय नृपलाञ्छनम्।
तत्पादमूलं शिरसा समगाद् भयविह्वलः ॥ २९ ॥

पदार्थ–

तं = ती राजा परीक्षित्‌लाई	किरीट आदिलाई	**तत्पादमूलं** = राजा परीक्षित्‌को
जिघांसुम् = मार्न आँटेको	**भयविह्वलः** = डरले थर्थर काँप्दै	पाउमा
अभिप्रेत्य = जानेर	**विहाय** = छोडेर	**समगात्** = पऱ्यो
नृपलाञ्छनम् = राजाको चिह्न	**शिरसा** = शिरले	

वाक्यार्थ– अब यिनले मलाई मार्न आँटे भन्ने थाहा पाएर आफ्ना किरीट आदि राजचिह्नहरूलाई फ्याँकेर कलि राजा परीक्षित्‌को पाउमा पऱ्यो।

पतितं पादयोर्वीरः कृपया दीनवत्सलः।
शरण्यो नावधीच्छ्लोक्य आह चेदं हसन्निव ॥ ३० ॥

पदार्थ–

पादयोः = पाउमा	**च** = र	**हसन् इव** = हाँस्दै
पतितं = परेको कलिलाई देखेर	**दीनवत्सलः** = दीनवत्सल राजा	**कृपया** = कृपा गरेर
शरण्यः = शरणागत रक्षक	परीक्षित्‌ले	**इदं** = यो
वीरः = वीर	**न अवधीत्** = कलिलाई	**आह** = भन्नुभयो
श्लोक्यः = कीर्तिशाली	मार्नुभएन	

वाक्यार्थ– राजा परीक्षित् वीर, कीर्तिशाली दीनवत्सल र शरणागतरक्षक हुनुहुन्थ्यो त्यसैले उहाँले कलिलाई शरणमा आएको देखेर कृपा गरेर उसलाई मार्नुभएन। हाँस्दै उसलाई भन्नुभयो।

राजोवाच (राजाले भन्नुभयो)

न ते गुडाकेशयशोधराणां
बद्धाञ्जलेर्वै भयमस्ति किञ्चित्।
न वर्तितव्यं भवता कथञ्चन
क्षेत्रे मदीये त्वमधर्मबन्धुः॥ ३१॥

पदार्थ–

गुडाकेशयशोधराणां = अर्जुनको कीर्ति धारण गर्ने हाम्रो अगाडि	**किञ्चित्** = केही	**भवता** = तिमीले
बद्धाञ्जलेः = हात जोडेर शरणमा पर्ने	**भयम्** = डर	**मदीये** = मेरो
ते = तिम्रा लागि	**न अस्ति** = छैन	**क्षेत्रे** = क्षेत्रमा
वै = निश्चय नै	**त्वम्** = तिमी	**कथञ्चन** = कुनै पनि परिस्थितिमा
	अधर्मबन्धुः = अधर्मका सहायक हुनाले	**न वर्तितव्यं** = बस्नुहुँदैन

वाक्यार्थ– तिमी हात जोडेर मेरो शरणमा पऱ्यौ। अब तिमीलाई अर्जुनको यशस्वी वंशमा उत्पन्न भएको कुनै वीरबाट डर हुनेछैन। परन्तु तिमी अधर्मको सहायक भएको हुनाले तिमीले मेरो राज्यमा कुनै पनि परिस्थितिमा बस्नुहुँदैन।

त्वां वर्तमानं नरदेवदेहे-
ष्वनुप्रवृत्तोऽयमधर्मपूगः।
लोभोऽनृतं चौर्यमनार्यमंहो
ज्येष्ठा च माया कलहश्च दम्भः॥ ३२॥

पदार्थ–

नरदेवदेहेषु = राजाहरूको शरीरमा	**चौर्यम्** = चोरी	**च** = र
त्वां = तिमीले	**अनार्यम्** = दुष्टता	**दम्भः** = अहङ्कार
वर्तमानं = प्रवेश गरेर बस्न लागेपछि	**अंहः** = पापाचरण	**च** = पनि
लोभः = लोभ	**ज्येष्ठा** = अलक्ष्मी अर्थात् दरिद्रता	**अयम्** = यो
अनृतं = असत्यता	**माया** = कपट	**अधर्मपूगः** = पापको समूह
	कलहः = झगडा	**अनुप्रवृत्तः** = बढेको छ

वाक्यार्थ– तिमीले राजाहरूको शरीरमा निवास गरेको हुनाले लोभ, असत्यता, चोरी, दुष्टता, पापाचरण, दरिद्रता, कपट, झगडा, अहङ्कार र अरू पापहरूको वृद्धि भइरहेको छ।

न वर्तितव्यं तदधर्मबन्धो
धर्मेण सत्येन च वर्तितव्ये ।
ब्रह्मावर्ते यत्र यजन्ति यज्ञै-
र्यज्ञेश्वरं यज्ञवितानविज्ञाः ॥ ३३ ॥

पदार्थ–

धर्मेण = धर्म र
सत्येन = सत्यको
वर्तितव्ये = निवासस्थान भएको
ब्रह्मावर्ते = यस ब्रह्मावर्तमा
तत् = त्यो
अधर्मबन्धो = अधर्मको साथी
भएको तिमीले (एक क्षणका लागि)
च = पनि
न वर्तितव्यं = बस्नुहुँदैन
यत्र = जहाँ
यज्ञवितानविज्ञाः = यज्ञानुष्ठानमा
कुशल मनुष्यहरू
यज्ञैः = यज्ञद्वारा
यज्ञेश्वरं = यज्ञेश्वर भगवान्को
यजन्ति = पूजा गर्दछन्

वाक्यार्थ– अधर्मको साथी हुनाले तिमीले यस ब्रह्मावर्तमा एक क्षणका लागि पनि बस्नुहुँदैन किनभने यो धर्म र त्यसको निवासस्थान हो। यहाँ यज्ञविधिलाई राम्रोसँग जान्ने महात्माहरू यज्ञद्वारा यज्ञपुरुष भगवान्को आराधना गर्दछन्।

यस्मिन् हरिर्भगवानिज्यमान
इज्यात्ममूर्तिर्यजतां शं तनोति ।
कामानमोघान् स्थिरजङ्गमाना-
मन्तर्बहिर्वायुरिवैष आत्मा ॥ ३४ ॥

पदार्थ–

यस्मिन् = जुन देशमा
इज्यात्ममूर्तिः = यज्ञमूर्ति
वायुः = वायु (प्राणरूपले भित्र र बाहिर पनि रहेको)
इव = झैँ
स्थिरजङ्गमानाम् = समस्त चराचर जगत्को
अन्तर्बहिः = भित्र अन्तःकरण र बाहिर अरू दृश्य पदार्थले
अधिष्ठानरूपले व्याप्त भएर
एषः = यी
भगवान् = भगवान्
हरिः = हरि
आत्मा = आत्मरूपले सर्वत्र विद्यमान
इज्यमानः = यज्ञद्वारा पूजा गरेपछि
यजतां = यज्ञ गर्ने
(मुमुक्षुहरूलाई)
शं = आत्मसुख
तनोति = प्रदान गर्नुहुन्छ र
(सकामीहरूका लागि)
अमोघान् = उत्तम
कामान् = विषयहरू
प्रदान गर्नुहुन्छ

वाक्यार्थ– यस देशमा भगवान् श्रीहरि यज्ञको रूपमा निवास गर्नुहुन्छ। यज्ञद्वारा उहाँको पूजा

हुन्छ। उहाँले यज्ञ गर्नेवालाको कल्याण गर्नुहुन्छ। ती सर्वात्मा भगवान् प्राणवायुरूपले भित्र र बाहिर सर्वत्र व्याप्त भएझैं समस्त चराचरको भित्र र बाहिर एकरस स्थित भएर यज्ञ गर्नेहरूलाई आत्मसुख प्रदान गर्नुहुन्छ र उनीहरूका कामनाहरूको पूर्ति गर्नुहुन्छ।

सूत उवाच (सूतजीले भन्नुभयो)

परीक्षितैवमादिष्टः स कलिर्जातवेपथुः।

तमुद्यतासिमाहेदं दण्डपाणिमिवोद्यतम्॥ ३५॥

पदार्थ—

एवम् = यसप्रकार	**जातवेपथुः** = थर्थर काँप्दै	**उद्यतम्** = आफूलाई मार्नका
परीक्षिता = राजा परीक्षित्ले	**दण्डपाणिम्** = यमराज	लागि उद्यत
आदिष्टः = आदेश दिएपछि	**इव** = झैं	**तम्** = ती राजा परीक्षित्लाई
सः = ती	**उद्यतासिम्** = हातमा खड्ग	**इदं** = यो कुरा
कलिः = कलिले	लिएर	**आह** = भन्यो

वाक्यार्थ— परीक्षित्को यो आज्ञालाई सुनेर डराएको कलिले थर्थर काँप्दै, यमराजझैं मार्नका लागि उद्यत हातमा तलबार लिएका राजा परीक्षित्सँग भन्यो।

कलिरुवाच (कलिले भन्यो)

यत्र क्व वाथ वत्स्यामि सार्वभौम तवाज्ञया।

लक्षये तत्र तत्रापि त्वामात्तेषुशरासनम्॥ ३६॥

पदार्थ—

अथ = यसपछि	**अपि** = पनि	बाण चढाएर बसेको
सार्वभौम = सार्वभौम	**वत्स्यामि** = बस्नेछु	**त्वाम्** = तपाईं (हुनुहुन्छ भन्ने)
तव = तपाईंको	**तत्र** = त्यहाँ	**लक्षये** = ठान्दछु
आज्ञया = आज्ञाले	**तत्र** = त्यहाँ	
यत्र क्व वा = जहाँकहीं	**आत्तेषुशरासनम्** = धनुषमाथि	

वाक्यार्थ— हे सार्वभौम ! तपाईंले जहाँ भन्नुहुन्छ म त्यहीं बस्तु। जहाँ बसे पनि म तपाईंलाई धनुषमाथि बाण चढाएर उभिएर बस्नुभएको देख्दछु।

तन्मे धर्मभृतां श्रेष्ठ स्थानं निर्देष्टुमर्हसि।

यत्रैव नियतो वत्स्य आतिष्ठंस्तेऽनुशासनम्॥ ३७॥

पदार्थ–

धर्मभृतां = धार्मिकहरूमा	**निर्देष्टुम्** = देखाउन	**अनुशासनम्** = अनुशासनलाई
श्रेष्ठ = शिरोमणि	**अर्हसि** = समर्थ हुनुहुन्छ	**आतिष्ठन्** = पालन गर्दै
मे = मलाई	**यत्र** = जहाँ	**नियतः** = स्थिर भएर
तत् = त्यो	**एव** = नै	**वत्स्ये** = बस्नेछु
स्थानं = स्थान	**ते** = तपाईंको	

वाक्यार्थ– धार्मिक शिरोमणि ! तपाईंले मलाई त्यो स्थान बताउनुहोस् जहाँ म तपाईंको आज्ञालाई पालन गर्दै स्थिर भएर बस्न सकूँ।

सूत उवाच (सूतजीले भन्नुभयो)

अभ्यर्थितस्तदा तस्मै स्थानानि कलये ददौ।
द्यूतं पानं स्त्रियः सूना यत्राधर्मश्चतुर्विधः॥ ३८॥

पदार्थ–

तदा = त्यस वेला	**द्यूतं** = जुवा	आसक्ति र निर्दयता यी चार
अभ्यर्थितः = कलियुगको	**पानं** = मद्यपान	प्रकारका
प्रार्थनालाई स्वीकार गरेर राजा	**स्त्रियः** = स्त्रीसङ्ग	**अधर्मः** = अधर्मले निवास
परीक्षित्ले	**सूना** = हिंसा	गर्दछन्
तस्मै = त्यस	**यत्र** = जहाँ	**स्थानानि** = ती स्थान
कलये = कलियुगलाई	**चतुर्विधः** = असत्य, मद,	**ददौ** = दिए

वाक्यार्थ– कलियुगको प्रार्थनालाई स्वीकार गरेर राजा परीक्षित्ले उसलाई बस्नको लागि जुवा, मद्यपान, स्त्रीप्रसङ्ग र हिंसा गरी चार ठाउँ दिनुभयो। यी ठाउँहरूमा क्रमशः असत्य, मद, आसक्ति र निर्दयता यी चार प्रकारका अधर्म निवास गर्दछन्।

पुनश्च याचमानाय जातरूपमदात् प्रभुः।
ततोऽनृतं मदं कामं रजो वैरं च पञ्चमम्॥ ३९॥
अमूनि पञ्च स्थानानि ह्यधर्मप्रभवः कलिः।
औत्तरेयेण दत्तानि न्यवसत् तन्निदेशकृत्॥ ४०॥

पदार्थ–

पुनः च = फेरि	ठाउँ मागेपछि	**जातरूपम्** = सुवर्ण
याचमानाय = कलिले अर्को	**प्रभुः** = ती राजा परीक्षित्ले	**अदात्** = दिनुभयो

ततः = सुवर्णदानबाट	**च** = पनि	**पञ्च** = पाँच
अनृतं = असत्य	**अधर्मप्रभवः** = अधर्मको कारण भएको	**स्थानानि** = स्थानहरूमा
मदं = मद	**कलिः** = कलि	**तन्निदेशकृत्** = परीक्षित्को आज्ञाको पालन गर्दै
कामः = काम	**औत्तरेयेण** = राजा परीक्षित्द्वारा	**हि** = निश्चय नै
रजः = रजोगुण	**दत्तानि** = दिइएका	**न्यवसत्** = निवास गर्न लाग्यो
पञ्चमम् = पाँचौ	**अमूनि** = यी	
वैरं = वैर		

वाक्यार्थ– उसले अरू ठाउँ पनि माग्यो। तब असमर्थ राजा परीक्षित्ले एउटा अर्को ठाउँ सुवर्ण दिनुभयो। यसप्रकार कलियुलाई बस्नको लागि पाँचओटा ठाउँ भए। असत्य, मद, काम, वैर, र सुन। परीक्षित्ले दिएका यी पाँच ठाउँहरूमा अधर्मको मूल कारण कलि उहाँको आज्ञालाई पालन गर्दै निवास गर्न लाग्यो।

अथैतानि न सेवेत बुभूषुः पुरुषः क्वचित्।
विशेषतो धर्मशीलो राजा लोकपतिर्गुरुः॥ ४१॥

पदार्थ–

अथ = यसकारण	**एतानि** = उक्त पाँच ठाउँहरूको	**लोकपतिः** = लौकिक नेता
बुभूषुः = कल्याणकामी	**न सेवेत** = सेवन नगरोस्	**गुरुः** = धर्मोपदेष्टा गुरुले उक्त पाँच ठाउँहरूको सेवन गर्नुहुँदैन
पुरुषः = पुरुष	**विशेषतः** = विशेष गरेर	
क्वचित् = कुनै पनि परिस्थितिमा	**धर्मशीलः** = धार्मिक	
	राजा = राजा	

वाक्यार्थ– यसकारण आत्मकल्याण चाहने पुरुषले यी पाँच ठाउँहरूको सेवन कहिल्यै पनि गर्नुहुँदैन। धार्मिक राजा, प्रजावर्गको नेता र धर्मोपदेश गर्ने गुरुहरूले यी पाँच ठाउँको त्याग गर्नुपर्दछ।

वृषस्य नष्टांस्त्रीन् पादान् तपः शौचं दयामिति।
प्रतिसन्दध आश्वास्य महीं च समवर्धयत्॥ ४२॥

पदार्थ–

(यसपछि राजा परीक्षित्ले)	**इति** = यी	**च** = र
वृषस्य = धर्मरूप वृषभका	**नष्टान्** = नष्ट भएका	**आश्वास्य** = आश्वासन दिएर
तपः = तपस्या	**त्रीन्** = तीन	**महीं** = पृथिवीको
शौचं = शौच	**पादान्** = पाउहरूलाई	**समवर्धयत्** = संवर्द्धन गर्नुभयो
दयाम् = दया	**प्रतिसन्दधे** = जोडिदिनुभयो	

वाक्यार्थ– राजा परीक्षित्ले यसपछि बृषभरूप धर्मका तीनओटा पाउ तपस्या, शौच र दया

जोडिदिनुभयो। अनि त्यसपछि आश्वासन दिएर पृथिवीको संवर्द्धन गर्नुभयो।

स एष एतर्ह्यध्यास्त आसनं पार्थिवोचितम्।
पितामहेनोपन्यस्तं राज्ञारण्यं विविक्षता॥ ४३॥

पदार्थ—
सः = उपर्युक्त प्रभाव भएका
एषः = यी परीक्षित् राजा
एतर्हि = यस समयमा
अरण्यं = जङ्गलतिर
विविक्षता = प्रवेश गर्न चाहने
राज्ञा = राजा
पितामहेन = हजुरबा युधिष्ठिरद्वारा
उपन्यस्तं = प्रदान गरिएको
पार्थिवोचितम् = सार्वभौम राजाको
आसनं = आसनमा
अध्यास्ते = विराजमान हुनुहुन्छ

वाक्यार्थ— उहाँ महाराज परीक्षित् नै यस समय आफ्नो राजसिंहासनमा विराजमान हुनुहुन्छ, जुन राजसिंहासन उहाँलाई आफ्ना हजुरबा युधिष्ठिरले आफू वन जान लागेको समयमा दिनुभएको थियो।

आस्तेऽधुना स राजर्षिः कौरवेन्द्रश्रियोल्लसन्।
गजाह्वये महाभागश्चक्रवर्ती बृहच्छ्रवाः॥ ४४॥

पदार्थ—
चक्रवर्ती = चक्रवर्ती
बृहच्छ्रवाः = प्रशस्त कीर्ति भएका
महाभागः = सौभाग्यशाली
सः = ती
राजर्षिः = राजर्षि परीक्षित्
कौरवेन्द्रश्रिया = कौरवकुलको राजलक्ष्मीद्वारा
उल्लसन् = शोभायमान भएर
गजाह्वये = हस्तिनापुरमा
अधुना = अहिले
आस्ते = निवास गर्नुहुन्छ

वाक्यार्थ— ती परमयशस्वी सौभाग्यशाली चक्रवर्ती सम्राट् राजर्षि परीक्षित् यस समय हस्तिनापुरमा कौरव कुलको राजलक्ष्मीले शोभायमान हुनुहुन्छ।

इत्थम्भूतानुभावोऽयमभिमन्युसुतो नृपः।
यस्य पालयतः क्षोणीं यूयं सत्राय दीक्षिताः॥ ४५॥

पदार्थ—
अभिमन्युसुतः = अभिमन्युका छोरा
अयम् = यी
नृपः = राजा परीक्षित्
इत्थम्भूतानुभावः = यस्तो प्रभावशाली हुनुहुन्छ
यस्य = जसले
क्षोणीं = पृथिवीलाई
पालयतः = पालन गर्दा
यूयं = तपाईंहरू
सत्राय = दीर्घकालीन सत्रको लागि
दीक्षिताः = दीक्षित हुनुहुन्छ

वाक्यार्थ– अभिमन्युपुत्र परीक्षित् वास्तवमा यस्तै सौभाग्यशाली हुनुहुन्छ, जसको शासनकालमा तपाईंहरू यो दीर्घकालीन सत्रका लागि दीक्षित हुनुहुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

कलिनिग्रहो नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

अथ अष्टादशोऽध्यायः

राजा परीक्षित्लाई शृङ्गी ऋषिको श्राप

सूत उवाच (सूतजीले भन्नुभयो)

यो वै द्रौण्यस्त्रविप्लुष्टो न मातुरुदरे मृतः।
अनुग्रहाद् भगवतः कृष्णस्याद्भुतकर्मणः॥ १॥

पदार्थ–

अद्भुतकर्मणः = अद्भुत कर्म भएका
भगवतः = भगवान्
कृष्णस्य = श्रीकृष्णको
अनुग्रहात् = अनुग्रहले
मातुः = आमाको
उदरे = काखमा
द्रौण्यस्त्रविप्लुष्टः = अश्वत्थामाको ब्रह्मास्त्रद्वारा जले पनि
यः = जुन राजा परीक्षित्
वै = निश्चय नै
न मृतः = मरेनन्

वाक्यार्थ– अद्भुत कर्म गर्ने भगवान् श्रीकृष्णको कृपाले राजा परीक्षित् आफ्नो आमाको कोखमा अश्वत्थामाको ब्रह्मास्त्रद्वारा जलिसकेका भए पनि मरेनन्।

ब्रह्मकोपोत्थिताद् यस्तु तक्षकात् प्राणविप्लवात्।
न सम्मुमोहोरुभयाद्भगवत्यर्पिताशयः॥ २॥

पदार्थ–

भगवति = भगवान् श्रीकृष्णको चरणकमलमा
अर्पिताशयः = आफ्नो अन्तःकरण समर्पित गरेको हुनाले
यः = जुन राजा परीक्षित्
ब्रह्मकोपोत्थितात् = ब्राह्मणको श्रापद्वारा प्रेरित
प्राणविप्लवात् = प्राणलाई नाश गर्ने
तक्षकात् = तक्षकको
उरुभयात् = ठुलो भयबाट
तु = कत्ति पनि
न सम्मुमोह = मोहमा परेनन्

वाक्यार्थ– ब्राह्मणको श्रापले डस्नका लागि तक्षक आउँदा पनि परीक्षित् प्राणनाशको भयले कत्ति पनि विचलित हुनुभएन किनभने उहाँले आफ्नो चित्तलाई भगवान् श्रीकृष्णको चरणमा समर्पित गर्नु भएको थियो।

उत्सृज्य सर्वतः सङ्गं विज्ञाताजितसंस्थितिः।
वैयासकेर्जहौ शिष्यो गङ्गायां स्वं कलेवरम्॥ ३॥

पदार्थ—

(ती राजा परीक्षित्‌ले)
सर्वतः = सबै पदार्थबाट
सङ्गं = आसक्ति
उत्सृज्य = छोडेर
गङ्गायां = गङ्गातटमा गएर
वैयासकेः = शुकदेवजीका
शिष्यः = शिष्यत्वलाई स्वीकार गरेर
विज्ञाताजितसंस्थितिः = भगवान्‌को स्वरूपलाई जानेर
स्वं = आफ्नो
कलेवरम् = शरीरलाई
जहौ = छोडिदिनुभयो

वाक्यार्थ— उहाँले सम्पूर्ण लौकिक पदार्थप्रतिको आसक्तिलाई छोडिदिनुभयो। गङ्गाजीका तटमा गएर शुकदेवजीबाट उपदेश ग्रहण गर्नुभयो। यसप्रकार भगवान्‌को स्वरूपलाई जानेर उहाँले आफ्नो शरीरलाई छोडिदिनुभयो।

नोत्तमश्लोकवार्तानां जुषतां तत्कथामृतम्।
स्यात्सम्भ्रमोऽन्तकालेऽपि स्मरतां तत्पदाम्बुजम्॥ ४॥

पदार्थ—

उत्तमश्लोकवार्तानां = भगवान् श्रीकृष्णको लीला कथा भन्ने र
तत्कथामृतम् = त्यही कथारूपी अमृतलाई
जुषतां = पान गरेर
तत्पदाम्बुजम् = उहाँकै चरणकमलको
स्मरतां = स्मरण गर्ने भक्तहरूका लागि
अन्तकाले = प्राण छुट्ने कालमा
अपि = पनि
सम्भ्रमः = मोह
न स्यात् = हुँदैन

वाक्यार्थ— जो मनुष्यहरू भगवान् श्रीकृष्णका लीला कथाहरूको वर्णन गर्दछन्, उक्त कथामृतको पान गर्दछन् र यी दुईओटै साधनहरूद्वारा उहाँको चरणकमलको स्मरण गर्दछन् उनीहरूलाई अन्तःकालमा पनि मोह हुँदैन।

तावत्कलिर्न प्रभवेत् प्रविष्टोऽपीह सर्वतः।
यावदीशो महानुर्व्यामाभिमन्यव एकराट्॥ ५॥

पदार्थ—

एकराट् = चक्रवर्ती
महान् = महान्
आभिमन्यवः = अभिमन्युका छोरा राजा परीक्षित्
यावत् = जबसम्म
ऊर्व्याम् = पृथिवीमा
ईशः = शासक हुनुहुन्थ्यो
तावत् = त्यस समयसम्म
इह = यस पृथ्वीमा
सर्वतः = चारैतिर
प्रविष्टः = प्रवेश गरेको
कलिः = कलिले
अपि = पनि
न प्रभवेत् = प्रभाव पार्न सकेन

वाक्यार्थ— जबसम्म पृथिवीमा अभिमन्युनन्दन महाराज परीक्षित् सम्राट् हुनुभयो तबसम्म चारैतिर व्याप्त भए तापनि कलियुगले अलिकति पनि प्रभाव पार्न सकेन।

यस्मिन्नहनि यर्ह्येव भगवानुत्ससर्ज गाम् ।
तदैवेहानुवृत्तोऽसावधर्मप्रभवः कलिः ॥ ६ ॥

पदार्थ–

यस्मिन् = जुन
अहनि = दिनमा
यर्हि = जुन क्षणमा
भगवान् = भगवान् श्रीकृष्णले
गाम् = पृथिवीलाई
उत्ससर्ज = परित्याग गर्नुभयो
तदा एव = त्यही दिनमा र त्यही क्षणमा
अधर्मप्रभवः = अधर्मलाई उत्पन्न गर्ने
असौ = यो
कलिः = कलिले
इह = यस पृथिवीमा
अनुवृत्तः = प्रवेश गर्‍यो

वाक्यार्थ– जुन दिन भगवान् श्रीकृष्णले पृथिवीको परित्याग गर्नुभयो त्यही समयमा पृथिवीमा अधर्मको मूल कारण कलियुगले प्रवेश गर्‍यो।

नानुद्वेष्टि कलिं सम्राट् सारङ्ग इव सारभुक् ।
कुशलान्याशु सिद्ध्यन्ति नेतराणि कृतानि यत् ॥ ७ ॥

पदार्थ–

सारङ्गः = भ्रमर
इव = झैँ
सारभुक् = सारग्राही
सम्राट् = सम्राट् परीक्षित्‌ले
कलिं = कलिलाई
न अनुद्वेष्टि = द्वेष गर्नु भएन किनभने
यत् = जुन कलियुगमा
कृतानि = गरिएका
कुशलानि = शुभ कर्महरू
आशु = सङ्कल्पमात्रले सिद्ध हुन्छन्
इतराणि = पाप कर्मचाहिँ
न सिद्ध्यन्ति = सिद्ध हुँदैनन् अपितु गरेर मात्र सिद्ध हुन्छन्

वाक्यार्थ– भ्रमरझैँ सारग्राही सम्राट् परीक्षित् कलियुगसँग कुनै पनि प्रकारको द्वेष राख्नुहुँदैनथ्यो किनभने यसमा एउटा ठुलो गुण के छ भने शुभ कर्मचाहिँ सङ्कल्पले मात्र फलीभूत हुन्छन् परन्तु पापकर्मचाहिँ गरेमा मात्र फल दिने हुन्छन्।

किं नु बालेषु शूरेण कलिना धीरभीरुणा ।
अप्रमत्तः प्रमत्तेषु यो वृको नृषु वर्तते ॥ ८ ॥

पदार्थ–

बालेषु = अविवेकीहरूमा
शूरेण = आफ्नो प्रभाव देखाउन खोज्ने
धीरभीरुणा = धीर विवेकीहरूबाट डराउने
कलिना = कलिद्वारा
किं नु = कुनै अनिष्ट हुने शङ्का छैन
यः = जुन
प्रमत्तेषु = असावधानी
नृषु = पुरुषमा (भेडाहरूको बथानबाट)
वृकः = ब्वाँसोझैँ
अप्रमत्तः = सजग
वर्तते = रहन्छ

वाक्यार्थ– त्यो कलि ब्वाँसोझैँ दुर्बलहरूप्रति आफ्नो प्रभाव देखाउन खोज्दछ परन्तु धीर पुरुषबाट

यो सधैँ डराउँछ। अप्रमादी मनुष्यहरूलाई आफ्नो वशमा राख्न सधैँ सजग रहन्छ।

उपवर्णितमेतद्वः पुण्यं पारीक्षितं मया।

वासुदेवकथोपेतमाख्यानं यदपृच्छत॥ ९॥

पदार्थ—

यत् = जुन कुरा
वः = तपाईंहरूले
अपृच्छत = सोध्नुभएको थियो
एतत् = यो
पारीक्षितं = परीक्षित्सम्बन्धी
पुण्यं = भन्ने र सुन्ने दुबैका लागि पुण्यकारक
वासुदेवकथोपेतम् = भगवान् नारायणको कथाले युक्त भएको
आख्यानं = आख्यान
मया = मैले
उपवर्णितम् = बताएँ

वाक्यार्थ— हे शौनक आदि ऋषिहरू! तपाईंहरूलाई मैले भगवान्को कथाले युक्त भएको आख्यान सुनाएँ। तपाईंहरूले मसँग यही कुरा सोध्नुभएको थियो।

या याः कथा भगवतः कथनीयोरुकर्मणः।

गुणकर्माश्रयाः पुम्भिः संसेव्यास्ता बुभूषुभिः॥ १०॥

पदार्थ—

कथनीयोरुकर्मणः = कीर्तन गर्न योग्य धेरै लीलाहरू गर्ने
भगवतः = भगवान् श्रीकृष्णका
गुणकर्माश्रयाः = गुण र कर्मका आश्रय भएका
याः याः = जति पनि
कथाः = कथाहरू छन्
बुभूषुभिः = आफ्नो कल्याण चाहने
पुम्भिः = पुरुषहरूद्वारा
ताः = ती कथाहरू
संसेव्याः = सेवन गर्नुपर्दछ

वाक्यार्थ— भगवान् श्रीकृष्ण कीर्तन गर्न योग्य धेरै लीलाहरू गर्नुहुन्छ। त्यसकारण उहाँका गुण र लीलाहरूसँग सम्बन्ध राख्ने जति पनि कथाहरू छन्, कल्याणकामी पुरुषहरूले ती कथाहरूको श्रवण गर्नुपर्दछ।

ऋषय ऊचुः (ऋषिहरूले भन्नुभयो)

सूत जीव समाः सौम्य शाश्वतीर्विशदं यशः।

यस्त्वं शंससि कृष्णस्य मर्त्यानाममृतं हि नः॥ ११॥

पदार्थ—

सौम्य = सौम्य स्वभाव भएका
सूत = हे सूतजी तपाईं
शाश्वतीः = अनन्त
समाः = वर्षसम्म
जीव = बाँच्नुहोस्
यः = जो
त्वं = तपाईं
मर्त्यानाम् = मरणधर्म भएका
हि = निश्चय
नः = हामीहरूको लागि
कृष्णस्य = भगवान् कृष्णको
विशदं = विशद
अमृतं = उज्ज्वलमय
यशः = कीर्तिको
शंससि = श्रवण गराउँदै हुनुहुन्छ

वाक्यार्थ– सौम्य स्वभाव भएका सूतजी ! तपाईं अनन्त वर्षसम्म बाँचिरहनुहोस् किनभने तपाईं मृत्युको प्रवाहमा परेका हामीहरूलाई भगवान् श्रीकृष्णको उज्ज्वल कीर्तिको श्रवण गराउनुहुन्छ।

कर्मण्यस्मिन्ननाश्वासे धूमधूम्रात्मनां भवान्।
आपाययति गोविन्द पादपद्मासवं मधु ॥ १२ ॥

पदार्थ–

अनाश्वासे = दोषहरूको बाहुल्यको कारणले निश्चित फल नभएको	**धूमधूम्रात्मनां** = यज्ञको धुवाँले धूमिल शरीर भएका हामीहरूको लागि	श्रीकृष्णको चरणकमलको मादक
अस्मिन् = यो यज्ञरूप	**भवान्** = तपाईं	**मधु** = मधु
कर्मणि = कर्ममा लागेकाले	**गोविन्दपादपद्मासवं** = भगवान्	**आपाययति** = पिलाएर तृप्त गर्दै हुनुहुन्छ

वाक्यार्थ– निरन्तर यज्ञ गर्दागर्दै यज्ञबाट निक्लेको धुवाँले हाम्रो शरीर धूमिल भइसकेको छ। तथापि यस कर्मको फल निश्चित छैन। परन्तु अहिले तपाईं भगवान् श्रीकृष्णको मादक र मधुर मधु पिलाएर हामीलाई तृप्त गराउँदै हुनुहुन्छ।

तुलयाम लवेनापि न स्वर्गं नापुनर्भवम्।
भगवत्सङ्गिसङ्गस्य मर्त्यानां किमुताशिषः ॥ १३ ॥

पदार्थ–

भगवत्सङ्गिसङ्गस्य = भगवान्का भक्तहरूको सङ्गको सेवनको	**स्वर्गं** = स्वर्ग र	**मर्त्यानां** = मनुष्यहरूको
लवेन = अति थोरैमात्राका साथ	**अपुनर्भवम्** = मोक्षको	**आशिषः** = तुच्छ भोगहरूको
अपि = पनि	**न तुलयाम** = तुलना गर्न सकिँदैन भने	**किम् उत** = प्रसङ्ग नै छैन

वाक्यार्थ– भगवत्प्रेमी भक्तहरूको लवमात्रको सत्सङ्गसँग स्वर्ग र मोक्षको पनि तुलना गर्न सकिँदैन भने मनुष्यहरूको तुच्छ भोगसँग तुलना गर्न सकिने कुनै प्रसङ्ग नै उठ्न सक्दैन।

को नाम तृप्येद् रसवित्कथायां
महत्तमैकान्तपरायणस्य।
नान्तं गुणानामगुणस्य जग्मु-
र्योगेश्वरा ये भवपाद्ममुख्याः ॥ १४ ॥

पदार्थ–

महत्तमैकान्तपरायणस्य =	महापुरुषहरूको एकमात्र	जीवनसर्वस्व हुनुभएका भगवान्

श्रीकृष्णको
कथायां = लीला कथाहरूमा
कः नाम = कुनचाहिँ
रसवित् = रसज्ञ
तृप्येत् = तृप्त होला
भवपाद्ममुख्याः = ब्रह्मा र शङ्कर आदि
ये = जुन
योगेश्वराः = ठुला-ठुला योगेश्वरहरूले पनि
अगुणस्य = प्राकृत गुणहरूले रहित भएका
गुणानाम् = गुणहरूको
अन्तं = पार
न जग्मुः = जान सकेनन्

वाक्यार्थ– त्यस्तो रसमर्मज्ञ कुन पुरुष होला ? जो महापुरुषहरूका एकमात्र जीवनसर्वस्व श्रीकृष्णको लीलाकथाबाट तृप्त होला ? समस्त प्राकृतिक गुणहरूले रहित भगवान् श्रीकृष्णको अचिन्त्य अनन्त कल्याणमय गुणहरूको पार ब्रह्मा, शङ्कर, आदि ठुला-ठुला योगीश्वरहरूले पनि पाउन सकेका छैनन्।

तन्नो भवान् वै भगवत्प्रधानो
महत्तमैकान्तपरायणस्य।
हरेरुदारं चरितं विशुद्धं
शुश्रूषतां नो वितनोतु विद्वन्॥ १५॥

पदार्थ–
विद्वन् = हे विद्वान्
वै = निश्चयका साथ
भगवत्प्रधानः = भगवान्लाई आफ्नो जीवनको लक्ष्य मान्ने
भवान् = तपाईं
महत्तमैकान्तपरायणस्य = सत्पुरुषको एकमात्र आश्रय हुनुभएका
हरेः = भगवान् श्रीकृष्णको
तत् = त्यो
विशुद्धं = विशुद्ध
उदारं = उदार
चरितं = लीलाहरू
शुश्रूषतां = सुन्न चाहने
नः = हामीहरूका लागि
वितनोतु = विस्तारपूर्वक वर्णन गर्नुहोस्

वाक्यार्थ– हे विद्वान् ! तपाईं भगवान्लाई आफ्नो जीवनको लक्ष्य मान्नुहुन्छ। यसकारण तपाईं सत्पुरुषका एकमात्र आश्रय भगवान्का उदार र विशुद्ध चरित्रको वर्णन हामी श्रद्धालु श्रोताहरूका लागि गर्नुहोस्।

स वै महाभागवतः परीक्षिद्
येनापवर्गाख्यमदभ्रबुद्धिः।
ज्ञानेन वैयासकिशब्दितेन
भेजे खगेन्द्रध्वजपादमूलम्॥ १६॥

पदार्थ–
वै = निश्चय नै
महाभागवतः = महाभागवत
अदभ्रबुद्धिः = विशाल बुद्धि

भएका
सः = ती
परीक्षित् = परीक्षित् राजाले
वैयासकिशब्दितेन = शुकदेवजीद्वारा उपदेश गरिएको
येन = जुन
ज्ञानेन = ज्ञानद्वारा
अपवर्गाख्यम् = अपवर्गस्वरूप
खगेन्द्रध्वजपादमूलम् = भगवान् श्रीकृष्णको चरणलाई
भेजे = प्राप्त गर्नुभयो

वाक्यार्थ– भगवान्का परमप्रेमी महाबुद्धि राजा परीक्षित्ले शुकदेवजीको उपदेशबाट प्राप्त भएको ज्ञानद्वारा मोक्षस्वरूप भगवान्को चरणकमललाई प्राप्त गर्नुभयो।

तन्नः परं पुण्यमसंवृतार्थ-
माख्यानमत्यद्भुतयोगनिष्ठम्।
आख्याह्यनन्ताचरितोपपन्नं
पारीक्षितं भागवताभिरामम्॥ १७॥

पदार्थ–
परं = अत्यन्त
पुण्यम् = पुण्यदायी
अत्यद्भुतयोगनिष्ठम् = ज्ञानयोगमा परिसमाप्त हुने
असंवृतार्थम् = स्पष्ट अर्थ भएको
अनन्ताचरितोपपन्नं = भगवान् श्रीकृष्णको चरित्रले युक्त भएको
भागवताभिरामम् = भगवान्को भक्तहरूलाई आनन्द दिने
पारीक्षितं = परीक्षित्ले बताएको
तत् = त्यो
आख्यानम् = आख्यान
नः = हामीहरूलाई
आख्याहि = बताउनुहोस्

वाक्यार्थ– तपाईं कृपा गरेर त्यही ज्ञान र परीक्षित्को परम पवित्र उपाख्यानको वर्णन गर्नुहोस्। किनभने त्यो उपाख्यानमा कुनै कुरा लुकाएर भनिएको छैन। त्यसमा प्रत्येक पदमा भगवान् श्रीकृष्णका लीलाहरूको वर्णन गरिएको छ। भगवान्का प्रिय भक्तहरूलाई त्यस्तो प्रसङ्ग सुन्दा अत्यन्त आनन्द मिल्दछ।

सूत उवाच (सूतजीले भन्नुभयो)
अहो वयं जन्मभृतोऽद्य हास्म
वृद्धानुवृत्त्यापि विलोमजाताः।
दौष्कुल्यमाधिं विधुनोति शीघ्रं
महत्तमानामभिधानयोगः॥ १८॥

पदार्थ–
अहो = हाम्रो ठुलो भाग्य हो
वयं = हामीहरू
विलोमजाताः = ब्राह्मणीमा

क्षत्रियबाट उत्पन्न भएका हौं	**ह** = निश्चय नै	गर्नाले
तापनि	**आस्म** = भएका छौं	**दौष्कुल्यम्** = नीच कुलमा
वृद्धानुवृत्त्या = शुकदेवजीजस्ता	**अपि** = पनि	उत्पन्न भएको
महापुरुषहरूको सेवाद्वारा	**महत्तमानाम्** = महापुरुषहरूका	**आधिं** = मनोव्यथालाई
अद्य = आज	साथ	**शीघ्रं** = चाँडै
जन्मभृतः = सफल जन्मवाला	**अभिधानयोगः** = वार्तालाप	**विधुनोति** = हटाउँछ

वाक्यार्थ– अहो ! हामी विलोम जातिमा उत्पन्न भए पनि महापुरुषहरूको सेवाको कारणले गर्दा आज हाम्रो जन्म सफल भएको छ किनभने महापुरुषहरूका साथ वार्तालाप गर्नाले मात्र पनि नीच कुलमा उत्पन्न भएको मनोव्यथा चाँडै नै मेटिन्छ।

कुतः पुनर्गृणतो नाम तस्य
महत्तमैकान्तपरायणस्य ।
योऽनन्तशक्तिर्भगवाननन्तो
महद्गुणत्वाद्यमनन्तमाहुः ॥ १९ ॥

पदार्थ–

यः = जुन	**महद्गुणत्वात्** = महान्	**तस्य** = ती भगवान् श्रीकृष्णको
भगवान् = भगवान्	गुणहरूको कारणले	**नाम** = नाम
अनन्तशक्तिः = अनन्तशक्ति	**अनन्तम्** = अनन्त	**गृणतः** = ग्रहण गर्ने
हुनुहुन्छ	**आहुः** = भन्दछन्	मनुष्यहरूलाई
अनन्तः = आफू स्वयं पनि	**महत्तमैकान्तपरायणस्य** =	**कुतः पुनः** = नीच कुलमा
अनन्त हुनुहुन्छ	महापुरुषका एकमात्र आश्रय	उत्पन्न भएको मनोव्यथाले
यम् = जुन भगवान्लाई	भएका	कसरी सताउन सक्छ

वाक्यार्थ– फेरि उनीहरूका विषयमा त भन्नु नै के छ र ? जो सत्पुरुषहरूको एकमात्र आश्रय भगवान्को नाम ग्रहण गर्दछन्। भगवान्को शक्ति अनन्त छ र उहाँ आफू स्वयं पनि अनन्त हुनुहुन्छ। वास्तवमा उहाँका गुणहरूको अनन्तताको कारणले नै उहाँलाई अनन्त भनिएको हो।

एतावतालं ननु सूचितेन
गुणैरसाम्यानतिशायनस्य ।
हित्वेतरान् प्रार्थयतो विभूति-
र्यस्याङ्घ्रिरेणुं जुषतेऽनभीप्सोः ॥ २० ॥

पदार्थ—

गुणैः = गुणका साथ **असाम्यानतिशायनस्य** = समता र अतिशय नभएका भगवान् श्रीकृष्णका सम्बन्धमा **ननु** = निश्चय नै **एतावता** = उहाँका गुणहरूको विशेषता **सूचितेन** = बताउनका लागि यतिमात्र भन्नु **अलं** = पर्याप्त छ **प्रार्थयतः** = लक्ष्मीलाई प्राप्त गर्न खोज्ने **इतरान्** = ब्रह्मा आदि देवताहरूलाई **हित्वा** = छोडेर **विभूतिः** = लक्ष्मीजी **अनभीप्सोः** = उनलाई प्राप्त गर्न नचाहने **यस्य** = जुन भगवान् श्रीकृष्णको **अङ्घ्रिरेणुं** = चरणकमलको धुलोको **जुषते** = सेवन गर्नुहुन्छ

वाक्यार्थ— जब भगवान्का गुणहरूको समता नै कसैका साथ हुन सक्दैन भने उहाँभन्दा उत्कृष्ट अरू को हुन सक्ला ? उहाँका गुणहरूको विशेषता बुझाउनका लागि कतिमात्र भन्नु पर्याप्त हुनेछ भने लक्ष्मीजी आफूलाई प्राप्त गर्ने इच्छाले प्रार्थना गर्ने ब्रह्मा आदि देवतालाई छोडेर भगवान्ले नचाहे पनि उहाँका चरणकमलको धुलोको सेवा गर्नुहुन्छ।

अथापि यत्पादनखावसृष्टं
जगद्विरिञ्चोपहृतार्हणाम्भः ।
सेशं पुनात्यन्यतमो मुकुन्दात्
को नाम लोके भगवत्पदार्थः ॥ २१ ॥

पदार्थ—

अथ = यसपछि **विरिञ्चोपहृतार्हणाम्भः** = ब्रह्माजीले भगवान्को चरण प्रक्षालनका लागि अर्पण गरिएको जल **यत्पादनखावसृष्टं** = उहाँको चरणनखबाट गङ्गाजीका रूपमा निक्लेर **सेशं** = शिवजीले सहित **जगत्** = सम्पूर्ण लोकलाई **पुनाति** = पवित्र गर्दछ **लोके** = तीनै लोकमा **मुकुन्दात्** = भगवान् श्रीकृष्णलाई छोडेर **अन्यतमः** = अन्य कुनै **भगवत्पदार्थः** = भगवान् शब्दको अर्थको **नाम** = नाम **कः अपि** = के हुन सक्दछ

वाक्यार्थ— ब्रह्माजीले भगवान्का चरणको प्रक्षालन गर्नका लागि जुन जल समर्पित गर्नुभएको थियो, जुन उहाँको चरणनखबाट निक्लेर गङ्गाजीको रूपमा प्रवाहित हुनुभयो, त्यही जलले महादेवजीसहित सम्पूर्ण जगत्लाई पवित्र गरेको छ। यस अवस्थामा त्रिभुवनमा श्रीकृष्णदेखि अतिरिक्त भगवान् शब्दको अर्थ के हुन सक्दछ ?

यत्रानुरक्ताः सहसैव धीरा
व्यपोह्य देहादिषु सङ्गमूढम्।
व्रजन्ति तत्पारमहंस्यमन्त्यं
यस्मिन्नहिंसोपशमः स्वधर्मः॥ २२॥

पदार्थ–

सहसा = भाग्योदयद्वारा	**सङ्गम्** = आसक्तिलाई	**यस्मिन्** = जुन आश्रममा
एव = नै	**व्यपोह्य** = छोडेर (भगवान्लाई प्राप्त गराउने)	**अहिंसोपशमः** = अहिंसा र उपशम
यत्र = जुन परमात्मामा	**अन्त्यं** = पराकाष्ठाको	**स्वधर्मः** = स्वाभाविक धर्म मानिन्छ
अनुरक्ताः = आसक्त	**पारमहंस्यम्** = परमहंस आश्रमलाई	
धीराः = धीर पुरुषहरू	**व्रजन्ति** = प्राप्त गर्दछन्	
देहादिषु = शरीर आदिमा		
ऊढम् = जरा गाडेर बसेको		

वाक्यार्थ– जुन भगवान्को प्रेमलाई प्राप्त गरेर धीरपुरुष विनासङ्कोच देहगेह आदिको दृढ आसक्तिलाई छोडिदिन्छन् र त्यो अन्तिम परमहंस आश्रमलाई स्वीकार गर्दछन्। जसमा कसैलाई कष्ट नदिनु र सम्पूर्ण कार्यहरूबाट उपशम हुनुलाई नै स्वधर्म मानिन्छ।

अहं हि पृष्टोऽर्यमणो भवद्भि-
राचक्ष आत्मावगमोऽत्र यावान्।
नभः पतन्त्यात्मसमं पतत्त्रिण-
स्तथा समं विष्णुगतिं विपश्चितः॥ २३॥

पदार्थ–

अर्यमणः = सूर्यजस्ता तेजस्वी हे महात्माहरू हो	त्यति महिमा)	**तथा** = त्यसै गरी
भवद्भिः = तपाईंहरूद्वारा	**अत्र** = यहाँ	**विपश्चितः** = विद्वान् पुरुषहरू पनि
पृष्टः = सोधिएको	**हि** = निश्चय नै	**समं** = आफ्नो बुद्धिको शक्तिको अनुसार
अहं = म (भगवान्को महिमाको विषयमा)	**आचक्षे** = वर्णन गर्दछु जसरी	**विष्णुगतिं** = भगवान्को महिमालाई वर्णन गर्दछन्
आत्मावगमः = मेरो बुद्धिको सामर्थ्य	**पतत्त्रिणः** = पक्षीहरू	
यावान् = जति छ (भगवान्को	**आत्मसमं** = आफ्नो शक्तिको अनुसार	
	नभः = आकाशमा	
	पतन्ति = उड्दछन्	

वाक्यार्थ– सूर्यको समान प्रकाशमान महात्माहरू ! तपाईंहरूले मसँग जुन कुरा सोध्नुभएको थियो त्यो तपाईंहरूलाई आफ्नो बुद्धिको अनुसार सुनाउँछु। जसरी पक्षीहरू आफ्नो शक्तिको अनुसार आकाशमा उड्दछन् त्यसै गरी विद्वान्हरू पनि आफ्नो बुद्धिको अनुसार भगवान् श्रीकृष्णको लीलाको वर्णन गर्दछन्।

एकदा धनुरुद्यम्य विचरन् मृगयां वने।
मृगाननुगतः श्रान्तः क्षुधितस्तृषितो भृशम्॥ २४॥

पदार्थ–

एकदा = एकदिन	**मृगयां** = शिकार	**भृशम्** = अत्यन्त
धनुः = धनु	**विचरन्** = खेल्न गएको समयमा	**श्रान्तः** = थाक्नुभएको
उद्यम्य = उठाएर राजा परीक्षित्	**मृगान्** = मृगहरूको	**क्षुधितः** = भोकाउनुभएको
वने = वनमा	**अनुगतः** = पछाडि दौडदादौडदै	**तृषितः** = तिर्खाउनु भएको थियो

वाक्यार्थ– एक दिन राजा परीक्षित धनुष लिएर वनमा शिकार खेल्न जानुभएको थियो। मृगहरूको पछाडि दौडदादौडदै उहाँलाई ज्यादै भोक र तिर्खा लाग्यो।

जलाशयमचक्षाणः प्रविवेश तमाश्रमम्।
ददर्श मुनिमासीनं शान्तं मीलितलोचनम्॥ २५॥

पदार्थ–

जलाशयम् = जलाशय	**प्रविवेश** = प्रवेश गर्नुभयो त्यहाँ	(बस्नुभएको)
अचक्षाणः = नदेखेर	उहाँले	**मुनिम्** = मुनिलाई
तम् = त्यस शमीक ऋषिको	**मीलितलोचनम्** = आँखा चिम्लेर	**ददर्श** = देख्नुभयो
आश्रमम् = आश्रममा	**शान्तं** = शान्त भावले	

वाक्यार्थ– जब उहाँलाई पानी पिउनका लागि जलाशय प्राप्त भएन तब उहाँले नजिकको एक ऋषिको आश्रममा प्रवेश गर्नुभयो। उहाँले त्यहाँ आँखा बन्द गरेर शान्त भावले आसनमा बस्नु भएका एकजना मुनिलाई देख्नुभयो।

प्रतिरुद्धेन्द्रियप्राणमनोबुद्धिमुपारतम्।
स्थानत्रयात् परं प्राप्तं ब्रह्मभूतमविक्रियम्॥ २६॥
विप्रकीर्णजटाच्छन्नं रौरवेणाजिनेन च।
विशुष्यत्तालुरुदकं तथाभूतमयाचत॥ २७॥

पदार्थ—

प्रतिरुद्धेन्द्रियप्राणमनोबुद्धिम् = इन्द्रिय, प्राण, मन र बुद्धिको निरोध गरेकाले
उपारतम् = संसारबाट माथि उठेका
स्थानत्रयात् = जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थादेखि
परं = पर तुरीय अवस्थामा
प्राप्तं = पुगेको हुनाले
ब्रह्मभूतम् = ब्रह्मभावमा प्राप्त भएका त्यसैकारणले
अविक्रियम् = विकाररहित उनको शरीर
विप्रकीर्णजटाच्छन्नं = चारैतिर फैलिएका जटाहरूले ढाकिएको र
रौरवेण = कृष्णमृगको
अजिनेन = छालाले
च = पनि ढाकिएको थियो
विशुष्यत्तालुः = तिर्खाको कारणले घाँटी सुकेका राजा परीक्षित्‌ले
तथाभूतम् = त्यस्ता मुनिसँग
उदकं = पानी
अयाचत = माग्नुभयो

वाक्यार्थ— इन्द्रिय, प्राण र बुद्धिको निरोध भएको हुनाले ऋषि संसारबाट माथि उठ्नुभएको थियो। जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरूले रहित निर्विकार ब्रह्मरूप तुरीय पदमा उहाँ स्थित हुनुहुन्थ्यो। उहाँको शरीर फैलिएका जटाहरू र कृष्णमृगचर्मले ढाकिएको थियो। त्यस्ता मुनिसँग तिर्खाले घाँटी सुकेका राजा परीक्षित्‌ले पानी माग्नुभयो।

अलब्धतृणभूम्यादिरसम्प्राप्तार्घ्यसूनृतः।
अवज्ञातमिवात्मानं मन्यमानश्चुकोप ह॥ २८॥

पदार्थ—

अलब्धतृणभूम्यादिः = बस्नका लागि तृण र भूमि आसन आदि नपाएकाले र
असम्प्राप्तार्घ्यसूनृतः = अर्घ्य र आदरपूर्ण मधुर वचन ऋषिबाट नपाएकाले
आत्मानं = आफूलाई
अवज्ञातम् = अपमानित
इव = जस्तो
मन्यमानः = ठानेर
ह = निश्चय
चुकोप = रिसाउनुभयो

वाक्यार्थ— जब राजालाई बस्नका लागि कुनै आसन मिलेन। कसैले भुईंमा बस्नोस्‌सम्म पनि भनेन, अर्घ्य र मधुर पनि मिलेन। त्यसपछि राजा आफूलाई अपमानित ठानेर रिसाउनुभयो।

अभूतपूर्वः सहसा क्षुत्तृड्भ्यामर्दितात्मनः।
ब्राह्मणं प्रत्यभूद् ब्रह्मन्मत्सरो मन्युरेव च॥ २९॥

पदार्थ—

ब्रह्मन् = हे शौनकजी
क्षुत्तृड्भ्याम् = भोक र प्यासले
अर्दितात्मनः = पीडित राजा परीक्षित्‌को
ब्राह्मणं प्रति = शमीक मुनिप्रति
सहसा = चाँडै
एव = नै
अभूतपूर्वः = पहिले कहिल्यै नभएको
मत्सरः = ईर्ष्या र
मन्युः = क्रोध
च = पनि
अभूत् = भयो

वाक्यार्थ– हे शौनकजी ! उहाँ भोक र तिर्खाले छटपटाइरहनुभएको थियो। त्यसकारण उहाँलाई ब्राह्मणप्रति ईर्ष्या र क्रोध आयो। उहाँलाई त्यस्तो क्रोध पहिले कहिल्यै भएको थिएन।

स तु ब्रह्मऋषेरंसे गतासुमुरगं रुषा।

विनिर्गच्छन् धनुष्कोट्या निधाय पुरमागतः॥ ३०॥

पदार्थ–

सः तु = ती राजा त	अग्रभागले	**उरगं** = सर्प
विनिर्गच्छन् = त्यहाँबाट निक्लन लाग्दा	**ब्रह्मऋषेः** = ती ब्रह्मर्षि शमीकको	**निधाय** = राखेर
रुषा = क्रोधले	**अंसे** = घाँटीमा	**पुरम्** = आफ्नो राजधानीमा
धनुष्कोट्या = धनुषको	**गतासुम्** = मरेको	**आगतः** = आउनुभयो

वाक्यार्थ– त्यहाँबाट फर्कंदा उहाँले क्रोधका कारणले धनुषका टुप्पाले एउटा मरेको सर्पलाई उठाएर राजाको घाँटीमा राखिदिनुभयो। त्यसपछि उहाँ आफ्नो राजधानीमा आउनुभयो।

एष किं निभृताशेष करणो मीलितेक्षणः।

मृषासमाधिराहोस्वित् किं नु स्यात्क्षत्रबन्धुभिः॥ ३१॥

पदार्थ–

मीलितेक्षणः = आँखा बन्द गरेर बसेका	आफ्ना सम्पूर्ण इन्द्रियहरूलाई साँच्ची नै निरोध गरेका हुन्	छ भन्ने ठानेर)
एषः = यी ऋषि	**आहोस्वित्** = अथवा	**मृषासमाधिः** = बनावटी समाधि लगाएका
किं = के	**क्षत्रबन्धुभिः** = राजाहरूसँग	**स्यात्** = हुन्
निभृताशेषकरणः = यिनले	(हामी वनवासीलाई के प्रयोजन	**किं नु** = कि

वाक्यार्थ– राजाको मनमा कस्तो लाग्यो भने यी ऋषि यस आश्रममा आँखा बन्द गरेर बसेका छन्। यिनले आफ्ना सारा इन्द्रियवृत्तिहरूको निरोध गरेका छन्। अथवा यी संसारी राजासँग हाम्रो के प्रयोजन छ र भनेर समाधिको ढोँगमात्र रचेर बसेका छन् ?

तस्य पुत्रोऽतितेजस्वी विहरन् बालकोऽर्भकैः।

राज्ञाघं प्रापितं तातं श्रुत्वा तत्रेदमब्रवीत्॥ ३२॥

पदार्थ–

तस्य = ती मुनिका	बालक	साथीहरूसँग
अतितेजस्वी = अत्यन्त तेजस्वी	**पुत्रः** = छोरो	**विहरन्** = खेलिरहेका थिए
बालकः = (श्रृङ्गी नाम गरेका)	**अर्भकैः** = आफ्ना बालक	**तातं** = आफ्ना बाबुलाई

राज्ञा = राजाले	**श्रुत्वा** = सुनेर	**अब्रवीत्** = भने
अघं = दुर्व्यवहार	**तत्र** = ती बालकहरूका बीचमा	
प्रापितं = गरेको	**इदम्** = यसप्रकार	

वाक्यार्थ– ती शमीक ऋषिका छोरा अत्यन्त तेजस्वी थिए। ती बालकले कुनै राजाले उनका पिताजीका साथ दुर्व्यवहार गरेको सुने। त्यसपछि उनी यसप्रकार भन्न लागे।

अहो अधर्मः पालानां पीव्नां बलिभुजामिव।
स्वामिन्यघं यद् दासानां द्वारपानां शुनामिव ॥ ३३ ॥

पदार्थ–

पीव्नां = यी मोटाएका	**दासानां** = यी दासहरूको (क्षत्रियहरूको)	**इव** = झैं र
पालानां = राजाहरूको	**यत्** = जुन	**द्वारपानां** = ढोकामा बस्ने
अहो = यो कत्रो	**अघं** = अपराधको आचरण हो (त्यो अपराधको आचरण)	**शुनाम्** = कुकुरहरूको
अधर्मः = अधर्म हो	**बलिभुजाम्** = कागहरूको	**इव** = झैं छ
स्वामिनि = मालिकमाथि (ब्राह्मणमा)		

वाक्यार्थ– यी मोटाएर मातिएका दासजस्ता राजाहरूको आफ्ना मालिक ब्राह्मणमाथि कति अत्याचार गरेका हुन् ? काग र ढोकामा बस्ने कुकुरजस्ता यी राजाहरू आफ्नै स्वामीको तिरस्कार गर्दछन्।

ब्राह्मणैः क्षत्रबन्धुर्हि गृहपालो निरूपितः।
स कथं तद्गृहे द्वाःस्थः सभाण्डं भोक्तुमर्हति ॥ ३४ ॥

पदार्थ–

हि = निश्चय नै	**सः** = त्यो राजा	**भोक्तुम्** = खान
क्षत्रबन्धुः = क्षत्रियलाई	**द्वाःस्थः** = ढोकामा बस्न योग्य हुँदाहुँदै	**अर्हति** = अधिकार छ (अर्थात् आश्रमबाहिर बसेर राजाले आश्रमको रक्षा गर्नुपर्नेमा आश्रमभित्र पस्ने के अधिकार छ)
ब्राह्मणैः = ब्राह्मणहरूले	**तद्गृहे** = ती ब्राह्मणहरूको घरमा पसेर	
गृहपालः = कुकुरलाई ढोकामा राखेझैं द्वारपाल	**कथं** = के	
निरूपितः = बनाइएको हो अर्थात् आफ्नो रक्षाका लागि राज्यमा अभिषेक गरेको हो	**सभाण्डं** = स्वामीले भोजन गर्ने पात्रमा	

वाक्यार्थ– ब्राह्मणले क्षत्रियहरूलाई आफ्नो द्वारपाल बनाएका हुन्। उनीहरूले ढोकामा बसेर नै आफ्नो स्वामीको रक्षा गर्नुपर्दछ। घरभित्र पसेर स्वामीले खाएको भाँडोमा खाने अधिकार उनीहरूलाई छैन।

कृष्णे गते भगवति शास्तर्युत्पथगामिनाम् ।
तद्भिन्नसेतूनद्याहं शास्मि पश्यत मे बलम् ॥ ३५ ॥

पदार्थ—

उत्पथगामिनाम् = पथभ्रष्टहरूलाई	**गते** = आफ्ना धाममा गएपछि	**अहं** = म
शास्तरि = दण्ड दिने	**तत्** = त्यसपछि	**शास्मि** = दण्ड दिन्छु
भगवति = भगवान्	**भिन्नसेतून्** = मर्यादालाई नष्ट गर्नेहरूलाई	**मे** = मेरो
कृष्णे = श्रीकृष्ण	**अद्य** = आज	**बलम्** = सामर्थ्य
		पश्यत = हेर

वाक्यार्थ— पथभ्रष्टहरूलाई दण्ड दिने भगवान् श्रीकृष्ण आफ्नो परमधाममा जानुभएपछि मर्यादालाई नष्ट गर्ने यिनीहरूलाई म दण्ड दिन्छु। मेरो सामर्थ्य हेर।

इत्युक्त्वा रोषताम्राक्षो वयस्यानृषिबालकः ।
कौशिक्याप उपस्पृश्य वाग्वज्रं विससर्ज ह ॥ ३६ ॥

पदार्थ—

वयस्यान् = साथीहरूलाई	**रोषताम्राक्षः** = क्रोधले आँखा राता पारेका	**उपस्पृश्य** = स्पर्श गरेर
इति = यसो	**ऋषिबालकः** = ऋषिकुमारले	**वाग्वज्रं** = वाग्वज्र
उक्त्वा = भनेर	**कौशिक्याः** = कौशिकी नदीको	**ह** = निश्चय
	अपः = जल	**विससर्ज** = छोडे

वाक्यार्थ— आफ्ना साथी बालकहरूसँग यसप्रकार भनेर क्रोधले आँखा राताराता पारेर ती ऋषिकुमारले कौशिकी नदीको जल आचमन गरेर आफ्नो वाणीरूपी वज्रको प्रयोग गरे।

इति लङ्घितमर्यादं तक्षकः सप्तमेऽहनि ।
दङ्क्ष्यति स्म कुलाङ्गारं चोदितो मे ततद्रुहम् ॥ ३७ ॥

पदार्थ—

इति = मेरा पिताको घाँटीमा मरेको सर्प राखेर	**ततद्रुहम्** = मेरा पिताको अपमान गर्ने	**तक्षकः** = तक्षकले
लङ्घितमर्यादं = मर्यादाको उल्लङ्घन गर्ने	**कुलाङ्गारं** = कुलनाशक ती राजालाई	**सप्तमे** = सातौँ
मे = मेरा	**चोदितः** = मेरा प्रेरणाले	**अहनि** = दिनमा
		दङ्क्ष्यति स्म = डसेर मार्नेछ

वाक्यार्थ— त्यस कुलाङ्गार राजा परीक्षित्‌ले मेरो पिताको घाँटीमा मरेको सर्प राखेर मर्यादाको उल्लङ्घन गरेको छ। यसकारण मेरा प्रेरणाले आजको सातौँ दिनमा तक्षक नागले त्यसलाई डसेर मार्नेछ।

ततोऽभ्येत्याश्रमं बालो गले सर्पकलेवरम् ।

पितरं वीक्ष्य दुःखार्तो मुक्तकण्ठो रुरोद ह ॥ ३८ ॥

पदार्थ–

ततः = शाप दिएर	शरीरलाई धारण गर्ने	**ह** = चाहिँ
आश्रमं = आश्रममा	**पितरं** = आफ्ना पितालाई	**मुक्तकण्ठः** = उच्च स्वरले
अभ्येत्य = आएर	**वीक्ष्य** = देखेर	**रुरोद** = रोए
गले = घाँटीमा	**दुःखार्तः** = अत्यन्त दुःखी भएर	
सर्पकलेवरम् = सर्प भएको	**बालः** = बालक	

वाक्यार्थ– त्यसपछि बालक ऋषि आफ्ना आश्रममा आउनुभयो। आफ्ना पिताको घाँटीमा मृतसप देखेर ज्यादै दुःखी भएर डाँको छोडेर अर्थात् उच्च स्वरले रुन थाले।

स वा आङ्गिरसो ब्रह्मन् श्रुत्वा सुतविलापनम् ।

उन्मील्य शनकैर्नेत्रे दृष्ट्वा स्वांसे मृतोरगम् ॥ ३९ ॥

विसृज्य पुत्रं पप्रच्छ वत्स कस्माद्धि रोदिषि ।

केन वा तेऽपकृतमित्युक्तः स न्यवेदयत् ॥ ४० ॥

पदार्थ–

ब्रह्मन् = हे शौनक	**स्वांसे** = आफ्नो घाँटीमा	**ते** = तिम्रो
आङ्गिरसः = अङ्गिरा गोत्रमा	**मृतोरगम्** = मरेको सर्प	**अपकृतम्** = अपकार गर्‍यो
उत्पन्न भएका	**दृष्ट्वा** = देखेर (सर्पलाई)	**इति** = यसप्रकार
सः = ती शमीक ऋषि	**विसृज्य** = फ्याँकेर	**उक्तः** = सोधिएका
सुतविलापनम् = छोराको	**पुत्रं** = छोरालाई	**सः** = ती बालकले सम्पूर्ण
विलापलाई	**पप्रच्छ** = सोध्नुभयो	कुराहरू
श्रुत्वा च = सुनेर	**वत्स** = हे छोरा	**च** = पनि
शनकैः = बिस्तारै	**कस्मात्** = के कारणले	**हि** = निश्चय नै
नेत्रे = आँखा	**रोदिषि** = रोइरहेका छौ	**न्यवेदयत्** = भने
उन्मील्य = खोलेर	**केन** = कसले	

वाक्यार्थ– हे शौनकजी ! शमीक ऋषिले आफ्नो छोरा रोएको सुनेर आँखा उघार्नुभयो। आफ्नो घाँटीमा मरेको सर्प देखेर त्यस सर्पलाई फ्याँकेर उहाँले आफ्ना छोरालाई सोध्नुभयो– हे पुत्र तिमी किन यसप्रकार रोइरहेका छौ ? के कसैले तिम्रो अपकार गर्‍यो ? यसप्रकार ऋषिले सोधेपछि बालकले सम्पूर्ण वृत्तान्त आफ्ना पिताजीलाई बताए।

निशम्य शप्तमतदर्हं नरेन्द्रं
स ब्राह्मणो नात्मजमभ्यनन्दत्।
अहो बतांहो महदज्ञ ते कृत-
मल्पीयसि द्रोह उरुर्दमो धृतः॥ ४१॥

पदार्थ–

अतदर्हं = शाप दिन अयोग्य	**न अभ्यनन्दत्** = समर्थन गरेनन्	**अंहः** = पाप
नरेन्द्रं = राजालाई	अपि तु निन्दा गरे	**कृतम्** = गर्‍यौ
शप्तम् = शाप दिएको	**सः** = ती शमीक ऋषिले	**अल्पीयसि** = थोरै (सानो)
निशम्य = सुनेर	**अहो बत** = खेदको कुरो हो	**द्रोहे** = अपराधका लागि
ब्राह्मणः = शमीक ऋषिले	**अज्ञ** = हे अज्ञानी	**उरुः** = ठुलो
आत्मजम् = छोराले गरेको कार्यको	**ते** = तिमीले	**दमः** = दण्ड दियौ
	महत् = ठुलो	

वाक्यार्थ– ब्रह्मर्षि शमीकले राजाका श्रापको कुरा सुनेर त्यस कुराको समर्थन गर्नुभएन। उहाँले भन्नुभयो - अरे अज्ञानी बालक ! तिमीले ठुलो पाप गर्‍यौ। श्राप दिन अयोग्य राजालाई श्राप दियौ। राजाको यति सानो गल्तीका लागि तिमीले उनलाई यति ठुलो दण्ड दियौ।

न वै नृभिर्नरदेवं पराख्यं
सम्मातुमर्हस्यविपक्वबुद्धे।
यत्तेजसा दुर्विषहेण गुप्ता
विन्दन्ति भद्राण्यकुतोभयाः प्रजाः॥ ४२॥

पदार्थ–

अविपक्वबुद्धे = परिपक्व बुद्धि नभएका हे बालक	**सम्मातुम्** = ठान्नु	भयको सम्भावनाले रहित भएका
पराख्यं = विष्णुका अवतार भएका	**न अर्हसि** = हुँदैन	**प्रजाः** = प्रजाहरू
नरदेवं = राजालाई	**दुर्विषहेण** = दुष्टहरूले सहन गर्न नसकिने	**वै** = निश्चय नै
नृभिः = अरू साधारण मनुष्यबराबर	**यत्तेजसा** = जसको तेजले	**भद्राणि** = सुख
	गुप्ताः = सुरक्षित हुनाले	**विन्दन्ति** = प्राप्त गर्दछन्
	अकुतोभयाः = कतैबाट पनि	

वाक्यार्थ– तिम्रो बुद्धि अहिले त्यति परिपक्व भइसकेको छैन। भगवत्स्वरूप राजालाई तिमीले साधारण मनुष्यजस्तो ठान्नुहुँदैनथ्यो। यिनै राजाको दुस्सह तेजका कारणले सुरक्षित र निर्भय रहेर

नै प्रजाहरूले सुख प्राप्त गरेका छन्।

अलक्ष्यमाणे नरदेवनाम्नि
रथाङ्गपाणावयमङ्ग लोकः।
तदा हि चौरप्रचुरो विनङ्क्ष्य-
त्यरक्ष्यमाणोऽविवरूथवत् क्षणात्॥ ४३॥

पदार्थ–

अङ्ग = हे बालक (जुन समयमा)	**हि** = निश्चय नै	नहुनाले
नरदेवनाम्नि = राजाको रूपलाई धारण गर्ने	**चौरप्रचुरः** = चोरहरूको वृद्धि हुनाले	**अविवरूथवत्** = अरक्षित भेडाहरूको समूहझैँ
रथाङ्गपाणौ = साक्षात् विष्णुको	**अयम्** = यो	**क्षणात्** = केही क्षणमै
अलक्ष्यमाणे = अभावमा	**लोकः** = लोक	**विनङ्क्ष्यति** = नष्ट हुन्छ
तदा = त्यस वेला	**अरक्ष्यमाणः** = कोही रक्षक	

वाक्यार्थ– जुन समयमा भगवान् राजाको रूप धारण गरेर पृथिवीमा रहनुहुन्न त्यस समयमा चोरहरूको वृद्धि हुन्छ। अरक्षित भेडाहरूको समूह तुरुन्त नष्ट भएझैँ मनुष्यहरूको नाश हुन्छ।

तदद्य नः पापमुपैत्यनन्वयं
यन्नष्टनाथस्य वसोर्विलुम्पकात्।
परस्परं घ्नन्ति शपन्ति वृञ्जते
पशून् स्त्रियोऽर्थान् पुरुदस्यवो जनाः॥ ४४॥

पदार्थ–

नष्टनाथस्य = रक्षकले रहित भएको यस लोकको	नभए पनि हामीहरूको शापको कारणले भएकाले	**परस्परं** = आफूआफूमा
वसोः = धनको	**नः** = हामीलाई	**घ्नन्ति** = मार्दछन्
विलुम्पकात् = अपहरण गर्ने चोर आदिबाट	**अद्य** = अहिले नै	**शपन्ति** = गाली गर्दछन्
यत् = जुन	**उपैति** = प्राप्त हुन्छ (पापको वृद्धिको कारणले)	**पशून्** = पशुहरू
पापम् = पाप उत्पन्न हुन्छ	**पुरुदस्यवः** = चारैतिर चोर डाँका बढेपछि	**स्त्रियः** = स्त्रीहरू
तत् = त्यो पाप	**जनाः** = मनुष्यहरू	**अर्थान्** = धनसम्पत्ति
अनन्वयं = हामीसँग सम्बन्धित		**वृञ्जते** = अपहरण गर्दछन्

वाक्यार्थ– राजा नष्ट भएपछि धन आदिको अपहरण गर्ने चोरहरूले पाप गर्दछन्। त्यस पापका

साथ हाम्रो कुनै पनि सम्बन्ध नभए तापनि त्यस पापले हामीहरूलाई पनि स्पर्श गर्दछ किनभने हाम्रो शापका कारणले राजा नष्ट हुन्छन्। राजा नष्ट भएपछि चोर डाँकाहरू बढ्दछन्। परस्परमा मारपिट गर्दछन्। गाली गर्दछन् र पशु, स्त्री र धनसम्पत्तिहरू पनि लुट्दछन्।

तदार्यधर्मः प्रविलीयते नृणां
वर्णाश्रमाचारयुतस्त्रयीमयः।
ततोऽर्थकामाभिनिवेशितात्मनां
शुनां कपीनामिव वर्णसङ्करः॥ ४५॥

पदार्थ—

तदा = त्यस समयमा	**आर्यधर्मः** = आर्यधर्मको	**शुनां** = कुकुरहरूको र
वर्णाश्रमाचारयुतः = वर्णधर्म र आश्रमधर्मको आचारले युक्त भएको	**प्रविलीयते** = लोप हुन्छ	**कपीनाम्** = बाँदरहरूको
त्रयीमयः = वेदप्रतिपादित	**ततः** = त्यसपछि	**इव** = झैँ
नृणां = मनुष्यहरूको	**अर्थकामाभिनिवेशितात्मनां** = अर्थ र काममा मात्र लागेका मनुष्यहरूको	**वर्णसङ्करः** = वर्णसङ्कर हुन्छ

वाक्यार्थ— त्यस समयमा मनुष्यहरूको वर्णाश्रमाचारयुक्त वैदिक आर्यधर्मको लोप हुन्छ। अर्थलोभ र कामवासनाबाट विवश भएर मनुष्यहरू ककुर, बाँदरझैँ वर्णसङ्कर हुन्छन्।

धर्मपालो नरपतिः स तु सम्राड् बृहच्छ्रवाः।
साक्षान्महाभागवतो राजर्षिर्हयमेधयाट्॥
क्षुत्तृट्श्रमयुतो दीनो नैवास्मच्छापमर्हति॥ ४६॥

पदार्थ—

यसकारण	**बृहच्छ्रवाः** = प्रशस्त कीर्ति भएका	**दीनः** = आश्रमका तर्फबाट कुनै पनि सत्कार प्राप्त नगरेकाले दुःखी (राजा परीक्षित्)
सः = ती	**साक्षात्** = साक्षात्	**अस्मच्छापम्** = हामीले शाप दिन
धर्मपालः = धर्मका पालक	**महाभागवतः** = महाभागवत	**न एव अर्हति** = योग्य हुनुहुन्थेन
नरपतिः = राजा	**राजर्षिः** = राजाहरूमा ऋषितुल्य	
सम्राट् = चक्रवर्ती	**क्षुत्तृट्श्रमयुतः** = भोक, तिर्खा र थकाइले युक्त भएका	
हयमेधयाट् = धेरै अश्वमेध यज्ञ गर्ने		

वाक्यार्थ— सम्राट् परीक्षित् ठुला यशस्वी र धर्मधुरन्धर हुनुहुन्छ। उहाँले धेरै अश्वमेध यज्ञ गर्नुभएको छ। उहाँ भगवान्को परमभक्त हुनुहुन्छ। उहाँ राजर्षि परीक्षित् भोक र तिर्खाले व्याकुल

भएर हाम्रो आश्रममा आउनुभएको थियो। यसर्थ उहाँ शाप दिन योग्य हुनुहुन्थेन।

अपापेषु स्वभृत्येषु बालेनापक्वबुद्धिना।
पापं कृतं तद् भगवान् सर्वात्मा क्षन्तुमर्हति॥ ४७॥

पदार्थ–

अपापेषु = निरपराध	**पापं** = जुन पाप	**भगवान्** = भगवान् श्रीकृष्णले
स्वभृत्येषु = आफ्ना सेवकहरूमा	**कृतं** = गऱ्यो	**क्षन्तुम्** = क्षमा
अपक्वबुद्धिना = पक्वबुद्धि नभएको	**तत्** = राजाप्रति गरिएको त्यो पापलाई	**अर्हति** = गरून्
बालेन = बालकले	**सर्वात्मा** = सर्वात्मा	

वाक्यार्थ– यो अज्ञानी बालकले हाम्रा निष्पाप सेवक राजाका प्रति अपराध गरेको छ। सर्वात्मा भगवान्ले कृपा गरेर यसलाई क्षमा गरून्।

तिरस्कृता विप्रलब्धाः शप्ताः क्षिप्ता हता अपि।
नास्य तत्प्रतिकुर्वन्ति तद्भक्ताः प्रभवोऽपि हि॥ ४८॥

पदार्थ–

तिरस्कृताः = तिरस्कार गरिएका	**अपि** = पनि	**हि** = निश्चय नै
विप्रलब्धाः = धोका दिइएका	**तद्भक्ताः** = भगवान्का भक्तहरू	**अस्य** = तिरस्कार गर्ने मान्छेको
शप्ताः = शाप दिइएका	**प्रभवः** = प्रतीकार गर्न समर्थ भईकन	**न तत्प्रतिकुर्वन्ति** = तिरस्कार गर्ने काम गर्दैनन्
क्षिप्ताः = आक्षेप गरिएका	**अपि** = पनि	
हताः = पिटिएका		

वाक्यार्थ– भगवान्का भक्तहरूमा बदला लिने शक्ति हुन्छ, परन्तु उनीहरू अर्काले गरेको अपमान, धोका, गाली, आक्षेप, मारपिट आदिको बदला लिंदैनन्।

इति पुत्रकृताघेन सोऽनुतप्तो महामुनिः।
स्वयं विप्रकृतो राज्ञा नैवाघं तदचिन्तयत्॥ ४९॥

पदार्थ–

इति = यसप्रकार	**अनुतप्तः** = पश्चात्ताप गर्दै थिए तापनि	**तत्** = त्यसो गरेको
सः = ती	**स्वयं** = आफू	**अघं** = अपराधका विषयमा
महामुनिः = शमीक ऋषिले	**राज्ञा** = राजाले	**न एव अचिन्तयत्** = विचार नै गरेनन्
पुत्रकृताघेन = छोराले गरेको अपराधले	**विप्रकृतः** = घाँटीमा सर्प झुन्ड्याएदिएर दुःख दिइएका	

वाक्यार्थ– महामुनि शमीकलाई आफ्नो छोराले गरेको अपराधप्रति ठुलो पश्चात्ताप भयो। राजा परीक्षित्‌ले उनको जुन अपमान गरेका थिए, त्यसमाथि उनले कुनै पनि ध्यान दिएनन्।

प्रायशः साधवो लोके परैर्द्वन्द्वेषु योजिताः।

न व्यथन्ति न हृष्यन्ति यत आत्मागुणाश्रयः॥ ५०॥

पदार्थ–

लोके = लोकमा	**प्रायशः** = प्रायः	**यतः** = किनभने
परैः = शत्रु र मित्रद्वारा	**साधवः** = साधुहरू	**आत्मागुणाश्रयः** = आत्मा सुख
द्वन्द्वेषु = सुख दुःख आदिमा	**न व्यथन्ति** = न दुःखी हुन्छन्	र दुःख आदि गुणदेखि टाढा छ
योजिताः = पारिएका	**न हृष्यन्ति** = न हर्षित नै हुन्छन्	

वाक्यार्थ– प्रायः महात्माहरूको स्वभाव नै कस्तो हुन्छ भने संसारमा उनीहरू अरूबाट प्राप्त हुने सुख र दुःखले हर्षित या दुःखित हुँदैनन् किनभने आत्मा कुनै पनि गुणको आश्रय हुँदैन।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

विप्रशापोपलम्भनं नामाष्टादशोऽध्यायः॥ १८॥

अथ एकोनविंशोऽध्यायः

परीक्षितको निराहारव्रत एवं शुकदेवजीको आगमन

सूत उवाच (सूतजीले भन्नुभयो)

महीपतिस्त्वथ तत्कर्म गर्ह्यं
विचिन्तयन्नात्मकृतं सुदुर्मनाः ।
अहो मया नीचमनार्यवत्कृतं
निरागसि ब्रह्मणि गूढतेजसि ॥ १ ॥

पदार्थ—

अथ = राजा दरबारमा फर्कने बित्तिकै
महीपतिः = राजा परीक्षित्
तु = चाहिँ
आत्मकृतं = आफूले गरेको शमीक ऋषिको घाँटीमा मरेको सर्प झुन्ड्याउने काम
गर्ह्यं = निन्दनीय
तत् = त्यो
कर्म = काम
विचिन्तयन् = विचार गर्दै
सुदुर्मनाः = अत्यन्त खिन्न चित्त हुनुभयो
अहो = आश्चर्यको कुरो हो
मया = मैले
अनार्यवत् = मूर्खले झैं
निरागसि = निरपराध
गूढतेजसि = अव्यक्त सामर्थ्य भएका
ब्रह्मणि = ब्राह्मणका विषयमा
नीचम् = नीच कर्म
कृतं = गरैं

वाक्यार्थ— राजधानीमा फर्किसकेपछि राजा परीक्षित्लाई आफूले गरेको निन्दनीय कार्यप्रति ठुलो पश्चात्ताप भयो। उनी अत्यन्त उदास भएर यसप्रकार सोच्न लागे – मैले मूर्खले झैं निरपराध र अव्यक्त सामर्थ्य भएका ऋषिप्रति गर्न नहुने नीच कर्म गरैं।

ध्रुवं ततो मे कृतदेवहेलनाद्
दुरत्ययं व्यसनं नातिदीर्घात् ।
तदस्तु कामं ह्यघनिष्कृताय मे
यथा न कुर्यां पुनरेवमद्धा ॥ २ ॥

पदार्थ—

ततः = त्यसपछि
कृतदेवहेलनात् = ती महापुरुषको अपमानका कारणले
नातिदीर्घात् = चाँडै नै
दुरत्ययं = पार गर्न कठिन
व्यसनं = दुःख
मे = मलाई
ध्रुवं = निश्चितरूपले हुनेछ

तत् = त्यो दुःख	**अद्धा** = साक्षात्	**पुनः** = फेरि
मे = मेरो	**अस्तु** = होस्	**एवम्** = यस किसिमको पाप
अघनिष्कृताय = पापको	अर्थात् उक्त पापको प्रायश्चित्त	**हि** = निश्चय नै
विनाशका लागि	अरूद्वारा नभएर मद्वारा नै होस्	**न कुर्यां** = न गरूँ
कामं = विना सङ्कोच	**यथा** = जसको कारणले	

वाक्यार्थ– अवश्य पनि ती महात्माको अपमानको फलस्वरूप चाँडैभन्दा चाँडै ममाथि कुनै ठुलो विपत्ति आउनेछ। म यही कुरा चाहन्छु जसबाट मेरो पापको प्रायश्चित्त हुनेछ। यसले गर्दा फेरि कुनै पनि समयमा यस्तो काम गर्ने दुःसाहस म गर्ने छैन।

अद्यैव राज्यं बलमृद्धकोशं
प्रकोपितब्रह्मकुलानलो मे।
दहत्वभद्रस्य पुनर्न मेऽभूत्
पापीयसी धीर्द्विजदेवगोभ्यः॥ ३॥

पदार्थ–

प्रकोपितब्रह्मकुलानलः = रुष्ट	**ऋद्धकोशं** = प्रशस्त धन भएको	र गाईहरूप्रति
भएको ब्राह्मणकुलरूपी आगाले	खजाना	**पापीयसी** = पाप गर्ने
अद्य = आज	**दहतु** = डढाओस् त्यसपछि	**धीः** = बुद्धि
एव = नै	**अभद्रस्य** = दुष्ट	**पुनः** = फेरि
राज्यं = राज्य	**मे** = मेरो	**न अभूत्** = नहोस्
बलम् = सेना	**द्विजदेवगोभ्यः** = ब्राह्मण, देवता	

वाक्यार्थ– ब्राह्मणको क्रोधाग्निले आज नै मेरो राज्य, सेना र सम्पूर्ण खजाना जलेर भस्म होस्। जसबाट फेरि कहिल्यै पनि ब्राह्मण, देवता र गाईहरूप्रति यस्तो पापबुद्धिको उदय ममा नहोस्।

स चिन्तयन्नित्थमथाशृणोद् यथा
मुनेः सुतोक्तो निर्ऋतिस्तक्षकाख्यः।
स साधु मेने न चिरेण तक्षका-
नलं प्रसक्तस्य विरक्तिकारणम्॥ ४॥

पदार्थ–

सः = ती राजा परीक्षित्	थिए	**तक्षकाख्यः** = तक्षक नाम गरेको
इत्थम् = यसप्रकार	**अथ** = यसपछि	**निर्ऋतिः** = मृत्यु
चिन्तयन् = विचार गरिरहेका	**यथा** = जसरी सातौं दिनमा	**मुनेः** = मुनि शमीकको

सुतोक्तः = छोराद्वारा प्रेरित
अशृणोत् = शमीक ऋषिले पठाउनुभएको शिष्यबाट सुन्नुभयो
सः = ती राजाले
तक्षकानलं = तक्षकको विषरूपी आगालाई
साधु = राम्रो
मेने = ठाने किनभने
प्रसक्तस्य = विषयमा आसक्त भएका राजाका लागि
न चिरेण = चाँडै नै
विरक्तिकारणम् = वैराग्यको कारण बन्यो

वाक्यार्थ– राजा परीक्षित् यसप्रकार विचार गर्दै हुनुहुन्थ्यो। ऋषिकुमारको श्रापबाट तक्षकले डस्नेछ भन्ने कुरा उहाँलाई शमीक ऋषिले पठाउनुभएको शिष्यबाट थाहा भयो। दन्दन दन्किरहेको आगाले झैं तक्षक नागले डस्नु राम्रै लाग्यो। उहाँले सोच्नुभयो कि म धेरै दिनदेखि संसारमा आसक्त भइरहेको थिएँ। अब मलाई चाँडै नै वैराग्यको कारण अनायासै प्राप्त भयो।

अथो विहायेममुं च लोकं
विमर्शितौ हेयतया पुरस्तात्।
कृष्णाङ्घ्रिसेवामधिमन्यमान
उपाविशत् प्रायममर्त्यनद्याम्॥ ५॥

पदार्थ–
अथ = मुनिपुत्रले शाप दिएको कुरा सुनेपछि
इमम् = यो
लोकं = लोक
च = र
अमुं = परलोक पनि दुई लोकको सुखसुविधा
हेयतया = त्याज्यका रूपमा
विमर्शितौ = ठाने
पुरस्तात् = राज्यभारलाई
विहाय = छोडेर
कृष्णाङ्घ्रिसेवाम् = भगवान् श्रीकृष्णको चरणको सेवा नै
अधिमन्यमान = महत्त्वपूर्ण मानेर
अमर्त्यनद्याम् = गङ्गाजीमा
प्रायम् = निराहार व्रतका लागि
उपाविशत् = बसे

वाक्यार्थ– यस लोक र परलोकको भोगलाई पहिलेदेखि नै त्याज्य ठान्ने राजा परीक्षित् ती भोग्य पदार्थको स्वरूपतः त्याग गरेर भगवान् श्रीकृष्णको सेवालाई सर्वोपरि मानेर आमरण निराहार व्रत लिएर गङ्गाको तटमा बस्नुभयो।

या वै लसच्छ्रीतुलसीविमिश्र-
कृष्णाङ्घ्रिरेण्वभ्यधिकाम्बुनेत्री।
पुनाति लोकानुभयत्र सेशान्
कस्तां न सेवेत मरिष्यमाणः॥ ६॥

पदार्थ–
वै = निश्चय
लसत्श्रीतुलसीविमिश्रकृष्णाङ्घ्रि-रेण्वभ्यधिकाम्बुनेत्री = तुलसीको

गन्धमिश्रित भगवान् श्रीकृष्णको चरणकमलको परागलाई लिएर प्रवाहित
या = जो गङ्गाजी
सेशान् = लोकपालसहित
लोकान् = सम्पूर्ण लोक र लोकवासीलाई
उभयत्र = बाहिर र भित्र दुबैतिर
पुनाति = पवित्र गर्दछिन्
कः मरिष्यमाणः = मरणासन्न कुन त्यस्तो मनुष्य होला जो
तां = ती गङ्गाको
न सेवेत = सेवन नगर्ला

वाक्यार्थ– गङ्गाको जल तुलसीको गन्धमिश्रित भगवान्‌को चरणकमलको परागलाई लिएर प्रवाहित हुन्छ। यसैले उहाँ लोकपालहरूसहित तल र माथिका सम्पूर्ण लोकहरूलाई पवित्र गर्नुहुन्छ। यसर्थ त्यस्तो कुन मरणासन्न पुरुष होला जसले गङ्गाको सेवन नगर्ला ?

इति व्यवच्छिद्य स पाण्डवेयः
प्रायोपवेशं प्रति विष्णुपद्याम्।
दध्यौ मुकुन्दाङ्घ्रिमनन्यभावो
मुनिव्रतो मुक्तसमस्तसङ्गः॥ ७॥

पदार्थ–

सः = ती
पाण्डवेयः = राजा परीक्षित्
इति = यसप्रकार
विष्णुपद्याम् प्रति = गङ्गाजीमा
प्रायोपवेशं = आमरण अनशनको लागि
व्यवच्छिद्य = निश्चय गरेर
मुक्तसमस्तसङ्गः = देहादि सम्पूर्ण पदार्थहरूमा आसक्तिको परित्याग गरेर
मुनिव्रतः = मुनिहरूका नियमलाई पालन गरेर
अनन्यभावः = अनन्यभावले
मुकुन्दाङ्घ्रिम् = भगवान्‌को चरणकमलको
दध्यौ = ध्यान गर्न लाग्नुभयो

वाक्यार्थ– यसप्रकार गङ्गाजीका तटमा निराहार व्रतको निश्चय गरेर उहाँले सम्पूर्ण आसक्तिको परित्याग गरी मुनिहरूको व्रतलाई स्वीकार गरेर अनन्य भावले भगवान् श्रीकृष्णको चरणकमलको ध्यान गर्न लाग्नुभयो।

तत्रोपजग्मुर्भुवनं पुनाना
महानुभावा मुनयः सशिष्याः।
प्रायेण तीर्थाभिगमापदेशैः
स्वयं हि तीर्थानि पुनन्ति सन्तः॥ ८॥

पदार्थ–

तत्र = गङ्गाका तटमा
भुवनं = संसारलाई
पुनानाः = पवित्र बनाउने
महानुभावाः = ठुलो प्रभाव भएका
सशिष्याः = शिष्यहरूले सहित

भएका
मुनयः = मुनिहरू
उपजग्मुः = आए
प्रायेण = प्रायः
सन्तः = भगवान्का भक्तहरू
तीर्थाभिगमापदेशैः = तीर्थ यात्रा गर्ने बहानाले
स्वयं = आफैँ
हि = निश्चय
तीर्थानि = तीर्थहरूलाई नै
पुनन्ति = पवित्र गर्दछन्

वाक्यार्थ– त्यस समयमा त्रिलोकलाई पवित्र गर्ने ठुला–ठुला महानुभाव ऋषिमुनिहरू आफ्ना शिष्यहरूका साथ त्यहाँ आउनुभयो। सन्तहरू प्रायः तीर्थयात्राका बहानाले स्वयं ती तीर्थस्थानहरूलाई पवित्र गर्नुहुन्छ।

अत्रिर्वसिष्ठश्च्यवनः शरद्वा–
नरिष्टनेमिर्भृगुरङ्गिराश्च ।
पराशरो गाधिसुतोऽथ राम
उतथ्य इन्द्रप्रमदेध्मवाहौ ॥ ९ ॥
मेधातिथिर्देवल आर्ष्टिषेणो
भारद्वाजो गौतमः पिप्पलादः ।
मैत्रेय और्वः कवषः कुम्भयोनि–
र्द्वैपायनो भगवान् नारदश्च ॥ १० ॥
अन्ये च देवर्षिब्रह्मर्षिवर्या
राजर्षिवर्या अरुणादयश्च ।
नानार्षेयप्रवरान् समेता–
नभ्यर्च्य राजा शिरसा ववन्दे ॥ ११ ॥

पदार्थ–
अथ = त्यस समयमा त्यहाँ
अत्रिं = अत्रि
वसिष्ठः = वशिष्ठ
च्यवनः = च्यवन
शरद्वान् = शरद्वान्
अरिष्टनेमिः = अरिष्टनेमि
भृगुः = भृगु
अङ्गिराः = अङ्गिरा
पराशरः = पराशर
गाधिसुतः = विश्वामित्र
रामः = परशुराम
उतथ्य = उतथ्य
च = र
इन्द्रप्रमदेध्मवाहौ = इन्द्रप्रमद, इध्मवाह
मेधातिथिः = मेधातिथि
देवलः = देवल
आर्ष्टिषेणः = आर्ष्टिषेण
भारद्वाजः = भारद्वाज
गौतमः = गौतम
पिप्पलादः = पिपप्लाद
मैत्रेयः = मैत्रेय
और्वः = और्व
कवषः = कवष

कुम्भयोनिः = अगस्त्य
भगवान् = भगवान्
द्वैपायनः = वेदव्यास
नारदः = नारद
च = पनि
अन्ये = तीदेखि अतिरिक्त
देवर्षिब्रह्मर्षिवर्याः = देवर्षि र ब्रह्मर्षिहरूमा श्रेष्ठ
राजर्षिवर्याः = राजर्षिहरूमा श्रेष्ठ
अरुणादयः = अरुण आदि ऋषिहरू
च = पनि त्यहाँ आए
समेतान् = गङ्गाका तटमा आएका
नाना = अनेक
आर्षेयप्रवरान् = गोत्रप्रवर्तक ऋषिहरूलाई
अभ्यर्च्य = यथायोग्य सत्कार गरेर
शिरसा = चरणमा शिर राखेर
राजा = राजा परीक्षित्ले
ववन्दे = वन्दना गर्नुभयो

वाक्यार्थ– यस समयमा त्यहाँ अत्रि, वशिष्ठ, च्यवन, शरद्वान्, विश्वामित्र, परशुराम, उतथ्य, इन्द्रप्रमद, इध्मवाह, मेधातिथि, देवल, आर्ष्टिषेण, भारद्वाज, गौतम, पिप्पलाद, मैत्रेय, और्व, कवष, अगस्त्य, भगवान् वेदव्यास, नारद अरुण आदि राजर्षिहरूको आगमन भयो। यसप्रकार विभिन्न गोत्रका मुख्य-मुख्य ऋषिहरूलाई एकत्र देखेर राजाले सबको यथायोग्य सत्कार गर्नुभयो र उहाँहरूको चरणमा शिर राखेर वन्दना गर्नुभयो।

सुखोपविष्टेष्वथ तेषु भूयः
कृतप्रणामः स्वचिकीर्षितं यत्।
विज्ञापयामास विविक्तचेता
उपस्थितोऽग्रेऽभिगृहीतपाणिः ॥ १२ ॥

पदार्थ–
अथ = यसपछि
तेषु = ती ऋषिहरू
सुखोपविष्टेषु = सुखपूर्वक बसेपछि
भूयः = फेरि
कृतप्रणामः = ती ऋषिहरूलाई नमस्कार गरेर
अग्रे = ऋषिको अगाडि
उपस्थितः = उपस्थित भएर
अभिगृहीतपाणिः = हात जोडेर
विविक्तचेता = शुद्ध चित्त भएका राजा परीक्षित्ले
यत् = जुन कुरा
स्वचिकीर्षितं = आफूले जे गर्न चाहनुभएको थियो त्यो कुरा
विज्ञापयामास = भन्न लाग्नुभयो

वाक्यार्थ– जब सबै ऋषिहरू आरामपूर्वक आ-आफ्नो आसनमा बस्नुभयो तब महाराज परीक्षित्ले उहाँहरूलाई फेरि प्रणाम गर्नुभयो। सबैको अगाडि उभिएर शुद्ध हृदयले अञ्जलि बाँधेर उहाँ जे भन्न चाहनुहुन्थ्यो त्यो सुनाउन लाग्नुभयो।

राजोवाच (राजाले भन्नुभयो)

अहो वयं धन्यतमा नृपाणां
महत्तमानुग्रहणीयशीलाः।

राज्ञां कुलं ब्राह्मणपादशौचाद्

दुराद् विसृष्टं बत गर्ह्यकर्म ॥ १३ ॥

पदार्थ–

अहो = अहो	कारणले गर्दा हामीहरू हजुरहरू	**ब्राह्मणपादशौचात्** =
नृपाणां = राजाहरूको बीचमा	जस्ता महापुरुषको कृपापात्र	ब्राह्मणहरूको पादप्रक्षालनरूपी
वयं = हामीहरू	बन्न पुग्यौँ	कार्यबाट
धन्यतमाः = अत्यन्त धन्य छौँ	**बत** = दुःखको कुरो हो कि	**दूरात्** = निकै टाढा
किनभने	**गर्ह्यकर्म** = निन्दित कर्म गर्नाले	**विसृष्टं** = रहेको हुन्छ
महत्तमानुग्रहणीयशीलाः =	**राज्ञां** = राजाहरूको	
आफ्नो शील स्वभावका	**कुलं** = कुल	

वाक्यार्थ– अहो ! सम्पूर्ण राजाहरूमा हामी धन्यतम छौँ, किनभने आफ्नो शील स्वभावको कारणले हामी तपाईंजस्ता महापुरुषका कृपापात्र बनेका छौँ। राजवंशका मनुष्यहरू प्रायः निन्दित कर्म गर्नाले ब्राह्मणको चरणप्रक्षालनबाट टाढा रहेका हुन्छन्।

तस्यैव मेऽघस्य परावरेशो

व्यासक्तचित्तस्य गृहेष्वभीक्ष्णम्।

निर्वेदमूलो द्विजशापरूपो

यत्र प्रसक्तो भयमाशु धत्ते ॥ १४ ॥

पदार्थ–

अभीक्ष्णम् = निरन्तर	कारण भएको	**यत्र** = जुन श्रापको कारणले
गृहेषु = राज्यप्रशासनरूपी	**द्विजशापरूपः** = ब्राह्मणको	**प्रसक्तः** = घरमा आसक्त भएको
कार्यमा	श्रापको रूपमा	मनुष्य
व्यासक्तचित्तस्य = लागि रहनाले	**परावरेशः** = भगवान् नारायण	**आशु** = चाँडै नै
अघस्य = पापात्मक हुन पुगेको	**मे** = मेरो अगाडि (प्रकट	**भयम्** = भयभीत भएर
तस्य एव = यसै प्रकारको	हुनुभएको हो भन्ने मलाई	**धत्ते** = घर छोड्छ
निर्वेदमूलः = वैराग्यप्राप्तिको	लाग्छ)	

वाक्यार्थ– निरन्तर देह र गेहमा आसक्त भएको कारणले म पापी नै भइसकेको थिएँ। यसकारण स्वयं भगवान् नै ब्राह्मणको श्रापको रूपमा ममाथि कृपा गर्नका लागि आउनुभएको रहेछ। यस श्रापले ममा वैराग्य उत्पन्न गर्नेछ। यसप्रकारका श्रापबाट संसारासक्त मनुष्यहरू भयभीत भएर विरक्त हुन्छन्।

तं मोपयातं प्रतियन्तु विप्रा
गङ्गा च देवी धृतचित्तमीशे ।
द्विजोपसृष्टः कुहकस्तक्षको वा
दशत्वलं गायत विष्णुगाथाः ॥ १५ ॥

पदार्थ—

विप्राः = हे आदरणीय ऋषिहरू (तपाईंहरू)	**प्रतियन्तु** = जान्नुहोस्	**कुहकः** = तक्षकको भेष बनाएको अरू कुनै
तं = यसप्रकारको	**देवी** = देवी	**वा** = अथवा
ईशे = ईश्वरमा	**गङ्गा** = गङ्गाले	**तक्षकः** = तक्षक आफू स्वयंले
धृतचित्तम् = चित्तलाई धारण गरेको	**च** = पनि जानून्	**अलं** = यथेष्ट
मा = मलाई	**विष्णुगाथाः** = विष्णु भगवान्का कथा	**दशतु** = डसोस्
उपयातं = शरणमा आएको	**गायत** = गाउँदागाउँदै	
	द्विजोपसृष्टः = ब्राह्मणद्वारा प्रेरित	

वाक्यार्थ— पूज्य ब्राह्मणहरू ! अब मैले आफ्नो चित्तलाई भगवान्को चित्तमा समर्पण गरिदिएको छु। तपाईंहरू र माता गङ्गाजी मलाई यहाँहरूको शरणमा आएको जानेर ममाथि अनुग्रह गर्नुहुनेछ। ब्राह्मणकुमारको श्रापबाट प्रेरित तक्षकले वा अरू कसैले तक्षकको रूप धारण गरेर मलाई डसोस्, यसको मलाई अलिकति पनि चिन्ता छैन।

पुनश्च भूयाद् भगवत्यनन्ते
रतिः प्रसङ्गश्च तदाश्रयेषु ।
महत्सु यां यामुपयामि सृष्टिं
मैत्र्यस्तु सर्वत्र नमो द्विजेभ्यः ॥ १६ ॥

पदार्थ—

पुनः च = फेरि कहिले	**अनन्ते** = श्रीकृष्णमा	**सर्वत्र** = सम्पूर्ण प्राणीहरूमा
यां याम् = जुन जुन	**रतिः** = प्रेम र	**मैत्री** = मैत्री होस्
सृष्टिं = योनिमा	**महत्सु** = उत्तम	**द्विजेभ्यः** = तपाईं ब्राह्मणहरूलाई
तु = चाहिँ	**तदाश्रयेषु** = भगवान्का भक्तहरूमा	**च** = पनि
उपयामि = जानेछु ती योनिहरूमा	**प्रसङ्गः** = उत्कृष्ट सङ्ग	**नमः** = नमस्कार छ
भगवति = भगवान्	**भूयात्** = होस्	

वाक्यार्थ– तपाईंहरू कृपा गरेर भगवान्का रसमय लीलाहरूको वर्णन गर्नुहोस्। म तपाईं ब्राह्मणहरूको चरणमा प्रणाम गरेर फेरि के प्रार्थना गर्छु भने मलाई कर्मवश जुनसुकै योनिमा जानु परे तापनि भगवान् श्रीकृष्णको चरणमा मेरो अनुराग बनिरहोस्। उहाँका चरणाश्रित महात्माहरूमा विशेष प्रेम होस् र जगत्का सम्पूर्ण प्राणीहरूप्रति एक प्रकारको मैत्री बनिरहोस्। तपाईंहरू मलाई यही आशीर्वाद दिनुहोस्।

इति स्म राजाध्यवसाययुक्तः
प्राचीनमूलेषु कुशेषु धीरः।
उदङ्मुखो दक्षिणकूल आस्ते
समुद्रपत्न्याः स्वसुतन्यस्तभारः॥ १७॥

पदार्थ–

इति = यसप्रकारको	राज्यको भार छोरालाई समर्पण	**कुशेषु** = कुशहरूको आसनमा
अध्यवसाययुक्तः = निश्चयले	गरेर	**उदङ्मुखः** = उत्तरतिर मुख
युक्त भएका	**समुद्रपत्न्याः** = गङ्गाजीको	फर्काएर
धीरः = धीर	**दक्षिणकूले** = दक्षिण तटमा	**आस्ते स्म** = बस्नुभयो
राजा = राजा	**प्राचीनमूलेषु** = पूर्वतिर टुप्पो	
स्वसुतन्यस्तभारः = आफ्नो	फर्काइएका	

वाक्यार्थ– यसप्रकारको निश्चयले युक्त भएका धीर राजा आफ्नो राज्यको भार छोरालाई समर्पण गरेर गङ्गाजीको दक्षिण तटमा पूर्वतिर टुप्पो फर्काएर राखिएका कुशहरूको आसनमा उत्तरतिर मुख फर्काएर बस्नुभयो।

एवं च तस्मिन्नरदेवदेवे
प्रायोपविष्टे दिवि देवसङ्घाः।
प्रशस्य भूमौ व्यकिरन् प्रसूनै-
र्मुदा मुहुर्दुन्दुभयश्च नेदुः॥ १८॥

पदार्थ–

एवं = यसप्रकार	**दिवि** = आकाशमा	**प्रशस्य** = प्रशंसा गर्दै
नरदेवदेवे = राजाहरूका पूज्य	**देवसङ्घाः** = देवताहरू	**मुदा** = प्रसन्न भएर
तस्मिन् = ती राजा परीक्षित्ले	**च** = र	**मुहुः** = बारम्बार
प्रायोपविष्टे = आमरण निराहार	**भूमौ** = पृथिवीमा रहेका	**प्रसूनैः** = पुष्पवृष्टि
व्रत बस्ने निश्चित गरेर बसेपछि	(परीक्षित्को)	**व्यकिरन्** = गर्नलागे

दुन्दुभयः = नगराहरू	**च** = पनि	**नेदुः** = बज्न लागे

वाक्यार्थ— जब सम्राट् परीक्षित् जब यसप्रकार आमरण निराहार व्रत गर्ने निश्चय गरेर बस्नुभयो, तब आकाशमा स्थित देवताहरू आनन्दविभोर भएर उहाँको प्रशंसा गर्दै पृथिवीमा फूलहरूको वर्षा गर्न लागे र नगराहरू बज्न लागे।

महर्षयो वै समुपागता ये
प्रशस्य साध्वित्यनुमोदमानाः।
ऊचुः प्रजानुग्रहशीलसारा
यदुत्तमश्लोकगुणाभिरूपम्॥ १९॥

पदार्थ—

समुपागता = गङ्गातटमा	प्रशंसा गरेर	**यत्** = जुन
उपस्थित	**साधु इति** = राम्रो-राम्रो भन्दै	**उत्तमश्लोकगुणाभिरूपम्** =
ये = जो	**अनुमोदमानाः** = अनुमोदन गरे	भगवान् श्रीकृष्णबाट प्रभावित
महर्षयः = सम्पूर्ण महर्षिहरूले	**प्रजानुग्रहशीलसारा** = सम्पूर्ण	भएर राजा परीक्षितलाई उहाँकै
वै = निश्चय नै	प्राणीहरूमा अनुग्रहको वर्षा गर्ने	अनुरूप वचन
प्रशस्य = परीक्षितको निश्चयको	ऋषिहरूले	**ऊचुः** = भन्न लागे

वाक्यार्थ— गङ्गातटमा उपस्थित सम्पूर्ण महर्षिहरूले परीक्षित्को निश्चयको प्रशंसा गरेर साधु साधु भन्दै उहाँको कार्यको अनुमोदन गरे। ऋषिमुनिहरूले स्वभावले नै सम्पूर्ण प्राणीहरूमा अनुग्रहको वर्षा गर्दछन्। उहाँहरूले भगवान् श्रीकृष्णबाट प्रभावित भएर राजा परीक्षितलाई उहाँकै अनुरूप वचन यसप्रकार भन्न लाग्नुभयो।

न वा इदं राजर्षिवर्य चित्रं
भवत्सु कृष्णं समनुव्रतेषु।
येऽध्यासनं राजकिरीटजुष्टं
सद्यो जहुर्भगवत्पार्श्वकामाः॥ २०॥

पदार्थ—

राजर्षिवर्य = हे राजर्षिहरूमा	सान्निध्यलाई प्राप्त गर्ने इच्छाले	**सद्यः** = तुरुन्त
श्रेष्ठ हुनुभएका परीक्षित्	**राजकिरीटजुष्टं** = ठुलाठुला	**जहुः** = छोडेका थिए
ये = जो तपाईंजस्ता राजाहरूले	राजाहरूको मुकुटद्वारा सेवित	**कृष्णं** = भगवान् श्रीकृष्णका
भगवत्पार्श्वकामाः = भगवान्को	**अध्यासनं** = राजसिंहासन	**समनुव्रतेषु** = सेवक भएका

भवत्सु = तपाईंहरूका लागि	प्रार्थना गर्नु	**न वा** = होइन
इदं = भगवान्को कथाको लागि	**चित्रं** = कुनै आश्चर्यको कुरा	

वाक्यार्थ– हे राजर्षिशिरामणि ! भगवान् श्रीकृष्णका सेवक र अनुयायी तपाईं पाण्डुवंशीका लागि यो कुनै आश्चर्यको कुरा होइन। तपाईंका पूर्वजहरूले भगवान्को सान्निध्यलाई प्राप्त गर्नका लागि एक क्षणमा नै त्यस्तो राजसिंहासनको परित्याग गरिदिन्थे जुन सिंहासनको सेवा ठुला-ठुला राजाहरू आफ्ना मुकुटले गर्दथे।

सर्वे वयं तावदिहास्महेऽथ
कलेवरं यावदसौ विहाय।
लोकं परं विरजस्कं विशोकं
यास्यत्ययं भागवतप्रधानः॥ २१॥

पदार्थ–

अथ = यसपछि	**यावत्** = जबसम्म	**विरजस्कं** = मायाले रहित
वयं = हामी	**भागवतप्रधानः** = भगवान्का परम भक्त	**विशोकं** = शोकले रहित भएर
सर्वे = सबै	**असौ** = यी राजा परीक्षित्	**परं लोकं** = भगवद्धाममा
तावत् = त्यस वेलासम्म	**कलेवरं** = शरीरलाई	**अयं** = यी राजा परीक्षित्
इह = यहीं	**विहाय** = छोडेर	**यास्यति** = जानुहुनेछ
आस्महे = बस्नेछौं		

वाक्यार्थ– हामीहरू सबै तबसम्म यहाँ रहन्छौं जबसम्म भगवान्का यी परमभक्त परीक्षित् आफ्नो नश्वर शरीरलाई छोडेर मायादोष एवं शोकले रहित भगवद्धाममा जानुहुन्न।

आश्रुत्य तदृषिगणवचः परीक्षित्
समं मधुच्च्युद् गुरु चाव्यलीकम्।
आभाषतैनानभिनन्द्य युक्तान्
शुश्रूषमाणश्चरितानि विष्णोः॥ २२॥

पदार्थ–

समं = पक्षपातले रहित	**तदृषिगणवचः** = ती ऋषिहरूको कुरालाई	**एनान्** = यी ऋषिहरूको
मधुच्च्युत् = अमृतको वर्षा गर्ने	**आश्रुत्य** = सुनेर	**अभिनन्द्य** = प्रशंसा गरेर
गुरु = गम्भीर अर्थले युक्त भएको	**परीक्षित्** = राजा परीक्षित्ले	**विष्णोः** = भगवान् विष्णुका
अव्यलीकम् = यथार्थ	**युक्तान्** = योगयुक्त	**चरितानि** = चरित्रहरू
		शुश्रूषमाणः = श्रवण गर्ने

इच्छाले	**च** = पनि	**अभाषत** = प्रार्थना गर्नुभयो

वाक्यार्थ— ऋषिहरूका यी वचनहरू मधुर, गम्भीर, सत्य र समताले युक्त वचनहरू सुनेर ती योगयुक्त मुनिहरूको अभिनन्दन गरेर राजा परीक्षित्‌ले भगवान्‌को मनोहर चरित्र सुन्ने इच्छाले ऋषिहरूसँग प्रार्थना गर्नुभयो।

समागताः सर्वत एव सर्वे
वेदा यथा मूर्तिधरास्त्रिपृष्ठे।
नेहाथवामुत्र च कश्चनार्थ
ऋते परानुग्रहमात्मशीलम्॥ २३॥

पदार्थ—

त्रिपृष्ठे = तीनै लोकभन्दा माथि सत्य लोकमा	**समागताः** = ममाथि अनुग्रह गर्नका लागि आउनुभएका तपाईंहरूको	**अथवा** = अथवा
यथा = जसरी	**आत्मशीलम्** = स्वतःसिद्ध स्वभाव	**अमुत्र** = परलोकमा
मूर्तिधराः = मूर्तिधारी	**परानुग्रहम्** = परोपकारलाई	**कश्चन** = अरू कुनै
वेदाः = वेदहरू छन् (त्यसै गरी प्रकाशमान)	**ऋते** = छाडेर	**अर्थः** = प्रयोजन
सर्वे = तपाईंहरू सबै	**इह** = यस लोक र	**न च** = छैन
सर्वतः = चारै दिशाहरूबाट		**एव** = नै

वाक्यार्थ— महात्माहरू हो ! तपाईंहरू चारैतिरबाट यहाँ आउनुभएको छ। तपाईंहरू सत्यलोकका मूर्तिमान् वेदसमान हुनुहुन्छ। परोपकार गर्नु त तपाईंहरूको सहज स्वभाव हो। त्यसलाई छोडेर यस लोक र परलोकमा तपाईंहरूको अरू कुनै स्वार्थ नै छैन।

ततश्च वः पृच्छ्यमिमं विपृच्छे
विश्रभ्य विप्रा इति कृत्यतायाम्।
सर्वात्मना म्रियमाणैश्च कृत्यं
शुद्धं च तत्रामृशताभियुक्ताः॥ २४॥

पदार्थ—

विप्राः = हे ऋषिहरू	**इति कृत्यतायाम्** = आफ्नो कर्तव्यको विषयमा	**वः** = तपाईंहरूलाई
ततः = यसप्रकार	**इमं** = यो	**विपृच्छे** = सोध्दछु
विश्रभ्य = तपाईंहरूमाथि विश्वास गरेर	**पृच्छ्यम्** = सोध्न योग्य प्रश्न	**तत्र** = उक्त विषयमा
		अभियुक्ताः = सर्वज्ञ तपाईंहरूले

सर्वात्मना = जीवनकालमा सबै अवस्थामा र विशेषरूपले
म्रियमाणैः = मरणासन्न व्यक्तिहरूले (शरीर अन्तःकरणद्वारा गर्नुपर्ने)
शुद्धं = विशुद्ध
कृत्यं = कर्मका विषयमा
च = पनि
आमृशत = विचार गरेर बताउनुहोस्

वाक्यार्थ– हे ब्राह्मणहरू हो ! तपाईंहरूमाथि पूर्ण विश्वास गरेर आफ्नो कर्तव्यका सम्बन्धमा योग्य प्रश्न गर्दछु। तपाईंहरू सबै विद्वान् परस्पर विचार गरेर बताउनुहोस् कि सबैका लागि सबै अवस्थामा र विशेष गरेर म्रियमाण व्यक्तिका लागि अन्तःकरण र शरीरले गर्न योग्य विशुद्ध धर्म कुन हो ?

तत्राभवद् भगवान् व्यासपुत्रो
यदृच्छया गामटमानोऽनपेक्षः।
अलक्ष्यलिङ्गो निजलाभतुष्टो
वृतश्च बालैरवधूतवेषः॥ २५॥

पदार्थ–

तत्र = यसप्रकार प्रश्न गर्ने राजाको अगाडि
गाम् = पृथिवीमा
यदृच्छया = स्वेच्छाले
अटमानः = घुम्दै
अनपेक्षः = कसैको पनि अपेक्षा नराख्ने अर्थात् विरक्त
अलक्ष्यलिङ्गः = वर्ण अथवा आश्रमको बाह्य चिह्नले रहित
निजलाभतुष्टः = आत्मानुभूतिमा सन्तुष्ट
बालैः = बालकहरूद्वारा
वृतः = घेरिएका
अवधूतवेषः = दिगम्बरको भेषमा
व्यासपुत्रः = व्यासका छोरा
भगवान् = भगवान् शुकदेवजी
च = पनि
अभवत् = आउनुभयो

वाक्यार्थ– त्यसै समयमा पृथिवीमा स्वेच्छाले विचरण गर्दै कसैको अपेक्षा नराख्ने व्यासनन्दन भगवान् शुकदेवजी महाराज त्यहाँ आइपुग्नुभयो। उहाँ वर्ण अथवा आश्रमको बाह्य चिह्नबाट रहित एवं आत्मानुभूतिमा सन्तुष्ट हुनुहुन्थ्यो।

तं द्व्यष्टवर्षं सुकुमारपाद-
करोरुबाह्वंसकपोलगात्रम्।
चार्वायताक्षोन्नसतुल्यकर्ण
सुभ्र्वाननं कम्बुसुजातकण्ठम्॥ २६॥

निगूढजत्रुं पृथुतुङ्गवक्षस-
मावर्तनाभिं वलिवल्गूदरं च ।
दिगम्बरं वक्त्रविकीर्णकेशं
प्रलम्बबाहुं स्वमरोत्तमाभम् ॥ २७ ॥
श्यामं सदापीव्यवयोऽङ्गलक्ष्म्या
स्त्रीणां मनोज्ञं रुचिरस्मितेन ।
प्रत्युत्थितास्ते मुनयः स्वासनेभ्य-
स्तल्लक्षणज्ञा अपि गूढवर्चसम् ॥ २८ ॥

पदार्थ–

द्व्यष्टवर्षं = सोह्र वर्षको उमेर भएका
सुकुमारपादकरोरुबाह्वंसकपोल-गात्रम् = हात, पाउ, जाँघ, काँध गाला आदि शरीरका अङ्गहरू सुकुमार भएका
चार्वायताक्षोन्नसतुल्यकर्ण-सुभ्र्वाननं = विशाल मनोहर आँखा, लामा नाक, बराबर कान र मिलेको सुन्दर आँखीभौं भएकाले मुखमण्डल नै शोभायमान भएका
कम्बुसुजातकण्ठम् = शङ्खकैं सुन्दर घाँटी भएका
निगूढजत्रुं = मांशल शरीर भएकाले शरीरको सन्धिभाग स्पष्ट नदेखिने
पृथुतुङ्गवक्षसम् = विस्तृत चौडा र उन्नत छाती भएका
आवर्तनाभिं = पानीको भुँवरीजस्तो गोलो र
वलिवल्गूदरं = वक्ररेखाङ्कित सुन्दर पेट भएका
च = र
दिगम्बरं = शरीमा कपडा नलगाएका नाङ्गा र
वक्त्रविकीर्णकेशं = छरिएका केश मुखसम्म लत्रेका
प्रलम्बबाहुं = लामा हात भएका
स्वमरोत्तमाभम् = देवताहरूमा पनि श्रेष्ठ देवता नारायणजस्ता कान्तिमान्
सदा = सधैं
श्यामं = कालो वर्ण भएका
अपीव्यवयोऽङ्गलक्ष्म्या = अत्यन्त सुन्दर यौवन भएको कारणले शरीरका अङ्ग-अङ्गमा प्रकाश भएका
रुचिरस्मितेन = मनोहर मुस्कानले
स्त्रीणां = स्त्रीहरूको
मनोज्ञं = मनलाई आकर्षित पार्ने
गूढवर्चसम् = आफ्नो ब्रह्मतेजलाई प्रकट गर्न नचाहने
तं = ती शुकदेवजीलाई देखेर
तल्लक्षणज्ञाः = शुकदेवजीको लक्षणलाई जान्न त्यहाँ उपस्थित भएका
ते = ती
मुनयः = मुनिहरू
अपि = पनि
स्वासनेभ्यः = आफ्नो आसनबाट
प्रत्युत्थिताः = उठे

वाक्यार्थ– उहाँको सोह्र वर्षको उमेर थियो। हात, पाउ, जाँघ, काँध, गाला आदि सुकुमार अङ्गहरू, विशाल एवं मनोहर आँखा, लामो नाक, सुन्दर बराबर मिलेका कान, अनि सुन्दर

आँखीभौँ भएकाले शुकदेवजीको मुखमण्डल अत्यन्त शोभायमान भएको थियो। उहाँको घाँटी शङ्खजैँ सुन्दर थियो र मांशल शरीर भएकाले शरीरको सन्धिभाग स्पष्टरूपले देखिँदैनथ्यो। छाती विस्तृत चौडा र उन्नत थियो। उहाँको नाइटो पानीको भुमरीजस्तो गोलो र छिद्रजस्तो देखिन्थ्यो। उहाँको भुडी वक्र रेखाङ्कित सुन्दर थियो। उहाँ दिगम्बर हुनुहुन्थ्यो। उहाँका छरिएका केशहरू मुखसम्म लत्रिएका थिए। उहाँका हात लामा थिए। दिगम्वर वेषमा श्रेष्ठ देवतासमान तेजस्वी देखिनुहुन्थ्यो। उहाँ श्याम वर्णको हुनुहुन्थ्यो। अत्यन्त सुन्दर यौवनको कारणले उहाँका शरीरका अङ्गहरूमा प्रकाश फैलिरहेको थियो। उहाँको मनोहर मुस्कानले स्त्रीहरूको मन आकृष्ट हुन्थ्यो। यद्यपि उहाँले आफ्नो तनलाई लुकाउनुभएको थियो, तापनि उहाँको लक्षणलाई जान्ने मुनिहरूले उहाँलाई चिन्नुभयो। सबै जना आ-आफ्नो आसनलाई छोडेर उहाँको सम्मानका लागि उठ्नुभयो।

स विष्णुरातोऽतिथय आगताय
तस्मै सपर्यां शिरसाजहार।
ततो निवृत्ता ह्यबुधाः स्त्रियोऽर्भका
महासने सोपविवेश पूजितः॥ २९॥

पदार्थ—

सः = ती	**शिरसा** = प्रणामद्वारा नै	**अर्भकाः** = बालकहरू
विष्णुरातः = राजा परीक्षित्ले	**सपर्यां** = उनको पूजा	**हि** = पनि
आगताय = गङ्गाका किनारमा आउनुभएका	**आजहार** = गर्नुभएको	**निवृत्ताः** = फर्केर गए
तस्मै = ती	**ततः** = त्यसपछि शुकदेवजीसँग आएका	**पूजितः** = राजाद्वारा पूजा गरिएका शुकदेवजी
अतिथये = अतिथि शुकदेवजीलाई	**अबुधाः** = अज्ञानी	**महासने** = श्रेष्ठ आसनमा
	स्त्रियः = स्त्रीहरू र	**उपविवेश** = विराजमान हुनुभयो

वाक्यार्थ— राजा परीक्षित्ले अतिथिरूपले आउनुभएका शुकदेवजीलाई शिर झुकाएर प्रणाम गर्नुभयो र उहाँको पूजा गर्नुभयो। उहाँको स्वरूपलाई नजान्ने बालक र स्त्रीहरू त्यहाँबाट फर्के। सबद्वारा सम्मानित भएर शुकदेवजी श्रेष्ठ आसनमा विराजमान हुनुभयो।

स संवृतस्तत्र महान् महीयसां
ब्रह्मर्षिराजर्षिदेवर्षिसङ्घैः।
व्यरोचतालं भगवान् यथेन्दु-
र्ग्रहर्क्षतारानिकरैः परीतः॥ ३०॥

पदार्थ—

तत्र = आसनमा बस्नुभएका	**संवृतः** = घेरिनुभएका	**परीतः** = घेरिएका
महीयसां = महात्माहरूका पनि आदरणीय	**सः** = ती	**इन्दुः** = चन्द्रमा
ब्रह्मर्षिराजर्षिदेवर्षिसङ्घैः = ब्रह्मर्षि, राजर्षि र देवर्षिहरूको समूहद्वारा	**महान्** = आदरणीय	**यथा** = झैँ
	भगवान् = भगवान् शुकदेवजी	**अलं** = अत्यन्त
	ग्रहर्क्षतारानिकरैः = ग्रह, नक्षत्र र ताराहरूद्वारा	**व्यरोचत** = सुशोभित हुनुभयो

वाक्यार्थ— ग्रह, नक्षत्र र ताराहरूद्वारा घेरिएका चन्द्रमा झैँ ब्रह्मर्षि, देवर्षि र राजर्षिहरूका समूहद्वारा घेरिनुभएका महात्माहरूका पनि आदरणीय शुकदेवजी अत्यन्त शोभायमान हुनुभयो।

प्रशान्तमासीनमकुण्ठमेधसं
मुनिं नृपो भागवतोऽभ्युपेत्य।
प्रणम्य मूर्ध्नावहितः कृताञ्जलि-
र्नत्वा गिरा सूनृतयान्वपृच्छत्॥ ३१॥

पदार्थ—

प्रशान्तम् = शान्त	**भागवतः** = भगवान्का परमभक्त	**नत्वा** = प्रश्न गर्नका लागि फेरि झुकेर
अकुण्ठमेधसं = प्रखर बुद्धियुक्त	**नृपः** = राजा परीक्षित्ले	**सूनृतया** = मधुर
आसीनम् = आसनमा विराजमान	**मूर्ध्ना** = शिर झुकाएर	**गिरा** = वाणीले
मुनिं = शुकदेव मुनिलाई	**प्रणम्य** = प्रणाम गरेर	**अन्वपृच्छत्** = सोध्नुभयो
अभ्युपेत्य = नजिक आएर	**कृताञ्जलिः** = हात जोडेर	
	अवहितः = सावधान भएर	

वाक्यार्थ— जब प्रखरबुद्धि शुकदेवजी शान्तभावले बस्नुभयो। त्यसपछि राजा परीक्षित्ले शिर झुकाएर उहाँलाई प्रणाम गर्नुभयो र फेरि उठेर हात जोडेर नमस्कार गरेर अत्यन्त मधुर वाणीले उहाँसँग प्रश्न गर्नुभयो।

परीक्षिदुवाच (परीक्षित्ले भन्नुभयो)

अहो अद्य वयं ब्रह्मन् सत्सेव्याः क्षत्रबन्धवः।
कृपयातिथिरूपेण भवद्भिस्तीर्थकाः कृताः॥ ३२॥

पदार्थ—

ब्रह्मन् = ब्रह्मरूप हे शुकदेवजी	**वयं** = हामी	भएर पनि
अहो = अहो	**क्षत्रबन्धवः** = अपराधी क्षत्रिय	**अद्य** = आज

सत्सेव्याः = सज्जनहरूद्वारा सेवन गर्न योग्य भयौँ
भवद्भिः = तपाईंहरूले
कृपया = कृपापूर्वक
अतिथिरूपेण = अतिथिरूपले
तीर्थकाः = तीर्थजस्तै पवित्र
कृताः = पारिदिनुभयो

वाक्यार्थ— ब्रह्मस्वरूप भगवान्, आज हामी भाग्यशाली भयौँ। अपराधी क्षत्रिय भएर पनि हामीलाई सन्त समाजको अधिकारी मानियो। आज कृपापूर्वक अतिथिका रूपमा यहाँ आएर तपाईंले हामीलाई तीर्थतुल्य पवित्र बनाइदिनुभयो।

येषां संस्मरणात् पुंसां सद्यः शुद्ध्यन्ति वै गृहाः।
किं पुनर्दर्शनस्पर्शपादशौचासनादिभिः॥ ३३॥

पदार्थ—
येषां = जुन महात्माहरूको
संस्मरणात् = केवल स्मरण गर्नाले मात्र
पुंसां = गृहस्थहरूका
गृहाः = घरहरू
वै = निश्चय
सद्यः = तुरुन्त
शुद्ध्यन्ति = पवित्र हुन्छन्
दर्शनस्पर्शपादशौचासनादिभिः = दर्शन, स्पर्श, पादप्रक्षालन गरी आसन दिने अवसर मिल्यो भने
किं पुनः = फेरि त भन्नु नै के पर्‍यो

वाक्यार्थ— तपाईंजस्ता महात्माको स्मरणमात्रले पनि गृहस्थहरू तत्काल पवित्र हुन्छन्। फेरि दर्शन, स्पर्श, पादप्रक्षालन र आसन आदि दिने अवसर मिल्यो भने त फेरि बाँकी नै के रह्यो र?

सान्निध्यात्ते महायोगिन्पातकानि महान्त्यपि।
सद्यो नश्यन्ति वै पुंसां विष्णोरिव सुरेतराः॥ ३४॥

पदार्थ—
महायोगिन् = हे महायोगी
विष्णोः = भगवान् विष्णुको
सान्निध्यात् = सान्निध्य प्राप्त गरेर
सुरेतराः = दैत्य र राक्षसहरू जसरी
नश्यन्ति = नष्ट हुन्छन्
इव = त्यसै गरी
ते = तपाईंको सान्निध्यलाई प्राप्त गरेर
पुंसां = मानिसहरूका
महान्ति = ठुला-ठुला
पातकानि = पातक
अपि = पनि
वै = निश्चय नै
सद्यः = तुरुन्त नष्ट हुन्छन्

वाक्यार्थ—हे महायोगी! जसरी भगवान्का अगाडि दैत्यहरू डराउँछन् त्यसै गरी तपाईंको सन्निधिले ठुलाठुला पापहरू पनि तत्काल नष्ट हुन्छन्।

अपि मे भगवान् प्रीतः कृष्णः पाण्डुसुतप्रियः।
पैतृष्वसेयप्रीत्यर्थं तद्गोत्रस्यात्तबान्धवः॥ ३५॥

पदार्थ—

पैतृष्वसेयप्रीत्यर्थं = आफ्ना फुपूका छोरा पाण्डवलाई प्रसन्न गराउनका लागि
तद्‌गोत्रस्य = पाण्डवहरूकै कुलमा उत्पन्न मसँग पनि
आत्तबान्धवः = बन्धुत्वको सम्बन्ध स्वीकार गर्ने
पाण्डुसुतप्रियः = पाण्डुपुत्रमा प्रेम गर्ने
भगवान् = भगवान्
कृष्णः = कृष्ण
अपि = पनि
मे = ममाथि
प्रीतः = प्रसन्न हुनुभएको छ

वाक्यार्थ— पाण्डवहको वंशको बन्धुत्व स्वीकार गर्ने पाण्डवहका प्रिय भगवान् श्रीकृष्ण आफ्ना फुपूका छोराहरूको खुसीको लागि पनि अवश्य ममाथि प्रसन्न हुनुभएको छ।

अन्यथा तेऽव्यक्तगतेर्दर्शनं नः कथं नृणाम्।
नितरां म्रियमाणानां संसिद्धस्य वनीयसः॥ ३६॥

पदार्थ—

अन्यथा = भगवान् श्रीकृष्णको कृपा नभएको भए
अव्यक्तगतेः = अव्यक्त गति
संसिद्धस्य = ब्रह्मज्ञानी हुनाले कृतकृत्य हुनुभएका
वनीयसः = वनवासी
ते = तपाईंको
दर्शनं = दर्शन
नृणाम् = संसारी मनुष्यहरूका लागि
नितरां = सर्वथा
म्रियमाणानां = मृत्युको समय
नः = हामीहरूका लागि
कथं = कसरी हुन्थ्यो

वाक्यार्थ— भगवान् श्रीकृष्णको कृपा नभएको भए तपाईंजस्ता वनवासी, अव्यक्त गति परमसिद्ध पुरुष स्वयं आएर मजस्तो प्राकृत मनुष्यलाई किन दर्शन दिनुहुन्थ्यो ?

अतः पृच्छामि संसिद्धिं योगिनां परमं गुरुम्।
पुरुषस्येह यत्कार्यं म्रियमाणस्य सर्वथा॥ ३७॥

पदार्थ—

अतः = यसकारण
योगिनां = योगीहरूका पनि
परमं = परम
गुरुम् = गुरु भएका तपाईंलाई
संसिद्धिं = मोक्षको उपाय
पृच्छामि = सोध्दछु
इह = यहाँ
म्रियमाणस्य = मर्न लागेको
पुरुषस्य = व्यक्तिका लागि
सर्वथा = सर्वथा
यत् = जुन
कार्यं = गर्न योग्य छ त्यसका विषयमा सोध्दछु

वाक्यार्थ— तपाईं योगीका परम गुरु हुनुहुन्छ। म तपाईंसँग परम सिद्धि र साधनको सम्बन्धमा प्रश्न गर्दछु। जो व्यक्ति मर्न लागेको छ, उसले के गर्नुपर्दछ ?

यच्छ्रोतव्यमथो जप्यं यत्कर्तव्यं नृभिः प्रभो ।

स्मर्तव्यं भजनीयं वा ब्रूहि यद् वा विपर्ययम् ॥ ३८ ॥

पदार्थ–

प्रभो = हे प्रभो
अथ = यसपछि
नृभिः = मनुष्यहरूले
यत् = जुन कुरा
श्रोतव्यम् = श्रवण गर्न योग्य छ
स्मर्तव्यं = स्मरण गर्नुपर्ने कुरा
भजनीयं = अवश्य आराधना गर्नुपर्ने
यत् = जुन कुरा
जप्यं = जप्न योग्य
कर्तव्यं = गर्न योग्य
यत् वा = अथवा
विपर्ययम् = पहिले सोधिएका कुराहरूको ठिक उल्टो (जुन कुरा गर्नुहुन्न, जुन कुरा सुन्नुहुँदैन जुन कुराको जप गर्नुहुँदैन र अनि जुन कुराको आराधना गर्नुहुँदैन त्यो सब कुराको विषयमा)
ब्रूहि = भन्नुहोस्

वाक्यार्थ– हे प्रभु ! यो पनि बताउनुहोस् कि मनुष्यमात्रले के गर्नुपर्दछ ? कसको श्रवण, जप, स्मरण, भजन गर्नुपर्दछ र कुन कुराको त्याग गर्नुपर्दछ ?

नूनं भगवतो ब्रह्मन् गृहेषु गृहमेधिनाम् ।

न लक्ष्यते ह्यवस्थानमपि गोदोहनं क्वचित् ॥ ३९ ॥

पदार्थ–

ब्रह्मन् = हे ब्रह्मरूप शुकदेवजी
क्वचित् = कहीँ
गृहमेधिनाम् = गृहस्थहरूको
गृहेषु = घरमा
भगवतः = तपाईंको
अवस्थानम् = अवस्थिति
गोदोहनं = गाई दुहुका लागि लाग्ने
अपि = पनि
नूनं हि = निश्चय नै
न लक्ष्यते = देखिँदैन

वाक्यार्थ– हे शुकदेव ! तपाईंको दर्शन अत्यन्त दुर्लभ छ, किनभने गाई दुहुनका लागि जति समय लाग्छ त्यति समयभन्दा बढी समय तपाईं गृहस्थहरूको घरमा बस्नुहुन्न।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवमाभाषितः पृष्टः स राज्ञा श्लक्ष्णया गिरा ।

प्रत्यभाषत धर्मज्ञो भगवान् बादरायणिः ॥ ४० ॥

पदार्थ–

एवम् = यसप्रकार
श्लक्ष्णया = मिठो
गिरा = वाणीले
राज्ञा = राजा परीक्षित्ले
आभाषितः = आफ्नो कुरा व्यक्त गरिएका र
पृष्टः = प्रश्न गरिएका
सः = ती
धर्मज्ञः = धर्मज्ञ

भगवान् = भगवान्
बादरायणिः = शुकदेवजीले
प्रत्यभाषत = उत्तर दिन
लाग्नुभयो

वाक्यार्थ– जब राजाले अत्यन्त मधुर वाणीले यसप्रकार भन्नुभयो र प्रश्न गर्नुभयो तब समस्त धर्मका मर्मज्ञ व्यासनन्दन भगवान् शुकदेवजीले उहाँका प्रश्नको उत्तर दिन लाग्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां प्रथमस्कन्धे

शुकागमनं नामैकोनविंशोऽध्यायः॥ १९॥

इति प्रथमः स्कन्धः समाप्तः॥

द्वितीयः स्कन्धः

अथ प्रथमोऽध्यायः

ध्यानविधि एवं भगवान्को विराट्स्वरूपको वर्णन

शुक उवाच (शुकदेवजीले भन्नुभयो)

वरीयानेष ते प्रश्नः कृतो लोकहितं नृप।

आत्मवित्सम्मतः पुंसां श्रोतव्यादिषु यः परः॥ १॥

पदार्थ—

नृप = हे राजा
ते = तपाईंले
कृतः = गर्नुभएको
एषः = यो
प्रश्नः = प्रश्न
वरीयान् = श्रेष्ठ छ (जसबाट)
लोकहितं = लोकको हित हुने देखिन्छ
यः = जुन प्रश्न
आत्मवित्सम्मतः = आत्मज्ञानी-हरूद्वारा आदर गरिएको र
पुंसां = पुरुषहरूका लागि
श्रोतव्यादिषु = श्रवण, स्मरण र कीर्तन गर्न योग्य पदार्थहरूमध्ये
परः = श्रेष्ठ छ

वाक्यार्थ— हे परीक्षित्! तपाईंले लोकहितका लागि गर्नुभएको यो प्रश्न ज्यादै उत्तम छ। मनुष्यका लागि जति पनि कुराहरू सुन्न, स्मरण गर्न र कीर्तन गर्न योग्य छन् ती कुराहरूमध्ये यो अत्यन्त श्रेष्ठ कुरो हो। आत्मज्ञानी महापुरुष यसप्रकारको प्रश्नको आदर गर्दछन्।

श्रोतव्यादीनि राजेन्द्र नृणां सन्ति सहस्रशः।

अपश्यतामात्मतत्त्वं गृहेषु गृहमेधिनाम्॥ २॥

पदार्थ—

राजेन्द्र = हे महाराज
आत्मतत्त्वं = आत्मतत्त्वलाई
अपश्यताम् = नजान्ने
गृहेषु = घरमा रहेका हुनाले
गृहमेधिनाम् = गृहस्थधर्मको पालनमा लागेका
नृणां = मनुष्यहरूका लागि
सहस्रशः = हजारौं
श्रोतव्यादीनि = सुन्नुपर्ने, गर्नुपर्ने आदि कुराहरू
सन्ति = छन्

वाक्यार्थ— हे महाराज! जो गृहस्थहरू घरका काममा फसेका छन्, जसले आफ्नो स्वरूपलाई जान्न सकेका छैनन् उनीहरूले हजारौं कुराहरू सुन्नुपर्ने, सोच्नुपर्ने र गर्नुपर्ने हुन्छन्।

निद्रया ह्रियते नक्तं व्यवायेन च वा वयः।

दिवा चार्थेहया राजन् कुटुम्बभरणेन वा॥ ३॥

पदार्थ—

राजन् = हे महाराज	**व्यवायेन** = स्त्रीप्रसङ्गद्वारा	**अर्थेहया** = धन कमाउने चिन्ता
नक्तं = रातमा	**ह्रियते** = बित्छ	**वा** = अथवा
वयः = आयु	**दिवा च** = अनि दिनको आयु चाहिँ	**कुटुम्बभरणेन** = परिवारको पालन र पोषण गरेर बित्छ
निद्रया = निद्राद्वारा		
च = र		

वाक्यार्थ— उनीहरूको रात निद्रा र स्त्रीप्रसङ्गले बितिरहेको हुन्छ भने दिनचाहिँ धन कमाउने चिन्ता र परिवारको पालनपोषणको चिन्ताले बितिरहेको हुन्छ।

देहापत्यकलत्रादिष्वात्मसैन्येष्वसत्स्वपि ।
तेषां प्रमत्तो निधनं पश्यन्नपि न पश्यति ॥ ४ ॥

पदार्थ—

असत्सु = असत्य	**देहापत्यकलत्रादिषु** = शरीर, सन्तान र पत्नी आदिमा	**निधनं** = विनाशलाई
आत्मसैन्येषु = आफ्ना सहायक भएका	**प्रमत्तः** = आसक्त भएर	**पश्यन् अपि** = देख्दादेख्दै पनि
	तेषां = तिनीहरूको	**न पश्यति** = देख्दैन

वाक्यार्थ— असत्य आफ्ना सहायक भएका शरीर, सन्तान र पत्नी आदिमा आसक्त भएर तिनीहरूको विनाशलाई देख्दादेख्दै पनि देख्दैन।

तस्माद्भारत सर्वात्मा भगवानीश्वरो हरिः ।
श्रोतव्यः कीर्तितव्यश्च स्मर्तव्यश्चेच्छताभयम् ॥ ५ ॥

पदार्थ—

भारत = हे भरतवंशी राजा	**भगवान्** = भगवान्	**च** = र
तस्मात् = त्यसकारण	**ईश्वरः** = ईश्वर	**स्मर्तव्यः च** = स्मरण पनि गर्नुपर्दछ
अभयम् = मोक्ष	**हरिः** = हरि भगवान्का	
इच्छता = चाहने मनुष्यले	**श्रोतव्यः** = (गुणहरूको) श्रवण गर्नुपर्दछ	
सर्वात्मा = सबैका आत्मा भएका	**कीर्तितव्यः** = कीर्तन गर्नुपर्दछ	

वाक्यार्थ— त्यसकारण हे भरतवंशी राजा ! जसले अभयपदलाई प्राप्त गर्न चाहन्छ उसले सर्वात्मा, सर्वशक्तिमान् भगवान् श्रीकृष्णको लीलाहरूको श्रवण, कीर्तन र स्मरण गर्नुपर्दछ।

विवरण— यस श्लोकमा आएको **श्रोतव्यः कीर्तितव्यः स्मर्तव्यः** यो अंश श्रीमद्‌भागवतको प्रथमस्कन्धको अन्तिम अध्यायको ३८औँ श्लोकमा राजा परीक्षित्‌ले शुकेदवसँग गरेका

मनुष्यमात्रले गर्नुपर्ने कर्तव्य के हो ? उसले कसको श्रवण गर्नुपर्दछ ? कसको जप गर्नुपर्दछ ? कसको भजन गर्नुपर्दछ ? अनि कसको त्याग गर्नुपर्दछ ? यी प्रश्नहरूको उत्तरको रूपमा आएको छ। त्यसको उत्तर भगवान् शुकदेवले यसप्रकार दिनुभएको छ– जो मनुष्य मृत्युको मुखबाट बाँच्न चाहन्छ र अभयपदलाई प्राप्त गर्न चाहन्छ। उसले भगवान्का गुणहरूको श्रवण गर्नुपर्दछ, भगवान्का गुणहरूको कीर्तन गाउनुपर्दछ र भगवान्का गुणहरूको स्मरण गर्नुपर्दछ।

एतावान् साङ्ख्ययोगाभ्यां स्वधर्मपरिनिष्ठया।
जन्मलाभः परः पुंसामन्ते नारायणस्मृतिः॥ ६॥

पदार्थ–

पुंसाम् = मानिसहरूको **परःजन्मलाभः** =जीवनप्राप्तिको परम सफलता **एतावान्** = यही हो कि	**साङ्ख्ययोगाभ्यां** = सांख्य र योगद्वारा **स्वधर्मपरिनिष्ठया**= स्वधर्मनिष्ठा-द्वारा	**अन्ते** = मरणको समयमा **नारायणस्मृतिः** = भगवान् नारायणको स्मरण हुन सकोस्

वाक्यार्थ– मनुष्यजन्मलाई प्राप्त गर्नु एकमात्र प्रयोजन यही हो कि ज्ञानले होस् अथवा भक्तिले होस् अथवा स्वधर्मको निष्ठाले होस्, आफ्नो जीवनलाई यस्तो बनाउनु पर्दछ कि जसबाट मृत्युको समयमा भगवान्‌को स्मरण होस्।

प्रायेण मुनयो राजन् निवृत्ता विधिषेधतः।
नैर्गुण्यस्था रमन्ते स्म गुणानुकथने हरेः॥ ७॥

पदार्थ–

राजन् = हे राजा **नैर्गुण्यस्थाः** = गुणातीत ब्रह्ममा स्थित भएकाले **विधिषेधतः** = विधि र निषेधको मर्यादाबाट	**निवृत्ताः** = हटेका **मुनयः** = मुनिहरू **प्रायेण** = प्रायः **हरेः** = हरि भगवान्‌को	**गुणानुकथने** = गुणहरूको वर्णनमा **रमन्ते स्म** = रमाउँदछन्

वाक्यार्थ– हे राजा परीक्षित् ! जो महापुरुषहरू बह्मको निर्गुण स्वरूपमा स्थित छन्, जसले विधि र निषेधको मर्यादालाई नाघिसकेका छन् त्यस्ता ठूलाठूला ऋषिमुनिहरू पनि प्रायः भगवान्‌को कल्याणमय गुणहरूको वर्णनमा रमाउँछन्।

इदं भागवतं नाम पुराणं ब्रह्मसम्मितम्।
अधीतवान् द्वापरादौ पितुर्द्वैपायनादहम्॥ ८॥

पदार्थ–

अहम् = म	**भागवतं नाम** = भागवत नाम गरिएको	**पितुः** = आफ्ना पिता
ब्रह्मसम्मितम् = वेदतुल्य	**पुराणं** =पुराण	**द्वैपायनात्** = वेदव्यासबाट
इदं = यो	**द्वापरादौ** = द्वापरको अन्त्यमा	**अधीतवान्** = पढेँ

वाक्यार्थ– द्वापरको अन्त्यमा मैले आफ्ना पिता कृष्णद्वैपायनबाट यो भगवद्‌रूप अथवा वेदतुल्य श्रीमद्‌भागवत नामक महापुराणको अध्ययन गरेँ।

परिनिष्ठितोऽपि नैर्गुण्य उत्तमश्लोकलीलया।

गृहीतचेता राजर्षे आख्यानं यदधीतवान्॥ ९॥

पदार्थ–

राजर्षे = हे राजर्षि	**उत्तमश्लोकलीलया** = भगवान् नारायणको लीलाबाट	**आख्यानं** = यो श्रीमद्‌भागवत कथा
नैर्गुण्ये = निर्गुण ब्रह्ममार्गमा	**गृहीतचेता** = आकृष्ट चित्त भएर	**अधीतवान्** = पढेँ
परिनिष्ठितः अपि = स्थिर अन्तःकरणवाला भए तापनि (म)	**यद्** = जुन	

वाक्यार्थ– राजर्षे ! मेरो निर्गुण स्वरूप परमात्मामा पूर्ण निष्ठा छ तापनि भगवान् श्रीकृष्णको मधुर लीलाले मेरो हृदयलाई हठात् आफूतिर आकर्षित गरेको हुनाले मैले यो यो श्रीमद्‌भागवत कथाको अध्ययन गरेँ।

तदहं तेऽभिधास्यामि महापौरुषिको भवान्।

यस्य श्रद्दधतामाशु स्यान्मुकुन्दे मतिः सती॥ १०॥

पदार्थ–

यस्य = जुन भगवान्‌को कथामा	**मतिः** = भक्ति	**अभिधास्यामि** = भन्नेछु (किनभने)
श्रद्दधताम् = श्रद्धा गर्ने मनुष्यहरूको	**स्यात्** = हुन्छ	**भवान्** = तपाईं
आशु = चाँडै नै	**तत्** = त्यो भागवत	**महापौरुषिकः** = भगवान्‌को भक्त हुनुहुन्छ
मुकुन्दे = भगवान् श्रीकृष्णमा	**अहं** = म	
सती = अव्यभिचारिणी	**ते** = तपाईंलाई	

वाक्यार्थ– तपाईं भगवान्‌को परम भक्त हुनुहुन्छ। त्यसकारण म तपाईंलाई भागवत सुनाउँछु। जो भागवतसँग श्रद्धा राख्दछन् उनीहरूको शुद्ध चित्तवृत्ति भगवान् श्रीकृष्णका चरणमा अनन्यप्रेमका साथ चाँडै नै लागिहाल्दछ।

एतन्निर्विद्यमानानामिच्छतामकुतोभयम्।

योगिनां नृप निर्णीतं हरेर्नामानुकीर्तनम् ॥ ११ ॥

पदार्थ—

नृप = हे राजा **निर्विद्यमानानाम्** = मुमुक्षुहरूका लागि (मोक्षको साधनका रूपमा)	**इच्छताम्** = भोग प्राप्त गर्न चाहने मनुष्यहरूका लागि (भोगको साधनको रूपमा) **योगिनां** = ज्ञानीहरूका लागि **अकुतोभयम्** = ज्ञानको फल मोक्षको लागि	**हरेः** = भगवान् नारायणको **एतत्** = यही **नामानुकीर्तनम्** = नामकीर्तन नै उपाय हो भनी **निर्णीतं** = ब्रह्मज्ञानीहरूद्वारा निर्णय गरिएको छ

वाक्यार्थ— हे राजा ! मुमुक्षुहरूका लागि मोक्षको साधनका रूपमा र भोग प्राप्त गर्न चाहने मनुष्यहरूका लागि भोगको साधनको रूपमा ज्ञानीहरूका लागि ज्ञानको फल मोक्षको लागि भगवान् नारायणको यही नामकीर्तन नै उपाय हो भनी ब्रह्मज्ञानीहरूद्वारा निर्णय गरिएको छ।

किं प्रमत्तस्य बहुभिः परोक्षैर्हायनैरिह ।

वरं मुहूर्तं विदितं घटते श्रेयसे यतः ॥ १२ ॥

पदार्थ—

प्रमत्तस्य = घर आदिमा आसक्त भएका पुरुषका लागि **परोक्षैः**= नजानीकन बितेका **बहुभिः** = धेरै **हायनैः** = वर्षहरूद्वारा	**किं** = के प्रयोजन सिद्ध हुन्छ र **इह** = यस लोकमा **विदितं** = जानिएको **मुहूर्तं** = एक मुहूर्त पनि **वरं** = श्रेष्ठ हो (किनभने)	**यतः** = जुन मुहूर्तद्वारा (साधक मनुष्य) **श्रेयसे** = मोक्षप्राप्तिका लागि **घटते** = यत्न गर्न सक्दछ

वाक्यार्थ— आफ्नो कल्याण कसरी हुन्छ भन्ने कुरा नजानेका मनुष्यहरूको लामो आयु पनि विना प्रयोजन त्यत्तिकै बितिरहेको हुन्छ। यसबाट के लाभ ? सावधानीले ज्ञानपूर्वक बितेको दुई घडीको आयु पनि श्रेष्ठ हो किनभने यसैद्वारा मोक्षप्राप्तिका लागि यत्न गर्न सकिन्छ।

खट्वाङ्गो नाम राजर्षिर्ज्ञात्वेयत्तामिहायुषः ।

मुहूर्तात् सर्वमुत्सृज्य गतवानभयं हरिम् ॥ १३ ॥

पदार्थ—

खट्वाङ्गः नाम = खट्वाङ्ग नाम गरेका **राजर्षिः** = राजा **इह**= यस पृथिवीमा **आयुषः** = आयुको	**इयत्ताम्** = समाप्तिलाई **ज्ञात्वा** = जानेर **सर्वम्** = कुटुम्व आदि सबैलाई **उत्सृज्य** = छाडेर **अभयं** = भयलाई नाश गर्ने	**हरिम्** = हरिलाई **मुहूर्तात्** =एक मुहूर्तमा नै **गतवान्** = प्राप्त गर्नुभयो

वाक्यार्थ– राजर्षि खट्वाङ्गले आफ्नो आयुको समाप्तिलाई जानेर सम्पूर्ण पदार्थहरूको परित्याग गरेर दुई घडीमा भगवान्को अभयपदलाई प्राप्त गर्नुभएको थियो।

तवाप्येतर्हि कौरव्य सप्ताहं जीवितावधिः।
उपकल्पय तत्सर्वं तावद् यत्साम्परायिकम्॥ १४॥

पदार्थ–

कौरव्य = कुरुवंशमा उत्पन्न भएका हे परीक्षित्	**जीवितावधिः** = बाँच्ने अवधि	**साम्परायिकम्** = परलोकको साधन छ
तव = तपाईंको	**सप्ताहं** = सात दिनसम्मको छ	**तत्सर्वं** = त्यो सबै
एतर्हि = अहिले पनि	**तावत्** = ती सात दिनभित्रमा	**उपकल्पय** = सम्पन्न गर्नुहोस्
	यत् = जुन	

वाक्यार्थ– हे परीक्षित्! तपाईंको जीवनको अवधि अझैं सात दिन बाँकी छ। यस अवधिभित्र तपाईं परमकल्याणका लागि जे गर्न चाहनुहुन्छ त्यो गरिहाल्नुहोस्।

अन्तकाले तु पुरुष आगते गतसाध्वसः।
छिन्द्यादसङ्गशस्त्रेण स्पृहां देहेऽनु ये च तम्॥ १५॥

पदार्थ–

अन्तकाले = अन्तकाल	**असङ्गशस्त्रेण** = वैराग्यरूपी	**ये च** = जुन स्त्रीपुत्र आदिहरू छन् तिनीहरूमा भएको आसक्तिलाई
आगते = अगाडि आइसकेपछि	**देहे** = शरीरमा	**छिन्द्यात्** = काट्नुपर्छ
तु = चाहिँ	**स्पृहां** = सुखको इच्छा र	
पुरुष = मनुष्यले	**तम् अनु** = शरीरसँग सम्बन्ध राख्ने	
गतसाध्वसः = मरणको भयले रहित भएर		

वाक्यार्थ– मृत्युको समय आएपछि मनुष्यले विचलित हुनुहुँदैन। वैराग्यरूपी शस्त्रले शरीर र शरीरसम्बन्धी स्त्रीपुत्र आदिपदार्थहरूप्रतिको ममतालाई काट्नुपर्दछ।

गृहात् प्रव्रजितो धीरः पुण्यतीर्थजलाप्लुतः।
शुचौ विविक्त आसीनो विधिवत्कल्पितासने॥ १६॥
अभ्यसेन् मनसा शुद्धं त्रिवृद्ब्रह्माक्षरं परम्।
मनो यच्छेज्जितश्वासो ब्रह्मबीजमविस्मरन्॥ १७॥

पदार्थ–

धीरः = जितेन्द्रिय
गृहात् = घरबाट
प्रव्रजितः = निक्लेर
पुण्यतीर्थजलाप्लुतः = पुण्यतीर्थको जलमा स्नान गरेर
शुचौ = पवित्र र
विविक्ते = एकान्त
विधिवत्कल्पितासने = विधिपूर्वकको आसनमा
आसीनः = बसेर
त्रिवृत् = अकार, उकार र मकारले
शुद्धं = शुद्ध
परम् = अरू मन्त्रहरूभन्दा श्रेष्ठ
ब्रह्माक्षरं = प्रणवलाई
मनसा = मनले
अभ्यसेत् = जपोस्
जितश्वासः = प्राणमाथि विजय प्राप्त गरेर
ब्रह्मबीजम् = प्रणवको
अविस्मरन् = स्मरण गर्दै
मनः = मनको
यच्छेत् =नियन्त्रण गरोस्

वाक्यार्थ— धैर्यपूर्वक घरबाट निक्लेर तीर्थको जलमा स्नान गरेर पवित्र तथा एकान्त स्थलमा विधिपूर्वक आसन लगाएर बस्नुपर्दछ। तत्पश्चात् परमपवित्र अ, उ, म, यी तीन मात्राहरूले युक्त भएको प्रणवको मनैमन जप गर्नुपर्दछ। प्राणवायुलाई वशमा राखेर मनको नियन्त्रण गर्नुपर्दछ।

नियच्छेद् विषयेभ्योऽक्षान् मनसा बुद्धिसारथिः।
मनः कर्मभिराक्षिप्तं शुभार्थे धारयेद्धिया ॥ १८ ॥

पदार्थ—

बुद्धिसारथिः = बुद्धिलाई सारथि बनाएर
मनसा = मनद्वारा
अक्षान् = इन्द्रियहरूलाई
विषयेभ्यः = विषयहरूबाट
नियच्छेत् = फर्काओस्
कर्मभिः = कर्मको वासनाद्वारा
आक्षिप्तं = चञ्चल भएको
मनः = मनलाई
धिया = विचारद्वारा
शुभार्थे = भगवान्को मङ्गलमय रूपमा
धारयेत् = लगाओस्

वाक्यार्थ— बुद्धिलाई सारथि बनाएर मनद्वारा इन्द्रियहरूलाई उनीहरूको विषयबाट हटाउनुपर्छ। कर्मको वासनाद्वारा चञ्चल भएको मनलाई रोकेर भगवान्को मङ्गलमय रूपमा लगाउनुपर्दछ।

तत्रैकावयवं ध्यायेदव्युच्छिन्नेन चेतसा।
मनो निर्विषयं युक्त्वा ततः किञ्चन न स्मरेत्॥
पदं तत्परमं विष्णोर्मनो यत्र प्रसीदति ॥ १९ ॥

पदार्थ—

तत्र = भगवान्को श्रीविग्रहमा
अव्युच्छिन्नेन = स्थिर
चेतसा = चित्तद्वारा
एकावयवं = कुनै एक अङ्गको
ध्यायेत् = ध्यान गरोस्
मनः = मनलाई
निर्विषयं युक्त्वा = परमानन्दस्वरूप परमात्माको आकारमा आकारित गरेर
ततः = त्यसपछि
किञ्चन = केही पनि
न स्मरेत् = नसम्झोस्
विष्णोः = भगवान् विष्णुको
तत् = त्यो
परमं पदं = परमपद हो

यत्र = जुन पदलाई प्राप्त गरेर
मनः = मन
प्रसीदति = भगवत् प्रेमरूप आनन्दले प्रसन्न हुन्छ

वाक्यार्थ– स्थिर चित्तले भगवान्को श्रीविग्रहको कुनै एक अङ्गको ध्यान गर्दा गर्दै विषयवासनारहित मनलाई पूर्णरूपले भगवान्मा यसरी तल्लीन गर्नुपर्दछ कि फेरि कुनै विषयको चिन्तन नै नहोस्, त्यही नै भगवान् विष्णुको परमपद हो जसलाई प्राप्त गरेर मन भगवत्प्रेममय आनन्दले परिपूर्ण हुन्छ।

रजस्तमोभ्यामाक्षिप्तं विमूढं मन आत्मनः।
यच्छेद्धारणया धीरो हन्ति या तत्कृतं मलम्॥ २०॥

पदार्थ–

आत्मनः = आफ्नो
मनः = मन (जुन वेला)
रजस्तमोभ्याम् = रजोगुण र तमोगुणद्वारा
आक्षिप्तं = विक्षिप्त र
विमूढं = मूढ हुन्छ (त्यस समयमा)
धीरः = धीर भएर
धारणया = धारणाद्वारा
यच्छेत् = मनलाई नियन्त्रण गरोस्
या = जुन धारणा
तत्कृतं = रजोगुण र तमोगुणको कारण भएको
मलम् = मललाई
हन्ति = नाश गर्दछ

वाक्यार्थ– यदि भगवान्को ध्यान गर्दा मन रजोगुणले विक्षिप्त र तमोगुणले मूढ भयो भने विचलित हुनुहुँदैन। धैर्यपूर्वक योगधारणाद्वारा मनलाई वशमा राख्नुपर्दछ। किनभने धारणाले उक्त दुइओटै गुणहरूको दोषलाई हटाइदिन्छ।

यस्यां सन्धार्यमाणायां योगिनो भक्तिलक्षणः।
आशु सम्पद्यते योग आश्रयं भद्रमीक्षतः॥ २१॥

पदार्थ–

यस्यां = जुन धारणा
सन्धार्यमाणायां = राम्रोसँग स्थिर भएपछि
भद्रम् = मङ्गलरूप
आश्रयं = भगवत्स्वरूपको
ईक्षतः = अनुभव गर्ने
योगिनः = योगीका लागि
भक्तिलक्षणः = भक्तिरूप
योगः = योग
आशु = चाँडै नै
सम्पद्यते = सम्पन्न हुन्छ

वाक्यार्थ– धारणा स्थिर भएपछि ध्यानमा जब योगी आफ्नो परममङ्गल भगवान्लाई देख्दछ, तब उसलाई तुरुन्त भक्तियोगको प्राप्ति हुन्छ।

राजोवाच (राजा परीक्षित्ले भन्नुभयो)

यथा सन्धार्यते ब्रह्मन् धारणा यत्र सम्मता।

यादृशी वा हरेदाशु पुरुषस्य मनोमलम्॥ २२॥

पदार्थ–

ब्रह्मन् = हे शुकदेवजी	**यत्र** = जुन स्वरूपमा रहेको	**हरेत्** = नष्ट गरिदिन्छ
यथा = जसरी	**सम्मता** = उक्त धारणाले	(त्यो धारणाको विषयमा
यादृशी = जुन	**पुरुषस्य** = पुरुषको	मलाई बताउनुहोस्)
धारणा = धारणा	**मनोमलम्** = मनको मैलोलाई	
सन्धार्यते = गरिन्छ	**आशु** = चाँडै	

वाक्यार्थ– हे शुकदेवजी ! धारणा कुन साधनले, कुन वस्तुमा, कुन प्रकारले गरिन्छ अनि धारणाको स्वरूप के हो जुन धारणाले चाँडै नै मनुष्यको मनको मैलालाई हटाइदिन्छ।

शुक उवाच (शुकदेवजीले भन्नुभयो)

जितासनो जितश्वासो जितसङ्गो जितेन्द्रियः।

स्थूले भगवतो रूपे मनः सन्धारयेद् धिया॥ २३॥

पदार्थ–

जितासनः = आसनमाथि विजय	**जितेन्द्रियः** = इन्द्रियहरूमाथि	**भगवतः** = भगवान्‌को
प्राप्त गरेर	विजय प्राप्त गरेर	**स्थूले** = स्थूल
जितश्वासः = प्राणमाथि विजय	**जितसङ्गः** = आसक्तिमाथि	**रूपे** = रूपमा
प्राप्त गरेर	विजय प्राप्त गरेर	**मनः** = मनलाई
	धिया = बुद्धिद्वारा	**सन्धारयेत्** = लगाओस्

वाक्यार्थ– आसन, श्वास, आसक्ति र इन्द्रियमाथि विजय प्राप्त गरेर फेरि बुद्धिद्वारा पहिले मनलाई भगवान्‌को स्थूलरूपमा लगाउनुपर्दछ।

विशेषस्तस्य देहोऽयं स्थविष्ठश्च स्थवीयसाम्।

यत्रेदं दृश्यते विश्वं भूतं भव्यं भवच्च सत्॥ २४॥

पदार्थ–

अयं = यो	**स्थवीयसाम्** = स्थूलहरूमध्ये	**भवत् च सत्** = अहिले भइरहेको
विशेषः = ब्रह्माण्डात्मक समष्टि	**स्थविष्ठः** = अत्यन्त स्थूल हो	**इदं** = यो
विराट् देह	**यत्र** = भगवान्‌को जुन देहमा	**विश्वं** = संसार
तस्य = ती भगवान्‌को	**भूतं** = पहिले भएको	**दृश्यते** = देखिन्छ
देहः = शरीर हो (यो देह)	**भव्यं** = पछि हुने	

वाक्यार्थ– पहिले भइसकेको र पछि हुनेवाला कार्यरूप सम्पूर्ण विश्व जसमा देखिएको छ, त्यही भगवान्‌को विराट् शरीर हो।

आण्डकोशे शरीरेऽस्मिन् सप्तावरणसंयुते।
वैराजः पुरुषो योऽसौ भगवान् धारणाश्रयः॥ २५॥

पदार्थ–

सप्तावरणसंयुते = जल, तेज, वायु, आकाश, अहङ्कार, महत्तत्त्व र प्रकृति यी सात आवरणले युक्त भएको	**आण्डकोशे**= ब्रह्माण्डरूप	**असौ** = उहाँ
अस्मिन्= यो	**शरीरे** = शरीरमा	**भगवान्** = भगवान्
	यः = जो	**धारणाश्रयः** = धारणाको आश्रय हुनुहुन्छ
	वैराजः= विराट्स्वरूप	
	पुरुषः = भगवान् हुनुहुन्छ	

वाक्यार्थ– जल, अग्नि, वायु, आकाश, अहङ्कार, महत्तत्त्व र प्रकृति यी सात आवरणहरूद्वारा घेरिएको यस ब्रह्माण्ड शरीरमा जो विराट्पुरुष भगवान् हुनुहुन्छ उहाँकै धारणा गर्नुपर्दछ।

टिप्पणी– विराट् पुरुषबाट सृष्टि हुने क्रममा विराट् पुरुष अण्डकोशीय शरीरको रूपमा प्रकट हुनुहुन्छ। उक्त शरीरका सात आवरणहरू हुन्छन् ती सात आवरणहरू पृथ्वी, अप्, तेज, वायु, आकाश, अहङ्कार र महत्तत्त्व हुन्।

पातालमेतस्य हि पादमूलं
पठन्ति पार्ष्णिप्रपदे रसातलम्।
महातलं विश्वसृजोऽथ गुल्फौ
तलातलं वै पुरुषस्य जङ्घे॥ २६॥

पदार्थ–

एतस्य = यो विराट्पुरुषको	**रसातलम्** = रसातल हो	**वै** = निश्चय नै
पादमूलं = पैताला	**अथ** = अनि	**पुरुषस्य** = विराट्पुरुषको
हि = निश्चय नै	**विश्वसृजः** = विश्वरूप भगवान्को	**जङ्घे** = पिँडुला
पातालम् = पाताललोक हो	**गुल्फौ** = गोलीगाँठा	**तलातलं** = तलातल हो भनेर
पार्ष्णिप्रपदे = कुर्कुच्चा र गोडाका पन्जाहरू	**महातलं** = महातल हो र	**पठन्ति** = विद्वान्हरू भन्दछन्

वाक्यार्थ– यस विराट्पुरुषको पैताला पाताललोक हो, कुर्कुच्चा र पञ्जाहरू रसातल हुन्, विश्वरूप भगवान्को गोलीगाँठा महातल हो अनि यी विराट्पुरुषको पिँडुलाचाहिँ तलातल हो भनेर विद्वान्हरू भन्दछन्।

द्वे जानुनी सुतलं विश्वमूर्ते-

रूरुद्वयं वितलं चातलं च।

महीतलं तज्जघनं महीपते

नभस्तलं नाभिसरो गृणन्ति॥ २७॥

पद्वार्थ–

विश्वमूर्तेः = विश्वमूर्ति भगवान्को	**वितलं** = वितल	**महीपते** = हे राजा
द्वे = दुई	**च** = र	**नाभिसरः** = भगवान्को नाभिरूप तलाउ नै
जानुनी =घुँडाहरू	**अतलं** = अतल हुन्	**नभस्तलं** = आकाश भनेर
सुतलं = सुतल हुन्	**तज्जघनं** = दुई तिघ्राहरू नै	**गृणन्ति** = विद्वान्हरू भन्दछन्
ऊरुद्वयं = दुई तिघ्रा	**महीतलं** = पृथिवीतल हो	
	च = त्यस्तै	

वाक्यार्थ– विश्वरूप भगवान्का दुई घुँडाहरू सुतल लोक हो। दुई तिघ्राहरू अतल र वितल हुन्। त्यसै गरी हे राजा! भगवान्को नाभिरूप तलाउलाई नै आकाश हो भनेर विद्वान्हरू भन्दछन्।

उरःस्थलं ज्योतिरनीकमस्य

ग्रीवा महर्वदनं वै जनोऽस्य।

तपो रराटीं विदुरादिपुंसः

सत्यं तु शीर्षाणि सहस्रशीर्ष्णः॥ २८॥

पद्वार्थ–

सहस्रशीर्ष्णः = हजारौं शिर भएका	**ग्रीवा** = घाँटी	**रराटीं** = ललाटलाई
अस्य = यस्ता	**महः** = महलोक हो	**तपः** = तपलोक र
आदिपुंसः = आदिपुरुष भगवान्को	**वै** = निश्चय नै	**शीर्षाणि** = मस्तकसमूहलाई
उरःस्थलं = छाती नै	**अस्य** = यी भगवान्को	**तु** = चाहिँ
ज्योतिरनीकम् = स्वर्गलोक हो	**वदनं** = मुखमण्डल	**सत्यं** = सत्यलोक हो भनेर
	जनः = जनलोक हो	**विदुः** = (विद्वान्हरू) जान्दछन्
	त्यसै गरी	

वाक्यार्थ– आदिपुरुष भगवान्को छाती नै स्वर्गलोक हो, घाँटी महर्लोक हो। मुखमण्डल जनलोक हो। त्यसै गरी निधार तपोलोक हो भने उहाँको मस्तकसमूह सत्यलोक हो भनी विद्वान्हरू जान्दछन्।

इन्द्रादयो बाहव आहुरुस्राः

कर्णौ दिशः श्रोत्रममुष्य शब्दः।
नासत्यदस्रौ परमस्य नासे
घ्राणोऽस्य गन्धो मुखमग्निरिद्धः॥ २९॥

पदार्थ—

अमुष्य = यी सर्वात्मा भगवान्का	**दिशः** = पूर्व आदि दिशाहरू हुन्	**घ्राणः** = घ्राणेन्द्रिय
बाहवः = भुजाहरू नै	**श्रोत्रम्** = श्रवणेन्द्रिय	**गन्धः** = गन्धतन्मात्रा हो
उस्राः = तेजोमय	**शब्दः** = शब्द हो	**इद्धः** = प्रज्वलित
इन्द्रादयः = इन्द्र आदि देवताहरू हुन् भनेर	**परमस्य** = परमपुरुषको	**अग्निः** = अग्नि नै
आहुः = भन्दछन् (त्यसै गरी)	**नासे** = नासिकाहरू	**मुखम्** = मुख हो
कर्णौ = कानहरू	**नासत्यदस्रौ** = अश्विनीकुमारहरू हुन् भने	
	अस्य = परमात्माको	

वाक्यार्थ— सर्वात्मा भगवान्का भुजाहरू नै तेजोमय इन्द्रादि देवताहरू हुन्। कान पूर्व आदि दिशाहरू हुन्। श्रवणेन्द्रिय शब्द हो। नासिका अश्विनीकुमारहरू हुन्। घ्राणेन्द्रिय गन्धतन्मात्रा हो भने प्रज्वलित अग्नि उहाँको मुख हो।

द्यौरक्षिणी चक्षुरभूत् पतङ्गः
पक्ष्माणि विष्णोरहनी उभे च।
तद्भ्रूविजृम्भः परमेष्ठिधिष्ण्य-
मापोऽस्य तालू रस एव जिह्वा॥ ३०॥

पदार्थ—

विष्णोः = व्यापक भगवान्को	**पक्ष्माणि** = दुई परेलाहरू	**तालू** = तालुभाग
अक्षिणी = आँखा	**उभे अहनी** = दिन र रात हुन्	**आपः** = जल हो र
द्यौः = अन्तरिक्षलोक हो भने	**तद्भ्रूविजृम्भः** = भगवान्को आँखीभौँको शोभा	**जिह्वा एव** = जिब्रो नै
पतङ्गः = सूर्य नै	**परमेष्ठिधिष्ण्यम्** = ब्रह्मलोक हो	**रसः** = रस हो
चक्षुः = दृष्टिशक्ति	**अस्य** = परमात्माको	
अभूत् = हो		

वाक्यार्थ— व्यापक भगवान्को आँखा अन्तरिक्षलोक हो भने सूर्य नै उहाँको दृष्टिशक्ति हो। उहाँका दुई परेलाहरू रात र दिन हुन् भने उहाँको आँखीभौँको शोभा ब्रह्मलोक हो। विराट्पुरुष भगवान्को तालु जल हो भने उहाँको जिब्रो रस हो।

छन्दांस्यनन्तस्य शिरो गृणन्ति
दंष्ट्रा यमः स्नेहकला द्विजानि ।
हासो जनोन्मादकरी च माया
दुरन्तसर्गो यदपाङ्गमोक्षः ॥ ३१ ॥

पदार्थ–

अनन्तस्य = अनन्त भगवान्को	**च** = र	**दुरन्तसर्गः** = अनन्त सृष्टि
शिरः = शिर	**द्विजानि** = दाँतहरू	बनाउँछ त्यस्तो
छन्दांसि = वेदहरूलाई	**स्नेहकलाः** = स्नेहकलाहरू हुन्	**जनोन्मादकरी** = जगत्लाई
गृणन्ति = भन्दछन्	**यदपाङ्गमोक्षः** = जसको टेढो	मोहित गर्ने
दंष्ट्रा = बङ्गारा	हेराइमात्र पनि	**माया** = मायाशक्ति
यमः = यमराज हुन्		**हासः** = परमात्माको हाँसो हो

वाक्यार्थ– अनन्त भगवान्को शिर वेदहरू हुन् भने बङ्गारा यमराज हुन्। उहाँका दाँतहरू स्नेहकला हुन्। जसको टेडो हेराइमात्रले पनि अनन्त सृष्टि बनाउँछ। त्यस्तो जगत्लाई नै मोहित गर्ने मायाशक्ति परमात्माको हाँसो हो।

व्रीडोत्तरौष्ठोऽधर एव लोभो
धर्मः स्तनोऽधर्मपथोऽस्य पृष्ठम् ।
कस्तस्य मेढ्रं वृषणौ च मित्रौ
कुक्षिः समुद्रा गिरयोऽस्थिसङ्घाः ॥ ३२ ॥

पदार्थ–

उत्तरौष्ठः = माथिल्लो ओठ	**अधर्मपथः** = अधर्ममार्ग	**मित्रौ च** = मित्रावरुण
व्रीडा = लज्जा हो	**अस्य** = यी भगवान्को	**वृषणौ** = अण्डकोश हुन्
अधरः एव = तल्लो ओठ नै	**पृष्ठम्** = पिठिउँ हो	**कुक्षिः** = कोख
लोभः = लोभ हो	**तस्य** = ती परमात्माको	**समुद्राः** = समुद्रहरू हुन्
धर्मः = धर्म	**मेढ्रं** = मूत्रेन्द्रिय	**अस्थिसङ्घाः** = हाडहरू
स्तनः = स्तनप्रदेश हो	**कः** = प्रजापति हुन्	**गिरयः** = पहाडहरू हुन्

वाक्यार्थ– परमात्माको माथिल्लो ओठ लज्जा हो भने तल्लो ओठ लोभ हो। उहाँको स्तनप्रदेश धर्म हो भने पिठ्यूँ नै अधर्म हो। परमात्माको मूत्रेन्द्रिय नै प्रजापति हुन् भने उहाँका अण्डकोश मित्रावरुण हुन्। त्यसै गरी उहाँको कोख नै समुद्र हो भने उहाँका हाडहरू पहाड हुन्।

नद्योऽस्य नाड्योऽथ तनूरुहाणि
महीरुहा विश्वतनोर्नृपेन्द्र ।
अनन्तवीर्यः श्वसितं मातरिश्वा
गतिर्वयः कर्म गुणप्रवाहः ॥ ३३ ॥

पदार्थ—

नृपेन्द्र = हे राजा	**नद्यः** = नदीहरू हुन्	**श्वसितं** = श्वास र प्रश्वास हुन्
अथ = यसै गरी	**तनूरुहाणि** = रौँहरू	**वयः** = समय
अस्य = यी	**महीरुहाः** = वृक्षहरू हुन् अनि	**गतिः** = उहाँको चाल हो
विश्वतनोः = विश्वरूप भगवान्का	**अनन्तवीर्यः** = अत्यधिक बलशाली	**गुणप्रवाहः** = गुणको प्रवाह
नाड्यः = नाडी र नसाहरू	**मातरिश्वा** = वायु नै	**कर्म** = कार्य हो

वाक्यार्थ— विश्वरूप भगवान्का नाडी र नसाहरू नदीहरू हुन् भने उहाँका रौँहरू वृक्ष हुन्। अत्यधिक बलशाली वायु नै उहाँका श्वास र प्रश्वास हुन्। उहाँको चाल समय हो भने गुणहरूको नित्यप्रवाह नै उहाँका कार्य हुन्।

ईशस्य केशान् विदुरम्बुवाहान्
वासस्तु सन्ध्यां कुरुवर्य भूम्नः ।
अव्यक्तमाहुर्हृदयं मनश्च
स चन्द्रमाः सर्वविकारकोशः ॥ ३४ ॥

पदार्थ—

कुरुवर्य = हे कुरुश्रेष्ठ परीक्षित्	**सन्ध्यां तु** = सन्ध्याकालचाहिँ	**सर्वविकारकोशः** = सबै औषधि, अन्न, वृक्ष आदिको कारण भएको
भूम्नः = सर्वव्यापक	**वासः** = वस्त्र (भन्दछन् त्यसै गरी)	**चन्द्रमाः** = चन्द्रमा
ईशस्य = भगवान्को	**हृदयं** = हृदय	**मनः** = मन हो भनेर
केशान् = कपालहरूलाई	**अव्यक्तम्** = मूलप्रकृति हो	**आहुः** = भन्दछन्
अम्बुवाहान् = बादल		
विदुः = भन्दछन्		

वाक्यार्थ— सर्वव्यापक भगवान्का कपालहरू बादलहरू हुन् भने सन्ध्याकाल चाहिँ उहाँको कपडा हो। त्यसै गरी उहाँको हृदय मूलप्रकृति हो भने सबै औषधि, अन्न, वृक्ष आदिको कारण भएको चन्द्रमा उहाँको मन हो।

विज्ञानशक्तिं महिमामनन्ति
सर्वात्मनोऽन्तःकरणं गिरित्रम्।
अश्वाश्वतर्युष्ट्रगजा नखानि
सर्वे मृगाः पशवः श्रोणिदेशे ॥ ३५ ॥

पदार्थ—
सर्वात्मनः = सर्वात्मा भगवान्को
विज्ञानशक्तिं = चित्तलाई
महिम् = महत्तत्त्व भनेर
आमनन्ति = भन्दछन्
गिरित्रम् = रुद्रलाई
अन्तःकरणं = अहङ्कार भनिन्छ
अश्वाश्वतर्युष्ट्रगजाः = घोडा, खच्चर, उँट र हात्तीहरू
नखानि = भगवान्का नङहरू हुन् भने
सर्वे = सम्पूर्ण
मृगाः = मृगका जातिहरू र
पशवः = अरू पशुहरू पनि
श्रोणिदेशे = भगवान्को कम्मरमा स्थित छन्

वाक्यार्थ— सर्वात्मा भगवान्को विज्ञानशक्ति महत्तत्त्व हो। भगवान् रुद्र उहाँको अहङ्कार हुन्। घोडा, खच्चर, ऊँट र हात्तीहरू भगवान्का नङ्हरू हुन्। सम्पूर्ण मृगका प्रजातिहरू र अरू पशुहरू पनि भगवान्को कम्मरमा स्थित छन्।

वयांसि तद्व्याकरणं विचित्रं
मनुर्मनीषा मनुजो निवासः।
गन्धर्वविद्याधरचारणाप्सरः
स्वरस्मृतीरसुरानीकवीर्यः ॥ ३६ ॥

पदार्थ—
वयांसि = विभिन्न पक्षीहरू
विचित्रं = विस्मित पार्ने खालका
तद्व्याकरणं = त्यो परमात्माले गरेका नामरूप आदि विभाग हुन्
मनीषा = बुद्धि नै
मनुः = मनु हुन्
निवासः = निवासस्थान
मनुजः = मानव हो
गन्धर्वविद्याधरचारणाप्सरः = गन्धर्व, विद्याधर, चारण र अप्सराहरू
स्वरस्मृतीः = स्वर जाति वा स्वरग्रामहरू हुन्
असुरानीकवीर्यः = दैत्यसमूह नै पराक्रम भएका भगवान् हुन्

वाक्यार्थ— विभिन्न खालका पक्षीहरू ती परमात्माले गरेका नामरूपादि विभाग हुन्। मनुमहाराज उहाँका बुद्धि हुन्। मनुष्यहरू उहाँका निवासस्थान हुन्। गन्धर्व, विद्याधर, चारण र अप्सराहरू स्वरजाति अथवा स्वरग्रामहरू हुन् भने दैत्यहरू भगवान्का पराक्रम हुन् ।

ब्रह्माननं क्षत्रभुजो महात्मा
विड्रूरुरङ्घ्रिश्रितकृष्णवर्णः ।
नानाभिधाभीज्यगणोपपन्नो
द्रव्यात्मकः कर्म वितानयोगः ॥ ३७ ॥

पदार्थ—

(भगवान्को)	**विड्रूरुरङ्घ्रिश्रितकृष्णवर्णः** = वैश्य नै तिघ्रा हुनुभएका र शुद्रजनद्वारा आश्रित चरणवाला हुनुहुन्छ	**द्रव्यात्मकः** = चरु आदि द्रव्यसाध्य
आननं = मुख	**नानाभिधाभीज्यगणोपपन्नः** = विभिन्न यजनीय वस्तु रुद्रादि देवसमूहले युक्त भएको	**वितानयोगः** = यज्ञादिप्रयोग नै
ब्रह्मा = ब्राह्मण हुन् (त्यसै गरी)		**कर्म** = भगवान्का कर्म हुन्
महात्मा = सर्वात्मा भगवान्		
क्षत्रभुजः = क्षत्रियकुल नै भुजा हुनुभएका		

वाक्यार्थ— भगवान्को मुख ब्राह्मण हुन्। क्षत्रियहरू उहाँका हातहरू हुन्। वैश्यहरू तिघ्राहरू हन्, शूद्रजाति उहाँका चरण हुन्। विभिन्न यजनीय वसु, रुद्र आदि देवसमूहले युक्त भएको चरु आदि द्रव्यसाध्य यज्ञादि प्रयोग नै भगवान्का कर्म हुन्।

इयानसावीश्वरविग्रहस्य
सः सन्निवेशः कथितो मया ते ।
सन्धार्यतेऽस्मिन् वपुषि स्थविष्ठे
मनः स्वबुद्ध्या न यतोऽस्ति किञ्चित् ॥ ३८ ॥

पदार्थ—

ईश्वरविग्रहस्य = विराट् भगवान्को स्थूल शरीरको	**ते** = तिमीलाई	**मनः** = मन
सन्निवेशः = अवयवस्वरूप	**कथितः** = बताइयो	**सन्धार्यते** = लगाइन्छ
इयान् = यत्ति नै हो	**स्थविष्ठे** = अत्यन्त स्थूल	**यतः** = जुन ईश्वरको स्थूलविग्रह बाहेक
यः असौ = जुन विश्वरूप	**अस्मिन्** = यही	**किञ्चित्** = केही पनि
मया = मद्वारा	**वपुषि** = शरीरमा नै	**न अस्ति** = छैन
	स्वबुद्ध्या = विचारद्वारा	

वाक्यार्थ— विराट् भगवान्को स्थूल शरीरको सन्निवेश अर्थात् उहाँका अवयवहरू यत्ति नै हुन्। जुन अवयवहरू यहाँ मैले तपाईंलाई बताएँ। भगवान्को यही स्थूल शरीरमा नै सर्वत्र

भगवद्विचारद्वारा विभिन्न सांसारिक विषयहरूमा घुमिरहने मनलाई लगाइन्छ। भगवान्को स्थूलविग्रहलाई छोडेर यो संसारमा अरू कुनै पनि वस्तु छैन।

स सर्वधीवृत्त्यनुभूतसर्व
आत्मा यथा स्वप्नजनेक्षितैकः।
तं सत्यमानन्दनिधिं भजेत
नान्यत्र सज्जेद् यत आत्मपातः॥ ३९॥

पदार्थ—

यथा = जसरी	**सः** = त्यो	**भजेत** = भज्नुपर्दछ
स्वप्नजनेक्षितैकः = स्वप्नका विविध पदार्थहरूलाई देख्ने पुरुष (एकमात्र छ) त्यसै गरी	**आत्मा** = परमात्मा पनि (एकमात्र छ)	**अन्यत्र** = परमात्मा भन्दा बाहेक सांसारिक वस्तुमा
सर्वधीवृत्त्यनुभूतसर्वः = सबैको बुद्धिवृत्तिद्वारा सम्पूर्ण पदार्थहरूको अनुभव गर्ने	**सत्यम्** = सत्यस्वरूप	**न सज्जेत्** = आसक्ति गर्नुहुँदैन
	आनन्दनिधिं = आनन्दको मूल कारण	**यतः** = जहाँ आसक्ति गर्नाले
	तं = त्यसैलाई	**आत्मपातः** = आफ्नो संसारमा नै पतन भइरहन्छ

वाक्यार्थ— जसरी स्वप्नका विविध पदार्थहरूलाई देख्ने पुरुष एकमात्र छ त्यसै गरी सबको बुद्धिवृत्तिद्वारा सम्पूर्ण पदार्थहरूको अनुभव गर्ने परमात्मा एक हुनुहुन्छ। सत्यस्वरूप र आनन्दको मूल कारण तिनै भगवान्को भजन गर्नुपर्दछ। परमात्माभन्दा बाहेकका सांसारिक वस्तुहरूमा आसक्ति गर्नुहुँदैन जहाँ आसक्ति गर्नाले आफ्नो संसारमै पतन भइरहन्छ।

विवरण— नित्य त्यो वस्तु हो जुन भूत, भविष्य र वर्तमान तीनै कालमा र जाग्रत्, स्वप्न र सुषुप्ति तीनै अवस्थामा रहन्छ। त्यही नित्य वस्तुलाई आत्मा, ब्रह्म, नारायण अथवा परमात्मा पनि भन्दछन्।

जाग्रत्, स्वप्न र सुषुप्तिको साक्षी आत्मा हो। जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरू मनका तीनओटा वृत्तिमात्र हुन्। जाग्रत् मनको सात्त्विक वृत्ति हो, स्वप्न अवस्था राजसवृत्ति हो भने सुषुप्ति अवस्था मनको तामसवृत्ति हो। एक अवस्थामा अरू दुई अवस्थाहरूको अभाव हुन्छ। उदाहरणका लागि जाग्रत्मा जाग्रत् छ तर स्वप्न र सुषुप्ति छैनन्। स्वप्नमा स्वप्न छ तर जाग्रत् र सुषुप्ति छैन। सुषुप्तिमा सुषुप्ति छ तर जाग्रत् र स्वप्न छैन। समाधिमा समाधि छ, तर जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै अवस्थाहरू छैनन्। तर आत्मा जाग्रत्, स्वप्न, सुषुप्ति र समाधि यी चारै अवस्थाहरूमा छ।

संसार भन्नु नै यी तीनओटा अवस्थाहरू हुन्। उक्त तीनओटा अवस्थाहरू परस्परमा यसप्रकार व्यभिचरित हुनाले यिनीहरूको अनित्यता सिद्ध हुन्छ। परन्तु उक्त सम्पूर्ण अवस्थाको साक्षीको

रूपमा अवस्थित हुने हुनाले आत्मा नित्य हो। यसकारण आत्मतत्त्वको भजन गर्नुपर्छ र सांसारिक पदार्थहरूमा आसक्ति गर्नु हुँदैन।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे

महापुरुषसंस्थानुवर्णने प्रथमोऽध्यायः ॥ १ ॥

अथ द्वितीयोऽध्यायः

भगवान्‌का स्थूल एवं सूक्ष्म रूप र क्रममुक्ति एवं सद्योमुक्तिको वर्णन

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

एवं पुरा धारणयाऽऽत्मयोनि-
र्नष्टां स्मृतिं प्रत्यवरुध्य तुष्टात्।
तथा ससर्जेदममोघदृष्टि-
र्यथाप्ययात् प्राग्व्यवसायबुद्धिः॥ १॥

पदार्थ–

एवं = यसप्रकारको जुनधारणा बताइयो	**स्मृतिं** = स्मृतिलाई	**आप्ययात्** = प्रलयहुनुभन्दा
धारणया = त्यस धारणाबाट	**प्रत्यवरुध्य** = प्राप्त गरेर	**प्राक्** = पहिले
तुष्टात् = प्रसन्न हुनुभएका नारायणबाट	**व्यवसायबुद्धिः** = निश्चयात्मिका बुद्धिलाई प्राप्त गरेका	**इदम्** = यो विश्व
पुरा = प्रलयकालमा	**अमोघदृष्टिः** = उक्त धारणाद्वारा अमोघ दृष्टिलाई प्राप्त गरेका	**यथा** = जसरी थियो त्यसै गरी
नष्टां = नष्ट भएको	**आत्मयोनिः** = ब्रह्माजीले	**ससर्ज** = सृष्टि गर्नुभयो

वाक्यार्थ– सृष्टिको प्रारम्भमा ब्रह्माजीले यही धारणाद्वारा प्रसन्न भएका भगवान्‌बाट सृष्टिविषयक स्मृतिलाई प्राप्त गर्नुभएको थियो जुन पहिले प्रलयकालमा लुप्त भएको थियो। यसबाट उहाँको दृष्टि अमोघ र बुद्धि निश्चयात्मिका भयो। त्यसपछि उहाँले यस जगत्‌लाई त्यसै गरी रचना गर्नुभयो जसरी यो प्रलयभन्दा पहिले थियो।

शाब्दस्य हि ब्रह्मण एष पन्था
यन्नामभिर्ध्यायति धीरपार्थैः।
परिभ्रमंस्तत्र न विन्दतेऽर्थान्
मायामये वासनया शयानः॥ २॥

पदार्थ–

शाब्दस्य = शब्दमय	**पन्था** = कर्मफललाई बताउने प्रकार हो	**धीः** = कर्मको फल सत्य हो भनी शब्दहरूद्वारा मनुष्यको बुद्धि
ब्रह्मणः = वेदको	**यत्** = जसलाई	
एषः = यो		

अपार्थैः= निरर्थक **नामभिः**= नामहरूद्वारा **ध्यायति** = तत्तत् फलको इच्छा गर्न लाग्दछ **मायामये** = मायामय स्वर्गादिको बाटोमा (सुख छ भन्ने)	**वासनया** = वासनाद्वारा **शयानः** = सुतेर स्वप्न देखेझैं **परिभ्रमन्** = भ्रमण गर्दै **तत्र** = त्यहाँ **हि** = निश्चय नै	**अर्थान्**= कर्मद्वारा प्राप्त हुने ती लोकहरू नाशवान् हुने हुनाले निरतिशय सुख **न विन्दते** = प्राप्त गर्दैन

वाक्यार्थ— वेदहरूको वर्णन शैलीद्वारा मनुष्यहरूको बुद्धि स्वर्ग आदि निरर्थक नामहरूको चक्करमा फस्दछ। जीव त्यही सुखको वासनाले स्वप्न देखेझैं भट्कन लाग्दछ, परन्तु ती मायामयलोकमा कहीं पनि उसलाई वास्तविक सुखको प्राप्ति हुन सक्दैन।

अतः कविर्नामसु यावदर्थः
स्यादप्रमत्तो व्यवसायबुद्धिः।
सिद्धेऽन्यथार्थे न यतेत तत्र
परिश्रमं तत्र समीक्षमाणः॥ ३॥

पदार्थ—

अतः = स्वर्गादिमा नित्य सुख प्राप्त नहुने हुनाले **नामसु** = नाममात्रका भोग्यवस्तुहरूमा **यावदर्थः स्यात्** = जति वस्तुहरूको सङ्ग्रह गर्दा देह निर्वाह हुन्छ	**अप्रमत्तः** = त्यतिमात्रमा आसक्त भएर **व्यवसायबुद्धिः** = निश्चयात्मक बुद्धि भएको **कविः** = बुद्धिमान् साधक **अन्यथा** = प्रयास नगरिकन **अर्थे** = देह निर्वाह आदि प्रयोजन	**सिद्धे** = सिद्ध हुन्छ भने **तत्र** = त्यो यत्नमा **परिश्रमं** = परिश्रमरूप फल **समीक्षमाणः** = विचार गरेर (त्यो भन्दा धेरै लाभको लागि) **न यतेत** = प्रयास नगरोस्

वाक्यार्थ— स्वर्गादिमा नित्य सुख प्राप्त नहुने हुनाले विद्वान् पुरुषले संसारका पदार्थहरूसँग त्यति नै सम्बन्ध राख्नुपर्दछ जसद्वारा उसको व्यवहार चल्न सकोस्। संसारका पदार्थहरू सारहीन छन् भन्ने कुरा सधैं मनमा राखिरहनु पर्दछ। जीवननिर्वाहका लागि आवश्यक हुनेभन्दा बढी प्राप्त गर्नका लागि प्रयास गर्नुहुँदैन।

सत्यां क्षितौ किं कशिपोः प्रयासै-
र्बाहौ स्वसिद्धे ह्युपबर्हणैः किम्।
सत्यञ्जलौ किं पुरुधान्नपात्र्या

दिग्वल्कलादौ सति किं दुकूलैः ॥ ४ ॥

पदार्थ—

क्षितौ = पृथिवी
सत्यां = हुँदाहुँदै
कशिपोः= शय्याको
प्रयासैः= प्रयास
किं = किन गर्ने
बाहौ= दुईओटा हात
स्वसिद्धे सति = जब परमात्माको कृपाद्वारा आफूलाई स्वतः प्राप्त छन् भने
हि = निश्चय नै
उपबर्हणैः किम् = फेरि तकियाको के आवश्यकता
सत्यञ्जलौ = अञ्जलिबाट काम चल्न सक्दछ भने
पुरुधान्नपात्र्या = विभिन्न प्रकारका धेरै भाँडाहरू सङ्ग्रह गर्ने
किं = के आवश्यकता
दिग्वल्कलादौ = नाङ्गै रहेर अथवा वृक्षहरूको बोक्राको कपडा लगाएर पनि आफ्नो व्यवहार चल्न सक्दछ भने
दुकूलैः = फेरि आफ्नो शरीरलाई ढाक्नका लागि वस्त्रहरूको
किं = के आवश्यकता ?

वाक्यार्थ— यदि संसारका पदार्थहरू प्रारब्धवश विना परिश्रम नै प्राप्त हुन्छन् भने ती पदार्थहरूलाई प्राप्त गर्नका लागि प्रयास गर्नु उचित होइन। जब भुइँमा सुतेर नै काम चल्दछ भने शय्याका लागि प्रयास गर्नु आवश्यक छैन। जब भगवान्का कृपाले हामीलाई हातहरू मिलेका छन् भने तकियाको के आवश्यकता ? जब अञ्जलिद्वारा काम चल्न सक्छ भने धेरै भाँडाहरूको सङ्ग्रह किन गर्ने ? रुखहरूको बोक्रा लगाएर अथवा नाङ्गो रहेर काम चल्दछ भने वस्त्रहरूको के आवश्यकता ?

चीराणि किं पथि न सन्ति दिशन्ति भिक्षां
नैवाङ्घ्रिपाः परभृतः सरितोऽप्यशुष्यन्।
रुद्धा गुहाः किमजितोऽवति नोपसन्नान्
कस्माद् भजन्ति कवयो धनदुर्मदान्धान् ॥ ५ ॥

पदार्थ—

पथि = बाटोमा
चीराणि = पुराना कपडाहरू
किं = के
न सन्ति = छैनन् र ? (भोक लागेको समयमा)
परभृतः = अर्काको उपकार गर्ने
अङ्घ्रिपाः = वृक्षहरू
किं= के
भिक्षां = भिक्षा
न दिशन्ति = दिंदैनन् र ? (जल चाहने मनुष्यहरूका लागि)
सरितः = नदीहरू
अशुष्यन् = विलकुल सुकेका छन् र ? (साधकहरूलाई बस्नका लागि)
किं = के
गुहाः = पहाडका गुफाहरू
रुद्धाः = बन्द गरिएका छन् र ? (यी उपर्युक्त वस्तुहरूमध्ये अरू केही नभए तापनि)
अजितः = भगवान् नारायणले
उपसन्नान् = आफ्ना शरणमा आएका भक्तहरूलाई
किम् = के

न अवति = रक्षा गर्नुहुन्न र ? (यस्तो परिस्थिति हुँदा हुँदै पनि)
कवयः = बुद्धिमान् मनुष्यहरू
धनदुर्मदान्धान् = धनको मदले चूर भएका धनीहरूको
एव = नै
कस्माद् = फेरि किन
भजन्ति = चाकरी गर्दछन् ?

वाक्यार्थ— लगाउनका लागि बाटामा मिल्काइएका पुराना कपडाहरू छैनन् र ? भोक लागेमा अर्काका लागि शरीर धारण गर्ने वृक्षहरूले के फलफूलको भिक्षा दिदैनन् र ? तिर्खा लागेको समयमा पानी चाहियो भने नदीहरू के विल्कुल सुकेका छन् र ? बस्नका लागि पहाडका गुफाहरू के बन्द गरिएका छन् र ? अरू केही नभए पनि भगवान्‌ले आफ्ना शरणागतको रक्षा गर्नुहुन्न र ? यस्तो परिस्थितिमा बुद्धिमान् मनुष्यहरू धनको नशाले घमण्डी धनीहरूको चाकडीचाप्लुसी किन गर्दछन् ?

एवं स्वचित्ते स्वत एव सिद्ध
आत्मा प्रियोऽर्थो भगवाननन्तः ।
तं निर्वृतो नियतार्थो भजेत
संसारहेतूपरमश्च यत्र ॥ ६ ॥

पदार्थ—
एवं = साधक यसप्रकार विरक्त भएपछि
स्वचित्ते = आफ्नो चित्तमा
स्वतः एव = स्वतः नै
सिद्धः = सिद्ध
आत्मा = आत्मस्वरूप
प्रियः = प्रिय
अर्थः = सत्य
भगवान् = भगवान्
अनन्तः = देश, काल र वस्तुद्वारा अपरिच्छिन्न रूपले रहनुभएको छ
यत्र = जुन हेतुभूत अविद्याको सधैं निवृत्ति छ
तं = त्यस्ता भगवान्‌लाई
निर्वृतः = भजनानन्दमा निमग्न भएर
च = र
नियतार्थः = भगवद्रूपी अर्थमा निश्चित भएर
भजेत = भजन गरोस् (यसबाट)
संसारहेतूपरमः = जन्म र मृत्युको कारण भएको अज्ञानको नाश हुन्छ

वाक्यार्थ— यसप्रकार विरक्त भएको खण्डमा आफ्नो हृदयमा नित्य विराजमान स्वतःसिद्ध आत्मस्वरूप परमप्रियतम परमसत्य जो अनन्त भगवान् हुनुहुन्छ, प्रेम र आनन्दले दृढ निश्चय गरेर उहाँकै भजन गर्नुपर्दछ। उहाँको भजन गर्नाले जन्म र मृत्युको कारण भएको अज्ञानको नाश हुन्छ।

कस्तां त्वनादृत्य परानुचिन्ता-
मृते पशूनसतीं नाम युञ्ज्यात् ।
पश्यञ्जनं पतितं वैतरण्यां

स्वकर्मजान् परितापाञ्जुषाणम् ॥ ७ ॥

पदार्थ—

वैतरण्यां =वैतरणीजस्तो संसारमा
पतितं = खसेको र (त्यहाँ)
स्वकर्मजान् =आफ्ना कर्मबाट उत्पन्न भएका
परितापान् = कष्टहरूलाई
जुषाणम् = भोग गरिरहेको
जनं = मनुष्यलाई
पश्यन् = देखेर
पशून् = पशुहरूलाई
ऋते = छाडेर
कः नाम = कुन मनुष्य
तां = त्यो
परानुचिन्ताम्=भगवत चिन्तनलाई
अनादृत्य = छोडेर
असतीं = विषयचिन्तन
युञ्ज्यात् = गर्ला

वाक्यार्थ— पशुहरूको कुरा भिन्नै हो, परन्तु मनुष्यहरूमा त्यस्तो कुन मनुष्य होला, जो संसारका प्राणीहरूलाई यो संसाररूप वैतरणी नदीमा परेर आफ्नो कर्मजन्य दुःखलाई भोगिरहेको देख्दादेख्दै पनि भगवान्‌को मङ्गलमय चिन्तनलाई छाडेर कसले विषयचिन्तन गर्ला ?

केचित् स्वदेहान्तर्हृदयावकाशे
प्रादेशमात्रं पुरुषं वसन्तम् ।
चतुर्भुजं कञ्जरथाङ्गशङ्ख-
गदाधरं धारणया स्मरन्ति ॥ ८ ॥

पदार्थ—

केचित् = कुनै साधकह
स्वदेहान्तर्हृदयावकाशे = आफ्नो शरीरभित्रको हृदयरूपी आकाशमा
प्रादेशमात्रं = प्रादेश परिमाणमा
वसन्तम् = अवस्थित हुनुभएका
चतुर्भुजं = चतुर्बाहु भएका
कञ्जरथाङ्गशङ्खगदाधरं = पद्म, चक्र, शङ्ख र गदा धारण गर्नुहुने
पुरुषं = भगवान्‌लाई
धारणया = स्थिर अन्तःकरणद्वारा
स्मरन्ति = ध्यान गर्दछन्

वाक्यार्थ— कोहीकोही साधक आफ्नो शरीरभित्र हृदयाकाशमा विराजमान भगवान्‌को प्रादेशमात्र स्वरूपको धारणा गर्दछन्। उनीहरू चार हातमा पद्म, चक्र, शङ्ख र गदा धारण गर्नुभएका भगवान्‌को स्थिर अन्तःकरणद्वारा ध्यान गर्दछन्।

प्रसन्नवक्त्रं नलिनायतेक्षणं
कदम्बकिञ्जल्कपिशङ्गवाससम् ।
लसन्महारत्नहिरण्मयाङ्गदं
स्फुरन्महारत्नकिरीटकुण्डलम् ॥ ९ ॥

उन्निद्रहृत्पङ्कजकर्णिकालये

योगेश्वरास्थापितपादपल्लवम् ।

श्रीलक्षणं कौस्तुभरत्नकन्धर-

मम्लानलक्ष्म्या वनमालयाऽऽचितम् ॥ १० ॥

विभूषितं मेखलयाङ्गुलीयकै-

र्महाधनैर्नूपुरकङ्कणादिभिः ।

स्निग्धामलाकुञ्चितनीलकुन्तलै-

र्विरोचमानाननहासपेशलम् ॥ ११ ॥

अदीनलीलाहसितेक्षणोल्लसद्-

भ्रूभङ्गसंसूचितभूर्यनुग्रहम् ।

ईक्षेत चिन्तामयमेनमीश्वरं

यावन्मनो धारणयावतिष्ठते ॥ १२ ॥

पदार्थ—

प्रसन्नवक्त्रं = हँसिलो अनुहार हुनुभएका
नलिनायतेक्षणं = कमलजस्तो सुन्दर र विशाल नेत्र हुनुभएका
कदम्बकिञ्जल्कपिशङ्गवाससम् = कदम फूलको केशरजस्तो पहेँलो वस्त्र धारण गर्नुहुने
लसन्महारत्नहिरण्मयाङ्गदं = रत्नजडित सुनका बालाहरूले सुशोभित
स्फुरन्महारत्नकिरीटकुण्डलम् = रत्नहरूले जगमगाइरहेको मुकुट र कुण्डल लगाउनुहुने
उन्निद्रहृत्पङ्कजकर्णिकालये = आफ्नो फक्रेको हृदयकमलको मध्यभागमा
योगेश्वरास्थापितपादपल्लवम् = योगेश्वरहरूले आफ्नो हृदयमा धारण गरेका चरणकमलवाला
श्रीलक्षणं = श्रीवत्सचिह्नयुक्त
कौस्तुभरत्नकन्धरम् = गलामा कौस्तुभमणिले सुशोभित
अम्लानलक्ष्म्या = कहिल्यै न ओइलाउने
वनमालया = सुगन्धित पुष्पहरूको दिव्यमालाद्वारा
आचितम् = ढाकिएका
महाधनैः = बहुमूल्य
नूपुरकङ्कणादिभिः = हात र गोडाका विभिन्न आभूषणहरूद्वारा
मेखलयाङ्गुलीयकैः = कमरबन्ध मेखलाद्वारा र औँठीहरूद्वारा पनि
विभूषितं = शोभित हुनुभएका (यसै गरी)
स्निग्धामलाकुञ्चितनीलकुन्तलैः = चिल्ला सफा र घुङ्ग्रिएका केशहरूद्वारा
विरोचमानाननहासपेशलम् = मन्दस्मित अनुहारको शोभालाई बढाइरहनुभएका (भगवान्को स्मरण गर्दछन्)

अदीनलीलाहसितेक्षणोल्लसद्भ्रूभङ्ग संसूचितभूर्यनुग्रहम् = उन्मुक्त लीलामय हाँसो अनि मधुर अवलोकनले सम्मिलित भ्रूभङ्गहरूद्वारा भक्तहरूमाथि अनन्त अनुग्रहको वर्षा गर्ने
चिन्तामयम् = भावनाद्वारा नै ग्रहण गरिने
एनम् = यस्ता
ईश्वरं = कृपालु परमात्मालाई
ईक्षेत = देख्ने कोसिस गरिरहनुपर्दछ
यावत् = जबसम्म
धारणया = पूर्वोक्त भगवत्स्वरूप धारणाद्वारा
मनः = भक्तहरूको मन
अवतिष्ठते = स्थिर हुँदैन

वाक्यार्थ— उहाँको मुखमा प्रसन्नता झल्किरहेको छ। कमलझैँ विशाल र कोमल नेत्रहरू छन्। उहाँले कदम फूलको केशरजस्तो पहेँलो वस्त्र धारण गर्नुभएको छ। भुजाहरूमा श्रेष्ठ रत्न जडिएका सुनका बालाहरू शोभायमान छन्। शिरमा सुन्दर मुकुट र कानमा कुण्डलहरू छन्, जसमा जडिएका बहुमूल्य रत्नहरू जगमगाइरहेका छन्। उहाँका चरणकमलहरू योगेश्वरहरूको हृदयकमलमा विराजमान छन्। उहाँको हृदयमा श्रीवत्सको चिह्न छ। घाँटीमा कौस्तुभमणि छ। वक्षस्थल कहिल्यै पनि न ओइलाउने वनमाला सुशोभित छ। उहाँले कमरमा मेखला, हातका औँलाहरूमा बहुमूल्य औंठीहरू, पाउमा पाउजेब, हातमा बाला आदि आभूषणहरूलाई धारण गर्नुभएको छ। चिल्ला, सफा र घुँङ्ग्रिएका काला केशहरूद्वारा मन्दस्मित अनुहारको शोभालाई झन् बढाइरहनुभएको भगवान्को स्मरण गर्नुपर्छ। लीलापूर्ण उन्मुक्त हास्य र शोभायमान आँखिभौंद्वारा वर्षा गर्ने भगवान्को धारणाद्वारा मन स्थिर नभएसम्म बारम्बार चिन्तन गरिरहनुपर्दछ।

एकैकशोऽङ्गानि धियानुभावयेत्
पादादि यावद्धसितं गदाभृतः।
जितं जितं स्थानमपोह्य धारयेत्
परं परं शुद्ध्यति धीर्यथा यथा॥ १३॥

पदार्थ—
गदाभृतः = गदाधारी भगवान्को
पादादि = चरणकमलदेखि
यावद्धसितं = मुस्कानयुक्त मुखमण्डलसम्म
अङ्गानि = प्रत्येक अङ्गहरू
एकैकशः = एकएक गरेर
धिया अनुभावयेत् = चित्तवृत्तिद्वारा चिन्तन गरोस्
जितं जितं = अयत्नले नै स्फुरित हुन थालेको
स्थानम् = अङ्गलाई
अपोह्य = नाघ्दै
धारयेत् = अन्य अङ्गहरूको ध्यान गर्नुपर्दछ
यथा यथा = जसरी जसरी
धीः = बुद्धि
परं परं = झन् झन्
शुद्ध्यति = निश्चल भएर भगवान्मा लाग्दछ

वाक्यार्थ– भगवान्‌को चरणकमलदेखि लिएर मन्दहास्ययुक्त मुखकमलपर्यन्त समस्त अङ्गहरूको एक एक गरेर चित्तवृत्तिद्वारा चिन्तन गर्नुपर्दछ। यस क्रममा जतिजति बुद्धि शुद्ध हुँदै जान्छ त्यतित्यति चित्त स्थिर हुँदैजान्छ।

यावन्न जायेत परावरेऽस्मिन्
विश्वेश्वरे द्रष्टरि भक्तियोगः।
तावत् स्थवीयः पुरुषस्य रूपं
क्रियावसाने प्रयतः स्मरेत॥ १४॥

पदार्थ–

यावत् = जबसम्म
परावरे = सगुण र निर्गुणस्वरूप भएका
विश्वेश्वरे = जगत्‌का स्वामी
द्रष्टरि = द्रष्टास्वरूप
अस्मिन् = यी सर्वात्मा भगवान्‌मा
भक्तियोगः = निष्काम भक्ति
न जायेत = हुँदैन
तावत् = त्यो समयसम्म
पुरुषस्य = विराट्पुरुषको
स्थवीयः = पूर्वोक्त स्थूलतम अनि विश्वात्मक
रूपं = रूपलाई
क्रियावसाने = नित्य नैमित्तक कर्मको अन्त्यमा
प्रयतः = एकाग्रचित्तपूर्वक
स्मरेत = स्मरण गरोस्

वाक्यार्थ– जबसम्म सगुण र निर्गुण दुबै किसिमका स्वरूप भएका जगत्‌का स्वामी द्रष्टास्वरूप सर्वात्मा भगवान्‌मा निष्काम भक्तियोग हुँदैन तबसम्म साधकले नित्य र नैमित्तिक कर्म गरिसकेपछि एकाग्रतापूर्वक भगवान्‌को पूर्वोक्त स्थूलतम एवं विश्वात्मक रूपको स्मरण गर्नुपर्दछ।

स्थिरं सुखं चासनमास्थितो यति-
र्यदा जिहासुरिममङ्ग लोकम्।
काले च देशे च मनो न सज्जयेत्
प्राणान् नियच्छेन्मनसा जितासुः॥ १५॥

पदार्थ–

अङ्ग = हे प्रिय परीक्षित् !
यतिः = योगी पुरुष
यदा = जतिखेर
इमम् = यो रागद्वेषमय
लोकम् =मनुष्यलोकलाई
जिहासुः = छोड्न चाहला त्यस समयमा
काले च = काल र
देशे च = देशमा पनि
मनः = अन्तःकरणलाई
न सज्जयेत् = आसक्त नबनाओस्
स्थिरं = स्थिर भएर
सुखं = सुखपूर्वक बस्न सकिने
आसनम् = आसनलाई
आस्थितः = आश्रय बनाएर

जितासुः = प्राण विजयपूर्वक	**प्राणान्** = इन्द्रियहरूलाई
मनसा = मनद्वारा	**नियच्छेत्** = संयमित गरोस्

वाक्यार्थ— हे प्रिय परीक्षित् ! जब योगी पुरुष यो मनुष्यलोकलाई छोड्न चाहन्छ, तब देश र कालमा मनलाई आसक्त नगरोस्। सुखपूर्वक स्थिर आसनमा बसेर प्राणलाई जितेर मनद्वारा इन्द्रियहरूको संयम गर्नुपर्दछ।

मनः स्वबुद्ध्यामलया नियम्य
क्षेत्रज्ञ एतां निनयेत्तमात्मनि।
आत्मानमात्मन्यवरुध्य धीरो
लब्धोपशान्तिर्विरमेत कृत्यात्॥ १६॥

पदार्थ—

अमलया = निर्मल भएको	**तम्** = द्रष्टालाई पनि	**लब्धोपशान्तिः** = राग र द्वेषको खेलबाट शान्तिप्राप्त गरेको
स्वबुद्ध्या = आफ्नो बुद्धिद्वारा	**आत्मनि** = आत्मामा (लीन गराओस् त्यसै गरी)	**धीरः** = संयमी मनुष्य
मनः = चञ्चल मनलाई	**आत्मानम्** = आत्मालाई पनि	**कृत्यात्** = सबैथरि कामहरूबाट
नियम्य = नियन्त्रण गरेर	**आत्मनि** = निरुपाधिक पूर्ण ब्रह्मचेतनमा	**विरमेत** = निवृत्त गरोस्
एतां = मनसहित बुद्धिलाई	**अवरुध्य** = विलीन गरेर	
क्षेत्रज्ञे = बुद्धि आदि द्रष्टामा		
निनयेत् = लीन गराओस्		

वाक्यार्थ— त्यसपछि आफ्नो निर्मल बुद्धिद्वारा मनलाई नियन्त्रण गरेर मन सहित बुद्धिलाई क्षेत्रज्ञमा लीन गरोस्। फेरि अन्तरात्मालाई परमात्मामा लीन गरेर धीर पुरुष परमशान्तिमय अवस्थामा स्थित होस्। त्यसपछि सम्पूर्ण कर्महरूबाट निवृत्त होस्।

न यत्र कालोऽनिमिषां परः प्रभुः
कुतो नु देवा जगतां य ईशिरे।
न यत्र सत्त्वं न रजस्तमश्च
न वै विकारो न महान् प्रधानम्॥ १७॥

पदार्थ—

यत्र = जुन स्थितिमा	**न प्रभुः** = सफल हुँदैन (त्यहाँ)	**ईशिरे** = स्वामी बनेका छन् तिनीहरूको प्रभाव
अनिमिषां = देवताहरूको	**ये** = जुन	**कुतः नु** = कहाँबाट हुन सक्छ र ? (किनभने)
परः = नियामक	**देवाः** =देवताहरू	
कालः = काल	**जगतां** = प्राणीहरूको	

यत्र = यस अवस्थामा	**वै** = अनि	**न** = छैन
न सत्त्वं = सत्त्वगुण छैन	**न विकारः** = अहङ्कार छैन	
रजस्तमः च न = रजोगुण र तमोगुण पनि छैन	**महान्** = महत्तत्त्व र	
	प्रधानम् = प्रधान प्रकृति पनि	

वाक्यार्थ– यस अवस्थामा जब सत्त्वगुण पनि हुँदैन भने रजोगुण र तमोगुण हुने त प्रसङ्ग नै उठ्दैन। अहङ्कार, महत्तत्त्व र प्रकृतिको पनि उहाँ अस्तित्व छैन, त्यस परिस्थितिमा देवताहरूको नियामक काल पनि त्यहाँ हुँदैन भने देवता र उनीहरूको अधीनमा रहने प्राणीहरू त्यहाँ कसरी हुने ?

परं पदं वैष्णवमामनन्ति तद्
यन्नेति नेतीत्यतदुत्सिसृक्षवः।
विसृज्य दौरात्म्यमनन्यसौहृदा
हृदोपगुह्यार्हपदं पदे पदे ॥ १८ ॥

पदार्थ–

यत् = यो	**विसृज्य** = त्याग गरेर	**उपगुह्य** = आलिङ्गन गररे
न इति = होइन	**अर्हपदं** = भगवान् विष्णुको पदलाई	**तद्**= त्यसलाई
न इति = होइन भन्दै	**पदे पदे** = प्रतिक्षण	**वैष्णवम्**= विष्णुको पद हो भनेर
उत्सिसृक्षवः = परमात्मादेखि भिन्न पदार्थहरूको त्याग गर्न चाहने योगीहरू	**अनन्यसौहृदा** = अनन्य प्रेमपूर्ण	**आमनन्ति** = मान्दछन्
दौरात्म्यम् =पदार्थहरूमा आत्मबुद्धिलाई	**हृदा** = हृदयद्वारा	
	परं = परमपूज्य	
	पदं = स्वरूपलाई	

वाक्यार्थ– योगीहरू यो होइन, यो होइन भन्दै परमात्मादेखि भिन्न पदार्थहरूको त्याग गर्न चाहन्छन्। शरीर र शरीरसम्बन्धी पदार्थहरूमा आत्मबुद्धिको त्याग गरेर हृदयद्वारा प्रतिक्षण भगवान्‌को परमपूज्य स्वरूपलाई आलिङ्गन गर्दै अनन्यप्रेमले परिपूर्ण रहन्छन्। त्यही नै भगवान् विष्णुको परमपद हो। यस विषयमा सम्पूर्ण शास्त्रहरूको सम्मति छ।

इत्थं मुनिस्तूपरमेद् व्यवस्थितो
विज्ञानदृग्वीर्यसुरन्धिताशयः।
स्वपार्ष्णिनाऽऽपीड्य गुदं ततोऽनिलं
स्थानेषु षट्सून्नमयेज्जितक्लमः॥ १९॥

पदार्थ—

इत्थं = यसरी	जन्मजन्मान्तरीय वासनाहरू नष्ट	**आपीड्य** = दबाएर
व्यवस्थितः = ब्रह्ममा अवस्थित	भएको	**जितक्लमः** = निर्भय भई
रहेको	**मुनिः** = पुरुषले	**ततः** = मूलाधारबाट
विज्ञानदृग्वीर्यसुरन्धिताशयः =	**उपरमेद्** = संसारलाई छोडोस्	**अनिलं** = सूक्ष्मतम प्राणलाई
शास्त्रजन्य अपरोक्षज्ञानको	**स्वपार्ष्णिना** = आफ्ना	**षट्सु स्थानेषु** = स्वाधिष्ठान
बलले हृदयका समस्त	कुर्कुच्चाद्वारा	आदि षट् चक्रहरूमा
	गुदं = मूलाधारलाई	**उन्नमयेत्** =ऊर्ध्वगामी बनाओस्

वाक्यार्थ— ज्ञानदृष्टिका बलले जसको चित्तको वासना नष्ट भएका ती ब्रह्मनिष्ठ योगीले यसप्रकार संसारको परित्याग गर्नुपर्दछ। आफ्ना कुर्कुच्चाद्वारा मूलाधारलाई दबाएर निर्भय भएर प्राणवायुलाई स्वाधिष्ठान आदि षट् चक्रहरूमा ऊर्ध्वगामी बनाउनुपर्छ।

नाभ्यां स्थितं हृद्यधिरोप्य तस्माद्
उदानगत्योरसि तं नयेन्मुनिः।
ततोऽनुसन्धाय धिया मनस्वी
स्वतालुमूलं शनकैर्नयेत ॥ २० ॥

पदार्थ—

नाभ्यां = नाभिचक्रमा	**उरसि** = वक्षस्थलभन्दा माथिको	**शनकैः**= बिस्तारै
स्थितं = रहेको प्राणवायुलाई	विशुद्ध चक्रमा	**तस्माद्** = त्यसभन्दा माथि
हृदि = हृदयस्थ अनाहत चक्रमा	**नयेत्** = पुऱ्याओस्	**स्वतालुमूलं** = तालुमूलमा वा
अधिरोप्य = पुऱ्याएर	**ततः** = त्यसपछि	विशुद्ध चक्रको अग्रभागमा
मुनिः = मुनिले	**मनस्वी** = बुद्धिमान् मनुष्यले	**नयेत** = लैजाओस्
तं = त्यो प्राणवायुलाई	**धिया** = एकाग्रताद्वारा	
उदानगत्या =उदानवायुद्वारा	**अनुसन्धाय** = सूक्ष्म	
	प्राणवायुलाई सम्हालेर	

वाक्यार्थ—मनस्वी योगीले नाभिचक्रमा रहेको प्राणवायुलाई हृदयस्थ अनाहत चक्र र त्यहाँबाट उदानवायुद्वारा वक्षस्थलभन्दा माथि विशुद्ध चक्रमा, फेरि त्यस वायुलाई बिस्तारै बिस्तारै तालमूलमा अर्थात् विशुद्ध चक्रको अग्रभागमा चढाउनुपर्दछ।

तस्माद् भ्रुवोरन्तरमुन्नयेत
निरुद्धसप्तायतनोऽनपेक्षः।

स्थित्वा मुहूर्तार्धमकुण्ठदृष्टि-
र्निर्भिद्य मूर्धन्विसृजेत्परं गतः ॥ २१ ॥

पदार्थ—

तस्माद् = विशुद्ध चक्रबाट पनि **निरुद्धसप्तायतनः** = मुख आदि सात छिद्रहरूलाई रोकेर **भ्रुवोः अन्तरम्** = भ्रूमध्य आज्ञाचक्रमा **उन्नयेत** = उठाओस्	**अनपेक्षः** = लोकान्तरको अपेक्षा नगर्ने योगीले **मुहूर्तार्धम्** = आधा मुहुर्तसम्म **स्थित्वा** = त्यहीँ राखेर **अकुण्ठदृष्टिः** = स्थिर लक्ष्य बनाएर	**मूर्धन्** = सहस्रारको **निर्भिद्य** = भेदन गरेर **परं** = परमात्मामा **गतः** = स्थित हुँदै **विसृजेत्** = देहत्याग गरोस्

वाक्यार्थ— त्यसपछि दुईओटा आँखा, दुईओटा कान, दुईओटा नाकका प्वालहरू र मुख यी सात छिद्रहरूलाई रोकेर विशुद्ध चक्रको आँखिभौंको बीच आज्ञाचक्रमा लैजानुपर्दछ। यदि कुनै लोकमा जाने इच्छा भएन भने आधाघडीसम्म त्यस वायुलाई त्यहीँ रोकेर स्थिर लक्ष्यका साथ सहस्रारमा लगेर परमात्मामा स्थित होओस्। यसपछि ब्रह्मरन्ध्रको भेदन गरेर देहत्याग गरोस्।

यदि प्रयास्यन् नृप पारमेष्ठ्यं
वैहायसानामुत यद्विहारम्।
अष्टाधिपत्यं गुणसन्निवाये
सहैव गच्छेन्मनसेन्द्रियैश्च ॥ २२ ॥

पदार्थ—

नृप = हे राजा **यदि** = ब्रह्मलोकादि लोकान्तर गमनको इच्छा भएको पक्षमा **पारमेष्ठ्यं** = ब्रह्मलोकमा **उत** = अथवा **गुणसन्निवाये** = त्रिगुणयुक्त ब्रह्माण्डका कुनै पनि ठाउँमा	**अष्टाधिपत्यं** = अष्टसिद्धिहरूको अधिपति भई **वैहायसानाम्** = आकाशगामी सिद्धहरूको **यत्** = जुन **विहारम्** = क्रीडास्थल छ (त्यहाँ)	**प्रयास्यत्** = जान इच्छा गर्ने हो भने **मनसा** = मनले र **इन्द्रियैः च** = इन्द्रियहरूले पनि **सह एव** = सहित भएर **गच्छेत्** = निस्कियोस्

वाक्यार्थ— राजा ! यदि योगीलाई ब्रह्मलोकमा गएर आठ सिद्धिलाई प्राप्त गरेर आकाशचारी सिद्धहरूका साथ विहार गर्ने अथवा ब्रह्माण्डको कुनै पनि प्रदेशमा विचरण गर्ने इच्छा भयो भने उसले आफ्नो मन र इन्द्रियहरूलाई साथमैं लिएर शरीरबाट निक्लनुपर्दछ।

योगेश्वराणां गतिमाहुरन्त-

बहिस्त्रिलोक्याः पवनान्तरात्मनाम् ।
न कर्मभिस्तां गतिमाप्नुवन्ति
विद्यातपोयोगसमाधिभाजाम् ॥ २३ ॥

पदार्थ–

विद्यातपोयोगसमाधिभाजाम् = विद्या, तपस्या, अष्टाङ्गयोग र समाधिको सेवन गर्ने
पवनान्तरात्मनाम् = वायुझैं सूक्ष्म लिङ्ग शरीरवाला
योगेश्वराणां = योगीहरूको
त्रिलोक्याः = तीनै लोकभरि
अन्तर्बहिः = बाहिर र भित्र पनि
गतिम् = स्वच्छन्द विचरणको अधिकार छ भनेर
आहुः = भन्दछन्
तां गतिम् = स्वच्छन्दविचरणको गतिलाई
कर्मभिः = परिच्छिन्न फल भएका कर्महरूद्वारा
न आप्नुवन्ति = प्राप्त गर्न सकिँदैन

वाक्यार्थ– विद्या, तपस्या, अष्टाङ्गयोग र समाधिको सेवन गर्ने योगीहरूलाई तीनै लोकहरूको बाहिर र भित्र स्वच्छन्दरूपले विचरण गर्ने अधिकार हुन्छ। केवल कर्मको बलले यसप्रकार विचरण गर्ने अधिकार प्राप्त हुँदैन।

वैश्वानरं याति विहायसा गतः
सुषुम्णया ब्रह्मपथेन शोचिषा ।
विधूतकल्कोऽथ हरेरुदस्तात्
प्रयाति चक्रं नृप शैशुमारम् ॥ २४ ॥

पदार्थ–

नृप = हे राजा
शोचिषा = ज्योतिर्मय
सुषुम्णया = सुषुम्णाद्वारा
ब्रह्मपथेन = ब्रह्मलोकको लागि प्रस्थान गर्दछ (त्यस वेला)
विहायसा = आकाशमार्गद्वारा
गतः = गएको
वैश्वानरं = अग्निका अभिमानी देवतालाई
याति = प्राप्त गर्दछ
अथ = त्यसपछि
विधूतकल्कः = मलहीन भएको योगी
उदस्तात् = त्यसभन्दा माथि रहेको
हरेः = भगवान् श्रीहरिको
शैशुमारम् = शिशुमार नामक
चक्रं = ज्योतिर्मय धाममा
प्रयाति = पुग्दछ

वाक्यार्थ– हे परीक्षित् ! योगी ज्योतिर्मय मार्ग सुषुम्णाद्वारा जब ब्रह्मलोकको लागि प्रस्थान गर्दछ, तब ऊ पहिले आकाशमार्गद्वारा अग्निलोकमा जान्छ। त्यहाँ उसका अवशिष्ट पापहरू जलेर भस्म हुन्छन्। यसपछि ऊ त्यहाँभन्दा माथि भगवान् श्रीहरिको शिशुमार नामक ज्योतिर्मय धाममा जान्छ।

तद्विश्वनाभिं त्वतिवर्त्य विष्णो-
रणीयसा विरजेनात्मनैकः ।
नमस्कृतं ब्रह्मविदामुपैति
कल्पायुषो यद्विबुधा रमन्ते ॥ २५ ॥

पदार्थ—

विष्णोः = भगवान् विष्णुको र	**आत्मना**= लिङ्ग शरीरले	**रमन्ते** = रमण गर्दछन् त्यस्तो
तद्विश्वनाभिं = शिशुमार चक्ररूप ब्रह्माण्डको केन्द्रबिन्दुलाई	**एकः** =आफैंमात्र (कर्मीहरूद्वारा अप्राप्य भएकाले)	**ब्रह्मविदाम्** = ब्रह्मिष्ठहरूद्वारा पनि
अतिवर्त्य = नाघेर	**यद्** = जहाँ	**नमस्कृतं** = आदर गरिएको ब्रह्मलोक
अणीयसा = सूक्ष्मातिसूक्ष्म	**कल्पायुषः** = कल्पसम्म बाँच्ने	
विरजेन = मल रहित	**विबुधाः** = भृगु आदि महर्षिहरू	**उपैति** = प्राप्त गर्दछ

वाक्यार्थ— यो शिशुमार चक्र विश्वब्रह्माण्डको केन्द्र हो। त्यसको अतिक्रमण गरेर अत्यन्त सूक्ष्म एवं निर्मल शरीरले ऊ एक्लै महर्लोकमा जान्छ। त्यो लोक ब्रह्मवेत्ताद्वारा पनि वन्दित लोक हो। त्यस लोकमा कल्पपर्यन्त जीवित देवताहरू विहार गर्दछन्।

अथो अनन्तस्य मुखानलेन
दन्दह्यमानं स निरीक्ष्य विश्वम् ।
निर्याति सिद्धेश्वरजुष्टधिष्ण्यं
यद् द्वैपरार्ध्यं तदु पारमेष्ठ्यम् ॥ २६ ॥

पदार्थ—

अथः = त्यसपछि	**विश्वम्** = विश्वलाई	**द्वैपरार्ध्यं** = द्विपरार्धसम्म रहनेवाला र
सः = त्यो योगी	**निरीक्ष्य** = देखेर	
अनन्तस्य = शेष भगवान्को	**यद्** = जुन स्थान	**उ** = निश्चय नै
मुखानलेन = मुखबाट निस्केको अग्निबाट	**सिद्धेश्वरजुष्टधिष्ण्यं** = सिद्धहरू बस्ने विमानहरूले शोभित भएको र	**तद्** = त्यो
		पारमेष्ठ्यम् = ब्रह्मलोक
दन्दह्यमानं = डढिरहेको		**निर्याति** = प्राप्त गर्दछ

वाक्यार्थ— फेरि जब प्रलयको समय आउँछ तब तलतिरका लोकहरूलाई शेषनागको मुखबाट निक्लेको आगाले भस्म हुन लागेको देखेर त्यो योगी अन्य लोकभन्दा श्रेष्ठ छ र ठुलाठुला सिद्धहरू निवास गर्ने ब्रह्मलोकमा प्रवेश गर्दछ। त्यो ब्रह्मलोकको आयु ब्रह्माजीको समान दुई परार्धको हुन्छ।

न यत्र शोको न जरा न मृत्यु-
र्नार्तिर्न चोद्वेग ऋते कुतश्चित्।
यच्चित्ततोऽदः कृपयानिदंविदां
दुरन्तदुःखप्रभवानुदर्शनात्॥ २७॥

पदार्थ—

अनिदंविदां = संसारमा रहेर पनि भगवद्‌भक्ति र ज्ञान वैराग्यको सेवन नगर्नेहरूमाथि
दुरन्तदुःखप्रभवानुदर्शनात् = दुःखमय जन्म र मृत्युको निरन्तर प्रभावलाई देखेर
कृपया = कृपापरवश भई
यच्चित् = जुन असह्य दुःख हुन्छ
ततः = त्यसभन्दा बाहिर
अदः = प्राणीहरूको जन्म र मृत्युलाई देखेर भएको यस दुःखलाई
ऋते = छोडेर
कुतश्चित् = अरू कुनै कुराबाट पनि
यत्र = जुन बाह्यलोकमा
न शोकः = न शोक छ
न जरा = न बुढ्याइँ छ
न मृत्युः = न मृत्यु नै छ
नार्तिः = न रोग छ
न च उद्वेगः = न उद्वेग नै छ

वाक्यार्थ— त्यस ब्रह्मलोकमा न शोक छ, न दुःख छ, न वृद्धावस्था छ, न मृत्यु छ। त्यहाँ यो एउटै दुःख छ कि त्यस परमपदलाई नजान्ने मानिसहरूको जन्ममृत्युमय अत्यन्त घोर सङ्कटलाई देखेर दयाको कारणले गर्दा ती ब्रह्मलोकनिवासीहरूको मनमा ठुलो कष्टको अनुभव हुन्छ।

ततो विशेषं प्रतिपद्य निर्भय-
स्तेनात्मनापोऽनलमूर्तिरत्वरन्।
ज्योतिर्मयो वायुमुपेत्य काले
वाय्वात्मना खं बृहदात्मलिङ्गम्॥ २८॥

पदार्थ—

ततः = ब्रह्मलोकबाट पनि ब्रह्माण्ड भेदन गरेर भगवत्पदमा प्राप्त हुन चाहनेले लिङ्गशरीरद्वारा
विशेषं = पृथिवीलाई
प्रतिपद्य = प्राप्त गरेर
निर्भयः = भयरहित भई
अत्वरन् = बिस्तारै
तेन आत्मना = पृथ्वीरूपताबाट
अनलमूर्तिः = क्रमशः जलमयता र तेजोमयतामा लीन हुँदै
ज्योतिर्मयः = ज्योतिर्मय अवस्थामा पुगेको योगी
काले = भोगको अवसानको समय भइसकेपछि
वायुम् = वायुरूपतालाई
उपेत्य = प्राप्त गरेर
वाय्वात्मना = वायुरूपताबाट
बृहदात्मलिङ्गम् = परब्रह्मको असीमितताको सूचक
खं = आकाशलाई प्राप्त गर्दछ

वाक्यार्थ– सत्यलोकमा पुगेपछि त्यो योगी निर्भय भएर आफ्नो सूक्ष्म शरीरलाई पृथिवीमा मिलाइदिन्छ। फेरि धैर्यपूर्वक सात आवरणहरूको भेदन गर्दछ। पृथिवीरूपबाट जल, जलबाट अग्निमय आवरणलाई प्राप्त गर्दै ज्योतिरूपले वायुरूप आवरणमा आउँछ। त्यहाँबाट केही समयपछि उसले ब्रह्मको अनन्तताको बोध गराउने आकाशरूप आवरणलाई प्राप्त गर्दछ।

घ्राणेन गन्धं रसनेन वै रसं
रूपं च दृष्ट्या श्वसनं त्वचैव।
श्रोत्रेण चोपेत्य नभोगुणत्वं
प्राणेन चाकूतिमुपैति योगी॥ २९॥

पदार्थ–

योगी = इन्द्रियहरूलाई पनि तत्तत् सूक्ष्म अधिष्ठानमा विलीन गराउन चाहने योगीले	**रसं** = रसतन्मात्रालाई	**नभोगुणत्वं** = शब्दतन्मात्रालाई
घ्राणेन = घ्राणेन्द्रियद्वारा	**दृष्ट्या** = चक्षुरिन्द्रियद्वारा	**उपेत्य** = अतिक्रमण गरेर
गन्धं = गन्धरूपतालाई	**रूपं** = रूपतन्मात्रालाई	**प्राणेन च** = कर्मेन्द्रियहरूद्वारा
रसनेन = जिब्रोद्वारा	**त्वचा** = स्पर्शेन्द्रियद्वारा	**आकूतिम्** = तत्तत् क्रियाशक्तिमा लीन गराएर स्थूल-सूक्ष्म आवरणलाई
वै = निश्चय नै	**श्वसनं** = वायुगत स्पर्शतन्मात्रालाई	**उपैति** = पार गर्दछ
	श्रोत्रेण च = श्रोत्रेन्द्रियद्वारा पनि	

वाक्यार्थ– इन्द्रियहरूलाई पनि तत्तत् सूक्ष्म अधिष्ठानमा विलीन गराउन चाहने योगीले घ्राणेन्द्रियद्वारा गन्धरूप तन्मात्रालाई, रसनेन्द्रियद्वारा रसतन्मात्रालाई, चक्षुरिन्द्रियद्वारा वायुगत स्पर्शतन्मात्रालाई, श्रोत्रेन्द्रियद्वारा शब्दतन्मात्रालाई अतिक्रमण गरी कर्मेन्द्रियहरूद्वारा तत्तत् क्रियाशक्तिमा लीन गराएर स्थूल-सूक्ष्म आवरणलाई पार गर्दछ।

स भूतसूक्ष्मेन्द्रियसन्निकर्षं
मनोमयं देवमयं विकार्यम्।
संसाद्य गत्या सह तेन याति
विज्ञानतत्त्वं गुणसन्निरोधम्॥ ३०॥

पदार्थ–

सः = योगी	लयस्थान क्रमशः तामस र राजस अहङ्कारलाई	**देवमयं** = तत्तत् इन्द्रियहरूका देवताहरूको पनि कारणभूत
भूतसूक्ष्मेन्द्रियसन्निकर्षं = सूक्ष्म भूतहरूको र इन्द्रियहरूको	**मनोमयं** = मनको कारणभूत र	**विकार्यम्** = सात्त्विक अहङ्कारलाई

संसाद्य = उत्तरोत्तर प्राप्त गर्दै
गत्या = क्रमशः लयरूप गतिद्वारा
तेन सह = अहङ्कार सहित
गुणसन्निरोधम् = समस्त गुणहरूको लयस्थान
विज्ञानतत्त्वं = महत्तत्त्वलाई
याति = प्राप्त गर्दछ (अथवा अहङ्कारलाई महत्तत्त्वमा विलीन गराउँछ)

वाक्यार्थ— यसप्रकार योगी पञ्चभूतको स्थूल र सूक्ष्म आवरणलाई पार गरेर अहङ्कारमा प्रवेश गर्दछ। त्यसपछि सूक्ष्मभूतलाई तामस अहङ्कारमा, इन्द्रियहरूलाई राजस अहङ्कारमा र मन एवं इन्द्रियहरूको अधिष्ठातृ देवताहरूलाई सात्त्विक अहङ्कारमा लीन गर्दछ।

तेनाऽऽत्मनात्मानमुपैति शान्त-
मानन्दमानन्दमयोऽवसाने।
एतां गतिं भागवतीं गतो यः
स वै पुनर्नेह विषज्जतेऽङ्ग ॥ ३१ ॥

पदार्थ—

अवसाने = प्रकृतिरूप उपाधिको पनि क्षय भएपछि
आनन्दमयः = आनन्दमय अवस्थामा रहेको योगी
तेन आत्मना = सम्पूर्ण आवरणहरू नष्ट भएको स्वरूपले
आनन्दम् = आनन्दरूप
शान्तम् = शान्त
आत्मानम् = परमात्मालाई
उपैति = प्राप्त गर्दछ
अङ्ग = हे प्रिय परीक्षित्
यः = जुन मनुष्य
एतां = यस्तो प्रकारको
भागवतीं = भगवत्तत्त्वप्राप्तिरूप
गतिं = अवस्थितिलाई
गतः = प्राप्त गरेको
सः = त्यो योगी
वै = निश्चय नै
पुनः = फेरि
इह = यस संसारमा
न विषज्जते = फर्कदैन

वाक्यार्थ— यसपछि अहङ्कारसहित लयरूप गतिद्वारा महत्तत्त्वमा प्रवेश गरेर अन्त्यमा समस्त गुणहरूको लयस्थान प्रकृतिरूप आवरणमा मिल्दछ। हे पिय परीक्षित्! महाप्रलयको समय प्रकृतिरूप आवरणको पनि लय भएपछि त्यो योगी स्वयं आनन्दरूप भएर आनन्दस्वरूप शान्त परमात्मालाई प्राप्त गर्दछ। जुन योगीलाई यो भगवन्मयी गति प्राप्त हुन्छ, उसलाई फेरि यस संसारमा आउनुपर्दैन।

एते सृती ते नृप वेदगीते
त्वयाभिपृष्टे च सनातने च।
ये वै पुरा ब्रह्मण आह तुष्ट
आराधितो भगवान् वासुदेवः ॥ ३२ ॥

पदार्थ–

नृप = हे राजा परीक्षित्	**सृती** = सद्योमुक्ति र क्रममुक्तिका मार्ग	**वासुदेवः** = श्रीहरिले
त्वया = तिमीले	**ते** = तिमीलाई बताएँ	**पुरा** = पहिले
अभिपृष्टे = सोधिएका	**आराधितः** = आराधना गरिएका र	**ये** = जुन दुई मार्गको विषयमा
सनातने = अनादिकालदेखिका	**तुष्ट** = प्रसन्न भएका	**ब्रह्मणे** = ब्रह्माजीका लागि
वेदगीते = वेदले पनि प्रतिपादन गरेको	**भगवान्** = भगवान्	**आह** = बताउनुभएको थियो
एते = यी दुई		

वाक्यार्थ– हे राजा परीक्षित् ! तपाईंले जो सोध्नुभएको थियो, मैले वेदोक्त द्विविध सद्योमुक्ति र क्रममुक्तिको विषयमा तपाईंलाई बताएँ। पहिले ब्रह्माजीले भगवान् वासुदेवको आराधना गरेर जब उहाँले भगवान्सँग प्रश्न गर्नुभएको थियो, त्यसको उत्तरमा उहाँले ब्रह्माजीलाई यी दुई मार्गहरूका विषयमा बताउनुभएको थियो।

न ह्यतोऽन्यः शिवः पन्था विशतः संसृताविह।
वासुदेवे भगवति भक्तियोगो यतो भवेत्॥ ३३॥

पदार्थ–

इह = यस	**अतः** = यहाँ बताइएको बाटोलाई छाडेर	**यतः** = जुन मार्गको आश्रयले
संसृतौ = जन्म र मरणरूप संसारचक्रमा	**अन्यः** =अरू कुनै	**भगवति** = भगवान्
विशतः = फसिरहेको प्राणीका लागि	**शिवः** = कल्याणकारी	**वासुदेवे** = वासुदेवमा
	पन्था = बाटो	**हि** = निश्चय नै
	न = छैन	**भक्तियोगः** = भक्तियोग
		भवेत् = प्राप्त हुन्छ

वाक्यार्थ– संसारचक्रमा परेका मनुष्यहरूका लागि भक्तियोग भगवान् श्रीकृष्ण प्राप्त गर्नका लागि हुन्छ। यहाँ बताइएको बाटोलाई छाडेर अरू कुनै पनि कल्याणकारी मार्ग छैन।

भगवान् ब्रह्म कार्त्स्न्येन त्रिरन्वीक्ष्य मनीषया।
तदध्यवस्यत् कूटस्थो रतिरात्मन् यतो भवेत्॥ ३४॥

पदार्थ–

भगवान् = ब्रह्माजीले	**कार्त्स्न्येन** = पूर्णरूपले	**यतः** = जुन उपायद्वारा
कूटस्थः = निर्विकार र एकाग्रचित्त भएर	**ब्रह्म** = वेदलाई	**आत्मनि** = भगवान्मा
मनीषया = आफ्नो बुद्धिद्वारा	**त्रिः** = तीन पटक	**रतिः** = भक्ति
	अन्वीक्ष्य = विचार गरेर	**भवेत्** = हुन्छ

तद् = त्यो उपाय | **अध्यवस्यत्** = निश्चित गर्नुभयो

वाक्यार्थ— भगवान् ब्रह्माले एकाग्रचित्तले सम्पूर्ण वेदहरूको तीन पटक अनुशीलन गरी आफ्नो बुद्धिले यही निश्चय गर्नुभएको थियो कि जुन कर्म गर्नाले सर्वात्मा भगवान् श्रीकृष्णप्रति अनन्य प्रेम हुन्छ, त्यही नै सर्वश्रेष्ठ धर्म हो।

भगवान् सर्वभूतेषु लक्षितः स्वात्मना हरिः।
दृश्यैर्बुद्ध्यादिभिर्द्रष्टा लक्षणैरनुमापकैः॥ ३५॥

पदार्थ—

दृश्यैः = दृश्यपदार्थभित्र पर्ने	**सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूभित्र	**भगवान्** = भगवान्
अनुमापकैः = भगवत्तत्त्वको अनुमान गराउने	**स्वात्मना** = अन्तर्यामीरूपले	**हरिः** = श्रीहरि
बुद्ध्यादिभिः = बुद्धि आदि	**द्रष्टा** = कार्यकारणमय संसारको प्रकाशक	**लक्षितः** = लक्षित हुनुहुन्छ
लक्षणैः =लक्षणहरूद्वारा		

वाक्यार्थ— आत्मरूपले भगवान् श्रीकृष्ण नै सम्पूर्ण प्राणीहरूभित्र लक्षित हुनुहुन्छ किनभने बुद्धि आदि दृश्य पदार्थ भगवान्को अनुमान गराउने लक्षण हुन्। भगवान् श्रीहरिमात्र साक्षी या द्रष्टा हुनुहुन्छ।

तस्मात्सर्वात्मना राजन् हरिः सर्वत्र सर्वदा।
श्रोतव्यः कीर्तितव्यश्च स्मर्तव्यो भगवान् नृणाम्॥ ३६॥

पदार्थ—

राजन् = हे परीक्षित्	**हरिः** = हरि	**कीर्तितव्यः** = कीर्तनीय
तस्मात् = त्यसकारण	**सर्वात्मना** = सम्पूर्ण शक्तिद्वारा	**स्मर्तव्यः च** = स्मरणीय पनि हुनुहुन्छ
नृणाम् = मृत्युभयाक्रान्त मुमुक्षु मनुष्यहरूका लागि	**सर्वदा** = जहिले पनि र	
भगवान् = सर्वात्मा भगवान्	**सर्वत्र** = जस्तोसुकै स्थानमा पनि	
	श्रोतव्यः = श्रवणीय	

वाक्यार्थ— हे परीक्षित् ! त्यसकारण मृत्युभयाक्रान्त मुमुक्षु मनुष्यहरूका लागि सर्वात्मा भगवान् हरि सम्पूर्ण शक्तिद्वारा जहिले पनि र जस्तोसुकै स्थानमा पनि श्रवणीय, कीर्तनीय र स्मरणीय पनि हुनुहुन्छ।

पिबन्ति ये भगवत आत्मनः सतां
कथामृतं श्रवणपुटेषु सम्भृतम्।
पुनन्ति ते विषयविदूषिताशयं
व्रजन्ति तच्चरणसरोरुहान्तिकम्॥ ३७॥

पद्यार्थ–

ये = जो भाग्यशाली मनुष्यहरू
आत्मनः = आफ्नै आत्मस्वरूप
भगवत = भगवान्को
श्रवणपुटेषु = कानरूपी दुनामा
सम्भृतम् = परिरहेको
सतां = सज्जनहरूद्वारा गाइएको
कथामृतं = भगवान्को कथारूपी अमृतलाई
पिबन्ति = पान गर्दछन्
ते = ती मनुष्यहरू
विषयविदूषिताशयं = विषयवासनाले मलिन र दूषित भएको अन्तःकरणलाई
पुनन्ति = पवित्र गर्दछन् र
तच्चरणसरोरुहान्तिकम् = भगवत् चरणकमलको नजिकैमा
व्रजन्ति = पुग्दछन्

वाक्यार्थ– जो व्यक्तिहरू सज्जनहरूद्वारा गाइएको कथारूप अमृतलाई आफ्नो कानरूपी दुनामा राखेर पान पनि गर्दछन्। उनीहरूको हृदयबाट विषयरूपी विषको प्रभाव निक्लन्छ। त्यो हृदय शुद्ध हुन्छ र उनीहरू भगवान् श्रीकृष्णको चरणकमलको समाधिलाई प्राप्त गर्न समर्थ हुन्छन्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे

पुरुषसंस्थानुवर्णनं नाम द्वितीयोऽध्यायः॥ २॥

अथ तृतीयोऽध्यायः

कामनाअनुसार विभिन्न देवताहरूको उपासना तथा भगवद्भक्तिको प्राधान्य

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

एवमेतन्निगदितं पृष्टवान् यद्भवान् मम ।

नृणां यन्म्रियमाणानां मनुष्येषु मनीषिणाम् ॥ १ ॥

पदार्थ—

मनुष्येषु = मनुष्यहरूमा **मनीषिणाम्** = बुद्धिशाली **म्रियमाणानां** = मरणकाल नजिक भएका **नृणां** = मनुष्यहरूका लागि	**यत्** = जुन कर्तव्य हो **तत्** = त्यसको विषयमा **यद्** = जुन कुरा **भवान्** = तपाईंले **मम** = मलाई	**पृष्टवान्** = सोध्नुभएको थियो **एवम्** = यसप्रकार (ती साधकहरूका लागि) **निगदितं** = भनें

वाक्यार्थ— मनुष्यहरूमा म्रियमाण विवेकी मनुष्यहरूले गर्नुपर्ने कर्तव्यका विषयमा तपाईंले जुन कुरा मलाई सोध्नुभएको थियो त्यसको उत्तर शास्त्रहरूमा बताएअनुसार मैले तपाईंलाई दिएँ।

ब्रह्मवर्चसकामस्तु यजेत ब्रह्मणः पतिम् ।

इन्द्रमिन्द्रियकामस्तु प्रजाकामः प्रजापतीन् ॥ २ ॥

पदार्थ—

ब्रह्मवर्चसकामः = वेदाध्ययनबाट उत्पन्न भएको तेजलाई प्राप्त गर्न चाहने मनुष्यले **ब्रह्मणस्पतिम्** = ब्रह्माजीको **यजेत** = उपासना गरोस्	**इन्द्रियकामः** = इन्द्रियहरूमा सामर्थ्य प्राप्त गर्न चाहने मनुष्यले **इन्द्रम्** = इन्द्रको उपासना गरोस्	**प्रजाकामः** = सन्तानलाई प्राप्त गर्न चाहनेले **प्रजापतीन्** =दक्ष आदि प्रजापतिहरूको उपासना गरोस्

वाक्यार्थ— ब्रह्मतत्त्वलाई प्राप्त गर्न चाहने मनुष्यले ब्रह्माजीको उपासना गरोस्। इन्द्रियहरूमा सामर्थ्य प्राप्त गर्न चाहनेले इन्द्रको उपासना गरोस्। सन्तानलाई प्राप्त गर्न चाहनेले दक्ष आदि प्रजापतिहरूको उपासना गरोस्।

देवीं मायां तु श्रीकामस्तेजस्कामो विभावसुम् ।

वसुकामो वसून् रुद्रान्वीर्यकामोऽथ वीर्यवान् ॥ ३ ॥

पदार्थ–

श्रीकामः = सम्पत्तिलाई प्राप्त गर्न चाहने मनुष्यले
मायां देवीं = भगवती दुर्गाको
यजेत =उपासना गरोस्
तेजस्कामः = तेजलाई प्राप्त गर्न चाहने मनुष्यले
विभावसुम् = अग्निको उपासना गरोस्
वसुकामः = धन चाहने मनुष्यले
वसून् = वसुहरूको उपासना गरोस्
वीर्यकामः = प्रभाव चाहने मनुष्यले
तु = चाहिँ
रुद्रान् = रुद्रहरूको उपासना गरोस्
अथ = त्यसपछि
वीर्यवान् = प्रभावशाली हुन्छ

वाक्यार्थ– सम्पत्ति प्राप्त गर्न चाहनेले दुर्गादेवीको उपासना गरोस्। तेज प्राप्त गर्न चाहनेले अग्निको उपासना गरोस्। धर्म प्राप्त गर्न चाहनेले द्रोण आदि वसुहरूको उपासना गरोस्। प्रभाव चाहनेले रुद्रहरूको उपासना गरोस्।

अन्नाद्यकामस्त्वदितिं स्वर्गकामोऽदितेः सुतान्।
विश्वान्देवान् राज्यकामः साध्यान् संसाधको विशाम्॥ ४॥

पदार्थ–

अन्नाद्यकामः = अन्न आदि भोज्यपदार्थलाई प्राप्त गर्न चाहने मनुष्यले
अदितिं = अदितिको उपासना गरोस्
स्वर्गकामः = स्वर्गलाई प्राप्त गर्न चाहनेले
अदितेः = अदितिका
सुतान् = छोरा (द्वादश आदित्यहरूको उपासना गरोस्)
राज्यकामः = राज्यलाई प्राप्त गर्न चाहने मनुष्यले
विश्वान् देवान् = विश्वेदेवाहरूको उपासना गरोस्
विशाम् = प्रजाहरूमाथि
संसाधकः = आधिपत्य चाहने मनुष्यले
साध्यान् = साध्यहरूको उपासना गरोस्

वाक्यार्थ– अन्न आदि प्राप्त गर्न चाहनेले अदितिको उपासना गरोस्। स्वर्ग प्राप्त गर्न चाहनेले अदितिका छोरा द्वादशादित्यहरूको उपासना गरोस्। राजत्वलाई प्राप्त गर्न चाहनेले विश्वेदेवाहरूको उपासना गरोस्। प्रजाहरूमाथि स्वामित्व प्राप्त गर्न चाहनेले साध्यहरूको उपासना गरोस्।

आयुष्कामोऽश्विनौ देवौ पुष्टिकाम इलां यजेत्।
प्रतिष्ठाकामः पुरुषो रोदसी लोकमातरौ॥ ५॥

पदार्थ–

आयुष्कामः = आयुलाई प्राप्त गर्न चाहनेले
अश्विनौ देवौ = अश्विनीकुमारहरूको उपासना गरोस्
पुष्टिकामः = पुष्टि चाहनेले
इलां = पृथिवीको अभिमानी देवता इलाको

यजेत् = उपासना गरोस् **प्रतिष्ठाकामः** = प्रतिष्ठालाई प्राप्त गर्न चाहने	**पुरुषः** = पुरुषले **लोकमातरौ** = प्राणका आधारभूत लोकका मातापिता	**रोदसी** = स्वर्ग र पृथिवीको उपासना गरोस्

वाक्यार्थ– आयुको वृद्धि चाहने मनुष्यले अश्विनीकुमारहरूको उपासना गरोस्। पुष्टि चाहनेले पृथिवीको अभिमानी देवताको उपासना गरोस्। प्रतिष्ठा प्राप्त गर्न चाहने मनुष्यले प्राणका आधारभूत स्वर्ग र पृथिवीको उपासना गरोस्।

रूपाभिकामो गन्धर्वान् स्त्रीकामोऽप्सर उर्वशीम्।
आधिपत्यकामः सर्वेषां यजेत परमेष्ठिनम्॥ ६॥

पदार्थ–

रूपाभिकामः = सौन्दर्य प्राप्त गर्न चाहने मनुष्यले **गन्धर्वान्** = गन्धर्वहरूको उपासना गरोस्	**स्त्रीकामः** = स्त्रीलाई प्राप्त गर्न चाहनेले **अप्सरउर्वशीम्** = उर्वशी अप्सराको **यजेत** =उपासना गरोस्	**सर्वेषां** = सबैमाथि **आधिपत्यकामः** = सबको स्वामी बन्न चाहनेले **परमेष्ठिनम्** = ब्रह्माजीको उपासना गरोस्

वाक्यार्थ– सौन्दर्यलाई चाहनेले गन्धर्वहरूको उपासना गरोस्। स्त्रीलाई प्राप्त गर्न चाहनेले उर्वशी अप्सराको उपासना गरोस्। सबैमाथि आधिपत्य प्राप्त गर्न चाहनेले ब्रह्माजीको उपासना गरोस्।

यज्ञं यजेद् यशस्कामः कोशकामः प्रचेतसम्।
विद्याकामस्तु गिरिशं दाम्पत्यार्थ उमां सतीम्॥ ७॥

पदार्थ–

यशस्कामः = कीर्ति चाहने मनुष्यले **यज्ञं** = यज्ञपुरुष भगवान् विष्णुको **यजेद्** =उपासना गरोस् **कोशकामः** = सम्पत्ति प्राप्त गर्न चाहने मनुष्यले	**प्रचेतसम्** = वरुणको उपासना गरोस् **विद्याकामः** = विद्यालाई प्राप्त गर्न चाहने मनुष्यले **गिरिशं** = शिवजीको आराधना गरोस्	**दाम्पत्यार्थः** = पति र पत्नीमा परस्पर प्रेम चाहनेले **तु** = चाहिँ **सतीम् उमां** = सती उमाको उपासना गरोस्

वाक्यार्थ– कीर्ति प्राप्त गर्न चाहनेले यज्ञपुरुष भगवान् विष्णुको उपासना गरोस्। सम्पत्ति प्राप्त गर्न आहनेले वरुणको उपासना गरोस्। विद्या प्राप्त गर्न चाहनेले शिवजीको उपासना गरोस्। पति र पत्नीमा परस्पर प्रेम चाहनेले सती उमाको उपासना गरोस्।

धर्मार्थ उत्तमश्लोकं तन्तुं तन्वन् पितृन् यजेत्।

रक्षाकामः पुण्यजनानोजस्कामो मरुद्गणान्॥ ८॥

पदार्थ—

धर्मार्थे = धर्मप्राप्तिका लागि	**पितृन्** = पितृहरूको	**पुण्यजनान्** = यक्षहरूको र
उत्तमश्लोकं = भगवान् विष्णुको उपासना गरोस्	**यजेत्** = उपासना गरोस्	**ओजस्कामः** = बलप्राप्तिको लागि
तन्तुं = वंश परम्पराको	**रक्षाकामः** = विघ्न र बाधाहरूबाट आफ्नो रक्षाका लागि	**मरुद्गणान्** = मरुद्गणहरूको उपासना गरोस्
तन्वन् = विस्तारका लागि		

वाक्यार्थ— धर्म प्राप्त गर्न चाहनेले भगवान् विष्णुको उपासना गरोस्। वंशपरम्पराको विस्तारका लागि पितृहरूको उपासना गरोस्। विघ्नबाधाहरूबाट आफ्नो रक्षा चाहनेले यक्षहरूको उपासना गरोस्। बल प्राप्त गर्न चाहनेले मरुद्गणहरूको उपासना गरोस्।

राज्यकामो मनून् देवान् निर्ऋतिं त्वभिचरन् यजेत्।

कामकामो यजेत् सोममकामः पुरुषं परम्॥ ९॥

पदार्थ—

राज्यकामः = राज्यप्राप्तिका लागि	**निर्ऋतिं** = निर्ऋति राक्षसको	**अकामः** = निष्कामता प्राप्त गर्नको लागि
मनून् = मन्वन्तरका अधिपति	**यजेत्** = उपासना गरोस्	**परम् पुरुषं** = परमपुरुष नारायणको उपासना गरोस्
देवान् = देवताहरूको उपासना गरोस्	**कामकामः** = भोगप्राप्तिका लागि	
अभिचरन् = शत्रुमरण चाहनेले	**सोमम्** = चन्द्रमाको	
	यजेत् = उपासना गरोस्	

वाक्यार्थ— राज्य चाहनेले मनुहरूको उपासना गरोस्। शत्रुमरण चाहनेले निर्ऋति राक्षसको उपासना गरोस्। विषयभोग चाहनेले चन्द्रमाको उपासना गरोस्। वैराग्य चाहनेले परमपुरुष नारायणको उपासना गरोस्।

अकामः सर्वकामो वा मोक्षकाम उदारधीः।

तीव्रेण भक्तियोगेन यजेत पुरुषं परम्॥ १०॥

पदार्थ—

अकामः = वैराग्य प्राप्त गर्न चाहनेले	**परम्** = परम	**पुरुषं** = पुरुष (नारायणको उपासना गरोस्)

सर्वकामः = उपर्युक्त सम्पूर्ण पदार्थहरूलाई प्राप्त गर्न चाहनेले
वा = अथवा
मोक्षकामः = मोक्षको प्राप्त गर्न चाहने
उदारधीः = उदार बुद्धि भएको साधकले
तीव्रेण= तीव्र
भक्तियोगेन = भक्तियोगद्वारा
परम् पुरुषं = निर्गुणनिराकार परब्रह्मको
यजेत = उपासना गरोस्

वाक्यार्थ— वैराग्य प्राप्त गर्न चाहने, उपर्युक्त सम्पूर्ण पदार्थ चाहने अथवा मोक्ष चाहने उदार बुद्धि भएको व्यक्तिले भक्तियोगद्वारा परमपुरुष परब्रह्मको उपासना गरोस्।

एतावानेव यजतामिह निःश्रेयसोदयः।
भगवत्यचलो भावो यद्भागवतसङ्गतः॥ ११॥

पदार्थ—
इह = यस संसारमा
यजताम् = सबै किसिमका उपासकहरूका लागि पनि
यद्भागवतसङ्गतः = भगवान्का भक्तहरूको सङ्गतद्वारा
भगवति = भगवान् नारायणमा
अचलः = अचल
भावः = भक्ति हुन्छ (जुन भक्तिबाट)
एतावान् एव = यही नै
निःश्रेयसोदयः =मुख्यलाभ हो

वाक्यार्थ— यस संसारमा जति किसिमका उपासक छन् ती सबैका लागि भगवान्का भक्तहरूको सङ्गतद्वारा भगवान्मा भक्तिको उदय हुनु नै मुख्य प्रयोजन हो। ती भिन्नभिन्न देवताहरूको आराधनाद्वारा प्राप्त हुने ती-ती भिन्न-भिन्न विषयहरूको प्राप्ति मुख्य फल होइन।

ज्ञानं यदा प्रतिनिवृत्तगुणोर्मिचक्रम्
आत्मप्रसाद उत यत्र गुणेष्वसङ्गः।
कैवल्यसम्मतपथस्त्वथ भक्तियोगः
को निर्वृतो हरिकथासु रतिं न कुर्यात्॥ १२॥

पदार्थ—
हरिकथासु = हरिकथामा
यद् = जुन
ज्ञानं = ज्ञान हुन्छ
प्रतिनिवृत्तगुणोर्मिचक्रम् = रागादि गुणहरूको समूह जहाँ सर्वथा नष्ट हुन्छ (त्यसपछि)
आत्मप्रसादः = चित्त निर्मल हुन्छ
यत्र = चित्त निर्मल भएपछि
गुणेषु = विषयहरूमा
असङ्गः = वैराग्य हुन्छ
अथ = यसपछि
कैवल्यसम्मतपथः=मोक्षलाई प्राप्त गराउने सर्वसम्मत मार्ग
भक्तियोगः = भक्तियोगको प्राप्ति हुन्छ
निर्वृतः = एक पटकमात्र भगवत्कथाको श्रवणसुखको अनुभव गर्ने
कः = कुन त्यस्तो साधक होला (जो)
रतिं = ती हरिकथाहरूमा प्रेम
न कुर्यात् = नगरोस्

वाक्यार्थ– ती हरिकथाहरूको श्रवण गर्नाले दुर्लभ ज्ञानको प्राप्ति हुन्छ। जसबाट संसारसागरको त्रिगुणमयी तरङ्गमालाहरू सधैँका लागि शान्त हुन्छन्। हृदय शुद्ध भएर आत्मानन्दको अनुभव हुन थाल्दछ। इन्द्रियहरूको विषय-आसक्ति हट्न लाग्दछ। कैवल्यमोक्षको सर्वसम्मत मार्ग भक्तियोगको प्राप्ति हुन्छ। भगवान्‌का त्यस्ता रसमय कथाहरूको चस्का लागेको कुन त्यस्तो मनुष्य होला, जो भगवान्‌को कथामा प्रेम नगर्ला ?

शौनक उवाच (शौनकजीले भन्नुभयो)

इत्यभिव्याहृतं राजा निशम्य भरतर्षभः।
किमन्यत् पृष्टवान् भूयो वैयासकिमृषिं कविम्॥ १३॥

पदार्थ–

इति = यसप्रकार	**राजा** = राजा परीक्षित्‌ले	**भूयः** = फेरि
अभिव्याहृतं = भगवान् शुकदेवजीले भन्नुभएको	**ऋषिं** = ऋषि	**अन्यत्** = अरू
निशम्य = सुनेर	**कविम्** = शब्दब्रह्ममा निष्णात	**किम्** = के
भरतर्षभः = भरतवंशीमा श्रेष्ठ	**वैयासकिम्** = भगवान् शुकदेवजीलाई	**पृष्टवान्** = सध्नुभयो

वाक्यार्थ– भरतवंशीमा श्रेष्ठ राजा परीक्षित्‌ले शुकदेवजीको कुरा सुनेर फेरि शब्दब्रह्ममा निष्णात ऋषि शुकदेवजीसँग राजा के सोध्नुभयो ?

एतच्छुश्रूषतां विद्वन् सूत नोऽर्हसि भाषितुम्।
कथा हरिकथोदर्काः सतां स्युः सदसि ध्रुवम्॥ १४॥

पदार्थ–

विद्वन् = हे विद्वान्	**भाषितुम्** = भन्न	**हरिकथोदर्काः** = भगवान्‌को रासमय लीलाकथाहरूमा पर्यवसित हुने
सूत = सुतजी	**अर्हसि** = योग्य हुनुहुन्छ	**कथाः** = कथाहरू
एतत् = शुकदेव र राजा परीक्षित्‌को यो संवाद	**ध्रुवम्** = किनभने	**स्युः** = हुन्छन्
शुश्रूषतां = सुन्न चाहने	**सतां** = सज्जनहरूको	
नः = हामीहरूका लागि	**सदसि** =सभामा	

वाक्यार्थ– हे विद्वान् सूतजी ! हामीहरू शुकदेव र राजा परीषित्‌को वार्तालाप प्रेमपूर्वक सुन्न चाहन्छौँ। तपाईंले कृपा गरेर हामीलाई सुनाउनुहोस् किनभने सन्तहरूको सभामा यस्ता कुराहरू हुन्छन् जसको पर्यवसान भगवान्‌को लीलामय कथाहरूमा हुन्छ।

स वै भागवतो राजा पाण्डवेयो महारथः।

बालक्रीडनकैः क्रीडन् कृष्णक्रीडां य आददे ॥ १५ ॥

पदार्थ—

सः = ती	**भागवतः** = भगवान्का भक्त हुनुहुन्थ्यो	**यः** = जो राजा परीक्षित्
वै = निश्चय	**बालक्रीडनकैः** = क्रीडाका साधनहरूद्वारा	**कृष्णक्रीडां** = कृष्णलीलाकै रस
पाण्डवेयः = पाण्डुकुलमा उत्पन्न	**क्रीडन्** = खेल्दाखेरि	**आददे** = लिने गर्नुहुन्थ्यो
महारथः = महारथि		
राजा = राजा परीक्षित्		

वाक्यार्थ— पाण्डुनन्दन महारथि राजा परीक्षित् भगवान्का त्यस्ता परमभक्त हुनुहुन्थ्यो जो बाल्यावस्थामा खेल्दाखेरि पनि श्रीकृष्णलीलाकै रस लिनुहुन्थ्यो।

वैयासकिश्च भगवान् वासुदेवपरायणः।
उरुगायगुणोदाराः सतां स्युर्हि समागमे ॥ १६ ॥

पदार्थ—

भगवान् = भगवान्	(त्यसै गरी अरू भगवान्का भक्तहरू त्यहाँ उपस्थित थिए यसकारण)	**हि** = निश्चय नै
वैयासकिः = शुकदेवजी	**सतां** = सज्जनहरूको	**उरुगायगुणोदाराः** = भगवान्का गुणहरूले श्रेष्ठ भएका कथाहरू
च = पनि	**समागमे** = समागममा	**स्युः** = भएहोलान्
वासुदेवपरायणः = भगवान्का परमभक्त हुनुहुन्थ्यो		

वाक्यार्थ— भगवान् शुकदेवजी भगवान्का परम भक्त हुनुहुन्थ्यो। यस्तै त्यहाँ भगवान्का अन्य भक्तहरू पनि आएका थिए। यस्ता सन्तहरूको सत्सङ्गमा अवश्य पनि भगवान्का मङ्गलमय गुणहरूको दिव्यचर्चा भयो होला।

आयुर्हरति वै पुंसामुद्यन्नस्तं च यन्नसौ।
तस्यर्ते यत्क्षणो नीत उत्तमश्लोकवार्तया ॥ १७ ॥

पदार्थ—

यत् = जुन मनुष्यले	**क्षणः** = समय	**आयुः** = आयुलाई
असौ = यी सूर्य भगवान्	**नीतः** = यापन गरेको छ	**वै** = निश्चय नै
उद्यन् = उदाउँदै	**तस्य** = त्यस व्यक्तिको	**हरति** = नष्ट गरिरहनुभएको छ
अस्तं च = अस्ताउँदै	**आयुः** = आयुलाई	
उत्तमश्लोकवार्तया = भगवान्का कथा सुनेर अथवा सुनाएर	**ऋते** = छोडेर	
	पुंसाम् = अन्य व्यक्तिहरूको	

वाक्यार्थ— जसको समय भगवान् श्रीकृष्णको गुणको गान अथवा श्रवणमा व्यतीत हुन्छ त्यी व्यक्तिदेखि अतिरिक्त सबै मनुष्यहरूको आयु व्यर्थ बितिरहेको छ। भगवान् सूर्यले प्रतिदिन आफ्नो उदय र अस्तद्वारा उनीहरूको आयुलाई नष्ट गरिरहनुभएको छ।

तरवः किं न जीवन्ति भस्त्राः किं न श्वसन्त्युत।
न खादन्ति न मेहन्ति किं ग्रामपशवोऽपरे ॥ १८ ॥

पदार्थ—

तरवः = रुखहरू	**न श्वसन्ति** = सास फेर्दैनन् र ?	**किं** = के
किं = के	**उत** = अथवा	**न खादन्ति** = खाँदैनन् ?
न जीवन्ति = बाँच्दैनन् र ?	**अपरे** = अरू	**किं** = के
भस्त्राः = खलाँतीहरू	**ग्रामपशवः** = गाउँमा पालिरहेका पशुहरू	**न मेहन्ति** = बच्चा पैदा गर्दैनन् र ?
किं = के		

वाक्यार्थ— के वृक्षहरू बाँचेका छैनन् र ? के खलाँतीले सास लिँदैन र ? के गाउँमा पालिएका पशुहरूले पनि खाने र बच्चा उत्पन्न गर्ने काम गर्दैनन् र ?

श्वविड्वराहोष्ट्रखरैः संस्तुतः पुरुषः पशुः।
न यत्कर्णपथोपेतो जातु नाम गदाग्रजः ॥ १९ ॥

पदार्थ—

जातु = कहिल्यै पनि	**न यत्कर्णपथोपेतः** = जुन मनुष्यको कानमा एकपटक पनि परेको छैन (त्यो)	**पशुः** =पशु
गदाग्रजः = श्रीकृष्ण भन्ने		**श्वविड्वराहोष्ट्रखरैः** = कुकुर, सुंगुर, उँट र गधा भन्दा पनि
नाम = नाम	**पुरुषः** = पुरुषको आकारको	**संस्तुतः** =गएगुज्रेको हो

वाक्यार्थ— जसले जीवनमा एकपटक पनि भगवान् श्रीकृष्णका लीलाकथाको श्रवण गरेको छैन, त्यो नरपशु, कुक्कुर, सुँगुर, उँट र गधाभन्दा पनि गएगुज्रेको हो।

बिले बतोरुक्रमविक्रमान्ये
न शृण्वतः कर्णपुटे नरस्य।
जिह्वासती दार्दुरिकेव सूत
न चोपगायत्युरुगायगाथाः ॥ २० ॥

पदार्थ—

सूत = हे सूतजी
नरस्य = जुन व्यक्तिको
ये = जुन
कर्णपुटे = दुई कानले
उरुक्रमविक्रमान् = भगवान् श्रीकृष्णको कथालाई
न शृण्वतः = श्रवण गर्दैनन्
बत = यो खेदको कुरा हो (ती कानहरू)
बिले = सर्पहरूले निवास गर्ने प्वालमात्र हुन् (कुनै पुरुषले)
उरुगायगाथाः = भगवान्‌को कथा
न उपगायति = गान गर्दैन भने (त्यो पुरुषको)
दार्दुरिका = भ्यागुतोको
जिह्वा = जिब्रोजस्तो कटुभाषी
असती = निरर्थक जिब्रो हो

वाक्यार्थ— जो मनुष्य भगवान् श्रीकृष्णको कथा कहिल्यै पनि सुन्दैन उसका कान सर्प बस्ने प्वाल जस्ता हुन्। जुन जिब्राले भगवान्‌को लीलाको गायन गर्दैन त्यो भ्यागुताको जिब्रोजस्तो कटुभाषी निरर्थक जिब्रो हो। त्यस्तो जिब्रो हुनुको सट्टा बरु जिब्रो नहुनु नै राम्रो हो।

भारः परं पट्टकिरीटजुष्ट-
मप्युत्तमाङ्गं न नमेन्मुकुन्दम्।
शावौ करौ नो कुरुते सपर्यां
हरेर्लसत्काञ्चनकङ्कणौ वा॥ २१॥

पदार्थ—

पट्टकिरीटजुष्टम् = रेशमी वस्त्र र मुकुटले युक्त भएको छ
अपि = तापनि
उत्तमाङ्गं = जुन शिर
मुकुन्दम् = भगवान्‌को चरणमा
न नमेत् = झुक्दैन भने
परं = केवल
भारः = भारमात्र हो
वा = अथवा
लसत्काञ्चनकङ्कणौ = सुनको बालाले युक्त भएका छन् तापनि
करौ = जुन हात
हरेः = भगवान् विष्णुको
सपर्यां = पूजा
न कुरुते = गर्दैनन् भने
शावौ = ती हात मुर्दाका हात जस्ता हुन्

वाक्यार्थ— जुन शिर कहिल्यै पनि भगवान् श्रीकृष्णको चरणमा झुक्दैन त्यो रेशमी वस्त्रद्वारा सुसज्जित र मुकुटले युक्त भए तापनि भारमात्र हो। जुन हातहरूले भगवान्‌को सेवापूजा गर्दैनन् ती हातहरू सुनका बालाहरूद्वारा भूषित भए तापनि मुर्दाका हातजस्ता हुन्।

बर्हायिते ते नयने नराणां
लिङ्गानि विष्णोर्न निरीक्षतो ये।
पादौ नृणां तौ द्रुमजन्मभाजौ
क्षेत्राणि नानुव्रजतो हरेर्यौ॥ २२॥

पदार्थ—

नराणां = मनुष्यहरूका
ये = जुन दुई
नयने = जुन आँखा
विष्णोः = भगवान् विष्णुका
लिङ्गानि = मूर्तिहरूलाई
न निरीक्षतः = हेर्दैनन् भने
ते = ती आँखा
बर्हायिते = मयूरका प्वाँखका आँखा बराबर हुन्
नृणां = मनुष्यहरूका लागि
यौ = जुन
पादौ = गोडाहरू
हरेः = भगवान्का
क्षेत्राणि= लीलास्थलीहरूको
न अनुव्रजतः = यात्रा गर्दैनन् भने
तौ = ती दुई गोडाहरू
द्रुमजन्मभाजौ = वृक्ष जस्ता हुन्

वाक्यार्थ— जुन आँखाहरू भगवान्लाई स्मरण गराउन मूर्ति, तीर्थ र नदी आदिको दर्शन गर्दैनन् ती मयूरका प्वाँखमा बनेका आँखाका चिह्नजस्ता निरर्थक हुन्। जुन गोडाले भगवान्का लीलास्थलीको यात्रा गर्दैनन् भने ती त कहिल्यै नहिँड्ने जड रूखहरू जस्ता हुन्।

जीवञ्छवो भागवताङ्घ्रिरेणुं
न जातु मर्त्योऽभिलभेत यस्तु।
श्रीविष्णुपद्या मनुजस्तुलस्याः
श्वसञ्छवो यस्तु न वेद गन्धम्॥ २३॥

पदार्थ—
यः = जो
मर्त्यः = मनुष्य
तु = चाहिँ
भागवताङ्घ्रिरेणुं = भगवान्का भक्तहरूको चरणहरूको धूलो
जातु = कहिल्यै पनि
न अभिलभेत = शरीरका सम्पूर्ण अङ्गहरूमा धारण गर्दैन भने
जीवन् शवः = बाँचे तापनि मरेतुल्य हो
यः = जो
मनुजः = मनुष्य
श्रीविष्णुपद्याः =भगवान्को चरणमा चढाइएको
तुलस्याः = तुलसीको
गन्धम् = गन्धलाई
न वेद = यदि सुँघेर प्रशंसा गर्दैन भने
श्वसन् शवः = बाँचेर पनि मरे बराबर हो

वाक्यार्थ— जुन मनुष्यले भगवत्प्रेमी सन्तको चरणको धूलो आफ्नो शरीरमा धारण गर्दैन त्यो बाँचे तापनि मरेतुल्य हो। जो मनुष्य भगवान्को चरणमा चढाएको तुलसीको सुगन्ध लिएर त्यसको प्रशंसा गर्दैन उसले सास फेरे तापनि ऊ श्वासरहित मुर्दाजस्तो हो।

तदश्मसारं हृदयं बतेदं
यद्गृह्यमाणैर्हरिनामधेयैः।
न विक्रियेताथ यदा विकारो
नेत्रे जलं गात्ररुहेषु हर्षः॥ २४॥

पदार्थ—

हरिनामधेयैः = हरिवाचक शब्दहरूको
गृह्यमाणैः = आफूले उच्चारण गर्दा अथवा अरूहरूले उच्चारण गरेको सुन्दा
यद् = जुन
इदं = यस्तो
बत = निश्चय नै
हृदयं = हृदय
न विक्रियेत = यदि पग्लिदैन भने
तत् = त्यो हृदय
अश्मसारं = फलामजस्तो कठोर हृदय हो
अथ = त्यसपछि
यदा = जुन समयमा
नेत्रे = आँखामा
जलं = आँसु र
गात्ररुहेषु = शरीरमा
हर्षः = हर्ष हुन्छ भने (त्यस समयमा)
विकारः = (यस किसिमको) परिवर्तन र रोमाञ्च हुन्छ

वाक्यार्थ— त्यो हृदय हृदय होइन, अपितु फलाम हो जुन हृदय भगवान्को मङ्गलमय नामहरूको श्रवण र कीर्तन गर्दाखेरि पनि पग्लेर भगवान्तिर जाँदैन। जुन समयमा हृदय पग्लिन्छ त्यस समयमा आँखाबाट आँसुहरू आउन लाग्दछन् र शरीरमा रोमाञ्च हुन लाग्दछ।

अथाभिधेह्यङ्ग मनोऽनुकूलं
प्रभाषसे भागवतप्रधानः।
यदाह वैयासकिरात्मविद्या-
विशारदो नृपतिं साधु पृष्टः॥ २५॥

पदार्थ—

अङ्ग = हे प्रिय सूतजी
साधु = राम्रो प्रकारले
पृष्टः = प्रश्न गरिएका
आत्मविद्याविशारदः = आत्मविद्यामा निपुण भएका
वैयासकिः = शुकदेवजीले
यत् = जुन कुरा
नृपतिं = राजा परीक्षित्लाई
आह = बताउनुभयो (त्यो कुरो)
अथ = यसपछि (हामीहरूलाई)
अभिधेहि = बताउनुहोस्
भागवतप्रधानः = भगवान्का भक्तहरूमा श्रेष्ठ तपाईं
मनोऽनुकूलं = हामीहरूको मनलाई आनन्द दिने कुरा
प्रभाषसे = भन्नुहुन्छ

वाक्यार्थ— हे प्रिय सूतजी! तपाईंको वाणीले हाम्रो हृदयलाई माधुर्यले परिपूर्ण बनाउँछ। यसकारण भगवान्का परमभक्त आत्मविद्यामा निपुण शुकदेवजीले राजा परीक्षित्का प्रश्नहरूको उत्तरमा जुन कुरा बताउनुभयो त्यो कुरा कृपा गरेर हामीलाई सुनाउनुहोस्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे
तृतीयोऽध्यायः॥ ३॥

अथ चतुर्थोऽध्यायः

राजा परीक्षित्का सृष्टिविषयक प्रश्नहरू एवं श्रीशुकदेवजीद्वारा कथारम्भ

सूत उवाच (सूतजीले भन्नुभयो)

वैयासकेरिति वचस्तत्त्वनिश्चयमात्मनः ।
उपधार्य मतिं कृष्णे औत्तरेयः सतीं व्यधात् ॥ १ ॥

पदार्थ—

वैयासकेः = शुकदेवजीको	**वचः** = वचनलाई	**सतीं** = शुद्ध
इति = यसप्रकार	**उपधार्य** = सुनेर	**मतीं** = बुद्धि
आत्मनः = भगवान्को	**औत्तरेयः** = उत्तराका पुत्र राजा परीक्षित्ले	**व्यधात्** = अर्पण गर्नुभयो
तत्त्वनिश्चयम् = तत्त्वको निश्चय गराउने	**कृष्णे** = भगवान् श्रीकृष्णमा	

वाक्यार्थ— भगवत्तत्त्वको निश्चय गराउने खालका शुकदेवजीका वचनहरू उत्तराका पुत्र राजा परीक्षित्ले सुनेर आफ्नो शुद्ध बुद्धिलाई भगवान् श्रीकृष्णको चरणमा अनन्यभावले समर्पित गरिदिनुभयो।

आत्मजायासुतागारपशुद्रविणबन्धुषु ।
राज्ये चाविकले नित्यं विरूढां ममतां जहौ ॥ २ ॥

पदार्थ—

आत्मजायासुतागारपशुद्रविणबन्धुषु = शरीर, पत्नी, पुत्र, महल, पशु, धन, भाइ, दाजुभाइ	**राज्ये** = राज्यमा	**ममतां** =ममतालाई
अविकले = निष्कण्टक	**च** = पनि	**जहौ** = त्याग्नुभयो
	नित्यं = सधैं भइरहने	
	विरूढां = दृढ	

वाक्यार्थ— शरीर, पत्नी, पुत्र, महल, पशु, धन, भाइ, दाजुभाइ र निष्कण्टक राज्यमा सधैंको अभ्यासको कारणले भएको दृढ ममतालाई उहाँले त्याग्नुभयो।

पप्रच्छ चेममेवार्थं यन्मां पृच्छथ सत्तमाः ।
कृष्णानुभावश्रवणे श्रद्दधानो महामनाः ॥ ३ ॥

संस्थां विज्ञाय संन्यस्य कर्म त्रैवर्गिकं च यत् ।
वासुदेवे भगवति आत्मभावं दृढं गतः ॥ ४ ॥

पदार्थ–

सत्तमाः = हे शौनक आदि ऋषिहरू हो !	**गतः** = प्राप्त गरेर	**मां** = मलाई
कृष्णानुभावश्रवणे = भगवान् श्रीकृष्णको कथाश्रवणमा	**संस्थां** = मृत्यु नजिक आएको कुरा	**यत्** = जुन
श्रद्दधानः = श्रद्धा राख्ने	**विज्ञाय** = जानेर	**पृच्छथ** = प्रश्न सोध्दै हुनुहुन्छ
भगवति = भगवान्	**त्रैवर्गिकं** = धर्म, अर्थ र कामसम्बन्धी	**इमम्**=यही
वासुदेवे = वासुदेवमा	**कर्म** = कर्म	**एव**= नै
दृढं = दृढ	**संन्यस्य** = त्याग गरेर (तपाईंहरू)	**अर्थं** = प्रश्न
आत्मभावं = आत्मभावलाई		**महामनाः** = महामनस्वी राजा परीक्षित्‌ले
		पप्रच्छ = सोध्नुभयो

वाक्यार्थ– शौनक आदि ऋषिहरू हो, महामनस्वी राजा परीक्षित्‌ले आफ्नो मृत्युको निश्चित समय जान्नुभएको थियो। यसकारण उनले धर्म, अर्थ र कामसँग सम्बन्ध राख्ने सम्पूर्ण कर्महरूको परित्याग गरिदिनुभयो। त्यसपछि भगवान् श्रीकृष्णमा सुदृढ आत्मभावलाई प्राप्त गरेर अत्यन्त श्रद्धाले भगवान् श्रीकृष्णको महिमा श्रवण गर्नका लागि उहाँले शुकदेवजीसँग यही प्रश्न गर्नुभयो जुन प्रश्न तपाईंहरू मसँग सोध्दै हुनुहुन्छ।

राजोवाच (परीक्षित्‌ले सोध्नुभयो)

समीचीनं वचो ब्रह्मन् सर्वज्ञस्य तवानघ ।
तमो विशीर्यते मह्यं हरेः कथयतः कथाम् ॥ ५ ॥

पदार्थ–

ब्रह्मन् = ब्रह्मस्वरूप	**वचः** = वचन	**कथयतः** = भन्दै जानुहुन्छ
अनघ = निष्पाप हे शुकदेवजी	**समीचीनं** = उचित र सत्य छ	**मह्यं** = मेरो
सर्वज्ञस्य = सर्वज्ञ	**हरेः** = भगवान्‌को	**तमः** = अज्ञान
तव = तपाईंको	**कथाम्** = कथा	**विशीर्यते** = हट्‌छ

वाक्यार्थ– मुनिवर ! तपाईं परमपवित्र र सर्वज्ञ हुनुहुन्छ। तपाईंले जुन कुरा बताउनुभयो, त्यो परमसत्य एवं उचित छ। तपाईं जति-जति भगवान्‌को कथा भन्दैजानुहुन्छ, त्यति-त्यति मेरो अज्ञानको पर्दा हट्‌दै गइरहेको छ।

भूय एव विवित्सामि भगवानात्ममायया ।
यथेदं सृजते विश्वं दुर्विभाव्यमधीश्वरैः ॥ ६ ॥

पदार्थ—

अधीश्वरैः = ब्रह्मा आदि देवताहरूद्वारा पनि	**यथा** = जसरी	**संयच्छते** = आफूमा लीन गर्नुहुन्छ (त्यसको विषयमा)
दुर्विभाव्यम् = जान्न कठिन	**सृजते** = सृष्टि गर्नुहुन्छ	**भूय** = फेरि
इदं = यो	**यथा च** = फेरि जसरी	**एव** = पनि
विश्वं = संसारलाई	**गोपायति** = यसको पालन गर्नुहुन्छ	**विवित्सामि** = जान्न चाहन्छु
भगवान् = भगवान्	**पुनः** = फेरि	
आत्ममायया = आफ्नो मायाद्वारा	**यथा** = जसरी	

वाक्यार्थ— म तपाईंबाट यही कुरा जान्न चाहन्छु कि भगवान् देवताहरूद्वारा पनि जान्न कठिन यस संसारको मायाद्वारा सष्टि, पालन र संहार कसरी गर्नुहुन्छ ?

यथा गोपायति विभुर्यथा संयच्छते पुनः ।
यां यां शक्तिमुपाश्रित्य पुरुशक्तिः परः पुमान् ॥
आत्मानं क्रीडयन् क्रीडन् करोति विकरोति च ॥ ७ ॥

पदार्थ—

पुरुशक्तिः = अनन्तशक्तिवाला	**उपाश्रित्य** = स्वीकार गरेर	**क्रीडयन्** = ब्रह्मा मरीचि आदि ऋषिहरूद्वारा क्रीडा गर्दै
परः = परम	**क्रीडन्** =माया शक्तिका साथ क्रीडा गर्दै	**विकरोति** = देवता र मनुष्य आदिका रूपमा बनाउनुहुन्छ
पुमान् = पुरुष	**आत्मानं** = महत्तत्त्व र अहङ्कार आदिको रूपमा आफूलाई	
विभुः = परमात्मा	**करोति** = बनाउनुहुन्छ	
यां यां = जुन-जुन		
शक्तिम् = शक्तिलाई		

वाक्यार्थ— भगवान् कसरी यो संसारको रक्षा गर्नुहुन्छ अनि संहार पनि गर्नुहुन्छ ? अनन्त शक्ति परमात्मा कुन कुन शक्तिको आश्रय लिएर स्वयं आफूलाई क्रीडाको साधन बनाएर क्रीडा गनुहुन्छ ? उहाँ बच्चाहरूले खेल्दाखेरि आफ्नो घर बनाएर तुरुन्त फेरि भत्काएझैं यति ठुलो ब्रह्माण्डलाई बनाएर फेरि तुरुन्त कसरी भत्काउनुहुन्छ ?

नूनं भगवतो ब्रह्मन् हरेरद्भुतकर्मणः ।
दुर्विभाव्यमिवाभाति कविभिश्चापि चेष्टितम् ॥ ८ ॥

पदार्थ—

ब्रह्मन् = ब्रह्मस्वरूप हे शुकदेवजी	**हरेः** = श्रीकृष्णको	**दुर्विभाव्यम्** = जान्न कठिन
नूनं = निश्चय	**चेष्टितम्** = लीला	**इव** = झैं
अद्भुतकर्मणः = अद्भुत कर्म गर्ने	**कविभिः** = ठूला ठूला विद्वान्हरूद्वारा	**आभाति** = देखिन्छ
भगवतः = भगवान्	**अपि** = पनि	

वाक्यार्थ— अद्भुत कर्म गर्ने भगवान् श्रीहरिका लीलाहरूको रहस्यलाई ठुला-ठुला विद्वान्हरू पनि निश्चय नै बुझ्न सक्दैनन्।

यथा गुणांस्तु प्रकृतेर्युगपत्क्रमशोऽपि वा।

बिभर्ति भूरिशस्त्वेकः कुर्वन्कर्माणि जन्मभिः॥ ९॥

पदार्थ—

एकः = एउटै भगवान्ले	**कर्माणि** = कर्महरू	**युगपत्** = एकैपटक
जन्मभिः = अवतारहरूद्वारा	**कुर्वन्** = गर्दै	**वा** = अथवा
यथा = जसरी	**प्रकृतेः** = प्रकृतिका	**क्रमशः** = क्रमैले
भूरिशः = धेरै	**गुणान्** = गुणहरू	**बिभर्ति** = धारण गर्नुहुन्छ

वाक्यार्थ— एउटै भगवान्ले विभिन्न अवतारहरू लिएर धेरै किसिमका कर्महरू गर्दा प्रकृतिका गुणहरूलाई एकै पटक धारण गर्नुहुन्छ कि क्रमैले धारण गर्नुहुन्छ ?

विचिकित्सितमेतन्मे ब्रवीतु भगवान् यथा।

शाब्दे ब्रह्मणि निष्णातः परस्मिंश्च भवान् खलु॥ १०॥

पदार्थ—

एतत् = यस विषयमा	**यथा** = यथावत्	**शाब्दे ब्रह्मणि** = शब्दब्रह्ममा
विचिकित्सितम् = मलाई सन्देह छ (यसकारण)	**ब्रवीतु** = भन्नुहोस्	**अपि** = र
	खलु = निश्चय नै	**परस्मिन्** = परब्रह्ममा
भगवान् = तपाईंले	**भवान्** = तपाईं	**निष्णातः** = निष्णात हनुहुन्छ

वाक्यार्थ— मुनिवर! तपाईं शब्दब्रह्ममा र परब्रह्ममा निष्णात हुनुहुन्छ। यसकारण यो मेरो सन्देहलाई हटाइदिनुहोस्।

सूत उवाच (सूतजीले भन्नुभयो)

इत्युपामन्त्रितो राज्ञा गुणानुकथने हरेः।

हृषीकेशमनुस्मृत्य प्रतिवक्तुं प्रचक्रमे ॥ ११ ॥

पदार्थ–

इति = यसप्रकार
राज्ञा = राजा परीक्षित्‌द्वारा
हरेः = भगवान् नारायणको
गुणानुकथने = गुणहरूको वर्णनका लागि
उपामन्त्रितः = प्रार्थना गरिएका शुकदेवजीले
हृषीकेशम् = भगवान् हृषीकेशलाई
अनुस्मृत्य = बारम्बार स्मरण गरेर
प्रतिवक्तुं = उत्तर दिन
प्रचक्रमे = प्रारम्भ गर्नुभयो

वाक्यार्थ– राजा परीक्षितद्वारा भगवान्‌का गुणहरूको वर्णन गर्नका लागि यसप्रकार प्रार्थना गरिनुभएका शुकदेवजीले भगवान् श्रीकृष्णको बारम्बार स्मरण गरेर उत्तर दिन आरम्भ गर्नुभयो।

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

नमः परस्मै पुरुषाय भूयसे
सदुद्भवस्थाननिरोधलीलया।
गृहीतशक्तित्रितयाय देहिना-
मन्तर्भवायानुपलक्ष्यवर्त्मने ॥ १२ ॥

पदार्थ–

भूयसे = उत्कृष्ट महिमा भएका
सदुद्भवस्थाननिरोधलीलया = संसारको उत्पत्ति, स्थिति र संहारका लागि (ब्रह्मा, विष्णु र महेश्वररूपले)
गृहीतशक्तित्रितयाय = मायाको सत्त्व, रज र तमोगुणलाई स्वीकार गर्ने भएका
देहिनाम् = चर र अचर प्राणीहरूको
अन्तर्भवाय = अन्तर्यामीरूपले विराजमान भएका
अनुपलक्ष्यवर्त्मने = हृदयमा उपलब्धिको मार्ग बुद्धिगम्य नभएका
परस्मै = सर्वोत्तम
पुरुषाय = पुरुषलाई
नमः = नमस्कार छ

वाक्यार्थ– संसारको उत्पत्ति, स्थिति र प्रलयलीला गर्नका लागि सत्त्व, रज र तमोगुणस्वरूप तीन शक्ति स्वीकार गरेर समस्त चर-अचर प्राणीहरूको हृदयमा अन्तर्यामीरूपले विराजमान हुनुहुने जसको स्वरूप र उपलब्धिको मार्ग बुद्धिगम्य छैन, जो स्वरूपतः अनन्त हुनुहुन्छ र जसको महिमा पनि अनन्त छ। ती पुरुषोत्तम भगवान्‌लाई नमस्कार छ।

भूयो नमः सद्वृजिनच्छिदेऽसता-
मसम्भवायाखिलसत्त्वमूर्तये।

पुंसां पुनः पारमहंस्य आश्रमे
व्यवस्थितानामनुमृग्यदाशुषे ॥ १३ ॥

पदार्थ—

सद्वृजिनच्छिदे = सज्जनहरूको दुःखलाई हरण गर्ने भएका	**अखिलसत्त्वमूर्तये** = संसारका समस्त चर र अचर प्राणी नै आफ्ना मूर्ति भएका	**व्यवस्थितानाम्** =स्थित भएका
असताम् = दुष्टहरूको	**पुनः** = फेरि	**पुंसां** = साधकहरूका लागि
असम्भवाय = सांसारिक उन्नतिलाई रोक्ने भएका	**पारमहंस्ये** = संन्यास	**अनुमृग्यदाशुषे** = आत्मतत्त्वको ज्ञान प्रदान गर्ने भएका (यस्ता सर्वोत्तम पुरुष भगवान्‌लाई)
	आश्रमे = आश्रममा	**भूयः** = फेरि
		नमः = नमस्कार छ

वाक्यार्थ— जो सज्जनहरूको दुःखलाई हटाएर उनीहरूलाई आफ्नो प्रेम प्रदान गर्नुहुन्छ। दुष्टहरूको सांसारिक उन्नतिलाई रोकेर उनीहरूलाई मुक्ति प्रदान गर्नुहुन्छ। जो मनुष्यहरू परमहंस आश्रममा स्थित छन् उनीहरूलाई ज्ञानप्रदान गर्नुहुन्छ ती भगवान्‌लाई बारम्बार नमस्कार छ।

नमो नमस्तेऽस्त्वृषभाय सात्वतां
विदूरकाष्ठाय मुहुः कुयोगिनाम्।
निरस्तसाम्यातिशयेन राधसा
स्वधामनि ब्रह्मणि रंस्यते नमः ॥ १४ ॥

पदार्थ—

सात्वतां = यादवहरूमा	**निरस्तसाम्यातिशयेन** = समान र अतिशयलाई नाघेको	**ते** = तपाईं यस्ता भगवान्‌लाई
ऋषभाय = श्रेष्ठ भएका	**राधसा** = ऐश्वर्यद्वारा	**मुहुः** = बारम्बार
कुयोगिनाम् = दृढपूर्वक भक्तिहीन साधना गर्ने योगीहरूका लागि	**स्वधामनि** = आफ्नो धाम	**नमः** = नमस्कार
	ब्रह्मणि = ब्रह्ममा	**अस्तु** = छ
विदूरकाष्ठाय = दुर्ज्ञेय भएका	**रंस्यते** = विहार गर्ने	

वाक्यार्थ— यादवहरूमा श्रेष्ठ भएका, दृढतापूर्वक भक्तिहीन साधना गर्ने योगीहरूका लागि दुर्ज्ञेय भएका, समान र अतिशयलाई नाघेको ऐश्वर्यद्वारा आफ्नो स्वरूप धाममा विहार गर्ने तपाईं यस्ता भगवान्‌लाई बारम्बार नमस्कार छ।

यत्कीर्तनं यत्स्मरणं यदीक्षणं
यद्वन्दनं यच्छ्रवणं यदर्हणम्।

लोकस्य सद्यो विधुनोति कल्मषं

तस्मै सुभद्रश्रवसे नमो नमः ॥ १५ ॥

पदार्थ–

यत्कीर्तनं = जसको कीर्तनले	**यदर्हणम्** = जसको पूजनले	**सुभद्रश्रवसे** = पवित्रकीर्ति भएका
यत्स्मरणं = जसको स्मरणले	**सद्यः** = तुरुन्त	**तस्मै** = ती भगवान्लाई
यदीक्षणं = जसको नमस्कारले	**लोकस्य** = लोकको	**नमः नमः** = बारम्बार नमस्कार छ
यद्वन्दनं = जसको वन्दनाले	**कल्मषं** = पापलाई	
यच्छ्रवणं = जसको श्रवणले	**विधुनोति** = नष्ट गरिदिन्छ	

वाक्यार्थ– जसको कीर्तन, स्मरण, दर्शन, वन्दना, श्रवण र पूजनले जीवहरूको पापलाई तत्काल नष्ट गरिदिन्छ त्यस्ता पवित्रकीर्ति भएका भगवान्लाई बारम्बार नमस्कार छ।

विचक्षणा यच्चरणोपसादनात्

सङ्गं व्युदस्योभयतोऽन्तरात्मनः।

विन्दन्ति हि ब्रह्मगतिं गतक्लमा-

स्तस्मै सुभद्रश्रवसे नमो नमः ॥ १६ ॥

पदार्थ–

विचक्षणाः = निपुण बुद्धि भएका साधकहरू	**उभयतः** = यसलोक र परलोकको	**विन्दन्ति** = प्राप्त गर्दछन्
यच्चरणोपसादनात् = जुन भगवान्का चरणकमलहरूको भजन गर्नाले	**अन्तरात्मनः** = मनको	**सुभद्रश्रवसे** = पवित्र कीर्ति भएका
हि = निश्चय नै	**सङ्गं** = भोगको इच्छालाई	**तस्मै** = ती पुरुषोत्तम भगवान्लाई
	व्युदस्य = त्याग गरेर	**नमः नमः** = बारम्बार नमस्कार छ
	गतक्लमाः = विना प्रयास नै	
	ब्रह्मगतिं = ब्रह्मपद	

वाक्यार्थ– विवेकी पुरुषहरू जसको चरणकमलको शरणलाई ग्रहण गरेर आफ्नो हृदयबाट यसलोक र परलोकको आसक्तिलाई हटाउँछन् र विना परिश्रम ब्रह्मपदलाई प्राप्त गर्दछन्। त्यस्ता पवित्र कीर्ति भएका भगवान्लाई बारम्बार नमस्कार छ।

तपस्विनो दानपरा यशस्विनो

मनस्विनो मन्त्रविदः सुमङ्गलाः।

क्षेमं न विन्दन्ति विना यदर्पणं
तस्मै सुभद्रश्रवसे नमो नमः ॥ १७ ॥

पदार्थ–

तपस्विनः = (कृच्छ चान्द्रायण आदि तपमा लागेका) तपस्वीहरू	**मन्त्रविदः** = मन्त्रका उपासक याज्ञिकहरू	**क्षेमं** = कल्याण
दानपरा = दानशील व्यक्तिहरू	**सुमङ्गलाः** = सदाचारमा लागेका व्यक्तिहरू	**न विन्दन्ति** = प्राप्त गर्न सक्दैनन्
यशस्विनः = कीर्ति चाहनेहरू	**यदर्पणं** = जुन भगवान्लाई आफ्नो कर्मको फल अर्पण	**सुभद्रश्रवसे** = पवित्रकीर्ति भएका
मनस्विनः = योगीहरू	**विना** = नगरीकन	**तस्मै** = ती भगवान्लाई
		नमः नमः = बारम्बार नमस्कार छ

वाक्यार्थ– तपस्वीहरू, दानवीरहरू,परोपकारी यशस्वीहरू, योगीहरू, मन्त्रका उपासक याज्ञिकहरू सदाचारमा लागेका मनुष्यहरू जबसम्म आफ्ना साधनाहरूलाई र आफूलाई समेत भगवान्को चरणकमलमा समर्पण गर्दैनन्, तबसम्म उनीहरूलाई कल्याणको प्राप्ति हुँदैन। जसप्रति आत्मसमर्पणको यस्तो महिमा छ त्यस्ता पवित्रकीर्ति भगवान्लाई बारम्बार नमस्कार छ।

किरातहूणान्ध्रपुलिन्दपुल्कशा
आभीरकङ्का यवनाः खसादयः ।
येऽन्ये च पापा यदपाश्रयाश्रयाः
शुध्यन्ति तस्मै प्रभविष्णवे नमः ॥ १८ ॥

पदार्थ–

किरातहूणान्ध्रपुलिन्दपुल्कशा = किराँत, हूर्ण, आन्ध्र, पुलिन्द र पुल्कस,	**ये** = जुन	**प्रभविष्णवे** = पापादि शोधनका लागि समर्थ
आभीरकङ्काः = आभीर र कङ्क	**अन्ये** = अरू	**तस्मै** = ती भगवान्लाई
यवनाः = यवनहरू	**पापाः** = नीच जातिहरू	**नमः** = नमस्कार छ
खसादयः = खस आदि जातिहरू	**यदपाश्रयाश्रयाः** = जसको शरणमा आएका भक्तहरूको शरण पर्नाले	
	शुध्यन्ति = पवित्र हुन्छन्	

वाक्यार्थ– किराँत, हूण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, यवन, खस आदि जातिहरू पनि जुन भगवान्का भक्तहरूको सङ्गतमा आएपछि पवित्र बन्दछन्। त्यस्ता पतितपावन प्रभुलाई नमस्कार छ।

स एष आत्मात्मवतामधीश्वर-
स्त्रयीमयो धर्ममयस्तपोमयः।
गतव्यलीकैरजशङ्करादिभि-
र्वितर्क्यलिङ्गो भगवान् प्रसीदताम्॥ १९॥

पदार्थ—

आत्मवताम् = आत्मज्ञानीका लागि	**तपोमयः** = तपस्वीहरूका लागि तपोमूर्ति	**सः** = उहाँ
आत्मा = आत्मरूपले उपास्य	**गतव्यलीकैः** = दोषहरूले रहित भएका	**एषः** = यी
अधीश्वरः = भक्तहरूका स्वामी	**अजशङ्करादिभिः** = ब्रह्मा र शङ्कर आदि देवताहरूद्वारा (पनि)	**भगवान्** = भगवान्
त्रयीमयः = कर्मकाण्डीहरूका लागि वेदमय	**वितर्क्यलिङ्गः** = आश्चर्यचकित भएर हेरिएका	**प्रसीदताम्** = ममाथि प्रसन्न होऊन्
धर्ममयः = धार्मिकहरूका लागि धर्ममूर्ति		

वाक्यार्थ— जुन भगवान् ज्ञानीहरूका आत्मा हुनुहुन्छ, भक्तहरूका स्वामी हुनुहुन्छ, कर्मकाण्डीहरूका लागि वेदमूर्ति हुनुहुन्छ, धार्मिकहरूका लागि धर्ममूर्ति र तपस्वीहरूका लागि तपःस्वरूप हुनुहुन्छ अनि ब्रह्मा, शङ्कर आदि ठुलाठुला देवताहरू पनि आफ्नो शुद्ध हृदयले जसको स्वरूपको चिन्तन गर्दै आश्चर्यचकित भएर हेर्दछन् त्यस्ता भगवान ममाथि प्रसन्न होऊन्।

श्रियः पतिर्यज्ञपतिः प्रजापति-
र्धियां पतिर्लोकपतिर्धरापतिः।
पतिर्गतिश्चान्धकवृष्णिसात्वतां
प्रसीदतां मे भगवान् सतां पतिः॥ २०॥

पदार्थ—

श्रियः = लक्ष्मीदेवीका	**लोकपतिः** = समस्त लोकहरूका पालनकर्ता	**पतिः** = पालक
पतिः = पति	**धरापतिः** = पृथिवीका पनि	**च** = र
यज्ञपतिः = समस्त यज्ञका भोक्ता एवं फलदाता	**गतिः** = आश्रयदाता	**सतां** = सज्जनहरूका
प्रजापतिः = प्रजाका रक्षक	**अन्धकवृष्णिसात्वतां** = अन्धक, वृष्णि र यदुवंशीहरूको	**पतिः** = रक्षक
धियां पतिः = सबका अन्तर्यामी		**भगवान्** = भगवान्
		मे = ममाथि

प्रसीदतां = प्रसन्न होऊन्

वाक्यार्थ— भगवान् लक्ष्मीका पति, समस्त यज्ञहरूका भोक्ता र फलदाता, प्रजाका रक्षक, सबैका अन्तर्यामी, सबै लोकको पालनकर्ता, पृथिवीका स्वामी, अन्धक, वृष्णि र यदुवंशीहरू र सज्जनहरूका रक्षक भगवान् ममाथि प्रसन्न होऊन्।

यदङ्घ्र्यभिध्यानसमाधिधौतया
धियानुपश्यन्ति हि तत्त्वमात्मनः।
वदन्ति चैतत्कवयो यथारुचं
स मे मुकुन्दो भगवान् प्रसीदताम्॥ २१॥

पदार्थ—

यदङ्घ्र्यभिध्यानसमाधिधौतया = जसको चरणकमलको चिन्तनरूप समाधिबाट शुद्ध भएको
धिया = बुद्धिले
कवयः = विद्वान् पुरुषहरू
हि = निश्चय नै
आत्मनः तत्त्वम् = आत्मतत्त्वको
अनुपश्यन्ति = साक्षात्कार गर्दछन् (त्यसपछि)
यथारुचं = आआफ्नो बुद्धिको अनुसार
एतत् = भगवान्को स्वरूपको
वदन्ति = वर्णन गर्दछन्
सः = उहाँ
मुकुन्दः = मुकुन्द
भगवान् = भगवान्
मे = ममाथि
प्रसीदताम् = प्रसन्न हुनुहोस्

वाक्यार्थ— विद्वान् पुरुषहरू जसको चरणकमलको चिन्तनरूप समाधिद्वारा शुद्ध भएको बुद्धिद्वारा आत्मतत्त्वको साक्षात्कार गर्दछन् र त्यसपछि आआफ्नो रुचि र मतिको अनुसार उहाँको स्वरूपको वर्णन गर्दछन्। आफ्ना भक्तहरूलाई प्रेम र मोक्ष प्रदान गर्नुहुने त्यस्ता भगवान् श्रीकृष्ण ममाथि प्रसन्न हुनुहोस्।

प्रचोदिता येन पुरा सरस्वती
वितन्वताजस्य सतीं स्मृतिं हृदि।
स्वलक्षणा प्रादुरभूत् किलास्यतः
स मे ऋषीणामृषभः प्रसीदताम्॥ २२॥

पदार्थ—

पुरा = कल्पको आदिमा
अजस्य = ब्रह्माजीको
येन = जुन अन्तर्यामी भगवान्द्वारा
प्रचोदिता = प्रेरणा गरिएकी
हृदि = अन्तःकरणमा
सतीं = सृष्टिविषयक
स्मृतिं = स्मृतिलाई
वितन्वता = प्रदान गर्ने इच्छाले
स्वलक्षणा = आफ्नो (शिक्षा कल्प आदि) अङ्गहरूले युक्त भएकी

सरस्वती = वेदरूप सरस्वती	**प्रादुरभूत्** = प्रकट भएकी थिइन्	**सः** = ती भगवान्
आस्यतः = ब्रह्माजीको मुखबाट	**ऋषीणाम्** = ज्ञानदाताहरूमा	**मे** = ममाथि
किल = निश्चय नै	**ऋषभः** = श्रेष्ठ	**प्रसीदताम्** = प्रसन्न हुनुहोस्

वाक्यार्थ— जुन परमात्मा भगवान् श्रीकृष्णले ब्रह्माजीको हृदयमा पूर्वकल्पको स्मृति जागरित गराउनका लागि ज्ञानको अधिष्ठातृ सरस्वती देवीलाई प्रेरणा गर्नुभएको थियो र भगवती सरस्वती देवी अङ्ग सहित वेदको रूपमा ब्रह्माजीको मुखबाट प्रकट हुनुभएको थियो।

भूतैर्महद्भिर्य इमाः पुरो विभु-
र्निर्माय शेते यदमूषु पूरुषः।
भुङ्क्ते गुणान् षोडश षोडशात्मकः
सोऽलङ्कृषीष्ट भगवान् वचांसि मे॥ २३॥

पदार्थ—

विभुः = समर्थ	**शेते** = अन्तर्यामीरूपले निवास	**षोडशगुणान्** = मायाका यी
यः = जुन भगवान्ले	गर्नुहुन्छ (शरीररूपी पुरुषहरूमा	सोह्र गुणहरूलाई
महद्भिः भूतैः = आकाश आदि	निवास गरेका कारणले नै)	**भुङ्क्ते** = प्रकाशित गर्नुहुन्छ
पञ्चमहाभूतहरूद्वारा	**पूरुषः** = पुरुष भन्ने संज्ञालाई	**सः** = त्यस्ता
इमाः = यी सर्वत्र परिदृश्यमान	प्राप्त गर्नुभएका	**भगवान्** = भगवान्ले
पुरः = शरीरहरूलाई	**षोडशात्मकः** = एकादश	**मे** = मेरा
निर्माय = बनाएर	इन्द्रियहरू र पञ्चमहाभूतरूप	**वचांसि** = वाणीहरूलाई
अमूषु = यी शरीरहरूमा	सोह्र कलाले युक्त भएर	**अलङ्कृषीष्ट** = माधुर्य आदि
	यः = जुन भगवान्ले	गुणले अलङ्कृत गरिदिनुहोस्

वाक्यार्थ— भगवान् नारायण नै पञ्चमहाभूतहरूद्वारा शरीरको निर्माण गरेर ती शरीरहरूमा जीवरूपले शयन गर्नुहुन्छ। पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय र पञ्चप्राण र अनि मन यी सोह्रकलाहरूले युक्त भएर सोह्र विषयहरूको भोग गर्नुहुन्छ। त्यस्ता सर्वभूतमय भगवान्ले मेरो वाणीलाई माधुर्य आदि गुणहरूले अलङ्कृत गर्नुहोस्।

नमस्तस्मै भगवते वासुदेवाय वेधसे।
पपुर्ज्ञानमयं सौम्या यन्मुखाम्बुरुहासवम्॥ २४॥

पदार्थ—

सौम्याः = सज्जनहरू		
ज्ञानमयं = ज्ञानमय		

यन्मुखाम्बुरुहासवम् = जसको मुखकमलबाट निक्लेका मकरन्दरूप अमृतलाई
पपुः = पान गर्दछन्
तस्मै = ती
वेधसे = वेदादिसृष्टिका प्रवर्तक
भगवते = भगवान्
वासुदेवाय = वासुदेवका अवतार श्रीव्यासलाई
नमः= नमस्कार छ

वाक्यार्थ– सज्जनहरू जसको मुखकमलबाट मकरन्दझैँ निक्लेको ज्ञानसुधालाई पान गर्दछन्, त्यस्ता वासुदेवावतार भगवान् व्यासलाई नमस्कार छ।

एतदेवात्मभू राजन् नारदाय विपृच्छते।
वेदगर्भोऽभ्यधात् साक्षाद् यदाह हरिरात्मनः॥ २५॥

पदार्थ–
राजन् = हे परीक्षित् !
एतत् एव = यही कुरा
वेदगर्भः = गर्भमा वेदलाई धारण गर्ने
आत्मभू ः = स्वयम्भू ब्रह्माजीले
विपृच्छते = प्रश्न गर्ने भएका
नारदाय = देवर्षि नारदलाई
यत् = जुन कुरा
आह = भन्नुभएको थियो
साक्षात् = साक्षात्
हरिः = भगवान् नारायणले
आत्मनः = ब्रह्माजीलाई
अभ्यधात् = बताउनुभएको थियो

वाक्यार्थ– हे परीक्षित् ! वेदगर्भ स्वयम्भू ब्रह्माले नारदजीले प्रश्न गर्दा यही कुरा बताउनुभएको थियो, जुन कुरा स्वयं भगवान् नारायणले उहाँलाई उपदेश गर्नुभएको थियो, त्यही कुरा म अहिले तपाईंलाई बताइरहेको छु।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे
चतुर्थोऽध्यायः॥ ४॥

अथ पञ्चमोऽध्यायः

सृष्टि-वर्णन

नारद उवाच (नारदजीले भन्नुभयो)

देवदेव नमस्तेऽस्तु भूतभावन पूर्वज ।

तद्विजानीहि यज्ज्ञानमात्मतत्त्वनिदर्शनम् ॥ १ ॥

पदार्थ—

देवदेव = देवताहरूका पूज्य हे पिताजी	**ते** = तपाईंलाई	**यद्** = जुन
भूतभावन = सम्पूर्ण प्राणीहरूका सृष्टिकर्ता	**नमः** = नमस्कार	**ज्ञानम्** = ज्ञान छ
पूर्वज = अनादि	**अस्तु** = छ	**तत्** = त्यो
	आत्मतत्त्वनिदर्शनम् = आत्मतत्त्वको साक्षात्कार गराउने	**विजानीहि** = बताउनुहोस्

वाक्यार्थ— देवताहरूका पूज्य हे पिताजी ! सम्पूर्ण प्राणीहरूका सृष्टिकर्ता अनादि तपाईंलाई नमस्कार छ। आत्मतत्त्वको साक्षात्कार गराउने जुन ज्ञान छ त्यो बताउनुहोस्।

यद् रूपं यदधिष्ठानं यतः सृष्टमिदं प्रभो ।

यत्संस्थं यत्परं यच्च तत्तत्त्वं वद तत्त्वतः ॥ २ ॥

पदार्थ—

प्रभो = हे पिताजी	**इदं** = यस संसारको	**यत् च** = यस संसारको वास्तविक स्वरूप जे-जस्तो हो
यद् रूपं = यस संसारको जुन लक्षण छ	**सृष्टम्** = सृष्टि भयो	**तत्** = त्यो
यद् अधिष्ठानं = यसको जुन अधिष्ठान	**यत्संस्थं** = जहाँ यसको प्रलय हुन्छ	**तत्त्वं** = तत्त्व
यतः = जहाँबाट	**यत्परं** = यो संसार जसको अधीनमा छ	**तत्त्वतः** = यथार्थतापूर्वक
		वद = बताउनुहोस्

वाक्यार्थ— हे पिताजी ! यस संसारको जुन लक्षण छ, यसको जुन अधिष्ठान छ, जहाँबाट यस संसारको सृष्टि भयो, जहाँ यसको प्रलय हुन्छ, यो संसार जसको अधीनमा छ, यस संसारको वास्तविक स्वरूप जेजस्तो हो त्यो तत्त्व यथार्थतापूर्वक बताउनुहोस्।

सर्वं ह्येतद् भवान् वेद भूतभव्यभवत् प्रभुः ।

करामलकवद् विश्वं विज्ञानावसितं तव ॥ ३ ॥

पदार्थ–

एतत् = यी	**भूतभव्यभवत्प्रभुः** = पहिले भएको, पछि हुने र अहिले भइरहेका पदार्थहरूका स्वामी तपाईं हुनुहुन्छ	**करामलकवत्** = हातमा राखिएको अमलाझैं
सर्वं = सब कुराहरू	**विश्वं** = यो संसार	**तव**= तपाईंको
भवान् = तपाईं		**विज्ञानावसितं** = ज्ञानद्वारा निश्चय गरिएको छ।
हि = निश्चय नै		
वेद = जान्नुहुन्छ		

वाक्यार्थ– तपाईं यी सबैकुरा जान्नुहुन्छ। जुन वस्तु उत्पन्न भइसकेको छ, जुन उत्पन्न हुँदैछ, अनि जुन वस्तु पछि उत्पन्न हुनेछ तपाईं ती सबैको स्वामी हुनुहुन्छ, यो सम्पूर्ण संसार तपाईंका लागि हस्तामलकवत् (हातमा राखेको अमला स्पष्ट भएझैं स्पष्ट) छ।

यद्विज्ञानो यदाधारो यत्परस्त्वं यदात्मकः।

एकः सृजसि भूतानि भूतैरेवात्ममायया ॥ ४ ॥

पदार्थ–

यद्विज्ञानः = यो ज्ञान तपाईंलाई कहाँबाट प्राप्त भयो	**यत्परः** = कसको अधीनमा हुनुहुन्छ	**आत्ममायया** = आफ्नो मायाद्वारा
यदाधारः = तपाईं कसको आधारमा अवस्थित हुनुहुन्छ ?	**यदात्मकः** = तपाईंको स्वरूप के हो	**भूतैः** = पञ्चमहाभूतद्वारा
त्वं = तपाईं	**एकः एव**= तपाईं एक्लै नै	**भूतानि** = देव, तिर्यङ् र मनुष्यादि प्राणीहरूको
		सृजसि = सृष्टि गर्नुहुन्छ।

वाक्यार्थ– हे पिताजी ! तपाईंलाई यो ज्ञान कहाँबाट प्राप्त भयो ? तपाईं कसको आधारमा हुनुहुन्छ ? तपाईंको स्वामी को हो ? र तपाईंको स्वरूप के हो ? तपाईं एक्लै आफ्नै मायाको आश्रय लिएर पञ्चमहाभूतद्वारा प्राणीहरूको सृष्टि गर्नुहुन्छ।

आत्मन् भावयसे तानि न पराभावयन् स्वयम्।

आत्मशक्तिमवष्टभ्य ऊर्णनाभिरिवाक्लमः ॥ ५ ॥

पदार्थ–

आत्मन् = हे आत्मस्वरूप	**इव** = झैं	**न पराभावयन्** = विकारयुक्त न- गराईकन
आत्मशक्तिम् = आफ्नो शक्तिको	**अक्लमः** = प्रयास विना नै	**तानि** = प्राणीहरूको
अवष्टभ्य = आश्रय लिएर	**स्वयम्** = आफूलाई	**भावयसे** = सृष्टि गर्नुहुन्छ
ऊर्णनाभिः = माकुरोले		

वाक्यार्थ– हे आत्मस्वरूप ! आफ्नो शक्तिको आश्रय लिएर माकुरोले झैं प्रयास विना नै आफूलाई विकारयुक्त न- गराईकन प्राणीहरूको सृष्टि गर्नुहुन्छ।

नाहं वेद परं ह्यस्मिन् नापरं न समं विभो।
नामरूपगुणैर्भाव्यं सदसत्किञ्चिदन्यतः॥ ६॥

पदार्थ–

अहं = म	**परं** = उत्तम	**विभो** = हे व्यापक पिताजी
हि = निश्चय नै	**अपरं** = अधम	**अन्यतः** = तपाईंलाई छोडेर
अस्मिन् = यस संसारमा	**समं** = मध्यम	अरूबाट उत्पन्न भएका
नामरूपगुणैः = नाम, रूप र	**किञ्चित्** = कुनै	**न वेद** = जान्दिनँ।
गुणद्वारा	**सदसत्** = स्थूल र सूक्ष्म जुन	
भाव्यं = साध्य	वस्तु छन्	

वाक्यार्थ– हे व्यापक पिताजी ! यस संसारमा नाम, रूप र गुणबाट जे कुरा जानिन्छ तिनमा म यस्तो कुनै सत्, असत्, उत्तम, मध्यम र अधम वस्तु देख्दिनँ जुन तपाईंलाई छाडेर अरूबाट उत्पन्न भएका होऊन्।

स भवानचरद् घोरं यत्तपः सुसमाहितः।
तेन खेदयसे नस्त्वं पराशङ्कां प्रयच्छसि॥ ७॥

पदार्थ–

सः = त्यस्ता	**घोरं** = कठिन	**खेदयसे** = मोहमा पार्नुभएको छ
भवान् = तपाईंले	**तपः** = तपस्या	**पराशङ्कां** = अर्को ईश्वर हुने
सबको ईश्वर भएर पनि	**अचरत्** = गर्नुभयो	आशङ्कालाई
सुसमाहितः = एकाग्र चित्तले	**तेन** = त्यो तपस्याद्वारा	**प्रयच्छसि** = प्रदान गर्नुहुन्छ
यत् = जुन	**नः** = हामीहरूलाई	

वाक्यार्थ– त्यस्ता तपाईंले सबको ईश्वर भएर पनि एकाग्र चित्तले जुन कठिन तपस्या गर्नुभयो त्यो तपस्याद्वारा हामीहरूलाई मोहमा पार्नुभएको छ। अर्को ईश्वर हुने आशङ्कालाई प्रदान गर्नुहुन्छ।

एतन्मे पृच्छतः सर्वं सर्वज्ञ सकलेश्वर।
विजानीहि यथैवेदमहं बुध्येऽनुशासितः॥ ८॥

पदार्थ–

सर्वज्ञ = सर्वज्ञ	**अनुशासितः** = तपाईंद्वारा	**अवेदम्** = यी कुराहरू जानेको
सकलेश्वर = सम्पूर्ण जगत्का	उपदिष्ट	छु
ईश्वर हे भगवान्	**अहं** = मैले	**इह** = यस विषयमा
		पृच्छतः = सोध्ने

मे = मलाई	**विजानीहि** = राम्रोसँग	**बुध्ये** = जान्न सक्दछु
एतत् = यी	बुझाउनुहोस्	
सर्वं = सबै प्रश्नहरूको विषयमा	**यथा** = जसरी बताउनाले	
तथा = त्यसै गरी	**अहं** = म	

वाक्यार्थ– सर्वज्ञ ! सम्पूर्ण जगत्का ईश्वर हे भगवान् ! तपाईंद्वारा उपदिष्ट मैले यी कुराहरू जानेको छु। यस विषयमा सोध्ने मलाई यी सबै प्रश्नहरूको विषयमा त्यसै गरी राम्रोसँग बुझाउनुहोस् जसरी बताउनाले म जान्न सक्दछु।

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

सम्यक् कारुणिकस्येदं वत्स ते विचिकित्सितम् ।
यदहं चोदितः सौम्य भगवद्वीर्यदर्शने ॥ ९॥

पदार्थ–

सौम्य वत्स = हे प्रिय बाबु	**सम्यक्** = ठीक छ	**भगवद्वीर्यदर्शने** = भगवान्को
ते = तिम्रो	**कारुणिकस्य** = दयावान् तिम्रो	गुणहरूको वर्णन गर्नका लागि
इदं = यो	**यत्** = जुन प्रश्नद्वारा	**चोदितः** = प्रेरित भएको छु
विचिकित्सितम् = सन्देहपूर्वकको प्रश्न	**अहं** = म	

वाक्यार्थ– हे प्रिय बाबु ! तिमीले जीवप्रति करुणाभावले भरिएर अत्यन्त सुन्दर प्रश्न गरेका छौ किनभने यसबाट भगवान्के गुणहरूको वर्णन गर्ने प्रेरणा मलाई प्राप्त भएको छ।

नानृतं तव तच्चापि यथा मां प्रब्रवीषि भोः ।
अविज्ञाय परं मत्त एतावत्त्वं यतो हि मे ॥ १० ॥

पदार्थ–

भोः = हे बाबु (अर्काको सहायता विना नै मैले सृष्टि भन्ने कुरा)	**तत्** = त्यो	**मे** = मेरो छ (भन्ने कुरा)
मां = मलाई	**तव** = तिम्रो वचन	**मत्तः** = ममाथि शासन गर्ने
प्रब्रवीषि = भन्दछौ	**न अनृतं** = झुट्टो होइन	**परं** = अर्को ईश्वरलाई
	यतः = किनभने	**अविज्ञाय** = नजानीकन
	एतावत्त्वं = यति प्रभाव	(भनिएको हो)

वाक्यार्थ– हे बाबु ! मेरो विषयमा जुन कुरा भनेका छौ त्यो तिम्रो भनाइ बिलकुल असत्य होइन, किनभने मदेखि पर रहेको तत्त्व भगवान्लाई नजानेसम्म मेरो प्रभाव यस्तै नै प्रतीत हुन्छ।

येन स्वरोचिषा विश्वं रोचितं रोचयाम्यहम् ।

यथार्कोऽग्निर्यथा सोमो यथर्क्षग्रहतारकाः ॥ ११ ॥

पदार्थ—

यथा= जसरी
अर्कः = सूर्य
अग्निः = आगो
ऋक्षग्रहतारकाः = नक्षत्र, ग्रह र ताराहरू
येन = जुन
स्वरोचिषा = स्वयंप्रकाशरूप भगवान्‌को प्रकाशबाट
रोचितं = प्रकाशित भएर
विश्वं = विश्वलाई (प्रकाशित गर्दछन्) त्यसै गरी
अहम् = म
रोचयामि = प्रकाशित गर्दछु अर्थात् सृष्टि गरेर अभिव्यक्त गर्दछु

वाक्यार्थ— जसरी सूर्य, अग्नि, चन्द्रमा, ग्रह, नक्षत्र र तारा उहाँकै प्रकाशबाट प्रकाशित भएर जगत्‌मा प्रकाश फैलाउँछन्, म पनि उहाँ नै स्वयंप्रकाश भगवान्‌को चिन्मयप्रकाशबाट प्रकाशित भएर संसारलाई प्रकाशित गरिरहेको छु।

तस्मै नमो भगवते वासुदेवाय धीमहि ।
यन्मायया दुर्जयया मां ब्रुवन्ति जगद्गुरुम् ॥ १२ ॥

पदार्थ—

दुर्जयया = जित्न कठिन
यन्मायया = जसको मायाद्वारा मोहित भएर प्राणीहरू
मां = मलाई
जगद्गुरुम् = जगत्‌को कारण भनेर
ब्रुवन्ति= भन्दछन्
तस्मै = ती
भगवते = भगवान्
वासुदेवाय =वासुदेवको
धीमहि = ध्यान पनि गर्दछु
नमः = नमस्कार पनि गर्दछु

वाक्यार्थ— म ती भगवान् वासुदेवलाई नमस्कार गर्दछु, साथै उहाँको ध्यान पनि गर्दछु, जसको मायाबाट मोहित भएर प्राणीहरू मलाई जगत्‌को कारण भन्दछन्।

विलज्जमानया यस्य स्थातुमीक्षापथेऽमुया ।
विमोहिता विकत्थन्ते ममाहमिति दुर्धियः ॥ १३ ॥

पदार्थ—

यस्य = जुन भगवान्‌को
ईक्षापथे = दृष्टिपथमा
स्थातुम् = रहनका लागि
विलज्जमानया = लज्जित
अमुया = यो मायाद्वारा
दुर्धियः = अज्ञानले ढाकिएका व्यक्तिहरू
विमोहिता = मोहित भएर
अहम् मम इति = म र मेरो यस्तो भन्दै
विकत्थन्ते = बकबक गर्दछन्

वाक्यार्थ— जुन भगवान्‌को दृष्टिपथमा पर्नका लागि लज्जित भएर यो माया सधैं प्रयत्नशील रहन्छे, संसारका प्राणीहरू त्यही मायाबाट मोहित भएर यो म र यो मेरो भन्दै बकबक गर्दछन्।

द्रव्यं कर्म च कालश्च स्वभावो जीव एव च ।

वासुदेवात्परो ब्रह्मन् न चान्योऽर्थोऽस्ति तत्त्वतः ॥ १४ ॥

पदार्थ–

ब्रह्मन् = हे नारद
द्रव्यं = द्रव्य
कर्म = कर्म
कालः = काल
स्वभावः = स्वभाव
च = र
जीव = जीव
तत्त्वतः = वस्तुतः विचार गरेका खण्डमा
वासुदेवात् परः = भगवान् नारायणलाई छोडेर
अन्यः अरू कुनै
अर्थः = पदार्थ
न अस्ति = छैन

वाक्यार्थ– हे नारद ! द्रव्य, कर्म, काल, स्वभाव र जीव वास्तवमा भगवान्देखि भिन्न अर्को वस्तु होइनन्।

नारायणपरा वेदा देवा नारायणाङ्गजाः ।

नारायणपरा लोका नारायणपरा मखाः ॥ १५ ॥

पदार्थ–

वेदाः = वेदहरू
नारायणपराः = नारायणविषयक हुन्
देवाः = देवताहरू
नारायणाङ्गजाः = भगवान् नारायणकै अङ्गबाट उत्पन्न भएका हुन्
लोकाः = सम्पूर्ण लोकहरू
नारायणपराः = नारायणमा नै कल्पित छन्
मखाः = सम्पूर्ण यज्ञहरू
नारायणपराः = नारायणकै प्रसन्नताका लागि हुन्।

वाक्यार्थ– सम्पूर्ण वेदहरूले भगवान् नारायणलाई नै विषय बनाउँछन्। सम्पूर्ण देवताहरू भगवान् नारायणकै अङ्गबाट उत्पन्न भएका हुन्। समस्त यज्ञहरू पनि नारायणकै प्रसन्नताका लागि हुन् र सम्पूर्ण लोकहरू पनि नारायणमै कल्पित छन्।

नारायणपरो योगो नारायणपरं तपः ।

नारायणपरं ज्ञानं नारायणपरा गतिः ॥ १६ ॥

पदार्थ–

योगः = योगको अनुष्ठान
नारायणपरः = नारायणको प्राप्तिका लागि गरिन्छ
तपः = तपस्या पनि
नारायणपरं = नारायणको प्राप्तिका लागि गरिन्छ
ज्ञानं = ज्ञान
नारायणपरं = नारायणलाई नै प्राप्त गर्नका लागि हो
गतिः = कर्मद्वारा प्राप्त गरिने विभिन्न लोकहरू पनि
नारायणपरा = भगवान् नारायणमा कल्पित छन्

वाक्यार्थ– सब प्रकारका योगहरू पनि नारायणप्राप्तिका नै कारण हुन्। सम्पूर्ण तपस्याहरूको फल पनि नारायणप्राप्ति नै हो। ज्ञानद्वारा पनि नारायणलाई नै प्राप्त गरिन्छ। कर्मद्वारा प्राप्त गरिने विभिन्न लोकहरू पनि भगवान् नारायणमा नै कल्पित छन्।

तस्यापि द्रष्टुरीशस्य कूटस्थस्याखिलात्मनः।
सृज्यं सृजामि सृष्टोऽहमीक्षयैवाभिचोदितः॥ १७॥

पदार्थ–

(परमात्माद्वारा)	**ईशस्य** = ईश्वर	**अपि** = पनि
सृष्टः = उत्पन्न गरिएको	**कूटस्थस्य** = कूटस्थ	**सृजामि** = उहाँबाट नै प्रेरित
ईक्षया = सङ्कल्पद्वारा	**अखिलात्मनः** = सर्वस्वरूप	भएर उहाँको इच्छाको अनुसार
अभिचोदितः = प्रेरणा गरिएको	**तस्य एव**= उहाँ भगवान्	बनाउँछु
अहम् = म	नारायणको नै	
द्रष्टुः = द्रष्टा	**सृज्यं** = सृष्टिलाई	

वाक्यार्थ– परमात्माद्वारा उत्पन्न गरिएको सङ्कल्पद्वारा प्रेरणा गरिएको म द्रष्टा, ईश्वर, कूटस्थ, सर्वस्वरूप उहाँ भगवान् नारायणको नै सृष्टिलाई पनि उहाँबाट नै प्रेरित भएर उहाँको इच्छाको अनुसार बनाउँछु।

सत्त्वं रजस्तम इति निर्गुणस्य गुणास्त्रयः।
स्थितिसर्गनिरोधेषु गृहीता मायया विभोः॥ १८॥

पदार्थ–

विभोः = व्यापक	**इति** = यी	**स्थितिसर्गनिरोधेषु** = सृष्टि,
निर्गुणस्य = निर्गुण परमात्माका	**त्रयः** = तीन ओटा	स्थिति र प्रलयका लागि
सत्त्वं = सत्त्व	**गुणाः** = गुणहरू (छन्) र ती	**मायया** = मायाद्वारा
रजः = रज	गुणहरू	**गृहीताः** = ग्रहण गरिएका छन्
तमः = तम		

वाक्यार्थ– व्यापक, निर्गुण परमात्माका सत्त्व, रज र तम यी तीन ओटा गुणहरू छन् र ती गुणहरू सृष्टि, स्थिति र प्रलयका लागि मायाद्वारा ग्रहण गरिएका छन्।

कार्यकारणकर्तृत्वे द्रव्यज्ञानक्रियाश्रयाः।
बध्नन्ति नित्यदा मुक्तं मायिनं पुरुषं गुणाः॥ १९॥

पदार्थ–

द्रव्यज्ञानक्रियाश्रयाः = द्रव्य (पञ्चमहाभूत) ज्ञान (इन्द्रिय-हरूका देवताहरू) र क्रिया (इन्द्रियहरू)का कारणरूपले आश्रय भएका
गुणाः = यी तीन गुणहरू
कार्यकारणकर्तृत्वे = कार्य, कारण र कर्तापनको अभिमानद्वारा
नित्यदा = सधैँ
मुक्तं = मुक्त
मायिनं = मायातीत
पुरुषं = पुरुषलाई
बध्नन्ति = बाँध्दछन्

वाक्यार्थ— पञ्चमहाभूत, इन्द्रियहरूका देवताहरू र इन्द्रियहरूका कारणरूपले आश्रय भएका यी तीन गुणहरूले कार्य कारण र कर्तापनको अभिमानद्वारा सधैँ मुक्त मायातीत पुरुषलाई बाँध्दछन्।

स एष भगवांल्लिङ्गैस्त्रिभिरेतैरधोक्षजः।
स्वलक्षितगतिर्ब्रह्मन् सर्वेषां मम चेश्वरः॥ २०॥

पदार्थ—
ब्रह्मन् = हे देवर्षि नारद
सः एषः = पूर्वोक्त मायालाई वशमा राख्ने
भगवान् = भगवान्
अधोक्षजः = परमात्मा
एतैः= यी
त्रिभिः= तीनओटा
लिङ्गैः = गुणहरूद्वारा
स्वलक्षितगतिः= ढाकिनुभएका भगवान्
सर्वेषां = अरू सबैको र
मम = मेरो
च = पनि
ईश्वरः = ईश्वर अर्थात् शासक हुनुहुन्छ

वाक्यार्थ— हे देवर्षि नारद ! इन्द्रियातीत भगवान् गुणहरूका यी तीन आवरणहरूद्वारा आफ्नो स्वरूपलाई ढाक्नुहुन्छ। यसकारण संसारका प्राणीहरूले उहाँलाई जान्न सक्दैनन्। उहाँ सम्पूर्ण संसारका रे मेरो पनि शासक हुनुहुन्छ।

कालं कर्म स्वभावं च मायेशो मायया स्वया।
आत्मन् यदृच्छया प्राप्तं विबुभूषुरुपाददे॥ २१॥

पदार्थ—
मायेशः = मायाका पति भगवान्ले
विबुभूषुः = एकबाट धेरै हुने इच्छा भएपछि
स्वया = आफ्नो
मायया =मायाद्वारा
आत्मन् = आफ्नो स्वरूपमा
यदृच्छया = स्वतः
प्राप्तं = प्राप्त
कालं = काल
कर्म = कर्म
स्वभावं = स्वभावलाई
च = र
उपाददे = स्वीकार गर्नुभयो।

वाक्यार्थ— मायापति भगवान्ले एकबाट धेरै हुने इच्छा भएपछि आफ्नो स्वरूपमा स्वतः प्राप्त काल, कर्म र स्वभावलाई स्वीकार गर्नुभयो।

कालाद्गुणव्यतिकरः परिणामः स्वभावतः।
कर्मणो जन्म महतः पुरुषाधिष्ठितादभूत्॥ २२॥

पदार्थ–

पुरुषाधिष्ठितात् = पुरुषको प्रेरणाले	**स्वभावतः** = स्वभावद्वारा नै	**जन्म** = जन्म
कालाद्गुणव्यतिकरः = कालबाट प्रकृतिका गुणहरूमा क्षोभ उत्पन्न भयो	**परिणामः** = प्रकृतिका गुणहरूमा रूपान्तर (भयो)	**अभूत्** = भयो
	कर्मणः = कर्मद्वारा	
	महतः = महत्तत्त्वको	

वाक्यार्थ– पुरुषको प्रेरणाले कालबाट प्रकृतिका गुणहरूमा क्षोभ उत्पन्न भयो र स्वभावद्वारा नै प्रकृतिका गुणहरूमा रूपान्तर भयो। कर्मद्वारा महत्तत्त्वको जन्म भयो।

महतस्तु विकुर्वाणाद् रजःसत्त्वोपबृंहितात्।
तमःप्रधानस्त्वभवद् द्रव्यज्ञानक्रियात्मकः॥ २३॥

पदार्थ–

रजःसत्त्वोपबृंहितात् = रजोगुण र सत्त्वगुणको वृद्धि भएपछि	**महतः** = महत्तत्त्वबाट	**तमःप्रधानः** = तमप्रधान विकार
विकुर्वाणात् = रूपान्तरमा प्राप्त	**द्रव्यज्ञानक्रियात्मकः** = द्रव्य, ज्ञान र क्रियारूप	**तु** = निश्चय नै
		अभवत् = भयो

वाक्यार्थ– रजोगुण र सत्त्वगुणको वृद्धि भएपछि महत्तत्त्वको जुन विकार भयो, त्यसबाट ज्ञान, क्रिया र द्रव्यरूप तमःप्रधान विकार भयो।

सोऽहङ्कार इति प्रोक्तो विकुर्वन् समभूत्त्रिधा।
वैकारिकस्तैजसश्च तामसश्चेति यद्भिदा॥
द्रव्यशक्तिः क्रियाशक्तिर्ज्ञानशक्तिरिति प्रभो॥ २४॥

पदार्थ–

सः = यो द्रव्य, ज्ञान र क्रियात्मक तमोगुणप्रधान विकार	**तामसः** = तामस	**क्रियाशक्तिः** = दश इन्द्रियहरूलाई उत्पन्न गर्ने राजस अहङ्कार
अहङ्कारः इति= अहङ्कार भन्ने नामले	**यद्भिदा** = जुन अहङ्कारका भेदहरू छन्	**च** = र
प्रोक्तः = प्रसिद्ध भयो	**प्रभो** = हे समर्थ नारद तीन प्रकारका अहङ्कारमध्ये	**ज्ञानशक्तिः** = अन्तःकरण इन्द्रियहरूका अधिष्ठातृ देवताहरूलाई उत्पन्न गर्ने तामस अहङ्कार हुन्
वैकारिकः = सात्त्विक	**द्रव्यशक्तिः** = पञ्चमहाभूतहरू-लाई उत्पन्न गर्ने तामस अहङ्कार	
तैजसः = राजस		

वाक्यार्थ– यो द्रव्य, ज्ञान र क्रियात्मक तमोगुणप्रधान विकार अहङ्कार भन्ने नामले प्रसिद्ध भयो। सात्त्विक, राजस, तामस जुन अहङ्कारका भेदहरू छन्, ती तीन प्रकारका अहङ्कारमध्ये

पञ्चमहाभूतलाई उत्पन्न गर्ने तामस अहङ्कार, दश इन्द्रियहरूलाई उत्पन्न गर्ने राजस अहङ्कार र अन्तःकरण इन्द्रियहरूका अधिष्ठातृ देवताहरूलाई उत्पन्न गर्ने तामस अहङ्कार हुन्।

तामसादपि भूतादेर्विकुर्वाणादभून्नभः।

तस्य मात्रा गुणः शब्दो लिङ्गं यद्द्रष्टृदृश्ययोः॥ २५॥

पदार्थ–

भूतादेः = पञ्चमहाभूतहरूको
तामसात् =कारणभूत तामस अहङ्कार
विकुर्वाणात् = रूपान्तरित भएपछि (त्यो तामस अहङ्कारबाट)
नभः = आकाश
अभूत् = उत्पन्न भयो
तस्य = त्यो आकाशको
मात्रा = तन्मात्रा र
गुणः = गुण
शब्दः = शब्द हो
यत् = जुन
द्रष्टृदृश्ययोः =द्रष्टा र दृश्य यी दुबैको
लिङ्गं = बोधक हो

वाक्यार्थ– जब पञ्चमहाभूतको कारणरूप तामसअहङ्कार विकारमय भयो तब त्यसबाट आकाशको उत्पत्ति भयो। आकाशको तन्मात्रा र गुण शब्द हो। यही शब्दद्वारा द्रष्टा र दृश्यको बोध हुन्छ।

नभसोऽथ विकुर्वाणादभूत् स्पर्शगुणोऽनिलः।

परान्वयाच्छब्दवांश्च प्राण ओजः सहो बलम्॥ २६॥

पदार्थ–

अथ = यसपछि
नभसः = आकाशमा
विकुर्वाणात् =विकार उत्पन्न भएपछि
स्पर्शगुणः = स्पर्श गुणवाला
अनिलः =वायु उत्पन्न भयो
परान्वयात् = यो वायुमा आफ्नो कारण आकाशको गुण शब्दको अनुकृति हुनाले
शब्दवान् च = शब्दवाला पनि भयो
प्राणः = शरीरमा रहने जीवनी शक्ति
ओजः = इन्द्रियहरूको शक्ति
सहः = अन्तःकरणको शक्ति
बलम् =शरीरलाई धारण गर्ने सामर्थ्य (यी पदार्थहरूको कारण वायु हो)
अभूत् = उत्पन्न भए

वाक्यार्थ– जब आकाशमा विकार भयो तब त्यसबाट वायुको उत्पत्ति भयो, त्यसको गुण स्पर्श हो, आफ्नो कारणको गुण त्यसमा आएको हुनाले उसमा शब्द पनि छ। इन्द्रियमा स्फूर्ति, शरीरमा जीवनीशक्ति, ओज र बल यही वायुका रूप हुन्।

वायोरपि विकुर्वाणात् कालकर्मस्वभावतः।

उदपद्यत तेजो वै रूपवत् स्पर्शशब्दवत्॥ २७॥

पदार्थ–

कालकर्मस्वभावतः = काल, कर्म र स्वभावका कारणले	**वै** = निश्चय नै	**तेजः** = तेज
विकुर्वाणात् =रूपान्तरित भएको	**रूपवत्** = रूप गुणवाला	**अपि** = पनि
वायोः = वायुबाट	**स्पर्शशब्दवत्** = स्पर्श र शब्दगुणवाला	**उदपद्यत** = उत्पन्न भयो

वाक्यार्थ— काल, कर्म र स्वभावबाट वायुमा विकार भएपछि त्यसबाट स्पर्श र शब्दगुणवाला तेजको उत्पत्ति भयो।

तेजसस्तु विकुर्वाणादासीदम्भो रसात्मकम्।

रूपवत् स्पर्शवच्चाम्भो घोषवच्च परान्वयात्॥ २८॥

पदार्थ—

विकुर्वाणात् = रूपान्तरित भएको	**आसीत्** = उत्पन्न भयो	**रूपवत्** = रूपगुण भएको
तेजसः = तेजबाट	**परान्वयात्** = कारणको गुण कार्यमा पनि सर्ने हुनाले	**स्पर्शवत्** = स्पर्शगुण भएको
रसात्मकम् = रस गुण भएको	**अम्भः** = यो जल	**घोषवत् च** = शब्दगुणवाला पनि छ
अम्भः = जल		

वाक्यार्थ— तेजमा यसको कारण वायुको गुण स्पर्श र आकाशको गुण शब्द पनि विद्यमान छन्। तेजको विकारबाट जलको उत्पत्ति भयो, यसको प्रधानगुण रस हो। यसमा कारणगुणहरू शब्द, स्पर्श र रूप पनि छन्।

विशेषस्तु विकुर्वाणादम्भसो गन्धवानभूत्।

परान्वयाद्रसस्पर्श शब्दरूपगुणान्वितः॥ २९॥

पदार्थ—

विकुर्वाणात् = रूपान्तरित	**परान्वयात्** = कारणको गुण कार्यमा पनि सर्ने नियम भएकाले	**रसस्पर्शशब्दरूपगुणान्वितः** = रस, स्पर्श, शब्द र रूप यी कारणका अरू गुणहरूले पनि युक्त छ
अम्भसः = जलबाट	**विशेषः** = यो पृथिवी	
गन्धवान् = गन्धगुण भएको	**तु** = चाहिँ	
विशेषः = पृथिवी		
अभूत् = उत्पन्न भयो		

वाक्यार्थ— जलको विकारबाट पृथिवीको उत्पत्ति भयो। यसको प्रधान गुण गन्ध हो। कारणका गुणहरू कार्यमा आउँछन्। यो नियमअनुसार शब्द, स्पर्श, रूप र रस यी चार गुणहरू पनि यसमा विद्यमान छन्।

वैकारिकान्मनो जज्ञे देवा वैकारिका दश।

दिग्वातार्कप्रचेतोऽश्विवह्नीन्द्रोपेन्द्रमित्रकाः॥ ३०॥

पदार्थ—

वैकारिकात् = सात्त्विक अहङ्कारबाट
मनः = मन र (त्यसको अधिष्ठाता चन्द्रमा पनि)
जज्ञे = उत्पन्न भयो
दिग्वातार्कप्रचेतोऽश्विवह्नीन्द्रोपेन्द्रमित्रकाः = दिशा, वायु, सूर्य, वरुण, अश्विनीकुमार, अग्नि, इन्द्र, विष्णु, मित्र र प्रजापति नाम गरेका
दश = दश
देवाः =देवताहरू पनि
वैकारिकाः = सात्त्विक अहङ्कारका कार्य हुन्

वाक्यार्थ— सात्त्विक अहङ्कारबाट मन, दिशा, वायु, सूर्य, वरुण, अश्विनीकुमार, अग्नि, इन्द्र, विष्णु, मित्र र प्रजापति नाम गरेका दश देवताहरूको उत्पत्ति भयो। यिनीहरू सात्त्विक अहङ्कारका कार्य हुन्।

तैजसात्तु विकुर्वाणादिन्द्रियाणि दशाभवन्।
ज्ञानशक्तिः क्रियाशक्तिर्बुद्धिः प्राणश्च तैजसौ ॥
श्रोत्रं त्वग्घ्राणदृग्जिह्वावाग्दोर्मेढ्राङ्घ्रिपायवः ॥ ३१ ॥

पदार्थ—

विकुर्वाणात् = रूपान्तरित
तैजसात् = राजस अहङ्कारबाट
श्रोत्रं = श्रोत्र
त्वक्घ्राणदृग्जिह्वावाग्दोर्मेढ्राङ्घ्रिपायवः = त्वक्, नासिका, नेत्र र रसना पाँच ज्ञानेन्द्रिय एवं वाक्, हात, पाद, गुदा र जननेन्द्रिय पाँच कर्मेन्द्रिय गरी
दश = दश
इन्द्रियाणि = इन्द्रियहरू
अभवन् = उत्पन्न भए
ज्ञानशक्तिबुद्धिः = ज्ञानशक्तिरूप बुद्धि
च = र
क्रियाशक्तिप्राणः = क्रियाशक्तिरूप प्राण पनि
तैजसौ = राजस अहङ्कारका कार्य हुन्

वाक्यार्थ— राजस अहङ्कारको विकारबाट श्रोत्र, त्वगिन्द्रिय, नेत्र, जिह्वा र नासिका यी पाँच ज्ञानेन्द्रिय, एवं वाक्, हस्त, पाद, गुदा र जननेन्द्रिय उत्पन्न भए। साथै ज्ञानशक्तिरूप बुद्धि र क्रियाशक्तिरूप प्राण पनि राजस अहङ्कारबाट उत्पन्न भए।

यदैतेऽसङ्गता भावा भूतेन्द्रियमनोगुणाः।
यदायतननिर्माणे न शेकुर्ब्रह्मवित्तम ॥ ३२ ॥

पदार्थ—

ब्रह्मवित्तम = हे श्रेष्ठ ब्रह्मज्ञानी नारद
यदा = जब
एते = यी
भूतेन्द्रियमनोगुणाः = भूत, इन्द्रिय, मन र सत्त्व आदि तीन गुणरूप
भावाः = पदार्थहरू
असङ्गताः = परस्पर सङ्गठित हुन नसकेकाले

यदायतननिर्माणे = आफू बस्नका लागि भोगको साधनरूप शरीर बनाउन
न शेकुः = समर्थ भएनन्।

वाक्यार्थ— हे श्रेष्ठ ब्रह्मज्ञानी नारद ! जुन समयमा यी पञ्चमहाभूत, इन्द्रिय, मन र सत्त्व आदि तीन गुणहरू सङ्गठित हुन सकेनन् तब उनीहरूले आफू बस्नका लागि भोगको साधनरूप शरीरलाई बनाउन सकेनन्।

तदा संहत्य चान्योन्यं भगवच्छक्तिचोदिताः।
सदसत्त्वमुपादाय चोभयं ससृजुर्ह्यदः॥ ३३॥

पदार्थ—

तदा = त्यस समयमा
भगवच्छक्तिचोदिताः = भगवान्का शक्तिद्वारा प्रेरित भई
अन्योन्यसंहत्य = परस्परमा एकअर्कोसँग मिलेर
सदसत्त्वम् = परस्परमा अङ्गाङ्गिभाव अथवा कार्यकारणभावलाई
उपादाय = स्वीकार गरेर
उभयं = व्यष्टि र समष्टिरूप
अदः = पिण्ड ब्रह्माण्डलाई
च = पनि
ससृजुः = बनाए

वाक्यार्थ— जब भगवान्ले ती पदार्थहरूलाई आफ्नो शक्तिद्वारा प्रेरित गर्नुभयो, तब ती तत्त्वहरू परस्पर एकअर्कोसँग मिली, कार्यकारणभाव स्वीकार गरेर व्यष्टि र समष्टिरूप पिण्ड र ब्रह्माण्ड दुबैको रचना गरे।

वर्षपूगसहस्रान्ते तदण्डमुदके शयम्।
कालकर्मस्वभावस्थो जीवोऽजीवमजीवयत्॥ ३४॥

पदार्थ—

तदण्डम् = त्यो पूर्वोक्त ब्रह्माण्डरूप शरीर
उदकेशयम् = प्रलयकालीन जलभित्र बसिरह्यो
वर्षपूगसहस्रान्ते = प्रलयकालको अवसान भएपछि
कालकर्मस्वभावस्थः = काल, कर्म र स्वभावका नियन्ता
जीवः = परमात्माले
अजीवम् = चेतनाशून्य ब्रह्माण्डलाई
अजीवयत् = चेतनायुक्त बनाउनुभयो

वाक्यार्थ— त्यो ब्रह्माण्डरूप शरीर एक हजार वर्षसम्म निर्जीव रूपले जलमा रहिरह्यो र फेरि काल, कर्म र स्वभावलाई स्वीकार गरेर भगवान्ले त्यसलाई जीवित गरिदिनुभयो।

स एव पुरुषस्तस्मादण्डं निर्भिद्य निर्गतः।
सहस्रोर्वङ्घ्रिबाह्वक्षः सहस्राननशीर्षवान्॥ ३५॥

पदार्थ—

सः एव = त्यही
पुरुषः = विराट्पुरुष नै
अण्डं = ब्रह्माण्डलाई
निर्भिद्य = फोरेर
निर्गतः = निक्ल्यो
सहस्रोर्वङ्घ्रिबाह्वक्षः = हजारौँको संख्यामा जाँघ, चरण, भुजा, नेत्र र
सहस्राननशीर्षवान् = हजारौँको संख्यामा मुख र शिरहरू भएको

वाक्यार्थ– त्यो अण्डलाई फोरेर त्यसबाट त्यही विराट्पुरुष निक्ल्यो। जसको जाँघ, चरण, भुजा, नेत्र, मुख र शिर हजारौँको संख्यामा थिए।

यस्येहावयवैर्लोकान् कल्पयन्ति मनीषिणः।
कट्यादिभिरधः सप्त सप्तोर्ध्वं जघनादिभिः॥ ३६॥

पदार्थ–
मनीषिणः = विद्वान्हरू
यस्य = जुन विराट्पुरुषको
इह = ब्रह्माण्डभित्र
कट्यादिभिः = कटि आदि
अवयवैः = अङ्गहरूभन्दा
अधः =तलतिर
सप्त = अतल आदि सात र
जघनादिभिः = कटिप्रदेशभन्दा
ऊर्ध्वं =माथि
सप्त लोकान् = भूः, भुवः आदि सात लोकहरूको
कल्पयन्ति = कल्पना गर्दछन्।

वाक्यार्थ– विद्वान् पुरुष (उपासनाका लागि) उहाँको अङ्गमा समस्त लोक र ती लोकहरूमा वस्तुहरूको कल्पना गर्दछन्। उहाँको कम्मरदेखि तलका अङ्गहरूमा सात पातालहरूको र जाँघदेखि माथिका अङ्गहरूमा सात स्वर्गको कल्पना गर्दछन्।

पुरुषस्य मुखं ब्रह्म क्षत्रमेतस्य बाहवः।
ऊर्वोर्वैश्यो भगवतः पद्भ्यां शूद्रोऽभ्यजायत॥ ३७॥

पदार्थ–
ब्रह्म = ब्राह्मण
पुरुषस्य = विराट्पुरुषको
मुखं = मुख हो
क्षत्रम् = क्षत्रिय
एतस्य = यो पुरुषको
बाहवः = भुजा हो
भगवतः = भगवान्को
ऊर्वोः = तिघ्राबाट
वैश्यः = वैश्य जन्मियो अनि
पद्भ्यां = पाउहरूबाट
शूद्रः = शूद्र
अभ्यजायत = जन्मियो

वाक्यार्थ– ब्राह्मण विराट्पुरुषको मुख हो। भुजाहरू क्षत्रिय हुन्, विराट्पुरुषको जाँघबाट वैश्य र पाउबाट शूद्र उत्पन्न भएका हुन्।

भूर्लोकः कल्पितः पद्भ्यां भुवर्लोकोऽस्य नाभितः।
हृदा स्वर्लोक उरसा महर्लोको महात्मनः॥ ३८॥

पदार्थ–

महात्मनः = विश्वात्मा भगवान्का	**भूर्लोकः** = सप्त पाताल सहित पृथ्वीलोक पनि	**भुवर्लोकः** = अन्तरिक्ष
पद्भ्यां = पैतालादेखि कम्मरपर्यन्त अङ्गहरूद्वारा	**कल्पितः** = कल्पित छ	**हृदा** = हृदयबाट
	अस्य = उहाँका	**स्वर्लोकः** = स्वर्ग र
	नाभितः = नाभिबाट	**उरसा** = वक्षस्थलबाट
		महर्लोकः = महर्लोक कल्पित छ

वाक्यार्थ— विश्वात्मा भगवान्का पाउदेखि लिएर कटिपर्यन्त सात पाताल तथा भूलोकको कल्पना गरिएको छ। नाभिमा भुवर्लोकको, हृदयमा स्वर्लोकको र परमात्माका वक्षःस्थलमा महलोकको कल्पना गरिएको छ।

ग्रीवायां जनलोकोऽस्य तपोलोकः स्तनद्वयात्।
मूर्धभिः सत्यलोकस्तु ब्रह्मलोकः सनातनः॥ ३९॥

पदार्थ—

अस्य = यी विश्वात्मा भगवान्को	**स्तनद्वयात्** = दुईटै स्तनबाट	**ब्रह्मलोकः** = ब्रह्माको वासस्थान
ग्रीवायां = घाँटीमा	**तपोलोकः** = महलोक कल्पित छ भने	**सत्यलोकः** = सत्यलोक कल्पित छ
जनलोकः = जनलोक	**मूर्धभिः तु** = मस्तकबाट त	
च = र	**सनातनः** = चिरस्थायी	

वाक्यार्थ— यी विश्वात्मा भगवान्को घाँटीमा जनलोक, दुइटा स्तनमा तपोलोक, मस्तकमा ब्रह्माको नित्यनिवासस्थान भएको सत्यलोकको कल्पना गरिएको छ।

तत्कट्यां चातलं क्लृप्तमूरुभ्यां वितलं विभोः।
जानुभ्यां सुतलं शुद्धं जङ्घाभ्यां तु तलातलम्॥ ४०॥

पदार्थ—

तत्कट्यां = विराट्पुरुषको कटिभागमा	**वितलं** = वितलको अनि	**तु** = चाहिँ
अतलं = अतललोकको	**जानुभ्यां** = घुँडाहरूद्वारा	**तलातलम्** = तलातललोकको
विभोः = व्यापक भगवान्को	**शुद्धं** = पवित्र	**क्लृप्तम्** = कल्पना गरिएको छ
ऊरुभ्यां = तिघ्राहरूद्वारा	**सुतलं** = सुतललोकको र	
	जङ्घाभ्यां तु = पिँडौलाहरूद्वारा	

वाक्यार्थ— उहाँ विराट्पुरुषको कम्मरमा अतल, तिघ्राहरूमा वितल, घुँडामा पवित्र सुतल र पिँडौलाहरूमा चाहिँ तलातलको कल्पना गरिएको छ।

महातलं तु गुल्फाभ्यां प्रपदाभ्यां रसातलम्।
पातालं पादतलत इति लोकमयः पुमान्॥ ४१॥

पदार्थ—

गुल्फाभ्यां = गोलीगाँठाहरूद्वारा	**रसातलम्** = रसातलको अनि	**इति** = यसरी
महातलं = महातल र	**पादतलतः** = पैतालाबाट	**पुमान्** = विराट्पुरुष
प्रपदाभ्यां = कुर्कुच्चा र पञ्जाहरूद्वारा	**पातालं** = पातालको कल्पना गरिएको छ	**लोकमयः** = सर्वलोकमय हुनुहुन्छ

वाक्यार्थ— उहाँको गोलीगाँठामा महातल, कुर्कुच्चा र पञ्जाहरूमा रसातल, पैतालामा पातालको कल्पना गरिएको छ। यसप्रकार विराट्पुरुष सर्वलोकमय हुनुहुन्छ।

भूर्लोकः कल्पितः पद्भ्यां भुवर्लोकोऽस्य नाभितः।
स्वर्लोकः कल्पितो मूर्ध्ना इति वा लोककल्पना॥ ४२॥

पदार्थ—

वा = अथवा	**नाभितः** = नाभिप्रदेशबाट	**कल्पितः** = कल्पित छ।
भूर्लोकः = पृथिवीलोक	**भुवर्लोकः** = अन्तरिक्ष लोक अनि	**इति** = यसप्रकार
पद्भ्यां = पाउद्वारा	**मूर्ध्ना** = मस्तकप्रदेशबाट	**लोककल्पना** = लोकहरूको कल्पना गरिएको छ
कल्पितः = कल्पना गरिएको छ	**स्वर्लोकः** = स्वर्ग लोक	
अस्य = उहाँ भगवान्‌को		

वाक्यार्थ— अथवा विराट् भगवान्‌का अङ्गहरूमा यसप्रकार लोकहरूको कल्पना गरिएको छ कि उहाँको चरणमा पृथिवी, नाभिमा भुवर्लोक र शिरमा स्वर्गलोकको कल्पना गरिएको छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे
पञ्चमोऽध्यायः॥ ५॥

अथ षष्ठोऽध्यायः

विराट् स्वरूपका विभूतिहरूको वर्णन

ब्रह्मोवाच (ब्रह्माले भन्नुभयो)

वाचां वह्नेर्मुखं क्षेत्रं छन्दसां सप्त धातवः ।
हव्यकव्यामृतान्नानां जिह्वा सर्वरसस्य च ॥ १ ॥

पदार्थ–

वाचां = समस्त प्रकारका वाणीहरूको	**सप्त** = सात	**च** = पनि
वह्नेः = अग्नि देवताको पनि	**धातवः** = धातुहरू हुन् र	**जिह्वा** = जिब्रो नै हो
क्षेत्रं = उत्पत्तिस्थान	**हव्यकव्यामृतान्नानां** = मनुष्य, पितृ र देवताहरूको उपभोग्य अन्न	
मुखं = विराट्पुरुषको मुख हो	**सर्वरसस्य** = सबै थरी रसहरूको अनि रसाधिष्ठान वरुणको	
छन्दसां = गायत्री अनुष्टुप् आदि छन्दहरूको उत्पत्तिस्थान		

वाक्यार्थ– उनै विराट्पुरुषको मुखबाट वाणी र त्यसको अधिष्ठातृ देवता अग्नि उत्पन्न भए। सात छन्द उहाँका सात धातुबाट निक्लेका छन्। मनुष्य, पितृ र देवताका लागि भोजन गर्न योग्य अमृतमय अन्न, सबै प्रकारका रस, रसनेन्द्रिय र तिनको अधिष्ठातृ देवता वरुण विराट्पुरुषको जिह्वाबाट उत्पन्न भए।

सर्वासूनां च वायोश्च तन्नासे परमायने ।
अश्विनोरोषधीनां च घ्राणो मोदप्रमोदयोः ॥ २ ॥

पदार्थ–

सर्वासूनां = पञ्चप्राणहरूको	**ओषधीनां** = सर्वविध औषधिहरूको	**अश्विनोः** = गन्धाभिमानी अश्विनीकुमार देवताको
वायौ च = वायुको पनि	**मोदप्रमोदयोः** =साधारण र विशेष गन्धको अनि	**च** = (उत्पत्तिस्थान) पनि
परमायने = सर्वश्रेष्ठ आश्रय		**घ्राणः** = नासिका हो
तन्नासे = विराट् पुरुषको नाक हो		

वाक्यार्थ– उहाँको नाकबाट प्राण, अपान, व्यान, उदान, समान यी पाँच प्राण, वायु तथा घ्राणेन्द्रियबाट अश्विनीकुमार समस्त औषधि र साधारण तथा विशेष गन्धहरू उत्पन्न भए।

रूपाणां तेजसां चक्षुर्दिवः सूर्यस्य चाक्षिणी।

कर्णौ दिशां च तीर्थानां श्रोत्रमाकाशशब्दयोः॥

तद्गात्रं वस्तुसाराणां सौभगस्य च भाजनम्॥ ३॥

पदार्थ–

चक्षुः = विराट्को चक्षुरिन्द्रिय	**दिशां** = दिशाहरूको र	**तद्गात्रं** = विराट्को शरीर
रूपाणां = सेतो, कालो आदि रूपहरूको र	**तीर्थानां च** = तीर्थहरूको पनि उत्पत्तिस्थान	**वस्तुसाराणां च** = वस्तुहरूको सारभागको र
तेजसां = तेजको पनि जनक हो	**कर्णौ** = कान हुन्	**सौभगस्य** = सौन्दर्यको पनि
अक्षिणी = नेत्रगोलक	**आकाशशब्दयोः** = आकाश र शब्दहरूको	**भाजनम्** = एकमात्र आश्रय हो
दिवः = स्वर्गको र	**श्रोत्रम्** = श्रोत्रेन्द्रिय उत्पत्तिस्थान हो	
सूर्यस्य च = सूर्यको पनि उत्पत्तिस्थान हो		

वाक्यार्थ– उहाँको नेत्रेन्द्रिय तेजको जन्मभूमि हो। यस्तै नेत्रगोलक स्वर्ग र सूर्यको जन्मभूमि हो। समस्त दिशा र पवित्र गर्ने तीर्थहरू कानबाट तथा आकाश र शब्द श्रोत्रेन्द्रियबाट निक्लेका हुन्। उहाँको शरीर, संसारका सम्पूर्ण वस्तुहरूको सारभाग तथा सौन्दर्यको एकमात्र आश्रय हो।

त्वगस्य स्पर्शवाय्वोश्च सर्वमेधस्य चैव हि।

रोमाण्युद्भिज्जजातीनां यैर्वा यज्ञस्तु सम्भृतः॥ ४॥

पदार्थ–

हि = निश्चय नै	**सर्वमेधस्य** = सबै थरी यज्ञहरूको जन्मस्थान हो	**यैः** = जुन
अस्य = विराट्को	**उद्भिज्जजातीनां** = पृथिवीभेदन गरेर निक्लने वृक्ष, लता इत्यादिको	**यज्ञः** = यज्ञ
त्वक् = त्वगिन्द्रिय	**वा** = अथवा	**सम्भृतः** = सञ्चालन हुन्छ (ती वस्तुहरूको जन्मस्थान)
स्पर्शवाय्वोः च = स्पर्श र वायुको		**रोमाणि एव** = विराट् पुरुषको रौँहरू नै हुन्

वाक्यार्थ– सम्पूर्ण यज्ञ, स्पर्श र वायु उहाँका त्वगिन्द्रियबाट निक्लेका हुन्। उहाँका रौँहरू पृथिवीभेदन गरेर निक्लने वृक्ष, लता आदि पदार्थहरूका जन्मस्थान हुन् अथवा रौँहरू ती पदार्थहरूका जन्मस्थान हुन् जसबाट यज्ञहरू सम्पन्न हुन्छन्।

केशश्मश्रुनखान्यस्य शिलालोहाभ्रविद्युताम्।

बाहवो लोकपालानां प्रायशः क्षेमकर्मणाम्॥ ५॥

पदार्थ—

अस्य = यी विराट् पुरुषको **केशश्मश्रुनखानि** = केश, दाह्री र नङ्हरू	**शिलालोहाभ्रविद्युताम्** = ढुङ्गा, फलाम, बादल, बिजुली आदि वस्तुहरूको जनक हुन् **प्रायशः** = धेरैजसो **क्षेमकर्मणाम्** = कल्याण गर्ने	**लोकपालानां** = लोकपाल देवताहरूको **बाहवः** = बाहु नै उत्पत्तिस्थान हो

वाक्यार्थ— उहाँका केश, दाह्री, जुँगा र नङबाट ढुङ्गा, फलाम, बादल, बिजुली आदि वस्तुहरू तथा भुजाहरूबाट प्रायः संसारलाई रक्षा गर्ने लोकपालहरू प्रकट भए।

विक्रमो भूर्भुवः स्वश्च क्षेमस्य शरणस्य च।

सर्वकामवरस्यापि हरेश्चरण आस्पदम्॥ ६॥

पदार्थ—

विक्रमः = भगवान्को हिँडाइ **भू : भुवः स्वः च** = भूः भुवः स्वर्लोकको आश्रय हो **हरेः** = हरि भगवान्को	**चरणे** = चरण नै **क्षेमस्य** = वस्तुको रक्षा **शरणस्य** = भयबाट रक्षा	**सर्वकामवरस्य अपि** = सम्पूर्ण कामना पूर्तिको पनि **आस्पदम्** = आश्रय हुन्

वाक्यार्थ— उहाँको हिँडाइ भूः भुवः स्वः पनि तीनै लोकहरूको आश्रय हो। उहाँको चरणकमलले वस्तुको रक्षा गर्दछन्, भयलाई भगाइदिन्छन् तथा समस्त कामनाको पूर्ति गर्दछन्।

अपां वीर्यस्य सर्गस्य पर्जन्यस्य प्रजापतेः।

पुंसः शिश्न उपस्थस्तु प्रजात्यानन्दनिर्वृतेः॥ ७॥

पदार्थ—

पुंसः = भगवान्को **शिश्नः** = लिङ्ग **अपां** = जलको **सर्गस्य** = सृष्टिको	**पर्जन्यस्य** = बादलको **वीर्यस्य** = शक्तिको **प्रजापतेः** = प्रजापतिको **उपस्थः** = जननेन्द्रिय चाहिँ	**प्रजात्यानन्दनिर्वृतेः** = मैथुनजनित आनन्दको उद्गमस्थल हो

वाक्यार्थ— विराट्पुरुषको लिङ्ग, जल, वीर्य, सृष्टि, मेघ एवं प्रजापतिको र उहाँको जननेन्द्रिय मैथुनजनित आनन्दको उद्गमस्थल हो।

पायुर्यमस्य मित्रस्य परिमोक्षस्य नारद।

हिंसाया निर्ऋतेर्मृत्योर्निरयस्य गुदं स्मृतः॥ ८॥

पदार्थ—

नारद = हे नारद	**पायुः** = गुद इन्द्रिय उत्पत्तिस्थान	**निरयस्य** = नरकको पनि
यमस्य = यमराजको	हो त्यसै गरी	**गुदं** = गुदद्वार
मित्रस्य = मित्र देवताको	**हिंसायाः** = हिंसाको	**स्मृतः** = उत्पत्तिस्थल मानिन्छ
परिमोक्षस्य = मलोत्सर्जनको	**निर्ऋतेः** = अलक्ष्मीको	
पनि	**मृत्योः** = मृत्युको	

वाक्यार्थ— हे नारदजी ! विराट् पुरुषको गुदइन्द्रिय, यम, मित्र, र मलत्यागको उत्पत्तिस्थल हो। यस्तै गुदद्वार, हिंसा, अलक्ष्मी, मृत्यु र नरकको उत्पत्तिस्थल हो।

पराभूतेरधर्मस्य तमसश्चापि पश्चिमः।

नाड्यो नदनदीनां च गोत्राणामस्थिसंहतिः॥ ९॥

पदार्थ—

पश्चिमः = पीठभाग	**च अपि** = पनि (उत्पत्तिस्थल	**च** = र
पराभूतेः = पराजयको	हो)	**गोत्राणाम्** = पर्वतहरूको उत्पत्ति
अधर्मस्य = अधर्मको र	**नदनदीनां** = नदीनालाहरूको	स्थान
तमसः = अज्ञानको	**नाड्यः** = नाडीहरू हुन्	**अस्थिसंहतिः** = हड्डीहरू हुन्

वाक्यार्थ— उहाँको पीठबाट पराजय, अधर्म र अज्ञानको उत्पत्ति भयो भने नाडीहरूबाट नदनदी र हाडहरूबाट पर्वतहरूको उत्पत्ति भयो।

अव्यक्तरससिन्धूनां भूतानां निधनस्य च।

उदरं विदितं पुंसो हृदयं मनसः पदम्॥ १०॥

पदार्थ—

अव्यक्तरससिन्धूनां = मूलप्रकृति	**उदरं** = पुरुषको पेट नै	**मनसः** = सारा प्राणीभित्र रहने
रस र समुद्रहरूको	उत्पत्तिस्थान हो	मनको
भूतानां = प्राणीहरूको अनि	**पुंसः** = भगवान्को	**पदम्** = उत्पत्तिस्थानका रूपमा
निधनस्य च = मृत्युको पनि	**हृदयं** = हृदय नै	**विदितं** = जानिएको छ

वाक्यार्थ— उहाँको उदर नै मूल प्रकृति, रस नामको धातु, समुद्र, समस्त प्राणीहरू र तिनीहरूको मृत्युको पनि उत्पत्तिस्थान हो। उहाँको हृदय मनको उत्पत्तिस्थान हो।

धर्मस्य मम तुभ्यं च कुमाराणां भवस्य च।

विज्ञानस्य च सत्त्वस्य परस्यात्मा परायणम्॥ ११॥

पदार्थ—

मम = म ब्रह्माको
तुभ्यं = तिमी नारदको
धर्मस्य = धर्मको
कुमाराणां = सनक आदि कुमारहरूको
भवस्य च = शङ्करजीको पनि त्यसै गरी
विज्ञानस्य = विशेष ज्ञानको
सत्त्वस्य च = अन्तःकरणको पनि
परस्य = परमपुरुष भगवान्को
परायणम् = एकमात्र आश्रय
आत्मा = आत्मा नै हो

वाक्यार्थ— हे नारद ! म, तिमी, धर्म, सनकादि, शङ्कर, विज्ञान, अन्तःकरण र परमपुरुष भगवान् सबैको आश्रय आत्मा नै हो।

अहं भवान् भवश्चैव त इमे मुनयोऽग्रजाः।
सुरासुरनरा नागाः खगा मृगसरीसृपाः॥ १२॥
गन्धर्वाप्सरसो यक्षा रक्षोभूतगणोरगाः।
पशवः पितरः सिद्धा विद्याध्राश्चारणा द्रुमाः॥ १३॥
अन्ये च विविधा जीवा जलस्थलनभौकसः।
ग्रहर्क्षकेतवस्तारास्तडितः स्तनयित्नवः॥ १४॥
सर्वं पुरुष एवेदं भूतं भव्यं भवच्च यत्।
तेनेदमावृतं विश्वं वितस्तिमधितिष्ठति॥ १५॥

पदार्थ—
अहं = म
भवान् = तिमी नारद
भवः च = शङ्करजी र
ते = तिम्रा
अग्रजाः = अग्रजहरू
इमे मुनयः = यी सनक आदि मुनिहरू (त्यसै गरी)
सुरासुरनराः = मान्छे, देवता, दैत्य
नागाः = नागहरू
खगाः = चराहरू
मृगसरीसृपाः = मृग र अन्य घस्रिने प्राणीहरू
गन्धर्वाप्सरसः = गन्धर्व रअप्सराहरू
यक्षाः = यक्षहरू
रक्षोभूतगणोरगाः = राक्षस, भूत, प्रेत र सर्पहरू
पशवः = पशुहरू
पितरः = पितृहरू
सिद्धाः = सिद्धहरू
विद्याध्राः = विद्याधरहरू
चारणाः = चरणहरू र
द्रुमाः = वृक्षप्रजातिहरू
विविधाः = धेरै प्रकारका
अन्ये = यीभन्दा अरू
जीवाः च = प्राणीहरू पनि
जलस्थलनभौकसः = जलचर स्थलचर र गगनगामी प्राणीहरू
ग्रहर्क्षकेतवः = ग्रह, नक्षत्र अनि धूमकेतुहरू
ताराः = ताराहरू
तडितः = बिजुलीहरू र
स्तनयित्नवः = बादलसमूह पनि (केवल विराट्मात्र हुन्)
यत् = जुन
भूतं = भइसक्यो
भवत् = हुँदैछ
भव्यं = हुनेवाला छ

इदं = यी
सर्वं = सम्पूर्ण वस्तुहरू
पुरुष एव = केवल विराट् पुरुष नै हुन्
तेन = त्यही परमपुरुषद्वारा
इदम् = यो
विश्वं = विश्व
आवृतं = व्याप्त भएको छ
वितस्तिम् = अझै व्यापक भएर हृदयदेशमा
अधितिष्ठति = बसेको छ

वाक्यार्थ— म, तिमी, दाइ सनकादि, शङ्कर, देवता, दैत्य, मनुष्य, नाग, पक्षी, मृग, गन्धर्व, अप्सरा, यक्ष, राक्षस, भूत, प्रेत, सर्प, पशु, पितृ, सिद्ध, विद्याधर, चारण, वृक्ष, नानाप्रकारका जीव, ग्रह, नक्षत्र, पुच्छ्रेतारा, तारा, विजुली र बादल, यी सब विराट्पुरुष नै हुन्। यो सम्पूर्ण विश्व जुन पहिले थियो, जुन अहिले छ र पछि हुनेवाला छ, उहाँ विराट्पुरुषद्वारा व्याप्त छ र अझैं व्यापक भएर हृदयमा बसेको छ।

स्वधिष्ण्यं प्रतपन् प्राणो बहिश्च प्रतपत्यसौ।
एवं विराजं प्रतपंस्तपत्यन्तर्बहिः पुमान्॥ १६॥

पदार्थ—
असौ = यो
प्राणः = सूर्य
स्वधिष्ण्यं = आफ्नो मण्डललाई
प्रतपन् = प्रकाशित गर्दै
बहिः च = बाह्यसंसारलाई पनि
प्रतपति = प्रकाशित गर्दछ
एवं = त्यसै गरी
पुमान् = परमपुरुष भगवान् पनि
विराजं = सम्पूर्ण विराट् विश्वविग्रहलाई
प्रतपन् = प्रकाशित गराउँदै
अन्तर्बहिः = भित्र र बाहिर
प्रतपति = प्रकाशित भइरहनुभएको छ

वाक्यार्थ— जसरी सूर्यले आफ्नो मण्डललाई प्रकाशित गर्दै बाह्य संसारलाई पनि प्रकाशित गर्छ र पनि प्रकाश फैलाउँछ त्यसै गरी पुराणपुरुष परमात्माले सम्पूर्ण विराट् विग्रहलाई प्रकाशित गर्दै भित्र, बाहिर सबैतिर प्रकाशित गर्दछ।

सोऽमृतस्याभयस्येशो मर्त्यमन्नं यदत्यगात्।
महिमैष ततो ब्रह्मन् पुरुषस्य दुरत्ययः॥ १७॥

पदार्थ—
ब्रह्मन् = हे नारद !
सः = उहाँ भगवान्
अमृतस्य = अमृतको र
अभयस्य = अभयप्रद मोक्षको पनि
ईशः = स्वामी हुनुहुन्छ
यद् = किनभने उहाँले
मर्त्यम् = क्षणिक र नाशवान्
अन्नं = कर्मफललाई
अत्यगात् = अतिक्रमण गर्नुभएको छ
ततः = त्यसै भएर
पुरुषस्य = भगवान्को
एषः = यो (विश्वात्मक भए तापनि संसारसँग सम्बन्धित नहुने खालको)
दुरत्ययः = पार पाउन र बुझ्न नसकिने
महिमा = महत्त्व रहेको छ

वाक्यार्थ– हे नारद ! उहाँ भगवान् केवल सर्वात्मकमात्र होइन अपितु अमृत र अभयप्रद मोक्षको पनि स्वामी हुनुहुन्छ किनभने उहाँले क्षणिक र नाशवान् कर्मफललाई अतिक्रमण गर्नुभएको छ। त्यसै भएर उहाँको विश्वात्मक भए तापनि संसारसँग सम्बन्धित नहुने खालको पार पाउन र बुझ्न नसकिने महत्त्व रहेको छ।

पादेषु सर्वभूतानि पुंसः स्थितिपदो विदुः।
अमृतं क्षेममभयं त्रिमूर्ध्नोऽधायि मूर्धसु ॥ १८ ॥

पदार्थ–

स्थितिपदः = सम्पूर्ण संसार जसको एकपाउजस्तो सानो अंशमात्र हो, त्यस्तो	**विदुः** = रहेको बताइन्छ	**मूर्धसु** = मूर्धास्थानका तीन लोकहरूमा क्रमशः
पुंसः = परमपुरुष भगवान्को	**त्रिमूर्ध्नः** = शिर प्रदेशका मुख निधार र मस्तकमा क्रमशः जन, तप र सत्यलोक धारण गर्ने भगवान्का	**अमृतं** = जनलोकमा अमृत
पादेषु = अंशभूत लोकहरूमा		**क्षेमम्** = तपोलोकमा कल्याण
सर्वभूतानि = सम्पूर्ण प्राणीहरू		**अभयं** = सत्यलोकमा अभय
		अधायि = प्रतिष्ठित छ

वाक्यार्थ– सम्पूर्ण लोक भगवान्को एक अंशमा मात्र छ, ती अंशमात्र लोकहरूमा सम्पूर्ण प्राणीहरू निवास गर्दछन्। भूर्लोक, भुवर्लोक र स्वर्लोकभन्दा माथि महर्लोक छ, त्योभन्दा पनि माथि जन, तप र सत्यलोक छन्, ती लोकहरूमा क्रमशः अमृत, क्षेम एवं अभयको नित्य निवास छ।

पादास्त्रयो बहिश्चासन्नप्रजानां य आश्रमाः।
अन्तस्त्रिलोक्यास्त्वपरो गृहमेधोऽबृहद्व्रतः ॥ १९ ॥

पदार्थ–

ये = जुन	**बहिः च** = संसारको भूःभुव र स्वर्गको त्रिविध गतिभन्दा बाहिर क्रमशः जन, तप र सत्यलोकमा र	**अबृहद्व्रतः** = ब्रह्मचर्यको त्यति पालन नगर्ने
त्रयः पादाः = भगवान्का ब्रह्मचारी वानप्रस्थ र संन्यासरूप तीन पाउजस्ता		**गृहमेधः** = गृहस्थ
		तु = चाहिँ
अप्रजानां = पुत्र परिवारले रहित	**आसन्** = हन्छन्	**अन्तः त्रिलोक्याः** = भूः, भुव र स्वर्गको त्रिलोकीमा घुमिरहन्छ
आश्रमाः = आश्रमहरू छन् ती आश्रमहरू	**अपरः** = चौथो पाउस्वरूप	

वाक्यार्थ– जन, तप र सत्य यी तीन लोकहरूमा ब्रह्मचारी, वानप्रस्थ र संन्यासी निवास गर्दछन्। दीर्घकालीन ब्रह्मचर्यले रहित गृहस्थहरू चाहिँ भूर्लोक, भुवर्लोक र स्वर्लोक भित्र नै निवास गर्दछन्।

सृती विचक्रमे विश्वङ् साशनानशने उभे ।
यदविद्या च विद्या च पुरुषस्तूभयाश्रयः ॥ २० ॥

पदार्थ–

विश्वङ् = जीवात्मा	**विचक्रमे** = आश्रय लिन्छ	**पुरुषः तु** = भगवान्चाहिँ
साशनानशने = भोग र	**यत्** = जुन दुईथरी बाटोमध्ये	**उभयाश्रयः** =यी दुबै बाटोहरूका
अपवर्गको प्राप्ति साधन भनिने	**अविद्या** = अविद्यामार्ग	आश्रय हुनुहुन्छ
उभे = दुईथरी	**विद्या च** = उपासनाप्राप्य	
सृती = बाटोहरूलाई	विद्यामार्ग भनिन्छ	

वाक्यार्थ– शास्त्रमा दुई प्रकारका बाटाहरू बताइएका छन्- एक अविद्यारूप कर्ममार्ग जुन सकाम पुरुषका लागि हो। अर्को उपासनारूप विद्याको मार्ग जुन निष्काम पुरुषका लागि हो। मुनष्य यी दुइटा मार्गमध्ये कुनै एउटा मार्गको आश्रय लिएर भोगप्राप्त गराउने अथवा मोक्ष प्राप्त गराउने मार्गबाट यात्रा गर्दछ। किन्तु पुरुषोत्तम भगवान् दुबै मार्गका आधार हुनुहुन्छ।

यस्मादण्डं विराड् जज्ञे भूतेन्द्रियगुणात्मकः ।
तद् द्रव्यमत्यगाद्विश्वं गोभिः सूर्य इवातपन् ॥ २१ ॥

पदार्थ–

सूर्यः = भगवान् नारायणले	**अण्डं** = ब्रह्माण्ड र	अनि उहाँ भगवान्ले
गोभिः = आफ्ना किरणहरूद्वारा	**भूतेन्द्रियगुणात्मकः** =	**तद्** = त्यो
विश्वं = संसारलाई	पञ्चमहाभूत अनि तत्सम्बन्धी	**द्रव्यम्** = द्रव्यमय विराट् देहलाई
आतपन् इव = संसारभन्दा पृथक्	इन्द्रिय र गुणले युक्त	**अत्यगात्** = अतिक्रमण गर्नुभयो
रहेर पनि प्रकाशित गरेझैं	**विराट्** = विराट् देह पनि	अथवा स्थूल संसार भन्दा पृथक्
यस्मात् = जुन परमपुरुषबाट	**जज्ञे** = जन्मियो	रहनुभयो

वाक्यार्थ– जसरी सूर्य आफ्नो किरणले सबलाई प्रकाशित गर्दै सब पदार्थहरूबाट अलग हुनुहुन्छ, त्यसै गरी जुन परमात्माबाट यो अण्डको, पञ्चभूत, एकादश इन्द्रिय र गुणमय विराट्को उत्पत्ति भयो, ती परमात्मा आफूबाट बनेका ती सम्पूर्ण वस्तुहरूभित्र र ती वस्तुहरूको रूपमा रहेर पनि उहाँ ती वस्तुहरूदेखि सर्वथा पृथक् हुनुहुन्छ।

यदास्य नाभ्यान्नलिनादहमासं महात्मनः ।
नाविदं यज्ञसम्भारान् पुरुषावयवादृते ॥ २२ ॥

पदार्थ–

यदा= जुन समयमा	**अस्य** = विराट्पुरुषको	**नलिनात्** = कमलबाट
महात्मनः = विश्वात्मा	**नाभ्यात्** = नाभिमा उत्पन्न	**अहम्** = म

आसं = जन्मैं (त्यस समयमा)
पुरुषावयवात् ऋते = विराट्कै शारीरिक अवयवभन्दा भिन्न

यज्ञसम्भारान् = यज्ञसम्बन्धी द्रव्यहरू
न अविदं = जान्न सकिनँ

वाक्यार्थ— जुन समयमा यस विराट्पुरुषको नाभिकमलबाट मेरो जन्म भएको थियो त्यस समयमा विराट् पुरुषको अङ्गदेखि अतिरिक्त मलाई कुनै पनि यज्ञको सामग्री मिलेन।

तेषु यज्ञस्य पशवः सवनस्पतयः कुशाः।
इदं च देवयजनं कालश्चोरुगुणान्वितः॥ २३॥

पदार्थ—

तेषु = ती अङ्गहरूमा नै
यज्ञस्य = यज्ञका
पशवः = आहवनीय पशुहरू

सवनस्पतयः = पशुलाई बाँध्ने खयरको वृक्षबाट बनेका यूपस्तम्भहरू (अनि)
कुशाः = कुशहरू त्यसै गरी
इदं = यो

देवयजनं च = यज्ञभूमि र
उरुगुणान्वितः = उत्तम गुणहरूले युक्त भएको
कालः च = समय पनि मैले कल्पना गरेँ

वाक्यार्थ— तब मैले उहाँको अङ्गमा नै यज्ञको पशु, पशुलाई बाँध्ने यूपस्तम्भ, कुश, यज्ञभूमि र यज्ञयोग्य उत्तमकालको कल्पना गरेँ।

वस्तून्योषधयः स्नेहा रसलोहमृदो जलम्।
ऋचो यजूंषि सामानि चातुर्होत्रं च सत्तम॥ २४॥
नामधेयानि मन्त्राश्च दक्षिणाश्च व्रतानि च।
देवतानुक्रमः कल्पः सङ्कल्पस्तन्त्रमेव च॥ २५॥
गतयो मतयः श्रद्धा प्रायश्चित्तं समर्पणम्।
पुरुषावयवैरेते सम्भाराः सम्भृता मया॥ २६॥

पदार्थ—

सत्तम = हे नारद !
वस्तूनि= यज्ञमा आवश्यक भाँडाकुँडा
ओषधयः = जौ आदि विशेष द्रव्यहरू
स्नेहाः = घ्यू, दुध आदि तरल पदार्थ

रसलोहमृदः = छ थरी रस, फलाम र माटो
जलम् = पानी (त्यसै गरी)
ऋचः = अध्वर्युको ऋग्वेद
यजूंषि = होताको यजुर्वेद
सामानि = उद्गाताको सामवेद

चातुर्होत्रं = आचार्य, अध्वर्यु उद्गाता र होताद्वारा गरिने कर्मात्मक यज्ञहरूको
च = पनि
नामधेयानि = ज्योष्टिोम आदि यज्ञका नाम

मन्त्राः = स्वाहाकार आदि मन्त्रहरू	**तन्त्रम्** = तन्त्र	**सम्भाराः** = यज्ञमा आवश्यक वस्तुहरू
दक्षिणाः = दक्षिणा	**गतयः** = यज्ञभित्र पर्ने अवान्तर विधानहरू	**मया** = मैले
व्रतानि = व्रत	**मतयः** = देवताका ध्यानहरू	**पुरुषावयवैः** =विराट् पुरुषको अङ्गबाट
देवतानुक्रमः = देवताका नाम	**प्रायश्चित्तं** = प्रायश्चित्त कर्म	**एव** = नै
कल्पः = कर्मपद्धति ग्रन्थ	**समर्पणम्** = कर्मसमर्पण समेत	**सम्भृताः** = बनाएँ
सङ्कल्पः = सङ्कल्प	**एते** = यी पूर्वोक्त	
च = र		

वाक्यार्थ— ऋषिश्रेष्ठ ! यज्ञका लागि आवश्यक पात्र आदि वस्तुहरू जौ, चामल,आदि औषधिहरू घृत आदि स्नेहपदार्थ, छ रस, फलाम, माटो, जल, ऋक्, यजु, साम, चतुर्होत्र, यज्ञका नाम, मन्त्रहरू, दक्षिणा, व्रत, देवताका नाम, पद्धतिग्रन्थ, सङ्कल्प, तन्त्र, गति, मति, श्रद्धा, प्रायश्चित्त र समर्पण यी समस्त यज्ञसामग्री मैले विराट् पुरुषकै अङ्गबाट एकत्रित गरेँ।

इति सम्भृतसम्भारः पुरुषावयवैरहम् ।
तमेव पुरुषं यज्ञं तेनैवायजमीश्वरम् ॥ २७ ॥

पदार्थ—

इति = यसरी	**अहम्** = मैले	**अयजम्** = यज्ञद्वारा पूजा गरेँ
सम्भृतसम्भारः = यज्ञसामग्रीहरूको कल्पना गर्ने	**तेन एव**= ती सामग्रीहरूद्वारा नै	
पुरुषावयवैः = विराट्का अङ्गहरूबाट	**तम्** = उही	
	यज्ञपुरुषं = यज्ञस्वरूप हुनुभएका	
	ईश्वरम् एव = भगवान्लाई नै	

वाक्यार्थ— यसप्रकार विराट् पुरुषकै अङ्गबाट सम्पूर्ण सामग्री सङ्ग्रह गरेर मैले तिनै सामग्रीद्वारा ती यज्ञस्वरूप परमात्माको यज्ञद्वारा पूजा गरेँ।

ततस्ते भ्रातर इमे प्रजानां पतयो नव ।
अयजन् व्यक्तमव्यक्तं पुरुषं सुसमाहिताः ॥ २८ ॥

पदार्थ—

ततः = त्यसपछि	**नव** = नौजना	**अव्यक्तं** = अन्तर्यामी रूपमा अव्यक्त
ते = तिमी नारदका	**भ्रातरः** =भाइहरूले	**पुरुषं** = भगवान्को
इमे = यी	**सुसमाहिताः** = संयमित भएर	**अयजन्** = यज्ञ गरे
प्रजानां = प्रजाहरूका	**व्यक्तम्** = विराट्को रूपमा व्यक्त र	
पतयः = पति भएका		

वाक्यार्थ– त्यसपछि तिम्रा यी नौभाइ प्रजापतिहरूले आफ्नो चित्तलाई पूर्णरूपले समाहित गरेर विराट् एवं अन्तर्यामी रूपले स्थित ती पुरुषको आराधना गरे।

ततश्च मनवः काले ईजिरे ऋषयोऽपरे।
पितरो विबुधा दैत्या मनुष्याः क्रतुभिर्विभुम्॥ २९॥

पदार्थ–

ततः च = त्यसपछि	**पितरः** = पितृहरूले	**विभुम्** = सर्वव्यापक परमात्मालाई उद्देश्य बनाई
काले = समय-समयमा	**विबुधाः** = देवताहरूले	**ईजिरे** = यज्ञ गरे
मनवः = मनुहरूले	**दैत्याः** = दैत्यहरूले	
अपरे = अरू पनि	**मनुष्याः** = मनुष्यहरूले पनि	
ऋषयः = ऋषिहरूले	**क्रतुभिः** = यज्ञहरूद्वारा	

वाक्यार्थ– यसपछि समयसमयमा मनु, ऋषि, पितृ, देवता, दैत्य र मनुष्यहरूले यज्ञद्वारा भगवान्‌को आराधना गरे।

नारायणे भगवति तदिदं विश्वमाहितम्।
गृहीतमायोरुगुणः सर्गादावगुणः स्वतः॥ ३०॥

पदार्थ–

तत् = त्यसै भएर (हे नारद)	**सर्गादौ**= सृष्टि आदि गर्दा	**नारायणे** = नारायणमा
स्वतः = आफूमात्रै हुँदा	**गृहीतमायोरुगुणः** = मायाका धेरै गुणहरू स्वीकार गर्ने	**इदं** = यो सम्पूर्ण
अगुणः = गुणरहित हुने		**विश्वम्** = चराचर जगत्
	भगवति = भगवान्	**अहितम्** = अडिएको छ

वाक्यार्थ– हे नारद ! आफूमात्रै हुँदा गुणरहित हुने सृष्टि आदि गर्दा मायाका धेरै गुणहरू स्वीकार गर्ने भगवान् नारायणमा यो सम्पूर्ण चराचर जगत् अडिएको छ।

सृजामि तन्नियुक्तोऽहं हरो हरति तद्वशः।
विश्वं पुरुषरूपेण परिपाति त्रिशक्तिधृक्॥ ३१॥

पदार्थ–

अहं = म ब्रह्मा	**हरः** = रुद्र पनि	**पुरुषरूपेण** = विष्णुको रूपमा
तन्नियुक्तः = भगवान्‌कै प्रेरणानुसार	**हरति** = संहार गर्नुहुन्छ	**विश्वं** = संसारलाई
सृजामि = सृष्टि गर्दछु	**त्रिशक्तिधृक्** = सृष्टि, स्थिति र संहारका तीन शक्तिहरू धारण गर्ने भगवान् नै	**परिपाति** = पालन गर्नुहुन्छ
तद्वशः = उहाँकै प्रेरणानुसार		

वाक्यार्थ– उहाँकै प्रेरणाले म यो संसारको रचना गर्दछु। उहाँकै अधीन भएर रुद्र यसको संहार गर्नुहुन्छ अनि सृष्टि, स्थिति र संहारका तीन शक्तिहरू धारण गर्ने भगवान् नै विष्णुको रूपमा संसारलाई पालन गर्नुहुन्छ।

इति तेऽभिहितं तात यथेदमनुपृच्छसि।
नान्यद् भगवतः किञ्चिद् भाव्यं सदसदात्मकम्॥ ३२॥

पदार्थ–

तात = हे बाबु नारद	**ते** = तिमीलाई	**सदसदात्मकम्** = सत्य या असत्यस्वरूप
यथा = जुन-जुन	**अभिहितं** = बताएँ	**किञ्चित्** = कुनै पनि वस्तु
इदम् = यी प्रश्नहरू	**भगवत ः** = भगवान्देखि बाहेक	**न भाव्यं** = हुनै सक्दैन
अनुपृच्छसि = सोध्दथ्यौ तिनका	**अन्यत्** = अरू	
इति = यी उत्तरहरू		

वाक्यार्थ– हे बाबु नारद ! तिमीले मसँग जुन कुरा सोधेका थियौ त्यसको उत्तर मैले तिमीलाई दिएँ। कुनै पनि वस्तु चाहे त्यो भावरूप होस्, चाहे अभावरूप होस्, त्यो वस्तु भगवान्देखि भिन्न हुनै सक्दैन।

न भारती मेऽङ्ग मृषोपलक्ष्यते
न वै क्वचिन्मे मनसो मृषा गतिः।
न मे हृषीकाणि पतन्त्यसत्पथे
यन्मे हृदौत्कण्ठ्यवता धृतो हरिः॥ ३३॥

पदार्थ–

अङ्ग = हे बाबु	**क्वचित्** = कहीं पनि	**न पतन्ति** = प्रवृत्त हुँदैनन् अनि
मे = मेरो	**मृषा** = व्यर्थमा	**औत्कण्ठ्यवता** = उत्कण्ठाले युक्त भएको
भारती = वचन	**गतिः** = प्रवृत्ति हुँदैहुँदैन	**हृदा** = हृदयले
मृषा = असत्य	**मे** = मेरा	**हरिः** = भगवान् नारायणलाई
न उपलक्ष्यते = हुन सक्दैन	**हृषीकाणि** = यन्द्रियहरू	**धृतः** = धारण गरिएको छ
मे = मेरो	**असत्पथे** = असत् मार्गमा	
मनसः = मनको	**वै** = निश्चय नै	

वाक्यार्थ– प्रिय नारद ! म प्रेमपूर्ण एवं उत्कण्ठित हृदयले सधैँ भगवान्को ध्यानमा मग्न रहन्छु, त्यसकारण मेरो वाणी कहिल्यै पनि असत्य हुन सक्दैन, मेरो मनले कहिल्यै पनि असत्य सङ्कल्प गर्दैन, मेरा इन्द्रियहरू कहिल्यै पनि मर्यादाको उल्लङ्घन गरेर कुमार्गमा जाँदैनन्।

सोऽहं समाम्नायमयस्तपोमयः
प्रजापतीनामभिवन्दितः पतिः।
आस्थाय योगं निपुणं समाहित-
स्तं नाध्यगच्छं यत आत्मसम्भवः॥ ३४॥

पदार्थ—

सः अहं = त्यस्तो खालको म	**पतिः** = स्वामी हूँ तथापि	**यतः** = जहाँबाट
समाम्नायमयः = वेदस्वरूप	**निपुणं** = निष्ठापूर्वक	**आत्मसम्भवः** = म जन्मेँ
तपोमयः = तपस्यामय र	**समाहितः** = एकचित्त भएर	**तं** = त्यो परमात्मालाई
प्रजापतीनाम्= प्रजापतिहरूमध्ये	**योगं** = योगको	**न अध्यगच्छं** = जान्न सकिन
अभिवन्दितः = सर्वश्रेष्ठ	**आस्थाय** = अनुष्ठान गरेर पनि	

वाक्यार्थ— म वेदमूर्ति छु। मेरो जीवन तपस्यामय छ। ठुलाठुला प्रजापतिहरू मेरो वन्दना गर्दछन्। म उनीहरूको स्वामी हुँ। मैले पहिले निष्ठापूर्वक योगको अनुष्ठान गरेको थिएँ। तर पनि मैले आफ्नो मूलकारण परमात्माको स्वरूपलाई जान्न सकिनँ।

नतोऽस्म्यहं तच्चरणं समीयुषां
भवच्छिदं स्वस्त्ययनं सुमङ्गलम्।
यो ह्यात्ममायाविभवं स्म पर्यगाद्
यथा नभः स्वान्तमथापरे कुतः॥ ३५॥

पदार्थ—

अहं = म ब्रह्मा	**तच्चरणं** = भगवान्को चरणलाई	**आत्ममायाविभवं** = आफ्नो महिमाको विस्तारलाई
समीयुषां = शरणागतहरूको	**नतः अस्मि** = नमस्कार गर्दछु	**हि** = निश्चय नै
भवच्छिदं = जन्म र मृत्युको चक्कर छुटाइदिने	**यः** = जुन भगवान्ले	**पर्यगात् स्म** = जान्न सक्नुभएन
स्वस्त्ययनं = कल्याणमय	**यथा** = जसरी	**अथ** = भने
सुमङ्गलम् = सेवा गर्न योग्य	**नभः** = आकाशले	**अपरे** = अरू देवताहरूले
	स्वान्तम् = आफ्नो अन्त्यलाई (त्यसै गरी)	**कुतः** = कसरी जानून्

वाक्यार्थ— म त परममङ्गलमय एवं शरण आएका भक्तहरूलाई जन्म र मृत्युबाट छुटाइदिने परमकल्याणमय भगवान्को चरणमा नै नमस्कार गर्दछु। उहाँको मायाको शक्ति अपार छ। जसरी

आकाशले आफ्नो अन्तलाई जान्दैन त्यसै गरी उहाँ पनि आफ्नो महिमाको विस्तारलाई जान्नुहुन्न। यस परिस्थितिमा अरूहरूले उहाँको महिमाको पार कसरी पाउने ?

नाहं न यूयं यदृतां गतिं विदु-
र्न वामदेवः किमुतापरे सुराः।
तन्मायया मोहितबुद्धयस्त्विदं
विनिर्मितं चात्मसमं विचक्ष्महे ॥ ३६ ॥

पदार्थ—

यदृतां = जुन भगवान्को पारमार्थिक सद्रूपतायुक्त	**अपरे** = अरू	**मोहितबुद्धयः** = बुद्धि भ्रान्त भएका हामीहरू
गतिं = स्वरूपलाई	**सुराः** = देवताहरू	**विनिर्मितं** = परमात्माले बनाएको
न अहं = न मैले जान्दछु	**किम् उत** = के गरी	**इदं** = यस संसारलाई
न यूयं = न तिमीहरू जान्दछौ	**विदुः** = बुझ्नून्	**आत्मसमं** = आफ्नो क्षमता-अनुरूप
न वामदेवः = न वामदेव (शङ्करजी) बुझ्दछन् भने	**तन्मायया** = त्यही भगवान्को मायाले	**विचक्ष्महे** = अड्कल लगाउँछौँ

वाक्यार्थ— म, मेरा छोरा तिमीहरू र भगवान् शङ्करजी पनि उहाँको सत्यस्वरूपलाई जान्न सक्दैनन् भने अरू देवताहरूले उहाँलाई कसरी जान्न सक्ने ? हामीहरू सबै यसप्रकार मोहित भइरहेका छौँ कि उहाँको मायाद्वारा बनेको जगत्लाई ठीकसँग बुझ्न सक्दैनौँ। आ-आफ्नो बुद्धिको अनुसार केवल अनुमानमात्र गर्दछौँ।

यस्यावतारकर्माणि गायन्ति ह्यस्मदादयः।
न यं विदन्ति तत्त्वेन तस्मै भगवते नमः ॥ ३७ ॥

पदार्थ—

अस्मदादयः = हामीहरूजस्ता	**गायन्ति** = गाउँदछन् (तथापि)	**भगवते** = भगवान्लाई
हि = केवल	**यं** = जुन भगवान्लाई	**नमः** = नमस्कार छ
यस्य = जुन भगवान्को	**तत्त्वेन** = यथार्थरूपमा	
अवतारकर्माणि = अवतार चरित्रहरू	**न विदन्ति** = जान्दैनन्	
	तस्मै = त्यस्ता	

वाक्यार्थ— हामीहरू केवल जसको अवतारको लीलाहरूको गान गर्दछौँ, उहाँको तत्त्वलाई जान्न सक्दैनौँ। त्यस्ता भगवान्को श्रीचरणमा म नमस्कार गर्दछु।

स एष आद्यः पुरुषः कल्पे कल्पे सृजत्यजः।

आत्मात्मन्यात्मनात्मानं स संयच्छति पाति च ॥ ३८ ॥

पदार्थ—

अजः = नजन्मने
आत्मा = आत्मस्वरूप
सः एषः = त्यस्ता अज्ञेय
आद्यः = आदि
पुरुषः = पुरुष परमात्माले
कल्पे कल्पे = हरेक कल्पहरूमा
आत्मनि = आफूमा
आत्मना = आफूद्वारा
आत्मानं = आफैँलाई
सृजति = बनाउनुहुन्छ
पाति = रक्षा गर्नुहुन्छ र
संयच्छति च = संहार पनि गर्नुहुन्छ

वाक्यार्थ— उहाँ अजन्मा एवं पुरुषोत्तम हुनुहुन्छ। प्रत्येक कल्पमा उहाँ स्वयं आफूमा आफ्नै सृष्टि गर्नुहुन्छ, रक्षा गर्नुहुन्छ र संहार पनि गर्नुहुन्छ।

विशुद्धं केवलं ज्ञानं प्रत्यक् सम्यगवस्थितम् ।
सत्यं पूर्णमनाद्यन्तं निर्गुणं नित्यमद्वयम् ॥ ३९ ॥

पदार्थ—

विशुद्धं = मायालेश रहित
केवलं = केवल
अद्वयम् = अद्वैत
ज्ञानं = स्वप्रकाश ज्ञानस्वरूप
प्रत्यक्सम्यक् = अन्तरात्माको रूपमा राम्रोसँग
अवस्थितम् = बस्ने
सत्यं = सत्यस्वरूप
पूर्णम् = आफैँमा पूर्ण
अनाद्यन्तं = आदि र अन्त्य नभएका
निर्गुणं = गुणरहित अनि
नित्यम् = सनातन (स्वगत-सजातीय विजातीयभेदशून्य भगवान् हुनुहुन्छ)

वाक्यार्थ— उहाँ मायाको लेशले रहित केवल ज्ञानस्वरूप हुनुहुन्छ र अन्तरात्माको रूपमा एकरस स्थित हुनुहुन्छ। उहाँ तीनै कालमा सत्य र परिपूर्ण हुनुहुन्छ। उहाँको आदि र अन्त छैन। उहाँ तीनै गुणहरूले रहित, सनातन एवं अद्वितीय हुनुहुन्छ।

ऋषे विदन्ति मुनयः प्रशान्तात्मेन्द्रियाशयाः ।
यदा तदेवासत्तर्कैस्तिरोधीयेत विप्लुतम् ॥ ४० ॥

पदार्थ—

ऋषे = हे नारद ऋषि
प्रशान्तात्मेन्द्रियाशयाः = शरीर, इन्द्रिय र मनलाई संयमित गर्ने
मुनयः = मुनिहरूले
विदन्ति = यस्तो भगवान्को स्वरूपलाई जान्दछन् तर
यदा = जुन समयमा
तत् एव= त्यही आत्मतत्त्व
असत्तर्कैः = कुतर्कहरूबाट
विप्लुतम् = ढाकिन्छ भने
तिरोधीयेत = हराउँछ

वाक्यार्थ— नारद ! महात्माहरू जुनसमय आफ्नो अन्तःकरण, इन्द्रिय र शरीरलाई शान्त गर्नुहुन्छ, त्यस समयमा उहाँहरू परमात्माको साक्षात्कार गर्नुहुन्छ। परन्तु जब असत् पुरुषहरू कुतर्कहरूद्वारा भगवान्लाई ढाकिदिन्छन् त्यस समयमा उहाँको दर्शन हुन सक्दैन।

आद्योऽवतारः पुरुषः परस्य
कालः स्वभावः सदसन्मनश्च ।
द्रव्यं विकारो गुण इन्द्रियाणि
विराट् स्वराट् स्थास्नु चरिष्णु भूम्नः ॥ ४१ ॥

पदार्थ–

परस्य = परमात्माको	**सदसत्** = कार्यकारणात्मिका प्रकृति	**विराट्**= ब्रह्माण्ड शरीर
आद्यः = पहिलो	**मनः च** = मन पनि	**स्वराट्** = ब्रह्माण्डको अभिमानी
अवतारः = अवतार	**द्रव्यं** = पञ्चमहाभूत	**स्थास्नु** = स्थावर र
पुरुषः = विराट् पुरुष हो (त्यसै गरी)	**विकारः** = अहङ्कार	**चरिष्णु** = जङ्गम प्राणीहरू पनि
कालः = काल	**गुणः** = सत्त्व आदि तीन गुण	**भूम्नः** = सर्वव्यापक भगवान्कै अनन्तरूप हुन्
स्वभावः = स्वभाव	**इन्द्रियाणि** = इन्द्रियहरू	

वाक्यार्थ– परमात्माको पहिलो अवतार विराट् पुरुष हो, त्यसदेखि अतिरिक्त कालस्वभाव, कार्य, कारण, मन, पञ्चभूत, अहङ्कार, तीन गुण, इन्द्रियहरू, ब्रह्माण्ड शरीर, उसको अभिमानी स्वराट्, स्थावर र जङ्गम जीव यी सबै अनन्त भगवान्कै रूप हुन्।

अहं भवो यज्ञ इमे प्रजेशा
दक्षादयो ये भवदादयश्च ।
स्वर्लोकपालाः खगलोकपाला
नृलोकपालास्तललोकपालाः ॥ ४२ ॥
गन्धर्वविद्याधरचारणेशा
ये यक्षरक्षोरगनागनाथाः ।
ये वा ऋषीणामृषभाः पितॄणां
दैत्येन्द्रसिद्धेश्वरदानवेन्द्राः ॥
अन्ये च ये प्रेतपिशाचभूत
कूष्माण्डयादोमृगपक्ष्यधीशाः ॥ ४३ ॥
यत्किञ्च लोके भगवन्महस्व-

दोजःसहस्वद्बलवत्क्षमावत्।
श्रीह्रीविभूत्यात्मवदद्भुतार्णं
तत्त्वं परं रूपवदस्वरूपम्॥ ४४॥

पदार्थ—

अहं = म ब्रह्मा
भवः = शङ्करजी
यज्ञः = विष्णुजी
इमे = यी
दक्षादयः = दक्ष आदि
प्रजेशाः = प्रजापतिहरू
भवदादयः = तिमीहरू
ये च = तिमीहरूजस्ता अरू पनि
स्वर्लोकपालाः = स्वर्गलोकका स्वामीहरू
खगलोकपालाः = पक्षिराजहरू
नृलोकपालाः = पृथिवीका राजाहरू
तललोकपालाः = तल आदि लोकका राजाहरू
गन्धर्वविद्याधरचारणेशाः = गन्धर्व, विद्याधर र चारणका स्वामीहरू
ये = जो
यक्षरक्षोरगनागनाथाः = यक्ष, राक्षस, सर्प र नागका पनि मालिक छन्
वा = अथवा
ये = जो
ऋषीणाम् = ऋषिहरूका र
पितॄणां = पितृहरूका
ऋषभाः = अधिपतिहरू अनि
दैत्येन्द्रसिद्धेश्वरदानवेन्द्राः = दैत्य, दानव र सिद्धका अधिनायकहरू तथा
अन्ये च = अरू पनि
ये = जो
प्रेतपिशाचभूतकूष्माण्डयादोमृग-पक्ष्यधीशाः = प्रेत, पिशाच, भूत, कुष्माण्ड, जलजन्तु, मृग र पक्षीका स्वामीहरू समेत भगवद्रूप नै हुन्
लोके = संसारमा
यत्किम् च = जुनसुकै कुरा पनि
भगवत् = ऐश्वर्यशाली
महस्वत् = कान्तियुक्त
ओजःसहस्वबद् = इन्द्रिय तथा मानसबलयुक्त
बलवत् = शारीरिक बलशाली
क्षमावत् = क्षमावान्
श्रीह्रीविभूत्यात्मवत् = सौन्दर्य, लज्जा, विभूतियुक्त
अद्भुतार्णं = अद्‌भुत वर्णवाला अनि
रूपवद् = रूपयुक्त
अस्वरूपम् = रूपहीन पनि समस्त प्राणीहरू
परं तत्त्वं = भगवत्स्वरूप नै हुन्

वाक्यार्थ— म, शङ्कर, विष्णु, दक्ष आदि यी प्रजातिहरू तिमी र तिमीजस्ता अन्य भक्तजन, स्वर्गलोकका रक्षक, पक्षीहरूका राजा, मनुष्यलोकका राजा, तलतिरका लोकहरूका राजा, गन्धर्व, विद्याधर, चारणका स्वामीहरू, यक्ष, राक्षस, सर्प, नागका स्वामी, महर्षि, पितृपति, दैत्येन्द्र, सिद्धेश्वर, दानवराज अरू पनि पिशाच, प्रेत, भूत, कुष्माण्ड, जलजन्तु, मृग र पक्षीहरूका स्वामी एवं संसारका अरू पनि वस्तुहरू, ऐश्वर्य, तेज, इन्द्रियबल, शरीरबल र क्षमाले युक्त छन् अथवा अरू जुन वस्तुहरू विशेष सौन्दर्य, लज्जा, वैभव र विभूतिले युक्त छन् अनि अरू जति पनि पदार्थहरू अद्‌भुत वर्णयुक्त रूपवान् अथवा अरूप छन् ती सम्पूर्ण वस्तुहरू परमतत्त्वमय भगवत्स्वरूप हुन्।

प्राधान्यतो यानृष आमनन्ति

लीलावतारान् पुरुषस्य भूम्नः।
आपीयतां कर्णकषायशोषा-
ननुक्रमिष्ये त इमान् सुपेशान्॥ ४५॥

पदार्थ–

भूम्नः = सर्वव्यापक	**आमनन्ति** = बनाउँदछन्	**इमान्** = यी भगवत् चरित्रहरू
पुरुषस्य = परमात्माको	**ॠषे** = हे नारद !	**अनुक्रमिष्ये** = क्रमैसँग सुनाउँछु
यान् = जुन	**ते** = तिम्रो लागि	**आपीयतां** = सावधान भएर पान गर
लीलावतारान् = अवतार चरित्रहरू	**कर्णकषायशोषान्** = कानका कुसंस्कारहरूलाई नाश गर्ने	
प्राधान्यतः = प्रमुख रूपमा	**सुपेशान्** = सुमधुर	

वाक्यार्थ– हे नारद ! यसदेखि अतिरिक्त परमपुरुष परमात्माको परमपवित्र एवं प्रधान लीलावतार शास्त्रमा वर्णित छन् तिनको म क्रमशः वर्णन गर्दछु, ती चरित्रहरू सुन्नमा अत्यन्त मधुर र कानका दोषहरूलाई दूर गर्ने खालका छन् तिमी सावधान भएर सुन।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे

षष्ठोऽध्यायः॥ ६॥

अथ सप्तमोऽध्यायः

भगवान्का लीलावतारहरूको कथा

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

यत्रोद्यतः क्षितितलोद्धरणाय बिभ्रत्
क्रौडीं तनुं सकलयज्ञमयीमनन्तः।
अन्तर्महार्णव उपागतमादिदैत्यं
तं दंष्ट्रयाद्रिमिव वज्रधरो ददार ॥ १ ॥

पदार्थ—

यत्र = जुन अगाध जलराशिभित्र	**क्षितितलोद्धरणाय** = पृथिवीको उद्धारको लागि	**तं** = त्यो
सकलयज्ञमयीम् = समस्त यज्ञमय	**उद्यतः** = तत्पर हुनुभएका	**आदिदैत्यं** = आदिदैत्य हिरण्याक्षलाई
क्रौडीं = वराहको	**अनन्तः** = अनन्त भगवान्ले	**वज्रधरः** = इन्द्रले
तनुं =शरीरलाई	**अन्तर्महार्णव** = प्रलयको त्यही अगाध जलराशिमा	**अद्रिम् इव** = पहाडलाईझैं
बिभ्रत् = धारण गरेर	**उपागतम्** = लड्न आएको	**दंष्ट्रया** = दाराद्वारा
		ददार = टुक्रा टुक्रा गर्नुभयो

वाक्यार्थ— अनन्त भगवान्ले प्रलयको जलमा डुबेकी पृथ्वीको उद्धारका लगि समस्त यज्ञमय बराह शरीरलाई ग्रहण गर्नुभएको थियो। आदिदैत्य हिरण्याक्ष जलभित्र युद्ध गर्नका लागि उहाँको अगाडि आयो। जसरी इन्द्रले आफ्नो वज्रले पर्वतहरूको प्वाँखलाई काट्नुभएको थियो त्यसै गरी बराह भगवान्ले पनि आफ्ना दाराले उसलाई टुक्रा टुक्रा गरिदिनुभयो।

जातो रुचेरजनयत्सुयमान् सुयज्ञ
आकूतिसूनुरमरानथ दक्षिणायाम्।
लोकत्रयस्य महतीमहरद्यदार्तिं
स्वायम्भुवेन मनुना हरिरित्यनूक्तः ॥ २ ॥

पदार्थ—

अथ = भगवान्को अर्को अवतारमा	**आकूतिसूनुः** = आकुतिका पुत्र भएर	**जातः** = जन्मिनुभयो अनि
रुचेः = रुचि प्रजापतिकी पत्नी	**सुयज्ञे** = यज्ञहरूमा	**दक्षिणायाम्** = आफ्नी पत्नी दक्षिणामा

सुयमान् = सुयम आदि नामवाला
अमरान् = देवताहरू
अजनयत् = जन्माउनुभयो (जुन समयमा)
लोकत्रयस्य = तीनै लोकको
महतीम् = ठुलो
यदार्तिं = जुन कष्टलाई हरण
अहरद् = गर्नुभयो त्यस समयमा
स्वायम्भुवेन मनुना = स्वायम्भुव मनुद्वारा
हरिः इति = हरि भनेर
अनूक्तः = सम्बोधन गरिनुभयो

वाक्यार्थ— फेरी उनै प्रभुले रूचि नामक प्रजापतिको आकूतिको गर्भबाट सुयशको रूपमा अवतार ग्रहण गर्नुभयो। त्यस अवतारमा उहाँले दक्षिणा नामककी पत्नीमा सुयम नामका देवताहरूलाई उत्पन्न गर्नुभयो र तीनै लोकका ठुला-ठुला सङ्कटहरूलाई हरण गर्नुभयो। यसै कारण उहाँ स्वायम्भुव मनुद्वारा हरि भनेर सम्बोधन गरिनुभयो।

जज्ञे च कर्दमगृहे द्विज देवहूत्यां
स्त्रीभिः समं नवभिरात्मगतिं स्वमात्रे।
ऊचे ययात्मशमलं गुणसङ्गपङ्कम्
अस्मिन् विधूय कपिलस्य गतिं प्रपेदे॥ ३॥

पदार्थ—
द्विज = हे नारद
अस्मिन् = यस
कर्दमगृहे = कर्दम मुनिको घरमा
देवहूत्यां = देवहूतिबाट
नवभिः = नौवटी
स्त्रीभिः = बहिनीहरूले
समं = युक्त भई
जज्ञे = जन्मनुभयो अनि
स्वमात्रे = आफ्नो आमालाई
आत्मगतिं = आत्मज्ञान
ऊचे = बताउनुभयो
यया = जुन आत्मज्ञानले (देवहूतिले)
गुणसङ्गपङ्कम् = तीन गुणको आसक्तिरूपी मैलो
आत्मशमलं = हृदयको मल
विधूय = पखालेर
कपिलस्य = कपिल मुनिको
गतिं = वास्तविक सत्यस्वरूपलाई
प्रपेदे = प्राप्त गर्नुभयो

वाक्यार्थ— हे नारद! कर्दम प्रजापतिको घरमा देवहूतिको गर्भबाट नौ बहिनीहरूका साथ भगवान्ले कपिल रूपमा अवतार ग्रहण गर्नुभयो। उहाँले आफ्नी आमालाई त्यो आत्मज्ञानको उपदेश गर्नुभयो जसबाट उहाँले यसै जन्ममा आफ्ना हृदयबाट सम्पूर्ण आसक्तिलाई परित्याग गरेर वास्तविक सत्यस्वरूपलाई प्राप्त गर्नुभयो।

अत्रेरपत्यमभिकाङ्क्षत आह तुष्टो
दत्तो मयाहमिति यद्भगवान् स दत्तः।
यत्पादपङ्कजपरागपवित्रदेहा

योगर्द्धिमापुरुभयीं यदुहैहयाद्याः ॥ ४ ॥

पदार्थ—

अपत्यम् = सन्तति
अभिकाङ्क्षतः = चाहने
अत्रेः = अत्रिको इच्छानुसार
तुष्टः = खुसी हुनुभएका
भगवान् = प्रभुले
मया= मद्वारा
अहम् = म नै
दत्तः = तिम्रो लागि अर्पित भएँ
इति = यस्तो
यत् = जुन कुरा
आह = भन्नुभयो
सः = उहाँ भगवान्
दत्तः = दत्तात्रेय अवतारधारी बन्नुभयो
यत्पादपङ्कजपरागपवित्रदेहाः = जुन भगवच्चरणारविन्दको परागको सेवनले शरीर पवित्र भएका
यदुहैहयाद्याः = यदु र सहस्रार्जुन आदि राजाहरूले
उभयीं = भोग र मोक्षरूपी दुबै
योगर्द्धिम् = योगसिद्धिलाई
आपुः = प्राप्त गर्नुभयो

वाक्यार्थ— महर्षि अत्रि भगवान्लाई पुत्ररूपमा प्राप्त गर्न चाहनुहुन्थ्यो। यसर्थ प्रसन्न भएर भगवान्ले उहाँसँग भन्नुभयो। 'मैले स्वयं आफूलाई नै तपाईंलाई दिएँ' यसै कारण अवतार लिएपछि भगवान्को नाम पुत्र अथवा दत्तात्रेय पर्न गएको हो। उहाँको चरणकमलको परागबाट आफ्नो शरीरलाई पवित्र गरेर राजा यदु र सहस्रार्जुन आदिले योगको अनि भोग र मोक्ष दुबैको सिद्धिलाई प्राप्त गर्नुभयो।

तप्तं तपो विविधलोकसिसृक्षया मे
आदौ सनात् स्वतपसः स चतुःसनोऽभूत्।
प्राक्कल्पसम्प्लवविनष्टमिहात्मतत्त्वं
सम्यग् जगाद मुनयो यदचक्षतात्मन्॥ ५॥

पदार्थ—

मे = मैले
विविधलोकसिसृक्षया = संसारको सृष्टिको लागि
आदौ = पहिले
तपः = तपस्या
तप्तं = गरेँ
सनात् = अखण्डित
स्वतपसः = मरो तपस्याबाट खुसी भई
सः = उहाँ भगवान्
चतुःसनः = सनक, सनन्दन आदि चार जनाको रूपमा
अभूत् = प्रकट हुनुभयो अनि
प्राक्कल्पसम्प्लवविनष्टम् = पहिलो प्रलयमा नष्ट भएको
आत्मतत्त्वं = आत्मज्ञान
इह = यहाँ
सम्यक् = राम्ररी
जगाद = बताउनुभयो
यद् = जुन आत्मज्ञान सुनेर
मुनयः = मुनिहरूले
आत्मन् = आफूभित्र
अचक्षत = परमतत्त्वको दर्शन गरे

वाक्यार्थ— सृष्टिको प्रारम्भमा मैले विभिन्न लोकहरूको रचना गर्ने इच्छाले तपस्या गरेँ। मेरो त्यो अखण्ड तपस्याबाट प्रसन्न भएर उहाँले 'तप' अर्थवाला 'सन' नामले युक्त भएर सनक,

सनन्दन, सनातन र सनत्कुमारको रूपमा अवतार ग्रहण गर्नुभयो, यस अवतारमा उहाँले प्रलयको कारण पहिले कल्पमा बिर्सिएको आत्मज्ञानको यथावत् उपदेश ऋषिहरूलाई गर्नुभयो जसबाट उहाँहरूले तत्काल नै आफ्नो हृदयमा आत्मतत्त्वको साक्षात्कार गर्नुभयो।

धर्मस्य दक्षदुहितर्यजनिष्ट मूर्त्यां
नारायणो नर इति स्वतपःप्रभावः।
दृष्ट्वात्मनो भगवतो नियमावलोपं
देव्यस्त्वनङ्गपृतना घटितुं न शेकुः॥ ६॥

पदार्थ—

दक्षदुहितरि = दक्षकी पुत्री
धर्मस्य = धर्मकी पत्नी
मूर्त्यां = मूर्तिको गर्भमा
स्वतपःप्रभावः = तपस्याको असाधारण प्रभाव हुनुभएका
नारायणः नर इति = नरनारायण भगवान्
अजनिष्ट = जन्मिनुभयो
भगवतः = जुन भगवान्को अङ्गबाट
आत्मनः = आफूजस्तै
अनङ्गपृतनाः = कामदेवका सेना
देव्यः = उर्वशी आदि स्त्रीहरू
दृष्ट्वा = देखेर
नियमावलोपं = तपस्याको विनाश
घटितुं = गराउन
न शेकुः = सकेनन्

वाक्यार्थ— धर्मकी पत्नी यक्षकन्या मूर्तिको गर्भबाट उहाँ नरनारायणको रूपमा प्रकट हुनुभयो। नरनारायणको तपस्याको प्रभाव भगवान्कै बराबर थियो। इन्द्रले पठाएका कामका सेना अप्सराहरू उहाँको अगाडि पुग्नेवित्तिकै आफू र आफ्नो स्वभावलाई नै बिर्से। उनीहरूले आफ्नो हाउभाउद्वारा आत्मस्वरूप भगवान्को तपस्यामा कुनै पनि विघ्न उत्पन्न गर्न सकेनन्।

कामं दहन्ति कृतिनो ननु रोषदृष्ट्या
रोषं दहन्तमुत ते न दहन्त्यसह्यम्।
सोऽयं यदन्तरमलं प्रविशन् बिभेति
कामः कथं नु पुनरस्य मनः श्रयेत॥ ७॥

पदार्थ—

ननु = निश्चय नै
कृतिनः = ठूला पराक्रमी शङ्करजी आदि
रोषदृष्ट्या = क्रोधपूर्ण नजरले
कामं = कामदेवलाई
दहन्ति = नष्ट गर्दछन्
उत = परन्तु
ते = तिनीहरू
दहन्तम् = आफैँलाई जलाइरहेका
असह्यम् = असह्य
रोषं = क्रोधलाई
न दहन्ति = नाश गर्दैनन्
सः अयं = त्यस्तो अपराजेय क्रोध पनि

यद् = जुन भगवान्को	**बिभेति** = डराउँछ भने	**कामः** = काम भावना
अमलं = निर्मल	**पुनः** = फेरि	**कथं नु** = कसरी
अन्तरम् = मनभित्र	**अस्य** = भगवान्को	**श्रयेत** = निवास गर्न सक्छ
प्रविशन् = प्रवेश गर्न	**मनः** = मनमा	

वाक्यार्थ– ठुला पराक्रमशाली शङ्कर आफ्नो रोषपूर्ण दृष्टिले कामदेवलाई त भस्मगर्नुहुन्छ परन्तु आफैँलाई जलाउने असह्य क्रोधलाई भने जलाउन सक्दैनन्। त्यो क्रोध नै नर र नारायणको हृदयमा प्रवेश गर्नुभन्दा पहिले काँप्न थाल्दछ। फेरि उहाँको हृदयमा कामको प्रवेश नै कसरी हुन्छ र ?

विद्धः सपत्न्युदितपत्रिभिरन्ति राज्ञो
बालोऽपि सन्नुपगतस्तपसे वनानि।
तस्मा अदाद् ध्रुवगतिं गृणते प्रसन्नो
दिव्याः स्तुवन्ति मुनयो यदुपर्यधस्तात्॥ ८॥

पदार्थ–

राज्ञः = उत्तानपादको	**तपसे** = तपस्याको लागि	**अधस्तात्** = तल (घुमेर)
अन्ति = नजिकैमा	**वनानि** = वनमा	**दिव्याः** = अलौकिक
सपत्न्युदितपत्रिभिः = सौतेनी आमाको वचनबाणहरूद्वारा	**उपगतः** = गए	**मुनयः** = मुनिहरू
	गृणते = स्तुति गर्ने	**स्तुवन्ति** = स्तुति गर्दछन् (यस्तो)
विद्धः = घायल भएका ध्रुव	**तस्मै** = ध्रुवलाई	
बालः = साना बच्चा	**प्रसन्नः** = खुसी भएर	**ध्रुवगतिं** = नित्य ध्रुवलोक
सन् अपि = भए तापनि	**यदुपरि** =जुन लोकको माथि	**अदात्** = दिनुभयो

वाक्यार्थ– आफ्ना पिता राजा उत्तानपादको नजीकमा बसेका पाँच वर्षका बालक ध्रवलाई उनकी सौताने आमा सुरुचिले आफ्ना वाग्बाणले प्रहार गरिन्। यति सानै अवस्थामा पनि उक्त दुःखको कारणले तपस्याका लागि उनी वन गए। उनको प्रार्थनाले प्रसन्न भएर भगवान् प्रकट हुनुभयो। उहाँले ध्रुवलाई ध्रुवपदको वरदान दिनुभयो। आज पनि ध्रुवको तल र माथि प्रदक्षिणा गर्दै दिव्य महर्षिहरू उहाँको स्तुति गर्दछन्।

यद्वेनमुत्पथगतं द्विजवाक्यवज्र-
विप्लुष्टपौरुषभगं निरये पतन्तम्।
त्रात्वार्थितो जगति पुत्रपदं च लेभे
दुग्धा वसूनि वसुधा सकलानि येन॥ ९॥

पदार्थ—

येन = जुन भगवान्ले
अर्थितः = ऋषिहरूको प्रार्थनालाई स्वीकार गरेर
उत्पथगतं = पाखण्डमार्गमा अग्रसर
द्विजवाक्यवज्रविप्लुष्टपौरुषभगं = ब्रह्मश्रापरूपी बज्रले ऐश्वर्य र पुरुषार्थ नष्ट भएको
निरये = नरकमा
पतन्तम् = खसिरहेको
वेनम् = वेन राजालाई
त्रात्वा = नरकबाट बचाएर
पुत्रपदं = वेनपुत्रको संज्ञा
च = पनि
लेभे = प्राप्त गर्नुभयो
जगति = जगत्मा आवश्ययक
सकलानि = सम्पूर्ण
वसूनि = औषधिहरूको लागि
वसुधा = पृथिवीको
दुग्धा = दोहन गर्नुभयो

वाक्यार्थ— कुमार्गगामी वेनको ऐश्वर्य र पौरुष ब्राह्मणहरूको हुङ्काररूपी बज्रबाट जलेर भस्म भई नरकमा पुगेको थियो। ऋषिहरूको प्रार्थनाले भगवान्ले उसको शरीरको मन्थनबाट पृथुको रूपमा अवतार ग्रहण गरेर उसलाई नरकबाट बचाउनुभयो। यसप्रकार 'पुत्र' शब्दलाई चरितार्थ गर्नुभयो। यसै अवतारमा भगवान्लेपृथिवीलाई गाई बनाएर जगत्को कल्याणको लागि समस्त औषधिहरूको दोहन गर्नुभयो।

नाभेरसावृषभ आस सुदेविसूनु-
र्यो वै चचार समदृग्जडयोगचर्याम्।
यत् पारमहंस्यमृषयः पदमामनन्ति
स्वस्थः प्रशान्तकरणः परिमुक्तसङ्गः॥ १०॥

पदार्थ—

असौ = उहाँ भगवान् नै (अर्को अवतारमा)
नाभेः = नाभिराजाकी पत्नी
सुदेविसूनुः = सुदेवीको पुत्र
ऋषभः = ऋषभरूपमा
आस = प्रकट हुनुभयो
समदृक् = समान दृष्टि राख्ने
स्वस्थः = आत्मामा स्थित
प्रशान्तकरणः = मन र इन्द्रियलाई शान्त बनाउने
परिमुक्तसङ्गः = आसक्तिलाई छोड्नुभएका
यः = जुन भगवान्ले
जडयोगचर्याम् = अखण्ड समाधिको कारणले सधैं जडजस्तो बनेर योगमय चरित्रलाई
चचार = प्रस्तुत गर्नुभयो
यत् पदम् = जुन स्थितिलाई
ऋषयः = महर्षिहरू
पारमहंस्यम् = परमहंस स्थिति भनेर
वै = निश्चय नै
आमनन्ति = बताउँछन्

वाक्यार्थ— राजा नाभिकी पत्नी सुदेवीको गर्भबाट भगवान्ले ऋषभको रूपमा अवतार लिनुभयो। यस अवतारमा उहाँले समस्त आसक्तिले रहित भएर आफ्नै इन्द्रिय र मनलाई अत्यन्त

शान्त गरेर आफ्नो स्वरूपमा स्थित भएर योगचर्याको आचरण गर्नुभयो। यही स्थितिलाई महर्षिहरू परमहंस अथवा अवधूत चर्चा भन्दछन्।

सत्रे ममास भगवान् हयशीरषाथो
साक्षात् स यज्ञपुरुषस्तपनीयवर्णः।
छन्दोमयो मखमयोऽखिलदेवतात्मा
वाचो बभूवुरुशतीः श्वसतोऽस्य नस्तः॥ ११॥

पदार्थ—

मम = म ब्रह्माको	**सः** = उहाँ	**नस्तः** = नासिकाबाट
सत्रे = यज्ञमा	**भगवान्** = यज्ञमूर्ति भगवान्	**उशतीः** = हितकारी
तपनीयवर्णः = स्वर्णसमान कान्ति हुनुभएका	**अथो** = यसपछि	**साक्षात्** = प्रत्यक्षतः
छन्दोमयः = वेदमय	**हयशीरषा** = हयग्रीवको स्वरूपद्वारा	**वाचः** = वाणीहरू
मखमयः = यज्ञमय	**आस** = प्रकट हुनुभयो	**बभूवुः** = प्रकट भए
अखिलदेवतात्मा = सर्वदेवमय	**अस्य** = भगवान्को	
यज्ञपुरुषः = यज्ञद्वारा आराध्य	**श्वसतः** = श्वासको कारणले	

वाक्यार्थ— यसपछि उहाँ यज्ञपुरुष भगवान्ले मेरो यज्ञमा सुनको जस्तो कान्ति भएको, हयग्रीवको रूपमा अवतार ग्रहण गर्नुभयो। भगवान्को त्यो विग्रह वेदमय, यज्ञमय र सर्वदेवमय छ। उहाँकै नासिकाबाट श्वासको रूपमा वेदवाणी प्रकट भयो।

मत्स्यो युगान्तसमये मनुनोपलब्धः
क्षोणीमयो निखिलजीवनिकायकेतः।
विस्रंसितानुरुभये सलिले मुखान्मे
आदाय तत्र विजहार ह वेदमार्गान्॥ १२॥

पदार्थ—

युगान्तसमये = प्रलयको समयमा	**मत्स्यः** = मत्स्यको रूपमा	**मे** = मेरो
	मनुना = भावी मनु सत्यव्रतद्वारा	**मुखात्** =मुखबाट
क्षोणीमयः = पृथिवीका एकमात्र आधार	**उपलब्धः** = भेटिनुभयो	**विस्रंसितान्** = प्रमादवश खसेका
	ह = आश्चर्य छ	**वेदमार्गान्** = वेदवाणीहरूलाई
निखिलजीवनिकायकेतः = सम्पूर्ण जीवहरूको आश्रय बन्ने भगवान्	**उरुभये** = भयङ्कर	**आदाय** = लिएर
	सलिले = प्रलयजलमा	**तत्र** = त्यहीं जलमा

विजहार = विहार गर्नुभयो

वाक्यार्थ— प्रलयको अन्तमा भावी मनु सत्यव्रतले मत्स्यरूपमा भगवान्लाई प्राप्त गर्नुभयो। त्यस समयमा पृथिवीरूप नौकाको आश्रय हुनाले उहाँ समस्त जीवहरूको आश्रय बन्नुभयो। प्रलयको त्यो भयङ्कर जलमा मेरो मुखबाट खसेको वेदलाई लिएर त्यही पृथिवीरूप नौकामा विहार गरिरहनुभएको थियो।

क्षीरोदधावमरदानवयूथपानाम्
उन्मथ्नताममृतलब्धय आदिदेवः।
पृष्ठेन कच्छपवपुर्विदधार गोत्रं
निद्राक्षणोऽद्रिपरिवर्तकषाणकण्डूः॥ १३॥

पदार्थ—

अमृतलब्धये = अमृत प्राप्तिको लागि
क्षीरोदधौ = क्षीरसागरमा
उन्मथ्नताम् = मन्थन गर्न खोज्ने
अमरदानवयूथपानाम् = दैत्य र देवताहरूको मध्येमा
आदिदेवः = आदिदेव भगवान्
कच्छपवपुः = कच्छपावतारी बन्नुभयो
अद्रिपरिवर्तकषाणकण्डूः = मन्दराचल घुम्दाखेरि केही चिलाइमात्र मर्ने अनि
निद्राक्षणः = केही आनन्दको कारणले निदाउने भगवान्ले
पृष्ठेन = पिठिउँद्वारा
गोत्रं = मन्दराचललाई
विदधार = धारण गर्नुभयो

वाक्यार्थ— जब मुख्य देवता र दानव अमृतप्राप्तिका लागि क्षीरसागरको मन्थन गरिरहेका थिए तब भगवान्ले कच्छपरूपमा आफ्नो पीठमा मन्दराचललाई धारण गरिएको थियो। त्यस समयमा पर्वत घुम्दा त्यसको रगडले उहाँको पिठ्युँको चिलाइ केही क्षणका लागि शान्त भएको थियो, जसबाट उहाँ केही क्षणसम्म सुखपूर्वक सुत्नुभएको थियो।

त्रैविष्टपोरुभयहा स नृसिंहरूपं
कृत्वा भ्रमद्भ्रुकुटिदंष्ट्रकरालवक्त्रम्।
दैत्येन्द्रमाशु गदयाभिपतन्तमाराद्
ऊरौ निपात्य विददार नखैः स्फुरन्तम्॥ १४॥

पदार्थ—

त्रैपिष्टपोरुभयहा = सधैं देवताहरूका ठूला दुःखहरू पनि नाश गरिरहने
सः = भगवान्ले
भ्रमद्भ्रुकुटिदंष्ट्रकरालवक्त्रम् = फर्फराएको आँखीभौँ र ती आँखाद्वारा डरलाग्दो मुख
कृत्वा = बनाएर
नृसिंहरूपं = नृसिंह अवतार लिएर
आराद् = नजीकै
स्फुरन्तम् = चमचम गर्ने

गदया = गदाद्वारा **अभिपतन्तम्** = प्रहार गर्न पनि खोज्ने	**दैत्येन्द्रम्** = दानवराज हिरण्यकशिपुलाई **ऊरौ** = जाँघमा **निपात्य** = पछारेर	**नखैः** = तीखा नङद्वारा **आशु** = छिट्टै नै **विददार** = चिरिदिनुभयो

वाक्यार्थ— देवताहरूको महान् भयलाई हटाउनका लागि उहाँले नृसिंहको रूप धारण गर्नुभयो। फर्फराएको आँखीभौँ र तीखा दाह्राहरूले उहाँको मुख अत्यन्त डरलाग्दो थियो। हिरण्यकशिपु उहाँलाई देख्नेवित्तिकै हातमा गदा लिएर उहाँमाथि जाइलाग्यो। भगवान् नृसिंहले टाढैबाट उसलाई पक्डेर आफ्नो जाँघमा लिनुभयो। ऊ छट्पटाइरहेको थियो। भगवान्ले आफ्ना नङ्हरूद्वारा उसलाई चिरिदिनुभयो।

अन्तःसरस्युरुबलेन पदे गृहीतो
ग्राहेण यूथपतिरम्बुजहस्त आर्तः।
आहेदमादिपुरुषाखिललोकनाथ
तीर्थश्रवः श्रवणमङ्गलनामधेय ॥ १५ ॥

पदार्थ—

अन्तःसरसि= तलाउको बीचमा **उरुबलेन** = अति बलशाली **ग्राहेण** = गोहीद्वारा **पदे** = खुट्टामा **गृहीतः** = समातिएका **यूथपतिः** = हात्तीका राजा गजेन्द्रले **आर्तः** = डराउँदै	**अम्बुजहस्तः** = सूँडमा कमलको फूल लिएर **आदिपुरुष** = हे आदिपुरुष **अखिललोकनाथ** = हे समस्त संसारका मालिक **तीर्थश्रवः** = नाम पनि तीर्थजस्तो पवित्र हुनुहुने हे प्रभो	**श्रवणमङ्गलनामधेय** = सुन्नेवित्तिकै कल्याण गर्ने नाम हुनुभएका हे भगवान् **इदम्** = यस्तो प्रार्थना **आह** = भने (गरे)

वाक्यार्थ— ठुलो तलाउमा अति बलियो गोहीले गजेन्द्रको खुट्टा समात्यो, जब ऊ ज्यादै थाकेर विचलित भयो, उसले आफ्नो सूँडमा कमल लिएर हे आदिपुरुष ! हे समस्तलोकका स्वामी ! हे श्रवणमात्रले कल्याण गर्ने ! भनी भगवान्को प्रार्थना गऱ्यो।

श्रुत्वा हरिस्तमरणार्थिनमप्रमेयश-
श्चक्रायुधः पतगराजभुजाधिरूढः।
चक्रेण नक्रवदनं विनिपाट्य तस्मा-
द्धस्ते प्रगृह्य भगवान् कृपयोज्जहार ॥ १६ ॥

पदार्थ–

हरिः = हरि
भगवान् = भगवान्ले
श्रुत्वा = यस्तो प्रार्थनालाई सुनेर
अप्रमेयशः = जसको शक्तिको सीमा छैन त्यस्ता असीम अनि
चक्रायुधः = चक्र हातमा लिने प्रभुले
पतगराजभुजाधिरूढः = पक्षिराज गरुडको पीठमा बसेर
चक्रेण = चक्रद्वारा
नक्रवदनं = गोहीको मुखलाई
विनिपाट्य = च्यातिदिएर
अरणार्थिनम् = शरणार्थी
तम् = ती गजेन्द्रलाई
तस्मात् = त्यस्तो आपत्‌बाट (छुटाई)
हस्ते = सूँडमा
प्रगृह्य = समातेर
कृपया = कृपापूर्वक
उज्जहार = उद्धार गर्नुभयो

वाक्यार्थ– उसको प्रार्थनालाई सुनेर अनन्त शक्ति भगवान् चक्रपाणि गरुडको पिठ्युँमा चढेर त्यहाँ आउनुभयो। चक्रद्वारा गोहीको मुख च्यातिदिएर कृपापरवश भगवान्ले शरणागत गजेन्द्रको सूँडलाई पक्डेर उसलाई त्यो विपत्तिबाट बचाउनुभयो।

ज्यायान् गुणैरवरजोऽप्यदितेः सुतानां
लोकान्विचक्रम इमान् यद्थाधियज्ञः।
क्ष्मां वामनेन जगृहे त्रिपदच्छलेन
याच्ञामृते पथि चरन्प्रभुभिर्न चाल्यः॥ १७॥

पदार्थ–

अदितेः = अदितिका
सुतानां = पुत्रहरूमध्ये
अवरजः अपि = पछि जन्मे तापनि
गुणैः = गुणहरूले
ज्यायान् = श्रेष्ठ हुनुहुन्थ्यो किनभने
अधियज्ञः = बलिको यज्ञमा पुग्नुभएका भगवान्ले
अथ = बलिले सङ्कल्प गर्नेबित्तिकै
इमान् = यो सम्पूर्ण
लोकान् = लोकलाई
विचक्रमे = नापिदिनुभयो
वामनेन = वामनको स्वरूपमा
क्ष्मां = समस्त संसारलाई
त्रिपदच्छलेन = तीन पाउ नाप्ने निहुँले
जगृहे = ग्रहण गर्नुभयो किनभने
पथि = स्वधर्ममा
चरन् = हिँडिरहेकोलाई
प्रभुभिः = हजुरजस्ता ठुलाठुलाहरूले पनि
याच्ञाम् ऋते = नमागीकन
न चाल्यः = ऐश्वर्यच्यूत गराउन सकिँदैन

वाक्यार्थ– भगवान् वामन अदितिपुत्रहरूमा सबभन्दा सानु हुनुहुन्थ्यो। परन्तु गुणको दृष्टिले उहाँ सबभन्दा ठुलो हुनुहुन्थ्यो। किनभने यज्ञपुरुष भगवान्ले यस अवतारमा बलिले सङ्कल्प गर्नेबित्तिकै सम्पूर्ण लोकहरूलाई आफ्नो चरणले नाप्नुभयो। वामन बनेर उहाँले तीन पाउ पृथिवीको बाहनामा बलिबाट सम्पूर्ण पृथिवीलाई लिनुभयो। यसबाट के कुराको शिक्षा मिल्दछ भने सन्मार्गमा चल्ने पुरुषलाई याचना नगरीकन अरू कुनै उपायले समर्थ पुरुषले ऐश्वर्यबाट च्युत गराउन सक्दैनन्।

नार्थो बलेरयमुरुक्रमपादशौचम्
आपः शिखाधृतवतो विबुधाधिपत्यम्।
यो वै प्रतिश्रुतमृते न चिकीर्षदन्यद्
आत्मानमङ्ग शिरसा हरयेऽभिमेने ॥ १८ ॥

पदार्थ–

अङ्ग = हे प्रिय नारद	**आत्मानम्** = आफूलाई	**आपः** = जललाई
यः = जुन बलिराजाले	**शिरसा** = शिरको माध्यमले	**शिखाधृतवतः** = मस्तकमा धारण गर्ने
वै = निश्चय नै	**हरये** = भगवान्प्रति	**बलेः** = बलिको लागि
प्रतिश्रुतम् ऋते = आफ्नो प्रतिज्ञाभन्दा बाहिर	**अभिमेने** = समर्पित गरिदिनुभयो	**विबुधाधिपत्यम्** = देवराजपद
अन्यत् = अरू कुरा	**अयम्**= यस्तो	**न अर्थः** = पुरुषार्थ हुँदैन
न चिकीर्षत् = गर्न नचाहेर	**उरुक्रमपादशौचम्** = भगवच्चरण पखालेको	

वाक्यार्थ– हे प्रिय नारद ! जुन बलिराजाले निश्चय नै आफ्नो प्रतिज्ञाभन्दा बाहिर अरू कुरा गर्न नचाहेर आफूलाई शिरको माध्यमले भगवान्प्रति समर्पित गरिदिनुभयो। यस्तो भगवच्चरण पखालेको जललाई मस्तकमा धारण गर्ने बलिको लागि देवराजपद पुरुषार्थ हुँदैन।

तुभ्यं च नारद भृशं भगवान् विवृद्ध-
भावेन साधु परितुष्ट उवाच योगम्।
ज्ञानं च भागवतमात्मसतत्त्वदीपं
यद्वासुदेवशरणा विदुरञ्जसैव ॥ १९ ॥

पदार्थ–

नारद = हे नारद !	**योगम्** = योग	**यद्** = जुन कुरा
भृशं = अत्यन्त	**ज्ञानं** = ज्ञान र	**वासुदेवशरणाः** = भगवान्को चरणसेवक भक्तहरूले
विवृद्धभावेन = प्रेमभावनाद्वारा	**आत्मसतत्त्वदीपं** = आत्मतत्त्वलाई प्रकाशित गर्ने	**अञ्जसा एव** = सहसा नै
साधु = राम्ररी	**भागवतम् च** = भागवत धर्म पनि	**विदुः** = बुझ्दछन्
परितुष्टः =प्रसन्न हुनुभएका	**उवाच** = बताउनुभयो	
भगवान् = हंसावतारी भगवान्ले		
तुभ्यं च = तिम्रा लागि पनि		

वाक्यार्थ– नारद ! तिम्रो अत्यन्त प्रेमभावनाद्वारा प्रसन्न भएर हाँसको रूपमा भगवान्‌ले तिमीलाई योग, ज्ञान र आत्मतत्त्वलाई प्रकाशित गर्ने भागवतधर्मको ज्ञान बताउनुभयो। यो केवल भगवान्‌का शरणागत भक्तलाई मात्र सुगम तरिकाले प्राप्त हुन्छ।

चक्रं च दिक्ष्वविहतं दशसु स्वतेजो
मन्वन्तरेषु मनुवंशधरो बिभर्ति।

दुष्टेषु राजसु दमं व्यदधात् स्वकीर्तिं
सत्ये त्रिपृष्ठ उशतीं प्रथयंश्चरित्रैः॥ २०॥

पदार्थ–

मन्वन्तरेषु = मन्वन्तरहरूमा	**अवविहतं** = निष्कण्टक राज	**स्वकीर्तिं** = कीर्तिलाई
मनुवंशधरः = मनुको रूपमा अवतीर्ण भगवान्‌ले	**बिभर्ति** = धारण गर्नुहुन्छ	**प्रथयन्** = फिँजाउँदै
दशसु = दसै	**त्रिपृष्ठे** = तीन लोकभन्दा माथि	**दुष्टेषु** = दुष्ट
दिक्षु = दिशाहरूमा	**सत्ये च** = सत्यलोकमा समेत	**राजसु** = राजाहरूमा
चक्रं = सुदर्शनचक्र समान	**चरित्रैः** = आफ्ना लोकोत्तर चरित्रहरूद्वारा	**दमं** = दमन
स्वतेजः = आफ्नो तेजले	**उशतीं** = धेरै	**व्यदधात्** = गर्नुभयो

वाक्यार्थ– उहाँ भगवान् नै स्वायम्भुव आदि मन्वन्तरमा मनुको रूपमा अवतार लिएर दसै दिशाहरूमा आफ्नो सुदर्शनचक्रको समान तेजले निष्कण्टक राज्य गर्नुहुन्छ। तीनै लोकहरूभन्दा माथि सत्यलोकसम्म उहाँको चरित्रको कीर्ति फैलिन्छ। त्यसै रूपमा उहाँले समयसमयमा पृथ्वीका भारभूत दुष्ट राजाहरूको दमन पनि गर्नुभयो।

धन्वन्तरिश्च भगवान् स्वयमेव कीर्ति-
र्नाम्ना नृणां पुरुरुजां रुज आशु हन्ति।
यज्ञे च भागममृतायुरवावरुन्ध
आयुष्यवेदमनुशास्त्यवतीर्य लोके॥ २१॥

पदार्थ–

स्वयम् एव कीर्तिः = स्वनाम धन्य	**नाम्ना** = आफ्नो नाममात्रले	**रुजः** = रोगहरू
धन्वन्तरिः = धन्वन्तरि	**आशु** = तत्काल	**हन्ति** = हरण गर्नुहुन्छ र
भगवान् = प्रभुले पनि	**पुरुरुजां** = ठुला रोगी	**यज्ञे** = यज्ञमा
	नृणां = मनुष्यहरूको	**अमृतायुः** = अमरत्वसाधक

भागम् = दैत्यहरूद्वारा रोकिएको भागलाई
च = पनि
अवावरुन्धे = पुनः प्राप्त गराइदिनुहुन्छ
लोके = संसारमा
अवतीर्य = आएर
आयुर्वेदम् च = आयुर्वेदलाई समेत
अनुशास्ति = प्रवर्तन गराउनुहुन्छ

वाक्यार्थ– स्वनामधन्य धन्वन्तरि आफ्नो नामले ठूला-ठूला रोगीहरूका रोगलाई तत्काल नष्ट गरिदिनुहुन्छ। उहाँले अमृत पिलाएर देवताहरूलाई अभय गरिदिनुभयो। दैत्यहरूले हरण गरेको यज्ञको भाग उनीहरूलाई फेरि फर्काइदिनुभयो। उहाँले अवतार लिएर संसारमा आयुर्वेदको प्रवर्तन गर्नुभयो।

क्षत्रं क्षयाय विधिनोपभृतं महात्मा
ब्रह्मध्रुगुज्झितपथं नरकार्तिलिप्सु।
उद्धन्त्यसाववनिकण्टकमुग्रवीर्य-
स्त्रिःसप्तकृत्व उरुधारपरश्वधेन॥ २२॥

पदार्थ–

ब्रह्मध्रुग् = ब्राह्मणसँग रिस गर्ने
उज्झितपथं = वेदमार्गको त्याग गर्ने
नरकार्तिलिप्सु = नरक जान योग्य (तर)
विधिना = दैववश नै
उपभृतं = शक्तिशाली भई बढेको
अवनिकण्टकम् = पृथ्वीको काँडाजस्तो
क्षत्रं = क्षत्रियकुलका दुष्टहरूलाई
क्षयाय = नाश गर्नका लागि
उग्रवीर्यः = प्रबल पराक्रम हुने
असौ = उहाँ
महात्मा = परशुराम भगवान्ले
त्रिःसप्तकृत्व = एक्काईसपटक
उरुधारपरश्वधेन = तीखो धारवाला बञ्चरोले
उद्धन्ति = नाश गर्नुहुन्छ

वाक्यार्थ– जब संसारमा ब्राह्मणद्रोही वेदमर्यादाको उल्लङ्घन गर्ने नरक जान योग्य क्षत्रियहरू आफ्नै नाशको लागि दैववश बढेर पृथिवीको काँडो बन्दछन् तब भगवान् महापराक्रमी परशुरामको रूपमा अवतार लिएर एक्काईस पटकसम्म घुमेर आफ्नो तीखो धारवाला बञ्चरोले उनीहरूको संहार गर्नुहुन्छ।

अस्मत्प्रसादसुमुखः कलया कलेश
इक्ष्वाकुवंश अवतीर्य गुरोर्निदेशे।
तिष्ठन् वनं सदयितानुज आविवेश
यस्मिन् विरुध्य दशकन्धर आर्तिमार्च्छत्॥ २३॥

पदार्थ–

कलेशः = समस्त कलाका अधिपति भगवान्	**अवतीर्य** = अवतीर्ण भएर	**यस्मिन्** = जुन भगवान्सँग
अस्मत्प्रसादसुमुखः = हामीलाई अनुग्रह गर्नका लागि	**गुरोः** = पिताको	**विरुध्य** = विरोध गरेर
कलया = लक्ष्मण, भरत इत्यादि कलाहरूद्वारा युक्त भई	**निदेशे** = आज्ञामा	**दशकन्धरः** = दश शिर भएको रावणले
इक्ष्वाकुवंशे = इक्ष्वाकुवंशमा	**तिष्ठन्** = स्थित भई	**आर्तिम्** = मृत्युलाई
	सदयितानुजः = भाइ र स्त्रीसमेत	**आर्च्छत्** = प्राप्त गर्‍यो
	वनं = वनमा	
	आविवेश = जानुभयो	

वाक्यार्थ— मायापति भगवान् हामीमाथि अनुग्रह गर्नका लागि आफ्ना कलाहरू भरत, शत्रुघ्न र लक्ष्मणका साथ श्रीरामका रूपमा इक्ष्वाकुवंशमा अवतीर्ण हुनुभयो। यस अवतारमा आफ्नो पिताको आज्ञालाई पालन गर्नका लागि आफ्नी पत्नी र भाइका साथ वन जानुभयो। त्यसै समयमा रावणले रामसँग विरोध गर्नाका कारणले उहाँको हातबाट उसको मृत्यु भयो।

यस्मा अदादुदधिरूढभयाङ्गवेपो
मार्गं सपद्यरिपुरं हरवद्दिधक्षोः।
दूरे सुहृन्मथितरोषसुशोणदृष्ट्या
तातप्यमानमकरोरगनक्रचक्रः॥ २४॥

पदार्थ—

हरवत् = भगवान् शङ्करले त्रिपुरलाई भस्म गरेझैं	**सुहृन्मथितरोषसुशोणदृष्ट्या** = सीताको वियोगले गर्दा राता र क्रोध युक्त भएका आँखाद्वारा	**अधिरूढभयाङ्गवेपः** = समुद्रले डरले थर्थर कामेर
अरिपुरं = रावणको लङ्कापुरीलाई	**तातप्यमानमकरोरगनक्रचक्रः** = आफूभित्र बस्ने सबै गोही, सर्प आदि जीव जल्न अनि छट्पटाउन लागेको	**यस्मै** = जुन भगवान्लाई
सपदि = चाँडै न		**मार्गं** = बाटो
दिधक्षोः = डढाउन चाहने भगवान्को		**अदात्** = दियो
दूरे = टाढा रहेकी		

वाक्यार्थ— त्रिपुर विमानलाई जलाउन उद्यत शङ्करझैं जुन समय भगवान् राम शत्रुको नगरी लङ्कालाई भस्म गराउनका लागि समुद्रको तटमा पुग्नुभयो। त्यस समयमा सीताको वियोगको कारण बढेको कोपरूपी अग्निले उहाँका आँखा यति राता भएका थिए कि उहाँको दृष्टिले मगरमच्छ, सर्प र गोही आदि जीव जल्न थाले। यस समयमा समुद्रले डरले थर्थर काँप्दै उहाँलाई मार्ग दियो।

वक्षःस्थलस्पर्शरुग्णमहेन्द्रवाह-
दन्तैर्विडम्बितककुब्जुष ऊढहासम्।

सद्योऽसुभिः सह विनेष्यति दारहर्तु-
विर्स्फूर्जितैर्धनुष उच्चरतोऽधिसैन्ये ॥ २५ ॥

पदार्थ–

वक्षःस्थलस्पर्शरुग्णमहेन्द्रवाह-दन्तैः = आफ्नो छातीमा ठोकिँदा टुटेका ऐरावतका दाँतहरूद्वारा **विडम्बितककुब्जुषः** = सेतो बनेका दिशाहरूको मालिक अनि	**अधिसैन्ये** = सेनाले भरिएको युद्धभूमिमा **उच्चरतः** = विचरण गर्ने **दारहर्तुः** = पत्नीहरण गर्ने दुष्ट रावणको **ऊढहासम्** = गर्वयुक्त हाँसोलाई **धनुषः** = धनुको	**विस्फूर्जितैः** = टङ्कारहरूद्वारा **असुभिः सह** = प्राण सहित **सद्यः** = तत्काल **विनेष्यति** = नाश गराउनुहुन्छ

वाक्यार्थ– जब रावणको कठोर छातीले ठक्कर खाएर इन्द्रको वाहन ऐरावतको दाँतहरू दसै दिशालाई सेताम्मे बनाउने गरी चूर्ण-चूर्ण हुन्छन् तब दिग्विजयी रावण घमण्डले फुलेर हाँस्न थाल्दथ्यो। त्यही रावण जब श्रीरामचन्द्रकी पत्नी सीताजीलाई चोरेर लैजान्छ र लडाइँको मैदानमा भगवान् श्रीरामसँग युद्ध गर्नका लागि गर्वपूर्वक आउँछ, तब भगवान् श्रीरामको धनुषको टङ्कारले उसको त्यो घमण्ड प्राणसहित तत्कालमा विलीन हुन्छ।

भूमेः सुरेतरवरूथविमर्दितायाः
क्लेशव्ययाय कलया सितकृष्णकेशः।
जातः करिष्यति जनानुपलक्ष्यमार्गः
कर्माणि चात्ममहिमोपनिबन्धनानि ॥ २६ ॥

पदार्थ–

सुरेतरवरूथविमर्दितायाः = असुर समूहबाट पीडित भएकी **भूमेः** = पृथिवीको **क्लेशव्ययाय** = दुःखनाशका लागि	**सितकृष्णकेशः** = सेता र काला केशबाट क्रमशः बलराम र कृष्ण बनी **कलया जातः** = कलावतार धारण गरेर **जनानुपलक्ष्यमार्गः** = संसारी जीवले रहस्य बुझ्न नसक्ने	**अत्ममहिमोपनिबन्धनानि** = आफ्नो महिमालाई प्रकट गर्ने **कर्माणि** = अद्भुत कर्महरू **च** = पनि **करिष्यति** = गर्नुहुनेछ

वाक्यार्थ– जुन समयमा झुण्डका दैत्यसमूहहरू पृथिवीलाई पीडा दिन लाग्दछन् त्यस समयमा पृथिवीको भारलाई हटाउनका लागि भगवान् आफ्नो सेतो र कालो केश बलराम र कृष्णको

रूपमा कलावतार ग्रहण गर्नुहुनेछ। उहाँ संसारी जीवले रहस्य बुझ्न नसक्ने आफ्नो महिमालाई प्रकट गर्ने अद्भुत चरित्रहरू गर्नुहुनेछ।

तोकेन जीवहरणं यदुलूकिकाया-
स्त्रैमासिकस्य च पदा शकटोऽपवृत्तः।
यद्रिङ्गतान्तरगतेन दिविस्पृशोर्वा
उन्मूलनं त्वितरथार्जुनयोर्न भाव्यम्॥ २७॥

पदार्थ—

तोकेन = बालकद्वारा नै **उलूकिकायाः** = पूतनाको **यद् जीवहरणं** = जुन प्राण हरण भयो **त्रैमासिकस्य** = तीन महिनाको हुँदा चाहिँ **पदा** = पाउद्वारा नै	**शकटः** = गाढा र शकटासुर **अपवृत्तः** = मऱ्यो **यद्रिङ्गता** = जुन भगवान् घुँडाले टेकेर हिँड्दा **दिविस्पृशोः** = आकाशलाई स्पर्श गर्ने खालका	**अर्जुनयोः** = यमलार्जुन वृक्षको **अन्तरगतेन** = माझमा पुगेर **उन्मूलनं वा** = वृक्ष उखेलिए **इतरथा च** = ईश्वर नभएको भए **न भाव्यम्** = नहुनुपर्ने

वाक्यार्थ— बाल्यावस्थामैँ पूतनाको प्राणहरण गर्नु, तीन महिनाको अवस्थामा आफ्नो पाउद्वारा गाडा पल्टाउनु, घुँडाहरूका बलले बामे सर्दासर्दै यमलार्जुन वृक्षहरूको बीचबाट गएर तिनीहरूलाई उखेलिदिनु यी यस्ता कर्महरू हुन् जुन कर्महरू भगवानबाहेक अरू कसैले गर्न सक्दैन।

यद् वै व्रजे व्रजपशून् विषतोयपीतान्
पालांस्त्वजीवयदनुग्रहदृष्टिवृष्ट्या।
तच्छुद्धयेऽतिविषवीर्यविलोलजिह्वम्
उच्चाटयिष्यदुरगं विहरन् ह्रदिन्याम्॥ २८॥

पदार्थ—

यत् वै = अथवा उहाँ साक्षात् भगवान् हुनुहुन्छ भन्नेमा यो प्रमाण छ कि **व्रजे** = व्रजमा **विषतोयपीतान्** = यमुनाको विषपूर्ण जल पिउने	**व्रजपशून्** = व्रजका गाईहरू र **पालान् तु** = गोपालहरूलाई समेत **अनुग्रहदृष्टिवृष्ट्या** = कृपापूर्ण दृष्टिले **अजीवयत्** = बचाउनुभयो फेरि	**तच्छुद्धये** = यमुनाको शुद्धिको लागि **ह्रदिन्याम्** = नदीमा **विहरन्** = विहार गर्दै

अतिविषवीर्यविलोलजिह्वम् = धेरै बलका घमण्डले जिब्रो लप्लपाएर (आएको)
उरगं = कालीय नागलाई
उच्चाटयिष्यत् = त्यस स्थानबाट भगाइदिनुभयो

वाक्यार्थ– जब कालीय नागको विषबाट दूषित भएको यमुनाको जल पिएर बाच्छाहरू र गोपबालकहरू मर्न लाग्दछन्, तब उहाँ आफ्नो सुधामय कृपादृष्टिको वर्षाले उनीहरूलाई जीवित गराइदिनुहुन्छ। यमुनाको जल शुद्ध गराउनका लागि त्यहाँ विहार गर्नुहुन्छ अनि विषको शक्तिले जिब्रो लपलप गर्ने कालीय नागलाई त्यहाँबाट भगाइदिनुहुन्छ।

तत्कर्म दिव्यमिव यन्निशि निःशयानं
दावाग्निना शुचिवने परिदह्यमाने।
उन्नेष्यति व्रजमतोऽवसितान्तकालं
नेत्रे पिधाप्य सबलोऽनधिगम्यवीर्यः॥ २९॥

पदार्थ–

दावाग्निना = डढेलोद्वारा
शुचिवने = ग्रीष्म ऋतुको सुकेको वन
परिदह्यमाने = डढ्न थाल्दा
निशि = राती
निःशयानं = यमुना किनारमा सुतेको
अतः = त्यसैले
अवसितान्तकालं = अन्तिम समयको निश्चय नभएको
व्रजम् = व्रजवासीहरूको झुण्डलाई
सबलः = बलरामले सहित
अनधिगम्यवीर्यः = अपरिमित पराक्रम हुने भगवान्‌ले
नेत्रे = आँखा
पिधाप्य = चिम्लन लगाएर
उन्नेष्यति = रक्षा गर्नुहुनेछ
तत्कर्म = त्यो अद्‌भुत काम
दिव्यम् इव = अलौकिकझैं लाग्छ सामान्य मान्छेका लागि

वाक्यार्थ– त्यही दिनको रात सबै मानिसहरू यमुनाका तटमा सुत्छन्। डढेलोले व्रजका आसपासका वनहरू चारैतिर जल्न थाल्दछन्, तब बलरामसहित भगवान् श्रीकृष्ण प्राणसङ्कटमा परेका व्रजवासीहरूलाई आफ्नो आँखा बन्द गर्न लगाएर उनीहरूलाई त्यो अग्निको भयबाट मुक्त गरी बचाउनुहुन्छ। उहाँको यो लीला पनि अलौकिक नै मानिन्छ। उहाँको शक्ति वास्तवमा अचिन्त्य छ।

गृह्णीत यद् यदुपबन्धममुष्य माता
शुल्बं सुतस्य न तु तत्तदमुष्य माति।
यज्जृम्भतोऽस्य वदने भुवनानि गोपी
संवीक्ष्य शङ्कितमनाः प्रतिबोधिताऽऽसीत्॥ ३०॥

पदार्थ–

अमुष्य = भगवान्‌की
माता = आमा यशोदाले
यद्यत् = जुन-जुन
शुल्वं = रज्जुविशेष
उपबन्धम् = बाँध्नका लागि
गृह्णीत = ग्रहण गर्नुहुन्छ
तत्तत् = त्यो-त्यो डोरी
सुतस्य = छोरारूप
अमुष्य = भगवान्‌को बन्धनमा
न माति = पर्याप्त हुँदैन
यज्जृम्भतः = बरु हाइ गर्ने
अस्य = भगवान्‌को
वदने = मुखभित्र
गोपी = यशोदाले
भुवनानि = चौध भुवन
संवीक्ष्य = देखेर
शङ्कितमनाः = आफ्नै छोरा हो कि होइन भन्ने विषयमा शङ्का गरेर
प्रतिबोधिता = भगवत्तत्त्वको विषयमा बुझाइएकी
आसीत् = थिइन्

वाक्यार्थ— उहाँकी आमा यशोदा उहाँलाई बाँध्नका लागि डोरी ल्याउनुहुन्छ। जुन डोरी ल्याए पनि केही अङ्गुल कम नै हुन्छ। त्यस्तै नै हाइ गर्दा भगवान् श्रीकृष्णको मुखमा चौध भुवनहरू देखेर आफ्नै छोरा हो कि होइन भन्ने विषयमा शङ्का हुन्छ र त्यसपछि भगवत्तत्त्वको ज्ञान हुन्छ।

नन्दं च मोक्ष्यति भयाद् वरुणस्य पाशाद्
गोपान् बिलेषु पिहितान् मयसूनुना च।
अह्न्यापृतं निशि शयानमतिश्रमेण
लोकं विकुण्ठमुपनेष्यति गोकुलं स्म ॥ ३१ ॥

पदार्थ—
वरुणस्य = वरुणजीको
पाशाद् = बन्धनबाट
भयात् च = सर्पग्रासको भयबाट पनि
नन्दं = नन्दजीलाई
मोक्ष्यति = मुक्त गराउनुहुनेछ अनि
मयसूनुना = मयपुत्र व्योमासुरद्वारा
बिलेषु = गुफाहरूमा
पिहितान् = लुकाइएका
गोपान् = गोपालहरूलाई
च = पनि (छुटाउनुहुनेछ) त्यसै गरी
अह्न्यापृतं = दिनमा काम गर्ने
निशि = रात परेपछि
अतिश्रमेण = अत्यन्त थाकेर
शयानम् = सुतिरहेका गोकुलवासीहरूलाई
विकुण्ठम् = नित्य
लोकं = आनन्दपूर्णलोक
गोकुलं = गोकुलमा
उपनेष्यति स्म = लैजानुहुन्छ

वाक्यार्थ— उहाँले नन्दबाबालाई अजगर भय र वरुणको पासोबाट छुटाउनुहुन्छ। मयदानवको पुत्र कामासुर जब गोपबालकहरूलाई पहाडको गुफामा बन्द गरिदिन्छ तब उहाँले उनीहरूलाई बचाउनुहुन्छ। गोकुलमा मानिसहरू दिनभरि आफ्नो कामधन्दामा व्यस्त रहन्छन्, रातमा अत्यन्त थाकेर सुत्छन्, ती साधनाहीन भए तापनि उनीहरूलाई आफ्नो परमधाम गोकुलमा लैजानुहुन्छ।

गोपैर्मखे प्रतिहते व्रजविप्लवाय

देवेऽभिवर्षति पशून् कृपया रिरक्षुः।
धर्तोच्छिलीन्ध्रमिव सप्तदिनानि सप्त
वर्षो महीध्रमनघैककरे सलीलम्॥ ३२॥

पदार्थ—

अनघ = हे निष्पाप नारद !	**अभिवर्षति** = रिसाएर अतिवृष्टि गर्दा	**सप्तदिनानि** = सात दिनसम्म
गोपैः = गोपहरूद्वारा	**कृपया** = कृपा गरेर	**महीध्रम्** = गोवर्धनलाई
मखे = इन्द्रयाग	**पशून्** = गाईहरूलाई	**उच्छिलीन्ध्रम् इव** = कर्कलाको पातजस्तो गरी
प्रतिहते = बन्द गरिएपछि	**रिरक्षुः** = रक्षा गर्नको लागि	**एककरेण** = एकै हातले
व्रजविप्लवाय = वज्रभूमिको नाश गर्नका लागि	**सप्तवर्षः** = सातवर्षमात्र हुनुभएका भगवान्ले	**सलीलम्** = विनापरिश्रम
देवे = इन्द्रले		**धर्ता** = धारण गर्नुहुन्छ

वाक्यार्थ— हे निष्पाप नारद ! जब श्रीकृष्णका सल्लाहले गोपहरूले इन्द्रको यज्ञलाई बन्द गरिदिन्छन् तब इन्द्र व्रजभूमिको नाश गर्नका लागि चारैतिर मूसलधारा वर्षा गरिदिन्छन्। ती रिसाएका इन्द्रबाट व्रजवासीहरू र उनीहरूका पशुहरूको रक्षाका लागि भगवान् कृपावश सात वर्षको उमेरमा नै सात दिनसम्म गोवर्द्धन पर्वतलाई एकै हातले कर्कलाको पात समाएझैँ खेल खेलमैँ धारण गर्नुहुन्छ।

क्रीडन् वने निशि निशाकररश्मिगौर्यां
रासोन्मुखः कलपदायतमूर्च्छितेन।
उद्दीपितस्मररुजां व्रजभृद्वधूनां
हर्तुर्हरिष्यति शिरो धनदानुगस्य॥ ३३॥

पदार्थ—

रासोन्मुखः = रासलीला गर्न तत्पर भगवान्ले	**वने** = वनभित्र	**व्रजभृद्वधूनां** = व्रजका गोपस्त्रीहरूको
निशाकररश्मिगौर्यां = चन्द्रमाको चाँदनीद्वारा चम्किएको	**कलपदायतमूर्च्छितेन** = मिठा पदचाल र लामा तानद्वारा युक्त मनोहारी गीतको कारणले	**हर्तुः** = हरण गर्ने
निशि = रात्रिमा	**उद्दीपितस्मररुजां** = प्रेमरोग अत्यन्त बढेका	**धनदानुगस्य** = कुबेर अनुचरको
क्रीडन् = खेल्दै		**शिरः** = शिर
		हरिष्यति = काटिदिनुहन्छ

वाक्यार्थ— वृन्दावनमा विहार गर्दाखेरि रास गर्ने इच्छाले उहाँ रातको समय, जब चन्द्रमाको उज्ज्वल चाँदनी चारैतिर फैलिरहेका हुन्छन् त्यतिवेला आफ्नो बाँसुरीमा मधुर सङ्गीतको तान

छोडिदिनुहुन्छ। त्यसका कारणले प्रेमविवश भएर आएका गोपीहरूलाई जब कुवेरको सेवक शङ्खचूड हरण गर्दछ, तब भगवान् उसको शिर काटिदिनुहुन्छ।

ये च प्रलम्बखरदर्दुरकेश्यरिष्ट-
मल्लेभकंसयवनाः कुजपौण्ड्रकाद्याः।
अन्ये च शाल्वकपिबल्वलदन्तवक्र
सप्तोक्षशम्बरविदूरथरुक्मिमुख्याः॥ ३४॥
ये वा मृधे समितिशालिन आत्तचापाः
काम्बोजमत्स्यकुरुसृञ्जयकैकयाद्याः।
यास्यन्त्यदर्शनमलं बलपार्थभीम
व्याजाह्वयेन हरिणा निलयं तदीयम्॥ ३५॥

पदार्थ—

ये = अरू पनि	शाल्व, द्विविद, बल्वल,	**आत्तचापाः** = धनु उठाउने
प्रलम्बखरदर्दुरकेश्यरिष्टमल्लेभकंस	दन्तवक्त्र, नग्नजित्का सात	राजाहरू छन् ती
यवनाः = प्रलम्बासुर, बकासुर,	साँढे, शम्बर, विदूरथ, रुक्मि	**अलं** = सबै
धेनुकासुर, केशी, अरिष्ट आदि	आदि दुष्टहरू	**बलपार्थभीमव्याजाह्वयेन** =
दैत्य मल्ल, कुवलयापीड हात्ती	**ये वा** = अथवा अरू पनि	बलराम, अर्जुन, भीमसेन
कंस अनि कालयवनहरू	**काम्बोजमत्स्यकुरुसृञ्जयकैकया**	आदिको निहुले
कुजपौण्ड्रकाद्याः = भौमासुर र	**द्याः** = कम्बोज, मत्स्य, कुरु,	**हरिणा** = स्वयं भगवान्द्वारा नै
पौण्ड्रक आदि	कैकेय, सृञ्जय आदि देशका	**अदर्शनम्** = मृत्युलाई प्राप्त गरेर
अन्ये च = अरू अरू	राजाहरू	**तदीयम्** =भगवान्का
शाल्वकपिबल्वलदन्तवक्रसप्तोक्ष	**मृधे** = युद्धमैदानमा	**निलयं** = धाममा
शम्बरविदूरथरुक्मिमुख्याः =	**समितिशालिन** = डटेर बस्ने	**यास्यन्ति** = जानेछन्

वाक्यार्थ— अरू पनि धेरै प्रलम्बासुर, धेनुकासुर, बकासुर, केशी, अरिष्टासुर आदि दैत्य, चाणूर आदि पहलवान, कुवलयापीड हात्ती, कंस, कालयवन, भौमासुर, पौण्ड्रक, शाल्व, द्विविद वानर, बल्वल, दन्तवक्त्र, राजा नग्नजितका सातओटा साँढेहरू, शम्बरासुर, विदूरथ, रुक्मि आदि तथा काम्बोज, मत्स्य, कुरु, कैकय र सृञ्जय आदि देशका राजाहरू अनि अरू जो पनि योद्धाहरू धनुष धारण गरेर युद्धको मैदानमा अगाडि आउनेछन्, ती सम्पूर्ण योद्धाहरूलाई भगवान् स्वयम्, बलराम, भीमसेन, अर्जुन आदि नामहरूको आडमा मारेर आफ्नै धाममा लैजानुहन्छ।

कालेन मीलितधियामवमृश्य नृणां

स्तोकायुषां स्वनिगमो बत दूरपारः।
आविर्हितस्त्वनुयुगं स हि सत्यवत्यां
वेदद्रुमं विटपशो विभजिष्यति स्म॥ ३६॥

पदार्थ—

कालेन = समयको अन्तरालबाट	**बत** = निश्चय नै	**आविर्हितः** = व्यासको रूपमा जन्मिएर
मीलितधियाम् = बुद्धि मन्द भएका	**दूरपारः** = दुर्बोध्य हुन्छ भन्ने	**विटपशः** = शाखापिच्छे
स्तोकायुषां = थोरै आयु बाँच्ने	**अवमृश्य** = बुझेर	**वेदद्रुमं** = वेदरूपी वृक्षलाई
नृणां = मनुष्यहरूको लागि	**हि** = निश्चय नै	**विभजिष्यति स्म** = भाग लगाउनुहुनेछ
स्वनिगमः = आफ्नो रहस्यतम वेदमार्ग	**सः** = भगवान्ले	
	अनुयुगं = हरेक युगमा	
	सत्यवत्यां = सत्यवतीमा	

वाक्यार्थ— समयको प्रभावका कारणले गर्दा मनुष्यहरूको बुद्धि कमजोर हुन्छ, आयु कम हुन्छ। त्यस समयमा मानिसहरू मेरो तत्त्वलाई बताउने वेदवाणी बुझ्न असमर्थ हुनेछन् भन्ने ठानेर भगवान् प्रत्येक कल्पमा सत्यवतीका गर्भबाट व्यासको रूपमा प्रकट भएर विभिन्न शाखाहरूको रूपमा वेदरूपी कल्पवृक्षको विभाजन गर्नुहुनेछ।

देवद्विषां निगमवर्त्मनि निष्ठितानां
पूर्भिर्मयेन विहिताभिरदृश्यतूर्भिः।
लोकान्घ्नतां मतिविमोहमतिप्रलोभं
वेषं विधाय बहु भाष्यत औपधर्म्यम्॥ ३७॥

पदार्थ—

देवद्विषां = देवताहरूले द्वेष गर्ने तर पनि	**अदृश्यपूर्भिः** = अदृश्य वेगवाला नगरहरूमा बसेर त्यहाँबाट	**अतिप्रलोभं** = लोभ उत्पन्न गराउने
निगमवर्त्मनि = वेदशास्त्रमा नै	**लोकान्** = संसारका प्राणीहरूलाई	**वेषं** = स्वरूपलाई
निष्ठितानां = अलि अलि आश्रय लिएर	**घ्नतां** = संसारका प्राणीहरूलाई नाश गर्ने (दैत्यहरू बढेपछि)	**विधाय** = धारण गरेर
मयेन = मयदानवले	**मतिविमोहम्** = बुद्धिलाई मोहित बनाउने	**बहु** = धेरै
विहिताभिः = बनाएको		**औपधर्म्यम्** = उपधर्म
		भाष्यते = भन्नुहुनेछ

वाक्यार्थ— देवताका शत्रु दैत्यहरू वेदमार्गको सहारा लिएर मयदानवले बनाएको अदृश्य वेगवाला नगरमा बसेर जब मानिसहरूको सत्यानाश गर्न लाग्दछन् तब भगवान् मानिसहरूका

बुद्धिमा मोह र अत्यन्त लोभ उत्पन्न गराउने भेष धारण गरेर बुद्धका रूपमा धेरै उपधर्महरूको उपदेश गर्नुहुनेछ।

यर्ह्यालयेष्वपि सतां न हरेः कथाः स्युः
पाषण्डिनो द्विजजना वृषला नृदेवाः।
स्वाहा स्वधा वषडिति स्म गिरो न यत्र
शास्ता भविष्यति कलेर्भगवान् युगान्ते॥ ३८॥

पदार्थ—

भगवान् = भगवान् श्रीकृष्ण	**कथाः** = लीलाचरित्रहरू	**स्वाहा स्वधा वषडिति** = स्वाहा, स्वधा, वषट् इत्यादि
कलेः = कलिको	**न स्युः** = हुँदैनन्	**गिरः** = वाणीहरू
युगान्ते = युग अन्त हुने वेला	**द्विजजनाः** = त्रैवर्णिक ब्राह्मण, क्षत्रिय, वैश्यहरू पनि	**न स्म** = हुँदैनन् भने
यर्हि = जुन समयमा	**पाषण्डिनः** = पाखण्डी हुन्छन्	**शास्ता** = शासक अनि दमनकर्ता
सतां = सज्जनहरूको	**वृषलाः** = शुद्रकर्म गर्नेहरू	**भविष्यति** = हुनुहुनेछ
आलयेषु = घरघरमा	**नृदेवाः** = राजा हुनेछन्	
अपि = पनि	**यत्र** = जुन समयमा	
हरेः = भगवान् श्रीहरिका		

वाक्यार्थ— कलियुगको अन्तमा जब सत्पुरुषहरूका घरमा पनि भगवान्‌को कथा हुनका लागि बाधा पर्नेछ। ब्राह्मण, क्षत्रिय र वैश्य पाखण्डी हुनेछन्। यहाँसम्म कि कहीँ पनि 'स्वाहा' 'स्वधा' र 'वषट्कार'को ध्वनि देवता र पितृहरूको यज्ञ र श्राद्धमा सुनिनेछैन तब कलियुगको शासन गर्नका लागि भगवान्‌ले कल्कि अवतार ग्रहण गर्नुहुनेछ।

सर्गे तपोऽहमृषयो नव ये प्रजेशाः
स्थाने च धर्ममखमन्वमरावनीशाः।
अन्ते त्वधर्महरमन्युवशासुराद्या
मायाविभूतय इमाः पुरुशक्तिभाजः॥ ३९॥

पदार्थ—

सर्गे = सृष्टिको समयमा	**अहम्** = मेरो रूपमा त्यसै गरी	**धर्ममखमन्वमरावनीशाः** = धर्म, विष्णु, मनु, देवता र राजाहरूको रूपमा तथा
तपः = तपस्या	**अथ** = यसपछि	**अन्ते** = सृष्टिको प्रलयको समयमा
ऋषयः = मरीचि आदि ऋषिहरू	**स्थाने** = स्थितिको समयमा	
नव = नौ		
प्रजेशाः = प्रजापति		

अधर्महरमन्युवशासुराद्याः = अधर्म, रुद्र, सर्प र देवताको रूपमा
ये = जति पनि स्वरूप छन्
इमाः = यी सबै
पुरुशक्तिभाजः = अपरिमित शक्तिसम्पन्न भगवान्का
मायाविभूतय = मायाका खेलमात्र हुन्

वाक्यार्थ— जब संसारको सृष्टिको समय हुन्छ, तब तपस्या, नौ प्रजापति, मरीचि आदि ऋषि र मेरो रूपमा; जब सृष्टिको रक्षाको समय हुन्छ, तब धर्म, विष्णु, मनु, देवता र राजाहरूको रूपमा; जब सृष्टिको प्रलयको समय हुन्छ, तब अधर्म ,रुद्र, सर्प र दैत्य आदिको रूपमा सर्वशक्तिमान् भगवान्का मायाविभूतिहरू प्रकट हुन्छन्।

विष्णोर्नु वीर्यगणनां कतमोऽर्हतीह
यः पार्थिवान्यपि कविर्विममे रजांसि।
चस्कम्भ यः स्वरहसास्खलता त्रिपृष्ठं
यस्मात् त्रिसाम्यसदनादुरुकम्पयानम्॥ ४०॥

पदार्थ—
यः = जुन
कविः = विद्वान्ले
पार्थिवानि = पृथिवीमा भएका
रजांसि = धुलोका कणहरूलाई
विममे = नाप्न सक्ला तर
नु = निश्चय नै
इह = यस संसारमा
विष्णोः = सर्वव्यापक परमात्माको
वीर्यगणनां = पराक्रमको वर्णन गर्न
कतमः = कुनचाहिँ
अर्हति = योग्य छ
यस्मात् = किनभने
यः = जुन वामन अवतारी भगवान्ले
अस्खलता = अदम्य
स्वरहसा = चरण उत्क्रमणको वेगद्वारा
त्रिसाम्यसदनात् = तीन गुण बस्ने स्थान प्रकृतिको आवरणदेखि
त्रिपृष्ठं = सत्यलोकमा
उरुकम्पयानम् = थर्थर काँपेको लोकहरूलाई
चस्कम्भ = धारण गर्नुभयो

वाक्यार्थ— आफ्नो प्रतिभाको बलले पृथिवीको एकएक धुलाको कणलाई कसैले गन्न सके तापनि यस संसारमा कुन त्यस्तो पुरूष होला भगवान्को शक्तिहरूको गणना गर्न सक्ला ? जब उहाँले त्रिविक्रम अवतार लिएर त्रिलोकीलाई नाप्दै हुनुहुन्थ्यो, त्यस समयमा उहाँको चरणको अदम्य वेगले प्रकृतिरूप अन्तिम आवरणदेखि लिएर सत्यलोकपर्यन्त सम्पूर्ण ब्रह्माण्ड काँप्न लागेको थियो, तब भगवान्ले आफ्नो शक्तिद्वारा उसलाई स्थिर गर्नुभयो।

नान्तं विदाम्यहममी मुनयोऽग्रजास्ते
मायाबलस्य पुरुषस्य कुतोऽवरा ये।

गायन् गुणान् दशशतानन आदिदेवः
शेषोऽधुनापि समवस्यति नास्य पारम् ॥ ४१ ॥

पदार्थ—

मायाबलस्य = माया शक्तियुक्त	**अग्रजाः** = दाइ सनकादि र	**आदिदेवः** = अनादिकाल देखिका
पुरुषस्य = सर्वात्मा परमात्माको	**अहम्** = म	**शेषः** = शेषजी त
अन्तं = सीमालाई	**अपि** = पनि	**अस्य** = भगवान्‌का
अधुना = अहिले	**न विदामि** = जान्दिनँ	**गुणान्** = गुणहरू
ये = जो	**अवरा** = पछिका अरू प्राणीहरू	**गायन्** = गाउँदा-गाउँदै
अमी = यी	**कुतः** = कसरी जानुन्	**पारम्** = अन्त
मुनयः = मुनिहरू छन्	**दशशताननः** = दश हजार मुख भएका	**न समवस्यति** = प्राप्त गर्नुहुन्न
ते = तिमी नारदका		

वाक्यार्थ— समस्त सृष्टिको रचना र संहार गर्ने माया उहाँको एउटा शक्ति हो। यस्ता अनन्त शक्तिका आश्रय उहाँको स्वरूपलाई न म जान्दछु न त सनकादि नै जान्दछन्। फेरि अरूहरूले जान्ने प्रश्न त उठ्नै सक्दैन। आदिदेव भगवान् शेष हजारौं मुखले उहाँको गुणहरूको वर्णन गर्दै आइरहेका छन्। परन्तु अहिलेसम्म उनका गुणहरूको अन्तको कल्पना पनि गर्न सक्दैनन्।

येषां स एष भगवान् दययेदनन्तः
सर्वात्मनाश्रितपदो यदि निर्व्यलीकम्।
ते दुस्तरामतितरन्ति च देवमायां
नैषां ममाहमिति धीः श्वशृगालभक्ष्ये ॥ ४२ ॥

पदार्थ—

यदि = यदि	**येषां** = आफ्ना जुन भक्तहरूप्रति	**श्वशृगालभक्ष्ये** = कुक्कुर र श्यालको आहारा भएको आफ्नो र आफन्तको शरीरमा
निर्व्यलीकम् = निष्कपट भएर	**दययेत्** = दया गर्नुहुन्छ	**मम** = मेरा
सर्वात्मना = सर्वात्मा भगवान्‌मा समर्पित गरेर	**ते च** = ती शरणागत भक्तहरू नै	**अहम्** = म हूँ भन्ने
आश्रितपदः = शरणागतिपूर्वक चरणको आश्रय ग्रहण गरिएका	**दुस्तराम्** = तर्न नसकिने **देवमायां** = मायाको स्वरूपलाई	**इति** = यस्तो
अनन्तः = सनातन	**अतितरन्ति** = तर्दछन् (यस्ता भक्तहरूको)	**धीः** = बुद्धि
सः एषः = उहाँ नै		**न** = हुँदैन
भगवान् = परमप्रभु		

वाक्यार्थ– जो निष्कपटभावले आफ्नो सर्वस्व र आफूलाई समेत उहाँको चरणमा समर्पित गरिदिन्छन् उनीहरूमाथि अनन्त भगवान् स्वयं नै आफ्नो तर्फबाट दया गर्नुहुन्छ। उहाँका दयाका पात्रहरू नै दुस्तर मायाको स्वरूपलाई जान्दछन् र त्यसबाट पार हुन्छन्। वास्तवमा यस्तै पुरुषहरू कुकुर र श्यालको आहार भएको आफ्नू र पुत्रादिको शरीरमा म र मेरो भावना राख्दैनन्।

वेदाहमङ्ग परमस्य हि योगमायां
यूयं भवश्च भगवानथ दैत्यवर्यः।
पत्नी मनोः स च मनुश्च तदात्मजाश्च
प्राचीनबर्हिर्ऋभुरङ्ग उत ध्रुवश्च ॥ ४३ ॥

पदार्थ–

अङ्ग = प्यारा नारद	**भवः** = शङ्कर	**तदात्मजाः च** = मनुपुत्र प्रियव्रत आदि
हि = निश्चय नै	**च** = पनि जान्नुहुन्छ	**च** = पनि
परमस्य = परमपुरुष भगवान्को	**अथ** = अनि	**प्राचीनबर्हिः** = प्राचीनबर्हि राजा
योगमायां = मायालाई	**दैत्यवर्यः** = दैत्यकुलभूषण प्रह्लाद	**ऋभुः** = ऋभु र
अहम् = म ब्रह्मा	**मनोः** = वैवस्वत मनुकी	**उत** = अनि
वेद = जान्दछु	**पत्नी** = पत्नी शतरूपा	**ध्रुवः च** = ध्रुव पनि जान्दछन्
यूयं = तिमीहरू	**सः मनुः** = उहाँ मनु	
भगवान् = भगवान्		

वाक्यार्थ– प्रिय नारद ! परमपूज्य पुरुषको त्यो योगमायालाई म जान्दछु। तिमीहरू, भगवान् शङ्कर, दैत्यकुलभूषण प्रह्लाद, शतरूपा, मनु, मनुपुत्र, प्रियव्रत आदि, प्राचीनबर्हि, ऋभु र ध्रुव पनि जान्दछन्।

इक्ष्वाकुरैलमुचुकुन्दविदेहगाधि-
रघ्वम्बरीषसगरा गयनाहुषाद्याः।
मान्धात्रलर्कशतधन्वनुरन्तिदेवा
देवव्रतो बलिरमूर्त्तरयो दिलीपः ॥ ४४ ॥
सौभर्युतङ्कशिबिदेवलपिप्पलाद-
सारस्वतोद्धवपराशरभूरिषेणाः।
येऽन्ये विभीषणहनूमदुपेन्द्रदत्त-

पार्थार्ष्टिषेणविदुरश्रुतदेववर्याः ॥ ४५ ॥

ते वै विदन्त्यतितरन्ति च देवमायां

स्त्रीशूद्रहूणशबरा अपि पापजीवाः ।

यद्यद्भुतक्रमपरायणशीलशिक्षास्

तिर्यग्जना अपि किमु श्रुतधारणा ये ॥ ४६ ॥

पदार्थ–

इक्ष्वाकुः = इक्ष्वाकु राजा
ऐलमुचुकुन्दविदेहगाधि-रघ्वम्बरीषसगराः = ऐल, मुचुकुन्द जनक, गाधि, रघु, अम्बरीष र सगर राजाहरूले
गयनाहुषाद्याः = गय, नहुष पुत्र ययाति आदिले
मान्धात्रलर्कशतधन्वनु-रन्तिदेवाः = मान्धाता, अलर्क, शतधन्वा, अनु, रन्तिदेव आदि राजाहरूले त्यसै गरी
देवव्रतः = भीष्मले
बलिः = राजा बलिले अनि
अमूर्त्तरयः = अमूर्तरयले र
दिलीपः = दिलीप
सौभर्युतङ्कशिबिदेवलपिप्पलाद-सारस्वतोद्धवपराशरभूरिषेणाः = सौभरि, उतङ्क, शिबि, देवल, पिप्पलाद, सारस्वत, उद्धव, पराशर, भूरिषेण
अन्ये = अरू पनि
विभीषणहनूमदुपेन्द्रदत्तपार्थार्ष्टिषेणविदुरश्रुतदेववर्याः =विभीषण हनुमान्, शुकदेव, अर्जुन, आर्ष्टिषेण, विदुर र श्रुतदेव जस्ता ठुला महात्माहरूले पनि
यदि = जुन कुनै रूपबाट पनि
अद्भुतक्रमपरायणशीलशिक्षाः = अद्‌भुत पराक्रमवाला भगवान्‌का प्रेमी भक्तहरूबाट शीलस्वभाव सिक्ने
स्त्रीशूद्रहूणशबराः = स्त्रीशुद्र-वृत्तिवाला हूण र भिल्लहरू र
ते = ती
पापजीवाः = पापको कारणले जन्मिएका
तिर्यग्जनाः अपि = पशु, पक्षी आदि समेत
वै = पूर्णरूपले
देवमायां = भगवन्मायाको रहस्य
विदन्ति = बुझ्दछन्
अतितरन्ति च = अतिक्रमण पनि गर्दछन् भने
ये = जो
अपि = पनि
श्रुतधारणाः = कर्णद्वारबाट भगवत्स्वरूपलाई हृदयभित्र विराजमान गराउने भक्तहरूले
किमु = भगवान्‌को मायालाई किन नजान्ने

वाक्यार्थ– इक्ष्वाकु, पुरुरवा, मुचुकुन्द, जनक, गाधि, रघु, अम्बरीष, सगर, गय, ययाति आदि तथा मान्धाता, अलर्क, शतधन्वा, अनु, रन्तिदेव, भीष्म, बलि, अमूर्तरय, दिलीप, सौभरि, उतङ्क, शिबि, देवल, पिप्पलाद, सारस्वत, उद्धव, पराशर, भूरिषेण विभीषण, हनुमान्, शुकदेव, अर्जुन, आर्ष्टिषेण, विदुर र श्रुतदेव आदि महात्मा पनि जान्दछन्। जुन व्यक्तिहरूलाई भगवान्‌का प्रेमी भक्तहरूको स्वभावको अनुकरण गर्ने शिक्षा मिलेको छ ती स्त्री, शूद्र, हूण, भील र पापको कारणले पशुपक्षी आदि योनिहरूमा रहने प्राणीहरूले पनि भगवान्‌को मायाको रहस्यलाई जान्दछन् र यस संसारसागरबाट सधैँका लागि पार हुन्छन्। फेरि जुन मनुष्यहरू वैदिक सदाचारको पालन गर्दछन्, उनीहरूका विषयमा त भन्नु नै के पऱ्यो र ?

शश्वत् प्रशान्तमभयं प्रतिबोधमात्रं
शुद्धं समं सदसतः परमात्मतत्त्वम्।
शब्दो न यत्र पुरुकारकवान् क्रियार्थो
माया परैत्यभिमुखे च विलज्जमाना ॥ ४७ ॥

पदार्थ—

शश्वत्प्रशान्तम् = सर्वदा शान्त	**सदसतःपरम्** = सत् र असत्-भन्दा पर	**क्रियार्थः** = कर्मफल पनि
अभयं = अभयरूप	**आत्मतत्त्वम्** = वास्तविक आत्मस्वरूप छ	**न** = छैन
प्रतिबोधमात्रं = केवल ज्ञानस्वरूप	**यत्र** = जहाँ	**अभिमुखे** = भगवान्सँग संमुख पर्न
शुद्धं = मायाको मलबाट अस्पृश्य	**शब्दः** = वैदिक र लौकिक दुबै शब्द अनि	**विलज्जमाना** = लजाउँदै
समं = मायाजन्य विषमताले रहित	**पुरुकारकवान्** = अनेक साधनद्वारा सिद्ध हुने	**माया च** = माया पनि
		परैति = भाग्दछे

वाक्यार्थ— परमात्माको वास्तविक स्वरूप एकरस, शान्त, अभय एव केवल ज्ञानस्वरूप छ। भगवान्को त्यो स्वरूपमा न मायाको मल छ न त मायाबाट बनेका विषमताहरू नै छन्। उहाँको उक्त स्वरूप सत् र असत् दुबैबाट पर छ। उहाँमा कुनै लौकिक र वैदिक शब्द पुग्न सक्दैनन्। अरूको त कुरै छोडौं, माया पनि उसको अगाडि जान सक्तिन, लाजले टाढैबाट भाग्दछे।

तद्वै पदं भगवतः परमस्य पुंसो
ब्रह्मेति यद्विदुरजस्रसुखं विशोकम्।
सध्र्यङ्नियम्य यतयो यमकर्तहेतिं
जह्युः स्वराडिव निपानखनित्रमिन्द्रः ॥ ४८ ॥

पदार्थ—

परमस्य = परम	**विशोकम्** = शोकरहित	**स्वराट्** = स्वशक्तिसम्पन्न
पुंसः = पुरुष	**अजस्रसुखं** = नित्य आनन्दस्वरूप	**इन्द्रः** = इन्द्रले
भगवतः = भगवान्को	**यत्** = जसलाई	**निपानखनित्रम्** = कुवा खन्ने साधनलाई
वै = निश्चय नै	**ब्रह्म इति** = ब्रह्म भनेर	**इव** = झैं
तत् = त्यही नै	**विदुः** = (महात्माहरू) बुझ्दछन्	**यतयः** = मुनिहरू
पदं = परमपद हो		

सध्र्यक् = मनलाई	**अकर्तहेतिं** = भेदनाश गर्ने
यम् = जुन भगवान्मा	विभिन्न साधनहरूलाई
नियम्य = स्थिर गरेर	**जह्युः** = त्याग गरिदिन्छन्

वाक्यार्थ– परमपुरुष भगवान्को यही नै परमपद हो। महात्माहरू त्यही पदको शोकरहित अनन्त आनन्दस्वरूप ब्रह्मको रूपमा साक्षात्कार गर्दछन्। मुनिहरू त्यही परमतत्त्वमा आफ्नो मनलाई समाहित गरेर स्थित हुन्छन्। जसरी इन्द्र आफैँ पानी पार्न सक्षम हुनाले जलका लागि कुवा खन्नका लागि कोदालो ग्रहण गर्दैनन् त्यसै गरी ज्ञानीहरू पनि भेद दूर गर्ने ज्ञानका साधनहरूको परित्याग गर्दछन्।

स श्रेयसामपि विभुर्भगवान् यतोऽस्य
भावस्वभावविहितस्य सतः प्रसिद्धिः।
देहे स्वधातुविगमेऽनुविशीर्यमाणे
व्योमेव तत्र पुरुषो न विशीर्यतेऽजः॥ ४९॥

पदार्थ–

यतः = जुन भगवान्बाट	**भगवान्** = भगवान् नै	**अनुविशीर्यमाणे** = तत्काल नै
भावस्वभावविहितस्य = महत्तत्त्व	**श्रेयसाम् अपि** = स्वर्गादि	नष्ट भए पनि
प्रधान आदिको परिणामले	फलहरूको पनि	**व्योम इव** = आकाशझैँ
उत्पन्न	**विभुः** = दाता	**तत्र** = त्यहाँ रहेको
अस्य = यो	हुनुहुन्छ	**अजः** = अजन्मा
सतः = कार्यको	**स्वधातुविगमे** = देह बनाउने	**पुरुषः** = परमात्मतत्त्व
प्रसिद्धिः = अवस्थिति छ	महाभूतहरूको वियोग भएर	**न विशीर्यते** = नष्ट हुँदैन
सः = उहाँ	**देहे** = शरीर	

वाक्यार्थ– सम्पूर्ण कर्महरूको फल भगवान् नै दिनुहुन्छ। किनभने मनुष्य आफ्नो स्वभावको अनुसार जुन शुभकर्म गर्दछ, त्यो सबै भगवान्कै प्रेरणाद्वारा हुन्छ। यस शरीरमा रहने पाँच भूतहरू अलग-अलग भएपछि यो शरीर नष्ट हुन्छ, तापनि आकाशझैँ त्यहाँ रहेको यसमा अजन्मा पुरुष नष्ट हुँदैन।

सोऽयं तेऽभिहितस्तात भगवान् विश्वभावनः।
समासेन हरेर्नान्यदन्यस्मात्सदसच्च यत्॥ ५०॥

पदार्थ–

अन्यस्मात् = कार्य र	**हरेः** = हरि भगवान्भन्दा	
कारणभन्दा पृथक् हुनुभएका	**यत्** = जुन	

सदसत् च = कार्य र कारणरूप पदार्थ या भाव र अभावरूप पदार्थ छन्	**तात** = हे नारद	**समासेन** = संक्षेपले
अन्यत् = भिन्न	**सः अयं** = त्यस्ता खालका	**अभिहितः** = बताइनुभयो
न = होइनन्	**विश्वभावनः** = विश्वात्मा **भगवान्** = परमात्मा	
	ते = तिम्रा लागि	

वाक्यार्थ— बावु नारद ! संकल्पले नै विश्वको रचना गर्ने षडैश्वर्यसम्पन्न श्रीहरिको मैले तिम्रो अगाडि संक्षेपले वर्णन गरेँ। संसारमा कार्यकारणरूपमा अथवा भाव र अभावका रूपमा जति पनि पदार्थहरू छन् ती भगवान्देखि भिन्न छैनन्। परन्तु भगवान् ती पदार्थहरूदेखि भिन्न हुनुहुन्छ।

इदं भागवतं नाम यन्मे भगवतोदितम्।
सङ्ग्रहोऽयं विभूतीनां त्वमेतद्विपुलीकुरु॥ ५१॥

पदार्थ—

मे = मलाई	**भागवतं नाम** = भागवत नामको	**सङ्ग्रहः** = सङ्ग्रह हो
भगवतोदितम् = भगवान्ले बताउनुभएको	**इदं** = यो अमृतविद्या हो	**एतत्** = यसलाई
यत् = जुन	**अयं** = यो ग्रन्थ	**त्वम्** = तिमी
	विभूतीनां = भगवान्का लीलाविभूतिहरूको	**विपुलीकुरु** = अरु फैलाऊ

वाक्यार्थ— भगवान्ले मलाई जुन कुराको उपदेश गर्नुभएको थियो, त्यही नै भागवत हो। यसमा भगवान्का र विभूतिहरूको संक्षेपमा वर्णन छ। तिमी यसको विस्तार गर।

यथा हरौ भगवति नृणां भक्तिर्भविष्यति।
सर्वात्मन्यखिलाधार इति सङ्कल्प्य वर्णय॥ ५२॥

पदार्थ—

यथा = जुन उपायले	**हरौ** = श्रीहरि	**इति** = यस्तो उपाय
सर्वात्मनि = सबै संसारको रूपमा देखापर्ने	**भगवति** = भगवान्मा	**सङ्कल्प्य** = निश्चय गरेर
अखिलाधारे = सम्पूर्ण जगत्का एकमात्र अधिष्ठान	**नृणां** = मानिसहरूको	**वर्णय** = वर्णन गर
	भक्तिः = भक्ति	
	भविष्यति = हुनेछ	

वाक्यार्थ— जुन उपायले सबै संसारको रूपमा देखापर्ने सम्पूर्ण जगत्का एकमात्र अधिष्ठान श्रीहरि भगवान्मा मानिसहरूको भक्ति हुनेछ यस्तो उपाय निश्चय गरेर वर्णन गर।

मायां वर्णयतोऽमुष्य ईश्वरस्यानुमोदतः।

शृण्वतः श्रद्धया नित्यं माययाऽऽत्मा न मुह्यति ॥ ५३ ॥

पदार्थ–

अमुष्य = यी	**श्रद्धया** = श्रद्धापूर्वक	**आत्मा** = अन्तःकरण
ईश्वरस्य = परमात्माको	**नित्यं** = निरन्तर	**मायया** = भगवान्‌को मायाबाट
मायां = एक नै अनेकका रूपमा देखिएको मायाको प्रसङ्गलाई	**शृण्वतः** = निरन्तर श्रवण गर्ने	**न मुह्यति** = मुग्ध हुँदैन
वर्णयतः = वर्णन गर्ने	**अनुमोदतः** = त्यसलाई अनुमोदन गर्ने मनुष्यको पनि	

वाक्यार्थ– जो पुरुष भगवान्‌को अचिन्त्यशक्ति मायाको वर्णन अथवा अर्काले गरेको वर्णनको अनुमोदन गर्दछ, अथवा श्रद्धाको साथ नित्य वर्णन गर्दछ, उसको चित्त मायाबाट कहिल्यै पनि मोहित हुँदैन।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे

ब्रह्मनारदसंवादे सप्तमोऽध्यायः ॥ ७ ॥

अथ अष्टमोऽध्यायः

राजा परीक्षित्का प्रश्नहरू

राजोवाच (राजा परीक्षित्ले भन्नुभयो)

ब्रह्मणा चोदितो ब्रह्मन्गुणाख्यानेऽगुणस्य च ।
यस्मै यस्मै यथा प्राह नारदो देवदर्शनः ॥ १ ॥

पदार्थ—

ब्रह्मन् = हे शुकदेवजी
अगुणस्य = निर्गुण परमात्माको
गुणाख्याने = गुण वर्णन गर्न
ब्रह्मणा = ब्रह्माजीद्वारा
चोदितः = प्रेरित हुनुभएका
देवदर्शनः = सबैमा भगवद्दर्शन गर्ने
नारदः = नारद मुनिले
यस्मै यस्मै = जस्ता-जस्ता अधिकारीलाई
यथा = जुन प्रकारले
प्राह = बताउनुभयो (त्यो कुरा सुन्न चाहन्छु)

वाक्यार्थ— हे शुकदेवजी ! निर्गुण परमात्माको गुण वर्णन गर्न ब्रह्माजीद्वारा प्रेरित हुनुभएका सबैमा भगवद्दर्शन गर्ने नारद मुनिले जस्ता-जस्ता अधिकारीलाई जुन प्रकारले बताउनुभयो त्यो कुरा सुन्न चाहन्छु ।

एतद् वेदितुमिच्छामि तत्त्वं वेदविदां वर ।
हरेरद्भुतवीर्यस्य कथा लोकसुमङ्गलाः ॥ २ ॥

पदार्थ—

वेदविदां = वेदतात्पर्यवेत्ताहरूमध्ये
वर = श्रेष्ठ हे शुकदेवजी
अद्भुतवीर्यस्य = अद्भुत पराक्रम हुनुभएका
हरेः = हरि भगवान्को
लोकसुमङ्गलाः = सबैको परमकल्याण गर्ने
कथाः = लीलाचरित्रहरू जसको वर्णन नारदजीले गर्नुभयो
एतत् तत्त्वं = यो निर्गुण भगवत्तत्त्व
वेदितुम् = जान्न
इच्छामि = चाहन्छु

वाक्यार्थ— वेदतात्पर्यवेत्ताहरूमध्ये श्रेष्ठ हे शुकदेवजी ! अद्भुत पराक्रम हुनुभएका हरि भगवान्को सबैको परमकल्याण गर्ने लीलाचरित्रहरू जसको वर्णन नारदजीले गर्नुभयो त्यो निर्गुण भगवत्तत्त्व जान्न चाहन्छु ।

कथयस्व महाभाग यथाहमखिलात्मनि ।
कृष्णे निवेश्य निःसङ्गं मनस्त्यक्ष्ये कलेवरम् ॥ ३ ॥

पदार्थ–

महाभाग = हे शुकदेवजी
कथयस्व = त्यस्तो उपदेश गर्नुहोस्
यथा = जुन उपदेशबाट
अहम् = म
अखिलात्मनि = सम्पूर्ण प्राणीहरूका आत्मस्वरूप
कृष्णे = श्रीकृष्णमा
निःसङ्गं = आसक्तिरहित
मनः = मनलाई
निवेश्य = लीन गराएर
कलेवरम् = शरीर
त्यक्ष्ये = त्याग्न सकूँ

वाक्यार्थ– महाभाग्यवान् शुकदेवजी ! तपाईं मलाई यस्तो उपदेश गर्नुहोस् कि म आफ्नो आसक्तिरहित मनलाई भगवान् श्रीकृष्णमा तन्मय गरेर आफ्नो शरीर त्याग्न सकूँ। उनीहरूका हृदयमा चाँडै नै भगवान् प्रकट हुनुहुन्छ।

शृण्वतः श्रद्धया नित्यं गृणतश्च स्वचेष्टितम्।
कालेन नातिदीर्घेण भगवान् विशते हृदि ॥ ४ ॥

पदार्थ–

स्वचेष्टितम् = लीलाचरित्रहरू
नित्यं = सधैं
श्रद्धया = श्रद्धापूर्वक
शृण्वतः = श्रवण गर्ने र
गृणतः च = कीर्तन गर्ने भक्तहरूको
हृदि = हृदयभित्र
न अतिदीर्घेण = छोटो
कालेन = समयभित्र नै
भगवान् = प्रभु
विशते = प्रवेश गर्नुहुन्छ

वाक्यार्थ– लीलाचरित्रहरू सधैं श्रद्धापूर्वक श्रवण गर्ने र कीर्तन गर्ने भक्तहरूको हृदयभित्र छोटो समयभित्र नै प्रभु प्रवेश गर्नुहुन्छ।

प्रविष्टः कर्णरन्ध्रेण स्वानां भावसरोरुहम्।
धुनोति शमलं कृष्णः सलिलस्य यथा शरत्॥ ५॥

पदार्थ–

यथा = जसरी
शरत् = शरद्‌ऋतुले
सलिलस्य = जलको धमिलो-पन नाश गर्दछ त्यसै गरी
कर्णरन्ध्रेण = कानरूपी छिद्रबाट
भावसरोरुहम् = हृदयकमलभित्र
प्रविष्टः = पसेका
कृष्णः = दयालु भगवान्‌ले पनि
स्वानां = आफ्ना प्रेमी भक्तहरूको
शमलं = मलिनतालाई
धुनोति = नाश गरिदिनुहुन्छ

वाक्यार्थ– भगवान् श्रीकृष्ण कानको छिद्रद्वारा आफ्ना भक्तहरूको भावमय हृदयकमलमा आएर बस्नुहुन्छ। जसरी शरद्‌ऋतुले जलको दूषितपनलाई नष्ट गरिदिन्छ त्यसै गरी भगवान् पनि भक्तहरूको मनोमललाई नष्ट गरिदिनुहुन्छ।

धौतात्मा पुरुषः कृष्णपादमूलं न मुञ्चति ।

मुक्तसर्वपरिक्लेशः पान्थः स्वशरणं यथा ॥ ६ ॥

पदार्थ—

यथा = जसरी	**न मुञ्चति** = छोड्दैन (त्यसै गरी)	**कृष्णपादमूलं** = भगवान्को चरणकमललाई छोड्दैन
मुक्तसर्वपरिक्लेशः = यात्राका सम्पूर्ण दुःखहरूबाट छुटेको	**धौतात्मा** = हृदयबाट सारा मलिनता पखालिएको	
पान्थः = बटुवाले	**पुरुषः** = मनुष्यले पनि	
स्वशरणं = आफ्नो घर		

वाक्यार्थ— जसरी मार्गका समस्त केटाहरूबाट छुटेर आएको पथिकले आफ्नो घरलाई छोड्दैन त्यसैगरी जसको हृदय शुद्ध भएको छ त्यस्तो भक्तले श्रीकृष्णको चरणकमललाई एकक्षणका लागि पनि छोड्न चाहँदैन।

यदधातुमतो ब्रह्मन् देहारम्भोऽस्य धातुभिः ।

यदृच्छया हेतुना वा भवन्तो जानते यथा ॥ ७ ॥

पदार्थ—

ब्रह्मन् = हे शुकदेवजी	**धातुभिः** = महाभूतहरूद्वारा	**देहारम्भः** = शरीर बन्छ त्यो कुरा
यद् =जुन जीवात्मा	**यदृच्छया** = कुनै पनि निमित्त विना स्वभाववश	**भवन्तः** = तपाईं
अधातुमतः = पञ्चमहाभूतको सम्बन्धले शून्य छ तर पनि	**वा** = अथवा	**यथा** = यथार्थरूपले
अस्य = जीवात्माको	**हेतुना** = कुनै विशेष कारणवश	**जानते** = जान्नुहुन्छ

वाक्यार्थ— हे शुकदेवजी जीवको पञ्चभूतका साथ कुनै पनि सम्बन्ध छैन। तापनि यसको शरीर पञ्चमहाभूतबाट बन्दछ। के यो स्वभावबाट नै यस्तो भएको हो ? अथवा कुनै कारणवश तपाईं यस कुराको मर्मलाई पूर्णरूपले जान्नुहुन्छ।

आसीद्यदुदरात् पद्मं लोकसंस्थानलक्षणम् ।

यावानयं वै पुरुष इयत्तावयवैः पृथक् ॥

तावानसाविति प्रोक्तः संस्थावयववानिव ॥ ८ ॥

पदार्थ—

यदुदरात् = जुन भगवान्को नाभिबाट	**पद्मं** = कमल	**वै** = निश्चय नै
लोकसंस्थानलक्षणम् = लोकसृष्टिको आधार	**आसीत्** = जन्मियो उहाँ भगवान्लाई पनि	**इयत्तावयवैः** = सीमित अङ्गहरूद्वारा
	अयं पुरुष = यो जीव जसरी	**यावान्** = जति

पृथक् = परिच्छिन्न
तावान् = त्यत्ति नै
असौ इति = भगवान् पनि
संस्थावयववान् इव = सीमित अवयवहरूद्वारा युक्त भएझैं
प्रोक्तः = बताउनुभयो (त्यसको रहस्य के हो ?)

वाक्यार्थ— तपाईंले बताउनुभयो कि भगवान्को नाभिबाट त्यो कमल उत्पन्न भयो जसमा लोकहरूको रचना भयो। यो जीव आफ्नो सीमित अवयवद्वारा जसरी परिच्छिन्न छ त्यसै गरी परमात्मा पनि परिच्छिन्न छ जस्तो वर्णन गर्नुभयो।

अजः सृजति भूतानि भूतात्मा यदनुग्रहात्।
ददृशे येन तद्रूपं नाभिपद्मसमुद्भवः॥ ९॥
स चापि यत्र पुरुषो विश्वस्थित्युद्भवाप्ययः।
मुक्त्वात्ममायां मायेशः शेते सर्वगुहाशयः॥ १०॥

पदार्थ—

भूतात्मा = सर्वभूत समष्टि
अजः = ब्रह्माजीले
यदनुग्रहात् = जुन भगवान्को कृपाबाट
भूतानि = प्राणीहरूलाई
सृजति = सिर्जनुहुन्छ अनि
तद्रूपं = भगवत्तत्त्व स्वरूपलाई
नाभिपद्मसमुद्भवः = नारायणको नाभि कमलमा उत्पन्न ब्रह्माले
येन = जुन भगवान्को कृपाबाट
ददृशे = देख्नुभयो
विश्वस्थित्युद्भवाप्ययः = संसारको सृष्टि स्थिति र प्रलयको कारण
मायेशः = मायाको मालिक
सर्वगुहाशयः = सबैको हृदयभित्र बस्ने
सः च = त्यस्ता
पुरुष अपि = परमात्मा पनि
आत्ममायां = आफ्नो मायाशक्तिलाई
मुक्त्वा = छाडेर
यत्र = जहाँ
शेते = शयन गर्नुहुन्छ (त्यो स्थिति मलाई बताउनुहोस्)

वाक्यार्थ— जसको कृपाले सर्वभूतमय ब्रह्माजी प्राणीहरूको सृष्टि गर्नुहुन्छ जसको नाभिकमलबाट उत्पन्न भएर पनि जसको कृपाले ब्रह्माजीले भगवान्को रूपको दर्शन गर्नुभएको थियो। उहाँ संसारको उत्पत्ति, स्थिति र प्रलयको कारण, सर्वान्तर्यामी, मायाका स्वामी, परमपुरुष परमात्मा, आफ्नो मायालाई त्याग गरेर कसमा कुन रूपले शयन गर्नुहुन्छ ?

पुरुषावयवैर्लोकाः सपालाः पूर्वकल्पिताः।
लोकैरमुष्यावयवाः सपालैरिति शुश्रुम॥ ११॥

पदार्थ—

लोकाः = विभिन्न लोकहरू
सपालाः = लोकपालसहित
पुरुषावयवैः = विराट् पुरुषका अङ्गहरूबाट
पूर्वकल्पिताः = पहिले कल्पना गरिएका हुन् भन्ने कुरा र
सपालैः = लोकपालसहित

लोकैः = पाताल इत्यादि लोकहरूबाट	**अवयवाः** = पैताला आदि अङ्गहरू कल्पना गरिन्छन् भन्ने	**शुश्रुम** = हामी सुन्दछौँ (यसको रहस्य के हो ?)
अमुष्य = यस विराट्पुरुषको	**इति** = यी सबै कुराहरू	

वाक्यार्थ– पहिले तपाईंले के भन्नुभएको थियो भने विराट् पुरुषका अङ्गबाट लोक र लोकपालहरूको रचना भयो। फेरि यो कुरा पनि बताउनुभयो कि लोक र लोकपालको रूपमा उहाँको अङ्गको कल्पना भयो। यी दुइटा कुराहरूको तात्पर्य के हो ?

यावान् कल्पो विकल्पो वा यथा कालोऽनुमीयते।
भूतभव्यभवच्छब्द आयुर्मानं च यत्सतः॥ १२॥

पदार्थ–

कल्पः= महाकल्प	**भूतभव्यभवच्छब्द** = भूत, भविष्य र वर्तमान भनिने	**सतः** = जीवात्माको
वा = अथवा	**कालः** = समयलाई	**यत्** = जुन
विकल्पः = त्यसका अवान्तर कल्पहरू पनि	**यथा** = जसरी	**आयुर्मानं च** = आयुको परिमाण छ (यो पनि बताउनुहोस्)
यावान् = जति थरि छन्	**अनुमीयते** = अनुमान गरिन्छ अनि	

वाक्यार्थ– महाकल्प र त्यसअन्तर्गत अवान्तरकल्पहरू कति छन् ? भूत, भविष्यत्, वर्तमानकालको अनुमान कुन प्रकारले गर्न सकिन्छ ? अनि जीवात्माको आयुको परिमाण कति छ ? यो पनि बताउनुहोस्।

कालस्यानुगतिर्या तु लक्ष्यतेऽण्वी बृहत्यपि।
यावत्यः कर्मगतयो यादृशीर्द्विजसत्तम॥ १३॥

पदार्थ–

द्विजसत्तम = हे ब्राह्मणश्रेष्ठ शुकदेवजी	**या** = जुन	**यावत्यः** = जतिथरी
अण्वी = सूक्ष्म निमेष आदि र	**कालस्य** = समयको	**कर्मगतयः** = कर्मप्राप्य गतिहरू छन् (ती पनि बताउनुहोस्)
बृहती = स्थूल वर्ष आदि	**अनुगतिः** = अवान्तर गति	
अपि = पनि	**लक्ष्यते** = देखिन्छ	
	यादृशीः = जस्तो प्रकारका र	

वाक्यार्थ– हे ब्राह्मणश्रेष्ठ शुकदेवजी ! कालको सूक्ष्मगति निमेष आदि र स्थूलगति वर्ष आदि कुन प्रकारले जान्न सकिन्छ ? विविध कर्मबाट जीवहरूको कति र कस्ता गतिहरू हुन्छन् ?

यस्मिन् कर्मसमावायो यथा येनोपगृह्यते।

गुणानां गुणिनां चैव परिणाममभीप्सताम्॥ १४ ॥

पदार्थ—

गुणिनां = सत्त्व आदि गुणहरूको	**गुणानां** = गुणयुक्त प्राणीहरूमध्ये	**यथा** = जसरी
परिणामम् = फलभूत देवादि योनि	**यस्मिन्** = देव, दानव, मनुष्यमध्ये जुन योनिको निमित्त	**कर्मसमावायः** = विभिन्न थरी कर्महरू
अभीप्सताम् = चाहने	**येन** = अधिकारीद्वारा	**उपगृह्यते** = गरिन्छ

वाक्यार्थ— देव, मनुष्य आदि योनिहरू सत्त्व, रज र तम यी तीन गुणहरूको फलस्वरूप नै प्राप्त हुन्छन्। ती योनिहरूलाई प्राप्त गर्न चाहने जीवहरूमध्ये कुनकुन जीव कुनकुन योनिलाई प्राप्त गर्नका लागि कुनकुन प्रकारले कुनकुन कर्मलाई स्वीकार गर्दछन् ?

भूपातालककुब्व्योमग्रहनक्षत्रभूभृताम्।
सरित्समुद्रद्वीपानां सम्भवश्चैतदोकसाम्॥ १५ ॥

पदार्थ—

भूपातालककुब्व्योमग्रहनक्षत्र-भूभृताम् = पृथ्वी, पाताल, दिशा, आकाश, ग्रह, नक्षत्र र पहाडहरूको	**सरित्समुद्रद्वीपानां** = नदी, समुद्र र द्वीपहरूको अनि **एतत् ओकसाम्** = त्यहाँ बस्ने प्राणीहरूको	**सम्भवः च** = उत्पत्तिप्रकार पनि बताउनुहोस्

वाक्यार्थ— पृथ्वी, पाताल, दिशा, आकाश, ग्रह नक्षत्र, पर्वत, नदी, समुद्र, द्वीप र तिनमा बस्ने जीवहरूको उत्पत्ति कसरी हुन्छ ? यो पनि बताउनुहोस्।

प्रमाणमण्डकोशस्य बाह्याभ्यन्तरभेदतः।
महतां चानुचरितं वर्णाश्रमविनिश्चयः॥ १६ ॥

पदार्थ—

बाह्याभ्यन्तरभेदतः = बाहिर र भित्र गरी	**प्रमाणम्** = परिमाण	**वर्णाश्रमविनिश्चयः** = वर्णधर्म र आश्रमधर्मको निर्णय समेत (बताउनुहोस्)
अण्डकोशस्य = ब्रह्माण्डको	**महतां** = महापुरुषहरूको **अनुचरितं च** = चरित्र पनि र	

वाक्यार्थ— बाहिर र भित्र गरी ब्रह्माण्डको परिमाण कति छ ? साथै महापुरुषहरूको चरित्र, वर्णाश्रमको भेद र तिनका धर्महरूको विषयमा समेत मलाई बताउनुहोस्।

युगानि युगमानं च धर्मो यश्च युगे युगे।
अवतारानुचरितं यदाश्चर्यतमं हरेः॥ १७ ॥

पदार्थ–

युगानि = सत्य आदि युगहरू	**धर्मः** = धर्म छ त्यसै गरी	**अवतारानुचरितं** =
युगमानं च = युगहरूको समय	**आश्चर्यतमं** = अत्यन्त	अवतारलीलाहरू छन् (ती
परिमाण पनि अनि	विस्मयजनक	बताउनुहोस्)
युगे युगे = युगैपिच्छे	**यत्** = जुन	
यः च = जस्तो-जस्तो	**हरेः** = भगवान् श्रीहरिका	

वाक्यार्थ– सत्य आदि युगहरूको समयपरिमाण र युगैपिच्छे जस्तो-जस्तो धर्म छ त्यसै गरी अत्यन्त विस्मयजनक जुन भगवान् श्रीहरिका अवतारलीलाहरू छन् ती बताउनुहोस्।

नृणां साधारणो धर्मः सविशेषश्च यादृशः।

श्रेणीनां राजर्षीणां च धर्मः कृच्छ्रेषु जीवताम्॥ १८॥

पदार्थ–

नृणां = मनुष्यहरूको	**धर्मः** = धर्म हुन्छ त्यसै गरी	**जीवताम्** = बाँचिरहेकाहरूका
साधारणः = सामान्य र	**श्रेणीनां** = व्यवसायमा लागेका	**च** = पनि
सविशेषः च = विशेष पनि	**राजर्षीणां** = राजर्षिहरूको र	**धर्मः** = धर्मका विषयमा
यादृशः = जस्तो-जस्तो	**कृच्छ्रेषु** = अत्यन्त संकटमा	बताउनुहोस्

वाक्यार्थ– मनुष्यका साधारण र विशेष धर्म कुन्-कुन् हुन्? विभिन्न व्यवसाय गर्ने मनुष्यहरूको राजर्षिहरूको र विपत्तिमा परेका मनुष्यहरूको धर्मको पनि उपदेश गर्नुहोस्।

तत्त्वानां परिसङ्ख्यानं लक्षणं हेतुलक्षणम्।

पुरुषाराधनविधिर्योगस्याध्यात्मिकस्य च॥ १९॥

पदार्थ–

तत्त्वानां = प्रकृति, महत्तत्त्व	**हेतुलक्षणम्** = तज्जन्यकार्यहरूको	**पुरुषाराधनविधिः च** =
इत्यादिहरूको	स्वरूप	भगवदाराधनविधि पनि
परिसङ्ख्यानं = गणना	**आध्यात्मिकस्य** = आत्मविषयक	बताउनुहोस्
लक्षणं = असाधारण धर्म	**योगस्य** = अष्टाङ्गयोगहरूको	
	विधि र	

वाक्यार्थ– तत्त्वको संख्या कति हो? तिनको स्वरूप र लक्षण के-के हुन्? भगवान्को आराधना र अध्यात्मयोगको विधि के हो? यी सबैको बारेमा बताउनुहोस्।

योगेश्वरैश्वर्यगतिर्लिङ्गभङ्गस्तु योगिनाम्।

वेदोपवेदधर्माणामितिहासपुराणयोः॥ २०॥

पदार्थ–

योगेश्वरैश्वर्यगतिः = योगेश्वरहरूको ऐश्वर्य र गति **योगिनाम्** = योगीहरूको **लिङ्गभङ्गः** = लिङ्गशरीर त्याग	**तु** = त **वेदोपवेदधर्माणाम्** = वेद, उपवेद र धर्मशास्त्रहरूको अनि	**इतिहासपुराणयोः** = इतिहास र पुराणहरूको पनि स्वरूप एवं तात्पर्य के हो

वाक्यार्थ— योगीहरूको ऐश्वर्य र गति के-कस्तो हुन्छ ? लिङ्गशरीर कुन प्रकारले भङ्ग हुन्छ ? वेद, उपवेद, धर्मशास्त्र, इतिहास र पुराणको स्वरूप र तात्पर्य के हो ?

सम्प्लवः सर्वभूतानां विक्रमः प्रतिसङ्क्रमः ।

इष्टापूर्तस्य काम्यानां त्रिवर्गस्य च यो विधिः ॥ २१ ॥

पदार्थ—

सर्वभूतानां = सम्पूर्ण प्राणीहरूको **सम्प्लवः** = उत्पत्ति **विक्रमः** = स्थिति र **प्रतिसङ्क्रमः** = प्रलय अनि	**इष्टापूर्तस्य** = इष्ट र पूर्तकर्मको **काम्यानां** = काम्यकर्महरूको **त्रिवर्गस्य च** = धर्म, अर्थ र कामको पनि **यः** = जुन	**विधिः** = विधि छ त्यो बताउनुहोस्

वाक्यार्थ— समस्त प्राणीहरूको उत्पत्ति, स्थिति र प्रलय कसरी हुन्छ ? इष्टकर्म र पूर्तकर्महरूको, काम्यकर्महरूको र धर्म, अर्थ र कामको पनि जुन विधि छ (त्यो बताउनुहोस्) ।

यश्चानुशायिनां सर्गः पाखण्डस्य च सम्भवः ।

आत्मनो बन्धमोक्षौ च व्यवस्थानं स्वरूपतः ॥ २२ ॥

पदार्थ—

यः = जुन **अनुशायिनां** = प्रलयलीन प्राणीहरूको **सर्गः** = उत्पत्ति र	**पाखण्डस्य च** = पाखण्डको पनि **सम्भवः** = उत्पत्ति हुन्छ, त्यसै गरी **आत्मनः** = आत्माको	**बन्धमोक्षौ** = बन्धन र मोक्ष पनि **स्वरूपतः** = आफ्नो स्वरूपमा **व्यवस्थानं** = अवस्थिति पनि कसरी हुन्छ

वाक्यार्थ— प्रलयका समयमा जुन जीवहरू प्रकृतिमा लीन हुन्छन् उनीहरूको उत्पत्ति कसरी हुन्छ ? आत्माको बन्ध र मोक्षको स्वरूप के हो ? ऊ आफ्नो स्वरूपमा कसरी स्थित हुन्छ ?

यथात्मतन्त्रो भगवान् विक्रीडत्यात्ममायया ।

विसृज्य वा यथा मायामुदास्ते साक्षिवद्विभुः ॥ २३ ॥

पदार्थ—

आत्मतन्त्रः = स्वतन्त्र	**विभुः** = सर्वव्यापक	**भगवान्** = श्रीहरि

आत्ममायया = आफ्नो मायाद्वारा	**वा** = अथवा	**यथा** = जसरी
यथा = जसरी	**मायाम्** = मायालाई	**उदास्ते** = उदासीन रहनुहुन्छ (त्यो बताउनुहोस्)
विक्रीडति = क्रीडा गर्नुहुन्छ	**विसृज्य** = छोडेर	
	साक्षिवत् = साक्षी जस्तै	

वाक्यार्थ— परमस्वतन्त्र भगवान् आफ्नो मायालाई स्वीकार गरेर कुन प्रकारले क्रीडा गर्नुहुन्छ र त्यसलाई छोडेर साक्षीसमान उदासीन कसरी हुनुहुन्छ ? यस विषयमा बताउनुहोस्।

सर्वमेतच्च भगवन् पृच्छतो मेऽनुपूर्वशः।
तत्त्वतोऽर्हस्युदाहर्तुं प्रपन्नाय महामुने॥ २४॥

पदार्थ—

महामुने = महामुनि	**प्रपन्नाय** = शरणागत र	**तत्त्वतः** = तात्त्विकरूपले
भगवन् = हे शुकदेवजी	**पृच्छतः** = प्रश्न गरिरहेको	**उदाहर्तुं** = निरूपण गर्न
एतत् च सर्वम् = यी सोधिएका सबै कुराहरू	**मे** = मलाई	**अर्हसि** = तपाईं मात्र योग्य हुनुहुन्छ
	अनुपूर्वशः = क्रमशः	

वाक्यार्थ— हे महामुनि शुकदेवजी ! म यी सब कुराहरू तपाईंसँग नै सोध्दछु। म तपाईंको शरणमा छु। तपाईं कृपा गरेर क्रमशः यी वस्तुहरूको तात्त्विक निरूपण गर्नुहोस्।

अत्र प्रमाणं हि भवान् परमेष्ठी यथाऽऽत्मभूः।
अपरे चानुतिष्ठन्ति पूर्वेषां पूर्वजैः कृतम्॥ २५॥

पदार्थ—

अत्र = यी सम्पूर्ण विषयमा	**भवान्** = तपाईं	**पूर्वेषां पूर्वजैः** = पिता पुर्खाको परम्पराबाट
यथा = जसरी	**प्रमाणं** = प्रमाण हुनुहुन्छ	**कृतम्** = गरिएको नै
आत्मभूः = स्वयम्भू	**इह** = यस संसारमा	**अनुतिष्ठन्ति** = देखासिकी गर्दछन्
परमेष्ठी = ब्रह्माजी हुनुहुन्छ त्यसै गरी	**अपरे च** = अरू मनुष्यहरू त	

वाक्यार्थ— यस विषयमा तपाईं स्वयम्भू ब्रह्मासरह प्रमाण हुनुहुन्छ। अरू मनुष्यहरू त आफ्नो पितापुर्खाबाट गरिएका कामको नै देखासिकी गर्दछन्।

न मेऽसवः परायन्ति ब्रह्मन्ननशनादमी।
पिबतोऽच्युतपीयूषमन्यत्रकुपिताद् द्विजात् २६॥

पदार्थ—

ब्रह्मन् = हे शुकदेवजी		

अच्युतपीयूषं = भगवत्कथामृतलाई	**अमी** = यी	**अन्यत्र** = बोहक
पिबतः = पिउँदै गरेको	**असवः** = प्राणहरू	**अनशनात्** = निराहारबाट
मे = मेरो	**कुपिताद्** = रिसाएका	**न परायन्ति**= निक्लदैनन्
	द्विजात् = ब्राह्मणको श्रापभन्दा	

वाक्यार्थ— ब्रह्मन् ! तपाईं मेरो भोकको र तिर्खाको चिन्ता नगर्नुहोस्। मेरो प्राण कुपित ब्राह्मणको श्रापदेखि अतिरिक्त कुनै पनि कारणबाट निक्लन सक्तैनन्। किनभने म तपाईंको मुखारविन्दबाट निक्लेको भगवान्को अमृतमय लीलाकथाको पान गरिरहेको छु।

सूत उवाच (सूतजीले भन्नुभयो)

स उपामन्त्रितो राज्ञा कथायामिति सत्पतेः।
ब्रह्मरातो भृशं प्रीतो विष्णुरातेन संसदि ॥ २७ ॥

पदार्थ—

राज्ञा = राजा	**कथायाम्** = कथामा	**भृशं** = अत्यन्त
विष्णुरातेन = परीक्षित्द्वारा	**इति** = यसरी	**प्रीतः** = प्रसन्न हुनुभयो
संसदि = सज्जनसभामा	**उपामन्त्रितः** = प्रार्थित हुनुभएका	
सत्पतेः = सत्पुरुषका स्वामी भगवान्को	**सः** = उहाँ	
	ब्रह्मरातः = शुकदेवजी	

वाक्यार्थ— जब राजा परीक्षित्ले सन्तहरूको सभामा भगवान्को लीलाकथा श्रवण गराउनको लागि यसप्रकार प्रार्थना गर्नुभयो तब श्रीशुकदेवजीलाई ठुलो प्रसन्नताको अनुभव भयो।

प्राह भागवतं नाम पुराणं ब्रह्मसम्मितम्।
ब्रह्मणे भगवत्प्रोक्तं ब्रह्मकल्प उपागते ॥ २८ ॥

पदार्थ—

ब्रह्मकल्पे = ब्रह्मकल्प	**भगवत्प्रोक्तं** = भगवान्ले बताउनुभएको	**ब्रह्मसम्मितम्** = वेदतुल्य
उपागते = सुरु भएपछि		**पुराणं** = पुराण
ब्रह्मणे = ब्रह्मालाई	**भागवतं नाम** = भागवत नामको	**प्राह** = बताउनुभयो

वाक्यार्थ— शुकदेवले राजा परीक्षित्लाई त्यही वेदतुल्य श्रीमद्भागवतमहापुराण सुनाउनुभयो जुन ब्रह्मकल्पको आरम्भमा स्वयं भगवान्ले ब्रह्माजीलाई सुनाउनुभएको थियो।

यद् यत् परीक्षिदृषभः पाण्डूनामनुपृच्छति।
आनुपूर्व्येण तत्सर्वमाख्यातुमुपचक्रमे ॥ २९ ॥

पदार्थ—

पाण्डूनाम् = पाण्डुकुलका	**अनुपृच्छति** = प्रश्न गर्नुभयो	**उपचक्रमे** = थाल्नुभयो
ऋषभः = श्रेष्ठ	**तत्सर्वम्** = ती सबै कुराहरू	
परीक्षित् = राजा परीक्षित्ले	**आनुपूर्व्येण** = क्रमशः	
यत् यत् = जुनजुन	**आख्यातुम्** = बताउन	

वाक्यार्थ— पाण्डववंशशिरोमणि परीक्षित्ले भगवान् शुकदेवलाई जुनजुन प्रश्न गर्नुभयो उहाँले ती प्रश्नहरूको क्रमशः उत्तर दिन लाग्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे

प्रश्नविधिर्नामाष्टमोऽध्यायः॥ ८॥

अथ नवमोऽध्यायः

ब्रह्माजीद्वारा भगवान्‌को धामको दर्शन र भगवान्‌द्वारा उहाँलाई चतुःश्लोकी भागवतको उपदेश

श्रीशुक उवाच (शुकजीले भन्नुभयो)

आत्ममायामृते राजन् परस्यानुभवात्मनः ।
न घटेतार्थसम्बन्धः स्वप्नद्रष्टुरिवाञ्जसा ॥ १ ॥

पदार्थ–

राजन् = हे राजा परीक्षित्	**अनुभवात्मनः** = अनुभवरूप जीवको	**स्वप्नद्रष्टुः** = स्वप्नद्रष्टा पुरुषको अज्ञान नभईकन स्वाप्निक देहादिका साथ सम्बन्ध बन्न नसकेको
आत्ममायाम् = भगवान्‌को माया	**अर्थसम्बन्धः** = दृश्य देहादिका साथ सम्बन्ध	**इव** = जस्तै गरी
ऋते = विना	**अञ्जसा** = वस्तुतः	
परस्य = देहादिव्यतिरिक्त	**न घटेत** = घट्न सक्दैन	

वाक्यार्थ– हे राजा परीक्षित् ! जसरी स्वप्नमा देखिएका पदार्थहरूका साथ स्वप्नद्रष्टाको कुनै सम्बन्ध छैन त्यसै गरी देहादिदेखि अतिरिक्त अनुभवस्वरूप आत्माको मायाको अभावमा दृश्य पदार्थहरूका साथ कुनै सम्बन्ध बन्न सक्दैन।

बहुरूप इवाभाति मायया बहुरूपया ।
रममाणो गुणेष्वस्या ममाहमिति मन्यते ॥ २ ॥

पदार्थ–

बहुरूपया = विविध रूपवाली	**आभाति** = प्रतीत हुन्छ	**मम अहम् इति** = शरीरमा अहं बुद्धि र शरीरादिमा मम बुद्धि
मायया = मायाको कारण (यो जीवात्मा)	**अस्याः** = यो मायाको	**मन्यते** = गर्न लाग्दछ
बहुरूपः इव = विविध रूपवालाजस्तो	**गुणेषु** = गुणहरूमा	
	रममाणः = रमण गर्दै	

वाक्यार्थ– विविध रूपवाली मायाको कारण यो विविध रूपप्रपञ्च प्रतीत भइरहेको छ। जब जीव मायाका गुणहरूमा रमाउन लाग्दछ तब यो म हुँ र यो मेरो हो भन्न लाग्दछ।

यर्हि वाव महिम्नि स्वे परस्मिन् कालमाययोः ।

रमेत गतसम्मोहस्त्यक्त्वोदास्ते तदोभयम् ॥ ३ ॥

पदार्थ—

यर्हि = जुन समयमा	**स्वे** = आफ्नै	**उभयम्** = अहंभाव र ममभावलाई
कालमाययोः = प्रकृतिका गुणहरूमा क्षोभ उत्पन्न गर्ने काल र मोह उत्पन्न गर्ने मायादेखि	**महिम्नि** = परमार्थ स्वरूपमा	**त्यक्त्वा** = छाडेर
परस्मिन् = पर रहेको	**रमेत** = रमाउन लाग्दछ	**उदास्ते** = आफ्नो पूर्णरूपले अवस्थित हुन्छ
	तदा = त्यस समयमा	
	गतसम्मोहः = मोहले रहित भएर	

वाक्यार्थ— जीवात्मा जब गुणहरूमा क्षोभ उत्पन्न गर्ने काल र मोहलाई उत्पन्न गर्ने मायादेखि पर आफ्नो अनन्तस्वरूपमा मोहरहित भएर रमण गर्न लाग्दछ तब म र मेरो भावलाई छोडेर पूर्णरूपले आफ्नो गुणातीत स्वरूपलाई प्राप्त गर्दछ।

आत्मतत्त्वविशुद्ध्यर्थं यदाह भगवानृतम् ।
ब्रह्मणे दर्शयन् रूपमव्यलीकव्रतादृतः ॥ ४ ॥

पदार्थ—

अव्यलीकव्रतादृतः = ब्रह्माजीको निष्कपट आराधनाबाट प्रसन्न हुनुभएका	**रूपम्** = रूपलाई	**ब्रह्मणे** = ब्रह्माजीलाई
भगवान् = भगवान् नारायणले	**दर्शयन्** = देखाउँदै	**यत् आह** = जुन कुराको उपदेश दिनुभएको थियो (त्यही कुरा म अहिले तपाईंलाई सुनाउँछु)
ऋतम् = सत्य	**आत्मतत्त्वविशुद्ध्यर्थं** = आत्मतत्त्वको ज्ञान गराउनका लागि	

वाक्यार्थ— ब्रह्माजीको निष्कपट तपस्याबाट प्रसन्न भएर भगवान्ले उहाँलाई आफ्नो रूपको दर्शन गराउनुभयो। आत्मतत्त्वको ज्ञानका लागि उहाँलाई जुन कुराको उपदेश दिनु भएको थियो त्यही कुरा म तपाईंलाई सुनाउँदैछु।

स आदिदेवो जगतां परो गुरुः
स्वधिष्ण्यमास्थाय सिसृक्षयैक्षत ।
तां नाध्यगच्छद् दृशमत्र सम्मतां
प्रपञ्चनिर्माणविधिर्यया भवेत् ॥ ५ ॥

पदार्थ—

स = उहाँ	**जगतां** = तीनै लोकका	**गुरुः** = गुरु
आदिदेवः = आदिदेव ब्रह्माजी	**परः** = परम	

स्वधिष्ण्यम्= आफ्नो जन्मस्थान कमलमाथि
आस्थाय = बसेर
सिसृक्षया = जगत्को सृष्टि गर्ने इच्छाले
ऐक्षत = संसारको सृष्टि कसरी गर्ने भन्ने कुराको विचार गर्नुभयो (यसप्रकार धेरै समयसम्म विचार गर्दा पनि)
यया = जुन प्रज्ञाद्वारा
प्रपञ्चनिर्माणविधिः = प्रपञ्चको निर्माण गर्ने विधि
भवेत् = जान्न सकियोस्
अत्र = प्रपञ्चको सृष्टिको विषयमा
तां = त्यो
सम्मतां = योग्य
दृशम् = प्रज्ञालाई
न अध्यगच्छत् = प्राप्त गर्न सक्नुभएन

वाक्यार्थ— तीनै लोकका परमगुरु आदिदेव ब्रह्माजी आफ्नो जन्मस्थान कमलमा बसेर सृष्टि गर्ने इच्छाले विचार गर्न लाग्नुभयो। परन्तु जुन ज्ञानदृष्टिबाट सृष्टिको निर्माण हुन सक्दथ्यो, जुन दृष्टि सृष्टिव्यापारका लागि वाञ्छनीय थियो, त्यो दृष्टि उहाँलाई प्राप्त भएन।

स चिन्तयन् द्व्यक्षरमेकदाम्भ-
स्युपाशृणोद् द्विर्गदितं वचो विभुः।
स्पर्शेषु यत्षोडशमेकविंशं
निष्किञ्चनानां नृप यद्धनं विदुः॥ ६॥

पदार्थ—

नृप = हे राजा
सः = ती
विभुः = व्यापक ब्रह्माजी
चिन्तयन् = प्रजाप्राप्तिको उपाय विचार गर्दै
एकदा = एक दिन
द्व्यक्षरम् = दुई अक्षरले बनेको र
द्विर्गदितं = दुई पटक भनिएको
वचः = वाणी
अम्भसि = जलमा
उपाशृणोत् = नजिकमा सुन्नुभयो (त्यो वाणी)
स्पर्शेषु = स्पर्शसंज्ञक वर्णमा
यत्षोडशम् = जुन सोह्रौं तकार र
एकविंशं = जुन एक्काईसौं पकार थियो
(त्वं तप, तप अर्थात् तिमी तपस्या गर, तपस्या गर भन्ने वाणी थियो)
यत् = जुन तपस्या
निष्किञ्चनानां = तपस्वीहरूको
धनं = धन हो भनेर
विदुः = विद्वान्हरू जान्दछन्

वाक्यार्थ— हे राजा ! एकदिन ब्रह्माजी विचारमा निमग्न हुनुहुन्थ्यो, प्रलयको समुद्रमा उहाँले व्यञ्जनको सोह्रौं र एक्काइसौं अक्षर "तप, तप" भन्ने दुई पटक सुन्नुभयो। महात्माहरू तपस्यालाई त्यागीहरूको धन ठान्दछन्।

निशम्य तद्वक्तृदिदृक्षया दिशो
विलोक्य तत्रान्यदपश्यमानः।

स्वधिष्ण्यमास्थाय विमृश्य तद्धितं
तपस्युपादिष्ट इवादधे मनः ॥ ७ ॥

पदार्थ—

निशम्य = "तप, तप" भन्ने यो वाणीलाई सुनेर	**अन्यत्** = अरू कुनै वस्तु	**तद्धितं** = त्यस तपस्याको आचरणलाई आफ्नो हितकारक
तद्वक्तृदिदृक्षया = त्यस वाणीका वक्तालाई हेर्ने इच्छाले	**अपश्यमानः** = नदेखेर	**विमृश्य** = ठानेर
दिशः = चारै दिशाहरूतिर	**स्वधिष्ण्यमास्थाय** = फेरि फर्केर आफ्नै जन्मस्थान कमलमा बसेर	**तपसि** = तपस्यामा
विलोक्य = हेरेर	**उपादिष्टः इव** = कसैले आफूलाई प्रत्यक्षरूपमा नियुक्त गरेकोजस्तो ठानेर	**मनः** = मनलाई
तत्र = ती दिशाहरूमा		**आदधे** = लगाउनुभयो

वाक्यार्थ— "तप, तप" भन्ने यस वाणीलाई सुनेर ब्रह्माजीले वक्तालाई हेर्ने इच्छाले चारैतिर हेर्नुभयो। परन्तु त्यहाँ उहाँले कुनै अर्को व्यक्तिलाई देख्नुभएन। उहाँ आफ्नो कमलमा आएर बस्नुभयो र मलाई तपस्या गर्ने आज्ञा मिलेको छ भनेर र त्यसैमा आफ्नो हित सम्झेर आफ्नो मन तपस्यामा लगाउनुभयो।

दिव्यं सहस्राब्दममोघदर्शनो
जितानिलात्मा विजितोभयेन्द्रियः।
अतप्यत स्माखिललोकतापनं
तपस्तपीयांस्तपतां समाहितः ॥ ८ ॥

पदार्थ—

अमोघदर्शनः = अमोघ ज्ञान भएका	**तपतां** = तपस्वीहरूमध्ये	**अखिललोकतापनं** = सम्पूर्ण लोकहरूलाई प्रकाशित गर्न समर्थ
जितानिलात्मा = प्राण र मनमाथि विजय प्राप्त गरेर	**तपीयान्** = अत्यन्त श्रेष्ठ तपस्वी ब्रह्माजीले	**तपः** = तपस्या
विजितोभयेन्द्रियः = ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरूलाई वशमा गरेर	**समाहितः** = एकचित्त भएर	**अतप्यत स्म** = गर्नुभयो
	दिव्यं सहस्राब्दम् = एक हजार दिव्य वर्षपर्यन्त	

वाक्यार्थ— ब्रह्माजी तपस्वीहरूमा सबभन्दा ठुला तपस्वी हुनुहुन्छ। उहाँको ज्ञान अमोघ छ। उहाँले त्यस समय एक हजार दिव्यवर्षपर्यन्त एकाग्रचित्तले आफ्नो प्राण, मन, कर्मेन्द्रिय, ज्ञानेन्द्रियहरूलाई वशमा गरेर यसप्रकारको तपस्या गर्नुभयो जसबाट उहाँ समस्त लोकहरूलाई प्रकाशित गर्न समर्थ हुनुभयो।

तस्मै स्वलोकं भगवान् सभाजितः
सन्दर्शयामास परं न यत्परम्।
व्यपेतसङ्क्लेशविमोहसाध्वसं
स्वदृष्टवद्भिर्विबुधैरभिष्टुतम्॥ ९॥

पदार्थ—

सभाजितः = ब्रह्माजीले तपस्याद्वारा आराधना गरिएका	**स्वदृष्टवद्भिः** = प्रशस्त पुण्य भएका	**परं** = उत्कृष्ट
भगवान् = भगवान् नारायणले	**विबुधैः** = देवताहरूद्वारा	**स्वलोकं** = आफ्नो वैकुण्ठ लोकलाई
व्यपेतसङ्क्लेशविमोहसाध्वसं = क्लेश, मोह र भयले रहित भएको	**अभिष्टुतम्** = बारम्बार प्रशंसा गरिएका	**तस्मै** = ती ब्रह्माजीलाई
	न यत्परम् = जुन लोकभन्दा श्रेष्ठ अरू कुनै लोक नभएको	**सन्दर्शयामास** = देखाउनुभयो

वाक्यार्थ— उहाँको तपस्याबाट प्रसन्न भएर उहाँलाई त्यो लोक देखाउनुभयो जुन सर्वश्रेष्ठ छ, त्यसभन्दा ठुलो अर्को कुनै लोक छैन। त्यस लोकमा कुनै प्रकारको क्लेश, भय र मोह छैन। प्रशस्त पुण्य भएका देवताहरूत्यसै लोकको प्रशंसा गरिरहन्छन्।

प्रवर्तते यत्र रजस्तमस्तयोः
सत्त्वं च मिश्रं न च कालविक्रमः।
न यत्र माया किमुतापरे हरे-
रनुव्रता यत्र सुरासुरार्चिताः॥ १०॥

पदार्थ—

यत्र = जुन वैकुण्ठमा	**न** = छैन अर्थात् केवल शुद्धसत्त्वगुणमात्र छ त्यहाँ	**यत्र** = जुन वैकुण्ठमा
रजः = रजोगुण र	**कालविक्रमः** = कालको प्रभाव पनि छैन	**सुरासुरार्चिताः** = इन्द्र आदि देवताहरू र प्रह्लाद आदि असुरहरूद्वारा पूजा गरिएका
तमः = तमोगुण	**यत्र** = जुन वैकुण्ठमा	**हरेः** = भगवान् नारायणका पार्षद र भक्तहरू
च = पनि	**माया** = कारणभूत माया नै छैन	**अनुव्रताः** = विहार गर्दछन्
न प्रवर्तते = छैनन्	**अपरे** = मायाका कार्य राग, लोभ आदि	
तयोः = ती रजोगुण र तमोगुणले	**किम् उत** = हुने प्रसङ्गै भएन	
मिश्रं = मिलेको		
सत्त्वं च = सत्त्वगुण पनि		

वाक्यार्थ– त्यहाँ रजोगुण, तमोगुण तथा ती दुई गुण मिलेको सत्त्वगुण पनि छैन। त्यहाँ कालको पनि प्रभाव छैन, त्यस लोकमा जब माया नै छैन भने मायाको कार्य हुने प्रसङ्ग नै छैन। त्यहाँ भगवान्का पार्षदहरू निवास गर्दछन्। जसको पूजन देवता र दानव दुबैले गर्दछन्।

श्यामावदाताः शतपत्रलोचनाः
पिशङ्गवस्त्राः सुरुचः सुपेशसः।
सर्वे चतुर्बाहव उन्मिषन्मणि–
प्रवेकनिष्काभरणाः सुवर्चसः॥
प्रवालवैदूर्यमृणालवर्चसः
परिस्फुरत्कुण्डलमौलिमालिनः॥ ११॥
भ्राजिष्णुभिर्यः परितो विराजते
लसद्विमानावलिभिर्महात्मनाम्।
विद्योतमानः प्रमदोत्तमाद्युभिः
सविद्युदभ्रावलिभिर्यथा नभः॥ १२॥

पदार्थ–

(ती पार्षदहरू)
श्यामावदाताः = श्याम वर्णका र स्वच्छ छन्
शतपत्रलोचनाः = शतदल कमलझैँ कोमल नेत्र भएका
पिशङ्गवस्त्राः = पहेँलो रङ्गको वस्त्र धारण गरेका
सुरुचः = अत्यन्त सुन्दर
सुपेशसः = अत्यन्त सुकुमार
सर्वे = ती सबै
चतुर्बाहवः = चार भुजावाला
उन्मिषन्मणिप्रवेकनिष्काभरणाः = मणि जडित सुवर्णको प्रभामय आभूषण धारण गरेका
सुवर्चसः = अत्यन्त तेजस्वी
प्रवालवैदूर्यमृणालवर्चसः = मुगा, वैदुर्यमणि र कमलको उज्ज्वल तन्तुसमान कान्ति भएका
परिस्फुरत्कुण्डलमौलिमालिनः = कानमा कुण्डल, मस्तकमा मुकुट र घाँटीमा माला धारण गरेका
यथा = जसरी
नभः = आकाश
सविद्युदभ्रावलिभिः = विजुली सहित बादलद्वारा
विराजते = सुशोभित हुन्छ (त्यसै गरी)
यः = जुन वैकुण्ठ
भ्राजिष्णुभिः = देदीप्यमान
महात्मनाम् = महात्माहरूको
लसद्विमानावलिभिः = देदीप्यमान विमानहरूको पंक्ति र
प्रमदोत्तमाद्युभिः = मनमोहक कामिनीहरूको कान्तिद्वारा
परितः = चारैतिर
विद्योतमानः = शोभायमान छ

वाक्यार्थ– त्यहाँ निवास गर्ने पार्षदहरू उज्ज्वल आभाले युक्त भएको श्यामशरीर, शतदलकमल समान कोमल नेत्र र पहेँलो रङ्गको वस्त्रले शोभायमान छन्। उनीहरूको प्रत्येक अङ्गबाट सौन्दर्यको तेज निक्लिरहेको छ, उनीहरू कोमलताका मूर्ति नै छन्। सबैका चार भुजाहरू छन्। उनीहरू स्वयं अत्यन्त तेजस्वी छन्। उनीहरूले मणिजडित सुवर्णको प्रभामय आभूषण धारण गरेका छन्। उनीहरूको कान्ति मुगा, वैदूर्यमणि र कमलको उज्ज्वल तन्तुसमान छ। उनीहरूको कानमा कुण्डल, मस्तकमा मुकुट र घाँटीमा मालाहरू शोभायमान छन्। जसरी आकाश बिजुलीसहित मेघद्वारा शोभायमान हुन्छ, त्यसै गरी त्यो लोक मनोहर कामिनीहरूको कान्ति र महात्माहरूको दिव्यतेजोमय विमानद्वारा चारैतिर सुशोभित छन्।

श्रीर्यत्र रूपिण्युरुगायपादयोः
करोति मानं बहुधा विभूतिभिः।
प्रेङ्खं श्रिता या कुसुमाकरानुगै-
र्विगीयमाना प्रियकर्म गायती॥ १३॥

पदार्थ–

यत्र = वैकुण्ठधाममा अत्यन्त सौन्दर्यले युक्त भएकी
श्रीः = लक्ष्मी
विभूतिभिः = आफ्ना सखीहरूका साथ अथवा वैभवका साथ
रूपिण्युरुगायपादयोः = भगवान् नारायणको पाउमा
बहुधा = धेरै प्रकारको
मानं = पूजा
करोति = गर्दछन्
या = जो लक्ष्मी
प्रेङ्खं श्रिता = फुलनभित्र बसेर
कुसुमाकरानुगैः = शुक, कोकिल र भमराहरूद्वारा
विगीयमाना = कीर्ति गाइएकी छिन् तापनि
प्रियकर्म = भगवान्को कीर्तिलाई
गायती = गाइरहेकी हुन्छिन्

वाक्यार्थ– त्यो वैकुण्ठलोकमा लक्ष्मी जो सुन्दर रूप धारण गरेर आफ्ना विविध विभूतिद्वारा भगवान्को चरणकमलको अनेक प्रकारले सेवा गर्नुहुन्छ। उहाँ फुलनभित्र बसेर आफ्ना प्रियतम भगवान्का लीलाहरूको गान गर्न थाल्नुहुन्छ। त्यहाँ उहाँको सौन्दर्य र सुगन्धबाट उन्मत्त भएर भमराहरू स्वयं लक्ष्मीको गुणगान गर्न लाग्दछन्।

ददर्श तत्राखिलसात्वतां पतिं
श्रियः पतिं यज्ञपतिं जगत्पतिम्।
सुनन्दनन्दप्रबलार्हणादिभिः
स्वपार्षदाग्रैः परिसेवितं विभुम्॥ १४॥

भृत्यप्रसादाभिमुखं दृगासवं
प्रसन्नहासारुणलोचनाननम् ।
किरीटिनं कुण्डलिनं चतुर्भुजं
पीतांशुकं वक्षसि लक्षितं श्रिया ॥ १५ ॥

अध्यर्हणीयासनमास्थितं परं
वृतं चतुःषोडशपञ्चशक्तिभिः ।
युक्तं भगैः स्वैरितरत्र चाध्रुवैः
स्व एव धामन् रममाणमीश्वरम् ॥ १६ ॥

पदार्थ—

तत्र = त्यो बैकुण्ठलोकमा (ब्रह्माजीले)
अखिलसात्वतां = सम्पूर्ण भक्तहरूका
पतिं = रक्षक
श्रियः = लक्ष्मीका
पतिं = पति
यज्ञपतिं = यज्ञका पति
जगत्पतिम् = विश्वका पति
सुनन्दनन्दप्रबलार्हणादिभिः = सनन्द, नन्द, प्रबल, अर्हण आदि
स्वपार्षदाग्रैः = आफ्ना पार्षदहरूद्वारा
परिसेवितं = सेवा गरिनुभएका
भृत्यप्रसादाभिमुखं = शरणागत भक्तहरूमाथि अनुग्रहको वर्षा गर्नका लागि तत्पर हुनुभएका
दृगासवं = अमृतजस्तै मोहक दृष्टिले युक्त
प्रसन्नहासारुणलोचनाननम् = प्रसन्नतामय मुस्कान र रक्तिम नेत्रद्वारा मुखमण्डल विभूषित हुनुभएका
किरीटिनं = मुकुटधारी
कुण्डलिनं = कानमा सुन्दर कुण्डल लगाउनुभएका
चतुर्भुजं = चार हातहरूले युक्त हुनुभएका
पीतांशुकं = पहेँलो रेशमी वस्त्र लगाउने
वक्षसि = वक्षःस्थलमा
श्रिया = सुनौलो रोमावलिले
लक्षितं = अलङ्कृत हुनुभएका (भगवान्लाई देख्नुभयो)
परं = सर्वश्रेष्ठ
अध्यर्हणीयासनम् = बहुमूल्य रत्नमय आसनमा
आस्थितं = रहनुभएका
चतुःषोडशपञ्चशक्तिभिः = प्रकृति पुरुष इत्यादि पच्चीस तत्त्वहरूद्वारा
वृतं = सेवित हुनुभएका
इतरत्र च = ब्रह्मादेखि समस्त जीवमात्रमा पनि
अध्रुवैः = सधैँ नरहने
स्वैः = आफ्ना
भगैः = ऐश्वर्य, धर्म इत्यादि छ ऐश्वर्यद्वारा
युक्तं = युक्त हुनुभएका
स्वे एव धामन् = आफ्नो नित्यानन्द स्वरूपमा नै
रममाणम् = रमण गरिरहने
ईश्वरम् = परमात्मालाई
ददर्श = देख्नुभयो

वाक्यार्थ– त्यसे दिव्यलोकमा समस्त भक्तहरूका रक्षक, लक्ष्मीपति, यज्ञपति र विश्वपति भगवान् विराजमान हुनुहुन्छ। सुनन्द, नन्द, प्रबल, अर्हण आदि मुख्य-मुख्य पार्षदगण उहाँको सेवा गरिरहेका छन्। उहाँको मुखकमल मधुर मुस्कानले युक्त छ। आँखाहरू राता छन्। अत्यन्त मोहक र मधुर हेराइ छ। यस्तो प्रतीत हुन्छ कि उहाँ आफ्ना भक्तहरूलाई अहिले नै सर्वस्व प्रदान गर्नुहुन्छ। शिरमा मुकुट, कानमा कुण्डल, काँधमा पीताम्बर जगमगाइरहेको छ। उहाँका चार हातहरू छन्। उहाँको वक्षःस्थलमा एक सुनको रेखाको रूपमा लक्ष्मीजी निवास गर्नुहुन्छ। उहाँ एक सर्वोत्तम र बहुमूल्य आसनमा विराजमान हुनुहुन्छ। पुरुष, प्रकृति, महत्तत्त्व, अहङ्कार, मन, दश इन्द्रिय, शब्दादि पञ्चतन्मात्रा र पञ्चमहाभूत चारैतिर खडा छन्। समग्र ऐश्वर्य, धर्म, कीर्ति, श्री, ज्ञान र वैराग्य यी छ नित्यसिद्धस्वरूपभूत शक्तिहरूले उहाँ सधैँ युक्त हुनुहुन्छ। उहाँलाई छोडेर अरू कसैमा पनि ती शक्तिहरू नित्य निवास गर्दैनन्। उहाँ सर्वेश्वर प्रभु आफ्नो नित्य, आनन्दमय स्वरूपमा नै नित्य-निरन्तर निमग्न रहनुहुन्छ।

तद्दर्शनाह्लादपरिप्लुतान्तरो
हृष्यत्तनुः प्रेमभराश्रुलोचनः।
ननाम पादाम्बुजमस्य विश्वसृग्
यत्पारमहंस्येन पथाधिगम्यते॥ १७॥

पदार्थ–

तद्दर्शनाह्लादपरिप्लुतान्तरः = भगवद्दर्शनबाट उत्पन्न भएको परमानन्दले हृदय पग्लिएका
हृष्यत्तनुः = रोमाञ्चित शरीर भएका
प्रेमभराश्रुलोचनः = प्रेमको आधिक्यले आँखाभरि आँसु भरिएका
विश्वसृक् = ब्रह्माजीले
पारमहंस्येन = परमहंसहरूद्वारा अबलम्बन गरिएको
यत् = जुन चरणकमल
पथा = निवृत्तिमार्गद्वारा
अधिगम्यते = प्राप्त गर्न सकिन्छ
अस्य = भगवान्को
पादाम्बुजम् = त्यही चरणकमललाई
ननाम = दण्डवत् प्रणाम गर्नुभयो

वाक्यार्थ– उहाँको दर्शन गर्नेबित्तिकै ब्रह्माजीको हृदय आनन्दको उद्रेकले भरियो। शरीर पुलकित भयो, आँखाबाट प्रेमका आँसुहरू बगे। परमहंसहरूको निवृत्तिमार्गबाट प्राप्त हुने भगवान्का ती चरणकमलमा शिर झुकाएर उहाँले प्रणाम गर्नुभयो।

तं प्रीयमाणं समुपस्थितं कविं
प्रजाविसर्गे निजशासनार्हणम्।
बभाष ईषत्स्मितशोचिषा गिरा

प्रियः प्रियं प्रीतमनाः करे स्पृशन्॥ १८ ॥

पदार्थ–

प्रियः = परमप्रेमास्पद भगवान्ले त्यस समयमा	**समुपस्थितं** = शरणागत	**ईषत्स्मितशोचिषा** = मन्द मुस्कानले समुज्वल भएको
प्रजाविसर्गे = प्रजासृष्टिको लागि	**प्रियं** = अत्यन्त प्यारा	**गिरा** = वाणीले
निजशासनार्हणम् = आज्ञा दिन योग्य अनि	**तं** = ती	**बभाषे** = भन्नुभयो
प्रीयमाणं = दर्शनद्वारा प्रसन्न भएका र	**कविं** = ब्रह्माजीलाई (देखेर)	
	प्रीतमनाः = खुसी हुँदै	
	करे = हात	
	स्पृशन् = हात समातेर	

वाक्यार्थ– ब्रह्माजीका प्यारा भगवान् आफ्ना प्रिय ब्रह्माजीलाई प्रेम र दर्शनको आनन्दमा निमग्न, शरणागत तथा प्रजासृष्टिका लागि उपदेश दिन योग्य देखेर अत्यन्त प्रसन्न हुनुभयो। उहाँले ब्रह्माजीको हात समाउनुभयो र मन्दमुस्कानले समुज्वल भएको वाणीले भन्नुभयो।

श्रीभगवानुवाच (भगवान्ले भन्नुभयो)

त्वयाहं तोषितः सम्यग् वेदगर्भ सिसृक्षया।

चिरं भृतेन तपसा दुस्तोषः कूटयोगिनाम्॥ १९ ॥

पदार्थ–

वेदगर्भ = आफ्ना गर्भमा वेदलाई धारण गर्ने हे ब्रह्माजी !	**दुस्तोषः** = प्रसन्न गराउन नसकिने	**भृतेन** = गरिएको
कूटयोगिनाम् = मनमा कामना या कपट राखेर तपस्या गर्ने योगीहरूद्वारा	**अहं** = म	**तपसा** = तपस्याद्वारा
	त्वया = तपाईंले	**सम्यक्** = राम्रोसँग
	सिसृक्षया = सृष्टि गर्ने इच्छाले	**तोषितः** = प्रसन्न गराइएको छु
	चिरं = धेरै कालसम्म	

वाक्यार्थ– आफ्ना गर्भमा वेदलाई धारण गर्ने हे ब्रह्माजी ! मनमा कामना या कपट राखेर तपस्या गर्ने योगीहरूद्वारा प्रसन्न गराउन नसकिने म तपाईंले सृष्टि गर्ने इच्छाले धेरै कालसम्म गरिएको तपस्याद्वारा राम्रोसँग प्रसन्न गराइएको छु।

वरं वरय भद्रं ते वरेशं माभिवाञ्छितम्।

ब्रह्मञ्छ्रेयः परिश्रामः पुंसां मद्दर्शनावधिः॥ २० ॥

पदार्थ–

ब्रह्मन् = हे ब्रह्माजी	**मा** = मसँग	**वरं** = वर
वरेशं = वरदाता	**अभिवाञ्छितम्** = चाहिएको	**वरय** = माग्नुहोस्

(त्यसबाट)
ते = तपाईंको
भद्रं = कल्याण (हुनेछ)
पुंसां = पुरुषका लागि
श्रेयःपरिश्रामः = फल प्राप्तिका लागि जुन परिश्रम गरिन्छ (त्यो परिश्रम)
मद्दर्शनावधिः = मेरो दर्शन नहुन्जेलसम्ममात्र हो

वाक्यार्थ— हे ब्रह्माजी ! वरदाता मसँग चाहिएको वर माग्नुहोस्। त्यसबाट तपाईंको कल्याण हुनेछ। पुरुषका लागि फल प्राप्तिका लागि जुन परिश्रम गरिन्छ त्यो परिश्रम मेरो दर्शन नहुञ्जेलसम्ममात्र हो।

मनीषितानुभावोऽयं मम लोकावलोकनम्।
यदुपश्रुत्य रहसि चकर्थ परमं तपः॥ २१॥

पदार्थ—
मम = मेरो
लोकावलोकनम् = वैकुण्ठलोकको अवलोकन तपाईंले गर्नुभयो
अयं = यो
मनीषितानुभावः = ब्रह्माजीले मेरो वैकुण्ठलोकको दर्शन गरून् भन्ने सङ्कल्पको नै प्रभाव हो
यत् = किनभने
रहसि = एकान्त स्थलमा (तपः तप, तपस्या गर) भन्ने यस्तो वचनलाई
उपश्रुत्य = सुनेर
परमं = अत्यन्त कठोर
तपः = तपस्या
चकर्थ = गर्नुभयो

वाक्यार्थ— तपाईंले मलाई नदेखीकन प्रलयकालीन जलमा, एकान्तमा, मेरो वाणीलाई सुनेर यति ठुलो घोर तपस्या गर्नुभयो। मेरो इच्छाले नै तपाईंलाई मेरो लोकको दर्शन भएको हो।

प्रत्यादिष्टं मया तत्र त्वयि कर्मविमोहिते।
तपो मे हृदयं साक्षादात्माहं तपसोऽनघ॥ २२॥

पदार्थ—
तत्र = त्यस तपस्याका लागि प्रेरणा पनि
त्वयि = तपाईं
कर्मविमोहिते = सृष्टिरचनारूप कर्ममा मोहित हुनाले
मया = मैले
प्रत्यादिष्टं = तपाईंलाई तपस्या गर्नुहोस् भनेर आज्ञा दिएको हुँ
अनघ = हे ब्रह्माजी
तपः = तपस्या
मे = मेरो
हृदयं = हृदय हो
अहं = म
तपसः = तपस्याको
साक्षात् = साक्षात्
आत्मा = आत्मा अर्थात् स्वरूप हुँ

वाक्यार्थ— तपाईं त्यस समयमा सृष्टिरचनाको कर्म गर्नमा किंकर्तव्यविमूढ हुनुहुन्थ्यो। यसैले मैले तपाईंलाई तपस्या गर्ने आज्ञा दिएको हुँ। निष्पाप ब्रह्माजी ! तपस्या मेरो हृदय हो, म स्वयं तपस्याको आत्मा हुँ।

सृजामि तपसैवेदं ग्रसामि तपसा पुनः।
बिभर्मि तपसा विश्वं वीर्यं मे दुश्चरं तपः॥ २३॥

पदार्थ—

तपसा = तपस्याद्वारा	**तपसा**= तपस्याद्वारा	**दुश्चरं** = कठोर
एव = नै	**ग्रसामि** = संहार गर्छु	**तपः** = तपस्या नै
इदं = यो विश्वलाई	**तपसा** = तपस्याद्वारा नै	**मे** = मेरो
पुनः = बारम्बार	**विश्वं** = संसारलाई	**वीर्यं** = शक्ति हो
सृजामि = बनाउँछु	**बिभर्मि** = पालन गर्दछु	
पुनः = फेरि	(यसकारण)	

वाक्यार्थ— तपस्याद्वारा म यो संसारको सृष्टि गर्दछु। तपस्याद्वारा यसको धारण र पोषण गर्दछु। फेरि तपस्याद्वारा म यसलाई आफूमा लीन गर्दछु। कठोर तपस्या नै मेरो एक दुर्लङ्घ्य शक्ति हो।

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

भगवन् सर्वभूतानामध्यक्षोऽवस्थितो गुहाम्।
वेद ह्यप्रतिरुद्धेन प्रज्ञानेन चिकीर्षितम्॥ २४॥

पदार्थ—

भगवन् = हे भगवन् ! (तपाईं)	**अवस्थितः** = निवास गर्नुहुन्छ	**चिकीर्षितम्** = अरू सबैले र
सर्वभूतानाम् = सम्पूर्ण	(यसकारण)	मैले गर्न खोजेको कुरालाई
प्राणीहरूको	**अप्रतिरुद्धेन** = अप्रतिहत	**हि** = निश्चय नै
गुहाम् = बुद्धिरूपी गुफामा	**प्रज्ञानेन** = प्रकृष्ट ज्ञानद्वारा	**वेद** = जान्नुहुन्छ
अध्यक्षः = साक्षीरूपले		

वाक्यार्थ— तपाईं समस्त प्राणीहरूको बुद्धिरूपी गुफामा साक्षीरूपले विराजमान हुनुहुन्छ। अतः म के गर्न चाहन्छु भन्ने कुरा तपाईं आफ्नो अप्रतिहतज्ञानद्वारा जान्नुहुन्छ।

तथापि नाथमानस्य नाथ नाथय नाथितम्।
परावरे यथा रूपे जानीयां ते त्वरूपिणः॥ २५॥

पदार्थ—

तथापि = तैपनि	**नाथमानस्य** = आफूमा सृष्टि	**नाथय** = दिनुहोस् (म)
नाथ = हे नाथ	गर्ने सामर्थ्य आओस् भनेर	**अरूपिणः** = रूपरहित
	याचना गर्ने	**ते** = तपाईंको
	नाथितम् = मैले मागेको	**परावरे** = सूक्ष्म र स्थूल

रूपे = रूपलाई

यथा = यथावत्

जानीयां = जान्न सकूँ

वाक्यार्थ— हे नाथ ! तपाईंले कृपा गरेर म याचकको यो माग पूरा गर्नुहोस् कि म तपाईंको सगुण र निर्गुण दुबै रूपलाई जान्न सकूँ।

यथात्ममायायोगेन नानाशक्त्युपबृंहितम् ।
विलुम्पन् विसृजन् गृह्णन् बिभ्रदात्मानमात्मना ॥ २६ ॥
क्रीडस्यमोघसङ्कल्प ऊर्णनाभिर्यथोर्णुते ।
तथा तद्विषयां धेहि मनीषां मयि माधव ॥ २७ ॥

पदार्थ—

माधव = हे माधव

यथा = जसरी

ऊर्णनाभिः = माकुरो

उर्णुते = अरू कुनै वस्तुको सहारा नलिईकन एक्लै जालो बुन्छ (त्यसै गरी)

अमोघसङ्कल्प = अमोघसङ्कल्प हुनुभएका तपाईं

यथा = जसरी

आत्ममायायोगेन = आत्ममायारूप योगद्वारा

आत्मना = आफूद्वारा नै

आत्मानम् = ब्रह्मा आदिको रूप

गृह्णन् = धारण गरेर

नानाशक्त्युपबृंहितम् = विभिन्न शक्तिहरूले युक्त भएको संसारलाई

विसृजन् = सृष्टि गर्दै

बिभ्रत् = पालना गर्दै

विलुम्पन् = संहार गर्दै

क्रीडसि = क्रीडा गर्नुहुन्छ

तथा = त्यस्तो

तद्विषयां = तद्विषयक

मनीषां = यथार्थबुद्धि

मयि = ममा

धेहि = आधान गर्नुहोस्

वाक्यार्थ— तपाईं मायाको स्वामी हुनुहुन्छ। तपाईंको सङ्कल्प कहिल्यै पनि व्यर्थ हुँदैन। जसरी माकुरो आफ्नो मुखबाट जालो निकालेर त्यसमा क्रीडा गर्दछ, फेरि ऊ त्यस जालोलाई आफूमा नै लीन गर्दछ। त्यसै गरी तपाईं पनि आफ्नो मायाको आश्रय लिएर यो विविध शक्तिसम्पन्न जगत्को उत्पत्ति, पालन र संहार गर्नका लागि आफैंलाई अनेक रूपमा बनाएर क्रीडा गर्नुहुन्छ। यसप्रकार संसारको सृष्टि तपाईं कसरी गर्नुहुन्छ त्यस मर्मलाई जान्ने किसिमको ज्ञान मलाई दिनुहोस्।

भगवच्छिक्षितमहं करवाणि ह्यतन्द्रितः ।
नेहमानः प्रजासर्गं बध्येयं यदनुग्रहात् ॥ २८ ॥

पदार्थ—

भगवच्छिक्षितम् = तपाईंको आज्ञा अनुसार

अहं = म

प्रजासर्गं = प्रजाहरूको सृष्टि

अतन्द्रितः = उत्साहपूर्वक

हि = निश्चय नै

करवाणि = गर्नेछु

यदनुग्रहात् = तपाईंको कृपाद्वारा

प्रजासर्गं = प्रजाहरूको सृष्टि

ईहमानः = गर्दाखेरी

न बध्येयं = कर्तापनको अभिमानले नबाधिऊँ

वाक्यार्थ— तपाईं ममाथि यस्तो कृपा गर्नुहोस् कि उत्साहपूर्वक सावधान भएर तपाईंको आज्ञाको पालन गर्न सकूँ। सृष्टिरचना गर्दाखेरि कर्तापन आदिको अभिमानबाट म बन्धनमा नपरूँ।

यावत्सखा सख्युरिवेश ते कृतः
प्रजाविसर्गे विभजामि भो जनम्।
अविक्लवस्ते परिकर्मणि स्थितो
मा मे समुन्नद्धमदोऽजमानिनः॥ २९॥

पदार्थ—

भो ईश = हे ईश्वर
ते = तपाईंले
सख्युः = लौकिक साथीको
सखा इव= साथीझैं गरेर
कृतः = मेरो सत्कार गर्नुभयो
प्रजाविसर्गे = प्रजाको सृष्टिरूप
ते = तपाईंको
परिकर्मणि = सेवामा
स्थितः = रहेर पनि
अविक्लवः = साबधान भएर
यावत् = जब म
जनम् = उत्तम मध्यम र अधम खालका मानिसको
विभजामि = सृष्टि गर्दछु (त्यस समयमा)
ओजमानिनः = म स्वतन्त्र छु भन्ने
मे = मेरो
मदः = घमण्डले
मा समुन्नद्धम् = स्पर्श नगरोस्

वाक्यार्थ— प्रभो ! एउटा मित्रले जस्तो मेरो हात समातेर मलाई आफ्नो मित्रको रूपमा स्वीकार गर्नुभएको छ। जब म तपाईंको सेवाकार्य सृष्टिरचनामा संलग्न हुन्छु। सावधान भएर पूर्वसृष्टिको गुण र कर्मको अनुसार जीवहरूको विभाजन गर्न लाग्दा मलाई म यस सृष्टिको स्वतन्त्र कर्ता हुँ भन्ने अभिमानले स्पर्श नगरोस्।

श्रीभगवानुवाच (**भगवान्ले भन्नुभयो**)
ज्ञानं परमगुह्यं मे यद्विज्ञानसमन्वितम्।
सरहस्यं तदङ्गं च गृहाण गदितं मया॥ ३०॥

पदार्थ—

विज्ञानसमन्वितम् = अनुभवले सहित
सरहस्यं = प्रेमाभक्तिले युक्त भएको
तदङ्गं = साधनले युक्त भएको
परमगुह्यं = अत्यन्त गोप्य
मे = मेरो
यत् = जुन
ज्ञानं = ज्ञान छ
मया = मद्वारा
गदितं = भनिएको (त्यो ज्ञान)
गृहाण = ग्रहण गर्नुहोस्

वाक्यार्थ— ब्रह्माजी ! म तपाईंलाई अनुभव, प्रेमाभक्ति र साधनले युक्त अत्यन्त गोपनीय आफ्नो स्वरूपको ज्ञान बताउँदैछु। तपाईं त्यसलाई ग्रहण गर्नुहोस्।

यावानहं यथाभावो यद्रूपगुणकर्मकः।
तथैव तत्त्वविज्ञानमस्तु ते मदनुग्रहात्॥ ३१॥

पदार्थ—

अहं = म	**यद्रूपगुणकर्मकः** =	**तथा एव** = त्यही-त्यही प्रकारले
यावान् = स्वरूपले जुन	श्यामचतुर्भुजत्वादि रूप,	**तत्त्वविज्ञानम्** = तत्त्वको ज्ञान
परिमाणवाला छु	भक्तवात्सल्यादि गुण, पूतनावध	**मदनुग्रहात्** = मेरो अनुग्रहबाट
यथाभावः = मेरो जस्तो लक्षण	गोवर्धनधारण आदि जुन कर्म	**ते** = तपाईंलाई
छ	छन्	**अस्तु** = होस्

वाक्यार्थ— मेरो जति विस्तार छ, मेरो जुन लक्षण छ, मेरा जति र जस्ता रूप, गुण र लीलाहरू छन् मेरो कृपाले तपाईं तिनीहरूको तत्त्व ठिकठिक त्यस्तै नै जान्नुहोस्।

अहमेवासमेवाग्रे नान्यद्यत्सदसत्परम्।
पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम्॥ ३२॥

पदार्थ—

अग्रे = सृष्टि हुनुभन्दा पहिले	**परम्** = स्थूल र सूक्ष्मको कारण	**यः** = जो
अहम् एव = ममात्र	प्रधान पनि (अन्तर्मुख हुनाले	**अवशिष्येत** = बाँकी रहन्छ
आसम् = थिएँ	ममा लीन थियो)	**सः** = त्यो
नान्यत् = मदेखि अतिरिक्त	**पश्चात् च** = सृष्टिभन्दा पछि	**अहं एव** = ममात्र
सदसत् = स्थूल सूक्ष्म र	पनि	**अस्मि** = हुन्छु
	यत् = जुन	

वाक्यार्थ— सृष्टि हुनुभन्दा पहिले ममात्र थिएँ। त्यस समयमा मदेखि अतिरिक्त न कुनै स्थूल पदार्थ थियो, न सूक्ष्म पदार्थ थियो। न त ती स्थूल र सूक्ष्म दुबैको कारण अज्ञान नै थियो। जहाँ सृष्टि छैन, त्यहाँ पनि म छु। सृष्टिको रूपमा जुन वस्तुहरू प्रतीत भइरहेका छन्, ती पदार्थहरू पनि म नै हुँ। प्रलयकालमा जुन वस्तु अवशिष्ट रहन्छ त्यो पनि म नै हुँ।

ऋतेऽर्थं यत्प्रतीयेत न प्रतीयेत चात्मनि।
तद्विद्यादात्मनो मायां यथाऽऽभासो यथा तमः॥ ३३॥

पदार्थ—

ऋते अर्थं = कुनै अनिर्वचनीय वस्तु वस्तुतः नभईकन पनि **आत्मनि** = म परमात्मामा **यथाभासः** = द्विचन्द्र प्रतीत भएझैँ **प्रतीयेत** = प्रतीत भइरहेको छ अथवा	**यथा तमः** = विद्यमान भईकन पनि आकाशमण्डलमा राहुको प्रतीति नभएझैँ जसको कारणले मेरो प्रतीति हुँदैन **तत्** = त्यो **आत्मनः** = मेरो	**मायां** = माया भनेर **विद्यात्** = जान्नुपर्दछ

वाक्यार्थ— वास्तवमा नभईकन पनि जुन अनिर्वचनीय वस्तु मदेखि अतिरिक्त द्विचन्द्रझैँ मिथ्यारूपले प्रतीत भइरहेको छ। अथवा भईकन पनि आकाशमण्डलका नक्षत्रहरूमा राहुको प्रतीति नभएझैँ मेरो प्रतीति जसको कारणले भइरहेको छैन, त्यसैलाई तपाईं मेरो माया हो भनी जान्नुहोस्।

यथा महान्ति भूतानि भूतेषूच्चावचेष्वनु।
प्रविष्टान्यप्रविष्टानि तथा तेषु न तेष्वहम्॥ ३४॥

पदार्थ—

यथा = जसरी **महान्ति भूतानि** = पञ्चमहाभूत-हरू **भूतेषु** = पञ्चमहाभूतबाट बनेका **उच्चावचेषु** = साना-ठुला पदार्थहरूमा **अनु** = ती पदार्थहरूको सृष्टि भएपछि	**प्रविष्टानि** = ती भौतिक पदार्थहरूमा प्रविष्ट भएका पनि छन् **अप्रविष्टानि** = प्रविष्ट नभएका पनि छन् **तथा** = त्यसै गरी **तेषु** = मबाट बनेका ती भूत र भौतिक पदार्थहरूमा (मेरो सत्ताको उपलब्धि हुनाले म	तिनीहरूमा छु पनि, ती पदार्थहरूको उत्पत्ति हुनुभन्दा पहिले नै म तिनीहरूको कारणरूपले अवस्थित हुनाले) **अहम्** = म **तेषु** = तिनीहरूमा **न** = तिनीहरूमा छैन पनि (यसप्रकारको मेरो सत्ता छ)

वाक्यार्थ— जसरी प्राणीहरूका पञ्चभूतरचित साना-ठुला शरीरहरूमा पञ्चमहाभूत प्रविष्ट पनि छन्। ती भौतिकपदार्थहरू उत्पन्न हुनुभन्दा पहिले कारणरूपले विद्यमान हुनाले म पनि सो संसारको उपादान कारण हुँ। उपादान कारण आफ्नो-आफ्नो कार्यमा अनुस्यूत हुने हुनाले म संसारका सम्पूर्ण पदार्थहरूमा प्रविष्ट पनि छु। विचार गरेका खण्डमा मदेखि अतिरिक्त कुनै पनि वस्तु कहीं पनि नहुनाले म तिनीहरूमा अप्रविष्ट पनि छु।

विवरण— माथिका ३२-३५ श्लोकहरूमा सम्पूर्ण भागवतको सार रहेको हुनाले यी श्लोकलाई चतुःश्लोकी भागवत भनिन्छ। भगवान् नारायणले ब्रह्माजीलाई यी चार श्लोकहरूमा सम्पूर्ण वेद र उपनिषद्हरूको रहस्य बताउनुभएको छ। चतुःश्लोकी भागवतमा भगवान् नारायण ब्रह्माजीलाई उपदेश गर्दै सृष्टिको रहस्य बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ— हे ब्रह्माजी ! **अहमेवासमेवाग्रे** अर्थात् सृष्टि हुनुभन्दा पहिले केवल ममात्र थिएँ। त्यस समयमा न कुनै स्थूल पदार्थ थियो न कुनै सूक्ष्म पदार्थ थियो। न त ती स्थूल र सूक्ष्म दुबैको कारण प्रधान अथवा माया नै थियो। किनभने ती पदार्थहरू अन्तर्मुख भएर ममा नै लीन भएका थिए।

पश्चादहं यदेतच्च योऽवशिष्यते सोऽस्म्यहम् अर्थात् सृष्टिपछि पनि ममात्र बाँकी रहन्छु। त्यसै गरी प्रलयको समयमा पनि ममात्र रहनेछु। यो विश्व पनि म नै हुँ।

यहाँ भगवान् नारायणले ब्रह्माजीलाई सम्पूर्ण अद्वैत वेदान्तलाई केवल एक श्लोकमा बताउनुभएको छ। अद्वैतवेदान्तको सिद्धान्त हो— **ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः** अर्थात् ब्रह्म सत्य हो, संसार मिथ्या हो। जीव ब्रह्मदेखि अभिन्न हो। जुन वस्तु पहिले पनि थिएन र पछि पनि रहँदैन, बीचमा केही समयका लागि देखिन्छ भने जुन समयमा त्यो देखिएको छ, त्यस समयमा पनि त्यो वस्तु नभएकै मान्नुपर्दछ। उदाहरणका लागि डोरीमा सर्पको भ्रम हुनुभन्दा पहिला डोरीमा सर्प थिएन। डोरीको ज्ञान भइसकेपछि पनि डोरीमा सर्प रहँदैन। अतः जुन समयमा डोरीमा सर्प देखिन्छ त्यस समयमा पनि डोरीमा सर्प हुँदैन। त्यसै गरी सृष्टि हुनुभन्दा पहिले यो संसार थिएन। प्रलयकालमा पनि यो संसार रहँदैन। त्यसकारण जुन समयमा यो संसार देखिएको छ त्यस समयमा पनि यो संसार छैन। यसकारण संसार मिथ्या हो। मधुसूदनसरस्वतीले अद्वैतसिद्धिमा जहाँ जुन वस्तु देखिएको छ त्यहीँ त्यो वस्तुको अत्यन्ताभाव छ भने त्यो वस्तुलाई मिथ्या भन्दछन् भनी मिथ्याको परिभाषा गर्नुभएको छ।[७]

जुन ब्रह्ममा संसार देखिन्छ त्यही नै ब्रह्ममा संसारको अत्यन्ताभाव भएकाले ब्रह्ममा देखापरेको संसार मिथ्या हो।

यसपछि भगवान् नारायण **ऋतेऽर्थं यत्प्रतीयेत** यस अंशमा ब्रह्माजीलाई मायाको बारेमा बताउनुहुन्छ। माया भनेको त्यो वस्तु हो जसले भएको वस्तुलाई छोपेर नभएको वस्तुलाई देखाइदिन्छ। आवरणशक्ति र विक्षेपशक्ति गरी मायामा दुईप्रकारका शक्ति हुन्छन्। मायाले आफ्नो आवरणशक्तिद्वारा ब्रह्मको स्वरूपलाई ढाकिदिन्छे। त्यसपछि विक्षेपशक्तिद्वारा ब्रह्ममा मिथ्या आकाश आदि प्रपञ्च सृष्टि गरेर देखाइदिन्छे। अर्को शब्दमा भन्ने हो भने मायामा मोहशक्ति र निर्माणशक्ति दुई शक्तिहरू छन्। मायाले मोहशक्तिद्वारा जीवलाई मोहमा पारिदिन्छे भने निर्माणशक्तिद्वारा ब्रह्ममा नभएको मिथ्या संसारलाई उत्पन्न गरेर देखाइदिन्छे।

अब यथा महान्ति यस अंशमा भगवान् नारायणले ब्रह्माजीलाई म संसारका पदार्थहरूमा प्रविष्ट पनि छु र अप्रविष्ट पनि छु भन्ने कुरा उदाहरणद्वारा सम्झाउनुहुन्छ।

सृष्टिप्रक्रियामा सर्वप्रथम भगवान्‌बाट आकाश, वायु, तेज, जल र पृथिवी यी पञ्चमहाभूतहरू उत्पन्न हुन्छन्। ती पञ्चमहाभूतबाट उत्पन्न भएका पदार्थहरूलाई भौतिक भन्दछन्।

---

७. प्रतिपन्नोपाधौ त्रैकालिकनिषेधप्रतियोगित्वम् मिथ्यात्वम्।

भौतिक पदार्थहरूमा भगवान् कुनै दृष्टिले प्रविष्ट हुनुहुन्छ, कुनै दृष्टिले अप्रविष्ट पनि हुनुहुन्छ। यस कुरालाई माटो र त्यसबाट बन्ने घडाको उदाहरणबाट स्पष्ट पार्न सकिन्छ।

माटोबाट घडा उत्पन्न हुन्छ। माटो उपादान कारण हो भने घडा कार्य हो। त्यो घडामा माटो कुनै दृष्टिले प्रविष्ट छ भने कुनै दृष्टिले अप्रविष्ट छ। घडामा माटो खोज्दा त्यहाँ माटो उपलब्ध हुन्छ। यस दृष्टिले घडामा माटो प्रविष्ट छ भन्न सकिन्छ।

अर्को दृष्टिले विचार गरेको खण्डमा माटो घडामा प्रविष्ट छैन पनि भन्न सकिन्छ। किनभने घडा उत्पन्न हुनुभन्दा पहिले नै घडाको उपादान कारणको रूपमा माटो विद्यमान हुनाले घडामा माटो प्रविष्ट छैन। जसरी माटो घडाको उपादान कारण हो, त्यसै गरी भगवान् सम्पूर्ण भूत र भौतिक पदार्थहरूको उपादान कारण हुनुहुन्छ।

जसरी उदाहरणमा घडालाई माटोको कार्य मानेर घडाको नामरूपतिर दृष्टि दिएको खण्डमा कार्यमा आफ्नो उपादान कारण अनुस्यूत हुने हुनाले घडामा माटो प्रविष्ट छ भन्न सकिन्छ। घडाको नाम र रूपबाट दृष्टि हटाएर वस्तुतः विचार गरेको खण्डमा घडा भन्ने वस्तु माटोदेखि अतिरिक्त सिद्ध नहुने हुँदा घडा कार्य र माटो कारण भन्न मिल्दैन। त्यसै गरी दार्ष्टान्तिमा पनि संसारको नाम र रूपतिर ध्यानदृष्टि दिएर संसारलाई कार्य र परमात्मालाई उपादानकारण मानेको खण्डमा कार्यमा उपादानकारण अनुस्यूत हुने हुँदा सांसारिक पदार्थमा भगवान् प्रविष्ट हुनुहुन्छ भन्न सकिन्छ। नामरूपतिर ध्यान नदिएर अधिष्ठानतिर दृष्टि दिएको खण्डमा संसार कार्य र भगवान् कारण भन्ने कुरा सिद्ध नभई संसार भएको वस्तु नभएर मिथ्या सिद्ध हुने हुनाले भगवान् सांसारिक पदार्थमा प्रविष्ट हुनुहुन्न भन्न पनि सकिन्छ।

यसलाई अर्को शब्दमा यसरी पनि भन्न सकिन्छ। संसारको व्यावहारिक सत्तालाई स्वीकार गरेको खण्डमा संसार कार्य र परमात्मा उपादानकारण हुनुहुन्छ। अतः परमात्मा संसारमा प्रविष्ट हुनुहुन्छ। संसारको व्यावहारिक सत्तालाई नमानेको खण्डमा परमात्मादेखि अतिरिक्त अरू कुनै वस्तु नै सिद्ध नहुने हुँदा संसारमा परमात्मा अप्रविष्ट हुनुहुन्छ भन्न पनि सकिन्छ। यसप्रकार दृष्टिभेदले परमात्मा संसारमा प्रविष्ट र अप्रविष्ट पनि हुनुहुन्छ भनी दुबै तरिकाले भन्न सकिन्छ।

यसपछि **एतावदेव जिज्ञास्यं** यस अंशमा भगवान् नारायण ब्रह्माजीलाई जिज्ञासुले अन्वय र व्यतिरेकको माध्यमले आत्माको ज्ञान गर्नुपर्दछ भन्ने कुरा बताउनुहुन्छ। अन्वय र व्यतिरेक यी दुई वेदान्तका पारिभाषिक शब्द हुन्। यस श्लोकको टीकामा श्रीधरस्वामीले अन्वय र व्यतिरेकको परिभाषा यसप्रकार गर्नुभएको छ– **अन्वयः कार्येषु कारणत्वेन अनुवृत्तिः। कारणावस्थायां च तेभ्यो व्यतिरेकः**। अर्थात् कार्यमा कारण रहनु अन्वय हो र कारणमा कार्य नरहनु व्यतिरेक हो।

माटोबाट घडा उत्पन्न हुँदा घडामा माटोको अनुवर्तन हुनु अन्वय हो भने माटोबाट घडा आदि उत्पन्न नभएको समयमा माटोमा घडा नहुनु घडाको व्यतिरेक हो।

यस्तै स्वप्नमा स्थूल देहको भान नहुँदा आत्माको भान हुनुलाई आत्माको अन्वय भनिन्छ भने स्वप्नमा आत्माको भान हुँदा स्थूल देहको भान नहुनुलाई स्थूल देहको व्यतिरेक भनिन्छ। त्यसै गरी समाधिमा सुषुप्तिको भान नहुँदा आत्माको भान हुनुलाई आत्माको अन्वय भनिन्छ भने सुषुप्तिको भान नहुनुलाई सुषुप्तिको व्यतिरेक भनिन्छ।

वेदान्तसिद्धान्तअनुसार मुख्यरूपमा बुझ्नुपर्ने कुरा द्रष्टा र दृश्य हो। द्रष्टा भन्नु, आत्मा भन्नु, क्षेत्रज्ञ भन्नु एउटै कुरा हो। त्यसै गरी दृश्य भन्नु अनात्मा भन्नु र क्षेत्र भन्नु पनि एउटै कुरा हो। दृश्यको आफ्नो सत्ता नहुनाले द्रष्टा अथवा आत्माको सत्ताको अभावमा दृश्य रहन सक्दैन। अतः जहाँ-जहाँ दृश्य हुन्छ, त्यहाँ-त्यहाँ द्रष्टा अवश्य हुन्छ। कारणको अभावमा कार्य कुनै पनि परिस्थितिमा रहन सक्दैन। जहाँ-जहाँ संसार छ, त्यहाँ-त्यहाँ आत्माको सत्ता छ। आत्माको सत्ताको अभावमा संसारको सत्ता सिद्ध हुँदैन। परन्तु जहाँ-जहाँ आत्मा छ त्यहाँ-त्यहाँ संसार छ भन्न सकिँदैन। किनभने सुषुप्ति, समाधि, प्रलय आदिमा आत्मा छ तर त्यहाँ संसार छैन।

आत्मा द्रष्टा हो भने माया र मायाको कार्य दृश्य हो। आत्माको सत्ताको अभावमा माया र मायाको कार्य सिद्ध हुँदैनन्। अतः माया र मायाको कार्यमा आत्माको अन्वय छ। परन्तु सुषुप्ति, समाधि र प्रलय आदि अवस्थामा माया र मायाको कार्य भूत-भौतिक प्रपञ्च आदि आत्मामा नरहने हुनाले प्रलय आदि अवस्थामा उक्त पदार्थहरूको व्यतिरेक वा अभाव छ। माया र मायाको कार्य नरहने हुनाले आत्मामा माया र मायाको कार्यको व्यतिरेक अर्थात् अभाव छ। यसप्रकार अन्वय र व्यतिरेकद्वारा आत्माको अभाव कुनै पनि देश, कुनै पनि काल र कुनै पनि वस्तुमा छैन भन्ने निश्चय भएपछि तत्त्वजिज्ञासु अथवा मुमुक्षु व्यक्तिले आत्मादेखि अतिरिक्त सत्ता छैन भनेर जान्नु नै तिनको मिथ्यात्वलाई स्वीकार गर्नु हो।

जसरी बाहिरको भूत र भौतिक पदार्थहरू आत्माको अभावमा सिद्ध नहुने हुनाले मिथ्या हुन् त्यसै गरी शरीरभित्र आत्मामा प्रतीत हुने कर्तृत्व, भोक्तृत्व र प्रमातृत्वभाव आत्माको अन्तःकरणका साथ तादात्म्याध्यासद्वारा मात्र सिद्ध हुने हुँदा उक्त भावहरू पनि आत्मा होइनन् भन्ने निश्चय भएपछि मुमुक्षु पुरुष आत्मस्वरूपमा स्थित हुन्छ। यही आत्मस्वरूपमा स्थित हुनुलाई नै मोक्ष भनिन्छ।

एतावदेव जिज्ञास्यं तत्त्वजिज्ञासुनात्मनः।
अन्वयव्यतिरेकाभ्यां यत्स्यात्सर्वत्र सर्वदा॥ ३५॥

पदार्थ—

आत्मनः = आत्माको	**जिज्ञास्यं** = विचार गर्नुपर्दछ	**सर्वदा** = सधैँ
तत्त्वजिज्ञासुना = तत्त्वलाई जान्न चाहनेले	**अन्वयव्यतिरेकाभ्यां** = अन्वय र व्यतिरेकद्वारा	**सर्वत्र** = सब ठाउँमा
एतावत् एव = यत्ति नै	**यत्** = जुन वस्तु	**स्यात्** = छ (त्यही नै वास्तविक तत्त्व हो)

वाक्यार्थ— आत्माको तत्त्वलाई जान्न चाहनेले यत्ति नै विचार गर्नुपर्दछ। अन्वय र व्यतिरेकद्वारा जुन वस्तु सधैँ सब ठाउँमा छ त्यही नै वास्तविक तत्त्व हो।

एतन्मतं समातिष्ठ परमेण समाधिना।
भवान् कल्पविकल्पेषु न विमुह्यति कर्हिचित्॥ ३६॥

पदार्थ–

परमेण = अविचल	**समातिष्ठ** = पूर्ण निष्ठा राख्नुहोस् (यसबाट)	**कर्हिचित्** =कहिल्यै पनि
समाधिना = समाधिद्वारा	**भवान्** = तपाईंलाई	**न विमुह्यति** = मोहले स्पर्श गर्नेछैन।
एतन्मतं = मेरो यो सिद्धान्तमा	**कल्पविकल्पेषु**= कल्प-कल्पमा	

वाक्यार्थ– ब्रह्माजी ! अविचल समाधिद्वारा मेरो यस सिद्धान्तमा पूर्ण निष्ठा राख्नुहोस् यसबाट तपाईंलाई कल्पकल्पमा विभिन्न प्रकारको सृष्टि गरे तापनि तपाईं म यस संसारको स्वतन्त्र कर्ता हुँ भन्ने मोहले कहिल्यै पनि स्पर्श गर्नेछैन।

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

सम्प्रदिश्यैवमजनो जनानां परमेष्ठिनम्।
पश्यतस्तस्य तद्रूपमात्मनो न्यरुणद्धरिः॥ ३७॥

पदार्थ–

अजनः = अजन्मा	**एवम्** = यसप्रकार	**तत्** = त्यो
हरिः = भगवान् नारायण	**सम्प्रदिश्य** = उपदेश गरेर	**आत्मनः** = आफ्नो
जनानां परमेष्ठिनम् = लोकपितामह ब्रह्माजीलाई	**तस्य** = उहाँ ब्रह्माजीले	**रूपम्** = रूपलाई
	पश्यतः = हेर्दाहेर्दै	**न्यरुणत्** = तिरोहित गर्नुभयो

वाक्यार्थ– लोकपितामह ब्रह्माजीलाई यसप्रकार उपदेश गरेर अजन्मा भगवान्ले ब्रह्माजीले हेर्दाहेर्दै आफ्नो त्यस रूपलाई त्यहीँ तिरोहित गर्नुभयो।

अन्तर्हितेन्द्रियार्थाय हरये विहिताञ्जलिः।
सर्वभूतमयो विश्वं ससर्जेदं स पूर्ववत्॥ ३८॥

पदार्थ–

अन्तर्हितेन्द्रियार्थाय = ब्रह्माजीको दृष्टिबाट अगोचर हुनुभएका	**विहिताञ्जलिः** = हात जोडेर नमस्कार गरेपछि	**विश्वं** = संसारलाई
हरये = भगवान् नारायणलाई	**सर्वभूतमयः** = सर्वभूतस्वरूप	**पूर्ववत्** = पहिलेझैं
	सः = ती ब्रह्माजीले	**ससर्ज** = सृष्टि गर्नुभयो
	इदं = यस	

वाक्यार्थ– ब्रह्माजीले आफ्नो आँखाबाट नदेखिने हुनुभएका भगवान् नारायणलाई दुई हात जोडेर उहाँलाई प्रणाम गर्नुभयो। पहिलो कल्पमा जस्तो प्रकारको सृष्टि थियो त्यसै रूपमा उहाँले यस संसारको रचना गर्नुभयो।

प्रजापतिर्धर्मपतिरेकदा नियमान् यमान्।

भद्रं प्रजानामन्विच्छन्नातिष्ठत् स्वार्थकाम्यया ॥ ३९॥

पदार्थ—

एकदा = कुनै समयमा	**भद्रं** = कल्याणको	**नियमान्** = नियमको
प्रजापतिः = प्रजाका पति	**अन्विच्छन्** = कामना गर्ने	**आतिष्ठत्** = धारण गर्नुभयो
धर्मपतिः = धर्मका पति ब्रह्माजीले	**स्वार्थकाम्यया** = प्रजाको कल्याणरूप स्वार्थको कामनाले	
प्रजानाम् = प्रजाहरूको र	**यमान्** = यम र	

वाक्यार्थ— एकपटक धर्मका पति प्रजापति ब्रह्माजीले संसारको कल्याणरूप स्वार्थपूर्तिका लागि विधिपूर्वक यम र नियमको धारण गर्नुभयो।

तं नारदः प्रियतमो रिक्थादानामनुव्रतः।

शुश्रूषमाणः शीलेन प्रश्रयेण दमेन च ॥ ४० ॥

मायां विविदिषन् विष्णोर्मायेशस्य महामुनिः।

महाभागवतो राजन् पितरं पर्यतोषयत् ॥ ४१ ॥

पदार्थ—

राजन् = हे राजा परीक्षित्	**मायेशस्य** = मायापति	**पितरं** = आफ्ना पिता ब्रह्माजीलाई
रिक्थादानाम् = छोराहरूमध्ये	**विष्णोः** = विष्णुको	**शीलेन** = शीलद्वारा
प्रियतमः = अत्यन्त प्रिय	**मायां** = मायालाई	**प्रश्रयेण** = विनयद्वारा
अनुव्रतः = परमभक्त	**विविदिषन्** = जान्ने इच्छाले	**दमेन च** = इन्द्रियसंयमद्वारा पनि
महामुनिः = महामुनि	**शुश्रूषमाणः** = सेवा गर्दै	**पर्यतोषयत्** = प्रसन्न गराउनुभयो
महाभागवतः = महाभागवत	**तं** = यम र नियमको अनुष्ठान गर्ने	
नारदः = देवर्षि नारदजीले		

वाक्यार्थ— त्यससमयमा उहाँका छोराहरूमा सबभन्दा अत्यन्त प्रिय परमभक्त देवर्षि नारदजीले मायापति भगवान्को मायाको तत्त्वलाई जान्ने इच्छाले अत्यन्त संयम, विनय र शीलयुक्त अनुगत भएर ब्रह्माजीको सेवा गर्नुभयो र उक्त सेवाद्वारा ब्रह्माजीलाई प्रसन्न गराउनुभयो।

तुष्टं निशाम्य पितरं लोकानां प्रपितामहम्।

देवर्षिः परिपप्रच्छ भवान् यन्मानुपृच्छति ॥ ४२ ॥

पदार्थ—

लोकानां = लोकहरूका	**प्रपितामहम्** = प्रपितामह	

पितरं = आफ्ना पिता ब्रह्माजीलाई
तुष्टं = प्रसन्न भएको
निशाम्य = जानेर
देवर्षिः = देवर्षि नारदजीले
परिपप्रच्छ = ब्रह्माजीसँग त्यही कुरा सोध्नुभयो
यत् = जुन कुराको विषयमा
भवान् = तपाईं
मा= मलाई
अनुपृच्छति = सोध्दै हुनुहुन्छ

वाक्यार्थ— नारदजीले लोकपितामह ब्रह्माजी आफूमाथि प्रसन्न भएको देखेर ब्रह्माजीसँग त्यही प्रश्न गर्नुभयो जुन प्रश्न अहिले तपाईं मसँग गर्दै हुनुहुन्छ।

तस्मा इदं भागवतं पुराणं दशलक्षणम्।
प्रोक्तं भगवता प्राह प्रीतः पुत्राय भूतकृत्॥ ४३॥

पदार्थ—

तस्मै = सोध्ने भएका ती
पुत्राय = देवर्षि नारदलाई
प्रीतः = प्रसन्न भएका
भूतकृत् = ब्रह्माजीले
प्रोक्तं = आफूलाई भगवान्‌ले संक्षेपमा चतुःश्लोकीद्वारा बताउनुभएको
इदं = यो
दशलक्षणम् = दशलक्षणहरूले युक्त भएको
भागवतं पुराणं = भागवत पुराणलाई
भगवता = भगवान्‌ले
प्राह = भन्नुभयो

वाक्यार्थ— उहाँको प्रश्नबाट अत्यन्त प्रसन्न भएर उहाँले यो दश लक्षणयुक्त भागवतपुराण आफ्ना पुत्र नारदजीलाई सुनाउनुभयो। जुन भागवतको उपदेश उहाँलाई स्वयं भगवान्‌ले चतुःश्लोकीका रूपमा गर्नुभएको थियो।

नारदः प्राह मुनये सरस्वत्यास्तटे नृप।
ध्यायते ब्रह्म परमं व्यासायामिततेजसे॥ ४४॥

पदार्थ—

नृप = हे राजा
नारदः = ती नारदजीले
सरस्वत्याः = सरस्वती नदीको
तटे = तटमा
परमं = पर
ब्रह्म = ब्रह्मको
ध्यायते = ध्यान गर्ने
अमिततेजसे = परमतेजस्वी
व्यासाय मुनये = व्यासमुनिलाई
प्राह = बताउनुभयो

वाक्यार्थ— हे राजा परीक्षित्! जुन समयमा मेरा परमतेजस्वी पिता सरस्वती नदीको तटमा बसेर परमात्माको ध्यानमा मग्न हुनुहुन्थ्यो त्यस समयमा उहाँलाई देवर्षि नारदजीले यही भागवत सुनाउनुभयो।

यदुताहं त्वया पृष्टो वैराजात् पुरुषादिदम्।

यथासीत् तदुपाख्यास्ते प्रश्नानन्यांश्च कृत्स्नशः ॥ ४५ ॥

पदार्थ–

वैराजात् = विराट्	**अहं** = म	**कृत्स्नशः** = धेरै
पुरुषात् = पुरुषबाट	**पृष्टः** = जे सोधिएको थिएँ	**अन्यान्** = अरू
इदम् = यो संसार	**तदुपाख्याः** = ती प्रश्नको उत्तर र	**प्रश्नान्** = अरू प्रश्नहरूको
यथा आसीत् = कसरी उत्पन्न भयो भनेर	**ते** = तिमीले सोधेका	**च** = पनि (उत्तर म यो भागवतको माध्यमले दिन्छु)
त्वया = तपाईंद्वारा	सम्पूर्ण	

वाक्यार्थ– तपाईंले विराट् पुरुषबाट यस संसारको उत्पत्ति कसरी भयो ? भन्ने प्रश्न गर्नुभएको थियो। त्यसै गरी तपाईंले मसँग अरू-अरू प्रश्नहरू पनि सोध्नुभएको थियो ती सम्पूर्ण प्रश्नहरूको उत्तर म यही भागवतपुराणको माध्यमले तपाईंलाई दिन्छु।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे

नवमोऽध्यायः ॥ ९ ॥

अथ दशमोऽध्यायः

भागवतका दश लक्षण

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः।

मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः॥ १॥

पदार्थ—

अत्र = यस भागवत पुराणमा	**ऊतयः** = ऊति	**आश्रयः च** = आश्रयको पनि
सर्गः = सर्ग	**मन्वन्तरेशानुकथा** = मन्वन्तर र ईशानुकथा	(यी तत्त्वहरूको वर्णन गरिएको छ)
विसर्गः = विसर्ग	**निरोधः** = निरोध	
स्थानं = स्थान	**मुक्तिः** = मुक्ति	
पोषणम् = पोषण		

वाक्यार्थ— यस भागवत पुराणमा सर्ग, विसर्ग, स्थान, पोषण, ऊति, मन्वन्तर, ईशानुकथा, निरोध, मुक्ति र आश्रय यी दश विषयहरूको वर्णन गरिएको छ।

दशमस्य विशुद्ध्यर्थं नवानामिह लक्षणम्।

वर्णयन्ति महात्मानः श्रुतेनार्थेन चाञ्जसा॥ २॥

पदार्थ—

इह = यस भागवत ग्रन्थमा	**नवानाम्** = अरू नौ लक्षणहरूको	**अञ्जसा** = साक्षात्
दशमस्य = दशौँ आश्रयतत्त्वको	**लक्षणम्** = स्वरूप (स्तुत्यादि स्थानमा)	**वर्णयन्ति** = वर्णन गर्दछन् भने (तत्तत् आख्यानमा)
विशुद्ध्यर्थं = तत्त्वज्ञान गर्नका लागि	**श्रुतेन** = श्रुतिद्वारा	**अर्थेन** = तात्पर्यवृत्तिद्वारा (वर्णन गर्दछन्)
महात्मानः = महात्माहरू		

वाक्यार्थ— यस भागवत ग्रन्थमा दशौँ आश्रयतत्त्वको तत्त्वज्ञान गर्नका लागि महात्माहरू अरू नौ लक्षणहरूको स्वरूप स्तुत्यादि स्थानमा श्रुतिद्वारा साक्षात् वर्णन गर्दछन् भने तत्तत् आख्यानमा तात्पर्यवृत्तिद्वारा वर्णन गर्दछन्।

भूतमात्रेन्द्रियधियां जन्म सर्ग उदाहृतः।

ब्रह्मणो गुणवैषम्याद्विसर्गः पौरुषः स्मृतः॥ ३॥

पदार्थ—

गुणवैषम्यात् = गुणहरूको परिणामद्वारा **ब्रह्मणः** = परमात्माद्वारा **भूतमात्रेन्द्रियधियां** = पञ्चमहाभूत, पञ्चतन्मात्रा, इन्द्रिय, महत्तत्त्व र अहङ्कारको	**जन्म** = उत्पत्तिलाई **सर्गः** = सर्ग **उदाहृतः** = भनिन्छ **पौरुषः** = विराट्पुरुषबाट उत्पन्न हुनुभएका ब्रह्माजीबाट हुने विभिन्न चराचरको सृष्टिलाई	**विसर्गः** = विसर्ग **स्मृतः** =भनिन्छ

वाक्यार्थ— ईश्वरको प्रेरणाले प्रकृतिका गुणहरूमा क्षोभ भएर रूपान्तर हुँदा जुन आकाशादि पञ्चभूत, शब्द आदि तन्मात्रा, इन्द्रियहरू, अहङ्कार र महत्तत्त्वको उत्पत्ति हुन्छ त्यसलाई सर्ग भनिन्छ। विराट्पुरुषबाट उत्पन्न हुनुभएका ब्रह्माजीबाट हुने विभिन्न चराचरको सृष्टिलाई विसर्ग भनिन्छ।

स्थितिर्वैकुण्ठविजयः पोषणं तदनुग्रहः।
मन्वन्तराणि सद्धर्म ऊतयः कर्मवासनाः॥ ४॥

पदार्थ—

वैकुण्ठविजयः = प्रतिक्षण परिवर्तित भइरहने सृष्टिलाई एक मर्यादामा राख्नाले हुने भगवान् विष्णुको श्रेष्ठतालाई **स्थितिः** = स्थिति भनिन्छ	**तदनुग्रहः** = आफूद्वारा सुरक्षित सृष्टिमा भक्तहरूमाथि हुने भगवान्को कृपालाई **पोषणं** = पोषण भनिन्छ **सद्धर्मः** = मन्वन्तरका अधिपतिहरूले गरेको प्रजापालन	र भगवान्को भक्तिरूप शुद्धधर्मको अनुष्ठानलाई **मन्वन्तराणि** = मन्वन्तर भनिन्छ **कर्मवासनाः** = जीवहरूलाई बन्धनमा पार्ने तिनका कर्महरूको वासनालाई **ऊतयः** = ऊति भनिन्छ

वाक्यार्थ— प्रतिक्षण नाशतिर अग्रसर भइरहेको सृष्टिलाई एक मर्यादामा स्थित राख्नाले भगवान् विष्णुको जुन श्रेष्ठता सिद्ध हुन्छ, उसलाई स्थिति भन्दछन्। आफूद्वारा सुरक्षित सृष्टिमा भक्तहरूमाथि उहाँको जुन कृपा हुन्छ उसैलाई पोषण भन्दछन्। मन्वन्तरका अधिपतिहरू जुन भगवद्भक्ति र प्रजापालनरूप शुद्ध धर्मको अनुष्ठान गर्दछन्, उसलाई मन्वन्तर भन्दछन्। कर्मद्वारा बन्धनमा पार्ने जीवको वासनालाई ऊति भन्दछन्।

अवतारानुचरितं हरेश्चास्यानुवर्तिनाम्।
सतामीशकथाः प्रोक्ता नानाख्यानोपबृंहिताः॥ ५॥

पदार्थ—

अवतारानुचरितं = भगवान्का विभिन्न अवतारका चरित्रहरू **अनुवर्तिनाम्** = प्रेमी	**सताम्** = भक्तहरूका **नानाख्यानोपबृंहिताः** = विभिन्न आख्यानहरूले युक्त	**हरेः** = भगवान् हरिका विभिन्न कथालाई **ईशकथाः** = ईशानुकथा

प्रोक्ताः = भनिन्छ

वाक्यार्थ– भगवान्का विभिन्न अवतार र उहाँका प्रेमी भक्तहरूको विभिन्न आख्यानले युक्त भएका गाथाहरूलाई ईशकथा भन्दछन्।

निरोधोऽस्यानुशयनमात्मनः सह शक्तिभिः।
मुक्तिर्हित्वान्यथा रूपं स्वरूपेण व्यवस्थितिः॥ ६॥

पदार्थ–

अस्य = यो
आत्मनः = जीवको
अनु = भगवान्ले योगनिद्रालाई स्वीकार गरेर शयन गरिसकेपछि
शक्तिभिः सह = इन्द्रिय आदि उपाधिहरूका साथ
शयनम् = भगवान्मा लीन हुनुलाई
निरोधः = निरोध भनिन्छ
अन्यथारूपं = अविद्याद्वारा अध्यस्त कर्तृत्व, भोक्तृत्व, प्रमातृत्व आदि भावलाई
हित्वा = छोडेर
स्वरूपेण = ब्रह्मस्वरूपले
व्यवस्थितिः = रहनुलाई
मुक्तिः = मुक्ति भनिन्छ

वाक्यार्थ– जब भगवान् योगनिद्रालाई स्वीकार गरेर शयन गर्नुहुन्छ त्यस समयमा संसारका सम्पूर्ण जीवहरू आफ्ना उपाधिहरूका साथ भगवान्मा लीन हुन्छन्। यही उपाधिसहित जीवहरूको भगवान्मा लीन हुनुलाई निरोध भन्दछन्। अज्ञानकल्पित कर्तृत्वभोक्तृत्व आदि अनात्मभावको परित्याग गरेर आफ्नो वास्तविक स्वरूप परमात्मामा स्थित हुनुलाई मुक्ति भन्दछन्।

आभासश्च निरोधश्च यतश्चाध्यवसीयते।
स आश्रयः परं ब्रह्म परमात्मेति शब्द्यते॥ ७॥

पदार्थ–

यतः = जुन तत्त्वबाट
आभासः = सृष्टि
निरोधः = निरोध
च = लय र मोक्ष पनि
यतः = जुन तत्त्वबाट
अध्यवसीयते = प्रकाशित हुन्छ
यत् च = जुन तत्त्वलाई
परं ब्रह्म परमात्मा इति = परब्रह्म परमात्मा
शब्द्यते = भनिन्छ
सः = त्यही तत्त्वलाई नै
आश्रयः = आश्रयतत्त्व भनेर पनि भनिन्छ

वाक्यार्थ– यो चराचर जगत्को उत्पत्ति र प्रलय जुन तत्त्वबाट प्रकाशित हुन्छ त्यसैलाई आश्रयतत्त्व भन्दछन्। शास्त्रमा त्यही तत्त्वलाई परब्रह्म परमात्मा पनि भनिएको छ।

योऽध्यात्मिकोऽयं पुरुषः सोऽसावेवाधिदैविकः।
यस्तत्रोभयविच्छेदः पुरुषो ह्याधिभौतिकः॥ ८॥

पदार्थ–

यः अयं = यो जुन
अध्यात्मिकः पुरुषः = नेत्र आदि इन्द्रियहरूको अभिमानी द्रष्टा जीव हो
सः असौ = त्यो यो
आधिदैविकः =इन्द्रियहरूको अधिष्ठातृ देवता सूर्यको रूपमा पनि छ
यः = जुन
तत्र = एउटैमा
उभयविच्छेदः = आध्यात्मिक र आधिदैविक भेद जसबाट हुन्छ (त्यस्तो जुन दृश्य देह हो) त्यो
आधिभौतिकः = आधिभौतिक
पुरुषः = पुरुष भनिन्छ

वाक्यार्थ— यो जुन नेत्र आदि इन्द्रियहरूको अभिमानी द्रष्टा जीव हो त्यो योइन्द्रियहरूको अधिष्ठातृ देवता सूर्यको रूपमा पनि छ। जुन एउटैमा आध्यात्मिक र आधिदैविक भेद हुन्छ, त्यस्तो दृश्य देहलाई आधिभौतिक पुरुष भनिन्छ।

एकमेकतराभावे यदा नोपलभामहे ।
त्रितयं तत्र यो वेद स आत्मा स्वाश्रयाश्रयः ॥ ९ ॥

पदार्थ—
एकम् = यी तीन पुरुषहरूमध्ये
एकतराभावे = एउटा कुनैको अभावमा एक
न उपलभामहे = अरू दुई ओटालाई जान्न सकिँदैन
तत्र = त्यहाँ
यः = जुन पुरुषले
यदा = जतिखेर
त्रितयं = आध्यात्मिक आदि तीनै ओटालाई
वेद = जान्दछ
सः = त्यही
आत्मा = परमात्मा
स्वाश्रयाश्रयः = सबको अधिष्ठान आश्रयतत्त्व हो

वाक्यार्थ— यी तीनओटामध्ये यदि एउटाको अभाव भयो भने अरू दुईओटाको उपलब्धि सम्भव छैन। अतः यी तीनैओटालाई जसले जान्दछ, त्यही परमात्मा सबको अधिष्ठान आश्रयतत्त्व हो। उसको आश्रय ऊ स्वयं हो, अरू कुनै उसको आश्रय होइन।

पुरुषोऽण्डं विनिर्भिद्य यदासौ स विनिर्गतः ।
आत्मनोऽयनमन्विच्छन्नपोऽस्राक्षीच्छुचिः शुचीः ॥ १० ॥

पदार्थ—
सः = पूर्वोक्त
असौ पुरुषः = विराट् पुरुष
यदा = जुन समयमा
अण्डं = ब्रह्माण्डलाई
विनिर्भिद्य = भेदन गरेर
विनिर्गतः = निस्क्यो (त्यस समयमा)
आत्मनः = आफ्नो
अयनम् = वासस्थान
अन्विच्छन् = खोज्दै
शुचिः = पवित्र
शुचीः = अत्यन्त पवित्र
अपः = जललाई
अस्राक्षीत् = सृष्टि गर्नुभयो

वाक्यार्थ— जब पूर्वोक्त विराट् पुरुष ब्रह्माण्डलाई फोरेर निस्क्यो त्यसपछि त्यसले आफू बस्नका लागि ठाउँ खोज्न लाग्या। त्यसपछि आफू बस्नका लागि त्यस पवित्र विराट् पुरुषले अत्यन्त पवित्र जलको सृष्टि गऱ्यो।

तास्ववात्सीत्स्वसृष्टासु सहस्रं परिवत्सरान्।
तेन नारायणो नाम यदापः पुरुषोद्भवाः॥ ११॥

पदार्थ—

स्वसृष्टासु = आफूले सृष्टि गरेका	**अवात्सीत्** = बस्नुभयो	**तेन** = त्यही जलमा सुतेको कारणले
तासु = त्यस जलमा	**पुरुषोद्भवाः** = नरबाट जन्मेका	**नारायणः नाम** = पुरुषको नाम नारायण भयो
सहस्रपरिवत्सरान् = हजार वर्षसम्म	**यदापः** = जुन नारनामक जल छन्	

वाक्यार्थ—विराट्पुरुष नरबाट उत्पन्न भएकाले जलको नाम नार पर्न गयो। आफूबाट उत्पन्न भएको जलमा सुत्ने हुनाले त्यो विराट्पुरुषको नाम नारायण रहेको हो।

द्रव्यं कर्म च कालश्च स्वभावो जीव एव च।
यदनुग्रहतः सन्ति न सन्ति यदुपेक्षया॥ १२॥

पदार्थ—

यदनुग्रहतः एव = जुन नारायणको अनुग्रहले मात्र	**कालः च** = समय र	**यदुपेक्षया** = पुरुषको उपेक्षा गरेका खण्डमा
द्रव्यं = पृथिवी आदि द्रव्य	**स्वभावः** = स्वभाव अनि	**न सन्ति** = छैनन्
कर्म = गमन आदि कर्म	**जीवः च** = जीव पनि	
	सन्ति = हुन्छन्	

वाक्यार्थ— उहाँ नारायण भगवान्‌को कृपाबाट नै द्रव्य, कर्म, काल, स्वभाव र जीव आदिको सत्ता सिद्ध हुन्छ। उहाँको उपेक्षा गरेको खण्डमा कुनै पनि वस्तुको अस्तित्व सिद्ध हुँदैन।

एको नानात्वमन्विच्छन् योगतल्पात्समुत्थितः।
वीर्यं हिरण्मयं देवो मायया व्यसृजत् त्रिधा॥ १३॥
अधिदैवमथाध्यात्ममधिभूतमिति प्रभुः।
अथैकं पौरुषं वीर्यं त्रिधाभिद्यत तच्छृणु॥ १४॥

पदार्थ—

एकः = अद्वितीय	**समुत्थितः** = उठेर	**अन्विच्छन्** = हुन चाँहदै
देवः = नारायणले	**नानात्वम्** = भिन्नभिन्न नानारूपमा	**मायया** = मायाशक्तिबाट
योगतल्पात् = योगनिद्राबाट		**हिरण्मयं** = सुवर्णमय

वीर्यं = जगत्को कारण आफ्नो शक्तिलाई
अथ = अनि
अधिदैवम् = अधिदैव
अध्यात्मम् = अध्यात्म र
अधिभूतम् = अधिभूत गरी
इति = यी
त्रिधा = तीन भागमा
व्यसृजत् = विभक्त गर्नुभयो
प्रभुः = भगवान्ले आफ्नो वीर्यलाई
पौरुषं = पुरुषको
एकं = एकमात्र
वीर्यं = वीर्य
त्रिधा = तीन रूपमा
यथा = जुनप्रकारले
अभिद्यत = भिन्न गर्नुभयो
तत् = त्यो कुरा
शृणु = सुन

वाक्यार्थ— ती अद्वितीय भगवान् नारायणले योगनिद्राबाट जागेर अनेक हुने इच्छा गर्नुभयो तब आफ्नो मायाले उहाँले अखिल ब्रह्माण्डका बीजरूप आफ्नो सुवर्णमय वीर्यलाई तीन भागमा विभक्त गर्नुभयो- आधिदैव, अध्यात्म र अधिभूत। परीक्षित् ! विराट्पुरुषको एकै वीर्य तीन भागमा कसरी विभक्त भयो भन्ने कुरा मबाट सुन्नुहोस्।

अन्तः शरीर आकाशात् पुरुषस्य विचेष्टतः।
ओजः सहो बलं जज्ञे ततः प्राणो महानसुः॥ १५॥

पदार्थ—
विचेष्टतः = चेष्टा गर्ने
पुरुषस्य = पुरुषको
अन्तः शरीरे = शरीरभित्र रहेको
आकाशात् = आकाशबाट
ओजः = इन्द्रियशक्ति
सहः = मनशक्ति
बलं = शारीरिक बल
जज्ञे = जन्मियो
ततः = त्यसपछि
महान् = मुख्य
असुः = इन्द्रिय आदिको नियन्त्रक
प्राणः = प्राण (जन्मियो)

वाक्यार्थ— विराट्पुरुष यताउता हल्लँदाखेरि उनको शरीरभित्रको आकाशबाट इन्द्रियबल, मनोबल र शरीरबलको उत्पत्ति भयो। त्यसपछि इन्द्रियहरूको पनि नियन्त्रक प्राण जन्मियो।

अनुप्राणन्ति यं प्राणाः प्राणन्तं सर्वजन्तुषु।
अपानन्तमपानन्ति नरदेवमिवानुगाः॥ १६॥

पदार्थ—
अनुगाः = अनुचरहरूले
नरदेवम् इव = राजालाईझैं
सर्वजन्तुषु = सम्पूर्ण प्राणीहरूमा
यं = जुन प्राणले
प्राणन्तं = चेष्टा गर्दा
प्राणाः = इन्द्रियहरू
अनुप्राणन्ति = पछि-पछि चेष्टा गर्दछन्
अपानन्तम् = चेष्टारहित हुँदा
अपानन्ति = चेष्टारहित हुन्छन्

वाक्यार्थ— जसरी सेवकहरू आफ्ना स्वामी राजाको पछि-पछि हिँड्छन् त्यसै गरी सबको शरीरमा प्राण प्रबल रहेको खण्डमा मात्र इन्द्रियहरू सचेत रहन्छन्। प्राण चेष्टारहित हुँदा इन्द्रियहरू पनि चेष्टारहित हुन्छन्।

प्राणेनाक्षिपता क्षुत्तृडन्तरा जायते विभोः।
पिपासतो जक्षतश्च प्राङ्मुखं निरभिद्यत॥ १७॥

पदार्थ–

विभोः = विराट् पुरुषको
अन्तरा = देहभित्र
आक्षिपता = आवागमन गर्ने
प्राणेन = प्राणद्वारा
क्षुत्तृड् = भोक र तिर्खा पनि
जायते = जन्मिन्छ (त्यसपछि)
पिपासतः = पानी पिउन चाहने र
जक्षतः च = खान चाहना भएपछि
प्राङ्मुखं = पहिले नै मुख
निरभिद्यत = निस्कियो

वाक्यार्थ– जब प्राण जोर-जोरसँग भित्र र बाहिर आउने जाने गर्न लाग्यो तब विराट् पुरुषलाई भोक र तिर्खाको अनुभव भयो। खाने र पिउने इच्छा हुनेबित्तिकै सबभन्दा पहिले उनको शरीरमा मुख प्रकट भयो।

मुखतस्तालु निर्भिन्नं जिह्वा तत्रोपजायते।
ततो नानारसो जज्ञे जिह्वया योऽधिगम्यते॥ १८॥

पदार्थ–

मुखतः = मुखबाट
तालु = तालुस्थान
निर्भिन्नं = प्रकट भयो
तत्र = त्यहाँ
जिह्वा = जिब्रो
उपजायते = जन्मिन्छ
ततः = त्यसपछि
नानारसः = विभिन्नथरी रस
जज्ञे = जन्मियो
यः = जुन रस
जिह्वया = जिब्रोले
अधिगम्यते = जान्न सकिन्छ

वाक्यार्थ– मुखबाट तालु र तालुबाट रसनेन्द्रिय प्रकट भयो। त्यसपछि अनेक प्रकारका रसहरू उत्पन्न भए, जुन पदार्थहरूलाई रसनेन्द्रियले ग्रहण गर्दछ।

विवक्षोर्मुखतो भूम्नो वह्निर्वाग्व्याहृतं तयोः।
जले वै तस्य सुचिरं निरोधः समजायत॥ १९॥

पदार्थ–

विवक्षोः = बोल्न इच्छा गर्ने
भूम्नः = व्यापक विराट्को
मुखतः = मुखबाट
वह्निः = अग्निदेवता
वाक् = वाणी र
तयोः = यी दुबैको विषय
व्याहृतं = बोली निस्कियो
तस्य = त्यस विराट् पुरुषको
जले = जलमा
वै = निश्चय नै
सुचिरं = धेरै समयसम्म
निरोधः = अवरोध
समजायत = भयो

वाक्यार्थ— जब विराट्पुरुषलाई बोल्ने इच्छा भयो तब वाक् इन्द्रिय, त्यसको अधिष्ठातृ देवता अग्नि र त्यसको विषय बोल्नु यी तीन पदार्थहरू प्रकट भए। यसपछि धेरै समयसम्म त्यो विराट्पुरुष जलभित्र नै रहिरह्यो।

नासिके निरभिद्येतां दोधूयति नभस्वति।
तत्र वायुर्गन्धवहो घ्राणो नसि जिघृक्षतः॥ २०॥

पदार्थ—

नभस्वति = प्राणवायु	**तत्र** = त्यही नासिका छिद्रमा	**गन्धवहः** = गन्ध बोक्ने
दोधूयति = बेगपूर्वक चल्दा	**जिघृक्षतः** = सुँघ्ने इच्छा गर्दा	**वायुः** = वायु (उत्पन्न भए)
नासिके = नासिका छिद्रहरू	**नसि** = नासिकामा	
निरभिद्येतां = उत्पन्न भए	**घ्राणः** = घ्राण इन्द्रिय र	

वाक्यार्थ— श्वासको बेगबाट नासिकाछिद्र प्रकट भयो। जब त्यस विराट्पुरुषलाई सुँघ्ने इच्छा भयो, घ्राणेन्द्रिय प्रकट भयो र गन्धलाई फैलाउने वायु उत्पन्न भए।

यदाऽऽत्मनि निरालोकमात्मानं च दिदृक्षतः।
निर्भिन्ने ह्यक्षिणी तस्य ज्योतिश्चक्षुर्गुणग्रहः॥ २१॥

पदार्थ—

यत् = जुन समयमा	**दिदृक्षतः** = हेर्न चाहने	**गुणग्रहः** = इन्द्रियद्वारा रूप
आत्मनि = विराट् शरीरमा	**तस्य** = त्यो विराट्को शरीरमा	ग्रहण हुन थाल्यो
निरालोकम् = प्रकाश थिएन	**अक्षिणी** = नेत्रगोलकहरू	**हि** = निश्चय नै
(त्यस वेलामा)	**ज्योतिः** = इन्द्रियका अधिष्ठाता	**निर्भिन्ने** = उत्पन्न भए
आत्मानं = आफूलाई	सूर्य र	
च = अरू वस्तुलाई पनि	**चक्षुः** = चक्षु इन्द्रिय जन्मे	

वाक्यार्थ— पहिले विराट्पुरुषका शरीरमा प्रकाश थिएन। जब ती विराट्पुरुषलाई आफूलाई र आफूदेखि अतिरिक्त पदार्थहरूलाई हेर्ने इच्छा भयो, तब नेत्रका छिद्रर तिनको अधिष्ठाता सूर्य र नेत्रेन्द्रिय प्रकट भए। यिनबाट उनलाई रूपको ग्रहण हुन लाग्यो।

बोध्यमानस्य ऋषिभिरात्मनस्तज्जिघृक्षतः।
कर्णौ च निरभिद्येतां दिशः श्रोत्रं गुणग्रहः॥ २२॥

पदार्थ—

ऋषिभिः = वेदरूप ऋषिहरूद्वारा	**आत्मनः** = आफ्नो	**तज्जिघृक्षतः** = स्तुति ग्रहण गर्ने
बोध्यमानस्य = जगाइँदा		इच्छा हुँदा

कर्णौ = दुई कान
निरभिद्येतां = उत्पन्न भए
दिशः = कर्णका अधिष्ठाता दिशाहरू
श्रोत्रं = घ्राणेन्द्रिय र
गुणग्रहः = शब्दग्रहण पनि हुन थाल्यो

वाक्यार्थ– जब वेदरूप ऋषिहरू विराट्पुरुषलाई स्तुतिद्वारा जगाउन लागे तब उनलाई सुन्ने इच्छा भयो। त्यसै समयमा कान, त्यसको अधिष्ठातृ देवता दिशा र श्रोत्रेन्द्रिय प्रकट भए। यसबाट विराट्पुरुषलाई शब्दको श्रवण हुन लाग्यो।

वस्तुनो मृदुकाठिन्यलघुगुर्वोष्णशीतताम्।
जिघृक्षतस्त्वङ्निर्भिन्ना तस्यां रोममहीरुहाः॥
तत्र चान्तर्बहिर्वातस्त्वचा लब्धगुणो वृतः॥ २३॥

पदार्थ–

वस्तुनः = बाह्य वस्तुहरूको
मृदुकाठिन्यलघुगुर्वोष्णशीतताम् = कोमलता, साह्रोपन, हलुङ्गोपन, गह्रुङ्गोपन, उष्णता र शीतलतालाई
जिघृक्षतः = ग्रहण गर्न खोज्दा
त्वक् = छाला
निर्भिन्ना = प्रकट भयो
तस्यां = छालामा
रोममहीरुहाः = वृक्षसमान रौँहरू उत्पन्न भए
तत्र = ती रौँहरूको
अन्तः = भित्र
च = र
बहिः = बाहिर
वातः = वायु उत्पन्न भयो अनि
त्वचा = त्वगेन्द्रियद्वारा
वृतः = युक्त भएपछि
लब्धगुणः = स्पर्शको ग्रहण हुन थाल्यो

वाक्यार्थ– जब विराट्पुरुषलाई वस्तुहरूको कोमलता, कठिनता, हलुङ्गोपन, गह्रुङ्गोपन, उष्णता, शीतलता आदिलाई जान्ने इच्छा भयो तब उनको शरीरमा छाला उत्पन्न भयो। पृथिवीबाट जसरी वृक्षहरू निक्लन्छन् त्यसै गरी उनका छालाहरूमा रौँहरू उत्पन्न भए, ती रौँहरूको भित्र र बाहिर पनि वायु उत्पन्न भयो। त्वक्इद्रिययुक्त भएपछि उनलाई स्पर्शको अनुभव हुन लाग्यो।

हस्तौ रुरुहतुस्तस्य नानाकर्मचिकीर्षया।
तयोस्तु बलवानिन्द्र आदानमुभयाश्रयम्॥ २४॥

पदार्थ–

नानाकर्मचिकीर्षया = विभिन्न कर्म गर्ने इच्छाले
तस्य = ती विराट्को
हस्तौ = हातहरू
रुरुहतुः = निक्लिए
तयोः = ती दुई हातहरूमा
बलवान् = ग्रहणशक्तिसम्पन्न
इन्द्रः = अधिष्ठाता इन्द्र र
उभयाश्रयम् = दुबै हातको आधारबाट
आदानम् = ग्रहणरूप कर्म पनि उत्पन्न भयो

वाक्यार्थ– जब विराट्पुरुषलाई अनेकप्रकारको काम गर्ने इच्छा भयो तब उनमा हातहरू उत्पन्न भए। ती हातहरूमा ग्रहण गर्ने शक्ति हस्तेन्द्रिय र त्यसको अधिष्ठातृ देवता इन्द्र प्रकट भए।

गतिं जिगीषतः पादौ रुरुहातेऽभिकामिकाम्।
पद्भ्यां यज्ञः स्वयं हव्यं कर्मभिः क्रियते नृभिः॥ २५॥

पदार्थ–

अभिकामिकाम् = अभीष्ट	**पद्भ्यां** = चरणइन्द्रियबाट	**कर्मभिः** = कर्मबाट नै
गतिं = लक्ष्यमा	**स्वयं** = साक्षात्	**हव्यं** = यज्ञसामग्री
जिगीषतः = पुग्न खोज्दा	**यज्ञः** = यज्ञपुरुष विष्णु प्रकट हुनुभयो	**क्रियते** = एकत्रित गरिन्छ
पादौ = चरणहरू	**नृभिः** = मनुष्यहरूद्वारा	
रुरुहाते = उत्पन्न भए		

वाक्यार्थ– जब विराट्पुरुषलाई अभीष्ट ठाउँमा जाने इच्छा भयो, तब उनको शरीरमा पाउहरू निक्ले। उनका पाउका साथै पाउका अधिष्ठातृ देवताका रूपमा स्वयं यज्ञपुरुष भगवान् नै अवस्थित हुनुभयो। अनि उहाँका पाउहरूमा चलनरूप कर्म प्रकट भयो। मनुष्य यही इन्द्रियद्वारा आफ्नो गन्तव्य ठाउँमा पुगेर यज्ञसामग्री एकत्रित गर्दछ।

निरभिद्यत शिश्नो वै प्रजानन्दामृतार्थिनः।
उपस्थ आसीत्कामानां प्रियं तदुभयाश्रयम्॥ २६॥

पदार्थ–

प्रजानन्दामृतार्थिनः = सन्तति, रति र स्वर्गादिसुखको चाहना गर्दा	(त्यहाँबाट) **उपस्थः** = जननेन्द्रिय प्रजापति देवता र	**कामानां प्रियं** = कामसुख पनि
वै = निश्चय नै	**भयाश्रयम्** = देवता अनि इन्द्रियको अधीनमा रहने	**आसीत्** = जन्मियो
शिश्नः = लिङ्ग	**तद्** = सम्भोग सम्बन्धी	
निरभिद्यत = प्रकट भयो		

वाक्यार्थ– विराट्पुरुषलाई सन्तान, रति र स्वर्गभोगको कामना भएपछि उनको शरीरमा लिङ्गको उत्पत्ति भयो। उसमा उपस्थेन्द्रिय प्रजापतिदेवता तथा यी दुबैको आश्रयमा रहने कामसुख प्रकट भयो।

उत्सिसृक्षोर्धातुमलं निरभिद्यत वै गुदम्।
ततः पायुस्ततो मित्र उत्सर्ग उभयाश्रयः॥ २७॥

पदार्थ–

धातुमलं = दिशा पिसाबलाई	**वै** = निश्चय नै	**निरभिद्यत** = प्रकट भयो
उत्सिसृक्षोः = त्याग्न खोज्दा	**गुदम्** = गुदद्वार	**ततः** = त्यहाँबाट

पायुः = पायुरिन्द्रिय	**उभयाश्रयः** = देवता अनि इन्द्रिय दुबैको अधीनमा रहने	**उत्सर्गः** = मलत्याग क्रिया हुन थाल्यो
ततः = त्यसपछि		
मित्रः = मित्रदेवता र		

वाक्यार्थ— जब उनलाई मलत्याग गर्ने इच्छा भयो तब उनको शरीरमा गुदद्वार प्रकट भयो। त्यसपछि गुदद्वारमा पायु इन्द्रिय र मित्रदेवता प्रकट भए। यी दुईद्वारा मलत्याग क्रिया हुन थाल्यो।

आसिसृप्सोः पुरः पुर्या नाभिद्वारमपानतः।

तत्रापानस्ततो मृत्युः पृथक्त्वमुभयाश्रयम्॥ २८॥

पदार्थ—

पुर्याः = एक शरीरबाट	**तत्र** = त्यहाँ	**उभयाश्रयम्** = इन्द्रिय र देवता दुबैका अधीनमा
पुरः = अर्को शरीरमा	**अपानः** = अपान इन्द्रिय	**पृथक्त्वम्** = प्राण र अपानको वियोग (मृत्यु प्रकट भयो)
आसिसृप्सोः = जान चाहँदा	**ततः** = त्यसपछि	
अपानतः = अपानमार्गबाट	**मृत्युः** = मृत्युका देवता र	
नाभिद्वारम् = नाइटो प्रकट भयो		

वाक्यार्थ— अपानमार्गद्वारा एक शरीरबाट अर्को शरीरमा जाने इच्छा उत्पन्न भएपछि उनमा अपान र मृत्यु देवता प्रकट भए, यी दुईटाको आश्रयद्वारा प्राण र अपानको वियोग हुन्छ।

आदित्सोरन्नपानानामासन् कुक्ष्यन्त्रनाडयः।

नद्यः समुद्राश्च तयोस्तुष्टिः पुष्टिस्तदाश्रये॥ २९॥

पदार्थ—

अन्नपानानाम् = अन्न र जलको	**आसन्** = जन्मिए	**समुद्राः च** = समुद्रहरू जन्मिए
आदित्सोः = ग्रहण गर्न खोज्दा	**तयोः** = नाडी र आन्द्रामा यी दुईका देवता क्रमशः	**तदाश्रये** = इन्द्रिय र देवताधीन
कुक्ष्यन्त्रनाडयः = पेट, आन्द्रा र नाडीहरू	**नद्यः** = नदीहरू र	**तुष्टिः** = सन्तुष्टि र
		पुष्टिः = पोषण पनि प्रकट भए

वाक्यार्थ— जब विराट्पुरुषलाई अन्न र जल ग्रहण गर्ने इच्छा प्रकट भयो तब उनको शरीरमा पेट, आन्द्रा र नाडीहरू प्रकट भए साथै कुक्षीका देवता समुद्र, नाडीका देवता नदी एवं तिनमा आश्रित तुष्टि र पुष्टि यी दुई विषयहरू पनि प्रकट भए।

निदिध्यासोरात्ममायां हृदयं निरभिद्यत।

ततो मनश्चन्द्र इति सङ्कल्पः काम एव च॥ ३०॥

पदार्थ—

आत्ममायां = आफ्नो मायालाई		

निदिध्यासोः = चिन्तन गर्न खोज्दा **हृदयं** = हृदयप्रदेश **निरभिद्यत** = उत्पन्न भयो	**ततः** = त्यहाँबाट **मनः** = मन इन्द्रिय (त्यहाँबाट) **चन्द्रः** = चन्द्रदेवता र **सङ्कल्पः** = सङ्कल्पक्रिया साथै	**काम एव च** = विषयको इच्छा पनि उत्पन्न भयो

वाक्यार्थ– जब विराट्पुरुषलाई आफ्नो मायाको विषयलाई लिएर विचार गर्ने इच्छा भयो तब उहाँका शरीरमा हृदयको उत्पत्ति भयो, त्यसबाट मन, रूप, इन्द्रिय, मनको अधिष्ठातृदेवता चन्द्रमा अनि मनका विषय कामना र सङ्कल्प प्रकट भए।

त्वक्चर्ममांसरुधिरमेदोमज्जास्थिधातवः।
भूम्यप्तेजोमयाः सप्त प्राणो व्योमाम्बुवायुभिः॥ ३१॥

पदार्थ–

भूम्यप्तेजोमयाः = पृथिवी जल र तेजबाट **सप्त** = सातओटा	**त्वक्चर्ममांसरुधिरमेदो-मज्जास्थिधातवः** = त्वचा, चर्म, मासु, रगत, मासी, बोसो, हाड आदि धातुहरू अनि	**व्योमाम्बुवायुभिः** = आकाश, जल र वायुबाट **प्राणः** = प्राणको उत्पत्ति भयो

वाक्यार्थ– विराट्पुरुषका शरीरमा पृथ्वी, जल र तेजबाट त्वचा, चर्म, मांस, रगत, मासी, बोसो, हाड यी सातओटा धातुहरू प्रकट भए। यसै प्रकार आकाश जल र वायुबाट प्राणको उत्पत्ति भयो।

गुणात्मकानीन्द्रियाणि भूतादिप्रभवा गुणाः।
मनः सर्वविकारात्मा बुद्धिर्विज्ञानरूपिणी॥ ३२॥

पदार्थ–

गुणात्मकानि = विषयाभिमुख स्वभाव भएका **इन्द्रियाणि** = नेत्र आदि इन्द्रियहरू	**भूतादिप्रभवाः** = अहङ्कारबाट उत्पन्न भएका **गुणाः** = रूप, रस आदि गुणहरू **सर्वविकारात्मा** = समस्त सङ्कल्प आदि विकारहरूको उत्पत्तिस्थान	**मनः** = मन **विज्ञानरूपिणी** = पदार्थहरूको बोध गराउने **बुद्धिः** = बुद्धि पनि सबै त्रिगुणमय र त्रिविध छन्

वाक्यार्थ– विषयाभिमुख स्वभाव भएका नेत्र आदि इन्द्रियहरू अहङ्कारबाट उत्पन्न भएका रूप, रस आदि गुणहरू, समस्त सङ्कल्प आदि विकारहरूको उत्पत्तिस्थान मन, पदार्थहरूको बोध गराउने बुद्धि पनि सबै त्रिगुणमय र त्रिविध छन्।

एतद् भगवतो रूपं स्थूलं ते व्याहृतं मया।
मह्यादिभिश्चावरणैरष्टभिर्बहिरावृतम्॥ ३३॥

पदार्थ—

मह्यादिभिः = पृथिवी, जल, तेज, वायु, आकाश, महत्तत्त्व र प्रकृति गरी
अष्टभिः = आठओटा
आवरणैः = आवरणहरूद्वारा
बहिः = बाहिरबाट
आवृतम् = घेरिएको
भगवतः = भगवान्को
एतत् = यो त्रिगुणमय
स्थूलं = स्थूल
रूपं = स्वरूप
ते = तिम्रो लागि
मया = मद्वारा
व्याहृतं = बताइयो

वाक्यार्थ— मैले भगवान्को यो स्थूलरूपको वर्णन तिमीलाई सुनाएँ। यो स्थूलरूप पृथ्वी, जल, तेज, वायु, आकाश, अहङ्कार, महत्तत्त्व र प्रकृति यी आठ आवरणहरूद्वारा घेरिएको छ।

अतः परं सूक्ष्मतममव्यक्तं निर्विशेषणम्।
अनादिमध्यनिधनं नित्यं वाङ्मनसः परम्॥ ३४॥

पदार्थ—

अतः = यो स्थूलरूपभन्दा
परं = पर
सूक्ष्मतमम् = सूक्ष्मतम रूप छ त्यो
अव्यक्तं = अव्यक्त छ अनि
निर्विशेषणम् = निर्विशेष
अनादिमध्यनिधनं = आदि, मध्य र अन्त्यरहित
नित्यं = सनातन तथा
वाङ्मनसः = मन र वाणीभन्दा
परम् = टाढा रहेको छ

वाक्यार्थ— यसदेखि पर भगवान्को अत्यन्त सूक्ष्मरूप छ। त्यो अव्यक्त, निर्विशेष, आदि, मध्य र अन्तले रहित एवं नित्य छ, वाणी र मनको गति उहाँसम्म पुग्दैन।

अमुनी भगवद्रूपे मया ते ह्यनुवर्णिते।
उभे अपि न गृह्णन्ति मायासृष्टे विपश्चितः॥ ३५॥

पदार्थ—

मया = मद्वारा
ते = तिम्रा लागि
अमुनी = यी दुई व्यक्त र अव्यक्त
भगवद्रूपे = भगवान्का रूपहरू
अनुवर्णिते = वर्णन गरिए तर
विपश्चितः = समझदार विद्वान्हरू
मायासृष्टे = मायाको कारणले देखिएका
उभे अपि = व्यक्त र अव्यक्त अथवा सगुण साकार र सगुण निराकार दुबै रूपलाई
हि = निश्चय नै
न गृह्णन्ति = ग्रहण गर्दैनन्

वाक्यार्थ— मैले भगवान्को स्थूल र सूक्ष्म अर्थात् व्यक्त र अव्यक्त यी दुई रूपको वर्णन तिमीलाई सुनाएँ। यी दुबै रूपहरू भगवान्को मायाद्वारा रचित हुन्। विद्वान् पुरुषहरू यी दुबैलाई ग्रहण गर्दैनन्।

स वाच्यवाचकतया भगवान् ब्रह्मरूपधृक्।

नामरूपक्रिया धत्ते सकर्माकर्मकः परः ॥ ३६ ॥
प्रजापतीन् मनून् देवानृषीन् पितृगणान् पृथक् ।
सिद्धचारणगन्धर्वान् विद्याध्रासुरगुह्यकान् ॥ ३७ ॥

किन्नराप्सरसो नागान् सर्पान् किम्पुरुषान् नरान् ।
मातृ रक्षःपिशाचांश्च प्रेतभूतविनायकान् ॥ ३८ ॥
कूष्माण्डोन्मादवेतालान् यातुधानान् ग्रहानपि ।
खगान् मृगान् पशून् वृक्षान् गिरीन् नृप सरीसृपान् ॥ ३९ ॥

पदार्थ—

नृप = हे राजा
अकर्मकः = निष्क्रिय र
परः = गुणभन्दा टाढा रहने
सः भगवान् = उनै निर्गुण परमात्माले
ब्रह्मरूपधृक् = ब्रह्माको विराट् आदि रूपहरू धारण गरेर
वाच्यवाचकतया = वाच्य अर्थ र तद्वाचक शब्दको रूपमा प्रकट भई
सकर्मा =कर्मवान् भएर
नामरूपक्रिया = भिन्न-भिन्न नाम, रूप र सृष्टि, स्थिति आदि क्रियाहरूलाई समेत
प्रजापतीन् = प्रजापतिहरू
मनून् = मनुहरू
देवान् = देवताहरू
ऋषीन् = ऋषिहरू
पितृगणान् = पितृहरू
सिद्धचारणगन्धर्वान् =सिद्ध, चारण, र गन्धर्वहरू अनि
विद्याध्रासुरगुह्यकान् = विद्याधर, असुर र गुह्यक जस्ता विभिन्न रूपहरूलाई पनि
पृथक् = छुट्टाछुट्टै स्वीकार गर्नुहुन्छ
किन्नराप्सरसः = किन्नर र अप्सराहरू
नागान् = नागहरू
सर्पान् = सर्पहरू
किम्पुरुषान् = किम्पुरुष र सर्पहरू
मातृः = मातृकाहरू
रक्षःपिशाचान् च = राक्षस र पिशाचहरू ऋनि
प्रेतभूतविनायकान् = प्रेत, भूत र विनायकजस्ता नामहरूबाट स्वीकार गर्नुहुन्छ
नरान् = मनुष्यहरू
कूष्माण्डोन्मादवेतालान् = कुष्माण्ड, उन्माद र वेतालहरू
यातुधानान् = यातुधानहरू
ग्रहान् = ग्रहहरू
अपि = अनि
खगान् = पक्षीहरू
मृगान् = मृगहरू
पशून् = पशुहरू
वृक्षान् = रूखहरू
गिरीन् = पर्वतहरू
सरीसृपान् = घस्रने प्राणीहरूलाई समेत
धत्ते = विभिन्न नामरूपमा स्वीकार गर्नुहुन्छ

वाक्यार्थ— हे राजा ! आफ्नो शक्तिद्वारा उहाँ सक्रिय बन्नुहुन्छ। फेरि उहाँ ब्रह्माको विराट् रूप धारण गरेर वाच्यवाचक रूपमा प्रकट हुनुहुन्छ अनि अनेक नाम, रूप तथा क्रियाकलापहरूलाई स्वीकार गर्नुहुन्छ। प्रजापति, मनु, देवता, ऋषि, पितृहरू, सिद्ध, चारण, गन्धर्व, विद्याधर, असुर,

यक्ष, किन्नर, अप्सराहरू, नाग, सर्प, किम्पुरुष, उरग, मातृकाहरू, राक्षस, पिशाच, प्रेत, भूत, विनायक, कुस्माण्ड, उन्माद, वेताल, यातुधान, ग्रह, पक्षी, मृग, पशु, वृक्ष, पर्वत, सरीसृप इत्यादि जति पनि संसारमा नाम र रूप छन् यी सब नाम र रूप भगवान्ले धारण गर्नुहुन्छ।

द्विविधाश्चतुर्विधा येऽन्ये जलस्थलनभौकसः।
कुशलाकुशला मिश्राः कर्मणां गतयस्त्विमाः॥ ४०॥

पदार्थ–

ये = जति पनि
द्विविधाः = चर र अचर दुईथरी प्राणीहरू छन्
अन्ये = अरू
जलस्थलनभौकसः = जलचर, स्थलचर र आकाशगामी
चतुर्विधाः = स्वेदज, अण्डज, उद्‌भिज्ज र जरायुज चार प्रकारका प्राणीहरू छन्
इमाः = यी सबै प्राणी
कुशलाकुशलाः = शुभ र अशुभ अनि
मिश्राः = मिश्रित
कर्मणां = तीनथरी कर्महरूका
गतयः = फलहरू हुन्

वाक्यार्थ– संसारमा चर र अचरका भेदले दुई प्रकारका तथा जरायुज, अण्डज, स्वेदज र उद्‌भिज्जका भेदले चारप्रकारका जति पनि जलचर, स्थलचर तथा आकाशचारी प्राणीहरू छन् ती सब शुभ, अशुभ र मिश्र गरी यी तीन किसिमका कर्मका फल हुन्।

सत्त्वं रजस्तम इति तिस्रः सुरनृनारकाः।
तत्राप्येकैकशो राजन् भिद्यन्ते गतयस्त्रिधा॥
यदैकैकतरोऽन्याभ्यां स्वभाव उपहन्यते॥ ४१॥

पदार्थ–

राजन् = हे राजा परीक्षित्
सत्त्वं रजः तमः इति = सत्त्व, रज र तम यी तीनओटा गुणहरूका कारणले
तिस्रः = तीनथरी
सुरनृनारकाः = देवता, मनुष्य र नारकीय
गतयः =प्राणीहरू बन्दछन्
तत्र = ती प्रत्येक थरी प्राणीहरूमा
अपि =पनि
यत् = जुन समयमा
एकतरः = एकथरी
स्वभावः = गुणस्वभाववाला
अन्याभ्यां = अरू स्वभाववाला गुणहरूद्वारा
उपहन्यते = अभिभूत हुन्छ
एकैकशः = प्रत्येक स्वभावहरू
त्रिधा = तीनप्रकारले
भिद्यन्ते = भिन्न बन्दछन्

वाक्यार्थ– सत्त्वगुणको प्रधानताले देवता, रजोगुणको प्रधानताले मनुष्य, तमोगुणको प्रधानताले नारकीय योनिहरू प्राप्त हुन्छन्। यी गुणहरूमा पनि जब एक गुण अर्का दुईटा गुणहरूबाट अभिभूत हुन्छन्, तब प्रत्येक गतिका तीन–तीन भेदहरू हुन्छन्।

स एवेदं जगद्धाता भगवान् धर्मरूपधृक् ।

पुष्णाति स्थापयन् विश्वं तिर्यङ्नरसुरादिभिः ॥ ४२ ॥

पदार्थ—

सः एव = विभिन्न स्वभाव भएका प्राणीको सृष्टि गर्ने उहाँ नै	**धर्मरूपधृक्** = विष्णुरूप लिएर	**तिर्यङ्नरसुरादिभिः** = पशु, पक्षी, मनुष्य र देवताहरूको रूपमा अवतार लिएर
जगद्धाता = जगत्पालक	**इदं** = यो सम्पूर्ण	**पुष्णाति** = पोषण गर्नुहुन्छ
भगवान् = परमात्माले	**विश्वं** = संसारलाई	
	स्थापयन् = रक्षा गर्दै	

वाक्यार्थ— ब्रह्माका रूपमा विभिन्न स्वभाववाला प्राणीको सृष्टि गर्ने जगत्पालक परमात्माले विष्णुरूप लिएर यो सम्पूर्ण संसारलाई रक्षा गर्दै पशु, पक्षी, मनुष्य र देवताहरूका रूपमा अवतार लिएर पोषण गर्नुहुन्छ।

ततः कालाग्निरुद्रात्मा यत्सृष्टमिदमात्मनः ।

सन्नियच्छति तत्काले घनानीकमिवानिलः ॥ ४३ ॥

पदार्थ—

ततः = अनि	**सृष्टम्** = सृष्टि छ	**कालाग्निरुद्रात्मा** = कालाग्निस्वरूप रुद्रको रूप धारण गरेर
काले = समय भएपछि	**तत्** = त्यसलाई	**सन्नियच्छति** = आफूमैं विलीन गर्नुहुन्छ
आत्मनः = आफ्नो	**अनिलः** = वायुले	
इदम् = यो	**घनानीकम्** = बादल समूहलाई	
यत् = जुन	**इव** = झैं	

वाक्यार्थ— प्रलयको समय आएपछि उहाँ भगवान् नै रुद्रको रूप धारण गरेर आफूले बनाएको विश्वलाई आफूमा लीन गरिदिनुहुन्छ जसरी वायुले बादललाई आफूमा लीन गर्दछ।

इत्थम्भावेन कथितो भगवान् भगवत्तमः ।

नेत्थम्भावेन हि परं द्रष्टुमर्हन्ति सूरयः ॥ ४४ ॥

पदार्थ—

भगवत्तमः = भगवत्परायणहरूद्वारा	**सूरयः** = तत्त्वज्ञानी पुरुषहरू	**इत्थम्भावेन** = सृष्टि, स्थिति र लयको कारणका रूपमा
भगवान् = परमात्मा	**हि** = निश्चय नै	**द्रष्टुम्** = देख्नको लागि
इत्थम्भावेन = सृष्टि, स्थिति र संहारको कारणका रूपमा	**परं** = सृष्टि, स्थिति र लयका स्वरूपभन्दा पर हुनुभएका परमात्मालाई	**न अर्हन्ति** = चाहँदैनन्
कथितः = बताइनुहुन्छ तर		

वाक्यार्थ— भगवत्परायणहरूद्वारा परमात्मा सृष्टि, स्थिति र संहारको कारणका रूपमा बताइनुहुन्छ तर तत्त्वज्ञानी पुरुषहरू निश्चय नै सृष्टि, स्थिति र लयका स्वरूपभन्दा पर हुनुभएका परमात्मालाई सृष्टि, स्थिति र लयको कारणका रूपमा देखनको लागि चाहँदैनन्।

नास्य कर्मणि जन्मादौ परस्यानुविधीयते।

कर्तृत्वप्रतिषेधार्थं माययाऽऽरोपितं हि तत्॥ ४५॥

पदार्थ—

अस्य = यो जगत्को	**अनुविधीयते** = केवल सामान्यतः	**मायया** = मायाद्वारा
जन्मादौ = जन्म, स्थिति र लय	वर्णन गरिन्छ त्यो पनि	**आरोपितं** = कल्पना गरिएको
आदि	**कर्तृत्वप्रतिषेधार्थं** = कर्तृत्वको	मात्र हो
कर्मणि = कर्महरूमा	निषेधका लागि	
परस्य न = परमात्माको	**हि** = नै हो (किनभने)	
कर्तापनलाई	**तत्** = सृष्टि, स्थिति आदि	

वाक्यार्थ— सृष्टिरचना आदि कर्मको निरूपण गरेर पूर्ण परमात्मासँग कर्म र कर्तापनको सम्बन्ध जोड्न खोजिएको होइन। सृष्टिरचना मायाद्वारा आरोपित भएको हुनाले उक्त सृष्टिरचना परमात्मामा कर्तृत्वको सिद्धि गर्नका लागि नभएर कर्तृत्वको निषेध गर्नका लागि हो।

अयं तु ब्रह्मणः कल्पः सविकल्प उदाहृतः।

विधिः साधारणो यत्र सर्गाः प्राकृतवैकृताः॥ ४६॥

पदार्थ—

अयं तु = यो	**यत्र** = जुन ब्राह्मकल्पमा	कल्पहरूमा चाहिँ केवल विकार
ब्रह्मणः = ब्रह्माजीको	**सर्गाः** = महाकल्प र	कार्यहरूको मात्रै सृष्टि हुन्छ
उत्पत्तिसम्बन्धी	अवान्तरकल्पका सृष्टिहरू	**साधारणः** = अरू महाकल्पमा
कल्पः = ब्राह्मकल्प	**प्राकृतवैकृताः** = क्रमशः	जस्तै
सविकल्पः = अवान्तर	महाकल्पमा प्रकृति, महत्तत्त्व हुँदै	**विधिः** = जगदुत्पत्ति व्यवस्था
कल्पहरूका साथै	सबैको सृष्टि र अवान्तर	हुन्छ
उदाहृतः = बताइयो		

वाक्यार्थ— मैले यो ब्रह्माजीको महाकल्पको अवान्तरकल्पका साथ वर्णन गरेको हुँ। जुनसुकै कल्पमा पनि सृष्टिक्रम एउटै कल्पको जस्तो हुन्छ। भिन्नता केवल यत्ति नै हो कि महाकल्पको प्रारम्भमा प्रकृति, महत्तत्त्व आदिको उत्पत्ति हुन्छ भने कल्पको प्रारम्भमा प्राकृत सृष्टि जस्ताको तस्तै बनिरहन्छ।

परिमाणं च कालस्य कल्पलक्षणविग्रहम्।

यथा पुरस्ताद् व्याख्यास्ये पाद्मं कल्पमथो शृणु॥ ४७॥

पदार्थ—

कालस्य = कालको	**यथा** = यथावत् विस्तारका साथ	**पाद्मं कल्पम्** = पद्मकल्पको प्रसङ्ग
परिमाणं = स्थूल-सूक्ष्म परिमाण र	**पुरस्तात्** = अगाडि तृतीयस्कन्धमा	**शृणु** = सुन्नुहोस्
कल्पलक्षणविग्रहम् = कल्पहरूका लक्षण अनि तदन्तर्गत मन्वन्तरहरूको वर्णन	**व्याख्यास्ये** = बताउनेछु	
	अथो = अहिले	

वाक्यार्थ— कालको स्थूल-सूक्ष्म परिमाण र कल्पहरूका लक्षण अनि तदन्तर्गत मन्वन्तरहरूको वर्णन यथावत् विस्तारका साथ अगाडि तृतीयस्कन्धमा बताउनेछु। अहिले पद्मकल्पको प्रसङ्ग सुन्नुहोस्।

शौनक उवाच (शौनकजीले सोध्नुभयो)

यदाह नो भवान् सूत क्षत्ता भागवतोत्तमः।

चचार तीर्थानि भुवस्त्यक्त्वा बन्धून् सुदुस्त्यजान्॥ ४८॥

पदार्थ—

सूत = हे सूतजी	**क्षत्ता** = विदुरजीले	**तीर्थानि** = विभिन्न तीर्थहरू
भवान् = तपाईंले	**सुदुस्त्यजान्** = छाड्नै नसकिने	**चचार** = घुम्नुभयो भनेर
नः = हामीहरूलाई	**बन्धून्** = बान्धवहरूलाई	**यत् आह** = जुन प्रसङ्ग बताउनुभएको थियो
भागवतोत्तमः = अत्यन्त श्रेष्ठ भगवत्भक्त	**त्यक्त्वा** = छाडेर	
	भुवः = पृथिवीको	

वाक्यार्थ— हे सूतजी ! तपाईंले हामीहरूलाई भन्नुभएको थियो कि भगवान्का परमभक्त विदुरजीले आफ्ना अत्यन्त दुस्त्यज बान्धवहरूलाई पृथिवीका विभिन्न तीर्थहरूमा विचरण गर्नुभएको थियो।

कुत्र कौषारवेस्तस्य संवादोऽध्यात्मसंश्रितः।

यद्वा स भगवांस्तस्मै पृष्टस्तत्त्वमुवाच ह॥ ४९॥

पदार्थ—

तस्य = उहाँ विदुरजीको	**कुत्र** = कहाँ (भएको थियो)	**ह** = निश्चय नै
कौषारवेः = मैत्रेयजीसँग	**यद्वा** = अथवा	**तत्त्वम्** = जुन तत्त्वको विषयमा
अध्यात्मसंश्रितः = आत्मतत्त्वसम्बन्धित	**पृष्टः** = विदुरजीद्वारा सोधिनुभएका	**तस्मै** = विदुरलाई
संवादः = वार्तालाप	**सः भगवान्** = ती मैत्रेय मुनिले	**उवाच** = बताउनुभएको थियो (त्यो कुरा सुनाउनुहोस्)

वाक्यार्थ– त्यस यात्रामा मैत्रेय ऋषिका साथ अध्यात्मका सम्बन्धमा उनको वार्तालाप भएको थियो भने विदुरजीले प्रश्न गर्दा मैत्रेयजीले जुन तत्त्वको उपदेश गर्नुभएको थियो त्यो कुरा सुनाउनुहोस्।

ब्रूहि नस्तदिदं सौम्य विदुरस्य विचेष्टितम्।

बन्धुत्यागनिमित्तं च तथैवागतवान्पुनः॥ ५०॥

पदार्थ–

सौम्य = हे शान्तस्वभावयुक्त सूतजी !	**विचेष्टितम्** = चेष्टाहरू	**पुनः** = फेरि पनि
नः = हामीहरूलाई	**ब्रूहि** = बताउनुहोस्	**यथा एव** = त्यसै गरी
तत् इदं = त्यस्तो खालको	**बन्धुत्यागनिमित्तं** = बान्धव त्याग्नुको कारण	**आगतवान्** = फर्किनुभयो त्यसको कारण बताउनुहोस्
विदुरस्य = विदुरजीको	**च** = र	

वाक्यार्थ– हे शान्तस्वभावयुक्त सूतजी ! तपाईं विदुरजीको चरित्र हामीहरूलाई सुनाउनुहोस्। उहाँले आफ्ना भाइबन्धुलाई किन छोड्नुभयो र फेरि किन फर्केर आउनुभयो ?

सूत उवाच (सूतजीले भन्नुभयो)

राज्ञा परीक्षिता पृष्टो यदवोचन्महामुनिः।

तद्वोऽभिधास्ये शृणुत राज्ञः प्रश्नानुसारतः॥ ५१॥

पदार्थ–

राज्ञा = राजा	**महामुनिः** = महामुनि शुकदेवजीले	**अवोचत्** = बताउनुभयो
परीक्षिता = परीक्षित्द्वारा	**राज्ञः** = राजाको	**तत्** = त्यही कुरा
पृष्टः = यही विषयमा सोधिरहनुभएका	**प्रश्नानुसारतः** = प्रश्नानुसार	**वः** = तपाईंहरूलाई
	यत् = जुन कुरा	**अभिधास्ये** = बताउँछु
		शृणुत = सुन्नुहोस्

वाक्यार्थ– हे शौनक आदि ऋषिहरू हो ! राजा परीक्षित्ले पनि यही प्रश्न गर्दा त्यसको उत्तरमा महामुनि शुकदेवजीले जुन-जुन त्यही कुरा भन्नुभएको थियो त्यही म तपाईंहरूलाई भन्दछु। सावधान भएर सुन्नुहोस्।

अध्यायविवरण– यद्यपि पुराणं पञ्चलक्षणम् अर्थात् पुराण पाँच लक्षणहरूले युक्त हुन्छ भनिएको छ। परन्तु श्रीमद्भागवतमहापुराण दशलक्षणहरूले युक्त छ। सर्ग, विसर्ग, स्थिति, पोषण, मन्वन्तर, ऊति, ईशकथा, निरोध, मुक्ति र आश्रय यी श्रीमद्भागवतमहापुराणका दश लक्षण हुन्।

यी दश लक्षणमध्ये आश्रय तत्त्व अथवा परब्रह्मतत्त्वको ज्ञानका लागि अरू नौओटाको स्वरूप देखाइएको हो। सृष्टि कार्य हो भने त्यसको कारण भगवान् हुनुहुन्छ। सृष्टिरूप कार्यद्वारा

स्रष्टा परमात्माको ज्ञान हुने हुनाले दसौँ आश्रयतत्त्वको ज्ञानको लागि पहिलो लक्षण सर्गको ज्ञानको आवश्यकता छ भन्ने कुरा प्रमाणित हुन्छ।

नारायणको सृष्टिलाई सर्ग भनिन्छ भने ब्रह्माजीको सृष्टिलाई विसर्ग भनिन्छ। आकाशादि पञ्चभूत शब्दादि तन्मात्रा, इन्द्रिय, अहङ्कार र महत्तत्त्व साक्षात् भगवान् नारायणको सृष्टि हो भने त्यसदेखि अतिरिक्त सृष्टि ब्रह्माजीको सृष्टि हो र त्यसलाई विसर्ग भनिन्छ। दसौँ आश्रयतत्त्वको ज्ञानको लागि दोस्रो लक्षण विसर्गको ज्ञानको पनि आवश्यकता छ।

सृष्टि त्रिगुणात्मक हुनाले संसारका पदार्थहरूमा परस्पर आकर्षण र सङ्घर्षण हुनु स्वाभाविक हो। कहिले रजोगुणले तमोगुणलाई दबाउँछ, कहिले तमोगुणले रजोगुणलाई दबाउँछ। कहिले सत्त्वगुणले रजोगुणलाई र कहिले रजोगुणले सत्त्वगुणलाई दबाइरहेको हुन्छ। यो सृष्टिभित्र सूर्य, चन्द्र, अग्नि, वरुण, यम आदि देवताहरूले अत्यन्त मर्यादित ढङ्गले काम गरेका छन्। ठीक समयमा सूर्यको उदय, ठीक समयमा चन्द्रमाको उदय हुन्छ। भगवान्कै इसारामा मृत्युले आफ्नो काम गरिरहेको हुन्छ। जीवहरूले जतिसुकै प्रयास गरे तापनि जीवको सृष्टि मर्यादित ढङ्गले चल्न सक्तैन। परन्तु परमात्माको सृष्टि अत्यन्त मर्यादित ढङ्गले चलेको हुन्छ। यसप्रकार आफूबाट सृष्टि भएका पदार्थहरूलाई एक मर्यादामा राख्नाले भगवान्को जुन श्रेष्ठता सिद्ध भएको छ। यसैलाई स्थिति भन्दछन्। यस तेस्रो लक्षण स्थितिको ज्ञान पनि आश्रय तत्त्वको ज्ञानका लागि आवश्यक छ।

समय–समयमा भगवान्द्वारा आफ्ना भक्तहरूमाथि गरिएको अनुग्रहलाई पोषण भन्दछन्। उदाहरणका लागि प्रह्लादमाथि अनुग्रह गर्नका लागि भगवान् खम्बाबाट प्रकट हुनुभयो। द्रौपदीको लज्जालाई बचाउनका लागि शाटिकावतार लिनुभयो। त्यसै गरी ग्राहबाट पीडित गजेन्द्रलाई ग्राहबाट बचाउनुभयो। यसप्रकारको अनुग्रहलाई पोषण भन्दछन्। यस चौथो लक्षण पोषणको ज्ञान पनि आश्रय तत्त्वको ज्ञानका लागि आवश्यक छ।

यहाँ सद्धर्म भनेर भगवान्को भक्ति र प्रजाहरूको पालनलाई लिइएको हो। मन्वन्तरका अधिपतिहरूले गरेको यस्तो सद्धर्मलाई मन्वन्तर भनिन्छ।

कर्मवासनाद्वारा जसको विस्तार हुन्छ, त्यसैलाई ऊति भन्दछन्।

भगवान्का विभिन्न अवतारका र उहाँका प्रेमी भक्तहरूका विविध आख्यानयुक्त गाथालाई ईशकथा भन्दछन्।

प्रलयकालमा भगवान् योगनिद्रालाई स्वीकार गरेर शयन गर्नुहुन्छ। यस समयमा अन्तःकरणको उपादान कारण माया परमात्मामा लीन हुन्छ। यसपछि मायाको कार्य अन्तःकरण स्वतः मायामा लीन हुन्छ। जीवको उपाधि अन्तःकरण मायामा लीन भएपछि सम्पूर्ण जीवहरू मायामा लीन हुन्छन्। अतः प्रलयकालमा आफ्ना उपाधिसहित जीवहरू परमात्मामा लीन हुनुलाई निरोध भन्दछन्।

बन्धनबाट छुटकारा प्राप्त गर्नु मुक्ति हो। वेदान्तसिद्धान्त अनुसार प्रमातृत्व, कर्तृत्व र भोक्तृत्वभाव नै बन्धन हो। वस्तुतः आत्मा न कर्ता हो, न भोक्ता हो, न त ऊ प्रमाता नै हो। यस कुराको ज्ञानबाट नै मुक्ति प्राप्त हुन्छ।

यो चराचर जगत्को उत्पत्ति र प्रलय जुन ब्रह्म तत्त्वबाट हुन्छ, त्यो ब्रह्म नै आश्रयतत्त्व हो। त्यस आश्रयतत्त्वको ज्ञानको लागि अरू नौओटा सर्ग, विसर्ग आदिको प्रयोजन हो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां द्वितीयस्कन्धे

पुरुषसंस्थानुवर्णनं नाम दशमोऽध्यायः ॥ १० ॥

इति द्वितीयः स्कन्धः समाप्तः ॥

तृतीयः स्कन्धः

अथ प्रथमोऽध्यायः

उद्धवजी र विदुरको भेट

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

एवमेतत् पुरा पृष्टो मैत्रेयो भगवान् किल ।

क्षत्त्रा वनं प्रविष्टेन त्यक्त्वा स्वगृहमृद्धिमत् ॥ १ ॥

पदार्थ—

एवम् = यसरी	**ऋद्धिमत्** = समृद्धिले परिपूर्ण	**क्षत्त्रा** = विदुरजीद्वारा
किल = नै	**स्वगृहम्** = आफ्नो घर	**भगवान्** = भगवान्
एतत् = यही कुरा	**त्यक्त्वा** = छाडेर	**मैत्रेयः** = मैत्रेयजी
पुरा = पहिले	**वनं** = वनमा	**पृष्टः** = सोधिनुभएको थियो
	प्रविष्टेन = प्रवेश गर्नुभएका	

वाक्यार्थ— हे परीक्षित् ! यसरी नै यही कुरा पहिले समृद्धिले परिपूर्ण भएको आफ्नो घर छाडेर वनमा प्रवेश गर्नुभएका विदुरजीले भगवान् मैत्रेयजीलाई सोध्नुभएको थियो ।

यद्वा अयं मन्त्रकृद् वो भगवानखिलेश्वरः ।

पौरवेन्द्रगृहं हित्वा प्रविवेशात्मसात्कृतम् ॥ २ ॥

पदार्थ—

अयं = उहाँ	**वै** = निश्चय नै	**आत्मसात्कृतम्** = आत्मीयत्वले स्वीकार गरिएको (विदुरजीको घरमा नबोलाईकन पनि)
अखिलेश्वरः = सर्वेश्वर	**यत्** = जुन	**प्रविवेश** = प्रवेश गर्नुभएको थियो
भगवान् = भगवान् श्रीकृष्ण	**पौरवेन्द्रगृहं** = दुर्योधनको घरलाई	
वः = तपाईं पाण्डवहरूको	**हित्वा** = छाडेर	
मन्त्रकृत् = दूत बनेर (गएका वेलामा)		

वाक्यार्थ— सर्वेश्वर भगवान् श्रीकृष्ण तपाईं (पाण्डव)हरूको दूत बनेर जानुभएको वेलामा दुर्योधनको महललाई छोडेर उनै विदुरका घरमा आफ्नो सम्झेर नबोलाईकन पनि जानुभएको थियो ।

राजोवाच (राजा परीक्षित्ले भन्नुभयो)

कुत्र क्षत्तुर्भगवता मैत्रेयेणास सङ्गमः ।

कदा वा सह संवाद एतद् वर्णय नः प्रभो ॥ ३ ॥

पदार्थ–

प्रभो = हे प्रभु शुकदेव	**सङ्गमः** = भेट	**संवादः** = संवाद भयो
भगवता = भगवान्	**कुत्र** = कहाँ	**एतत्** = यो कुरा
मैत्रेयेण = मैत्रेयका	**आस** = भएको थियो	**नः** = हामीहरूलाई
सह = साथ	**वा** = अथवा	**वर्णय** = बताउनुहोस्
क्षत्तुः = विदुरजीको	**कदा** = कुन समयमा	

वाक्यार्थ– हे प्रभु शुकदेव ! भगवान् मैत्रेयका साथ विदुरजीको भेट कहाँ भएको थियो ? अनि कुन समयमा संवाद भयो ? यो कुरा हामीहरूलाई बताउनुहोस् ।

न ह्यल्पार्थोदयस्तस्य विदुरस्यामलात्मनः ।

तस्मिन् वरीयसि प्रश्नः साधुवादोपबृंहितः ॥ ४ ॥

पदार्थ–

हि = निश्चय नै	**विदुरस्य** = विदुरको	**साधुवादोपबृंहितः** = मैत्रेयको साधुवादद्वारा प्रशंसा गरिएको थियो
वरीयसि = गुणहरूले उत्कृष्ट	**अल्पार्थोदयः** = सामान्य खालको	
तस्मिन् = ती मैत्रेयमा	**प्रश्नः न** = प्रश्न हुन सक्दैन (किनभने जुन प्रश्न)	
अमलात्मनः = शुद्धचित्त भएका		
तस्य = ती		

वाक्यार्थ– शुद्धचित्त भएका विदुरजीले महात्मा मैत्रेयजीसँग कुनै साधारण प्रश्न त गर्नुभएको थिएन होला। किनभने मैत्रेयजीजस्ता साधु शिरोमणिले अभिनन्दनपूर्वक उहाँको प्रश्नको उत्तर दिनुभएको थियो।

सूत उवाच (सूतजीले भन्नुभयो)

स एवमृषिवर्योऽयं पृष्टो राज्ञा परीक्षिता ।

प्रत्याह तं सुबहुवित् प्रीतात्मा श्रूयतामिति ॥ ५ ॥

पदार्थ–

एवम् = यसप्रकार	**परीक्षिता** = परीक्षित्जीद्वारा	**सुबहुवित्** = सर्वज्ञ
राज्ञा = राजा	**पृष्टः** = सोधिनुभएका	**ऋषिवर्यः** = ऋषिवर

सः अयं = उहाँ शुकदेवले	**तं प्रति** = उहाँ राजालाई	**आह** = भन्नुभयो
प्रीतात्मा = अत्यन्त प्रसन्न भएर	**श्रूयताम् इति** = सुन्नुहोस् भनेर	

वाक्यार्थ– यसप्रकार राजा परीक्षित्‌ले सोधिनुभएका सर्वज्ञ ऋषिवर शुकदेवले अत्यन्त प्रसन्न भएर राजालाई सुन्नुहोस् भनेर भन्नुभयो।

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

यदा तु राजा स्वसुतानसाधून्
पुष्णन्नधर्मेण विनष्टदृष्टिः।
भ्रातुर्यविष्ठस्य सुतान् विबन्धून्
प्रवेश्य लाक्षाभवने ददाह ॥ ६ ॥

पदार्थ–

यदा = जुन समयमा	**स्वसुतान्** = आफ्ना छोराहरूलाई	**विबन्धून्** = बाउ नभएका
विनष्टदृष्टिः = धर्मविषयक ज्ञान नष्ट भएका	**अधर्मेण** = अधर्मले	**सुतान्** = छोराहरूलाई
राजा = धृतराष्ट्रले	**पुष्णन्** = पालनपोषण गर्दै	**लाक्षाभवने** = लाहाले बनेका घरमा
असाधून् = दुष्ट	**यविष्ठस्य** = कान्छा	**प्रवेश्य** = प्रवेश गराएर
	भ्रातुः = भाइ पाण्डवको	**ददाह** = आगो लगाएका थिए

वाक्याथ जुन समयमा धर्मविषयक ज्ञान नष्ट भएका राजा धृतराष्ट्रले अन्यायपूर्वक आफ्ना दुष्ट पुत्रहरूको पालनपोषण गर्दै आफ्ना भाइ पाण्डुका अनाथ छोराहरूलाई लाहाले बनेका घरमा पठाएर आगो लगाइदिएका थिए।

यदा सभायां कुरुदेवदेव्याः
केशाभिमर्शं सुतकर्म गर्ह्यम्।
न वारयामास नृपः स्नुषायाः
स्वास्त्रैर्हरन्त्याः कुचकुङ्कुमानि ॥ ७ ॥

पदार्थ–

नृपः = राजा धृतराष्ट्रले	**कुचकुङ्कुमानि** = स्तनमा लगाएको चन्दन	**कुरुदेवदेव्याः** = कुरुराज युधिष्ठिरकी पत्नी
यदा = जुन समयमा	**हरन्त्याः** = पखाल्दै गरेकी	**स्नुषायाः** = बुहारी द्रौपदीको
सभायां = सभाका बीचमा		
स्वास्त्रैः = आफ्ना आँसुहरूद्वारा		

केशाभिमर्शं = चुल्ठो समात्नु जस्तो
गर्ह्यम् = निन्दनीय
सुतकर्म = छोराको कार्यलाई
न वारयामास = रोकेनन्

वाक्यार्थ– जब द्रौपदीको चुल्ठो दुःशासनले समातेर सभाको बीचमा तानेको थियो त्यस समयमा द्रौपदीको आँखाबाट निक्लेको आँसुको धाराले उनको वक्षःस्थलमा लगाएको चन्दन पनि पखालिएको थियो त्यस समयमा पनि धृतराष्ट्रले आफ्नो छोरालाई उक्त कुकर्मबाट रोकेनन्।

द्यूते त्वधर्मेण जितस्य साधोः
सत्यावलम्बस्य वनं गतस्य।
न याचतोऽदात् समयेन दायं
तमो जुषाणो यदजातशत्रोः॥ ८॥

पदार्थ–
यत् = जुन समयमा
द्यूते = जुवामा
अधर्मेण = अधर्मपूर्वक
जितस्य = जितिएका
साधोः = सीधासादा
सत्यावलम्बस्य = सत्यपरायण
वनगतस्य = वन गएका र
समयेन = समय पुगेपछि
याचतः = (आफ्नो भाग) मागिरहेका
अजातशत्रोः = अजातशत्रु युधिष्ठिरको
दायं = पैतृक सम्पत्ति
तमोजुषाणः = तामसी स्वभाववाला दुर्योधनलाई प्रेम गर्ने धृतराष्ट्रले
न अदात् = दिएनन्

वाक्यार्थ– जुवामा अधर्मपूर्वक जितिएका सीधासादा सत्यपरायण वन गएका र समय पुगेपछि आफ्नो भाग मागिरहेका अजातशत्रु युधिष्ठिरको पैतृक सम्पत्ति तामसी स्वभाववाला दुर्योधनलाई प्रेम गर्ने धृतराष्ट्रले दिएनन्।

यदा च पार्थप्रहितः सभायां
जगद्गुरुर्यानि जगाद कृष्णः।
न तानि पुंसाममृतायनानि
राजोरु मेने क्षतपुण्यलेशः॥ ९॥

पदार्थ–
यदा = जुन समयमा
पार्थप्रहितः = युधिष्ठिरले पठाइएका
जगद्गुरुः = जगत्का गुरु
कृष्णः = भगवान् श्रीकृष्णले
सभायां = सभामा
यानि = जुन
पुंसाम् = भीष्म आदि सज्जनहरूलाई
अमृतायनानि = अमृतजस्तो लाग्ने वचनहरू

जगाद = भन्नुभयो (परन्तु)	**राजा** = धृतराष्ट्रले
क्षतपुण्यलेशः = पुण्य क्षीण भएका	**उरु** = महत्त्वपूर्ण
	न मेने = मानेनन्

वाक्यार्थ– जब महाराज युधिष्ठिरले भगवान् श्रीकृष्णलाई दूत बनाएर कौरवका सभामा पठाउनुभयो। भगवान् श्रीकृष्णका कुरा भीष्म आदि सज्जनहरूलाई अमृत जस्ता मीठा लागेका थिए। परन्तु कुरुराज धृतराष्ट्रले भगवान्‌ले भनेको कुरा महत्त्वपूर्ण मानेनन् किनभने उनको पुण्य क्षीण भइसकेको थियो।

यदोपहूतो भवनं प्रविष्टो
मन्त्राय पृष्टः किल पूर्वजेन।
अथाह तन्मन्त्रदृशां वरीयान्
यन्मन्त्रिणो वैदुरिकं वदन्ति॥ १०॥

पदार्थ–

अथ = यसपछि	**प्रविष्टः** = प्रवेश गर्नुभएका	**यत्** = जुन कुरालाई
यदा = जुन समयमा	**पृष्टः** = परामर्श मागिनुभएका	**मन्त्रिणः** = नीतिशास्त्र जान्नेहरू
पूर्वजेन = धृतराष्ट्रद्वारा	**मन्त्रदृशां** = मन्त्रीहरूमा	**वैदुरिकं** = विदुरनीति भनेर
मन्त्राय = परामर्श दिनका लागि	**वरीयान्** = श्रेष्ठ (विदुरजीले)	**किल** = निश्चय नै
उपहूतः = बोलाइनुभएका	**तत्** = त्यो कुरा	**वदन्ति** = भन्दछन्
भवनं = राजभवनमा	**आह** = बताउनुभयो	

वाक्यार्थ– यसपछि जब धृतराष्ट्रले परामर्शका लागि विदुरजीलाई बोलाए तब मन्त्रीहरूमा श्रेष्ठ विदुरजीले जुन सम्मति दिनुभएको थियो, त्यसैलाई विदुरनीति भन्दछन्।

अजातशत्रोः प्रतियच्छ दायं
तितिक्षतो दुर्विषहं तवागः।
सहानुजो यत्र वृकोदराहिः
श्वसन् रुषा यत्त्वमलं बिभेषि॥ ११॥

पदार्थ–

(विदुरजीले भन्नुभयो)	**आगः** = अपराध	**दायं** = भाग
दुर्विषहं = सहन गर्न कठिन	**तितिक्षतः** = सहन गर्ने	**प्रतियच्छ** = दिनुहोस्
तव = तपाईंको	**अजातशत्रोः** = युधिष्ठिरको	**यत्र** = जसका भाइहरूमा

सहानुजः = अर्जुन आदि भाइहरूले सहित
रुषा = क्रोधले
श्वसन् = तातो श्वास फेर्ने
वृकोदराहिः = भीमरूपी सर्प छन्
यत् = जुन भीमसेनबाट
त्वम् = तपाईं
अलं = अत्यन्त
बिभेषि = डराउनुहुन्छ

वाक्यार्थ– विदुरजीले भन्नुभयो - महाराज ! तपाईं अजातशत्रु महात्मा युधिष्ठिरलाई उहाँको भाग दिनुहोस्। उहाँ तपाईंको सहन गर्न अयोग्य अपराधलाई सहन गरिरहनुभएको छ। जसका भाइहरूमा अर्जुनसहित भीमरूपी सर्प छन् भीमरूप कालसर्पदेखि त तपाईं ज्यादै डराउनुहुन्छ।

पार्थांस्तु देवो भगवान् मुकुन्दो
गृहीतवान् सक्षितिदेवदेवः।
आस्ते स्वपुर्यां यदुदेवदेवो
विनिर्जिताशेषनृदेवदेवः॥ १२॥

पदार्थ–
सक्षितिदेवदेवः = ब्राह्मण र देवताहरूलाई आफ्ना पक्ष लिनुभएका
भगवान् = भगवान्
मुकुन्दः = श्रीकृष्णले
पार्थान् = पाण्डवहरूलाई
गृहीतवान् = आफ्ना ठानेर अपनाउनुभएको छ।
विनिर्जिताशेषनृदेवदेवः = पृथिवीका ठुलाठुला राजाहरूलाई आफ्नो अधीनमा गर्नुभएका
यदुदेवदेवः = यदुवीरका आराध्यदेव
देवः = श्रीकृष्ण
तु = चाहिँ
स्वपुर्यां = आफ्नो द्वारकापुरीमा
आस्ते = निवास गर्नुहुन्छ

वाक्यार्थ– ब्राह्मण र देवताहरूलाई आफ्ना पक्षमा लिनुहुने भगवान् श्रीकृष्णले पाण्डवहरूलाई अपनाइसक्नुभएको छ। यदुवीरका आराध्यदेव भगवान् श्रीकृष्ण यस समयमा आफ्नो राजधानी द्वारकामा निवास गर्नुहुन्छ।

स एष दोषः पुरुषद्विडास्ते
गृहान् प्रविष्टो यमपत्यमत्या।
पुष्णासि कृष्णाद्विमुखो गतश्री-
स्त्यजाश्वशैवं कुलकौशलाय॥ १३॥

पदार्थ–
यम् = दुर्योधनलाई
अपत्यमत्या = आफ्नो छोरा हो भनेर
पुष्णासि = पोषण गरिरहनुभएको छ
स ः = त्यो
एषः = यो दुर्योधन

पुरुषद्विड् = साक्षात् भगवान् श्रीकृष्णसँग द्वेष गर्दछ (यसकारण)
दोषः = दोष नै
गृहान् = घरमा
प्रविष्टः = प्रवेश गरेर
आस्ते = बसेको छ (यही दुर्योधनका कारणले)
कृष्णात् = तपाईंलाई भगवान् श्रीकृष्णदेखि
विमुखः = विमुख (भएर बस्नुपरेको छ र)
गतश्रीः = तपाईंका शरीरमा कुनै कान्ति पनि देखिँदैन (यसकारण)
कुलकौशलाय = कुलको कल्याणका लागि
अशैवं = अमङ्गलरूप (यो दुर्योधनलाई)
आशु = चाँडै
त्यज = त्यागिदिनुहोस्

वाक्यार्थ– जसलाई आफ्नो ठानेर उसको पालनपोषण गरिरहनुभएको छ त्यो दुर्योधनको रूपमा मूर्तिमान् दोष नै तपाईंको घरभित्र प्रवेश गर्नआएको छ। यो साक्षात् भगवान् श्रीकृष्णसँग द्वेष गर्दछ। यसैको कारणले तपाईं भगवान् श्रीकृष्णबाट विमुख भएर श्रीहीन देखिनुभएको छ। यदि तपाईं आफ्नो कुलको कल्याणको कामना गर्नुहुन्छ भने यस दुष्टलाई तुरुन्त त्यागिदिनुहोस्।

इत्यूचिवांस्तत्र सुयोधनेन
प्रवृद्धकोपस्फुरिताधरेण।
असत्कृतः सत्स्पृहणीयशीलः
क्षत्ता सकर्णानुजसौबलेन ॥ १४ ॥

पदार्थ–

सत्स्पृहणीयशीलः = सज्जनहरूद्वारा अनुकरणीय स्वभाव भएका
क्षत्ता = विदुरजीले
इति = त्यसप्रकार
ऊचिवान् = भन्नुभयो
तत्र = त्यस समयमा (विदुरजी)
प्रवृद्धकोपस्फुरिताधरेण = क्रोधको कारणले ओठ फर्फराउँदै गरेका
सकर्णानुजसौबलेन = कर्ण, दुःशासन र सकुनिले सहित
सुयोधनेन = दुर्योधनद्वारा
असत्कृतः = यसप्रकार तिरस्कार गरिनुभयो

वाक्यार्थ– सज्जनहरूद्वारा अनुकरणीय स्वभाव भएका विदुरजीको यो कुरा सुन्नेबित्तिकै कर्ण, दुःशासन र शकुनिसहित दुर्योधनको ओठ क्रोधले फर्फराउन थाल्यो। यसपछि दुर्योधनद्वारा विदुरजी यसप्रकार तिरस्कार गरिनुभयो।

क एनमत्रोपजुहाव जिह्मं
दास्याः सुतं यद्बलिनैव पुष्टः।
तस्मिन् प्रतीपः परकृत्य आस्ते

निर्वास्यतामाशु पुराच्छ्वसानः ॥ १५ ॥

पदार्थ–

जिह्मं = कुटिल	**यद्बलिना** = जसको अन्न खाएर	**आस्ते** = (हाम्रो परिवारमा) बस्दछ
दास्याः = दासीको	**एव** = नै	**श्वसानः** = सास मात्र बाँकी राखी
सुतं = पुत्र	**पुष्टः** = बाँचेको छ	**आशु** = चाँडै नै
एनम् = यस विदुरलाई	**तस्मिन्** = त्यही स्वामीमा	**पुरात्** = नगरबाट
कः = कसले	**प्रतीपः** = प्रतिकूल भएर	**निर्वास्यताम्** = निकाल्नुपर्दछ
अत्र = यहाँ	**परकृत्ये** = पाण्डवहरूको काम बनाउनका लागि	
उपजुहाव = बोलायो		

वाक्यार्थ– यस कुटिल दासीपुत्रलाई यहाँ कसले बोलायो ? जसको अन्न खाएर यो बाँचिरहेको छ, उसैको प्रतिकूल भएर शत्रुको काम बनाउन चाहन्छ। सास मात्र बाँकी राखी यसलाई हाम्रो नगरबाट तुरुन्त निकाल्नुपर्दछ।

स इत्थमत्युल्बणकर्णबाणै-
र्भ्रातुः पुरो मर्मसु ताडितोऽपि।
स्वयं धनुर्द्वारि निधाय मायां
गतव्यथोऽयादुरु मानयानः ॥ १६ ॥

पदार्थ–

भ्रातुः = दाइ धृतराष्ट्रको	**मर्मसु ताडित अपि** = मर्माहत भए तापनि	**मानयानः** = ठान्दै
पुरः = अगाडि	**गतव्यथः** = मनमा कुनै प्रकारको कष्ट नमानीकन	**धनुः** = धनुलाई
सः = उहाँ विदुर	**मायां** = भगवान्‌को मायालाई	**द्वारि** = राजदरबारको ढोकामा
इत्थम् = यसप्रकार	**उरु** = शक्तिशाली	**निधाय** = राखेर
अत्युल्बणकर्णबाणैः = कानमा बाणजस्ता लाग्ने कठोर वचनले		**स्वयं** = आफैँ नै
		अयात् = निक्लनुभयो

वाक्यार्थ– धृतराष्टकै अगाडि दुर्योधनको अत्यन्त कठोर वचनबाट यसरी मर्माहत भएर पनि यो भगवान्‌को मायाको प्रबल प्रभाव हो भन्ने ठानेर विदुरले त्यति नराम्रो मान्नुभएन। उहाँ आफ्नो धनुषलाई राजदरबारको ढोकामा राखेर आफैँ नै हस्तिनापुरबाट निक्लनुभयो।

स निर्गतः कौरवपुण्यलब्धो

गजाह्वयात्तीर्थपदः पदानि ।

अन्वाक्रमत् पुण्यचिकीर्षयोर्व्या-
मधिष्ठितो यानि सहस्रमूर्तिः ॥ १७ ॥

पदार्थ–

कौरवपुण्यलब्धः = कौरवहरूको पुण्यले प्राप्त भएका	**पुण्यचिकीर्षया** = पुण्य गर्ने इच्छाले	**अधिष्ठितः** = रहेर
सः = उहाँ विदुरजी	**सहस्रमूर्तिः** = ब्रह्मा, रुद्र आदि अनन्त मूर्ति भएका	**यानि** = जहाँ-जहाँ निवास गर्नुहुन्छ
गजाह्वयात् = हस्तिनापुरबाट	**तीर्थपदः** = भगवान्	**पदानि** = ती क्षेत्रहरूमा
निर्गतः = निक्लेर	**उर्व्याम्** = पृथिवीमा	**अन्वाक्रमत्** = जानुभयो

वाक्यार्थ– कौरवहरूलाई विदुरजस्तो महात्मा ठुलो पुण्यले प्राप्त हुनुभएको थियो। उहाँ हस्तिनापुरबाट निक्लेर पुण्य गर्ने इच्छाले ब्रह्मा, रुद्र आदि अनन्त मूर्ति भएका भगवान् पृथिवीमा जहाँ-जहाँ निवास गर्नुहुन्छ ती-ती क्षेत्रहरूमा जानुभयो।

पुरेषु पुण्योपवनाद्रिकुञ्जे-
ष्वपङ्कतोयेषु सरित्सरःसु ।
अनन्तलिङ्गैः समलङ्कृतेषु
चचार तीर्थायतनेष्वनन्यः ॥ १८ ॥

पदार्थ–

अनन्तलिङ्गैः = भगवान्का मूर्तिहरूबाट	**पुण्योपवनाद्रिकुञ्जेषु** = पवित्र, वन, पर्वत र निकुञ्जहरूमा	**तीर्थायतनेषु** = यी सबै पवित्र तीर्थहरूमा
समलङ्कृतेषु = सुशोभित भएका	**अपङ्कतोयेषु** = निर्मल जलयुक्त	**अनन्यः** = एक्लै
पुरेषु = सहरहरूमा	**सरित्सरःसु** = नदी र तलाउहरूमा	**चचार** = भ्रमण गर्नुभयो

वाक्यार्थ– भगवान्का मूर्तिहरूबाट सुशोभित भएका जुन नगर, पवित्र वन, निकुञ्ज, निर्मल जलले भरिएका नदी, तलाउ आदि थिए ती सबै पवित्र तीर्थहरूमा उहाँले एक्लै नै भ्रमण गर्नुभयो।

गां पर्यटन् मेध्यविविक्तवृत्तिः

सदाप्लुतोऽधः शयनोऽवधूतः ।

अलक्षितः स्वैरवधूतवेषो

व्रतानि चेरे हरितोषणानि ॥ १९ ॥

पदार्थ–

मेध्यविविक्तवृत्तिः = पवित्र भिक्षान्न ग्रहण गर्नुहुने	**अवधूतवेषः** = रुखका बोक्राहरू लगाउनु हुने (यसैले)	**हरितोषणानि** = भगवान्लाई प्रसन्न पार्ने
अधः = जमिनमा	**स्वैः** = आफन्तहरूद्वारा	**व्रतानि** = व्रतहरू
शयनः = सुत्नुहुने	**अलक्षितः** = नचिनिनु हुने विदुरजीले	**चेरे** = पालन गर्नुभयो
अवधूतः = शरीरलाई सजाउनुहुने	**गां** = पृथ्वीमा	
सदाप्लुतः = सधैं तीर्थमा स्नान गर्नु हुने	**पर्यटन्** = घुम्दै	

वाक्यार्थ– पवित्र भिक्षान्न ग्रहण गर्नुहुने, जमिनमा सुत्नुहुने, शरीरलाई सजाउनुहुने, सधैं तीर्थमा स्नान गर्नु हुने र रुखका बोक्राहरू लगाउनु हुने यसैले आफन्तहरूद्वारा नचिनिनु हुने विदुरजीले पृथ्वीमा घुम्दै भगवान्लाई प्रसन्न पार्ने व्रतहरू पालन गर्नुभयो ।

इत्थं व्रजन् भारतमेव वर्षं

कालेन यावद्गतवान् प्रभासम् ।

तावच्छशास क्षितिमेकचक्रा-

मेकातपत्रामजितेन पार्थः ॥ २० ॥

पदार्थ–

इत्थं = यसै गरी	**कालेन** = समयमा	**पार्थः** = युधिष्ठिरले
भारतम् वर्षं एव = भारत वर्षमा नै	**प्रभासम्** = प्रभासक्षेत्रमा	**एकातपत्राम्** = एकछत्र र
	गतवान् = जानुभयो	**एकचक्राम्** = अखण्ड
व्रजन् = घुम्दै	**तावत्** = त्यस वेलामा	**क्षितिम्** = पृथ्वीको
यावत् = जुन	**अजितेन** = श्रीकृष्णका साथमा	**शशास** = शासन गर्नुभयो

वाक्यार्थ– यसप्रकार भारतवर्षमा विचरण गर्दै विदुरजी प्रभास क्षेत्रमा नपुगुन्जेल भगवान् श्रीकृष्णको सहायताले युधिष्ठिरले पृथ्वीमा एकछत्र र अखण्ड शासन गर्नुभयो ।

तत्राथ शुश्राव सुहृद्विनष्टिं

वनं यथा वेणुजवह्निसंश्रयम्।
संस्पर्धया दग्धमथानुशोचन्
सरस्वतीं प्रत्यगियाय तूष्णीम्॥ २१॥

पदार्थ–

अथ = त्यसपछि	**दग्धम्** = डढ्दछ (त्यसरी नै)	**अनुशोचन्** = शोक गर्दै
तत्र = त्यस प्रभास क्षेत्रमा	**संस्पर्धया** = आपसमा लडेर	**तूष्णीम्** = चुपचाप
यथा = जसरी	**सुहृद्विनष्टिं** = बन्धुहरूको	**सरस्वतीं** = सरस्वती नदीको
वेणुजवह्निसंश्रयम् = बाँसको	विनाशको वृत्तान्त	**प्रत्यग्** = तीरमा
रगडबाट उत्पन्न भएको	**शुश्राव** = सुन्नुभयो	**इयाय** = जानुभयो
वनं = वन	**अथ** = त्यसपछि	

वाक्यार्थ– प्रभास क्षेत्रमा विदुरजीले आफ्ना बन्धु कौरवहरू नष्ट भएको समाचार सुन्नुभयो। उनीहरू आफू आफूमैं भएको परस्परको झगडाको कारणले त्यसै गरी नष्ट भएका थिए जसरी जङ्गलमा बाँसहरू परस्परमा टकराएर भस्म हुन्छन्। यो कुरा सुनेर उहाँ शोक गर्दै चुपचाप सरस्वती नदीको तीरमा जानुभयो।

तस्यां त्रितस्योशनसो मनोश्च
पृथोरथाग्नेरसितस्य वायोः।
तीर्थं सुदासस्य गवां गुहस्य
यच्छ्राद्धदेवस्य स आसिषेवे॥ २२॥

पदार्थ–

तस्यां = सरस्वतीको किनारमा	**अथ** = अनि	**गुहस्य** = कार्तिकेयको
सः = विदुरजीले	**अग्नेः** = अग्निको	**श्राद्धदेवस्य** = श्राद्धदेवको पनि
त्रितस्य = त्रितको	**असितस्य** = असितको	**यत्** = जुन–जुन
उशनसः = शुक्राचार्यको	**वायोः** = वायुको	**तीर्थं** = तीर्थहरू छन्
मनोः च = मनुको पनि	**सुदासस्य** = सुदासको	**आसिषेवे** = ती सबैको सेवन
पृथोः = पृथुको	**गवां** = गाईहरूको	गर्नुभयो

वाक्यार्थ– त्यहाँ उहाँले त्रित, शुक्राचार्य, मनु, पृथु, अग्नि, असित, वायु, सुदास, गौ, कार्तिकेय र श्राद्धदेवका जुन–जुन तीर्थहरू छन् ती सबैको सेवन गर्नुभयो।

अन्यानि चेह द्विजदेवदेवैः

कृतानि नानायतनानि विष्णोः।
प्रत्यङ्गमुख्याङ्कितमन्दिराणि
यद्दर्शनात् कृष्णमनुस्मरन्ति ॥ २३ ॥

पदार्थ–

इह = पृथिवीमा
द्विजदेवदेवैः = ब्राह्मण र देवताहरूले
कृतानि = प्रतिष्ठा गरिएका
प्रत्यङ्गमुख्याङ्कितमन्दिराणि = प्रधान अस्त्र चक्रद्वारा चिह्नित मन्दिरहरूले युक्त
विष्णोः = भगवान् श्रीहरिका
अन्यानि = अरू
नानायतनानि च = विभिन्न तीर्थक्षेत्रहरूको पनि (भ्रमण गर्नुभयो)
यद्दर्शनात् = जुन तीर्थहरूको दर्शनले
कृष्णम् = भगवान् कृष्णलाई
अनुस्मरन्ति = सम्झाउँदछन्

वाक्यार्थ– यसदेखि अतिरिक्त पृथ्वीमा ब्राह्मण र देवताद्वारा प्रतिष्ठा गरिएका भगवान् विष्णुका अनेक मन्दिरहरू थिए, जुन भगवान्को प्रधान अस्त्र चक्रका चिह्नले चिह्नित थिए ती तीर्थहरूको पनि भ्रमण गर्नुभयो, जुन तीर्थहरूको दर्शनमात्रले भगवान् श्रीकृष्णको स्मरण हुन्छ।

ततस्त्वतिव्रज्य सुराष्ट्रमृद्धं
सौवीरमत्स्यान् कुरुजाङ्गलांश्च।
कालेन तावद्यमुनामुपेत्य
तत्रोद्धवं भागवतं ददर्श ॥ २४ ॥

पदार्थ–

ततः = त्यहाँबाट
ऋद्धं = धनधान्यपूर्ण
सुराष्ट्रम् = सौराष्ट्र
सौवीरमत्स्यान् = सौवीर र मत्स्यदेश
कुरुजाङ्गलान् च = कुरुजाङ्गल आदि प्रदेशहरूलाई पनि
अतिव्रज्य = पार गरेर
कालेन = केही समयपछि
यमुनाम् = यमुनाको नजिकमा
उपेत्य = पुगिसकेपछि
तत्र = त्यहाँ
तावत् = त्यस बेला
भागवतं = भगवान्का भक्त
उद्धवं = उद्धवजीलाई
ददर्श = देख्नुभयो

वाक्यार्थ– त्यहाँबाट उहाँ धनधान्यपूर्ण सौराष्ट्र, सौवीर, मत्स्यदेश र कुरुजाङ्गल आदि प्रदेशहरूलाई पार गरेर यमुनाको नजिकमा पुग्नुभयो। त्यहाँ उहाँले परमभागवत उद्धवजीलाई देख्नुभयो।

स वासुदेवानुचरं प्रशान्तं
बृहस्पतेः प्राक्तनयं प्रतीतम्।
आलिङ्ग्य गाढं प्रणयेन भद्रं
स्वानामपृच्छद् भगवत्प्रजानाम्॥ २५॥

पदार्थ–

सः = विदुरजीले	**वासुदेवानुचरं** = भगवान्का सेवक उद्धवजीलाई	**भगवत्प्रजानाम्** = भगवान्द्वारा पालित
बृहस्पतेः = बृहस्पतिजीका	**प्रणयेन** = प्रेमपूर्वक	**स्वानाम्** = आफन्तहरूका विषयमा
प्रतीतम् = प्रसिद्ध	**गाढं** = धेरै बेरसम्म	**भद्रं** = मङ्गलप्रश्न
प्राक्तनयं = पुराना शिष्य र	**आलिङ्ग्य** = अङ्कमाल गरेर	**अपृच्छत्** = सोध्नुभयो
प्रशान्तं = शान्तस्वभाव भएका		

वाक्यार्थ– उद्धवजी भगवान् श्रीकृष्णका प्रख्यात सेवक र अत्यन्त शान्तस्वभावका हुनुहुन्थ्यो। उहाँ पहिले बृहस्पतिका शिष्य हुनुहुन्थ्यो। विदुरजीले उहाँलाई देखेर प्रेमले अङ्कमाल गर्नुभयो र आफ्ना आराध्य भगवान् श्रीकृष्णद्वारा पालित आफ्ना स्वजनहरूको विषयमा मङ्गलप्रश्न सोध्नुभयो।

कच्चित् पुराणौ पुरुषौ स्वनाभ्य-
पाद्मानुवृत्त्येह किलावतीर्णौ।
आसात उर्व्याः कुशलं विधाय
कृतक्षणौ कुशलं शूरगेहे॥ २६॥

पदार्थ–

किल = निश्चय नै	**कृतक्षणौ** = सबैलाई अवसर प्रदान गर्ने	**शूरगेहे** = शूरसेन (वसुदेव)को घरमा
स्वनाभ्यपाद्मानुवृत्त्या = आफ्नो नाभिकमलबाट उत्पन्न ब्रह्माजीको प्रार्थनाबाट	**पुराणौ पुरुषौ** = पुराणपुरुष भगवान् श्रीकृष्ण र बलराम	**कच्चित्** = के
इह = यस पृथिवीमा	**उर्व्याः** = पृथिवीको	**कुशलं** = सन्चै नै
अवतीर्णौ = अवतार धारण गर्नुहुने	**कुशलं** = कल्याण	**आसाते** = हुनुहुन्छ ?
	विधाय = गरेर	

वाक्यार्थ– विदुरजी भन्न लाग्नुभयो– उद्धवजी ! पुराणपुरुष भगवान् श्रीकृष्ण र बलरामले आफ्ना नाभिकमलबाट उत्पन्न ब्रह्माजीको प्रार्थनाले यस संसारमा अवतार लिनुभएको छ।

पृथिवीको भारलाई हरण गरेर सबैलाई आनन्द दिँदै अब उहाँ शूरसेन (वसुदेव)का घरमा सन्चै नै हुनुहुन्छ ?

कच्चित् कुरूणां परमः सुहृन्नो
भामः स आस्ते सुखमङ्ग शौरिः।
यो वै स्वसृणां पितृवद् ददाति
वरान् वदान्यो वरतर्पणेन॥ २७॥

पदार्थ–

अङ्ग = हे उद्धवजी	**शौरिः** = वसुदेवजी	**वरतर्पणेन** = पतिहरूलाई सन्तुष्ट पारी
नः = हामी	**कच्चित्** = के	**वदान्यः** = अत्यन्त उदार उहाँले
कुरूणां = कुरुवंशीहरूको	**सुखम्** = आनन्दपूर्वक	**पितृवत्** = पिताले झैं
परमः = परम	**आस्ते** = बस्नुभएको त छ ?	**वरान्** = मनले चाहेका कुराहरू
सुहृत् = मित्र	**यः** = जुन वसुदेवजीले	**ददाति** = दिनुहुन्छ
भामः = पूज्य	**वै** = निश्चय नै	
सः = उहाँ	**स्वसृणां** = आफ्ना बहिनीहरूको	

वाक्यार्थ– प्रियवर ! हामी कुरुवंशीका परमसुहृद् र पूज्य वसुदेवजी जो पितासमान उदारतापूर्वक आफ्ना कुन्ती आदि बहिनी र उनका स्वामीहरूलाई सन्तुष्ट गराउँदै र उनीहरूले खोजेका वस्तुहरू दिँदै आउनुभएको छ। के उहाँ आनन्दपूर्वक हुनुहुन्छ ?

कच्चिद्वरूथाधिपतिर्यदूनां
प्रद्युम्न आस्ते सुखमङ्ग वीरः।
यं रुक्मिणी भगवतोऽभिलेभे
आराध्य विप्रान् स्मरमादिसर्गे॥ २८॥

पदार्थ–

अङ्ग = हे उद्धवजी	**सुखम्** = प्रसन्न	**रुक्मिणी** = रुक्मिणीजीले
यदूनां = यादवका	**आस्ते** = हुनुहुन्छ ?	**विप्रान्** = ब्रह्मनिष्ठ ब्राह्मणहरूको
वरूथाधिपतिः = सेनापति	**आदिसर्गे** = पूर्वजन्ममा	**आराध्य** = आराधना गरेर
वीरः = वीर	**स्मरम्** = कामदेव हुनुभएका	**अभिलेभे** = पुत्रका रूपमा प्राप्त गर्नुभएको थियो
प्रद्युम्नः = प्रद्युम्नजी	**यं** = जुन प्रद्युम्नलाई	
कच्चित् = के	**भगवतः** = भगवान्‌की पत्नी	

वाक्यार्थ– प्रिय उद्धवजी ! यादवका सेनापति वीर प्रद्युम्नजी के प्रसन्न हुनुहुन्छ ? जो पूर्वजन्ममा कामदेव हुनुहुन्थ्यो। त्यस्तै जसलाई भगवान्‌की पत्नी रूक्मिणीले ब्राह्मणहरूको आराधना गरेर पुत्रका रूपमा प्राप्त गर्नुभएको थियो।

कच्चित् सुखं सात्वतवृष्णिभोज-
दाशार्हकाणामधिपः स आस्ते।
यमभ्यषिञ्चच्छतपत्रनेत्रो
नृपासनाशां परिहृत्य दूरात्॥ २९॥

पदार्थ–

सात्वतवृष्णिभोजदाशार्हकाणाम् = सात्वत, वृष्णि, भोज, दाशार्ह आदि वंशहरूका	**सुखं** = सुखपूर्वक	**दूरात्** = टाढै बस्ने
अधिपः = स्वामी	**आस्ते** = रहेका छन्	**यम्** = जुन उग्रसेनलाई
सः = उग्रसेन	**नृपासनाशां** = राज्यशासनको आशालाई	**शतपत्रनेत्रः** = कमलनयन भगवान् श्रीकृष्णले
कच्चित् = के	**परिहृत्य** = (कंसको भयले) त्यागेर	**अभ्यषिञ्चन्** = (राजाको रूपमा पुनः) अभिषेक गर्नुभयो

वाक्यार्थ– सात्वत, वृष्णि, भोज र दाशार्हवंशी यादवका अधिपति महाराज उग्रसेन के सुखपूर्वक हुनुहुन्छ ? जसले कंसको भयले राज्य पाउने आशाको सर्वथा परित्याग गर्नुभएको थियो। परन्तु कमलनयन भगवान् श्रीकृष्णले जसलाई फेरि राज्यसिंहासनमा बसाउनुभयो।

कच्चिद्धरेः सौम्य सुतः सदृक्ष
आस्तेऽग्रणी रथिनां साधु साम्बः।
असूत यं जाम्बवती व्रताढ्या
देवं गुहं योऽम्बिकया धृतोऽग्रे॥ ३०॥

पदार्थ–

सौम्य = हे उद्धवजी	**सुतः** = भगवान्‌का पुत्र	**यं** = जुन साम्बजीलाई
हरेः = हरि भगवान्‌का	**साम्बः** = साम्बजी	**अग्रे** = पूर्वजन्ममा
सदृक्षः = समान	**कच्चित्** = के	**अम्बिकया** = जगदम्बा माता पार्वतीजीले
रथिनां = रथीहरूका	**साधु** = सन्चै	
अग्रणीः = नायक	**आस्ते** = हुनुहुन्छ ?	**धृतः** = गर्भमा धारण गरी

देवं = भगवान्	**गुहं** = कार्तिकेयका स्वरूपमा (जन्माउनुभएको थियो र अहिले)	**व्रताढ्या** = विभिन्न व्रतहरू गर्ने **जाम्बवती** = जाम्बवतीले **असूत** = जन्माउनुभएको हो

वाक्यार्थ– हे उद्धवजी ! आफ्ना पिता श्रीकृष्णसमान समस्त रथीहरूमा अग्रगण्य श्रीकृष्णतनय साम्ब के सकुशल हुनुहुन्छ ? उहाँ पहिले पार्वतीजीद्वारा गर्भमा धारण गरिनुभएका स्वामी कार्तिकेय हुनुहुन्थ्यो। अहिले अनेक प्रकारका व्रतहरू गरेर जाम्बवतीले उहाँलाई जन्माउनुभएको हो।

क्षेमं स कच्चिद्युयुधान आस्ते
यः फाल्गुनाल्लब्धधनूरहस्यः।
लेभेऽञ्जसाधोक्षजसेवयैव
गतिं तदीयां यतिभिर्दुरापाम्॥ ३१॥

पदार्थ–

फाल्गुनात् = अर्जुनबाट **लब्धधनूरहस्यः** = रहस्ययुक्त धनुर्विद्या प्राप्त गर्ने **यः** = जुन सात्यकिले **अधोक्षजसेवया** = भगवान्को सेवाद्वारा नै	**यतिभिः** = योगीहरूद्वारा पनि **दुरापाम्** = मुस्किलले पाउन सकिने **तदीयां** = भगवान्कै **गतिं** = पदलाई **अञ्जसा एव** = सजिलै	**लेभे** = प्राप्त गर्नुभयो **सः** = उहाँ **युयुधानः** = सात्यकि **कच्चित्** = के **क्षेमं** = कुशल नै **आस्ते** = हुनुहुन्छ

वाक्यार्थ– अर्जुनबाट रहस्ययुक्त धनुर्विद्यालाई प्राप्त गरेका सात्यकि के सकुशल हुनुहुन्छ ? उहाँ भगवान् श्रीकृष्णको सेवाबाट अनायास भगवद्भक्तको त्यस महान् स्थितिमा पुग्नुभएको छ, जुन ठुलाठुला योगीहरूलाई पनि दुर्लभ छ।

कच्चिद् बुधः स्वस्त्यनमीव आस्ते
श्वफल्कपुत्रो भगवत्प्रपन्नः।
यः कृष्णपादाङ्कितमार्गपांसु-
ष्वचेष्टत प्रेमविभिन्नधैर्यः॥ ३२॥

पदार्थ–

भगवत्प्रपन्नः = भगवान्मा शरणागत	**अनमीवः** = निष्पाप **बुधः** = विद्वान्	**श्वफल्कपुत्रः** = श्वफल्कका छोरा अक्रूरजी

कच्चित् = के
स्वस्ति = सन्चै
आस्ते = हुनुहुन्छ
प्रेमविभिन्नधैर्यः = भगवत्प्रेमले धैर्यको बाँध टुटेका
यः = जुन अक्रूरजीले
कृष्णपादाङ्कितमार्गपांसुषु = श्रीकृष्णको चरणचिह्नले अङ्कित व्रजमार्गको धूलोमा
अचेष्टत = लडीबुडी गर्नुभयो

वाक्यार्थ– भगवान्का शरणागत, निष्पाप भक्त विद्वान् अक्रूरजी प्रसन्न हुनुहुन्छ ? भगवत्प्रेमले धैर्यको बाँध टुटेका जुन अक्रूरजीले श्रीकृष्णको चरणचिह्नले अङ्कित व्रजमार्गको धुलामा लडीबुडी गर्नुभएको थियो।

कच्चिच्छिवं देवकभोजपुत्र्या
विष्णुप्रजाया इव देवमातुः।
या वै स्वगर्भेण दधार देवं
त्रयी यथा यज्ञवितानमर्थम्॥ ३३॥

पदार्थ–
देवमातुः = देवमाता अदितिको
इव = झैं
विष्णुप्रजायाः = विष्णुलाई पुत्रका रूपमा प्राप्त गर्ने
देवकभोजपुत्र्याः = भोजदेशीय देवककी पुत्री देवकी
कच्चित् = के
शिवं = कुशल हुनुहुन्छ
या = जसले
वै = निश्चय नै
स्वगर्भेण = आफ्नो मनोरूप गर्भाशयद्वारा
देवं = (सबैको अन्तःकरणका प्रकाशक) भगवान्लाई
दधार = धारण गर्नुभएको थियो
यथा = जसरी
त्रयी = वेदले
यज्ञवितानम् = यज्ञयागादिरूप
अर्थम् = अर्थलाई धारण गर्दछन्

वाक्यार्थ– भोजवंशी देवककी पुत्री देवकी सन्चै हुनुहुन्छ ? उहाँ देवमाता अदितिसमान साक्षात् विष्णु भगवान्की माता हुनुहुन्छ। जसरी वेदले यज्ञविस्ताररूप अर्थलाई आफ्नो मन्त्रमा धारण गरेको छ त्यसै गरी उहाँले भगवान् श्रीकृष्णलाई आफ्नो गर्भमा धारण गर्नुभएको थियो।

अपिस्विदास्ते भगवान् सुखं वो
यः सात्वतां कामदुघोऽनिरुद्धः।
यमामनन्ति स्म हि शब्दयोनिं
मनोमयं सत्त्वतुरीयतत्त्वम्॥ ३४॥

पदार्थ–
वः = तपाईंहरू जस्ता
सात्वतां = भक्तजनहरूको
कामदुघः = कामनालाई पूर्ण गर्ने

भगवान् = भगवान्	**सत्त्वतुरीयतत्त्वम्** = अन्तःकरणचतुष्टयमध्ये चतुर्थ अंश मनका स्वामी	**यम्** = जसलाई
अनिरुद्धः = अनिरुद्धजी	**मनोमयं** = मनका प्रवर्तक	**हि** = निश्चय नै
अपिस्वित् = के	**शब्दयोनिं** = शास्त्रका कारण	**आमनन्ति स्म** = वेदहरू प्रणाम गर्दथे
सुखं = सुखपूर्वक		
आस्ते = हुनुहुन्छ		

वाक्यार्थ– भक्तजनहरूको कामनालाई पूर्ण गर्ने भगवान् अनिरुद्धजी के सुखपूर्वक हुनुहुन्छ ? वेदादिशास्त्रको आदिकारण र अन्तःकरणचतुष्टयमध्ये चतुर्थ अंश मनको स्वामीका रूपमा रहनु भएका उहाँलाई वेदहरू प्रणाम गर्दथे।

अपिस्विदन्ये च निजात्मदैव-
मनन्यवृत्त्या समनुव्रता ये।
हृदीकसत्यात्मजचारुदेष्ण-
गदादयः स्वस्ति चरन्ति सौम्य ॥ ३५ ॥

पदार्थ–

सौम्य = हे उद्धवजी	**अनन्यवृत्त्या** = अनन्यभक्तिद्वारा	चारुदेष्ण, गद आदि अन्य भगवान्का पुत्रहरू
अन्ये च = अरू पनि	**समनुव्रताः** = सेवा गर्दछन् ती	**अपिस्वित्** = के
ये = जो	**हृदीकसत्यात्मजचारुदेष्णगदादयः** = हृदिक, सत्यभामा नन्दन	**स्वस्ति** = सकुशल
निजात्मदैवम् = आफ्ना स्वामीलाई		**चरन्ति** = हुनुहुन्छ ?

वाक्यार्थ– सौम्य स्वभाव उद्धवी ! आफ्ना हृदयेश्वर भगवान् श्रीकृष्णको अनन्यभावले अनुसरण गर्ने हार्दिक सत्यभामानन्दन चारुदेष्ण र गद आदि अन्य भगवान्का जो पुत्रहरू छन्, के उहाँहरू सकुशल हुनुहुन्छ ?

अपि स्वदोर्भ्यां विजयाच्युताभ्यां
धर्मेण धर्मः परिपाति सेतुम्।
दुर्योधनोऽतप्यत यत्सभायां
साम्राज्यलक्ष्म्या विजयानुवृत्त्या ॥ ३६ ॥

पदार्थ–

धर्मः = धर्मराज युधिष्ठिरले	**विजयाच्युताभ्यां** = अर्जुन र श्रीकृष्णका साथमा	**सेतुम्** = धर्ममर्यादालाई
स्वदोर्भ्यां = आफ्ना दुईहात तुल्य		**अपि** = के

धर्मेण = न्यायपूर्वक **परिपाति** = परिपालन गर्नुहुन्छ ? **यत्सभायां** = जुन युधिष्ठिरका सभामा	**विजयानुवृत्त्या** = विजयको परम्पराले र **साम्राज्यलक्ष्म्या** = राज्यवैभवले **दुर्योधनः** = दुर्योधन	**अतप्यत** = चिन्तित भएको थियो

वाक्यार्थ– धर्मराज युधिष्ठिर आफ्ना दुईहात तुल्य अर्जुन र श्रीकृष्णको सहायताले धर्ममर्यादाको के न्यायपूर्वक पालन गरिरहनुभएको छ ? मय दानवले बनाएको युधिष्ठिरको सभामा उनको विजय र राज्यवैभवलाई देखेर दुर्योधन चिन्तित भएको थियो।

किं वा कृताघेष्वघमत्यमर्षी
भीमोऽहिवद् दीर्घतमं व्यमुञ्चत्।
यस्याङ्घ्रिपातं रणभूर्न सेहे
मार्गं गदायाश्चरतो विचित्रम्॥ ३७॥

पदार्थ–

अहिवत् = सर्पको जस्तो **अत्यमर्षी** = धेरै रिस भएका **भीमः** = भीमसेनले **कृताघेषु** = पापकर्म गर्नेहरूमाथि **दीर्घतमं** = धेरै समयदेखि विचार गरिएको	**अघम्** = पापको दण्ड **किं वा** = के **व्यमुञ्चत्** = प्रयोग गर्नुभयो र ? **गदायाः** = गदाका **विचित्रम्** = विविध **मार्गं** = चालहरू	**चरतः** = चलाउने **यस्याङ्घ्रिपातं** = जसको पादप्रहारलाई **रणभूः** = युद्धभूमिले **न सेहे** = सहन सकेन

वाक्यार्थ– सर्पको जस्तो धेरै रिस भएका भीमसेनले पापकर्म गर्नेहरूमाथि के पापको दण्ड प्रयोग गर्नुभयो ? गदाका विविध चालहरू चलाउने उहाँको पादप्रहारलाई युद्धभूमिले सहन सकेको थिएन।

कच्चिद् यशोधा रथयूथपानां
गाण्डीवधन्वोपरतारिरास्ते।
अलक्षितो यच्छरकूटगूढो
मायाकिरातो गिरिशस्तुतोष॥ ३८॥

पदार्थ–

रथयूथपानां = महारथीहरूमध्ये **यशोधाः** = कीर्तिधारी	**उपरतारिः** = शत्रुहरूलाई भगाउने	**गाण्डीवधन्वा** = गाण्डीवधारी अर्जुनजी

कच्चित् = के	**अलक्षितः** = नदेखिने भएका	**तुतोष** = प्रसन्न हुनुभएको थियो
आस्ते = कुशल हुनुहुन्छ ?	**मायाकिरातः** = मायाद्वारा किरातवेष धारण गर्ने	
यच्छरकूटगूढः = जसको बाणसमूहद्वारा ढाकिएर	**गिरिशः** = भगवान् शङ्कर	

वाक्यार्थ– महारथीहरूमध्ये कीर्तिमान्, शत्रुहरूलाई भगाउने गाण्डीवधारी अर्जुनजी के कुशल हुनुहुन्छ ? उहाँको बाणसमूहद्वारा ढाकिएर नदेखिने हुनुभएका मायाद्वारा किरातवेष धारण गर्ने भगवान् शङ्कर प्रसन्न हुनुभएको थियो।

यमावुतस्वित्तनयौ पृथायाः
पार्थैर्वृतौ पक्ष्मभिरक्षिणीव।
रेमात उद्दाय मृधे स्वरिक्थं
परात् सुपर्णाविव वज्रिवक्त्रात्॥ ३९॥

पदार्थ–

पक्ष्मभिः = परेलाहरूले	**यमौ** = नकुल र सहदेवहरू	**उद्दाय** = आफ्नो भाग जितेर
अक्षिणी इव = आँखाझैँ	**वज्रिवक्त्रात्** = इन्द्रको मुखबाट	**उतस्वित्** = के
पार्थैः = पाण्डवहरूद्वारा	**स्वरिक्थं** = अमृत (खोस्ने)	**रेमाते** = रमाउँदछन्
वृतौ = रक्षित	**सुपर्णौ इव** = गरुडजी झैँ	
पृथायाः = कुन्तीका	**परात्** = शत्रु दुर्योधनबाट	
तनयौ = पुत्र	**मृधे** = युद्धमा	

वाक्यार्थ– परेलाहरूले जसरी नेत्रहरूको रक्षा गर्दछन् त्यसै गरी कुन्तीपुत्र युधिष्ठिर आदि र स्वयं कुन्तीले जसको लालन–पालन गर्नुभएको छ। ती कुन्तीका जुम्ल्याहा छोरा नकुल र सहदेव सकुशल छन् ? उनीहरूले युद्धमा आफ्नो राज्यलाई शत्रुबाट त्यसै गरी ल्याएका थिए जसरी गरुडले इन्द्रबाट अमृत हरण गरेर लिएका थिए।

टिप्पणी– यहाँ माद्रीका छोरा नकुल र सहदेवलाई कुन्तीका छोरा भनिएको छ। कुन्तीले नै उनीहरूको पालन पोषण गरेकाले यसो भनिएको हो।

अहो पृथापि ध्रियतेऽर्भकार्थे
राजर्षिवर्येण विनापि तेन।
यस्त्वेकवीरोऽधिरथो विजिग्ये
धनुर्द्वितीयः ककुभश्चतस्रः॥ ४०॥

पदार्थ–

अहो = अहो	**चतस्रः** = चारै	**अपि** = पनि
यः तु = जुन राजा पाण्डुले	**ककुभः** = दिशालाई	**पृथा** = कुन्तीजी
अधिरथः = रथमा चढेर	**विजिग्ये** = जित्नुभयो	**अर्भकार्थे** = आफ्ना छोराहरूका लागि
धनुर्द्वितीयः = धनुमात्र साथी बनाएर	**तेन** = ती	**ध्रियते** = प्राणधारण गर्नुहुन्छ
एकवीरः = आफैँमात्रले	**राजर्षिवर्येण विना** = राजर्षिमध्ये श्रेष्ठ पाण्डुविना	

वाक्यार्थ– अहो ! जुन राजा पाण्डुले रथमा चढेर धनुमात्र साथी बनाएर आफैँले चारै दिशालाई जित्नुभयो ती राजर्षिमध्ये श्रेष्ठ पाण्डुविना पनि कुन्तीजी आफ्ना छोराहरूका लागि प्राणधारण गर्नुहुन्छ।

सौम्यानुशोचे तमधःपतन्तं
भ्रात्रे परेताय विदुद्रुहे यः।
निर्यापितो येन सुहृत् स्वपुर्या
अहं स्वपुत्रान् समनुव्रतेन ॥ ४१ ॥

पदार्थ–

सौम्य = हे उद्धवजी	**अधःपतन्तं** = तलतिर खस्दै गरेका	**येन** = जसद्वारा
यः = जुन धृतराष्ट्रले	**तम्** = उनका लागि	**सुहृत्** = हितचिन्तक
परेताय = मरेका	**अनुशोचे** = शोक गर्दछु	**अहम्** = म
भ्रात्रे = भाइसँग	**स्वपुत्रान्** = आफ्ना छोराहरूलाई	**स्वपुर्याः** = आफ्नो नगरबाट
विदुद्रुहे = वैरभाव राखे	**समनुव्रतेन** = पछ्याउने	**निर्यापितः** = निर्वासित भएँ

वाक्यार्थ– हे सौम्यस्वभाव भएका उद्धवजी ! अधःपतनतिर प्रतिदिन गइरहने ती धृतराष्ट्रका लागि मलाई ठुलो शोक भइरहन्छ। जसले आफ्ना परलोकवासी भाइ पाण्डुसँगै द्वेष गरेका छन्। आफ्ना पुत्रहरूको हँमा हँ मिलाउने धृतराष्ट्रद्वारा नै म आफ्नो नगरबाट निर्वासित भएँ।

सोऽहं हरेर्मर्त्यविडम्बनेन
दृशो नृणां चालयतो विधातुः।
नान्योपलक्ष्यः पदवीं प्रसादा-
च्चरामि पश्यन् गतविस्मयोऽत्र ॥ ४२ ॥

पदार्थ–

सः = त्यस्तो	**चालयतः** = घुमाउने	**गतविस्मयः** = आश्चयरहित भएर
अहं = म	**विधातुः** = संसार बनाउने	**नान्योपलक्ष्यः** = अरू कसैले पनि नचिन्ने गरी
मर्त्यविडम्बनेन = मनुष्यको योनि धारण गरेर	**हरेः** = भगवान् श्रीहरिको	**अत्र** = पृथिवीमा
नृणां = अबुरु मानिसहरूको	**प्रसादात्** = कृपाबाट	**चरामि** = विचरण गर्दछु
दृशः = दृष्टि र बुद्धिलाई	**पदवीं** = भगवत्पदलाई	
	पश्यन् = जानेर	

वाक्यार्थ– तर पनि मलाई यस कुराको खेद र आश्चर्य भने छैन। जगद्‌विधाता भगवान् श्रीकृष्ण नै मनुष्यको जस्तो लीलाहरू गरेर मानिसहरूको मनोवृत्तिलाई भ्रमित गर्नुहुन्छ। म त उहाँकै कृपाले उहाँको महिमालाई हेर्दै कसैले नचिन्ने बनेर यस पृथिवीमा आनन्दपूर्वक विचरण गर्दछु।

नूनं नृपाणां त्रिमदोत्पथानां
महीं मुहुश्चालयतां चमूभिः।
वधात् प्रपन्नार्तिजिहीर्षयेशो-
ऽप्युपैक्षताघं भगवान् कुरूणाम्॥ ४३॥

पदार्थ–

नूनं = निश्चय नै	**महीं** = पृथिवीलाई	**भगवान्** = भगवान्
त्रिमदोत्पथानां = विद्या, धन र जाति गरी तीन किसिमका मदले कुमार्गमा लागेका	**चालयतां** = हल्लाउने	**ईशः अपि** = सर्वसमर्थ भएर पनि
चमूभिः = सेनाद्वारा	**नृपाणां** = राजाहरूको	**कुरूणाम्** = दुष्ट कुरुवंशीहरूको
मुहुः = बारम्बार	**वधात्** = वधबाट	**अघं** = पाप कर्मलाई
	प्रपन्नार्तिजिहीर्षया = भक्तहरूको दुःखलाई नाश गर्ने इच्छाले	**उपैक्षत** = चुप लागेर हेर्नुभयो

वाक्यार्थ– विद्या, धन र जाति गरी तीन किसिमका मदले कुमार्गमा लागेका सेनाद्वारा बारम्बार पृथिवीलाई हल्लाउने राजाहरूकोवधबाट भक्तहरूको दुःखलाई नाश गर्ने इच्छाले भगवान् सर्वसमर्थ भएर पनि दुष्ट कुरुवंशीहरूको पाप कर्मलाई चुप लागेर हेर्नुभयो।

अजस्य जन्मोत्पथनाशनाय
कर्माण्यकर्तुर्ग्रहणाय पुंसाम्।
नन्वन्यथा कोऽर्हति देहयोगं
परो गुणानामुत कर्मतन्त्रम्॥ ४४॥

पदार्थ–

अजस्य = अजन्मा
अकर्तुः = अकर्ता भगवान्को पनि
पुंसाम् = मनुष्यहरूलाई
ग्रहणाय = शिक्षा दिनका लागि
उत्पथनाशनाय = दुराचारको नाशका लागि
जन्म = जन्म र
कर्माणि = कर्महरू हुन्छन्
अन्यथा = नत्र
कः = कुनचाहिँ (भगवान्लाई छोडेर दुराचारको नाशका लागि लागिपर्दछ)
गुणानाम् परः = ज्ञानको बलले गुणातीत भएको व्यक्ति पनि
देहयोगं = शरीर सम्बन्ध र
कर्मतन्त्रम् = कर्मको चक्करलाई
न अर्हति = स्वीकार गर्न चाहँदैन
ननु उत = भगवान्का विषयमा के नै भन्नुपरेको छ र ?

वाक्यार्थ– उद्धवजी ! भगवान् श्रीकृष्ण जन्म र कर्मले रहित हुनुहुन्छ तापनि दुष्टहरूको नाश गर्नका लागि र मनुष्यहरूलाई आफूतिर आकृष्ट गर्नका लागि उहाँका दिव्य कर्म र जन्म हुने गर्दछन्। नत्र भगवान्को त कुरै छाडौं। अरू उहाँका सामान्य भक्तहरू पनि जो ज्ञान र भक्तिका बलले अज्ञाननिवृत्तिद्वारा गुणातीतको स्थितिमा पुगेका छन्, उनीहरू पनि शरीरलाई ग्रहण गर्न खोज्दैनन्।

तस्य प्रपन्नाखिललोकपाना-
मवस्थितानामनुशासने स्वे ।
अर्थाय जातस्य यदुष्वजस्य
वार्तां सखे कीर्तय तीर्थकीर्तेः ॥ ४५ ॥

पदार्थ–

सखे = हे उद्धवजी
प्रपन्नाखिललोकपानाम् = आफ्नो शरणमा आएका र
स्वे = भगवान्को
अनुशासने = नियममा
अवस्थितानाम् = रहेका देवताहरूको
अर्थाय = प्रयोजनका लागि
यदुषु = यदुकुलमा
जातस्य = जन्मनुभएका
तीर्थकीर्तेः = सर्वाधिक कीर्तिशाली
तस्य = उहाँ
अजस्य = अजन्मा भगवान्को
वार्तां = कथा
कीर्तय = सुनाउनुहोस्

वाक्यार्थ– अतः हे उद्धवजी ! जसले अजन्मा भएर पनि आफ्ना शरणमा आएका समस्त लोकपाल र आज्ञाकारी भक्तहरूको कल्याणका लागि यदुकुलमा जन्म लिनुभएको छ त्यस्ता पवित्र कीतिशाली भगवान् नारायणको कथा सुनाउनुहोस्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे विदुरोद्धवसंवादे प्रथमोऽध्यायः ॥ १ ॥

अथ द्वितीयोऽध्यायः

उद्धवजीद्वारा भगवान्‌का बाललीलाहरूको वर्णन

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

इति भागवतः पृष्टः क्षत्त्रा वार्तां प्रियाश्रयाम्।

प्रतिवक्तुं न चोत्सेह औत्कण्ठ्यात् स्मारितेश्वरः॥ १॥

पदार्थ–

इति = यसप्रकार	**पृष्टः** = सोधिएका	**औत्कण्ठ्यात्** = बेचैन हुनुभएको हुनाले
क्षत्त्रा = विदुरजीद्वारा	**भागवतः** = भगवान्‌का भक्त उद्धवजी	**प्रतिवक्तुं** = उत्तर दिन
प्रियाश्रयाम् = भगवान्‌सँग सम्बन्ध राख्ने	**स्मारितेश्वरः** = भगवान्‌को स्मरणले	**न च उत्सेहे** = सक्नुभएन
वार्तां = कुराहरू		

वाक्यार्थ– जब विदुरजीले परमभक्त उद्धवजीसँग यसप्रकार भगवान्‌सँग सम्बन्ध राख्ने कुराहरू सोध्नुभयो। भगवान्‌को स्मरणले बेचैन हुनुभएको हुनाले उहाँले विदुरजीले सोधेका प्रश्नहरूको उत्तर दिन सक्नुभएन।

यः पञ्चहायनो मात्रा प्रातराशाय याचितः।

तन्नैच्छद् रचयन् यस्य सपर्यां बाललीलया॥ २॥

पदार्थ–

यः = जुन	**सपर्यां** = (भगवान् श्रीकृष्णको मूर्तिको कल्पना गरेर) पूजा	**आशाय** = भोजनका लागि
पञ्चहायनः = पाँचवर्षको बालक	**रचयन्** = गर्ने उद्धवजी	**याचितः** = बोलाउँदाखेरि
बाललीलया = बाललीलाद्वारा	**मात्रा** = आमाले	**तत्** = त्यो भोजन
यस्य = जुन श्रीकृष्णको	**प्रातः** = प्रातःकालका	**न ऐच्छत्** = इच्छा गर्नुभएन

वाक्यार्थ– जब उद्धवजी पाँच वर्षको हुनुहुन्थ्यो तब बालकहरूलेझैं मूर्तिको कल्पना गरेर उहाँ श्रीकृष्ण भगवान्‌को सेवापूजामा तन्मय हुनुहुन्थ्यो। आमाले प्रातःकालको भोजनका लागि बोलाउँदाखेरि पनि उहाँ पूजा छोडेर भोजनका लागि जानुहुन्नथ्यो।

स कथं सेवया तस्य कालेन जरसं गतः।

पृष्टो वार्तां प्रतिब्रूयाद् भर्तुः पादावनुस्मरन्॥ ३॥

पदार्थ–

तस्य = उहाँ भगवान्‌को	**वार्तां** = (विदुरजीद्वारा) प्रश्न	**अनुस्मरन्** = स्मरण गर्दै
सेवया = सेवाद्वारा	**पृष्टः** = सोधिएका	**कथं** = कसरी
कालेन = कालको प्रभावले	**सः** = उहाँ उद्धव	**प्रतिब्रूयात्** = उत्तर दिन
जरसं = बुढा	**भर्तुः** = भगवान् श्रीकृष्णको	सक्नुहुन्थ्यो
गतः = भएका	**पादौ** = चरणकमलको	

वाक्यार्थ– उहाँ भगवान्‌को सेवाद्वारा कालको प्रभावले बुढा भएका विदुरजीद्वारा प्रश्न सोधिएका उद्धव भगवान् श्रीकृष्णको चरणकमलको स्मरण गर्दै कसरी उत्तर दिन सक्नुहुन्थ्यो ?

स मुहूर्तमभूत्तूष्णीं कृष्णाङ्घ्रिसुधया भृशम् ।
तीव्रेण भक्तियोगेन निमग्नः साधु निर्वृतः ॥ ४ ॥

पदार्थ–

सः = उहाँ उद्धव	**साधु** = राम्रोसँग	**भृशम्** = चुर्लुम्म
कृष्णाङ्घ्रिसुधया = भगवान्	**निर्वृतः** = आनन्दित भएका	**निमग्नः** = डुबेर
श्रीकृष्णको चरणकमलको	**तीव्रेण** = तीव्र	**मुहूर्तम्** = दुई घडीसम्म
स्मरणबाट उत्पन्न भएको	**भक्तियोगेन** = भक्तियोगले	**तूष्णीं** = मौन
परमानन्दबाट	(भगवान्‌मा)	**अभूत्** = हुनुभयो

वाक्यार्थ– उद्धवजी भगवान् श्रीकृष्णको चरणकमलको स्मरणबाट उत्पन्न भएको आनन्दको सागरमा चुर्लुम्म डुबेर दुई घडीसम्म मौन हुनुभयो।

पुलकोद्भिन्नसर्वाङ्गो मुञ्चन् मीलद्दृशा शुचः ।
पूर्णार्थो लक्षितस्तेन स्नेहप्रसरसम्प्लुतः ॥ ५ ॥

पदार्थ–

पुलकोद्भिन्नसर्वाङ्गः = सम्पूर्ण	**मुञ्चन्** = निकाल्दै	**पूर्णार्थः** = उद्धवजीलाई कृतकृत्य
शरीरमा रोमाञ्च भएर	**स्नेहप्रसरसम्प्लुतः** = भगवान्‌को	भएको
मीलद्दृशा = चिम्लिरहेका	प्रेमप्रवाहमा चुर्लुम्म डुबेको	**लक्षितः** = ठान्नुभयो
आँखाद्वारा	देखेर	
शुचः = आँसु	**तेन** = विदुरजीले	

वाक्यार्थ– उद्धवजीको सम्पूर्ण शरीरमा रोमाञ्च भयो। उहाँले आँखा चिम्लेर आँखाबाट आँसु निकाल्दै भगवत्प्रेमको प्रवाहमा डुबेको देखेर विदुरजीले उहाँलाई कृतकृत्य भएको ठान्नुभयो।

शनकैर्भगवल्लोकान्नृलोकं पुनरागतः।
विमृज्य नेत्रे विदुरं प्रीत्याहोद्धव उत्स्मयन्॥ ६॥

पदार्थ–

भगवल्लोकात् = भगवान् श्रीकृष्णको लोकबाट	**आगतः** = आएर	**विदुरं** = विदुरलाई
पुनः = फेरि	**नेत्रे** = आँसु	**प्रीत्या** = प्रेमपूर्वक
शनकैः = बिस्तारै	**विमृज्य** = पुछेर	**आह** = भन्नुभयो
नृलोकं = मनुष्यलोकमा	**उद्धवः** = उद्धवले	
	उत्स्मयन् = आश्चर्य प्रकट गर्दै	

वाक्यार्थ– केही समयपछि जब उद्धवजी श्रीकृष्णको लोकबाट ओर्लेर फेरि बिस्तारै–बिस्तारै यस संसारमा आउनुभयो, तब उहाँले आँसु पुछेर भगवान्‌को लीलाको स्मरणले विस्मित हुँदै यसप्रकार भन्न लाग्नुभयो।

उद्धव उवाच (उद्धवजीले भन्नुभयो)

कृष्णद्युमणि निम्लोचे गीर्णेष्वजगरेण ह।
किं नु नः कुशलं ब्रूयां गतश्रीषु गृहेष्वहम्॥ ७॥

पदार्थ–

कृष्णद्युमणिनिम्लोचे = भगवान् श्रीकृष्णरूपी सूर्य अस्त भएपछि	**नः** = हामीहरूको	**कुशलं** = कुशलताको विषयमा
अजगरेण = काल अथवा शोकरूपी सर्पले	**गृहेषु** = घर	**अहम्** = म (फेरि)
ह = निश्चय नै	**गीर्णेषु** = ग्रस्त भएपछि	**किं नु** = के
	गतश्रीषु = सम्पूर्ण समृद्धि नष्ट भएकाको	**ब्रूयां** = कुरा गरौँ

वाक्यार्थ– विदुरजी ! श्रीकृष्णरूपी सूर्य अस्त भएपछि हाम्रा घरहरूलाई काल अथवा शोकरूपी सर्पले व्याप्त गरेको छ। संसारका सम्पूर्ण प्राणीहरू श्रीहीन भएका छन्। अब म उनीहरूको कुशलताको विषयमा तपाईंसँग के कुरा गरौँ ?

दुर्भगो बत लोकोऽयं यदवो नितरामपि।
ये संवसन्तो न विदुर्हरिं मीना इवोडुपम्॥ ८॥

पदार्थ–

अयं = यो	**यदवः तु** = त्यसमा पनि विशेष गरेर यदुवंशीहरू त	**नितराम्** = अत्यन्त भाग्यहीन छन्
लोकः = लोक		**ये** = जुन यदुहरूले
दुर्भगः = भाग्यहीन छ		

संवसन्तः = सँगै बस्दा
अपि = पनि
उडुपम् = (क्षीरसागरको जलमा प्रतिबिम्बित) चन्द्रमालाई
मीनाः = त्यहाँका माछाहरूले (नजाने)
इव = झैँ
हरिं = श्रीकृष्णको महत्त्वलाई
न विदुः = जानेनन्
बत = यो खेदको कुरो हो

वाक्यार्थ– यो लोक भाग्यहीन छ, यसमा पनि यदुहरू अत्यन्त भाग्यहीन छन्। जसरी समुद्रमा प्रतिबिम्बित चन्द्रमालाई त्यहाँका माछाहरूले यी चन्द्रमा अमृतमय हुन् भन्ने नजानीकन सामान्य जलचरका रूपमा मात्र जान्दछन् त्यसै गरी यादवहरूले भगवान् श्रीकृष्णको महत्त्वलाई जानेनन्। यो खेदको कुरो हो।

इङ्गितज्ञाः पुरुप्रौढा एकारामाश्च सात्वताः।
सात्वतामृषभं सर्वे भूतावासममंसत ॥ ९॥

पदार्थ–

इङ्गितज्ञाः = मनको भावलाई जान्न सक्ने
पुरुप्रौढाः = अत्यन्त समझदार
एकारामाः च = एकै ठाउँमा बसेर क्रीडा गर्ने
सर्वे = सम्पूर्ण
सात्वताः = यादवहरूले
भूतावासम् = सर्वान्तर्यामी भगवान् श्रीकृष्णलाई
सात्वताम् = यादवमध्ये
ऋषभं = एक श्रेष्ठ यादवको रूपमा मात्र
अमंसत = जान्दथे

वाक्यार्थ– यादवहरू अर्काको मनको भावलाई जान्न सक्ने र अत्यन्त समझदार थिए। उनीहरू भगवान्सँग एकै ठाउँमा बसेर क्रीडा गर्दथे तापनि उनीहरूले समस्त विश्वका आश्रय सर्वान्तर्यामी श्रीकृष्णलाई एक सर्वश्रेष्ठ यादवहरूको रूपमा मात्र जान्दथे।

देवस्य मायया स्पृष्टा ये चान्यदसदाश्रिताः।
भ्राम्यते धीर्न तद्वाक्यैरात्मन्युप्तात्मनो हरौ ॥ १० ॥

पदार्थ–

ये = जुन
देवस्य = भगवान्को
मायया = मायाद्वारा
स्पृष्टाः = व्याप्त भएका जुन यादवहरू र
अन्यदसदाश्रिताः = व्यर्थ वैरभाव लिएका
ये च = जुन शिशुपाल आदि छन्
तद्वाक्यैः = तिनीहरूका (यो यादव त हो नि भन्ने) वाक्यले
आत्मनि = आत्मस्वरूप
हरौ = भगवान् श्रीकृष्णमा
उप्तात्मनः = मनलाई समर्पण गर्ने (मजस्ता व्यक्तिको)
धीः = बुद्धि
न भ्राम्यते = मोहित हुँदैन

वाक्यार्थ– किन्तु भगवान्को मायाले मोहित यी यादवहरू र भगवान्सँग विनाकारण वैरभाव राख्ने शिशुपाल आदिका 'यो यादव त हो नि भन्ने' अवहेलना र निन्दासूचक वाक्यद्वारा

आत्मस्वरूप भगवान् श्रीकृष्णमा मनलाई समर्पण गर्ने मजस्ता व्यक्तिको बुद्धि कुनै पनि परिस्थितिमा मोहित हुँदैन।

प्रदर्श्यातप्ततपसामवितृप्तदृशां नृणाम्।

आदायान्तरधाद्यस्तु स्वबिम्बं लोकलोचनम्॥ ११॥

पदार्थ–

यः = जो भगवान् श्रीकृष्णले
अतप्ततपसाम् = पूर्वजन्ममा कुनै तपस्या नगरेका भाग्यरहित
नृणाम् = मनुष्यहरूका लागि
अवितृप्तदृशां = उनीहरूको आँखाले तृप्ति प्राप्त नगर्दै
लोकलोचनम् = संसारका प्राणीहरूका लागि आँखातुल्य
स्वबिम्बं = आफ्नो मूर्तिलाई
प्रदर्श्य = दर्शन दिएर (त्यसपछि)
आदाय = लिएर
अन्तरधात् = अन्तर्ध्यान हुनुभयो

वाक्यार्थ– जसले भगवान्लाई प्राप्त गर्ने उद्देश्यले कुनै प्रकारको पनि तपस्या गरेका थिएनन्, त्यस्ता मनुष्यहरूलाई दर्शन दिएर उनीहरूको दर्शनको लालसा पूर्ण नभई भगवान् श्रीकृष्णले संसारका प्राणीहरूका लागि आँखातुल्य आफ्नो मूर्तिलाई लिएर अन्तर्ध्यान हुनुभयो।

यन्मर्त्यलीलौपयिकं स्वयोग-

मायाबलं दर्शयता गृहीतम्।

विस्मापनं स्वस्य च सौभगर्द्धेः

परं पदं भूषणभूषणाङ्गम्॥ १२॥

पदार्थ–

मर्त्यलीलौपयिकं = मनुष्यलीलाको लागि योग्य
स्वस्य = आफ्ना लागि
च = पनि
विस्मापनं = आश्चर्य प्रकट गराउने
सौभगर्द्धेः = सौन्दर्यसमृद्धिको
परं = परम
पदं = आधार भएकाले
भूषणभूषणाङ्गम् = आफ्ना शरीरका आभूषणहरूलाई पनि शोभित गराउने
यत् = जुन शरीर
स्वयोगमायाबलं = आफ्नो योगमायाको शक्ति
दर्शयता = देखाउने भएका हरिद्वारा
गृहीतम् = प्रकट गरिएको थियो

वाक्यार्थ– मनुष्यलीलाको लागि योग्य, आफ्ना लागि पनि आश्चर्य प्रकट गराउने सौन्दर्यसमृद्धिको परम आधार भएकाले आफ्ना शरीरका आभूषणहरूलाई पनि शोभित गराउने जुन शरीर आफ्नो योगमायाको शक्ति देखाउने भएका हरिद्वारा प्रकट गरिएको थियो।

यद्धर्मसूनोर्बत राजसूये

निरीक्ष्य दृक्स्वस्त्ययनं त्रिलोकः।
कात्स्न्र्येन चाद्येह गतं विधातु-
रर्वाक्सृतौ कौशलमित्यमन्यत॥ १३॥

पदार्थ—

बत = आश्चर्यको कुरा हो	**यत्** = भगवान्‌को जुन शरीरलाई	**कात्स्न्र्येन** = सम्पूर्ण रूपमा
धर्मसूनोः = युधिष्ठिरको	**निरीक्ष्य** = देखेर	**अद्य** = आज
राजसूये = राजसूय यज्ञमा	**विधातुः** = ब्रह्माजीको	**इह** = भगवान् श्रीकृष्णको शरीरको निर्माणमा नै
त्रिलोकः = तीनै लोकका प्राणीहरूले	**अर्वाक्सृतौ** = अर्वाचीन मनुष्यादि सृष्टिमा	**गतं** = खर्चिएको छ
दृक्स्वस्त्ययनं = आँखाहरूलाई परमानन्द दिने	**कौशलम्** = जुन निपुणता हो (त्यो)	**इति** = भन्ने
		अमन्यत = मानेका थिए

वाक्यार्थ— आश्चर्यको कुरो के छ भने युधिष्ठिरको राजसूय यज्ञमा आएका तीनै लोकका प्राणीहरूले आँखाहरूलाई परमानन्द दिने भगवान्‌को शरीरलाई देखेर ब्रह्माजीको अर्वाचीन मनुष्यादि सृष्टिमा जुन निपुणता हो त्यो सम्पूर्णरूपमा आज भगवान् श्रीकृष्णको शरीरको निर्माणमा नै खर्चिएको छ भन्ने मानेका थिए।

यस्यानुरागप्लुतहाससरास-
लीलावलोकप्रतिलब्धमानाः।
व्रजस्त्रियो दृग्भिरनुप्रवृत्त-
धियोऽवतस्थुः किल कृत्यशेषाः॥ १४॥

पदार्थ—

यस्य = जुन भगवान्‌को	**दृग्भिः** = एक पटकको हेराइले	**अवतस्थुः** = जडजस्तो भएर बस्दथे
अनुरागप्लुतहाससरासलीलावलोकप्रतिलब्धमानाः = हाँसो, विनोद र लीलापूर्वकको हेराइद्वारा सम्मान प्राप्त गरेका	**कृत्यशेषाः** = घरायसी काम छोडेर	
व्रजस्त्रियः = व्रजका स्त्रीहरू	**अनुप्रवृत्तधियः** = भगवान्‌मा मात्र चित्तवृत्ति लगाएर	
	किल = निश्चय नै	

वाक्यार्थ— भगवान्‌को हाँसो, विनोद र लीलापूर्वकको हेराइद्वारा सम्मानित भएका व्रजका स्त्रीहरूको दृष्टि उहाँतिर सधैँ आकृष्ट भइरहन्थ्यो। उनीहरूको चित्त निरन्तर भगवान्‌मा तल्लीन भइरहन्थ्यो। यसैले उनीहरू आफ्नो घरायसी कामकाजलाई छोडेर जडजस्तो भएर बस्दथे।

स्वशान्तरूपेष्वितरैः स्वरूपै-
रभ्यर्द्यमानेष्वनुकम्पितात्मा।
परावरेशो महदंशयुक्तो
ह्यजोऽपि जातो भगवान् यथाग्निः॥ १५॥

पदार्थ—

स्वशान्तरूपेषु = उहाँकै शान्तस्वरूप महात्माहरू **इतरैः** = अरू **स्वरूपैः** = अशान्त दुष्टस्वरूपहरूद्वारा **अभ्यर्द्यमानेषु** = पीडित भएपछि	**अनुकम्पितात्मा** = महात्माहरूमाथि कृपा गर्नका लागि **परावरेशः** = ब्रह्मा आदि देवता र हामीहरूका पनि ईश्वर **भगवान्** = भगवान् **अजः** = नजन्मने भईकन **अपि** = पनि	**महदंशयुक्तः** = आफ्नो कार्य महत्तत्त्वले युक्त भएको शरीर लिएर **यथा** = जसरी **अग्निः** अग्नि (काठमा प्रकट भएझैँ) **हि** = निश्चय नै **जातः** = प्रकट हुनुभयो

वाक्यार्थ— चराचर जगत् र प्रकृतिका स्वामी भगवान्‌ले आफ्ना शान्तस्वरूप महात्माहरू आफ्नै घोररूप असुरहरूद्वारा पीडित भएको देखेर करुणाभावले उहाँ द्रवित हुनुभयो र अजन्मा भईकन पनि आफ्नो कार्य महत्तत्त्वले युक्त भएको शरीर लिएर काठबाट अग्नि प्रकट भएझैँ प्रकट हुनुभयो।

मां खेदयत्येतदजस्य जन्म-
विडम्बनं यद् वसुदेवगेहे।
व्रजे च वासोऽरिभयादिव स्वयं
पुराद् व्यवात्सीद् यदनन्तवीर्यः॥ १६॥

पदार्थ—

अजस्य = नजन्मने भईकन पनि **वसुदेवगेहे** = वसुदेवको घरमा	**जन्मविडम्बनं** = सामान्य मनुष्यजस्तो भएर जन्म लिनु	**व्रजे** = व्रजमा (कंसको भयले) **वासः** = बस्नु

स्वयं = आफू स्वयं **अनन्तवीर्यः** = अनन्त पराक्रमशाली भईकन पनि **अरिभयात्** = शत्रुबाट डराए	**इव** = झैं गरी **पुरात्** = मथुराबाट **व्यवात्सीत्** = भाग्नुभयो	**यद् एतत्** = यी जति पनि लीलाहरू छन् (ती सबैले) **मां** = मलाई **खेदयति** = दुःखी गराउँछन्

वाक्यार्थ– अजन्मा भएर पनि वसुदेवजीको घरमा जन्म लिनु, सबलाई अभयदान दिनेवाला भएर पनि कंसको भयले व्रजमा गएर लुक्नु र अत्यन्त पराक्रमी भईकन पनि कालयवन आदि शत्रुबाट डराए झैं गरी अगाडि मथुरापुरीलाई छोडेर भाग्नु इत्यादि भगवान्का लीलाहरू बारम्बार मेरो स्मरणमा आएर मलाई दुःखी गराउँदछन्।

दुनोति चेतः स्मरतो ममैतद्
यदाह पादावभिवन्द्य पित्रोः।
ताताम्ब कंसादुरुशङ्कितानां
प्रसीदतं नोऽकृतनिष्कृतीनाम्॥ १७॥

पदार्थ–

(कंसलाई मारेर) **पित्रोः** = पिता वसुदेव र मातादेवकीको **पादौ** = चरणमा **अभिवन्द्य** = नमस्कार गरेर **आह** = भन्नुभयो **तात** = हे पिताजी **अम्ब** = हे माताजी	**कंसात्** = कंसबाट **उरुशङ्कितानां** = ज्यादै डराएको हुनाले **अकृतनिष्कृतीनाम्** = हजुरको सेवा गर्न असमर्थ **नः** = हामीहरूमाथि **प्रसीदतं** = तपाईं दुबै प्रसन्न हुनुहोला	**एतत् यत्** = भगवान् श्रीकृष्णले भनेका यी कुराहरू **स्मरतः** = सम्झँदाखेरि **मम** = मेरो **चेतः** = चित्त **दुनोति** = अत्यन्त व्यथित हुन्छ

वाक्यार्थ– उहाँले आफ्ना पिता माता वसुदेव र देवकी दुबैका चरणमा वन्दना गरेर भन्नुभएको थियो– हे पिताजी ! हे माताजी ! कंसको भयको कारणले मबाट तपाईंहरूको कुनै सेवा हुन सकेन। मेरो यो अपराधमाथि ध्यान नदिईकन तपाईंहरू ममाथि प्रसन्न हुनुहोला। उहाँले भनेका यी कुराहरू सम्झँदाखेरि मेरो चित्त अत्यन्त व्यथित हुन्छ।

को वा अमुष्याङ्घ्रिसरोजरेणुं
विस्मर्तुमीशीत पुमान् विजिघ्रन्।
यो विस्फुरद्भ्रूविटपेन भूमे-
र्भारं कृतान्तेन तिरश्चकार॥ १८॥

पदार्थ–

वा = अथवा	**कः** = कुनचाहिँ	**विस्फुरद्भ्रूविटपेन** = आँखीभौँका
अमुष्य = यी भगवान् श्रीकृष्णको	**पुमान्** = मनुष्य	सङ्केतमा चल्ने
अङ्घ्रिसरोजरेणुं = चरणकमलको धूलोलाई	**विस्मर्तुम्** = त्यसलाई विर्सन	**कृतान्तेन** = कालद्वारा
विजिघ्रन् = ग्रहण गरेपछि	**ईशीत** = समर्थ होला	**भूमेः** = पृथिवीको
	यः = जुन भगवान् श्रीकृष्णले	**भारं** = भारलाई
		तिरश्चकार = नाश गर्नुभयो

वाक्यार्थ– जसले आँखीभौँका सङ्केतमा चल्ने कालद्वारा नै पृथिवीको सम्पूर्ण भार नाश गर्नुभयो त्यस्ता गवान् श्रीकृष्णको चरणकमलको धुलो ग्रहण गरेपछि त्यस्तो कुन मानिस होला, जसले उहाँलाई एकक्षणका लागि पनि विर्सन सक्ला ?

दृष्टा भवद्भिर्ननु राजसूये
चैद्यस्य कृष्णं द्विषतोऽपि सिद्धिः।
यां योगिनः संस्पृहयन्ति सम्यग्
योगेन कस्तद्विरहं सहेत ॥ १९ ॥

पदार्थ–

यां = जुन	**राजसूये** = युधिष्ठिरको राजसूय यज्ञमा	**ननु** = निश्चय नै
सिद्धिं = सिद्धिलाई	**कृष्णं** = कृष्णसँग	**दृष्टा** = देखिएको थियो
सम्यग्योगेन = राम्रोसँग गरिएको भक्तियोगद्वारा	**द्विषतः** = द्वेष गर्ने	**तद्विरहं** = त्यस्ता प्रभावशाली भगवान्को विरहलाई
योगिनः = योगीहरू	**चैद्यस्य** = शिशुपाललाई	**कः** = कुन मानिसले
संस्पृहयन्ति = प्राप्त गर्न खोज्दछन् (त्यही सिद्धिलाई)	**अपि**= पनि (मिलेको थियो)	**सहेत** = सहन गर्न सक्ला
	भवद्भिः = तपाईंहरूद्वारा	

वाक्यार्थ– तपाईंहरूले युधिष्ठिरको राजसूय यज्ञमा प्रत्यक्ष देख्नुभएको थियो। त्यहाँ श्रीकृष्ण भगवान्सँग द्वेष गर्ने शिशुपाललाई पनि त्यो सिद्धि मिलेको थियो जुन सिद्धिलाई प्राप्त गर्नका लागि ठुलाठुला योगीहरू योगसाधना गर्दछन्। त्यस्ता भगवान् श्रीकृष्णको विरहलाई कसले सहन गर्न सक्ला ?

तथैव चान्ये नरलोकवीरा
य आहवे कृष्णमुखारविन्दम्।

नेत्रैः पिबन्तो नयनाभिरामं

पार्थास्त्रपूतः पदमापुरस्य ॥ २० ॥

पदार्थ–

ये = जुन	**कृष्णमुखारविन्दम्** = भगवान् श्रीकृष्णको मुखारविन्दमा	**च** = पनि
अन्ये = अरू	**नेत्रैः** = आँखाहरूले	**तथा एव** = शिशुपालले झैं नै
नरलोकवीराः = मनुष्यलोकका वीरहरूले	**पिबन्तः** = हेर्दै	**अस्य** = भगवान्को
आहवे = महाभारतको युद्धमा	**पार्थास्त्रपूतः** = अर्जुनका अस्त्रको प्रहारले निष्पाप भएर (परमधाम प्राप्त गरेका थिए तिनीहरूले)	**पदम्** = स्थान अथवा चरणलाई
नयनाभिरामं = आँखालाई आनन्द दिने		**आपुः** = प्राप्त गरे

वाक्यार्थ– शिशुपालले जस्तै नै महाभारतको युद्धमा जुन योद्धाहरूले आफ्नो आँखाका अगाडि भगवान् श्रीकृष्णको नयनाभिराम मुखकमलको दर्शन गर्दै अर्जुनको बाणका प्रहारले आहत भएर प्राणत्याग गरेका थिए तिनीहरूले पनि भगवान्को परमधामलाई नै प्राप्त गरे।

स्वयं त्वसाम्यातिशयस्त्र्यधीशः

स्वाराज्यलक्ष्म्याप्तसमस्तकामः ।

बलिं हरद्भिश्चिरलोकपालैः

किरीटकोट्येडितपादपीठः ॥ २१ ॥

पदार्थ–

स्वयं = भगवान् स्वयम्	**स्वाराज्यलक्ष्म्याप्तसमस्तकामः** = आत्मानन्दको प्राप्तिरूप सम्पत्तिद्वारा सधैं पूर्णकाम हुनुहुन्थ्यो र	**चिरलोकपालैः** = असंख्य लोकपालहरूद्वारा
असाम्यातिशयः = आफूभन्दा ठुलो र बराबर अरू कोही नभएका	**बलिं** = कर अथवा पूजालाई	**किरीटकोट्येडितपादपीठः** = मुकुटको अग्रभागले स्तुति गरिएको हुनुहुन्थ्यो
त्र्यधीशः = तीनै लोकका मालिक	**हरद्भिः** = अर्पण गर्ने	

वाक्यार्थ– भगवान् स्वयम् आफूभन्दा ठुलो र बराबर अरू कोही नभएका तीनै लोकका मालिक आत्मानन्दको प्राप्तिरूप सम्पत्तिद्वारा सधैं पूर्णकाम हुनुहुन्थ्यो र कर अथवा पूजालाई अर्पण गर्ने असंख्य लोकपालहरूद्वारा मुकुटको अग्रभागले स्तुति गरिएको हुनुहुन्थ्यो।

तत्तस्य कैङ्कर्यमलं भृतान्नो

विग्लापयत्यङ्ग यदुग्रसेनम् ।
तिष्ठन्निषण्णं परमेष्ठिधिष्ण्ये
न्यबोधयद् देव निधारयेति ॥ २२ ॥

पदार्थ–

अङ्ग = हे प्रिय विदुजी	**न्यबोधयत्** = निवेदन गर्नुहुन्थ्यो	**कैङ्कर्यम्** = सेवाभावले
परमेष्ठिधिष्ण्ये = राजसिंहासनमा	**देव** = हे देव	**नः** = हामीजस्ता
निषण्णं = बसेका	**निधारय** = हाम्रो प्रार्थना सुन्नुहोस्	**भृतान्** = सेवकलाई
उग्रसेनम् = उग्रसेनको अगाडि	**तस्य** = भगवान् श्रीकृष्णको	**विग्लापयति** = व्यथित गराउँछ
तिष्ठन् = खडा भएर (भगवान् श्रीकृष्ण)	**इति** = यसप्रकारको	

वाक्यार्थ– हे विदुरजी ! उहाँ भगवान् श्रीकृष्ण राजसिंहासनमा बसेका उग्रसेनको अगाडि खडा भएर निवेदन गर्नुहुन्थ्यो– देव हाम्रो प्रार्थना सुन्नुहोस्। उहाँको यसप्रकारको सेवाभाव सम्झँदा हामी जस्ता सेवकको चित्त अत्यन्त व्यथित हुन्छ।

अहो बकी यं स्तनकालकूटं
जिघांसयापाययदप्यसाध्वी ।
लेभे गतिं धात्र्युचितां ततोऽन्यं
कं वा दयालुं शरणं व्रजेम ॥ २३ ॥

पदार्थ–

अहो = अहो	**अपाययत्** = पिलाएकी थिई (उसले पनि)	**ततः** = भगवान् श्रीकृष्णदेखि
असाध्वी = पापिनी	**धात्र्युचितां** = धाई आमाले पाउनेजस्तो	**अन्यं** = अतिरिक्त
बकी = पूतनाले	**गतिं** = सम्मान	**कं** = कुन
जिघांसया = मार्ने इच्छाले	**लेभे** = प्राप्त गरी	**दयालुं** = दयालुका
स्तनकालकूटं = स्तनमा हलाहल विष लगाएर		**शरणं** = शरणमा
यं = जुन भगवान् श्रीकृष्णलाई		**व्रजेम** = जान सक्छौं

वाक्यार्थ– पापिनी पूतनाले आफ्ना स्तनमा हलाहल विष लगाएर भगवान् श्रीकृष्णलाई मार्ने इच्छाले दुध पिलाएकी थिई। उसले पनि धाई आमाले पाउनेजस्तो सम्मान प्राप्त गरी। यसर्थ भगवान् श्रीकृष्णदेखि अतिरिक्त कुन दयालुका शरणमा हामी जान सक्छौं ?

मन्येऽसुरान् भागवतांस्त्र्यधीशे
संरम्भमार्गाभिनिविष्टचित्तान्।
ये संयुगेऽचक्षत ताक्ष्यर्पुत्र-
मंसे सुनाभायुधमापतन्तम्॥ २४॥

पदार्थ–

ये = जुन असुरहरूले	**आपतन्तम्** = आफूतिर आइलाग्ने	**संरम्भमार्गाभिनिविष्टचित्तान्** = वैरभावजनित क्रोधका कारणले चित्त लागेका
संयुगे = युद्धमा	**ताक्ष्यर्पुत्रम्** = गरुडलाई	**भागवतान्** = भगवान्का भक्त नै
अंसे = काँधमा	**अचक्षत** = देखे	**मन्ये** = ठान्दछु
सुनाभायुधम् = भगवान् हरिलाई राखेर	**असुरान्** = ती दैत्यहरूलाई पनि	
	त्र्यधीशे = भगवानमै	

वाक्यार्थ– विदुरजी ! म त वैरभावजनित क्रोधको कारणले चित्त सधैँ श्रीकृष्णमा लागिरहने असुरहरूलाई पनि भगवान्कै भक्त ठान्दछु किनभने उनीहरूलाई सधैँ युद्धमा भगवान्लाई आफ्नो काँधमा चढाएर आफूतिर आइलाग्ने गरुडजीको दर्शन भइरहन्थ्यो।

वसुदेवस्य देवक्यां जातो भोजेन्द्रबन्धने।
चिकीर्षुर्भगवानस्याः शमजेनाभियाचितः॥ २५॥

पदार्थ–

अजेन = ब्रह्माजीको	**चिकीर्षुः** = चाहनुहुने	**देवक्यां** = पत्नी देवकीमा
अभियाचितः = प्रार्थनालाई स्वीकार गरेर	**भगवान्** = भगवान् श्रीकृष्ण	**जातः** = उत्पन्न हुनुभएको थियो
अस्याः = पृथिवीको	**भोजेन्द्रबन्धने** = कंसको कारागारमा	
शम् = कयाण	**वसुदेवस्य** = वसुदेवकी	

वाक्यार्थ– ब्रह्माजीको प्रार्थनाले पृथिवीको भारलाई हटाएर उनलाई सुखी गराउन चाहनुहुने भगवान् श्रीकृष्ण कंसको कारागारमा वसुदेवकी पत्नी देवकीको पुत्रका रूपमा उत्पन्न हुनुभएको थियो।

ततो नन्दव्रजमितः पित्रा कंसाद् विबिभ्यता।
एकादश समास्तत्र गूढार्चिः सबलोऽवसत्॥ २६॥

पदार्थ–

ततः = त्यसपछि
कंसात् = कंसबाट
विबिभ्यता = डराउनुभएका
पित्रा = वसुदेवजीका साथ
नन्दव्रजम् = नन्दबाबाको व्रजमा
इतः = जानुभयो
तत्र = त्यहाँ
गूढार्चिः = आफ्नो प्रभावलाई लुकाएर
सबलः = बलरामजीले सहित
एकादश = एघार
समाः = वर्षसम्म
अवसत् = बस्नुभयो

वाक्यार्थ– त्यसपछि भगवान् श्रीकृष्ण कंसबाट डराउनु भएका पिता वसुदेवजीका साथ नन्दबाबाको व्रजमा जानुभयो। त्यहाँ उहाँ आफ्नो प्रभावलाई लुकाएर बलरामजीका साथ एघार वर्षसम्म बस्नुभयो।

परीतो वत्सपैर्वत्सांश्चारयन् व्यहरद्विभुः।
यमुनोपवने कूजद् द्विजसङ्कुलिताङ्घ्रिपे॥ २७॥
कौमारीं दर्शयंश्चेष्टां प्रेक्षणीयां व्रजौकसाम्।
रुदन्निव हसन् मुग्ध बालसिंहावलोकनः॥ २८॥

पदार्थ–

वत्सपैः = बाच्छाका रक्षक ग्वालाहरूद्वारा
परीतः = घेरिएर
व्रजौकसाम् = व्रजवासीहरूका लागि
प्रेक्षणीयां = दर्शन योग्य
कौमारीं = बाल
चेष्टां = लीलालाई
दर्शयन् = देखाउँदै
रुदन् इव = आफूले खोजेको वस्तु नपाउँदा रोएझैं (र कहिले)
हसन् = हाँस्दै (अनि भीषण दैत्यहरू अगाडि आएको समयमा)
मुग्धबालसिंहावलोकनः = बालसिंहले हेरेझैं हेर्ने
विभुः = व्यापक उहाँ भगवान्‌ले
कूजत्द्विजसङ्कुलिताङ्घ्रिपे = पक्षीको कलरवले पूर्ण वृक्षहरूले युक्त भएको
यमुनोपवने = यमुनाको नजिकको बगैंचामा
वत्सान् = बाच्छाहरूलाई
चारयन् = चराउँदै
व्यहरत् = क्रीडा गर्नुभयो

वाक्यार्थ– बाच्छाका रक्षक ग्वालाहरूद्वारा घेरिएर व्रजवासीहरूका लागि दर्शन योग्य बाल लीला देखाउँदै आफूले खोजेको वस्तु नपाउँदा रोएझैं र कहिले हाँस्दै अनि भीषण दैत्यहरू अगाडि आएको समयमा बालसिंहले हेरेझैं हेर्ने भगवान् श्रीकृष्ण पक्षीको कलरवले पूर्ण वृक्षहरूले युक्त भएको यमुनाको नजिकको बगैंचामा बाच्छाहरूलाई चराउँदै क्रीडा गर्नुभयो।

स एव गोधनं लक्ष्म्या निकेतं सितगोवृषम्।
चारयन्ननुगान् गोपान् रणद्वेणुररीरमत्॥ २९॥

पदार्थ–

सः एव = उहाँ भगवान् श्रीकृष्ण	**निकेतं** = आश्रय भएको	**रणद्वेणुः** = बाँसुरी बजाउँदै
(अलि ठुलो भएपछि)	**सितगोवृषम्** = सेता गोरुहरू र	**अनुगान्** = आफ्ना पछि लाग्ने
लक्ष्म्याः = शोभा आदि	**गोधनं** = गाईहरूलाई	**गोपान्** = गोठालाहरूलाई
सम्पत्तिको	**चारयन्** = चराउँदै	**अरीरमत्** = प्रसन्न पार्नुभयो

वाक्यार्थ– उहाँ भगवान् श्रीकृष्ण अलि ठुलो भएपछि शोभा आदि सम्पत्तिको आश्रय भएका सेता गोरुहरू र गाईहरू चराउँदै र बाँसुरी बजाउँदै गरेर आफ्ना पछि लाग्ने गोठालाहरूलाई प्रसन्न पार्नुभयो।

प्रयुक्तान् भोजराजेन मायिनः कामरूपिणः।

लीलया व्यनुदत्तांस्तान् बालः क्रीडनकानिव ॥ ३० ॥

पदार्थ–

भोजराजेन = कंसले	**तान् तान्** = ती ती मायावी	**लीलया** = सजिलैसँग
प्रयुक्तान् = पठाएका	राक्षसहरूलाई	**व्यनुदत्** = मार्नुभयो
मायिनः = मायावी	**बालः** = बालकले	
कामरूपिणः = इच्छानुसारको	**क्रीडनकान् इव** = खेलका	
रूप धारण गर्ने	साधनहरूलाई फुटाएझैँ	

वाक्यार्थ– यसै समयमा जब कंसले उहाँलाई मार्नका लागि इच्छानुसार रूपधारण गर्ने धेरै मायावी राक्षसहरूलाई पठायो तब भगवान्‌ले बालकहरूले खेलौनाहरू फुटाएझैँ ती दानवहरूलाई सजिलैसँग मारिदिनुभयो।

विपन्नान् विषपानेन निगृह्य भुजगाधिपम्।

उत्थाप्यापाययद् गावस्तत्तोयं प्रकृतिस्थितम् ॥ ३१ ॥

पदार्थ–

विषपानेन = विषमिश्रित जल	**उत्थाप्य** = अमृतदृष्टिले बचाएर	**तत्तोयं** = त्यही जल
पिएर	**भुजगाधिपम्** = सर्पराज	(गाईहरूलाई र गोपहरूलाई)
विपन्नान् = मरेका	कालीयलाई	**अपाययत्** = पिलाउनुभयो
(बालकहरूलाई)	**निगृह्य** = दण्ड दिएर	
गावः = गाईहरूलाई	**प्रकृतिस्थितम्** = विषले रहित	

वाक्यार्थ– कालीय नागलाई दमन गरेर विषमिश्रित पानी पिएर मरेका ग्वालबाल र गाईहरूलाई जीवित गराएर उनीहरूलाई कालीय दहको विषले रहित जल पिलाउनुभयो।

अयाजयद् गोसवेन गोपराजं द्विजोत्तमैः।

वित्तस्य चोरुभारस्य चिकीर्षन् सद्व्ययं विभुः ॥ ३२ ॥

पदार्थ–

उरुभारस्य = ठुलो राशिका रूपमा रहेको
वित्तस्य = धनको
सद्व्ययं = राम्रो उपयोग
चिकीर्षन् = गर्ने इच्छाले
द्विजोत्तमैः = उत्तम ब्राह्मणहरूले सहित भएका
विभुः = व्यापक भगवान् श्रीकृष्णले
गोपराजं = नन्दबाबालाई
गोसवेन = गोबर्द्धन पूजारूप
अयाजयत् = यज्ञ गर्न लगाउनुभयो

वाक्यार्थ– ठुलो राशिका रूपमा रहेको धनको उपयोग गराउन उत्तम ब्राह्मणहरूको सहायता लिएर नन्दबाबालाई भगवान् श्रीकृष्णले गोबर्द्धनपूजारूप यज्ञ गर्न लगाउनुभयो।

वर्षतीन्द्रे व्रजः कोपाद् भग्नमानेऽतिविह्वलः।
गोत्रलीलातपत्रेण त्रातो भद्रानुगृह्णता ॥ ३३ ॥

पदार्थ–

भद्र = हे प्रिय विदुरजी
इन्द्रे = इन्द्रको
भग्नमाने = मान भङ्ग भएपछि
कोपात् = क्रोधले
वर्षति = व्रजमा वर्षा गरेपछि
अतिविह्वलः = अत्यन्त विह्वल भएको
व्रजः = व्रजमण्डललाई
अनुगृह्णता = अनुग्रह गर्न चाहने भगवान् श्रीकृष्णले
गोत्रलीलातपत्रेण = गोवर्द्धन पहाडलाई खेलौना छाताजस्तो गरी उठाएर
त्रातः = रक्षा गर्नुभयो

वाक्यार्थ– विदुरजी ! गोवर्द्धन पूजाबाट आफ्नो मान भङ्ग भएको सम्झी जब इन्द्रले क्रुद्ध भएर व्रजको विनाश गर्नका लागि पानी बर्साउन आरम्भ गरे, तब भगवान्ले करुणावश अनायास नै गोवर्द्धन पहाडलाई छाताजस्तो गरी उठाएर अत्यन्त भयभीत व्रजवासीहरू र पशुहरूको रक्षा गर्नुभयो।

शरच्छशिकरैर्मृष्टं मानयन् रजनीमुखम्।
गायन् कलपदं रेमे स्त्रीणां मण्डलमण्डनः ॥ ३४ ॥

पदार्थ–

शरच्छशिकरैः = शरद्‌ऋतुको चन्द्रमाको किरणद्वारा
मृष्टं = उज्ज्वल
रजनीमुखम् = सन्ध्याकाललाई
मानयन् = सम्मान दिँदै
स्त्रीणां = गोपस्त्रीहरूको
मण्डलमण्डनः = मण्डलको भूषण हुनुभएका (भगवान् श्रीकृष्ण)
कलपदं गायन् = मधुर गान गर्दै
रेमे = गोपिनीहरूका साथ रासलीला गर्नुभयो

वाक्यार्थ– शरद्‌ऋतुको चन्द्रमाको किरणद्वारा उज्ज्वल भएको सन्ध्याकालको सम्मान गर्दै गोपस्त्रीहरूको मण्डलका भूषण हुनुभएका भगवान् श्रीकृष्णले मधुर गान गर्दै गोपिनीहरूका साथ रासलीला गर्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

विदुरोद्धवसंवादे द्वितीयोऽध्यायः॥ २॥

तृतीयोऽध्यायः

भगवान्का अन्य लीलाचरित्रहरूको वर्णन

उद्धव उवाच (उद्धवजीले भन्नुभयो)

ततः स आगत्य पुरं स्वपित्रो-
श्चिकीर्षया शं बलदेवसंयुतः।
निपात्य तुङ्गाद्रिपुयूथनाथं
हतं व्यकर्षद् व्यसुमोजसोर्व्याम्॥ १॥

पदार्थ–

स्वपित्रोः = आफ्ना माता र पिता वसुदेव र देवकीको	**पुरं** = मथुरामा	**व्यसुम्** = (उसको) मृत शरीरलाई
शं = कल्याण	**आगत्य** = आएर	**ओजसा** = बलपूर्वक
चिकीर्षया = गर्ने इच्छाले	**रिपुयूथनाथं** = शत्रुसमूहका मालिक कंसलाई	**ऊर्व्याम्** = भुईंमा
बलदेवसंयुतः = बलराम सहित	**तुङ्गात्** = राजसिंहासनबाट	**व्यकर्षत्** = पछारिदिनुभयो
सः = उहाँ भगवान् श्रीकृष्ण	**निपात्य** = तल खसालेर	
ततः = व्रजबाट	**हतं** = मारेर	

वाक्यार्थ– यसपछि भगवान् श्रीकृष्ण आफ्ना मातापिता वसुदेव र देवकीको कल्याण गर्ने इच्छाले बलरामका साथ मथुरामा आउनुभयो। त्यहाँ उहाँले शत्रुसमुदायका स्वामी कंसलाई राजसिंहासनबाट तलतिर खसालेर अनि उसलाई मारेर उसको मृत शरीरलाई भुईंमा पछारिदिनुभयो।

सान्दीपनेः सकृत् प्रोक्तं ब्रह्माधीत्य सविस्तरम्।
तस्मै प्रादाद् वरं पुत्रं मृतं पञ्चजनोदरात्॥ २॥

पदार्थ–

सान्दीपनेः = सान्दीपनि गुरुबाट	**अधीत्य** = पढेर	**पञ्चजनोदरात्** = पञ्चजन नाम गरेको राक्षसको पेटबाट ल्याएर
सकृत् = एकपटक	**तस्मै** = ती सान्दीपनि गुरुलाई	**वरं** = वर
प्रोक्तं = बताइएको	**मृतं** = मरेको	**प्रादात्** = दिनुभयो
ब्रह्म = वेद	**पुत्रं** = छोरालाई	
सविस्तरम् = विस्तारपूर्वक		

वाक्यार्थ– सान्दीपनि मुनिद्वारा एकपटक उच्चारण गरिएको वेदको साङ्गोपाङ्ग अध्ययन गरेर दक्षिणास्वरूप उहाँको मरेको छोरालाई यमपुरीमा गएर पञ्चजन नामक राक्षसको पेटबाट ल्याएर उहाँलाई दिनुभयो।

समाहुता भीष्मककन्यया ये
श्रियः सवर्णेन बुभूषयैषाम्।
गान्धर्ववृत्त्या मिषतां स्वभागं
जह्रे पदं मूर्ध्नि दधत् सुपर्णः॥ ३॥

पदार्थ–

श्रियः = लक्ष्मीको	**मिषतां** = हेर्दाहेर्दै	**सुपर्णः** = गरुडजीले अमृत हरेझैं
सवर्णेन = समान आकृति भएकी	**मूर्ध्नि** = ती सबैको शिरमाथि	**स्वभागं** = आफ्नी नित्य सङ्गिनीस्वरूप रुक्मिणीलाई
भीष्मककन्यया = भीष्मकपुत्री रुक्मिणी (स्वयंवर समारोहमा)	**पदं** = आफ्नो चरण	**जह्रे** = हरण गर्नुभयो
ये = जुन राजाहरू	**दधत्** = राख्दै	
समाहुताः = बोलाइएका थिए	**गान्धर्ववृत्त्या** = गन्धर्वविधिद्वारा	
एषाम् = आएका यी राजाहरूले	**बुभूषया** = विवाहको इच्छा राखेर	

वाक्यार्थ– लक्ष्मीको समान आकृति भएकी भीष्मकपुत्री रुक्मिणीको स्वयंवर समारोहमा आएका राजाहरूले हेर्दाहेर्दै ती सबैको शिरमाथि आफ्नो पाउ राखेर रुक्मिणीसँग गन्धर्वविधिद्वारा विवाह गरेर आफ्नी नित्यसंगिनी रुक्मिणीलाई ठिक त्यसै गरी हरण गरेर ल्याउनुभयो, जसरी गरुडले अमृतकलश ल्याएका थिए।

ककुद्मिनोऽविद्धनसो दमित्वा
स्वयंवरे नाग्नजितीमुवाह।
तद्भग्नमानानपि गृध्यतोऽज्ञा-
ञ्जघ्नेऽक्षतः शस्त्रभृतः स्वशस्त्रैः॥ ४॥

पदार्थ–

अविद्धनसः = नाक नछेडेका	**नाग्नजितीम्** = नग्नजित् राजाकी छोरी सत्यालाई	**उवाह** = विवाह गर्नुभयो
ककुद्मिनः = गोरुहरूलाई	**स्वयंवरे** = स्वयंवरमा	**तद्भग्नमानान्** = भगवान्को उक्त कार्यले मान भग्न भएका
दमित्वा = नाक छेडेर		

अपि = पनि
गृध्यतः = भगवान्सँग युद्ध गरेर राजकुमारीलाई पुनः प्राप्त गर्न चाहने
शस्त्रभृत : = शस्त्रधारी
अज्ञान् = मूर्ख राजाहरूलाई
अक्षतः = (उनीहरूको अस्त्रद्वारा आफू) घायल नभईकन
स्वशस्त्रैः = आफ्ना शस्त्रहरूद्वारा
जघ्ने = मार्नुभयो

वाक्यार्थ– स्वयंवरमा नाक नछेडेका गोरुहरूको नाक छेडेर नग्नजित् राजाकी छोरी सत्यासँग विवाह गर्नुभयो। भगवान्को यस कार्यले मान भग्न भएकाले मूर्ख राजाहरूले शस्त्र उठाएर राजकुमारीलाई हरण गर्न चाहेका थिए। तब भगवान् श्रीकृष्णले आफू स्वयं उनीहरूको अस्त्रशस्त्रद्वारा घायल नभईकन आफ्ना शस्त्रहरूद्वारा उनीहरूलाई मार्नुभयो।

प्रियं प्रभुर्ग्राम्य इव प्रियाया
विधित्सुराच्र्छद् द्युतरुं यदर्थे।
वज्र्याद्रवत्तं सगणो रुषान्धः
क्रीडामृगो नूनमयं वधूनाम्॥ ५॥

पदार्थ–

प्रभुः = स्वतन्त्र भगवान् श्रीकृष्ण
ग्राम्यः इव = स्त्रीपरतन्त्रजस्तो भएर
प्रियाया : = आफ्नी प्रिय पत्नी सत्यभामालाई
प्रियं = खुसी
विधित्सुः = गराउनका लागि
द्युतरुं = पारिजातवृक्षलाई
आर्च्छत् = हरण गरेर ल्याउनुभयो
यदर्थे = जुन पारिजात प्राप्त गर्नका लागि
रुषान्धः = क्रोधले अन्धा भएका
सगणः = मरुद्गणले सहित
वज्री = इन्द्र
तं = ती (भगवान् श्रीकृष्णसँग)
आद्रवत् = युद्धभूमिमा आए
नूनम् = अवश्य नै
अयं = यी इन्द्र
वधूनाम् = स्त्रीहरूका लागि
क्रीडामृगः = खेल्नका लागि बनाएको बानर जस्ता थिए

वाक्यार्थ– भगवान् श्रीकृष्णले विषयी पुरुषहरूको जस्तो लीला गर्दै आफ्नो प्राणप्रिया सत्यभामालाई प्रसन्न गर्ने इच्छाले उनका लागि स्वर्गबाट कल्पवृक्ष उखेलेर ल्याउनुभयो। जुन पारिजात प्राप्त गर्नका लागि क्रोधले अन्धा भएकामरुद्गणले सहित इन्द्र भगवान् श्रीकृष्णसँग युद्ध गर्न युद्धभूमिमा आए। अवश्य नै यी इन्द्र स्त्रीहरूका लागि खेल्नका लागि बनाएको बानर जस्ता थिए।

सुतं मृधे खं वपुषा ग्रसन्तं
दृष्ट्वा सुनाभोन्मथितं धरित्र्या।

आमन्त्रितस्तत्तनयाय शेषं

दत्त्वा तदन्तःपुरमाविवेश ॥ ६ ॥

पदार्थ–

मृधे = युद्धमा
वपुषा = आफ्नो शरीरले
खं = आकाशलाई
ग्रसन्तं = व्याप्त गर्ने अथवा ढाक्ने
सुतं = भौमासुरलाई
सुनाभोन्मथितं = भगवान्को चक्रद्वारा काटिएर मरेको
दृष्ट्वा = देखेर
धरित्र्या = भौमासुरकी आमा पृथिवीद्वारा
आमन्त्रितः = प्रार्थना गरिनुभएका भगवान्ले
तत्तनयाय = भौमासुरको छोरो भगदत्तलाई
शेषं = अवशिष्ट राज्य
दत्त्वा = दिएर
तदन्तःपुरम् = उसको अन्तःपुरमा
आविवेश = प्रवेश गर्नुभयो

वाक्यार्थ– आफ्नो विशाल शरीरले आकाशलाई व्याप्त गर्ने आफ्नो पुत्र भौमासुरलाई भगवान्को हातबाट मरेको देखेर पृथिवीले जब उहाँसँग प्रार्थना गर्नुभयो तब उहाँले भौमासुरको पुत्र भगदत्तलाई बाँकी रहेको राज्य दिएर उसको अन्तःपुरमा प्रवेश गर्नुभयो।

तत्राहृतास्ता नरदेवकन्याः

कुजेन दृष्ट्वा हरिमार्तबन्धुम्।

उत्थाय सद्यो जगृहुः प्रहर्ष-

व्रीडानुरागप्रहितावलोकैः ॥ ७ ॥

पदार्थ–

तत्र = अन्तःपुरमा
कुजेन = भौमासुरले
आहृताः = हरण गरेर ल्याइएका
ताः = ती
नरदेवकन्याः = राजकुमारीहरू
आर्तबन्धुम् = दीनबन्धु
हरिम् = भगवान् श्रीकृष्णलाई
दृष्ट्वा = देखेर
सद्यः = त्यसै क्षणमा
उत्थाय = उठेर
प्रहर्षव्रीडानुरागप्रहितावलोकैः = हर्ष, लज्जा र प्रेमपूर्णको हेराइले
जगृहुः = भगवान्लाई आफ्नो पतिरूपले वरण गरे

वाक्यार्थ– अन्तःपुरमा भौमासुरद्वारा हरण गरेर ल्याइएका धेरै राजकन्याहरू थिए। दीनबन्धु भगवान् श्रीकृष्णलाई देख्नेबित्तिकै तुरुन्त उठेर ती सबैले अत्यन्त हर्ष, लज्जा र प्रेमपूर्ण हेराइले त्यसै समयमा भगवान्लाई पतिरूपमा वरण गरे।

आसां मुहूर्त एकस्मिन् नानागारेषु योषिताम्।

सविधं जगृहे पाणीननुरूपः स्वमायया ॥ ८ ॥

पदार्थ–

नानागारेषु = विभिन्न महलहरूमा
स्वमायया = आफ्नै मायाले
अनुरूपः = प्रत्येक राजकुमारीका लागि भिन्न-भिन्न रूप बनाएर
सविधं = विवाहोचित प्रकारले
एकस्मिन् = एकै
मुहूर्ते = मुहूर्तमा
आसां = यी
योषिताम् = राजकुमारीहरूको
पाणीन् = पाणि (हात)
जगृहे = ग्रहण गर्नुभयो

वाक्यार्थ– भगवान्ले आफ्नै मायाद्वारा उनीहरूको सङ्ख्याअनुरूप रूप धारण गरेर अलग-अलग भवनमा एकै मुहूर्तमा ती सबैको पाणिग्रहण गर्नुभयो।

तास्वपत्यान्यजनयदात्मतुल्यानि सर्वतः।
एकैकस्यां दश दश प्रकृतेर्विबुभूषया ॥ ९॥

पदार्थ–

तासु = ती पाणिग्रहण गरिएका
एकैकस्यां = प्रत्येक पत्नीमा
प्रकृतेः = आफ्नो लीलाको
विबुभूषया = विस्तार गर्ने इच्छाले
सर्वतः = सम्पूर्ण गुणहरूले
आत्मतुल्यानि = आफैँ बराबर
दश दश = प्रत्येक भार्यामा दश-दश
अपत्यानि = सन्तानहरू
अजनयत् = उत्पन्न गर्नुभयो

वाक्यार्थ– आफ्नो लीलाको विस्तार गर्नका लागि उहाँले उनीहरूमध्ये प्रत्येकको गर्भबाट दश-दश सन्तान उत्पन्न गर्नुभयो।

कालमागधशाल्वादीननीकै रुन्धतः पुरम्।
अजीघनत् स्वयं दिव्यं स्वपुंसां तेज आदिशत्॥ १०॥

पदार्थ–

स्वपुंसां = भीम र अर्जुन आदि आफ्ना मानिसलाई
स्वयं = आफ्नो
दिव्यं = दिव्य
तेजः = शक्ति
आदिशत् = प्रदान गर्नुभयो र
अनीकै : = सेनाहरूद्वारा
पुरम् = मथुरा र द्वारकालाई
रुन्धतः = घेरामा हाल्ने
कालमागधशाल्वादीन् = कालयवन, मागध, शाल्व आदिलाई **अजीघनत्** = मार्नुभयो

वाक्यार्थ– जब कालयवन, मागध र शाल्व आदिले आफ्ना सेनाद्वारा मथुरा र द्वारकालाई घेरेका थिए, तब भगवान्ले भीम, अर्जुन आदिलाई अलौकिक शक्ति दिएर उनीहरूद्वारा शत्रुहरूका सैनिकको नाश गराउनुभयो।

शम्बरं द्विविदं बाणं मुरं बल्वलमेव च।
अन्यांश्च दन्तवक्रादीनवधीत् कांश्च घातयत्॥ ११॥

पदार्थ–

शम्बरं = शम्बर	**बल्वलम्** = बल्बललाई र	**अवधीत्** = मार्नुभयो
द्विविदं = द्विविद	**अन्यान् च** = अरू पनि	**कान् च** = अरू कुनैलाई
बाणं = बाणासुर	**दन्तवक्रादीन्** = दन्तवक्र आदिलाई	**घातयत्** = मार्न लगाउनुभयो
मुरं = मुर		

वाक्यार्थ– शम्बर, द्विविध, बाणासुर, मुर, बल्बल तथा दन्तवक्त्र आदि योद्धाहरूमध्ये कसैलाई उहाँले स्वयं मार्नुभयो र कतिपयलाई अरूद्वारा मार्न लगाउनुभयो।

अथ ते भ्रातृपुत्राणां पक्षयोः पतितान् नृपान्।
चचाल भूः कुरुक्षेत्रं येषामापततां बलैः॥ १२॥

पदार्थ–

अथ = त्यसपछि	**पतितान्** = रहेका	**बलैः** = सेनाहरू
ते = तिम्रा	**नृपान्** = राजाहरूलाई (मार्नुभयो)	**कुरुक्षेत्रं** = कुरुक्षेत्रमा (पुगेपछि)
भ्रातृपुत्राणां = भाइका छोरा दुर्योधन र युधिष्ठिरको (पक्ष लिएर आएका)	**येषाम्** = जुन	**भूः** = पृथिवी
पक्षयोः = पक्षमा	**आपततां** = सहायता गर्न आएका राजाहरूका	**चचाल** = डगमगाउन लागिन्

वाक्यार्थ– त्यसपछि उहाँले तपाईंका भाइ धतराष्ट्र र पाण्डुका पुत्रहरूको पक्ष लिएर आएका राजाहरूको संहार गर्नुभयो। ती वीरहरू आफ्ना सेनासहित कुरुक्षेत्रमा पुग्दाखेरि पृथिवी डग्मगाउन लागेकी थिइन्।

स कर्णदुःशासनसौबलानां
कुमन्त्रपाकेन हतश्रियायुषम्।
सुयोधनं सानुचरं शयानं
भग्नोरुमूर्व्यां न ननन्द पश्यन्॥ १३॥

पदार्थ–

सः = भगवान् श्रीकृष्ण	**हतश्रियायुषम्** = ऐश्वर्य र आयु नष्ट भएको	**उर्व्यां** = पृथिवीमा
कर्णदुःशासनसौबलानां = कर्ण, दुःशासन र शकुनिको	**भग्नोरुम्** = भीमसेनको गदाको प्रहारले जाँघ टुटेको	**शयानं** = सुतेको
कुमन्त्रपाकेन = कपटपूर्ण परामर्शद्वारा	**सानुचरं** = आफ्ना अनुचरसहित	**सुयोधनं** = दुर्योधनलाई
		पश्यन् = देखेर पनि
		न ननन्द = सन्तुष्ट हुनुभएन

वाक्यार्थ– कर्ण, दुःशासन र शकुनिको कपटपूर्ण परामर्शले जसको आयु र श्री नष्ट भइसकेको थियो, तथा भीमसेनको गदाको प्रहारले जसको जाँघ टुटेको थियो, त्यस दुर्योधनलाई आफ्नो साथीसहित पृथिवीमा सुतेको देख्दा पनि भगवान्लाई कुनै प्रसन्नता भएन।

कियान् भुवोऽयं क्षपितोरुभारो
यद् द्रोणभीष्मार्जुनभीममूलैः।
अष्टादशाक्षौहिणिको मदंशै-
रास्ते बलं दुर्विषहं यदूनाम्॥ १४॥

पदार्थ–

द्रोणभीष्मार्जुनभीममूलैः = द्रोण, भीष्म, अर्जुन र भीमसेनद्वारा	**उरुभारः** = ठुलो भार	**दुर्विषहं** = सहन गर्न अशक्य
अष्टादशाक्षौहिणिकः = अठार अक्षौहिणी सेनाको	**कियान्** = कति नै	**बलं** = भार
भुवः = पृथिवीको	**क्षपिता** = नष्ट भएको छ र	**आस्ते** = बाँकी नै छ
अयं = यो	**मदंशैः** = मेरा अंश भएका	
	यदूनाम् = यदुहरूको	
	यत् = जुन	

वाक्यार्थ– उहाँ विचार गर्न लाग्नुभयो– द्रोण, भीष्म, अर्जुन र भीमसेनद्वारा अठार अक्षौहिणी सेनाको नाश भए तापनि यसबाट पृथिवीको भार कति नै हल्का भएको छ र अहिले पनि मेरा अंशरूप यादवहरूको दुःसह समूह त बाँकी नै छ।

मिथो यदैषां भविता विवादो
मध्वामदाताम्रविलोचनानाम्।
नैषां वधोपाय इयानतोऽन्यो
मय्युद्यतेऽन्तर्दधते स्वयं स्म॥ १५॥

पदार्थ–

यदा = जुन समयमा	**विवादः** = झगडा	**अन्यः न** = अरू कुनै उपाय छैन
मध्वामदाताम्रविलोचनानाम् = मधुपानद्वारा उन्मत्त भएर राता-राता आँखा गर्ने	**भविता** = हुनेछ	**मयि** = मैले
एषां = यिनीहरूको	**इयान्** = यत्ति नै	**उद्यते** = सङ्कल्प गरेपछि
मिथः = परस्परमा	**एषां** = यिनीहरूको	**स्वयं** = यी आफैँ
	वधोपायः = नाशको उपाय हो	
	अतः = यसलाई छोडेर	

अन्तर्दधते स्म = अन्तर्हित हुनेछन्

वाक्यार्थ– जब यी यादवहरू मधुपान गरेर उन्मत्त भएर राता-राता आँखा गरे परस्परमा लड्न थाल्नेछन्, त्यसै समयमा यिनीहरूको विनाश हुनेछ। यो उपायलाई छोडेर यिनीहरूको विनाशको अरू कुनै उपाय छैन। वस्तुतः मैले सङ्कल्प गर्नेबित्तिकै यिनीहरू स्वयं नै अन्तर्हित हुनेछन्।

एवं सञ्चिन्त्य भगवान् स्वराज्ये स्थाप्य धर्मजम्।
नन्दयामास सुहृदः साधूनां वर्त्म दर्शयन्॥ १६॥

पदार्थ–

एवं = यसप्रकार
सञ्चिन्त्य = विचार गरेर
भगवान् = भगवान् श्रीकृष्णले
धर्मजम् = धर्मपुत्र युधिष्ठिरलाई
स्वराज्ये = आफ्नो राज्यमा
स्थाप्य = अभिषिक्त गरेर
साधूनां = धार्मिक मनुष्यहरूको
वर्त्म = मार्ग
दर्शयन् = देखाउँदै
सुहृदः = आफ्ना मित्रहरूलाई
नन्दयामास = आनन्दित गर्नुभयो

वाक्यार्थ– यस्तो विचार गरेर भगवान् श्रीकृष्णले युधिष्ठिरलाई उहाँको पैतृक गद्दीमा बसाउनुभयो र आफ्ना सबै सम्बन्धीहरूलाई सत्पुरुषको मार्ग देखाएर आनन्दित गर्नुभयो।

उत्तरायां धृतः पूरोर्वंशः साध्वभिमन्युना।
स वै द्रौण्यस्त्रसम्प्लुष्टः पुनर्भगवता धृतः॥ १७॥

पदार्थ–

अभिमन्युना = अभिमन्युद्वारा
उत्तरायां = उत्तरामा
पूरोः वंशः = पुरुवंशको बीजरूप परीक्षित्
साधु = राम्रो प्रकारले
धृतः = स्थापित गरिनुभएको थियो
वै = निश्चय नै
सः = त्यो बीज
द्रौण्यस्त्रसम्प्लुष्टः = अश्वत्थामाको ब्रह्मास्त्रबाट नष्ट हुन लाग्दा
भगवता = भगवान्ले
पुनः = फेरि
धृतः = जीवित गराउनुभयो

वाक्यार्थ– उत्तराको गर्भमा अभिमन्युले पुरुवंशको जुन बीज स्थापित गरेको थिए, त्यो पनि अश्वत्थामाको अस्त्रबाट प्रायः नष्ट भइसकेको थियो। किन्तु भगवान्ले त्यस गर्भस्थ शिशुलाई बचाउनुभयो।

अयाजयद् धर्मसुतमश्वमेधैस्त्रिभिर्विभुः।
सोऽपि क्ष्मामनुजै रक्षन् रेमे कृष्णमनुव्रतः॥ १८॥

पदार्थ—

विभुः = व्यापक परमात्माले	**अश्वमेधैः** = अश्वमेध यज्ञ	**अनुजैः** = भाइहरूका साथ
धर्मसुतम् = धर्मपुत्र युधिष्ठिरलाई	**अयाजयत्** = गर्न लगाउनुभयो	**क्ष्माम्** = पृथिवीको
त्रिभिः = तीन	**सः अपि** = राजा युधिष्ठिर पनि	**रक्षन्** = पालन गर्दै
	कृष्णम् = भगवान् श्रीकृष्णको	**रेमे** = आनन्दपूर्वक रहन लाग्नुभयो
	अनुव्रतः = अनुगामी भएर	

वाक्यार्थ— व्यापक परमात्माले धर्मराज युधिष्ठिरलाई तीन अश्वमेध यज्ञ गर्न लगाउनुभयो। राजा युधिष्ठिर पनि भगवान् श्रीकृष्णको अनुगामी भएर आफ्ना भाइहरूको सहायताले पृथिवीको रक्षा गर्दै आनन्दपूर्वक रहन लाग्नुभयो।

भगवानपि विश्वात्मा लोकवेदपथानुगः।
कामान् सिषेवे द्वार्वत्यामसक्तः साङ्ख्यमास्थितः॥ १९॥

पदार्थ—

विश्वात्मा = संसारका आत्मस्वरूप	**साङ्ख्यम्** = साङ्ख्यशास्त्रको बाटोमा	**कामान्** = विषयहरूको
भगवान् अपि = भगवान् पनि	**आस्थितः** = रही	**सिषेवे** = भोग गर्न लाग्नुभयो
लोकवेदपथानुगः = लोक र वेदमार्गको पालन गर्दै	**असक्तः** = आसक्ति नगरीकन	
	द्वार्वत्याम् = द्वारकामा	

वाक्यार्थ— विश्वात्मा भगवान्ले द्वारकापुरीमा रहेर लोक र वेदको मर्यादाको पालन गर्दै सांख्ययोगको आश्रय लिएर ती पदार्थहरूमा आसक्त नभईकन विषयहरूको भो गर्नुभयो।

स्निग्धस्मितावलोकेन वाचा पीयूषकल्पया।
चरित्रेणानवद्येन श्रीनिकेतेन चात्मना॥ २०॥
इमं लोकममुं चैव रमयन् सुतरां यदून्।
रेमे क्षणदया दत्तक्षणस्त्रीक्षणसौहृदः॥ २१॥

पदार्थ—

स्निग्धस्मितावलोकेन = कृपापूर्वकको मन्दहासयुक्त हेराइले	**वाचा** = वाणीले	**श्रीनिकेतेन** = सम्पूर्ण सौन्दर्यको आश्रय भएको
पीयूषकल्पया = अमृतवर्षा गर्ने	**अनवद्येन** = निर्मल (अनिन्दित)	**आत्मना** = आफ्नो श्रीविग्रहद्वारा
	चरित्रेण = चरित्रद्वारा	**इमं** = यस

च = र
अमुं = पर
लोकम् = लोकमा बस्ने सम्पूर्ण प्राणीहरूलाई र
सुतरां = विशेष गरेर
यदून् = यदूहरूलाई
रमयन् = आनन्दित गर्दै
क्षणदया = रात्रिमा
दत्तक्षणस्त्रीक्षणसौहृदः = आफ्ना प्रियाहरूका साथ क्षणिक अनुरागयुक्त भएर
रेमे = रमाउनुभयो

वाक्यार्थ– उहाँले मधुर मुस्कान, स्नेहमयी दृष्टि, सुधामयी वाणी, निर्मल चरित्र र समस्त शोभा र सुन्दरताको निवासस्थान भएको आफ्नो श्रीविग्रहद्वारा लोक, परलोक र विशेष गरेर यादवहरूलाई आनन्दित गर्नभयो। त्यस्तै रात्रिमा आफ्ना प्रियाहरूका साथ क्षणिक अनुरागयुक्त भएर रमाउनुभयो।

तस्यैवं रममाणस्य संवत्सरगणान् बहून्।
गृहमेधेषु योगेषु विरागः समजायत॥ २२॥

पदार्थ–
एवं = यसप्रकार (अनासक्त भएर)
बहून् = धेरै
संवत्सरगणान् = वर्षसम्म
रममाणस्य = विषयको उपभोग गर्ने
तस्य = भगवान् श्रीकृष्णको
गृहमेधेषु = गृहस्थ आश्रमसम्बन्धी
योगेषु = भोगसामग्रीहरूमा
विरागः = वैराग्य
समजायत = उत्पन्न भयो

वाक्यार्थ– यसप्रकार धेरैवर्षसम्म विषयहरूको उपभोग गर्दै गर्दा उहाँलाई गृहस्थाश्रमसम्बन्धी भोगसामग्रीबाट वैराग्य भयो।

दैवाधीनेषु कामेषु दैवाधीनः स्वयं पुमान्।
को विश्रम्भेत योगेन योगेश्वरमनुव्रतः॥ २३॥

पदार्थ–
योगेन = भक्तियोगद्वारा
योगेश्वरम् = भगवान् श्रीकृष्णको
अनुव्रतः = अनुगमन गर्ने
स्वयं = आफू स्वयं
दैवाधीनः = भगवान्को अधीनमा रहने
कः = कुन
पुमान् = पुरुषले
दैवाधीनेषु = ईश्वरको अधीनमा रहेका
कामेषु = विषयभोगका सामग्रीहरूमा
विश्रम्भेत = विश्वास गर्ला

वाक्यार्थ– भक्तियोगद्वारा भगवान् श्रीकृष्णको अनुगमन गर्ने र आफू स्वयं भगवान्को अधीनमा रहने कुन पुरुषले ईश्वरको अधीनमा रहेका विषयभोगका सामग्रीहरूमा विश्वास गर्ला ?

पुर्यां कदाचित् क्रीडद्भिर्यदुभोजकुमारकैः।

कोपिता मुनयः शेपुर्भगवन्मतकोविदाः ॥ २४ ॥

पदार्थ–

पुर्यां = द्वारकामा	**कोपिताः** = क्रुद्ध पारिएका	**शेपुः** = (यदुवंशलाई) श्राप दिनुभयो
कदाचित् = कुनै समयमा	**भगवन्मतकोविदाः** = भगवान्को यदुकुलसंहारविषयक इच्छालाई जान्नुहुने	
क्रीडद्भिः = खेल्ने	**मुनयः** = ऋषिहरूले	
यदुभोजकुमारकैः = यदुवंशी र भोजवंशी बालकहरूद्वारा		

वाक्यार्थ– द्वारकामा कुनै समयमा खेल्दै गरेका यदुवंशी र भोजवंशी बालकहरूद्वारा क्रुद्ध पारिएका र भगवान्को यदुकुलको संहारविषयक इच्छालाई जान्नुहुने ऋषिहरूले यदुवंशलाई श्राप दिनुभयो।

ततः कतिपयैर्मासैर्वृष्णिभोजान्धकादयः।
ययुः प्रभासं संहृष्टा रथैर्देवविमोहिताः ॥ २५ ॥

पदार्थ–

ततः = त्यसपछि	**संहृष्टाः** = अत्यन्त प्रसन्न भएका	**रथैः** = रथमा चढेर
कतिपयैः = केही	**देवविमोहिताः** = भगवान्को मायाले मोहित भएका	**प्रभासं** = प्रभासमा
मासैः = महिनापछि	**वृष्णिभोजान्धकादयः** = वृष्णि, भोज र अन्धकवंशी यादवहरू	**ययुः** = गए

वाक्यार्थ– यसको केही महिनापछि भगवान्को मायाले मोहित भएका वृष्णि, भोज र अन्धकवंशी यादवहरू ठुलो हर्षका साथ रथमा चढेर प्रभासक्षेत्रमा गए।

तत्र स्नात्वा पितॄन् देवानृषींश्चैव तदम्भसा।
तर्पयित्वाथ विप्रेभ्यो गावो बहुगुणा ददुः ॥ २६ ॥

पदार्थ–

अथ = यसपछि	**देवान्** = देवताहरूलाई	**गावः** = गाईहरू
तत्र = प्रभासक्षेत्रमा	**ऋषीन् च** = ऋषिहरूलाई पनि	**विप्रेभ्यः** = ब्राह्मणहरूलाई
स्नात्वा = स्नान गरेर	**तर्पयित्वा** = तर्पण दिएर	**ददुः** = दिए
तदम्भसा = त्यहाँको जलले	**बहुगुणाः** = धैरै गुणहरूले युक्त भएका	
पितॄन् = पितृहरूलाई		

वाक्यार्थ– यसपछि यादवहरू प्रभासक्षेत्रमा स्नान गरेर त्यहाँको जलले पितृ, देवता र ऋषिहरूलाई पनि तर्पण दिएर धैरै गुणले युक्त भएका गाईहरू ब्राह्मणहरूलाई दिए।

हिरण्यं रजतं शय्यां वासांस्यजिनकम्बलान् ।
यानं रथानिभान् कन्या धरां वृत्तिकरीमपि ॥ २७ ॥

अन्नं चोरुरसं तेभ्यो दत्त्वा भगवदर्पणम् ।
गोविप्रार्थासवः शूराः प्रणेमुर्भुवि मूर्धभिः ॥ २८ ॥

पदार्थ—

हिरण्यं = सुन	**कन्या ः** = कन्याहरू	**दत्त्वा** = दिएर
रजतं = चाँदी	**वृत्तिकरीम्** = जीविका चल्न सक्ने	**गोविप्रार्थासवः** = गाई र ब्राह्मणहरूका लागि नै प्राण धारण गर्ने
शय्यां = शय्या	**धरां** = भूमि	**शूराः** = ती वीरहरूले
वासांसि = वस्त्रहरू	**उरुरसं** = नाना प्रकारका सरस	**भुवि** = पृथिवीमा
अजिनकम्बलान् = मृगचर्म र कम्बलहरू	**अन्नं** = अन्न	**मूर्धभिः** = शिर निहुराएर
यानं = पाल्की	**भगवदर्पणम्** = भगवान्लाई अर्पण गरेर	**प्रणेमुः** = प्रणाम गरे
रथान् = रथ	**तेभ्यः** = तिनीहरूलाई	
इभान् = हात्तीहरू		

वाक्यार्थ— उनीहरूले सुन, चाँदी, शय्या, वस्त्र, मृगचर्म, कम्बल, पालकी, रथ, हात्ती, कन्या, जीविका चल्न सक्ने भूमि र नानाप्रकारका सरस अन्नहरू भगवान्लाई अर्पण गरेर ब्राह्मणहरूलाई दिए। त्यसपछि गाई र ब्राह्मणहरूका लागि प्राणधारण गर्ने ती वीरहरूले पृथिवीमा सिर निहुराएर उहाँलाई प्रणाम गरे।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे
विदुरोद्धवसंवादे तृतीयोऽध्यायः ॥ ३ ॥

अथ चतुर्थोऽध्यायः

उद्धवजीसँग बिदा भएर विदुरजी मैत्रेय ऋषिकहाँ जानु

उद्धव उवाच (उद्धवजीले भन्नुभयो)

अथ ते तदनुज्ञाता भुक्त्वा पीत्वा च वारुणीम्।

तया विभ्रंशितज्ञाना दुरुक्तैर्मर्म पस्पृशुः ॥ १ ॥

पदार्थ–

अथ = यसपछि	**भुक्त्वा** = भोजन गरेर	**विभ्रंशितज्ञानाः** = विवेक नष्ट भएका यादवहरू
ते = ती यादवहरू	**च** = र	**दुरुक्तैः** = कठोर वाणीद्वारा
तदनुज्ञाताः = भगवान् श्रीकृष्ण र ब्राह्मणहरूबाट आज्ञा प्राप्त गरेर	**वारुणीम्** = वारुणी मदिरा	**मर्म** = हृदयलाई
	पीत्वा = पिएर	**पस्पृशुः** = दुःखी गराउन थाले
	तया = मदिराद्वारा	

वाक्यार्थ– फेरि भगवान् श्रीकृष्ण र ब्राह्मणहरूको आज्ञालाई प्राप्त गरेर यादवहरूले भोजन गरेर वारुणी मदिरा पान गरे। मदिरापानबाट उनीहरूको ज्ञान नष्ट भयो। कठोर वाणीद्वारा उनीहरू एक-अर्कालाई दुःखी गराउन थाले।

तेषां मैरेयदोषेण विषमीकृतचेतसाम्।

निम्लोचति रवावासीद् वेणूनामिव मर्दनम्॥ २॥

पदार्थ–

मैरेयदोषेण = मदिराको दोषको कारणले	**रवौ** = सूर्य	**मर्दनम्** = (उनीहरूको पनि परस्परको संघर्षले) मारकाट
विषमीकृतचेतसाम् = बुद्धि भ्रष्ट भएका	**निम्लोचति** = अस्त हुँदाहुँदै	**आसीत्** = भयो
तेषां = तिनीहरूको	**वेणूनाम् इव** = बाँसहरू नष्ट भएझैं	

वाक्यार्थ– मदिराको नशाको कारणले उनीहरूको बुद्धि भ्रष्ट भयो। जसरी बाँसहरूको संघर्षले बाँसको घारीमा आगो लागेर सम्पूर्ण बाँसहरू भस्म हुन्छन्, त्यसै गरी सूर्यास्त हुँदाहुँदै तिनीहरूमा मारकाट सुरु भयो।

भगवान् स्वात्ममायाया गतिं तामवलोक्य सः।

सरस्वतीमुपस्पृश्य वृक्षमूलमुपाविशत्॥ ३॥

अहं चोक्तो भगवता प्रपन्नार्तिहरेण ह ।
बदरीं त्वं प्रयाहीति स्वकुलं सञ्जिहीर्षुणा ॥ ४ ॥

पदार्थ–

सः = उहाँ	**सरस्वतीम्** = सरस्वतीको जलको	**स्वकुलं** = आफ्नो कुलको
भगवान् = भगवान् श्रीकृष्णले पनि	**उपस्पृश्य** = आचमन गरेर	**सञ्जिहीर्षुणा** = संहार गर्न चाहने
स्वात्ममायया = आफ्नो मायाद्वारा	**वृक्षमूलम्** = रुखको फेदमा	**भगवता** = भगवान्ले
ताम् = त्यो विचित्र	**उपाविशत्** = बस्नुभयो	**त्वं** = तिमी
गतिं = गतिलाई	**प्रपन्नार्तिहरेण** = शरणागतहरूको दुःखलाई हरण गर्न चाहने	**बदरीं** = बदरीकाश्रम
अवलोक्य = देखेर		**प्रयाहि इति** = जाऊ भनेर
		अहं = म
		उक्तः = भनिएको थिएँ

वाक्यार्थ– भगवान् श्रीकृष्णले आफ्नो मायाको त्यो विचित्र गतिलाई देखेर सरस्वतीको जलले आचमन गरेर एउटा वृक्षको फेदमा बस्नुभयो। यस भन्दा पहिले नै शरणागतको दुःखलाई दूर गर्ने भगवान् श्रीकृष्णले आफ्नो कुलको संहार गर्ने इच्छा उत्पन्न भएपछि मलाई बदरीकाश्रम जान भन्नुभएको थियो।

तथापि तदभिप्रेतं जानन्नहमरिन्दम ।
पृष्ठतोऽन्वगमं भर्तुः पादविश्लेषणाक्षमः ॥ ५ ॥

पदार्थ–

अरिन्दम = हे विदुरजी	**जानन् अपि** = जान्दा-जान्दै पनि	**पादविश्लेषणाक्षमः** = चरणको वियोगलाई सहन गर्न नसकेर
तथा = त्यसप्रकार	**अहम्** = म	**पृष्ठतः** = पछिपछि
तदभिप्रेतं = भगवान्को कुलसंहाररूपी अभिप्रायलाई	**भर्तुः** = स्वामीको	**अन्वगमं** = गएँ

वाक्यार्थ– विदुरजी ! यसबाट मैले उहाँको आशयलाई बुझेको थिएँ तापनि स्वामीको चरणको वियोगलाई सहन गर्न नसकेर म उहाँको पछि-पछि गएँ।

अद्राक्षमेकमासीनं विचिन्वन् दयितं पतिम् ।
श्रीनिकेतं सरस्वत्यां कृतकेतमकेतनम् ॥ ६ ॥
श्यामावदातं विरजं प्रशान्तारुणलोचनम् ।
दोर्भिश्चतुर्भिर्विदितं पीतकौशाम्बरेण च ॥ ७ ॥

वाम ऊरावधिश्रित्य दक्षिणाङ्घ्रिसरोरुहम् ।
अपाश्रितार्भकाश्वत्थमकृशं त्यक्तपिप्पलम् ॥ ८ ॥

पदार्थ–

विचिन्वन् = भगवान्को पछि लाग्ने
अहम् = मैले
सरस्वत्यां = सरस्वती नदीको (तीरमा)
कृतकेतम् = निवास बनाएर
एकम् = एक्लै
आसीनं = बस्नुभएका
दयितं = प्रिय
श्रीनिकेतं = लक्ष्मीका आश्रय
अकेतनम् = आश्रय नभएका
श्यामावदातं = श्यामवर्णयुक्त शरीर भएका
विरजं = रजोगुणरहित (सत्त्वमय)
चतुर्भिः = चार
दोर्भिः = हात र
पीतकौशाम्बरेण च = पीताम्बरद्वारा पनि
विदितं = टाढैबाट चिन्न सकिने
प्रशान्तारुणलोचनम् = शान्तिले भरिएका राता आँखा भएका
अपाश्रितार्भकाश्वत्थम् = सानो पिपलको वृक्षको सहारा लिएर
दक्षिणाङ्घ्रिसरोरुहम् = आफ्नो दाहिने चरणकमललाई
वामे = देब्रे
ऊरौ = घुँडामाथि
अधिश्रित्य = राखेर बस्नुभएका
त्यक्तपिप्पलम् = विषयसुखको सर्वथा परित्याग गरेकाले
अकृशं = आनन्दपूर्ण भएका
पतिम् = भगवान्लाई
अद्राक्षम् = देखेँ

वाक्यार्थ– भगवान्को पछि लाग्ने मैले सरस्वती नदीको तीरमा निवास बनाएर एक्लै बस्नुभएका प्रिय लक्ष्मीका आश्रय आश्रय नभएका श्यामवर्णयुक्त शरीर भएका रजोगुणरहित (सत्त्वमय) चार हात र पीताम्बरद्वारा पनि टाढैबाट चिन्न सकिने शान्तिले भरिएका राता आँखा भएका सानो पिपलको वृक्षको सहारा लिएर आफ्नो दाहिने चरणकमललाई देब्रे घुँडामाथि राखेर बस्नुभएका आनन्दपूर्ण हुनुभएका भगवान्लाई देखेँ ।

तस्मिन् महाभागवतो द्वैपायनसुहृत्सखा ।
लोकाननुचरन् सिद्ध आससाद यदृच्छया ॥ ९ ॥

पदार्थ–

तस्मिन् = त्यस ठाउँमा
महाभागवतः = भगवान्का परमभक्त
सिद्धः = सिद्ध
द्वैपायनसुहृत्सखा = व्यासजीका परममित्र मैत्रेय ऋषि
लोकान् = विभिन्न ठाउँको
अनुचरन् = भ्रमण गर्दै
यदृच्छया = अकस्मात्
आससाद = आइपुग्नुभयो

वाक्यार्थ– यसै समयमा भगवान्का परमभक्त, सिद्ध, व्यासजीका परममित्र मैत्रेयजी विभिन्न ठाउँको भ्रमण गर्दै त्यहाँ आइपुग्नुभयो ।

तस्यानुरक्तस्य मुनेर्मुकुन्दः
प्रमोदभावानतकन्धरस्य ।
आशृण्वतो मामनुरागहास-
समीक्षया विश्रमयन्नुवाच ॥ १० ॥

पदार्थ–

अनुरक्तस्य = भगवान्का अनुरागी	**मुनेः** = मैत्रेय ऋषिले	**माम्** = मलाई
प्रमोदभावानतकन्धरस्य = आनन्द र भक्तिभावले गर्दन झुकाएका	**आशृण्वतः** = सुनिरहेकै वेलामा	**विश्रमयन्** = आनन्दित गर्दै
तस्य = उहाँ	**अनुरागहाससमीक्षया** = प्रेम र हास्ययुक्त हेराइले	**उवाच** = भन्नुभयो
	मुकुन्दः = भगवान् श्रीकृष्णले	

वाक्यार्थ– मैत्रेय मुनि भगवान्को अनुरागी भक्त हुनुहुन्छ। आनन्द र भक्तिभावले उहाँको गर्दन झुकेको थियो। उहाँको अगाडि नै भगवान् श्रीकृष्णले प्रेम र मुस्कानयुक्त हेराइले मलाई आनन्दित गर्दै भन्नुभयो।

श्रीभगवानुवाच (भगवान्ले भन्नुभयो)

वेदाहमन्तर्मनसीप्सितं ते
ददामि यत्तद् दुरवापमन्यैः ।
सत्रे पुरा विश्वसृजां वसूनां
मत्सिद्धिकामेन वसो त्वयेष्टः ॥ ११ ॥

पदार्थ–

वसो = पूर्वजन्ममा वसुरूपमा रहेका हे उद्धव	**त्वया** = तिमीले	**वेद** = जान्दछु
पुरा = पूर्वजन्ममा	**अहम्** = मेरो	**यत्** = जुन
विश्वसृजां = विश्वको रचना गर्ने प्रजापतिहरूको र	**इष्टः** = आराधना गरेका थियौ (यसकारण तिम्रो)	**अन्यैः** = अरूले
वसूनां = वसुहरूको पनि	**मनसि** = मनमा	**दुरवापम्** = पाउन नसक्ने कुरा हो त्यो
सत्रे = यज्ञमा	**इप्सितं** = तिमीले जुन वस्तुलाई प्राप्त गर्न खोजेका छौ (त्यो)	**तत्** = त्यो
मत्सिद्धिकामेन = मलाई प्राप्त गर्ने इच्छाले	**अन्तः** = भित्र बसेर	**ते** = तिमीलाई
	अहम् = म	**ददामि** = दिन्छु

वाक्यार्थ– उद्धव ! तिमी पूर्वजन्ममा वसु थियौ। विश्वको रचना गर्ने प्रजापतिहरू र बसुहरूको यज्ञमा मलाई प्राप्त गर्ने इच्छाले तिमीले मेरो आराधना गरेका थियौ। म तिम्रो आन्तरिक अभिलाषालाई जान्दछु। त्यसकारण म तिमीलाई त्यो साधन दिन्छु, जुन अरूहरूका लागि अत्यन्त दुर्लभ छ।

स एष साधो चरमो भवाना-
मासादितस्ते मदनुग्रहो यत्।
यन्मां नृलोकान् रह उत्सृजन्तं
दिष्ट्या ददृश्वान् विशदानुवृत्त्या ॥ १२ ॥

पदार्थ–

साधो = हे साधु उद्धव	**आसादितः** = प्राप्त गरिएको छ	**रहः** = एकान्तमा
ते = तिम्रा	**यत्** = किनभने	**यत्** = जुन
भवानाम् = जन्महरूमध्ये	**नृलोकान्** = मनुष्यलोकलाई	**ददृश्वान्** = मेरो दर्शन प्राप्त गरेका छौ (त्यो)
सः एषः = यो जन्म	**उत्सृजन्तं** = छाडेर वैकुण्ठतिर जान लागेको	**दिष्ट्या** = राम्रो भएको छ
चरमः = अन्तिम (हो)	**मां** = मलाई	
यत् = किनभने (तिमीद्वारा यस जन्ममा)	**विशदानुवृत्त्या** = शुद्ध अनन्य भक्तिले	
मदनुग्रहः = मेरो कृपा		

वाक्यार्थ– साधुस्वभाव उद्धवजी ! संसारमा तिम्रो यो अन्तिम जन्म हो। किनभने यसमा तिमीले मेरो अनुग्रहलाई प्राप्त गरेका छौ। अब म मर्त्यलोकलाई छोडेर आफ्नो धाममा जान चाहन्छु। अहिले यहाँ एकान्तमा तिमीले आफ्नो अनन्यभक्तिको कारण मेरो दर्शन प्राप्त गरेका छौ। यो राम्रो भएको छ।

पुरा मया प्रोक्तमजाय नाभ्ये
पद्मे निषण्णाय ममादिसर्गे।
ज्ञानं परं मन्महिमावभासं
यत् सूरयो भागवतं वदन्ति ॥ १३ ॥

पदार्थ–

मम = मेरो	**आदिसर्गे** = पहिलो सृष्टिअन्तर्गत (पद्म कल्पमा)	**नाभ्ये** = नाभिबाट उत्पन्न भएको
पुरा = पहिले		

पद्मे = कमलमा	**यत्** = जुन	**यत्** = जुन ज्ञानलाई (अहिले
निषण्णाय = बसेका	**परं** = उत्कृष्ट	पनि)
अजाय = ब्रह्माजीलाई	**ज्ञानं** = ज्ञान	**सूरयः** = विद्वान्हरू
मन्महिमावभासं = मेरो	**मया** = मैले	**भागवतं** = भागवत भनेर
महिमालाई प्रकट गर्ने	**प्रोक्तम्** = उपदेश गरेको थिएँ	**वदन्ति** = भागवत भनेर भन्दछन्

वाक्यार्थ– मेरो पहिलो सृष्टिअन्तर्गत पद्मकल्पमा मैले आफ्नो नाभिकमलमा बसेका ब्रह्माजीलाई आफ्नो महिमालाई प्रकट गर्ने जुन श्रेष्ठज्ञानको उपदेश गरेको थिएँ त्यस ज्ञानलाई अहिले विद्वान्हरू भागवत भनेर भन्दछन्।

इत्यादृतोक्तः परमस्य पुंसः
प्रतिक्षणानुग्रहभाजनोऽहम्।
स्नेहोत्थरोमा स्खलिताक्षरस्तं
मुञ्चञ्छुचः प्राञ्जलिराबभाषे ॥ १४ ॥

पदार्थ–

इति = यसप्रकार	**आदृतोक्तः** = आदर गरेर	**अहम्** = म
परमस्य = परम	भनिएको	**शुचः** = आँसु
पुंसः = पुरुष (भगवान्	**स्नेहोत्थरोमा** = स्नेहका कारणले	**मुञ्चन्** = खसाल्दै
नारायणको)	रोमाञ्चित भएको	**प्राञ्जलिः** = दुई हात जोडेर
प्रतिक्षणानुग्रहभाजनः = प्रतिक्षण	**स्खलिताक्षरः** = अस्पष्ट वाणी	**तं** = उहाँसँग
अनुग्रहको पात्र भएको	भएको	**आबभाषे** = भन्न लागेँ

वाक्यार्थ– विदुरजी ! ममाथि प्रतिक्षण परमपुरुष भगवान्को कृपा बर्सिरहन्थ्यो। यस समय उहाँले मलाई यसप्रकार आदरपूर्वक भनेपछि उहाँको मप्रतिको स्नेहको कारणले मेरो शरीरमा रोमाञ्च भयो। मेरो वाणी रोकियो। आँखाबाट आँसुहरूको धारा बग्न लाग्यो। त्यस समयमा मैले हात जोडेर उहाँसँग भन्न लागेँ।

को न्वीश ते पादसरोजभाजां
सुदुर्लभोऽर्थेषु चतुर्ष्वपीह।
तथापि नाहं प्रवृणोमि भूमन्
भवत्पदाम्भोजनिषेवणोत्सुकः ॥ १५ ॥

पदार्थ–

ईश = हे सर्वसमर्थ
भूमन् = हे सर्वव्यापक परमात्मा (यद्यपि)
ते = तपाईंको
पादसरोजभाजां = चरणकमलको सेवा गर्ने मनुष्यहरूको लागि
इह = यस लोकमा
चतुर्षु अपि = धर्म, अर्थ, काम र मोक्ष यी चार
अर्थेषु = पुरुषार्थहरूमध्ये
कः नु = कुनचाहिँ पुरुषार्थ
सुदुर्लभः = दुर्लभ छ र
तथा अपि = तैपनि
भवत्पदाम्भोजनिषेवणोत्सुकः = हजुरको चरणकमलको सेवाका लागि निरन्तर लालायित रहने
अहं = म
न प्रवृणोमि = (ती चार पदार्थहरूलाई) चाहन्नँ

वाक्यार्थ– हे सर्वसमर्थ, हे सर्वव्यापक परमात्मा यद्यपि तपाईंको चरणकमलको सेवा गर्ने मनुष्यहरूको लागि यस लोकमा धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थहरूमध्ये कुन चाहिँ पुरुषार्थ दुर्लभ छ र तैपनिहजुरको चरणकमलको सेवाका लागि निरन्तर लालायित रहने म ती चार पदार्थहरू चाहन्नँ।

कर्माण्यनीहस्य भवोऽभवस्य ते
दुर्गाश्रयोऽथारिभयात् पलायनम्।
कालात्मनो यत्प्रमदायुताश्रयः
स्वात्मन् रतेः खिद्यति धीर्विदामिह ॥ १६ ॥

पदार्थ–

इह = यहाँ
अनीहस्य = स्पृहारहित भईकन पनि
कर्माणि = कर्म गर्ने
अभवस्य = नजन्मने भईकन पनि
भवः = जन्म ग्रहण गर्ने
कालात्मनः = स्वयं कालरूप भएका
ते = तपाईंको
अरिभयात् = शत्रुको डरले
दुर्गाश्रयः = द्वारका किल्लाको आश्रय लिनु
अथ = र
पलायनम् = भाग्नु
स्वात्मन् रतेः = आत्माराम भईकन पनि
यत्प्रमदायुताश्रयः = स्त्रीहरूका साथ रमण गर्नुरूप जुन कार्यहरू छन् (ती कार्यहरूद्वारा)
विदाम् = विद्वान्‌हरूको पनि
धीः = बुद्धि
खिद्यति = मोहमा पर्दछ

वाक्यार्थ– स्पृहारहित भईकन पनि कर्म गर्ने, नजन्मने भईकन पनि जन्म ग्रहण गर्ने, स्वयं कालरूप भएका तपाईं शत्रुको डरले द्वारका किल्लाको आश्रय लिनु र भाग्नु, आत्माराम भईकन पनि स्त्रीहरूका साथ रमण गर्नुरूप जुन हजुरका कार्यहरू छन् ती कार्यहरूद्वारा विद्वान्‌हरूको पनि बुद्धि मोहमा पर्दछ।

मन्त्रेषु मां वा उपहूय यत्त्व-
मकुण्ठिताखण्डसदात्मबोधः ।
पृच्छेः प्रभो मुग्ध इवाप्रमत्त-
स्तन्नो मनो मोहयतीव देव ॥ १७ ॥

पदार्थ–

प्रभो = हे सर्वसमर्थ	**मन्त्रेषु** = परामर्श लिनुपर्ने प्रसङ्गहरूमा	**यत्** = जुन
देव = हे देव	**मां** = मलाई	**पृच्छेः** = सोध्ने गर्नुहुन्थ्यो
अकुण्ठिताखण्डसदात्मबोधः = आफ्नो स्वरूपज्ञान सर्वथा अखण्डित र अबाधित भईकन पनि	**उपहूय** = बोलाएर	**तत्** = त्यो तपाईंको लीलाले
त्वम् = तपाईंले	**मुग्ध इव** = अज्ञानी मनुष्यलेझैँ	**नः** = मेरो
	अप्रमत्तः = अत्यन्त सावधान भएर	**मनः** = मनलाई
		मोहयति इव = मोहमा पार्दछ

वाक्यार्थ– तपाईंको स्वरूपज्ञान सर्वथा अबाध र अखण्ड छ। तैपनि तपाईं परामर्श लिनका लागि मलाई बोलाएर अज्ञानी मनुष्यले झैँ अत्यन्त सावधान भएर मसँग सम्मति लिने गर्नुहुन्थ्यो। प्रभो ! तपाईंको त्यस लीलाले मेरो बुद्धि मोहमा पार्दछ।

ज्ञानं परं स्वात्मरहःप्रकाशं
प्रोवाच कस्मै भगवान् समग्रम् ।
अपि क्षमं नो ग्रहणाय भर्त-
र्वदाञ्जसा यद् वृजिनं तरेम ॥ १८ ॥

पदार्थ–

स्वात्मरहःप्रकाशं = तपाईंको वास्तविक रहस्यलाई प्रकाशित गर्ने	**भगवान्** = तपाईंले	**क्षमं** = योग्य ठान्नुहुन्छ भने
समग्रम् = साङ्गोपाङ्ग	**कस्मै** = ब्रह्माजीलाई	**वद** = उपदेश गर्नुहोस् (तपाईंले प्रदान गर्नुभएको जुन ज्ञानद्वारा)
यत् = जुन	**प्रोवाच** = उपदेश दिनुभयो थियो	**अञ्जसा** = सजिलैसँग
परं = परम	**भर्तः** = हे स्वामी (त्यो ज्ञान)	**वृजिनं** = मोहलाई
ज्ञानं = ज्ञान	**अपि** = यदि	**तरेम** = पार गर्न सकूँ
	नः = मेरा लागि	
	ग्रहणाय = ग्रहण गर्नका लागि	

वाक्यार्थ– हे स्वामी ! आफ्नो स्वरूपको गूढ रहस्यलाई प्रकट गर्ने जुन श्रेष्ठ र समग्र ज्ञान तपाईंले ब्रह्माजीलाई बताउनुभएको थियो त्यो ज्ञान ग्रहण गर्न यदि म योग्य छु भने मलाई बताउनुहोस् जुन ज्ञानको सहायताले म यस संसारसागरबाट सजिलैसित पार हुन सकूँ।

इत्यावेदितहार्दाय मह्यं स भगवान् परः।
आदिदेशारविन्दाक्ष आत्मनः परमां स्थितिम्॥ १९॥

पदार्थ–

इति = यसप्रकार
आवेदितहार्दाय = आफ्नो हृदयको भावलाई भगवान्को समक्ष प्रकट गर्ने
मह्यं = मलाई
अरविन्दाक्षः = कमलनयन
परः = पूर्णब्रह्मस्वरूप
सः = उहाँ
भगवान् = भगवान् श्रीकृष्णले
आत्मनः = आफ्नो
परमां = यथार्थ
स्थितिम् = ज्ञानलाई
आदिदेश = उपदेश गर्नुभयो

वाक्यार्थ– जब मैले यसप्रकार आफ्नो हृदयको भावलाई प्रकट गरैँ तब परमपुरुष कमलनयन भगवान् श्रीकृष्णले आफ्नो स्वरूपको यथार्थ ज्ञानको उपदेश गर्नुभयो।

स एवमाराधितपादतीर्था-
दधीततत्त्वात्मविबोधमार्गः।
प्रणम्य पादौ परिवृत्य देव-
मिहागतोऽहं विरहातुरात्मा॥ २०॥

पदार्थ–

एवम् = यसप्रकार
आराधितपादतीर्थात् = पूज्यपाद गुरु श्रीकृष्णबाट
अधीततत्त्वात्मविबोधमार्गः = आत्मतत्त्वको उपलब्धिको साधन सुनेर
पादौ = उहाँको चरणमा
प्रणम्य = नमस्कार गरेर
देवम् = भगवान् श्रीकृष्णलाई
परिवृत्य = परिक्रमा गरेर
विरहातुरात्मा = उहाँको विरहले व्याकुल अन्तःकरण भएको
सः = त्यो
अहं = म उद्धव
इह = यहाँ
आगतः = आएको छु

वाक्यार्थ– यसप्रकार पूज्यपाद गुरु श्रीकृष्णबाट आत्मतत्त्वको उपलब्धिको साधन सुनेर उहाँको चरणकमलमा प्रणाम गरेर उहाँको परिक्रमा गरेर म यहाँ आएको छु।

सोऽहं तद्दर्शनाह्लादवियोगार्तियुतः प्रभो।
गमिष्ये दयितं तस्य बदर्याश्रममण्डलम्॥ २१॥

पदार्थ–

प्रभो = हे विदुरजी
तद्दर्शनाह्लादवियोगार्तियुतः = उहाँको दर्शनले आनन्दित र वियोगले दुःखी भएको
सः अहं = त्यो म उद्धव
तस्य = उहाँ भगवान् श्रीकृष्णको
दयितं = प्रियक्षेत्र
बदर्याश्रममण्डलम् = बदरीकाश्रम
गमिष्ये = जाँदैछु

वाक्यार्थ– हे विदुरजी उहाँको दर्शनले आनन्दित र वियोगले दुःखी भएको म उद्धव उहाँ भगवान् श्रीकृष्णको प्रियक्षेत्र बदरीकाश्रम जाँदैछु।

यत्र नारायणो देवो नरश्च भगवानृषिः।
मृदु तीव्रं तपो दीर्घं तेपाते लोकभावनौ॥ २२॥

पदार्थ–

यत्र = जुन आश्रममा
लोकभावनौ = सम्पूर्ण लोकका पालक
देवः = स्वयंप्रकाश
भगवान् = भगवान्
नारायणः = नारायण
ऋषिः = ऋषि र
नरः च = नर पनि
मृदु = उपद्रवले रहित
तीव्रं = अत्यन्त कठिन
दीर्घं = दीर्घकालिक
तपः = तपस्या
तेपाते = गरेर बस्नुभएको छ

वाक्यार्थ– जहाँ भगवान् नारायण देव र नर यी दुबै ऋषिहरू सम्पूर्ण लोकको अनुग्रहका लागि र उनीहरूलाई सुखी गराउनका लागि दीर्घकालीन कठिन तपस्या गरिरहनुभएको छ।

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

इत्युद्धवादुपाकर्ण्य सुहृदां दुःसहं वधम्।
ज्ञानेनाशमयत् क्षत्ता शोकमुत्पतितं बुधः॥ २३॥

पदार्थ–

बुधः = ज्ञानी
क्षत्ता = विदुरजीले
इति = यसप्रकार
सुहृदां = आफ्ना बन्धुहरूको
दुःसहं = सहन गर्न नसकिने
वधम् = विनाशको समाचार
उद्धवात् = उद्धवजीबाट
उपाकर्ण्य = सुनेर
उत्पतितं = उत्पन्न भएको
शोकम् = शोकलाई
ज्ञानेन = ज्ञानद्वारा
अशमयत् = शान्त गर्नुभयो

वाक्यार्थ– यसप्रकार उद्धवजीको मुखबाट आफ्ना प्रिय बन्धुहरूको विनाशको असह्य समाचार सुनेर परमज्ञानी विदुरजीमा जुन शोक उत्पन्न भएको थियो, त्यस शोकलाई उहाँले ज्ञानद्वारा शान्त गरिदिनुभयो।

स तं महाभागवतं व्रजन्तं कौरवर्षभः।

विश्रम्भादभ्यधत्तेदं मुख्यं कृष्णपरिग्रहे ॥ २४ ॥

पदार्थ–

सः = उहाँ	**महाभागवतं** = भगवान्का परमभक्त	**विश्रम्भात्** = विश्वासले
कौरवर्षभः = विदुरजीले	**व्रजन्तं** = बदरीकाश्रमतिर जान लाग्नुभएका	**इदं** = यो कुरा
कृष्णपरिग्रहे = भगवान् श्रीकृष्णका सेवकहरूमध्ये	**तं** = उहाँ उद्धवजीलाई	**अभ्यधत्त** = भन्नुभयो
मुख्यं = प्रधान		

वाक्यार्थ– उहाँ विदुरजीले भगवान् श्रीकृष्णका सेवकहरूमध्ये प्रधान, भगवान्का परमभक्त बदरीकाश्रमतिर जान लाग्नुभएका उहाँ उद्धवजीलाई विश्वासले यो कुरा भन्नुभयो।

विदुर उवाच (विदुरजीले भन्नुभयो)

ज्ञानं परं स्वात्मरहःप्रकाशं
यदाह योगेश्वर ईश्वरस्ते।
वक्तुं भवान् नोऽर्हति यद्धि विष्णो-
र्भृत्याः स्वभृत्यार्थकृतश्चरन्ति ॥ २५ ॥

पदार्थ–

स्वात्मरहःप्रकाशं = भगवान्को असली स्वरूपलाई प्रकाशित गर्ने	**ते** = तपाईंलाई	**विष्णोः** = भगवान् विष्णुका
यत् = जुन	**आह** = बताउनुभएको थियो (त्यो ज्ञान)	**भृत्याः** = सेवकहरू
परं = परम	**भवान्** = तपाईं	**स्वभृत्यार्थकृतः** = आफ्ना सेवकको कार्य सम्पादनका लागि नै
ज्ञानं = ज्ञान	**नः** = मलाई	**चरन्ति** = विचरण गर्दछन्
योगेश्वरः = योगेश्वर	**वक्तुं** = भन्न	
ईश्वरः = भगवान् श्रीकृष्णले	**अर्हति** = योग्य हुनुहुन्छ	
	हि = किनभने	

वाक्यार्थ– उद्धवजी ! योगेश्वर भगवान् श्रीकृष्णले आफ्नो स्वरूपको गूढ रहस्यलाई प्रकट गर्ने जुन परमज्ञान तपाईंलाई बताउनुभएको थियो, त्यो तपाईं मलाई सुनाउनुहोस्। किनभने भगवान्का सेवक त आफ्ना सेवकको कार्यसिद्धिका लागि नै विचरण गर्दछन्।

उद्धव उवाच (उद्धवजीले भन्नुभयो)

ननु ते तत्त्वसंराध्य ऋषिः कौषारवोऽन्तिके।

साक्षाद् भगवतादिष्टो मर्त्यलोकं जिहासता ॥ २६ ॥

पदार्थ–

ननु = निश्चय नै	**तत्त्वसंराध्यः** = तत्त्वका लागि आराधना गर्न योग्य हुनुहुन्छ (किनभने मेरो)	**जिहासता** = छोडेर (आफ्नो धामतिर फर्कन लाग्दा)
ते = तपाईंका लागि	**अन्तिके** = नजिकमा	**साक्षात्** = साक्षात्
कौषारवः = मैत्रेय	**मर्त्यलोकं** = मृत्युलोक	**भगवता** = भगवान्द्वारा (उहाँ)
ऋषिः = ऋषि		**आदिष्टः** = आदेश दिइनुभएको थियो

वाक्यार्थ– निश्चय नै तपाईंका लागि मैत्रेय ऋषि तत्त्वका लागि आराधना गर्न योग्य हुनुहुन्छ। किनभने मेरो नजिकमा मृत्युलोक छोडेर आफ्नो धामतिर फर्कन लाग्दा साक्षात् भगवान्द्वारा उहाँलाई आदेश दिइएको थियो।

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

इति सह विदुरेण विश्वमूर्ते-
र्गुणकथया सुधया प्लावितोरुतापः।
क्षणमिव पुलिने यमस्वसुस्तां
समुषित औपगविर्निशां ततोऽगात्॥ २७ ॥

पदार्थ–

इति = यसप्रकार	**प्लावितोरुतापः** = बन्धुवियोगजनित ठुलो तापलाई उपशमन गरेर	**निशां** = रात्रिलाई
विदुरेण सह = विदुरजीका साथ	**औपगविः** = उद्धवजीले	**क्षणम् इव** = एकक्षणजस्तो गरेर
विश्वमूर्तेः = भगवान् श्रीकृष्णका	**यमस्वसुः** = यमुनाजीको	**समुषितः** = बिताएर (प्रातःकालमा)
सुधया = अमृततुल्य	**पुलिने** = तीरमा	**ततः** = त्यहाँबाट
गुणकथया = गुणहरूको चर्चाद्वारा	**तां** = त्यो	**अगात्** = बदरीकाश्रमतिर लाग्नुभयो

वाक्यार्थ– यसप्रकार विदुरजीका साथ भगवान् श्रीकृष्णका अमृततुल्य गुणहरूको चर्चाद्वारा बन्धुवियोगजनित ठुलो तापलाई उपशमन गरेर उद्धवजीले यमुनाजीको तीरमा त्यो रात्रिलाई एकक्षणजस्तो गरेर बिताएर प्रातःकालमा त्यहाँबाट बदरीकाश्रमतिर लाग्नुभयो।

राजोवाच (राजा परीक्षित्ले भन्नुभयो)

निधनमुपगतेषु वृष्णिभोजे-
ष्वधिरथयूथपयूथपेषु मुख्यः ।

स तु कथमवशिष्ट उद्धवो य-
द्धरिरपि तत्यज आकृतिं त्र्यधीशः ॥ २८ ॥

पदार्थ–

वृष्णिभोजेषु = वृष्णिकुल र भोजवंशका	**मुख्यः** = ती यूथपतिका मुख्य	**यत्** = जुन श्रापको कारणले
अधिरथयूथपयूथपेषु = रथी र यूथपतिका पनि यूथपतिहरूले	**सः** = उहाँ	**त्र्यधीशः** = त्रिलोकनाथ
निधनम् = मृत्यु	**उद्धवः** = युद्धव	**हरिः अपि** = भगवान् श्रीकृष्णले पनि
उपगतेषु = प्राप्त गरिसकेपछि	**तु** = चाहिँ	**आकृतिं** = आफ्नो स्वरूपलाई
	कथम् = कसरी	**तत्यजे** = छोड्नुभएको थियो
	अवशिष्ट ः = बच्नुभयो	

वाक्यार्थ– वृष्णिकुल र भोजवंशका रथी र यूथपतिका पनि यूथपतिहरूले मृत्यु प्राप्त गरिसकेपछि ती यूथपतिका मुख्य उहाँ युद्धवचाहिँ कसरी बच्नुभयो ? जुन श्रापको कारणले त्रिलोकनाथ भगवान् श्रीकृष्णले समेत पनि आफ्नो स्वरूपलाई छोड्नुभएको थियो ।

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

ब्रह्मशापापदेशेन कालेनामोघवाञ्छितः ।
संहृत्य स्वकुलं नूनं त्यक्ष्यन् देहमचिन्तयत् ॥ २९ ॥

पदार्थ–

ब्रह्मशापापदेशेन = ब्राह्मणको श्रापको बहाना भएको	**अमोघवाञ्छितः** = सत्यसङ्कल्प भगवान् श्रीकृष्णले	**देहम्** = आफ्नो शरीरलाई
कालेन = कालद्वारा	**स्वकुलं** = आफ्नो कुलको	**त्यक्ष्यन्** = छोड्ने समयमा
	संहृत्य = संहार गरेर	**नूनं** = निश्चय नै
		अचिन्तयत् = विचार गर्नुभयो

वाक्यार्थ– जसको इच्छा कहिल्यै पनि व्यर्थ हुँदैन उहाँ श्रीकृष्ण ब्राह्मणको श्रापरूप कालको बहानाले आफ्नो कुलको संहार गरेर आफ्नो शरीरलाई छोड्ने समयमा विचार गर्नुभयो ।

अस्माल्लोकादुपरते मयि ज्ञानं मदाश्रयम् ।
अर्हत्युद्धव एवाद्धा सम्प्रत्यात्मवतां वरः ॥ ३० ॥

पदार्थ–

मयि = म	**अस्मात्** = यस	**लोकात्** = लोकबाट

उपरते = परमधाम गएपछि
मदाश्रयम् = मेरो अधीनस्थ
ज्ञानं = ज्ञान (ग्रहण गर्नका लागि)
सम्प्रति = अहिले
आत्मवतां वरः = संयमीहरूका शिरोमणि
उद्धवः एव = उद्धवजी नै
अद्धा = साक्षात्
अर्हति = योग्य हुनुहुन्छ

वाक्यार्थ– अब यस लोकलाई छोडेर म गएपछि संयमशिरोमणि उद्धवजी नै मेरो ज्ञानलाई ग्रहण गर्ने वास्तविक अधिकारी हुनुहुन्छ।

नोद्धवोऽण्वपि मन्न्यूनो यद्गुणैर्नार्दितः प्रभुः।
अतो मद्वयुनं लोकं ग्राहयन्निह तिष्ठतु॥ ३१॥

पदार्थ–

उद्धवः = उद्धव (मुमुक्षुहरूलाई आत्मज्ञान प्रदान गर्नका लागि)
प्रभुः = समर्थ हुनुहुन्छ
मत् = मभन्दा
अणुः अपि = अलिकति पनि
न न्यूनः = कम हुनुहुन्न
गुणैः = विषयद्वारा
न अर्दितः = विचलित हुनुहुन्न
अतः = यसर्थ
मद्वयुनं = मद्विषयक ज्ञान
लोकं = मानिसहरूलाई
ग्राहयन् = प्रदान गर्दै
इह = यस मर्त्यलोकमा
तिष्ठतु = बस्नुहोस्

वाक्यार्थ– उद्धवजी आत्मज्ञान प्रदान गर्नका लागि मभन्दा अलिकति पनि कम हुनुहुन्न। किनभने उहाँ आत्मज्ञानी हुनुहुन्छ। विषयद्वारा उहाँ कहिल्यै पनि विचलित हुनुभएन। अतः मुमुक्षुहरूलाई मेरो ज्ञानको शिक्षा दिँदै उहाँ यहीं बस्नुहोस्।

एवं त्रिलोकगुरुणा सन्दिष्टः शब्दयोनिना।
बदर्याश्रममासाद्य हरिमीजे समाधिना॥ ३२॥

पदार्थ–

एवं = यसप्रकार
त्रिलोकगुरुणा = तीनै लोकका गुरु
शब्दयोनिना = वेदप्रवर्तक भगवान् श्रीकृष्णले
सन्दिष्टः = निर्देश गरिनुभएका उद्धवजी
बदर्याश्रमम् = बदरीकाश्रममा
आसाद्य = पुगेर
समाधिना = समाधियोगद्वारा
हरिम् = भगवान् नारायणको
ईजे = आराधनामा लाग्नुभयो

वाक्यार्थ– वेदका मूलकारण जगद्गुरु श्रीकृष्णले यसप्रकार आज्ञा दिएपछि उद्धवजी बदरीकाश्रममा गएर समाधियोगद्वारा श्रीहरिको आराधना गर्न लाग्नुभयो।

विदुरोऽप्युद्धवाच्छ्रुत्वा कृष्णस्य परमात्मनः।
क्रीडयोपात्तदेहस्य कर्माणि श्लाघितानि च॥ ३३॥
देहन्यासं च तस्यैवं धीराणां धैर्यवर्धनम्।

अन्येषां दुष्करतरं पशूनां विक्लवात्मनाम् ॥ ३४ ॥
आत्मानं च कुरुश्रेष्ठ कृष्णेन मनसेक्षितम् ।
ध्यायन् गते भागवते रुरोद प्रेमविह्वलः ॥ ३५ ॥

पदार्थ–

कुरुश्रेष्ठ = कुरुहरूमा श्रेष्ठ भएका हे परीक्षित्
विदुरः अपि = विदुरजी पनि
उद्धवात् = उद्धवजीबाट
क्रीडया = लीलाद्वारा
उपात्तदेहस्य = शरीरलाई धारण गर्नुभएका
परमात्मनः = परमात्मा
कृष्णस्य = भगवान् श्रीकृष्णको
श्लाघितानि = प्रशंसनीय
कर्माणि = कर्महरू
श्रुत्वा = सुनेर
एवं = यसप्रकार
धीराणां = धीरहरूका लागि
धैर्यवर्धनम् = धैर्यलाई बढाउने
विक्लवात्मनाम् = अधीर चित्त भएकाले
पशूनां = पशुजस्ता
अन्येषां = अरूहरूका लागि
दुष्करतरं = गर्न कठिन
तस्य = उहाँको
देहन्यासं = देहत्यागसम्बन्धी कुरा
श्रुत्वा = सुनेर
आत्मानं = आफूलाई
कृष्णेन = भगवान् श्रीकृष्णले
मनसा = मनले
इक्षितम् = सोचेको कुरा पनि
श्रुत्वा = सुनेर
ध्यायन् = भगवान् श्रीकृष्णको नै ध्यान गर्दै
भागवते = भगवान्‌का भक्त उद्धवजी
गते = गएपछि
प्रेमविह्वलः = प्रेमले अत्यन्त विह्वल भएका विदुरजी
रुरोद = रुनुभयो

वाक्यार्थ– कुरुश्रेष्ठ परीक्षित् ! परमात्मा श्रीकृष्णले लीलाद्वारा आफ्नो श्रीविग्रह प्रकट गर्नुभएको थियो र फेरि लीलाद्वारा नै त्यसलाई अन्तर्धान गरिदिनुभयो। उहाँको त्यो अन्तर्धान धीर पुरुषहरूको लागि उत्साहवर्धक र अधीरपुरुषहरूका लागि अत्यन्त दुष्कर थियो। प्रशंसनीय कर्म र यसप्रकार अन्तर्धान भएको समाचार पाएर तथा भगवान्‌ले परमधाम जाने समयमा आफूलाई स्मरण गर्नुभएको थियो भन्ने कुरा थाहा पाएर विदुरजी उद्धवजी गइसकेपछि प्रेमले विह्वल भएर रुनुभयो।

कालिन्द्याः कतिभिः सिद्ध अहोभिर्भरतर्षभ ।
प्रापद्यत स्वःसरितं यत्र मित्रासुतो मुनिः ॥ ३६ ॥

पदार्थ–

सिद्ध = सिद्ध
भरतर्षभः = भरतवंशशिरोमणि विदुरजी
कालिन्द्याः = यमुनाजीबाट
कतिभिः अहोभिः = केही दिन लगाएर
स्वःसरितं = गङ्गाजीको किनारमा
प्रापद्यत = पुग्नुभयो
यत्र = जहाँ
मित्रासुतः मुनिः = मैत्रेयजी (निवास गर्नुहुन्थ्यो)

वाक्यार्थ– त्यसपछि भरतवंशशिरोमणि सिद्ध विदुरजी यमुनाको तटबाट केही दिन लगाएर गङ्गाजीको तटमा पुग्नुभयो, जहाँ मैत्रेय ऋषि निवास गर्नुहुन्थ्यो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे विदुरोद्धवसंवादे चतुर्थोऽध्यायः ॥ ४ ॥

अथ पञ्चमोऽध्यायः

विदुरजीका प्रश्नहरू र मैत्रेयजीद्वारा गरिएको सृष्टिक्रमवर्णन

श्रीशुक उवाच (शुकदेवजी भन्नुभयो)

द्वारि द्युनद्या ऋषभः कुरूणां
मैत्रेयमासीनमगाधबोधम् ।
क्षत्तोपसृत्याच्युतभावसिद्धः
पप्रच्छ सौशील्यगुणाभितृप्तः ॥ १ ॥

पदार्थ–

द्युनद्याः = गङ्गाको	**उपसृत्य** = पुगेर	**कुरूणां** = कुरुवंशीमा
द्वारि = द्वारिकामा	**सौशील्यगुणाभितृप्तः** = साधु	**ऋषभः** = श्रेष्ठ भएका
आसीनम् = रहनुभएका	स्वभाव र करुणा आदि	**क्षत्ता** = विदुरजीले
अगाधबोधम् = परमज्ञानी	गुणहरूबाट प्रभावित भएर	**पप्रच्छ** = सोध्नुभयो
मैत्रेयम् = मैत्रेयजी भएको	**अच्युतभावसिद्धः** = भगवान्को	
ठाउँमा	भक्तिले शुद्ध हृदय भएका	

वाक्यार्थ– हरिद्वारमा रहनुभएका परमज्ञानी मैत्रेयजी भएको ठाउँमा पुगेर साधु स्वभाव र करुणा आदि गुणहरूबाट प्रभावित भएर भगवान्को भक्तिले शुद्ध हृदय भएका कुरुवंशीमा श्रेष्ठ विदुरजीले उहाँसँग सोध्नुभयो ।

विदुर उवाच (विदुरजीले भन्नुभयो)

सुखाय कर्माणि करोति लोको
न तैः सुखं वान्यदुपारमं वा ।
विन्देत भूयस्तत एव दुःखं
यदत्र युक्तं भगवान् वदेन्नः ॥ २ ॥

पदार्थ–

लोकः = संसारका मनुष्यहरू	**कर्माणि** = कर्महरू	**सुखं** = सुख
सुखाय = सुखको प्राप्तिका	**करोति** = गर्दछन् (परन्तु)	यसकारण)
लागि	**तैः** = ती कर्महरूद्वारा	**अत्र** = यस लोकमा

अन्यत् = दुःखको नाश
यसकारण)
वा = अथवा
उपारमं = वैराग्य पनि
न विन्दति = प्राप्त गर्न सक्दैनन्
(किन्तु तिनै कर्महरूद्वारा)
भूयः = बारम्बार
दुःखं एव = दुःख नै
विन्देत = प्राप्त गर्दछन्
नः = हामीहरूका लागि
यत् = जे
युक्तं = गर्न योग्य छ
तत् = त्यो कुरा
भगवान् = सर्वज्ञ तपाईंले
वदेत् = उपदेश गर्नुहोस्

वाक्यार्थ– हे भगवान् ! संसारमा सम्पूर्ण मानिसहरू सुखप्राप्तिका लागि विभिन्न प्रकारका कर्महरू गर्दछन्, ती कर्महरूद्वारा न त उनीहरूलाई सुख मिल्छ, न त दुःखको निवृत्ति नै हुन्छ, परन्तु झन्-झन् दुखको वृद्धि हुँदैजान्छ। अतः यस विषयमा के गर्नु उचित हुन्छ, हजुरले उपदेश गर्नुहोस्।

विवरण– सम्पूर्ण प्राणीहरूको वास्तविक स्वरूप सुखरूप आत्मा भएकाले ती प्राणीको सुख प्राप्तिका लागि प्रवृत्ति हुनु स्वाभाविक हो। वास्तविक सुखको प्राप्ति भगवत्प्राप्तिबाट मात्र सम्भव छ।

सुख दुई किसिमका हुन्छन्– विषयको प्राप्तिबाट हुने सुख र भगवत्प्राप्तिबाट हुने सुख। विषय र इन्द्रियहरूको सन्निकर्षबाट उत्पन्न हुने सुखलाई विषयसुख भनिन्छ। सामान्य मानिसहरू यसै किसिमको सुखको प्राप्तिका लागि प्रयास गर्दछन्। विषय र इन्द्रियहरूको सन्निकर्ष हुँदा प्राप्त हुने सुख परिणामतः दुःखदायी नै हुन्छ भन्ने कुरा गीता (१८।३८)मा पनि बताइएको छ।

यस्तै योगसूत्र (२। १५)मा पनि विषयसुख परिणामतः दुःखदायी नै हुने कुरा उल्लेख गरिएको छ।

यस श्लोकमा विदुरजीले पनि संसारमा सबै मानिस सुख प्राप्त गर्नका लागि कर्म गर्दछन् तर ती कर्मबाट उनीहरूले न सुख पाउँदछन् न त दुःखको निवृत्ति नै हुन्छ, वास्तवमा ती कर्मबाट दुःखको वृद्धि नै हुन्छ, यसकारण दुःखको आत्यन्तिक निवृत्तिको लागि कस्तो किसिमको कर्म गर्नुपर्दछ भनेर मैत्रेयसँग प्रश्न गर्नुभएको छ।

जनस्य कृष्णाद् विमुखस्य दैवा-
दधर्मशीलस्य सुदुःखितस्य।
अनुग्रहायेह चरन्ति नूनं
भूतानि भव्यानि जनार्दनस्य॥ ३॥

पदार्थ–

नूनं = निश्चय नै
जनार्दनस्य = भगवान्
श्रीकृष्णका
भव्यानि = भाग्यशाली
भूतानि = (तपाईंजस्ता) भक्तहरू
कृष्णात् = भगवान् श्रीकृष्णबाट
विमुखस्य = विमुख भएका
दैवात् = पूर्वजन्मको पापको
कारणले

अधर्मशीलस्य = अधर्मपरायण र
सुदुःखितस्य = अत्यन्त दुःखी भएको
जनस्य = म जस्ता मानिसहरूको
अनुग्रहाय = अनुग्रहका लागि
इह = यस लोकमा
चरन्ति = विहार गर्दछन्

वाक्यार्थ– भगवान् श्रीकृष्णबाट विमुख, पूर्वजन्मको पापको कारणले अधर्मपरायण र अत्यन्त दुःखी भएका मजस्ता मानिसहरूको अनुग्रहका लागि भाग्यशाली भगवद्भक्त यस लोकमा संसारमा विचरण गर्दछन्।

तत् साधुवर्यादिश वर्त्म शं नः
संराधितो भगवान् येन पुंसाम्।
हृदि स्थितो यच्छति भक्तिपूते
ज्ञानं सतत्त्वाधिगमं पुराणम्॥ ४॥

पदार्थ–
तत् = त्यसकारण
साधुवर्य = हे साधुशिरोमणि मैत्रेयजी
येन = जुन उपायद्वारा
संराधितः = आराधना गर्नाले
भक्तिपूते = भक्तियोगले पवित्र भएको
पुंसाम् = प्राणीहरूको
हृदि = हृदयमा
स्थितः = रहनुभएका
भगवान् = भगवान्ले
सतत्त्वाधिगमं = आत्माको अपरोक्षले सहित
पुराणम् = अनादि वेदप्रमाणद्वारा मात्र उत्पन्न हुने
ज्ञानं = ज्ञान
यच्छति = दिनुहुन्छ (त्यो)
शं = सुखरूप
वर्त्म = मार्ग
नः = हामीलाई
आदिश = उपदेश गर्नुहोस्

वाक्यार्थ– त्यसकारण हे साधुशिरोमणि मैत्रेयजी ! जुन उपायद्वारा आराधना गर्नाले भक्तियोगले पवित्र भएका प्राणीहरूको हृदयमा रहनुभएका भगवान्ले अनादि वेदप्रमाणद्वारा मात्र उत्पन्न हुने आत्माको ज्ञान दिनुहुन्छ त्यो सुखरूप मार्ग हामीलाई उपदेश गर्नुहोस्।

करोति कर्माणि कृतावतारो
यान्यात्मतन्त्रो भगवांस्त्र्यधीशः।
यथा ससर्जाग्र इदं निरीहः
संस्थाप्य वृत्तिं जगतो विधत्ते॥ ५॥
यथा पुनः स्वे ख इदं निवेश्य
शेते गुहायां स निवृत्तवृत्तिः।

योगेश्वराधीश्वर एक एत-

दनुप्रविष्टो बहुधा यथासीत्॥ ६ ॥

पदार्थ–

त्र्यधीशः = त्रिगुणात्मक मायाका नियन्ता
आत्मतन्त्रः = स्वाधीन
भगवान् = भगवान्
कृतावतारः = विभिन्न अवतारहरू लिएर
यानि = जुन
कर्माणि = विभिन्न लीलाहरू
करोति = गर्नुहुन्छ
अग्रे = सृष्टि हुनुभन्दा पहिले
निरीहः = निष्क्रिय भईकन पनि
यथा = जसरी
इदं = यस संसारलाई
ससर्ज = बनाउनुभयो
संस्थाप्य = (यस संसारलाई) स्थापित गरेर
जगतः = संसारका प्राणीहरूका लागि
वृत्तिं = जीविकाको
विधत्ते = विधान गर्नुहुन्छ
पुनः = फेरि
इदं = यस संसारलाई
स्वे = आफ्नो
खे = हृदयाकाशमा
निवेश्य = स्थापित गरेर
निवृत्तवृत्तिः = सृष्टि आदि व्यापारले रहित भएर
गुहायां = योगमायामा
शेते = शयन गर्नुहुन्छ (यस्तै)
सः = उहाँ
योगेश्वराधीश्वरः = योगेश्वरका पनि ईश्वर ती भगवान् श्रीकृष्ण
एकः = एउटा आफूमात्र भईकन पनि
एतदनुप्रविष्टः = यो ब्रह्माण्डमा अन्तर्यामीरूपले प्रवेश गरेर
यथा = जसरी
बहुधा = अनेकरूपमा
आसीत् = प्रकट हुनुहुन्छ (त्यो रहस्य मलाई बताउनुहोस्)

वाक्यार्थ– त्रिलोकीको नियन्ता र परमस्वतन्त्र श्रीहरि अवतार लिएर जुन-जुन लीलाहरू गर्नुहुन्छ, निष्क्रिय भईकन पनि उहाँले कल्पको आरम्भमा यो सृष्टिको रचना गर्नुहुन्छ, जसरी यस सृष्टिलाई स्थापित गरेर जगत्का जीवहरूका लागि जीविकाको विधान गर्नुहुन्छ। फेरि जसरी यस संसारलाई आफ्नो हृदयाकाशमा लीन गरेर वृत्तिशून्य भई योगमायाको आश्रय लिएर शयन गर्नुहुन्छ र जसरी उहाँ योगेश्वरेश्वर प्रभु एक भएर पनि यस ब्रह्माण्डमा अन्तर्यामीरूपले अनुप्रविष्ट भएर अनेकरूपमा प्रकट हुनुहुन्छ, त्यो रहस्य मलाई बताउनुहोस्।

क्रीडन् विधत्ते द्विजगोसुराणां

क्षेमाय कर्माण्यवतारभेदैः।

मनो न तृप्यत्यपि शृण्वतां नः

सुश्लोकमौलेश्चरितामृतानि ॥ ७ ॥

पदार्थ–

द्विजगोसुराणां = ब्राह्मण, गाई र देवताहरूको
क्षेमाय = कल्याणका लागि
अवतारभेदैः = मत्स्य आदि अनेक अवतारहरू धारण गरेर
क्रीडन् = लीला गर्दै
कर्माणि = नाना प्रकारका दिव्य कर्म
विधत्ते = गर्नुहुन्छ
सुश्लोकमौलेः = यशस्वीहरूका मुकुटमणि श्रीहरिको
चरितामृतानि = लीलारूपी अमृत
शृण्वतां = पान गर्ने
नः = हामीहरूको
मनः = मन
न तृप्यति = तृप्त हुँदैन

वाक्यार्थ– ब्राह्मण, गाई र देवताहरूको कल्याणका लागि जो अनेक अवतार धारण गरेर लीलाद्वारा नै नाना प्रकारका दिव्यकर्महरू गर्नुहुन्छ, त्यो कुरा पनि मलाई सुनाउनुहोस्। यशस्वीहरूका मुकुटमणि श्रीहरिको लीलामृतको पान गर्दागर्दै मेरो मन तृप्त हुँदैन।

यैस्तत्त्वभेदैरधिलोकनाथो
लोकानलोकान् सह लोकपालान्।
अचीक्लृपद् यत्र हि सर्वसत्त्व-
निकायभेदोऽधिकृतः प्रतीतः ॥ ८ ॥

पदार्थ–
अधिलोकनाथः = लोकनाथहरूका अधिपति भगवान् श्रीकृष्ण
यैः = जुन
तत्त्वभेदैः = महत्तत्त्व, अहङ्कार आदि तत्त्वहरूद्वारा
लोकपालान् = लोकपालहरूले
सह = सहित भएका
लोकान् = पाताल आदि लोकलाई
अलोकान् = लोकालोक पर्वतदेखि बाहिर रहेका भागलाई
अचीक्लृपत् = बनाउनुभयो
यत्र = जुन लोकहरूमा
हि = निश्चय नै
सर्वसत्त्वनिकायभेदः = सम्पूर्ण प्राणीहरूको समूहको भेद
अधिकृतः = तत्तत् कर्मको अधिकारी
प्रतीतः = प्रतीत हुन्छ

वाक्यार्थ– ती समस्त लोकपतिका स्वामी श्रीहरिले लोक, लोकपालहरूलाई र लोकालोकपर्वतदेखि बाहिरका प्राणीहरूलाई कसरी बनाउनुभयो ? जुन लोकहरूमा सम्पूर्ण प्राणीहरूको समूहको भेद तत्तत् कर्मको अधिकारका अनुसार प्रतीत हुन्छ।

येन प्रजानामुत आत्मकर्म-
रूपाभिधानां च भिदां व्यधत्त।
नारायणो विश्वसृगात्मयोनि-

रेतच्च नो वर्णय विप्रवर्य ॥ ९॥

पदार्थ–

विप्रवर्य = ब्राह्मणहरूमा श्रेष्ठ हे मैत्रेयजी	**आत्मयोनिः** = स्वयम्भू	**भिदां** = भेद
उत = फेरि	**नारायणः** = भगवान् नारायणले	**व्यधत्त** = गर्नुभयो
येन = जुन प्रकारले	**प्रजानाम्** = प्राणीहरूको	**एतत्** = यो कुरा
विश्वसृक् = विश्वकर्ता	**आत्मकर्मरूपाभिधानां** = स्वभाव, कर्म, रूप र नामहरूको	**नः** = मलाई
		वर्णय = बताउनुहोस्

वाक्यार्थ– द्विजवर ! ती विश्वकर्ता स्वयम्भू नारायणले आफ्नो प्रजाको स्वभाव, कर्म, रूप र नामका भेदहरू कुन प्रकारले रचना गर्नुभयो ? मलाई यो कुरा पनि बताउनुहोस्।

परावरेषां भगवन् व्रतानि
श्रुतानि मे व्यासमुखादभीक्ष्णम्।
अतृप्नुम क्षुल्लसुखावहानां
तेषामृते कृष्णकथामृतौघात् ॥ १० ॥

पदार्थ–

भगवन् = हे भगवान् मैत्रेयजी	**अभीक्ष्णम्** = बारम्बार	**तेषाम्** = ती
परावरेषां = पर र अवर प्राणीका	**श्रुतानि** = सुनेको थिएँ (परन्तु)	**क्षुल्लसुखावहानां** = स्वल्पसुखदायक धर्महरूको श्रवण गरेर
व्रतानि = धर्महरू	**कृष्णकथामृतौघात्** = भगवान् श्रीकृष्णको कथारूपी अमृतको प्रवाहलाई	**अतृप्नुम** = तृप्त भएँ
मे = मैले	**ऋते** = छोडेर	
व्यासमुखात् = वेदव्यासजीको मुखबाट		

वाक्यार्थ– हे मैत्रेयजी ! मैले श्रीवेदव्यासजीको मुखबाट पर र अवर प्राणीका धर्महरूको विषयमा धेरै पटक सुनिसकेको छु। किन्तु अब श्रीकृष्णकथामृतको प्रवाहलाई छोडेर अन्य स्वल्प सुखदायक धर्मबाट मेरो चित्त तृप्त भइसकेको छ।

टिप्पणी– यहाँ परशब्दले ब्राह्मण, क्षत्रिय, वैश्य र अवर शब्दले स्त्री तथा शूद्रलाई बुझाइएको छ।

कस्तृप्नुयात्तीर्थपदोऽभिधानात्
सत्रेषु वः सूरिभिरीड्यमानात्।
यः कर्णनाडीं पुरुषस्य यातो

भवप्रदां गेहरतिं छिनत्ति ॥ ११ ॥

पदार्थ–

वः = तपाईंहरूको	**अभिधानात्** = कथारूपी अमृतद्वारा	**यातः** = भित्र पसेर
सत्रेषु = समाजमा	**कः** = कुन पुरुष	**पुरुषस्य** = मानिसको
सूरिभिः = नारद आदि ऋषिहरूले	**तृप्नुयात्** = तृप्त होला ?	**भवप्रदां** = जन्म र मरणरूपी संसारलाई प्रदान गर्ने
ईड्यमानात् = वर्णन गरिएको	**यः** = जुन चरित्रको श्रवण गर्ने मान्छेको	**गेहरतिं** = घर आदिको आसक्तिलाई
तीर्थपदः = भगवान् श्रीकृष्णको	**कर्णनाडीं** = कानको छिद्रबाट	**छिनत्ति** = काटिदिनुहुन्छ

वाक्यार्थ– उहाँ तीर्थपाद श्रीहरिको गुणानुवादबाट त को तृप्त हुन सक्ला ? भगवान् श्रीकृष्ण आफ्नो कथाश्रवण गर्ने मनुष्यहरूको कर्णरन्ध्रबाट प्रवेश गर्नुहुन्छ र उनीहरूलाई संसारचक्रमा पार्ने उनीहरूको घरगृहस्थीको आसक्तिलाई काटिदिनुहुन्छ।

मुनिर्विवक्षुर्भगवद्गुणानां
सखापि ते भारतमाह कृष्णः ।
यस्मिन् नृणां ग्राम्यसुखानुवादै-
र्मतिर्गृहीता नु हरेः कथायाम् ॥ १२ ॥

पदार्थ–

ते = तपाईंको	**विवक्षुः** = वर्णन गर्ने इच्छाले नै	**हरेः** = भगवान्का
सखा = साथी	**भारतम्** = महाभारतको	**कथायाम्** = कथामा
कृष्णः = कृष्ण द्वैपायन	**आह** = रचना गर्नुभएको हो	**नु** = निश्चय नै
मुनिः = भगवान् वेदव्यासजीले	**यस्मिन्** = त्यो महाभारतमा	**नृणां** = मानिसहरूको
भगवद्गुणानां = भगवान्का गुणहरूको	**ग्राम्यसुखानुवादैः** = विषयसुखको अनुवादद्वारा	**मतिः** = बुद्धि लगाउने
		गृहीता = प्रयास गरिएको छ

वाक्यार्थ– हे भगवान् ! तपाईंका साथी मुनिवरभगवान् वेदव्यासजीले भगवान्का गुणहरूको वर्णन गर्ने इच्छाले नै महाभारतको रचना गर्नुभएको हो। त्यसमा पनि विषयसुखको उल्लेख गर्दै मनुष्यको बुद्धिलाई भगवान्को कथामा लगाउने प्रयास गरिएको छ।

सा श्रद्दधानस्य विवर्धमाना
विरक्तिमन्यत्र करोति पुंसः ।
हरेः पदानुस्मृतिनिर्वृतस्य

समस्तदुःखाप्ययमाशु धत्ते ॥ १३ ॥

पदार्थ–

श्रद्धानस्य = श्रद्धालु	**करोति** = उत्पन्न गर्दछ	**समस्तदुःखाप्ययम्** = समस्त
पुंसः = मानिसको हृदयमा	**हरेः** = भगवान् नारायणको	दुःखहरूको नाश
विवर्धमाना = प्रतिक्षण बढिरहने	**पदानुस्मृतिनिर्वृतस्य** =	**धत्ते** = भइहाल्छ
सा = त्यो भगवान्प्रतिको रतिले	चरणकमलको चिन्तनले	
अन्यत्र = विषयसुखमा	परमानन्दलाई प्राप्त गरेपछि	
विरक्तिम् = वैराग्य	**आशु** = तुरुन्त	

वाक्यार्थ– यो भगवत्कथाको रुचि श्रद्धालु मानिसको हृदयमा जब बढ्न थाल्दछ तब त्यो भक्त अन्य विषयबाट विरक्त हुन्छ र भगवान्को चरणकमलको निरन्तर चिन्तनबाट ऊ आनन्दमग्न हुन्छ। ऊ सम्पूर्ण दुःखहरूबाट तत्काल मुक्त हुन्छ।

ताञ्छोच्यशोच्यानविदोऽनुशोचे
हरेः कथायां विमुखानघेन।
क्षिणोति देवोऽनिमिषस्तु येषा-
मायुर्वृथावादगतिस्मृतीनाम् ॥ १४ ॥

पदार्थ–

अघेन = पापको कारणले	**अविदः** = महाभारतको तात्पर्य	**वृथावादगतिस्मृतीनाम्** = व्यर्थ
हरेः = भगवान्को	नजान्ने	वादविवाद, चेष्टा र चिन्तनमा
कथायां = कथाबाट	**तान्** = ती मूर्खहरूका लागि	लागेका
विमुखान् = विमुख भएको	**अनुशोचे** = म प्रतिक्षण शोक	**येषाम्** = जुन मनुष्यहरूको
हुनाले	गर्दछु	**आयुः** = अमूल्य जीवनलाई
शोच्यशोच्यान् = शोचनीय	**अनिमिषः** = कालरूप	**क्षिणोति** = नष्ट गरिरहनुभएको
पशुहरूभन्दा पनि शोच्य भएका	**देवः** = भगवान् सूर्य	छ

वाक्यार्थ– म त ती महाभारतको तात्पर्य नजान्ने शोचनीय अज्ञानीहरूका लागि खेद प्रकट गर्दछु जो आफ्नो पूर्वजन्मको पापको कारणले हरिकथाबाट सधैं विमुख रहन्छन्। यो दुःखको कुरा हो कि कालरूप भगवान् सूर्य त्यस्ता मानिसको अमूल्य जीवनलाई प्रतिक्षण नष्ट गरिरहनुभएको छ।

तदस्य कौषारव शर्मदातु-
र्हरेः कथामेव कथासु सारम्।
उद्धृत्य पुष्पेभ्य इवार्तबन्धो

शिवाय नः कीर्तय तीर्थकीर्तेः ॥ १५ ॥

पदार्थ–

तत् = त्यसकारण	**तीर्थकीर्तेः** = पवित्र कीर्ति भएका	**उद्धृत्य इव** = रस निकालेझैं
आर्तबन्धो = दुःखीहरूका बन्धु	**अस्य** = उहाँ	**नः** = हामीहरूको
कौषारव = हे दयालु मैत्रेयजी	**हरेः** = भगवान् नारायणको	**शिवाय** = कल्याणका लागि
कथासु = सम्पूर्ण कथाहरूमा	**कथाम् एव** = केवल कथामात्र	**कीर्तय** = सुनाउनुहोस्
सारम् = साररूप	**पुष्पेभ्यः** = (भमराले) फूलबाट	
शर्मदातुः = सुखलाई प्रदान गर्ने		

वाक्यार्थ– हे दुःखीहरूको बन्धु दयालु मैत्रेयजी ! जसरी भमरा फूलबाट रस निकाल्छ, त्यसै गरी यी लौकिक कथाहरूबाट यिनको सारभूत परमकल्याणकारी पवित्र कीर्ति श्रीहरिका कथाहरू निकालेर हाम्रो कल्याणका लागि सुनाउनुहोस्।

स विश्वजन्मस्थितिसंयमार्थे
कृतावतारः प्रगृहीतशक्तिः ।
चकार कर्माण्यतिपूरुषाणि
यानीश्वरः कीर्तय तानि मह्यम् ॥ १६ ॥

पदार्थ–

सः = उहाँ	**प्रगृहीतशक्तिः** = आफ्नो मायाशक्तिलाई स्वीकार गरेर	**कर्माणि** = कर्महरू
ईश्वरः = सर्वेश्वर भगवान् श्रीकृष्णले	**कृतावतारः** = राम, कृष्ण आदि अवतारद्वारा	**चकार** = गर्नुभयो
विश्वजन्मस्थितिसंयमार्थे = संसारको उत्पत्ति, स्थिति र संहार गर्नका लागि	**यानि** = जुन	**तानि** = ती कर्महरू
	अतिपूरुषाणि = अलौकिक	**मह्यम्** = मलाई
		कीर्तय = सुनाउनुहोस्

वाक्यार्थ– उहाँ सर्वेश्वर भगवान् श्रीकृष्णले संसारको उत्पत्ति, स्थिति र संहारको लागि आफ्नो मायाशक्तिलाई स्वीकार गरेर राम, कृष्ण आदि अवतारद्वारा जुन अनेक लीलाहरू गर्नुभएको छ, ती सब मलाई सुनाउनुहोस्।

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

स एवं भगवान् पृष्टः क्षत्त्रा कौषारवो मुनिः ।
पुंसां निःश्रेयसार्थेन तमाह बहुमानयन् ॥ १७ ॥

पदार्थ–

एवं = यसप्रकार	**पृष्टः** = सोधिनुभएका	**तम्** = विदुरजीको
क्षत्त्रा = विदुरजीले	**सः** = उहाँ	**बहुमानयन्** = प्रशंसा गर्दै
पुंसां = जीवहरूको	**भगवान्** = भगवान्	**आह** = भन्न लाग्नुभयो
निःश्रेयसार्थेन = कल्याणका लागि	**मुनिः** = मुनिश्रेष्ठ	
	कौषारवः = मैत्रेयजी	

वाक्यार्थ– जब विदुरजीले जीवको कल्याणको यसप्रकार प्रश्न गर्नुभयो तब मुनिश्रेष्ठ भगवान् मैत्रेयजीले उहाँको प्रशंसा गर्दै यसप्रकार भन्नुभयो।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

साधु पृष्टं त्वया साधो लोकान् साध्वनुगृह्णता।
कीर्तिं वितन्वता लोके आत्मनोऽधोक्षजात्मनः॥ १८॥

पदार्थ–

साधो = साधु स्वभाव भएका हे विदुरजी	**अधोक्षजात्मनः** = भगवन्मय मन भएका	**त्वया** = तपाईंले
लोकान् = प्राणीहरूमाथि	**आत्मनः** = आफ्नो पनि	**साधु** = राम्रो कुरा
साधु = सही किसिमले	**कीर्तिं** = कीर्ति	**पृष्टं** = सोध्नुभयो
अनुगृह्णता = अनुग्रह गर्ने इच्छाले	**लोके** = लोकमा	
	वितन्वता = फैलाउँदै	

वाक्यार्थ– साधुस्वभाव विदुरजी ! तपाईंले सम्पूर्ण जीवहरूमाथि अत्यन्त अनुग्रह गरेर यो अत्यन्त राम्रो कुरा सोध्नुभयो। तपाईंको चित्त सधैं भगवान्मैं लागिरहन्छ, तथापि तपाईंको यस प्रश्नले संसारमा तपाईंको कीर्ति फैलनेछ।

नैतच्चित्रं त्वयि क्षत्तर्बादरायणवीर्यजे।
गृहीतोऽनन्यभावेन यत् त्वया हरिरीश्वरः॥ १९॥

पदार्थ–

क्षत्तः = हे विदुरजी	**हरिः** = भगवान् नारायणलाई	**त्वयि** = तपाईंमा
यत् = किनभने	**गृहीतः** = धारण गर्नुभएको छ	**एतत्** = यो कुरा
त्वया = तपाईंले	**बादरायणवीर्यजे** = वेदव्यासजीको वीर्यबाट उत्पन्न हुनुभएका	**न चित्रं** = कुनै आश्चर्य लाग्दो कुरा होइन
अनन्यभावेन = अनन्य भक्तिद्वारा		
ईश्वरः = सर्वसमर्थ		

वाक्यार्थ– हे विदुरजी तपाईंले अनन्य भक्तिद्वारा सर्वसमर्थ भगवान् नारायणलाई धारण गर्नुभएको छ, वेदव्यासजीको वीर्यबाट उत्पन्न हुनुभएका तपाईंमा यो कुरा कुनै आश्चर्य लाग्दो कुरा होइन।

माण्डव्यशापाद्भगवान् प्रजासंयमनो यमः।

भ्रातुः क्षेत्रे भुजिष्यायां जातः सत्यवतीसुतात्॥ २०॥

पदार्थ–

प्रजासंयमनः = प्रजाहरूलाई दण्ड दिने	**माण्डव्यशापात्** = माण्डव्य ऋषिको श्रापको कारणले	**भुजिष्यायां** = दासीमा
भगवान् = भगवान्	**भ्रातुः** = भाइ विचित्रवीर्यको	**सत्यवतीसुतात्** = व्यासजीबाट
यमः = यमराज नै	**क्षेत्रे** = क्षेत्ररूपले स्वीकार गरिएकी भोग्या पत्नी	**जातः** = तपाईं उत्पन्न हुनुभएको छ

वाक्यार्थ– तपाईं प्रजाहरूलाई दण्ड दिने भगवान् यम नै हुनुहुन्छ। माण्डव्य ऋषिको श्रापको कारणले तपाईंले श्रीवेदव्यासजीको वीर्यबाट उनका भाइ विचित्रवीर्यकी भोग्या पत्नी दासीको गर्भबाट जन्म लिनुभएको छ।

भवान् भगवतो नित्यं सम्मतः सानुगस्य ह।

यस्य ज्ञानोपदेशाय मादिशद् भगवान् व्रजन्॥ २१॥

पदार्थ–

भवान् = तपाईं	**सम्मतः** = प्रेमको पात्र हुनुहुन्छ	**ज्ञानोपदेशाय** = ज्ञानको उपदेश गर्नका लागि
ह = निश्चय नै	**व्रजन्** = वैकुण्ठतिर फर्कन लाग्दा	**मा** = मलाई
सानुगस्य = भक्तले सहित	**भगवान्** = भगवान् श्रीकृष्णले	**आदिशत्** = आदेश दिनुभएको थियो
भगवतः = भगवान् नारायणको	**यस्य** = तपाईंलाई	
नित्यं = सधैं		

वाक्यार्थ– तपाई सधैं भगवान् र उहाँका भक्तहरूका प्रिय हुनुहुन्छ। यसकारण भगवान् श्रीकृष्ण आफ्नो धाम फर्कन लाग्दा मलाई उहाँले 'तपाईंले विदुरजीलाई ज्ञानको उपदेश गर्नुहोला' भनी आदेश दिनुभएको थियो।

अथ ते भगवल्लीला योगमायोरुबृंहिताः।

विश्वस्थित्युद्भवान्तार्था वर्णयाम्यनुपूर्वशः॥ २२॥

पदार्थ–

अथ = त्यसपछि	**ते** = तपाईंलाई	

योगमायोरुबृंहिताः = योगमाया विरचित	**विश्वस्थित्युद्भवान्तार्थाः** = संसारको सृष्टि, स्थिति र प्रलयस्वरूप	**भगवल्लीलाः** = भगवान्‌का लीलालाई **अनुपूर्वशः** = क्रमैसँग **वर्णयामि** = वर्णन गर्दछु

वाक्यार्थ– यसकारण अब म जगत्‌को उत्पत्ति, स्थिति र प्रलयका लागि योगमायाद्वारा विस्तारित भएका भगवान्‌का विभिन्न लीलाहरूको क्रमशः वर्णन गर्दछु।

भगवानेक आसेदमग्र आत्मात्मनां विभुः।

आत्मेच्छानुगतावात्मानानामत्युपलक्षणः॥ २३॥

पदार्थ–

इदम् = यो सम्पूर्ण संसार **अग्रे** = सृष्टिभन्दा पहिले **अनानामत्युपलक्षणः आत्मा** = नाम र रूपको भेदद्वारा थाहा नपाइने	**आत्मा** = प्रभुले **आत्मेच्छानुगतौ** = आफ्नो मायालाई रोकेपछि **आत्मनां** = सम्पूर्ण जीवहरूको **आत्मा** = आत्मस्वरूप र	**विभुः** = सर्वव्यापक **भगवान्** = भगवान **एकः** = एक्लै **आस** = हुनुहुन्थ्यो

वाक्यार्थ– यो सम्पूर्ण संसार सृष्टि हुनुभन्दा पहिले र नाम र रूपको भेदद्वारा थाहा नपाइने प्रभुले आफ्नो मायालाई रोकेपछि सम्पूर्ण जीवहरूको आत्मस्वरूप र सर्वव्यापक भगवान् एक्लै हुनुहुन्थ्यो।

स वा एष तदा द्रष्टा नापश्यद् दृश्यमेकराट्।

मेनेऽसन्तमिवात्मानं सुप्तशक्तिरसुप्तदृक्॥ २४॥

पदार्थ–

सः एषः = उहाँ **एकराट्** = स्वयंप्रकाश भगवान् **तदा** = त्यस समयमा **द्रष्टा** = द्रष्टा भईकन पनि **दृश्यम्** = कुनै पनि दृश्यलाई	**न अपश्यत्** = देख्नुभएन **सुप्तशक्तिः** = मायाशक्तिलाई आफूमा लीन गर्नुभएका (परन्तु) **असुप्तदृक्** = ज्ञानशक्ति जागा हुनुभएका परमात्माले	**आत्मानं** = आफूलाई **असन्तम् इव** = नभएको जस्तो **मेने** = ठान्नुभयो

वाक्यार्थ– यस समयमा स्वयंप्रकाश भगवान्‌ले द्रष्टा भईकन पनि कुनै पनि दृश्यलाई देख्नुभएन। मायाशक्तिलाई आफूमा लीन गर्नुभएका परन्तु ज्ञानशक्ति जागा हुनुभएका परमात्माले आफूलाई नभएको जस्तो ठान्नुभयो।

सा वा एतस्य संद्रष्टुः शक्तिः सदसदात्मिका।

माया नाम महाभाग ययेदं निर्ममे विभुः ॥ २५ ॥

पदार्थ–

महाभाग = महाभाग्यशाली हे विदुरजी	**सा** = त्यही द्रष्टा र दृश्यको अनुसन्धान गर्ने	**संद्रष्टुः** = द्रष्टा परमात्माको
यया = जुन शक्तिद्वारा	**सदसदात्मिका** = कार्य र कारणरूप र अनिर्वचनीय भावरूप	**माया नाम** = माया नाम गरिएको
विभुः = व्यापक परमात्माले	**एतस्य** = उहाँ	**शक्तिः** = शक्ति हो
इदं = यो जगत्लाई		
निर्ममे = बनाउनुभयो		

वाक्यार्थ– महाभाग्यशाली हे विदुरजी ! जुन शक्तिद्वारा परमात्माले यस जगत्लाई बनाउनुभयो त्यो द्रष्टा र दृश्यको अनुसन्धान गर्ने अनिर्वचनीय भावरूप शक्ति नै माया हो।

कालवृत्त्या तु मायायां गुणमय्यामधोक्षजः।
पुरुषेणात्मभूतेन वीर्यमाधत्त वीर्यवान्॥ २६ ॥

पदार्थ–

कालवृत्त्या = कालरूप शक्तिद्वारा	**मायायां** = मायामा क्षोभ उत्पन्न भएपछि	**आत्मभूतेन** = आफ्नो अंशभूत
तु = चाहिँ	**अधोक्षजः** = अतीन्द्रिय	**पुरुषेण** = पुरुषद्वारा
गुणमय्याम् = त्रिगुणात्मक	**वीर्यवान्** = चित् शक्तिवाला परमात्माले	**वीर्यम्** = चिदाभासरूपी बीज
		आधत्त = स्थापित गर्नुभयो

वाक्यार्थ– कालशक्तिद्वारा त्रिगुणमयी मायामा क्षोभ उत्पन्न भएपछि इन्द्रियातीत चित् शक्तिसम्पन्न परमात्माले आफ्नो अंशभूत पुरुषरूपले उक्त मायामा चिदाभासरूप बीज स्थापित गर्नुभयो।

ततोऽभवन्महत्तत्त्वमव्यक्तात् कालचोदितात्।
विज्ञानात्मात्मदेहस्थं विश्वं व्यञ्जंस्तमोनुदः॥ २७ ॥

पदार्थ–

ततः = त्यसपछि	**तमोनुदः** = अज्ञाननाशक	**विश्वं** = संसारलाई
कालचोदितात् = कालद्वारा प्रेरित	**महत्तत्त्वम्** = महत्तत्त्व नै	**व्यञ्जन्** = प्रकाशित गर्दै
अव्यक्तात् = अव्यक्त मायाबाट	**आत्मदेहस्थं** = आफूभित्र प्रकट अवस्थामा रहेको	**अभवत्** = उत्पन्न भयो
विज्ञानात्मा = विज्ञानरूप		

वाक्यार्थ– त्यसपछि कालद्वारा प्रेरित अव्यक्त मायाबाट विज्ञानरूप अज्ञाननाशक महत्तत्त्व नै आफूभित्र प्रकट अवस्थामा रहेको संसारलाई प्रकाशित गर्दै उत्पन्न भयो।

सोऽप्यंशगुणकालात्मा भगवद्दृष्टिगोचरः ।
आत्मानं व्यकरोदात्मा विश्वस्यास्य सिसृक्षया ॥ २८ ॥

पदार्थ–
अंशगुणकालात्मा = चिदाभास सत्त्वादिगुण र कालको अधीनमा रहने
सः = त्यो
आत्मा = महत्तत्त्वले
अपि = पनि
भगवद्दृष्टिगोचरः = भगवान्को चेतनाबाट प्रेरित भएपछि
आत्मानं = आफूलाई
अस्य = यो
विश्वस्य = संसारको
सिसृक्षया = रचना गर्ने इच्छाले
व्यकरोत् = रूपान्तरित गर्‍यो

वाक्यार्थ– चिदाभास, सत्त्वादि गुण र कालको अधीनमा रहने त्यो महत्तत्त्व पनि भगवान्को चेतनाबाट प्रेरित भएपछि आफूलाई यो संसारको रचना गर्ने इच्छाले रूपान्तरित भयो।

महत्तत्त्वाद् विकुर्वाणादहंतत्त्वं व्यजायत ।
कार्यकारणकर्त्रात्मा भूतेन्द्रियमनोमयः ॥ २९ ॥

पदार्थ–
विकुर्वाणात् = रूपान्तरित हुँदै गएको
महत्तत्त्वात् = महत्तत्त्वबाट
कार्यकारणकर्त्रात्मा = अधिभूत, अध्यात्म र अधिदैवको आश्रय
भूतेन्द्रियमनोमयः = पञ्चभूत, तत्सम्बन्धी इन्द्रिय र तिनका देवताले युक्त
अहंतत्त्वं = अहङ्कार
व्यजायत = उत्पन्न भयो

वाक्यार्थ– रूपान्तरित हुँदै गएको महत्तत्त्वबाट अधिभूत, अध्यात्म र अधिदैवको आश्रय भएको एवं पञ्चभूत, तत्सम्बन्धी इन्द्रिय र तिनका देवताले युक्त अहङ्कार उत्पन्न भयो।

वैकारिकस्तैजसश्च तामसश्चेत्यहं त्रिधा ।
अहंतत्त्वाद् विकुर्वाणान्मनो वैकारिकादभूत् ॥
वैकारिकाश्च ये देवा अर्थाभिव्यञ्जनं यतः ॥ ३० ॥

पदार्थ–
विकुर्वाणात् = विकार अवस्थामा पुगेको
वैकारिकात् = सात्त्विक अंशको
अहंतत्त्वात् = अहङ्कारबाट
यतः = जसको कारणले
अर्थाभिव्यञ्जनं = विषयज्ञान हुन्छ त्यस्ता
ये = जति पनि

वैकारिकाः = सात्त्विक अंशबाट बन्ने	**अभूत्** = उत्पन्न भयो	**तामसः च इति** = तामस गरी
देवाः = देवताहरू र	**अहं** = उक्त अहङ्कार	**त्रिधा** = तीन प्रकारको हुन्छ
मनः = मन पनि	**वैकारिकः** = सात्त्विक	
	तैजसः = राजस र	

वाक्यार्थ– त्यो अहङ्कार वैकारिक (सात्त्विक), तैजस (राजस) र तामसका भेदले तीन प्रकारको हुन्छ। यस अहङ्कारबाट मन र इन्द्रियहरूका अधिष्ठातृ देवताहरू प्रकट भए। त्यसै सात्त्विक अहङ्कारबाट विषयज्ञान हुन्छ।

तैजसानीन्द्रियाण्येव ज्ञानकर्ममयानि च।

तामसो भूतसूक्ष्मादिर्यतः खं लिङ्गमात्मनः॥ ३१॥

पदार्थ–

ज्ञानकर्ममयानि = ज्ञान र कर्मका साधनभूत	**तामसः** = तामस अंशबाट	**लिङ्गम्** = सङ्केतक
इन्द्रियाणि च = इन्द्रियहरू	**भूतसूक्ष्मादिः** = भूतसूक्ष्मको कारण शब्दतन्मात्रा भयो	**खं** = आकाश जन्मियो
तैजसानि = राजस अंशबाट उत्पन्न भएका हुन्	**यतः** = जहाँबाट	
	आत्मनः = आत्माको	

वाक्यार्थ– ज्ञान र कर्मका साधनभूत इन्द्रियहरू राजस अंशबाट उत्पन्न भएका हुन् तामस अंशबाट भूतसूक्ष्मको कारण शब्दतन्मात्रा भयो जहाँबाट आत्माको सङ्केतक आकाश जन्मियो।

कालमायांशयोगेन भगवद्वीक्षितं नभः।

नभसोऽनुसृतं स्पर्शं विकुर्वन्निर्ममेऽनिलम्॥ ३२॥

पदार्थ–

नभः = आकाश	**कालमायांशयोगेन** = काल, माया र चिदाभासको संयोगले	**स्पर्शं** = स्पर्शतन्मात्राले
भगवद्वीक्षितं = भगवान्‌को दृष्टिले युक्त भयो तब	**नभसः** = आकाशबाट	**विकुर्वन्** = विकारमा प्राप्त हुँदै
	अनुसृतं = जन्मिएको	**अनिलम्** = वायुलाई
		निर्ममे = उत्पन्न गर्‍यो

वाक्यार्थ– भगवान्‌को दृष्टि आकाशमा परेपछि काल, माया र चिदाभासको योगबाट स्पर्शतन्मात्रा उत्पन्न भयो। स्पर्शतन्मात्रा विकृत भएपछि त्यसबाट वायु उत्पन्न भयो।

अनिलोऽपि विकुर्वाणो नभसोरुबलान्वितः।

ससर्ज रूपतन्मात्रं ज्योतिर्लोकस्य लोचनम्॥ ३३॥

पदार्थ–

उरुबलान्वितः = अत्यन्त बलयुक्त	**विकुर्वाणः** = विकार अवस्थामा प्राप्त भएर	**लोकस्य** = संसारको
अनिलः = वायुले	**रूपतन्मात्रं** = रूपतन्मात्रालाई	**लोचनम्** = प्रकाश
अपि = पनि	**ससर्ज** = सृजना गऱ्यो (त्यहाँबाट पनि)	**ज्योतिः** = तेज उत्पन्न भयो
नभसा = आकाशको साथमा		

वाक्यार्थ– आकाशसहित अत्यन्त बलवान् वायुमा विकार उत्पन्न भएपछि त्यसबाट रूपतन्मात्राको उत्पत्ति भयो। रूपतन्मात्राबाट संसारको प्रकाशक तेज उत्पन्न भयो।

अनिलेनान्वितं ज्योतिर्विकुर्वत् परवीक्षितम्।
आधत्ताम्भो रसमयं कालमायांशयोगतः॥ ३४॥

पदार्थ–

परवीक्षितम् = परमात्माको चित्सत्ताले युक्त	**ज्योतिः** = तेजले	**रसमयं** = रसतन्मात्राको कार्य
अनिलेन = वायुले	**कालमायांशयोगतः** = काल, माया र चिदाभासको संयोगले	**अम्भः** = जल
अन्वितं = सहित	**विकुर्वत्** = विकृत हुँदै	**आधत्त** = उत्पन्न गऱ्यो

वाक्यार्थ– परमात्माको वायुयुक्त तेजले काल, माया र चिदंशको योगबाट विकार उत्पन्न भएपछि त्यसबाट रसतन्मात्राको कार्य जल उत्पन्न गऱ्यो।

ज्योतिषाम्भोऽनुसंसृष्टं विकुर्वद् ब्रह्मवीक्षितम्।
महीं गन्धगुणामाधात् कालमायांशयोगतः॥ ३५॥

पदार्थ–

ब्रह्मवीक्षितम् = ब्रह्मको चेतनादृष्टिबाट चैतन्ययुक्त भएको र	**अम्भः** = जलले	**महीं** = पृथिवीलाई
ज्योतिषा = तेजले	**कालमायांशयोगतः** = काल, माया र चिदाभासको संयोगले	**आधात्** = उत्पन्न गऱ्यो
अनुसंसृष्टं = संयुक्त	**विकुर्वत्** = विकृत हुँदै	
	गन्धगुणाम् = गन्धतन्मात्रायुक्त	

वाक्यार्थ– ब्रह्मको दृष्टिपात भएपछि तेजयुक्त जलले काल, माया र चिदंशको योगबाट गन्धगुणले युक्त भएको पृथिवी उत्पन्न गऱ्यो।

भूतानां नभआदीनां यद्यद् भव्यावरावरम्।

तेषां परानुसंसर्गाद् यथासङ्ख्यं गुणान् विदुः ॥ ३६ ॥

पदार्थ–

भव्य = हे विदुरजी	**अवरावरम्** = पछिपछि उत्पन्न भएका छन्	**यथासङ्ख्यं** = उत्तरोत्तर
नभआदीनां = आकाश आदि	**तेषां** = ती महाभूतहरूमा	**गुणान्** = अधिक-अधिक गुणहरू हुन्छन् भनी
भूतानां = महाभूतहरूमध्ये	**परानुसंसर्गात्** = पूर्व भूतहरूको संसर्ग भएको कारणले	**विदुः** = (विद्वान्हरू) जान्दछन्
यद्यत् = जुनजुन		

वाक्यार्थ– हे विदुरजी ! आकाश आदि महाभूतहरूमध्ये जुनजुन पछिपछि उत्पन्न भएका छन् ती महाभूतहरूमा पूर्व भूतहरूको संसर्ग भएको कारणले उत्तरोत्तर अधिक-अधिक गुणहरू हुन्छन् भनी विद्वान्हरू जान्दछन्।

एते देवाः कला विष्णोः कालमायांशलिङ्गिनः।
नानात्वात् स्वक्रियानीशाः प्रोचुः प्राञ्जलयो विभुम्॥ ३७ ॥

पदार्थ–

कालमायांशलिङ्गिनः = काल, माया र चिदाभासको लक्षण, विकृति, विक्षेप र चेतनाले युक्त	**एते** = महत्तत्त्व आदिका अभिमानी यी	**स्वक्रियानीशाः** = आ-आफ्ना कार्यमा सफल नभएपछि
विष्णोः = भगवान्का	**देवाः** = देवताहरूले	**प्राञ्जलयः** = अञ्जलि बाँधेर
कलाः = अंश भएका	**नानात्वात्** = अलग-अलग हुनाले	**विभुम्** = व्यापक भगवान्लाई
		प्रोचुः = भन्न लाग्नुभयो

वाक्यार्थ– काल, माया र चिदाभासको लक्षण, विकृति, विक्षेप र चेतनाले युक्त भगवान्का अंश भएका महत्तत्त्व आदिका अभिमानी यी देवताहरूले अलग-अलग हुनाले आ-आफ्ना कार्यमा सफल नभएपछि अञ्जलि बाँधेर व्यापक भगवान्लाई भन्न लाग्नुभयो।

देवा ऊचुः (देवताहरूले भन्नुभयो)

नमाम ते देव पदारविन्दं
प्रपन्नतापोपशमातपत्रम्।
यन्मूलकेता यतयोऽञ्जसोरु
संसारदुःखं बहिरुत्क्षिपन्ति॥ ३८ ॥

पदार्थ–

देव = हे प्रकाशरूप भगवान् **प्रपन्नतापोपशमातपत्रम्** = शरणमा आएका जीवहरूको ताप नष्ट गर्नका लागि छाताजस्तो भएको **ते** = तपाईंको	**पदारविन्दं** = चरणकमललाई **नमाम** = नमस्कार गर्दछौँ **यन्मूलकेताः** = जुन चरणकमलको आश्रय लिने **यतयः** = योगीहरू **अञ्जसा उरु** = सजिलैसँग ठुलो	**उरु** = ठुलो **संसारदुःखं** = संसारको दुःख **बहिः** = टाढैबाट **उत्क्षिपन्ति** = फ्याँकिदिन्छन्

वाक्यार्थ— हे प्रकाशरूप भगवान् शरणमा आएका जीवहरूको ताप नष्ट गर्नका लागि छाताजस्तो भएको तपाईंको चरणकमललाई नमस्कार गर्दछौँ जुन चरणकमलको आश्रय लिने योगीहरू संसारको ठुलो दुःखलाई सजिलैसँग टाढैबाट फ्याँकिदिन्छन्।

धातर्यदस्मिन् भव ईश जीवा-
स्तापत्रयेणाभिहता न शर्म।
आत्मन् लभन्ते भगवंस्तवाङ्घ्रि-
च्छायां सविद्यामत आश्रयेम॥ ३९॥

पदार्थ—

धातः = हे जगत्का पालनकर्ता **ईश** = जगदीश्वर **भगवन्** = भगवन् **यत्** = जुन कारणले **अस्मिन्** = यस **भवे** = संसारमा **तापत्रयेण** = तीन तापबाट	**अभिहताः** = पीडित **जीवाः** = जीवहरू **आत्मन्** = आत्मामा **शर्म** = सुख **न लभन्ते** = प्राप्त गर्न सक्दैनन् **अत** = यसकारण **सविद्याम्** = ज्ञानले युक्त	**तव** = तपाईंको **अङ्घ्रिच्छायां** = चरणकमलको छायाको **आश्रयेम** = आश्रय लिन्छौँ

वाक्यार्थ— जगत्का पालनकर्ता जगदीश्वर भगवन्! यस संसारमा तापत्रयबाट व्याकुल भएका जीवहरूलाई अलिकति पनि शान्ति मिल्दैन। यसकारण हामी तपाईंको चरणकमलको ज्ञानमय छायाको आश्रय लिन्छौँ।

मार्गन्ति यत्ते मुखपद्मनीडै-
श्छन्दःसुपर्णैर्ऋषयो विविक्ते।
यस्याघमर्षोदसरिद्वरायाः
पदं पदं तीर्थपदः प्रपन्नाः॥ ४०॥

पदार्थ—

विविक्ते = एकान्तमा रहेका **ऋषयः** = ऋषिहरू **ते** = तपाईंको **मुखपद्मनीडैः** = मुखकमलको आश्रय लिने **छन्दःसुपर्णैः** = वेदमन्त्ररूपी पक्षीहरूद्वारा	**यस्य** = शास्त्रप्रसिद्ध तपाईंको **पदं** = पदको **मार्गन्ति** = अन्वेषण गर्दछन् **तीर्थपदः** = पवित्रकीर्ति हजुरको **अघमर्षोदसरिद्वरायाः** = पापनाशक जलले युक्त भएको गङ्गाजीको	**पदं** = उद्गमस्थान (तपाईंको चरणकमलको) **प्रपन्नाः** = शरणमा जान्छौं

वाक्यार्थ– मुनिहरू एकान्तमा रहेर तपाईंको मुखकमलको आश्रय लिने वेदमन्त्ररूप पक्षीहरूद्वारा अनुसन्धान गरिने सम्पूर्ण पापनाशिनी नदीहरूमा श्रेष्ठ गङ्गाजीको उद्गमस्थान भएको तपाईंको चरणकमलको हामी शरणमा जान्छौं।

यच्छ्रद्धया श्रुतवत्या च भक्त्या
सम्मृज्यमाने हृदयेऽवधाय।
ज्ञानेन वैराग्यबलेन धीरा
व्रजेम तत्तेऽङ्घ्रिसरोजपीठम्॥ ४१॥

पदार्थ–

श्रद्धया = श्रद्धाद्वारा **श्रुतवत्या** = तपाईंको महिमाको श्रवणले युक्त भएको **भक्त्या** = भक्तिद्वारा **सम्मृज्यमाने** = शुद्ध भएको **हृदये** = हृदयमा **तत्** = त्यस चरणकमलको	**अवधाय** = ध्यान गरेर **वैराग्यबलेन** = वैराग्यले युक्त भएको **ज्ञानेन** = ज्ञानद्वारा **धीराः** = धीर भक्तहरू (आफ्नो स्वरूपमा अवस्थित हुन्छन्) **तत्** = त्यो	**ते** = तपाईंको **अङ्घ्रिसरोजपीठम्** = चरणकमलको **व्रजेम** = आश्रय लिन्छौं

वाक्यार्थ– श्रद्धाद्वारा तपाईंको महिमाको श्रवणले युक्त भएको भक्तिद्वारा शुद्ध भएको हृदयमा त्यस चरणकमलको ध्यान गरेर वैराग्यले युक्त भएको ज्ञानद्वारा धीर भक्तहरू आफ्नो स्वरूपमा अवस्थित हुन्छन्। त्यो तपाईंको चरणकमलको हामी आश्रय लिन्छौं।

विश्वस्य जन्मस्थितिसंयमार्थे
कृतावतारस्य पदाम्बुजं ते।
व्रजेम सर्वे शरणं यदीश

स्मृतं प्रयच्छत्यभयं स्वपुंसाम् ॥ ४२ ॥

पदार्थ–

ईश = हे भगवान्	**ते** = तपाईंको	**अभयं** = अभय
विश्वस्य = यस संसारको	**यत्** = जुन	**प्रयच्छति** = प्रदान गर्दछ त्यही
जन्मस्थितिसंयमार्थे = उत्पत्ति,	**स्मृतं** = स्मरण गरिएको	चणकमलको
स्थिति र संहारका लागि	**पदाम्बुजं** = चरणकमलले	**सर्वे** = हामी सबै
कृतावतारस्य = अवतार	**स्वपुंसाम्** = स्मरण गर्ने	**शरणं** = शरणमा
लिनुभएका	भक्तहरूलाई	**व्रजेम** = जान्छौँ

वाक्यार्थ– हे भगवान् ! तपाईं संसारको उत्पत्ति, स्थिति र संहारको लागि अवतार ग्रहण गर्नुहुन्छ। अतः हामी सबै तपाईंका ती चरणकमलको शरणमा जान्छौँ, जुन चरणले स्मरण गर्ने भक्तहरूलाई अभय प्रदान गर्दछन्।

यत् सानुबन्धेऽसति देहगेहे
ममाहमित्यूढदुराग्रहाणाम् ।
पुंसां सुदूरं वसतोऽपि पुर्यां
भजेम तत्ते भगवन् पदाब्जम् ॥ ४३ ॥

पदार्थ–

भगवन् = हे भगवान्	**ऊढदुराग्रहाणाम्** = दृढ	**सुदूरं** = (उनीहरूका लागि
सानुबन्धे = स्त्री, पुत्र, शय्या	दुराग्रहलाई बोकेका	तपाईं) निकै टाढा रहनुहुन्छ
आदि उपकरणले युक्त	**पुंसां** = मानिसहरूका लागि	(त्यस्ता)
असति = मिथ्या	**पुर्यां** = (तपाईंले उनीहरूकै)	**ते** = तपाईंको
देहगेहे = शरीर र घर आदिमा	शरीरमा	**पदाब्जम्** = चरणकमलको
मम अहम् इति = मेरो र म भन्ने	**वसतः अपि** = निवास गरे	**भजेम** = भजन गर्दछौँ
	तापनि	

वाक्यार्थ– हे भगवान् ! स्त्री, पुत्र, शय्या आदि उपकरणले युक्त मिथ्या शरीर र घर आदिमा मेरो र म भन्ने दृढ दुराग्रहलाई बोकेका मानिसहरूका लागि उनीहरूकै शरीरमा निवास गरे तापनि उनीहरूका लागि तपाईं निकै टाढा रहनुहुन्छ। त्यस्ता तपाईंको चरणकमलको हामी भजन गर्दछौँ।

तान् वै ह्यसद्वृत्तिभिरक्षिभिर्ये
पराहृतान्तर्मनसः परेश ।
अथो न पश्यन्त्युरुगाय नूनं

ये ते पदन्यासविलासलक्ष्याः ॥ ४४ ॥

पदार्थ–

परेश = हे भगवान्
वै = निश्चय नै
ये = जो
असद्वृत्तिभिः = विषयाभिमुख
अक्षिभिः = आँखा आदि इन्द्रियहरूद्वारा
पराहृतान्तर्मनसः = बाह्यविषयले (मन हरण गरिएका छन्)
अथ = त्यसै कारणले
ते = त्यस्ता पामरहरू
उरुगाय = हे कीर्तिशाली प्रभो
पदन्यासविलासलक्ष्याः = रमणीय चरण र शोभाका
ये = जो उपासक भक्तहरू छन्
तान् = त्यस्ता प्रेमी भक्तहरूलाई
नूनं = निश्चय नै
न पश्यन्ति = देख्न सक्दैनन्

वाक्यार्थ– हे परमयशस्वी परमेश्वर ! इन्द्रियहरू विषयाभिमुख हुनाको कारणले जसको मन सधैं विषयतिर नै आकृष्ट भइरहन्छ, यस्ता पामरहरू तपाईंको विलासपूर्ण पादविन्यासको शोभाको विशेषज्ञ भक्तहरूको दर्शन गर्न पाउँदैनन्।

पानेन ते देव कथासुधायाः
प्रवृद्धभक्त्या विशदाशया ये ।
वैराग्यसारं प्रतिलभ्य बोधं
यथाञ्जसान् वीयुरकुण्ठधिष्ण्यम् ॥ ४५ ॥
तथापरे चात्मसमाधियोग-
बलेन जित्वा प्रकृतिं बलिष्ठाम् ।
त्वामेव धीराः पुरुषं विशन्ति
तेषां श्रमः स्यान्न तु सेवया ते ॥ ४६ ॥

पदार्थ–

देव = हे देव
यथा = जसरी
ते = तपाईंको
कथासुधायाः = कथारूपी अमृतको
पानेन = पानद्वारा
प्रवृद्धभक्त्या = बढेको भक्तिले
विशदाशया = शुद्ध अन्तःकरण भएका
ये = जो भक्तहरू छन्
वैराग्यसारं = वैराग्यमा बल
प्रतिलभ्य = प्राप्त गरेर
बोधं = ज्ञानलाई
अञ्जसा = सजिलैसित
अकुण्ठधिष्ण्यम् = कहिल्यै नाश नहुने तपाईंको वैकुण्ठधामलाई
अन्वीयुः = प्राप्त गर्दछन्
तथा = त्यसै गरी
अपरे = अरू
धीराः = जितेन्द्रिय पुरुषहरू
आत्मसमाधियोगबलेन = चित्तवृत्तिनिरोधरूप समाधिको

बलले
बलिष्ठाम् = तपाईंकी बलवती
प्रकृतिं = मायालाई
जित्वा = जितेर
पुरुषं = परम पुरुष
त्वाम् एव = तपाईंमा नै
विशन्ति = प्रवेश गर्दछन्
तेषां = ती योगीहरूलाई
श्रमः = धेरै श्रम
स्यात् = पर्दछ
ते = तपाईंको
सेवया न = सेवाको मार्गमा त्यस्तो कष्ट छैन

वाक्यार्थ– हे देव ! तपाईंको कथाको श्रवणद्वारा बढेको भक्तिको कारणले जसको अन्तःकरण निर्मल भएको छ, ती साधकहरू वैराग्यरूपी बलयुक्त भएको आत्मज्ञानलाई प्राप्त गरेर अनायास नै तपाईंको वैकुण्ठधाममा पुग्दछन्। अरू धीर पुरुषहरू चित्तनिरोधरूप समाधिको बलले तपाईंको बलवती मायामाथि विजय प्राप्त गरेर तपाईंमा नै लीन हुन्छन्। परन्तु ती योगीहरूलाई कष्ट ज्यादा हुन्छ। तपाईंको सेवाको मार्गमा भने कुनै पनि प्रकारको कष्ट छैन।

तत्ते वयं लोकसिसृक्षयाद्य
त्वयानुसृष्टास्त्रिभिरात्मभिः स्म ।
सर्वे वियुक्ताः स्वविहारतन्त्रं
न शक्नुमस्तत्प्रतिहर्तवे ते ॥ ४७ ॥

पदार्थ–
आद्य = हे आदिदेव
तत् = त्यसकारण
ते = तपाईंका सेवक
वयं = हामीहरू
त्वया = तपाईंले नै
लोकसिसृक्षया = लोकहरूको सृष्टि गर्ने इच्छाले
त्रिभिः = त्रिगुणात्मक
आत्मभिः = स्वभावका रूपमा
अनुसृष्टाः स्म = रचिएका छौं
सर्वे = हामी सबै
वियुक्ताः = भिन्न-भिन्न स्वभाव भएका कारणले
स्वविहारतन्त्रं = तपाईंको क्रीडाको साधनरूप ब्रह्माण्डको रचना गरेर
ते = तपाईंलाई
प्रतिहर्तवे = समर्पण गर्न
न शक्नुमः = सक्दैनौं

वाक्यार्थ– हे आदिदेव ! तपाईंले सृष्टिरचनाको इच्छाले हामीलाई त्रिगुणमय बनाउनुभएको छ। यसकारण विभिन्न स्वभाववाला हुनाको कारणले हामी परस्परमा मिल्न सक्दैनौं। अतः तपाईंको क्रीडाको साधनरूप ब्रह्माण्डको रचना गरेर तपाईंलाई समर्पण गर्न हामी असमर्थ भएका छौं।

यावद् बलिं तेऽज हराम काले
यथा वयं चान्नमदाम यत्र ।
यथोभयेषां त इमे हि लोका

बलिं हरन्तोऽन्नमदन्त्यनूहाः ॥ ४८ ॥

पदार्थ–

अज = हे जन्मरहित भगवान्	**यत्र** = जहाँ	**लोकाः** = प्राणीहरू
यथा = जसरी	**अन्नम्** = (आफ्नो योग्यताको अनुरूप) अन्न	**उभयेषां** = तपाईं र हामीहरूलाई
वयं = हामीहरू	**अदाम** = ग्रहण गर्न सक्छौं	**बलिं** = भोग
यावत् = जति	**यथा** = जसरी	**हरन्तः** = समर्पण गर्दै
काले = समयमा	**हि** = निश्चय नै	**अनूहाः** = विघ्नले रहित भएर
ते = तपाईंलाई	**इमे** = उत्पन्न गरिने	**अन्नम् अदन्ति** = आ-आफ्नो अन्न ग्रहण गर्न सक्छन् (त्यस्तो कुनै उपाय गर्नुहोस्)
बलिं = सबप्रकारको भोग	**ते** = यी	
हरामः = समर्पण गर्न सक्छौं		

वाक्यार्थ– हे जन्मरहित भगवन् ! तसर्थ हामी तपाईंसँग यस्तो उपायका लागि प्रार्थना गर्दछौं जुन उपायको सहायतालाई प्राप्त गरेर हामीहरू यस ब्रह्माण्डको रचना गरेर तपाईंलाई सब प्रकारको भोग यथोचित समयमा समर्पण गर्दै आफू पनि आफ्नो योग्यताको अनुसार अन्न ग्रहण गर्न सकौं। त्यस्तै यी जीवहरू पनि सम्पूर्ण विघ्नबाधाहरूबाट टाढा रहेर तपाईं र हामीहरू दुबैलाई भोग समर्पण गर्दै आ-आफ्नो अन्न भक्षण गर्न समर्थ होऊन्।

त्वं नः सुराणामसि सान्वयानां
कूटस्थ आद्यः पुरुषः पुराणः।
त्वं देव शक्त्यां गुणकर्मयोनौ
रेतस्त्वजायां कविमादधेऽजः ॥ ४९ ॥

पदार्थ–

देव = हे देव	**अजः** = नजन्मने	**शक्त्यां** = शक्तिमा
सान्वयानां = कारणले सहित भएका	**पुरुषः पुराणः** = पुराण पुरुष	**कविम्** = विज्ञ महत्तत्त्व
नः = हामी	**असि** = हुनुहुन्छ	**रेतः** = गर्भ
सुराणाम् = देवताहरूको	**त्वं** = तपाईंले नै	**आदधे** = स्थापित गर्नुभयो
त्वं = तपाईं	**गुणकर्मयोनौ** = सत्त्व आदि गुण र जन्म आदि कर्महरूको कारण भएको	
आद्यः = कारणभूत	**अजायां** = माया	
कूटस्थ = निर्विकार		

वाक्यार्थ– तपाईं निर्विकार पुराणपुरुष नै कार्यवर्ग सहित हामी देवताहरूको आदिकारण हुनुहुन्छ। देव ! अजन्मा तपाईंले नै सत्त्व आदि गुण र जन्म आदि कर्मको कारणरूप मायाशक्तिमा चिदाभासरूप वीर्यलाई स्थापित गर्नुभयो।

ततो वयं मत्प्रमुखा यदर्थे
बभूविमात्मन् करवाम किं ते।
त्वं नः स्वचक्षुः परिदेहि शक्त्या
देव क्रियार्थे यदनुग्रहाणाम् ॥ ५० ॥

पदार्थ–

आत्मन् = आत्मस्वरूप	**किं करवाम** = के गरौँ	**ततः** = त्यसकारण
देव = हे देव !	**क्रियार्थे** = ब्रह्माण्ड रचनाका लागि	**ते** = तपाईंको
मत्प्रमुखाः = महत्तत्त्वरूप	**यदनुग्रहाणाम्** = तपाईंको अनुग्रहका पात्र भएका (हामीहरूलाई अनुग्रह गर्ने)	**शक्त्या** = क्रियाशक्तिले युक्त भएको
वयं = हामीहरू	**त्वं** = तपाईं हुनुन्छ	**स्वचक्षुः** = आफ्नो ज्ञानशक्ति
बभूविम = (जुन कार्यका लागि) उत्पन्न भएका छौँ		**नः** = हामीहरूलाई
यदर्थे = त्यस सम्बन्धमा		**परिदेहि** = प्रदान गर्नुहोस्

वाक्यार्थ– आत्मस्वरूप हे देव ! महत्तत्त्व आदिरूप हामी देवताहरूलाई तपाईंले जुन कार्यका लागि उत्पन्न गर्नुभएको छ, त्यसको सम्बन्धमा हामीहरू के गरौँ ? देव ! हामीमाथि अनुग्रह गर्ने तपाईं नै हुनुहुन्छ। तसर्थ हामीलाई क्रियाशक्तिले सहित आफ्नो ज्ञानशक्ति प्रदान गर्नुहोस्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

पञ्चमोऽध्यायः ॥ ५ ॥

अथ षष्ठोऽध्यायः

विराट् शरीरको उत्पत्ति

ऋषिरुवाच (मैत्रेय ऋषिले भन्नुभयो)

इति तासां स्वशक्तीनां सतीनामसमेत्य सः।

प्रसुप्तलोकतन्त्राणां निशाम्य गतिमीश्वरः॥ १॥

कालसञ्ज्ञां तदा देवीं बिभ्रच्छक्तिमुरुक्रमः।

त्रयोविंशतितत्त्वानां गणं युगपदाविशत्॥ २॥

पदार्थ–

इति = यसप्रकार
असमेत्य = नमिलीकन
सतीनाम् = रहेका (त्यसैले)
प्रसुप्तलोकतन्त्राणां = विश्व रचना गर्न नसकेका
तासां = ती
स्वशक्तीनां = आफ्ना शक्तिहरूको
गतिम् = अवस्थिति
निशाम्य = जानेर
सः = उहाँ
ईश्वरः = भगवान्
उरुक्रमः = सर्वसमर्थ प्रभुले
तदा = त्यस समयमा
कालसञ्ज्ञां = काल संज्ञा भएकी
देवीं = प्रकृतिरूप
शक्तिम् = आफ्नो शक्तिलाई
बिभ्रत् = स्वीकार गरेर
युगपत् = एकैपटक
त्रयोविंशतितत्त्वानां = तेईसओटा तत्त्वहरूको
गणं = समूहमा
आविशत् = अन्तर्यामीरूपले प्रवेश गर्नुभयो

वाक्यार्थ– सर्वशक्तिमान् भगवान्ले देख्नुभयो कि आपसमा सङ्गठित नहुनाको कारणले यी मेरा महत्तत्त्व आदि शक्तिहरू विश्वरचनाको कार्यमा असमर्थ भइरहेका छन्। तब उहाँले क्रियाशक्तिलाई स्वीकार गरेर एकं साथमा तेईसओटा तत्त्वहरूको समूहमा अन्तर्यामीरूपले प्रवेश गर्नुभयो।

टिप्पणी– यहाँ प्रकृति र पुरुष बाहेक अरू तेईसओटा तत्त्वहरूको ग्रहण गरिएको छ। ती तेईसओटा तत्त्वहरू हुन्– महत्तत्त्व, अहङ्कार, पञ्चभूत, पञ्चतन्मात्रा, मनसहित एघार इन्द्रियहरू।

सोऽनुप्रविष्टो भगवांश्चेष्टारूपेण तं गणम्।

भिन्नं संयोजयामास सुप्तं कर्म प्रबोधयन्॥ ३॥

पदार्थ–

चेष्टारूपेण = क्रियाशक्तिको रूपमा	**अनुप्रविष्टो** = अन्तर्यामीरूपले	**सुप्तं** = सुप्त अवस्थामा रहेको (जीवहरूको)
तं = त्यो	**प्रबोधयन्** = जगाउँदै पस्नुभएका	**कर्म** = कर्मसंस्कारहरूलाई
गणम् = तत्त्वहरूको समूहमा	**सः** = उहाँ	**भिन्नं** = छुट्टाछुट्टै रहेको गणलाई
	भगवान् = भगवान्ले	**संयोजयामास** = संयुक्त पार्नुभयो

वाक्यार्थ– तिनीहरूमा प्रविष्ट भएर उहाँले सुप्त अवस्थामा रहेको जीवहरूको कर्मसंस्कारहरूलाई जाग्रत् गर्नुभयो र परस्परमा भिन्न त्यो तत्त्वसमूहलाई आफ्नो क्रियाशक्तिद्वारा आपसमा मिलाउनुभयो।

प्रबुद्धकर्म दैवेन त्रयोविंशतिको गणः।
प्रेरितोऽजनयत् स्वाभिर्मात्राभिरधिपूरुषम्॥ ४॥

पदार्थ–

दैवेन = ईश्वरद्वारा	**गणः** = समूहले	**अधिपूरुषम्** = विराट् पुरुषको देहलाई
प्रेरितः = प्रेरित भएको र	**स्वाभिः** = आफ्ना	
प्रबुद्धकर्म = क्रियाशक्ति अभिव्यक्त भएको	**मात्राभिः** = अंशहरूको संयोगबाट	**अजनयत्** = प्रकट गर्‍यो
त्रयोविंशतिकः = तेईस तत्त्वको		

वाक्यार्थ– यसप्रकार जब भगवान्ले अदृष्टलाई कार्योन्मुख गर्नुभयो, तब त्यो तेइस तत्त्वको समूहले भगवान्को प्रेरणाले आफ्नो अंशद्वारा विराट् पुरुषलाई उत्पन्न गर्‍यो।

परेण विशता स्वस्मिन् मात्रया विश्वसृग्गणः।
चुक्षोभान्योन्यमासाद्य यस्मिन् लोकाश्चराचराः॥ ५॥

पदार्थ–

परेण = परमात्मा	**अन्योन्यम्** = अरू-अरू तत्त्वहरूसँग	**यस्मिन्** = जुन विराट्मा
स्वस्मिन् = आफूभित्र		**चराचराः** = चर र अचर
विशता = प्रवेश गरेपछि	**आसाद्य** = मिलेर	**लोकाः** = सम्पूर्ण सृष्टि अडिएको छ
विश्वसृग्गणः = विश्व रचना गर्ने महत्तत्त्व आदिको समूह	**मात्रया** = केही अंशहरूद्वारा	
	चुक्षोभ = विराट् देहको रूपमा परिणत भयो	

वाक्यार्थ– अर्थात् जब भगवान्ले अंशरूपले आफ्नो शरीरमा प्रवेश गर्नुभयो, तब त्यो विश्वरचना गर्ने महत्तत्त्व आदिको समुदाय एकअर्कोसँग मिलेर विराट् पुरुष बन्यो। जुन विराट्मा चराचर सम्पूर्ण सृष्टि अडिएको छ।

हिरण्मयः स पुरुषः सहस्रपरिवत्सरान्।

आण्डकोश उवासाप्सु सर्वसत्त्वोपबृंहितः॥ ६॥

पदार्थ–

सर्वसत्त्वोपबृंहितः = सम्पूर्ण जीवहरूलाई साथमा लिएको	**पुरुषः** = विराट् पुरुष	**सहस्रपरिवत्सरान्** = हजारौँ वर्षसम्म
सः = त्यो	**आण्डकोशे** = ब्रह्माण्डभित्र	**उवास** = रह्यो
हिरण्मयः = हिरण्मय	**अप्सु** = जलमा	

वाक्यार्थ– जलभित्र जुन अखण्ड आश्रयस्थान थियो, त्यसमा त्यो हिरण्मय विराट् पुरुष सम्पूर्ण जीवहरूलाई साथमा लिएर एकहजार दिव्यवर्षसम्म त्यहीँ रहिरह्यो।

स वै विश्वसृजां गर्भो देवकर्मात्मशक्तिमान्।

विबभाजात्मनात्मानमेकधा दशधा त्रिधा॥ ७॥

पदार्थ–

वै = निश्चय नै	**सः** = विराट्ले	**दशधा** = क्रियाशक्तिभित्र प्राणवृत्तिको रूपमा दश प्रकारले र
विश्वसृजां = विश्व रचना गर्ने महत्तत्त्व आदिको	**आत्मना** = आफूले नै	**त्रिधा** = अधिदैव, अध्यात्म र अधिभूतको रूपमा तीन प्रकारले
गर्भः = कार्यरूप	**आत्मानम्** = आफैँलाई	**विबभाज** = विभक्त गर्‍यो
देवकर्मात्मशक्तिमान् = ज्ञानशक्ति, क्रियाशक्ति र आत्मशक्तिले सहित	**एकधा** = भोक्तृत्व ज्ञानशक्तिको रूपमा एक प्रकारले	

वाक्यार्थ– त्यो विश्वरचना गर्ने तत्त्वहरूको कार्य थियो; तथा ज्ञान, क्रिया र आत्मशक्तिले सम्पन्न थियो। यी शक्तिहरूद्वारा उसले स्वयं आफ्नो क्रमशः एक (हृदयरूप) दश (प्राणरूप) र तीन (आध्यात्मिक, आधिभौतिक र आधिदैविक) विभाग गर्‍यो।

एष ह्यशेषसत्त्वानामात्मांशः परमात्मनः।

आद्योऽवतारो यत्रासौ भूतग्रामो विभाव्यते॥ ८॥

पदार्थ–

अंशः = जीवको प्रथम अंशको रूपमा रहेको	**अशेषसत्त्वानाम्** = सम्पूर्ण जीवहरूको	**परमात्मनः** = परमात्माको
एषः = यो विराट् पुरुष	**आत्मा** = समष्टिचेतन हो र	**आद्यः** = प्रथम
हि = निश्चय नै	**असौ** = यो विराट्	**अवतारः** = अवतार हो
		यत्र = जहाँ

भूतग्रामः = प्राणीहरूको	समुदाय	**विभाव्यते** = प्रकट हुन्छ

वाक्यार्थ– यो विराट् पुरुष प्रथम जीव भएकाले समस्त जीवहरूको आत्मा र जीवरूप हुनाको कारणले परमात्माको अंश र पहिला अभिव्यक्त हुनाको कारणले भगवान्को प्रथम अवतार हो। यो सम्पूर्ण भूतसमुदाय यसैमा प्रकाशित हुन्छ।

साध्यात्मः साधिदैवश्च साधिभूत इति त्रिधा।
विराट्प्राणो दशविध एकधा हृदयेन च॥ ९॥

पदार्थ–

विराट् = विराट् पुरुष	**साधिभूतः** = अधिभूतस्वरूपले	**दशविधः** = दश प्रकारले र
साध्यात्मः = अध्यात्मले सहित	सहित	**हृदयेन च** = हृदयावच्छिन्न
साधिदैवः = अधिदैवरूपले	**इति** = यसप्रकार	चैतन्यको रूपमा
सहित	**त्रिधा** = तीन प्रकारको छ	**एकधा** = एकरूपमा मात्र छ
	प्राणः = प्राणवृत्तिको रूपमा	

वाक्यार्थ– यो अध्यात्म, अधिभूत र अधिदैवरूपले तीनप्रकारको, प्राणरूपले दश प्रकारको र हृदयरूपले एक प्रकारको छ।

स्मरन् विश्वसृजामीशो विज्ञापितमधोक्षजः।
विराजमतपत् स्वेन तेजसैषां विवृत्तये॥ १०॥

पदार्थ–

अधोक्षजः = इन्द्रियबाट नभेटिने	**स्मरन्** = स्मरण गरेर	**विवृत्तये** = विभिन्न नामरूप
ईशः = भगवान्ले	**स्वेन** = आफ्नो	प्रकट गर्नका लागि
विश्वसृजाम् = विश्व रचना गर्ने	**तेजसा** = चिच्छक्तिद्वारा	**विराजम्** = विराट्लाई
महत्तत्त्व आदिको	**एषां** = यी तत्त्वहरूको	**अतपत्** = विचाररूप तपद्वारा
विज्ञापितम् = प्रार्थनालाई		प्रकाशित गर्नुभयो

वाक्यार्थ– फेरि भगवान्ले विश्वको रचना गर्ने महत्तत्त्व आदिको प्रार्थनालाई स्मरण गरेर उनको वृत्तिलाई जगाउनको लागि आफ्नो चेतनरूप तेजले त्यस विराट् पुरुषलाई प्रकाशित गरेर जगाउनुभयो।

अथ तस्याभितप्तस्य कतिधायतनानि ह।
निरभिद्यन्त देवानां तानि मे गदतः शृणु॥ ११॥

पदार्थ–

अथ = त्यसपछि	**तस्य** = परमात्माले	

अभितप्तस्य = विचारमय तप गरेपछि
ह = निश्चय नै
देवानां = तत्त्वात्मक देवताहरूको
कतिधा = कति प्रकारका
आयतनानि = स्थानहरू
निरभिद्यन्त = प्रकट भए
तानि = ती सबैको बारेमा
गदतः = भनिरहेको
मे = म (मैत्रेय)बाट
शृणु = सुन्नुहोस्

वाक्यार्थ– त्यसपछि परमात्माले विचारमय तप गरेपछि निश्चय नै तत्त्वात्मक देवताहरूको कति प्रकारका स्थानहरू प्रकट भए ती सबैको बारेमा भनिरहेको म (मैत्रेय)बाट सुन्नुहोस्।

तस्याग्निरास्यं निर्भिन्नं लोकपालोऽविशत् पदम्।
वाचा स्वांशेन वक्तव्यं ययासौ प्रतिपद्यते॥ १२॥

पदार्थ–

तस्य = विराट् पुरुषको
आस्यं = मुख
निर्भिन्नं = प्रकट भयो अनि
स्वांशेन = आफ्नो अंशभूत
वाचा = वाणीद्वारा
लोकपालः = लोकपाल
अग्निः = अग्निदेवता
पदम् = त्यस स्थानमा
अविशत् = प्रवेश गर्नुभयो
यया = जुन वाणीको कारणले
असौ = यो जीव
वक्तव्यं = बोल्नुपर्ने कुरा
प्रतिपद्यते = जान्दछ

वाक्यार्थ– विराट् पुरुषको मुख प्रकट भयो अनि आफ्नो अंशभूत वाणीद्वारा लोकपाल अग्निदेवता त्यस स्थानमा प्रवेश गर्नुभयो जुन वाणीको कारणले यो जीव बोल्नुपर्ने कुरा जान्दछ।

निर्भिन्नं तालु वरुणो लोकपालोऽविशद्धरेः।
जिह्वयांशेन च रसं ययासौ प्रतिपद्यते॥ १३॥

पदार्थ–

हरेः = विराट्को
तालु = तालुस्थान
निर्भिन्नं = प्रकट भयो
लोकपालः = लोकपाल
वरुणः = वरुणदेवता (आफ्नो अंशभूत)
जिह्वया = रसना
अंशेन = अंशद्वारा
अविशत् = प्रवेश गर्नुभयो
यया = जुन रसनाशक्तिबाट
असौ = जीवात्मा
रसं = रसलाई
प्रतिपद्यते = ग्रहण गर्दछ

वाक्यार्थ– फेरि विराट् पुरुषको तालु उत्पन्न भयो। त्यसमा लोकपाल वरुण आफ्नो अंश रसनेन्द्रिय सहित स्थित हुनुभयो, जसद्वारा जीव रस ग्रहण गर्दछ।

निर्भिन्ने अश्विनौ नासे विष्णोराविशतां पदम्।
घ्राणेनांशेन गन्धस्य प्रतिपत्तिर्यतो भवेत्॥ १४॥

पदार्थ–

विष्णोः = विराट्को	**घ्राणेन** = घ्राणरूप	**यतः** = जहाँबाट
नासे = नासिका छिद्रहरू	**अंशेन** = अंश सहित भई	**गन्धस्य** = गन्धको
निर्भिन्ने = प्रकट भए	**पदम्** = उक्त स्थानमा	**प्रतिपत्तिः** = ग्रहण
अश्विनौ = अश्विनीकुमारहरू	**आविशतां** = प्रवेश गर्नुभयो	**भवेत्** = हुन्छ

वाक्यार्थ– त्यसपछि विराट् पुरुषबाट नासिकाछिद्र प्रकट भए। ती नासिकाछिद्रहरूमा अश्विनीकुमार आफ्नै अंश घ्राणेन्द्रियसहित प्रविष्ट हुनुभयो। यसैद्वारा जीवले गन्ध ग्रहण गर्दछ।

निर्भिन्ने अक्षिणी त्वष्टा लोकपालोऽविशद्विभोः।

चक्षुषांशेन रूपाणां प्रतिपत्तिर्यतो भवेत्॥ १५॥

पदार्थ–

विभोः = विराट् पुरुषको	**त्वष्टा** = सूर्यले	**यतः** = जहाँबाट
अक्षिणी = आँखाहरू	**चक्षुषा** = चक्षुरिन्द्रियरूप	**रूपाणां** = रूपहरूको
निर्भिन्ने = प्रकट भए	**अंशेन** = अंशद्वारा	**प्रतिपत्तिः** = ज्ञान
लोकपालः = लोकपति	**अविशत्** = प्रवेश गर्नुभयो	**भवेत्** = हुन्छ

वाक्यार्थ– यसप्रकार जब त्यो विराट् देहमा आँखा प्रकट भए, तब ती आँखामा आफ्नो अंश नेत्रेन्द्रिय सहित लोकपति सूर्यले प्रवेश गर्नुभयो। यसै नेत्रेन्द्रियद्वारा पुरुषलाई विविध रूपको ज्ञान हुन्छ।

निर्भिन्नान्यस्य चर्माणि लोकपालोऽनिलोऽविशत्।

प्राणेनांशेन संस्पर्शं येनासौ प्रतिपद्यते॥ १६॥

पदार्थ–

अस्य = विराट्को	**अनिलः** = वायुदेवता	**येन** = जुन त्वगिन्द्रियद्वारा
चर्माणि = छालाहरू	**प्राणेन** = प्राणरूपी	**आसौ** = जीव
निर्भिन्नानि = प्रकट भए	**अंशेन** = अंशद्वारा	**संस्पर्शं** = स्पर्शलाई
लोकपालः = लोकपाल	**अविशत्** = प्रवेश गर्नुभयो	**प्रतिपद्यते** = जान्दछ

वाक्यार्थ– फेरि त्यो विराट् विग्रहमा त्वचा उत्पन्न भयो। त्यसमा आफ्नो अंश त्वगिन्द्रियसहित वायुदेवता स्थित हुनुभयो। यसै त्वगिन्द्रियद्वारा जीव स्पर्शको अनुभव गर्दछ।

कर्णावस्य विनिर्भिन्नौ धिष्ण्यं स्वं विविशुर्दिशः।

श्रोत्रेणांशेन शब्दस्य सिद्धिं येन प्रपद्यते॥ १७॥

पदार्थ–

अस्य = विराट्को
कर्णौ = कानका छिद्रहरू
विनिर्भिन्नौ = प्रकट भए
स्वं धिष्ण्यं = आफ्नो वासस्थानमा
श्रोत्रेण = श्रोत्रेन्द्रियरूप
अंशेन = अंशद्वारा
दिशः = दिशाहरू
विविशुः = प्रवेश गरे
येन = जुन श्रोत्रद्वारा
शब्दस्य = शब्दको
सिद्धिं = अभिव्यक्तिलाई
प्रपद्यते = जीव जान्दछ

वाक्यार्थ– जब यसका कर्णच्छिद्र प्रकट भए, तब उसमा आफ्नो अंश श्रवणेन्द्रिय सहित दिशाहरूले प्रवेश गरे। जुन श्रवणेन्द्रियद्वारा जीवलाई शब्दको ज्ञान हुन्छ।

त्वचमस्य विनिर्भिन्नां विविशुर्धिष्ण्यमोषधीः।
अंशेन रोमभिः कण्डूं यैरसौ प्रतिपद्यते ॥ १८ ॥

पदार्थ–

अस्य = विराट्को
विनिर्भिन्नां = प्रकट भयो
त्वचम् = बाहिरी छालारूप
धिष्ण्यम् = वासस्थानमा
ओषधीः = औषधिहरू
रोमभिः = रौँरूपी
अंशेन = अंशद्वारा
विविशुः = प्रवेश गर्नुभयो
यैः = जुन रौँहरूबाट
असौ = जीव
कण्डूं = कन्याउन
प्रतिपद्यते = जान्दछ

वाक्यार्थ– विराट्को प्रकट भयो बाहिरी छालारूप वासस्थानमा औषधिहरू रौँरूपी अंशद्वारा प्रवेश गर्नुभयो जुन रौँहरूबाट जीव कन्याउन जान्दछ।

मेढ्रं तस्य विनिर्भिन्नं स्वधिष्ण्यं क उपाविशत्।
रेतसांशेन येनासावानन्दं प्रतिपद्यते ॥ १९ ॥

पदार्थ–

तस्य = विराट्को
मेढ्रं = जननेन्द्रिय
विनिर्भिन्नं = प्रकट भयो
कः = प्रजापतिले
स्वधिष्ण्यं = आफ्नो वासस्थानमा
रेतसा = वीर्यरूप
अंशेन = अंशद्वारा
उपाविशत् = प्रवेश गर्नुभयो
येन = जसको कारणले
असौ = यो जीव
आनन्दं = कामसुख
प्रतिपद्यते = अनुभव गर्दछ

वाक्यार्थ– विराट्को जननेन्द्रिय प्रकट भयो प्रजापतिले आफ्नो वासस्थानमा वीर्यरूप अंशद्वारा प्रवेश गर्नुभयो, जसको कारणलेयो जीव कामसुख अनुभव गर्दछ।

गुदं पुंसो विनिर्भिन्नं मित्रो लोकेश आविशत्।
पायुनांशेन येनासौ विसर्गं प्रतिपद्यते ॥ २० ॥

पदार्थ–

पुंसः = पुरुषको	**मित्रः** = यमराजले	**येन** = जसको मद्दतले
गुदं = गुदद्वार	**पायुना** = पायु इन्द्रियरूप	**असौ** = यो जीव
विनिर्भिन्नं = प्रकट भयो अनि	**अंशेन** = अंशद्वारा	**विसर्गं** = मलत्याग गर्न
लोकेशः = लोकपाल	**आविशत्** = प्रवेश गर्नुभयो	**प्रतिपद्यते** = समर्थ हुन्छ

वाक्यार्थ– फेरि विराट् पुरुषबाट गुदा प्रकट भयो। त्यसमा लोकपाल यमराजले आफ्नो अंश पायु इन्द्रियसहित प्रवेश गर्नुभयो। यसबाट जीव मलत्याग गर्न समर्थ हुन्छ।

हस्तावस्य विनिर्भिन्नाविन्द्रः स्वर्पतिराविशत्।
वार्तयांशेन पुरुषो यया वृत्तिं प्रपद्यते॥ २१॥

पदार्थ–

अस्य = पुरुषको	**इन्द्रः** = इन्द्र देवताले	**यया** = जसद्वारा
हस्तौ = हातहरू	**वार्तया** = ग्रहण र त्याग	**पुरुषः** = जीव
विनिर्भिन्नौ = प्रकट भए	**अंशेन** = अंशद्वारा	**वृत्तिं** = जीविका
स्वर्पतिः = स्वर्गको राजा	**आविशत्** = प्रवेश गर्नुभयो	**प्रपद्यते** = चलाउन समर्थ हुन्छ

वाक्यार्थ– त्यसपछि उसका हातहरू प्रकट भए। तिनमा आफ्नो ग्रहणरूप शक्तिसहित देवराज इन्द्रले प्रवेश गर्नुभयो। यस शक्तिबाट जीव आफ्नो जीविका प्राप्त गर्दछ।

पादावस्य विनिर्भिन्नौ लोकेशो विष्णुराविशत्।
गत्या स्वांशेन पुरुषो यया प्राप्यं प्रपद्यते॥ २२॥

पदार्थ–

अस्य = विराट्को	**विष्णुः** = विष्णुजीले	**यया** = जसद्वारा
पादौ = चरणहरू	**स्वांशेन** = आफ्नो अंशभूत	**पुरुषः** = जीवले
विनिर्भिन्नौ = प्रकट भए	**गत्या** = गतिशक्तिद्वारा	**प्राप्यं** = लक्ष्य
लोकेशः = लोकपाल	**आविशत्** = प्रवेश गर्नुभयो	**प्रपद्यते** = प्राप्त गर्दछ

वाक्यार्थ– यी विराट्को पुरुषको चरण उत्पन्न भए, तब आफ्नो शक्ति गतिसहित लोकेश्वर भगवान् विष्णुले प्रवेश गर्नुभयो। यो गतिशक्तिद्वारा जीव आफ्नो गन्त यठाउँमा पुग्दछ।

बुद्धिं चास्य विनिर्भिन्नां वागीशो धिष्ण्यमाविशत्।
बोधेनांशेन बोद्धव्यप्रतिपत्तिर्यतो भवेत्॥ २३॥

पदार्थ–

अस्य = विराट् पुरुषको	**बुद्धिं** = बुद्धिरूप	**धिष्ण्यम्** = स्थानमा
विनिर्भिन्नां = प्रकट भएको	**वागीशः** = ब्रह्माजीले	**बोधेन** = ज्ञानरूप

अंशेन = अंशद्वारा	**बोद्धव्यप्रतिपत्तिः** = ज्ञातव्य वस्तुको ज्ञान
आविशत् = प्रवेश गर्नुभयो	**भवेत्** = हुन्छ
यतः = जुन बुद्धिबाट	

वाक्यार्थ– फेरि यसमा बुद्धि उत्पन्न भयो। आफ्नो यो ठाउँमा बुद्धिशक्तिका साथ वाक्पति ब्रह्माजीले प्रवेश गर्नुभयो। यही बुद्धिशक्तिद्वारा जीव ज्ञातव्यविषयलाई जान्दछ।

हृदयं चास्य निर्भिन्नं चन्द्रमा धिष्ण्यमाविशत्।
मनसांशेन येनासौ विक्रियां प्रतिपद्यते॥ २४॥

पदार्थ–

अस्य च = फेरि यो विराट्को	**मनसा** = मनरूपी	**येन** = जुन मनको सहायताले
हृदयं = हृदय	**अंशेन** = अंशद्वारा	**असौ** = जीव
निर्भिन्नं = प्रकट भयो	**चन्द्रमा** = चन्द्रमा	**विक्रियां** = सङ्कल्प विकल्प
धिष्ण्यम् = त्यस स्थानमा	**आविशत्** = प्रवेश गर्नुभयो	**प्रतिपद्यते** = गर्न सक्छ

वाक्यार्थ– फेरि यो विराट्को हृदय प्रकट भयो त्यस स्थानमा मनरूपी अंशद्वारा चन्द्रमा प्रवेश गर्नुभयो जुन मनको सहायताले जुन मनको सहायताले जीव सङ्कल्प विकल्प गर्न सक्छ।

आत्मानं चास्य निर्भिन्नमभिमानोऽविशत् पदम्।
कर्मणांशेन येनासौ कर्तव्यं प्रतिपद्यते॥ २५॥

पदार्थ–

अस्य = विराट्को	**कर्मणा** = अहङ्कृतिरूप कर्मको	**असौ** = जसद्वारा जीव
आत्मानं = अहङ्कार	**अंशेन** = अंशद्वारा	**कर्तव्यं** = कर्तव्यलाई
च = पनि	**अभिमानः** = रुद्रजीले	**प्रतिपद्यते** = जान्दछ
निर्भिन्नम् = प्रकट भयो (अनि आफ्नो स्थानमा)	**अविशत्** = प्रवेश गर्नुभयो	
	येन = जसद्वारा	

वाक्यार्थ– त्यसपछि विराट् पुरुषमा अहङ्कार उत्पन्न भयो। यो आफ्नो आश्रयमा क्रियाशक्तिसहित रुद्रले प्रवेश गर्नुभयो, जसद्वारा जीव कर्तव्यलाई स्वीकार गर्दछ।

सत्त्वं चास्य विनिर्भिन्नं महान् धिष्ण्यमुपाविशत्।
चित्तेनांशेन येनासौ विज्ञानं प्रतिपद्यते॥ २६॥

पदार्थ–

अस्य = विराट्को	**सत्त्वं च** = चित्त पनि	**विनिर्भिन्नं** = प्रकट भयो र

धिष्ण्यम् = उक्त स्थानमा
महान् = महत्तत्त्व
चित्तेन = चैतन्यरूप
अंशेन = अंशले
उपाविशत् = प्रवेश गऱ्यो
येन = जुन चैतन्यद्वारा
असौ = जीव
विज्ञानं = ज्ञानलाई
प्रतिपद्यते = ग्रहण गर्दछ

वाक्यार्थ– त्यसपछि यसमा चित्त प्रकट भयो। उसमा चित्‌शक्ति सहित महत्तत्त्व स्थित भयो। यही चैतन्य शक्तिद्वारा जीव ज्ञानलाई प्राप्त गर्दछ।

शीर्ष्णोऽस्य द्यौर्धरा पद्भ्यां खं नाभेरुदपद्यत।
गुणानां वृत्तयो येषु प्रतीयन्ते सुरादयः॥ २७॥

पदार्थ–

अस्य = विराट्‌को
शीर्ष्णः = शीर्षभागबाट
द्यौः = अन्तरिक्ष
पद्भ्यां = पाउबाट
धरा = पृथिवी र
नाभेः = नाभिबाट
खं = आकाश
उदपद्यत = उत्पन्न भयो
येषु = जहाँ
गुणानां = गुणहरूका
वृत्तयः = परिणामरूप
सुरादयः = देवताहरू
प्रतीयन्ते = प्रतीत हुन्छन्

वाक्यार्थ– विराट्‌को शीर्षभागबाट अन्तरिक्ष, पाउबाट पृथिवी र नाभिबाट आकाश उत्पन्न भयो जहाँ गुणहरूका परिणामरूप देवताहरू प्रतीत हुन्छन्।

आत्यन्तिकेन सत्त्वेन दिवं देवाः प्रपेदिरे।
धरां रजःस्वभावेन पणयो ये च ताननु॥ २८॥
तार्तीयेन स्वभावेन भगवन्नाभिमाश्रिताः।
उभयोरन्तरं व्योम ये रुद्रपार्षदां गणाः॥ २९॥

पदार्थ–

देवाः = देवताहरूले
आत्यन्तिकेन = केवल
सत्त्वेन = सत्त्वगुणको कारणले
दिवं = स्वर्गलोकलाई
प्रपेदिरे = प्राप्त गरे
पणयः = यागादि गर्ने मनुष्यहरूले र
ये च = अरू पनि
तान् = उनीहरूको
अनु = अनुवर्तन गर्ने (गाई आदिले)
रजःस्वभावेन = रज स्वभावको कारणले
धरां = पृथिवीलोकलाई
तार्तीयेन = तेस्रो (तमोगुणी)
स्वभावेन = स्वभावको कारणले
ये = जो
रुद्रपार्षदां = रुद्रका पार्षद
गणाः = भूतादिगणहरू छन् तिनीहरूले
भगवन्नाभिम् = भगवान्‌को नाभिस्थानभूत
उभयोः अन्तरं = पृथिवी र अन्तरिक्षको बीचमा
व्योम = आकाशलाई
आश्रिताः = आश्रय बनाउनुभयो

वाक्यार्थ– यीमध्ये देवताहरू सत्त्वगुणको अधिकताको कारण स्वर्गलोकमा, मनुष्य र उनीहरूका लागि उपयोगी गाई आदि जीवहरू रजोगुणको अधिकताको कारण पृथिवीमा तथा तमोगुणस्वभाव भएका रुद्रका पार्षदगण भूत, प्रेत, पिशाच आदि दुइओटाको बीचमा स्थित भगवान्को नाभिस्थानीय अन्तरिक्ष लोकमा निवास गर्दछन्।

मुखतोऽवर्तत ब्रह्म पुरुषस्य कुरूद्वह।
यस्तून्मुखत्वाद् वर्णानां मुख्योऽभूद् ब्राह्मणो गुरुः॥ ३०॥

पदार्थ–

कुरूद्वह = हे विदुरजी	**वर्णानां** = चार वर्णहरूमध्ये	**मुख्यः** = मुख्य र
पुरुषस्य = विराट्को	**यः** = जुन	**गुरुः** = वेदशिक्षा प्रदाता गुरु
मुखतः = मुखबाट	**ब्राह्मणः** = ब्राह्मण छ त्यो	**अभूत्** = भयो
ब्रह्म = वेद	**उन्मुखत्वात्** = मुखबाट उत्पन्न	
अवर्तत = उत्पन्न भयो	भएकाले	

वाक्यार्थ– विदुरजी ! वेद र ब्राह्मण भगवान्को मुखबाट प्रकट भए। मुखबाट प्रकट भएको हुनाले ब्राह्मण सबै वर्णहरूमा श्रेष्ठ र सबको गुरु हो।

बाहुभ्योऽवर्तत क्षत्रं क्षत्रियस्तदनुव्रतः।
यो जातस्त्रायते वर्णान् पौरुषः कण्टकक्षतात्॥ ३१॥

पदार्थ–

बाहुभ्यः = भुजाबाट	वृत्तिलाई अनुकरण गर्ने भयो	**कण्टकक्षतात्** = चोर आदि
क्षत्रं = क्षत्रियवृत्ति	**पौरुषः** = पुरुषार्थवान्	उपद्रवहरूबाट
अवर्तत = प्रकट भयो	**यः** = जो	**वर्णान्** = अरू वर्णहरूलाई
क्षत्रियः = क्षत्रिय कुल	**जातः** = जन्मिएर	**त्रायते** = रक्षा गर्दछ
तदनुव्रतः = त्यही रक्षकत्व		

वाक्यार्थ– उहाँको भुजाबाट क्षत्रियवृत्ति र उसको अबलम्बन गर्ने क्षत्रिय वर्ण उत्पन्न भयो। जुन विराट् भगवान्को अंश हुनाको कारणले उसले जन्म लिएर चोर आदि उपद्रवबाट सब वर्णहरूको रक्षा गर्दछ।

विशोऽवर्तन्त तस्योर्वोर्लोकवृत्तिकरीर्विभोः।
वैश्यस्तदुद्भवो वार्तां नृणां यः समवर्तयत्॥ ३२॥

पदार्थ–

तस्य = उहाँ
विभोः = व्यापक विराट् पुरुषको
उर्वोः = तिघ्राबाट
लोकवृत्तिकरीः = संसारलाई नै जीविका प्रदान गर्ने

विशः = वैश्यवृत्ति
अवर्तन्त = उत्पन्न भए
तदुद्भवः = त्यहाँबाट उत्पन्न
वैश्यः = वैश्यवर्ण हो
यः = जसले

नृणां = मनुष्यहरूको
वार्ता = जीविका
समवर्तयत् = चलायो

वाक्यार्थ– भगवान्का दुईटा तिघ्राबाट सम्पूर्ण मनुष्यहरूको निर्वाह गर्ने वैश्यवृत्ति र वैश्यवर्ण उत्पन्न भए। यस वर्णले मनुष्यहरूको जीविका चलायो।

पद्भ्यां भगवतो जज्ञे शुश्रूषा धर्मसिद्धये।

तस्यां जातः पुरा शूद्रो यद् वृत्त्या तुष्यते हरिः॥ ३३॥

पदार्थ–

भगवतः = विराट्को
पद्भ्यां = पाउबाट
धर्मसिद्धये = धर्मरूप पुरुषार्थ सिद्धिको लागि
शुश्रूषा = सेवावृत्ति

जज्ञे = उत्पन्न भयो
तस्यां = सेवावृत्तिमा
पुरा = पहिले
शूद्रः = शूद्रवर्ण
जातः = उत्पन्न भयो

यद् वृत्त्या = जुन सेवाभावद्वारा
हरिः = सर्वात्मा भगवान्
तुष्यते = प्रसन्न हुनुहुन्छ

वाक्यार्थ– फेरि सब धर्महरूको चरणबाट सेवावृत्ति र त्यो वृत्तिको अधिकारी शुद्रवर्ण प्रकट भयो। जसको वृत्तिले सर्वात्मा भगवान् प्रसन्न हुनुहुन्छ।

एते वर्णाः स्वधर्मेण यजन्ति स्वगुरुं हरिम्।

श्रद्धयात्मविशुद्ध्यर्थं यज्जाताः सह वृत्तिभिः॥ ३४॥

पदार्थ–

एते = यी
वर्णाः = चारथरी वर्णहरू
स्वधर्मेण = आ–आफ्ना धर्मद्वारा
स्वगुरुं = आफ्ना जनक

हरिम् = भगवान्लाई
आत्मविशुद्ध्यर्थं = चित्तशुद्धिका लागि
श्रद्धया = श्रद्धापूर्वक

यजन्ति = पूजन गर्दछन्
यत् = किनभने (यिनीहरू)
वृत्तिभिः सह = आफ्ना वृत्तिसँगै
जाताः = जन्मिएका हुन्

वाक्यार्थ– यी चारै वर्णहरू आआफ्नो वृत्तिसहित जुन भगवान्बाट उत्पन्न भएका छन्, उनै आफ्ना गुरु श्रीहरिको आ–आफ्ना धर्मद्वारा चित्तशुद्धिको लागि श्रद्धापूर्वक पूजन गर्दछन्।

एतत् क्षत्तर्भगवतो दैवकर्मात्मरूपिणः।

कः श्रद्दध्यादुपाकर्तुं योगमायाबलोदयम्॥ ३५॥

पदार्थ–

क्षत्तः = हे विदुरजी

दैवकर्मात्मरूपिणः = कालकर्मस्वभाव शक्तिवाला	**योगमायाबलोदयम्** = योगमायाको कारणले उत्पन्न विराट् रूपलाई	**कः** = कुन मानिसले
भगवतः = भगवान्को	**उपाकर्तुं** = निरूपण गर्न	**श्रद्दध्यात्** = साह गर्न सक्दछ र
एतत् = यो		

वाक्यार्थ– विदुरजी ! यो विराट् पुरुष काल, कर्म र स्वभाव शक्तिले युक्त भगवान्को योगमायाको प्रभावलाई प्रकट गर्दछ। यसको स्वभावको पूर्णरूपले वर्णन गर्न कुन मानिसले साहस गर्न सक्छ र ?

तथापि कीर्तयाम्यङ्ग यथामति यथाश्रुतम्।
कीर्तिं हरेः स्वां सत्कर्तुं गिरमन्याभिधासतीम्॥ ३६॥

पदार्थ–

तथा अपि = तैपनि	**यथामति** = आफ्नो बुद्धिअनुसार मात्र भए	**गिरम्** = वाणीलाई
अङ्ग = हे प्रिय विदुरजी	**अपि** = पनि	**सत्कर्तुं** = पवित्र पार्नको लागि
हरेः = भगवान्को	**अन्याभिधासतीम्** = अरू संसारी कुराबाट मलिन भएको	**कीर्तयामि** = बताउँछु
कीर्तिं = कीर्तिलाई	**स्वां** = आफ्नो	
यथाश्रुतम् = गुरुबाट सुने अनुसार अनि अरू		

वाक्यार्थ– तथापि प्रिय विदुरजी ! अन्य व्यावहारिक चर्चाले अपवित्र भएको आफ्नो वाणीलाई पवित्र गर्नका लागि मेरो बुद्धिमा जति सामर्थ्य छ र मैले गुरुमुखबाट जति सुनेको छु त्यसको अनुसार श्रीहरिको गुणहरूको वर्णन गर्दछु।

एकान्तलाभं वचसो नु पुंसां
सुश्लोकमौलेर्गुणवादमाहुः।
श्रुतेश्च विद्वद्भिरुपाकृतायां
कथासुधायामुपसम्प्रयोगम्॥ ३७॥

पदार्थ–

सुश्लोकमौले = सर्वाधिक कीर्तिशाली भगवान्को	**विद्वद्भिः** = विद्वान्हरूद्वारा	**उपसम्प्रयोगम्** = संयुक्त पार्नु नै
गुणवादम् = गुणवर्णन गर्नु नै	**उपाकृतायां** = वर्णित	**श्रुतेः च** = कानको पनि
पुंसां = मनुष्यहरूको	**कथासुधायाम्** = भगवान्को कथामृतमा	**एकान्तलाभं** = एकमात्र र सर्वोत्तम लाभ हो भनेर
वचसः = वाणीको अनि		**आहुः** = (विद्वान्हरू) भन्दछन्

वाक्यार्थ– महापुरुषहरूको मत के छ भनेपुण्यश्लोक शिरोमणि श्रीहरिको गुणहरूको गान गर्नु नै मनुष्यको वाणीको र विद्वान्को मुखबाट भगवत् कथामृतको पान गर्नु नै उनीहरूको कानको ठुलो लाभ हो।

आत्मनोऽवसितो वत्स महिमा कविनादिना।

संवत्सरसहस्रान्ते धिया योगविपक्वया॥ ३८॥

पदार्थ–

वत्स = हे प्रिय विदुरजी	**आदिना** = आदि	**आत्मनः** = आत्मस्वरूप भगवान्को
योगविपक्वया = चित्तवृत्ति निरोधको कारणले संस्कृत भएको	**कविना** = कवि ब्रह्माजीद्वारा	**महिमा** = महिमा
धिया = बुद्धिले युक्त	**संवत्सरसहस्रान्ते** = हजारौं वर्षसम्म पनि	**अवसितः** = के थाहाँ पाउन सकियो

वाक्यार्थ– हे प्रिय विदुरजी ! मेरो त के कुरा आदिकवि ब्रह्माजीद्वारा एक हजार दिव्यवर्षपर्यन्त आफ्नो योगपरिपक्व बुद्धिद्वारा विचार गर्दा पनि के भगवान्को महिमा के थाहाँ पाउन सकियो र ?

अतो भगवतो माया मायिनामपि मोहिनी।

यत् स्वयं चात्मवर्त्मात्मा न वेद किमुतापरे॥ ३९॥

पदार्थ–

अतः = त्यसकारणले	**अपि** = पनि	**अपरे** = अरूले
भगवतः = भगवान्को	**मोहिनी** = मोह प्रदान गर्दछे	**किम् उत** = के नै जान्न सक्दछन्
माया = मायाशक्तिले	**यत्** = किनभने	
मायिनाम् = माया जान्नेहरूका लागि	**आत्मा** = भगवान्ले समेत	
	न वेद = जान्नुहुन्न	

वाक्यार्थ– त्यसकारणले भगवान्को मायाशक्तिले माया जान्नेहरूका लागि पनि मोह प्रदान गर्दछे किनभने भगवान्ले समेत जान्नुहुन्न अरूले के नै जान्न सक्दछन् ?

यतोऽप्राप्य न्यवर्तन्त वाचश्च मनसा सह।

अहं चान्य इमे देवास्तस्मै भगवते नमः॥ ४०॥

पदार्थ–

अप्राप्य = स्वरूपलाई नजानेर नै	**च** = र	**अन्ये** = अरू
मनसा सह = मन सँगसँगै	**अहं** = अहङ्कारका अधिष्ठाता देवता	**इमे** = यी
वाचः = वाणीहरू		

देवाः = यन्द्रियका अधिष्ठाता देवताहरू	**यतः** = जहाँबाट	**भगवते** = भगवान्लाई
च = पनि	**न्यवर्तन्त** = फर्किए	**नमः** = नमस्कार गर्दछु
	तस्मै = त्यस्ता	

वाक्यार्थ– जहाँ पुग्न नसकेर मनसहित वाणी फर्केर आउँछ र जसको पार पाउन अहङ्कारका अधिष्ठाता देवता रुद्र तथा अन्य इन्द्रियाधिष्ठाता देवताहरू पनि समर्थ छैनन् त्यस्ता भगवान्लाई हाम्रो नमस्कार छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

षष्ठोऽध्यायः॥ ६॥

अथ सप्तमोऽध्यायः

विदुरजीका प्रश्नहरू

श्रीशुक उवाच (श्रीशुकदेवजीले भन्नुभयो)

एवं ब्रुवाणं मैत्रेयं द्वैपायनसुतो बुधः ।
प्रीणयन्निव भारत्या विदुरः प्रत्यभाषत ॥ १ ॥

पदार्थ–

एवं = यसप्रकार	**द्वैपायनसुतः** = व्यासपुत्र	**भारत्या** = प्रार्थनारूप वाणीद्वारा
ब्रुवाणं = बताउँदै गर्नुभएका	**बुधः** = ज्ञानी	**प्रीणयन् इव** = प्रसन्न पार्दै
मैत्रेयं = मैत्रेयजीलाई	**विदुरः** = विदुरजीले	**प्रत्यभाषत** = भन्नुभयो

वाक्यार्थ– यसप्रकार बताउँदै गर्नुभएका मैत्रेयजीलाई व्यासपुत्र ज्ञानी विदुरजीले प्रार्थनारूप वाणीद्वारा प्रसन्न पार्दै भन्नुभयो।

विदुर उवाच (विदुरजीले सोध्नुभयो)

ब्रह्मन् कथं भगवतश्चिन्मात्रस्याविकारिणः ।
लीलया चापि युज्येरन्निर्गुणस्य गुणाः क्रियाः ॥ २ ॥

पदार्थ–

ब्रह्मन् = हे मैत्रेयजी	**भगवतः** = भगवान्का	**लीलया अपि** = लीलारूप
चिन्मात्रस्य = ज्ञानस्वरूप	**गुणाः** = सत्त्व, रज र तम	प्रयोजनद्वारा
अविकारिणः = अविकारी	गुणहरू (अनि)	**कथं** = कसरी
निर्गुणस्य = निर्गुण	**क्रियाः** = सृष्टि आदि कर्म	**युज्येरन्** = उत्पन्न हुन सक्दछन्

वाक्यार्थ– हे मैत्रेयजी ! ज्ञानस्वरूप अविकारी निर्गुण भगवान्का सत्त्व, रज र तम गुणहरू अनि सृष्टि आदि कर्म लीलारूप प्रयोजनद्वारा कसरी उत्पन्न हुन सक्दछन् ?

क्रीडायामुद्यमोऽर्भस्य कामश्चिक्रीडिषान्यतः ।
स्वतस्तृप्तस्य च कथं निवृत्तस्य सदान्यतः ॥ ३ ॥

पदार्थ–

अर्भस्य = बालकको	**उद्यमः** = प्रवृत्तिको लागि	**अन्यतः** = अरू साथीबाट
क्रीडायाम् = खेलमा	**कामः** = कामना हुन्छ (अथवा)	

चिक्रीडिषा = खेल्ने इच्छा उत्पन्न हुन्छ परन्तु
स्वतः = आफैँबाट
तृप्तस्य = तृप्त रहने भगवान्‌को त
कथं = कामना कसरी होला ? त्यसै गरी
सदा = सधैँ
निवृत्तस्य = असङ्ग भइरहने प्रभुको
अन्यतः = अर्कालाई देख्ने प्रवृत्ति पनि कसरी होला र

वाक्यार्थ– बालकमा त कामना र आफ्नो साथीसँग खेल्ने इच्छा रहन्छ। त्यसैकारण ऊ खेल्नका लागि प्रयत्न गर्दछ। परन्तु भगवान् त स्वतः नित्यतृप्त, पूर्णकाम र सर्वदा असङ्ग हुनुहुन्छ। अतः क्रीडाका लागि पनि उहाँले सङ्कल्प किन गर्नुभयो ?

अस्राक्षीद् भगवान् विश्वं गुणमय्यात्ममायया।
तया संस्थापयत्येतद् भूयः प्रत्यपिधास्यति॥ ४॥

पदार्थ–

भगवान् = परमात्माले
गुणमय्या = गुणयुक्त
आत्ममायया = आफ्नो मायाशक्तिद्वारा
विश्वं = संसारलाई
अस्राक्षीत् = सृष्टि गर्नुभयो
तया = त्यही मायाद्वारा नै
एतत् = यो जगत्‌लाई
संस्थापयति = पालन गर्नुहन्छ अनि
भूयः = पछि फेरि
प्रत्यपिधास्यति = आफूमा नै लीन गर्नुहुनेछ

वाक्यार्थ– भगवान्‌ले आफ्नो गुणमयी त्यही मायाद्वारा जगत्‌को रचना गर्नुभयो। त्यही मायाद्वारा यसको पालन पनि गर्नुहुन्छ। फेरि त्यही मायाद्वारा संहार पनि गर्नुहुन्छ।

देशतः कालतो योऽसाववस्थातः स्वतोऽन्यतः।
अविलुप्तावबोधात्मा स युज्येताजया कथम्॥ ५॥

पदार्थ–

देशतः = स्थानद्वारा (दूरीको कारणले दीपप्रभाझैँ)
कालतः = समयद्वारा (चम्केर निभ्ने बिजुली झैँ)
अवस्थातः = अवस्थाद्वारा (नाश हुने स्मृतिशक्तिझैँ)
स्वतः = मिथ्या भएकाले स्वतः (नाश हुने स्वरूपझैँ
अन्यतः = प्रहार आदि अरू साधनद्वारा (नासिने घैँटोझैँ)
अविलुप्तावबोधात्मा = कुनै पनि कारणले आफ्नो ज्ञानशक्ति ननासिने
य ः = जो
असौ = उहाँ
सः = त्यो
अजया = मायासँग
कथम् = भगवान्
युज्येत = मिल्न सक्छ

वाक्यार्थ– जसको ज्ञानको देश, काल अथवा अवस्थाद्वारा आफैँ अथवा अरू कुनै निमित्तद्वारा पनि लोप हुँदैन। त्यस्ता असङ्ग ज्ञानस्वरूप भगवान्‌को मायाका साथ कसरी संयोग भयो ?

भगवानेक एवैष सर्वक्षेत्रेष्ववस्थितः।

अमुष्य दुर्भगत्वं वा क्लेशो वा कर्मभिः कुतः ॥ ६ ॥

पदार्थ–

सर्वक्षेत्रेषु = सबै प्राणीभित्र
अवस्थितः = रहेको
एषः = जीव पनि
भगवान् एव = परमात्मस्वरूप नै हो (किनभने)
एकः = संसारमा भगवान्भन्दा भिन्न केही न भएकाले त्यसैले
अमुष्य = यस जीवको
दुर्भगत्वं = नित्य आनन्दको नाश र
कर्मभिः = कर्महरूद्वारा
क्लेशः वा = जन्ममरणरूप दुःख पनि
कुतः = कसरी हुन सक्छ

वाक्यार्थ– सबै प्राणीभित्र रहेको जीव पनि परमात्मस्वरूप नै हो किनभने संसारमा भगवान्भन्दा भिन्न केही न भएकाले त्यसैले यस जीवको नित्य आनन्दको नाश र कर्महरूद्वारा जन्ममरणरूप दुःख पनि कसरी हुन सक्छ ?

एतस्मिन् मे मनो विद्वन् खिद्यतेऽज्ञानसङ्कटे।

तन्नः पराणुद विभो कश्मलं मानसं महत् ॥ ७ ॥

पदार्थ–

विद्वन् = हे तत्त्वदर्शी मैत्रेयजी
एतस्मिन् = यस्तो संशयात्मक
अज्ञानसङ्कटे = अज्ञानको सङ्कटभित्र
मे = मेरो
मनः = मन
खिद्यते = फसेको छ
विभो = हे भगवान्
नः = मेरो
मानसं = हृदयभित्रको
तत् = त्यो संशयात्मक
महत् = अज्ञानजनित ठुलो
कश्मलं = ठुलो दुःखलाई
पराणुद = हटाउनुहोस्

वाक्यार्थ– हे भगवान् ! मेरो मन यो अज्ञानको सङ्कटमा परेर अत्यन्त खिन्न भइरहेको छ। मेरो मनको यो महान् दुःखलाई कृपा गरेर हटाइदिनुहोस्।

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

स इत्थं चोदितः क्षत्त्रा तत्त्वजिज्ञासुना मुनिः।

प्रत्याह भगवच्चित्तः स्मयन्निव गतस्मयः ॥ ८ ॥

पदार्थ–

तत्त्वजिज्ञासुना = तत्त्व जान्न खोज्ने
क्षत्त्रा = विदुरजीद्वारा
इत्थं = यसप्रकार उत्तरको लागि
चोदितः = प्रेरित गरिएका
सः = उहाँ
मुनिः = मैत्रेय मुनिले
भगवच्चित्तः = भगवान्मा चित्त लगाएर
गतस्मयः = ज्ञानद्वारा अहङ्कार नष्ट भए तापनि

स्मयन् इव = प्रौढताको कारणले	हाँसेझैं गरेर	**प्रत्याह** = भन्नुभयो

वाक्यार्थ– तत्त्वजिज्ञासु विदुरजीको यो प्रेरणा प्राप्त गरेर अहङ्काररहीन मैत्रेयजीले भगवान्‌को स्मरण गरेर हाँस्दै भन्नुभयो।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

सेयं भगवतो माया यन्नयेन विरुध्यते।

ईश्वरस्य विमुक्तस्य कार्पण्यमुत बन्धनम्॥ ९॥

पदार्थ–

ईश्वरस्य = ऐश्वर्यशाली प्रभुको	**बन्धनम्** = बन्धन हुने	**भगवतः** = भगवान्‌कै शक्तिभूत
कार्पण्यम् = दीनता	**यत्** = जुन कुरा	**इयं** = यो
उत = अथवा	**नयेन** = तर्कसँग	**माया** = माया छ
विमुक्तस्य = नित्य मुक्त	**विरुध्यते** = मेल खाँदैन	
भगवान्‌को पनि	**सा** = त्यस्तै खालको	

वाक्यार्थ– ऐश्वर्यशाली प्रभुको दीनता अथवा नित्य मुक्त भगवान्‌को पनि बन्धन हुने जुन कुरा तर्कसँग मेल खाँदैन त्यस्तै खालको भगवान्‌कै शक्तिभूत यो माया छ।

यदर्थेन विनामुष्य पुंस आत्मविपर्ययः।

प्रतीयत उपद्रष्टुः स्वशिरश्छेदनादिकः॥ १०॥

पदार्थ–

यत् = जसरी	**अर्थेन** = यथार्थता	**आत्मविपर्ययः** = नभएको
उपद्रष्टुः = स्वप्न देख्ने	**विना** = नभईकन पनि	वस्तुको ज्ञान
अमुष्य = यो	**स्वशिरश्छेदनादिकः** = आफ्नो	**प्रतीयते** = प्रतीत हुन्छ
पुंसः = पुरुषको	शिर काटिएका जस्ता दृश्यहरू	

वाक्यार्थ– जसरी स्वप्नमा कुनै व्यक्तिले आफ्नो शिर काटिएको आफैंले देख्दछ। त्यो शिर काटिनु आदि कार्य मिथ्या भए तापनि मायाको कारणले सत्यझैं प्रतीत हुन्छ त्यसै गरी जीवलाई बन्धन वस्तुतः नभए तापनि अज्ञानको कारणले भासित भइरहेको छ।

यथा जले चन्द्रमसः कम्पादिस्तत्कृतो गुणः।

दृश्यतेऽसन्नपि द्रष्टुरात्मनोऽनात्मनो गुणः॥ ११॥

स वै निवृत्तिधर्मेण वासुदेवानुकम्पया।

भगवद्भक्तियोगेन तिरोधत्ते शनैरिह॥ १२॥

पदार्थ—

यथा = जसरी
जले = जलमा देखिने
चन्द्रमसः = चन्द्रमाको
कम्पादिः = कम्पन आदि
गुणः = धर्महरू
तत्कृतः = पानीद्वारा गराइएको हो
द्रष्टुः = द्रष्टा
आत्मनः = आत्माको
गुणः = धर्म
असन् अपि = आत्मामा नभए पनि
दृश्यते = देखिन्छ
इह = यस जगत्मा
वै = निश्चय नै
अनात्मनः = अनात्माको
सः = त्यो धर्म
निवृत्तिधर्मेण = सर्वकर्मसंन्यासद्वारा
भगवद्भक्तियोगेन = सर्वात्मा भगवान्को अनन्यभक्तिबाट
वासुदेवानुकम्पया = अन्तर्यामी उहाँ प्रभुकै अनुकम्पाबाट
शनैः = विस्तारै
तिरोधत्ते = हट्दैजान्छ

वाक्यार्थ— जसरी जलमा देखिने चन्द्रमाको कम्पन आदि धर्महरू पानीद्वारा गराइएको हो द्रष्टा आत्माको धर्म आत्मामा नभए पनि देखिन्छ। यस जगत्मा निश्चय नै अनात्माको त्यो धर्म सर्वकर्मसंन्यासद्वारा सर्वात्मा भगवान्को अनन्यभक्तिबाट अन्तर्यामी उहाँ प्रभुकै अनुकम्पाबाट विस्तारै हट्दैजान्छ।

यदेन्द्रियोपरामोऽथ द्रष्ट्रात्मनि परे हरौ।
विलीयन्ते तदा क्लेशाः संसुप्तस्येव कृत्स्नशः॥ १३॥

पदार्थ—

अथ = यस्तै
द्रष्ट्रात्मनि = द्रष्टास्वरूप
परे हरौ = परमात्मा श्रीहरिमा
यदा = जुन समयमा
इन्द्रियोपरामः = सत् इन्द्रियहरू विलीन हुन्छन्
तदा = त्यस समयमा
संसुप्तस्य इव = सुषुप्त मनुष्यको झैं गरी
कृत्स्नशः = सम्पूर्ण
क्लेशाः = दुःखहरू
विलीयन्ते = विलीन हुन्छन्

वाक्यार्थ— जुन समयमा सम्पूर्ण इन्द्रियहरू विषयबाट हटेर साक्षी परमात्मा श्रीहरिमा निश्चलभावले स्थित रहन्छन् त्यस समयमा गाढनिद्रामा सुतेको मनुष्यको झैं जीवका रागद्वेष आदि सम्पूर्ण क्लेशहरू सर्वथा नष्ट हुन्छन्।

अशेषसङ्क्लेशशमं विधत्ते
गुणानुवादश्रवणं मुरारेः।
किं वा पुनस्तच्चरणारविन्द-
परागसेवारतिरात्मलब्धा॥ १४॥

पदार्थ—

मुरारेः = श्रीहरि प्रभुको	**आत्मलब्धा** = माञ्जिएको	**किं** = के
गुणानुवादश्रवणं = गुणकीर्तन र	मनद्वारा प्राप्त गरिएको	**पुनः** = फेरि सम्पूर्ण दुःखनाश
श्रवणले	**तच्चरणारविन्दपरागसेवारतिः** =	**विधत्ते** = गर्ला ?
अशेषसङ्क्लेशशमं = सम्पूर्ण	भगवच्चरणकमलरुप परागको	
दुःखहरूको निवृत्ति गर्दछ भने	प्रति अटुट र अनन्यप्रेमले	

वाक्यार्थ— श्रीकृष्णको गुणको वर्णन एवं श्रवणले त सम्पूर्ण दुःखराशिलाई शान्त गरिदिन्छ भने यदि हाम्रा हृदयमा उहाँको चरणकमलको सेवनको प्रेम जाग्यो भने त झन् सम्पूर्ण दुःखनाश नहोला र ? अवश्य हुन्छ।

विदुर उवाच (विदुरजीले भन्नुभयो)

सञ्छिन्नः संशयो मह्यं तव सूक्तासिना विभो।
उभयत्रापि भगवन् मनो मे सम्प्रधावति ॥ १५ ॥

पदार्थ—

विभो = मैत्रेयजी	**संशयः** = भ्रम	**उभयत्र अपि** = ईश्वरको
तव = तपाईंको	**सञ्छिन्नः** = नष्ट भयो	स्वतन्त्रता र जीवको
सूक्तासिना = सद्वचनरूपी	**भगवन्** = हे प्रभो	परतन्त्रताको दुबै विषयमा
तलबारले	**मे** = मेरो	**सम्प्रधावति** = राम्रोसँग प्रवेश
मह्यं = मेरो	**मनः** = मन	गर्दछ

वाक्यार्थ— हे मैत्रेयजी ! तपाईंको सद्वचनरूपी तरबारले मेरा सम्पूर्ण सन्देहहरू छिन्नभिन्न भए। अब मलाई भगवान्‌को स्वतन्त्रता र जीवको परतन्त्रताको विषयमा स्पष्टरूपले ज्ञान भएको छ।

साध्वेतद् व्याहृतं विद्वन् नात्ममायायनं हरेः।
आभात्यपार्थं निर्मूलं विश्वमूलं न यद्बहिः ॥ १६ ॥

पदार्थ—

विद्वन् = हे विद्वान्	**निर्मूलं** = मूलरहित भए तापनि	**आभाति** = प्रतीत हुन्छ भन्ने
यद्बहिः = जुन मायाबाहेक	**हरेः** = भगवान्‌को	कुरा
विश्वमूलं = संसारको कारण	**आत्ममायायनं** = आत्ममायामा	**एतत्** = यो
न = अरू छैन	आश्रय लिएर	**साधु** = ठिक
अपार्थं = अतात्त्विक पनि		**व्याहृतं** = बताउनुभयो

वाक्यार्थ– हे विद्वान् जुन मायाबाहेक संसारको कारण अरू छैन अतात्त्विक पनि मूलरहित भए तापनि भगवान्को आत्ममायामा आश्रय लिएर प्रतीत हुन्छ भन्ने कुरा यो ठिक बताउनुभयो।

यश्च मूढतमो लोके यश्च बुद्धेः परं गतः।
तावुभौ सुखमेधेते क्लिश्यत्यन्तरितो जनः॥ १७॥

पदार्थ–

लोके = संसारमा	**गतः** = स्वरूपमा प्राप्त भएको छ	**अन्तरितः** = यी दुईथरीको बीचमा पर्ने संशयवाला
यः च = जुन मनुष्य	**तौ** = यी	**जनः** = मनुष्य
मूढतमः = पूर्ण अज्ञानी छ अनि	**उभौ** = दुईथरी नै	**क्लिश्यति** = दुःखी हुन्छ
यः च = जुन मनुष्य	**सुखम्** = सुखपूर्वक	
बुद्धेः = बुद्धिभन्दा	**एधेते** = बाँच्दछन्	
परं = टाढा		

वाक्यार्थ– यस संसारमा दुई प्रकारका मान्छेहरू सुखी हुन्छन्। एउटा अत्यन्त मूढ अज्ञानग्रस्तपुरुष सुखी हुन्छ भने अर्को जसले बुद्धिदेखि पर रहेका भगवान्लाई प्राप्त गरेको छ। बीचका संशयापन्न मनुष्यहरू सधैँ दुःखी रहन्छन्।

अर्थाभावं विनिश्चित्य प्रतीतस्यापि नात्मनः।
तां चापि युष्मच्चरणसेवयाहं पराणुदे॥ १८॥

पदार्थ–

प्रतीतस्य अपि = आत्माको रूपमैं जानिए तापनि	**विनिश्चित्य** = निश्चय गरेर	**युष्मच्चरणसेवया** = तपाईंजस्ता सत्पुरुषको सेवाद्वारा
न आत्मनः = आत्मदेहादिको	**तां च अपि** = त्यो संसारप्रतीतिलाई पनि	**पराणुदे** = निराकरण गर्दछु
अर्थाभावं = आत्मत्वाभावलाई	**अहं** = म	

वाक्यार्थ– भगवन्! तपाईंको कृपाद्वारा मलाई यस कुराको निश्चय भयो कि अनात्मपदार्थ वस्तुतः छँदैछैन। केवल त्यसको प्रतीतिमात्र भएको छ। अब म तपाईंको चरणको सेवाको प्रभावले त्यो मिथ्या प्रतीतिलाई निराकरण गर्दछु।

यत्सेवया भगवतः कूटस्थस्य मधुद्विषः।
रतिरासो भवत् तीव्रः पादयोर्व्यसनार्दनः॥ १९॥

पदार्थ–

यत्सेवया = जुन महापुरुष सेवाबाट	**कूटस्थस्य** = अन्तर्यामी	**भगवतः** = परमात्माको
	मधुद्विषः = अहङ्कार नाशक	**पादयोः** = चरणमा

व्यसनार्दनः = सबैथरी दुःख नाश गर्ने	**तीव्रः** = छोड्नै नसकिने गरी **रतिरासः** = प्रेमोत्सव	**भवेत्** = हुन थाल्दछ

वाक्यार्थ– मायापुरुषको चरणको सेवाद्वारा नित्यसिद्ध भगवान् श्रीमधुसूदनको चरणकमलमा उत्कृष्ट प्रेम र आनन्दको वृद्धि हुन्छ।

दुरापा ह्यल्पतपसः सेवा वैकुण्ठवर्त्मसु।
यत्रोपगीयते नित्यं देवदेवो जनार्दनः॥ २०॥

पदार्थ–

यत्र = जुन साधु समाजमा **नित्यं** = निरन्तर **देवदेवः** = देवताका पनि देव **जनार्दनः** = भगवान् श्रीहरि **उपगीयते** = गाइनुहुन्छ त्यस्ता	**वैकुण्ठवर्त्मसु** = वैकुण्ठ जाने मार्गस्वरूप महापुरुषको **सेवा** = सेवन **हि** = निश्चय नै	**अल्पतपसः** = थोरै पुण्य भएकाहरूको लागि **दुरापा** = दुःखले मात्र पाउन सकिन्छ

वाक्यार्थ– जुन साधु समाजमा निरन्तर देवताका पनि देव भगवान् श्रीहरि गाइनुहुन्छ त्यस्ता वैकुण्ठ जाने मार्गस्वरूप महापुरुषको सेवन निश्चय नै थोरै पुण्य भएकाहरूको लागि दुःखले मात्र पाउन सकिन्छ।

सृष्ट्वाग्रे महदादीनि सविकाराण्यनुक्रमात्।
तेभ्यो विराजमुद्धृत्य तमनु प्राविशद्विभुः॥ २१॥

पदार्थ–

विभुः = सर्वात्मा भगवान्ले **अग्रे** = पहिले **सविकाराणि** = सत्त्व अंशबाट उत्पन्न इन्द्रियले सहित	**महदादीनि** = महत्तत्त्व आदिलाई **सृष्ट्वा** = रचेर **तेभ्यः** = ती तत्त्वहरूबाट **विराजम्** = विराट्लाई	**उद्धृत्य** = बनाएर **तम्** = विराट्भित्र **अनुक्रमात्** = क्रमैले **अनुप्राविशत्** = प्रवेश गर्नुभयो

वाक्यार्थ– सृष्टिको प्रारम्भमा सर्वात्मा भगवान्ले क्रमशः सत्त्व अंशबाट उत्पन्न इन्द्रियले सहित महदादि तत्त्व र तिनका कार्यहरूको रचना गरेर अंशसहित ती तत्त्वहरूद्वारा विराट्लाई उत्पन्न गरेर स्वयं त्यसमा प्रविष्ट हुनुभयो।

यमाहुराद्यं पुरुषं सहस्राङ्घ्र्यूरुबाहुकम्।
यत्र विश्व इमे लोकाः सविकाशं त आसते॥ २२॥

पदार्थ–

यम् = जुन	**आद्यं** = प्रथम	**पुरुषं** = पुरुषलाई

सहस्राङ्घ्र्यूरुबाहुकम् = हजारौँ हात र खुट्टावाला	**यत्र** = जुन विराट्मा	**लोकाः** = लोकहरू
आहुः = बताइन्छ	**इमे** = यी	**सविकाशं** = विस्तारका साथ
	विश्वे = सम्पूर्ण	**आसते** = अटेका छन्

वाक्यार्थ– जुन प्रथम पुरुषलाई हजारौँ हात र खुट्टावाला बताइन्छ जुन विराट्मा यी सम्पूर्ण लोकहरू विस्तारका साथ अटेका छन्।

यस्मिन् दशविधः प्राणः सेन्द्रियार्थेन्द्रियस्त्रिवृत्।
त्वयेरितो यतो वर्णास्तद्विभूतीर्वदस्व नः॥ २३॥

पदार्थ–

सेन्द्रियार्थेन्द्रियः = समस्त इन्द्रिय र तत्तत् देवताले सहित	**त्रिवृत्** = इन्द्रिय बल, शारीरिक बल र मनोबल गरी तीन प्रकारका बल	**वर्णाः** = ब्राह्मण आदि वर्णहरू जन्मे
दशविधः = दश प्रकारका	**त्वया** = तपाईंले	**तद्विभूतीः** = त्यस विराट्का विभूतिहरू
प्राणः = प्राण	**ईरितः** = बताउनुभयो त्यसै गरी	**नः** = हामीहरूलाई
यस्मिन् = जुन विराट्मा	**यतः** = जुन विराट्बाट	**वदस्व** = बताउनुहोस्

वाक्यार्थ– विराट् पुरुषमा इन्द्रिय, विषय र इन्द्रियाभिमानी देवतासहित दश प्रकारका प्राणहरू र इन्द्रिय बल, शारीरिक बल र मनोबल गरी तीन प्रकारका बलको तपाईंले वर्णन गर्नुभयो। विराट्बाट ब्राह्मण आदि वर्णहरू उत्पन्न भए भन्ने पनि बताउनुभयो। अब तपाईं मलाई ती विराट्का विभूतिहरूको विषयमा सुनाउनुहोस्।

यत्र पुत्रैश्च पौत्रैश्च नप्तृभिः सह गोत्रजैः।
प्रजा विचित्राकृतय आसन् याभिरिदं ततम्॥ २४॥

पदार्थ–

यत्र = जुन विराट्का विभूतिहरूमा	**नप्तृभिः सह** = छोरीका छोराहरूसँग	**प्रजाः** = प्राणीहरू
पुत्रैः = छोराहरू	**गोत्रजैः** = आफ्ना कुलमा उत्पन्न अरू बान्धवका साथ	**आसन्** = उत्पन्न भए
च = र	**विचित्राकृतयः** = विभिन्न आकृतिका	**याभिः** = जुन प्राणीहरूद्वारा
पौत्रैः = नातिहरू		**इदं** = यो जगत्
		ततम् = भरिएको छ

वाक्यार्थ– विराट्का विभूतिबाट छोरा, नाति, छोरीका छोराहरू, आफ्ना कुलमा उत्पन्न अरू बान्धवका साथ विभिन्न प्रकारका प्रजाहरू उत्पन्न भएर यो ब्रह्माण्ड भरिएको छ।

प्रजापतीनां स पतिश्चक्लृपे कान् प्रजापतीन् ।
सर्गांश्चैवानुसर्गांश्च मनून् मन्वन्तराधिपान् ॥ २५ ॥

पदार्थ–

सः = ती	**कान्** = कसलाई	**मनून्** = मनु
प्रजापतीनां = प्रजाका मालिकहरू ब्रह्मा आदिका पनि	**प्रजापतीन्** = प्रजापति	**मन्वन्तराधिपान्** = मन्वन्तरका अधिपतिहरूलाई
पतिः = स्वामी (विराट्)ले	**सर्गान् च** = सर्गहरू	**चक्लृपे** = रचना गरे
	अनुसर्गान् = अनुसर्गहरू	

वाक्यार्थ–ती विराट् ब्रह्मा आदि प्रजापतिको पनि प्रभु हुन्। ती विराट्ले कुनकुन प्रजापतिलाई उत्पन्न गरे ? यस्तै उनले सर्ग, अनुसर्ग र मन्वन्तरका अधिपति मनुहरूको कुन क्रमले रचना गरे ?

एतेषामपि वंशांश्च वंशानुचरितानि च ।
उपर्यधश्च ये लोका भूमेर्मित्रात्मजासते ॥ २६ ॥
तेषां संस्थां प्रमाणं च भूर्लोकस्य च वर्णय ।
तिर्यङ्मानुषदेवानां सरीसृपपतत्त्रिणाम् ॥
वद नः सर्गसंव्यूहं गार्भस्वेदद्विजोद्भिदाम् ॥ २७ ॥

पदार्थ–

मित्रात्मज = हे मैत्रेयजी	**लोकाः** = लोकहरू	**भूर्लोकस्य च** = भूर्लोकको विषयमा पनि
एतेषाम् = यी प्राणीहरूका	**आसते** = छन्	**वर्णय** = बताउनुहोस्
वंशान् = वंशपरम्परा	**तेषां** = ती सबैको	**गार्भस्वेदद्विजोद्भिदाम्** = गर्भ, पसिना, अण्डा र भुईंबाट जन्मिने चार थरी प्राणीहरूको
च = र	**अपि** = र	**सर्गसंव्यूहं** = सृष्टिप्रक्रियाहरू
अनुचरितानि = तिनका क्रियाकलाप बताउनुहोस्	**तिर्यङ्मानुषदेवानां** = पशु, मनुष्य र देवताहरूको	**नः** = मलाई
भूमेः = पृथिवीको	**सरीसृपपतत्त्रिणाम्** = घस्रिने जीव र पन्छीहरूको	**वद** = बताउनुहोस्
उपरि = माथि	**संस्थां** = अवस्थिति	
अधः च = तल	**प्रमाणं च** = विस्तार र	
ये = जति		

वाक्यार्थ– हे मैत्रेयजीयी प्राणीहरूका वंशपरम्परा र तिनका क्रियाकलाप बताउनुहोस् पृथिवीको माथि तल जति लोकहरू छन् ती सबैको र पशु, मनुष्य र देवताहरूको घस्रिने जीव र पन्छीहरूको अवस्थिति विस्तार र भूर्लोकको विषयमा पनि बताउनुहोस् गर्भ, पसिना, अण्डा र भुईंबाट जन्मिने चार थरी प्राणीहरूको सृष्टिप्रक्रियाहरू मलाई बताउनुहोस्।

गुणावतारैर्विश्वस्य सर्गस्थित्यप्ययाश्रयम्।

सृजतः श्रीनिवासस्य व्याचक्ष्वोदारविक्रमम्॥ २८॥

गुणावतारैः = गुणको अवतारको रूपमा
विश्वस्य = संसारको
सर्गस्थित्यप्ययाश्रयम् = सृष्टि, स्थिति, प्रलयका आश्रय ब्रह्मा, विष्णु र महादेवलाई
सृजतः = रचना गर्ने
श्रीनिवासस्य = लक्ष्मीपति प्रभुको
उदारविक्रमम् = उदारलीलाहरू
व्याचक्ष्व = बताउनुहोस्

वाक्यार्थ— श्रीहरिले सृष्टि गर्ने समयमा जगत्को उत्पत्ति, स्थिति र संहारको लागि आफ्ना गुणावतार ब्रह्मा, विष्णु र महादेवरूपले जुन कल्याणकारी लीलाहरू गर्नुभयो, ती लीलाहरूको पनि वर्णन गर्नुहोस्।

वर्णाश्रमविभागांश्च रूपशीलस्वभावतः।

ऋषीणां जन्मकर्माणि वेदस्य च विकर्षणम्॥ २९॥

पदार्थ—
रूपशीलस्वभावतः = रूप, शील र स्वभावबाट हुने
वर्णाश्रमविभागान् = वर्ण र आश्रमका चार भेदहरू
ऋषीणां = ऋषिहरूको
जन्मकर्माणि = जन्म र क्रियाकलापहरू अनि
वेदस्य = वेदहरूको
विकर्षणम् = विभागको सम्बन्धमा
च = पनि बताउनुहोस्

वाक्यार्थ— रूप, शील र स्वभावको अनुसार वर्णाश्रमको विभाग, ऋषिहरूको जन्मकर्म आदि र वेदहरूको विभागको बारेमा पनि बताउनुहोस्।

यज्ञस्य च वितानानि योगस्य च पथः प्रभो।

नैष्कर्म्यस्य च साङ्ख्यस्य तन्त्रं वा भगवत्स्मृतम्॥ ३०॥

पदार्थ—
प्रभो = हे मैत्रेयजी
वा = अथवा
यज्ञस्य = यज्ञको
वितानानि = विस्तार
च = अनि
योगस्य = योगको
पथः = बाटो
नैष्कर्म्यस्य = कर्म त्याग (ज्ञान)को मार्ग
च = र
साङ्ख्यस्य = साङ्ख्ययोगको विषयमा
वा = अथवा
भगवत्स्मृतम् = भगवानबाट बताइएका
तन्त्रं = तन्त्र पनि बताउनुहोस्

वाक्यार्थ— यज्ञको विस्तार, योगको मार्ग, ज्ञानमार्ग, त्यसको साधन सांख्यमार्ग तथा भगवान्ले बताउनुभएको तन्त्रशास्त्रको बारेमा पनि बताउनुहोस्।

पाषण्डपथवैषम्यं प्रतिलोमनिवेशनम्।

जीवस्य गतयो याश्च यावतीर्गुणकर्मजाः॥ ३१॥

पदार्थ–

पाषण्डपथवैषम्यं = पाखण्डमार्गको प्रचारबाट हुने विषमता
प्रतिलोमनिवेशनम् = प्रतिलोम वर्णहरूको कल्पना
याः च = जति पनि
जीवस्य = जीवात्माको
गुणकर्मजाः = गुण र कर्महरूबाट हुने
यावतीः = जति प्रकारका
गतयः = गतिहरू छन् ती बताउनुहोस्

वाक्यार्थ– विभिन्न पाखण्डमार्गको प्रचारबाट हुने विषमता (प्रतिलोम वर्णको कल्पनानीचवर्णको पुरुषबाट उच्चवर्णको स्त्रीमा हुने सन्तानको प्रकार) तथा भिन्न-भिन्न गुण र कर्मको कारण जीवको जस्तो-जस्तो गति हुन्छ, त्यो पनि मलाई सुनाउनुहोस्।

धर्मार्थकाममोक्षाणां निमित्तान्यविरोधतः।

वार्ताया दण्डनीतेश्च श्रुतस्य च विधिं पृथक्॥ ३२॥

पदार्थ–

धर्मार्थकाममोक्षाणां = धर्म, अर्थ, काम र मोक्ष पुरुषार्थहरूको
अविरोधतः = निश्चित र अविरुद्ध
निमित्तानि = उपायहरू
वार्तायाः = कृषि आदि व्यवहारको
दण्डनीतेः च = दण्डनीतिको र
श्रुतस्य च = वेदविहित कर्महरूको पनि
पृथक् = छुट्टै
विधिं = विधिहरू पनि बताउनुहोस्

वाक्यार्थ– ब्रह्मन्! धर्म, अर्थ, काम र मोक्षप्राप्तिका परस्पर अविरोधी साधनहरूको वाणिज्य, दण्डनीति र शास्त्रश्रवणको विधिहरूको बारेमा पनि बताउनुहोस्।

श्राद्धस्य च विधिं ब्रह्मन् पितृणां सर्गमेव च।

ग्रहनक्षत्रताराणां कालावयवसंस्थितिम्॥ ३३॥

पदार्थ–

ब्रह्मन् = हे मैत्रेयजी
श्राद्धस्य = श्राद्धको
विधिं = विधि
च = अनि
पितृणां = अर्यमा आदिको
सर्गम् एव = उत्पत्ति तथा
ग्रहनक्षत्रताराणां = ग्रह, नक्षत्र र ताराहरूको
कालावयवसंस्थितिम् = समयचक्रमा हुने स्थिति पनि बताउनुहोस्

वाक्यार्थ– हे मैत्रेयजी! श्राद्धको विधि अनि अर्यमा आदिको उत्पत्ति तथा ग्रह, नक्षत्र र ताराहरूको समयचक्रमा हुने स्थितिको बारेमा पनि बताउनुहोस्।

दानस्य तपसो वापि यच्चेष्टापूर्तयोः फलम् ।
प्रवासस्थस्य यो धर्मो यश्च पुंस उतापदि ॥ ३४ ॥

पदार्थ–

दानस्य = दानको	**च** = पनि	**उत् आपदि** = अरु आपत्कालमा
वा = अथवा	**यत्फलम्** = जुन फल हुन्छ त्यसै गरी	**पुंसः** = प्राणीको
तपसः अपि = तपस्याको पनि	**प्रवासस्थस्य** = विदेश गएका प्राणीको जुन धर्म हुन्छ	**धर्मः** = धर्म हुन्छ, यो पनि बताउनुहोस्
इष्टापूर्तयोः = इष्ट र पूर्त कर्महरूको		

वाक्यार्थ– दान, तप, तथा इष्ट र पूर्तकर्मको फल के हो ? प्रवास र आपत्तिको समयमा मनुष्यको धर्म कस्तो प्रकारको हुन्छ ? यो पनि बताउनुहोस् ।

येन वा भगवांस्तुष्येद् धर्मयोनिर्जनार्दनः ।
सम्प्रसीदति वा येषामेतदाख्याहि मेऽनघ ॥ ३५ ॥

पदार्थ–

अनघ = हे निष्पाप मैत्रेयजी	**जनार्दनः** = श्रीहरि प्रभु	**सम्प्रसीदति** = प्रसन्न बन्नुहुन्छ
येन = जुन कर्मद्वारा	**तुष्येत्** = खुसी हुनुहोला	**एतत्** = यो कुरा
धर्मयोनिः = धर्मका मूलकारण	**वा** = अथवा	**मे** = मलाई
भगवान् = भगवान्	**येषाम्** = जस्ता व्यक्तिहरूमा	**आख्याहि** = बताउनुहोस्

वाक्यार्थ– निष्पाप मैत्रेयजी ! धर्मको मूलकारण श्रीजनार्दन भगवान् कुन आचरणले सन्तुष्ट हुनुहुन्छ र कोमाथि अनुग्रह गर्नुहुन्छ ? त्यसको पनि वर्णन गर्नुहोस् ।

अनुव्रतानां शिष्याणां पुत्राणां च द्विजोत्तम ।
अनापृष्टमपि ब्रूयुर्गुरवो दीनवत्सलाः ॥ ३६ ॥

पदार्थ–

द्विजोत्तम = हे द्विजश्रेष्ठ	**दीनवत्सलाः** = दुःखीमाथि दया गर्ने	**अनापृष्टम् अपि** = नसोधिएका भए पनि कल्याणकारी कुराहरूलाई
अनुव्रतानां = आफ्नो पछि लाग्ने	**गुरवः** = गुरुहरूले	**ब्रूयुः** = बताउनुहुन्छ
शिष्याणां = शिष्यहरूको लागि		
पुत्राणां च = पुत्रहरूको लागि		

वाक्यार्थ– द्विजवर ! दीनवत्सल गुरुहरू आफ्ना अनुगत शिष्य र पुत्रलाई नसोधीकन पनि उनीहरूका लागि हित हुने कुरा बताउनुहुन्छ।

तत्त्वानां भगवंस्तेषां कतिधा प्रतिसङ्क्रमः।
तत्रेमं क उपासीरन् क उ स्विदनुशेरते॥ ३७॥

पदार्थ–

भगवन् = हे भगवान् मैत्रेयजी	**कतिधा** = कति प्रकारले हुन्छ	**उस्वित्** = अथवा
तेषां = ती	**तत्र** = प्रलयमा	**अनुशेरते** = के-के लीन
तत्त्वानां = महत् आदि	**कः** = कसले	हुन्छन् ?
तत्त्वहरूको	**इमं** = यी परमात्मालाई	
प्रतिसङ्क्रमः = प्रलय	**उपासीरन्** = उपासना गर्दछन्	

वाक्यार्थ– हे भगवान् ! महदादितत्त्वहरूको प्रलय कति प्रकारको हुन्छ, जब भगवान् योगनिद्रामा शयन गर्नुहुन्छ, तब ती तत्त्वहरूमध्ये कुन कुन तत्त्वहरू भगवान्मा लीन हुन्छन् ?

पुरुषस्य च संस्थानं स्वरूपं वा परस्य च।
ज्ञानं च नैगमं यत्तद् गुरुशिष्यप्रयोजनम्॥ ३८॥

पदार्थ–

पुरुषस्य = जीवको	**यत्** = जुन	**नैगमं** = उपनिषत् प्रोक्त
संस्थानं = तात्त्विक स्वरूप र	**गुरुशिष्यप्रयोजनम्** = गुरु र	**ज्ञानं च** = अभेदज्ञान छ यो पनि
परस्य च = परमात्माको पनि	शिष्यको परम्पराबाट जानिने	बताउनुहोस्
स्वरूपं = स्वरूप	**तत्** = जीव र परमात्माको	
वा = अथवा	अभेदरूप	

वाक्यार्थ– जीवको तत्त्व, परमेश्वरको स्वरूप, उपनिषद्द्वारा प्रतिपादित ज्ञान तथा गुरु र शिष्यको परम्पराबाट जानिने वस्तु के हो ? यो पनि बताउनुहोस्।

निमित्तानि च तस्येह प्रोक्तान्यनघ सूरिभिः।
स्वतो ज्ञानं कुतः पुंसां भक्तिर्वैराग्यमेव वा॥ ३९॥

पदार्थ–

अनघ = हे निष्पाप मैत्रेयजी	**निमित्तानि** = साधनहरू	**प्रोक्तानि** = बताइएका छन् (ती
इह = यस संसारमा	**सूरिभिः** = विद्वान्हरूद्वारा	बताउनुहोस्) किनभने
तस्य = अभेद ज्ञानको		**पुंसां** = सामान्य प्राणीहरूको

ज्ञानं = ज्ञान	**एव** = निश्चय नै	
भक्तिः = भगवत्प्रेम	**स्वतः** = आफैँ	
वैराग्यम् = वैराग्य पनि	**कुतः** = कसरी हुन सक्दछ	

वाक्यार्थ– पवित्रात्मा विद्वान्हरूले ज्ञानप्राप्तिका कुन-कुन उपायहरू बताउनुभएको छ ? किनभने मनुष्यहरूलाई ज्ञान, भक्ति र वैराग्य स्वतः हुँदैन।

एतान् मे पृच्छतः प्रश्नान् हरेः कर्मविवित्सया।
ब्रूहि मेऽज्ञस्य मित्रत्वादजया नष्टचक्षुषः॥ ४०॥

पदार्थ–

हरेः = हरि भगवान्को	**प्रश्नान्** = प्रश्नहरूलाई	**मे** = म
कर्मविवित्सया = कर्म जान्ने इच्छाले	**अजया** = अज्ञानको कारणले	**अज्ञस्य** = अज्ञानीको
एतान् = यी	**नष्टचक्षुषः** = ज्ञानदृष्टि नाश भएको (यसैले)	**मित्रत्वात्** = मित्र भएको कारणले
मे = मेरा	**पृच्छतः** = प्रश्न गर्ने	**ब्रूहि** = बताउनुहोस्

वाक्यार्थ– अज्ञानको कारण मेरो विचारदृष्टि नष्ट भएको छ। म अज्ञानी छु। तपाईं मेरो परमसुहृद् हुनुहुन्छ। अतः श्रीहरिलीलाको ज्ञान प्राप्त गर्ने इच्छाले मैले तपाईंसँग जति प्रश्नहरू गरेको छु ती प्रश्नहरूको उत्तर मलाई दिनुहोस्।

सर्वे वेदाश्च यज्ञाश्च तपो दानानि चानघ।
जीवाभयप्रदानस्य न कुर्वीरन् कलामपि॥ ४१॥

पदार्थ–

अनघ = हे निष्पाप मैत्रेयजी	**जीवाभयप्रदानस्य** = तत्त्वोपदेश गरी जीवलाई अभय दिनुको	**न कुर्वीरन्** = भेट्न सक्तैनन्
सर्वे = सम्पूर्ण	**कलाम् अपि** = अलिकति भागलाई	
वेदाः = वेदहरू	**च** = पनि	
यज्ञाः च = यज्ञहरू अनि		
तपः दानानि = तपस्या र दान		

वाक्यार्थ– हे निष्पाप मैत्रेयजी ! सम्पूर्ण वेदहरू, यज्ञहरू अनि तपस्या र दानले तत्त्वोपदेश गरी जीवलाई अभय दिने कार्यको अलिकति भागलाई पनि भेट्न सक्दैनन्।

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

स इत्थमापृष्टपुराणकल्पः
कुरुप्रधानेन मुनिप्रधानः।
प्रवृद्धहर्षो भगवत्कथायां
सञ्चोदितस्तं प्रहसन्निवाह ॥ ४२ ॥

पदार्थ–

इत्थम् = यसप्रकार
कुरुप्रधानेन = विदुरजीद्वारा
आपृष्टपुराणकल्पः = प्रश्न सोधिएका पुराणबराबरका
सः = उहाँ
मुनिप्रधानः = मुनिश्रेष्ठ मैत्रेयजीले
भगवत्कथायां = भगवान्को चरित्रवर्णनमा
सञ्चोदितः = प्रेरित भएर
प्रवृद्धहर्षः = अत्यन्त हर्षित भई
प्रहसन् इव = हाँसेको जस्तो गरी
तं = विदुरजीलाई
आह = भन्नुभयो

वाक्यार्थ– जब कुरुश्रेष्ठ विदुरजीले मुनिवर मैत्रेयजीसँग यसप्रकारको पुराणविषयक प्रश्न गर्नुभयो, तब भगवत् चर्चाका लागि प्रेरित हुनाले मैत्रेयजी अत्यन्त प्रसन्न भएर हाँसेजस्तो गरी भन्न लाग्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे
सप्तमोऽध्यायः ॥ ७ ॥

अथ अष्टमोऽध्यायः

ब्रह्माजीको उत्पत्ति

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

सत्सेवनीयो बत पूरुवंशो
यल्लोकपालो भगवत्प्रधानः।
बभूविथेहाजितकीर्तिमालां
पदे पदे नूतनयस्यभीक्ष्णम्॥ १॥

पदार्थ—

बत = अहो	**भगवत्प्रधानः** = भगवत् परायण	**अजितकीर्तिमालां** = भगवान्को कीर्तिप्रवाहलाई
पूरुवंशः = पूरुको कुल	**लोकपालः** = लोकपाल धर्मराज	**अभीक्ष्णम्** = निरन्तर
सत्सेवनीयः = सज्जनद्वारा सेवन गर्न योग्य छ	**इह** = यही कुलमा	**पदे पदे** = पद-पदमा
यत् = किनभने	**बभूविथ** = जन्मिनुभयो जो	**नूतनयसि** = नयाँ-नयाँ पार्नुहुन्छ

वाक्यार्थ—विदुरजी ! तपाईं भगवान्का भक्तहरूमा प्रधान लोकपाल धर्मराज नै हुनुहुन्छ। तपाईंले पूरुवंशमा जन्म लिएको हुनाले यो वंश साधु पुरुषहरूका लागि पनि सेव्य मानिएको छ। धन्य छ। तपाईं निरन्तर पद-पदमा श्रीहरिको कीर्तिमय मालालाई नित्य नूतन बनाइरहनुभएको छ।

सोऽहं नृणां क्षुल्लसुखाय दुःखं
महद्गतानां विरमाय तस्य।
प्रवर्तये भागवतं पुराणं
यदाह साक्षाद् भगवानृषिभ्यः॥ २॥

पदार्थ—

सः अहं = तपाईं विदुरजीद्वारा प्रश्न गरिएको म	**दुःखं** = कष्ट	**भागवतं** = भागवत
क्षुल्लसुखाय = क्षुद्र विषयसुखको लागि	**गतानां** = प्राप्त गरिरहेका	**पुराणं** = पुराणलाई
महत् = धेरै	**नृणां** = मनुष्यहरूको	**प्रवर्तये** = लोकमा फैलाउँछु
	तस्य = त्यस दुःखको	**यत्** = जुन पुराण
	विरमाय = नाशको लागि	**साक्षात्** = साक्षात्

भगवान् = सङ्कर्षण प्रभुले नै	**आह** = सुनाउनुभएको थियो
ऋषिभ्यः = सनक आदिलाई	

वाक्यार्थ– क्षुद्र विषयसुखको कामनाले अत्यन्त ठुलो दुःख भोगिरहेका मनुष्यहरूको दुःखनिवृत्तिका लागि श्रीमद्भागवतपुराण लोकमा फैलाउँछु। जुन भागवतपुराण सङ्कर्षण भगवान्ले सनकादि ऋषिहरूलाई सुनाउनुभएको थियो।

आसीनमुर्व्यां भगवन्तमाद्यं
सङ्कर्षणं देवमकुण्ठसत्त्वम्।
विवित्सवस्तत्त्वमतः परस्य
कुमारमुख्या मुनयोऽन्वपृच्छन्॥ ३॥

पदार्थ–

उर्व्यां = पातालमा	**सङ्कर्षणं** = सङ्कर्षण	**विवित्सवः** = जान्न चाहने
आसीनम् = रहनुभएका	**देवम्** = भगवान्लाई	**कुमारमुख्याः** = सनत्कुमार आदि
आद्यं = अनादि	**अतः** = उहाँभन्दा	**मुनयः** = ऋषिहरूले
भगवन्तम् = भगवान्	**परस्य** = परको	**अन्वपृच्छन्** = प्रश्न गर्नुभयो
अकुण्ठसत्त्वम् = शुद्धसत्त्वमय	**तत्त्वम्** = भगवत्तत्त्व	

वाक्यार्थ– अखण्ड ज्ञानसम्पन्न आदिदेव भगवान् सङ्कर्षण पाताललोकमा विराजमान हुनुहुन्थ्यो। सनत्कुमार आदि ऋषिहरूले भगवत्तत्त्व जान्नका लागि उहाँसँग प्रश्न गर्नुभयो।

स्वमेव धिष्ण्यं बहु मानयन्तं
यद्वासुदेवाभिधमामनन्ति।
प्रत्यग्धृताक्षाम्बुजकोशमीष-
दुन्मीलयन्तं विबुधोदयाय॥ ४॥

पदार्थ–

स्वम् = आफ्नो	**आमनन्ति** = भन्दछन् (त्यस्ता)	**उन्मीलन्तं** = बाहिर दृष्टि दिने
धिष्ण्यं एव = आश्रयलाई नै	**प्रत्यग्धृताक्षाम्बुजकोशम्** =	त्यस्ता सङ्कर्षणलाई सनत्कुमार
बहु = निरन्तर	अन्तर्यामीतिर नै दृष्टि बनाउने	आदि ऋषिहरूले सोध्नुभयो
मानयन्तं = चिन्तन गरिरहने	**विबुधोदयाय** = सनत्कुमार आदि	
यम् = जसलाई	ज्ञानीलाई कृपा गर्नका लागि	
वासुदेवाभिधम् = वासुदेवस्वरूप	**ईषत्** = अलिकति	

वाक्यार्थ– आफ्नो आश्रयलाई नै निरन्तर चिन्तन गरिरहने जसलाई वासुदेवस्वरूप भन्दछन् त्यस्ता अन्तर्यामीतिर नै दृष्टि बनाउने सनत्कुमार आदि ज्ञानीलाई कृपा गर्नका लागि अलिकति बाहिर दृष्टि दिने त्यस्ता सङ्कर्षणलाई सनत्कुमार आदि ऋषिहरूले सोध्नुभयो।

स्वर्धुन्युदार्द्रैः स्वजटाकलापै-
रुपस्पृशन्तश्चरणोपधानम्।
पद्मं यदर्चन्त्यहिराजकन्याः
सप्रेम नानाबलिभिर्वरार्थाः॥ ५॥

पदार्थ–

यत्पद्मं = जुन कमलरूप पादपीठलाई	**नानाबलिभिः** = विभिन्न उपचारहरूद्वारा	**स्वजटाकलापैः** = आफ्ना केशराशिहरूद्वारा
वरार्थाः = योग्य वर चाहने	**अर्चन्ति** = पूजा गर्दछन् त्यस्तो	**उपस्पृशन्तः** = स्पर्श गर्दै
अहिराजकन्याः = नागराजका पुत्रीहरूले	**चरणोपधानम्** = पादपीठलाई	(सनत्कुमार आदि ऋषिहरूले सोध्नुभयो)
सप्रेम = प्रेमसहित	**स्वर्धुन्युदार्द्रैः** = सत्यलोकदेखि पातालसम्मको गङ्गाप्रवाहले भिजेका	

वाक्यार्थ– जुन कमलरूप पादपीठलाई योग्य वर चाहने नागराजका पुत्रीहरूले प्रेमसहित विभिन्न उपचारहरूद्वारा पूजा गर्दछन् त्यस्तो पादपीठलाई सत्यलोकदेखि पातालसम्मको गङ्गाप्रवाहले भिजेका आफ्ना केशराशिहरूद्वारा स्पर्श गर्दै सनत्कुमार आदि ऋषिहरूले सोध्नुभयो।

मुहुर्गृणन्तो वचसानुराग-
स्खलत्पदेनास्य कृतानि तज्ज्ञाः।
किरीटसाहस्रमणिप्रवेक-
प्रद्योतितोद्दामफणासहस्रम्॥ ६॥

पदार्थ–

अनुरागस्खलत्पदेन = प्रेमपूर्ण पदहरूले युक्त वाणीद्वारा	**गृणन्तः** = ग्रहण गर्दै	हजारौँ मुकुटद्वारा चम्किएका हजारौँ फणायुक्त शेषभगवान्सँग (सोध्नुभयो)
अस्य = भगवान्का	**तज्ज्ञाः** = भगवत्तत्त्व जान्ने सनकादिले	
कृतानि = चरित्रहरूलाई	**किरीटसाहस्रमणिप्रवेकप्रद्योतितो-द्दामफणासहस्रम्** = रत्नमय	
मुहुः = बारम्बार		

वाक्यार्थ– प्रेमपूर्ण पदहरूले युक्त वाणीद्वारा भगवान्का चरित्रहरूलाई बारम्बार ग्रहण गर्दै भगवत्तत्त्व जान्ने सनकादिले रत्नमय हजारौँ मुकुटद्वारा चम्किएका हजारौँ फणायुक्त शेषभगवान्सँग सोध्नुभयो।

प्रोक्तं किलैतद् भगवत्तमेन
निवृत्तिधर्माभिरताय तेन।
सनत्कुमाराय स चाह पृष्टः
साङ्ख्यायनायाङ्ग धृतव्रताय ॥ ७ ॥

पदार्थ–

अङ्ग = हे विदुरजी **एतत्** = यो भागवत **किल** = निश्चय नै **तेन** = उहाँ **भगवत्तमेन** = शेष भगवान्ले **निवृत्तिधर्माभिरताय** = निवृत्तिमार्गमा लागेका	**सनत्कुमाराय** = सनत्कुमार आदि चार ऋषिहरूलाई **प्रोक्तं** = बताउनुभएको हो **पृष्टः** = प्रश्न गरिएका **सः च** = सनत्कुमार आदिले पनि	**धृतव्रताय** = शिष्यत्वव्रत धारण गरेका **साङ्ख्यायनाय** = सांख्यायन ऋषिलाई **आह** = बताउनुभयो

वाक्यार्थ– हे विदुरजी ! यो भागवत शेष भगवान्ले निवृत्तिमार्गमा लागेका सनत्कुमार आदि चार ऋषिहरूलाई बताउनुभएको हो। प्रश्न गरिएका सनत्कुमार आदिले पनि शिष्यत्वव्रत धारण गरेका सांख्यायन ऋषिलाई बताउनुभयो।

साङ्ख्यायनः पारमहंस्यमुख्यो
विवक्षमाणो भगवद्विभूतीः।
जगाद सोऽस्मद्गुरवेऽन्विताय
पराशरायाथ बृहस्पतेश्च ॥ ८ ॥

पदार्थ–

अथ = यसपछि **भगवद्विभूतीः** = भगवान्का लीलाविभूतिहरूलाई **विवक्षमाणः** = भन्न इच्छा गर्ने	**पारमहंस्यमुख्यः** = परमहंसहरूमध्ये श्रेष्ठ **सः** = उहाँ **साङ्ख्यायनः** = सांख्यायनजीले	**अन्विताय** = आफ्ना शरणमा आएका **अस्मद्गुरवे** = मेरा गुरुदेव **पराशराय** = पराशरजीलाई अनि

बृहस्पतेः च = बृहस्पतिको लागि	पनि	**जगाद** = तत्त्वोपदेश गर्नुभयो

वाक्यार्थ– परमहंसहरूमा प्रधान श्रीसांख्यायन मुनिलाई जब भगवान्का विभूतिहरूको वर्णन गर्ने इच्छा भयो तब उहाँले यस भागवतलाई उहाँका अनुगत शिष्य हाम्रा गुरु पराशरजीलाई र बृहस्पतिलाई पनि सुनाउनुभयो।

प्रोवाच मह्यं स दयालुरुक्तो
मुनिः पुलस्त्येन पुराणमाद्यम्।
सोऽहं तवैतत् कथयामि वत्स
श्रद्धालवे नित्यमनुव्रताय॥ ९॥

पदार्थ–

पुलस्त्येन = पुलस्त्य ऋषिद्वारा	**मह्यं** = मेरो लागि	**नित्यम्** = सधैँ
उक्तः = भनिएका	**प्रोवाच** = भन्नुभयो	**अनुव्रताय** = मेरो अनुसरण गर्ने
दयालुः = अत्यन्त दयायुक्त	**वत्स** = हे प्यारा विदुर	**तव** = तपाईंको लागि
सः मुनिः = उहाँ पराशरजीले	**सः अहं** = त्यस्तो पराशरको	**एतत्** = यो गोप्य पुराण
आद्यम् = भागवतरूप आदि	शिष्य म	**कथयामि** = बताउँछु
पुराणम् = पुराण	**श्रद्धालवे** = श्रद्धालु	

वाक्यार्थ– पुलस्त्य ऋषिद्वारा प्ररित भएका अत्यन्त दयायुक्त उहाँ पराशरजीले यो भागवत मलाई सुनाउनुभयो। श्रद्धालु र अनुगत देखेर अब त्यही पुराण म तपाईंलाई बताउँद छु।

उदाप्लुतं विश्वमिदं तदासीद्
यन्निद्रयामीलितदृङ्न्यमीलयत्।
अहीन्द्रतल्पेऽधिशयान एकः
कृतक्षणः स्वात्मरतौ निरीहः॥ १०॥

पदार्थ–

तदा = त्यस समयमा	**यत्** = जुन समयमा	**एकः** = एकमात्र
इदं = यो	**कृतक्षणः** = सृष्टि कर्मबाट छुट्टी	**अहीन्द्रतल्पे** = शेषशय्यामा
विश्वम् = संसार	लिएर	**अधिशयानः** = शयन गर्ने
उदाप्लुतं = जलभित्र	**स्वात्मरतौ** = आत्मानन्दमा मग्न	**अमीलितदृक्** = सर्वदा
अनभिव्यक्त अवस्थामा	भई	चित्स्वरूप नारायण प्रभुले
आसीत् = थियो	**निरीहः** = निष्क्रिय रहने	

निद्रया = योगनिद्राको सहायताबाट	**न्यमीलयत्** = आफैँमा लीन गर्नुभयो

वाक्यार्थ– सृष्टि हुनुभन्दा पहिले यो सम्पूर्ण विश्व जलमा डुबेको थियो। त्यस समय एकमात्र नारायणदेव शेषशय्यामा सुत्नुभएको थियो। उहाँले आफ्नो ज्ञानशक्तिलाई अक्षुण्ण राख्दै योगनिद्राको आश्रय लिएर आफ्ना आँखालाई बन्द गर्नुभएको थियो।

सोऽन्तः शरीरेऽर्पितभूतसूक्ष्मः
कालात्मिकां शक्तिमुदीरयाणः।
उवास तस्मिन् सलिले पदे स्वे
यथानलो दारुणि रुद्धवीर्यः॥ ११॥

पदार्थ–

यथा = जसरी **अनलः** = आगो **दारुणि** = दाउरामा **रुद्धवीर्यः** = आफ्ना दाहिका (पोल्ने) आदि शक्तिहरूलाई लुकाएर रहन्छ (त्यसै गरी) **सः** = नारायण पनि	**अन्तः शरीरे** = आफ्ना शरीरभित्र **अर्पितभूतसूक्ष्मः** = सबै प्राणीहरूको सूक्ष्मशरीरहरूलाई लीन गरी **कालात्मिकां** = काल **शक्तिम्** = शक्तिलाई मात्र	**उदीरयाणः** = अर्कोपटकको सृष्टि सुरुवात गर्न बाँकी राखी **स्वे पदे** = आफ्नो निवासभूत **तस्मिन्** = त्यो सत्त्वमय **सलिले** = (कारण) जलमा **उवास** = निवास गर्नुभयो

वाक्यार्थ– जसरी अग्नि आफ्नो दाहिका(पोल्ने) शक्तिलाई लुकाएर काष्ठमा व्याप्त रहन्छ। त्यसै गरी भगवान्ले सम्पूर्ण प्राणीहरूको सूक्ष्म शरीरलाई आफ्नो शरीरमा लीन गरेर आफ्नो आधारभूत त्यो जलमा शयन गर्नुभयो।

चतुर्युगानां च सहस्रमप्सु
स्वपन् स्वयोदीरितया स्वशक्त्या।
कालाख्ययासादितकर्मतन्त्रो
लोकानपीतान् ददृशे स्वदेहे॥ १२॥

पदार्थ–

सहस्रम् = हजार **चतुर्युगानां** = चतुर्युगको समयसम्म	**अप्सु** = त्यही जलमा **स्वपन्** = सुत्दासुत्दै **स्वया** = आफैँद्वारा	**उदीरितया** = पछि जगाउनको लागि नियुक्त **कालाख्यया** = कालनामक

स्वशक्त्या = आफ्नो शक्तिद्वारा
आसादितकर्मतन्त्रः = जीवका कर्महरूलाई जगाउन प्रेरित भई
स्वदेहे = आफ्नै शरीरमा
अपीतान् = पहिलेदेखि लीन भएका
लोकान् = लोकहरूलाई
ददृशे = देख्नुभयो

वाक्यार्थ– हजार चतुर्युगसम्म त्यही जलमा सुत्नुभएका उहाँले आफैँद्वारा पछि जगाउनका लागि नियुक्त कालनामक आफ्नो शक्तिद्वारा जीवका कर्महरूलाई जगाउन प्रेरित भई आफ्नै शरीरमा पहिलेदेखि लीन भएका लोकहरूलाई देख्नुभयो।

तस्यार्थसूक्ष्माभिनिविष्टदृष्टे-
रन्तर्गतोऽर्थो रजसा तनीयान्।
गुणेन कालानुगतेन विद्धः
सूष्यंस्तदाभिद्यत नाभिदेशात्॥ १३॥

पदार्थ–

अर्थसूक्ष्माभिनिविष्टदृष्टेः = सूक्ष्मप्राणीका लिङ्गशरीरतिर दृष्टि दिने
तस्य = भगवान्को
अन्तर्गतः = शरीरभित्र रहेको
तनीयान् = अत्यन्त सूक्ष्म
अर्थः = सूक्ष्मभूत समूह
कालानुगतेन = कालप्रेरित
रजसा = रजः
गुणेन = गुणद्वारा
विद्धः = क्षुब्ध भएर
सूष्यन् = जगत्को रूपमा उत्पन्न हुन खोज्दै
तदा = त्यो समयमा
नाभिदेशात् = नाभिप्रदेशबाट
अभिद्यत = भेदन गरेर बाहिर निक्ल्यो

वाक्यार्थ– जुन समयमा भगवान्को दृष्टि आफूमा निहित लिङ्गशरीर आदि सूक्ष्मतत्त्वमा पऱ्यो, तब त्यो कालाश्रित रजोगुणबाट क्षुभित भएर सृष्टिरचनाको निमित्त उहाँको नाभिदेशबाट बाहिर निक्ल्यो।

स पद्मकोशः सहसोदतिष्ठत्
कालेन कर्मप्रतिबोधनेन।
स्वरोचिषा तत् सलिलं विशालं
विद्योतयन्नर्क इवात्मयोनिः॥ १४॥

पदार्थ–

कर्मप्रतिबोधनेन = कर्मशक्तिलाई प्रेरित गर्ने
कालेन = कालद्वारा
आत्मयोनिः = भगवान्द्वारा उत्पन्न
सः = सूक्ष्मभूत समूहरूप
पद्मककोशः = नाभिकमल
स्वरोचिषा = आफ्नो तेजद्वारा
तत् = प्रलय अवस्थाको त्यो

विशालं = विशाल	**अर्कः इव** = सूर्यले झैं	**सहसा** = तुरुन्त
सलिलं = जलराशिलाई	**विद्योतयन्** = प्रकाशित गर्दै	**उदतिष्ठत्** = प्रकट भयो

वाक्यार्थ– कर्मशक्तिलाई जाग्रत् गराउने कालद्वारा विष्णु भगवान्को नाभिबाट प्रकट भएको त्यो सूक्ष्म तत्त्व कमलकोशको रूपमा तुरुन्त माथि उठ्यो र त्यसले सूर्यको समान आफ्नो तेजद्वारा त्यो अपार जलराशिलाई देदीप्यमान गऱ्यो।

तल्लोकपद्मं स उ एव विष्णुः
प्रावीविशत् सर्वगुणावभासम्।
तस्मिन् स्वयं वेदमयो विधाता
स्वयम्भुवं यं स्म वदन्ति सोऽभूत्॥ १५॥

पदार्थ–

उ = आश्चर्यको कुरा हो	**विष्णुः एव** = सर्वव्यापक प्रभुले	**विधाता** = सृष्टिकर्ता ब्रह्माजी
सर्वगुणावभासम् = सम्पूर्ण	नै	**यं** = जसलाई
गुणहरूलाई प्रकाशित गर्ने	**प्रावीविशत्** = अन्तर्यामीरूपले	**स्वयम्भुवं** = स्वयम्भू
तत् = त्यो	प्रवेश गर्नुभयो	**वदन्ति स्म** = भन्दछन्
लोकपद्मं = सर्वलोकमय	**तस्मिन्** = त्यो कमलमाथि	**सः** = उहाँ
कमलमा	**स्वयं** = साक्षात्	**अभूत्** = उत्पन्न हुनुभयो
सः = उहाँ	**वेदमयः** = वेदस्वरूप	

वाक्यार्थ– सम्पूर्ण गुणहरूलाई प्रकाशित गर्ने त्यो सर्वलोकमय कमलमा उहाँ विष्णु भगवान् नै अन्तर्यामी रूपले प्रविष्ट हुनुभयो। तब त्यस कमलबाट नै सम्पूर्ण वेदलाई जान्ने साक्षात् वेदमूर्ति ब्रह्माजी प्रकट हुनुभयो। जसलाई प्राणीहरू स्वयम्भू भन्दछन्।

तस्यां स चाम्भोरुहकर्णिकाया-
मवस्थितो लोकमपश्यमानः।
परिक्रमन् व्योम्नि विवृत्तनेत्र-
श्चत्वारि लेभेऽनुदिशं मुखानि॥ १६॥

पदार्थ–

तस्यां = त्यो	**अवस्थितः** = रहनुभएका	**अपश्यमानः** = नदेखेपछि
अम्भोरुहकर्णिकायाम् =	**सः** = उहाँ ब्रह्माजीले	**विवृत्तनेत्रः** = आँखा खोलेर
कमलका बीचमा	**लोकम्** = लोकहरूलाई	**व्योम्नि** = आकाशतिर

परिक्रमन् = फर्केर हेर्दा	**चत्वारि** = चारओटा	**लेभे** = प्राप्त गर्नुभयो
अनुदिशं = हरेक दिशातर्फ	**मुखानि** = मुखहरू	

वाक्यार्थ– त्यस कमलको बीचमा बसेका ब्रह्माजीले जब कुनै पनि प्रकारको लोकलाई देख्नुभएन, तब उहाँले आँखा खोलेर आकाशमा चारैतिर फर्केर हेर्न लाग्नुभयो। यसबाट उहाँको चारैदिशाहरूमा चारमुख प्रकट भए।

तस्माद्युगान्तश्वसनावघूर्ण-
जलोर्मिचक्रात् सलिलाद् विरूढम्।
उपाश्रितः कञ्जमु लोकतत्त्वं
नात्मानमद्धाविददादिदेवः॥ १७॥

पदार्थ–

तस्मात् = त्यस	**कञ्जम्** = लोकमय कमलमा	**लोकतत्त्वं** = लोकमय कमललाई र
युगान्तश्वसनावघूर्णजलोर्मिचक्रात् = प्रलयकालीन वायुको झोक्का बनेको तरङ्गहरूले युक्त	**उपाश्रितः** = रहे तापनि	**आत्मानम्** = आफैंलाई पनि
सलिलात् = जलबाट	**उ** = आश्चर्य छ कि	**अद्धा** = पूर्णतः
विरूढम् = उत्पन्न	**आदिदेवः** = आदिदेवता भएर पनि उहाँले	**न अविदत्** = जान्नुभएन

वाक्यार्थ– त्यस समयमा प्रलयकालीन वायुको झोक्काले बनेका तरङ्गहरूले युक्त जलबाट बनेको कमलमा रहेर पनि ब्रह्माजीलाई आफ्नो र लोकतत्त्वरूप कमलका विषयमा पनि केही थाहा भएन।

क एष योऽसावहमब्जपृष्ठ
एतत् कुतो वाब्जमनन्यदप्सु।
अस्ति ह्यधस्तादिह किञ्चनैत-
दधिष्ठितं यत्र सता नु भाव्यम्॥ १८॥

पदार्थ–

अब्जपृष्ठे = कमलमाथि	**अप्सु** = जलमा	**हि** = निश्चय नै
यः = जुन	**अनन्यत्** = एकमात्र	**इह** = यहाँभन्दा
एषः असौ = यो	**एतत्** = यो	**अधस्तात्** = तल
अहम् = म	**अब्जम्** = कमल	**किञ्चन** = केही न केही
कः = को हुँ (अथवा)	**कुतः** = कहाँबाट आयो	**अस्ति** = छ

यत्र = जहाँ
एतत् = यो कमल
अधिष्ठितं = अडिएको छ त्यहाँ
नु = निश्चय नै
सता = कुनै सत् वस्तुले
भाव्यम् = हुनुपर्दछ

वाक्यार्थ– कमलमाथि जुन यो म को हुँ अथवा जलमा एकमात्र यो कमल कहाँबाट आयो ? निश्चय नै यहाँभन्दा तल केही न केही छ जहाँ यो कमल अडिएको छ। त्यहाँ निश्चय नै कुनै सत् वस्तु हुनुपर्दछ।

स इत्थमुद्वीक्ष्य तदब्जनाल–
नाडीभिरन्तर्जलमाविवेश।
नार्वाग्गतस्तत्खरनालनाल–
नाभिं विचिन्वंस्तदविन्दताजः ॥ १९ ॥

पदार्थ–
इत्थम् = यस्तो
उद्वीक्ष्य = विचार गरेर
सः = ब्रह्माजीले
तदब्जनालनाडीभिः = कमलको भित्री छिद्रहरूको माध्यमले
अन्तर्जलम् = जलभित्र
आविवेश = पस्नुभयो
तत्खरनालनालनाभिं = त्यो कमलनालको अधिष्ठानलाई
विचिन्वन् = खोज्दै
अर्वाग्गतः = तलतिर जानुभएका
अजः = ब्रह्माजीले
तत् = त्यो अधिष्ठानलाई
न अविन्दत = जान्न सक्नुभएन

वाक्यार्थ– यस्तो विचार गर्दै उहाँ कमलनालको सूक्ष्म छिद्रबाट जलमा प्रवेश गर्नुभयो। किन्तु कमलनालको आधार खोज्दाखोज्दै नाभिदेशको नजिकै पुग्दाखेरि पनि उहाँले त्यस आधारलाई जान्न सक्नुभएन।

तमस्यपारे विदुरात्मसर्गं
विचिन्वतोऽभूत् सुमहांस्त्रिणेमिः।
यो देहभाजां भयमीरयाणः
परिक्षिणोत्यायुरजस्य हेतिः ॥ २० ॥

पदार्थ–
विदुर = हे विदुरजी
अपारे = गहन
तमसि = अन्धकारमा
आत्मसर्गं = आफ्नो उत्पत्तिस्थानलाई
विचिन्वतः = खोज्ने ब्रह्माजीको
सुमहान् = धेरै लामो
त्रिणेमिः = समय
अभूत् = बित्यो
अजस्य = परमात्माको
हेतिः = चक्रस्वरूप
यः = जुन कालले
देहभाजां = शरीरधारीहरूको
भयमीरयाणः = अभिनिवेशरूप मृत्युभयलाई बढाउँदै

आयुः = जीवनीसमय
परिक्षिणोति = क्षीण गर्दछ

वाक्यार्थ– विदुरजी ! त्यस अपार अन्धकारमा आफ्नो उत्पत्तिको ठाउँ खोज्दाखोज्दै ब्रह्माजीको धेरै समय बित्यो। यो काल नै भगवान्को चक्र हो जसले प्राणीहरूलाई भयभीत गराउँदै उनीहरूको आयुलाई क्षीण गर्दछ।

ततो निवृत्तोऽप्रतिलब्धकामः
स्वधिष्ण्यमासाद्य पुनः स देवः।
शनैर्जितश्वासनिवृत्तचित्तो
न्यषीददारूढसमाधियोगः॥ २१॥

पदार्थ–
अप्रतिलब्धकामः = आफ्नो इच्छा पूरा नभएर
ततः = त्यहाँबाट
निवृत्तः = फर्कनुभएका
सः = उहाँ
देवः = ब्रह्माजीले
पुनः = फेरि
स्वधिष्ण्यम् = आफ्नो स्थानमा नै
आसाद्य = स्थित भएर
शनैः = बिस्तारै
जितश्वासनिवृत्तचित्तः = श्वास र चित्तलाई नियन्त्रण गरेर
आरूढसमाधियोगः = समाधिको आश्रय लिई
न्यषीदत् = बस्नुभयो

वाक्यार्थ– अन्त्यमा मनोरथ विफल भएर ब्रह्माजी त्यहाँबाट फर्केर आउनुभयो। फेरि आफ्नो आधारभूत कमलमा बसेर प्राणवायुलाई जितेर चित्तलाई सङ्कल्परहित बनाएर समाधिमा स्थित हुनुभयो।

कालेन सोऽजः पुरुषायुषाभि-
प्रवृत्तयोगेन विरूढबोधः।
स्वयं तदन्तर्हृदयेऽवभात-
मपश्यतापश्यत यन्न पूर्वम्॥ २२॥

पदार्थ–
पुरुषायुषा = सय वर्षसम्मको
कालेन = समयद्वारा
अभिप्रवृत्तयोगेन = सिद्ध भएको योगद्वारा
विरूढबोधः = ज्ञान उत्पन्न भएका
स = उहाँ
अजः = ब्रह्माजीले
यत् = जुन आफ्नो कारणलाई
पूर्वम् = पहिले
न अपश्यत = देख्नुभएको थिएन
तत् = त्यसलाई
स्वयं = आफैँ (आफ्नै)
अन्तर्हृदये = अन्तःकरणभित्र

अवभातम् = प्रकाशित	**अपश्यत** = देख्नुभयो

वाक्यार्थ– यसप्रकार मानिसको पूर्ण आयु बराबर दिव्य सयवर्षसम्म राम्रोसँग योगाभ्यास गरेपछि ब्रह्माजीलाई ज्ञान प्राप्त भयो। तब उहाँले आफ्नो त्यो अधिष्ठानलाई जसलाई खोज्दा उहाँले प्राप्त गर्न सक्नुभएको थिएन त्यो अहिले स्वतः नै अन्तःकरणमा प्रकाशित भएको देख्नुभयो।

मृणालगौरायतशेषभोग-

पर्यङ्क एकं पुरुषं शयानम्।

फणातपत्रायुतमूर्धरत्न-

द्युभिर्हतध्वान्तयुगान्ततोये॥ २३॥

पदार्थ–

फणातपत्रायुतमूर्धरत्नद्युभिः = हजारौं छाताजस्ता फणाहरूको शिरोभागको चमकले	**मृणालगौरायतशेषभोगपर्यङ्के** = कमलको नालजस्तै सेतो र विशाल शेषको शरीरमाथि	(देख्नुभयो)
हतध्वान्तयुगान्ततोये = प्रलयजलको अन्धकारलाई नाश गर्ने	**शयानम्** = सुतिरहनुभएका **एकं** = एकमात्र **पुरुषं** = पुरुषरूप भगवान्लाई	

वाक्यार्थ– ब्रह्माजीले त्यो प्रलयकालीन जलमा शेषजीको कमलनालसदृश सेतो र विशाल विग्रहको शय्यामा पुरुषोत्तम भगवान्लाई एक्लै सुतेको देख्नुभयो।

प्रेक्षां क्षिपन्तं हरितोपलाद्रेः

सन्ध्याभ्रनीवेरुरुरुक्ममूर्ध्नः।

रत्नोदधारौषधिसौमनस्य-

वनस्रजो वेणुभुजाङ्घ्रिपाङ्घ्रेः॥ २४॥

पदार्थ–

सन्ध्याभ्रनीवेः = सन्ध्याकालिक मेघको परिधानयुक्त	**प्रेक्षां** = शोभालाई	**वेणुभुजाङ्घ्रिपाङ्घ्रेः** = वेणुदण्ड र वृक्षको शोभालाई तिरस्कृत गर्ने भुजदण्ड र चरणयुक्त (भगवान्लाई ब्रह्माजीले देख्नुभयो)
उरुरुक्ममूर्ध्नः = अनेक स्वर्ण शिखरयुक्त	**क्षिपन्तं** = तिरस्कार गर्ने	
हरितोपलाद्रेः = मरकतमणिमय पर्वतको	**रत्नोदधारौषधिसौमनस्यवनस्रजः** = रत्न, जलप्रपात, पुष्प, औषधिलाई परास्त गर्ने वनमाला लगाउने	

वाक्यार्थ– उहाँको कमरको पहेँलो कपडाले पर्वतप्रान्तमा छाइएको सायङ्काललाई मलिन गरिरहेको छ। शिरमा सुशोभित सुवर्णमुकुटले सुवर्णमय शिखरको मान मर्दन गरिरहेको छ। उहाँको वनमालाले पर्वतको रत्न, जलप्रपात, औषधि र पुष्पको शोभालाई परास्त गरिरहेको छ। उहाँको भुजदण्डले वेणुदण्डको र चरणले वृक्षको तिरस्कार गरिरहेका भगवान्‌लाई देख्नुभयो।

आयामतो विस्तरतः स्वमान-
देहेन लोकत्रयसङ्ग्रहेण।
विचित्रदिव्याभरणांशुकानां
कृतश्रियापाश्रितवेषदेहम्॥ २५॥

पदार्थ–

आयामतः = चौडाइले र
विस्तरतः = लम्बाइले पनि
लोकत्रयसङ्ग्रहेण = तीनै लोक अटाउने
स्वमानदेहेन = अपरिच्छिन्न तथा निरुपम देहद्वारा
विचित्रदिव्याभरणांशुकानां = रत्नमय दिव्य आभूषणहरूको
कृतश्रिया = अतिशय रमणीयताद्वारा
अपाश्रितवेषदेहम् = स्वयं सुन्दर भएर पनि अलङ्कार स्वीकार गर्ने शरीर भएका (भगवान्‌लाई ब्रह्माजीले देख्नुभयो)

वाक्यार्थ– उहाँको त्यस विग्रहले आफ्नो परिमाण लम्बाइ र चौडाइमा त्रिलोकीको सङ्ग्रह गरेको छ। उक्त विग्रह आफ्नो शोभाले विचित्र एवं दिव्यवस्त्राभूषणको शोभालाई सुशोभित गर्नेवाला भईकन पनि पीताम्बर आदि आफ्नो वेषभूषाबाट सुसज्जित भएका भगवान्‌लाई ब्रह्माजीले देख्नुभयो।

पुंसां स्वकामाय विविक्तमार्गै-
रभ्यर्चतां कामदुघाङ्घ्रिपद्मम्।
प्रदर्शयन्तं कृपया नखेन्दु-
मयूखभिन्नाङ्गुलिचारुपत्रम्॥ २६॥

पदार्थ–

स्वकामाय = आफ्नो–आफ्नो अभिलाषाको पूर्तिका लागि
विविक्तमार्गैः = भिन्न–भिन्न शास्त्रोक्त मार्गहरूबाट
अभ्यर्चतां = उपासना गर्ने
पुंसां = मनुष्यहरूको
कृपया = कृपाको लागि
नखेन्दुमयूखभिन्नाङ्गुलिचारु-पत्रम् = नख चन्द्रिकाको ज्योतियुक्त राम्रा कमलपत्रजस्ता अङ्गुलीले युक्त

कामदुघाङ्घ्रिपद्मम् = यथेच्छ वर दिने चरणकमललाई	**प्रदर्शयन्तं** = देखाइरहनु भएका (भगवान्लाई ब्रह्माजीले देख्नुभयो)

वाक्यार्थ– आफ्नो आफ्नो अभिलाषाको पूर्तिका लागि भिन्न भिन्न मार्गद्वारा पूजा गर्ने भक्तजनलाई कृपापूर्वक यथेच्छ वर दिने चरणकमलको दर्शन दिई रहनुभएका र जसका सुन्दर औँलाहरूको नखचन्द्रको चन्द्रिकाद्वारा अलग–अलग रूपले स्पष्ट चम्किरहेका छन् त्यस्ता भगवान्लाई ब्रह्माजीले देख्नुभयो।

मुखेन लोकार्तिहरस्मितेन
परिस्फुरत्कुण्डलमण्डितेन।
शोणायितेनाधरबिम्बभासा
प्रत्यर्हयन्तं सुनसेन सुभ्र्वा॥ २७॥

पदार्थ–

लोकार्तिहरस्मितेन = भक्तको दुःखहरण गर्ने मुस्कान	**अधरबिम्बभासा** = ओठको शोभा र	**प्रत्यर्हयन्तं** = भक्तहरूलाई सम्मान गरिरहनुभएका (भगवान्लाई ब्रह्माजीले देख्नुभयो)
परिस्फुरत्कुण्डलमण्डितेन = कानमा झिलझिलाइरहेका कुण्डल	**सुनसेन** = सुन्दर नासिका अनि	
शोणायितेन = रक्तिम	**सुभ्र्वा** = सुन्दर आँखीभौँको सन्निवेशले युक्त	
	मुखेन = मुखद्वारा	

वाक्यार्थ– सुन्दर नासिका, अनुग्रहवर्षी आँखीभौँ, कानमा झिलझिल गर्ने कुण्डलको शोभा, राता अधरका कान्ति एवं लोकार्तिहारी मुस्कानले युक्त मुखारविन्दद्वारा आफ्नो उपासकहरूको सम्मान गरिरहनुभएका भगवान्लाई ब्रह्माजीले देख्नुभयो छ।

कदम्बकिञ्जल्कपिशङ्गवाससा
स्वलङ्कृतं मेखलया नितम्बे।
हारेण चानन्तधनेन वत्स
श्रीवत्सवक्षःस्थलवल्लभेन॥ २८॥

पदार्थ–

वत्स = हे प्यारा विदुर

कदम्बकिञ्जल्कपिशङ्गवाससा = कदम्बपुष्पको केशरझैं पीताम्बरद्वारा र **मेखलया** = सुवर्णमय मेखलाद्वारा	**नितम्बे** = नितम्बमा अनि **अनन्तधनेन** = अमूल्य **श्रीवत्सवक्षःस्थलवल्लभेन** = वक्षःस्थलमा रहेको श्रीवत्सचिह्नसँग मिल्ने खालको	**हारेण च** = हारद्वारा पनि **स्वलङ्कृतं** = सुशोभित हुनुभएका (भगवान्लाई ब्रह्माजीले देख्नुभयो)

वाक्यार्थ– हे प्यारा विदुर! कदम्बपुष्पको केशरझैं पीताम्बरद्वारा र सुवर्णमय मेखलाद्वारा नितम्बमा अनि वक्षःस्थलमा रहेको श्रीवत्सचिह्नसँग मिल्ने खालको अमूल्य हारद्वारा पनि सुशोभित हुनुभएका भगवान्लाई ब्रह्माजीले देख्नुभयो।

परार्ध्यकेयूरमणिप्रवेक-
पर्यस्तदोर्दण्डसहस्रशाखम्।
अव्यक्तमूलं भुवनाङ्घ्रिपेन्द्र-
महीन्द्रभोगैरधिवीतवल्शम्॥ २९॥

पदार्थ–

परार्ध्यकेयूरमणिप्रवेकपर्यस्त-दोर्दण्डसहस्रशाखम् = बहुमूल्य केयूर र अन्य मणिहरूद्वारा हजारौं हाँगाजस्ता बाहुले युक्त अनि	**अव्यक्तमूलं** = जरो नभेटाइने **भुवनाङ्घ्रिपेन्द्रम्** = चन्दनको वृक्षको समान **अहीन्द्रभोगैः** = शेषनागका अवयवले	**अधिवीतवल्शम्** = स्कन्धप्रदेश घेरिनुभएका (भगवान्लाई ब्रह्माजीले देख्नुभयो)

वाक्यार्थ– बहुमूल्य केयूर र अन्यमणिहरूद्वारा हजारौं हाँगाजस्ता बाहुले युक्त अनि जरो न भेटाइने चन्दनको वृक्षको समान शेषनागका अवयवले स्कन्धप्रदेश घेरिनुभएका भगवान्लाई ब्रह्माजीले देख्नुभयो।

चराचरौको भगवन्महीध्र-
महीन्द्रबन्धुं सलिलोपगूढम्।
किरीटसाहस्रहिरण्यशृङ्ग-
माविर्भवत्कौस्तुभरत्नगर्भम्॥ ३०॥

पदार्थ–

चराचरौकः = चर र अचर सम्पूर्ण प्राणीको आश्रय	**सलिलोपगूढम्** = वरिपरि जलले घेरिनुभएका

किरीटसाहस्रहिरण्यशृङ्गम् = हजारौँ मुकुट नै पर्वतका सुवर्णश्रृङ्ग जस्ता लाग्ने	**भगवन्महीध्रम्** = पर्वतराजरूपी भगवान् **अहीन्द्रबन्धुं** = शेषका मित्र समान	**आविर्भवत्कौस्तुभरत्नगर्भम्** = शरीरमा स्पष्ट रूपमा कौस्तुभ मणि देखिएका (भगवान्लाई ब्रह्माजीले देख्नुभयो)

वाक्यार्थ– चर र अचर सम्पूर्ण प्राणीको आश्रय वरिपरि जलले घेरिनुभएका हजारौँ मुकुट नै पर्वतका सुवर्णश्रृङ्ग जस्ता लाग्ने पर्वतराजरूपी भगवान् शेषका मित्र समान शरीरमा स्पष्ट रूपमा कौस्तुभ मणि देखिएका भगवान्लाई ब्रह्माजीले देख्नुभयो।

निवीतमाम्नायमधुव्रतश्रिया
स्वकीर्तिमय्या वनमालया हरिम्।
सूर्येन्दुवाय्वग्न्यगमं त्रिधामभिः
परिक्रमत्प्राधनिकैर्दुरासदम्॥ ३१॥

पदार्थ–

आम्नायमधुव्रतश्रिया = वेदरूप भ्रमरद्वारा गुञ्जित **स्वकीर्तिमय्या** = आफ्ना अनन्तकीर्तिस्वरूप **वनमालया** = वनमालाद्वारा **निवीतम्** = गाला ढाकिनुभएका	**सूर्येन्दुवाय्वग्न्यगमं** = सूर्य, चन्द्र, वायु र अग्निको पनि गति नभएको अरु **त्रिधामभिः** = तीनै लोकमा स्वच्छन्द विचरण गर्ने	**परिक्रमत्प्राधनिकैः** = आफ्ना वरिपरि रहेका युद्धमा प्रयोग गरिने सुदर्शन आदिबाट पनि **दुरासदम्** = अप्राप्य **हरिम्** = हरि (भगवान्लाई ब्रह्माजीले देख्नुभयो)

वाक्यार्थ– प्रभुको गलामा वेदरूप भ्रमराले गुञ्जायमान आफ्नो कीर्तिमयी वनमाला विराजमा छैन। तीनै लोकहरूमा विना रोकतोक विचरण गर्ने सुदर्शन चक्र आदि आयुध पनि प्रभुको आसपासमा सधैँ घुमिरहन्छन्। ती चक्रहरूका लागि पनि भगवान् अत्यन्त दुर्लभ हुनुहुन्छ। त्यस्ता हरि भगवान्लाई ब्रह्माजीले देख्नुभयो)

तर्ह्येव तन्नाभिसरःसरोज-
मात्मानमम्भः श्वसनं वियच्च।
ददर्श देवो जगतो विधाता
नातः परं लोकविसर्गदृष्टिः॥ ३२॥

पदार्थ–

तर्हि एव = त्यसै वेला
तन्नाभिसरःसरोजम् = भगवान्को नाभिसरोवरबाट उत्पन्न कमल
आत्मानम् = आफू ब्रह्मा
अम्भः = प्रलयजल
श्वसनं = वायु
वियत् च = आकाशलाई पनि
जगतः = संसारका
विधाता = सृष्टिकर्ता
देवः = ब्रह्माजीले
ददर्श = देख्नुभयो
लोकविसर्गदृष्टिः = संसाररचनातिर बुद्धि भएकाले
अतः = यीभन्दा
परं = अरू चीज
न = देख्नुभएन

वाक्यार्थ— तब विश्वरचनाको इच्छा गर्ने लोकविधाता ब्रह्माजीले भगवान्को नाभिसरोवरबाट प्रकट भएको कमल, जल, आकाश, वायु र आफ्नो शरीर यी पाँचओटा पदार्थहरू देख्नुभयो। यीदेखि अतिरिक्त उहाँले अरू कुनै पनि पदार्थ देख्नुभएन।

स कर्मबीजं रजसोपरक्तः
प्रजाः सिसृक्षन्नियदेव दृष्ट्वा।
अस्तौद्विसर्गाभिमुखस्तमीड्य-
मव्यक्तवर्त्मन्यभिवेशितात्मा ॥ ३३ ॥

पदार्थ—
रजसा = रजोगुणद्वारा
उपरक्तः = व्याप्त
प्रजाः = लोकको
सिसृक्षन् = रचना गर्न खोज्ने
सः = ब्रह्माजीले
कर्मबीजं = लोकरचनाको कारणभूत
इयत् एव = यत्ति पाँच चीज
दृष्ट्वा = देखेर
विसर्गाभिमुखः = सृष्टितिर अभिमुख उहाँले
अव्यक्तवर्त्मनि = अचिन्त्य गति हरिमा
अभिवेशितात्मा = अन्तःकरण लगाएर
ईड्यम् = परमपूजनीय
तम् = भगवान्लाई
अस्तौत् = स्तुति गर्नुभयो

वाक्यार्थ— रजोगुणले व्याप्त ब्रह्माजी प्रजाहरूको रचना गर्न चाहनुहुन्थ्यो। जब उहाँले सृष्टिको कारणरूप केवल यी पाँच पदार्थ देख्नुभयो तब लोकरचनाका लागि उत्सुक हुनाले उहाँले अचिन्त्य गति श्रीहरिमा चित्त लगाएर ती परमपूजनीय प्रभुको स्तुति गर्न लाग्नुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां
तृतीयस्कन्धेऽष्टमोऽध्यायः ॥ ८ ॥

अथ नवमोऽध्यायः

ब्रह्माजीद्वारा भगवान्को स्तुति

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

ज्ञातोऽसि मेऽद्य सुचिरान्ननु देहभाजां
न ज्ञायते भगवतो गतिरित्यवद्यम्।
नान्यत्त्वदस्ति भगवन्नपि तन्न शुद्धं
मायागुणव्यतिकराद्यदुरुर्विभासि ॥ १ ॥

पदार्थ–

ननु = निश्चय नै	**गतिः** = स्वरूप	**यत्** = जुन तपाईं
सुचिरात् = धेरै समयपछि	**न ज्ञायते** = ज्ञात हुँदैन	**मायागुणव्यतिकरात्** = मायाको
अद्य = आज	**इति** = यो	गुणहरूका कारणले
मे = मद्वारा	**अवद्यम्** = दुर्भाग्यपूर्ण छ	**उरुः** = भिन्न–भिन्न रूपमा
ज्ञातः = जानिनुभएको	**भगवन्** = हे भगवान्	**विभासि** = देखिनुहुन्छ
असि = छ	**त्वत्** = तपाईं	**तत्** = त्यो विविधता पनि
देहभाजां = जीवहरूलाई	**अन्यत्** = अरू	**शुद्धं न** = सत्य होइन
भगवतः = भगवान्को	**न अस्ति** = कोही पनि छैन	

वाक्यार्थ– प्रभु ! आज धेरै समयपछि मैले तपाईंलाई जान्न सकेँ। अहो यो कस्तो दुर्भाग्यको कुरा हो। देहधारी जीवहरू तपाईंको स्वरूपलाई जान्न सक्दैनन्। भगवन् ! तपाईंलाई छोडेर कुनै पनि सत्य वस्तु संसारमा छैन। जुन वस्तु प्रतीत हुन्छ त्यो स्वरूपतः सत्य होइन।

रूपं यदेतदवबोधरसोदयेन
शश्वन्निवृत्ततमसः सदनुग्रहाय।
आदौ गृहीतमवतारशतैकबीजं
यन्नाभिपद्मभवनादहमाविरासम्॥ २॥

पदार्थ–

अवबोधरसोदयेन = चित्	**शश्वन्निवृत्ततमसः** = सदा सर्वदा	**एतत्** = यो
शक्तिको प्रकाशद्वारा	अज्ञानलाई नाश गर्ने तपाईंको	**यत्** = जुन

रूपं = रूप छ (त्यो)
अवतारशतैकबीजं = सयौँथरी अवतारहरूको कारण अनि
सदनुग्रहाय = भक्तमा अनुग्रह गर्नका लागि
आदौ = पहिले
गृहीतम् = ग्रहण गरिएको हो
यन्नाभिपद्मभवनात् = जुन तपाईंको नाभिकमलबाट
अहम् = म ब्रह्मा
आविरासम् = प्रकट भएँ

वाक्यार्थ– मायाका गुणहरू क्षुभित हुनाले केवल तपाईं नै अनेक रूपमा प्रतीत हुनुभएको छ। देव ! तपाईंको चित्‌शक्ति प्रकाशित हुनाले अज्ञान तपाईंबाट सधैं टाढा रहन्छ। तपाईंको यो रूप जसको नाभिकमलबाट म प्रकट भएको छु, त्यो सयौँ अवतारको मूल कारण हो।

नातः परं परम यद् भवतः स्वरूपम्
आनन्दमात्रमविकल्पमविद्धवर्चः।
पश्यामि विश्वसृजमेकमविश्वमात्मन्
भूतेन्द्रियात्मकमदस्त उपाश्रितोऽस्मि ॥ ३ ॥

पदार्थ–

परम = हे परमप्रभु
आनन्दमात्रम् = आनन्दमय
अविकल्पम् = भेदरहित
अविद्धवर्चः = अखण्डप्रकाश
यत् = जुन
भवतः = तपाईंको
स्वरूपम् = यथार्थ स्वरूप हो त्यसलाई
अतः = यो रूपभन्दा
परं = भिन्नै
न पश्यामि = देख्दिनँ
आत्मन् = हे परमात्मा ! (त्यसै कारणले)
विश्वसृजम् = विश्वको रचना गर्ने
अविश्वम् = विश्व भन्दा भिन्न
एकम् = एकमात्र
भूतेन्द्रियात्मकम् = महाभूत र इन्द्रियहरूका पनि आत्मस्वरूप
ते = तपाईंको
अदः = यस रूपको
उपाश्रितः = शरणमा
अस्मि = छु

वाक्यार्थ– यस स्वरूपलाई तपाईंले सत्पुरुषमाथि कृपा गर्नका लागि सर्वप्रथम प्रकट गर्नुभएको छ। परमात्मन् ! तपाईंको जुन आनन्दमात्र, भेदरहित, अखण्ड, तपोमयस्वरूप छ, त्यसलाई म यसबाट भिन्न ठान्दिनँ। यसकारण म विश्वको रचना गर्नेवाला भईकन पनि विश्वातीत तपाईंको यो अद्वितीयरूपको शरण लिएको छु।

तद्वा इदं भुवनमङ्गल मङ्गलाय
ध्याने स्म नो दर्शितं त उपासकानाम्।
तस्मै नमो भगवतेऽनुविधेम तुभ्यं
योऽनादृतो नरकभाग्भिरसत्प्रसङ्गैः ॥ ४ ॥

पदार्थ–

भुवनमङ्गल = विश्व कल्याणकर्ता
नः = हामी जस्ता
उपासकानाम् = भक्तहरूको
मङ्गलाय = कल्याणार्थ नै
तत् वै = त्यही नै विश्वातीत
इदं = यो रूप
ध्याने = ध्यानमा
दर्शितं स्म = देखाउनुभएको हो
यः = जुन हजुर
नरकभाग्भिः = नरकगामी
असत्प्रसङ्गैः = असत्प्रसङ्ग उठाउने कुतर्कीहरूद्वारा
अनादृतः = अनादर गरिएका हुनुहुन्छ
तस्मै = त्यस्ता
भगवते = भगवान्
तुभ्यं = तपाईंलाई
नमः = नमस्कार
अनुविधेम = बारम्बार गर्दछौं

वाक्यार्थ– हे विश्वकल्याणमय ! हामीजस्ता भक्तहरूको कल्याणार्थ नै विश्वातीत यो रूप ध्यानमा देखाउनुभएको हो। तपाईं नरकगामी कुतर्कीहरूद्वारा अनादर गरिएका हुनुहुन्छ। यस्ता तपाईंलाई बारम्बार नमस्कार गर्दछौं।

ये तु त्वदीयचरणाम्बुजकोशगन्धं
जिघ्रन्ति कर्णविवरैः श्रुतिवातनीतम्।
भक्त्या गृहीतचरणः परया च तेषां
नापैषि नाथ हृदयाम्बुरुहात् स्वपुंसाम्॥ ५॥

पदार्थ–

नाथ = हे मेरा मालिक
ये तु = जो भक्तहरू
श्रुतिवातनीतम् = श्रुतिरूपी वायुले ल्याएको
त्वदीयचरणाम्बुजकोशगन्धं = तपाईंको चरणकमलको सुगन्धलाई
कर्णविवरैः = कानद्वारा
जिघ्रन्ति = ग्रहण गर्दछन् (उनीहरूद्वारा)
परया = परम
भक्त्या = भक्तिबाट
गृहीतचरणः = चरण समातिनुभएका तपाईं
तेषां = ती
पुंसाम् = मान्छेहरूको
हृदयाम्बुरुहात् = हृदयकमलबाट
न अपैषि = टाढा जानुहुन्न

वाक्यार्थ– हे मेरा मालिक ! जो भक्तहरू श्रुतिरूपी वायुले ल्याएको तपाईंको चरणकमलको सुगन्धलाई कानद्वारा ग्रहण गर्दछन् उनीहरूद्वारा परम भक्तिबाट चरण समातिनुभएका तपाईं ती मान्छेहरूको हृदयकमलबाट टाढा जानुहुन्न।

तावद् भयं द्रविणदेहसुहृन्निमित्तं
शोकः स्पृहा परिभवो विपुलश्च लोभः।

तावन्ममेत्यसदवग्रह आर्तिमूलं
यावन्न तेऽङ्घ्रिमभयं प्रवृणीत लोकः ॥ ६ ॥

पदार्थ–

द्रविणदेहसुहृन्निमित्तं = धन, घर र बान्धवको कारणले हुने	**लोभः** = लोभ	**यावत्** = जबसम्म
भयं = भय	**मम** = मेरो	**लोकः** = प्राणीले
शोकः = दुःख	**इति** = भन्ने	**ते** = तपाईंको
स्पृहा = कामना	**असदवग्रहः** = असत्यको स्वीकार गर्नु (यी सब)	**अभयं** = अभयदायक
परिभवः = दीनता अनि	**आर्तिमूलं** = (तबसम्म) दुःखका कारण हुन्	**अङ्घ्रिम्** = चरणलाई
विपुलः = उत्कट		**न प्रवृणीत** = ग्रहण गर्दैनन्

वाक्यार्थ– धन, घर र बान्धवको कारणले हुने भय दुःख कामना दीनता अनि उत्कट लोभ मेरो भन्ने असत्यको स्वीकार गर्नु यी सब तबसम्म) दुःखका कारण हुन्। जबसम्म प्राणीले तपाईंको अभयदायक चरणलाई ग्रहण गर्दैनन्।

दैवेन ते हतधियो भवतः प्रसङ्गात्
सर्वाशुभोपशमनाद्विमुखेन्द्रिया ये ।
कुर्वन्ति कामसुखलेशलवाय दीना
लोभाभिभूतमनसोऽकुशलानि शश्वत् ॥ ७ ॥

पदार्थ–

ये = जो प्राणीहरू	**कामसुखलेशलवाय** = विषयसुखको थोरै अंश पाउन	**कुर्वन्ति** = गर्दछन्
सर्वाशुभोपशमनात् = सम्पूर्ण अशुभ नाश गर्ने	**दीनाः** = दीनहीन बनेर	**ते** = तिनीहरू
भवतः = तपाईंको	**लोभाभिभूतमनसः** = लोभयुक्त मन बनाई	**दैवेन** = भाग्यद्वारा
प्रसङ्गात् = श्रवण आदिबाट	**शश्वत्** = निरन्तर	**हतधियः** = बुद्धि भ्रष्ट पारिएका हुन्
विमुखेन्द्रियाः = पर हटेका छन् अनि	**अकुशलानि** = संसारी दुष्कर्महरू	

वाक्यार्थ– जो प्राणीहरू सम्पूर्ण अशुभ नाश गर्ने तपाईंको श्रवण आदिबाट पर हटेका छन्, विषयसुखको थोरै अंश पाउन दीनहीन बनेर लोभयुक्त मन बनाई निरन्तर संसारी दुष्कर्महरू गर्दछन् तिनीहरू भाग्यले बुद्धिभ्रष्ट पारिएका हुन्।

क्षुत्तृट्त्रिधातुभिरिमा मुहुरर्द्यमानाः
शीतोष्णवातवरषैरितरेतराच्च ।
कामाग्निनाच्युतरुषा च सुदुर्भरेण
सम्पश्यतो मन उरुक्रम सीदते मे ॥ ८ ॥

पदार्थ–

उरुक्रम = हे सर्वसमर्थ
अच्युत = हे अच्युत प्रभो
क्षुत्तृट्त्रिधातुभिः = भोक, प्यास, कफ, वात, पित्त आदिबाट
शीतोष्णवातवरषैः = चीसोतातो हावा र पानीबाट अनि
इतरेतरात् = आफैं आफैंबाट लडेर
च = पनि (त्यसै गरी)
कामाग्निना = कामाग्निले र
सुदुर्भरेण = दुःसह
रुषा च = क्रोधले समेत
मुहुः = बारम्बार
अर्द्यमानाः = पीडित भइरहेका
इमाः = यी प्राणीहरूलाई
सम्पश्यतः = हेर्दा हेर्दै
मे = मेरो
मन = मन
सीदते = खिन्न हुन्छ

वाक्यार्थ– हे सर्वसमर्थ अच्युत प्रभो ! उरुक्रम, भोक, तिर्खा, बात, पित्त, कफ, सर्दी, गर्मी, हावा, वर्षा, कामाग्नि र दुःसह क्रोधको कारणले बारम्बार दुःखी भइरहेका प्राणीहरूलाई देख्दा मेरो मन ज्यादै खिन्न हुन्छ।

यावत् पृथत्त्वमिदमात्मन इन्द्रियार्थ-
मायाबलं भगवतो जन ईश पश्येत् ।
तावन्न संसृतिरसौ प्रतिसङ्क्रमेत
व्यर्थापि दुःखनिवहं वहती क्रियार्था ॥ ९ ॥

पदार्थ–

ईश = हे स्वामी
यावत् = जबसम्म
जनः = मानिसले
इन्द्रियार्थमायाबलं = इन्द्रिय, विषय र मायाको प्रभावले
आत्मनः = आत्माबाट
भगवतः = भगवान्को
इदम् = यो
पृथत्त्वम् = परस्परको भेदलाई
पश्येत् = देख्ला
तावत् = तबसम्म
व्यर्था = मिथ्या (भए)
अपि = पनि
क्रियार्था = कर्मफलक्षेत्र भएकाले
दुःखनिवहं = जन्ममृत्युरूप दुःखसमूहलाई
वहती = वहन गर्ने
असौ = यो
संसृति = संसारचक्र

न प्रतिसङ्क्रमेत = निवृत्त हुँदैन

वाक्यार्थ– हे स्वामी ! जबसम्म मानिसले इन्द्रिय, विषय र मायाको प्रभावले आत्मा र भगवान्‌को यो परस्परको भेदलाई स्वीकार गर्दछ तबसम्म मिथ्या भए पनि कर्मफलक्षेत्र भएकाले जन्ममृत्युरूप दुःखसमूहलाई वहन गर्ने यो संसारचक्र निवृत्त हुँदैन।

अह्न्यापृतार्तकरणा निशि निःशयाना
नानामनोरथधिया क्षणभग्ननिद्राः।
दैवाहतार्थरचना ऋषयोऽपि देव
युष्मत्प्रसङ्गविमुखा इह संसरन्ति॥ १०॥

पदार्थ–

देव = हे देव	**आपृतार्तकरणाः** = व्यस्त र व्यग्र चित्त भएर	**क्षणभग्ननिद्राः** = क्षणक्षणमा निद्रा टुटेर
युष्मत्प्रसङ्गविमुखाः = तपाईंको प्रसङ्गबाट विमुख भएका	**निशि** = रात्रिमा	**दैवाहतार्थरचना** : = दैववश सब उद्यम विफल भई
ऋषयः = ठुला ऋषिमुनि	**निःशयाना** = सुत्ने गरेका	**इह** = यस संसारमा
अपि = पनि	**नानामनोरथधिया** = विभिन्न कामनाको कारणले	**संसरन्ति** = पुनः पुनः जन्ममृत्यु लिन्छन्
अह्नि = दिउसो		

वाक्यार्थ– हे देव ! तपाईंको प्रसङ्गबाट विमुख भएका ठुला ऋषिमुनि पनि दिउसो व्यस्त र व्यग्र चित्त भएर रात्रिमा सुत्ने गरेका र विभिन्न कामनाको कारणले क्षण–क्षणमा निद्रा टुटेर दैववश सब उद्यम विफल भई संसारमा पुनः पुनः जन्ममृत्यु लिन्छन्।

त्वं भक्तियोगपरिभावितहृत्सरोज
आस्से श्रुतेक्षितपथो ननु नाथ पुंसाम्।
यद्यद्धिया त उरुगाय विभावयन्ति
तत्तद् वपुः प्रणयसे सदनुग्रहाय॥ ११॥

पदार्थ–

नाथ = हे स्वामी	**त्वं** = तपाईं	**भक्तियोगपरिभावितहृत्सरोजे** = प्रेमभावद्वारा शुद्ध भएको हृदयतलमा
ननु = निश्चय नै	**पुंसाम्** = आफ्ना भक्तहरूको	**आस्से** = रहनुहुन्छ
श्रुतेक्षितपथः = श्रवणद्वारा भेटिनुभएका		

उरुगाय = कीर्तिशाली प्रभो	**विभावयन्ति** = चिन्तन गर्दछन्	**वपुः** = स्वरूप
ते = ती भक्तहरू	**सदनुग्रहाय** = भक्तहरूको	**प्रणयसे** = धारण गर्नुहुन्छ
यत् यत् = जुन–जुन	कल्याणका लागि	
धिया = स्वरूपबुद्धिले	**तत् तत्** = त्यही–त्यही	

वाक्यार्थ– हे स्वामी ! निश्चय नै श्रवणद्वारा भेटिनुभएका तपाईं आफ्ना भक्तहरूको प्रेमभावद्वारा शुद्ध भएको हृदयतलमा रहनुहुन्छ र ती भक्तहरू जुन–जुन भावनाले चिन्तन गर्दछन् भक्तहरूको कल्याणका लागि त्यही–त्यही स्वरूप धारण गर्नुहुन्छ।

नातिप्रसीदति तथोपचितोपचारै-
राराधितः सुरगणैर्हृदि बद्धकामैः ।
यत् सर्वभूतदययासदलभ्ययैको
नानाजनेष्ववहितः सुहृदन्तरात्मा ॥ १२ ॥

पदार्थ–

तथा = त्यसै कारणले	**बद्धकामैः** = कामना राख्ने	**असदलभ्यया** = दुष्टले प्राप्त गर्न
एकः = एकमात्र	**उपचितोपचारैः** = विभिन्न	नसक्ने
नानाजनेषु = सम्पूर्ण प्राणीहरूमा	उपचारबाट पूजा गर्ने भए पनि	**सर्वभूतदयया** = सबै प्राणीमा
अवहितः = बस्नुहुने	**सुरगणैः** = देवताहरूद्वारा	गरिने दयाभावद्वारा
सुहृत् = परमहितकारी	**न अतिप्रसीदति** = त्यति खुसी	**आराधितः** = आराधना गरिँदा
अन्तरात्मा = अन्तर्यामी भगवान्	हुनुहुन्न	प्रसन्न हनुहुन्छ
हृदि = हृदयमा	**यत्** = जुन प्रभु	

वाक्यार्थ– हे भगवान् ! तपाईं एक्लै हुनुहुन्छ तथा सम्पूर्ण प्राणीहरूका अन्तःकरणमा स्थित उनीहरूको परमहितकारी अन्तरात्मा हुनुहुन्छ। त्यसकारण यी देवताहरू पनि हृदयमा विभिन्न प्रकारका कामनाहरू राखेर विभिन्न सामग्रीद्वारा तपाईंको पूजा गर्दछन्। परन्तु तपाईं ती सामग्रीद्वारा त्यति प्रसन्न हुनुहुन्न जति दुष्टले गर्न नसक्ने सबै प्राणीमाथि गरिने दयाभावद्वारा आराधना गरिँदा प्रसन्न हनुहुन्छ।

पुंसामतो विविधकर्मभिरध्वराद्यै-
र्दानेन चोग्रतपसा परिचर्यया च ।
आराधनं भगवतस्तव सत्क्रियार्थो
धर्मोऽर्पितः कर्हिचिद् म्रियते न यत्र ॥ १३ ॥

पदार्थ–

अतः = त्यसै कारणले	**उग्रतपसा** = कठिन तपस्या र	**आराधनं** = प्रसन्नता हो
पुंसाम् = कर्म गर्ने प्राणीहरूको	**परिचर्यया** = व्रतबाट पनि	**यत्र** = जो तपाईंमा
अध्वराद्यैः = यज्ञ आदि	**सत्क्रियार्थः** = प्राप्त गर्नु पर्ने	**अर्पितः** = चढाइएको
विविधकर्मभिः = विभिन्न	उत्तम फल भनेको	**धर्मः** = सत्कार्य
कर्महरूद्वारा	**तव** = तपाईं	**कर्हिचित्** = कहिल्यै पनि
दानेन = दानद्वारा	**भगवतः** = प्रभुको	**न म्रियते** = नष्ट हुँदैन

वाक्यार्थ– त्यसै कारणले नाना प्रकारका कर्म, यज्ञ, दान, कठिन तपस्या र व्रतादिद्वारा तपाईंलाई प्रसन्न बनाउनु नै कर्म गर्ने व्यक्तिहरूका लागि सबभन्दा ठुलो कर्मफल हो। तपाईंको प्रसन्न्ताको लागि गरिएको कर्म कहिल्यै पनि नष्ट हुँदैन।

शश्वत् स्वरूपमहसैव निपीतभेद-
मोहाय बोधधिषणाय नमः परस्मै ।
विश्वोद्भवस्थितिलयेषु निमित्तलीला
रासाय ते नम इदं चकृमेश्वराय ॥ १४ ॥

पदार्थ–

शश्वत् = निरन्तर	**परस्मै** = परमात्मालाई	**ईश्वराय** = सर्वसमर्थ प्रभु
स्वरूपमहसा = आफ्नो	**नमः** = नमस्कार गर्दछु	**ते** = तपाईंमा
चैतन्यप्रकाशबाट नै	**विश्वोद्भवस्थितिलयेषु** = संसारको	**इदं** = यो
निपीतभेदमोहाय = भेदभ्रमरूप	उत्पत्ति, स्थिति र प्रलयमा	**नमः** = नमस्कार
अन्धकार नाश गर्ने	**निमित्तलीलारासाय** =	**चकृम** = गर्दछु
बोधधिषणाय = ज्ञानस्वरूप	मायानिमित्त भई क्रीडा गर्नुहुने	

वाक्यार्थ– निरन्तर आफ्नो चैतन्यप्रकाशबाट नै भेदभ्रमरूप अन्धकार नाश गर्ने ज्ञानस्वरूप परमात्मालाई नमस्कार गर्दछु। यस्तै संसारको उत्पत्ति, स्थिति र प्रलयमा माया निमित्त भई क्रीडा गर्नुहुने सर्वसमर्थ प्रभुलाई नमस्कार गर्दछु।

यस्यावतारगुणकर्मविडम्बनानि
नामानि येऽसुविगमे विवशा गृणन्ति ।
ते नैकजन्मशमलं सहसैव हित्वा
संयान्त्यपावृतमृतं तमजं प्रपद्ये ॥ १५ ॥

पदार्थ–

ये = जो मानिसहरू
असुविगमे = प्राणनाश हुने समयमा
विवशाः = विवशतावश भए पनि
यस्य = जुन भगवान्‌को
अवतारगुणकर्मविडम्बनानि = अवतार, गुण र कर्मसूचक
नामानि = नामहरू
गृणन्ति = ग्रहण गर्दछन्
ते = तिनीहरूले
नैकजन्मशमलं = अनेक जन्मका पापहरूलाई
सहसा एव = तुरुन्त नै
हित्वा = त्यागेर
अपावृतामृतं = मायाको गुणहरूद्वारा नढाकिएको ब्रह्मपदलाई
संयान्ति = प्राप्त गर्दछन् भने
तम् = त्यस्ता
अजं = अजन्मा प्रभुको
प्रपद्ये = शरणमा पर्दछु

वाक्यार्थ– जो मनुष्यहरू प्राणत्याग गर्दा विवशतावश भए पनि तपाईंको अवतार, गुण र कर्मलाई सूचित गर्ने नामहरूको उच्चारण गर्दछन् भने ती अनेकजन्मको पापबाट तत्काल छुटेर मायादि आवरणरहित सत्य ब्रह्मपदलाई प्राप्त गर्दछन्। त्यस्ता अजन्मा प्रभुको शरणमा म पर्दछु।

यो वा अहं च गिरिशश्च विभुः स्वयं च
स्थित्युद्भवप्रलयहेतव आत्ममूलम्।
भित्त्वा त्रिपाद् ववृध एक उरुप्ररोह
स्तस्मै नमो भगवते भुवनद्रुमाय॥ १६॥

पदार्थ–

यः = जुन
विभुः = व्यापक भगवान्
एकः = एकमात्र भएर
त्रिपात् = तीन स्वरूपवाला
ववृधे = हुनुहुन्छ
आत्ममूलम् = आफैंमा भएकी प्रकृतिलाई
भित्त्वा = तीन गुणको रूपमा विभक्त गराई
स्थित्युद्भवप्रलयहेतवे = सृष्टि, स्थिति र प्रलयको कारण
अहं = म
गिरिशः = शङ्करजी
स्वयं च = स्वयं विष्णुको रूपमा देखिनुभयो
उरुप्ररोहः = विभिन्न मरीचि आदि शाखा प्रशाखाको रूपमा समेत हुनुभयो
तस्मै = त्यस्ता
भुवनद्रुमाय = संसारवृक्षका वीजरूप
भगवते = भगवान्‌लाई
नमः = नमस्कार गर्दछु

वाक्यार्थ– जो व्यापक भगवान् एकमात्र भएर तीन स्वरूपवाला हुनुभयो। अनि आफैंमा भएकी प्रकृतिलाई तीनगुणको रूपमा विभक्त गराई सृष्टि, स्थिति र प्रलयको कारण म, शङ्करजी र विष्णुको रूपमा देखिनुभयो, विभिन्न मरीचि आदि शाखा प्रशाखाको रूपमा समेत हुनुभयो त्यस्ता संसारवृक्षका वीजरूप भगवान्‌लाई नमस्कार गर्दछु।

लोको विकर्मनिरतः कुशले प्रमत्तः

कर्मण्ययं त्वदुदिते भवदर्चने स्वे।

यस्तावदस्य बलवानिह जीविताशां

सद्यश्छिनत्त्यनिमिषाय नमोऽस्तु तस्मै॥ १७॥

पदार्थ–

विकर्मनिरतः = निषिद्ध कर्म गर्ने	**प्रमत्तः** = चित्त नलगाउने भएको छ	**यः** = जो कालले
अयं = यो	**इह** = यस संसारमा	**सद्यः** = तत्काल
लोकः = प्राणी	**तावत्** = तपाईंमा मन नलगाउन्जेलसम्म	**छिनत्ति** = नाश गर्दछ
कुशले = हितकारक	**अस्य** = प्राणीको	**तस्मै** = त्यस्ता
त्वदुदिते = तपाईंले नै बताएका	**जीविताशां** = बाँच्ने इच्छालाई	**अनिमिषाय** = कालस्वरूप तपाईंलाई
भवदर्चने = तपाईंको पूजारूप	**बलवान्** = बलवान्	**नमः** = नमस्कार
स्वे = आफूले गर्नुपर्ने		**अस्तु** = छ
कर्मणि = कर्ममा		

वाक्यार्थ– हे भगवान्! तपाईंले आफ्ना आराधनालाई नै प्राणीहरूका लागि कल्याणकारी स्वधर्म बताउनुभएको छ। परन्तु संसारका मनुष्यहरू तपाईंको आराधनाबाट विमुख भएर निषिद्धकर्ममा नै सधैं लागिरहन्छन्। यसप्रकार प्रमादमा रहेका जीवहरूको जीवनको आशालाई सावधान भएर सधैं काटिरहने बलवान् काल पनि तपाईंकै रूप हो। म कालस्वरूप तपाईंलाई नमस्कार गर्दछु।

यस्माद् बिभेम्यहमपि द्विपरार्धधिष्ण्य-

मध्यासितः सकललोकनमस्कृतं यत्।

तेपे तपो बहुसवोऽवरुरुत्समान-

स्तस्मै नमो भगवतेऽधिमखाय तुभ्यम्॥ १८॥

पदार्थ–

यत् = जुन	**अध्यासितः** = रहेको	**अवरुरुत्समानः** = तपाईंलाई प्राप्त गर्न
सकललोकनमस्कृतं = सबै लोकमध्ये वन्दनीय	**अहम्** = म	**बहुसवः** = धेरै समयसम्म
द्विपरार्धधिष्ण्यम् = दुई परार्धसम्म रहने सत्यलोक छ त्यहाँ	**अपि** = पनि	**तपः** = तपस्या
	यस्मात् = जुन कालबाट	**तेपे** = गरें
	बिभेमि = डराउँछु त्यसैले	**तस्मै** = त्यस्ता

अधिमखाय = यज्ञाधिष्ठाता
तुभ्यम् = तपाईं
भगवते = भगवान्लाई
नमः = नमस्कार छ

वाक्यार्थ— यद्यपि म सत्यलोकको अधिष्ठाता हुँ। जुन लोक दुई परार्धसम्म रहन्छ, जुन सम्पूर्ण लोकहरूका लागि वन्दनीय छ। तापनि तपाईंको त्यो कालरूपबाट म सधैं डराइरहन्छु। त्यो कालबाट बच्नका लागि र तपाईंलाई प्राप्त गर्नका लागि मैले धेरै कालसम्म तपस्या गरेँ। मेरो यो तपस्यारूप यज्ञको साक्षी हुनुभएका तपाईंलाई म नमस्कार गर्दछु।

तिर्यङ्मनुष्यविबुधादिषु जीवयोनि-
ष्वात्मेच्छयात्मकृतसेतुपरीप्सया यः।
रेमे निरस्तविषयोऽप्यवरुद्धदेह-
स्तस्मै नमो भगवते पुरुषोत्तमाय॥ १९॥

पदार्थ—

यः = जो भगवान्
निरस्तविषयः = विषयलाई त्यागेर
अपि = पनि
आत्मकृतसेतुपरीप्सया = आफूले बनाएको धर्ममार्गको रक्षाका लागि
आत्मेच्छया = आफ्नै इच्छाले
तिर्यङ्मनुष्यविबुधादिषु = पशु, मनुष्य र देवता आदि
जीवयोनिषु = विभिन्न जीवयोनिहरूको रूपमा
अवरुद्धदेहः = विभिन्न शरीर स्वीकार गरी
रेमे = क्रीडा गर्नुहुन्छ
तस्मै = त्यस्ता
पुरुषोत्तमाय = पुरुषोत्तम
भगवते = भगवान्लाई
नमः = नमस्कार गर्दछु

वाक्यार्थ— जो भगवान् विषयलाई त्यागेर पनि आफूले बनाएको धर्ममार्गको रक्षाका लागि आफ्नै इच्छाले पशु, मनुष्य र देवता आदि विभिन्न जीवयोनिहरूके रूपमा विभिन्न शरीर स्वीकार गरी क्रीडा गर्नुहुन्छ त्यस्ता पुरुषोत्तम भगवान्लाई नमस्कार गर्दछु।

योऽविद्ययानुपहतोऽपि दशार्धवृत्त्या
निद्रामुवाह जठरीकृतलोकयात्रः।
अन्तर्जलेऽहिकशिपुस्पर्शानुकूलां
भीमोर्मिमालिनि जनस्य सुखं विवृण्वन्॥ २०॥

पदार्थ—

जठरीकृतलोकयात्रः = संसारलाई आफैंभित्र लीन गर्ने
यः = जो भगवान्ले
दशार्धवृत्त्या = दशको आधा अर्थात् पाँच वृत्तिले युक्त
अविद्यया = अविद्याद्वारा
अनुपहतः अपि = नछोइए पनि
जनस्य = (व्यवहारबाट थाकेको) जीवलाई

सुखं = विश्राम सुख
विवृण्वन् = दिनका लागि
भीमोर्मिमालिनि = भयङ्कर तरङ्गयुक्त
अन्तर्जले = समुद्रभित्र
अहिकशिपुस्पर्शानुकूलां = सर्पको शय्यालाई पनि अनुकूल मानेर आएको
निद्राम् = निद्रालाई
उवाह = स्वीकार गर्नुभयो

वाक्यार्थ– संसारलाई आफैंभित्र लीन गर्ने तपाईं पाँच वृत्तिले युक्त अविद्याद्वारा नछोइए पनि पूर्वकल्पका व्यवहारबाट थाकेको जीवलाई विश्राम सुख दिनका लागि भयङ्कर तरङ्गयुक्त समुद्रभित्र सर्पको शय्यालाई पनि अनुकूल मानेर आएको निद्रालाई स्वीकार गर्नुभयो।

विवरण– यस श्लोकमा आएको **दशार्धवृत्या अविद्ययाऽनुपहतः** यस अंशको चर्चा गरौं। यहाँ अविद्या आदि पाँच क्लेशको अधीनमा नरहेका भगवान्‌को स्वरूपका बारेमा बताइएको छ। अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेशलाई पञ्चक्लेश भन्दछन्। जसले प्राणीहरूलाई दुःख दिन्छ, त्यसलाई क्लेश भन्दछन्। महर्षि पतञ्जलिको योगसूत्र (२।३)मा पञ्चक्लेशको बारेमा बताइएको छ। महर्षि पतञ्जलिका अनुसार अविद्या भनेको त्यो वस्तु हो जसको कारणले मनुष्य अनित्य पदार्थलाई नित्य, अपवित्रलाई पवित्र, दुःखलाई सुख र अनात्मालाई आत्मा मान्न लाग्दछ (योगसूत्र २।५)।

यस्तै परस्परमा एक अर्कादेखि भिन्न भएका द्रष्टा र दृश्यलाई एकजस्तो ठान्नु या मान्नुलाई अस्मिता भनिन्छ। अथवा अत्यन्त सूक्ष्म अहङ्कारलाई अस्मिता भनिन्छ (योगसूत्र २।६)।

कुनै पदार्थबाट एकपटक सुख प्राप्त गरेपछि त्यो पदार्थलाई फेरि पनि बारम्बार प्राप्त गर्ने इच्छा हुनुलाई राग भनिन्छ (योगसूत्र २।७)।

कुनै वस्तुबाट एकपटक दुःख प्राप्त गरेपछि त्यो पदार्थ फेरि आफ्नो अगाडि आउँदा त्यसलाई घृणा गर्नु अथवा त्यो पदार्थ देख्दा मनमा रिस उठ्नुलाई द्वेष भन्दछन् (योगसूत्र २।८)।

मर्ने डरलाई अभिनिवेश भनिन्छ (योगसूत्र २।९)।

यी पाँच क्लेशहरू मायाका रजोगुण र तमोगुणको कारणबाट उत्पन्न हुन्छन्। माया नै परमात्माको अधीनमा हुने हुनाले मायाबाट उत्पन्न भएका यी क्लेशहरू पनि भगवान्‌का अधीनमा हुन्छन्। त्यसकारण भगवान् यी क्लेशहरूको अधीनमा हुनुहुन्न।

यन्नाभिपद्मभवनादहमासमीड्य
लोकत्रयोपकरणो यदनुग्रहेण।
तस्मै नमस्त उदरस्थभवाय योग-
निद्रावसानविकसन्नलिनेक्षणाय॥ २१॥

पदार्थ–

ईड्य = हे पूजनीय प्रभु
लोकत्रयोपकरणः = विभिन्न लोकहरूको सृष्टि गर्ने
अहम् = म

यदनुग्रहेण = जुन भगवान्‌को कृपाले	**उदरस्थभवाय** = आफ्नै पेटभित्र संसार अटाउने	**तस्मै** = त्यस्ता प्रभुलाई
यन्नाभिपद्मभवनात् = जसको नाभिकमलबाट	**योगनिद्रावसानविकसन्नलिने-क्षणाय** = योगनिद्राको अन्त्यमा नेत्रकमललाई उघारिदिनुभएका	**नमस्ते** = नमस्कार गर्दछु
आसम् = प्रकट भएँ		

वाक्यार्थ– तपाईंको नाभिकमलरूप भवनबाट मेरो जन्म भएको हो। यो सम्पूर्ण विश्व तपाईंको पेटमा अटाएको छ। तपाईंको कृपाले नै म त्रिलोकीको रचनारूप कार्यमा प्रवृत्त भएको छु। यस समयमा योगनिद्राको अन्त्य भएको हुनाले तपाईंका नेत्रकमल विकसित भइरहेका छन्। यस्ता तपाईंलाई म नमस्कार गर्दछु।

सोऽयं समस्तजगतां सुहृदेक आत्मा
सत्त्वेन यन्मृडयते भगवान् भगेन।
तेनैव मे दृशमनुस्पृशताद् यथाहं
स्रक्ष्यामि पूर्ववदिदं प्रणतप्रियोऽसौ॥ २२॥

पदार्थ–

सः अयं = यस्ता उहाँ भगवान्	**भगवान्** = प्रभुले	**मे** = मेरो
समस्तजगतां = सम्पूर्ण जगत्‌को	**यत्** = जुन	**दृशम्** = प्रज्ञालाई
सुहृत् = हितकारी	**सत्त्वेन** = ज्ञानले	**अनुस्पृशतात्** = स्पर्श गर्नुहोस्
एकः = एकमात्र	**भगेन** = ऐश्वर्यले	**यथा** = जसले गर्दा
आत्मा = अन्तर्यामी हुनुहुन्छ (साथै)	**मृडयते** = विश्वलाई आनन्दित पार्नुहुन्छ	**अहं** = म
		इदं = यो जगत्
असौ = उहाँ भगवान्	**तेन एव** = त्यही ज्ञान र ऐश्वर्यले	**पूर्ववत्** = पहिलेकैँ
प्रणतप्रियः = भक्तवत्सल हुनुहुन्छ		**स्रक्ष्यामि** = रचना गर्न सकूँ

वाक्यार्थ– यस्ता उहाँ भगवान् सम्पूर्ण जगत्‌को हितकारक एकमात्र आत्मस्वरूप हुनुहुन्छ। साथै उहाँ भगवान् भक्तवत्सल पनि हुनुहुन्छ। उहाँ जुन ज्ञान र ऐश्वर्यले विश्वलाई आनन्दित पार्नुहुन्छ त्यही ज्ञान र ऐश्वर्यले मेरो प्रज्ञालाई स्पर्श गर्नुहोस्, जसले गर्दा म यस जगत्‌लाई पहिलेकैँ रचना गर्न सकूँ।

एष प्रपन्नवरदो रमयात्मशक्त्या
यद्यत् करिष्यति गृहीतगुणावतारः।
तस्मिन् स्वविक्रममिदं सृजतोऽपि चेतो

युञ्जीत कर्मशमलं च यथा विजह्याम्॥ २३॥

पदार्थ–

प्रपन्नवरदः = शरणागतलाई वरदिने
एषः = भगवान्ले
आत्मशक्त्या = आफ्नो स्वरूपशक्ति
रमया = लक्ष्मीद्वारा
गृहीतगुणावतारः = विभिन्न अवतारहरू धारण गरेर
यत् यत् = जे–जे सृष्टि आदि
करिष्यति = गर्नुहुनेछ
स्वविक्रमम् = त्यही भगवान्कै पराक्रमभूत
इदं = यो जगत्
सृजतः अपि = रचना गर्ने भए पनि
चेतः = मेरो मन
तस्मिन् = उहाँ भगवान्मैं
युञ्जीत = युक्त होस्
यथा च = जुन कारणले
कर्मशमलं = कर्तृत्वाभिमानलाई
विजह्याम् = छोड्न सकूँ

वाक्यार्थ– शरणागतलाई वरदिने भगवान्ले आफ्नो स्वरूपशक्ति लक्ष्मीद्वारा विभिन्न अवतारहरू धारण गरेर जे–जे सृष्टि आदि गर्नुहुन्छ। तदनुरूप जगत् रचना गर्ने भए पनि मेरो मन भगवान्मै लागिरहोस् जुन कारणले म कर्तृत्वाभिमानलाई छोड्न सकूँ।

नाभिह्रदादिह सतोऽम्भसि यस्य पुंसो
विज्ञानशक्तिरहमासमनन्तशक्तेः
रूपं विचित्रमिदमस्य विवृण्वतो मे
मा रीरिषीष्ट निगमस्य गिरां विसर्गः॥ २४॥

पदार्थ–

यस्य = जुन
अनन्तशक्तेः = अनन्त पराक्रमवाला
अम्भसि = जलमा
सतः = रहनुहुने
पुंसः = पुरुषको
नाभिह्रदात् = नाभिबाट
विज्ञानशक्तिः = प्रभुकै अन्तःकरणरूप विज्ञानशक्ति
अहम् = म
आसम् = उत्पन्न भएँ
इह = यहाँ
अस्य = यस संसारको
इदम् = यो
विचित्रम् = विभिन्न
रूपं = नामरूप
विवृण्वतः = विभाग गर्न खोज्ने
मे = मेरो
निगमस्य = वेदरूप
गिरां = वाणीको
विसर्गः = अभिव्यक्ति
मा रीरिषीष्ट = लुप्त नहोस्

वाक्यार्थ– जो जलमा रहनुहुने अनन्त पराक्रमवाला पुरुषको नाभिबाट उहाँको अन्तःकरणरूप विज्ञानशक्ति प्राप्त गरेर म उत्पन्न भएँ। यस संसारको विभिन्न नामरूप विभाग गर्न खोज्ने मेरो वेदरूप वाणीको अभिव्यक्ति लुप्त नहोस्।

सोऽसावदभ्रकरुणो भगवान् विवृद्ध-
प्रेमस्मितेन नयनाम्बुरुहं विजृम्भन्।
उत्थाय विश्वविजयाय च नो विषादं
माध्व्या गिरापनयतात् पुरुषः पुराणः॥ २५॥

पदार्थ–

स ः = त्यस्ता	**नयनाम्बुरुहं** = नेत्रकमललाई	**माध्व्या** = महजस्तै अमृतवर्षी
असौ = उहाँ	**विजृम्भन्** = उघार्दै	**गिरा** = वाणीद्वारा
अदभ्रकरुणः = अपार करुणामय	**विश्वविजयाय** = संसारको उत्पत्तिको लागि	**अपनयतात्** = हटाउनुहोस्
पुराणपुरुषः = पुराणपुरुष	**उत्थाय** = शेषशय्याबाट उठी	
भगवान् = प्रभुले	**नः** = म ब्रह्मको	
विवृद्धप्रेमस्मितेन = अत्यन्त प्रेममय मुस्कानसहित	**विषादं** = बढिरहेको पीडालाई	

वाक्यार्थ– त्यस्ता उहाँ अपार करुणामय पुराणपुरुष प्रभुले अत्यन्त प्रेममय मुस्कानसहित नेत्रकमललाई उघार्दै संसारको उत्पत्तिका लागि शेषशय्याबाट उठी म ब्रह्माको बढिरहेको पीडालाई महजस्तै अमृतवर्षी वाणीद्वारा हटाउनुहोस्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

स्वसम्भवं निशाम्यैवं तपोविद्यासमाधिभिः।
यावन्मनोवचः स्तुत्वा विरराम स खिन्नवत्॥ २६॥

पदार्थ–

एवं = यसप्रकार	**निशाम्य** = जानेर अनि	**खिन्नवत्** = केही थाकेको जस्तो भएझैं
तपोविद्यासमाधिभिः = तपस्या, ज्ञान र समाधिद्वारा	**यावन्मनोवचः** = आफ्नो मन र वाणीको क्षमताअनुसार	**विरराम** = मौन हुनुभयो
स्वसम्भवं = आफ्ना कारण भगवान्लाई	**स्तुत्वा** = स्तुति गरेर	
	सः = ब्रह्माजी	

वाक्यार्थ– विदुरजी ! यसप्रकार तपस्या, ज्ञान र समाधिद्वारा आफ्नो उत्पत्तिस्थान भगवान्लाई देखेर आफ्नो मन र वाणीको शक्तिअनुसार उहाँको स्तुति गरेर ब्रह्माजी थाकेको जस्तो भएर मौन हुनुभयो।

अथाभिप्रेतमन्वीक्ष्य ब्रह्मणो मधुसूदनः।

विषण्णचेतसं तेन कल्पव्यतिकराम्भसा ॥ २७ ॥

लोकसंस्थानविज्ञान आत्मनः परिखिद्यतः ।

तमाहागाधया वाचा कश्मलं शमयन्निव ॥ २८ ॥

पदार्थ–

अथ = त्यसपछि	**लोकसंस्थानविज्ञाने** = लोकरचनाको विषयमा	**अगाधया** = गम्भीर
तेन = त्यस	**परिखिद्यतः** = खिन्न भएका	**वाचा** = वाणीबाट
कल्पव्यतिकराम्भसा = प्रलयजलको कारण	**ब्रह्मणः** = ब्रह्माजीको	**कश्मलं** = दुःखलाई
विषण्णचेतसं = आत्तिएका ब्रह्मालाई (देखेर अनि)	**अभिप्रेतम्** = भावनालाई	**शमयन् इव** = नाश गरेझैँ
आत्मनः = आफ्नो	**अन्वीक्ष्य** = बुझेर	**तम्** = उहाँ ब्रह्माजीलाई
	मधुसूदनः = मधुसूदन प्रभुले	**आह** = भन्नुभयो

वाक्यार्थ– त्यसपछि त्यस प्रलयजलको कारण आत्तिएका ब्रह्मालाई देखेर आफ्नो लोकरचनाको विषयमा खिन्न भएका ब्रह्माजीको भावनालाई बुझेर मधुसूदन प्रभुले गम्भीर वाणीबाट दुःखलाई नाश गरेझैँ उहाँ ब्रह्माजीलाई भन्नुभयो।

श्रीभगवानुवाच (श्रीभगवान्ले भन्नुभयो)

मा वेदगर्भ गास्तन्द्रीं सर्ग उद्यममावह ।

तन्मयापादितं ह्यग्रे यन्मां प्रार्थयते भवान् ॥ २९ ॥

पदार्थ–

वेदगर्भ = हे वेद धारण गर्ने ब्रह्माजी	**आवह** = गर्नुहोस्	**हि** = निश्चय नै
तन्द्रीं = आलस्यलाई	**यत्** = जुन कुरा	**अग्रे** = पहिले
मा गाः = धारण नगर्नुहोस्	**मां** = मबाट	**मया** = मद्वारा
सर्गे = सृष्टिको लागि	**भवान्** = तपाईं	**आपादितं** = गरिसकिएको छ
उद्यमम् = परिश्रम	**प्रार्थयते** = माग्नुहुन्छ	
	तत् = त्यो कुरा	

वाक्यार्थ– हे वेद धारण गर्ने ब्रह्माजी ! तपाईं विषादको वशीभूत भएर आलस्य नगर्नुहोस्। सृष्टिरचनाको उद्यममा तत्पर हुनुहोस्। तपाईंले मसँग जुन कुरा चाहनुभएको थियो, त्यो मैले पहिले नै गरिसकेको छु।

भूयस्त्वं तप आतिष्ठ विद्यां चैव मदाश्रयाम् ।

ताभ्यामन्तर्हृदि ब्रह्मन् लोकान् द्रक्ष्यस्यपावृतान् ॥ ३० ॥

पदार्थ—

त्वं = तपाईं	**आतिष्ठ** = गर्नुहोस्	**अपावृतान्** = स्नढाकिएका
भूयः = फेरि पनि	**ब्रह्मन्** = हे ब्रह्मा	**लोकान्** = विभिन्न लोकहरूलाई
मदाश्रयाम् = मबाट प्राप्त	**ताभ्याम्** = यी दुई साधनबाट	**द्रक्ष्यस्य** = देख्नु हुनेछ
विद्यां = भागवतज्ञान र	**एव** = नै	
तपः च = तपस्या पनि	**अन्तर्हृदि** = आफ्नै हृदयभित्र	

वाक्यार्थ— तपाईं एकचोटि फेरि तपस्या गर्नुहोस् र भागवतज्ञानको अनुष्ठान गर्नुहोस्। यी दुई साधनबाट तपाईं सम्पूर्ण लोकहरूलाई स्पष्टरूपले आफ्नो अन्तःकरणमा देख्नुहुनेछ।

तत आत्मनि लोके च भक्तियुक्तः समाहितः।
द्रष्टासि मां ततं ब्रह्मन् मयि लोकांस्त्वमात्मनः ॥ ३१ ॥

पदार्थ—

ब्रह्मन् = हे ब्रह्माजी	**आत्मनि** = आफूमा र	**त्वम्** = तपाईं आफैंलाई
तत ः = त्यसपछि	**लोके च** = समस्त संसारमा पनि	**आत्मनः** = आफ्ना
भक्तियुक्तः = भक्तिसहित अनि	**ततं** = व्याप्त	**लोकान्** = सबै लोकहरूलाई पनि
समाहितः = नियन्त्रित चित्त हुनुभएका तपाईं	**मां** = मलाई र	
	मयि = ममा	**द्रष्टासि** = देख्नुहुनेछ

वाक्यार्थ— हे ब्रह्माजी ! त्यसपछि भक्तिसहित नियन्त्रित चित्त हुनुभएका तपाईं आफूमा र समस्त संसारमा पनि व्याप्त मलाई र ममा तपाईं आफैंलाई र आफ्ना सबै लोकहरूलाई पनि देख्नुहुनेछ।

यदा तु सर्वभूतेषु दारुष्वग्निमिव स्थितम्।
प्रतिचक्षीत मां लोको जह्यात् तर्ह्येव कश्मलम् ॥ ३२ ॥

पदार्थ—

यदा = जुन समयमा	**सर्वभूतेषु** = सम्पूर्ण प्राणीभित्र	**एव** = नै
लोकः = प्राणीले	**स्थितम्** = रहेको	**कश्मलम्** = सम्पूर्ण दुःखलाई
दारुषु = दाउराभित्र	**मां** = मलाई	**जह्यात्** = त्याग गर्दछ
अग्निम् इव = अग्नि व्याप्त भएझैं	**प्रतिचक्षीत** = देख्दछ	
	तर्हि = त्यही समयमा	

वाक्यार्थ— जुन समयमा प्राणीले दाउराभित्र अग्नि व्याप्त भएझैं सम्पूर्ण प्राणीभित्र रहेको मलाई देख्दछ त्यही समयमा नै सम्पूर्ण दुःखलाई त्याग गर्दछ।

यदा रहितमात्मानं भूतेन्द्रियगुणाशयैः।
स्वरूपेण मयोपेतं पश्यन् स्वाराज्यमृच्छति॥ ३३॥

पदार्थ–

यदा = जुन समयमा	**रहितम्** = रहित र	**पश्यन्** = देख्दछ भने
आत्मानं = आफूलाई	**स्वरूपेण** = स्वरूपले	**स्वाराज्यम्** = मोक्ष
भूतेन्द्रियगुणाशयैः = महाभूत, इन्द्रिय, गुण र कर्मसंस्कारद्वारा	**मया** = मदेखि	**ऋच्छति** = प्राप्त गर्दछ
	उपेतं = अभिन्न	

वाक्यार्थ– जब ऊ आफूलाई महाभूत, इन्द्रिय, गुण र कर्मसंस्कारद्वारा रहित देख्दछ तब उसले मोक्षपदलाई प्राप्त गर्दछ।

नानाकर्मवितानेन प्रजा बह्वीः सिसृक्षतः।
नात्मावसीदत्यस्मिंस्ते वर्षीयान् मदनुग्रहः॥ ३४॥

पदार्थ–

नानाकर्मवितानेन = विभिन्न कर्मसंस्कारको अनुसार	**सिसृक्षतः** = सृष्टि गर्न खोज्ने	**न अवसीदति** = फसेको छैन (यो नै)
	ते = तपाईंको	
बह्वीः = अनेक	**आत्मा** = अन्तःकरण	**वर्षीयान्** = अत्यन्त बढी
प्रजाः = प्राणीहरू	**अस्मिन्** = यो सृष्टिमा	**मदनुग्रहः** = मेरो कृपा हो

वाक्यार्थ– हे ब्रह्माजी ! विभिन्न कर्मसंस्कारका अनुसार अनेक प्रकारका प्राणीहरूको सृष्टि गर्ने इच्छा भए तापनि तपाईंलाई मोह हुनेछैन। यो नै मेरो अतिशय कृपाको फल हो।

ऋषिमाद्यं न बध्नाति पापीयांस्त्वां रजोगुणः।
यन्मनो मयि निर्बद्धं प्रजाः संसृजतोऽपि ते॥ ३५॥

पदार्थ–

आद्यं = सर्वप्रथम	**न बध्नाति** = बाँध्ने छैन	**ते मनः** = तपाईंको मन
ऋषिम् = मन्त्रद्रष्टा	**यत्** = किनभने	**मयि** = अन्तर्यामी ममा
त्वां = तपाईंलाई	**प्रजाः** = प्राणीहरूको	**निर्बद्धं** = बाँधिएको छ
पापीयान् = अत्यन्त दुष्ट	**संसृजतः** = सृष्टि गर्दा	
रजोगुणः = रजोगुणले	**अपि** = पनि	

वाक्यार्थ– सर्वप्रथम मन्त्रद्रष्टा तपाईं हुनुहुन्छ। प्रजा उत्पन्न गर्दाखेरि पनि तपाईंको मन ममा लागिरहनेछ। यसकारण पापमय रजोगुणले तपाईंलाई बन्धनमा पार्नेछैन।

ज्ञातोऽहं भवता त्वद्य दुर्विज्ञेयोऽपि देहिनाम्।

यन्मां त्वं मन्यसेऽयुक्तं भूतेन्द्रियगुणात्मभिः ॥ ३६ ॥

पदार्थ–

अद्य = आज
तु = चाहि
देहिनाम् = प्राणीहरूबाट
दुर्विज्ञेयः = जान्न नसकिने
अहं = म
भवता = तपाईंद्वारा
ज्ञातः = जानिएँ
यत् = किनभने
त्वं = तपाईं
भूतेन्द्रियगुणात्मभिः = महाभूत, इन्द्रिय, गुण र मनबाट
अयुक्तं = नछाड्ने भनी
मां = मलाई
मन्यसे = मान्नुहुन्छ

वाक्यार्थ– तपाईं मलाई भूत, इन्द्रिय, गुण र अन्तःकरणले रहित सम्झनुहुन्छ। यद्यपि देहधारी जीवका लागि मेरो ज्ञान अत्यन्त कठिन छ, तथापि तपाईंले मलाई जान्नुभएको छ।

तुभ्यं मद्विचिकित्सायामात्मा मे दर्शितोऽबहिः।
नालेन सलिले मूलं पुष्करस्य विचिन्वतः ॥ ३७ ॥

पदार्थ–

मद्विचिकित्सायाम् = मेरो खोजी गर्दा
नालेन = कमलनालद्वारा
सलिले = जलभित्र
पुष्करस्य = कमलको
मूलं = मूल
विचिन्वतः = खोजिरहनुभएका
तुभ्यं = तपाईंलाई
मे = मैले
आत्मा = आफ्नो स्वरूप
अबहिः = भित्री हृदयदेशमा
दर्शितः = देखाएँ

वाक्यार्थ– मेरो आश्रय अरू कोही छैन भन्ने सन्देहले तपाईं कमलनालद्वारा जलमा त्यसको मूल खोजिरहनुभएको थियो। मैले तपाईंलाई आफ्नो यो स्वरूप अन्तःकरणमा देखाएँ।

यच्चकर्थाङ्ग मत्स्तोत्रं मत्कथाभ्युदयाङ्कितम्।
यद्वा तपसि ते निष्ठा स एष मदनुग्रहः ॥ ३८ ॥

पदार्थ–

अङ्ग = हे प्यारा ब्रह्माजी
यत् = जुन
मत्कथाभ्युदयाङ्कितम् = मेरो गुणवर्णनले युक्त
मत्स्तोत्रं = मेरो स्तुति
चकर्थ = गर्नुभयो
यत् वा = अथवा
ते = तपाईंको
तपसि = तपस्यामा
निष्ठा = निष्ठा भएको छ
सः एषः = यही नै
मदनुग्रहः = मेरो कृपा हो

वाक्यार्थ– प्रिय ब्रह्माजी ! तपाईंले मेरो कथाको वैभवले युक्त मेरो स्तुति गर्नुभएको छ र तपस्यामा तपाईंको जुन निष्ठा छ, त्यो पनि मेरो कृपाको फल हो।

प्रीतोऽहमस्तु भद्रं ते लोकानां विजयेच्छया।
यदस्तौषीर्गुणमयं निर्गुणं मानुवर्णयन्॥ ३९ ॥

पदार्थ–

लोकानां = संसारको	**अनुवर्णयन्** = वर्णन गर्दै	**प्रीतः** = खुसी छु
विजयेच्छया = रचनाको इच्छाले	**यत्** = जुन कष्टसाध्य	**ते** = तपाईंको
गुणमयं = सगुण नै प्रतीत हुने	**स्तौषीः** = स्तुति गर्नुभयो	**भद्रं** = कल्याण
मा = मलाई	त्यसबाट	**अस्तु** = होस्
निर्गुणं = निर्गुणतत्त्वको रूपमा	**अहम्** = म	

वाक्यार्थ– संसारको रचनाको इच्छाले म सगुणरूपमा प्रतीत भए तापनि निर्गुणरूपले वर्णन गर्दै तपाईंले मेरो जुन स्तुति गर्नुभएको छ, त्यसबाट म अत्यन्त प्रसन्न छु। तपाईंको कल्याण होस्।

य एतेन पुमान्नित्यं स्तुत्वा स्तोत्रेण मां भजेत्।
तस्याशु सम्प्रसीदेयं सर्वकामवरेश्वरः॥ ४०॥

पदार्थ–

यः = जो	**स्तुत्वा** = स्तुति गरेर	**सर्वकामवरेश्वरः** = सम्पूर्ण
पुमान् = मनुष्य	**मां** = मलाई	चाहिएका कुरा दिन सक्ने म
नित्यं = सधैं	**भजेत्** = भजन गर्दछ	**आशु** = छिटै नै
एतेन = यस	**तस्य** = त्यस्ता व्यक्तिमाथि	**सम्प्रसीदेयं** = खुसी हुनेछु
स्तोत्रेण = स्तोत्रले		

वाक्यार्थ– जो मनुष्य सधैं यस स्तोत्रले स्तुति गरेर मलाई भजन गर्दछ त्यस्ता व्यक्तिमाथि सम्पूर्ण चाहिएका कुरा दिन सक्ने म छिटै नै खुसी हुनेछु।

पूर्तेन तपसा यज्ञैर्दानैर्योगसमाधिना।
राद्धं निःश्रेयसं पुंसां मत्प्रीतिस्तत्त्वविन्मतम्॥ ४१॥

पदार्थ–

पूर्तेन = पूर्तकर्मबाट	**योगसमाधिना** = योग र	**मत्प्रीतिः** = मेरो प्रसन्नता नै हो
तपसा = तपस्याबाट	समाधिबाट समेत	भन्ने
यज्ञैः = यज्ञबाट	**राद्धं** = प्राप्त हुने	**तत्त्वविन्मतम्** = तत्त्वज्ञहरूको
दानैः = दानबाट	**पुंसां** = प्राणीहरूको	मत रहेको छ
	निःश्रेयसं = परमकल्याण भनेको	

वाक्यार्थ– तत्त्ववेत्ताहरूको मत के छ भने पूर्त, तप, यज्ञ, दान, योग र समाधि आदि साधनद्वारा प्राप्त हुने जुन परमकल्याणमय फल छ, त्यो मेरो प्रसन्नता नै हो।

टिप्पणी– अग्निहोत्र, अतिथिसेवा, वैश्वदेव, वेदको आज्ञापालन गर्नुजस्ता कर्मलाई पूर्त भनिन्छ।

अहमात्मात्मनां धातः प्रेष्ठः सन् प्रेयसामपि ।

अतो मयि रतिं कुर्याद् देहादिर्यत्कृते प्रियः ॥ ४२ ॥

पदार्थ–

धातः = हे ब्रह्माजी
अहम् = म
आत्मनां = सम्पूर्ण जीव आत्माहरूमध्ये
आत्मा = सबैको आत्मस्वरूप
प्रेयसामपि = पुत्र, पत्नी आदि प्रियहरूमध्ये पनि
प्रेष्ठः सन् = सर्वाधिक प्रिय हूँ
अतः = त्यसकारण
मयि = ममा नै
रतिं = रमण
कुर्यात् = गरोस्
यत्कृते = जुन आत्मस्वरूप मेरो लागि
देहादिः = देह, सम्पत्ति आदि
प्रियः = प्रिय जस्ता बन्दछन्

वाक्यार्थ– हे ब्रह्माजी ! म सम्पूर्ण जीव आत्माहरूमध्ये सबैको आत्मस्वरूप पुत्र, पत्नी आदि प्रियहरूमध्ये पनि सर्वाधिक प्रिय हुँ। त्यसकारण ममा नै रमण गरोस् जुन आत्मस्वरूप मेरा लागि देह, सम्पत्ति आदि प्रियजस्ता बन्दछन्।

सर्ववेदमयेनेदमात्मनात्मात्मयोनिना ।

प्रजाः सृज यथापूर्वं याश्च मय्यनुशेरते ॥ ४३ ॥

पदार्थ–

आत्मयोनिना = मबाट उत्पन्न
सर्ववेदमयेन = सर्ववेदमय
आत्मना = स्वरूपले
आत्मा = तपाईं
इदम् = यो त्रिलोकी र
याः = जति
प्रजाः = प्राणीहरू
मयि = ममा
अनुशेरते = लीन छन्
यथापूर्वं = पूर्वकल्पमा झैं
सृज = रचना गर्नुहोस्

वाक्यार्थ– हे ब्रह्माजी ! मबाट उत्पन्न सर्ववेदमय स्वरूपले तपाईं यो त्रिलोकी र जति प्राणीहरू ममा लीन छन्, पूर्वकल्पमा झैं तिनीहरूको रचना गर्नुहोस्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

तस्मा एवं जगत्स्रष्ट्रे प्रधानपुरुषेश्वरः ।

व्यज्येदं स्वेन रूपेण कञ्जनाभस्तिरोदधे ॥ ४४ ॥

पदार्थ–

एवं = यसप्रकार
जगत्स्रष्ट्रे = जगत् रचयिता
तस्मै = उहाँ ब्रह्माजीलाई
इदं = यो जगत्
स्वेन = आफ्नो
रूपेण = स्वयंप्रकाश रूपद्वारा
व्यज्य = प्रकाशित गराई
प्रधानपुरुषेश्वरः = प्रकृति र पुरुषका मालिक
कञ्जनाभिः = कमलनाभ परमात्मा

तिरोदधे = अन्तर्धान हुनुभयो

वाक्यार्थ– यसप्रकार जगत् रचयिता उहाँ ब्रह्माजीलाई यो जगत् आफ्नो स्वयंप्रकाश रूपद्वारा प्रकाशित गराई प्रकृति र पुरुषका मालिक कमलनाभ परमात्मा अन्तर्धान हुनुभयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

नवमोऽध्यायः ॥ ९॥

अथ दशमोऽध्यायः

दश प्रकारका सृष्टिहरूको वर्णन

विदुर उवाच (विदुरजीले भन्नुभयो)

अन्तर्हिते भगवति ब्रह्मा लोकपितामहः।

प्रजाः ससर्ज कतिधा दैहिकीर्मानसीर्विभुः॥ १॥

पदार्थ–

भगवति = भगवान्
अन्तर्हिते = अन्तर्धान भएपछि
विभुः = व्यापक
लोकपितामहः = संसारका नै उत्पत्तिकर्ता
ब्रह्मा = ब्रह्माजीले
दैहिकीः = देहसम्बन्धी र
मानसीः = मनसम्बन्धी पनि
कतिधा = कति प्रकारका
प्रजाः = प्रजाहरूलाई
ससर्ज = रच्नुभयो

वाक्यार्थ– मुनिवर! भगवान् नारायण अन्तर्धान भएपछि सम्पूर्ण लोकका पितामह ब्रह्माजीले आफ्नो देह र मनद्वारा कति प्रकारका प्रजाहरूलाई रच्नुभयो ?

ये च मे भगवन् पृष्टास्त्वय्यर्था बहुवित्तम।

तान् वदस्वानुपूर्व्येण छिन्धि नः सर्वसंशयान्॥ २॥

पदार्थ–

बहुवित्तम = धेरै जान्ने
भगवन् = हे भगवान् मैत्रेयजी
मे = मद्वारा
त्वयि = तपाईंमाथि
ये = अरू जति
च = पनि
अर्थाः = प्रश्नहरू
पृष्टाः = सोधिए
तान् = ती सबैका उत्तरहरू
आनुपूर्व्येण = क्रमशः
वदस्व = बताउनुहोस्
नः = मेरो
सर्वसंशयान् = सम्पूर्ण संशयहरूलाई
छिन्धि = नाश गर्नुहोस्

वाक्यार्थ– मैत्रेयजी यसदेखि अतिरिक्त मैले तपाईंसँग जुन–जुन प्रश्नहरू सोधेको छु, ती सम्पूर्ण प्रश्नहरूको उत्तर क्रमशः दिनुहोस् र मेरा सम्पूर्ण संशयहरूलाई नष्ट गर्नुहोस्। किनभने तपाईं धेरै विषयको ज्ञाता हुनुहुन्छ।

सूत उवाच (सूतजीले भन्नुभयो)

एवं सञ्चोदितस्तेन क्षत्त्रा कौषारविर्मुनिः।

प्रीतः प्रत्याह तान् प्रश्नान् हृदिस्थानथ भार्गव॥ ३॥

पदार्थ–

भार्गव = हे शौनकजी	**सञ्चोदितः** = प्रार्थित हुनुभएका	**तान्** = ती
अथ = अनि	**कौषारविः** = मैत्रेय	**प्रश्नान्** = प्रश्नहरूको
तेन = ती	**मुनिः** = मुनिले	**प्रत्याह** = उत्तर दिनुभयो
क्षत्त्रा = विदुरजीद्वारा	**प्रीतः** = अत्यन्त प्रसन्न भई	
एवं = यसप्रकार	**हृदिस्थान्** = हृदयभित्र रहेका	

वाक्यार्थ– हे शौनकजी ! अनि ती विदुरजीद्वारा यसप्रकार प्रार्थित हुनुभएका मैत्रेय मुनिले अत्यन्त प्रसन्न भई हृदयभित्र रहेका ती प्रश्नहरूको उत्तर दिनुभयो।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

विरिञ्चोऽपि तथा चक्रे दिव्यं वर्षशतं तपः।

आत्मन्यात्मानमावेश्य यथाह भगवानजः॥ ४॥

पदार्थ–

अजः = अजन्मा	**विरिञ्चः** = ब्रह्माजीले	**दिव्यं** = दिव्य
भगवान् = प्रभुले	**अपि** = पनि	**वर्षशतं** = सय वर्षसम्म
यथा = जे	**आत्मानम्** = मनलाई	**तपः** = तपस्या
आह = भन्नुभएको थियो	**आत्मनि** = सर्वात्म भगवान्मा	**चक्रे** = गर्नुभयो
तथा = त्यसै गरी	**आवेश्य** = लगाएर	

वाक्यार्थ– अजन्मा प्रभुले जे भन्नुभएको थियो त्यसै गरी ब्रह्माजीले पनि मनलाई सर्वात्म भगवान्मा लगाएर दिव्य सय वर्षसम्म तपस्या गर्नुभयो।

तद्विलोक्याब्जसम्भूतो वायुना यदधिष्ठितः।

पद्ममम्भश्च तत्कालकृतवीर्येण कम्पितम्॥ ५॥

तपसा ह्येधमानेन विद्यया चात्मसंस्थया।

विवृद्धविज्ञानबलो न्यपाद् वायुं सहाम्भसा॥ ६॥

पदार्थ–

तत्कालकृतवीर्येण = प्रलयकालीन शक्तिसम्पन्न	**पद्मम्** = कमल र	**विलोक्य** = देखेर
वायुना = वायुद्वारा	**अम्भः** = जल	**हि** = निश्चय नै
यदधिष्ठितः = जसमाथि बस्नुभएको थियो	**च** = पनि	**एधमानेन** = बढिरहेको
	कम्पितम् = काँप्न थाल्यो	**तपसा** = तपस्या र
	तत् = त्यसलाई	**अत्मसंस्थया** = हृदययमा स्थित

विद्यया = आत्मज्ञानले पनि **विवृद्धविज्ञानबलः** = बुद्धि र बल बढेका	**अब्जसम्भूतः** = कमलबाट उत्पन्न ब्रह्माले **अम्भसा सह** = जलसँगसँगै	**वायुं च** = वायुलाई पनि **न्यपात्** = पिउनुभयो

वाक्यार्थ– प्रलयकालीन शक्तिसम्पन्न वायुद्वारा ब्रह्माजी बस्नुभएको कमल र जल पनि काँप्न थाले। तपस्या र हृदययमा स्थित आत्मज्ञानका कारणले ब्रह्माजीको बुद्धि र बल बढेको थियो। यसरी जल र कमल काँप्न थालेको देखेर कमलबाट उत्पन्न ब्रह्माले जलसँगसँगै वायुलाई पनि पिउनुभयो।

तद्विलोक्य वियद्व्यापि पुष्करं यदधिष्ठितम्।
अनेन लोकान् प्राग्लीनान् कल्पितास्मीत्यचिन्तयत्॥ ७॥

पदार्थ–

यत् = जहाँ **अधिष्ठितम्** = बसिएको थियो **तत्** = त्यो **वियद्व्यापि** = आकाशै ढाक्ने **पुष्करं** = कमललाई	**विलोक्य** = देखेर **अनेन** = त्यो कमलद्वारा **प्राग्लीनान्** = पहिलो प्रलयमा लीन भएका **लोकान्** = लोकहरूलाई	**कल्पितास्मि** = सृष्टि गर्नेछु **इति** = यस्तो **अचिन्तयत्** = विचार गर्नुभयो

वाक्यार्थ– ब्रह्माजीले आफू बसेको आकाशै ढाक्ने कमललाई देखेर त्यही कमलद्वारा पहिलो प्रलयमा लीन भएका लोकहरूलाई कल्पना गर्नेछु भन्ने विचार गर्नुभयो।

पद्मकोशं तदाविश्य भगवत्कर्मचोदितः।
एकं व्यभाङ्क्षीदुरुधा त्रिधा भाव्यं द्विसप्तधा॥ ८॥

पदार्थ–

भगवत्कर्मचोदितः = भगवान्‌द्वारा सृष्टिकर्ममा प्रेरित ब्रह्माजीले **द्विसप्तधा** = चौध भुवनको रूपमा र **उरुधा** = अरू धेरै किसिमले	**भाव्यं** = विभाग गर्न सकिने **तत्** = त्यो **पद्मकोशं** = कमलको कोशभित्र **आविश्य** = पसेर **एकं** = एउटै कमललाई	**त्रिधा** = भूः, भुवः र स्वःको रूपमा तीन भागमा **व्यभाङ्क्षीत्** = विभाग गर्नुभयो

वाक्यार्थ– भगवान्‌द्वारा सृष्टिकर्ममा प्रेरित ब्रह्माजीले चौध भुवनको रूपमा र अरू धेरै किसिमले विभाग गर्न सकिने त्यस कमलको कोशभित्र पसेर एउटै कमललाई भूः, भुवः र स्वःको रूपमा तीन भागमा विभाग गर्नुभयो।

एतावाञ्जीवलोकस्य संस्थाभेदः समाहृतः।
धर्मस्य ह्यनिमित्तस्य विपाकः परमेष्ठ्यसौ॥ ९॥

पदार्थ–

जीवलोकस्य = प्राणीको
एतावान् = यसप्रकारको
संस्थाभेदः = सृष्टिपद्धति
समाहृतः = बताइयो तर
असौ = उहाँ
परमेष्ठी = ब्रह्मा
हि = चाहिँ
अनिमित्तस्य = निष्काम
धर्मस्य = उपासना आदिको
विपाकः = फलविशेष हुनुहुन्छ

वाक्यार्थ– प्राणीको यसप्रकारको सृष्टिपद्धति बताइयो तर उहाँ सृष्टिकर्ता ब्रह्माचाहिँ निष्काम उपासना आदिको फलविशेष हुनुहुन्छ।

विदुर उवाच (विदुरजीले भन्नुभयो)

यथात्थ बहुरूपस्य हरेरद्भुतकर्मणः।
कालाख्यं लक्षणं ब्रह्मन् यथा वर्णय नः प्रभो ॥ १० ॥

पदार्थ–

ब्रह्मन् = हे मैत्रेयजी
अद्भुतकर्मणः = अद्‌भुत लीला गर्ने
बहुरूपस्य = अनन्तरूप हुनुभएका
हरेः = भगवान्‌को
कालाख्यं = समय नाम गरेको
यत् = जुन
लक्षणं = लक्षण
यथा = जसरी
आत्थ = भन्नुभयो (त्यो)
प्रभो = हे भगवान्
नः = मलाई
वर्णय = बताउनुहोस्

वाक्यार्थ– हे मैत्रेयजी ! अद्‌भुत लीला गर्ने अनन्तरूप हुनुभएका भगवान्‌को समय नाम गरेको जुन लक्षण जसरी भन्नुभयो त्यो मलाई बताउनुहोस्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

गुणव्यतिकराकारो निर्विशेषोऽप्रतिष्ठितः।
पुरुषस्तदुपादानमात्मानं लीलयासृजत् ॥ ११ ॥

पदार्थ–

गुणव्यतिकराकारः = पदार्थहरूको परिवर्तन नै स्वरूप भएको
निर्विशेषः = निर्विशेष र
अप्रतिष्ठितः = आदि अन्त्यले रहित भएको (जुन काल छ)
तदुपादानम् = त्यसलाई नै उपादान कारण बनाएर
पुरुषः = भगवान्‌ले
आत्मानं = आफूलाई
लीलया = मायाद्वारा
असृजत् = विभिन्न रूपमा प्रकट गर्नुभयो

वाक्यार्थ– पदार्थहरूको परिवर्तन नै स्वरूप भएका निर्विशेष र आदि–अन्त्यले रहित भएको जुन काल छ त्यसलाई नै उपादान कारण बनाएर भगवान्‌ले आफूलाई मायाद्वारा विभिन्न रूपमा प्रकट गर्नुभयो।

विश्वं वै ब्रह्मतन्मात्रं संस्थितं विष्णुमायया।
ईश्वरेण परिच्छिन्नं कालेनाव्यक्तमूर्तिना॥ १२॥

पदार्थ–

विष्णुमायया = भगवान्को मायाद्वारा	**ब्रह्मतन्मात्रं** = ब्रह्मस्वरूप नै थियो	**कालेन** = कालद्वारा
संस्थितं = रहेको	**ईश्वरेण** = भगवान्ले	**परिच्छिन्नं** = भिन्नभिन्न रूपमा प्रकट गर्नुभयो
विश्वं = विश्व	**अव्यक्तमूर्तिना** = अव्यक्तस्वरूप भएको	
वै = निश्यच नै		

वाक्यार्थ– पहिले यो सम्पूर्ण विश्व भगवान्को मायामा लीन भएर ब्रह्मरूपले स्थित थियो। यसैलाई अव्यक्तस्वरूप कालद्वारा भगवान्ले पुनः भिन्नभिन्न रूपमा प्रकट गर्नुभयो।

यथेदानीं तथाग्रे च पश्चादप्येतदीदृशम्।
सर्गो नवविधस्तस्य प्राकृतो वैकृतस्तु यः॥ १३॥

पदार्थ–

एतत् = कालप्रवाहबाट चलेको यो जगत्	**पश्चात्** = पछि	**तु** = चाहिँ
यथा = जस्तो	**अपि** = पनि	**प्राकृतः** = प्राकृत र
इदानीं = अहिले छ	**ईदृशम्** = त्यस्तै (रहनेछ)	**वैकृतः** = वैकृत (मिसिएको छ त्यो दसौँ सर्ग हो)
तथा = त्यस्तै	**तस्य** = त्यो कालको	
अग्रे = पहिले	**नवविधः** = नौ प्रकारको	
च = पनि (थियो)	**सर्गः** = सृष्टि हुन्छ	
	यः = जुन	

वाक्यार्थ– कालप्रवाहबाट चलेको यो जगत् जस्तो अहिले छ, त्यस्तै पहिले पनि थियो र पछि पनि त्यस्तै रहनेछ। यो सृष्टि नौ प्रकारको छ। यस्तै प्राकृत र वैकृतका भेदले एउटा दसौँ सृष्टि पनि छ।

कालद्रव्यगुणैरस्य त्रिविधः प्रतिसङ्क्रमः।
आद्यस्तु महतः सर्गो गुणवैषम्यमात्मनः॥ १४॥

पदार्थ–

अस्य = यस सर्गको	**प्रतिसङ्क्रमः** = प्रलय	**त्रिविधः** = नित्य, नैमित्तिक र प्राकृतिक गरी तीन प्रकारको हुन्छ
कालद्रव्यगुणैः = काल, द्रव्य र गुणहरूको माध्यमले		

आद्यः = पहिलो
तु = त
महतः = महतत्तत्त्वबाट भएको
सर्गः = सृष्टि हो (जहाँ)
आत्मनः = भगवान्को
गुणवैषम्यम् = गुणहरूको विषमता हुन्छ

वाक्यार्थ– यस सर्गको प्रलय काल, द्रव्य र गुणहरूको माध्यमले नित्य, नैमित्तिक र प्राकृतिक गरी तीन प्रकारको हुन्छ पहिलो त महत्तत्त्वबाट भएको सृष्टि हो जहाँ भगवान्को गुणहरूको विषमता हुन्छ।

द्वितीयस्त्वहमो यत्र द्रव्यज्ञानक्रियोदयः।
भूतसर्गस्तृतीयस्तु तन्मात्रो द्रव्यशक्तिमान्॥ १५॥

पदार्थ–
द्वितीयः = द्वितीय सर्ग
तु = चाहिँ
अहमः = अहङ्कारको सर्ग हो
यत्र = जहाँ
द्रव्यज्ञानक्रियोदयः = द्रव्य, ज्ञानेन्द्रिय र कर्मेन्द्रियको उत्पत्ति हुन्छ
तृतीयः = तेस्रो
तु = चाहिँ
द्रव्यशक्तिमान् = महाभूत उत्पन्न गर्न सक्ने
तन्मात्रः = तन्मात्राहरूको
भूतसर्गः = भूतसर्ग हो

वाक्यार्थ– द्वितीय सर्गचाहिँ अहङ्कारको सर्ग हो जहाँ द्रव्य, ज्ञानेन्द्रिय र कर्मेन्द्रियको उत्पत्ति हुन्छ तेस्रोचाहिँ महाभूत उत्पन्न गर्न सक्ने तन्मात्राहरूको भूतसर्ग हो।

चतुर्थ ऐन्द्रियः सर्गो यस्तु ज्ञानक्रियात्मकः।
वैकारिको देवसर्गः पञ्चमो यन्मयं मनः॥ १६॥

पदार्थ–
चतुर्थः = चौथो
सर्गः = सृष्टि
ऐन्द्रियः = इन्द्रियहरूको हो
यः = जो
ज्ञानक्रियात्मकः = ज्ञान र क्रियाशक्ति सम्पन्न हुन्छ
पञ्चमः = पाँचौं
वैकारिकः = सात्त्विक अहङ्कारबाट उत्पन्न
देवसर्गः = इन्द्रियाधिष्ठाता देवताहरूको सृष्टि हो
मनः = मन पनि
यन्मयं = सात्त्विक अहङ्कारबाट नै उत्पन्न हुन्छ

वाक्यार्थ– चौथो सृष्टि इन्द्रियको हो। यो ज्ञान र क्रियाशक्तिले सम्पन्न हुन्छ। पाँचौ सृष्टि सात्त्विक अहङ्कारबाट उत्पन्न भएको इन्द्रियाधिष्ठाता देवताको हो। मन पनि सात्त्विक अहङ्कारबाट नै उत्पन्न हुन्छ।

षष्ठस्तु तमसः सर्गो यस्त्वबुद्धिकृतः प्रभोः।
षडिमे प्राकृताः सर्गा वैकृतानपि मे शृणु॥ १७॥

पदार्थ–

प्रभोः = हे विदुरजी	**अबुद्धिकृतः** = आवरण र विक्षेप गर्ने	**प्राकृतसर्गाः** = प्राकृत सृष्टि हुन्
यः = जुन	**सर्गः** = सृष्टि छ त्यो	**मे** = म (भगवान्) बाट भएका
षष्ठः = छैटौं	**इमे** = यी	**वैकृतान्** = वैकृत सर्गहरूलाई
तमसः = अविद्याको	**षड्** = छ	**अपि** = पनि
		शृणु = सुन्नुहोस्

वाक्यार्थ– हे विदुरजी ! जुन अविद्याको आवरण र विक्षेप गर्ने छैटौं सृष्टि छ त्यो यी छ प्राकृत सृष्टि हुन् म (भगवान्)बाट भएका वैकृत सर्गहरूलाई पनि सुन्नुहोस्।

रजोभाजो भगवतो लीलेयं हरिमेधसः।
सप्तमो मुख्यसर्गस्तु षड्विधस्तस्थुषां च यः॥ १८॥

पदार्थ–

इयं = यो सृष्टि	**रजोभाजः** = रजोगुणलाई लिई ब्रह्मा बन्ने भगवान्को	**तस्थुषां** = स्थावर वृक्षादिहरूको
हरिमेधसः = जहाँ बुद्धि लगाउँदा संसारको हरण हुन्छ त्यस्ता	**लीला** = लीलामात्र हो	**मुख्यसर्गः** = मुख्य वैकृत सर्ग छ त्यो
भगवतः = भगवान्को	**यः** = जुन चाहिँ	**तु** = चाहिँ
	षड्विधः = छ प्रकारको	**सप्तमः** = सातौं सृष्टि हो

वाक्यार्थ– जो भगवान् आफ्ना चिन्तन गर्ने सम्पूर्ण भक्तहरूको दुःखलाई हरण गर्नुहुन्छ, यो सम्पूर्ण सृष्टि उहाँ भगवान् श्रीहरिको लीलामात्र हो। उहाँ नै ब्रह्माको रूपमा रजोगुणलाई स्वीकार गरेर जगत्को रचना गर्नुहुन्छ। जुनचाहिँ छ प्रकारको स्थावर वृक्षादिहरूको मुख्य वैकृत सर्ग छ त्योचाहिँ सातौं सृष्टि हो।

वनस्पत्योषधिलतात्वक्सारा वीरुधो द्रुमाः।
उत्स्रोतसस्तमःप्राया अन्तःस्पर्शा विशेषिणः॥ १९॥

पदार्थ–

वनस्पत्योषधिलतात्वक्साराः = वनस्पति, औषधि, लता, कडा बोक्रा भएका बाँस आदि	**द्रुमाः** = फूलपछि फल फल्ने वृक्षहरू यी सबै ६ थरी सृष्टिहरू	**तमःप्राया** = तमोगुणको आधिक्य भएका
वीरुधः = भुइँमैं उत्पन्न हुने लहराहरू	**उत्स्रोतसः** = माथितिर आहार सञ्चार गर्ने	**अन्तःस्पर्शा** = भित्रभित्रै स्पर्शको महसुस गर्ने
		विशेषिणः = फरक–फरक गुणले युक्त छन्

वाक्यार्थ– वनस्पति, औषधि, लता, कडा बोक्रा भएका बाँस आदि भुइमैं फल्ने लहरा, फूलपछि फल फल्ने वृक्षहरू यी सबै ६ थरी सृष्टिहरूको सञ्चार जराबाट माथितिर हुन्छ। तमोगुणको आधिक्य भएका यिनीहरू भिन्न भिन्न नै केवल स्पर्शको अनुभव गर्दछन्। तथा यी प्रत्येक फरक–फरक गुणले युक्त छन्।

तिरश्चामष्टमः सर्गः सोऽष्टाविंशद्विधो मतः।
अविदो भूरितमसो घ्राणज्ञा हृद्यवेदिनः॥ २०॥

पदार्थ–

अष्टमः = आठौं
सर्गः = सृष्टि
तिरश्चाम् = तेर्सो गरी हिँड्ने प्राणीहरूको हो
सः = त्यो सृष्टि
अष्टाविंशद्विधः = अठ्ठाईस प्रकारको
मतः = मानिन्छ (यी सबै)
अविदः = भविष्यको विचार नगर्ने
भूरितमसः = तमोगुणको आधिक्य भएका
घ्राणज्ञाः = नाकबाट आहार थाह पाउने
हृदि = हृदयमा
अवेदिनः = लामा विचार नरहने खालका छन्

वाक्यार्थ– आठौं सृष्टि तेर्सो गरी हिँड्ने प्राणीको हो। त्यो सृष्टि अठ्ठाईस प्रकारको मानिन्छ। तमोगुणको अधिकताको कारण भविष्यको विचार नगर्ने यिनीहरू नाकबाट आहार थाहा पाउने र हृदयमा लामा विचार नरहने खालका छन्।

गौरजो महिषः कृष्णः सूकरो गवयो रुरुः।
द्विशफाः पशवश्चेमे अविरुष्ट्रश्च सत्तम॥ २१॥

पदार्थ–

सत्तम = हे विदुरजी
गौः = गाई र
अजः = बोको
महिषः = भैंसी
कृष्णः = कृष्णमृग
सूकरः = सुँगुर
गवयः = नीलगाई
रुरुः = रुरुमृग
अविः = भेडा
उष्ट्रः = उँट
च = समेत
इमे = यी नौथरी
पशवः = पशुहरू
द्विशफाः = दुई खुरवाला प्राणी हुन्

वाक्यार्थ– हे विदुरजी ! गाई, बोको, भैंसी, कृष्णमृग, सुँगुर, नीलगाई, रुरुमृग, भेडा र उँट यी दुई खुर भएका प्राणीहरू हुन्।

खरोऽश्वोऽश्वतरो गौरः शरभश्चमरी तथा।
एते चैकशफाः क्षत्तः शृणु पञ्चनखान् पशून्॥ २२॥

पदार्थ–

खरः = गधा	**चमरी** = चौंरी	**पञ्चनखान्** = पाँच नङ्ग्रा हुने
अश्वः = घोडा	**एते** = यीचाहिँ	**पशून्** = पशुहरूको बारेमा
अश्वतरः = खच्चर	**एकशफाः** = एक खुरवाला हुन्	**च** = पनि
गौरः = गौरमृग	**क्षत्तः** = हे विदुरजी	**शृणु** = सुनुहोस्
शरभः = विशेष प्रकारको मृग	**तथा** = यस्तै	

वाक्यार्थ– गधा, घोडा, खच्चर, गौरमृग, शरभमृग, चौंरी यीचाहिँ एक खुरवाला हुन्। हे विदुरजी ! अब पाँचनङ्ग्रे पशुपक्षीहरूको नाम सुनुहोस्।

श्वा सृगालो वृको व्याघ्रो मार्जारः शशशल्लकौ।
सिंहः कपिर्गजः कूर्मो गोधा च मकरादयः॥ २३॥

पदार्थ–

श्वा = कुक्कुर	**शशशल्लकौ** = खरायो र शल्लक	**कूर्मः** = कछुवा
सृगालः = स्याल		**गोधा** = गोही
वृकः = ब्वाँसो	**सिंहः** = सिंह	**मकरादयः** = विशेष गोही आदि
व्याघ्रः = बाघ	**कपिः** = बाँदर	**च** = पनि
मार्जारः = बिरालो	**गजः** = हात्ती	पाँच नङ् हुने पशु हुन्

वाक्यार्थ–कुकुर, स्याल, गिद्ध, ब्वाँसो, बाघ, बिरालो, खरायो, शल्लक, सिंह, बाँदर, हात्ती, कछुवा, गोही, विशेष किसिमका गोही आदि जन्तुहरू पनि पाँच नङ् हुने पशु हुन्।

कङ्कगृध्रबकश्येनभासभल्लूकबर्हिणः।
हंससारसचक्राह्व काकोलूकादयः खगाः॥ २४॥

पदार्थ–

कङ्कगृध्रबकश्येनभासभल्लूक-बर्हिणः = बकुल्ला, गिद्ध, बराह, बाज, भास, भालु र मयुर आदि र	**हंससारसचक्राह्वकाकोलूकादयः** = हाँस, सारस, चखेवा, काग र लाटोकोसेरो आदि	**खगाः** = उड्नेवाला पक्षीहरू हुन्

वाक्यार्थ– बकुल्ला, गिद्ध, बराह, बाज, भास, भालु र मयुर आदि र हाँस, सारस, चखेवा र काग र लाटोकोसेरो आदि उड्नेवाला पक्षीहरू हुन्।

अर्वाक्स्रोतस्तु नवमः क्षत्तरेकविधो नृणाम्।
रजोऽधिकाः कर्मपरा दुःखे च सुखमानिनः॥ २५॥

पदार्थ–

क्षत्तः = हे विदुरजी	**एकविधः** = एक प्रकारको छ (मनुष्यहरू)	**दुःखे च** = दुःखमा पनि
अर्वाक्स्रोतः = तलतिर आहार सञ्चार गर्ने	**रजःअधिकाः** = रजोगुणको आधिक्य भएका	**सुखमानिनः** = सुख मान्दछन्
नवमः = नवौं सृष्टि	**कर्मपराः** = कर्मपरायण अनि	
नृणाम् = मनुष्यहरूको हो		

वाक्यार्थ– विदुरजी ! नवौं सृष्टि मनुष्यहरूको हो। यो एकै प्रकारको हुन्छ। यसको आहारको प्रवाह मुखभन्दा तलतिर हुन्छ। मनुष्यहरू जो गुणको आधिक्य भएका, कर्मपरायण, दुःखरूप विषयमा पनि सुख मान्नेवाला हुन्छन्।

वैकृतास्त्रय एवैते देवसर्गश्च सत्तम।
वैकारिकस्तु यः प्रोक्तः कौमारस्तूभयात्मकः॥ २६॥

पदार्थ–

सत्तम = हे विदुरजी	**वैकृताः** = वैकृत सृष्टि हुन्	**कौमारः** = सनत्कुमार आदिको सृष्टि
एते = यी	**यः** = जुन	**तु** = चाहिँ
त्रयः = तीन थरी सृष्टि र	**वैकारिकः** = महत्तत्त्व आदिको वैकारिक सृष्टि हो त्यो	**उभयात्मकः** = प्राकृत र वैकृत दुबै प्रकारको हो
देवसर्गः = देवसृष्टि	**प्रोक्तः** = प्राकृतसृष्टिमा बताइयो	
च = पनि		

वाक्यार्थ– हे विदुरजी ! तीन थरी सृष्टि र देवसृष्टि पनि वैकृत सृष्टि हुन्। जुन महत्तत्त्व आदिको वैकारिक सृष्टि हो त्यो प्राकृत सृष्टिमा बताइयो सनत्कुमार आदिको सृष्टि चाहिँ प्राकृत र वैकृत दुबै प्रकारको हो।

देवसर्गश्चाष्टविधो विबुधाः पितरोऽसुराः।
गन्धर्वाप्सरसः सिद्धा यक्षरक्षांसि चारणाः॥ २७॥
भूतप्रेतपिशाचाश्च विद्याध्राः किन्नरादयः।
दशैते विदुराख्याताः सर्गास्ते विश्वसृक्कृताः॥ २८॥

पदार्थ–

देवसर्गः = देवसर्ग	**असुराः** = असुरहरू	**चारणाः** = चारणहरू
च = चाहिँ	**गन्धर्वाप्सरसः** = गन्धर्व, अप्सरा आदि	**भूतप्रेतपिशाचाः च** = भूत, प्रेत र पिशाच आदि
अष्टविधः = आठ प्रकारको हुन्छ	**सिद्धाः** = सिद्धहरू	**च** = पनि
विबुधाः = देवताहरू	**यक्षरक्षांसि** = यक्ष र राक्षसहरू	**विद्याध्राः** = विद्याधरहरू
पितरः = पितृहरू		

किन्नरादयः = किन्नरहरू समेत आठै प्रकारभित्र पर्दछन्
विदुर = हे विदुरजी
विश्वसृक्कृताः = जगत्स्रष्टा ब्रह्माजीद्वारा रचित
एते = यी
दश = दश प्रकारका
सर्गाः = सृष्टिहरू
ते = तपाईंलाई
आख्याताः = बताइए

वाक्यार्थ– देवता, पितृ, असुर, गन्धर्व, अप्सरा, यक्ष, राक्षस, सिद्ध, चारण र विद्याधर, भूतप्रेत-पिशाच, विद्याधरहरू किन्नरहरू समेत आठै प्रकारभित्र पर्दछन्। हे विदुरजी ! यसप्रकार जगत्कर्ता ब्रह्माजीद्वारा रचिएको दश प्रकारको सृष्टि मैले तपाईंलाई बताएँ।

अतः परं प्रवक्ष्यामि वंशान् मन्वन्तराणि च ।
एवं रजःप्लुतः स्रष्टा कल्पादिष्वात्मभूर्हरिः ॥
सृजत्यमोघसङ्कल्प आत्मैवात्मानमात्मना ॥ २९ ॥

पदार्थ–

अतः परं = यस पछि
वंशान् = वंश र
मन्वन्तराणि = मन्वन्तरहरू
च = पनि
प्रवक्ष्यामि = बताउनेछु
एवं = यसरी
स्रष्टा = जगत्रचयिता
अमोघसङ्कल्पः = सत्यसङ्कल्प
हरिः = भगवान्ले
कल्पादिषु = कल्पको आदिमा
रजःप्लुतः = रजोगुणी
आत्मभूः = ब्रह्मा बनेर
आत्मा = आफैँ नै
आत्मना = आफैँले
आत्मानम् = आफैँलाई
सृजति = जगत्को रूपमा बनाउनुहुन्छ

वाक्यार्थ– अब म अगाडि वंश र मन्वन्तर आदिको वर्णन गर्नेछु। यसप्रकार सृष्टि गर्ने सत्यसङ्कल्प हरि नै ब्रह्माको रूपमा प्रत्येक कल्पको आदिमा रजोगुणले व्याप्त भएर स्वयं नै जगत्को रूपमा आफ्नो नै रचना गर्नुहुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

दशमोऽध्यायः ॥ १० ॥

अथ एकादशोऽध्यायः

मन्वन्तर आदि कालविभागको वर्णन

मैत्रेय उवाच (मैत्रेयजीले भन्नभयो)

चरमः सद्विशेषाणामनेकोऽसंयुतः सदा ।

परमाणुः स विज्ञेयो नृणामैक्यभ्रमो यतः ॥ १ ॥

पदार्थ–

सद्विशेषाणाम् = पृथ्वी आदिका अंशहरूमध्ये	**सदा** = सधैँ (कार्य नाश हुँदा पनि रहिरहने)	**यतः** = जुन परमाणुबाट
असंयुतः = समुदाय अवस्थामा प्राप्त नभएको (त्यसैले)	**सः** = त्यो	**नृणाम्** = मान्छेहरूलाई
अनेकः = कुनै एक कार्यको रूपमा नदेखिएको अनि	**चरमः** = अन्तिम अंश	**ऐक्यभ्रमः** अद्वैतको भ्रम हुन्छ
	परमाणुः = परमाणु भनी	
	विज्ञेयः = बुझ्नुपर्दछ	

वाक्यार्थ– पृथ्वी आदिका अंशहरूमध्ये समुदाय अवस्थामा प्राप्त नभएकाले कुनै कार्यको रूपमा नदेखिएको अनि कार्य नाश हुँदा पनि रहिरहने अन्तिम अंशलाई परमाणु भनी बुझ्नुपर्दछ। जुन परमाणुबाट मान्छेहरूलाई अद्वैतको भ्रम हुन्छ।

सत एव पदार्थस्य स्वरूपावस्थितस्य यत् ।

कैवल्यं परममहानविशेषो निरन्तरः ॥ २ ॥

पदार्थ–

स्वरूपावस्थितस्य = प्रलयमा आफ्नै स्वरूपमा अवस्थित	**अविशेषः** = विशेष विवक्षा नहुँदा	**कैवल्यं** = जुन एक भावमा पुगेको (कारणावस्थाको) स्थिति छ, त्यो
सतः पदार्थस्य एव = (पृथिवी आदि) भएका पदार्थहरूको नै	**निरन्तरः** = भेदरहित हुँदा	**परममहान्** = परम महान् हो
	यत् = जुन	

वाक्यार्थ– प्रलयमा आफ्नै स्वरूपमा अवस्थित पृथिवी आदि पदार्थहरूको नै विशेष विवक्षा नभई भेदरहित हुँदा जुन एक भावमा पुगेको कारणावस्थाको स्थिति छ, त्यो परम महान् हो।

एवं कालोऽप्यनुमितः सौक्ष्म्ये स्थौल्ये च सत्तम ।

संस्थानभुक्त्या भगवानव्यक्तो व्यक्तभुग्विभुः ॥ ३ ॥

पदार्थ–

सत्तम = हे साधुश्रेष्ठ विदुरजी
अव्यक्तः = स्वयं अव्यक्त भए पनि
संस्थानभुक्त्या = परमाणु आदि अवस्थामा व्याप्त भएर
व्यक्तभुक् = सम्पूर्ण व्यक्त संसारलाई आफूद्वारा परिच्छिन्न गराउने
विभुः = सृष्टि आदिमा समर्थ
भगवान् = भगवान्‌को शक्तिभूत
कालः = समय
अपि = पनि
एवं = पूर्वोक्त प्रकारले नै
सौक्ष्म्ये = सूक्ष्म अवस्थामा
स्थौल्ये च = स्थूल अवस्थामा पनि
अनुमितः = अनुमान गरिन्छ

वाक्यार्थ– हे साधुश्रेष्ठ विदुरजी ! स्वयं अव्यक्त भए पनि परमाणु आदि अवस्थामा व्याप्त भएर सम्पूर्ण व्यक्त संसारलाई आफूद्वारा परिच्छिन्न गराउने सर्वसमर्थ भगवान्‌को शक्तिभूत समय पनि पूर्वोक्त प्रकारले नै सूक्ष्म अवस्थामा र स्थूल अवस्थामा अनुमान गरिन्छ।

स कालः परमाणुर्वै यो भुङ्क्ते परमाणुताम्।
सतोऽविशेषभुग् यस्तु स कालः परमो महान्॥ ४॥

पदार्थ–
वै = निश्चय नै
यः = जुन कालले
परमाणुताम् = सूर्यको गतिले परमाणुलाई अतिक्रमण गर्न लाग्ने अवस्थालाई
भुङ्क्ते = भोग गर्दछ
सः = त्यति
कालः = समयलाई
परमाणुः = परमाणु भनिन्छ
यः = जुन कालले
तु = चाहिँ
सतः = संसारको
अविशेषभुक् = सम्पूर्ण भागलाई भोग गर्दछ
सः = त्यस
कालः = काललाई
परमः महान् = परम महान् भनिन्छ

वाक्यार्थ– निश्चय नै जुन कालले सूर्यको गतिले परमाणुलाई अतिक्रमण गर्न लाग्ने समयलाई भोग गर्दछ त्यति समयलाई परमाणु भनिन्छ भने जुन कालले चाहिँ संसारको सम्पूर्ण भागलाई भोग गर्दछ त्यस काललाई परम महान् भनिन्छ।

अणुर्द्वौ परमाणू स्यात् त्रसरेणुस्त्रयः स्मृतः।
जालार्करश्म्यवगतः खमेवानुपतन् नगात्॥ ५॥

पदार्थ–
द्वौ = दुई
परमाणू = परमाणु मिलेर
अणुः = एक अणु
स्यात् = हुन्छ
त्रयः = तीन अणुबाट
त्रसरेणुः = त्रसरेणु
स्मृतः = बन्दछ (जुन त्रसरेणु)
जालार्करश्म्यवगतः = आँखिझ्यालको सूर्यकिरणमा देखिन्छ र
खम् = आकाशतिर नै
अनुपतन् = उड्दै
अगात् = गएको देखिन्छ

वाक्यार्थ– दुई परमाणु मिलेर एक अणु बन्दछ। तीन अणुबाट त्रसरेणु बन्दछ। जुन त्रसरेणु आँखिळ्यालको सूर्यकिरणमा देखिन्छ र आकाशतिर नै उड्दै गएको देखिन्छ।

त्रसरेणुत्रिकं भुङ्क्ते यः कालः स त्रुटिः स्मृतः।
शतभागस्तु वेधः स्यात् तैस्त्रिभिस्तु लवः स्मृतः॥ ६॥

पदार्थ–

यः = जुन	**त्रुटिः** = त्रुटि	**तैः** = ती
कालः = समय	**स्मृतः** = भनिन्छ	**त्रिभिः** = तीन वेधको
त्रसरेणुत्रिकं = तीन त्रसरेणु बराबरसम्मलाई	**शतभागः** = त्रुटिको पनि सय अंशबाट	संयोजनबाट
		तु = त
भुङ्क्ते = व्याप्त गर्दछ	**वेधः** = वेध	**लवः** = लव
सः = त्यति समयलाई	**स्यात्** = बन्दछ	**स्मृतः** = बन्दछ

वाक्यार्थ– जुन समय तीन त्रसरेणु बराबर सम्मलाई व्याप्त गर्दछ त्यति समयलाई त्रुटि भनिन्छ। त्रुटिको पनि सय अंशबाट वेध बन्दछ। तीन वेधको संयोजनबाट लव बन्दछ।

निमेषस्त्रिलवो ज्ञेय आम्नातस्ते त्रयः क्षणः।
क्षणान् पञ्च विदुः काष्ठां लघु ता दश पञ्च च॥ ७॥

पदार्थ–

त्रिलवः = तीन लवको	**क्षणः** = क्षण	**विदुः** = भन्दछन्
निमेषः = निमेष	**आम्नातः** = बन्दछ	**दश पञ्च** = पन्ध्र
ज्ञेयः = हुन्छ	**पञ्च** = पाँच	**ताः** = ती काष्ठा मिलेर
ते = ती	**क्षणान्** = क्षणलाई	**लघु** = लघु परिमाणको काल हुन्छ
त्रयः = तीन निमेषबाट	**काष्ठां** = काष्ठा	

वाक्यार्थ– तीन लवको निमेष हुन्छ अनि तीन निमेषबाट क्षण बन्दछ पाँच क्षणलाई काष्ठा भन्दछन् भने पन्ध्र काष्ठा मिलेर लघु परिमाणको काल हुन्छ।

लघूनि वै समाम्नाता दश पञ्च च नाडिका।
ते द्वे मुहूर्तः प्रहरः षड् यामः सप्त वा नृणाम्॥ ८॥

पदार्थ–

वै = निश्चय नै	**नाडिका** = नाडिका	**द्वे** = दुई नाडिकाबाट
दश पञ्च = पन्ध	**समाम्नाता** = भनिन्छ	**मुहूर्तः** = मुहूर्त बन्दछ
लघूनि = लघुबराबर समयलाई	**ते** = ती	**षड् वा** = छ अथवा

सप्त = सात प्रहरबाट	**नृणाम्** = मनुष्यहरूको
प्रहरः = एक प्रहर बन्दछ (त्यही नै)	**यामः** = दिन अथवा रातको चतुर्थांश समय याम हो

वाक्यार्थ– निश्चय नै पन्ध्र लघुबराबर समयलाई नाडिका भनिन्छ। ती दुई नाडिकाबाट मुहूर्त बन्दछ। छ अथवा सात प्रहरबाट एक प्रहर बन्दछ। त्यही नै मनुष्यहरूको दिन अथवा रातको चतुर्थांश समय याम हो।

द्वादशार्धपलोन्मानं चतुर्भिश्चतुरङ्गुलैः।

स्वर्णमाषैः कृतच्छिद्रं यावत् प्रस्थजलप्लुतम्॥ ९॥

पदार्थ–

द्वादशार्धपलोन्मानं = छ पला तामाको भाँडोलाई	**चतुर्भिः स्वर्णमाषैः** = चारमासा सुनको तारले	**यावत् प्रस्थजलप्लुतम्** = एक पाथी पानी जति समयमा भरिन्छ त्यति समयलाई नाडिका भनिन्छ
चतुरङ्गुलैः = चार अङ्गुल लामो र	**कृतच्छिद्रं** = प्वाल बनाउँदा	

वाक्यार्थ– छ पला तामाको भाँडोलाई चार अङ्गुल लामो चारमासा सुनको तारले प्वाल पार्दा एक पाथी पानी जति समयमा भरिन्छ त्यतिलाई नाडिका भनिन्छ।

यामाश्चत्वारश्चत्वारो मर्त्यानामहनी उभे।

पक्षः पञ्चदशाहानि शुक्लः कृष्णश्च मानद॥ १०॥

पदार्थ–

मानद = हे विदुरजी	**उभे अहनी** = दिन र रात दुबै (बन्दछन्)	**शुक्लः** = शुक्ल र
चत्वारः चत्वारः = चार चार		**कृष्णः** = कृष्ण
यामाः = यामहरू मिलेर	**पञ्चदशाहानि** = पन्ध्र अहोरात्र मिलेर	**पक्षः** = पक्ष बन्दछन्
मर्त्यानाम् = मानिसको		

वाक्यार्थ– हे विदुरजी ! चार–चार यामहरू मिलेर मानिसको दिन र रात बन्दछन्। पन्ध्र अहोरात्र मिलेर शुक्ल र कृष्ण पक्ष बन्दछन्।

तयोः समुच्चयो मासः पितॄणां तदहर्निशम्।

द्वौ तावृतुः षडयनं दक्षिणं चोत्तरं दिवि॥ ११॥

अयने चाहनी प्राहुर्वत्सरो द्वादश स्मृतः।

संवत्सरशतं नृणां परमायुर्निरूपितम्॥ १२॥

पदार्थ–

तयोः = ती दुई पक्षहरूको
समुच्चयः = समूह
मासः = महिना हुन्छ
तत् = एक महिना
पितॄणां = पितृहरूको
अहर्निशम् = अहोरात्र बराबर हुन्छ
तौ = ती
द्वौ = दुई महिनाबाट
ऋतुः = एक ऋतु बन्दछ
षड् = छ महिना गरी
दक्षिणं = दक्षिण
उत्तरं च = उत्तर गरी
अयनं = एक अयन बन्छ
दिवि च = स्वर्गमा चाहिँ
अयने = दुई अयनलाई
अहनी = एक अहोरात्र
प्राहुः = भन्दछन्
द्वादश = बाह्र महिनाबाट
वत्सरः = एक वर्ष
स्मृतः = मानिन्छ
नृणां = मनुष्यहरूको
परमायुः = परम आयु
संवत्सरशतं = सय वर्षसम्मको
निरूपितम् = बताइन्छ

वाक्यार्थ– दुई पक्षहरूबाट महिना बन्छ। एक महिना पितृहरूको अहोरात्रबराबर हुन्छ। ती दुई महिनाबाट एक ऋतु बन्दछ। छ महिनाबाट दक्षिण र उत्तर गरी एक-एक अयन बन्दछन् स्वर्गमा ँ दुई अयनलाई एक अहोरात्र भन्दछन्। बाह्र महिनाबाट एक वर्ष बन्छ। मनुष्यहरूको परम आयु सय वर्षसम्मको बताइन्छ।

ग्रहर्क्षताराचक्रस्थः परमाण्वादिना जगत्।
संवत्सरावसानेन पर्येत्यनिमिषो विभुः॥ १३॥

पदार्थ–

ग्रहर्क्षताराचक्रस्थः = ग्रह, नक्षत्र र तारामण्डलको बीचमा रहने
अनिमिषः = कालात्मा
विभुः = सूर्य भगवान्ले
परमाण्वादिना = सबैभन्दा सूक्ष्म समय परमाणुदेखि
संवत्सरावसानेन = एक वर्षसम्मको समयले
जगत् = बाह्र राश्यात्मक तारामण्डलयुक्त भुवनकोशलाई
पर्यैति = एक वर्षमा एक पटक परिक्रमा गर्नुहुन्छ

वाक्यार्थ– ग्रह, नक्षत्र र तारामण्डलको बीचमा रहने कालात्मा सूर्य भगवान्ले सबैभन्दा सूक्ष्म समय परमाणुदेखि लिएर एक वर्षसम्मको समयले बाह्र राश्यात्मक तारामण्डलयुक्त भुवनकोशलाई एक वर्षमा एक पटक परिक्रमा गर्नुहुन्छ।

संवत्सरः परिवत्सर इडावत्सर एव च।
अनुवत्सरो वत्सरश्च विदुरैवं प्रभाष्यते॥ १४॥

पदार्थ–

विदुर = हे विदुरजी
संवत्सरः = सूर्यको एक वर्षलाई संवत्सर
परिवत्सर ः = बृहस्पतिको परिवत्सर
इडावत्सरः = नक्षत्रको एक वर्षलाई इडावत्सर

अनुवत्सरः = चन्द्रमाको एक वर्षलाई अनुवत्सर र	**वत्सरः** = सवनको एकवर्षलाई इडावत्सर	**च** = पनि **प्रभाष्यते** = भनिन्छ

वाक्यार्थ– हे विदुरजी ! सूर्यको एक वर्षलाई संवत्सर, बृहस्पतिको परिवत्सर, नक्षत्रको एक वर्षलाई इडावत्सर, चन्द्रमाको एक वर्षलाई अनुवत्सर र सवनको एक वर्षलाई इडावत्सर पनि भनिन्छ।

यः सृज्यशक्तिमुरुधोच्छ्‌वसयन् स्वशक्त्या
पुंसोऽभ्रमाय दिवि धावति भूतभेदः।
कालाख्यया गुणमयं क्रतुभिर्वितन्वं-
स्तस्मै बलिं हरत वत्सरपञ्चकाय॥ १५॥

पदार्थ–

यः = जो भगवान् सूर्यले **स्वशक्त्या** = आफ्नो शक्तिद्वारा **सृज्यशक्तिम्** = अङ्कुर, वृक्ष आदि उत्पन्न हुने र बढ्ने क्षमतालाई **उरुधा** = विभिन्न पोषण ऊर्जाहरू प्रदान गरेर **उच्छ्‌वसयन्** = फलोन्मुख गराउँदै अनि **क्रतुभिः** = सकाम यज्ञहरूद्वारा	**गुणमयं** = कामना गरेर पाइने स्वर्गादि भोगलाई **वितन्वन्** = प्रदान गर्दै **भूतभेदः** = आकाशको विशेषशक्ति भएको तेजोमय रूप लिएर **पुंसः** = मनुष्यहरूको **अभ्रमाय** = मोह, निद्रा, आलस्य आदिको निवृत्तिका लागि **दिवि** = आकाशमा	**कालाख्यया** = कालरूपले **धावति** = निरन्तर हिँड्नुहुन्छ **तस्मै** = त्यस्ता **वत्सरपञ्चकाय** = पाँच प्रकारका संवत्सरहरूका प्रवर्तक भगवान् सूर्यलाई **बलिं** = पूजा **हरत** = गर

वाक्यार्थ– जो भगवान् सूर्यले आफ्नो शक्तिद्वारा अङ्कुर, वृक्ष आदि उत्पन्न हुने र बढ्ने क्षमतालाई विभिन्न पोषण ऊर्जाहरू प्रदान गरेर फलोन्मुख गराउँदै अनि सकाम यज्ञहरूद्वारा कामना भए पाइने स्वर्गादिभोगलाई प्रदान गर्दै आकाशको विशेषशक्ति भएको तेजको रूप लिएर मनुष्यहरूको मोह, निद्रा, आलस्य आदिको निवृत्तिका लागि आकाशमा कालरूपले निरन्तर हिँड्नुहुन्छ त्यस्ता पाँच प्रकारका संवत्सरहरूका प्रवर्तक भगवान् सूर्यलाई पूजा गर।

विदुर उवाच (विदुरजीले भन्नुभयो)

पितृदेवमनुष्याणामायुः परमिदं स्मृतम्।
परेषां गतिमाचक्ष्व ये स्युः कल्पाद्‌बहिर्विदः॥ १६॥

पदार्थ–

इदं = यो तपाईंले बताउनुभएको	**कल्पात्** = कल्प कल्पमा हुने सृष्टिभन्दा	**परेषां** = अरू सनक आदि ज्ञानीको पनि
पितृदेवमनुष्याणाम् = पितृ, देवता र मनुष्यहरूको	**बहिर्विदः** = बाहिर रही धेरै बाँच्ने	**गतिम्** = आयुलाई
परम् = परम	**ये** = जति	**आचक्ष्व** = बताउनुहोस्
आयुः = आयु	**स्युः** = ज्ञानीहरू छन् त्यस्ता	
स्मृतम् = हो		

वाक्यार्थ– तपाईं मैत्रेयले पितृ, देवता र मनुष्यहरूको परम आयु बताउनुभयो। अब कल्प कल्पमा हुने सृष्टिभन्दा बाहिर रही धेरै बाँच्ने जति ज्ञानीहरू छन् त्यस्ता अरू सनक आदिहरूको आयु बताउनुहोस्।

भगवान् वेद कालस्य गतिं भगवतो ननु।
विश्वं विचक्षते धीरा योगराद्धेन चक्षुषा॥ १७॥

पदार्थ–

भगवतः = भगवान्को	**वेद** = जान्नुहुन्छ	**चक्षुषा** = दिव्यदृष्टिबाट
कालस्य = कालको	**ननु** = किनभने	**विश्वं** = संसारलाई
गतिं = गतिलाई	**धीराः** = ज्ञानीहरू	**विचक्षते** = हेर्न सक्दछन्
भगवान् = तपाईं (मैत्रेयजी)	**योगराद्धेन** = योगसिद्ध	

वाक्यार्थ– भगवान्को कालको गतिलाई तपाईं (मैत्रेयजी) जान्नुहुन्छ किनभने ज्ञानीहरू योगसिद्ध दिव्यदृष्टिबाट संसारलाई हेर्न सक्तछन्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

कृतं त्रेता द्वापरं च कलिश्चेति चतुर्युगम्।
दिव्यैर्द्वादशभिर्वर्षैः सावधानं निरूपितम्॥ १८॥

पदार्थ–

कृतं = सत्ययुग	**च इति** = समेत	**दिव्यैः** = देवताहरूको
त्रेता = त्रेतायुग	**चतुर्युगम्** = चारओटा युगहरू	**द्वादशभिः** = बाह्र (हजार)
द्वापरं = द्वापरयुग र	**सावधानं** = सन्ध्या र सन्ध्यांश सहित	**वर्षैः** = वर्षसम्म रहने भनी
कलिः = कलि		**निरूपितम्** = बताइएको छ

वाक्यार्थ– हे विदुरजी ! सत्य, त्रेता, द्वापर र कलिसमेत चारओटा युगहरू सन्ध्या र सन्ध्यांश–सहित देवताहरूको बाह्र हजार वर्षसम्म रहने भनी बताइएको छ।

चत्वारि त्रीणि द्वे चैकं कृतादिषु यथाक्रमम्।

सङ्ख्यातानि सहस्राणि द्विगुणानि शतानि च ॥ १९ ॥

पदार्थ–

कृतादिषु = सत्य आदि युगहरूमा	**द्वे** = दुई र	**द्विगुणानि शतानि च** = सन्ध्या र सन्ध्यांशमा दुईगुना सय वर्ष पनि
यथाक्रमम् = क्रमैसँग	**एकं** = एक	**सङ्ख्यातानि** = परिगणित हुन्छन्
चत्वारि = चार	**सहस्राणि** = दिव्यहजार वर्षहरू अनि	
त्रीणि = तीन		

वाक्यार्थ– सत्य आदि युगहरूमा क्रमैसँग चार, तीन, दुई र एक दिव्यहजार वर्षहरू अनि सन्ध्या र सन्ध्यांशमा दुईगुना सय वर्ष पनि परिगणित हुन्छन्।

सन्ध्यासन्ध्यांशयोरन्तर्यः कालः शतसङ्ख्ययोः।
तमेवाहुर्युगं तज्ज्ञा यत्र धर्मो विधीयते ॥ २० ॥

पदार्थ–

शतसङ्ख्ययोः = सयौँ वर्षको	**कालः** = समय हुन्छ	**यत्र** = जहाँ
सन्ध्यासन्ध्यांशयोः = सन्ध्या र सन्ध्यांशको	**तज्ज्ञाः** = कालज्ञहरू	**धर्मः** = विशेष धर्म
अन्तः = बीचमा	**तम्** = त्यही काललाई	**विधीयते** = अनुष्ठित हुन्छ
यः = जुन	**युगं** = युग	
	आहुः = भन्दछन्	

वाक्यार्थ– सयौँ वर्षको सन्ध्या र सन्ध्यांशको बीचमा जुन समय हन्छ त्यसैलाई कालज्ञहरू युग भन्दछन्। जहाँ विशेष धर्म अनुष्ठित हुन्छ।

धर्मश्चतुष्पान्मनुजान् कृते समनुवर्तते।
स एवान्येष्वधर्मेण व्येति पादेन वर्धता ॥ २१ ॥

पदार्थ–

धर्मः = धर्म	**समनुवर्तते** = रहन्छ	**पादेन** = एक पाउको दरले
कृते = सत्ययुगमा	**सः एव** = त्यही धर्म	**व्येति** = क्षीण हुँदै जान्छ
मनुजात् = मनुष्यहरूसँग	**अन्येषु** = अरू युगमा	
चतुष्पान् = चारै पाउले सहित भएर	**वर्धता** = बढिरहेको	
	अधर्मेण = अधर्मले गर्दा	

वाक्यार्थ– धर्म सत्ययुगमा मनुष्यहरूसँग चारै पाउले सहित भएर रहन्छ। अरू युगमा बढिरहेको अधर्मले गर्दा एक पाउको दरले धर्मको पाउ क्षीण हुँदैजान्छ।

त्रिलोक्या युगसाहस्रं बहिराब्रह्मणो दिनम्।
तावत्येव निशा तात यन्निमीलति विश्वसृक्॥ २२॥

पदार्थ–

तात = हे प्यारा विदुरजी
त्रिलोक्याः = त्रिलोकीभन्दा
बहिः = बाहिर
आब्रह्मणः = महर्लोकदेखि ब्रह्मलोकसम्म
युगसाहस्रं = हजार चतुर्युगको
दिनम् = दिन र
तावती एव = त्यति नै समयको
निशाः = रात्रिहरू हुन्छन्
यत् = जुन समयमा
विश्वसृक् = ब्रह्माजी
निमीलति = शयन गर्नुहुन्छ

वाक्यार्थ– हे प्यारा विदुरजी ! त्रिलोकीभन्दा बाहिर महर्लोकदेखि ब्रह्मलोकसम्म हजार चतुर्युगको दिन र त्यति नै समयको रात्रिहरू हुन्छन्। जुन समयमा ब्रह्माजी शयन गर्नुहुन्छ।

निशावसान आरब्धो लोककल्पोऽनुवर्तते।
यावद्दिनं भगवतो मनून् भुञ्जंश्चतुर्दश॥ २३॥

पदार्थ–

निशावसाने = रात्रिपछि
आरब्धः = सुरु भएको
लोककल्पः = लोकसृष्टि
चतुर्दशमनून् = चौध मनुलाई
भुञ्जन् = भोग गर्दै
भगवतः = ब्रह्माजीको
यावत् दिनं = एक दिनबराबरको समयसम्म
अनुवर्तते = रहन्छ

वाक्यार्थ– रात्रिपछि सुरु भएको लोकसृष्टि चौध मनुलाई भोग गर्दै ब्रह्माजीको एक दिनबराबरको समयसम्म रहन्छ।

स्वं स्वं कालं मनुर्भुङ्क्ते साधिकां ह्येकसप्ततिम्।
मन्वन्तरेषु मनवस्तद्वंश्या ऋषयः सुराः॥
भवन्ति चैव युगपत् सुरेशाश्चानु ये च तान्॥ २४॥

पदार्थ–

मनुः = हरेक मनु
एकसप्ततिम् = एकहत्तर (चतुर्युगी र)
साधिकां = अलिकति बढी
स्वं स्वं = आ–आफ्नो
कालं = समयलाई
भुङ्क्ते = भोग्दछन्
हि = निश्चय नै
मन्वन्तरेषु = हरेक मन्वन्तरमा
मनवः = मनुहरू
तद्वंश्याः = = मनुवंशी राजा
ऋषयः = सप्तर्षिहरू
सुराः = देवताहरू
सुरेशाः = इन्द्र आदि र
ये च तान् अनु = जो इन्द्रको अधीन रहनेवाला पक्ष आदि छन् ती सबै पनि
युगपत् = एकै साथ
भवन्ति = छुट्टाछुट्टै उत्पन्न हुन्छन्

वाक्यार्थ– हरेक मनु एकहत्तर चतुर्युगी र अलिकति बढी आ–आफ्नो समयलाई भोग्दछन् निश्चय नै हरेक मन्वन्तरमा मनुहरू, मनुवंशी राजा, सप्तर्षिहरू, देवताहरू, इन्द्र आदि र जो इन्द्रको अधीनमा रहने पक्ष आदि छन् ती सबै पनि एकै साथ र छुट्टाछुट्टै उत्पन्न हुन्छन्।

एष दैनन्दिनः सर्गो ब्राह्मस्त्रैलोक्यवर्तनः।
तिर्यङ्नृपितृदेवानां सम्भवो यत्र कर्मभिः॥ २५॥

पदार्थ–

एषः = यो मैले बताएको	**दैनन्दिनः** = दैनिक	**तिर्यङ्नृपितृदेवानां** = पशु,
त्रैलोक्यवर्तनः = तीन लोकको	**सर्गः** = सृष्टि हो	मनुष्य, पितृ र देवताको पनि
मात्र रचना हुने	**यत्र** = जहाँ	**सम्भवः** = उत्पत्ति र भोग हुन्छ
ब्राह्मः = ब्रह्माजीको	**कर्मभिः** = आफ्ना कर्महरूद्वारा	

वाक्यार्थ– यो मैले बताएको तीन लोकको मात्र रचना हुने ब्रह्माजीको दैनिक सृष्टि हो जहाँ आफ्ना कर्महरूद्वारा पशु, मनुष्य, पितृ र देवताको पनि उत्पत्ति र भोग हुन्छ।

मन्वन्तरेषु भगवान् बिभ्रत् सत्त्वं स्वमूर्तिभिः।
मन्वादिभिरिदं विश्वमवत्युदितपौरुषः॥ २६॥

पदार्थ–

मन्वन्तरेषु = मन्वन्तरहरूमा	**मन्वादिभिः** = मनु आदि	**विश्वम्** = संसारलाई
भगवान् = परमात्माले	अवतारहरूद्वारा	**अवति** = रक्षा गर्नुहुन्छ
सत्त्वं बिभ्रत् = सत्त्वगुणद्वारा	**उदितपौरुषः** = पुरुषार्थ प्रकट	
विष्णुको रूपमा धारण गर्दै	गरी	
स्वमूर्तिभिः = आफ्नै स्वरूपभूत	**इदं** = यो	

वाक्यार्थ– मन्वन्तरहरूमा परमात्माले सत्त्वगुणद्वारा विष्णुको रूपमा आफ्नै स्वरूपभूत मनु आदि अवतारहरूद्वारा पुरुषार्थ प्रकट गरी यस संसारलाई रक्षा गर्नुहुन्छ।

तमोमात्रामुपादाय प्रतिसंरुद्धविक्रमः।
कालेनानुगताशेष आस्ते तूष्णीं दिनात्यये॥ २७॥

पदार्थ–

कालेन = कालक्रमले	**तमोमात्राम्** = तमोगुणको थोरै	**प्रतिसंरुद्धविक्रमः** = सारा
दिनात्यये = एक दिन बितेपछि	मात्रालाई	पुरुषार्थ रोकी
	उपादाय = लिएर	

अनुगताशेषे = सम्पूर्ण जीवहरूलाई आफैँमा लीन गरी	**तूष्णीं** = चुपचाप **आस्ते** = रहनुहुन्छ

वाक्यार्थ– कालक्रमले एकदिन बितेपछि तमोगुणको थोरै मात्रालाई लिएर सारा पुरुषार्थ रोकी सम्पूर्ण जीवहरूलाई आफैँमा लीन गरेर ब्रह्माजी चुपचाप रहनुहुन्छ।

तमेवान्वपि धीयन्ते लोका भूरादयस्त्रयः।
निशायामनुवृत्तायां निर्मुक्तशशिभास्करम्॥ २८॥

पदार्थ–

तम् अनु = सृष्टि स्थगित हुने बित्तिकै **भूरादयः** = भूः,भुवः र स्वः गरी **त्रयः** = तीन **लोकाः** = लोकहरू	**अपि** = पनि **धीयन्ते** = भगवान्मा लीन हुन्छन् **निर्मुक्तशशिभास्करम्** = चन्द्रमा र सूर्यले रहित	**निशायाम्** = रात्रि **अनुवृत्तायां** = भइसकेपछि यो स्थिति आउँछ

वाक्यार्थ– सृष्टि स्थगित हुने बित्तिकै भूः,भुवः र स्वः गरी तीन लोकहरू पनि भगवान्मा लीन हुन्छन्। चन्द्रमा र सूर्यले रहित रात्रि भइसकेपछि यो स्थिति आउँछ।

त्रिलोक्यां दह्यमानायां शक्त्या सङ्कर्षणाग्निना।
यान्त्यूष्मणा महर्लोकाज्जनं भृग्वादयोऽर्दिताः॥ २९॥

पदार्थ–

शक्त्या = आकर्षण शक्तिस्वरूप **सङ्कर्षणाग्निना** = शेषबाट उत्पन्न आगोबाट **त्रिलोक्यां** = तीन लोक	**दह्यमानायां** = डढ्न थालेपछि **उष्मणा** = तेजले **अर्दिताः** = तातेका **भृग्वादयः** = भृगु आदि ऋषिहरू	**महर्लोकात्** = महर्लोकबाट **जनं** = जनलोकमा **यान्ति** = जान्छन्

वाक्यार्थ– आकर्षण शक्तिस्वरूप शेषबाट उत्पन्न आगोबाट तीन लोक डढ्न थालेपछि तेजले तातेका भृगु आदि ऋषिहरू महर्लोकबाट जनलोकमा जान्छन्।

तावत् त्रिभुवनं सद्यः कल्पान्तैधितसिन्धवः।
प्लावयन्त्युत्कटाटोपचण्डवातेरितोर्मयः॥ ३०॥

पदार्थ–

उत्कटाटोपचण्डवातेरितोर्मयः = प्रचण्ड वायु र उत्कट क्षोभद्वारा विशाल तरङ्गहरूले युक्त	**कल्पान्तैधितसिन्धवः** = कल्पान्तको कारणले बढेका समुद्रहरूले	**तावत्** = त्यस वेला (डढिसकेको) **त्रिभुवनं** = त्रिलोकलाई

सद्यः = अकस्मात् | **प्लावयन्ति** = डबाउँछन्

वाक्यार्थ—प्रचण्ड वायु र उत्कट क्षोभद्वारा विशाल तरङ्गहरूले युक्त कल्पान्तको कारणले बढेका समुद्रहरूले डढिसकेको त्रिलोकलाई अकस्मात् डुवाउँछन्।

अन्तः स तस्मिन् सलिल आस्तेऽनन्तासनो हरिः।
योगनिद्रानिमीलाक्षः स्तूयमानो जनालयैः॥ ३१॥

पदार्थ—

तस्मिन् = त्यस
अन्तः सलिले = प्रलयको जलभित्र
योगनिद्रानिमीलाक्षः = योगनिद्राको कारणले आँखा चिम्लिनुभएका
जनालयैः = जनलोकनिवासीहरूद्वारा
स्तूयमानः = प्रार्थित हुँदै
अनन्तासनः = अनन्त नागलाई नै आसन बनाउने
हरिः = भगवान्
आस्ते = चिन्मात्रस्वरूपमा रहनुहुन्छ

वाक्यार्थ— त्यस प्रलयको जलभित्र योगनिद्राको कारणले आँखा चिम्लिनुभएका जन—लोकनिवासीहरूद्वारा प्रार्थित हुँदै अनन्त नागलाई नै आसन बनाउने भगवान् चिन्मात्रस्वरूपमा रहनुहुन्छ।

एवंविधैरहोरात्रैः कालगत्योपलक्षितैः।
अपक्षितमिवास्यापि परमायुर्वयःशतम्॥ ३२॥

पदार्थ—

कालगत्या = सूक्ष्म कालगतिको तारतम्यले
उपलक्षितैः = उपलक्षित
एवंविधैः = त्यस्ता
अहोरात्रैः = अहोरात्रहरूद्वारा
अस्य = यी ब्रह्माजीको
अपि = पनि
परम् = अरूको अपेक्षा अत्यधिक
वयःशतम् = सयवर्षको
आयुः = आयु
अपक्षितम् इव = सबैको झैं नाश हुन्छ

वाक्यार्थ— सूक्ष्म कालगतिको तारतम्यले उपलक्षित त्यस्ता अहोरात्रहरूद्वारा ब्रह्माजीको पनि सयवर्षको आयु सबैको झैं नाश हुन्छ।

यदर्धमायुषस्तस्य परार्धमभिधीयते।
पूर्वः परार्धोऽपक्रान्तो ह्यपरोऽद्य प्रवर्तते॥ ३३॥

पदार्थ—

तस्य = ब्रह्माजीको	**परार्धम्** = परार्ध	**अपक्रान्तः** = बितिसक्यो
आयुषः = आयुको	**अभिधीयते** = भनिन्छ	**अपरः** = अर्को परार्ध
यत् = जुन	**अद्य** = आजसम्म	**प्रवर्तते** = चल्दैछ
अर्धम् = आधामात्र भाग छ त्यसलाई	**पूर्वः** = पहिलो	
	परार्धः = परार्ध	

वाक्यार्थ– ब्रह्माजीको आयुको जुन आधामात्र भाग छ त्यसलाई परार्ध भनिन्छ आजसम्म पहिलो परार्ध बितिसक्यो अर्को परार्ध चल्दैछ।

पूर्वस्यादौ परार्धस्य ब्राह्मो नाम महानभूत्।

कल्पो यत्राभवद् ब्रह्मा शब्दब्रह्मेति यं विदुः॥ ३४॥

पदार्थ–

पूर्वस्य = पूर्व	**महान्** = महान्	**अभवत्** = जन्मनुभयो
परार्धस्य = परार्धको	**कल्पः** = कल्प	**यं** = जसलाई
आदौ = पहिलो समयमा	**अभूत्** = भयो	**शब्दब्रह्म** = शब्द्रब्रह्म
ब्राह्मः = ब्राह्म	**यत्र** = जुन समयमा	**इति** = भनेर
नाम = नामक	**ब्रह्मा** = ब्रह्माजी	**विदुः** = जान्दछन्

वाक्यार्थ– पूर्व परार्धको पहिलो समयमा ब्राह्मनामक महान् कल्प भयो जुन समयमा ब्रह्माजी जन्मनुभयो जसलाई शब्दब्रह्म भनेर जान्दछन्।

तस्यैव चान्ते कल्पोऽभद् यं पाद्ममभिचक्षते।

यद्धरेर्नाभिसरस आसील्लोकसरोरुहम्॥ ३५॥

पदार्थ–

तस्य एव = त्यही परार्धको	**पाद्मम्** = पाद्मकल्प	**लोकसरोरुहम्** = लोकरूपी कमल
अन्ते = अन्त्यमा	**अभिचक्षते** = भन्दछन्	**आसीत्** = उत्पन्न भयो
कल्पः = एउटा कल्प	**यत्** = जुन कल्पमा	
अभूत् = भयो	**हरेः** = हरि भगवान्को	
यं = जसलाई	**नाभिसरसः** = नाभिसरोवरबाट	

वाक्यार्थ– त्यही परार्धको अन्त्यमा एउटा कल्प भयो जसलाई पाद्मकल्प भन्दछन्। जुनकल्पमा हरि भगवान्को नाभिसरोवरबाट लोकरूपी कमल उत्पन्न भयो।

अयं तु कथितः कल्पो द्वितीयस्यापि भारत।

वाराह इति विख्यातो यत्रासीच्छूकरो हरिः॥ ३६॥

पदार्थ–

भारत = हे भरतवंशीय विदुरजी	**अयं** = यो	**यत्र** = जुन वराहकल्पमा
ते = तपाईंलाई	**वाराहः इति** = वराह नामको	**हरिः** = भगवान्
द्वितीयस्य = दोस्रो परार्धको	**विख्यातः** = प्रख्यात	**शूकरः** = बँदेल
अपि = पनि (पहिलो दिन भएको)	**कल्पः** = कल्प	**आसीत्** = बन्नुभयो
	कथितः = बताइयो	

वाक्यार्थ– हे भरतवंशीय विदुरजी ! तपाईंलाई दोस्रो परार्धको पनि पहिलो दिन भएको यो वराह नामको प्रख्यात कल्प बताएँ। जुन वराहकल्पमा भगवान् बँदेल बन्नुभयो।

कालोऽयं द्विपरार्धाख्यो निमेष उपचर्यते।

अव्याकृतस्यानन्तस्य ह्यनादेर्जगदात्मनः॥ ३७॥

पदार्थ–

द्विपरार्धाख्यः = दुई परार्ध भनिने	**जगदात्मनः** = जगदात्मा	**निमेषः** = आँखा झिम्केबराबरको समय
अयं = यो	**अव्याकृतस्य** = व्याकृत नहुने र	**उपचर्यते** = बताइन्छ
कालः = समय	**अनन्तस्य** = अनन्त भगवान्को	
अनादेः = अनादि		

वाक्यार्थ– दुई परार्ध भनिने यो समय अनादि जगदात्मा व्याकृत नहुने र अनन्त भगवान्को आँखा झिम्केबराबरको समय बताइन्छ।

कालोऽयं परमाण्वादिर्द्विपरार्धान्त ईश्वरः।

नैवेशितुं प्रभुर्भूम्न ईश्वरो धाममानिनाम्॥ ३८॥

पदार्थ–

परमाण्वादिः = परमाणुरूपदेखि	**भूम्नः** = सर्वव्यापक परमात्मालाई	**धाममानिनाम्** = शरीर र घरपरिवारमा अभिमान गर्नेहरूको मात्र
द्विपरार्धान्ते = दुई परार्धसम्मको	**ईशितुं** = नियन्त्रण गर्न	**ईश्वरः** = शासक हो
ईश्वरः = सर्वसमर्थ	**न प्रभुः** = समर्थ छैन (किनभने यो काल)	
अयं = यो		
कालः = समय पनि		

वाक्यार्थ– परमाणुरूपदेखि दुई परार्धसम्मको सर्वसमर्थ यो समय पनि सर्वव्यापक परमात्मालाई नियन्त्रण गर्न समर्थ छैन किनभने यो काल शरीर र घरपरिवारमा अभिमान गर्नेहरूको मात्र शासक हो।

विकारैः सहितो युक्तैर्विशेषादिभिरावृतः।

आण्डकोशो बहिरयं पञ्चाशत्कोटिविस्तृतः ॥ ३९ ॥

पदार्थ–

युक्तैः = अष्टप्रकृतिले युक्त	**दशोत्तराधिकैः** = उत्तरोत्तर दशगुणा बढी	**अयं** = यो
विकारैः = विकारहरूद्वारा	**विशेषादिभिः** = पृथिवी आदि आवरणहरूद्वारा	**आण्डकोशः** = ब्रह्माण्डकोश
सहितः = सहित	**आवृतः** = ढाकिएको	**पञ्चाशत्कोटिविस्तृतः** = पचासकोटि योजन फराकिलो छ
बहिः = बाहिर		

वाक्यार्थ– अष्टप्रकृति र विकारहरूद्वारा सहित बाहिर उत्तरोत्तर दशगुणा बढी पृथिवी आदि आवरणहरूद्वारा ढाकिएको यो ब्रह्माण्डकोश पचासकोटि योजन फराकिलो छ।

टिप्पणी– यस श्लोकमा युक्त शब्दले अष्टप्रकृतिले सहित भन्ने अर्थ दिएको छ। अष्ट प्रकृतिअन्तर्गत महत्तत्त्व, अहङ्कार र पञ्चतन्मात्रा पर्दछन्। यस्तै विकार शब्दले पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, पञ्चभूत र मनलाई बुझाएको छ।

दशोत्तराधिकैर्यत्र प्रविष्टः परमाणुवत्।
लक्ष्यतेऽन्तर्गताश्चान्ये कोटिशो ह्यण्डराशयः ॥ ४० ॥

पदार्थ–

यत्र = जुन भगवान्मा	**लक्ष्यते** = लाग्दछ (उहाँ परमात्मामा)	**कोटिशः** = करोडौं
प्रविष्टः = प्रविष्ट हुँदा	**अन्ये च** = अरू पनि	**अण्डराशयः** = ब्रह्माण्ड समूहहरू
परमाणुवत् = परमाणुबराबर		**अन्तर्गताः** = अन्तर्निहित छन्

वाक्यार्थ–भगवान्मा जुन ब्रह्माण्डकोश प्रविष्ट हुँदा परमाणुबराबर लाग्दछ। उहाँ परमात्मामा अरू पनि करोडौं ब्रह्माण्ड समूहहरू अन्तर्निहित छन्।

तदाहुरक्षरं ब्रह्म सर्वकारणकारणम्।
विष्णोर्धाम परं साक्षात् पुरुषस्य महात्मनः ॥ ४१ ॥

पदार्थ–

तत् = त्यही	**परं ब्रह्म** = परब्रह्मस्वरूप नै	**धाम** = साक्षात् स्वरूप हो भनी
अक्षरं = नाशविहीन	**महात्मनः** = सर्वात्मा	**आहुः** = यथार्थ जान्नेहरू भन्दछन्
सर्वकारणकारणम् = सबै पदार्थहरूको कारणको पनि कारण	**पुरुषस्य** = पुरुषरूप	
	विष्णोः = विष्णु भगवान्को	
	साक्षात् = साक्षात्	

वाक्यार्थ– त्यही नाशविहीन सबै पदार्थहरूको कारणको पनि कारण परब्रह्मस्वरूप नै सर्वात्मा पुरुषरूप विष्णु भगवान्को साक्षात् स्वरूप हो भनी यथार्थ जान्नेहरू भन्दछन्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

एकादशोऽध्यायः ॥ ११ ॥

अथ द्वादशोऽध्यायः

सृष्टिको विस्तार

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

इति ते वर्णितः क्षत्तः कालाख्यः परमात्मनः।

महिमा वेदगर्भोऽथ यथास्राक्षीन्निबोध मे॥ १॥

पदार्थ–

क्षत्तः = हे विदुरजी	**महिमा** = महत्त्व पनि	**अस्राक्षीत्** = सृष्टि गर्नुभयो (त्यो कुरा)
इति = यसप्रकारले	**वर्णितः** = बताइयो	**मे** = मबाट
ते = तपाईंको लागि	**अथ** = यसपछि	**निबोध** = बुझ्नुहोस्
परमात्मनः = भगवान्‌को	**वेदगर्भः** = ब्रह्माजीले	
कालाख्यः = कालनामक स्वरूप र	**यथा** = जसरी	

वाक्यार्थ– हे विदुरजी ! यसप्रकारले तपाईंलाई भगवान्‌को कालनामक स्वरूप र महत्त्व पनि बताएँ। यसपछि ब्रह्माजीले जसरी सृष्टि गर्नुभयो त्यो कुरा मबाट बुझ्नुहोस्।

ससर्जाग्रेऽन्धतामिस्रमथ तामिस्रमादिकृत्।

महामोहं च मोहं च तमश्चाज्ञानवृत्तयः॥ २॥

पदार्थ–

आदिकृत् = ब्रह्माजीले	**तामिस्रम्** = तामिस्र	**अज्ञानवृत्तयः** = अविद्याका पाँच थरी वृत्तिहरूलाई
अग्रे = पहिला	**अथ** = अनि	**ससर्ज** = रच्नुभयो
तमः = तम	**अन्धतामिस्रम्** = अन्धतामिस्र जस्ता	
मोहं = मोह		
महामोहं = महामोह		

वाक्यार्थ– ब्रह्माजीले पहिले तम, मोह, महामोह, तामिश्र, अन्धतामिश्र जस्ता अविद्याका पाँचथरी वृत्ति रच्नुभयो।

टिप्पणी– यहाँ तम शब्दले स्वरूपको अज्ञान, मोहले देहादिमा अहङ्कार, महामोहले भोगेच्छा, तामिस्रले भोगेच्छा प्रतिबन्धबाट हुने क्रोध तथा अन्धतामिस्रशब्दले भोगनाशमा हुने मृत्युबुद्धिलाई सङ्केत गरेका छन्।

दृष्ट्वा पापीयसीं सृष्टिं नात्मानं बह्वमन्यत।
भगवद्ध्यानपूतेन मनसान्यां ततोऽसृजत्॥ ३॥

पदार्थ–

पापीयसीं = नरकसाधनभूत अज्ञानको	**बहु** = राम्रो	**मनसा** = मनद्वारा
सृष्टिं = सृष्टिलाई	**न अमन्यत** = मान्नु भएन	**अन्यां** = अरू थरी सृष्टिलाई
दृष्ट्वा = देखेर	**ततः** = अनि	**असृजत्** = रच्नुभयो
आत्मानं = आफूलाई	**भगवद्ध्यानपूतेन** = परमात्माको ध्यानद्वारा पवित्र भएको	

वाक्यार्थ– नरकसाधनभूत अज्ञानको सृष्टिलाई देखेर आफूलाई राम्रो मान्नुभएन। अनि परमात्माको ध्यानद्वारा पवित्र भएको मनद्वारा अरूथरी सृष्टिलाई रच्नुभयो।

सनकं च सनन्दं च सनातनमथात्मभूः।
सनत्कुमारं च मुनीन्निष्क्रियानूर्ध्वरेतसः॥ ४॥

पदार्थ–

अथ = अनि	**निष्क्रियान्** = निष्क्रिय रहने	**सनत्कुमारं च** = सनत्कुमार
आत्मभूः = ब्रह्माजीले	**सनकं** = सनक	**मुनीन्** = मुनिहरूलाई
उर्ध्वरेतसः = ऊर्ध्वरेता	**सनन्दं** = सनन्दन	**च** = पनि (उत्पन्न गर्नुभयो)
	सनातनम् = सनातन र	

वाक्यार्थ– अनि ब्रह्माजीले ऊर्ध्वरेता, निष्क्रिय रहने सनक, सनन्दन, सनातन र सनत्कुमार मुनिहरूलाई पनि उत्पन्न गर्नुभयो।

तान् बभाषे स्वभूः पुत्रान् प्रजाः सृजत पुत्रकाः।
तन्नैच्छन् मोक्षधर्माणो वासुदेवपरायणाः॥ ५॥

पदार्थ–

स्वभूः = ब्रह्माजीले	**सृजत** = सृष्टि गर भनी	**मोक्षधर्माणः** = निवृत्तिधर्मका सेवक उनीहरूले
तान् = ती	**बभाषे** = आज्ञा दिनुभयो तर	**तत्** = ब्रह्माजीको त्यस आज्ञालाई
पुत्रान् = पुत्रहरूलाई	**वासुदेवपरायणाः** = सृष्टितिर नभई भगवान्मात्र लक्ष्य भएका	**न ऐच्छन्** = पालन गर्न चाहेनन्
पुत्रकाः = हे छोराहरू हो		
प्रजाः = सन्ततिहरू		

वाक्यार्थ– ब्रह्माजीले ती पुत्रहरूलाई हे छोराहरू हो सन्ततिको सृष्टि गर भनी आज्ञा दिनुभयो तर सृष्टितिर नभई भगवान्‌मात्र लक्ष्य भएका निवृत्तिधर्मका सेवक उनीहरूले ब्रह्माजीको आज्ञालाई पालन गर्न चाहेनन्।

सोऽवध्यातः सुतैरेवं प्रत्याख्यातानुशासनैः।
क्रोधं दुर्विषहं जातं नियन्तुमुपचक्रमे ॥ ६ ॥

पदार्थ–

प्रत्याख्यातानुशासनैः = अनुशासनको उपेक्षा गर्ने	**अवध्यातः** = अवज्ञा गरिएका	**क्रोधं** = रिसलाई
सुतैः = छोराहरूबाट	**सः** = ब्रह्माजीले	**नियन्तुम्** = नियन्त्रित गर्न
एवं = यसप्रकार	**जातं** = आफूमा उत्पन्न	**उपचक्रमे** = प्रयास गर्नुभयो
	दुर्विषहं = दुःसह	

वाक्यार्थ– अनुशासनको उपेक्षा गर्ने छोराहरूबाट यसप्रकार अवज्ञा गरिएका ब्रह्माजीले आफूमा उत्पन्न दुःसह रिसलाई नियन्त्रित गर्न प्रयास गर्नुभयो।

धिया निगृह्यमाणोऽपि भ्रुवोर्मध्यात् प्रजापतेः।
सद्योऽजायत तन्मन्युः कुमारो नीललोहितः॥ ७ ॥

पदार्थ–

धिया = विवेकद्वारा	**प्रजापतेः** = ब्रह्माजीको	**नीललोहितः** = रातो र नीलो मिश्रित वर्णयुक्त
निगृह्यमाणः = रोक्न खोज्दा खोज्दै	**भ्रुवोः** = आँखीभौँको	**कुमारः** = रुद्रकुमार
अपि = पनि	**मध्यात्** = बीचबाट	**अजायत** = जन्मिनुभयो
तन्मन्युः = त्यो क्रोध	**सद्यः** = तत्काल नै	

वाक्यार्थ– रोक्न खोज्दाखोज्दै पनि त्यस क्रोधले गर्दा ब्रह्माजीको आँखीभौँको बीचबाट तत्काल नै रातो र नीलो मिश्रित वर्णयुक्त रुद्रकुमार जन्मिनुभयो।

स वै रुरोद देवानां पूर्वजो भगवान् भवः।
नामानि कुरु मे धातः स्थानानि च जगद्‌गुरो ॥ ८ ॥

पदार्थ–

वै = निश्चय नै	**पूर्वजः** = अग्रज	**भगवान्** = भगवान्
देवानां = देवताहरूका	**सः** = उहाँ	**भवः** = रुद्र

च = पनि	**धातः** = हे ब्रह्माजी	**स्थानानि** = बस्ने स्थानहरू
रुरोद = रुनुभयो	**मे** = मेरो	**कुरु** = निर्देश गर्नुहोस्
जगद्गुरो = जगत् रचयिता	**नामानि** = नाम र	

वाक्यार्थ– देवताहरूका अग्रज उहाँ भगवान् रुद्र पनि रुनुभयो। अनि ब्रह्माजीसँग भन्नुभयो– जगत्का रचयिता हे ब्रह्माजी ! मेरो नाम र बस्ने स्थानहरू निर्देश गर्नुहोस्।

इति तस्य वचः पाद्मो भगवान् परिपालयन्।
अभ्यधाद् भद्रया वाचा मा रोदीस्तत् करोमि ते ॥ ९ ॥

पदार्थ–

भगवान् = भगवान्	**परिपालयन्** = परिपालन गर्दै	**ते** = तपाईंको लागि
पाद्मः = ब्रह्माजीले	**भद्रया** = कल्याणकारी	**तत्** = नाम र स्थाननिर्देश
इति = यस्तो प्रकारको	**वाचा** = वचनद्वारा	**करोमि** = गर्दछु
तस्य = उहाँ रुद्रको	**अभ्यधात्** = भन्नुभयो	
वचः = वचन	**मा रोदीः** = नरूनुहोस्	

वाक्यार्थ– भगवान् ब्रह्माजीले रुद्रको यस्तो प्रकारको वचन परिपालन गर्दै कल्याणकारी वचनद्वारा भन्नुभयो नरुनुहोस् तपाईंको लागि नाम र स्थाननिर्देश गर्दछु।

यदरोदीः सुरश्रेष्ठ सोद्वेग इव बालकः।
ततस्त्वामभिधास्यन्ति नाम्ना रुद्र इति प्रजाः ॥ १० ॥

पदार्थ–

सुरश्रेष्ठ = हे देवश्रेष्ठ	**यत्** = जसरी	**प्रजाः** = प्राणीहरू
सोद्वेगः = उद्वेगसहित	**अरोदीः** = रुनुभयो	**रुद्रः इति** = रुद्र भन्ने
बालकः = बालक	**ततः** = त्यसै कारण	**नाम्ना** = नामले
इव = झैं	**त्वाम्** = तपाईंलाई	**अभिधास्यन्ति** = पुकार्नेछन्

वाक्यार्थ– हे देवश्रेष्ठ ! उद्वेगसहित बालक झैं जसरी रुनुभयो। त्यसै कारण तपाईंलाई प्राणीहरू रुद्र नामले पुकार्नेछन्।

हृदिन्द्रियाण्यसुर्व्योमवायुरग्निर्जलं मही।
सूर्यश्चन्द्रस्तपश्चैव स्थानान्यग्रे कृतानि ते ॥ ११ ॥

पदार्थ–

हृत् = हृदय	**असुः** = प्राण	**वायुः** = हावा
इन्द्रियाणि = इन्द्रियहरू	**व्योम** = आकाश	**अग्निः** = अग्नि

जलं = जल	**तपः** = तपस्या	**ते** = तपाईंको लागि
मही = पृथ्वी	**च** = समेत (मैले)	**स्थानानि** = रहने स्थानहरू
सूर्यः = सूर्य	**अग्रे** = पहिले	**कृतानि** = बनाइदिएको छु
चन्द्रः = चन्द्रमा	**एव** = नै	

वाक्यार्थ– मैले पहिले नै हृदय, इन्द्रियहरू प्राण, आकाश, हावा, अग्नि, जल, पृथ्वी, सूर्य, चन्द्रमा स्थानहरू तपाईंलाई बस्नका लागि बनाएको छु।

मन्युर्मनुर्महिनसो महाञ्छिव ऋतध्वजः।
उग्ररेता भवः कालो वामदेवो धृतव्रतः॥ १२॥

पदार्थ–

मन्युः = मन्यु	**शिवः** = शिव	**कालः** = काल
मनुः = मनु	**ऋतध्वजः** = ऋतध्वज	**वामदेवः** = वामदेव
महिनसः = महिनस	**उग्ररेताः** = उग्ररेता	**धृतव्रतः** = धृतव्रत तपाईंका नाम
महान् = महान्	**भवः** = भव	हुनेछन्

वाक्यार्थ– मन्यु, मनु, महिनस, महान्, शिव, ऋतध्वज, उग्ररेता, भव, काल, वामदेव र धृतव्रत तपाईंका नाम हुनेछन्।

धीर्वृत्तिरुशनोमा च नियुत्सर्पिरिलाम्बिका।
इरावती स्वधा दीक्षा रुद्राण्यो रुद्र ते स्त्रियः॥ १३॥

पदार्थ–

रुद्र = हे रुद्रजी	**नियुत्** = नियुत्	**स्वधा** = स्वधा
धीः = धी	**सर्पिः** = सर्पि	**दीक्षा** = दीक्षा (यी एघार)
वृत्तिः = वृत्ति	**इला** = इला	**रुद्राण्यः** = रुद्राणीहरू
उशना = उशना	**अम्बिका** = अम्बिका	**ते** = तपाईंका
उमा = उमा	**इरावती** = इरावती	**स्त्रियः** = स्त्री हुन्

वाक्यार्थ– हे रुद्रजी ! धी, वृत्ति, उशना, उमा, नियुत्, सर्पि, इला, अम्बिका, इरावती, स्वधा दीक्षा यी एघार रुद्राणीहरू तपाईंका स्त्री हुन्।

गृहाणैतानि नामानि स्थानानि च सयोषणः।
एभिः सृज प्रजा बह्वीः प्रजानामसि यत्पतिः॥ १४॥

पदार्थ–

सयोषणः = पत्नीसहित भई	**एतानि** = यी	**नामानि** = नामहरू र

स्थानानि च = स्थानहरू समेत	**प्रजाः** = प्रजाहरू	**पतिः** = मालिक
गृहाण = ग्रहण गर्नुहोस्	**सृज** = रचना गर्नुहोस्	**असि** = हुनुहुन्छ
एभिः = यी पत्नीहरूद्वारा	**यत्** = किनभने	
बह्वीः = धेरै	**प्रजानाम्** = प्रजाहरूका	

वाक्यार्थ—पत्नीसहित भई यी नामहरू र स्थानहरूसमेत ग्रहण गर्नुहोस्। यी पत्नीहरूद्वारा धेरै प्रजाहरू रचना गर्नुहोस्। किनभने तपाईं प्रजाहरूका मालिक हुनुहुन्छ।

इत्यादिष्टः स्वगुरुणा भगवान् नीललोहितः।
सत्त्वाकृतिस्वभावेन ससर्जात्मसमाः प्रजाः॥ १५॥

पदार्थ—

स्वगुरुणा = आफ्ना पिता ब्रह्माजीद्वारा	**भगवान्** = भगवान्	**आत्मसमाः** = आफैंजस्ता
इति = यस्तो	**नीललोहितः** = नीललोहित रुद्रले	**प्रजाः** = प्रजाहरू
आदिष्टः = आज्ञा दिइनुभएका	**सत्त्वाकृतिस्वभावेन** = आकार र स्वभावले	**ससर्ज** = सृष्टि गर्नुभयो

वाक्यार्थ— आफ्ना पिता ब्रह्माजीद्वारा यस्तो आज्ञा दिइनुभएका भगवान् नीललोहित रुद्रले आकार र स्वभावले आफैंजस्ता प्रजाहरू सृष्टि गर्नुभयो।

रुद्राणां रुद्रसृष्टानां समन्ताद् ग्रसतां जगत्।
निशाम्यासङ्ख्यशो यूथान् प्रजापतिरशङ्कत॥ १६॥

पदार्थ—

समन्तात् = सबैतिरबाट	**रुद्रसृष्टानां** = रुद्रजीले उत्पन्न गर्नुभएका	**यूथान्** = समूह
जगत् = जगत्लाई	**रुद्राणां** = रुद्रहरूको	**निशाम्य** = देखेर
ग्रसतां = भक्षण गर्दै गरेका	**असङ्ख्यशः** = धेरै	**प्रजापतिः** = ब्रह्माजीले
		अशङ्कत = शङ्का गर्नुभयो

वाक्यार्थ— सबैतिरबाट जगत्लाई भक्षण गर्दै गरेका रुद्रजीले उत्पन्न गर्नुभएका रुद्रहरूको धेरै समूह देखेर ब्रह्माजीले शङ्का गर्नुभयो।

अलं प्रजाभिः सृष्टाभिरीदृशीभिः सुरोत्तम।
मया सह दहन्तीभिर्दिशश्चक्षुर्भिरुल्बणैः॥ १७॥

पदार्थ—

सुरोत्तम = हे देवश्रेष्ठ	**चक्षुभिः** = दृष्टिले	**सह** = साथ
उल्बणैः = भयङ्कर	**मया** = मेरा	**दिशः** = समस्त दिशाहरू

दहन्तीभिः = भस्म गर्दै गरेका	**सृष्टाभिः** = रचना गरिएका	**अलं** = धेरै भए
ईदृशीभिः = यस्ता	**प्रजाभिः** = प्रजाहरू	

वाक्यार्थ– ब्रह्माजीले भन्नुभयो– हे देवश्रेष्ठ ! भयङ्कर दृष्टिले मेरा साथ समस्त दिशाहरू भस्म गर्दै गरेका यस्ता रचना गरिएका प्रजाहरू धेरै भए।

तप आतिष्ठ भद्रं ते सर्वभूतसुखावहम्।
तपसैव यथा पूर्वं स्रष्टा विश्वमिदं भवान्॥ १८॥

पदार्थ–

ते = तपाईंको	**आतिष्ठ** = गर्नुहोस्	**इदं** = यो
भद्रं = कल्याण होस्	**तपसा** = तपस्याबाट	**विश्वम्** = संसारलाई
सर्वभूतसुखावहम् = सम्पूर्ण प्राणीहरूलाई सुख प्रदान गर्ने	**एव** = नै	**स्रष्टा** = रचना गर्न सक्नुहुनेछ
तपः = तपस्या	**भवान्** = तपाईंले	
	यथापूर्वं = पहिले जस्तै	

वाक्यार्थ– तपाईंको कल्याण होस् ! सम्पूर्ण प्राणीहरूलाई सुख प्रदान गर्ने तपस्या गर्नुहोस् तपस्याबाट नै तपाईंले पहिलेजस्तै समस्त संसारलाई रचना गर्न सक्नुहुनेछ।

तपसैव परं ज्योतिर्भगवन्तमधोक्षजम्।
सर्वभूतगुहावासमञ्जसा विन्दते पुमान्॥ १९॥

पदार्थ–

पुमान् = मनुष्यले	**ज्योतिः** = ज्योतिरूप	**भगवन्तम्** = भगवान्लाई
तपसा = तपस्याबाट	**सर्वभूतगुहावासम्** = सम्पूर्ण प्राणीहरूको हृदयभित्र बस्ने	**अञ्जसा** = सजिलै
एव = नै		**विन्दते** = प्राप्त गर्दछ
परं = परम	**अधोक्षजम्** = इन्द्रियातीत	

वाक्यार्थ– मनुष्यले तपस्याबाट नै परम ज्योतिरूप सम्पूर्ण प्राणीहरूको हृदयभित्र बस्ने इन्द्रियातीत भगवान्लाई सजिलै प्राप्त गर्दछ।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

एवमात्मभुवादिष्टः परिक्रम्य गिरां पतिम्।
बाढमित्यमुमामन्त्र्य विवेश तपसे वनम्॥ २०॥

पदार्थ–

एवम् = यसप्रकार	**आत्मभुवा** = ब्रह्माजीद्वारा	

आदिष्टः = आदेश पाउनुभएका रुद्रजीले	**अमुम्** = यी ब्रह्माजीलाई	**तपसे** = तपस्याको लागि
गिरां = वाणीका	**परिक्रम्य** = परिक्रमा गरेर	**वनम्** = वनभित्र
पतिम् = पति	**बाढम् इति** = हवस् भनी	**विवेश** = प्रवेश गर्नुभयो
	आमन्त्र्य = भनेर	

वाक्यार्थ– यसप्रकार ब्रह्माजीद्वारा आदेश पाउनुभएका रुद्रजीले वाणीका पति ब्रह्माजीलाई परिक्रमा गरेर 'हुन्छ' भनेर तपस्याको लागि वन प्रवेश गर्नुभयो।

अथाभिध्यायतः सर्गं दश पुत्राः प्रजज्ञिरे।

भगवच्छक्तियुक्तस्य लोकसन्तानहेतवः॥ २१॥

पदार्थ–

अथ = त्यसपछि	**अभिध्यायतः** = सङ्कल्प गर्दाखेरि	**प्रजज्ञिरे** = जन्मिए
भगवच्छक्तियुक्तस्य = भगवान्को शक्तिले युक्त ब्रह्माजीले	**लोकसन्तानहेतवः** = लोक-विस्तारका लागि	
सर्गं = सृष्टिको	**दशपुत्राः** = दश जना छोराहरू	

वाक्यार्थ– त्यसपछि भगवान्को शक्तिले युक्त ब्रह्माजीले सृष्टिको सङ्कल्प गर्दाखेरि लोकविस्तारका लागि दश जना छोराहरू जन्मिए।

मरीचिरत्र्यङ्गिरसौ पुलस्त्यः पुलहः क्रतुः।

भृगुर्वसिष्ठो दक्षश्च दशमस्तत्र नारदः॥ २२॥

पदार्थ–

मरीचिः = मरीचि ऋषि	**क्रतुः** = ऋतुनामक ऋषि	**तत्र** = उहाँहरूमध्ये
अत्र्यङ्गिरसौ = अत्रि र अङ्गिरा	**भृगुः** = भृगु ऋषि	**दशमः** = दसौँ पुत्रका रूपमा
पुलस्त्यः = पुलस्त्य	**वसिष्ठः** = वशिष्ठ ऋषि अनि	**नारदः** = नारदजी जन्मनुभयो
पुलहः = पुलह ऋषि	**दक्षः** = दक्ष जन्मनुभयो	

वाक्यार्थ– मरीचि, अत्रि र अङ्गिरा, पुलस्त्य, पुलह ऋषि ऋतुनामक ऋषि, भृगु ऋषि, वशिष्ठ ऋषि अनि दक्ष उत्पन्न हुनुभयो उहाँहरूमध्ये दसौँ पुत्रका रूपमा नारदजी जन्मनुभयो।

उत्सङ्गान्नारदो जज्ञे दक्षोऽङ्गुष्ठात् स्वयम्भुवः।

प्राणाद्वसिष्ठः सञ्जातो भृगुस्त्वचि करात् क्रतुः॥ २३॥

पदार्थ–

स्वयम्भुवः = स्वयम्भु ब्रह्माजीको	**उत्सङ्गात्** = काखबाट	**अङ्गुष्ठात्** = दाहिने अङ्गुष्ठबाट
	नारदः = नारदजी र	**दक्षः** = दक्षजी पनि

जज्ञे = जन्मिनुभयो	**त्वचि** = छालाबाट	**क्रतुः** = क्रतु ऋषि
प्राणात् = प्राणबाट	**भृगुः** = भृगु र	**सञ्जातः** = जन्मिनुभयो
वसिष्ठः = वसिष्ठ	**करात्** = हातबाट	

वाक्यार्थ– स्वयम्भु ब्रह्माजीको काखबाट नारदजी, दाहिने अङ्गुष्ठबाट दक्षजी पनि जन्मिनुभयो। प्राणबाट वसिष्ठ, छालाबाट भृगु र हातबाट क्रतु ऋषि जन्मिनुभयो।

पुलहो नाभितो जज्ञे पुलस्त्यः कर्णयोर्ऋषिः।

अङ्गिरा मुखतोऽक्ष्णोऽत्रिर्मरीचिर्मनसोऽभवत्॥ २४॥

पदार्थ–

नाभितः = नाभिप्रदेशबाट	**ऋषिः** = ऋषि (जन्मिनुभयो)	**मनसः** = मनबाट
पुलहः = पुलह	**मुखतः** = मुखबाट	**मरीचिः** = मरीचि ऋषि
जज्ञे = जन्मिनुभयो	**अङ्गिराः** = अङ्गिरा	**अभवत्** = जन्मिनुभयो
कर्णयोः = कानबाट	**अक्ष्णः** = आँखाबाट	
पुलस्त्यः = पुलस्त्य	**अत्रिः** = अत्रि	

वाक्यार्थ– नाभिप्रदेशबाट पुलह र कानबाट पुलस्त्य ऋषि जन्मिनुभयो। यस्तै मुखबाट अङ्गिरा, आँखाबाट अत्रि र मनबाट मरीचि ऋषि जन्मिनुभयो।

धर्मः स्तनाद् दक्षिणतो यत्र नारायणः स्वयम्।

अधर्मः पृष्ठतो यस्मान्मृत्युर्लोकभयङ्करः॥ २५॥

पदार्थ–

दक्षिणतः = दाहिने	**नारायणः** = नारायण	**लोकभयङ्करः** = संसारलाई नै डर
स्तनात् = स्तनबाट	जन्मिनुभयो	प्रदान गर्ने
धर्मः = धर्म जन्मिनुभयो	**पृष्ठतः** = ढाडबाट	**मृत्युः** = मृत्यु जन्म्यो
यत्र = जुन धर्मबाट	**अधर्मः** = अधर्म जन्मियो	
स्वयम् = स्वयं	**यस्मात्** = जुन अधर्मबाट	

वाक्यार्थ– दाहिने स्तनबाट धर्म जन्मिनुभयो जुन धर्मबाट स्वयं नारायण जन्मिनुभयो ढाडबाट अधर्म जन्मियो जुन अधर्मबाट संसारलाई नै डर प्रदान गर्ने मृत्यु जन्म्यो।

हृदि कामो भ्रुवः क्रोधो लोभश्चाधरदच्छदात्।

आस्याद् वाक्सिन्धवो मेढ्रान्निर्ऋतिः पायोरघाश्रयः॥ २६॥

पदार्थ–

हृदि = हृदयबाट	**कामः** = काम	**भ्रुवः** = भ्रूमध्यबाट

क्रोधः = क्रोध
अधरदच्छदात् = तल्लो ओठबाट
लोभः = लोभ
आस्यात् = मुखबाट
वाक् = वाग्देवी
मेढ्रात् = लिङ्गबाट
सिन्धवः = समुद्रहरू
पायोः = गुदद्वारबाट
अघाश्रयः = पापको आश्रय
निर्ऋतिः = निर्ऋतिको उत्पत्ति भयो

वाक्यार्थ– हृदयबाट काम, भ्रूमध्यबाट क्रोध, तल्लो ओठबाट लोभ, मुखबाट वाग्देवी, लिङ्गबाट समुद्रहरू र गुदद्वारबाट पापको आश्रय निर्ऋतिको उत्पत्ति भयो।

छायायाः कर्दमो जज्ञे देवहूत्याः पतिः प्रभुः।
मनसो देहतश्चेदं जज्ञे विश्वकृतो जगत्॥ २७॥

पदार्थ–

छायायाः = छायाबाट
कर्दमः = कर्दम
जज्ञे = जन्मिनुभयो उहाँ
देवहूत्याः = देवहूतिको
पतिः = पति र
प्रभुः = सर्वसमर्थ हुनुभयो
विश्वकृतः = विश्वरचयिता ब्रह्माको
मनसः = मनबाट
च = र
देहतः = शरीरबाट
इदं = यो
जगत् = समस्त संसार
जज्ञे = उत्पन्न भयो

वाक्यार्थ– छायाबाट कर्दम जन्मिनुभयो, उहाँ देवहूतिको पति र सर्वसमर्थ हुनुभयो। विश्वरचयिता ब्रह्माको मनबाट र शरीरबाट यो समस्त संसार उत्पन्न भयो।

वाचं दुहितरं तन्वीं स्वयम्भूर्हरतीं मनः।
अकामां चकमे क्षत्तः सकाम इति नः श्रुतम्॥ २८॥

पदार्थ–

क्षत्तः = हे विदुरजी
सकामः = कामनायुक्त
स्वयम्भूः = ब्रह्माजीले
मनः = मन
हरतीं = हरण गर्ने
तन्वीं = सुन्दरी तथापि
अकामां = कामवासनारहित
दुहितरं = आफ्नी पुत्री
वाचं = सरस्वतीलाई
चकमे इति = चाहनुभयो भन्ने
नः = मैले
श्रुतम् = सुनेको छु

वाक्यार्थ– हे विदुरजी ! कामनायुक्त ब्रह्माजीले मनहरण गर्ने सुन्दरी तथापि कामवासनारहित आफ्नी पुत्री सरस्वतीलाई चाहनुभयो भन्ने मैले सुनेको छु।

तमधर्मे कृतमतिं विलोक्य पितरं सुताः।
मरीचिमुख्या मुनयो विश्रम्भात् प्रत्यबोधयन्॥ २९॥

पदार्थ–

अधर्मे = अधर्मयुक्त कर्ममा
कृतमतिं = बुद्धि लगाउने
तम् = त्यस्ता

पितरं = पितालाई	**सुताः** = ब्रह्माजीका छोरा	**विश्रम्भात्** = विश्वासपूर्वक (राम्रोसँग)
विलोक्य = देखेर	**मुनयः** = मुनिहरूले	**प्रत्यबोधयन्** = सम्झाए
मरीचिमुख्याः = मरीचि आदि		

वाक्यार्थ– अधर्मयुक्त कर्ममा बुद्धि लगाउने त्यस्ता पितालाई देखेर मरीचि आदि ब्रह्माजीका छोरा मुनिहरूले विश्वासपूर्वक राम्रोसँग सम्झाए।

नैतत् पूर्वैः कृतं त्वद्ये न करिष्यन्ति चापरे।
यस्त्वं दुहितरं गच्छेरनिगृह्याङ्गजं प्रभुः॥ ३०॥

पदार्थ–

प्रभुः = सर्वसमर्थ भईकन पनि	**दुहितरं** = पुत्रीसँग	**न कृतं** = गरिएको थिएन
अङ्गजं = कामवासनालाई	**गच्छेः** = जानुहुन्छ	**अपरे च** = पछि हुनेले
अनिगृह्य = नियन्त्रण नगरी	**एतत्** = यो दुष्कर्म	**च** = पनि
यः = जो	**त्वत्** = तपाईंभन्दा अरू	**न करिष्यन्ति** = गर्नेछैनन्
त्वं = तपाईं	**पूर्वैः** = पहिलेका ब्रह्माहरूले	

वाक्यार्थ– सर्वसमर्थ भईकन पनि कामवासनालाई नियन्त्रण नगरी तपाईं पुत्रीसँग जानुहुन्छ। यो दुष्कर्म तपाईंभन्दा अरू पहिलेका ब्रह्माहरूद्वारा गरिएको थिएन, पछि हुनेले पनि गर्नेछैनन्।

तेजीयसामपि ह्येतन्न सुश्लोक्यं जगद्गुरो।
यद्वृत्तमनुतिष्ठन् वै लोकः क्षेमाय कल्पते॥ ३१॥

पदार्थ–

जगद्गुरोः = हे जगद्गुरु ब्रह्माजी	**एतत्** = यस्तो दुष्कर्म	**वै** = निश्चय नै
हि = निश्चय नै	**न सुश्लोक्यं** = शोभा दिँदैन	**लोकः** = प्राणी
तेजीयसाम् = अति तेजस्वीहरूको लागि	**यद्वृत्** = जुन	**क्षेमाय** = कल्याण
अपि = पनि	**तम्** = तपाईंहरूको त्यस्तो आचरणलाई	**कल्पते** = प्राप्त गर्दछ
	अनुतिष्ठन् = अनुकरण गर्दै	

वाक्यार्थ– हे जगद्गुरु ब्रह्माजी ! निश्चय नै अति तेजस्वीहरूका लागि पनि यस्तो दुष्कर्म शोभा दिँदैन। तपाईंहरूको राम्रो आचरणलाई अनुकरण गर्दै निश्चय नै प्राणी कल्याण प्राप्त गर्दछ।

तस्मै नमो भगवते य इदं स्वेन रोचिषा।
आत्मस्थं व्यञ्जयामास स धर्मं पातुमर्हति॥ ३२॥

पदार्थ–

यः = जुन भगवान्‌ले
आत्मस्थं = आफैँमा रहेको
इदं = यस जगत्‌लाई
स्वेन = आफ्नै
रोचिषा = शक्तिको माध्यमले
व्यञ्जयामास = अभिव्यक्त गर्नुभयो
तस्मै = त्यस्ता
भगवते = भगवान्‌लाई
नमः = नमस्कार गर्दछु
सः = उहाँ प्रभु
धर्मं = धर्मलाई
पातुम् = बचाउन
अर्हति = समर्थ हुनुहुन्छ

वाक्यार्थ– जो भगवान्‌ले आफैँमा रहेको यस जगत्‌लाई आफ्नै शक्तिका माध्यमले अभिव्यक्त गर्नुभयो त्यस्ता भगवान्‌लाई नमस्कार गर्दछु। उहाँ प्रभु धर्मलाई बचाउन समर्थ हुनुहुन्छ।

स इत्थं गृणतः पुत्रान् पुरो दृष्ट्वा प्रजापतीन्।
प्रजापतिपतिस्तन्वं तत्याज व्रीडितस्तदा ॥
तां दिशो जगृहुर्घोरां नीहारं यद्विदुस्तमः ॥ ३३ ॥

पदार्थ–

इत्थं = यस्तो
गृणतः = भन्दै गरेका
पुत्रान् = आफ्ना छोरा
प्रजापतीन् = प्रजापतिहरूलाई
पुरः = अगाडि
दृष्ट्वा = देखेर
सः = उहाँ
प्रजापतिः = ब्रह्माजीले
तदा = त्यस समयमा
व्रीडितः = लाज मानी
तन्वं = त्यो शरीरलाई
तत्याज = त्याग गर्नुभयो
तां = त्यो
घोरां = घोर शरीरलाई
दिशः = दिशाहरूले
जगृहुः = ग्रहण गरे
यत् = जसलाई
नीहारं = कुहिरोरूप
तमः = अन्धकार
विदुः = भन्दछन्

वाक्यार्थ– यस्तो भन्दै गरेका आफ्ना छोरा प्रजापतिहरूलाई अगाडि देखेर उहाँ ब्रह्माजीले त्यस समयमा लाज मानी त्यस शरीरलाई त्याग गर्नुभयो। त्यस घोर शरीरलाई दिशाहरूले ग्रहण गरे जसलाई कुहिरोरूप अन्धकार भन्दछन्।

कदाचिद् ध्यायतः स्रष्टुर्वेदा आसंश्चतुर्मुखात्।
कथं स्रक्ष्याम्यहं लोकान् समवेतान् यथा पुरा ॥ ३४ ॥

पदार्थ–

कदाचित् = एक पटक
अहं = म
यथा पुरा = पहिले जस्तै गरी
समवेतान् = सुव्यवस्थित
लोकान् = लोकहरूलाई
कथं = कसरी
स्रक्ष्यामि = सृष्टि गरौँला भनी
ध्यायतः = विचार गर्दै गरेका
स्रष्टुः = ब्रह्माजीका
चतुर्मुखात् = चारै मुखबाट
वेदाः = वेदहरू
आसन् = उत्पन्न भए

वाक्यार्थ– एक पटक म पहिले जस्तै गरी सुव्यवस्थित लोकहरूलाई कसरी सृष्टि गरौँला भनी विचार गर्दै गरेका ब्रह्माजीका चारै मुखबाट वेदहरू उत्पन्न भए।

चातुर्होत्रं कर्मतन्त्रमुपवेदनयैः सह ।
धर्मस्य पादाश्चत्वारस्तथैवाश्रमवृत्तय: ॥ ३५ ॥

पदार्थ–

उपवेदनयैः = उपववेद र न्यायशास्त्र	**कर्मतन्त्रम्** = यज्ञविस्तार	**आश्रमवृत्तयः** = आश्रम र तिनका वृत्तिहरू (यी सब पदार्थहरू ब्रह्माजीका मुखबाट प्रकट भए)
सह = सँगसँगै	**धर्मस्य** = धर्मका	
चातुर्होत्रं = होता, उद्‌गाता, अध्वर्यु र ब्रह्मा यी चार ऋत्विक्‌को कर्म	**चत्वारः** = चार	
	पादाः = पाउहरू	
	तथा एव = त्यसै गरी	

वाक्यार्थ– उपववेद र न्यायशास्त्रसँगसँगै होता, उद्‌गाता, अध्वर्यु र ब्रह्मा यी चार ऋत्विक्‌को कर्म, यज्ञविस्तार, धर्मका चार पाउहरू त्यसै गरी आश्रम र तिनका वृत्तिहरू पनि ब्रह्माजीका मुखबाट प्रकट भए।

विदुर उवाच (विदुरजीले भन्नुभयो)

स वै विश्वसृजामीशो वेदादीन् मुखतोऽसृजत्।
यद् यद् येनासृजद् देवस्तन्मे ब्रूहि तपोधन ॥ ३६ ॥

पदार्थ–

तपोधन = हे तपोधन मैत्रेयजी	**देवः** = ब्रह्माजीले	**असृजत्** = प्रकट गर्नुभयो
वै = निश्चय नै	**वेदादीन्** = वेदहरूलाई	**तत्** = त्यो सबै कुरा
विश्वसृजाम् = विश्वरचना गर्ने प्रजापतिहरूका लागि	**मुखतः** = मुखबाट	**मे** = मलाई
	असृजत् = प्रकट गर्नुभयो	**ब्रूहि** = बताउनुहोस्
सः = उहाँ	**येन** = जुन-जुन मुखले	
ईशः = सर्वसमर्थ	**यत् यत्** = जुन-जुन शास्त्रलाई	

वाक्यार्थ– हे तपोधन मैत्रेयजी ! निश्चय नै विश्वरचना गर्ने प्रजापतिहरूका लागि सर्वसमर्थ ब्रह्माजीले वेदहरूलाई आफ्ना मुखबाट प्रकट गर्नुभयो। जुन-जुन मुखले जुन-जुन शास्त्रलाई प्रकट गर्नुभयो त्यो सबै कुरा मलाई बताउनुहोस्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

ऋग्यजुःसामाथर्वाख्यान् वेदान् पूर्वादिभिर्मुखैः ।

शास्त्रमिज्यां स्तुतिस्तोमं प्रायश्चित्तं व्यधात् क्रमात् ॥ ३७ ॥

पदार्थ–

पूर्वादिभिः = पूर्व आदि	**शास्त्रम्** = होताको कर्मशास्त्र	**प्रायश्चित्तं** = ब्रह्माको कर्म प्रायश्चित्तलाई समेत
मुखैः = मुखबाट क्रमशः	**इज्यां** = अध्वर्युको कर्म इज्या	**क्रमात्** = क्रमशः
ऋग्यजुःसामाथर्वाख्यान् = ऋक्, यजु, साम र अथर्वनामक	**स्तुतिस्तोमं** = उद्गाताको कर्म स्तुतिस्तोम	**व्यधात्** = बनाउनुभयो
वेदान् = वेदहरू र		

वाक्यार्थ– पूर्व आदि मुखबाट क्रमशः ऋक्, यजु, साम र अथर्वनामक वेदहरू र होता, अध्वर्यु, उद्गाता र ब्रह्माको कर्मलाई समेत बनाउनुभयो।

आयुर्वेदं धनुर्वेदं गान्धर्वं वेदमात्मनः।
स्थापत्यं चासृजद् वेदं क्रमात् पूर्वादिभिर्मुखैः ॥ ३८ ॥

पदार्थ–

आयुर्वेदं = आयुर्वेद	**च** = पनि	**पूर्वादिभिः** = पूर्वादि
धनुर्वेदं = धनुर्वेद	**स्थापत्यवेदम्** = स्थापत्यवेदलाई	**मुखैः** = मुखबाट
गान्धर्वं = गान्धर्व	**क्रमात्** = क्रमैसँग	**असृजत्** = बनाउनुभयो
वेदं = वेद	**आत्मनः** = आफ्ना	

वाक्यार्थ– आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, स्थापत्यवेद क्रमैसँग आफ्ना पूर्वादि मुखबाट बनाउनुभयो।

इतिहासपुराणानि पञ्चमं वेदमीश्वरः।
सर्वेभ्य एव वक्त्रेभ्यः ससृजे सर्वदर्शनः ॥ ३९ ॥

पदार्थ–

सर्वदर्शनः = सर्वद्रष्टा	**पञ्चमं** = पाँचौं	**एव** = नै
ईश्वरः = विश्वनियन्ता ब्रह्माजीले	**वेदम्** = वेदलाई	**ससृजे** = रचना गर्नुभयो
इतिहासपुराणानि = इतिहासपुराणरूप	**सर्वेभ्यः** = सबैतिरको	
	वक्त्रेभ्यः = मुखहरूबाट	

वाक्यार्थ– सर्वद्रष्टा, विश्वनियन्ता ब्रह्माजीले इतिहासपुराणरूप पाँचौं वेदलाई सबैतिरको मुखहरूबाट नै रचना गर्नुभयो।

षोडश्युक्थौ पूर्ववक्त्रात् पुरीष्यग्निष्टुतावथ।

आप्तोर्यामातिरात्रौ च वाजपेयं सगोसवम्॥ ४०॥

पदार्थ–

अथ = त्यसै गरी
पूर्ववक्त्रात् = पूर्वमुखबाट
षोडश्युक्थौ = षोडशी र उक्थकर्म
पुरीष्यग्निष्टुतौ = चयन र अग्निष्टोम (दक्षिणबाट)
आप्तोर्यामातिरात्रौ = आप्तोर्याम र अतिरात्रकर्म (पश्चिमबाट) र
सगोसवम् = गोसव यज्ञसहित
वाजपेयं = वाजपेयलाई पनि (उत्तर मुखबाट) रचना गर्नुभयो

वाक्यार्थ– त्यसै गरी पूर्वमुखबाट षोडशी र उक्थकर्म, दक्षिण मुखबाट चयन र अग्निष्टोम पश्चिमबाट आप्तोर्याम र अतिरात्रकर्म, उत्तरमुखबाट गोसव यज्ञसहित वाजपेय यज्ञको रचना गर्नुभयो।

विद्या दानं तपः सत्यं धर्मस्येति पदानि च।
आश्रमांश्च यथासङ्ख्यमसृजत् सह वृत्तिभिः॥ ४१॥

पदार्थ–

धर्मस्य = धर्मका
विद्या = विद्या
दानं = दान
तपः = तपस्या
सत्यं = सत्यसमेत
इति = यी चारओटा
पदानि = पाउहरू पनि
वृत्तिभिः = आ-आफ्ना धर्म
सह = सहित
आश्रमान् च = ब्रह्मचर्य आदि चार आश्रमहरूलाई
च = पनि
यथासङ्ख्यम् = पूर्वादिक्रमले
असृजत् = रचना गर्नुभयो

वाक्यार्थ– धर्मका विद्या, दान, तपस्या, सत्यससमेत यी चारओटा पाउहरू र आ-आफ्ना धर्मसहित ब्रह्मचर्य आदि चार आश्रमहरूलाई पनि पूर्वादिक्रमले रचना गर्नुभयो।

सावित्रं प्राजापत्यं च ब्राह्मं चाथ बृहत्तथा।
वार्ता सञ्चयशालीन शिलोञ्छ इति वै गृहे॥ ४२॥

पदार्थ–

सावित्रं = सावित्र व्रत
प्राजापत्यं = एक वर्षको प्राजापत्य व्रत
ब्राह्मं = वेदाध्ययनपर्यन्त गरिने व्रत
अथ = अनि
बृहत् = आजीवनको व्रत गरी (चार वृत्ति ब्रह्मचारीको)
तथा = त्यसै गरी
वै = निश्चय नै
गृहे = गृहस्थाश्रममा बस्नेहरूको
वार्तासञ्चयशालीनशिलोञ्छः
इति = कृषि, याग, अयाचितवृत्ति, सिलो खोजेर जीविका चलाउने खालका वृत्तिहरू
च = पनि क्रमशः जन्मे

वाक्यार्थ– ब्रह्मचारीले गर्नुपर्ने सावित्र व्रत, एक वर्षको प्राजापत्य व्रत, वेदाध्ययनपर्यन्त गरिने व्रत, आजीवनको व्रत गरी चार वृत्ति, त्यसै गरी गृहस्थाश्रममा बस्नेहरूको कृषि, याग, अयाचितवृत्ति, सिलो खोजेर जीविका चलाउने खालका वृत्तिहरू पनि क्रमशः जन्मे।

वैखानसा बालखिल्यौदुम्बराः फेनपा वने।
न्यासे कुटीचकः पूर्वं बह्वोदो हंसनिष्क्रियौ॥ ४३॥

पदार्थ–

वने = वानप्रस्थहरूको	**न्यासे** = संन्यासमा पनि	**हंसनिष्क्रियौ** = हंस र निष्क्रियवृत्ति गरी चार वृत्ति क्रमशः उत्पन्न भए
वैखानसा = वैखानसवृत्ति	**पूर्वं** = पूर्वतः	
बालखिल्यौ = बालखिल्यवृत्ति	**कुटीचकः** = कुटी बनाई रहने व्यक्ति	
औदुम्बराः = औदुम्बर वृत्ति	**बह्वोदः** = बहूदक नामक ज्ञानप्रधान वृत्ति	
फेनपाः = फेनपवृत्ति यी चार वृत्ति र		

वाक्यार्थ– वानप्रस्थहरूको वैखानसवृत्ति, बालखिल्यवृत्ति, औदुम्बरवृत्ति, फेनपवृत्ति गरी चार वृत्ति, संन्यासमा पनि कुटी बनाई रहने वृत्ति, बहूदक नामक ज्ञानप्रधान वृत्ति, हंस र निष्क्रियवृत्ति गरी चार वृत्ति क्रमशः उत्पन्न भए।

आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिस्तथैव च।
एवं व्याहृतयश्चासन् प्रणवो ह्यस्य दह्रतः॥ ४४॥

पदार्थ–

हि = निश्चय नै	**त्रयी** = कर्मविद्या	**एवं** = यसै गरी
अस्य = ब्रह्माजीको	**वार्ता** = कृषि आदि विद्या	**व्याहृतयः च** = भूः, भुवः, स्वः, महः गरी चार व्याहृतिहरू समेत
दह्रतः = हृदयबाट	**तथा एव** = त्यसै गरी	**आसन्** = जन्मे
प्रणवः = ओङ्कारध्वनि	**दण्डनीतिः** = राजनीतिविद्या	
आन्वीक्षिकी = मोक्षविद्या	**च** = अनि	

वाक्यार्थ– यस्तै ब्रह्माजीको हृदयबाट ओङ्कारध्वनि, मुखबाट मोक्षविद्या, कर्मविद्या, कृषि आदि विद्या त्यसै गरी राजनीतिविद्या र भूः, भुवः, स्वः, महः गरी चार व्याहृतिहरू समेत जन्मे।

तस्योष्णिगासील्लोमभ्यो गायत्री च त्वचो विभोः।
त्रिष्टुम्मांसात् स्नुतोऽनुष्टुब्जगत्यस्थ्नः प्रजापतेः॥ ४५॥

पदार्थ–

तस्य = उहाँ व्यापक	**विभोः** = ब्रह्माजीको	**लोमभ्यः** = रौँहरूबाट

उष्णिक् = उष्णिक् छन्द	**स्नुतः** = स्नायुबाट	**अस्थ्नः** = हाडबाट
त्वचः = छालाबाट चाहिँ	**अनुष्टुप्** = अनुष्टुप् छन्द जन्मियो	**जगती** = जगती छन्द
गायत्री = गायत्री छन्द	त्यसै गरी	**आसीत्** = जन्मियो
मांसात् = मांसबाट		
त्रिष्टुप् = त्रिष्टुप् छन्द	**प्रजापतेः** = ब्रह्माजीको	

वाक्यार्थ– ती व्यापक ब्रह्माजीका रौँहरूबाट उष्णिक् छन्द र छालाबाट गायत्री छन्द मांसबाट त्रिष्टुप् छन्द जन्मियो। स्नायुबाट अनुष्टुप् छन्द जन्मियो त्यसै गरी ब्रह्माजीको हाडबाट जगती छन्द जन्मियो।

मज्जायाः पङ्क्तिरुत्पन्ना बृहती प्राणतोऽभवत्।
स्पर्शस्तस्याभवज्जीवः स्वरो देह उदाहृत॥ ४६॥

पदार्थ–

मज्जायाः = मज्जाबाट	**अभवत्** = जन्मियो	**देह** ः = शरीर
पङ्क्तिः = पंक्ति छन्द	**तस्य** = ब्रह्माजीको	**स्वरः** = स्वरवर्ण
उपन्ना = उत्पन्न भयो	**जीवः** = जीव नै	**उदाहृतः** = भनियो
प्राणतः = प्राणबाट	**स्पर्शः** = स्पर्श वर्ण	
बृहती = बृहती छन्द	**अभवत्** = भयो	

वाक्यार्थ– ब्रह्माजीको मज्जाबाट पंक्ति छन्द उत्पन्न भयो। प्राणबाट बृहती छन्द जन्मियो। ब्रह्माजीको जीव नै स्पर्शवर्ण भयो। शरीर स्वरवर्ण भनियो।

ऊष्माणमिन्द्रियाण्याहुरन्तःस्था बलमात्मनः।
स्वराः सप्त विहारेण भवन्ति स्म प्रजापतेः॥ ४७॥

पदार्थ–

आत्मनः = ब्रह्माजीको	**बलम्** = बललाई	**विहारेण** = क्रीडाबाट
इन्द्रियाणि = इन्द्रियहरूलाई	**अन्तःस्था** = अन्तःस्थ वर्ण	**सप्त** = सात स्वरहरू
ऊष्माणम् = उष्मवर्ण	भन्दछन्	**स्वराः** = स्वरहरू
आहुः = भन्दछन्	**प्रजापतेः** = ब्रह्माजीका	**भवन्ति स्म** = बन्दछन्

वाक्यार्थ– ब्रह्माजीको इन्द्रियहरूलाई उष्मावर्ण भन्दछन्। बललाई अन्तःस्थवर्ण भन्दछन् ब्रह्माजीका क्रीडाबाट सात स्वरहरू बन्दछन्।

शब्दब्रह्मात्मनस्तस्य व्यक्ताव्यक्तात्मनः परः।
ब्रह्मावभाति विततो नानाशक्त्युपबृंहितः॥ ४८॥

पदार्थ–

व्यक्ताव्यक्तात्मनः = व्यक्त वैखरी वाणी र अव्यक्त प्रणवरूप	**परः** = पर रहेको	**विततः** = इन्द्रादि देवताको रूपमा फैलिएको
तस्य = उहाँ	**ब्रह्म** = ब्रह्मस्वरूप नै	**अवभाति** = देखिन्छ
शब्दब्रह्मात्मनः = शब्दब्रह्मरूप ब्रह्माजीभन्दा	**नानाशक्त्युपबृंहितः** = विभिन्न शक्तिहरूद्वारा युक्त भई	

वाक्यार्थ– व्यक्त वैखरी वाणी र अव्यक्त प्रणवका रूपमा रहनुहुने उहाँ शब्दब्रह्मरूप ब्रह्माजीभन्दा पर रहेको ब्रह्मस्वरूप नै विभिन्न शक्तिहरूद्वारा युक्त भई इन्द्रादि देवताका रूपमा फैलिएको देखिन्छ।

ततोऽपरामुपादाय स सर्गाय मनो दधे।
ऋषीणां भूरिवीर्याणामपि सर्गमविस्तृतम्॥ ४९॥

पदार्थ–

सः = उहाँ ब्रह्माजीले	**मनः** = मन	**सर्गम्** = सृष्टि
ततः = त्यसपछि	**दधे** = दिनुभयो	**अविस्तृतम्** = विस्तार भएको थिएन
अपराम् = अर्को शरीर	**भूरिवीर्याणाम्** = धेरै पराक्रम हुने	
उपादाय = लिएर	**ऋषीणां** = ऋषिहरूको	
सर्गाय = सृष्टिको लागि	**अपि** = पनि	

वाक्यार्थ– ब्रह्माजीले त्यसपछि अर्को शरीर लिएर सृष्टिकोमा मन लगाउनुभयो। धेरै पराक्रम हुने ऋषिहरूको सृष्टिको भने विस्तार भएको थिएन।

ज्ञात्वा तद्धृदये भूयश्चिन्तयामास कौरव।
अहो अद्‌भुतमेतन्मे व्यापृतस्यापि नित्यदा॥ ५०॥

पदार्थ–

कौरव = हे कुरुवंशीय विदुरजी	**चिन्तयामास** = विचार गर्न थाल्नुभयो	किनभने
तत् = त्यो कुरा	**अहो** = अहो	**मे** = मैले
ज्ञात्वा = बुझी	**एतत्** = यो	**नित्यदा** = निरन्तर
हृदये = मनमनै	**अद्‌भुतम्** = आश्चर्य छ	**व्यापृतस्य अपि** = प्रयास गर्दा
भूयः = फेरि		**अपि** = पनि (सृष्टि हुँदैन)

वाक्यार्थ– हे कुरुवंशीय विदुरजी! त्यो कुरा बुझी ब्रह्माजीले फेरि मनमनै विचार गर्न थाल्नुभयो– अहो यो आश्चर्य छ, किनभने मैले निरन्तर प्रयास गर्दा पनि सृष्टि हुँदैन।

न ह्येधन्ते प्रजा नूनं दैवमत्र विघातकम् ।
एवं युक्तकृतस्तस्य दैवं चावेक्षतस्तदा ॥ ५१ ॥
कस्य रूपमभूद् द्वेधा यत् कायमभिचक्षते ।
ताभ्यां रूपविभागाभ्यां मिथुनं समपद्यत ॥ ५२ ॥

पदार्थ–

प्रजाः = प्राणीहरू	**अवेक्षतः** = विचार गरिरहनु भएका	**कायम्** = काय
न एधन्ते = बढ्दैनन्	**तस्य** = उहाँ	**अभिचक्षते** = भन्दछन्
नूनं = निश्चय नै	**कस्य** = ब्रह्माजीको	**ताभ्यां** = ती दुई
दैवम् = दैव नै	**तदा** = त्यही समयमा	**रूपविभागाभ्यां** = विभक्त शरीरबाट
विघातकम् = विघ्नकर्ता हो	**द्विधा** = दुई प्रकारको	**मिथुनं** = स्त्रीपुरुषको जोडी
एवं = यसप्रकार	**रूपम्** = रूप	**समपद्यत** = उत्पन्न भयो
युक्तकृतः = सृष्टि जस्तो उचित काम गर्न लागेको	**अभूत्** = भयो	
दैवं = दैवको विषयमा	**यत्** = जसलाई	

वाक्यार्थ– प्राणीहरू बढ्दैनन्। निश्चय नै दैव नै विघ्नकर्ता हो भन्ने विचार गरी सृष्टिरूप उचित काम गर्न लागेको दैवको विषयमा विचार गरिरहनुभएका उहाँ ब्रह्माजीको त्यही समयमा दुई प्रकारको रूप भयो। यसलाई काय भनियो। ती दुई विभक्त शरीरबाट स्त्रीपुरुषको जोडी उत्पन्न भयो।

यस्तु तत्र पुमान् सोऽभून्मनुः स्वायम्भुवः स्वराट् ।
स्त्री यासीच्छतरूपाख्या महिष्यस्य महात्मनः ॥ ५३ ॥

पदार्थ–

तत्र = ती जोडीमध्ये	**स्वायम्भुवः** = स्वायम्भुव नामक	**आसीत्** = हुनुहुन्थ्यो (उहाँ)
यः = जुन	**मनुः** = मनु	**महात्मनः** = महात्मा मनुका
पुमान् = पुरुष उत्पन्न हुनुभयो	**अभूत्** = हुनुभयो	**शतरूपाख्या** = शतरूपा नाम भएकी
सः = उहाँ	**या** = जुन	
स्वराट् = सार्वभौम	**स्त्री** = स्त्री	**महिषी** = रानी हुनुभयो

वाक्यार्थ– ती जोडीमध्ये जुन पुरुष उत्पन्न हुनुभयो उहाँ सार्वभौम स्वायम्भुव नामक मनु हुनुभयो जुन स्त्री हुनुहुन्थ्यो उहाँ महात्मा मनुका शतरूपा नाम भएकी रानी हुनुभयो।

तदा मिथुनधर्मेण प्रजा ह्येधाम्बभूविरे ।

स चापि शतरूपायां पञ्चापत्यान्यजीजनत् ॥ ५४ ॥

पदार्थ–

तदा = त्यसपछि	**सः** = उहाँ मनुले	**अपत्यानि** = सन्ततिहरू
मिथुनधर्मेण = मैथुनसृष्टिद्वारा	**अपि** = पनि	**अजीजनत्** = जन्माउनुभयो
प्रजाः = प्राणीहरू	**शतरूपायां** = आफ्नी रानी	
हि = निश्चय नै	शतरूपामा	
एधाम्बभूविरे = बढ्न थाले	**पञ्च** = पाँच	

वाक्यार्थ– त्यसपछि मैथुनसृष्टिद्वारा प्राणीहरू निश्चय नै बढ्न थाले। उहाँ मनुले पनि आफ्नी रानी शतरूपामा पाँच सन्ततिहरू जन्माउनुभयो।

प्रियव्रतोत्तानपादौ तिस्रः कन्याश्च भारत।
आकूतिर्देवहूतिश्च प्रसूतिरिति सत्तम ॥ ५५ ॥

पदार्थ–

सत्तम = हे श्रेष्ठ	**प्रियव्रतोत्तानपादौ** = प्रियव्रत र	**प्रसूतिः** = प्रसूति नामकी
भारत = विदुरजी	उत्तानपाद दुई जना छोरा अनि	**तिस्रः** = तीनवटी
(ती सन्ततिमध्ये)	**आकूतिः** = आकूति	**कन्याः च** = छोरीहरू पनि
	देवहूतिः = देवहूति	उत्पन्न भए

वाक्यार्थ– हे श्रेष्ठ विदुरजी ! ती सन्ततिमध्ये प्रियव्रत र उत्तानपाद दुई जना छोरा अनि आकूति, देवहूति र प्रसूति नामकी तीनवटी छोरीहरू पनि उत्पन्न भए।

आकूतिं रुचये प्रादात् कर्दमाय तु मध्यमाम्।
दक्षायादात् प्रसूतिं च यत आपूरितं जगत् ॥ ५६ ॥

पदार्थ–

आकूतिं = आकूति	**तु** = चाहिँ	**अदात्** = दिनुभयो
रुचये = रुचिनामक प्रजापतिका	**मध्यमाम्** = माहिली देवहूति	**यतः** = जुन कन्याहरूबाट
लागि	दिनुभयो त्यस्तै	**जगत्** = समस्त संसार
प्रादात् = दिनुभयो	**दक्षाय** = दक्षको लागि	**आपूरितं** = भरिपूर्ण भयो
कर्दमाय तु = कर्दमजीलाई	**प्रसूतिं** = प्रसूति	

वाक्यार्थ–आकूति रुचिनामक प्रजापतिका लागि दिनुभयो। कर्दमजीलाई चाहिँ माहिली देवहूति दिनुभयो त्यस्तै दक्षका लागि प्रसूति दिनुभयो। जुन कन्याहरूबाट समस्त संसार भरिपूर्ण भयो।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

द्वादशोऽध्यायः ॥ १२ ॥

अथ त्रयोदशोऽध्यायः

वराह अवतारको कथा

श्रीशुक उवाच (शुकदेवजीले भन्नुभयो)

निशम्य वाचं वदतो मुनेः पुण्यतमां नृप ।

भूयः पप्रच्छ कौरव्यो वासुदेवकथादृतः ॥ १ ॥

पदार्थ–

नृप = हे राजा	**निशम्य** = सुनेर	**भूयः** = फेरि
वदतः = कथा भन्दै गर्नुभएका	**वासुदेवकथादृतः** = भगवान् वासुदेवको कथामा अत्यन्त आदर गर्ने	**पप्रच्छ** = सोध्नुभयो
मुनेः = मुनि मैत्रेयजीबाट	**कौरव्यः** = विदुरजीले	
पुण्यतमां = पुण्यमय		
वाचं = कथा		

वाक्यार्थ– हे राजा ! कथा भन्दै गर्नुभएका मुनि मैत्रेयजीबाट भगवान्सम्बन्धी पुण्यमय कथा सुनेर भगवान् वासुदेवको कथामा अत्यन्त आदर गर्ने विदुरजीले फेरि सोध्नुभयो।

विदुर उवाच (विदुरजीले भन्नुभयो)

स वै स्वायम्भुवः सम्राट् प्रियः पुत्रः स्वयम्भुवः ।

प्रतिलभ्य प्रियां पत्नीं किं चकार ततो मुने ॥ २ ॥

पदार्थ–

मुने = हे मैत्रेयजी	**स्वायम्भुवः** = स्वायम्भुव	**ततः** = त्यसपछि
वै = निश्चय नै	**सम्राट्** = राजा मनुले	**किं** = के
स्वयम्भुवः = ब्रह्माजीका	**प्रियां** = प्यारी	**चकार** = गर्नुभयो
प्रियपुत्रः = प्यारा छोरा	**पत्नीं** = पत्नी शतरूपालाई	
सः = उहाँ	**प्रतिलभ्य** = पाएर	

वाक्यार्थ– हे मैत्रेयजी ! ब्रह्माजीका प्यारा छोरा उहाँ स्वायम्भुव राजा मनुले प्यारी पत्नी शतरूपालाई पाएर त्यसपछि के-के गर्नुभयो ?

चरितं तस्य राजर्षेरादिराजस्य सत्तम ।

ब्रूहि मे श्रद्दधानाय विष्वक्सेनाश्रयो ह्यसौ ॥ ३ ॥

पदार्थ–

सत्तम = हे सज्जनश्रेष्ठ	**चरितं** = जीवनवृत्त	**हि** = निश्चय नै
राजर्षेः = राजर्षि	**श्रद्धानाय** = श्रद्धालु	**असौ** = उहाँ राजा
आदिराजस्य = पहिला सम्राट्	**मे** = मेरा लागि	**विष्वक्सेनाश्रयः** = भगवान्का
तस्य = स्वायम्भुव मनुको	**ब्रूहि** = बताउनुहोस् (किनभने)	भक्त हुनुहुन्थ्यो

वाक्यार्थ– हे सज्जनश्रेष्ठ ! पहिला सम्राट् राजर्षि स्वायम्भुव मनुको जीवनवृत्त श्रद्धालु मेरा लागि बताउनुहोस् किनभने निश्चय नै उहाँ राजा भगवान्का भक्त हुनुहुन्थ्यो ।

श्रुतस्य पुंसां सुचिरश्रमस्य
नन्वञ्जसा सूरिभिरीडितोऽर्थः ।
तत्तद्गुणानुश्रवणं मुकुन्द-
पादारविन्दं हृदयेषु येषाम् ॥ ४ ॥

पदार्थ–

ननु = अवश्य पनि	**सूरिभिः** = विद्वान्हरूद्वारा	**मुकुन्दपादारविन्दं** = भगवान्को
पुंसां = मानिसहरूले	**ईडितः** = बताइएको	चरणकमल छ
सुचिरश्रमस्य = धेरै परिश्रमपूर्वक	**अर्थः** = प्रयोजन	**तत्तद्गुणानुश्रवणं** = त्यस्ता
श्रुतस्य = वेदादि शास्त्रपठनको	**येषाम्** = जुन भक्तहरूको	भक्तहरूको गुणश्रवण गर्नु नै हो
अञ्जसा = मुख्य	**हृदयेषु** = हृदयभित्र	

वाक्यार्थ– विद्वान्हरूले बताएअनुसार मानिसहरूले नै धेरै परिश्रमपूर्वक वेदादि शास्त्र पढ्नुको मुख्य प्रयोजन जुन भक्तहरूको हृदयभित्र भगवान्को चरणकमल छ त्यस्ता भक्तहरूको गुणश्रवण गर्नु नै हो ।

श्रीशुक उवाच (शुकदेवजीले भन्नभयो)

इति ब्रुवाणं विदुरं विनीतं
सहस्रशीर्ष्णश्चरणोपधानम् ।
प्रहृष्टरोमा भगवत्कथायां
प्रणीयमानो मुनिरभ्यचष्ट ॥ ५ ॥

पदार्थ–

इति = यस्तो	**ब्रुवाणं** = भनिरहनुभएका	

सहस्रशीर्ष्णः = हजारौं शिरवाला भगवान्को	**विदुरं** = विदुरजीलाई	**मुनिः** = मैत्रेयजीले
चरणोपधानम् = चरणमा आश्रय गर्ने	**भगवत्कथायां** = भगवान्को कथा	**प्रहृष्टरोमा** = रौँ प्रफुल्लित बनाउँदै
विनीतं = अत्यन्त नम्र	**प्रणीयमानः** = भन्न प्रेरित गरिनुभएका	**अभ्यचष्ट** = भन्नुभयो

वाक्यार्थ– यस्तो भनिरहनुभएका भगवान्को चरणका सेवक र अत्यन्त नम्र विदुरजीलाई भगवान्को कथा भन्न प्रेरित गरिनुभएका मैत्रेयजीले खुसी हुँदै भन्नुभयो।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

यदा स्वभार्यया सार्धं जातः स्वायम्भुवो मनुः।
प्राञ्जलिः प्रणतश्चेदं वेदगर्भमभाषत ॥ ६ ॥

पदार्थ–

यदा = जुन समयमा	**सार्धं** = साथ	**वेदगर्भम्** = ब्रह्माजीलाई
स्वायम्भुवः = स्वायम्भुव	**जातः** = उत्पन्न हुनुभयो (त्यस समयमा)	**इदं** = यस्तो
मनुः = मनु	**प्राञ्जलिः** = हात जोडेर	**अभाषत** = भन्नुभयो
स्वभार्यया = आफ्नी पत्नी शतरूपाका	**प्रणतः** = प्रणाम गरी	

वाक्यार्थ– जुन समयमा स्वायम्भुव मनु आफ्नी पत्नी शतरूपाका साथ उत्पन्न हुनुभयो त्यस समयमा उहाँले हात जोडेर प्रणाम गरी ब्रह्माजीलाई यस्तो भन्नुभयो।

त्वमेकः सर्वभूतानां जन्मकृद् वृत्तिदः पिता।
तथापि नः प्रजानां ते शुश्रूषा केन वा भवेत् ॥ ७ ॥

पदार्थ–

एकः = एकमात्र	**वृत्तिदः** = जीविका प्रदान गर्ने	**ते** = तपाईंको
त्वम् = तपाईं नै	**पिता** = पिताजी हुनुहुन्छ	**शुश्रूषा** = सेवा
सर्वभूतानां = सम्पूर्ण प्राणीहरूको	**तथा अपि** = तर पनि	**केन** = कुन साधनबाट
जन्मकृत् = रचना गर्ने	**नः** = हामी	**भवेत्** = होला
	प्रजानां = पुत्रहरूद्वारा	

वाक्यार्थ– एकमात्र तपाईं नै सम्पूर्ण प्राणीहरूको रचना गर्ने र जीविका प्रदान गर्ने पिताजी हुनुहुन्छ तर पनि हामी पुत्रहरूद्वारा तपाईंको सेवा कुन साधनबाट होला ?

तद् विधेहि नमस्तुभ्यं कर्मस्वीड्यात्मशक्तिषु ।
यत् कृत्वेह यशो विष्वगमुत्र च भवेद् गतिः ॥ ८ ॥

पदार्थ–

ईड्य = हे पूज्य पिताजी **तुभ्यं** = तपाईंलाई **नमः** = नमस्कार छ **आत्मशक्तिषु** = हामीले गर्न सक्ने **कर्मसु** = कर्ममध्ये	**तत्** = जुन तपाईंको सेवा छ त्यो **विधेहि** = बताउनुहोस् **यत्** = जुन काम **कृत्वा** = गरेर **विष्वक्** = सर्वत्र संसारमा	**यशः** = कीर्ति **अमुत्र च** = परलोकमा पनि **गतिः** = सद्गति **भवेत्** = प्राप्त होस्

वाक्यार्थ– हे पूज्य पिताजी तपाईंलाई नमस्कार छ। हामी (मनु र शतरूपा)ले गर्न सक्ने कर्ममध्ये जुन तपाईंको सेवा छ त्यो बताउनुहोस्। जुन काम गरेर सर्वत्र संसारमा कीर्ति अनि परलोकमा पनि सद्गति प्राप्त होस्।

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

प्रीतस्तुभ्यमहं तात स्वस्ति स्ताद् वां क्षितीश्वर ।
यन्निर्व्यलीकेन हृदा शाधि मेत्यात्मनार्पितम् ॥ ९ ॥

पदार्थ–

क्षितीश्वर = पृथिवीका मालिक **तात** = हे बाबु **तुभ्यम्** = तिमीबाट **अहं** = म **प्रीतः** = प्रसन्न छु **वां** = तिमी दुईको	**स्वस्ति** = कल्याण **स्तात्** = होस् **यत्** = किनभने **निर्व्यलीकेन** = निष्कपट **हृदा** = चित्तले **मा** = मलाई	**शाधि इति** = आज्ञा दिनुहोस् भनी **आत्मना** = आफैंले **अर्पितम्** = आत्मसमर्पण गर्‍यौ

वाक्यार्थ– पृथिवीका मालिक हे बाबु ! तिमीबाट म प्रसन्न छु। तिमी दुईको कल्याण होस्। किनभने निष्कपट चित्तले मलाई आज्ञा दिनुहोस् भनी आफैंले आत्मसमर्पण गर्‍यौ।

एतावत्यात्मजैर्वीर कार्या ह्यपचितिर्गुरौ ।
शक्त्याप्रमत्तैर्गृह्येत सादरं गतमत्सरैः ॥ १० ॥

पदार्थ–

वीर = हे वीरश्रेष्ठ **आत्मजैः** = छोराहरूले	**गतमत्सरैः** = ईर्ष्याको भाव नराखी	**अप्रमत्तैः** = सावधान भई **शक्त्या** = शक्तिअनुसार

सादरं = आदरपूर्वक	**एतावती** = यति	**कार्या** = गर्नुपर्दछ
गृह्येत = मातापिताको उपदेश मान्नुपर्दछ	**अपचितिः** = सेवा	
	गुरौ = मातापितामा (अवश्य नै)	

वाक्यार्थ– हे वीरश्रेष्ठ ! छोराहरूले ईर्ष्याको भाव नराखी सावधान भई शक्तिअनुसार आदरपूर्वक मातापिताको उपदेश मान्नुपर्दछ। यति सेवा मातापितामा अवश्य नै गर्नुपर्दछ।

स त्वमस्यामपत्यानि सदृशान्यात्मनो गुणैः।

उत्पाद्य शास धर्मेण गां यज्ञैः पुरुषं यज ॥ ११ ॥

पदार्थ–

सः = मेरा प्यारा पुत्र	**अपत्यानि** = सन्ततिहरूलाई	**शास** = शासन गर र
त्वम् = तिमी (स्वायम्भुव मनु)	**अस्याम्** = यी शतरूपा रानीमा	**यज्ञैः** = विभिन्न यज्ञद्वारा
गुणैः = गुणहरूद्वारा	**उत्पाद्य** = उत्पन्न गरेर	**पुरुषं** = भगवान् श्रीहरिको
आत्मनः = आफू	**धर्मेण** = धर्मपूर्वक	**यज** = आराधना गर
सदृशानि = जस्तै	**गां** = पृथिवीलाई	

वाक्यार्थ– मेरा प्यारा पुत्र ! तिमी (स्वायम्भुव मनु) गुणहरूद्वारा आफूजस्तै सन्ततिहरूलाई यी शतरूपा रानीमा उत्पन्न गरेर धर्मपूर्वक पृथिवीलाई शासन गर र विभिन्न यज्ञद्वारा भगवान् श्रीहरिको आराधना गर।

परं शुश्रूषणं मह्यं स्यात् प्रजारक्षया नृप।

भगवांस्ते प्रजाभर्तुर्हृषीकेशोऽनुतुष्यति ॥ १२ ॥

पदार्थ–

नृप = हे राजा	**परं** = सबभन्दा ठुलो	**ते** = तिमीमाथि
मह्यं = मेरो लागि	**शुश्रूषणं** = सेवा	**भगवान्** = भगवान्
प्रजारक्षया = सन्ततिहरूको पालनपोषण नै	**स्यात्** = हुन्छ अनि	**हृषीकेशः** = श्रीहरिसमेत
	प्रजाभर्तुः = प्रजापालक	**अनुतुष्यति** = प्रसन्न हुनुहुन्छ

वाक्यार्थ– हे राजा ! मेरा लागि सन्ततिहरूको पालनपोषण नै सबभन्दा ठुलो सेवा हुन्छ। अनि प्रजापालक तिमीमाथि भगवान् श्रीहरिसमेत प्रसन्न हुनुहुन्छ।

येषां न तुष्टो भगवान् यज्ञलिङ्गो जनार्दनः।

तेषां श्रमो ह्यपार्थाय यदात्मा नादृतः स्वयम् ॥ १३ ॥

पदार्थ–

येषां = जुन प्राणीहरूप्रति	**न तुष्टः** = प्रसन्न हुनुहुन्न भने	**यत्** = किनभने
यज्ञलिङ्गः = यज्ञमूर्ति	**तेषां** = त्यस्ता प्राणीहरूको	**आत्मा** = साक्षात् आत्मालाई नै
भगवान् = भगवान्	**श्रमः** = परिश्रम	**अनादृतः** = अनादर गरियो
जनार्दनः = श्रीहरि प्रभु	**हि** = निश्चय नै	
स्वयम् = स्वयम्	**अपार्थाय** = वेकार हुन्छन्	

वाक्यार्थ– जुन प्राणीहरूप्रति यज्ञमूर्ति भगवान् श्रीहरि प्रभु स्वयम् प्रसन्न हुनुहुन्न भने त्यस्ता प्राणीहरूका सबै परिश्रमहरू निश्चय नै वेकार हुन्छन्। किनभने तिनीहरूद्वारा साक्षात् आत्मालाई नै अनादर गरियो।

मनुरुवाच (मनुजीले भन्नुभयो)

आदेशेऽहं भगवतो वर्तेयामीवसूदन।

स्थानं त्विहानुजानीहि प्रजानां मम च प्रभो॥ १४॥

पदार्थ–

अमीवसूदन = हे पापनाशक	**अहं** = म	**मम** = मेरो
प्रभो = प्रभु पिताजी	**वर्तेय** = अवश्य नै रहनेछु	**च** = पनि
भगवतः = तपाईंको	**इह** = यहाँ अहिलेको लागि	**स्थानं** = वासस्थान
आदेशे = आज्ञामा	**प्रजानां** = प्रजाहरूको	**अनुजानीहि** = निर्देशित गर्नुहोस्

वाक्यार्थ– हे पापनाशक प्रभु पिताजी ! तपाईंको आज्ञा म सधैं पालन गर्नेछु यहाँ अहिलेको लागि प्रजाहरूको र मेरो पनि वासस्थान निर्देशित गर्नुहोस्।

यदोकः सर्वभूतानां मही मग्ना महाम्भसि।

अस्या उद्धरणे यत्नो देव देव्या विधीयताम्॥ १५॥

पदार्थ–

सर्वभूतानां = सम्पूर्ण प्राणीहरूको	**महाम्भसि** = प्रलयजलमा	**उद्धरणे** = जलबाट उद्धार गर्न
यद् = जुन	**मग्ना** = डुबेकी छिन् त्यसैले	**यत्नः** = प्रयास
ओकः = निवासस्थान	**देव** = हे पिताजी !	**विधीयताम्** = गर्नुहोस्
मही = पृथिवी हुन् (उनी)	**अस्याः** = उहाँ	
	देव्या : = पृथिवीदेवीको	

वाक्यार्थ– सम्पूर्ण प्राणीहरूको जुन निवासस्थान पृथिवी हुन्। उनी प्रलयजलमा डुबेकी छिन् त्यसैले हे पिताजी ! पृथिवीदेवीलाई जलबाट उद्धार गर्न प्रयास गर्नुहोस्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

परमेष्ठी त्वपां मध्ये तथा सन्नामवेक्ष्य गाम्।

कथमेनां समुन्नेष्य इति दध्यौ धिया चिरम्॥ १६ ॥

पदार्थ–

परमेष्ठी = ब्रह्माजीले	**सन्नाम्** = डुबेकी	**समुन्नेष्ये इति** = उतारौंला भनी
तु = चाहिँ	**गाम्** = पृथिवीलाई	**धिया** = एकाग्रबुद्धिले
अपां = जलराशि	**अवेक्ष्य** = देखेर	**चिरम्** = धेरैबेरसम्म
मध्ये = भित्र	**एनां** = यिनलाई	**दध्यौ** = विचार गर्नुभयो
तथा = त्यसप्रकार	**कथम्** = कसरी	

वाक्यार्थ– ब्रह्माजीले चाहिँ जलराशिभित्र त्यसप्रकार डुबेकी पृथिवीलाई देखेर यिनलाई कसरी उतारौंला भनी एकाग्र बुद्धिले धेरैबेरसम्म विचार गर्नुभयो।

सृजतो मे क्षितिर्वार्भिः प्लाव्यमाना रसां गता।

अथात्र किमनुष्ठेयमस्माभिः सर्गयोजितैः॥

यस्याहं हृदयादासं स ईशो विदधातु मे॥ १७ ॥

पदार्थ–

मे = मैले	**अत्र** = यहाँ	**हृदयात्** = केवल विचारबाट
सृजतः = सृष्टि गर्न खोज्दा	**सर्गयोजितैः** = भगवान्द्वारा	मात्र
वार्भिः = जलद्वारा	सृष्टिकर्ममा नियुक्त गरिएका	**आसं** = उत्पन्न भएँ
प्लाव्यमाना = डुबेकी	**अस्माभिः** = हामीहरूले	**सः** = उहाँ
क्षितिः = पृथिवी	**किम्** = के	**ईशः** = परमात्माले
रसां = रसातलमा	**अनुष्ठेयम्** = गर्न सकिन्छ	**मे** = मेरो (काम)
गता = पुगेकी थिइन्	**अहं** = म	**विदधातु** = गरून्
अथ = त्यसैले	**यस्य** = जुनप्रभुको	

वाक्यार्थ– मैले सृष्टि गर्न खोज्दा जलमा डुबेकी पृथिवी रसातलमा पुगेकी थिइन्। त्यसैले यहाँ भगवान्द्वारा सृष्टिकर्ममा नियुक्त गरिएका हामीहरूद्वारा के गर्न सकिन्छ र? म जुनप्रभुको केवल विचारबाट मात्र उत्पन्न भएँ उहाँ परमात्माले नै मेरो काम गरिदिनुहोस्।

इत्यभिध्यायतो नासाविवरात् सहसानघ।

वराहतोको निरगादङ्गुष्ठपरिमाणकः॥ १८ ॥

पदार्थ–

अनघ = हे निष्पाप विदुरजी	**अभिध्यायतः** = विचार गर्ने	**सहसा** = तत्काल नै
इति = यस्तो	ब्रह्माजीको	**अङ्गुष्ठपरिमाणकः** = बुढी
	नासाविवरात् = नासिकाछिद्रबाट	औँलाबराबरको

वराहतोकः = वराहको बच्चा | **निरगात्** = उत्पन्न भयो

वाक्यार्थ– निष्पाप विदुरजी ! यस्तो विचार गर्ने ब्रह्माजीको नासिकाछिद्रबाट तत्काल नै बुढी औँलाबराबरको वराहको बच्चा उत्पन्न भयो।

तस्याभिपश्यतः खस्थः क्षणेन किल भारत।
गजमात्रः प्रववृधे तदद्भुतमभून्महत्॥ १९॥

पदार्थ–

भारत = हे विदुर	**अभूत्** = भयो (किनभने)	**क्षणेन** = एकै छिनमा
तत् = त्यही कुरा	**खस्थः** = आकाशमा रहेको त्यो वराहशिशु	**गजमात्रः** = हात्तीबराबर भएर
किल = नै	**तस्य** = ब्रह्माजीले	**प्रववृधे** = बढ्यो
महत् = अत्यन्त	**अभिपश्यतः** = हेर्दाहेर्दै	
अद्भुतम् = आश्चर्यको कुरा		

वाक्यार्थ– हे विदुरजी ! त्यहाँ एउटा अत्यन्त आश्चर्यको कुरा भयो। त्यो के हो भने आकाशमा रहेको त्यो वराहशिशु ब्रह्माजीले हेर्दाहेर्दै एकैछिनमा हात्तीबराबर भएर बढ्यो।

मरीचिप्रमुखैर्विप्रैः कुमारैर्मनुना सह।
दृष्ट्वा तत् सौकरं रूपं तर्कयामास चित्रधा॥ २०॥

पदार्थ–

मरीचिप्रमुखैः = मरीचि आदि	**तत्** = त्यो	**तर्कयामास** = तर्कना गर्न थाल्नुभयो
विप्रैः = ब्राह्मणहरूद्वारा र	**सौकरं** = वराह	
कुमारैः = कुमारहरू समेत	**रूपं** = रूपलाई	
मनुना सह = मनुसँगै (ब्रह्माजीले)	**दृष्ट्वा** = देखेर	
	चित्रधा = तरह–तरहले	

वाक्यार्थ– मरीचि आदि ब्राह्मणहरू, कुमारहरू र मनुसँगै ब्रह्माजीले त्यस वराहरूपलाई देखेर तरह–तरहले तर्कना गर्न थाल्नुभयो।

किमेतत् सूकरव्याजं सत्त्वं दिव्यमवस्थितम्।
अहो बताश्चर्यमिदं नासाया मे विनिःसृतम्॥ २१॥

पदार्थ–

अहो = अहो	**किम्** = कुन चाहिँ	**अवस्थितम्** = प्रकट भयो र
सूकरव्याजं = सुङ्गुरको रूपमा	**दिव्यम्** = दिव्य	**मे** = मेरो
एतत् = यो	**सत्त्वं** = प्राणी	**नासायाः** = नासिकाछिद्रबाट

विनिःसृतम् = निस्केको	**बत** = निश्चय नै
इदं = यो प्राणी	**आश्चर्यम्** = आश्चर्यजनक छ

वाक्यार्थ– अहो ! सुङ्गुरको रूपमा यो कुनचाहिँ दिव्य प्राणी प्रकट भयो। मेरो नासिकाछिद्रबाट निस्केको यो प्राणी निश्चय नै आश्चर्यजनक छ।

दृष्टोऽङ्गुष्ठशिरोमात्रः क्षणाद् गण्डशिलासमः।
अपि स्विद् भगवानेष यज्ञो मे खेदयन् मनः॥ २२॥

पदार्थ–

अङ्गुष्ठशिरोमात्रः = बुढी औँलाबराबर	**गण्डशिलासमः** = ठुलो शिलापरिमाणको देखियो	**भगवान्** = भगवान्ले
दृष्टः = देखिएको (थियो)	**अपिस्वित्** = निश्चय नै	**मे** = मेरो
क्षणात् = केही समयपछि	**एष ः** = उहाँ	**मनः** = बुद्धिलाई
	यज्ञः = यज्ञपुरुष	**खेदयन्** = मोहित पार्नुभएको होला

वाक्यार्थ– बुढी औँलाबराबर देखिएको थियो। त्यही नै केही समयपछि ठुलो शिलापरिमाणको देखियो निश्चय नै उहाँ यज्ञपुरुष भगवान्ले मेरो बुद्धिलाई मोहित पार्नुभएको होला।

इति मीमांसतस्तस्य ब्रह्मणः सह सूनुभिः।
भगवान् यज्ञपुरुषो जगर्जागेन्द्रसन्निभः॥ २३॥

पदार्थ–

सूनुभिः = आफ्ना पुत्रहरूका	**तस्य** = उहाँ	**भगवान्** = वराह भगवान्ले
सह = साथमा	**ब्रह्मणः** = ब्रह्माजीको अगाडि	**जगर्ज** = गर्जना गर्नुभयो
इति = यसप्रकार	**अगेन्द्रसन्निभः** = पर्वतसमान विशाल	
मीमांसतः = विचार गरिरहनु भएका	**यज्ञपुरुषः** = यज्ञमूर्ति	

वाक्यार्थ– आफ्ना पुत्रहरूका साथमा यसप्रकार विचार गरिरहनुभएका ब्रह्माजीको अगाडि पर्वतसमान विशाल यज्ञमूर्ति वराह भगवान्ले गर्जना गर्नुभयो।

ब्रह्माणं हर्षयामास हरिस्तांश्च द्विजोत्तमान्।
स्वगर्जितेन ककुभः प्रतिस्वनयता विभुः॥ २४॥

पदार्थ–

विभुः = सर्वसमर्थ	**ब्रह्माणं** = ब्रह्माजीलाई	**द्विजोत्तमान्** = ऋषिहरूलाई
हरिः = हरि भगवान्ले	**तान्** = ती	**च** = समेत

ककुभः = दिशा–दिशामा
प्रतिस्वनयता = प्रतिध्वनि निक्लने
स्वगर्जितेन = आफ्नो भीषण गर्जनाले
हर्षयामास = प्रसन्न पार्नुभयो

वाक्यार्थ– सर्वसमर्थ हरि भगवान्ले ब्रह्माजीलाई र ती ऋषिहरूलाई समेत दिशादिशामा प्रतिध्वनि निक्लने आफ्नो भीषण गर्जनाले प्रसन्न पार्नुभयो।

निशम्य ते घर्घरितं स्वखेद–
क्षयिष्णु मायामयसूकरस्य।
जनस्तपःसत्यनिवासिनस्ते
त्रिभिः पवित्रैर्मुनयोऽगृणन् स्म॥ २५॥

पदार्थ–
ते = ब्रह्मादि सम्पूर्ण ऋषिहरूले
मायामयसूकरस्य = मायाद्वारा बराह बन्नुभएका भगवान्को
स्वखेदक्षयिष्णु = आफ्नो चिन्तालाई नाश गर्ने
घर्घरितं = गर्जना
निशम्य = सुनेर
जनस्तपःसत्यनिवासिनः = जन, तप र सत्यलोकमा बस्ने
ते = उहाँ सबै
मुनयः = मुनिहरूले
त्रिभिः = तीनै वेदका
पवित्रैः = पवित्र मन्त्रहरूद्वारा
अगृणन् स्म = स्तुति गर्नुभयो

वाक्यार्थ– ब्रह्मादि सम्पूर्ण ऋषिहरूले मायाद्वारा वराह बन्नुभएका भगवान्को आफ्नो चिन्तालाई नाश गर्ने गर्जना सुनेर जन, तप र सत्यलोकमा बस्ने त्यहाँ उपस्थित सबै मुनिहरूले तीनै वेदका पवित्र मन्त्रहरूद्वारा स्तुति गर्नुभयो।

तेषां सतां वेदवितानमूर्ति–
र्ब्रह्मावधार्यात्मगुणानुवादम्।
विनद्य भूयो विबुधोदयाय
गजेन्द्रलीलो जलमाविवेश॥ २६॥

पदार्थ–
वेदवितानमूर्तिः = वेदहरूद्वारा वर्णन गरिनुभएका प्रभुले
तेषां = ती सबै
सतां = ऋषिहरूद्वारा गरिएको
आत्मगुणानुवादम् = आफ्नो गुणको वर्णनलाई
ब्रह्म = वेदस्वरूप
अवधार्य = मानेर
विबुधोदयाय = देवताहरूको हितको लागि
भूयः = फेरि एकपटक
विनद्य = गर्जना गरेर

गजेन्द्रलीलः = श्रेष्ठ हात्तीको जस्तै चाल देखाई	**जलम्** = जलभित्र **आविवेश** = पस्नुभयो

वाक्यार्थ– वेदहरूद्वारा वर्णन गरिनुभएका प्रभुले ती सबै ऋषिहरूद्वारा गरिएको आफ्नो गुणको वर्णनलाई वेदस्वरूप मानेर देवताहरूको हितको लागि फेरि एकपटक गर्जना गरेर श्रेष्ठ हात्तीको जस्तै चाल देखाई जलभित्र पस्नुभयो।

उत्क्षिप्तवालः खचरः कठोरः
सटा विधुन्वन् खररोमशत्वक्।
खुराहताभ्रः सिततदंष्ट्र ईक्षा-
ज्योतिर्बभासे भगवान् महीध्रः॥ २७॥

पदार्थ–

महीध्रः = पृथिवी उद्धारक	**खचरः** = आकाशमा उडेर	**भगवान्** = वराहरूप भगवान्
कठोरः = कठोर शरीरवाला	**सटा ः** = रौँहरू	**ईक्षाज्योतिः** = प्रकाशमय
खररोमशत्वक् = कडा रौँहरूले युक्त छाला हुनुभएका	**विधुन्वन्** = हल्लाउँदै	आँखाले युक्त भई
उत्क्षिप्तवालः = रौँ ठाढो पार्नुभएका	**खुराहताभ्रः** = आफ्ना खुरहरूले बादललाई तितर-वितर पर्ने	**बभासे** = अत्यन्त सुशोभित हुनुभयो
	सितदंष्ट्रः = सेता दाँत भएका	

वाक्यार्थ– पृथिवी उद्धारक कठोर शरीरवाला कडा रौँहरूले युक्त छाला हुनुभएका, रौँ ठाढो पार्नु भएका आकाशमा उडेर रौँहरू हल्लाउँदै आफ्ना खुरहरूले बादललाई तितरवितर पर्ने सेता दाँत भएका वराहरूप भगवान् प्रकाशमय आँखाले युक्त भई अत्यन्त सुशोभित हुनुभयो।

घ्राणेन पृथ्व्याः पदवीं विजिघ्रन्
क्रोडापदेशः स्वयमध्वराङ्गः।
करालदंष्ट्रोऽप्यकरालदृग्भ्या-
मुद्वीक्ष्य विप्रान् गृणतोऽविशत् कम्॥ २८॥

पदार्थ–

स्वयम् = आफैं	**घ्राणेन** = नासिकाछिद्रद्वारा	**करालदंष्ट्रः** = क्रूर लाग्ने दाह्राहरूले युक्त
अध्वराङ्गः = यज्ञपुरुष परमात्मा भए पनि	**पृथ्व्याः** = पृथिवीको	
	पदवीं = अवस्थितिलाई	**अपि** = भए पनि
क्रोडापदेशः = वराहका रूपमा	**विजिघ्रन्** = खोज्दै	**गृणतः** = स्तुति गर्ने

विप्रान् = समस्त ऋषिहरूलाई	**उद्वीक्ष्य** = हेरेर
अकरालदृग्भ्याम् = अत्यन्त शान्तदृष्टिले	**कम्** = जलभित्र
	अविशत् = प्रवेश गर्नुभयो

वाक्यार्थ– आफैँ यज्ञपुरुष परमात्मा भए पनि वराहका रूपमा नासिकाछिद्रद्वारा पृथिवीको अवस्थिति खोज्दै क्रूर लाग्ने दाह्राहरूले युक्त भए पनि स्तुति गर्ने समस्त ऋषिमण्डलीलाई अत्यन्त शान्त दृष्टिले हेरेर जलभित्र प्रवेश गर्नुभयो।

स वज्रकूटाङ्गनिपातवेग-
विशीर्णकुक्षिः स्तनयन्नुदन्वान्।
उत्सृष्टदीर्घोर्मिभुजैरिवार्त-
श्चुक्रोश यज्ञेश्वर पाहि मेति॥ २९॥

पदार्थ–

वज्रकूटाङ्गनिपातवेगविशीर्णकुक्षिः = पर्वतसमान भगवान्को शरीरको प्रहारले वक्षःस्थल फाटेको	**स्तनयन्** = मानौँ पीडायुक्त शब्द निकाली	**यज्ञेश्वर** = हे यज्ञस्वरूप प्रभो !
सः = त्यो	**उत्सृष्टदीर्घोर्मिभुजैः** = ठुलो तरङ्गरूप हातलाई फैलाई	**मा** = मलाई
उदन्वान् = समुद्रले	**आर्तः** = दुःखी	**पाहि इति** = बचाउनुहोस् भनी
	इव = झैँ भएर	**चुक्रोश** = प्रार्थना गर्‍यो

वाक्यार्थ– पर्वतसमान भगवान्को शरीरको प्रहारले वक्षःस्थल फाटेको त्यस समुद्रले मानौँ पीडायुक्त शब्द निकाली ठुलो तरङ्गरूप हातलाई फैलाई दुःखीझैँ भएर 'हे यज्ञस्वरूप प्रभो ! मलाई बचाउनुहोस्' भनी प्रार्थना गर्‍यो।

खुरैः क्षुरप्रैर्दरयंस्तदाप
उत्पारपारं त्रिपरू रसायाम्।
ददर्श गां तत्र सुषुप्सुरग्रे
यां जीवधानीं स्वयमभ्यधत्त॥ ३०॥

पदार्थ–

त्रिपरुः = यज्ञस्वरूप भगवान्ले	**उत्पारपारं** = अगाध	**दरयन्** = चिर्दै
क्षुरप्रैः = बाणसमान तीखा	**तद्** = त्यो	**रसायाम्** = रसातलमा
खुरैः = खुरहरूद्वारा	**आपः** = जलराशिलाई	

जीवधानीं = सम्पूर्ण जीवहरूको आश्रयभूत	**तत्र** = त्यहाँ	**अभ्यधत्त** = लीन गर्नुभएको थियो (त्यस्ती)
यां = जसलाई	**सुषुप्सुः** = शयन गर्न इच्छुक भगवान्	**गां** = पृथिवीलाई
अग्रे = प्रलय गर्ने समयमा	**स्वयम्** = आफैंले	**ददर्श** = देख्नुभयो

वाक्यार्थ– यज्ञस्वरूप भगवान्ले बाणसमान तीखा खुरहरूद्वारा त्यस अगाध जलराशिलाई चिर्दै रसातलमा सम्पूर्ण जीवहरूको आश्रयभूत पृथ्वी जसलाई प्रलय गर्ने समयमा त्यहाँ शयन गर्न इच्छुक भगवान् आफैंले लीन गर्नुभएको थियो त्यस्ती पृथिवीलाई देख्नुभयो।

स्वदंष्ट्रयोद्धृत्य महीं निमग्नां
स उत्थितः संरुरुचे रसायाः।
तत्रापि दैत्यं गदयापतन्तं
सुनाभसन्दीपिततीव्रमन्युः॥ ३१॥
जघान रुन्धानमसह्यविक्रमं
स लीलयेभं मृगराडिवाम्भसि।
तद्रक्तपङ्काङ्कितगण्डतुण्डो
यथा गजेन्द्रो जगतीं विभिन्दन्॥ ३२॥

पदार्थ–

निमग्नां = जलमा डुबेकी	**रुन्धानम्** = आफूलाई रोक्न खोज्ने	**सः** = वराहले
महीं = पृथिवीलाई	**असह्यविक्रमं** = अत्यन्त पराक्रमी र	**लीलया** = सजिलैसँग
स्वदंष्ट्रया = आफ्ना दाह्राद्वारा	**गदया** = गदा लिएर	**जघान** = मार्नुभयो
उद्धृत्य = निकालेर	**आपतन्तं** = प्रहार गर्न आएको	**तद्रक्तपङ्काङ्कितगण्डतुण्डः** = भगवान्को गलामा र मुखमा त्यस दैत्यको रगत लाग्नाले
रसायाः = रसातलबाट	**दैत्यं** = दैत्य हिरण्याक्षलाई	**जगतीं** = रातो माटो भएको पृथिवीलाई
उत्थितः = माथि आउनुभएका	**मृगराड् इव** = सिंहले	**विभिन्दन्** = प्रहार गर्ने
सः = भगवान्	**इभं** = हात्तीलाई (मारे) जैं	**गजेन्द्रः** = हात्ती
संरुरुचे = अत्यन्त सुशोभित हुनुभयो	**सुनाभसन्दीपिततीव्रमन्युः** = आक्रमणकारीमाथि अत्यन्त रिसाएर	**यथा** = जस्तै भगवान् पनि रातामे हुनुभयो
तत्र = त्यही		
अम्भसि = जलमा		
अपि = पनि		

वाक्यार्थ– जलमा डुबेकी पृथिवीलाई आफ्ना दाह्राद्वारा निकालेर रसातलबाट माथि आउनुभएका भगवान् अत्यन्त सुशोभित हुनुभयो। त्यही जलमा पनि आफूलाई रोक्न खोज्ने अत्यन्त पराक्रमी र गदा लिएर प्रहार गर्न आएको दैत्य हिरण्याक्षलाई सिंहले हात्तीलाई मारेझैँ आक्रमणकारीमाथि अत्यन्त रिसाएर वराहले सजिलैसँग त्यसलाई मार्नुभयो। भगवान्‌को गलामा र मुखमा रगत लाग्नाले रातो माटो भएको पृथिवीलाई प्रहार गर्ने हात्तीजस्तै उहाँ पनि राताम्मे हुनुभयो।

तमालनीलं सितदन्तकोट्या
क्ष्मामुत्क्षिपन्तं गजलीलयाङ्ग ।
प्रज्ञाय बद्धाञ्जलयोऽनुवाकै-
र्विरिञ्चिमुख्या उपतस्थुरीशम् ॥ ३३ ॥

पदार्थ–

अङ्ग = हे प्यारा विदुरजी
गजलीलया = गजराजले कमलपुष्पलाई सहसा धारण गरेझैँ
सितदन्तकोट्या = सेतो दाह्राद्वारा
क्ष्माम् = पृथिवीलाई
उत्क्षिपन्तं = माथितिर ल्याउने भगवान्‌लाई
प्रज्ञाय = जानेर
विरिञ्चिमुख्याः = ब्रह्मा आदि समस्त ऋषिहरूले
बद्धाञ्जलयः = हात जोडेर
अनुवाकैः = वेदमन्त्रहरूद्वारा
तमालनीलं = सुर्तीको पातजस्तो नीलवर्णको
ईशम् = प्रभुलाई
उपतस्थुः = स्तुति गर्नुभयो

वाक्यार्थ– हे प्यारा विदुरजी ! गजराजले कमलपुष्पलाई सहसा धारण गरेझैँ सेतो दाह्राद्वारा पृथिवीलाई माथितिर ल्याउने भगवान्‌लाई जानेर ब्रह्मा आदि समस्त ऋषिहरूले हात जोडेर वेदमन्त्रहरूद्वारा सुर्तीको पातजस्तो नीलवर्ण हुनुभएका प्रभुको स्तुति गर्नुभयो।

ऋषय ऊचुः (ऋषिहरूले भन्नुभयो)

जितं जितं तेऽजित यज्ञभावन
त्रयीं तनुं स्वां परिधुन्वते नमः ।
यद्रोमगर्तेषु निलिल्युरध्वरा-
स्तस्मै नमः कारणसूकराय ते ॥ ३४ ॥

पदार्थ–

यज्ञभावन = हे यज्ञपति
अजित = अच्युत भगवान्
ते = तपाईंको

जितं जितं = जय होस्, जय होस्	**परिधुन्वते** = कम्पित गराउँदै गर्नुभएका तपाईंलाई	**निलिल्युः** = लीन हुन्छन्
स्वां = आफ्नो	**नमः** = नमस्कार छ	**तस्मै** = त्यस्ता
त्रयीं = वेदमय	**यद्रोमगर्तेषु** = जुन प्रकारका रौँछिद्रहरूमा	**कारणसूकराय** = पृथ्वी उद्धारार्थ वराह अवतार लिने
तनुं = शरीरलाई	**अध्वराः** = यज्ञहरू	**ते** = तपाईंलाई
		नमः = नमस्कार छ

वाक्यार्थ– हे यज्ञपति अच्युत भगवान् ! तपाईंको जय होस्, जय होस् ! आफ्नो वेदमय विग्रहलाई कम्पित गराउँदै गर्नुभएका तपाईंलाई नमस्कार छ। जुन प्रकारका रौँछिद्रहरूमा यज्ञहरू लीन हुन्छन् त्यस्ता पृथ्वी उद्धारार्थ वराह अवतार लिने तपाईंलाई नमस्कार छ।

रूपं तवैतन्ननु दुष्कृतात्मनां
दुर्दर्शनं देव यदध्वरात्मकम्।
छन्दांसि यस्य त्वचि बर्हिरोम-
स्वाज्यं दृशि त्वङ्घ्रिषु चातुर्होत्रम्॥ ३५॥

पदार्थ–

देव = हे प्रभो	**दुर्दर्शनं** = देख्न नसकिने खालको छ	**आज्यं** = घिऊ अनि
तव = तपाईंको	**यस्य** = जुन प्रभुको	**अङ्घ्रिषु तु** = चार चरणमा चाहिँ
यत् = जुन	**त्वचि** = छालामा	**चातुर्होत्रम्** = यज्ञका अङ्ग आचार्य, ऋत्विक्, होता, उद्‌गाता यी चार जना रहन्छन्
अध्वरात्मकम् = यज्ञमय	**छन्दांसि** = वेदहरू	
रूपं = स्वरूप छ	**रोमसु** = रौँहरूमा	
एतत् = यो स्वरूप	**बर्हिः** = कुश,	
दुष्कृतात्मनां = दुराचारीहरूको लागि	**दृशि** = आँखामा	

वाक्यार्थ– हे प्रभो ! तपाईंको जुन यज्ञमय स्वरूप छ त्यो स्वरूप दुराचारीहरूको लागि देख्न नसकिने खालको छ। प्रभुको छालामा वेदहरू, रौँहरूमा कुश, आँखामा घिऊ अनि चार चरणमा चाहिँ यज्ञका अङ्ग आचार्य, ऋत्विक्, होता, उद्‌गाता यी चार जना रहन्छन्।

स्रक्तुण्ड आसीत् स्रुव ईश नासयो-
रिडोदरे चमसाः कर्णरन्ध्रे।
प्राशित्रमास्ये ग्रसने ग्रहास्तु ते

यच्चर्वणं ते भगवन्नग्निहोत्रम् ॥ ३६ ॥

पदार्थ–

ईश = हे प्रभो
ते = तपाईंको
तुण्डे = मुखमा
स्त्रुक् = श्रुकनामक
आसीत् = हवनीय पात्र छ
नासयोः = नासिकाछिद्रमा
स्त्रुवः = सुरो छ
उदरे = पेटमा
इडा = इडानामक द्रव्य छ
कर्णरन्ध्रे = कानको प्वालमा
चमसाः = चमस पात्र छ
भगवन् = हे प्रभो
ते = तपाईंको
यत् = जुन
चर्वणं = चपाउने क्रिया छ त्यो नै
अग्निहोत्रम् = अग्निहोत्र जस्तै छ
आस्ये = मुखमा
प्राशित्रम् = ब्रह्मभागपात्र छ
ग्रसने = मुखभित्रको प्वालमा
ग्रहाः = ग्रहहरू छन्

वाक्यार्थ– हे प्रभो ! तपाईंको मुखमा श्रुक्नामक हवनीय पात्र छ। नासिकाछिद्रमा सुरो छ, पेटमा इडानामक द्रव्य छ, कानको प्वालमा चमस पात्र छ, हे प्रभो ! तपाईंको जुन चपाउने क्रिया छ, अग्निहोत्र जस्तै छ। मुखमा ब्रह्मभागपात्र छ। मुखभित्रको प्वालमा ग्रहहरू छन्।

दीक्षानुजन्मोपसदः शिरोधरं
त्वं प्रायणीयोदयनीयदंष्ट्रः ।
जिह्वा प्रवर्ग्यस्तव शीर्षकं क्रतोः
सत्यावसथ्यं चितयोऽसवो हि ते ॥ ३७ ॥

पदार्थ–

अनुजन्म = तपाईंको बारम्बार जन्मिनु
दीक्षा = दीक्षणीय इष्टिका (यज्ञ) हो
शिरोधरं = तपाईंको घाँटी नै
उपसदः = यज्ञको लागि अन्य तीन इष्टिका हुन्
त्वं प्रायणीयोदयनीयदंष्ट्रः = दीक्षा र यज्ञसमाप्तिपछिका प्रायणीय र उदयनीय दुई इष्टिका नै तपाईंका दुई दाह्रा हुन्
क्रतोः = यज्ञस्वरूप
तव = तपाईंको
जिह्वा = जिब्रो नै
प्रवर्ग्यः = प्रवर्ग्यनामक कर्मविशेष हो
शीर्षकं = तपाईंको शिर नै
सत्यावसथ्यं = सत्य र आवसथ्य नामक होमरहित र उपासनासम्बन्धी अग्नि हुन्
हि = निश्चय नै
ते = तपाईंका
असवः = प्राण नै
चितयः = इष्टकाचयन हो

वाक्यार्थ– तपाईंको बारम्बार जन्मिनु दीक्षणीय इष्टिका (यज्ञ) हो, तपाईंको घाँटी यज्ञको लागि अन्य तीन इष्टिका हुन्। दीक्षा र यज्ञसमाप्तिपछिका प्रायणीय र उदयनीय दुई इष्टिका नै तपाईंका दुई दाह्रा हुन्। यज्ञस्वरूप तपाईंको जिब्रो नै प्रवर्ग्यनामक कर्मविशेष हो। तपाईंको शिर नै सत्य र

आवसथ्य नामक होमरहित र उपासनासम्बन्धी अग्नि हुन्। निश्चय नै तपाईंका प्राण नै इष्टकाचयन हो।

सोमस्तु रेतः सवनान्यवस्थितिः
संस्थाविभेदास्तव देव धातवः।
सत्राणि सर्वाणि शरीरसन्धि-
स्त्वं सर्वयज्ञक्रतुरिष्टिबन्धनः॥ ३८॥

पदार्थ–

देव = हे प्रभो	**धातवः** = सात धातु	**त्वं** = तपाईं
तव = तपाईंको	**संस्थाविभेदाः** = यज्ञका विभिन्न सात संस्थाहरू हुन्	**इष्टिबन्धनः** = यज्ञानुष्ठान मांसपेशी स्वरूप हुनुभएका
रेतः = वीर्य	**शरीरसन्धिः** = शरीरका जोर्नीहरू	**सर्वयज्ञक्रतुः** = सबैथरी यज्ञरूप हुनुहुन्छ
सोमः = सोम हो	**सर्वाणि** = समस्त	
अवस्थितिः = बसाई	**सत्राणि** = यज्ञ हुन्	
सवनानि = तीन सवन हुन्		
तव = तपाईंका		

वाक्यार्थ– हे प्रभो ! तपाईंको वीर्य सोम हो, बसाई तीन सवन हुन्, सात धातु यज्ञका विभिन्न सात संस्थाहरू हुन्, शरीरका जोर्नीहरू समस्त यज्ञ हुन्। तपाईं यज्ञानुष्ठान मांसपेशी स्वरूप हुनुभएका सबैथरी यज्ञरूप हुनुहुन्छ।

नमो नमस्तेऽखिलमन्त्रदेवता-
द्रव्याय सर्वक्रतवे क्रियात्मने।
वैराग्यभक्त्यात्मजयानुभावित-
ज्ञानाय विद्यागुरवे नमो नमः॥ ३९॥

पदार्थ–

अखिलमन्त्रदेवताद्रव्याय = सम्पूर्ण मन्त्र, देवता र द्रव्यस्वरूप	**नमः नमः** = बारम्बार प्रणाम छ	**विद्यागुरवे** = अद्वैत ज्ञान विद्याका आचार्यसमेत तपाईंलाई
सर्वक्रतवे = समस्त यज्ञभूत र	**वैराग्यभक्त्यात्मजयानुभावित-ज्ञानाय** = वैराग्य, भक्ति र मनको एकताद्वारा अनुभव हुने स्वरूपज्ञानभूत	**नमः नमः** = बारम्बार नमस्कार छ
क्रियात्मने = कार्यरूप		
ते = तपाईंलाई		

वाक्यार्थ– सम्पूर्ण मन्त्र, देवता र द्रव्यस्वरूप, समस्त यज्ञभूत र कार्यरूप तपाईंलाई बारम्बार प्रणाम छ। वैराग्य, भक्ति र मनको एकताद्वारा अनुभव हुने स्वरूपभूतज्ञान अद्वैत ज्ञान विद्याका आचार्यसमेत तपाईंलाई बारम्बार नमस्कार छ।

दंष्ट्राग्रकोट्या भगवंस्त्वया धृता
विराजते भूधर भूः सभूधरा।
यथा वनान्निःसरतो दता धृता
मतङ्गजेन्द्रस्य सपत्रपद्मिनी ॥ ४० ॥

पदार्थ–

यथा = जसरी	**सपत्रपद्मिनी** = पातसहितको	**दंष्ट्राग्रकोट्या** = दाह्राको
वनात् = वनबाट	कमलपुष्प (शोभित हुन्छ, त्यसै	अग्रभागले
निःसरतः = निस्किरहेको	गरी)	**धृता** = धारण गरिएकी
मतङ्गजेन्द्रस्य = गजराजको	**भूधर** = हे पृथिवी उद्धारक	**सभूधरा** = पर्वत आदिले युक्त
दता = दाह्रामा	**भगवन्** = हे प्रभु	**भूः** = पृथिवी
धृता = राखिएको	**त्वया** = तपाईंद्वारा	**विराजते** = अत्यन्त शोभित छिन्

वाक्यार्थ– जसरी वनबाट निस्किरहेको गजराजको दाह्रामा राखिएको पातसहितको कमलपुष्प शोभित हुन्छ, त्यसै गरी पृथिवीउद्धारक हे प्रभु ! तपाईंद्वारा दाह्राको अग्रभागले धारण गरिएकी पर्वत आदिले युक्त पृथिवी अत्यन्त शोभित छिन्।

त्रयीमयं रूपमिदं च सौकरं
भूमण्डलेनाथ दता धृतेन ते।
चकास्ति शृङ्गोढघनेन भूयसा
कुलाचलेन्द्रस्य यथैव विभ्रमः ॥ ४१ ॥

पदार्थ–

अथ = अथवा	**कुलाचलेन्द्रस्य** = कुलपर्वतको	**भूमण्डलेन** = पृथिवीद्वारा
यथा = जसरी	**विभ्रमः** = अतिशय शोभा हुन्छ	**इदं** = यो (वेदमय)
भूयसा = अति ठुलो	(त्यसै गरी)	**सौकरं** = वराहरूप
शृङ्गोढघनेन = मेघमाला	**ते** = तपाईंको	**च** = पनि
समूहलाई आफ्नो चुचुरोमा	**दता** = दाँतले	**चकास्ति** = अत्यन्त शोभित
धारण गर्नाले	**धृतेन** = धारण गरिएको	भइरहेको छ

वाक्यार्थ– अथवा जसरी अति ठुलो मेघमाला समूहलाई आफ्नो चुचुरोमा धारण गर्नाले कुलपर्वतको अतिशय शोभा हुन्छ, त्यसै गरी तपाईंको दाँतले धारण गरिएको पृथिवीद्वारा यो वेदमय वराहरूप पनि अत्यन्त शोभित भइरहेको छ।

संस्थापयैनां जगतां सतस्थुषां
लोकाय पत्नीमसि मातरं पिता।
विधेम चास्यै नमसा सह त्वया
यस्यां स्वतेजोऽग्निमिवारणावधाः॥ ४२॥

पदार्थ–

पिता = तपाईं पिता	**जगतां** = जगत्‌की	**अस्यै** = यी पृथिवीलाई
असि = हुनुहुन्छ (यसर्थ)	**मातरं** = माता	**च** = पनि
सतस्थुषां = चर र अचर सम्पूर्ण प्राणीहरूको	**एनां** = यी पृथिवीलाई	**नमसा** = प्रणाम
	संस्थापय = जलमाथि राख्नुहोस्	**विधेम** = गर्दछौं
लोकाय = वासस्थानको लागि	**त्वया** = तपाईं	
पत्नीम् = तपाईंकी पत्नी र	**सह** = सँगसँगै	

वाक्यार्थ– तपाईं पिता हुनहुन्छ। यसर्थ चर र अचर सम्पूर्ण प्राणीहरूको वासस्थानको लागि तपाईंकी पत्नी र जगत्‌की माता भएकी यी पृथिवीलाई जलमाथि राख्नुहोस्। तपाईं सँगसँगै पृथिवीलाई पनि प्रणाम गर्दछौं।

कः श्रद्दधीतान्यतमस्तव प्रभो
रसां गताया भुव उद्विबर्हणम्।
न विस्मयोऽसौ त्वयि विश्वविस्मये
यो माययेदं ससृजेऽतिविस्मयम्॥ ४३॥

पदार्थ–

प्रभो = हे भगवान्	**कः** = अरू कसले	**न विस्मयः** = आश्चर्यलाग्दो होइन (किनभने)
तव = तपाईंभन्दा	**श्रद्दधीत** = आँट्न सक्तछ	
अन्यतमः = बाहेक	**असौ** = पृथिवीको यो उद्धारकार्य	**यः** = जुन तपाईंले
रसां = रसातलमा		**मायया** = आफ्नो मायाशक्तिद्वारा मात्र
गतायाः = पुगेकी	**विश्वविस्मये** = विश्वका आश्चर्य भएका	
भुवः = पृथिवीको		**अतिविस्मयम्** = अत्यन्त आश्चर्यजनक
उद्विबर्हणम् = उद्धार गर्ने कार्य	**त्वयि** = तपाईंमा	

इदं = यो संसारको | **ससृजे** = रचना गर्नुभयो

वाक्यार्थ– हे भगवान् ! तपाईंबाहेक रसातलमा पुगेकी पृथिवीको उद्धार गर्ने कार्य अरू कसल आँट्न सक्तछ ? पृथिवीको यो उद्धारकार्य विश्वका आश्चर्य भएका तपाईंले आफ्नो मायाशक्तिद्वारा मात्रै पनि अत्यन्त आश्चर्यजनक यो संसारको रचना गर्नुभयो।

विधुन्वता वेदमयं निजं वपु-
र्जनस्तपःसत्यनिवासिनो वयम्।
सटाशिखोद्धूतशिवाम्बुबिन्दुभि-
र्विमृज्यमाना भृशमीश पाविताः॥ ४४॥

पदार्थ–

ईश = हे प्रभु
वेदमयं = वेदस्वरूप
निजं = आफ्नो
वपुः = शरीरलाई
विधुन्वता = तपाईंले हल्लाउँदा
सटाशिखोद्धूतशिवाम्बुबिन्दुभिः = शरीरका रौँहरूबाट झरिरहेका शीतल जलकणहरूद्वारा
विमृज्यमाना = भिजिरहेका
वयम् = हामी
जनस्तपःसत्यनिवासिनः = जन, तप र सत्यलोकमा बस्ने सम्पूर्ण ऋषिहरू
भृशम् = अत्यन्त
पाविताः = पवित्र भएका छौँ

वाक्यार्थ– हे प्रभो ! वेदस्वरूप आफ्नो शरीरलाई तपाईंले हल्लाउँदा शरीरका रौँहरूबाट झरिरहेका शीतल जलकणहरूद्वारा भिजिरहेका हामी जन, तप र सत्यलोकमा बस्ने सम्पूर्ण ऋषिहरू अत्यन्त पवित्र भएका छौँ।

स वै बत भ्रष्टमतिस्तवैष ते
यः कर्मणां पारमपारकर्मणः।
यद् योगमायागुणयोगमोहितं
विश्वं समस्तं भगवन् विधेहि शम्॥ ४५॥

पदार्थ–

अपारकर्मणः = पार पाइनसक्ने कर्म गर्नुहुने
तव = तपाईंको
कर्मणां = कर्महरूको
यः = जुन
एषः = यो सामान्य बुद्धिवाला मान्छे
पारम् = पार पाउन खोज्दछ
वै = निश्चय नै
सः = त्यो मान्छे
भ्रष्टमतिः = बुद्धि बिग्रेको हो
समस्तं = सम्पूर्ण
विश्वं = जगत्
यत् = जुन
ते = तपाईंको
योगमायागुणयोगमोहितं = योगमायाकै सत्त्व आदि गुणको कारणले यसप्रकार मोहित भइरहेको छ, त्यस्ता
भगवन् = हे प्रभो
शम् = सबैको कल्याण

विधेहि = गर्नुहोस्

वाक्यार्थ– पार पाइनसक्ने कर्म गर्नुहुने तपाईंका कर्महरूको जुन यो सामान्य बुद्धिवाला मान्छे पार पाउन खोज्दछ निश्चय नै त्यो मान्छे बुद्धि बिग्रेको हो। सम्पूर्ण जगत् जुन तपाईंको योगमायाकै सत्त्व आदि गुणको कारणले यसप्रकार मोहित भइरहेको छ, त्यस्ता हे प्रभो ! सबैको कल्याण गर्नुहोस्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

इत्युपस्थीयमानोऽसौ मुनिभिर्ब्रह्मवादिभिः।

सलिले स्वखुराक्रान्त उपाधत्तावितावनिम्॥ ४६॥

पदार्थ–

इति = यसप्रकार	**उपस्थीयमानः** = स्तुति गरिनुभएका	**स्वखुराक्रान्ते** = आफ्नो खुरले स्तम्भित गरेको
ते = ती	**अविता** = पृथिवीरक्षक	**सलिले** = जलमाथि
ब्रह्मवादिभिः = ब्रह्मनिष्ठ	**असौ** = उहाँ वराह भगवान्ले	**अवनिम्** = पृथिवीलाई
मुनिभिः = मुनिहरूद्वारा		**उपाधत्त** = स्थापित गर्नुभयो

वाक्यार्थ– यसप्रकार ती ब्रह्मनिष्ठ मुनिहरूद्वारा स्तुति गरिनुभएका पृथिवीरक्षक वराह भगवान्ले आफ्नो खुरले स्तम्भित गरेको जलमाथि पृथिवीलाई स्थापित गर्नुभयो।

स इत्थं भगवानुर्वीं विष्वक्सेनः प्रजापतिः।

रसाया लीलयोन्नीतामप्सु न्यस्य ययौ हरिः॥ ४७॥

पदार्थ–

इत्थं = यसप्रकार	**अप्सु** = जलमाथि	**विष्वक्सेनः** = विश्वक्सेन
रसायाः = रसातलबाट	**न्यस्य** = राखेर	**भगवान्** = भगवान्
लीलया = सहसा नै	**प्रजापतिः** = समस्त प्रजाहरूका मालिक	**हरिः** = हरि
उन्नीताम् = माथि ल्याइएकी	**सः** = उहाँ	**ययौ** = अन्तर्धान हुनुभयो
उर्वीं = पृथिवीलाई		

वाक्यार्थ– यसप्रकार रसातलबाट सहसा नै माथि ल्याइएकी पृथिवीलाई जलमाथि राखेर समस्त प्रजाहरूका मालिक उहाँ विश्वक्सेन भगवान् हरि अन्तर्धान हुनुभयो।

य एवमेतां हरिमेधसो हरेः

कथां सुभद्रां कथनीयमायिनः।

शृण्वीत भक्त्या श्रवयेत वोशतीं
जनार्दनोऽस्याशु हृदि प्रसीदति ॥ ४८ ॥

पदार्थ–

एवम् = यसप्रकार	**सुभद्रां** = कल्याणकारी	**श्रवयेत** = सुनाउला
हरिमेधसः = सारा पापहरूलाई नाश गर्ने	**उशतीं** = अत्यन्त प्रिय	**अस्य** = त्यस्तो व्यक्तिको
	कथां = लीलाप्रसङ्गलाई	**हृदि** = हृदयभित्र
कथनीयमायिनः = कीर्तनीय लीलामय चरित्रवाला	**यः** = जसले	**जनार्दनः** = भगवान् जनार्दन
	भक्त्या = भक्तिपूर्वक	**आशु** = चाँडै नै
हरेः = हरि भगवान्को	**शृण्वीत** = सुन्ला	**प्रसीदति** = प्रसन्न हुनुहुन्छ
एतां = पृथ्वी उद्धारसम्बन्धी	**वा** = अथवा	

वाक्यार्थ– यसप्रकार सारा पापहरूलाई नाश गर्ने कीर्तनीय लीलामय चरित्रवाला हरि भगवान्को पृथ्वी उद्धारसम्बन्धी कल्याणकारी र अत्यन्त प्रिय लीलाप्रसङ्गलाई जसले भक्तिपूर्वक सुन्ला अथवा सुनाउला त्यस्तो व्यक्तिको हृदयभित्र भगवान् जनार्दन चाँडै प्रसन्न हुनुहुन्छ।

तस्मिन् प्रसन्ने सकलाशिषां प्रभौ
किं दुर्लभं ताभिरलं लवात्मभिः।
अनन्यदृष्ट्या भजतां गुहाशयः
स्वयं विधत्ते स्वगतिं परः पराम् ॥ ४९ ॥

पदार्थ–

सकलाशिषां = सम्पूर्ण कामनाहरू (दिन)	**लवात्मभिः** = तुच्छ	**परः** = परमात्माले
	ताभिः = ती विषयभोगहरूको	**स्वयं** = आफैँ नै
प्रभौ = समर्थ	**अलं** = के आवश्यकता छ र (किनभने)	**पराम्** = दुर्लभ
तस्मिन् = उहाँ भगवान्		**स्वगतिं** = परमपद
प्रसन्ने = प्रसन्न भइसकेपछि	**अनन्यदृष्ट्या** = अनन्यभक्तिद्वारा	**विधत्ते** = प्रदान गर्नुहुन्छ
किं = के कुरा	**भजतां** = भजन गर्ने भक्तहरूको	
दुर्लभं = पाउन बाँकी रहन्छ र	**गुहाशयः** = अन्तर्यामी	

वाक्यार्थ– सम्पूर्ण कामनाहरू दिन समर्थ उहाँ भगवान् प्रसन्न भइसकेपछि के कुरा पाउन बाँकी रहन्छ र ? तुच्छ ती विषयभोगहरूको के आवश्यकता छ र ? किनभने अनन्यभक्तिद्वारा भजन गर्ने भक्तहरूलाई अन्तर्यामी परमात्माले साक्षात् नै दुर्लभ परमपद प्रदान गर्नुहुन्छ।

को नाम लोके पुरुषार्थसारवित्

पुराकथानां भगवत्कथासुधाम्।
आपीय कर्णाञ्जलिभिर्भवापहा-
महो विरज्येत विना नरेतरम्॥ ५० ॥

पदार्थ–

अहो = अहो	**भवापहाम्** = संसारको चक्र छुटाइदिने	**नरेतरम्** = पशुलाई
लोके = संसारमा	**भगवत्कथासुधाम्** = भगवान्‌को अमृतमयी कथालाई	**विना** = छोडी
पुरुषार्थसारवित् = मूल पुरुषार्थलाई जान्ने	**कर्णाञ्जलिभिः** = कानरूपी अञ्जलिद्वारा	**पुरुषार्थसारवित्** = मूल पुरुषार्थलाई जान्ने
कः नाम = कुन चाहिँ मनुष्यले	**आपीय** = एक पटक पिएर	**कः नाम** = कुनचाहिँ मनुष्य
पुराकथानां = अनादि कालदेखि प्रवर्तित भगवच्चरित्रमध्ये		**विरज्येत** = अघाउला

वाक्यार्थ– अहो ! संसारमा अनादिकालदेखि प्रवर्तित भगवच्चरित्रमध्ये संसारको चक्र छुटाइदिने भगवान्‌को अमृतमयी कथालाई कानरूपी अञ्जलिद्वारा एक पटक पिएर पशुलाई छोडी मूल पुरुषार्थलाई जान्ने कुनचाहिँ मनुष्य अघाउला र ?

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

त्रयोदशोऽध्यायः॥ १३॥

अथ चतुर्दशोऽध्यायः

दितिद्वारा गर्भधारण

श्रीशुक उवाच (शुकजीले भन्नुभयो)

निशम्य कौषारविणोपवर्णितां
हरेः कथां कारणसूकरात्मनः।
पुनः स पप्रच्छ तमुद्यताञ्जलि-
र्न चातितृप्तो विदुरो धृतव्रतः ॥ १ ॥

पदार्थ—

कौषारविणा = मैत्रेयजीद्वारा
उपवर्णितां = भनिएको
कारणसूकरात्मनः = निश्चित कारणवश वराहको अवतार लिनुभएका
हरेः = हरि भगवान्को
कथां = कथालाई
निशम्य = सुनेर
धृतव्रतः = भक्तिव्रतधारी
न अतितृप्तः = कथाले न अघाएका
सः = उहाँ
विदुरः = विदुरजीले
उद्यताञ्जलिः = हात जोडेर
पुनः = फेरि
तम् = मैत्रेयजीलाई
पप्रच्छ = सोध्नुभयो

वाक्यार्थ— मैत्रेयजीद्वारा भनिएको निश्चित कारणवश वराहको अवतार लिनुभएका हरि भगवान्को कथालाई सुनेर भक्तिव्रतधारी कथाले नअघाएका विदुरजीले हात जोडेर फेरि मैत्रेयजीलाई सोध्नुभयो।

विदुर उवाच (विदुरजीले भन्नुभयो)

तेनैव तु मुनिश्रेष्ठ हरिणा यज्ञमूर्तिना।
आदिदैत्यो हिरण्याक्षो हत इत्यनुशुश्रुम ॥ २ ॥
तस्य चोद्धरतः क्षौणीं स्वदंष्ट्राग्रेण लीलया।
दैत्यराजस्य च ब्रह्मन् कस्माद्धेतोरभून्मृधः ॥ ३ ॥

पदार्थ—

मुनिश्रेष्ठ = हे मुनिराज
यज्ञमूर्तिना = यज्ञस्वरूप
तेन = उहाँ
हरिणा = हरि भगवान्द्वारा
एव = नै
आदिदैत्यः = आदिदैत्य
हिरण्याक्षः = हिरण्याक्ष
हतः इति = मारिएको हो भन्ने
अनुशुश्रुम = सुनेका छौँ

ब्रह्मन् = हे ब्रह्मज्ञानी मैत्रेयजी
लीलया = लीलापूर्वक
स्वदंष्ट्राग्रेण = आफ्नो दाँतको अग्रभागले
क्षौणीं = पृथिवीलाई
उद्धरतः = उद्धार गर्नुहुने
तस्य = उहाँ भगवान्को र
दैत्यराजस्य च = दैत्यराज हिरण्याक्षको
कस्मात् = कुन
हेतोः = कारणले
मृधः = युद्ध
अभूत् = भयो

वाक्यार्थ– हे मुनिराज ! यज्ञस्वरूप हरि भगवान्द्वारा नै आदिदैत्य हिरण्याक्ष मारिएको हो भन्ने सुनेका छौं। पृथिवीलाई उद्धार गर्नुहुने भगवान्को र दैत्यराज हिरण्याक्षको कुन कारणले युद्ध भयो ?

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

साधु वीर त्वया पृष्टमवतारकथां हरेः ।
यत्त्वं पृच्छसि मर्त्यानां मृत्युपाशविशातनीम् ॥ ४ ॥

पदार्थ–
वीर = हे वीर विदुरजी
त्वया = तपाईंले
साधु = अत्यन्त राम्रो
पृष्टम् = प्रश्न गर्नुभयो
यत् = किनभने
त्वं = तपाईंले
मर्त्यानां = मरणशील प्राणीहरूको
मृत्युपाशविशातनीम् = मृत्युपाशलाई छुटाउने
हरेः = हरि भगवान्को
अवतारकथां = अवतारकथालाई
पृच्छसि = सोध्नुभएको छ

वाक्यार्थ– हे वीर विदुरजी ! तपाईंले अत्यन्त राम्रो प्रश्न गर्नुभयो। किनभने तपाईंले मरणशील प्राणीहरूको मृत्युपाशलाई छुटाउने हरि भगवान्को अवतारकथालाई सोध्नुभएको छ।

ययोत्तानपदः पुत्रो मुनिना गीतयार्भकः ।
मृत्योः कृत्वैव मूर्ध्न्यङ्घ्रिमारुरोह हरेः पदम् ॥ ५ ॥

पदार्थ–
मुनिना = नारदजीले
गीतया = सुनाउनुभएको
यया = जुन कथाअनुसार
उत्तानपदः = उत्तानपादको
अर्भकः = बालक
पुत्रः = छोरा ध्रुवले
मृत्योः = मृत्युको
मूर्ध्नि = टाउकोमा
अङ्घ्रिम् = चरण
कृत्वा = राखेर
हरेः = हरिको
पदम् = पद
आरुरोह = प्राप्त गरे

वाक्यार्थ– नारदजीले सुनाउनुभएको कथाअनुसार उत्तानपादका बालक छोरा ध्रुवले मृत्युको टाउकोमा चरण राखेर हरिको पद प्राप्त गरे।

अथात्रापीतिहासोऽयं श्रुतो मे वर्णितः पुरा।
ब्रह्मणा देवदेवेन देवानामनुपृच्छताम्॥ ६॥

पदार्थ–

अथ = अहिले	**देवदेवेन** = देवश्रेष्ठ	**श्रुतः** = परम्पराबाट सुनेको
अत्र = यहाँ	**ब्रह्मणा** = ब्रह्माजीले	**अयं** = यो
अपि = पनि	**पुरा** = पहिले	**इतिहासः** = हिरण्याक्षसम्बन्धी
देवानाम् = देवताहरूले	**वर्णितः** = बताउनुभएको र	इतिहास छ
अनुपृच्छताम् = प्रश्न गरेपछि	**मे** = मैले	

वाक्यार्थ– अहिले यहाँ पनि देवताहरूले प्रश्न गरेपछि देवश्रेष्ठ ब्रह्माजीले पहिले बताउनुभएको र मैले परम्पराबाट सुनेको यो हिरण्याक्षसम्बन्धी इतिहास छ।

दितिर्दाक्षायणी क्षत्तर्मारीचं कश्यपं पतिम्।
अपत्यकामा चकमे सन्ध्यायां हृच्छयार्दिता॥ ७॥

पदार्थ–

क्षत्तः = हे विदुरजी	**अपत्यकामा** = पुत्रप्राप्तिको	**मारीचं** = मरीचिपुत्र
दाक्षायणी = दक्षपुत्री	इच्छाले	**पतिम्** = आफ्ना पति
दितिः = दितिले	**हृच्छयार्दिता** = कामातुर भएर	**कश्यपं** = कश्यपलाई
	सन्ध्यायां = सन्ध्याकालमा	**चकमे** = चाहिन्

वाक्यार्थ– हे विदुरजी ! दक्षपुत्री दितिले पुत्रप्राप्तिको इच्छाले कामातुर भएर सन्ध्याकालमा मरीचिपुत्र आफ्ना पति कश्यपलाई चाहिन्।

इष्ट्वाग्निजिह्वं पयसा पुरुषं यजुषां पतिम्।
निम्लोचत्यर्क आसीनमग्न्यगारे समाहितम्॥ ८॥

पदार्थ–

यजुषां = यज्ञका	**पयसा** = खिरद्वारा	**अग्न्यगारे** = अग्निशालामा
पतिम् = पति	**इष्ट्वा** = हवन गरी	**समाहितम्** = ध्यानस्थ भई
पुरुषं = पुरुषरूप भगवान्	**अर्के** = सूर्य	**आसीनम्** = बस्नुभएको
अग्निजिह्वं = अग्निजिह्वलाई	**निम्लोचति** = अस्ताउन लाग्दा	(कश्यपजीलाई भनिन्)

वाक्यार्थ– यज्ञका पति पुरुषरूप भगवान् अग्निजिह्वलाई खिरद्वारा हवन गरी सूर्य अस्ताउन लाग्दा अग्निशालामा ध्यानस्थ भई बस्नुभएका कश्यपजीलाई दितिले भनिन्।

दितिरुवाच (दितिले भनिन्)

एष मां त्वत्कृते विद्वन् काम आत्तशरासनः।

दुनोति दीनां विक्रम्य रम्भामिव मतङ्गजः॥ ९॥

पदार्थ–

विद्वन् = हे विद्वान् कश्यप	**एषः** = यी	**विक्रम्य** = आक्रमण गरी
मतङ्गजः = हात्तीले	**कामः** = कामदेव	**त्वत्कृते** = तपाईंको लागि
रम्भाम् इव = केरालाई कुल्चेझैं	**दीनां** = दीन	**दुनोति** = बेचैन गर्दछन्
आत्तशरासनः = धनुर्धारी	**मां** = मलाई	

वाक्यार्थ– हे विद्वान् कश्यप ! हात्तीले केरालाई कुल्चेझैं धनुर्धारी यी कामदेव दीन मलाई आक्रमण गरी तपाईंको लागि बेचैन गर्दछन्।

तद्भवान् दह्यमानायां सपत्नीनां समृद्धिभिः।

प्रजावतीनां भद्रं ते मय्यायुङ्क्तामनुग्रहम्॥ १०॥

पदार्थ–

तत् = त्यसैले	**दह्यमानायां** = डढिरहेकी	**आयुङ्क्ताम्** = गर्नुहोस्
प्रजावतीनां = सन्तानयुक्त	**मयि** = ममाथि	**ते** = तपाईंको
सपत्नीनां = सौताहरूको	**भवान्** = तपाईंले	**भद्रं** = कल्याण होस्
समृद्धिभिः = भाग्यद्वारा	**अनुग्रहम्** = अनुग्रह	

वाक्यार्थ– त्यसैले सन्तानयुक्त सौताहरूको भाग्यद्वारा डढिरहेकी ममाथि तपाईंले अनुग्रह गर्नुहोस्। तपाईंको कल्याण होस्।

भर्तर्याप्तोरुमानानां लोकानाविशते यशः।

पतिर्भवद्विधो यासां प्रजया ननु जायते॥ ११॥

पदार्थ–

ननु = निश्चय नै	**जायते** = जन्मिन्छन्	**लोकान्** = लोक-लोकान्तरसम्म
यासां = जुन स्त्रीहरूको	**भर्तरि** = पतिद्वारा	**आविशते** = फैलन्छ
भवद्विधः = तपाईंजस्तो	**आप्तोरुमानानां** = सम्मानित हुने त्यस्ताको नै	
पतिः = पति	**यशः** = कीर्ति	
प्रजया = सन्तानको रूपमा		

वाक्यार्थ– निश्चय नै जुन स्त्रीहरूको तपाईंजस्तो पति सन्तानको रूपमा जन्मिन्छन्, पतिद्वारा सम्मानित हुने त्यस्ताको नै कीर्ति लोक लोकान्तरसम्म फैलन्छ।

पुरा पिता नो भगवान् दक्षो दुहितृवत्सलः ।

कं वृणीत वरं वत्सा इत्यपृच्छत नः पृथक् ॥ १२ ॥

पदार्थ–

पुरा = पहिले	**दक्षः** = दक्षजीले	**नः** = हामीलाई
दुहितृवत्सलः = पुत्रीमा प्रेम गर्ने	**वत्साः** = हे पुत्री हो	**पृथक्** = छुट्टाछुट्टै
नः = हाम्रा	**कं** = कुनचाहिँ	**अपृच्छत** = सोध्नुभयो
पिता = पिता	**वरं** = वरलाई	
भगवान् = भगवान्	**वृणीत इति** = चाहन्छौ भनी	

वाक्यार्थ– पहिले पुत्रीमा प्रेम गर्ने हाम्रा पिता भगवान् दक्षजीले हे पुत्री हो ! कुनचाहिँ वरलाई चाहन्छौ भनी हामीलाई छुट्टाछुट्टै सोध्नुभयो।

स विदित्वात्मजानां नो भावं सन्तानभावनः ।

त्रयोदशाददात्तासां यास्ते शीलमनुव्रताः ॥ १३ ॥

पदार्थ–

सन्तानभावनः = सन्तानको कल्याण गर्ने	**भावं** = अभिप्रायलाई	**याः** = जुन स्त्रीहरूले
सः = दक्षले	**विदित्वा** = बुझेर	**ते** = तपाईंको
नः = हामी	**तासां** = आफ्ना पुत्रीमध्ये	**शीलम्** = स्वभावलाई
आत्मजानां = पुत्रीहरूको	**त्रयोदश** = तेह्रजना	**अनुव्रताः** = अनुकरण गरेका थिए
	अददात् = दिनुभयो	

वाक्यार्थ– सन्तानको कल्याण गर्ने दक्षजीले हामी पुत्रीहरूको अभिप्रायलाई बुझेर आफ्ना पुत्रीमध्ये तेह्रजना तपाईंलाई दिनुभयो, जुन स्त्रीहरूले तपाईंको स्वभावलाई अनुकरण गरेका थिए।

अथ मे कुरु कल्याणं कामं कमललोचन ।

आर्तोपसर्पणं भूमन्नमोघं हि महीयसि ॥ १४ ॥

पदार्थ–

अथ = त्यसकारणले	**मे** = मेरो	**हि** = निश्चय नै
कमललोचन = कमलनयन	**कामं** = इच्छा	**महीयसि** = महापुरुषको
कल्याणं = कल्याणकारक कश्यप	**कुरु** = पुऱ्याउनुहोस्	**आर्तोपसर्पणं** = शरणमा आउनु
	भूमन् = हे पतिदेव	**अमोघं** = निष्फल हुँदैन

वाक्यार्थ– त्यसकारणले कमलनयन ! कल्याणकारक कश्यप मेरो इच्छा पुऱ्याउनुहोस्। हे पतिदेव ! निश्चय नै महापुरुषको शरणमा आउनु निष्फल हुँदैन।

इति तां वीर मारीचः कृपणां बहुभाषिणीम्।
प्रत्याहानुनयन् वाचा प्रवृद्धानङ्गकश्मलाम्॥ १५॥

पदार्थ–

वीर = हे वीर विदुरजी	**कृपणां** = अत्यन्त व्यग्र र	**वाचा** = वाणीले
इति = यसप्रकार	**बहुभाषिणीम्** = अधिक बोल्ने	**अनुनयन्** = अनुनय गर्दै
प्रवृद्धानङ्गकश्मलाम् = कामपीडा अत्यन्त बढेकाले	**तां** = ती दितिलाई	**प्रत्याह** = उत्तर दिनुभयो
	मारीचः = मरीचिपुत्र कश्यपले	

वाक्यार्थ– हे वीर विदुरजी ! यसप्रकार कामपीडा अत्यन्त बढेकाले अत्यन्त व्यग्र र अधिक बोल्ने दितिलाई मरीचिपुत्र कश्यपले वाणीले अनुनय गर्दै उत्तर दिनुभयो।

एष तेऽहं विधास्यामि प्रियं भीरु यदिच्छसि।
तस्याः कामं न कः कुर्यात् सिद्धिस्त्रैवर्गिकी यतः॥ १६॥

पदार्थ–

भीरु = हे भयशील दिति	**इच्छसि** = चाहन्छ्यौ	**सिद्धिः** = सिद्धि हुन्छ
एषः अहं = यो म	**विधास्यामि** = त्यो काम गर्नेछु	**तस्याः** = त्यस्ती पत्नीको
ते = तिम्रो	**यतः** = जसबाट	**कामं** = इच्छा
प्रियं = मनपर्दो	**त्रैवर्गिकी** = धर्म, अर्थ र कामरूप	**कः** = कसले
यत् = जे		**न कुर्यात्** = पूर्ण नगर्ला

वाक्यार्थ– हे भयशील दिति ! म तिम्रो मनपर्दो जे चाहन्छ्यौ यो काम गर्नेछु। जसबाट धर्म, अर्थ र कामरूप सिद्धि हुन्छ त्यस्ती पत्नीको इच्छा कसले पूर्ण नगर्ला र ?

सर्वाश्रमानुपादाय स्वाश्रमेण कलत्रवान्।
व्यसनार्णवमत्येति जलयानैर्यथार्णवम्॥ १७॥

पदार्थ–

यथा = जसरी	**स्वाश्रमेण** = आफ्नो गृहस्थाश्रमद्वारा	**व्यसनार्णवम्** = दुःखरूप समुद्रलाई
जलयानैः = जहाजद्वारा	**सर्वाश्रमान्** = सम्पूर्ण अरू आश्रमलाई	**अत्येति** = तर्दछ
अर्णवम् = समुद्रपारि गइन्छ त्यसै गरी	**उपादाय** = आश्रय दिएर	
कलत्रवान् = पत्नीयुक्त पति पनि		

वाक्यार्थ– जसरी जहाजद्वारा समुद्रपारि गइन्छ त्यसै गरी पत्नीयुक्त पति पनि आफ्नो गृहस्थाश्रमद्वारा सम्पूर्ण अरू आश्रमलाई आश्रय दिएर दुःखरूप समुद्रलाई तर्दछ।

यामाहुरात्मनो ह्यर्धं श्रेयस्कामस्य मानिनि ।
यस्यां स्वधुरमध्यस्य पुमांश्चरति विज्वरः ॥ १८ ॥

पदार्थ–

मानिनि = हे दिति	**आहुः** = भन्दछन्	**अध्यस्य** = राखेर
याम् = जुन पत्नीलाई	**हि** = निश्चय नै	**पुमान्** = पुरुष
आत्मनः = आफ्नो	**यस्यां** = जुन पत्नीमा	**विज्वरः** = दुःखविना
श्रेयस्कामस्य = श्रेय चाहने	**स्वधुरम्** = आफ्नो गृहस्थी भारलाई	**चरति** = बाँच्दछ
अर्धं = आधा अङ्ग		

वाक्यार्थ– हे दिति ! जुन पत्नीलाई आफ्नो श्रेय चाहने आधा अङ्ग भन्दछन् निश्चय नै जुन पत्नीमा आफ्नो गृहस्थी भारलाई राखेर पुरुष दुःखविना बाँच्दछ।

यामाश्रित्येन्द्रियारातीन् दुर्जयानितराश्रमैः ।
वयं जयेम हेलाभिर्दस्यून् दुर्गपतिर्यथा ॥ १९ ॥

पदार्थ–

यथा = जसरी	**याम्** = जुन पत्नीलाई	**इन्द्रियारातीन्** = इन्द्रियरूपी शत्रुहरूलाई
दुर्गपतिः = किल्लाको स्वामी	**आश्रित्य** = साथ लिएर	**वयं** = हामीहरू
दस्यून् = शत्रुहरूलाई	**इतराश्रमैः** = अरू आश्रमद्वारा	**जयेम** = जित्दछौँ
हेलाभिः = सुगमतापूर्वक जित्दछ त्यसै गरी	**दुर्जयान्** = जित्न कठिन	

वाक्यार्थ– जसरी किल्लाको स्वामी शत्रुहरूलाई सुगमतापूर्वक जित्दछ त्यसै गरी जुन पत्नीलाई साथ लिएर अरू आश्रमद्वारा जित्न कठिन इन्द्रियरूपी शत्रुहरूलाई हामीहरू जित्दछौँ।

न वयं प्रभवस्तां त्वामनुकर्तुं गृहेश्वरि ।
अप्यायुषा वा कात्स्न्येन ये चान्ये गुणगृध्नवः ॥ २० ॥

पदार्थ–

गृहेश्वरि = हे गृहस्वामिनी	**गुणगृध्नवः** = गुणग्राही मानिस छन् तिनीहरूले समेत	**कात्स्न्येन** = पूरा
वयं = हामीहरू र	**तां** = त्यस्ती प्यारी पत्नी	**आयुषा** = आयुभरि
अन्ये = अरू	**त्वाम्** = तिमीलाई	**अपि** = पनि
ये च = जति पनि	**अनुकर्तुं** = प्रत्युपकार गर्न	**न प्रभवः** = सक्दैनौँ

वाक्यार्थ– हे गृहस्वामिनी ! हामीहरू र अरू जति पनि गुणग्राही मानिस छन् तिनीहरूले समेत यस्ती प्यारी पत्नी तिमीलाई प्रत्युपकार गर्न पूरा आयुभरि पनि सक्दैनौं।

अथापि काममेतं ते प्रजात्यै करवाण्यलम्।
यथा मां नातिरोचन्ति मुहूर्तं प्रतिपालय॥ २१॥

पदार्थ–

प्रजात्यै = सन्ततिको लागि	**करवाणि** = बनाउनेछु	**यथा** = जसले गर्दा लोकले
एतं = यो	**अथ** = तर	**मां** = मलाई
ते = तिम्रो	**अपि** = पनि	**न अतिरोचन्ति** = निन्दा गर्दैनन्
कामम् = इच्छालाई	**मुहूर्तं** = केही समय	
अलम् = पूर्ण	**प्रतिपालय** = पर्ख	

वाक्यार्थ– सन्ततिको लागि यो तिम्रो इच्छालाई पूर्ण बनाउनेछु तर पनि केही समय पर्ख जसले गर्दा लोकले मलाई निन्दा गर्दैनन्।

एषा घोरतमा वेला घोराणां घोरदर्शना।
चरन्ति यस्यां भूतानि भूतेशानुचराणि ह॥ २२॥

पदार्थ–

ह = निश्चय नै	**घोरदर्शना** = घोरदृष्टियुक्त	**भूतेशानुचराणि** = शङ्करका
एषा = यो	**घोराणां** = घोर राक्षसहरूको हो	अनुचर
वेला = समय	**यस्यां** = जुन वेलामा	**भूतानि** = विभिन्न गणहरू
घोरतमा = घोरतम र		**चरन्ति** = भ्रमण गर्दछन्

वाक्यार्थ– निश्चय नै यो समय घोरतम र घोरदृष्टियुक्त घोर राक्षसहरूको हो। जुन वेलामा शङ्करका अनुचर विभिन्न गणहरू भ्रमण गर्दछन्।

एतस्यां साध्वि सन्ध्यायां भगवान् भूतभावनः।
परीतो भूतपर्षद्भिर्वृषेणाटति भूतराट्॥ २३॥

पदार्थ–

साध्वि = हे पतिप्रिये	**परीतः** = घेरिएका	**वृषेण** = साँढेमाथि चढी
एतस्यां = यो	**भूतभावनः** = प्राणीमाथि दया	**अटति** = घुम्नुहुन्छ
सन्ध्यायां = सन्ध्याकालमा	गर्ने	
भूतपर्षद्भिः = आफ्ना	**भूतराट्** = भूतपति	
भूतगणहरूद्वारा	**भगवान्** = भगवान्	

वाक्यार्थ– हे पतिप्रिये यो सन्ध्याकालमा आफ्ना भूतगणहरूद्वारा घेरिएका प्राणीमाथि दया गर्ने भूतपति भगवान् साँढेमाथि चढी घुम्नुहुन्छ।

श्मशानचक्रानिलधूलिधूम्र-
विकीर्णविद्योतजटाकलापः।
भस्मावगुण्ठामलरुक्मदेहो
देवस्त्रिभिः पश्यति देवरस्ते॥ २४॥

पदार्थ–

श्मशानचक्रानिलधूलिधूम्र-विकीर्णविद्योतजटाकलापः = स्मशान भूमिको चक्रवातबाट उडेको धूलोले ढाकिएर जटाजूट शोभित हुनुभएका	**भस्मावगुण्ठामलरुक्मदेहः** = गौर शरीरमा भस्म लगाउने **ते** = तिम्रा **देवरः** = देवर **देवः** = महादेवजी	**त्रिभिः** = सूर्य, चन्द्र र अग्निनेत्रबाट **पश्यति** = सबैथोक देख्नुहुन्छ

वाक्यार्थ– स्मशानभूमिको चक्रवातबाट उडेको धूलोले ढाकिएर जटाजूट शोभित हुनुभएका गौर शरीरमा भस्म लगाउने तिम्रा देवर महादेवजी सूर्य, चन्द्र र अग्निनेत्रबाट सबैथोक देख्नुहुन्छ।

टिप्पणी– महादेवजी र कश्यपजीले दिदीबहिनी विवाह गरेका कारण कश्यपजीले महादेवजीलाई भाइ भन्ने सङ्केत गर्नका लागि दितिलाई देवरको रूपमा महादेवजीलाई चिनाउनुभएको हो।

न यस्य लोके स्वजनः परो वा
नात्यादृतो नोत कश्चिद्विगर्ह्यः।
वयं व्रतैर्यच्चरणापविद्धा-
माशास्महेऽजां बत भुक्तभोगाम्॥ २५॥

पदार्थ–

यस्य = जुन प्रभुको **लोके** = संसारमा **स्वजनः** = आफन्त **वा** = अथवा **परः** = पराइ **न** = छैन	**न अत्यादृतः** = न त अतिआदरको पात्र छ **उत** = अथवा **कश्चित्** = कोही **न विगर्ह्यः** = हेलाँयोग्य पनि छैन	**यच्चरणापविद्धाम्** = जुन प्रभुको चरणद्वारा फालिएकी **भुक्तभोगाम्** = भोगिइसकेकी **अजां** = मायालाई **वयं** = हामीजस्ताले **व्रतैः** = विभिन्न व्रतद्वारा

आशास्महे = पाउन सक्दछौँ

वाक्यार्थ– जुन प्रभुको संसारमा आफन्त अथवा पराइ छैन, न त अतिआदरको पात्र छ यस्तै कोही हेलाँयोग्य पनि छैन। जुन प्रभुको चरणद्वारा फालिएकी एवं भोगिइसकेकी मायालाई हामीजस्ताले विभिन्न व्रतद्वारा पाउन सक्दछौँ।

यस्यानवद्याचरितं मनीषिणो
गृणन्त्यविद्यापटलं बिभित्सवः।
निरस्तसाम्यातिशयोऽपि यत् स्वयं
पिशाचचर्यामचरद्गतिः सताम्॥ २६॥

पदार्थ–

अविद्यापटलं = अविद्याग्रन्थिलाई	**गृणन्ति** = ग्रहण गर्दछन्	**अपि** = भए पनि
बिभित्सवः = भेदन गर्न खोज्ने	**सताम्** = सज्जनहरूद्वारा	**स्वयं** = आफै नै
मनीषिणः = बुद्धिमान्हरूले	**गतिः** = आश्रयणीय	**पिशाचचर्याम्** = पिशाचजस्तो
यस्य = जुन भगवान्को	जुन प्रभुले	बनी
अनवद्याचरितं = निर्मल	**निरस्तसाम्यातिशयः** = थोरै र	**अचरत्** = हिँड्नुभयो
चरित्रलाई	धेरै भन्ने भावलाई हटाएको भए	

वाक्यार्थ– अविद्याग्रन्थिलाई भेदन गर्न खोज्ने बुद्धिमान्हरूले जुन भगवान्को निर्मल चरित्रलाई ग्रहण गर्दछन् सज्जनहरूद्वारा आश्रयणीय जो प्रभुले थोरै र धेरै भन्ने भावलाई हटाएको भए पनि आफैँ नै पिशाचजस्तो बनी हिँड्नुभयो।

हसन्ति यस्याचरितं हि दुर्भगाः
स्वात्मन् रतस्याविदुषः समीहितम्।
यैर्वस्त्रमाल्याभरणानुलेपनैः
श्वभोजनं स्वात्मतयोपलालितम्॥ २७॥

पदार्थ–

स्वात्मन् = आफैँमा	**दुर्भगाः** = अभागीहरू	**वस्त्रमाल्याभरणानुलेपनैः** =
रतस्य = रमाउने	**यस्य** = जुन प्रभुको	कपडा, माला, गहना र
यस्य = जुन भगवान्को	**आचरितं** = आचरणमाथि	चन्दनादिद्वारा
समीहितम् = चेष्टालाई	**हसन्ति** = हाँसो गर्छन्	**श्वभोजनं** = कुक्कुरको
अविदुषः = बुझ्न नसक्ने	**यैः** = जो अभागीहरूद्वारा	आहारलाई

स्वात्मतया = आफैं हुँ भनी	**उपलालितम्** = सेवा गरिएको छ

वाक्यार्थ– आफैंमा रमाउने जुन भगवान्को चेष्टालाई बुझ्न नसक्ने अभागीहरू जुन प्रभुको आचरणमाथि हाँसो गर्छन्। अनि जो अभागीहरूद्वारा कपडा, माला, गहना र चन्दनादिद्वारा कुक्कुरको आहारलाई आफैं हुँ भनी सेवा गरिएको छ।

ब्रह्मादयो यत्कृतसेतुपाला
यत्कारणं विश्वमिदं च माया।
आज्ञाकरी यस्य पिशाचचर्या
अहो विभूम्नश्चरितं विडम्बनम्॥ २८॥

पदार्थ–

यत्कृतसेतुपालाः = जुन प्रभुको धर्ममर्यादालाई पालन गर्ने	**यत्कारणं** = जुन प्रभुकै कार्य हो अनि	**पिशाचचर्या** = पिशाचवृत्ति छ
ब्रह्मादयः = ब्रह्मा आदि लोकपालहरू	**माया** = माया	**अहो** = अहो
इदं = यो	**च** = पनि	**विभूम्नः** = व्यापक परमात्माको
विश्वम् = जगत्	**आज्ञाकरी** = आज्ञा मान्दछिन्	**चरितं** = आचरण
	यस्य = त्यस्ता प्रभुको	**विडम्बनम्** = अद्भुत छ

वाक्यार्थ– जुन प्रभुको धर्ममर्यादालाई पालन गर्ने ब्रह्मा आदि लोकपालहरू छन्, यो जगत् जुन प्रभुकै कार्य हो अनि माया पनि उहाँकै आज्ञा मान्दछिन्, त्यस्ता प्रभुको पनि पिशाचवृत्ति छ। अहो ! व्यापक परमात्माको आचरण अद्भुत छ।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

सैवं संविदिते भर्त्रा मन्मथोन्मथितेन्द्रिया।
जग्राह वासो ब्रह्मर्षेर्वृषलीव गतत्रपा॥ २९॥

पदार्थ–

भर्त्रा = पतिले	**मन्मथोन्मथितेन्द्रिया** = कामाहत इन्द्रियवाली	**वृषली इव** = वेश्याले झैं
एवं = यसप्रकार	**सा** = तिनी दितिले	**ब्रह्मर्षेः** = कश्यपजीको
संविदिते = सम्झाए पनि	**गतत्रपा** = लज्जाहीन	**वासः** = कपडा
		जग्राह = समातिन्

वाक्यार्थ– पतिले यसप्रकार सम्झाए पनि कामाहत इन्द्रियवाली दितिले लज्जाहीन वेश्याले झैं कश्यपजीको कपडा समातिन्।

स विदित्वाथ भार्यायास्तं निर्बन्धं विकर्मणि ।

नत्वा दिष्टाय रहसि तयाथोपविवेश हि ॥ ३० ॥

पदार्थ–

अथ = त्यसपछि	**निर्बन्धं** = आग्रहलाई	**रहसि** = एकान्तमा
सः = कश्यपजीले	**विदित्वा** = थाहा पाएर	**तया** = पत्नीसँग
भार्यायाः = पत्नीको	**अथ** = अनि	**उपविवेश** = समागम गर्नुभयो
विकर्मणि = दुष्कर्ममा	**दिष्टाय** = भाग्यलाई	
तं = त्यो उनको	**नत्वा** = नमस्कार गरेर	

वाक्यार्थ– त्यसपछि कश्यपजीले पत्नीको दुष्कर्ममा उनको आग्रहलाई थाहा पाएर भाग्यलाई नमस्कार गरेर एकान्तमा पत्नीसँग समागम गर्नुभयो ।

अथोपस्पृश्य सलिलं प्राणानायम्य वाग्यतः ।

ध्यायञ्जजाप विरजं ब्रह्म ज्योतिः सनातनम् ॥ ३१ ॥

पदार्थ–

अथ = अनि	**प्राणान् आयम्य** = प्राणायाम गरी	**सनातनम्** = नित्य
सलिलं = जल	**वाग्यतः** = वाणीलाई पनि नियन्त्रण गरी	**ज्योतिः** = ज्योतिःस्वरूप
उपस्पृश्य = स्पर्श (आचमन) गरी	**विरजं** = मलहीन	**ब्रह्म** = ब्रह्मलाई
		ध्यायन् = ध्यान गर्दै
		जजाप = जप गर्नुभयो

वाक्यार्थ– अनि आचमन, प्राणायाम एवं वाणीलाई पनि नियन्त्रण गरी मलहीन नित्य ज्योतिःस्वरूप ब्रह्मलाई ध्यान गर्दै जप गर्नुभयो ।

दितिस्तु व्रीडिता तेन कर्मावद्येन भारत ।

उपसङ्गम्य विप्रर्षिमधोमुख्यभ्यभाषत ॥ ३२ ॥

पदार्थ–

भारत = हे विदुर	**कर्मावद्येन** = निन्दनीय कर्मद्वारा	**उपसङ्गम्य** = नजिकै पुगेर
दितिः = दिति	**व्रीडिता** = लजाउँदै	**अभ्यभाषत** = भनिन्
तु = चाहिँ	**अधोमुखी** = शिर झुकाई	
तेन = त्यस	**विप्रर्षिम्** = कश्यपको	

वाक्यार्थ– हे विदुर ! दितिचाहिँ त्यस निन्दनीय कर्मद्वारा लजाउँदै शिर झुकाई कश्यपको नजिकै पुगेर भनिन् ।

दितिरुवाच (दितिले भनिन्)

न मे गर्भमिमं ब्रह्मन् भूतानामृषभोऽवधीत्।

रुद्रः पतिर्हि भूतानां यस्याकरवमंहसम्॥ ३३॥

पदार्थ–

ब्रह्मन् = हे कश्यपजी	**ऋषभः** = स्वामी रुद्रले	**पतिः** = पति हुनुहुन्छ
मे = मेरो	**न अवधीत्** = न मारून्	**यस्य** = जुन प्रभुको
इमं = यो	**हि** = निश्चय नै	**अंहसम्** = अपराध
गर्भम् = गर्भलाई	**रुद्रः** = रुद्र भगवान्	**अकरवम्** = गरेँ
भूतानाम् = प्राणीहरूका	**भूतानां** = प्राणीका	

वाक्यार्थ– हे कश्यपजी ! मेरो यो गर्भलाई प्राणीहरूका स्वामी रुद्रले नमारून् निश्चय नै रुद्र भगवान् प्राणीका पति हुनुहुन्छ। जुन प्रभुको मैले अपराध गरेँ।

नमो रुद्राय महते देवायोग्राय मीढुषे।

शिवाय न्यस्तदण्डाय धृतदण्डाय मन्यवे॥ ३४॥

पदार्थ–

उग्राय = अलङ्घनीय	**धृतदण्डाय** = दुष्टहरूलाई दण्ड दिने	**महते देवाय** = महादेवलाई
मीढुषे = फलदाता	**मन्यवे** = संहारका लागि क्रोधमूर्ति	**नमः** = नमस्कार छ
शिवाय = कल्याणरूप	**रुद्राय** = रुद्रस्वरूप	
न्यस्तदण्डाय = सत्पुरुषको लागि दण्डरहित तर		

वाक्यार्थ– अलङ्घनीय फलदाता कल्याणरूप, सत्पुरुषको लागि दण्डरहित तर दुष्टहरूलाई दण्ड दिने, संहारका लागि क्रोधमूर्ति रुद्रस्वरूप महादेवलाई नमस्कार छ।

स नः प्रसीदतां भामो भगवानुर्वनुग्रहः।

व्याधस्याप्यनुकम्प्यानां स्त्रीणां देवः सतीपतिः॥ ३५॥

पदार्थ–

व्याधस्य = दुष्टहरूद्वारा	**नः** = हाम्रा	**सः** = उहाँ
अपि = पनि	**भामः** = दिदीका पति	**भगवान्** = भगवान् रुद्र
अनुकम्प्यानां = माया गरिन योग्य	**उर्वनुग्रहः** = अति कल्याणकारी	**नः** = हामीमाथि
स्त्रीणां = हामी स्त्रीहरूमा	**सतीपतिर्देवः** = मेरी दिदी सतीका पति	**प्रसीदतां** = प्रसन्न हुनुहोस्

वाक्यार्थ– दुष्टहरूद्वारा पनि माया गरिन योग्य हामी स्त्रीहरूमा हाम्रा दिदीका पति अति कल्याणकारी मेरी दिदी सतीका पति भगवान् रुद्र हामीमाथि प्रसन्न हुनुहोस्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

स्वसर्गस्याशिषं लोक्यामाशासानां प्रवेपतीम्।

निवृत्तसन्ध्यानियमो भार्यामाह प्रजापतिः॥ ३६॥

पदार्थ–

स्वसर्गस्य = आफ्नो सन्ततिको
लोक्याम् = ऐहलौकिक र पारलौकिक
आशिषं = आशीर्वाद
आशासानां = आशा गरिरहेकी
प्रवेपतीम् = थर्थर काँपिरहेकी
भार्याम् = आफ्नी पत्नीलाई
निवृत्तसन्ध्यानियमः = सन्ध्या नियमबाट निवृत्त भएका
प्रजापतिः = कश्यपले
आह = भन्नुभयो

वाक्यार्थ– आफ्नो सन्ततिको ऐहलौकिक र पारलौकिक आशीर्वाद आशा गरिरहेकी र थर्थर काँपिरहेकी आफ्नी पत्नीलाई सन्ध्या-नियमबाट निवृत्त भएका कश्यपजीले भन्नुभयो।

कश्यप उवाच (कश्यपजीले भन्नुभयो)

अप्रायत्यादात्मनस्ते दोषान् मौहूर्तिकादुत।

मन्निदेशातिचारेण देवानां चातिहेलनात्॥ ३७॥

भविष्यतस्तवाभद्रावभद्रे जाठराधमौ।

लोकान् सपालांस्त्रींश्चण्डि मुहुराक्रन्दयिष्यतः॥ ३८॥

पदार्थ–

ते = तिम्रो
आत्मनः = अन्तःकरणको
अप्रायत्यात् = कामवासनाद्वारा भएको मलिनताको कारणले
उत = अनि
मौहूर्तिकात् = मुहूर्तगत
दोषान् = दोषको कारणले
मन्निदेशातिचारेण = मेरो निषेधको अवज्ञाले
देवानां च = देवताहरूको
च = पनि
अतिहेलनात् = हेलाँ भएकै कारणले
अभद्रे = अमङ्गलमयी
चण्डि = हे चण्डी
तव = तिम्रा
अभद्रौ = दुष्ट
जाठराधमौ = दुई अधम पुत्रहरू
भविष्यतः = हुनेछन् र
सपालान् = लोकपालसहित
त्रीन् = तीन
लोकान् = लोकहरूलाई
मुहुः = बारम्बार
आक्रन्दयिष्यतः = आक्रान्त पार्नेछन्

वाक्यार्थ– तिम्रो अन्तःकरणको कामवासनाद्वारा भएको मलिनता, मुहूर्तगत दोष, मेरो निषेध र देवताहरूको हेलाँ भएको कारणले अमङ्गलमयी हे चण्डी ! तिम्रा दुई दुष्ट अधम पुत्रहरू हुनेछन् र लोकपालसहित तीन लोकहरूलाई तिनीहरूले बारम्बार आक्रान्त पार्नेछन्।

प्राणिनां हन्यमानानां दीनानामकृतागसाम्।
स्त्रीणां निगृह्यमाणानां कोपितेषु महात्मसु ॥ ३९ ॥
तदा विश्वेश्वरः क्रुद्धो भगवांल्लोकभावनः।
हनिष्यत्यवतीर्यासौ यथाद्रीन् शतपर्वधृक् ॥ ४० ॥

पदार्थ–

अकृतागसाम् = निरपराध	**महात्मसु** = महात्माहरू	**अवतीर्य** = अवतार लिई
दीनानाम् = दीनहीन	**कोपितेषु** = कुपित हुन थालेपछि	**यथा** = जसरी
प्राणिनां = प्राणीहरूको	**तदा** = त्यस वेला	**शतपर्वधृक्** = इन्द्रले
हन्यमानानां = हत्या गर्न थालेपछि	**लोकभावनः** = सारालाई कल्याण गर्ने	**अद्रीन्** = पर्वतको नाश गरेका थिए (त्यसै गरी)
स्त्रीणां = स्त्रीहरूको	**विश्वेश्वरः** = संसारका मालिक	**असौ** = उहाँले पनि
निगृह्यमाणानां = निग्रह गर्न थालेपछि	**भगवान्** = भगवान् परमात्मा	**हनिष्यति** = दुष्टलाई मार्नुहुनेछ
	क्रुद्धः = रिसाएर	

वाक्यार्थ– निरपराध, दीनहीन प्राणीहरूको हत्या गर्न थालेपछि स्त्रीहरूको निग्रह गर्न थालेपछि महात्माहरू कुपित हुन थालेपछि सारालाई कल्याण गर्ने संसारका मालिक भगवान् परमात्मा रिसाएर अवतार लिई इन्द्रले पर्वतको नाश गरेझैं दुष्टलाई मार्नुहुनेछ।

दितिरुवाच (दितिले भनिन्)

वधं भगवता साक्षात् सुनाभोदारबाहुना।
आशासे पुत्रयोर्मह्यं मा क्रुद्धाद् ब्राह्मणाद् प्रभो ॥ ४१ ॥

पदार्थ–

मह्यं = मेरा	**सुनाभोदारबाहुना** = चक्रपाणि	**प्रभो** = हे कश्यपजी
पुत्रयोः = पुत्रहरूको	**साक्षात्** = साक्षात्	**क्रुद्धात्** = रिसाएका
वधं = अन्त्य	**भगवता** = भगवान्बाट नै	**ब्राह्मणात्** = ब्राह्मणबाट
	आशासे = चाहन्छु	**मा** = नहोस्

वाक्यार्थ– मेरा पुत्रहरूको अन्त्य चक्रपाणि साक्षात् भगवान्बाट नै होस् भन्ने चाहन्छु। हे कश्यपजी ! रिसाएका ब्राह्मणबाट नहोस्।

न ब्रह्मदण्डदग्धस्य न भूतभयदस्य च।

नारकाश्चानुगृह्णन्ति यां यां योनिमसौ गतः॥ ४२॥

पदार्थ–

ब्रह्मदण्डदग्धस्य = ब्राह्मणश्रापबाट मर्नेको र	**न** = कल्याण हुँदैन	**नारकाः** = नारकीय जीवहरूले
भूतभयदस्य = प्राणीलाई भय दिनेको	**असौ** = त्यस्तो मान्छे	**च** = पनि
च = पनि	**यां यां** = जुन-जुन	**न अनुगृह्णन्ति** = अनुग्रह गर्दैनन्
	योनिम् = योनिमा	
	गतः = जान्छ (त्यसलाई)	

वाक्यार्थ– ब्राह्मणश्रापबाट मर्नेको र प्राणीलाई भय दिनेको पनि कल्याण हुँदैन। त्यस्तो मान्छे जुन-जुन योनिमा जान्छ त्यसलाई नारकीय जीवहरूले पनि अनुग्रह गर्दैनन्।

कश्यप उवाच (कश्यपजीले भन्नुभयो)

कृतशोकानुतापेन सद्यः प्रत्यवमर्शनात्।

भगवत्युरुमानाच्च भवे मय्यपि चादरात्॥ ४३॥

पुत्रस्यैव च पुत्राणां भवितैकः सतां मतः।

गास्यन्ति यद्यशः शुद्धं भगवद्यशसा समम्॥ ४४॥

पदार्थ–

कृतशोकानुतापेन = आफ्नो काममा शोक र पश्चात्ताप भएकाले	**भवे** = शङ्करजी	**मतः** = मान्ने व्यक्ति
सद्यः = तत्काल नै	**अपि** = र	**भविता** = हुनेछ
प्रत्यवमर्शनात् = उचित अनुचित विवेक भएकाले	**मयि** = म (कश्यप)मा	**यत्** = जुन
भगवति = भगवान्को	**आदरात्** = आदरबुद्धि भएकाले	**शुद्धं** = तिम्रा नातिको शुद्ध
उरुमानात् = धेरै मान गरेकाले	**पुत्रस्य** = तिम्रो छोराका	**यशः** = कीर्तिलाई
	पुत्राणां = छोराहरूमध्ये	**भगवद्यशसा** = भगवान्कै कीर्ति
	एकः = एकजना	**समम्** = जस्तै
	सतां = सज्जनहरूले	**गास्यन्ति** = गाउनेछन्

वाक्यार्थ– आफ्नो काममा शोक र पश्चात्ताप भएका कारण तत्काल नै भएको तिम्रो उचित र अनुचित विवेक, भगवान्मा गरेको मान, शङ्करजी र म (कश्यप) मा भएको आदरबुद्धिका कारण

तिम्रो छोराका छोराहरूमध्ये एकजना सज्जनहरूले मान्ने व्यक्ति हुनेछ। तिम्रो त्यस नातिको शुद्ध कीर्ति सबैले भगवान्‌कै कीर्तिजस्तै गाउनेछन्।

योगैर्हेममेव दुर्वर्णं भावयिष्यन्ति साधवः।
निर्वैरादिभिरात्मानं यच्छीलमनुवर्तितुम्॥ ४५॥

पदार्थ–

दुर्वर्णं = मलिन	**यत्** = जुन	**योगैः** = योगहरूद्वारा
हेम = सुनलाई	**शीलम्** = शीलको	**आत्मानं** = आफूलाई
इव = तताएर शुद्ध गरेझैं	**अनुवर्तितुम्** = अनुकरण गर्न	**भावयिष्यन्ति** = शुद्ध गर्दछन्
साधवः = ठुला साधुहरू पनि	**निर्वैरादिभिः** = निर्वैर आदि	

वाक्यार्थ– मलिन सुनलाई तताएर शुद्ध गरेझैं ठुला साधुहरू पनि जुन शीलको अनुकरण गर्न निर्वैर आदि योगहरूद्वारा आफूलाई शुद्ध गर्दछन्।

यत्प्रसादादिदं विश्वं प्रसीदति यदात्मकम्।
स स्वदृग् भगवान् यस्य तोष्यतेऽनन्यया दृशा॥ ४६॥

पदार्थ–

यदात्मकम् = जुन प्रभुकै स्वरूपभूत	**यत्प्रसादात्** = जुन प्रभुको प्रसन्नताबाट	**भगवान्** = प्रभु
इदं = यो	**प्रसीदति** = प्रसन्न हुन्छ	**यस्य** = जुन तिम्रो नातिको
विश्वं = संसार	**सः** = त्यस्ता	**अनन्यया** = अनन्य
	स्वदृक् = स्वयंप्रकाश	**दृशा** = भक्तिबाट
		तोष्यते = प्रसन्न हुनुहुन्छ

वाक्यार्थ– जुन प्रभुकै स्वरूपभूत यो संसार, जुन प्रभुको प्रसन्नताबाट प्रसन्न हुन्छ त्यस्ता स्वयंप्रकाश प्रभु तिम्रो नातिको अनन्य भक्तिबाट प्रसन्न हुनुहुन्छ।

स वै महाभागवतो महात्मा
महानुभावो महतां महिष्ठः।
प्रवृद्धभक्त्या ह्यनुभाविताशये
निवेश्य वैकुण्ठमिमं विहास्यति॥ ४७॥

पदार्थ–

वै = निश्चय नै	**महानुभावः** = उदार हृदय भएका	**महिष्ठः** = पूज्य
महाभागवतः = भक्तश्रेष्ठ	**महतां** = महापुरुषहरूद्वारा	**सः** = ती

महात्मा = महात्मा नातिले	**अनुभाविताशये** = शुद्ध भएको चित्तमा	**निवेश्य** = राखेर
प्रवृद्धभक्त्या = बढिरहेको भक्तिबाट	**वैकुण्ठम्** = सर्वात्मा प्रभुलाई	**इमं** = यो लोकलाई
		विहास्यति = त्याग गर्नेछन्

वाक्यार्थ– निश्चय नै भक्तश्रेष्ठ उदार हृदय महापुरुषहरूद्वारा पूज्य ती महात्मा नातिले बढिरहेको भक्तिद्वारा शुद्ध भएको चित्तमा सर्वात्मा प्रभुलाई राखेर यस लोकलाई त्याग गर्नेछन्।

अलम्पटः शीलधरो गुणाकरो
हृष्टः परर्द्ध्या व्यथितो दुःखितेषु।
अभूतशत्रुर्जगतः शोकहर्ता
नैदाघिकं तापमिवोडुराजः॥ ४८॥

पदार्थ–

अलम्पटः = विषयमा आसक्ति नगर्ने	**दुःखितेषु** = अरू दुःखी हुँदा	**इव** = झैँ
शीलधरः = शीलवान्	**व्यथितः** = व्यथित हुने अनि	**जगतः** = संसारका
गुणाकरः = गुणको खानी	**नैदाघिकं** = ग्रीष्म ऋतुको सूर्यको प्रचण्ड	**शोकहर्ता** = दुःखहरण गर्ने र
परर्द्ध्याः = अर्काको समृद्धिबाट	**तापम्** = तापलाई	**अभूतशत्रुः** = शत्रुविहीन हुनेछन्
हृष्टः = खुसी हुने	**उडुराजः** = चन्द्रमाले	

वाक्यार्थ– विषयमा आसक्ति नगर्ने, शीलवान्, गुणको खानी, अर्काको समृद्धिबाट खुसी हुने अरू दुःखी हुँदा व्यथित हुने अनि ग्रीष्म ऋतुको सूर्यको प्रचण्ड तापलाई चन्द्रमाले शीतलता प्रदान गरेझैँ संसारका दुःखहरण गर्ने र शत्रुविहीन हुनेछन्।

अन्तर्बहिश्चामलमब्जनेत्रं
स्वपूरुषेच्छानुगृहीतरूपम्।
पौत्रस्तव श्रीललनाललामं
द्रष्टा स्फुरत्कुण्डलमण्डिताननम्॥ ४९॥

पदार्थ–

स्वपूरुषेच्छानुगृहीतरूपम् = आफ्ना भक्तहरूको इच्छानुसार अवतार लिने	**श्रीललनाललामं** = लक्ष्मीजीलाई सुशोभित पार्ने र	**स्फुरत्कुण्डलमण्डिताननम्** = मुखमण्डलको आभाद्वारा कर्णकुण्डललाई नै शोभित पार्ने

अमलम् = परमपवित्र	**अन्तर्बहिः** = संसारको	**पौत्रः** = नातिले
अब्जनेत्रं = कमलनयन प्रभुलाई	बाहिरभित्र सबैतिर	**द्रष्टा** = दर्शन गर्नेछन्
	तव = तिम्रा	

वाक्यार्थ– आफ्ना भक्तहरूको इच्छानुसार अवतार लिने, लक्ष्मीजीलाई सुशोभित पार्ने र मुखमण्डलको आभाद्वारा कर्णकुण्डललाई नै शोभित पार्ने परमपवित्र कमलनयन प्रभुलाई संसारको बाहिरभित्र सबैतिर तिम्रा नातिले दर्शन गर्नेछन्।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

श्रुत्वा भागवतं पौत्रममोदत दितिर्भृशम्।

पुत्रयोश्च वधं कृष्णाद् विदित्वासीन्महामनाः॥ ५०॥

पदार्थ–

दितिः = दितिले	**अमोदत** = प्रसन्न भइन्	**वधं** = वध
भागवतं = भगवान्‌का परमभक्त	**पुत्रयोः च** = आफ्ना छोराहरूको	**विदित्वा** = जानेर
पौत्रम् = नातिको विषयमा	**च** = पनि	**महामनाः** = प्रसन्न चित्त
श्रुत्वा = सुनेर	**कृष्णात्** = भगवान् श्रीकृष्णबाट	**आसीत्** = भइन्
भृशम् = अत्यन्त	हुने	

वाक्यार्थ– दिति भगवान्‌को परमभक्त नातिको विषयमा सुनेर अत्यन्त प्रसन्न भइन् र आफ्ना छोराहरूको पनि भगवान् श्रीकृष्णबाट हुने वध थाहा पाएर प्रसन्नचित्त भइन्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे दितिकश्यपसंवादे चतुर्दशोऽध्यायः॥ १४॥

अथ पञ्चदशोऽध्यायः

जय र विजयलाई सनक आदिको श्राप

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

प्राजापत्यं तु तत्तेजः परतेजोहनं दितिः।

दधार वर्षाणि शतं शङ्कमाना सुरार्दनात्॥ १॥

पदार्थ–

सुरार्दनात् = देवताहरूलाई पीडा हुने	**परतेजोहनं** = अरूलाई कष्ट दिने खाले	**तेजः** = वीर्यलाई
शङ्कमाना = शङ्का गर्दै	**प्राजापत्यं** = कश्यपसम्बन्धी	**शतवर्षाणि** = सय वर्षसम्म
दितिः = कश्यपकी पत्नी दितिले	**तत्** = त्यस्तो	**दधार** = धारण गरिन्

वाक्यार्थ– देवताहरूलाई पीडा हुने शङ्का गर्दै कश्यपकी पत्नी दितिले अरूलाई कष्ट दिने खाले कश्यपसम्बन्धी त्यस्तो वीर्यलाई सय वर्षसम्म धारण गरिन्।

लोके तेन हतालोके लोकपाला हतौजसः।

न्यवेदयन् विश्वसृजे ध्वान्तव्यतिकरं दिशाम्॥ २॥

पदार्थ–

तेन = गर्भमा विद्यमान रहेको तेजले	**हतौजसः** = आफ्नो तेज नाश भएका	**ध्वान्तव्यतिकरं** = अँध्यारो अवस्थाको बारेमा
लोके = संसारमा	**दिशाम्** = दिशाहरूका	**विश्वसृजे** = विश्वका सृष्टिकर्ता ब्रह्मालाई
हतालोके = सूर्यादिको प्रकाश क्षीण हुन लागेपछि	**लोकपालाः** = लोकपालहरूले	**न्यवेदयन्** = निवेदन गरे

वाक्यार्थ– दितिको गर्भमा विद्यमान रहेको तेजले संसारमा सूर्यादिको प्रकाश क्षीण हुनलागेपछि आफ्नो तेज नाश भएका दिशाहरूका लोकपालहरूले अँध्यारो अवस्थाको बारेमा विश्वका सृष्टिकर्ता ब्रह्मालाई निवेदन गरे।

देवा ऊचुः (देवताहरूले भने)

तम एतद् विभो वेत्थ संविग्ना यद्वयं भृशम्।

न ह्यव्यक्तं भगवतः कालेनास्पृष्टवर्त्मनः॥ ३॥

पदार्थ–

कालेन = कालले	**न** = छैन	**वयं** = हामीहरू
अस्पृष्टवर्त्मनः = ज्ञानशक्तिलाई कुण्ठित गर्न नसक्ने	**विभो** = हे ब्रह्माजी	**भृशम्** = ज्यादै नै
भगवतः = भगवान्का लागि	**एतत्** = यो	**संविग्नाः** = भयभीत भइरहेका छौँ
अव्यक्तं = नजानिएको कुरा	**तमः** = अन्धकारलाई	
हि = निश्चय नै	**वेत्थ** = जान्नुहुन्छ	
	यत् = जसबाट	

वाक्यार्थ– कालले ज्ञानशक्तिलाई कुण्ठित गर्न नसक्ने भगवान्का लागि नजानिएको कुरा निश्चय नै छैन। हे ब्रह्माजी ! यस अन्धकारलाई तपाईं जान्नुहुन्छ जसबाट हामीहरू ज्यादै नै भयभीत भइरहका छौँ।

देवदेव जगद्धातर्लोकनाथशिखामणे ।
परेषामपरेषां त्वं भूतानामसि भाववित् ॥ ४ ॥

पदार्थ–

देवदेव = देवताहरूका पनि देवता	**लोकनाथशिखामणे** = इन्द्रादि लोकनाथका शिखामणि (प्रकाशक) हे ब्रह्माजी	**भूतानाम्** = समस्त प्राणीहरूको
जगद्धातः = संसारका रचयिता	**परेषाम्** = हामीभन्दा श्रेष्ठ	**त्वं** = तपाईं
	अपरेषां = हामीभन्दा साना	**भाववित्** = भावलाई जान्ने
		असि = हुनुहुन्छ

वाक्यार्थ–देवताहरूका पनि देवता, संसारका रचयिता, इन्द्रादि लोकनाथका प्रकाशक हे ब्रह्माजी ! हामीभन्दा श्रेष्ठ र हामीभन्दा साना समस्त प्राणीहरूको तपाईं भावलाई जान्ने हुनुहुन्छ।

नमो विज्ञानवीर्याय माययेदमुपेयुषे ।
गृहीतगुणभेदाय नमस्तेऽव्यक्तयोनये ॥ ५ ॥

पदार्थ–

मायया = मायाशक्तिद्वारा	**नमः** = नमस्कार छ	**ते** = त्यस्ता तपाईंलाई
इदम् = ब्रह्माको स्वरूपलाई	**गृहीतगुणभेदाय** = रजोगुणलाई स्वीकार गर्ने	**नमः** = नमस्कार छ
उपेयुषे = स्वीकार गर्ने	**अव्यक्तयोनये** = प्रमाणद्वारा उत्पत्ति जान्न नसकिने	
विज्ञानवीर्याय = ज्ञानशक्तिसम्पन्न परमात्मालाई		

वाक्यार्थ– मायाशक्तिद्वारा ब्रह्माको स्वरूपलाई स्वीकार गर्ने ज्ञानशक्तिसम्पन्न परमात्मालाई नमस्कार छ। रजोगुणलाई स्वीकार गर्ने प्रमाणद्वारा उत्पत्ति जान्न नसकिने त्यस्ता तपाईंलाई नमस्कार छ।

ये त्वानन्येन भावेन भावयन्त्यात्मभावनम्।
आत्मनि प्रोतभुवनं परं सदसदात्मकम्॥ ६॥

पदार्थ–

आत्मनि = आफैँमा	**आत्मभावनम्** = समस्त जीवको उत्पत्तिस्थान भएका	**अनन्येन** = एकनिष्ठ
प्रोतभुवनं = समस्त संसार धारण गर्ने	**परं** = परमात्मा	**भावेन** = भावद्वारा
सदसदात्मकम् = चेतन र अचेतन प्रपञ्चको कारण	**त्वा** = तपाईंलाई	**भावयन्ति** = भजन गर्दछन्
	ये = जो निष्काम भक्तहरू	

वाक्यार्थ– आफैँमा समस्त संसार धारण गर्ने चेतन र अचेतन प्रपञ्चको कारण समस्त जीवको उत्पत्तिस्थान भएका परमात्मा तपाईंलाई निष्काम भक्तहरू एकनिष्ठ भावद्वारा भजन गर्दछन्।

तेषां सुपक्वयोगानां जितश्वासेन्द्रियात्मनाम्।
लब्धयुष्मत्प्रसादानां न कुतश्चित् पराभवः॥ ७॥

पदार्थ–

जितश्वासेन्द्रियात्मनाम् = प्राण, इन्द्रिय र मनलाई जितेका	**लब्धयुष्मत्प्रसादानां** = तपाईंबाट कृपा प्राप्त गरेका	**न पराभवः** = पतन हुँदैन
सुपक्वयोगानां = परिपक्व योगसाधना भएका	**तेषां** = त्यस्ता भक्तहरूको	
	कुतश्चित् = कतैबाट पनि	

वाक्यार्थ– प्राण, इन्द्रिय र मनलाई जितेका, परिपक्व योगसाधना भएका तपाईंबाट कृपा प्राप्त गरेका त्यस्ता भक्तहरूको कतैबाट पनि पतन हुँदैन।

यस्य वाचा प्रजाः सर्वा गावस्तन्त्येव यन्त्रिताः।
हरन्ति बलिमायत्तास्तस्मै मुख्याय ते नमः॥ ८॥

पदार्थ–

तन्त्या = दाम्लाले	**वाचा** = वाणीद्वारा	**हरन्ति** = अर्पण गर्दछन्
यन्त्रिताः = बाँधिएका	**आयत्ताः** = अधीनमा रहेका	**तस्मै** = त्यस्ता
गावः = गाईहरू	**सर्वाः** = सम्पूर्ण	**मुख्याय** = समष्टिप्राणभूत
इव = झैँ	**प्रजाः** = प्राणीहरूले	**ते** = तपाईंलाई
यस्य = जुन परमात्माको वेदरूप	**बलिम्** = कर्मफल	**नमः** = नमस्कार छ

वाक्यार्थ— दाम्लाले बाँधिएका गाईहरूझैँ जुन परमात्माको वेदरूप वाणीद्वारा अधीनमा रहेका सम्पूर्ण प्राणीहरूले जसलाई कर्मफल अर्पण गर्दछन् त्यस्ता समष्टिप्राणभूत तपाईंलाई नमस्कार छ।

स त्वं विधत्स्व शं भूमंस्तमसा लुप्तकर्मणाम्।
अदभ्रदयया दृष्ट्या आपन्नानर्हसीक्षितुम्॥ ९॥

पदार्थ—

भूमन् = हे प्रभो	**लुप्तकर्मणाम्** = दिनरातमा गरिने कर्महरू गर्न असमर्थ प्राणीहरूको	**आपन्नान्** = शरणमा आएका हामीहरूलाई
सः = त्यस्ता	**शं** = कल्याण	**अदभ्रदयया** = अपार करुणायुक्त
त्वं = तपाईंले	**विधत्स्व** = गर्नुहोस्	**दृष्ट्या** = दृष्टिले
तमसा = अन्धकारको कारण		**ईक्षितुम्** = हेर्न
		अर्हसि = योग्य हुनुहुन्छ

वाक्यार्थ— हे प्रभो ! त्यस्ता तपाईंले अन्धकारको कारण दिनरातमा गरिने कर्महरू गर्न असमर्थ प्राणीहरूको कल्याण गर्नुहोस्। शरणमा आएका हामीहरूलाई अपार करुणायुक्त दृष्टिले हेर्न हजुर योग्य हुनुहुन्छ।

एष देव दितेर्गर्भ ओजः काश्यपमर्पितम्।
दिशस्तिमिरयन् सर्वा वर्धतेऽग्निरिवैधसि॥ १०॥

पदार्थ—

देव = हे भगवान्	**गर्भः** = गर्भ	**अग्निः** = आगो
अर्पितम् = दितिमा परेको	**सर्वाः** = सम्पूर्ण	**इव** = झैँ
काश्यपम् = कश्यपजीको	**दिशः** = दिशाहरूलाई	**वर्धते** = बढिरहेको छ
ओजः = वीर्यबाट उत्पन्न	**तिमिरयन्** = अन्धकारमय बनाउँदै	
एषः = यो	**एधसि** = इन्धन पाएको	
दितेः = दितिको		

वाक्यार्थ— हे भगवान् ! दितिमा परेको कश्यपजीको वीर्यबाट उत्पन्न यो दितिको गर्भ सम्पूर्ण दिशाहरूलाई अन्धकारमय बनाउँदै इन्धन पाएको आगोझैँ बढिरहेको छ।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

स प्रहस्य महाबाहो भगवान् शब्दगोचरः।
प्रत्याचष्टात्मभूर्देवान् प्रीणन् रुचिरया गिरा॥ ११॥

पदार्थ–

महाबाहो = हे विदुरजी
शब्दगोचरः = देवताहरूको प्रार्थना सुनी
सः = उहाँ
भगवान् = भगवान्
आत्मभूः = ब्रह्माजीले
रुचिरया = मधुर
गिरा = वाणीले
प्रहस्य = हाँस्दै
देवान् = देवताहरूलाई
प्रीणन् = प्रसन्न पार्दै
प्रत्याचष्ट = भन्नुभयो

वाक्यार्थ– हे विदुरजी ! देवताहरूको प्रार्थना सुनी भगवान् ब्रह्माजीले हाँस्दै मधुर वाणीले देवताहरूलाई प्रसन्न पार्दै भन्नुभयो।

ब्रह्मोवाच (मैत्रेयजीले भन्नुभयो)

मानसा मे सुता युष्मत्पूर्वजाः सनकादयः।
चेरुर्विहायसा लोकाल्लोकेषु विगतस्पृहाः॥ १२॥

पदार्थ–

युष्मत्पूर्वजाः = तिमीहरूका पूर्वज
मे = मेरा
मानसाः = मानस
सुताः = पुत्रहरू
सनकादयः = सनक आदि
लोकेषु = सांसारिक वस्तुमा
विगतस्पृहाः = अनासक्त भई
विहायसा = आकाशमार्गबाट
लोकात् = विभिन्न लोकहरूमा
चेरुः = भ्रमण गर्दछन्

वाक्यार्थ– तिमीहरूका पूर्वज मेरा मानस पुत्र सनक आदि सांसारिक वस्तुमा अनासक्त भई आकाशमार्गबाट विभिन्न लोकहरूमा भ्रमण गर्दछन्।

त एकदा भगवतो वैकुण्ठस्यामलात्मनः।
ययुर्वैकुण्ठनिलयं सर्वलोकनमस्कृतम्॥ १३॥

पदार्थ–

ते = ती सनकादि
एकदा = एक दिन
अमलात्मनः = शुद्धसत्त्वमय
भगवतः = भगवान्
वैकुण्ठस्य = विष्णुको
सर्वलोकनमस्कृतम् = सम्पूर्ण लोकद्वारा नमस्कार गरिएको
वैकुण्ठनिलयं = वैकुण्ठलोकमा
ययुः = गए

वाक्यार्थ– ती सनकादि एक दिन शुद्धसत्त्वमय भगवान् विष्णुको सम्पूर्ण लोकद्वारा नमस्कार गरिएको वैकुण्ठलोकमा गए।

वसन्ति यत्र पुरुषाः सर्वे वैकुण्ठमूर्तयः।
येऽनिमित्तनिमित्तेन धर्मेणाराधयन् हरिम्॥ १४॥

पदार्थ–

यत्र = जहाँ	**वसन्ति** = बस्दछन्	**हरिम्** = हरिको
सर्वे = सबै	**ये** = जो भक्तहहरू	**आराधयन्** = आराधना गर्दै बस्दछन्
वैकुण्ठमूर्तयः = विष्णुकै स्वरूप भएका	**अनिमित्तनिमित्तेन** = कालको आसक्तिले रहित	
पुरुषाः = भगवद्भक्तहरू	**धर्मेण** = निष्काम कर्मद्वारा	

वाक्यार्थ– जहाँ सबै विष्णुकै स्वरूप भएका भगवद्भक्तहरू बस्दछन्। ती भक्तहहरू कालको आसक्तिले रहित निष्काम कर्मद्वारा हरिको आराधना गर्दै बस्दछन्।

यत्र चाद्यः पुमानास्ते भगवान् शब्दगोचरः।
सत्त्वं विष्टभ्य विरजं स्वानां नो मृडयन् वृषः॥ १५॥

पदार्थ–

यत्र = जुन धाममा	**भगवान्** = प्रभु	**सत्त्वं** = सत्त्वमय स्वरूपलाई
शब्दगोचरः = वेदप्रतिपाद्य	**स्वानां** = आफ्ना भक्त	**विष्टभ्य** = स्वीकार गरेर
वृषः = धर्ममूर्ति	**नः** = हामीहरूलाई	**आस्ते** = रहनुहुन्छ
आद्यः = आदि	**मृडयन्** = खुसी तुल्याउँदै	
पुमान् = पुरुष	**विरजं** = विशुद्ध	

वाक्यार्थ– जुन धाममा वेदप्रतिपाद्य धर्ममूर्ति आदिपुरुष प्रभु आफ्ना भक्त हामीहरूलाई खुसी तुल्याउँदै विशुद्ध सत्त्वमय स्वरूपलाई स्वीकार गरेर रहनुहुन्छ।

यत्र नैःश्रेयसं नाम वनं कामदुघैर्द्रुमैः।
सर्वर्तुश्रीभिर्विभ्राजत् कैवल्यमिव मूर्तिमत्॥ १६॥

पदार्थ–

यत्र = जहाँ	**सर्वर्तुश्रीभिः** = सबैथरी ऋतुका शोभाले	**वनं** = वन
कामदुघैः = सबैथरी कामना पूर्ति गर्ने	**विभ्राजत्** = चम्किएको	**मूर्तिमत्** = मूर्तिमान्
द्रुमैः = वृक्षहरूद्वारा युक्त	**नैःश्रेयसं** = निःश्रेयस	**कैवल्यम्** = कैवल्य
	नाम = नामक	**इव** = झैँ (सुशोभित छ)

वाक्यार्थ– जहाँ सबैथरी कामना पूर्ति गर्ने वृक्षहरूद्वारा युक्त सबैथरी ऋतुका शोभाले चम्किएको निःश्रेयस नामक वन मूर्तिमान् कैवल्यझैँ सुशोभित छ।

वैमानिकाः सललनाश्चरितानि शश्वद्

गायन्ति यत्र शमलक्षपणानि भर्तुः।
अन्तर्जलेऽनुविकसन्मधुमाधवीनां
गन्धेन खण्डितधियोऽप्यनिलं क्षिपन्तः॥ १७॥

पदार्थ–

यत्र = जहाँ
वैमानिकाः = विमानचारी गन्धर्वहरू
सललनाः = आफ्ना स्त्रीहरूका साथ रही
अन्तर्जले = जलभित्र
अनुविकसन्मधुमाधवीनां = फुलिरहेको वसन्तकालिक माधवी लताको
गन्धेन = सुगन्धद्वारा
खण्डितधियः = मन आकर्षित भए
अपि = तापनि
अनिलं ः सुगन्धबाहक वायुलाई
क्षिपन्तः = फ्याँक्दै
शमलक्षपणानि = समस्त कल्मषलाई नाश गर्ने
भर्तुः = आफ्नै भगवान्को
चरितानि = चरित्रलाई
शश्वद् = नित्य
गायन्ति = गाउँदछन्

वाक्यार्थ– जहाँ विमानचारी गन्धर्वहरू आफ्ना स्त्रीहरूका साथ रही जलभित्र फुलिरहेको वसन्तकालिक माधवी लताको सुगन्धद्वारा मन आकर्षित भए तापनि सुगन्धबाहक वायुलाई फ्याँक्दै समस्त कल्मषलाई नाश गर्ने आफ्नै भगवान्को चरित्रलाई नित्य गाउँदछन्।

पारावतान्यभृतसारसचक्रवाक-
दात्यूहहंसशुकतित्तिरिबर्हिणां यः।
कोलाहलो विरमतेऽचिरमात्रमुच्चै-
र्भृङ्गाधिपे हरिकथामिव गायमाने॥ १८॥

पदार्थ–

भृङ्गाधिपे = भ्रमरराजले
हरिकथाम् = हरिभगवान्को कथालाई
गायमाने इव = गाएझैं गरी भुनभुन गर्दा
पारावतान्यभृतसारसचक्रवाक-दात्यूहहंसशुकतित्तिरिबर्हिणां = परेवा, कोइली, सारस, चखेवा, हाँस, काकाकुल, सुगा, तित्रा र मयुरहरूको
यः = जुन
उच्चैः = ठुलो
कोलाहलः = चिरबिर ध्वनि छ त्यो पनि
अचिरमात्रम् = केही समयको लागि
विरमते = बन्द हुन्छ

वाक्यार्थ– भ्रमरराजले हरिभगवान्को कथालाई गाएझैं गरी भुनभुन गर्दा परेवा, कोइली, सारस, चखेवा, हाँस, काकाकुल, सुगा, तित्रा र मयूरहरूको जुन ठुलो चिरबिर ध्वनि छ त्यो पनि केही समयको लागि बन्द हुन्छ।

मन्दारकुन्दकुरबोत्पलचम्पकार्ण-
पुन्नागनागबकुलाम्बुजपारिजाताः ।
गन्धेऽर्चिते तुलसिकाभरणेन तस्या
यस्मिंस्तपः सुमनसो बहु मानयन्ति ॥ १९ ॥

पदार्थ–

यस्मिन् = जुन निःश्रेयस वनमा **मन्दारकुन्दकुरबोत्पलचम्पकार्ण-पुन्नागनागबकुलाम्बुजपारिजाताः** = मन्दार, कुन्द, तिलकवृक्ष, रात्रिकमल, चम्पक, अर्ण, पुन्नाग, नागकेसर, बकुल, दिनकमल, पारिजात आदि **सुमनसः** = फूलहरूले **तुलसिकाभरणेन** = तुलसीको माला आदि लगाउने भगवान्ले **गन्धे** = तुलसी गन्धकै **अर्चिते** = आदर गर्दा **तस्या** ः = तुलसीको **तपः** = तपस्यालाई **बहु** = अत्यन्त **मानयन्ति** = प्रशंसा गर्दछन्

वाक्यार्थ– जुन निःश्रेयस वनमा मन्दार, कुन्द, तिलकवृक्ष, रात्रिकमल, चम्पक, अर्ण, पुन्नाग, नागकेसर, बकुल, दिनकमल, पारिजात आदि फूलहरूले तुलसीको माला आदि लगाउने भगवान्ले तुलसी गन्धकै आदर गर्दा तुलसीको तपस्यालाई अत्यन्त प्रशंसा गर्दछन्।

यत् सङ्कुलं हरिपदानतिमात्रदृष्टै-
र्वैदूर्यमारकतहेममयैर्विमानैः ।
येषां बृहत्कटितटाः स्मितशोभिमुख्यः
कृष्णात्मनां न रज आदधुरुत्स्मयाद्यैः ॥ २० ॥

पदार्थ–

यत् = जुन लोक **हरिपदानतिमात्रदृष्टैः** = भगवान्का चरणकमलको वन्दनाबाट मात्र पाउन सकिने **वैदूर्यमारकतहेममयैः** = वैदूर्य, पन्ना र सुवर्णमय **विमानैः** = विमानहरूद्वारा **सङ्कुलं** = भरिएको छ **येषां** = जहाँ रहने **कृष्णात्मनां** = कृष्णप्राण भक्तहरूमाथि **बृहत्कटितटाः** = ठुला नितम्ब भएका **स्मितशोभिमुख्यः** = अत्यन्त सुमुखी स्त्रीहरूले **उत्स्मयाद्यैः** = हासपरिहासद्वारा पनि **रजः** = कामवासनालाई **न आदधुः** = सञ्चार गर्न सक्दैनन्

वाक्यार्थ– जुन लोक भगवान्का चरणकमलको वन्दनाबाट मात्र पाउन सकिने वैदूर्य, पन्ना र सुवर्णमय विमानहरूद्वारा भरिएको छ। जहाँ रहने कृष्णप्राण भक्तहरूमाथि ठुला नितम्ब भएका अत्यन्त सुमुखी स्त्रीहरूले हासपरिहासद्वारा पनि कामवासनालाई सञ्चार गर्न सक्दैनन्।

श्री रूपिणी क्वणयती चरणारविन्दं
लीलाम्बुजेन हरिसद्मनि मुक्तदोषा।

संलक्ष्यते स्फटिककुड्य उपेतहेम्नि
सम्मार्जतीव यदनुग्रहणेऽन्ययत्नः॥ २१॥

पदार्थ–

यदनुग्रहणे = जसको अनुग्रह प्राप्त गर्न
अन्ययत्नः = सम्पूर्ण देवताहरू प्रयत्न गर्दछन् त्यस्ती
रूपिणी = सौन्दर्यमय
श्रीः = लक्ष्मीजी पनि
मुक्तदोषा = चञ्चलतारूप दोषलाई छोडेर
चरणारविन्दं = चरणकमललाई
क्वणयती = नूपुरझङ्कारयुक्त बनाउँदै विचरण गर्नुहुन्छ
लीलाम्बुजेन = हातको लीलाकमलद्वारा
उपेतहेम्नि = सुवर्णमय
स्फटिककुड्ये = स्फटिकको खम्बावाला
हरिसद्मनि = प्रभुको घरमा (स्फटिकमा परेको प्रतिबिम्बलाई हेर्दा)
सम्मार्जति इव = कमलको फूलद्वारा बढारिरहेकीभैँ
संलक्ष्यते = देखिनुहुन्छ

वाक्यार्थ– जसको अनुग्रह प्राप्त गर्न सम्पूर्ण देवताहरू प्रयत्न गर्दछन् त्यस्ती सौन्दर्यमय लक्ष्मीजी पनि चञ्चलतारूप दोषलाई छोडेर चरणकमललाई नूपुरझङ्कारयुक्त बनाउँदै विचरण गर्नुहुन्छ। हातको लीलाकमलद्वारा सुवर्णमय स्फटिकको खम्बावाला प्रभुको घरमा स्फटिकमा परेको प्रतिबिम्बलाई हेर्दा उहाँ कमलको फूलद्वारा बढारिरहेकीभैँ देखिनुहुन्छ।

वापीषु विद्रुमतटास्वमलामृताप्सु
प्रेष्यान्विता निजवने तुलसीभिरीशम्।
अभ्यर्चती स्वलकमुन्नसमीक्ष्य वक्त्रम्
उच्छेषितं भगवतेत्यमताङ्ग यच्छ्रीः॥ २२॥

पदार्थ–

अङ्ग = हे प्यारा देवताहरू
प्रेष्यान्विता = सहचारीहरूको साथमा
निजवने = क्रीडावनमा
तुलसीभिः = तुलसीहरूद्वारा

ईशम् = भगवान्लाई
अभ्यर्चती = पूजा गर्दै
यत् = जुन
श्रीः = लक्ष्मीजीले
विद्रुमतटासु = मुगाका तीरवाला
अवमलामृताप्सु = निर्मल जलयुक्त
वापीषु = सरोवरमा
स्वलकम् = सुन्दर केशराशि
उन्नसम् = उन्नत नासिकायुक्त
वक्त्रम् = अनुहारलाई
ईक्ष्य = हेरेर
भगवता = भगवान्द्वारा
उच्छेषितं इति = चुम्बन गरेको सम्झी
अमत = (आफैँलाई सौभाग्यशाली) ठान्नुभयो

वाक्यार्थ– हे प्यारा देवताहरू ! सहचारीहरूको साथमा क्रीडावनमा तुलसीहरूद्वारा भगवान्लाई पूजा गर्दै जुन लक्ष्मीजीले मुगाका तीरवाला निर्मल जलयुक्त सरोवरमा सुन्दर केशराशि उन्नत नासिकायुक्त अनुहारलाई हेरेर भगवान्द्वारा चुम्बन गरेको सम्झी आफैँलाई सौभाग्यशाली ठान्नुभयो ।

यन्न व्रजन्त्यघभिदो रचनानुवादा-
च्छृण्वन्ति येऽन्यविषयाः कुकथा मतिघ्नीः ।
यास्तु श्रुता हतभगैर्नृभिरात्तसारा-
स्तांस्तान् क्षिपन्त्यशरणेषु तमःसु हन्त ॥ २३ ॥

पदार्थ–

ये = जो अभागी मानिसहरू
अघभिदः = पापनाशक
रचनानुवादात् = भगवान्का लीलाकथाहरूभन्दा बाहेक
अन्यविषयाः = संसारलाई विषय गर्ने अन्य
मतिघ्नीः = बुद्धिनाशक
कुकथाः = नराम्रा कथाहरू
शृण्वन्ति = सुन्दछन् (तिनीहरू)
यत् = जुन वैकुण्ठमा
न व्रजन्ति = जान सक्दैनन्
हन्त = दुःखको कुरा हो
हतभगैः = अभागी
नृभिः = मानिसहरूले
श्रुता : = सुनिने
आत्तसाराः = सारहीन
याः = जुन कथाहरूले
तान् तान् = ती अभागीहरूलाई नै
अशरणेषु = आश्रयहीन
तमःसु = अन्धकारमय घोर नरकमा
क्षिपन्ति = फ्याँकिदिन्छन्

वाक्यार्थ– जो अभागी मानिसहरू पापनाशक भगवान्का लीलाकथाहरूभन्दा बाहेक संसारलाई विषय गर्ने बुद्धिनाशक नराम्रा कथाहरू सुन्दछन् तिनीहरू वैकुण्ठमा जान सक्दैनन्। दुःखको कुरा हो, अभागी मानिसहरूद्वारा सुनिने सारहीन कथाहरूले ती अभागीहरूलाई नै आश्रयहीन अन्धकारमय घोर नरकमा फ्याँकिदिन्छन्।

येऽभ्यर्थितामपि च नो नृगतिं प्रपन्ना
ज्ञानं च तत्त्वविषयं सहधर्म यत्र ।

नाराधनं भगवतो वितरन्त्यमुष्य

सम्मोहिता विततया बत मायया ते ॥ २४ ॥

पदार्थ–

यत्र = जुन मनुष्ययोनिमा	**नृगतिं** = मनुष्ययोनिलाई	**बत** = निश्चय नै
सहधर्म = धर्म अनि	**प्रपन्ना ः** = प्राप्त गर्ने	**अमुष्य** = भगवान्‌को
तत्त्वविषयं = तत्त्वविषयक	**ये** = जुन भाग्यशालीहरू	**विततया** = अथाह
ज्ञानं = ज्ञान	**भगवतः** = परमप्रभुको	**मायया** = मायाद्वारा
च = पनि (हुन सक्दछ त्यस्तो)	**आराधनं** = उपासना	**सम्मोहिताः** = मोहित भएका
नः = हामीहरूद्वारा	**न वितरन्ति** = गर्दैनन्	हुन्
अभ्यर्थिताम् = चाहना गरिने	**ते** = तिनीहरू	

वाक्यार्थ– जुन मनुष्ययोनिमा धर्म अनि तत्त्वविषयक ज्ञान पनि हुन सक्दछ। त्यस्ता हामीहरूद्वारा चाहना गरिने मनुष्ययोनिलाई प्राप्त गर्ने जुन भाग्यशालीहरू परमप्रभुको उपासना गर्दैनन् तिनीहरू निश्चय नै भगवान्‌को अथाह मायाद्वारा मोहित भएका हुन्।

यच्च व्रजन्त्यनिमिषामृषभानुवृत्त्या

दूरे यमा ह्युपरि नः स्पृहणीयशीलाः।

भर्तुर्मिथः सुयशसः कथनानुराग-

वैक्लव्यबाष्पकलया पुलकीकृताङ्गाः ॥ २५ ॥

पदार्थ–

ऋषभानुवृत्त्या = सर्वश्रेष्ठ भगवान्‌को सेवाद्वारा	**कथनानुरागवैक्लव्यबाष्पकलया** = चर्चा चल्दा तज्जन्य विकलतावश अश्रुपात गर्ने र	**स्पृहणीयशीलाः** = अनुकरणीय चरित्र भएका जुन भक्तहरूमात्र
दूरेयमाः = यमराजलाई टाढै भगाउने अनि	**पुलकीकृताङ्गाः** = शरीरको रोमाञ्च आदि सात्त्विक भावलाई धारण गर्ने	**अनिमिषाम्** = देवलोकभन्दा
मिथः = आपसमा	**नः** = हामीहरूद्वारा पनि	**उपरि** = माथि रहेको
सुयशसः = कीर्तिशाली आफ्ना		**यत्** = जुन धाममा
भर्तुः = स्वामीको		**व्रजन्ति** = पुग्दछन्

वाक्यार्थ– सर्वश्रेष्ठ भगवान्‌को सेवाद्वारा यमराजलाई टाढै भगाउने अनि आपसमा कीर्तिशाली आफ्ना स्वामीको चर्चा चल्दा तज्जन्य विकलतावश अश्रुपात गर्ने र शरीरको रोमाञ्च आदि सात्त्विक भावलाई धारण गर्ने हामीहरूद्वारा पनि अनुकरणीय चरित्र भएका भक्तहरूमात्र देवलोकभन्दा माथि रहेको धाममा पुग्दछन्।

तद् विश्वगुर्वधिकृतं भुवनैकवन्द्यं
दिव्यं विचित्रविबुधाग्र्यविमानशोचिः।
आपुः परां मुदमपूर्वमुपेत्य योग-
मायाबलेन मुनयस्तदथो विकुण्ठम्॥ २६॥

पदार्थ–

अथ = अनि	**विचित्रविबुधाग्र्यविमानशोचिः** =	**उपेत्य** = पुगेपछि
मुनयः = सनक आदि मुनिहरूले	श्रेष्ठ देवताहरूका विभिन्न	**परां** = परम
विश्वगुर्वधिकृतं = विश्वगुरु	विमानद्वारा विभूषित	**मुदम्** = आनन्द
हरिद्वारा अधिष्ठित	**तत्** = त्यो	**आपुः** = प्राप्त गर्नुभयो
भुवनैकवन्द्यं = सबै लोकको	**अपूर्वविकुण्ठम्** = अपूर्व	
वन्दनीय	वैकुण्ठमा	
दिव्यं = नित्य	**योगमायाबलेन** = योगबलद्वारा	

वाक्यार्थ– अनि सनकआदि मुनिहरूले विश्वगुरु हरिद्वारा अधिष्ठित सबै लोकको वन्दनीय नित्य श्रेष्ठ देवताहरूका विभिन्न विमानद्वारा विभूषित त्यो अपूर्व वैकुण्ठमा योगबलद्वारा पुगेपछि परम आनन्द प्राप्त गर्नुभयो।

तस्मिन्नतीत्य मुनयः षडसज्जमानाः
कक्षाः समानवयसावथ सप्तमायाम्।
देवावचक्षत गृहीतगदौ परार्ध्य-
केयूरकुण्डलकिरीटविटङ्कवेषौ॥ २७॥

पदार्थ–

मुनयः = मुनिहरूले	**अतीत्य** = पार गरेर	**परार्ध्यकेयूरकुण्डलकिरीट-**
तस्मिन् = त्यस वैकुण्ठमा	**अथ** = जब	**विटङ्कवेषौ** = बहुमूल्य किरीट
असज्जमानाः = बाह्य	**सप्तमायाम्** = सातौँ ढोकामा	कुण्डल आदि सुन्दर आकृति
शोभाहरूमा नभुली	प्रवेश गर्न लागे तब	भएका
षड् = छ	**समानवयसौ** = समान आयुवाला	**देवौ** = दुई देवतालाई
कक्षाः = ढोकाहरू	**गृहीतगदौ** = गदाधारी	**अचक्षत** = देख्नुभयो

वाक्यार्थ– मुनिहरूले त्यस वैकुण्ठमा बाह्य शोभाहरूमा नभुली छ ढोकाहरू पार गरेर जब सातौँ ढोकामा प्रवेश गर्न लाग्नुभयो तब समान आयुवाला गदाधारी बहुमूल्य किरीट, कुण्डल आदिले सुन्दर आकृति भएका दुई देवतालाई देख्नुभयो।

मत्तद्विरेफवनमालिकया निवीतौ
विन्यस्तयासितचतुष्टयबाहुमध्ये।
वक्त्रं भ्रुवा कुटिलया स्फुटनिर्गमाभ्यां
रक्तेक्षणेन च मनाग्रभसं दधानौ॥ २८॥

पदार्थ–

असितचतुष्टयबाहुमध्ये = श्याम चार भुजाहरूको बीचमा	**निवीतौ** = सुशोभित ती दुई	राता-राता आँखाले
विन्यस्तया = स्थापित	**कुटिलया** = टेढिएका	**च** = पनि
मत्तद्विरेफवनमालिकया = गुञ्जायमान भ्रमरयुक्त वनमालाले	**भ्रुवा** = आँखिभौँ	**वक्त्रं** = अनुहारलाई
	स्फुटनिर्गमाभ्यां = फुलेका नाकका प्वाल र	**मनाक्** = अलिकति
	रक्तेक्षणेन =	**रभसं** = क्रुद्ध
		दधानौ = बनाइरहेका थिए

वाक्यार्थ– श्याम चार भुजाहरूको बीचमा स्थापित गुञ्जायमान भ्रमरयुक्त वनमालाले सुशोभित ती दुई टेढिएका आँखिभौँ, फुलेका नाकका प्वाल र राता-राता आँखाले पनि अनुहारलाई अलिकति क्रुद्ध बनाइरहेका थिए।

द्वार्येतयोर्निविविशुर्मिषतोरपृष्ट्वा
पूर्वा यथा पुरटवज्रकपाटिका याः।
सर्वत्र तेऽविषमया मुनयः स्वदृष्ट्या
ये सञ्चरन्त्यविहता विगताभिशङ्काः॥ २९॥

पदार्थ–

ये = जो	**सञ्चरन्ति** = डुल्नुहुन्छ	**यथा** = पार गरेजस्तै
मुनयः = मुनिहरू	**ते** = उहाँ ऋषिहरू	**अपृष्ट्वा** = नसोधीकन नै
अविषमया = विषमतारहित	**पूर्वाः** = पहिलेका	**एतयोः** = यी दुईले
स्वदृष्ट्या = आफ्नो दृष्टिले गर्दा	**याः** = जुन	**मिषतोः** = हेरिरहेका
अविहताः = बेरोकतोक	**पुरटवज्रकपाटिकाः** = सुवर्ण र वज्रमय आग्ला भएका ढोकालाई	**द्वारि** = ढोकाभित्र पनि
विगताभिशङ्काः = निःशङ्क		**निर्विविशुः** = प्रवेश गर्नुभयो
सर्वत्र = सबैतिर		

वाक्यार्थ– मुनिहरू विषमतारहित आफ्नो दृष्टिले गर्दा वेरोकतोक निःशङ्क सबैतिर डुल्दछन्। ती ऋषिहरू पहिलेका सुवर्ण र वज्रमय आग्ला भएका ढोकालाई पार गरेजस्तै नसोधीकन नै यी दुईले हेरिरहेका ढोकाभित्र पनि प्रवेश गर्नुभयो।

तान् वीक्ष्य वातरशनांश्चतुरः कुमारान्
वृद्धान् दशार्धवयसो विदितात्मतत्त्वान्।
वेत्रेण चास्खलयतामतदर्हणांस्तौ
तेजो विहस्य भगवत्प्रतिकूलशीलौ ॥ ३० ॥

पदार्थ–

वातरशनान् = नग्न र
वृद्धान् = वृद्ध भए पनि
दशार्धवयसः = पाँचवर्षका झैं लाग्ने
विदितात्मतत्त्वान् = आत्मतत्त्व जानेका
तान् = उहाँ
चतुरः = सनक आदि चार
कुमारान् = कुमारहरूलाई
वीक्ष्य = देखेर
भगवत्प्रतिकूलशीलौ = भगवान्‌को स्वभावविपरीत
तौ = ती दुईले
अतदर्हणान् = दुर्व्यवहारका अयोग्य कुमारहरूको
तेजः = तेजलाई
विहस्य = उपहास गरेर
वेत्रेण = वेतको लट्ठीले
अस्खलयताम् = भित्र जानबाट रोके

वाक्यार्थ– नग्न र वृद्ध भए पनि पाँच वर्षका झैं लाग्ने, आत्मतत्त्व जानेका ती सनक आदि चार कुमारहरूलाई देखेर भगवान्‌को स्वभावविपरीत ती दुईले दुर्व्यवहारका अयोग्य कुमारहरूको तेजलाई उपहास गरेर वेतको लट्ठीले भित्र जानबाट रोके।

ताभ्यां मिषत्स्वनिमिषेषु निषिध्यमानाः
स्वर्हत्तमा ह्यपि हरेः प्रतिहारपाभ्याम्।
ऊचुः सुहृत्तमदिदृक्षितभङ्ग ईषत्
कामानुजेन सहसा त उपप्लुताक्षाः ॥ ३१ ॥

पदार्थ–

स्वर्हत्तमाः = पूजाका योग्य
अपि = भए पनि
हरेः = भगवान्‌को
ताभ्यां = ती
प्रतिहारपाभ्याम् = द्वारपालहरूबाट
अवनिमिषेषु = देवताहरूले
मिषत्सु = हेर्दाहेर्दै
निषिध्यमानाः = रोकिएका
ते = ती कुमारहरूले
सुहृत्तमदिदृक्षितभङ्गे = प्रियतम प्रभुको दर्शनमा बाधा परेपछि

सहसा = अकस्मात्
कामानुजेन = कामको भाइ क्रोधद्वारा
ईषत् = केही
उपप्लुताक्षाः = आँखा रातो बनाएर
ऊचुः = भन्नुभयो

वाक्यार्थ– पूजाका योग्य भए पनि भगवान्को ती द्वारपालहरूबाट देवताहरूले हेर्दाहेर्दै रोकिएका ती कुमारहरूले प्रियतम प्रभुको दर्शनमा बाधा परेपछि अकस्मात् क्रोधले केही आँखा केही रातो बनाएर भन्नुभयो।

मुनय ऊचुः (मुनिहरूले भन्नुभयो)

को वामिहैत्य भगवत्परिचर्ययोच्चै-
स्तद्धर्मिणां निवसतां विषमः स्वभावः।
तस्मिन् प्रशान्तपुरुषे गतविग्रहे वां
को वात्मवत् कुहकयोः परिशङ्कनीयः॥ ३२॥

पदार्थ–

उच्चैः = दीर्घकालीन
भगवत्परिचर्यया = भगवान्को सेवाबाट
इह = यहाँ
एत्य = आई
निवसतां = निवास गर्ने
तद्धर्मिणां = भगवान्जस्तै समदर्शी हुनुपर्ने
वाम् = तिमीहरूको
विषमः = विषम
स्वभावः = स्वभाव
कः = किन (भयो)
तस्मिन् = उहाँ
गतविग्रहे = विरोधरहित
प्रशान्तपुरुषे = प्रशान्तपुरुष भगवान्मा भयशङ्का पनि नभएकाले
कुहकयोः = कपटी
वां = तिमीहरूका लागि
आत्मवत् = आफैँलाई जस्तै
परिशङ्कनीयः = शङ्का गर्नुपर्ने
कः = यहाँ अरू को छ ?

वाक्यार्थ– दीर्घकालीन भगवान्को सेवाबाट यहाँ आई निवास गर्ने भगवान्जस्तै समदर्शी हुनुपर्ने तिमीहरूको विषम स्वभाव किन भयो ? उहाँ विरोधरहित प्रशान्तपुरुष भगवान्मा भयशङ्का पनि नभएकाले कपटी तिमीहरूका लागि आफैँलाई जस्तै शङ्का गर्नुपर्ने यहाँ अरू को छ ?

न ह्यन्तरं भगवतीह समस्तकुक्षा-
वात्मानमात्मनि नभो नभसीव धीराः।
पश्यन्ति यत्र युवयोः सुरलिङ्गिनोः किं
व्युत्पादितं ह्युदरभेदि भयं यतोऽस्य॥ ३३॥

पदार्थ–

समस्तकुक्षौ = सम्पूर्ण संसारलाई आफूमा नै अन्तर्भूत गर्ने
यत्र = जो
भगवति = भगवान्मा
धीराः = ज्ञानीहरू
आत्मनि = परमात्मामा नै
आत्मानम् = आफूलाई
नभसि = आकाशमा रहेको
नभः = आकाशलाई
इव = जस्तै देख्दछन्
अन्तरं = भेद
न पश्यन्ति = देख्दैनन्
यतः = जुन शत्रुबाट
अस्य = राजा आदिलाई
उदरभेदि = वृत्तिनाशको
भयं = भय हुन्छ, त्यसै गरी
इह = यहाँ
सुरलिङ्गिनोः = देवरूपधारी
युवयोः = तिमीहरूले
व्युत्पादितं = भय उत्पन्न गर्ने कारण
किं = के (देख्यौ)

वाक्यार्थ– सम्पूर्ण संसारलाई आफूमा नै अन्तर्भूत गर्ने जो भगवान्मा ज्ञानीहरू परमात्मामा नै आफूलाई आकाशमा रहेको आकाशलाई जस्तै देख्दछन्, भेद देख्दैनन्। जुन शत्रुबाट राजा आदिलाई वृत्तिनाशको भय हुन्छ, त्यसै गरी यहाँ देवरूपधारी तिमीहरूले भय उत्पन्न गर्ने कारण के देख्यौ ?

तद्वाममुष्य परमस्य विकुण्ठभर्तुः
कर्तुं प्रकृष्टमिह धीमहि मन्दधीभ्याम्।
लोकानितो व्रजतमन्तरभावदृष्ट्या
पापीयसस्त्रय इमे रिपवोऽस्य यत्र ॥ ३४ ॥

पदार्थ–

तत् = त्यसै कारण
अमुष्य = यस्ता
परमस्य = परमात्मा
विकुण्ठभर्तुः = प्रभुका सेवक
मन्दधीभ्याम् = मन्दबुद्धिवाला
वाम् = तिमीहरूकै
प्रकृष्टम् = उपकार
कर्तुं = गर्न
इह = यहाँ
धीमहि = हामी विचार गर्दछौँ
अन्तरभावदृष्ट्या = विषमदृष्टि गरेकाले
इतः = वैकुण्ठबाट
पापीयसः = पापमय
लोकान् = योनिहरूमा
व्रजतम् = जाओ
यत्र = जहाँ
अस्य = भेदबुद्धिवालाका लागि
इमे = यी
त्रयः = काम, क्रोध र लोभ गरी तीन
रिपवः = शत्रुहरू विद्यमान छन्

वाक्यार्थ– त्यसै कारण यस्ता परमात्मा प्रभुका सेवक मन्दबुद्धिवाला तिमीहरूकै उपकार गर्न यहाँ हामी विचार गर्दछौँ। विषमदृष्टि गरेकाले वैकुण्ठबाट पापमय योनिहरूमा जाओ। जहाँ भेदबुद्धिवालाका लागि यी काम, क्रोध र लोभ गरी तीन शत्रुहरू विद्यमान छन्।

तेषामितीरितमुभाववधार्य घोरं

तं ब्रह्मदण्डमनिवारणमस्त्रपूगैः ।
सद्यो हरेरनुचरावुरु बिभ्यतस्तत्
पादग्रहावपततामतिकातरेण ॥ ३५ ॥

पदार्थ–

तेषाम् = ती मुनिहरूको	**ब्रह्मदण्डम्** = ब्रह्मदण्डरूप श्रापबाट	**अतिकातरेण** = अत्यन्त दीनताका साथ
इति = यस्तो	**उरुबिभ्यतः** = धेरै डराएका	**पादग्रहौ** = मुनिहरूको पाउ समातेर
ईरितम् = भनाइ (श्राप)लाई	**हरेः** = भगवान् हरिका	**अपतताम्** = भूमिमा लडीबुडी गरे
अवधार्य = सुनेर	**उभौ** = ती दुबै	
अस्त्रपूगैः = अस्त्रहरूद्वारा पनि	**अनुचरौ** = सेवकहरू	
अनिवारणम् = हटाउन नसकिने	**सद्यः** = तत्काल नै	
तं = त्यो		
घोरं = घोर		

वाक्यार्थ– ती मुनिहरूको यस्तो श्राप सुनेर अस्त्रहरूद्वारा पनि हटाउन नसकिने त्यो घोर ब्रह्मदण्डरूप श्रापबाट धेरै डराएका भगवान् हरिका ती दुबै सेवकहरू तत्काल नै अत्यन्त दीनताका साथ मुनिहरूको पाउ समातेर भूमिमा लडीबुडी गर्न थाले ।

भूयादघोनि भगवद्भिरकारि दण्डो
यो नौ हरेत सुरहेलनमप्यशेषम् ।
मा वोऽनुतापकलया भगवत्स्मृतिघ्नो
मोहो भवेदिह तु नौ व्रजतोरधोऽधः ॥ ३६ ॥

पदार्थ–

भगवद्भिः = तपाईंहरूद्वारा	**अशेषम्** = सम्पूर्ण दोषलाई	**वः** = तपाईंहरूको (दया उत्पन्न गर्नका लागि भएको)
अघोनि = पापीमाथि नै	**हरेत** = हरण गरोस्	**अनुतापकलया** = अनुतापको केही मात्राले गर्दा
दण्डः = दण्ड	**इह** = अहिले	**भगवत्स्मृतिघ्नः** = भगवत्स्मरणलाई रोक्ने
अकारि = गरिएको हो	**तु** = चाहिँ	**मोहः** = मोह
यः = जुन दण्डले	**अधः अधः** = तल्लो-तल्लो योनिमा	**मा भूयात्** = नहोस्
नौ = हामीहरूको	**व्रजतः** = जाने	
सुरहेलनम् = भगवान्को आज्ञालाई उल्लङ्घन गरेको	**नौ** = हामीहरूमाथि	

वाक्यार्थ– हजुरहरूद्वारा पापीमाथि नै दण्ड गरिएको हो जुन दण्डले हामीहरूको भगवान्‌को आज्ञालाई उल्लङ्घन गरेको सम्पूर्ण दोषलाई हरण गरोस् ! अहिले चाहिँ तल्लो-तल्लो योनिमा जाने हामीहरूमाथि तपाईंहरूको दया उत्पन्न गर्नका लागि भएको अनुतापको केही मात्राले गर्दा भगवत्स्मरणलाई रोक्ने मोह नहोस्।

एवं तदैव भगवानरविन्दनाभः
स्वानां विबुध्य सदतिक्रममार्यहृद्यः।
तस्मिन् ययौ परमहंसमहामुनीना-
मन्वेषणीयचरणौ चलयन् सहश्रीः॥ ३७॥

पदार्थ–

एवं = यसप्रकार	**सदतिक्रमम्** = साधुको अतिक्रमणलाई	**अन्वेषणीयचरणौ** = खोज्नुपर्ने आफ्ना चरणलाई
आर्यहृद्यः = साधुका प्रिय	**विबुध्य** = बुझेर	**चलयन्** = चलाउँदै
अरविन्दनाभः = नाभिमा कमल हुनुभएका	**तदा एव** = त्यही समय	**सहश्रीः** = लक्ष्मीसहित भई
भगवान् = भगवान् विष्णु	**परमहंसमहामुनीनाम्** = परमहंस साधुजनले पनि	**तस्मिन्** = त्यस स्थलमा
स्वानां = आफ्ना पार्षदले गरेको		**ययौ** = पुग्नुभयो

वाक्यार्थ– यसप्रकार साधुका प्रिय नाभिमा कमल हुनुभएका भगवान् विष्णु आफ्ना पार्षदले गरेको साधुको अतिक्रमणलाई बुझेर त्यही समय परमहंस साधुजनले पनि खोज्नुपर्ने आफ्ना चरणलाई चलाउँदै लक्ष्मीसहित भई त्यस स्थलमा पुग्नुभयो।

तं त्वागतं प्रतिहृतौपयिकं स्वपुम्भि-
स्तेऽचक्षताक्षविषयं स्वसमाधिभाग्यम्।
हंसश्रियोर्व्यजनयोः शिववायुलोल-
च्छुभ्रातपत्रशशिकेसरशीकराम्बुम्॥ ३८॥

पदार्थ–

स्वपुम्भिः = आफ्ना पार्षदहरूद्वारा	**हंसश्रियोः** = राजहाँसको जस्तै शोभा भएका	हावाद्वारा सेतो छातामा रहेका मोतीहरू हल्लिँदा अमृतवर्षी चन्द्रकिरणझैं शोभित
प्रतिहृतौपयिकं = छत्रचामर आदि सामग्री अर्पित गरिनुभएका	**व्यजनयोः** = पङ्खाको	**स्वसमाधिभाग्यम्** = एकमात्र भजनीय तत्त्व भएर पनि
	शिववायुलोलच्छुभ्रातपत्रशशिकेसरशीकराम्बुम् = अनुकूल	

अक्षविषयं = नेत्रगोचर भई	**तं** = भगवान्लाई	**अचक्षत** = देख्नुभयो
आगतं = आउनुहुने	**ते** = ती मुनिहरूले	

वाक्यार्थ– आफ्ना पार्षदहरूद्वारा छत्रचामर आदि सामग्री अर्पित गरिनुभएका, राजहाँसको जस्तै शोभा भएका पङ्खाको अनुकूल हावाद्वारा सेतो छातामा रहेका मोतीहरू हल्लिँदा अमृतवर्षी चन्द्रकिरणझैँ शोभित, एकमात्र भजनीय तत्त्व भएर पनि नेत्रगोचर भई आउनुहुने भगवान्लाई मुनिहरूले देख्नुभयो।

कृत्स्नप्रसादसुमुखं स्पृहणीयधाम
स्नेहावलोककलया हृदि संस्पृशन्तम्।
श्यामे पृथावुरसि शोभितया श्रिया स्व-
श्चूडामणिं सुभगयन्तमिवात्मधिष्ण्यम्॥ ३९॥

पदार्थ–

कृत्स्नप्रसादसुमुखं = सबैको कल्याण गर्ने मुहारयुक्त	**संस्पृशन्तम्** = छोइरहनुभएको	**चूडामणिं** = मुकुटमणि
स्पृहणीयधाम = समस्त सद्गुणका आश्रय	**पृथौ** = विशाल	**आत्मधिष्ण्यम्** = आफ्नो वैकुण्ठलाई
स्नेहावलोककलया = स्नेहमय हेराइद्वारा	**श्यामे** = श्याम	**सुभगयन्तम् इव** = शोभित गराउँदैझैँ आउनुभएका
हृदि = भक्तहरूको हृदय	**उरसि** = वक्षःस्थलमा	(प्रभुलाई मुनिहरूले देख्नुभयो)
	शोभितया = शोभित हुनुभएकी	
	श्रिया = लक्ष्मीद्वारा	
	स्वः = स्वर्ग लोकको	

वाक्यार्थ– सबैको कल्याण गर्ने मुहारयुक्त, समस्त सद्गुणका आश्रय स्नेहमय हेराइद्वारा भक्तहरूको हृदय छोइरहनुभएको विशाल श्याम वक्षःस्थलमा शोभित हुनुभएकी लक्ष्मीद्वारा स्वर्ग लोकको मुकुटमणि आफ्नो वैकुण्ठलाई शोभित गराउँदैझैँ आउनुभएका प्रभुलाई मुनिहरूले देख्नुभयो।

पीतांशुके पृथुनितम्बिनि विस्फुरन्त्या
काञ्च्यालिभिर्विरुतया वनमालया च।
वल्गुप्रकोष्ठवलयं विनतासुतांसे
विन्यस्तहस्तमितरेण धुनानमब्जम्॥ ४०॥

पदार्थ–

पृथुनितम्बिनि = विशाल नितम्बमा रहेको **पीतांशुके** = पीताम्बरमाथि **विस्फुरन्त्या** = झलमलाइरहेको **काञ्च्या** = मेखला **च** = र **वनमालया** = वनमालाद्वारा शोभित अनि	**विनतासुतांसे** = गरुडजीको काँधमा **वल्गुप्रकोष्ठवलयं** = सुन्दर चुराहरूले युक्त **विन्यस्तहस्तम्** = एक हात राख्नुभएको र **इतरेण** = अर्को हातले **अलिभिः** = भ्रमरसमूहको	**विरुतया** = ध्वनिपूर्ण **अब्जम्** = लीलाकमललाई **धुनानम्** = घुमाउँदै गर्नुभएका (प्रभुलाई मुनिहरूले देख्नुभयो)

वाक्यार्थ– विशाल नितम्बमा रहेको पीताम्बरमाथि झलमलाइरहेको मेखला र वनमालाद्वारा शोभित अनि गरुडजीको काँधमा सुन्दर चुराहरूले युक्त एक हात राख्नुभएको र अर्को हातले भ्रमरसमूहको ध्वनिपूर्ण लीलाकमललाई घुमाउँदै गर्नुभएका प्रभुलाई मुनिहरूले देख्नुभयो।

विद्युत्क्षिपन्मकरकुण्डलमण्डनार्ह-
गण्डस्थलोन्नसमुखं मणिमत्किरीटम्।
दोर्दण्डषण्डविवरे हरता परार्ध्य-
हारेण कन्धरगतेन च कौस्तुभेन॥ ४१॥

पदार्थ–

विद्युत्क्षिपन्मकरकुण्डलमण्डनार्ह-गण्डस्थलोन्नसमुखं = विद्युत्प्रकाशलाई तिरस्कार गर्ने मकराकार कुण्डलको शोभालाई बढाउने गाला र उन्नत नासिकाले युक्त मुख हुनुभएका	**मणिमत्किरीटम्** = मणियुक्त मुकुट लगाउने **दोर्दण्डषण्डविवरे** = भुजाहरूको बीचमा **हरता** = मन हरण गर्ने **परार्ध्यहारेण** = बहुमूल्य हार र	**कन्धरगतेन** = काँधमा रहेको **कौस्तुभेन** = कौस्तुभ मणिद्वारा **च** = पनि (विभूषित प्रभुलाई मुनिहरूले देख्नुभयो)

वाक्यार्थ– विद्युत्प्रकाशलाई तिरस्कार गर्ने मकराकार कुण्डलको शोभालाई बढाउने गाला र उन्नत नासिकाले युक्त मुख हुनुभएका मणियुक्त मुकुट लगाउने भुजाहरूको बीचमा मन हरण गर्ने बहुमूल्य हार र काँधमा रहेको कौस्तुभमणिद्वारा पनि विभूषित प्रभुलाई मुनिहरूले देख्नुभयो।

अत्रोपसृष्टमिति चोत्स्मितमिन्दिरायाः
स्वानां धिया विरचितं बहुसौष्ठवाढ्यम्।
मह्यं भवस्य भवतां च भजन्तमङ्गं

नेमुर्निरीक्ष्य न वितृप्तदृशो मुदा कैः ॥ ४२ ॥

पदार्थ–

इन्दिरायाः = लक्ष्मीजीको
उत्स्मितम् = सौन्दर्यको अभिमान
अत्र = यहाँ
उपसृष्टम् इति = आएर भङ्ग भयो भन्दै
स्वानां = आफ्ना
धिया = भक्तहरूले
विरचितं = मनमनै विचार गरिनुभएका
बहुसौष्ठवाढ्यम् = अत्यन्त सौन्दर्यशाली श्रीविग्रहयुक्त भगवान्‌लाई (देखेपछि)
मह्यं = म
भवस्य = शङ्करजी र
भवतां च = तपाईं देवताहरूको लागि समेत
भजन्तम् = भजन गर्न योग्य
अङ्गं = मूर्तिलाई
निरीक्ष्य = देखेर
मुदा = अत्यन्त प्रसन्नताले
न वितृप्तदृशः = नेत्र तृप्त नभएका मुनिहरूले
कैः = शिरहरूले
नेमुः = प्रभुलाई प्रणाम गर्नुभयो

वाक्यार्थ– लक्ष्मीजीको सौन्दर्यको अभिमान यहाँ आएर भङ्ग भयो भन्दै आफ्ना भक्तहरूले मनमनै विचार गरिनुभएका, अत्यन्त सौन्दर्यशाली श्रीविग्रहयुक्त भगवान्‌लाई देखेपछि म, शङ्करजी र तपाईं देवताहरूका लागि समेत भजन गर्नयोग्य मूर्तिलाई देखेर अत्यन्त प्रसन्नताले नेत्र तृप्त नभएका मुनिहरूले शिरहरूले प्रभुलाई प्रणाम गर्नुभयो।

तस्यारविन्दनयनस्य पदारविन्द-
किञ्जल्कमिश्रतुलसीमकरन्दवायुः।
अन्तर्गतः स्वविवरेण चकार तेषां
सङ्क्षोभमक्षरजुषामपि चित्ततन्वोः ॥ ४३ ॥

पदार्थ–

तस्य = त्यस्ता
अरविन्दनयनस्य = कमलयन भगवान्‌को
पदारविन्दकिञ्जल्कमिश्रतुलसी-मकरन्दवायुः = चरणकमलमा रहेको केसरमिश्रित तुलसीको सुगन्धले युक्त वायु
स्वविवरेण = नासिकाछिद्रबाट
अन्तर्गतः = अन्तःकरणमा प्रवेश गरेर
अक्षरजुषाम् = अक्षर (निर्गुण) ब्रह्मको चिन्तन गर्ने
अपि = पनि
तेषां = उहाँ सनकादि मुनिहरूको
चित्ततन्वोः = मन र शरीरभित्र
सङ्क्षोभम् = क्षोभ
चकार = उत्पन्न भयो

वाक्यार्थ– त्यस्ता कमलयन भगवान्‌को चरणकमलमा रहेको केसरमिश्रित तुलसीको सुगन्धले युक्त वायु नासिकाछिद्रबाट अन्तःकरणमा प्रवेश गरेर अक्षर (निर्गुण) ब्रह्मको चिन्तन गर्ने भए तापनि सनकादि मुनिहरूको मन र शरीरभित्र क्षोभ उत्पन्न भयो।

ते वा अमुष्य वदनासितपद्मकोश-
मुद्वीक्ष्य सुन्दरतराधरकुन्दहासम् ।
लब्धाशिषः पुनरवेक्ष्य तदीयमङ्घ्रि-
द्वन्द्वं नखारुणमणिश्रयणं निदध्युः ॥ ४४ ॥

पदार्थ–

ते = ती (मुनि)हरूले	**वदनासितपद्मकोशम्** = नीलकमल जस्तै मुखाकृति हुनुभएका भगवान्लाई	**नखारुणमणिश्रयणं** = राता-राता नखज्योतिले युक्त
अमुष्य = भगवान्को	**उद्वीक्ष्य** = हेरेर नै	**तदीयम्** = भगवान्का
सुन्दरतराधरकुन्दहासम् = अति सुन्दर ओठ र कुन्द कलिकाको जस्तो श्वेत दन्तपंक्तियुक्त हाँसोले शोभित	**लब्धाशिषः** = कृतकृत्य भएर	**अङ्घ्रिद्वन्द्वं** = चरणकमलहरूको
	पुनः = फेरि पनि	**अवेक्ष्य** = दर्शन गरेर
		निदध्युः = ध्यान गर्न लाग्नुभयो

वाक्यार्थ– ती मुनिहरूले भगवान्को अति सुन्दर ओठ र कुन्द कलिकाको जस्तो श्वेत दन्तपंक्तियुक्त हाँसोले शोभित नीलकमल जस्तै मुखाकृति हुनुभएका भगवान्लाई हेरेर नै कृतकृत्य भएर फेरि पनि राता-राता नखज्योतिले युक्त भगवान्का चरणकमलहरूको दर्शन गरेर ध्यान गर्न लाग्नुभयो।

पुंसां गतिं मृगयतामिह योगमार्गै-
र्ध्यानास्पदं बहुमतं नयनाभिरामम् ।
पौंस्नं वपुर्दर्शयानमनन्यसिद्धै-
रौत्पत्तिकैः समगृणन्युतमष्टभोगैः ॥ ४५ ॥

पदार्थ–

योगमार्गैः = विभिन्न योगप्रणालीद्वारा	**बहुमतं** = धेरै तत्त्ववादीहरूद्वारा आदृत	**अनन्यसिद्धैः** = अरूद्वारा पाउन नसकिने तर
गतिं = आफ्नो सद्गति	**नयनाभिरामम्** = आँखालाई आनन्द दिने	**औत्पत्तिकैः** = प्रभुमा चाहिँ स्वतः रहने
मृगयताम् = खोज्ने	**पौंस्नं** = आदिपुरुषको	**अष्टभोगैः** = अष्टसिद्धिहरूले
पुंसां = पुरुषहरूको लागि पनि	**वपुः** = शरीर	**युतम्** = युक्त प्रभुलाई
इह = यहाँ	**दर्शयानम्** = प्रकट गर्ने अनि	**समगृणन्** = स्तुति गर्न लाग्नुभयो
ध्यानास्पदं = ध्यान गर्न योग्य		

वाक्यार्थ– विभिन्न योगप्रणालीद्वारा आफ्नो सद्गति खोज्ने मानिसहरूको लागि पनि यहाँ ध्यान गर्न योग्य धेरै तत्त्ववादीहरूद्वारा आदृत आँखालाई आनन्द दिने आदिपुरुषस्वरूप प्रकट गर्ने अनि अरूद्वारा पाउन न सकिने तर प्रभुमा चाहिँ स्वतः रहने अष्टसिद्धिहरूले युक्त प्रभुलाई स्तुति गर्न लाग्नुभयो।

कुमारा ऊचुः (कुमारहरूले भन्नुभयो)

योऽन्तर्हितो हृदि गतोऽपि दुरात्मनां त्वं
सोऽद्यैव नो नयनमूलमनन्त राद्धः।
यर्ह्येव कर्णविवरेण गुहां गतो नः
पित्रानुवर्णितरहा भवदुद्भवेन ॥ ४६ ॥

पदार्थ–

यः = जो प्रभु	**नः** = हामीहरूको	**अनुवर्णितरहाः** = हजुरको रहस्य वर्णन गर्नुभएको थियो (त्यही वेलामा नै हजुर)
दुरात्मनां = दुष्टहरूको	**नयनमूलम्** = नेत्रगोचर भई	**कर्णविवरेण** = कर्णमार्गबाट
हृदि = हृदयमा	**अद्य** = आज	**नः** = हामीहरूको
गतः = रहेर पनि	**एव** = नै	**गुहां** = हृदयभित्र
अन्तर्हितः = भित्रै नै लुक्नुभएको छ	**राद्धः** = प्राप्त हुनुभएको छ	**गतः** = पस्नुभएको थियो
अनन्त = हे प्रभो	**भवदुद्भवेन** = तपाईंबाट जन्मेका	
सः = त्यस्ता	**पित्रा** = हाम्रा पिताजी (ब्रह्मा)ले	
त्वं = अन्तर्यामी तपाईं	**अपि** = पनि	
	यर्हि एव = जुन समयमा	

वाक्यार्थ– जो प्रभु दुष्टहरूको हृदयमा रहेर पनि भित्रै नै लुक्नुभएको छ, हे प्रभो ! त्यस्ता अन्तर्यामी तपाईं हामीहरूको नेत्रगोचर भई आज नै प्राप्त हुनुभएको छ। तपाईंबाट जन्मेका हाम्रा पिताजी (ब्रह्मा)ले पनि जुन समयमा हजुरको रहस्य वर्णन गर्नुभएको थियो त्यही वेलामा नै हजुर कर्णमार्गबाट हामीहरूको हृदयभित्र पस्नुभएको थियो।

तं त्वां विदाम भगवन् परमात्मतत्त्वं
सत्त्वेन सम्प्रति रतिं रचयन्तमेषाम्।
यत्तेऽनुतापविदितैर्दृढभक्तियोगै-
रुद्ग्रन्थयो हृदि विदुर्मुनयो विरागाः ॥ ४७ ॥

पदार्थ–

भगवन् = हे प्रभु
सम्प्रति = अहिले
एषाम् = यी भक्तहरूका लागि
सत्त्वेन = सत्त्वगुण स्वीकार गरी
रतिं = प्रीति
रचयन्तम् = उत्पन्न गराउने
तं = त्यस्ता
त्वां = तपाईंलाई
परमात्मतत्त्वं = परब्रह्मतत्त्वको रूपमा
विदाम = जान्दछौँ
यत् = जुन ब्रह्मतत्त्वलाई
ते = तपाईंको
अनुतापविदितैः = कृपालभ्य
दृढभक्तियोगैः = आत्यन्तिक भक्तिद्वारा
उद्ग्रन्थयः = हृदयग्रन्थिभेदन गरेका
विरागाः = विरक्त
मुनयः = मुनिहरूले
हृदि = हृदयभित्र
विदुः = साक्षात्कार गर्दछन्

वाक्यार्थ– हे प्रभु ! अहिले भक्तहरूका लागि सत्त्वगुण स्वीकार गरी प्रीति उत्पन्न गराउने यस्ता तपाईंलाई परब्रह्मतत्त्वको रूपमा जान्दछौँ जुन ब्रह्मतत्त्वलाई तपाईंको कृपालभ्य आत्यन्तिक भक्तिद्वारा हृदयग्रन्थिभेदन गरेका विरक्त मुनिहरूले हृदयभित्र साक्षात्कार गर्दछन्।

नात्यन्तिकं विगणयन्त्यपि ते प्रसादं
किम्वन्यदर्पितभयं भ्रुव उन्नयैस्ते ।
येऽङ्ग त्वदङ्घ्रिशरणा भवतः कथायाः
कीर्तन्यतीर्थयशसः कुशला रसज्ञाः ॥ ४८ ॥

पदार्थ–

अङ्ग = हे प्रिय प्रभो
कीर्तन्यतीर्थयशसः = कीर्तनीय परमपवित्र यश हुनुभएका
भवतः = तपाईंका
कथायाः = लीलाचरित्रको
रसज्ञाः = रसग्रहण गर्न
कुशलाः = कुशल
ये = जति पनि भक्तहरू
त्वदङ्घ्रिशरणाः = तपाईंको चरणमा आश्रित छन्
ते = तिनीहरू
आत्यन्तिकं = मोक्षरूप
ते = तपाईंको
प्रसादं = प्रसाद
अपि = समेत
न विगणयन्ति = ठुलो मान्दैनन्
ते = तपाईंका
भ्रुवः = आँखिभौँको
उन्नयैः = उठाइले मात्र
अर्पितभयं = अत्यन्त भयभीत हुने
अन्यत् = अरू इन्द्रादि पदभोगलाई त
किमु = के ठुलो मान्दथे

वाक्यार्थ– हे प्रिय प्रभो ! कीर्तनीय परमपवित्र यश हुनुभएका तपाईंका लीलाचरित्रको रसग्रहण गर्न कुशल जति पनि भक्तहरू तपाईंको चरणमा आश्रित छन् तिनीहरू मोक्षरूप तपाईंको प्रसादसमेत ठुलो मान्दैनन्। तपाईंका आँखिभौँको उठाइले मात्र अत्यन्त भयभीत हुने अरू इन्द्रादि पदभोगलाई त के ठुलो मान्दथे ?

कामं भवः स्ववृजिनैर्निरयेषु नः स्ता–

च्चेतोऽलिवद्यदि नु ते पदयो रमेत।
वाचश्च नस्तुलसिवद्यदि तेऽङ्‌घ्रिशोभाः
पूर्येत ते गुणगणैर्यदि कर्णरन्ध्रः॥ ४९॥

पदार्थ–

नु = निश्चय नै	**च** = पनि	**यदि** = यदि
ते = तपाईंको	**तुलसिवत्** = तुलसीजस्तै	**पूर्येत** = भरिन्छ भने
पदयः = चरणकमलमा	**यदि** = यदि	**नः** = हामीहरूको
चेतः = चित्त	**ते** = तपाईंको	**स्ववृजिनैः** = आ-आफ्नो पापको कारणले
अलिवत् = भ्रमराजस्तै	**अङ्‌घ्रिशोभाः** = चरणसँग सम्बन्धित हुन्छन् भने	**निरयेषु** = नरकहरूमा
यदि = यदि	**ते** = तपाईंका	**भवः** = जन्म
रमेत = रमाउँछ भने	**गुणगणैः** = गुणगानहरूद्वारा	**कामं** = अवश्य नै
नः = हाम्रा	**कर्णरन्ध्रः** = कर्णविवर	**स्तात्** = होस्
वाचः = वाणीहरू		

वाक्यार्थ– निश्चय नै तपाईंको चरणकमलमा हाम्रो चित्त भ्रमराजस्तै यदि रमाउँछ भने, हाम्रा वाणीहरू पनि तुलसीजस्तै यदि तपाईंका चरणसँग सम्बन्धित हुन्छन् र तपाईंका गुणगानहरूद्वारा कर्णविवर यदि भरिन्छ भने हामीहरूको आ-आफ्नो पापको कारणले नरकहरूमा जन्म हुनुपरे पनि अवश्य नै होस्।

प्रादुश्चकर्थ यदिदं पुरुहूत रूपं
तेनेश निर्वृतिमवापुरलं दृशो नः।
तस्मा इदं भगवते नम इद्विधेम
योऽनात्मनां दुरुदयो भगवान् प्रतीतः॥ ५०॥

पदार्थ–

पुरुहूत = हे विपुलकीर्तिसम्पन्न	**तेन** = त्यो रूपद्वारा	**अनात्मनां** = विषयासक्तहरूका लागि
यत् = जुन	**नः** = हाम्रा	**दुरुदयः** = अदृश्य
इदं = यो	**दृशः** = आँखाहरूले	**यः** = जुन
रूपं = मङ्गलमय रूप	**अलं** = पूर्ण	**भगवान्** = प्रभु
प्रादुश्चकर्थ = हाम्रो अघि प्रकट गराउनुभयो	**निर्वृतिम्** = शान्तिलाई	**इदं** = हाम्रो अगाडि
ईश = हे प्रभो	**अवापुः** = प्राप्त गरे	**प्रतीतः** = प्रतीत हुनुभयो

तस्मै = त्यस्ता | **नमः** = नमस्कार
भगवते = भगवान्लाई | **विधेम** = गर्छौं

वाक्यार्थ– हे विपुलकीर्तिसम्पन्न ! जुन मङ्गलमय रूप हाम्रो अघि प्रकट गराउनुभयो, हे प्रभो ! त्यस रूपद्वारा हाम्रा आँखाहरूले पूर्ण शान्तिलाई प्राप्त गरे। विषयासक्तहरूका लागि अदृश्य जुन प्रभु हाम्रो अगाडि प्रतीत हुनुभयो त्यस्ता भगवान्लाई नमस्कार गर्छौं।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

पञ्चदशोऽध्यायः ॥ १५ ॥

अथ षोडशोऽध्यायः

जय र विजयको वैकुण्ठबाट पतन

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

इति तद् गृणतां तेषां मुनीनां योगधर्मिणाम्।
प्रतिनन्द्य जगादेदं विकुण्ठनिलयो विभुः॥ १॥

पदार्थ–

विकुण्ठनिलयः = वैकुण्ठवासी	**तेषां** = ती	**प्रतिनन्द्य** = प्रशंसा गर्दै
विभुः = सर्वव्यापक भगवान् हरि	**योगधर्मिणाम्** = योगी	**इदं** = यो
इति = पूर्वोक्त प्रकारले	**मुनीनां** = सनकादि मुनिहरूको	**जगाद** = भन्न लाग्नुभयो
गृणतां = स्तुति गर्दै गरेका	**तत्** = त्यस स्तुतिलाई	

वाक्यार्थ– वैकुण्ठवासी सर्वव्यापक भगवान् हरि पूर्वोक्त प्रकारले स्तुति गर्दै गरेका ती योगी सनकादि मुनिहरूको स्तुतिलाई प्रशंसा गर्दै यसो भन्न लाग्नुभयो।

श्रीभगवानुवाच (भगवान्ले भन्नुभयो)

एतौ तौ पार्षदौ मह्यं जयो विजय एव च।
कदर्थीकृत्य मां यद्वो बह्वक्रातामतिक्रमम्॥ २॥

पदार्थ–

एतौ = यी	**मह्यं** = मेरा	**कदर्थीकृत्य** = हेलाँ गरेर
तौ = दुई	**पार्षदौ** = पार्षद (अङ्गरक्षक, सेवक)	**वः** = हजुरहरूमाथि
जयः = जय		**बहु** = ठुलो
च = र	**यत्** = जो यिनीहरूले	**अतिक्रमम्** = अपराध
विजयः = विजय नाम गरेका	**मां** = म नारायणलाई	**अक्राताम्** = गरे

वाक्यार्थ– यी दुई जय र विजय नाम गरेका मेरा पार्षद (अङ्गरक्षक, सेवक) यिनीहरूले म नारायणलाई हेलाँ गरेर हजुरहरूमाथि ठुलो अपराध गरे।

यस्त्वेतयोर्धृतो दण्डो भवद्भिर्मामनुव्रतैः।
स एवानुमतोऽस्माभिर्मुनयो देवहेलनात्॥ ३॥

पदार्थ–

मुनयः = हे मुनिहरू	**देवहेलनात्** = तपाईंहरूजस्ता देवताहरूको तिरस्कार गरे वापत	**धृतः** = दिनुभयो
माम् = ममा	**यः** = जुन	**सः** = त्यही
अनुव्रतैः = अनुरक्त हुनुभएका	**एतयोः** = यी दुईलाई	**एव** = नै
भवद्भिः = हजुरहरूले	**दण्डः** = सजाय	**अस्माभिः** = हामीहरूद्वारा
		अनुमतः = स्वीकार गरिन्छ

वाक्यार्थ– हे मुनिहरू ! ममा अनुरक्त हुनुभएका हजुरहरूले आफूजस्ता देवताहरूको तिरस्कार गरेबापत यी दुईलाई जुन सजाय दिनुभयो त्यही नै हामीहरूद्वारा स्वीकार गरिन्छ।

तद् वः प्रसादयाम्यद्य ब्रह्म दैवं परं हि मे।
तद्धीत्यात्मकृतं मन्ये यत् स्वपुम्भिरसत्कृताः ॥ ४ ॥

पदार्थ–

हि = निश्चय नै	**अद्य** = आज	**यत्** = जुन अपराध छ
ब्रह्म = ब्राह्मण	**वः** = हजुरहरूलाई	**तत्** = त्यो
मे = मेरा	**प्रसादयामि** = प्रसन्न गराउँछु	**आत्मकृतं** = आफैँले नै गरेजस्तो
परं = ठुला	**स्वपुम्भिः** = मेरा सेवकहरूद्वारा	**मन्ये** = मान्दछु
दैवं = देवता हुनुहुन्छ	**असत्कृताः** = सत्कार नगर्नुरूप	
तत् = त्यसकारणले	**इति** = यो	

वाक्यार्थ– निश्चय नै ब्राह्मण मेरा ठुला देवता हुनुहुन्छ। त्यसकारणले आज हजुरहरूलाई प्रसन्न गराउँछु। मेरा सेवकहरूद्वारा सत्कार नगर्नुरूप जुन अपराध छ त्यो आफैँले नै गरेजस्तो मान्दछु।

यन्नामानि च गृह्णाति लोको भृत्ये कृतागसि।
सोऽसाधुवादस्तत्कीर्तिं हन्ति त्वचमिवामयः ॥ ५ ॥

पदार्थ–

भृत्ये = नोकरहरूद्वारा	**सः** = त्यो	**तत्कीर्तिं** = त्यस मालिकको कीर्ति
कृतागसि = अपराध गरिँदा	**असाधुवादः** = निन्दा	**हन्ति** = नाश गर्दछ
लोकः = संसारले	**आमयः** = रोगले	
यन्नामानि = जसको नाम	**त्वचम्** = छाला	
गृह्णाति = लिन्छ	**इव** = झैँ	

वाक्यार्थ– नोकरहरूद्वारा अपराध गरिँदा संसारले जसको नाम लिन्छ त्यस निन्दावादले रोगले छालालाई झैँ त्यस मालिकको कीर्तिलाई नाश गर्दछ।

यस्यामृतामलयशःश्रवणावगाहः
सद्यः पुनाति जगदाश्वपचाद्विकुण्ठः ।
सोऽहं भवद्भ्य उपलब्धसुतीर्थकीर्ति-
श्छिन्द्यां स्वबाहुमपि वः प्रतिकूलवृत्तिम् ॥ ६ ॥

पदार्थ–

यस्य = जसको
अमृतामलयशःश्रवणावगाहः = अमृतसमान आह्लादक निर्मल कीर्तिको श्रवणरूप स्नानमात्रले
आश्वपचात् = चाण्डालपर्यन्त
जगत् = संसार
सद्यः = तुरुन्तै
पुनाति = पवित्र गर्दछ
विकुण्ठः = जित्न नसकिने (सर्वशक्तिशाली)
भवद्भ्यः = हजुरहरूद्वारा
सुतीर्थकीर्तिः = राम्राराम्रा प्रसिद्धिहरू
उपलब्धः = प्राप्त गरेको
सः = त्यो
अहं = म नारायण
वः = हजुरहरूको
प्रतिकूलवृत्तिम् = विरुद्ध काम गर्ने
स्वबाहुम् = आफ्नो हात
अपि = पनि
छिन्द्यां = काट्न तयार छु अरूको त के कुरा

वाक्यार्थ– जसको अमृतसमान आह्लादक निर्मल कीर्तिको श्रवणरूप स्नानमात्रले चाण्डालपर्यन्त संसारलाई तुरुन्तै पवित्र गर्दछ त्यस्ता जित्न नसकिने (सर्वशक्तिशाली) हजुरहरूद्वारा राम्राराम्रा प्रसिद्धिहरू प्राप्त गरेको त्यो म नारायण हजुरहरूको विरुद्ध काम गर्ने आफ्नो हात पनि काट्न तयार छु अरूको त के कुरा ?

यत्सेवया चरणपद्मपवित्ररेणुं
सद्यः क्षताखिलमलं प्रतिलब्धशीलम् ।
न श्रीर्विरक्तमपि मां विजहाति यस्याः
प्रेक्षालवार्थ इतरे नियमान् वहन्ति ॥ ७ ॥

पदार्थ–

यत्सेवया = जुन ब्राह्मणदेवहरूको सेवाको प्रभावले
चरणपद्मपवित्ररेणुं = मेरा कमलरूपी पाउका पवित्र कणहरूले
अखिलमलं = सबै किसिमका दोषहरूलाई
सद्यः = छिट्टै
क्षत = नाश गर्दछन् (र जसको सेवाले मैले)
शीलम् = असल स्वभाव
प्रतिलब्धः = प्राप्त गरेको छु
यस्याः = जसको
प्रेक्षालवार्थे = दर्शनमात्रका निम्ति
इतरे = ब्रह्मा आदि देवता पनि
नियमान् = तप व्रतादि
वहन्ति = पालन गर्दछन् ती
श्रीः = लक्ष्मीले

विरक्तम् = उदासीन बन्दा	**न विजहाति** = छाड्दिनन्
अपि = पनि	(त्यस्ता हजुरलाई कुनै कष्ट पर्न
मां = मलाई	दिन्नँ)

वाक्यार्थ– जुन ब्राह्मणदेवहरूको सेवाको प्रभावले मेरा कमलरूपी पाउका पवित्र कणहरूले सबै किसिमका दोषहरूलाई छिट्टै नाश गर्दछन् र जसको सेवाले मैले असल स्वभाव प्राप्त गरेको छु। जसको दर्शनमात्रका निम्ति ब्रह्मा आदि देवता पनि तप, व्रतादि पालन गर्दछन्। ती लक्ष्मीले उदासीन बन्दा पनि मलाई छाड्दिनन्। त्यस्ता हजुरलाई कुनै कष्ट पर्न दिन्नँ।

नाहं तथाद्मि यजमानहविर्विताने
श्च्योतद्घृतप्लुतमदन् हुतभुङ्मुखेन।
यद् ब्राह्मणस्य मुखतश्चरतोऽनुघासं
तुष्टस्य मय्यवहितैर्निजकर्मपाकैः॥ ८॥

पदार्थ–

यत् = जसरी	**निजकर्मपाकैः** = आफ्ना कर्मका	**विताने** = ठुलाठुला यज्ञहरूमा
श्च्योतद्घृतप्लुतम् = चुहिने गरी	फलद्वारा	**यजमानहविः** = यजमानद्वारा
घिउले परिपूर्ण भएको	**तुष्टस्य** = सन्तुष्ट भएका	हवन गरिएका चरु
पायसादिको	**ब्राह्मणस्य** = ब्राह्मणहरूको	**हुतभुङ्मुखेन** = अग्निका
अनुघासं = प्रत्येक गाँसहरू	**मुखतः** = मुखद्वारा	मुखद्वारा खाँदा पनि
चरतः = खाने	**अहं** = म सन्तुष्ट भएर	**न** = सन्तुष्ट हुन्नँ
मयि = म नारायणमा	**अद्मि** = खान्छु	
अवहितैः = समर्पित गरेका	**तथा** = त्यसरी	

वाक्यार्थ– जसरी चुहिने गरी घिउले परिपूर्ण भएको पायसादिको प्रत्येक गाँसहरू खाने म नारायणमा समर्पित गरेका आफ्ना कर्मका फलद्वारा सन्तुष्ट भएका ब्राह्मणहरूको मुखद्वारा सन्तुष्ट भएर खान्छु त्यसरी ठुलाठुला यज्ञहरूमा यजमानद्वारा हवन गरिएका चरु अग्निका मुखद्वारा खाँदा पनि सन्तुष्ट हुन्नँ।

येषां बिभर्म्यहमखण्डविकुण्ठयोग-
मायाविभूतिरमलाङ्घ्रिरजः किरीटैः।
विप्रांस्तु को न विषहेत यदर्हणाम्भः
सद्यः पुनाति सहचन्द्रललामलोकान्॥ ९॥

पदार्थ–

अखण्डविकुण्ठयोगमाया-विभूतिः = निरन्तर चलिरहने अप्रतिहत शक्ति भएकी योगमायारूप ऐश्वर्यले युक्त भएको	**सहचन्द्रललामलोकान्** = शिरमा चन्द्रमा धारण गर्ने भगवान् शिवसहित सम्पूर्ण जगत्लाई	**अमलाङ्घ्रिरजः** = पवित्र चरणधूली
यत् = जसको	**सद्यः** = स्पर्शमात्रले	**किरीटैः** = मुकुटद्वारा
अर्हणाम्भः = पादोदकरूप गङ्गाले	**पुनाति** = पवित्र गर्दछिन् (यस्तो शक्तिसम्पन्न भएर पनि)	**बिभर्मि** = धारण गर्दछु (त्यस्ता)
	अहम् = म नारायणलाई	**विप्रान्** = ब्राह्मणहरूलाई
	येषां = जसको	**कः** = कसले
		न विषहेत = सहन नगरोस्

वाक्यार्थ– निरन्तर चलिरहने अप्रतिहत शक्ति भएकी योगमायारूप ऐश्वर्यले युक्त भएको जसको पादोदकरूप गङ्गाले शिरमा चन्द्रमा धारण गर्ने भगवान् शिवसहित सम्पूर्ण जगत्लाई स्पर्शमात्रले पवित्र गर्दछिन्, यस्तो शक्तिसम्पन्न भएर पनि म नारायणलाई जसको पवित्र चरणधूलि मुकुटद्वारा धारण गर्दछु त्यस्ता ब्राह्मणहरूलाई कसले सहन नगरोस्।

ये मे तनूर्द्विजवरान् दुहतीर्मदीया
भूतान्यलब्धशरणानि च भेदबुद्ध्या।
द्रक्ष्यन्त्यघक्षतदृशो ह्यहिमन्यवस्तान्
गृध्रा रुषा मम कुषन्त्यधिदण्डनेतुः॥ १०॥

पदार्थ–

अघक्षतदृशः = पापले अन्धा भएका	**अलब्धशरणानि च** = शरण नपाएका	**अधिदण्डनेतुः** = दण्ड दिन नियुक्त गरिएका यमराजका
ये = जो व्यक्तिहरू	**भूतानि** = प्राणीहरूलाई	**अहिमन्यवः** = सर्पको जस्तै क्रोध भएका
मे = मेरा	**च** = पनि	**गृध्राः** = गिद्ध जस्ता दूतहरूले
तनूः = शरीर भनिएका	**भेदबुद्ध्या** = भेददृष्टिले	**रुषा** = क्रोधले
द्विजवरान् = ब्राह्मणहरू	**द्रक्ष्यन्ति** = हेर्दछन्	**कुषन्ति** = आफ्ना मुखका चुच्चाहरूले लुछेर मार्दछन्
मदीया = मेरी	**तान्** = तिनीहरूलाई	
दुहतीः = दुध दिने गाई र	**हि** = निश्चय नै	
	मम = मद्द्वारा	

वाक्यार्थ– पापले अन्धा भएका जो व्यक्तिहरू मेरा शरीर भएका ब्राह्मणहरू, मेरी दुध दिने गाई र शरण नपाएका प्राणीहरूलाई पनि भेददृष्टिले हेर्दछन् तिनीहरूलाई निश्चय नै मद्द्वारा दण्ड दिन

नियुक्त गरिएका यमराजका सर्पको जस्तै क्रोध भएका गिद्ध जस्ता दूतहरूले क्रोधले आफ्ना मुखका चुच्चाहरूले लुछेर मार्दछन्।

ये ब्राह्मणान् मयि धिया क्षिपतोऽर्चयन्त-
स्तुष्यद्धृदः स्मितसुधोक्षितपद्मवक्त्राः।
वाण्यानुरागकलयात्मजवद् गृणन्तः
सम्बोधयन्त्यहमिवाहमुपाहृतस्तैः॥ ११॥

पदार्थ–

ये = जो	**स्मितसुधोक्षितपद्मवक्त्राः** =	**आत्मजवद्** = सन्तानलाई
क्षिपतः = तिरस्कार गर्नेवाला	मुस्कानरूपी अमृतले भरिएको	सम्झाएझैं
ब्राह्मणान् = ब्राह्मणहरूलाई	मुखकमलले	**गृणन्तः** = स्तुति गर्दै
मयि = मेरो स्वरूप हो भन्ने	**अहम् इव** = म नारायणले	**सम्बोधयन्ति** = प्रार्थना गर्दछन्
धिया = बुद्धिले	भृगुलाई	**तैः** = तिनीहरूद्वारा
अर्चयन्तः = पूजा गर्दै	**इव** = झैं	**अहम्** = म
तुष्यद्धृदः = प्रसन्न चित्तले	**वाण्यानुरागकलया** = प्रेमपूर्ण	**उपाहृतः** = वशीभूत हुन्छु
	वाणीले	

वाक्यार्थ– जो तिरस्कार गर्नेवाला ब्राह्मणहरूलाई मेरो स्वरूप हो भन्ने बुद्धिले पूजा गर्दै प्रसन्न चित्तले मुस्कानरूपी अमृतले भरिएको मुखकमलले म नारायणले भृगुलाई झैं प्रेमपूर्ण वाणीले सन्तानलाई सम्झाएझैं स्तुति गर्दै प्रार्थना गर्दछन् तिनीहरूद्वारा म वशीभूत हुन्छु।

तन्मे स्वभर्तुरवसायमलक्षमाणौ
युष्मद्व्यतिक्रमगतिं प्रतिपद्य सद्यः।
भूयो ममान्तिकमितां तदनुग्रहो मे
यत् कल्पतामचिरतो भृतयोर्विवासः॥ १२॥

पदार्थ–

तत् = त्यसकारण	**युष्मद्व्यतिक्रमगतिं** =	**मम** = मेरो
स्वभर्तुः = आफ्नो मालिक	तपाईंहरूलाई तिरस्कार गरे	**अन्तिकम्** = सामीप्यलाई
मे = मेरो	बापतको सजाय	**इतां** = प्राप्त गरून्
अवसायम् = आशय	**प्रतिपद्य** = भोगेर	**तत्** = त्यो
अलक्षमाणौ = नजानेका (यी	**सद्यः** = तुरुन्त	**भृतयोः** = सेवकहरूको
जय र विजय दुई)	**भूयः** = फेरि	**विवासः** = वियोग

अचिरतः = छिट्टै	**मे** = मलाई
कल्पताम् = गर्नुहोस् अथवा गरेर	**अनुग्रहः** = कृपा गर्नुहोस्

वाक्यार्थ– त्यसकारण आफ्नो मालिक मेरो आशय नजानेका यी जय र विजय दुई तपाईंहरूलाई तिरस्कार गरे बापतको सजाय भोगेर तुरुन्त फेरि मेरो सामीप्यलाई प्राप्त गरून् ! त्यो सेवकहरूको वियोग छिट्टै गर्नुहोस् अथवा गरेर मलाई कृपा गर्नुहोस्।

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

अथ तस्योशतीं देवीमृषिकुल्यां सरस्वतीम्।

नास्वाद्य मन्युदष्टानां तेषामात्माप्यतृप्यत॥ १३॥

पदार्थ–

अथ = त्यसपछि (भगवान्ले) अनुग्रह गरेपछि	**सरस्वतीम् देवीम्** = वाणी	**आत्मा** = मन
तस्य = भगवान् नारायणको	**आस्वाद्य** = सुनेर	**अपि** = पनि
उशतीं = मधुर	**मन्युदष्टानां** = क्रोधरूपी सर्पले डसिएका	**न अतृप्यत** = तृप्त भएन
ऋषिकुल्यां = पवित्र	**तेषाम्** = सनकादि मुनिहरूको	

वाक्यार्थ– त्यसपछि भगवान्ले अनुग्रह गरेपछि भगवान् नारायणको मधुर पवित्र वाणी सुनेर क्रोधरूपी सर्पले डसिएका सनकादि मुनिहरूको मन पनि तृप्त भएन।

सतीं व्यादाय शृण्वन्तो लघ्वीं गुर्वर्थगह्वराम्।

विगाह्यागाधगम्भीरां न विदुस्तच्चिकीर्षितम्॥ १४॥

पदार्थ–

व्यादाय = कान खोलेर (ध्यानपूर्वक)	**अगाधगम्भीरां** = अत्यन्त गम्भीर	**तच्चिकीर्षितम्** = भगवान्को आशयलाई
लघ्वीं = छोटो तर	**सतीं** = भगवान्को वाणी	**न विदुः** = जान्न सक्नुभएन
गुर्वर्थगह्वराम् = गूढ अर्थले भरिएको	**विगाह्य** = विचारपूर्वक	
	शृण्वन्तः = सुनेर पनि	

वाक्यार्थ– कान खोलेर (ध्यानपूर्वक) छोटो तर गूढ अर्थले भरिएको अत्यन्त गम्भीर भगवान्को वाणी विचारपूर्वक सुनेर पनि भगवान्को आशयलाई जान्न सक्नुभएन।

ते योगमाययारब्ध पारमेष्ठ्यमहोदयम्।

प्रोचुः प्राञ्जलयो विप्राः प्रहृष्टाः क्षुभितत्वचः॥ १५॥

पदार्थ–

ते = पूर्वोक्त
योगमायया = योगमायाद्वारा
आरब्धपारमेष्ठ्यमहोदयम् = प्रदर्शित ऐश्वर्यको उत्कर्षलाई देखेर
प्रहृष्टाः = प्रसन्न भएकाले
क्षुभितत्वचः = रोमहर्षले युक्त भएका
विप्राः = ब्राह्मणहरू
प्राञ्जलयः = हात जोडेर
प्रोचुः = भन्न लाग्नुभयो

वाक्यार्थ– पूर्वोक्त योगमायाद्वारा प्रदर्शित ऐश्वर्यको उत्कर्षलाई देखेर प्रसन्न भएकाले रोमहर्षले युक्त भएका ब्राह्मणहरू हात जोडेर भन्न लाग्नुभयो।

ऋषय ऊचुः (ऋषिहरूले भन्नुभयो)

न वयं भगवन् विद्मस्तव देव चिकीर्षितम्।
कृतो मेऽनुग्रहश्चेति यदध्यक्षः प्रभाषसे ॥ १६ ॥

पदार्थ–

देव = हे देव
भगवन् = भगवान्
यदध्यक्षः = जो सर्वेश्वर भएर पनि
वयं = हामीले
न विद्मः = बुझ्न सकेनौँ
मे = मलाई
अनुग्रहः = कृपा
कृतः इति = गर्नुहोस् भन्ने
प्रभाषसे = भन्दै हुनुहुन्छ (यो अनौठो व्यवहारदृष्टिले)
तव = हजुरले
चिकीर्षितम् = के चाहनुभएको हो

वाक्यार्थ– हे देव भगवान् ! जो सर्वेश्वर भएर पनि हामीले हजुरलाई बुझ्न सकेनौँ। मलाई कृपा गर्नुहोस् भन्दै हुनुहुन्छ। यो अनौठो व्यवहारदृष्टिले हजुरले के चाहनुभएको हो ?

ब्रह्मण्यस्य परं दैवं ब्राह्मणाः किल ते प्रभो।
विप्राणां देवदेवानां भगवानात्मदैवतम् ॥ १७ ॥

पदार्थ–

ब्रह्मण्यस्य = ब्राह्मणको हित गर्ने
ते = हजुरका निम्ति
ब्राह्मणाः = = ब्राह्मणहरू
परं = ठुला
दैवतम् = देवता हुन्
किल = निश्चय नै यो लोकशिक्षाका निमित्त हो वास्तवमा
प्रभो = हे भगवान् (हजुर)
देवदेवानां = देवताहरू र
विप्राणां = ब्राह्मणहरूको
भगवान् = भगवान् हजुर नै
आत्मदैवतं = आराध्यदेव हुनुहुन्छ

वाक्यार्थ– ब्राह्मणको हित गर्ने हजुरका निम्ति ब्राह्मणहरू ठुला देवता हुन्, निश्चय नै यो लोकशिक्षाका निमित्त हो। हे भगवान् ! हजुर देवताहरू र ब्राह्मणहरूको आराध्यदेव हुनुहुन्छ।

त्वत्तः सनातनो धर्मो रक्ष्यते तनुभिस्तव ।
धर्मस्य परमो गुह्यो निर्विकारो भवान् मतः ॥ १८ ॥

पदार्थ–

सनातनधर्मः = सनातन धर्म	**तनुभिः** = विभिन्न अवतारहरूद्वारा	**निर्विकारः** = विकाररहित
त्वत्तः = हजुरबाट नै सञ्चालित छ	**रक्ष्यते** = रक्षा गरिएको	**परमः** = सार पनि
तव = हजुरकै	**धर्मस्य** = सनातन धर्मको	**भवान्** = हजुर नै
	गुह्यः = रहस्यमय	**मतः** = मानिनुहुन्छ

वाक्यार्थ– सनातन धर्म हजुरबाट नै सञ्चालित छ। हजुरकै विभिन्न अवतारहरूद्वारा रक्षा गरिएको सनातन धर्मको रहस्यमय र विकाररहित सार पनि हजुर नै मानिनुहुन्छ।

तरन्ति ह्यञ्जसा मृत्युं निवृत्ता यदनुग्रहात् ।
योगिनः स भवान् किंस्विदनुगृह्येत यत् परैः ॥ १९ ॥

पदार्थ–

निवृत्ताः = निवृत्तिमार्गमा लागेका	**मृत्युं** = जन्ममरण आदि दुःखलाई	**भवान्** = हजुरलाई
योगिनः = योगीहरू	**हि** = निश्चय नै	**परैः** = ब्राह्मणादिद्वारा
यदनुग्रहात् = हजुरको कृपाले	**तरन्ति** = पार गर्दछन्	**अनुगृह्येत** = अनुग्रह गरियोस्
अञ्जसा = सजिलैसित	**सः** = त्यस्ता	**यत्** = यो कुरा
		किंस्वित् = सम्भव हुन्छ

वाक्यार्थ– निवृत्तिमार्गमा लागेका योगीहरू हजुरको कृपाले सजिलैसित जन्ममरण आदि दुःखलाई निश्चय नै पार गर्दछन्। त्यस्ता हजुरलाई ब्राह्मणादिद्वारा अनुग्रह गरियोस् ! यो कुरा सम्भव हुन्छ ?

यं वै विभूतिरुपयात्यनुवेलमन्यै-
रर्थार्थिभिः स्वशिरसा धृतपादरेणुः ।
धन्यार्पिताङ्घ्रितुलसीनवदामधाम्नो
लोकं मधुव्रतपतेरिव कामयाना ॥ २० ॥

पदार्थ–

अन्यैः = अन्य

अर्थार्थिभिः = ऐश्वर्यादि चार पुरुषार्थको इच्छा राख्नेहरूले
स्वशिरसा = आफ्नो मस्तकमा
धृतपादरेणुः = जसका पाउको धुलो धारण गर्दछन् (त्यस्ता)
धन्यार्पिताङ्घ्रितुलसीनव-दामधाम्नः = भक्तले हजुरको पाउमा अर्पण गरेको सुन्दर तुलसीमालामा भुनभुनाएर घुम्ने
मधुव्रतपतेः = भ्रमरराजको
लोकं = स्थानलाई
कामयाना = प्राप्त गर्ने इच्छाले
इव = झैं
विभूतिः = लक्ष्मी
अनुवेलम् = नित्य-निरन्तर
यं = हजुरलाई
वै = निश्चय नै
उपयाति = सेवा गर्दछिन्

वाक्यार्थ– अन्य ऐश्वर्यादि चार पुरुषार्थको इच्छा राख्नेहरूले आफ्नो मस्तकमा जसका पाउको धुलो धारण गर्दछन् (त्यस्ता) भक्तले हजुरको पाउमा अर्पण गरेको सुन्दर तुलसीमालामा भुनभुनाएर घुम्ने भ्रमरराजको स्थानलाई प्राप्त गर्ने इच्छालेझैं लक्ष्मी नित्य-निरन्तर हजुरलाई निश्चय नै सेवा गर्दछिन्।

यस्तां विविक्तचरितैरनुवर्तमानां
नात्याद्रियत् परमभागवतप्रसङ्गः।
स त्वं द्विजानुपथपुण्यरजःपुनीतः
श्रीवत्सलक्ष्म किमगा भगभाजनस्त्वम्॥ २१॥

पदार्थ–

परमभागवतप्रसङ्गः = प्यारा भक्तहरूको सङ्गत पाएर
यः = जुन भगवान्ले
विविक्तचरितैः = पवित्र आचरणहरूद्वारा
अनुवर्तमानां = सेवामा लीन भएकी
तां = लक्ष्मीलाई
न अत्याद्रियत् = अति आदर गर्नुभएन
सः = त्यस्तो
त्वं = हजुर
द्विजानुपथपुण्यरजःपुनीतः = ब्राह्मण पादरेणुद्वारा पवित्र बनेको
श्रीवत्सलक्ष्म = श्रीवत्सचिह्न
अगाः = धारण गर्नुभएको छ (त्यसैले गर्दा)
त्वम् = हजुर
भगभाजनः = सौभाग्यका खानी
किम् = हुनुहुन्छ होइन त

वाक्यार्थ– प्यारा भक्तहरूको सङ्गत पाएको हुनाले न भगवान्ले पवित्र आचरणहरूद्वारा सेवामा लीन भएकी लक्ष्मीलाई समेत अति आदर गर्नुभएन। यस्ता हजुरले ब्राह्मण पादरेणुद्वारा पवित्र बनेको श्रीवत्सचिह्न धारण गर्नुभएको छ। त्यसैले गर्दा हजुर सौभाग्यका खानी हुनुहुन्छ होइन त ?

धर्मस्य ते भगवतस्त्रियुग त्रिभिः स्वैः
पद्भिश्चराचरमिदं द्विजदेवतार्थम्।

नूनं भृतं तदभिघाति रजस्तमश्च
सत्त्वेन नो वरदया तनुवा निरस्य ॥ २२ ॥

पदार्थ–

त्रियुग = हे सत्यत्रेताद्वापरादि तीनै युगका मालिक	**तदभिघाति** = सत्त्वगुणका विरोधी	**द्विजदेवतार्थम्** = देवता र ब्राह्मणहरूको प्रयोजनको निम्ति
नः = हामी भक्तहरूलाई	**रजस्तमः** = रज र तम	**इदं** = यो
वरदया = अभीष्ट पूरा गर्ने	**निरस्य** = नाश गरेर	**चराचरम्** = संसारलाई
भगवतः = भगवान्	**स्वैः** = आफ्ना	**नूनं** = निश्चय नै
ते = हजुरको	**धर्मस्य** = धर्मका	**भृतं** = पालन गरिरहनुभएको छ
सत्त्वेन = शुद्धसत्त्ववाला	**त्रिभिः** = तप, दान, दयारूप तीन	
तनुवा = स्वरूपले	**पद्भिः** = चरणहरूले	

वाक्यार्थ– हे सत्य, त्रेता, द्वापर आदि तीनै युगका मालिक ! हामी भक्तहरूलाई अभीष्ट पूरा गर्ने भगवान् हजुर शुद्धसत्त्वयुक्त स्वरूपले सत्त्वगुणका विरोधी रज र तम नाश गरेर आफ्ना धर्मका तप, दान, दयारूप तीन चरणहरूले देवता र ब्राह्मणहरूको प्रयोजनको निम्ति यस संसारलाई निश्चय नै पालन गरिरहनुभएको छ।

न त्वं द्विजोत्तमकुलं यदि हात्मगोपं
गोप्ता वृषः स्वर्हणेन ससूनृतेन ।
तर्ह्येव नङ्क्ष्यति शिवस्तव देव पन्था
लोकोऽग्रहीष्यदृषभस्य हि तत्प्रमाणम् ॥ २३ ॥

पदार्थ–

देव = हे देव	**त्वं** = हजुर नै	**हि** = किनभने
आत्मगोपं = स्वयं भगवान्द्वारा रक्षा गरिएको	**यदि** = यदि	**ऋषभस्य** = श्रेष्ठ भक्तहरूको आचरणलाई
	गोप्ता = संरक्षक	
द्विजोत्तमकुलं = उत्तम ब्राह्मण कुललाई	**न** = हुनुभएन भने	**लोकः** = संसारले
	तर्हि एव = त्यति वेला नै	**तत्प्रमाणम्** = प्रमाणरूपमा
ससूनृतेन = प्रिय वचनले युक्त भएका	**तव** = हजुरले चलाएको	**अग्रहीष्यत्** = स्वीकार गरेको हुन्छ
	शिवः = कल्याणकारी	
स्वर्हणेन = पूज्य	**पन्थाः** = धर्ममार्ग	
वृषः = श्रेष्ठ	**नङ्क्ष्यति** = नष्ट हुन्छ	

वाक्यार्थ– हे देव ! स्वयं भगवान्द्वारा रक्षा गरिएको उत्तम ब्राह्मण कुललाई प्रिय वचनले युक्त भएका पूज्य श्रेष्ठ हजुर नै यदि संरक्षक हुनुभएन भने त्यति वेला नै हजुरले चलाएको कल्याणकारी धर्ममार्ग नष्ट हुन्छ। किनभने श्रेष्ठ भक्तहरूको आचरणलाई संसारले प्रमाणरूपमा स्वीकार गरेको हुन्छ।

तत्तेऽनभीष्टमिव सत्त्वनिधेर्विधित्सोः
क्षेमं जनाय निजशक्तिभिरुद्धृतारेः।
नैतावता त्र्यधिपतेर्बत विश्वभर्तु-
स्तेजः क्षतं त्ववनतस्य स ते विनोदः॥ २४॥

पदार्थ–

सत्त्वनिधेः = सत्त्वगुणका खानी भएका हे प्रभु	**विश्वभर्तुः** = विश्वका पालक	**अवनतस्य** = ब्राह्मणहरूप्रति नम्र हुनुभएका
जनाय = लोकलाई	**ते** = हजुरका निम्ति	**ते** = हजुरको
क्षेमं = कल्याण	**तत्** = धर्मको विनाश	**तेजः** = प्रभाव
विधित्सोः = गर्न चाहने	**अनभीष्टम् इव** = नचाहेको कुरा हो	**न क्षतं** = नाश भएको छैन
निजशक्तिभिः = आफ्ना विभिन्न अवतारहरूद्वारा	**एतावता** = यही धर्मरक्षारूप कार्यले	**सः** = ब्राह्मणहरूप्रतिको हजुरको नम्रता
उद्धृतारेः = धर्मविरोधी शत्रुहरूलाई नाश गर्नुभएका	**त्र्यधिपतेः** = संसारका मालिक भएर पनि	**ते** = हजुरको
		विनोदः = लीलामात्र हो

वाक्यार्थ– सत्त्वगुणका खानीभएका हे प्रभु ! लोकलाई कल्याण गर्न चाहने आफ्ना विभिन्न अवतारहरूद्वारा धर्मविरोधी शत्रुहरूलाई नाश गर्नुभएका विश्वका पालक हजुरका निम्ति धर्मको विनाश नचाहेको कुरा हो। यही धर्मरक्षारूप कार्यले संसारका मालिक भएर पनि ब्राह्मणहरूप्रति नम्र हुनुभएका हजुरको प्रभाव नाश भएको छैन। ब्राह्मणहरूप्रतिको हजुरको नम्रता हजुरको लीलामात्र हो।

यं वानयोर्दममधीश भवान् विधत्ते
वृत्तिं नु वा तदनुमन्महि निर्व्यलीकम्।
अस्मासु वा य उचितो ध्रियतां स दण्डो
येऽनागसौ वयमयुङ्क्ष्महि किल्बिषेण॥ २५॥

पदार्थ–

अधीश = हे भगवान्
अनयोः = जय र विजय नामक यी दुई हजुरका सेवकहरूलाई
यं = जुन
दमम् = दण्डसजाय (हामीले दियौँ)
वृत्तिं = पहिला जस्तै यहीँ बसेर जीविका गर्ने
वा = अथवा (अन्य कुनै वृत्ति)
भवान् = हजुर
विधत्ते = जे चाहनुहुन्छ त्यही गर्नुहोस्
वा = अथवा
अनागसौ = निरपराध यी दुईलाई
ये = जुन हामीले
किल्बिषेण = अपराधसँग
अयुङ्क्ष्महि = जोड्यौँ त्यस्ता
अस्मासु = हामीहरूलाई
यः = जो
उचितः = उचित
दण्डः = दण्ड छ
सः = त्यो
ध्रियतां = दिनुहोस्
तत् = हजुरले गरेका यी सबै कुरा
वयम् = हामी
निर्व्यलीकम् = श्रद्धापूर्वक
अनुमन्महि = पालना गर्दछौँ

वाक्यार्थ– हे भगवान् ! जय र विजय नामक यी दुई हजुरका सेवकहरूलाई दण्डसजाय हामीले दियौँ। पहिला जस्तै यहीँ बसेर जीविका गर्ने अथवा अन्य कुनै वृत्ति यिनीहरूलाई दिनुपर्ने हो, यसमा हजुर जे चाहनुहुन्छ त्यही गर्नुहोस्। अथवा निरपराध यी दुईलाई जुन हामीले अपराधसँग जोड्यौँ त्यस्ता हामीहरूलाई जे उचित दण्ड छ त्यो दिनुहोस्। हजुरले गरेका यी सबै कुरा हामी श्रद्धापूर्वक पालना गर्दछौँ।

श्रीभगवानुवाच (भगवान्ले भन्नुभयो)

एतौ सुरेतरगतिं प्रतिपद्य सद्यः
संरम्भसम्भृतसमाध्यनुबद्धयोगौ ।
भूयः सकाशमुपयास्यत आशु यो वः
शापो मयैव निमितस्तदवैत विप्राः ॥ २६ ॥

पदार्थ–

विप्राः = हे ब्राह्मणदेवहरू हो
एतौ = यी दुई मेरा पार्षदहरू
सुरेतरगतिं = राक्षस योनिमा
प्रतिपद्य = जन्मेर
सद्यः = छिट्टै
संरम्भसम्भृतसमाध्यनुबद्धयोगौ = क्रोधले व्यग्र भएको चित्तलाई दृढतापूर्वक मेरो स्मरणरूप समाधिमा लगाएर
आशु = चाँडै नै
भूयः = फेरि
सकाशम् = मेरो समीपमा
उपयास्यतः = आउने छन्
वः = हजुरले
यः = जुन
शापः = शाप दिनुभयो (त्यो हजुरहरूको मुखबाट)
मया एव = मद्वारा
एव = नै
निर्मितः = दिइएको
अवैत = बुझ्नुहोस्

वाक्यार्थ– हे ब्राह्मणदेवहरू हो ! यी दुई मेरा पार्षदहरू राक्षस योनिमा जन्मेर छिट्टै क्रोधले व्यग्र भएको चित्तलाई दृढतापूर्वक मेरो स्मरणरूप समाधिमा लगाएर चाँडै नै फेरि मेरो समीपमा आउने छन्। हजुरले जुन श्राप दिनुभयो, त्यो हजुरहरूको मुखबाट मद्वारा नै दिइएको बुझ्नुहोस्।

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

अथ ते मुनयो दृष्ट्वा नयनानन्दभाजनम्।

वैकुण्ठं तदधिष्ठानं विकुण्ठं च स्वयंप्रभम्॥ २७॥

भगवन्तं परिक्रम्य प्रणिपत्यानुमान्य च।

प्रतिजग्मुः प्रमुदिताः शंसन्तो वैष्णवीं श्रियम्॥ २८॥

पदार्थ–

अथ = भगवान्‌को वचन सुनिसकेपछि	**तदधिष्ठानं** = उहाँको निवासस्थान	**परिक्रम्य** = परिक्रमा गरेर
ते = ती	**वैकुण्ठं** = वैकुण्ठ धामलाई	**अनुमान्य च** = भगवान्‌को आज्ञा समेत लिएर
मुनयः = महर्षिहरू	**च** = पनि	**वैष्णवीं** = भगवान्‌को
नयनानन्दभाजनम् = नयनसुखका विषय भएका (सुन्दर रूप धारण गरेका)	**प्रमुदिताः** = अत्यन्त प्रसन्न भएका	**श्रियम्** = कीर्तिलाई
स्वयंप्रभम् = स्वप्रकाशरूप	**भगवन्तं** = भगवान् हरिलाई	**शंसन्तः** = प्रशंसा गर्दै
विकुण्ठं = विष्णु भगवान्‌लाई र	**दृष्ट्वा** = देखेर	**प्रतिजग्मुः** = आफ्नो धामतिर फर्किए
	प्रणिपत्य = प्रणाम गरेर	

वाक्यार्थ– भगवान्‌को वचन सुनिसकेपछि ती महर्षिहरू नयनसुखका विषय भएका सुन्दर रूप धारण गरेका स्वप्रकाशरूप विष्णु भगवान्‌लाई र उहाँको निवासस्थान वैकुण्ठधामलाई अत्यन्त प्रसन्न भएका भगवान् हरिलाई देखेर प्रणाम र परिक्रमा गरी भगवान्‌को आज्ञा समेत लिएर भगवान्‌को कीर्तिको प्रशंसा गर्दै आफ्नो धामतिर फर्किए।

भगवाननुगावाह यातं मा भैष्टमस्तु शम्।

ब्रह्मतेजः समर्थोऽपि हन्तुं नेच्छे मतं तु मे॥ २९॥

पदार्थ–

भगवान् = भगवान्‌ले	**शम्** = कल्याण सुख	**हन्तुं** = नाश गर्न
अनुगौ = जयविजयलाई	**अस्तु** = होस्	**समर्थः** = सक्ने भएर
यातं = जाओ	**ब्रह्मतेजः** = ब्राह्मणहरूले दिएको श्राप	**अपि** = पनि (म त्यो गर्न)
मा भैष्टम् = नडराओ		**नेच्छे** = चाहन्नँ (किनभने)

मे = मेरा लागि (मलाई) त्यही नै	**मतं** = स्वीकार्य छ **आह** = भन्नुभयो

वाक्यार्थ– सनकादि गइसकेपछि भगवान्ले जयविजयलाई जाओ नडराओ तिमीहरूको कल्याण सुख होस् ! ब्राह्मणहरूले दिएको श्राप नाश गर्न सक्ने भएर पनि म त्यो गर्न चाहन्नँ किनभने मेरा लागि त्यही नै स्वीकार्य छ भनी भन्नुभयो।

एतत् पुरैव निर्दिष्टं रमया क्रुद्धया यदा।

पुरापवारिता द्वारि विशन्ती मय्युपारते ॥ ३० ॥

पदार्थ–

यदा = जहिले **मयि** = म **उपारते** = योगनिद्रामा लीन भएँ **द्वारि** = ढोकाबाट **विशन्ती** = प्रवेश गर्न लागेकी (लक्ष्मी)	**अपवारिता** = रोकिइन् (त्यति वेला नै) **क्रुद्धया** = रिसाएकी **रमया** = लक्ष्मीले **पुरा** = पहिले	**एव** = नै (ब्राह्मणहरूले श्राप दिनुभन्दा पहिले नै) **एतत्** = तिमीहरूको यो श्राप **निर्दिष्टं** = निश्चित भइसकेको थियो

वाक्यार्थ– जहिले म योगनिद्रामा लीन भएँ, ढोकाबाट प्रवेश गर्न लागेकी लक्ष्मी रोकिइन्। त्यतिबेलै रिसाएकी लक्ष्मीले पहिले नै अर्थात् ब्राह्मणहरूले श्राप दिनुभन्दा पहिले नै तिमीहरूको यो श्राप निश्चित भइसकेको थियो।

मयि संरम्भयोगेन निस्तीर्य ब्रह्महेलनम्।

प्रत्येष्यतं निकाशं मे कालेनाल्पीयसा पुनः ॥ ३१ ॥

पदार्थ–

(राक्षसयोनिमा) **मयि** = मसँग **संरम्भयोगेन** = क्रोधसम्बन्ध राखेर	**ब्रह्महेलनम्** = ब्राह्मणहरूको तिरस्कार गर्नाले प्राप्त भएको दुःख **निस्तीर्य** = समाप्त गरेर **अल्पीयसा** = छोटो	**कालेन** = समयमा नै **पुनः** = फेरि **मे** = मेरो **निकाशं** = समीपमा **प्रत्येष्यतं** = आओ

वाक्यार्थ– राक्षसयोनिमा मसँग क्रोधसम्बन्ध राखेर ब्राह्मणहरूको तिरस्कार गर्नाले प्राप्त भएको दुःख समाप्त गरेर छोटो समयमा नै फेरि मेरो समीपमा आओ।

द्वाःस्थावादिश्य भगवान् विमानश्रेणिभूषणम्।

सर्वातिशयया लक्ष्म्या जुष्टं स्वं धिष्ण्यमाविशत् ॥ ३२ ॥

पदार्थ–

भगवान् = भगवान् हरिले	**विमानश्रेणिभूषणम्** = सुन्दर-सुन्दर विमानको शोभाले शोभित	**जुष्टं** = परिपूर्ण भएको
द्वाःस्थौ = द्वारपाल जयविजयलाई (यसप्रकार)	**सर्वातिशयया** = सर्वश्रेष्ठ	**स्वं** = आफ्नो
आदिश्य = आदेश दिएर	**लक्ष्म्या** = शोभाले	**धिष्ण्यम्** = निवासगृहमा
		आविशत् = प्रवेश गर्नुभयो

वाक्यार्थ– भगवान् हरिले द्वारपाल जयविजयलाई यसप्रकार आदेश दिएर सुन्दर-सुन्दर विमानको शोभाले शोभित सर्वश्रेष्ठ शोभाले परिपूर्ण भएको आफ्नो निवासगृहमा प्रवेश गर्नुभयो।

तौ तु गीर्वाणऋषभौ दुस्तराद्धरिलोकतः।
हतश्रियौ ब्रह्मशापादभूतां विगतस्मयौ ॥ ३३ ॥

पदार्थ–

गीर्वाणे = देवतामा	**ब्रह्मशापात्** = ब्राह्मणहरूको श्रापले	**हतश्रियौ** = तेज हराएका
ऋषभौ = श्रेष्ठ	**हरिलोकतः** = वैकुण्ठलोकबाट (खस्दै गर्दा)	**विगतस्मयौ** = सम्पूर्ण अहङ्कार हराएका
तौ = ती दुई जय र विजय		**अभूतां** = बने
दुस्तरात् = बलवान्		

वाक्यार्थ– देवतामा श्रेष्ठ ती दुई जय र विजय बलवान् ब्राह्मणहरूको श्रापले वैकुण्ठलोकबाट खस्दै गर्दा तेज हराएका र सम्पूर्ण अहङ्कार हराएका बने।

तदा विकुण्ठधिषणात् तयोर्निपतमानयोः।
हाहाकारो महानासीद् विमानाग्र्येषु पुत्रकाः ॥ ३४ ॥

पदार्थ–

पुत्रकाः = हे देवताहरू	**निपतमानयोः** = खस्दै थिए	**महान्** = ठुलो-ठुलो स्वरमा
विकुण्ठधिषणात् = जब वैकुण्ठबाट	**तदा** = त्यस वेला	**हाहाकारः** = कोलाहल
तयो ः = ती दुई	**विमानाग्र्येषु** = विमानका माथि-माथि बसेकाहरूले	**आसीत्** = गरेका थिए

वाक्यार्थ– हे देवताहरू ! जब वैकुण्ठबाट ती दुई खस्दै थिए त्यस वेला विमानका माथि-माथि बसेकाहरूले ठुलो-ठुलो स्वरमा कोलाहल गरे।

तावेव ह्यधुना प्राप्तौ पार्षदप्रवरौ हरेः।
दितेर्जठरनिर्विष्टं काश्यपं तेज उल्बणम् ॥ ३५ ॥

पदार्थ–

हरेः = भगवान्का	**अधुना** = अहिले	**काश्यपं** = कश्यपसम्बन्धी
पार्षदप्रवरौ = उत्तम पार्षद	**दितेः** = दितिको	**तेजः** = वीर्यमा
तौ = ती दुई जय र विजय	**जठरनिर्विष्टं** = गर्भमा प्रवेश गरेर	**प्राप्तौ** = प्राप्त भए
एव = नै	**उल्बणम्** = खराब स्वभाववाला	

वाक्यार्थ– भगवान्का उत्तम पार्षद ती दुई जय र विजय नै अहिले दितिको गर्भमा प्रवेश गरेर खराव स्वभाववाला कश्यपसम्बन्धी वीर्यमा प्राप्त भए।

तयोरसुरयोरद्य तेजसा यमयोर्हि वः।
आक्षिप्तं तेज एतर्हि भगवांस्तद् विधित्सति ॥ ३६ ॥

पदार्थ–

तयोः = ती दुई	**अद्य** = आज	**एतर्हि** = अहिले
यमयोः = जुम्ल्याहा	**वः** = तिमीहरूको	**भगवान्** = भगवान्
असुरयोः = राक्षसहरूको	**तेजः** = कान्ति	**तत्** = त्यस्तै
तेजसा = प्रकाशले	**आक्षिप्तं** = तिरस्कृत भएको छ	**विधित्सति** = गर्न चाहनुहुन्छ

वाक्यार्थ– ती दुई जुम्ल्याहा राक्षसहरूको प्रकाशले आज तिमीहरूको कान्ति तिरस्कृत भएको छ, भगवान् त्यस्तै गर्न चाहनुहुन्छ।

विश्वस्य यः स्थितिलयोद्भवहेतुराद्यो
योगेश्वरैरपि दुरत्यययोगमायः।
क्षेमं विधास्यति स नो भगवांस्त्र्यधीश-
स्तत्रास्मदीयविमृशेन कियानिहार्थः ॥ ३७ ॥

पदार्थ–

यः = जुन भगवान्	(जुन भगवान्)	**नः** = हामीहरूको
विश्वस्य = संसारको	**योगेश्वरैः** = योगीद्वारा	**क्षेमं** = रक्षा
स्थितिलयोद्भवहेतुः = उत्पत्ति,	**दुरत्यययोगमायः** = पार पाउन	**विधास्यति** = गर्नुहुन्छ भने
स्थिति र विनाशको एकमात्र	नसकिने मायाशक्तिसम्पन्न	**तत्र** = त्यस समयमा
कारण हुनुहुन्छ	**त्र्यधीशः** = तीनै लोकहरूको	**अस्मदीयविमृशेन** = हाम्रो
आद्यः = सृष्टिभन्दा पहिले जुन	मालिक बन्नुभएको छ	तर्कवितर्कको
भगवान् निर्विकाररूपमा	**सः** = त्यस्ता	**कियान्** = कति
हुनुहुन्थ्यो	**भगवान्** = भगवान्ले	**अर्थः** = प्रयोजन रहन्छ र

वाक्यार्थ– जो भगवान् संसारको उत्पत्ति, स्थिति र विनाशको एकमात्र कारण हुनुहुन्छ सृष्टिभन्दा पहिले जो भगवान् निर्विकाररूपमा हुनुहुन्थ्यो, जो भगवान् योगीद्वारा पार पाउन

नसकिने मायाशक्तिसम्पन्न तीनै लोकहरूको मालिक बन्नुभएको छ। त्यस्ता भगवान्ले हामीहरूको रक्षा गर्नुहुन्छ भने त्यस समयमा हाम्रो तर्कवितर्कको कति प्रयोजन रहन्छ र ?

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

षोडशोऽध्यायः ॥ १६ ॥

अथ सप्तदशोऽध्यायः

हिरण्यकशिपु र हिरण्याक्षको जन्म तथा हिरण्याक्षको दिग्विजय

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

निशम्यात्मभुवा गीतं कारणं शङ्कयोज्झिताः ।
ततः सर्वे न्यवर्तन्त त्रिदिवाय दिवौकसः ॥ १ ॥

पदार्थ–

आत्मभुवा = ब्रह्माजीले	**निशम्य** = सुनेर	**दिवौकसः** = देवताहरू
गीतं = भनेको	**शङ्कया** = संशयले	**ततः** = ब्रह्मलोकबाट
कारणं = समस्या र त्यसको समाधानको उपायलाई	**उज्झिताः** = रहित भएर	**त्रिदिवाय** = स्वर्ग जानका लागि
	सर्वे = सम्पूर्ण	**न्यवर्तन्त** = फर्किए

वाक्यार्थ– ब्रह्माजीले भनेको समस्या र त्यसको समाधानको उपायलाई सुनेर संशयले रहित भएर सम्पूर्ण देवताहरू ब्रह्मलोकबाट स्वर्ग जानका लागि फर्किए।

दितिस्तु भर्तुरादेशादपत्यपरिशङ्किनी ।
पूर्णे वर्षशते साध्वी पुत्रौ प्रसुषुवे यमौ ॥ २ ॥

पदार्थ–

साध्वी = पतिव्रता	**अपत्यपरिशङ्किनी** = छोराहरूको विषयमा चिन्ता	**पुत्रौ** = छोरा हिरण्यकशिपु र हिरण्याक्षलाई
दितिः = दितिले	**वर्षशते** = सय वर्ष	**प्रसुषुवे** = जन्माइन्
भर्तुः = पति कश्यपको	**पूर्णे** = पुगेपछि	
आदेशात् = तिम्रा सन्तानले लोकलाई दुःख दिनेछन् भन्ने सुनेर	**यमौ** = जुम्ल्याहा	

वाक्यार्थ– पतिव्रता दितिले पति कश्यपको तिम्रा सन्तानले लोकलाई दुःख दिनेछन् भन्ने वचन सुनेर छोराहरूको विषयमा चिन्ता गर्दै सय वर्ष पुगेपछि जुम्ल्याहा छोरा हिरण्यकशिपु र हिरण्याक्षलाई जन्माइन्।

उत्पाता बहवस्तत्र निपेतुर्जायमानयोः ।
दिवि भुव्यन्तरिक्षे च लोकस्योरुभयावहाः ॥ ३ ॥

पदार्थ–

(यी दुई)	**भुवि** = पृथ्वीलोकमा	**उरुभयावहाः** = ज्यादै भय दिने
जायमानयोः = जन्मदा	**अन्तरिक्षे** = अन्तरिक्षमा	**बहवः** = धेरै
तत्र = त्यस वेला	**च** = पनि	**उत्पाताः** = अनर्थहरू
दिवि = स्वर्गमा	**लोकस्य** = लोकलाई	**निपेतुः** = उत्पन्न भए

वाक्यार्थ– यी दुई जन्मदा स्वर्ग, पृथ्वीलोक र अन्तरिक्षमा पनि लोकलाई ज्यादै भय दिने धेरै अनर्थहरू उत्पन्न भए।

सहाचला भुवश्चेलुर्दिशः सर्वाः प्रजज्वलुः।
सोल्काश्चाशनयः पेतुः केतवश्चार्तिहेतवः॥ ४॥

पदार्थ–

सहाचलाः = पर्वतले सहित भएका	**दिशः** = दिशाहरू	**निपेतुः** = खस्न लागे
भुवः = भूखण्डहरू	**प्रजज्वलुः** = ज्वालायुक्त बने	**अर्तिहेतवः** = अनिष्टसूचक
चेलुः = काँप्न थाले	**सोल्काः** = उल्कापातले सहित भएका	**केतवः** = धूमकेतु आदि ताराहरू देखिन थाले
सर्वाः = सम्पूर्ण	**अशनयः** = वज्रहरू	

वाक्यार्थ– पर्वतले सहित भूखण्डहरू काम्न थाले। सम्पूर्ण दिशाहरू ज्वालायुक्त बने। उल्कापातले सहित भएका वज्रहरू खस्न लागे। अनिष्टसूचक धूमकेतु आदि ताराहरू देखिन थाले।

ववौ वायुः सुदुःस्पर्शः फूत्कारानीरयन् मुहुः।
उन्मूलयन् नगपतीन् वात्यानीको रजोध्वजः॥ ५॥

पदार्थ–

सुदुःस्पर्शः = सहन गर्न नसकिने	**अगपतीन्** = ठुला-ठुला वृक्षहरूलाई (पनि)	**रजोध्वजः** = आकाशमा उडेको धूलो नै झण्डा भएको
फूत्कारान् = तीव्र वायुका झोक्काहरू	**उन्मूलयन्** = उखेल्दै	**वायुः** = भयङ्कर हावा
मुहुः = बारम्बार	**वात्यानीकः** = चक्रवायु (भुँवरी)रूपी सेनाले युक्त भएको	**ववौ** = चल्न थाल्यो
ईरयन् = डरलाग्दो ध्वनि फिजाउँदै		

वाक्यार्थ– सहन गर्न नसकिने तीव्र वायुका झोक्काहरू बारम्बार डरलाग्दो ध्वनि फिजाउँदै ठुला-ठुला वृक्षहरूलाई पनि उखेल्दै चक्रवायु (भुँवरी)रूपी सेनाले युक्त भएको आकाशमा उडेको धुलो नै झण्डा भएको भयङ्कर हावा चल्न थाल्यो।

उद्धसत्तडिदम्भोदघटया नष्टभागणे।

व्योम्नि प्रविष्टतमसा न स्म व्यादृश्यते पदम् ॥ ६ ॥

पदार्थ–

उद्धसत्तडिदम्भोदघटया = बिजुलीको चम्काइ र कालो बादलको मुस्लोले	**नष्टभागणे** = सूर्य, चन्द्र, आदि नक्षत्रसमूह छोपिएको **व्योम्नि** = आकाशमा	**प्रविष्टतमसा** = फैलिएको अन्धकारले गर्दा **पदम्** = केही पनि **न व्यादृश्यते स्म** = देखिएन

वाक्यार्थ– बिजुलीको चम्काइ र कालो बादलको मुस्लोले सूर्य, चन्द्र, आदि नक्षत्रसमूह छोपिएको आकाशमा फैलिएको अन्धकारले गर्दा केही पनि देखिएन।

चुक्रोश विमना वार्धिरुदूर्मिः क्षुभितोदरः।
सोदपानाश्च सरितश्चुक्षुभुः शुष्कपङ्कजाः ॥ ७ ॥

पदार्थ–

उदूर्मिः = ठुलाठुला तरङ्गहरू उठ्नाले **क्षुभितोदरः** = अन्तःभाग खलबलिएको **वार्धिः** = समुद्र	**विमनाः** = खिन्न चित्तवाला बनेर **चुक्रोश** = रिसायो **शुष्कपङ्कजाः** = सुकेका कमलले युक्त भएका	**सोदपानाः** = खोलानाला र कुवाहरूले सहित भएका **सरितः** = नदीहरू **च** = पनि **चुक्षुभुः** = दुःखी बने

वाक्यार्थ– ठुलाठुला तरङ्गहरू उठ्नाले अन्तःभाग खलबलिएको समुद्र खिन्न चित्तवाला बनेर रिसायो। सुकेका कमलले युक्त भएका खोलानाला र कुवाहरूले सहित भएका नदीहरू पनि दुःखी बने।

मुहुः परिधयोऽभूवन् सराह्वोः शशिसूर्ययोः।
निर्घाता रथनिर्ह्रादा विवरेभ्यः प्रजज्ञिरे ॥ ८ ॥

पदार्थ–

सराह्वोः = राहुले ग्रस्त गरिएका **शशिसूर्ययोः** = चन्द्रसूर्यका **मुहुः** = बारम्बार **परिधयः** = अमङ्गलकारी अवस्थाहरू **अभूवन्** = देखापरे	**निर्घाताः** = मेघरहित बादलका गड्गडाहटयुक्त **रथनिर्ह्रादाः** = युद्धको रथबाट निस्केका भयङ्कर शब्द जस्ता ध्वनिहरू	**विवरेभ्यः** = पर्वतका गुफा र कन्दरहरूमा **प्रजज्ञिरे** = फैलिए

वाक्यार्थ– राहुले ग्रस्त गरिएका चन्द्रसूर्यका बारम्बार अमङ्गलकारी अवस्थाहरू देखापरे। मेघरहित बादलका गड्गडाहटयुक्त युद्धको रथबाट निस्केका भयङ्कर शब्द जस्ता ध्वनिहरू पर्वतका गुफा र कन्दरहरूमा फैलिए।

अन्तर्ग्रामेषु मुखतो वमन्त्यो वह्निमुल्बणम्।
सृगालोलूकटङ्कारैः प्रणेदुरशिवं शिवाः॥ ९॥

पदार्थ–

अन्तर्ग्रामेषु = गाउँगाउँहरूमा	**शिवाः** = स्यालहरू	**प्रणेदुः** = आवाजहरू निकाल्न थाले
मुखतः = मुखबाट	**सृगालोलूकटङ्कारैः** = स्याल र लाटोकोसेराका अमङ्गलकारी शब्दसँगै	
उल्बणम् = डरलाग्दो		
वह्निम् = ज्वाला		
वमन्त्यः = फैलाउँदै गरेका	**अशिवं** = अमङ्गलजनक	

वाक्यार्थ– गाउँ-गाउँमा मुखबाट डरलाग्दो ज्वाला फैलाउँदै गरेका स्याल र लाटोकोसेराका अमङ्गलकारी शब्दसँगै अमङ्गलजनक आवाजहरू निकाल्न थाले।

सङ्गीतवद्रोदनवदुन्नमय्य शिरोधराम्।
व्यमुञ्चन् विविधा वाचो ग्रामसिंहास्ततस्ततः॥ १०॥

पदार्थ–

ग्रामसिंहाः = गाउँका कुकुरहरू	**विविधाः** = विभिन्न प्रकारका (अशुभ)	**ततस्ततः** = जताततै
शिरोधराम् = घाँटी		**व्यमुञ्चन्** = गर्न लागे
उन्नमय्य = माथि उठाएर	**रोदनवत्** = रुवाइजस्तै	
सङ्गीतवत् = गीत गाएझैं	**वाचः** = आवाजहरू	

वाक्यार्थ– गाउँका कुकुरहरू घाँटी माथि उठाएर गीत गाएझैं विभिन्न प्रकारका अशुभ रुवाइजस्तै आवाजहरू जताततै गर्नलागे।

खराश्च कर्कशैः क्षत्तः खुरैर्घ्नन्तो धरातलम्।
खार्काररभसा मत्ताः पर्यधावन् वरूथशः॥ ११॥

पदार्थ–

क्षत्तः = हे विदुरजी	**खुरैः** = खुरहरूले	**मत्ताः** = मातेर
खराः = गधाहरू	**धरातलम्** = पृथ्वीलाई	**वरूथशः** = हुलका हुल बनेर
च = पनि	**घ्नन्तः** = खोस्रँदै	**पर्यधावन्** = दौडिन थाले
कर्कशैः = आफ्ना कठोर	**खार्काररभसा** = गर्दभध्वनि गर्दै	

वाक्यार्थ– हे विदुरजी ! गधाहरू पनि आफ्ना कठोर खुरहरूले पृथ्वीलाई खोस्र्दै गर्दभध्वनि गर्दै मातेर हुलका हुल बनेर दौडिन थाले।

रुदन्तो रासभत्रस्ता नीडादुदपतन् खगाः।
घोषेऽरण्ये च पशवः शकृन्मूत्रमकुर्वत॥ १२॥

पदार्थ–

रासभत्रस्ताः = गधाहरूको हुलबाट डराएका	**उदपतन्** = खस्न थाले (त्यस्तै)	**पशवः** = पशुहरूले (ती सबैले अत्यन्त डराएर)
खगाः = पक्षीहरू	**घोषे** = गोठहरूमा बाँधिएका र	**शकृन्मूत्रम्** = मलमूत्र निकाल्ने काम
रुदन्तः = आर्तस्वर गर्दै	**अरण्ये** = जङ्गलमा स्वतन्त्रतापूर्वक चर्दै गरेका	**अकुर्वत** = गरे
नीडात् = गुँडबाट		

वाक्यार्थ– गधाहरूको हुलबाट डराएका पक्षीहरू आर्तस्वर गर्दै गुँडबाट खस्न थाले (त्यस्तै) गोठहरूमा बाँधिएका र जङ्गलमा स्वतन्त्रतापूर्वक चर्दै गरेका पशुहरूले अत्यन्त डराएर मलमूत्र निकाले।

गावोऽत्रसन्नसृग्दोहास्तोयदाः पूयवर्षिणः।
व्यरुदन् देवलिङ्गानि द्रुमाः पेतुर्विनानिलम्॥ १३॥

पदार्थ–

गावः = गाईहरू	**तोयदाः** = जलवर्षा गर्ने मेघहरू	**द्रुमाः** = वृक्षहरू
अत्रसन् = अत्यन्त डराए र (यसैले)	**पूयवर्षिणः** = पिप वर्षाउन थाले	**पेतुः** = ढल्न लागे
असृग्दोहाः = स्तनबाट रगतको धारो बगाउन थाले	**देवलिङ्गानि** = देवताका मूर्तिहरू	
	व्यरुदन् = रुन थाले	
	विनानिलम् = हावाविना नै	

वाक्यार्थ– गाईहरू अत्यन्त डराएर स्तनबाट रगतको धारो बगाउन थाले। जलवर्षा गर्ने मेघहरू पिप वर्षाउन थाले। देवताका मूर्तिहरू रुन थाले। हावाविना नै वृक्षहरू ढल्न लागे।

ग्रहान् पुण्यतमानन्ये भगणांश्चापि दीपिताः।
अतिचेरुर्वक्रगत्या युयुधुश्च परस्परम्॥ १४॥

पदार्थ–

पुण्यतमान् = मङ्गलकारी (शुभ)	**भगणान्** = नक्षत्रगणहरूलाई	**अन्ये** = अन्य शनि भौम आदि गरिएका ग्रहहरूले
ग्रहान् = ग्रहहरू र	**अपि** = पनि	**दीपिताः** = अत्यन्त तेजवान् बनेर

अतिचेरुः = अतिक्रमण गरे (शुभग्रहलाई अशुभग्रहले जिते)
साथै
वक्रगत्या = उल्टो बाटो हिँड्दै
परस्परम् = आपसमा
युयुधुः = ठोकिन थाले

वाक्यार्थ– मङ्गलकारी शुभ ग्रहहरू र नक्षत्रगणहरूलाई पनि अन्य शनि भौम आदि गरिएका ग्रहहरूले अत्यन्त तेजवान् बनेर अतिक्रमण गरे। शुभग्रहलाई अशुभग्रहले जिते। साथै उल्टो बाटो हिँड्दै आपसमा ठोकिन थाले।

दृष्ट्वान्यांश्च महोत्पातानतत्तत्त्वविदः प्रजाः।
ब्रह्मपुत्रानृते भीता मेनिरे विश्वसम्प्लवम्॥ १५॥

पदार्थ–
अन्यान् च = अन्य थुप्रै
महोत्पातान् = भूकम्पादि ठुलाठुला उत्पातहरूलाई
दृष्ट्वा = देखेर
ब्रह्मपुत्रान् = ब्रह्माजीका छोरा सनकादि मुनिलाई
ऋते = छोडेर (अन्य सबै प्राणीहरू)
अतत्तत्त्वविदः = यसप्रकार भइरहेको उत्पातको रहस्य नजानेर
भीता ः = डराएका
प्रजाः = मानिसहरूले
विश्वसम्प्लवम् = संसारको संहार हुन लागेजस्तो
मेनिरे = मान्न लागे

वाक्यार्थ– यस्तै अन्य थुप्रै भूकम्पादि ठुलाठुला उत्पातहरूलाई देखेर ब्रह्माजीका छोरा सनकादि मुनिलाई छोडेर अन्य सबै प्राणीहरू यसप्रकार भैरहेको उत्पातको रहस्य नजानेर संसारको संहार हुन लागेजस्तो मान्न लागे।

तावादिदैत्यौ सहसा व्यज्यमानात्मपौरुषौ।
ववृधातेऽश्मसारेण कायेनाद्रिपती इव॥ १६॥

पदार्थ–
तौ = भर्खर जन्मिएका ती दुई
आदिदैत्यौ = आदिदानवहरू
सहसा = छिट्टै नै
व्यज्यमानात्मपौरुषौ = आफ्नो बलशाली पराक्रमलाई देखाउँदै
अश्मसारेण = ढुङ्गाजस्तो कठोर
कायेन = शरीरले
अद्रिपती = पर्वतराज
इव = जैँ
ववृधाते = बढ्न थाले

वाक्यार्थ– भर्खर जन्मिएका ती दुई आदिदानवहरू छिट्टै नै आफ्नो बलशाली पराक्रमलाई देखाउँदै ढुङ्गाजस्तो कठोर शरीरले पर्वतराजजैँ बढ्न थाले।

दिविस्पृशौ हेमकिरीटकोटिभि-
र्निरुद्धकाष्ठौ स्फुरदङ्गदाभुजौ।

गां कम्पयन्तौ चरणैः पदे पदे

कट्या सुकाञ्च्यार्कमतीत्य तस्थतुः ॥ १७ ॥

पदार्थ–

हेमकिरीटकोटिभिः = सुवर्णमय मुकुटको अग्रभागले	**स्फुरदङ्गदाभुजौ** = हातमा सुन्दर-सुन्दर बालाहरू धारण गरेर	**सुकाञ्च्या** = सुन्दर मेखलायुक्त
दिविस्पृशौ = स्वर्गलाई स्पर्श गर्दै	**चरणैः** = आफ्ना खुट्टाहरूले	**कट्या** = कमर (को प्रकाश)ले
निरुद्धकाष्ठौ = सम्पूर्ण दिशाहरूलाई छेक्दै	**पदे पदे** = प्रत्येक पाइलामा	**अर्कम्** = सूर्यलाई (पनि)
	गां = पृथ्वीलाई	**अतीत्य** = जितेर
	कम्पयन्तौ = हल्लाउँदै	**तस्थतुः** = खडा भए

वाक्यार्थ– सुवर्णमय मुकुटको अग्रभागले स्वर्गलाई स्पर्श गर्दै सम्पूर्ण दिशाहरूलाई छेक्दै हातमा सुन्दर-सुन्दर बालाहरू धारण गरेर आफ्ना खुट्टाहरूले प्रत्येक पाइलामा पृथ्वीलाई हल्लाउँदै सुन्दर मेखलायुक्त कमरको प्रकाशले सूर्यलाई पनि जितेर उनीहरू खडा भए।

प्रजापतिर्नाम तयोरकार्षीद्

यः प्राक्स्वदेहाद् यमयोरजायत ।

तं वै हिरण्यकशिपुं विदुः प्रजा

यं तं हिरण्याक्षमसूत साग्रतः ॥ १८ ॥

पदार्थ–

यमयोः = यसप्रकार जन्मेर खडा भएका ती दुई जुम्ल्याहामध्ये	**हिरण्यकशिपुं** = हिरण्यकशिपु यो नामले तथा	**हिरण्याक्षम्** = हिरण्याक्षको नामले
यः = जुन	**यं** = जसलाई	**प्रजाः** = लोकले
स्वदेहात् = वीर्यको रूपमा कश्यपको शरीरबाट	**सा** = दितिले	**विदुः** = जान्यो (यसप्रकार)
प्राक् = पहिला	**अग्रतः** = पहिला	**प्रजापतिः** = कश्यपले
अजायत = निस्किएको थियो, त्यसलाई	**असूत** = जन्माइन्	**तयोः** = आफ्ना सन्तानहरूको
	तं = त्यसलाई	**नाम** = नामकरण
		अकार्षीत् = गरे

वाक्यार्थ– यसप्रकार जन्मेर खडा भएका ती दुई जुम्ल्याहामध्ये जुन वीर्यको रूपमा कश्यपको शरीरबाट पहिला निस्किएको थियो, त्यसलाई हिरण्यकशिपु नामले तथा जसलाई दितिले पहिला जन्माइन् त्यसलाई हिरण्याक्षको नामले लोकले जान्यो। यसप्रकार कश्यपले आफ्ना सन्तानहरूको नामकरण गरे।

चक्रे हिरण्यकशिपुर्दोर्भ्यां ब्रह्मवरेण च।
वशे सपालान् लोकांस्त्रीनकुतोमृत्युरुद्धतः॥ १९॥

पदार्थ–

स्वदोर्भ्यां = बलिया आफ्ना बाहुका बलले	**अकुतोमृत्युः** = सबैतिरबाट मृत्युरहित बनेको	**त्रीन्** = स्वर्ग, मर्त्य र पाताल तीनै
उद्धतः = उग्र पराक्रमी बनेको	**हिरण्यकशिपुः** = हिरण्यकशिपुले	**लोकान्** = लोकलाई
ब्रह्मवरेण = ब्रह्माजीद्वारा अभयदानरूप वर प्राप्त गरेकाले	**सपालान्** = लोकपालसहित	**वशे** = आफ्नो अधीनमा
		चक्रे = बनायो

वाक्यार्थ– बलिया आफ्ना बाहुका बलले उग्र पराक्रमी बनेको ब्रह्माजीद्वारा अभयदानरूप वर प्राप्त गरेकाले सबैतिरबाट मृत्युरहित बनेको हिरण्यकशिपुले लोकपालसहित स्वर्ग, मर्त्य र पाताल तीनै लोकलाई आफ्नो अधीनमा बनायो।

हिरण्याक्षोऽनुजस्तस्य प्रियः प्रीतिकृदन्वहम्।
गदापाणिर्दिवं यातो युयुत्सुर्मृगयन् रणम्॥ २०॥

पदार्थ–

तस्य = हिरण्यकशिपुको	**अन्वहम्** = प्रत्येक दिन	**दिवं** = स्वर्गमा
प्रियः = प्रिय	**गदापाणिः** = हातमा गदा बोकेर	**यातः** = पुग्यो
अनुजः = भाइ	**युयुत्सुः** = लडाईं गर्नका निम्ति (चाहनाले)	
हिरण्याक्षः = हिरण्याक्षचाहिँ	**रणम्** = युद्ध गर्ने ठाउँ	
प्रीतिकृत् = दाजुलाई प्रसन्न गराउनका निम्ति	**मृगयन्** = खोज्दै	

वाक्यार्थ– हिरण्यकशिपुको प्रिय भाइ हिरण्याक्षचाहिँ दाजुलाई प्रसन्न गराउनका निम्ति प्रत्येक दिन हातमा गदा बोकेर लडाइँ गर्नका निम्ति युद्ध गर्ने ठाउँ खोज्दै हिँड्थ्यो, यसै क्रममा ऊ स्वर्गमा पुग्यो।

तं वीक्ष्य दुःसहजवं रणत्काञ्चननूपुरम्।
वैजयन्त्या स्रजा जुष्टमंसन्यस्तमहागदम्॥ २१॥
मनोवीर्यवरोत्सिक्तमसृण्यमकुतोभयम्।
भीता निलिल्यिरे देवास्तार्क्ष्यत्रस्ता इवाहयः॥ २२॥

पदार्थ–

दुःसहजवं = सहन गर्न नसकिने वेगले युक्त भएको	**अंसन्यस्तमहागदम्** = काँधमा ठुलो गदा बोकेको	**वीक्ष्य** = देखेर
रणत्काञ्चननूपुरम् = सुनका पाउजेबहरूको मधुरस्वर फिजाउँदै	**मनोवीर्यवरोत्सिक्तम्** = शारीरिक, मानसिक र दैवीशक्तिपूर्ण भएको	**भीताः** = डराएका
वैजयन्त्या = सुगन्धित वैजयन्ती पुष्पको	**असृण्यम्** = स्वेच्छाचारी	**देवाः** = देवताहरू
स्रजा = मालाले	**अकुतोभयम्** = कहीं कसैको डर नभएको	**तार्क्ष्यत्रस्ताः** = गरुडलाई देखेर डराएका
जुष्टम् = सुशोभित भएको	**तं** = त्यस हिरण्याक्षलाई	**अहयः** = सर्पहरू
		इव = झैं
		निलिल्यिरे = लुक्न थाले

वाक्यार्थ– सहन गर्न नसकिने वेगले युक्त भएको, सुनका पाउजेबहरूको मधुरस्वर फिजाउँदै सुगन्धित वैजयन्ती पुष्पको मालाले सुशोभित भएको काँधमा ठुलो गदा बोकेको, शारीरिक मानसिक र दैवीशक्तिपूर्ण भएको, स्वेच्छाचारी, कहीं कसैको डर नभएको हिरण्याक्षलाई देखेर डराएका देवताहरू गरुडलाई देखेर डराएका सर्पहरूझैं लुक्न थाले।

स वै तिरोहितान् दृष्ट्वा महसा स्वेन दैत्यराट्।
सेन्द्रान् देवगणान् क्षीबानपश्यन् व्यनद् भृशम्॥ २३॥

पदार्थ–

सः = त्यो	**अपश्यन्** = नदेखेपछि	**क्षीबान्** = शक्तिहीन देवताहरूलाई
दैत्यराट् = हिरण्याक्षले	**स्वेन** = आफ्ना	**दृष्ट्वा** = देखेर
सेन्द्रान् = इन्द्रसहित	**महसा** = बलप्रभावले डराएर	**भृशम्** = ठुलो-ठुलो स्वर गरेर
देवगणान् = सम्पूर्ण देवताहरूलाई	**तिरोहितान्** = लुकेका	**व्यनदत्** = गर्जना गर्न थाल्यो

वाक्यार्थ– त्यस हिरण्याक्षले इन्द्रसहित सम्पूर्ण देवताहरूलाई नदेखेपछि आफ्ना बलप्रभावले डराएर शक्तिहीन देवताहरू लुकेको बुझेर ठुलोठुलो स्वर गरेर गर्जना गर्न थाल्यो।

ततो निवृत्तः क्रीडिष्यन् गम्भीरं भीमनिस्वनम्।
विजगाहे महासत्त्वो वार्धिं मत्त इव द्विपः॥ २४॥

पदार्थ–

ततः = स्वर्गबाट	**क्रीडिष्यन्** = जलविहार गर्ने इच्छाले	**गम्भीरं** = अत्यन्त गहिरो
निवृत्तः = फर्किएको	**मत्तः** = मदले उन्मत्त बनेको	**भीमनिस्वनम्** = डरलाग्दो गर्जनाले युक्त भएको
महासत्त्वः = त्यो महाबलशाली हिरण्याक्ष	**द्विपः इव** = हात्तीझैं	**वार्धिं** = समुद्रमा

विजगाहे = डुब्न थाल्यो

वाक्यार्थ– स्वर्गबाट फर्किएको त्यो महाबलशाली हिरण्याक्ष जलविहार गर्ने इच्छाले मदले उन्मत्त बनेको हात्तीझैँ अत्यन्त डरलाग्दो गर्जनाले युक्त भएको गहिरो समुद्रमा डुब्न थाल्यो।

तस्मिन् प्रविष्टे वरुणस्य सैनिका
यादोगणाः सन्नधियः ससाध्वसाः।
अहन्यमाना अपि तस्य वर्चसा
प्रधर्षिता दूरतरं प्रदुद्रुवुः॥ २५॥

पदार्थ–

तस्मिन् = त्यो हिरण्याक्ष	**सैनिका** ः = सेना भएका	**तस्य** = हिरण्याक्षको
प्रविष्टे = समुद्रमा प्रवेश गरेपछि	**यादोगणाः** = मकरादि जलजन्तुहरू	**वर्चसा** = तेजले
सन्नधियः = दुःखी भएका	**अहन्यमानाः** = कुनै प्रकारको दुःख नपाएका भए	**प्रधर्षिताः** = डराएर
ससाध्वसाः = अत्यन्त डराएका	**अपि** = पनि	**दूरतरं** = टाढा
वरुणस्य = जलका मालिक वरुणका		**प्रदुद्रुवुः** = भागे

वाक्यार्थ– त्यो हिरण्याक्ष समुद्रमा प्रवेश गरेपछि दुःखी भएर अत्यन्त डराएका जलका मालिक वरुणका सेना मकरादि जलजन्तुहरू कुनै प्रकारको दुःख नपाएका भए पनि हिरण्याक्षको तेजले डराएर टाढा भागे।

स वर्षपूगानुदधौ महाबल-
श्चरन् महोर्मीञ्छ्वसनेरितान् मुहुः।
मौर्व्याभिजघ्ने गदया विभावरी-
मासेदिवांस्तात पुरीं प्रचेतसः॥ २६॥

पदार्थ–

तात = हे विदुरजी	**श्वसनेरितान्** = आफ्नो श्वासप्रश्वासका कारण उठेका	**मुहुः** = बारम्बार
सः = त्यो	**महोर्मीन्** = ठुलाठुला तरङ्गहरूलाई	**अभिजघ्ने** = प्रहार गऱ्यो र
महाबलः = अत्यन्त बलियो दैत्य	**मौर्व्या** = फलामबाट बनेको	**प्रचेतसः** = वरुणको
वर्षपूगान् = धेरै वर्ष	**गदया** = गदाले	**विभावरीम्** = विभारीनामक
उदधौ = समुद्रमा		**पुरीं** = राजधानीमा
चरन् = विहार गर्दै		

आसेदिवान् = पुग्यो

वाक्यार्थ– हे विदुरजी ! त्यो अत्यन्त बलियो दैत्य धेरै वर्ष समुद्रमा विहार गर्दै आफ्नो श्वासप्रश्वासका कारण उठेका ठुलाठुला तरङ्गहरूलाई फलामबाट बनेको गदाले बारम्बार प्रहार गर्दै बस्यो र वरुणको विभारीनामक राजधानीमा पुग्यो।

तत्रोपलभ्यासुरलोकपालकं
यादोगणानामृषभं प्रचेतसम्।
स्मयन् प्रलब्धुं प्रणिपत्य नीचव-
ज्जगाद मे देह्यधिराज संयुगम्॥ २७॥

पदार्थ–

तत्र = वरुणराजधानीमा (पुगेको त्यस दैत्यले)	**प्रचेतसम्** = वरुणलाई	**अधिराज** = हे राजा
असुरलोकपालकं = पाताललोकका अधिपति भएका	**उपलभ्य** = देखेर	**मे** = मलाई
यादोगणानाम् = जलजन्तुहरूका	**स्मयन्** = हाँस्दै	**संयुगम्** = युद्धरूपी भिक्षा
ऋषभं = मालिक	**प्रलब्धुं** = उपहास गर्ने हेतुले	**देहि** = दिनुहोस् भन्दै
	नीचवत् = नीच व्यक्तिजस्तो	**जगाद** = भन्न थाल्यो
	प्रणिपत्य = झुकेर	

वाक्यार्थ– वरुणराजधानीमा पुगेको त्यस दैत्यले पाताललोकका अधिपति भएका जलजन्तुहरूका मालिक वरुणलाई देखेर हाँस्दै उपहास गर्ने हेतुले नीच व्यक्तिजस्तो झुकेर हे राजा ! मलाई युद्धरूपी भिक्षा दिनुहोस् पो भन्न थाल्यो।

त्वं लोकपालोऽधिपतिर्बृहच्छ्रवा
वीर्यापहो दुर्मदवीरमानिनाम्।
विजित्य लोकेऽखिलदैत्यदानवान्
यद्राजसूयेन पुरायजत् प्रभो॥ २८॥

पदार्थ–

प्रभो = हे वरुण महाराज	**दुर्मदवीरमानिनाम्** = मदले उन्मत्त भएर आफैँलाई महाबलशाली मान्दै हिँड्ने राक्षसहरूको	**वीर्यापहः** = अहङ्कारलाई पनि नष्ट गरिदिने
त्वं = हजुर		**बृहच्छ्रवाः** = महाकीर्तिशाली हुनुहुन्छ
लोकपालः = पाताललोकको रक्षा गर्ने		**यत्** = जसले गर्दा तपाईंले
अधिपतिः = अधिपति		

पुरा = पहिला
लोके = संसारमा रहेका
अखिलदैत्यदानवान् = सम्पूर्ण दैत्य राक्षसहरूलाई
विजित्य = जितेर
राजसूयेन = राजसूयनामक यज्ञ
अयजत् = गर्नुभएको थियो

वाक्यार्थ– हे वरुण महाराज ! हजुर पाताललोकको रक्षा गर्ने अधिपति एवं मदले उन्मत्त भएर आफैँलाई महाबलशाली मान्दै हिँड्ने राक्षसहरूको अहङ्कारलाई पनि नष्ट गरिदिने महाकीर्तिशाली हुनुहुन्छ जसले गर्दा तपाईंले पहिला संसारमा रहेका सम्पूर्ण दैत्य राक्षसहरूलाई जितेर राजसूयनामक यज्ञ गर्नुभएको थियो।

टिप्पणी– यहाँ हिरण्याक्ष वरुणलाई उपहास गरेर भनिरहेको छ। पहिला दैत्य, दानव कोही पनि थिएनन्। त्यसैले तिमीले राजसूय यज्ञ गरेर विश्वविजय गरेको उद्घोष गरेका थियौ। अहिले हामी छौँ। हामीलाई जितेर त्यसो गऱ्यौ भने मात्र हामीले तिमीलाई बलशाली मान्दछौँ भन्ने हिरण्याक्षको आशय हो।

स एवमुत्सिक्तमदेन विद्विषा
दृढं प्रलब्धो भगवानपां पतिः।
रोषं समुत्थं शमयन् स्वया धिया
व्यवोचदङ्गोपशमं गता वयम्॥ २९॥

पदार्थ–
सः = उहाँ
अपां = जलका
पतिः = मालिक
भगवान् = भगवान् वरुणले
उत्सिक्तमदेन = मदले उन्मत्त भएको
विद्विषा = शत्रु (हिरण्याक्ष)ले
एवं = यसप्रकार
दृढं = अत्यन्त दृढतापूर्वक
प्रलब्धः = उपहास गरेकाले
समुत्थं = उठेको
रोषं = रिसलाई
स्वया = आफ्नो
धिया = बुद्धिले
शमयन् = शान्त गर्दै
अङ्ग = हे दैत्यराज हिरण्याक्ष
वयम् = हामीहरू
उपशमं = युद्धादि कार्यबाट निवृत्त
गताः = भएका छौँ
व्यवोचत् = भन्नुभयो

वाक्यार्थ– उहाँ जलका मालिक भगवान् वरुणले मदले उन्मत्त भएको शत्रु (हिरण्याक्ष)ले यसप्रकार अत्यन्त दृढतापूर्वक उपहास गरेकाले उठेको रिसलाई आफ्नो बुद्धिले शान्त गर्दै हे दैत्यराज हिरण्याक्ष ! हामीहरू युद्धादि कार्यबाट निवृत्त भएका छौँ भन्नुभयो।

पश्यामि नान्यं पुरुषात् पुरातनाद्
यः संयुगे त्वां रणमार्गकोविदम्।
आराधयिष्यत्यसुरर्षभेहि तं

मनस्विनो यं गृणते भवादृशाः ॥ ३० ॥

पदार्थ–

असुरर्षभ = हे दैत्यराज हिरण्याक्ष
रणमार्गकोविदम् = युद्धकलामा पारङ्गत भएको
त्वां = तिमीलाई
संयुगे = युद्धमा
य ः = जसले
आराधयिष्यति = सन्तुष्ट पार्दछ
तं = त्यस्तो व्यक्ति
पुरातनात् = पुराण
पुरुषात् = पुरुष भगवान् नारायणदेखि
अन्यं = अर्को
न पश्यामि = देख्दिनँ (त्यसैले तिमी) त्यस्ता मानिस भएको ठाउँमा
एहि = जाऊ (जहाँ)
भवादृशाः = तिमीजस्ता
मनस्विनः = बलशाली पुरुषलाई (जसले)
गृणते = प्रशंसा गर्दछन्

वाक्यार्थ– हे दैत्यराज हिरण्याक्ष ! युद्धकलामा पारङ्गत भएको तिमीलाई युद्धमा जसले सन्तुष्ट पार्दछ त्यस्तो व्यक्ति पुराण पुरुष भगवान् नारायणदेखि अर्को देख्दिनँ। त्यसैले तिमी त्यस्ता मानिस भएको ठाउँमा जाऊ जहाँ तिमीजस्ता बलशाली पुरुषलाई प्रशंसा गर्दछन्।

तं वीरमारादभिपद्य विस्मयः
शयिष्यसे वीरशये श्वभिर्वृतः।
यस्त्वद्विधानामसतां प्रशान्तये
रूपाणि धत्ते सदनुग्रहेच्छया ॥ ३१ ॥

पदार्थ–

तं = त्यस्ता
वीरम् = सर्वशक्तिशाली भगवान् नारायणको
आरात् = समीपमा छिट्टै
अभिपद्य = पुगेर
विस्मयः = अहङ्काररहित बनेर
वीरशये = युद्धभूमिमा
श्वभि ः = कुकुरहरूद्वारा
वृतः = घेरिएर
शयिष्यसे = सुत्नेछौ (किनभने)
यः = भगवान् नारायण
सदनुग्रहेच्छया = सज्जनहरूको रक्षाका निम्ति र विभिन्न
त्वद्विधानाम् = तिमीजस्ता
असतां = दुष्टहरूको
प्रशान्तये = नाश गर्नका लागि
रूपाणि = विभिन्न अवतारहरू
धत्ते = धारण गर्नुहुन्छ

वाक्यार्थ– त्यस्ता सर्वशक्तिशाली भगवान् नारायणको समीपमा छिट्टै पुगेर अहङ्काररहित बनेर तिमी युद्धभूमिमा कुकुरहरूद्वारा घेरिएर सुत्नेछौ किनभने भगवान् नारायण सज्जनहरूको रक्षाका निम्ति र तिमीजस्ता दुष्टहरूको नाश गर्नका लागि विभिन्न अवतारहरू धारण गर्नुहुन्छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे हिरण्याक्षदिग्विजये

सप्तदशोऽध्यायः ॥ १७ ॥

अथ अष्टादशोऽध्यायः

हिरण्याक्षसँग वाराह भगवान्‌को युद्ध

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

तदेवमाकर्ण्य जलेशभाषितं
महामनास्तद्विगणय्य दुर्मदः ।
हरेर्विदित्वा गतिमङ्ग नारदाद्
रसातलं निर्विविशे त्वरान्वितः ॥ १ ॥

पदार्थ–

अङ्ग = हे विदुरजी
एवम् = यसप्रकार
जलेशभाषितं = पानीका मालिक वरुणले भनेका कुराहरू
आकर्ण्य = सुनेर
महामनाः = प्रसन्न भएको
दुर्मदः = घमण्डी त्यो हिरण्याक्ष
तत् = वरुणको त्यस वचनलाई
अगणय्य = वास्ता नगरेर
नारदात् = नारदबाट
हरेः = भगवान् नारायणको
गतिम् = वासस्थान
विदित्वा = जानेर
त्वरान्वितः = छिट्टै
रसातलं = रसातलमा
निर्विविशे = प्रवेश गऱ्यो

वाक्यार्थ– हे विदुरजी ! यसप्रकार पानीका मालिक वरुणले भनेका कुराहरू सुनेर प्रसन्न भएको घमण्डी त्यो हिरण्याक्ष वरुणको त्यस वचनलाई वास्ता नगरेर नारदबाट भगवान् नारायणको वासस्थान जानेर छिट्टै रसातलमा प्रवेश गऱ्यो ।

ददर्श तत्राभिजितं धराधरं
प्रोन्नीयमानावनिमग्रदंष्ट्रया ।
मुष्णन्तमक्ष्णा स्वरुचोऽरुणश्रिया
जहास चाहो वनगोचरो मृगः ॥ २ ॥

पदार्थ–

तत्र = रसातलमा पुगेको हिरण्याक्षले
धराधरं = पर्वतको जत्रो शरीर भएका
अग्रदंष्ट्रया = अगाडिका दाँतले
प्रोन्नीयमानावनिम् = पृथ्वीलाई बलपूर्वक माथि लैजाँदै गरेका
अरुणश्रिया = राता-राता
अक्ष्णा = आँखाले
स्वरुचः = आफ्नो (हिरण्याक्षको) तेजलाई
मुष्णन्तम् = हरण गर्दै गरेका

अभिजितं = विश्वविजयी भगवान् वराहलाई	**अहो** = आश्चर्यपूर्वक	**जहास** = हाँस्यो
ददर्श = देख्यो र	**वनगोचरः** = जङ्गली	
	मृगः = वराह भन्दै	

वाक्यार्थ– रसातलमा पुगेको हिरण्याक्षले पर्वतको जत्रो शरीर भएका अगाडिका दाँतले पृथ्वीलाई बलपूर्वक माथि लैजाँदै गरेका राता-राता आँखाले आफ्नो (हिरण्याक्षको) तेजलाई हरण गर्दै गरेका विश्वविजयी भगवान् वराहलाई देख्यो र आश्चर्यपूर्वक जङ्गली वराह भन्दै हाँस्यो।

आहैनमेह्यज्ञ महीं विमुञ्च नो
रसौकसां विश्वसृजेयमर्पिता।
न स्वस्ति यास्यस्यनया ममेक्षतः
सुराधमासादितसूकराकृते ॥ ३ ॥

पदार्थ–

एनम् = वराहरूप हरिलाई	**विश्वसृजा** = ब्रह्माजीद्वारा	**इक्षतः** = हेर्दाहेर्दै
आह = त्यो हिरण्याक्षले भन्न थाल्यो	**रसौकसां** = पातालवासी	**इयम्** = यो
अज्ञ = हे मूर्ख	**नः** = हामी दैत्यहरूलाई	**अनया** = पृथ्वीलाई बोकेर
एहि = मेरा सामु आइज	**अर्पिता** = दिइएको हो (त्यसैले)	**स्वस्ति** = कल्याण
महीं = पृथ्वीलाई	**सुराधम** = हे देवताहरूमा अधम	**न यास्यसि** = पाउँदैनस्
विमुञ्च = आफ्नो नाकबाट हटाइदे (किनभने)	**आसादितसूकराकृते** = वराहरूप धारण गर्ने तैँले	
	मम = मैले	

वाक्यार्थ– वराहरूप हरिलाई त्यो हिरण्याक्षले भन्न थाल्यो– हे मूर्ख ! मेरा सामु आइज, पृथ्वीलाई आफ्नो नाकबाट हटाइदे। किनभने ब्रह्माजीद्वारा यो पृथ्वी पातालवासी हामी दैत्यहरूलाई दिइएको हो त्यसैले हे देवताहरूमा अधम ! वराहरूप धारण गर्ने तैँले मैले हेर्दाहेर्दै यो पृथ्वीलाई बोकेर कल्याण पाउँदैनस्।

त्वं नः सपत्नैरभवाय किं भृतो
यो मायया हन्त्यसुरान् परोक्षजित्।
त्वां योगमायाबलमल्पपौरुषं
संस्थाप्य मूढ प्रमृजे सुहृच्छुचः ॥ ४ ॥

पदार्थ–

मूढ = हे मूर्ख
त्वं = तँ
किं = के
नः = हामी राक्षसहरूको
सपत्नैः = शत्रुहरूद्वारा
अभवाय = हाम्रो विनाशका निम्ति
भृतः = पालिएको होस् कि
यः = जो तँ
मायया = आफ्नो मायाशक्तिद्वारा (वराहादि विभिन्न स्वरूपमा प्रकट भएर)
परोक्षजित् = लुकीलुकी
असुरान् = दैत्यहरूलाई
हन्ति = मार्दछस् (अतः)
योगमायाबलम् = कपटी मायाशक्तिद्वारा मात्र शक्तिशाली बनेको
अल्पपौरुषं = लाछीपुरुष
त्वां = तँलाई
संस्थाप्य = मारेर
सुहृच्छुचः = हाम्रा मित्रहरूको शोक
प्रमृजे = हटाउँछु

वाक्यार्थ– हे मूर्ख ! तँ के हामी राक्षसहरूको शत्रुहरूद्वारा हाम्रो विनाशका निम्ति पालिएको होस् कि ! जो तँ आफ्नो मायाशक्तिद्वारा वराहादि विभिन्न स्वरूपमा प्रकट भएर लुकीलुकी दैत्यहरूलाई मार्दछस्। अतः कपटी मायाशक्तिद्वारा मात्र शक्तिशाली बनेको लाछी पुरुष तँलाई मारेर म हाम्रा मित्रहरूको शोक हटाउँछु।

त्वयि संस्थिते गदया शीर्णशीर्ष-
ण्यस्मद्भुजच्युतया ये च तुभ्यम्।
बलिं हरन्त्यृषयो ये च देवाः
स्वयं सर्वे न भविष्यन्त्यमूलाः ॥ ५ ॥

पदार्थ–

अस्मद्भुजच्युतया = मेरा बलिष्ठ हातहरूले प्रहार गरिएको
गदया = गदाले
शीर्णशीर्षणि = टाउको फुटेको
त्वयि = तँ
संस्थिते = मरेपछि
ये = जे-जति
ऋषयः = ऋषिहरू
च = र
देवाः = देवताहरू
तुभ्यम् = तँलाई
बलिं = पूजा
हरन्ति = गर्दथे
सर्वे = ती सबै
स्वयं = आफैँ
अमूलाः = जरा नभएका वृक्षजस्तै
न भविष्यन्ति = हुनेछैनन् अर्थात् नाश हुनेछन्

वाक्यार्थ– मेरा बलिष्ठ हातहरूले प्रहार गरिएको गदाले टाउको फुटेको तँ मरेपछि जे जति ऋषिहरू र देवताहरू तँलाई पूजा गर्दथे ती सबै आफैँ जरा नभएका वृक्षजस्तै हुनेछन् अर्थात् नष्ट हुनेछन्।

स तुद्यमानोऽरिदुरुक्ततोमरै-
र्दंष्ट्राग्रगां गामुपलक्ष्य भीताम्।

तोदं मृषन्निरगादम्बुमध्याद्
ग्राहाहतः सकरेणुर्यथेभः ॥ ६ ॥

पदार्थ–

सः = वराहरूपधारी भगवान्
अरिदुरुक्ततोमरैः = हिरण्याक्षरूप शत्रुका दुर्वचनद्वारा
तुद्यमानः = अत्यन्त पीडित बने तापनि
दंष्ट्राग्रगां = दाँतको अगाडि राखिएकी
गाम् = पृथ्वी
भीताम् = डराएकी
उपलक्ष्य = देखेर
यथा = जसरी
ग्राहाहतः = गोहीद्वारा आक्रमण गरिएको
सकरेणुः = हथिनीले सहित भएको
इभः = हात्ती
अम्बुमध्यात् = पानीबाट निस्केर छिट्टै बाहिर पुग्दछ (त्यसै गरी) वराह पनि पृथ्वीलाई लिएर छिट्टै)
तोदं = हिरण्याक्षप्रति उठेको रिसलाई
मृषन् = सहँदै (जलराशिबाट बाहिर)
निरगात् = निस्कनुभयो

वाक्यार्थ– वराहरूपधारी भगवान् हिरण्याक्षरूप शत्रुका दुर्वचनद्वारा अत्यन्त पीडित बने तापनि दाँतको अगाडि राखिएकी पृथ्वी डराएकी देखेर जसरी गोहीद्वारा आक्रमण गरिएको हथिनीले सहित भएको हात्ती पानीबाट निस्केर छिट्टै बाहिर पुग्दछ त्यसै गरी वराह पनि पृथ्वीलाई लिएर छिट्टै हिरण्याक्षप्रति उठेको रिसलाई सहँदै जलराशिबाट बाहिर निस्कनुभयो।

तं निःसरन्तं सलिलादनुद्रुतो
हिरण्यकेशो द्विरदं यथा झषः।
करालदंष्ट्रोऽशनिनिस्वनोऽब्रवीद्
गतह्रियां किं त्वसतां विगर्हितम् ॥ ७ ॥

पदार्थ–

झषः = गोही
द्विरदं = हात्तीको
यथा = जसरी
अनुद्रुतः = पछि लाग्दछ (त्यसै गरी)
तं = ती वराहलाई
सलिलात् = जलमध्यबाट पृथ्वीलाई बोकेर
निःसरन्तं = निस्कदै गरेको देखेर
अनुद्रुत ः = पछिपछि दौडेर
करालदंष्ट्रः = डर लाग्दा दाह्रा भएको
अशनिनिस्वनः = वज्रजस्ता श्वास प्रश्वासले युक्त भएको
हिरण्यकेशः = पहेँलो कपाल भएको हिरण्याक्षले
गतह्रियां = लाज नभएका
असतां = कातरहरूका निम्ति
विगर्हितम् = गर्न नहुने भन्ने
किं = के छ (अर्थात् केही छैन)
अब्रवीत् = भन्यो

वाक्यार्थ– गोही हात्तीको जसरी पछि लाग्दछ (त्यसै गरी) वराहलाई जलमध्यबाट पृथ्वीलाई बोकेर निस्कँदै गरेको देखेर पछिपछि दौडेर डर लाग्दा दाह्रा भएको वज्रजस्ता श्वास प्रश्वासले युक्त भएको पहेँलो कपाल भएको हिरण्याक्षले 'लाज नभएका कातरहरूका निम्ति गर्न नहुने भन्ने के छ ? अर्थात् केही छैन' भन्यो।

स गामुदस्तात् सलिलस्य गोचरे
विन्यस्य तस्यामदधात् स्वसत्त्वम्।
अभिष्टुतो विश्वसृजा प्रसूनै-
रापूर्यमाणो विबुधैः पश्यतोऽरेः ॥ ८ ॥

पदार्थ–

अरेः = शत्रु हिरण्याक्षले	**आपूर्यमाणः** = शोभायमान बन्नुभएका	**गाम्** = पृथ्वीलाई
पश्यतः = हेर्दाहेर्दै	**सः** = भगवान् वराहले	**विन्यस्य** = राखेर
विश्वसृजा = ब्रह्मालगायत	**सलिलस्य** = पानीको	**तस्याम्** = डराइराखेकी पृथ्वीमा
विबुधैः = सम्पूर्ण देवताहरूद्वारा	**उदस्तात्** = माथि	**स्वसत्त्वम्** = आफ्नो बलशक्ति
अभिष्टुतः = स्तुति गरिएका	**गोचरे** = देखिने ठाउँमा	**अदधात्** = स्थापित गर्नुभयो
प्रसूनैः = फूलहरूले		

वाक्यार्थ– शत्रु हिरण्याक्षले हेर्दाहेर्दै ब्रह्मालगायत सम्पूर्ण देवताहरूद्वारा स्तुति गरिएका, फूलहरूले शोभायमान बन्नुभएका भगवान् वराहले पानीको माथि देखिने ठाउँमा पृथ्वीलाई राखेर डराइराखेकी पृथ्वीमा आफ्नो बलशक्ति स्थापित गर्नुभयो।

परानुषक्तं तपनीयोपकल्पं
महागदं काञ्चनचित्रदंशम्।
मर्माण्यभीक्ष्णं प्रतुदन्तं दुरुक्तैः
प्रचण्डमन्युः प्रहसंस्तं बभाषे ॥ ९ ॥

पदार्थ–

परानुषक्तं = पछाडि लाग्दै आएको	**काञ्चनचित्रदंशम्** = हिरण्यमय अद्भुत कवच धारण गरेको	**प्रतुदन्तं** = व्यथित गर्दै आएको
तपनीयोपकल्पं = सुनका आभूषणद्वारा सजिएको	**दुरुक्तैः** = नराम्रा वाणीद्वारा	**तं** = हिरण्याक्षलाई
महागदं = ठुलो गदा बोकेको	**अभीक्ष्णं** = बारम्बार	**प्रचण्डमन्युः** = अत्यन्त रिसाउनुभएका (भगवान्ले)
	मर्माणि = हृदयलाई	**प्रहसन्** = हाँस्दै

बभाषे = भन्न थाल्नुभयो

वाक्यार्थ– पछाडि लाग्दै आएको, सुनका आभूषणद्वारा सजिएको, भीषण ठुलो गदा बोकेको हिरण्यमय अद्भुत कवच धारण गरेको, नराम्रा वाणीद्वारा बारम्बार हृदयलाई व्यथित गर्दै आएको हिरण्याक्षलाई अत्यन्त रिसाउनुभएका भगवान्‌ले हाँस्दै भन्न थाल्नुभयो।

श्रीभगवानुवाच (भगवान्‌ले भन्नुभयो)

सत्यं वयं भो वनगोचरा मृगा
युष्मद्विधान् मृगये ग्रामसिंहान्।
न मृत्युपाशैः प्रतिमुक्तस्य वीरा
विकत्थनं तव गृह्णन्त्यभद्र ॥ १० ॥

पदार्थ–

भो अभद्र = हे अमङ्गलकारी दैत्य	**सत्यं** = साँचो हो (किनभने)म	**प्रतिमुक्तस्य** = बाँधिएको
वयं = मलाई (तैँले जुन)	**युष्मद्विधान्** = तँजस्ता	**तव** = तँजस्ताको
वनगोचराः = जङ्गली	**ग्रामसिंहान्** = भुस्याहा कुकुरहरूलाई	**विकत्थनं** = अहङ्कारी वचन
मृगाः = मृग भनेर सम्बोधन गरिस् त्यो	**मृगये** = खोज्दै हिँड्दछु	**वीराः** = मजस्ता वीरपुरुषहरू
	मृत्युपाशैः = मृत्युरूपी पाशोले	**न गृह्णन्ति** = वास्ता गर्दैनन्

वाक्यार्थ– हे अमङ्गलकारी दैत्य ! मलाई तैँले जुन जङ्गली मृग भनेर सम्बोधन गरिस् त्यो साँचो हो। किनभने म तँजस्ता भुस्याहा कुकुरहरूलाई खोज्दै हिँड्दछु। मृत्युरूपी पाशोले बाँधिएको तँजस्ताको अहङ्कारी वचन मजस्ता वीरपुरुषहरू वास्ता गर्दैनन्।

एते वयं न्यासहरा रसौकसां
गतह्रियो गदया द्रावितास्ते।
तिष्ठामहेऽथापि कथञ्चिदाजौ
स्थेयं क्व यामो बलिनोत्पाद्य वैरम्॥ ११ ॥

पदार्थ–

रसौकसां = पातालवासी तिमी दैत्यहरूको	**एते** ः = यी जो	**द्राविताः** = भागेका छौँ (यसैले)
न्यासहराः = आधारभूमि बनेको पृथिवीलाई हरण गर्ने	**वयं** = हामी देवताहरू छौँ	**गतह्रियः** = लज्जाहीन छौँ
	ते = ती सबै	**अथ** = तिमीदेखि डराएर भागे
	गदया = तिम्रो गदाबाट	**अपि** = पनि

कथञ्चित् = कुनै पनि कारणले	**बलिना** = बलशाली तिमीसित	**क्व** = कहाँ
आजौ = युद्धमा	**वैरम्** = विरोध	**यामः** = जाऊँ (अर्थात् सबैतिर
तिष्ठामहे = हामी उपस्थित	**उत्पाद्य** = गरेर	तिम्रै डर छ)
भएका छौँ	**स्थेयं** = बस्न योग्य ठाउँ	

वाक्यार्थ– पातालवासी तँजस्ता दैत्यहरूको आधारभूमि बनेको पृथिवीलाई हरण गर्ने यी जो हामी देवताहरू छौँ ती सबै तेरो गदाबाट भागेका छौँ। यसैले लज्जाहीन छौँ। तँदेखि डराएर भागे पनि कुनै पनि कारणले युद्धमा हामी उपस्थित भएका छौँ। बलशाली तँसित विरोध गरेर बस्न योग्य ठाउँ कहाँ छ र जाऊँ ? अर्थात् सबैतिर तेरै डर छ।

त्वं पद्रथानां किल यूथपाधिपो
घटस्व नोऽस्वस्तय आश्वनूहः।
संस्थाप्य चास्मान् प्रमृजाश्रु स्वकानां
यः स्वां प्रतिज्ञां नातिपिपर्त्यसभ्यः॥ १२॥

पदार्थ–

त्वं = तँ	**नः** = हामी देवताहरूको	**अश्रु** = आँखाको आँसु
पद्रथानां = खुट्टा नै रथ भएका	**अस्वस्तये** = विनाशका निम्ति	**प्रमृज** = पुछिदे
अर्थात् खुट्टाकै भरमा जहाँ पनि	**आशु** = छिट्टै	**यः** = जसले
जान सक्नेहरूको	**घटस्व** = प्रयास गर	**स्वां** = आफ्नो
किल = प्रसिद्ध	**अस्मान्** = दैत्यहरूका शत्रु	**प्रतिज्ञां** = प्रतिज्ञालाई
यूथपाधिपः = मालिक होस्	हामी देवताहरूलाई	**न अतिपिपर्ति** = पालन गर्दैन
(यसैले)	**संस्थाप्य** = मारेर	(त्यो व्यक्ति)
अनूहः = निःशङ्क बनेर	**स्वकानां** = आफ्ना मित्रहरूका	**असभ्यः** = तुच्छ मानिन्छ

वाक्यार्थ– तँ खुट्टा नै रथ भएका अर्थात् खुट्टाकै भरमा जहाँ पनि जान सक्नेहरूको प्रसिद्ध मालिक होस् यसैले निःशङ्क बनेर हामी देवताहरूको विनाशका निम्ति छिट्टै प्रयास गर। दैत्यहरूका शत्रु हामी देवताहरूलाई मारेर आफ्ना मित्रहरूका आँखाको आँसु पुछिदे। जसले आफ्नो प्रतिज्ञालाई पालन गर्दैन त्यो व्यक्ति तुच्छ मानिन्छ।

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

सोऽधिक्षिप्तो भगवता प्रलब्धश्च रुषा भृशम्।
आजहारोल्बणं क्रोधं क्रीडयमानोऽहिराडिव॥ १३॥

पदार्थ–

रुषा = क्रोधले	**प्रलब्धः** = उपहासित बनेको	**इव** = जस्तै
भृशम् = अत्यन्त	**सः** = त्यो हिरण्याक्ष	**उल्बणं** = छिट्टै
अधिक्षिप्तः = तिरस्कृत बनेको	**क्रीडयमानः** = क्रीडा गर्दै	**क्रोधं** = रिस
भगवता = भगवान्द्वारा	**अहिराड्** = ठुलो सर्प	**आजहार** = प्रकट गऱ्यो

वाक्यार्थ– क्रोधले अत्यन्त तिरस्कृत बनेको, भगवान्द्वारा उपहासित बनेको त्यो हिरण्याक्षले क्रीडा गर्दै ठुलो सर्प जस्तै छिट्टै रिस प्रकट गऱ्यो।

सृजन्नमर्षितः श्वासान् मन्युप्रचलितेन्द्रियः।

आसाद्य तरसा दैत्यो गदया न्यहनद्धरिम्॥ १४॥

पदार्थ–

अमर्षितः = अत्यन्त रिसाएकाले	**मन्युप्रचलितेन्द्रियः** = क्रोधले सम्पूर्ण इन्द्रियहरू चलाएको	**तरसा** = जोडले
श्वासान् = छिटो-छिटो श्वास	**दैत्यः** = त्यस हिरण्याक्षले	**गदया** = आफ्नो बलियो गदाले
सृजन् = फेर्दै	**आसाद्य** = नजिकै आएर	**हरिम्** = भगवान् वराहलाई
		न्यहनत् = प्रहार गऱ्यो

वाक्यार्थ– अत्यन्त रिसाएकाले छिटो-छिटो श्वास फेर्दै क्रोधले सम्पूर्ण इन्द्रियहरू चलाएको त्यस हिरण्याक्षले नजिकै आएर जोडले आफ्नो बलियो गदाले भगवान् वराहलाई प्रहार गऱ्यो।

भगवांस्तु गदावेगं विसृष्टं रिपुणोरसि।

अवञ्चयत् तिरश्चीनो योगारूढ इवान्तकम्॥ १५॥

पदार्थ–

भगवान् = भगवान्ले	**विसृष्टं** = हानेको	**अन्तकम्** = मृत्युलाई
तु = चाहिँ	**गदावेगं** = गदाको वेगलाई	**इव** = जस्तै
रिपुणा = शत्रुले	**तिरश्चीनः** = अर्कातिर ढल्किएर	**अवञ्चयत्** = छल्नुभयो
उरसि = छातीमा ताकेर	**योगारूढः** = सिद्धयोगीले	

वाक्यार्थ– भगवान्ले चाहिँ शत्रुले छातीमा ताकेर हानेको गदाको वेगलाई अर्कातिर ढल्किएर सिद्ध योगीले मृत्युलाई जस्तै छल्नुभयो।

पुनर्गदां स्वामादाय भ्रामयन्तमभीक्ष्णशः।

अभ्यधावद्धरिः क्रुद्धः संरम्भाद् दष्टदच्छदम्॥ १६॥

पदार्थ–

पुनः = फेरि	**गदां** = गदालाई	**अभीक्ष्णशः** = बारम्बार
स्वाम् = आफ्नो	**आदाय** = लिएर	**भ्रामयन्तम्** = घुमाउँदै गरेको

दष्टदच्छदम् = रिसले ओठ टोक्दै गरेको हिरण्याक्ष भएतिर	**क्रुद्धः** = रिसले चुर हुनुभएका **हरिः** = भगवान् वराह	**संरम्भात्** = हतपतका साथ **अभ्यधावत्** = दौडिनुभयो

वाक्यार्थ– फेरि आफ्नो गदालाई लिएर बारम्बार घुमाउँदै गरेको, रिसले ओठ टोक्दै गरेको हिरण्याक्ष भएतिर रिसले चुर हुनुभएका भगवान् वराह हतपतका साथ दौडिनुभयो।

ततश्च गदयारातिं दक्षिणस्यां भ्रुवि प्रभुः।
आजघ्ने स तु तां सौम्य गदया कोविदोऽहनत्॥ १७॥

पदार्थ–

सौम्य = हे विदुरजी **ततः** = यसपछि **प्रभुः** = भगवान् वराहले **गदया** = आफ्नो गदाले **अरातिं** = शत्रुको (त्यस हिरण्याक्षको)	**दक्षिणस्यां** = दाहिने **भ्रुवि** = आँखीभौँमा **आजघ्ने** = प्रहार गर्नुभयो **सः** = हिरण्याक्षले पनि **कोविदः** = गदायुद्धमा निपुण भएकाले	**तां** = वराहभगवान्ले प्रहार गरेको गदालाई **गदया** = आफ्नो गदाले **अहनत्** = प्रहार गऱ्यो

वाक्यार्थ– हे विदुरजी ! यसपछि भगवान् वराहले आफ्नो गदाले शत्रु (हिरण्याक्ष)को दाहिने आँखीभौँमा प्रहार गर्नुभयो। हिरण्याक्षले पनि गदायुद्धमा निपुण भएकाले वराह भगवान्ले प्रहार गरेको गदालाई आफ्नो गदाले प्रहार गऱ्यो।

एवं गदाभ्यां गुर्वीभ्यां हर्यक्षो हरिरेव च।
जिगीषया सुसंरब्धावन्योन्यमभिजघ्नतुः॥ १८॥

पदार्थ–

एवं = यसप्रकार **हर्यक्षः** = नीलानीला आँखा भएको हिरण्याक्ष र **हरिः** = भगवान् वराह	**एव च** = पनि **सुसंरब्धौ** = अत्यन्त रिसाएर **अन्योन्यम्** = एकअर्कालाई **जिगीषया** = जित्ने इच्छाले	**गुर्वीभ्यां** = ठुलाठुला **गदाभ्यां** = गदा लिएर **अभिजघ्नतुः** = आपसमा प्रहार गर्न थाले

वाक्यार्थ– यसप्रकार नीलानीला आँखा भएको हिरण्याक्ष र भगवान् वराह पनि अत्यन्त रिसाएर एकअर्कालाई जित्ने इच्छाले ठुलाठुला गदा लिएर आपसमा प्रहार गर्न थाले।

तयोः स्पृधोस्तिग्मगदाहताङ्गयोः
क्षतास्रवघ्राणविवृद्धमन्य्वोः।
विचित्रमार्गांश्चरतोर्जिगीषया

व्यभादिलायामिव शुष्मिणोर्मृधः ॥ १९ ॥

पदार्थ–

स्पृधोः = गदायुद्ध लड्दै गरेका
तिग्मगदाहताङ्गयोः = झुक्याई-झुक्याई प्रहार गरेका गदाका चोटले आहत बनेका
तयोः = ती दुई वराह र हिरण्याक्षका अङ्गहरूबाट
क्षतास्रवघ्राणविवृद्धमन्य्वोः = बगेको रगतको गन्धले क्रोधरूपी ज्वाला झैं दन्काएर
जिगीषया = जित्ने इच्छाले
विचित्रमार्गान् = गदा चलाउने नयाँ-नयाँ कलाहरू
चरतोः = प्रयोग गरिएको
मृधः = गदायुद्ध
इलायाम् = बहर खोजेकी गाईका निम्ति जुधेका
शुष्मिणोः = मत्त साँढेहरूको (लडाइँ)
इव = जस्तै
व्यभात् = शोभायमान देखियो

वाक्यार्थ– गदायुद्ध लड्दै गरेका झुक्याई-झुक्याई प्रहार गरेका गदाका चोटले आहत बनेका ती दुई वराह र हिरण्याक्षका अङ्गहरूबाट बगेको रगतको गन्धले क्रोधरूपी ज्वाला झैं दन्काएर जित्ने इच्छाले नयाँ-नयाँ गदा चलाउने कलाहरू प्रयोग गरिएको गदायुद्ध बहर खोजेकी गाईका निम्ति जुधेका मत्त साँढेहरूको लडाइँजस्तै शोभायमान देखियो।

दैत्यस्य यज्ञावयवस्य माया-
गृहीतवाराहतनोर्महात्मनः।
कौरव्य मह्यां द्विषतोर्विमर्दनं
दिदृक्षुरागादृषिभिर्वृतः स्वराट् ॥ २० ॥

पदार्थ–

कौरव्य = हे विदुरजी
दैत्यस्य = दैत्यराज हिरण्याक्ष र
यज्ञावयवस्य = यज्ञमूर्ति
मायागृहीतवाराहतनोः = लीलास्वरूप वराहरूप धारण गरेका
महात्मनः = परमात्मा हरिको
मह्यां = पृथ्वीको विषयलाई लिएर
द्विषतोः = एक अर्काप्रति रिस गर्दै गरिएको
विमर्दनं = लडाइँ
दिदृक्षुः = हेर्ने इच्छाले
ऋषिभिः = मरीच्यादि ऋषिहरूले
वृतः = सहित भएर
स्वराट् = ब्रह्माजी
आगात् = आइपुग्नुभयो

वाक्यार्थ–हे विदुरजी ! दैत्यराज हिरण्याक्ष र यज्ञमूर्ति लीलास्वरूप वराहरूप धारण गरेका परमात्मा हरिको पृथ्वीको विषयलाई लिएर एक अर्काप्रति रिस गर्दै गरिएको लडाइँ हेर्ने इच्छाले मरीच्यादि ऋषिहरूले सहित भएर ब्रह्माजी आइपुग्नुभयो।

आसन्नशौण्डीरमपेतसाध्वसं
कृतप्रतीकारमहार्यविक्रमम्।

विलक्ष्य दैत्यं भगवान् सहस्रणी-
र्जगाद नारायणमादिसूकरम्॥ २१॥

पदार्थ–

सहस्रणीः = हजारौँ ऋषिहरूले घेरिएका	**अपेतसाध्वसं** = भय हराएको	**दैत्यं** = हिरण्याक्षलाई
भगवान् = भगवान् ब्रह्माजीले	**कृतप्रतीकारम्** = प्रहारको प्रतिकार गर्दै गरेको	**विलक्ष्य** = देखेर
आसन्नशौण्डीरम् = अनायास उत्साहले भरिएको	**अहार्यविक्रमम्** = जित्न नसकिने पराक्रमले युक्त भएको	**आदिसूकरम्** = प्रथम वराहरूप
		नारायणम् = भगवान् हरिलाई
		जगाद = भन्न थाले

वाक्यार्थ– हजारौँ ऋषिहरूले घेरिएका भगवान् ब्रह्माजीले अनायास उत्साहले भरिएको भय हराएको प्रहारको प्रतिकार गर्दै गरेको जित्न नसकिने पराक्रमले युक्त भएको हिरण्याक्षलाई देखेर प्रथम वराहरूप भगवान् हरिलाई भन्न थाले।

ब्रह्मोवाच (ब्रह्माजीले भन्नुभयो)

एष ते देव देवानामङ्घ्रिमूलमुपेयुषाम्।
विप्राणां सौरभेयीणां भूतानामप्यनागसाम्॥ २२॥
आगस्कृद् भयकृद् दुष्कृदस्मद्राद्धवरोऽसुरः।
अन्वेषन्नप्रतिरथो लोकानटति कण्टकः॥ २३॥

पदार्थ–

देव = हे भगवान्	**अनागसाम्** = पापरहित	**अप्रतिरथः** = शत्रुरहित महाशक्तिशाली
एषः = यो हिरण्याक्ष दैत्य	**भूतानाम्** = अन्य प्राणीहरूको	**कण्टकः** = महाकण्टक
ते = हजुरका	**अपि** = पनि	**असुरः** = राक्षस
अङ्घ्रिमूलम् = पाउमा	**आगस्कृत्** = दुःख दिँदै	**अन्वेषन्** = आफूसँग लड्न सक्ने व्यक्तिको खोजीमा
उपेयुषाम् = परेका	**भयकृत्** = डरलाग्दो	**लोकान्** = संसार
विप्राणां = ब्राह्मण	**दुष्कृत्** = दुष्ट	**अटति** = घुम्दछ
देवानाम् = देवता	**अस्मद्राद्धवरः** = मबाट वर प्राप्त गरेर	
सौरभेयीणां = गाईहरू र		

वाक्यार्थ– हे भगवान्! यो हिरण्याक्ष दैत्य हजुरका पाउमा परेका ब्राह्मण, देवता, गाईहरू र पापरहित अन्य प्राणीहरूलाई पनि दुःख दिँदै मबाट वर प्राप्त गरेर डरलाग्दो दुष्ट र शत्रुरहित महाशक्तिशाली महाकण्टक राक्षस आफूसँग लड्न सक्ने व्यक्तिको खोजीमा संसार घुम्दछ।

मैनं मायाविनं दृप्तं निरङ्कुशमसत्तमम्।
आक्रीड बालवद् देव यथाशीविषमुत्थितम्॥ २४॥

पदार्थ–

देव = हे भगवान्
मायाविनं = अनौठो मायाशक्तिले सम्पन्न बनेर
दृप्तं = मात्तिएको
निरङ्कुशम् = स्वेच्छाचारी बनेको
असत्तमम् = अत्यन्त दुर्जन
एनं = यस दैत्यलाई
यथा = जसरी
उत्थितम् = रिसाएको
आशीविषम् = सर्पलाई
बालवत् = बालकले खेलाउँछ त्यसरी
मा आक्रीड = नखेलाउनुहोस् (छिट्टै नाश गर्नुहोस्)

वाक्यार्थ– हे भगवान्! अनौठो मायाशक्तिले सम्पन्न बनेर मात्तिएको, स्वेच्छाचारी बनेको अत्यन्त दुर्जन यस दैत्यलाई जसरी रिसाएको सर्पलाई बालकले खेलाउँछ त्यसरी नखेलाउनुहोस् अर्थात् छिट्टै नाश गर्नुहोस्।

न यावदेष वर्धेत स्वां वेलां प्राप्य दारुणः।
स्वां देव मायामास्थाय तावज्जह्यघमच्युत॥ २५॥

पदार्थ–

अच्युत = हे अच्युत
देव = भगवान्
दारुणः = क्रूर
एष ः = यो हिरण्याक्ष
यावत् = जहिलेसम्म
स्वां = आफ्नो शक्ति बढ्ने
वेलां = सन्ध्याकाल
प्राप्य = पाएर
न वर्धेत = शक्तिशाली बन्दैन
तावत् = त्यसभन्दा पहिले नै
स्वां = आफ्नो
मायाम् = मोहिनीशक्तिलाई
आस्थाय = फैलाएर
अघम् = पापी यस हिरण्याक्षलाई
जहि = मारिदिनुहोस्

वाक्यार्थ– हे अच्युत भगवान्! क्रूर यो हिरण्याक्ष जब आफ्नो शक्ति बढ्ने सन्ध्याकाल पाएर शक्तिशाली बन्दैन त्यसभन्दा पहिले नै आफ्नो मोहिनीशक्तिलाई फैलाएर पापी यस हिरण्याक्षलाई मारिदिनुहोस्।

एषा घोरतमा सन्ध्या लोकच्छम्बट्करी प्रभो।
उपसर्पति सर्वात्मन् सुराणां जयमावह॥ २६॥

पदार्थ–

सर्वात्मन् = सबैको आत्मास्वरूप
प्रभो = हे भगवान्
लोकच्छम्बट्करी = लोकको विनाश गर्ने
घोरतमा = डरलाग्दो अन्धकारले युक्त भएको
एषा = यो

सन्ध्या = सन्ध्याकाल	**सुराणां** = देवताहरूको	**आवह** = गराइदिनुहोस्
उपसर्पति = आउँदैछ (त्यसैले)	**जयम्** = जित	

वाक्यार्थ– सबैको आत्मास्वरूप हे भगवान् ! लोकको विनाश गर्ने डरलाग्दो अन्धकारले युक्त भएको यो सन्ध्याकाल आउँदैछ त्यसैले देवताहरूको जित गराइदिनुहोस्।

अधुनैषोऽभिजिन्नाम योगो मौहूर्तिको ह्यगात्।
शिवाय नस्त्वं सुहृदामाशु निस्तर दुस्तरम्॥ २७॥

पदार्थ–

अधुना = यति वेला	**अगात्** = बितिसक्यो	**दुस्तरम्** = जित्न नसकिने यस हिरण्याक्षलाई
एषः = यो	**हि** = त्यसकारण	**त्वं** = हजुरले
अभिजित् नाम = अभिजित् नाम गरेको नक्षत्रको	**सुहृदाम्** = हजुरको शरणमा परेका	**आशु** = छिट्टै
मौहूर्तिकः = शुभ	**नः** = हामीहरूको	**निस्तर** = मार्नुहोस्
योगः = समय	**शिवाय** = कल्याणका निम्ति	

वाक्यार्थ– यति वेला यो अभिजित् नाम गरेको नक्षत्रको शुभ समय बितिसक्यो। त्यसकारण हजुरको शरणमा परेका हामीहरूको कल्याणका निम्ति जित्न नसकिने यस हिरण्याक्षलाई हजुरले छिट्टै मार्नुहोस्।

दिष्ट्या त्वां विहितं मृत्युमयमासादितः स्वयम्।
विक्रम्यैनं मृधे हत्वा लोकानाधेहि शर्मणि॥ २८॥

पदार्थ–

विहितं = हजुरकै आज्ञाले असुरकुलमा जन्मिएको	**स्वयम्** = आफैं	**विक्रम्य** = पराक्रमपूर्वक
मृत्युम् = मार्नलायक	**त्वां** = हजुरको सामु	**हत्वा** = मारेर
अयम् = यो हिरण्याक्ष	**आसादितः** = आइपुगेको छ	**लोकान्** = सम्पूर्ण प्राणीहरूलाई
दिष्ट्या = हामी सबैको भाग्यले	**मृधे** = युद्धमा	**शर्मणि** = सुख
	एनं = यसलाई	**आधेहि** = दिलाउनुहोस्

वाक्यार्थ– हजुरकै आज्ञाले असुरकुलमा जन्मिएको मार्नलायक यो हिरण्याक्ष हामी सबैको भाग्यले आफैं हजुरको सामु आइपुगेको छ युद्धमा यसलाई पराक्रमपूर्वक मारेर सम्पूर्ण प्राणीहरूलाई सुख दिलाउनुहोस्।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे

हिरण्याक्षवधेऽष्टादशोऽध्यायः ॥ १८ ॥

अथ एकोनविंशोऽध्यायः

हिरण्याक्षवध

मैत्रेय उवाच (मैत्रेयजीले भन्नुभयो)

अवधार्य विरिञ्चस्य निर्व्यलीकामृतं वचः।

प्रहस्य प्रेमगर्भेण तदपाङ्गेन सोऽग्रहीत्॥ १॥

पदार्थ–

विरिञ्चस्य = ब्रह्माजीको	**अवधार्य** = सुनेर	**अपाङ्गेन** = कटाक्षद्वारा
निर्व्यलीकामृतं = कपटरहित अमृतसमान सुमधुर	**प्रहस्य** = मुस्कुराउँदै	**तत्** = ब्रह्माजीको प्रार्थनालाई
वचः = वाणी	**सः** = भगवान् नारायणले	**अग्रहीत्** = स्वीकार गर्नुभयो
	प्रेमगर्भेण = स्नेहपूर्ण	

वाक्यार्थ– ब्रह्माजीको कपटरहित अमृतसमान सुमधुर वाणी सुनेर मुस्कुराउँदै भगवान् नारायणले स्नेहपूर्ण कटाक्षद्वारा ब्रह्माजीको प्रार्थनालाई स्वीकार गर्नुभयो।

ततः सपत्नं मुखतश्चरन्तमकुतोभयम्।

जघानोत्पत्य गदया हनावसुरमक्षजः॥ २॥

पदार्थ–

ततः = त्यसपछि	**मुखतः** = आफ्नो अगाडि	**हनौ** = चिउँडोमा
अक्षजः = भगवान् वराहले	**चरन्तम्** = सक्रिय रहेको	**जघान** = प्रहार गर्नुभयो
उत्पत्य = उफ्रेर	**सपत्नं** = शत्रु	
अकुतोभयम् = सबैतिरबाट डररहित भएको	**असुरम्** = राक्षस हिरण्याक्षलाई	
	गदया = आफ्नो गदाले	

वाक्यार्थ– ब्रह्माजीको प्रार्थना स्वीकार गरिसकेपछि भगवान् वराहले उफ्रेर सबैतिरबाट डररहित भएको आफ्नो अगाडि सक्रिय रहेको शत्रु राक्षस हिरण्याक्षलाई आफ्नो गदाले चिउँडोमा प्रहार गर्नुभयो।

सा हता तेन गदया विहता भगवत्करात्।

विघूर्णितापतद्रेजे तदद्भुतमिवाभवत्॥ ३॥

पदार्थ–

सा = भगवान् वराहले प्रहार गरेको गदा	**भगवत्करात्** = वराहरूप हरिको हातबाट	**रेजे** = शोभायमान देखियो
तेन = हिरण्याक्षको	**विहता** = फुस्किएर	**तत्** = यो अवस्था
गदया = प्रतिरोधक गदाद्वारा	**विघूर्णिता** = घुम्दै	**अद्भुतम् इव** = आश्चर्यमय
हता = ठोक्किएर	**अपतत्** = भुइँमा खस्यो र	**इव** = जस्तो
		अभवत् = भयो

वाक्यार्थ– भगवान् वराहले प्रहार गरेको गदा हिरण्याक्षको प्रतिरोधक गदाद्वारा ठोक्किएर वराहरूप हरिको हातबाट फुस्किएर घुम्दै भुइँमा खस्यो र शोभायमान देखियो। यो अवस्था आश्चर्यमयजस्तो भयो।

स तदा लब्धतीर्थोऽपि न बबाधे निरायुधम्।
मानयन् स मृधे धर्मं विष्वक्सेनं प्रकोपयन्॥ ४॥
गदायामपविद्धायां हाहाकारे विनिर्गते।
मानयामास तद्धर्मं सुनाभं चास्मरद् विभुः॥ ५॥

पदार्थ–

सः = त्यस हिरण्याक्षले	**मृधे** = युद्धमा	**हाहाकारे** = सबैतिर हाहाकार
तदा = भगवान् हतियारविहीन भएको वेलामा	**धर्मं** = (शस्त्ररहित शत्रुलाई आक्रमण गर्नु हुँदैन भन्ने) युद्धनियमलाई	**विनिर्गते** = मच्चिन थालेपछि
लब्धतीर्थः = प्रहार गर्ने मौका पाए	**मानयन्** = पालना गर्दै	**विभुः** = भगवान्‌ले
अपि = पनि	**प्रकोपयन्** = भगवान् वराहको क्रोधलाई बढाउँदै गर्दा	**तद्धर्मं** = युद्धनियमको पालना गर्ने हिरण्याक्षको व्यवहारलाई
निरायुधम् = शस्त्ररहित	**गदायाम्** = आफ्नो गदा	**मानयामास** = प्रसंशा गर्नुभयो र
विष्वक्सेनं = भगवान् वराहलाई	**अपविद्धायां** = हातबाट खसेपछि	**सुनाभं** = आफ्नो सुदर्शनलाई
न बबाधे = आक्रमण गरेन (बरु)		**च** = पनि
		अस्मरत् = सम्झिनुभयो

वाक्यार्थ– त्यस हिरण्याक्षले भगवान् हतियारविहीन भएको वेलामा प्रहार गर्ने मौका पाए पनि शस्त्ररहित भगवान् वराहलाई आक्रमण गरेन। बरु युद्धमा शस्त्ररहित शत्रुलाई आक्रमण गर्नु हुँदैन भन्ने युद्धनियमलाई पालना गर्दै भगवान् वराहको क्रोधलाई बढाउँदैगयो। आफ्नो गदा हातबाट खसेपछि र सबैतिर हाहाकार मच्चिन थालेपछि भगवान्‌ले युद्धनियमको पालना गर्ने हिरण्याक्षको व्यवहारलाई प्रसंशा गर्नुभयो र आफ्नो सुदर्शनलाई पनि सम्झिनुभयो।

तं व्यग्रचक्रं दितिपुत्राधमेन
स्वपार्षदमुख्येन विषज्जमानम्।
चित्रा वाचोऽतद्विदां खेचराणां

तत्र स्मासन् स्वस्ति तेऽमुं जहीति ॥ ६ ॥

पदार्थ–

व्यग्रचक्रं = शत्रु नाश गर्न आतुर सुदर्शनचक्रले युक्त भएर पनि
स्वपार्षदमुख्येन = दैत्यहरूमा श्रेष्ठ
दितिपुत्राधमेन = दितिको अधम पुत्र हिरण्याक्षसँग
विषज्जमानम् = खेल्दै गरेका
तं = भगवान् वराहप्रति
तत्र = युद्धस्थलमा रहेका र
खेचराणां = आकाशमा बसेर युद्धलाई हेरिरहेका
अतद्विदां = भगवान्को महिमालाई नबुझेका देवताहरूको
ते = हजुरको
स्वस्ति = कल्याण होस्
अमुं = यो दुष्ट हिरण्याक्षलाई
जहि = मार्नुहोस्
इति = यसप्रकार
चित्राः = विविध किसिमका
वाचः = कथनहरू
आसन् स्म = गुञ्जिन थाले

वाक्यार्थ– शत्रु नाश गर्न आतुर, सुदर्शनचक्रले युक्त भएर पनि दैत्यहरूमा श्रेष्ठ दितिको अधम पुत्र हिरण्याक्षसँग खेल्दै गरेका भगवान् वराहप्रति युद्धस्थलमा रहेका र आकाशमा बसेर युद्ध हेरिरहेका भगवान्को महिमालाई नबुझेका देवताहरूको 'हजुरको कल्याण होस्! यो दुष्ट हिरण्याक्षलाई मार्नुहोस्' यसप्रकार विविध किसिमका कथनहरू गुञ्जिन थाले।

स तं निशाम्यात्तरथाङ्गमग्रतो
व्यवस्थितं पद्मपलाशलोचनम्।
विलोक्य चामर्षपरिप्लुतेन्द्रियो
रुषा स्वदन्तच्छदमादशच्छ्वसन् ॥ ७ ॥

पदार्थ–

सः = हिरण्याक्षले
तं = उहाँ भगवान्लाई
आत्तरथाङ्गम् = चक्रधारण गरेर उभिएको
निशाम्य = देखेर
पद्मपलाशलोचनम् = युद्धमा पनि कमल जस्ता सुन्दर आँखाले युक्त बनेर
अग्रतः = आफ्नो अगाडि
व्यवस्थितं = रहनुभएका भगवान्लाई
विलोक्य = देखेर
आमर्षपरिप्लुतेन्द्रियः = क्रोधले व्यग्र बनेर
रुषा = रिसले
श्वसन् = श्वास फेर्दै
स्वदन्तच्छदम् = आफ्नो ओठलाई
आदशत् = टोक्न थाल्यो

वाक्यार्थ– हिरण्याक्षले उहाँ भगवान्लाई चक्र धारण गरेर उभिएको देखेर युद्धमा पनि कमल जस्ता सुन्दर आँखाले युक्त बनेर आफ्नो अगाडि रहनुभएका भगवान्लाई देखेर क्रोधले व्यग्र बनेर रिसले श्वास फेर्दै आफ्नो ओठलाई टोक्न थाल्यो।

करालदंष्ट्रश्चक्षुर्भ्यां सञ्चक्षाणो दहन्निव।
अभिप्लुत्य स्वगदया हतोऽसीत्याहनद्धरिम्॥ ८॥

पदार्थ–

करालदंष्ट्रः = तीखा-तीखा डरलाग्दा दाह्राले युक्त भएको त्यो हिरण्याक्षले	**सञ्चक्षाणः** = क्रोधी आँखाले हेर्दै	**स्वगदया** = आफ्नो गदाले
चक्षुर्भ्यां = दुई आँखाले	**हतः** = मर्ने	**हरिम्** = वराहरूप हरि भगवान्लाई
दहन् = डढाउन लागे	**असि** = भइस् (भन्दै)	**आहनत्** = प्रहार गऱ्यो
इव = झैं	**अभिप्लुत्य** = उफ्रेर नजिकमा आएर	

वाक्यार्थ– तीखा-तीखा डरलाग्दा दाह्राले युक्त भएको हिरण्याक्षले दुई आँखाले डढाउन लागेझैं क्रोधी आँखाले हेर्दै 'मर्ने भइस्' भन्दै उफ्रेर नजिकमा आएर आफ्नो गदाले वराहरूप हरि भगवान्लाई प्रहार गऱ्यो।

पदा सव्येन तां साधो भगवान् यज्ञसूकरः।
लीलया मिषतः शत्रोः प्राहरद्वातरंहसम्॥ ९॥

पदार्थ–

साधो = साधुस्वभाव भएका हे विदुरजी	**तां** = हिरण्याक्षले प्रहार गरेको गदालाई	**लीलया** = आश्चर्यजनक किसिमले
यज्ञसूकरः = यज्ञमूर्ति वराह	**शत्रोः** = शत्रु हिरण्याक्षले	**प्राहरत्** = प्रहार गर्नुभयो
भगवान् = भगवान्ले	**मिषतः** = हेर्दाहेर्दै	
वातरंहसम् = वायुको जस्तो वेगले युक्त भएको	**सव्येन** = बायाँ	
	पदा = पाउले	

वाक्यार्थ– साधुस्वभाव भएका हे विदुरजी ! यज्ञमूर्ति वराह भगवान्ले वायुको जस्तो वेगले युक्त भएको हिरण्याक्षले प्रहार गरेको गदालाई नै शत्रु हिरण्याक्षले हेर्दाहेर्दै बायाँ पाउले आश्चर्यजनक किसिमले प्रहार गर्नुभयो।

आह चायुधमाधत्स्व घटस्व त्वं जिगीषसि।
इत्युक्तः स तदा भूयस्ताडयन् व्यनदद्भृशम्॥ १०॥

पदार्थ–

त्वं = तँ	**आयुधम्** = गदा	**घटस्व** = अझै प्रहार गर्ने प्रयत्न गर्
जिगीषसि = जित्न चाहन्छस् भने	**आधत्स्व** = समात् र	

आह = भन्नुभयो **इति** = यस्तो **उक्तः** = भनिएको **सः** = त्यो हिरण्याक्षले	**तदा** = भुँइमा खसेको गदा हातमा लिएर **भूयः** = फेरि	**ताडयन्** = भगवान्लाई प्रहार गर्दै **भृशम्** = ठुलो स्वरमा **व्यनदत्** = गर्जना गऱ्यो

वाक्यार्थ– भगवान्ले 'तँ जित्न चाहन्छस् भने गदा समात् र अझै प्रहार गर्ने प्रयत्न गर्' भन्नुभयो। यसो भनिएपछि त्यो हिरण्याक्षले भुँइमा खसेको गदा हातमा लिएर फेरि भगवान्लाई प्रहार गर्दै ठुलो स्वरमा गर्जना गऱ्यो।

तां स आपततीं वीक्ष्य भगवान् समवस्थितः।
जग्राह लीलया प्राप्तां गरुत्मानिव पन्नगीम्॥ ११॥

पदार्थ–

तां = हिरण्याक्षले प्रहार गरेको गदा **आपततीं** = आफूतिर आउँदै गरेको **वीक्ष्य** = देखेर **सः** = उहाँ	**भगवान्** = भगवान् वराहले **समवस्थितः** = आफ्नै ठाउँमा रहेर **प्राप्तां** = आफ्नो सम्मुख आएको **पन्नगीम्** = सर्पलाई	**गरुत्मान्** = गरुडले **इव** = झैँ **लीलया** = अनायास **जग्राह** = समात्नुभयो

वाक्यार्थ– हिरण्याक्षले प्रहार गरेको गदा आफूतिर आउँदै गरेको देखेर भगवान् वराहले आफ्नै ठाउँमा रहेर आफ्नो सम्मुख आएको सर्पलाई गरुडले झैँ अनायास समात्नुभयो।

स्वपौरुषे प्रतिहते हतमानो महासुरः।
नैच्छद् गदां दीयमानां हरिणा विगतप्रभः॥ १२॥

पदार्थ–

स्वपौरुषे = आफ्नो बल **प्रतिहते** = व्यर्थ गएको हुनाले **हतमानः** = अहङ्कार चूर्ण भएकाले	**विगतप्रभः** = सम्पूर्ण कान्ति हराएको **महासुरः** = हिरण्याक्षले **हरिणा** = भगवान् वराहले	**दीयमानां** = दिइएको **गदां** = भुँइमा झरेको गदा **न ऐच्छत्** = लिन चाहेन

वाक्यार्थ– आफ्नो बल व्यर्थ गएको हुनाले अहङ्कार चूर्ण भएकाले सम्पूर्ण कान्ति हराएको हिरण्याक्षले भगवान् वराहद्वारा दिइएको भुँइमा झरेको गदा लिन चाहेन।

जग्राह त्रिशिखं शूलं ज्वलज्ज्वलनलोलुपम्।
यज्ञाय धृतरूपाय विप्रायाभिचरन् यथा॥ १३॥

पदार्थ–

त्रिशिखं = तीनओटा चुच्चोले युक्त	**शूलं** = त्रिशूल	**यथा** = जसरी कोही
ज्वलज्ज्वलनलोलुपम् = भर्भराउँदो आगोजस्तो आफ्नो कार्य गर्न व्यग्र	**धृतरूपाय** = अनौठो वराहरूप धारण गरेका	**विप्राय** = ब्राह्मणलाई
	यज्ञाय = यज्ञमूर्ति हरिलाई	**अभिचरन्** = मार्न उद्यत हुन्छ
	जग्राह = प्रहार गऱ्यो	

वाक्यार्थ– यसपछि हिरण्याक्षले तीनओटा चुच्चोले युक्त भर्भराउँदो आगोजस्तो आफ्नो कार्य गर्न व्यग्र त्रिशूल अनौठो वराहरूप धारण गरेका यज्ञमूर्ति हरिलाई प्रहार गऱ्यो, जसरी कोही ब्राह्मणलाई मार्न उद्यत हुन्छ।

तदोजसा दैत्यमहाभटार्पितं
चकासदन्तःख उदीर्णदीधिति।
चक्रेण चिच्छेद निशातनेमिना
हरिर्यथा ताक्ष्र्यपतत्रमुज्झितम्॥ १४॥

पदार्थ–

ओजसा = बलपूर्वक	**हरिः** = भगवान् हरिले	**निशातनेमिना** = तीखो धार भएको
दैत्यमहाभटार्पितं = दैत्यराज हिरण्याक्षले प्रहार गरिएको	**यथा** = जसरी (देवराज इन्द्रले)	**चक्रेण** = सुदर्शन चक्रले
अन्तःखे = आकाशको मध्यमा	**उज्झितम्** = बज्रको सम्मानका निम्ति फालिएको	**चिच्छेद** = काटिदिनुभयो
चकासत् = चम्किँदै गरेको	**ताक्ष्र्यपतत्रम्** = गरुडको प्वाँखलाई (काटेका थिए त्यसै गरी)	
उदीर्णदीधिति = अत्यन्त तेजस्वी		
तत् = त्यस त्रिशूललाई		

वाक्यार्थ– बलपूर्वक दैत्यराज हिरण्याक्षले प्रहार गरेको आकाशको मध्यमा चम्किँदै गरेको अत्यन्त तेजस्वी त्यो त्रिशूललाई भगवान् हरिले देवराज इन्द्रले जसरी बज्रको सम्मानका निम्ति फालिएको गरुडको प्वाँखलाई (काटेका थिए त्यसै गरी तीखो धार भएको सुदर्शन चक्रले काटिदिनुभयो।

टिप्पणी– एकपटक अमृत लिएर उडिरहेका गरुडलाई इन्द्रले वज्रप्रहार गरेका थिए तर वज्रले गरुडलाई केही गर्न नसकेपछि इन्द्रको वज्रलाई निरर्थक हुनबाट बचाउनका लागि गरुडले आफ्नो प्वाँख आफैँ खसालिदिएका थिए। त्यसलाई इन्द्रको वज्रले सजिलै काटेको थियो।

वृक्णे स्वशूले बहुधारिणा हरेः

प्रत्येत्य विस्तीर्णमुरो विभूतिमत्।
प्रवृद्धरोषः स कठोरमुष्टिना
नदन् प्रहृत्यान्तरधीयतासुरः ॥ १५ ॥

पदार्थ–

अरिणा = भगवान्को धारिलो चक्रले	**प्रवृद्धरोषः** = अत्यन्त रिसाएको	**विभूतिमत्** = ऐश्वर्यशाली
स्वशूले = आफ्नो त्रिशूल	**सः** = त्यो	**विस्तीर्णम्** = विशाल
बहुधा = धेरै	**असुरः** = हिरण्याक्षले	**हरेः** = भगवान् हरिको
वृक्णे = टुक्रा-टुक्रा भएको देखेर	**नदन्** = गर्जना गर्दै	**उरः** = छातीमा
	प्रहृत्य = नजिक आएर	**प्रत्येत्य** = प्रहार गरेर
	कठोरमुष्टिना = कडा मुठ्ठीले	**अन्तरधीयत** = अन्तर्धान भयो

वाक्यार्थ– भगवान्को धारिलो चक्रले आफ्नो त्रिशूल धेरै टुक्राटुक्रा भएको देखेर अत्यन्त रिसाएको त्यो हिरण्याक्षले गर्जना गर्दै नजिक आएर कडा मुठ्ठीले ऐश्वर्यशाली विशाल भगवान् हरिको छातीमा प्रहार गरेर ऊ अन्तर्धान भयो।

तेनेत्थमाहतः क्षत्तर्भगवानादिसूकरः।
नाकम्पत मनाक् क्वापि स्रजा हत इव द्विपः ॥ १६ ॥

पदार्थ–

क्षत्तः = हे विदुरजी	**आदिसूकरः** = वराह	**मनाक्** = थोरै
तेन = हिरण्याक्षद्वारा	**स्रजा** = पुष्पमालाले	**क्व अपि** = कतै पनि
इत्थम् = यसप्रकार	**हतः** = प्रहार गरिएको	**न अकम्पत** = विचलित हुनुभएन
आहतः = प्रहार गरिएका	**द्विपः** हात्ती	
भगवान् = भगवान्	**इव** = झैं	

वाक्यार्थ– हे विदुरजी ! हिरण्याक्षद्वारा यसप्रकार प्रहार गरिएका भगवान् वराह पुष्पमालाले प्रहार गरिएको हात्तीझैं कत्ति पनि विचलित हुनुभएन।

अथोरुधासृजन्मायां योगमायेश्वरे हरौ।
यां विलोक्य प्रजास्त्रस्ता मेनिरेऽस्योपसंयमम् ॥ १७ ॥

पदार्थ–

अथ = यसपछि	**योगमायेश्वरे** = मायाका मालिक भएका	**हरौ** = भगवान् हरिमाथि
		उरुधा = विभिन्न किसिमको

मायां = मायाशक्ति
असृजत् = प्रयोग गर्न थाल्यो
यां = त्यस मायालाई
विलोक्य = देखेर
त्रस्ताः = डराएका
प्रजाः = प्राणीहरूले
अस्य = संसारको
उपसंयमम् = प्रलय हुन लागे जस्तो
मेनिरे = अनुभव गरे

वाक्यार्थ– यसपछि मायाका मालिक भएका भगवान् हरिमाथि हिरण्याक्षले विभिन्न किसिमको मायाशक्ति प्रयोग गर्न थाल्यो। मायालाई देखेर डराएका प्राणीहरूले संसारको प्रलय हुनलागे जस्तो अनुभव गरे।

प्रववुर्वायवश्चण्डास्तमः पांसवमैरयन्।
दिग्भ्यो निपेतुर्ग्रावाणः क्षेपणैः प्रहिता इव॥ १८॥

पदार्थ–
चण्डाः = अत्यन्त वेगले युक्त भएको
वायवः = हावा
प्रववुः = वहन थाल्यो
पांसवम् = धूलो भरिएको
तमः = अन्धकारलाई
ऐरयन् = हावाले फैलाए
ग्रावाणः = ढुङ्गाहरू
क्षेपणैः = ढुङ्गा फाल्ने यन्त्रले
प्रहिताः = फाले
इव = झैँ
दिग्भ्यः = सबै दिशातिरबाट
निपेतुः = खस्न थाले

वाक्यार्थ– अत्यन्त वेगले युक्त भएको हावा वहन थाल्यो। धूलो भरिएको अन्धकारलाई हावाले फैलाए ढुङ्गाहरू ढुङ्गा फाल्ने यन्त्रले फालेझैँ सबै दिशातिरबाट खस्न थाले।

द्यौर्नष्टभगणाभ्रौघैः सविद्युत्स्तनयित्नुभिः।
वर्षद्भिः पूयकेशासृग्विण्मूत्रास्थीनि चासकृत्॥ १९॥

पदार्थ–
पूयकेशासृग्विण्मूत्रास्थीनि = दुर्गन्धित केश, रगत, विष्टा, मूत्र, हड्डी आदि
असकृत् = निरन्तर
वर्षद्भिः = वर्षिएकाले
सविद्युत्स्तनयित्नुभिः = बिजुली चम्केझैँ गर्जिएका
अभ्रौघैः = मेघको विस्तारले
नष्टभगणा = सम्पूर्ण ताराहरू छोपिएको
द्यौः = आकाश (देखियो)

वाक्यार्थ– दुर्गन्धित केश, रगत, विष्टा, मूत्र, हड्डी आदि निरन्तर वर्षिएकाले बिजुली चम्केझैँ गर्जिएका मेघको विस्तारले सम्पूर्ण ताराहरू छोपिएको आकाश देखियो।

गिरयः प्रत्यदृश्यन्त नानायुधमुचोऽनघ।
दिग्वाससो यातुधान्यः शूलिन्यो मुक्तमूर्धजाः॥ २०॥

पदार्थ–

अनघ = हे निर्दोषी विदुरजी **गिरयः** = पहाडहरू **नानायुधमुचः** = विभिन्न किसिमका शस्त्रास्त्रहरू फाल्न लागेझैं	**प्रत्यदृश्यन्त** = देखिन थाले **दिग्वाससः** = नाङ्गा **शूलिन्यः** = त्रिशूलधारी **मुक्तमूर्धजाः** = जटा फिँजाएका **यातुधान्यः** = राक्षसीहरू पनि	**प्रत्यदृश्यन्त** = देखिन थाले

वाक्यार्थ– हे निर्दोषी विदुरजी ! पहाडहरू विभिन्न किसिमका शस्त्रास्त्रहरू फाल्न लागेझैं देखिन थाले। नाङ्गा त्रिशूलधारी जटा फिँजाएका राक्षसीहरू पनि देखिन थाले।

बहुभिर्यक्षरक्षोभिः पत्त्यश्वरथकुञ्जरैः ।

आततायिभिरुत्सृष्टा हिंस्रा वाचोऽतिवैशसाः ॥ २१ ॥

पदार्थ–

पत्त्यश्वरथकुञ्जरैः = पैदल हिँड्ने, घोडा, रथ, हात्तीमा चढेर हिँड्ने **बहुभिः** = धैरै	**आततायिभिः** = अत्यन्त क्रूर स्वभाव भएका **यक्षरक्षोभिः** = विभिन्न प्रकारका यक्ष र राक्षसहरूले **उत्सृष्टाः** = उच्चारण गरेका	**अतिवैशसाः** = अत्यन्त क्रूर **हिंस्राः** = हिँसामय **वाचः** = वाणीहरू (फैलिन थाले)

वाक्यार्थ– पैदल हिँड्ने र घोडा, रथ, हात्तीमा अढेर हिँड्ने अत्यन्त क्रूर स्वभाव भएका विभिन्न प्रकारका यक्ष र राक्षसहरूले उच्चारण गरेका अत्यन्त क्रूर हिँसामय वाणीहरू फैलिन थाले।

प्रादुष्कृतानां मायानामासुरीणां विनाशयत् ।

सुदर्शनास्त्रं भगवान् प्रायुङ्क्त दयितं त्रिपात् ॥ २२ ॥

पदार्थ–

त्रिपात् = ऐश्वर्यशाली वराह **भगवान्** = भगवान्ले **प्रादुष्कृतानां** = हिरण्याक्षले देखाइसकेको	**आसुरीणां** = आसुरी **मायानाम्** = मायाजाललाई **विनाशयत्** = नाश गर्नका लागि **दयितं** = अत्यन्त प्रिय	**सुदर्शनास्त्रं** = सुदर्शन नाम गरेको आफ्नो चक्र **प्रायुङ्क्त** = प्रहार गर्नुभयो

वाक्यार्थ– ऐश्वर्यशाली वराह भगवान्ले हिरण्याक्षले देखाइसकेको आसुरी मायाजाललाई नाश गर्नका लागि अत्यन्त प्रिय सुदर्शन नाम गरेको आफ्नो चक्र प्रहार गर्नुभयो।

तदा दितेः समभवत् सहसा हृदि वेपथुः ।

स्मरन्त्या भर्तुरादेशं स्तनाच्चासृक् प्रसुस्रुवे ॥ २३ ॥

पदार्थ–

तदा = भगवान्ले सुदर्शनचक्र प्रहार गर्ने वेलामा	**स्मरन्त्याः** = सम्झिएकी	**स्तनात्** = स्तनहरूबाट
भर्तुः = आफ्ना पति कश्यपको	**दितेः** = दितिको	**असृक्** = रगत (पनि)
आदेशं = (तिम्रो छोरो भगवान्को हातबाट मारिने छ भन्ने) कथन	**हृदि** = हृदयमा	**प्रसुस्रुवे** = बग्न थाल्यो
	सहसा = अचानक	
	वेपथुः = कम्प	
	समभवत् = उत्पन्न भयो	

वाक्यार्थ– भगवान्ले सुदर्शनचक्र प्रहार गर्ने वेलामा आफ्ना पति कश्यपको तिम्रो छोरो भगवान्को हातबाट मारिनेछ भन्ने कथन सम्झिएकी दितिको हृदयमा अचानक कम्प उत्पन्न भयो र उनका स्तनहरूबाट रगत पनि बग्न थाल्यो।

विनष्टासु स्वमायासु भूयश्चाव्रज्य केशवम्।
रुषोपगूहमानोऽमुं ददृशेऽवस्थितं बहिः॥ २४॥

पदार्थ–

स्वमायासु = आफ्नो सम्पूर्ण मायाशक्ति	**आव्रज्य** = दौडेर आएर	**अमुं** = उहाँ भगवान्लाई
विनष्टासु = नाश भएपछि (हिरण्याक्षले)	**रुषा** = रिसले	**बहिः** = आफ्ना हातभन्दा बाहिर नै
भूयः = फेरि	**केशवम्** = भगवान् केशवलाई	**अवस्थितं** = रहेको
	उपगूहमानः = दुई हातले अँगाल्न खोजे तापनि	**ददृशे** = देख्यो

वाक्यार्थ– आफ्नो सम्पूर्ण मायाशक्ति नाश भएपछि हिरण्याक्षले फेरि दौडेर आएर रिसले भगवान् केशवलाई दुई हातले अँगाल्न खोजे तापनि उहाँ भगवान्लाई आफ्ना हातभन्दा बाहिर नै रहेको देख्यो।

तं मुष्टिभिर्विनिघ्नन्तं वज्रसारैरधोक्षजः।
करेण कर्णमूलेऽहन् यथा त्वाष्ट्रं मरुत्पतिः॥ २५॥

पदार्थ–

वज्रसारैः = वज्रजस्तै कठोर	**तं** = त्यस हिरण्याक्षलाई	**मरुत्पतिः** = इन्द्रले
मुष्टिभिः = मुठ्ठीद्वारा	**अधोक्षजः** = भगवान् वराहले	**त्वाष्ट्रं** = वृत्रासुरलाई
विनिघ्नन्तं = आफूलाई प्रहार गर्दै गरेको	**करेण** = हातले	**यथा** = हानेझैं
	कर्णमूले = कञ्चटमा	**अहन्** = प्रहार गर्नुभयो

वाक्यार्थ– वज्रजस्तै कठोर मुठ्ठीद्वारा आफूलाई प्रहार गर्दै गरेको हिरण्याक्षलाई भगवान् वराहले हातले कञ्चटमा इन्द्रले वृत्रासुरलाई हानेझैं प्रहार गर्नुभयो।

स आहतो विश्वजिता ह्यवज्ञया
परिभ्रमद्गात्र उदस्तलोचनः ।
विशीर्णबाह्वङ्घ्रिशिरोरुहोऽपतद्
यथा नगेन्द्रो लुलितो नभस्वता ॥ २६ ॥

पदार्थ–

विश्वजिता = भगवान्द्वारा	**विशीर्णबाह्वङ्घ्रिशिरोरुहः** = हातखुट्टा र टाउको क्षतविक्षत भएको	**लुलितः** = उखेलिएको
अवज्ञया = केवल उपेक्षापूर्वक	**सः** = त्यो हिरण्याक्ष	**नगेन्द्रः** = ठुलो रुख ढल्दछ (त्यसै गरी)
आहतः = हानिएको	**यथा** = जसरी	**अपतत्** = भुँइमा ढल्यो
परिभ्रमद्गात्रः = थर्थर कामेको	**नभस्वता** = हावाले	
उदस्तलोचनः = दुबै आँखा बाहिर निस्केको		

वाक्यार्थ– भगवान्द्वारा केवल उपेक्षापूर्वक प्रहार गरिएर थर्थर कामेको, दुबै आँखा बाहिर निस्केको र हातखुट्टा र टाउको क्षतविक्षत भएको हिरण्याक्ष जसरी हावाले उखेलिएको ठुलो रुख ढल्दछ त्यसै गरी भुँइमा ढल्यो ।

क्षितौ शयानं तमकुण्ठवर्चसं
करालदंष्ट्रं परिदष्टदच्छदम् ।
अजादयो वीक्ष्य शशंसुरागता
अहो इमं को नु लभेत संस्थितिम् ॥ २७ ॥

पदार्थ–

क्षितौ = जमिनमा	**अकुण्ठवर्चसं** = शक्ति क्षीण भई नसकेको	**अहो** = आश्चर्य
शयानं = लडेको	**तम्** = हिरण्याक्षलाई	**इमं** = यसप्रकारको
करालदंष्ट्रं = डरलाग्दा दाह्राले युक्त भएको	**वीक्ष्य** = देखेर	**संस्थितिम्** = मृत्यु
परिदष्टदच्छदम् = ओठ टोक्दै गरेको	**आगताः** = आउनुभएका	**कः** = कसले
	अजादयः = ब्रह्मालगायतका देवताहरूले	**लभेत** = प्राप्त गर्दछ (भन्दै)
		शशंसुः = प्रशंसा गर्न लागे

वाक्यार्थ– जमिनमा लडेको, डरलाग्दा दाह्राले युक्त भएको, ओठ टोक्दै गरेको, शक्ति क्षीण भइनसकेको हिरण्याक्षलाई देखेर आउनुभएका ब्रह्मालगायतका देवताहरूले 'यसप्रकारको मृत्यु कस्ले प्राप्त गर्दछ र ?' भन्दै प्रशंसा गर्न लागे ।

यं योगिनो योगसमाधिना रहो
ध्यायन्ति लिङ्गादसतो मुमुक्षया।
तस्यैष दैत्यऋषभः पदाहतो
मुखं प्रपश्यंस्तनुमुत्ससर्ज ह ॥ २८ ॥

पदार्थ–

असतः = असत्य	**यं** = जुन भगवान्को	**प्रपश्यन्** = दर्शन गर्दै
लिङ्गात् = शरीरबाट	**ध्यायन्ति** = ध्यान गर्दछन्	**हतः** = मारिएर
मुमुक्षया = मुक्त हुने इच्छाले भक्तहरू	**तस्य** = तिनै भगवान्को	**तनुम्** = शरीर
योगसमाधिना = कठोर व्रत तपस्या आदिले	**पदा** = पाउको प्रहारले	**उत्ससर्ज** = त्याग्यो
रहः = एकान्तमा बसेर	**दैत्यऋषभः** = यो दैत्यराज हिरयण्याक्ष	**ह** = निश्चय नै
योगिनः = योगीहरू	**मुखं** = भगवान्को त्यो दिव्य मुहारको	**एषः** = यो (पुण्यशाली हुनेछ)

वाक्यार्थ– असत्य शरीरबाट मुक्त हुने इच्छाले भक्तहरू कठोर व्रत तपस्या आदि गरेर एकान्तमा बसेर योगीहरू जुन भगवान्को ध्यान गर्दछन्, तिनै भगवान्को पाउको प्रहारले यो दैत्यराज हिरयण्याक्षले भगवान्को त्यो दिव्य मुहारको दर्शन गर्दै मारिएर शरीर त्याग्यो। यसर्थ निश्चय नै यो पुण्यशाली हुनेछ।

एतौ तौ पार्षदावस्य शापाद् यातावसद्गतिम्।
पुनः कतिपयैः स्थानं प्रपत्स्येते ह जन्मभिः ॥ २९ ॥

पदार्थ–

एतौ = दितिका यी दुई भाइ छोरा	**शापात्** = सनकादिको श्रापको कारणले	**जन्मभिः** = जन्मपछि
अस्य = भगवान्का	**असद्गतिम्** = राक्षसयोनिमा	**स्थानं** = आफ्नो पूर्वस्थान वैकुण्ठमा
तौ = जयविजय नाम गरेका	**यातौ** = आएका छन्	**प्रपत्स्येते** = पुग्नेछन्
पार्षदौ = समीपवर्ती पार्षद थिए तर	**पुनः** = श्राप पूरा भएपछि	
	कतिपयैः = केही	

वाक्यार्थ– दितिका यी दुई भाइ छोरा भगवान्का जयविजय नाम गरेका समीपवर्ती पार्षद थिए तर सनकादिको श्रापको कारणले राक्षसयोनिमा आएका छन्। श्राप पूरा भएपछि केही जन्मपछि यिनीहरू आफ्नो पूर्वस्थान वैकुण्ठमा पुग्नेछन्।

देवा ऊचुः (देवताहरूले भन्नुभयो)

नमो नमस्तेऽखिलयज्ञतन्तवे
स्थितौ गृहीतामलसत्त्वमूर्तये ।
दिष्ट्या हतोऽयं जगतामरुन्तुद-
स्त्वत्पादभक्त्या वयमीश निर्वृताः ॥ ३० ॥

पदार्थ–

अखिलयज्ञतन्तवे = सम्पूर्ण यज्ञका प्रवर्तक
स्थितौ = संसाररक्षाका निम्ति
गृहीतामलसत्त्वमूर्तये = रज, तम आदिरहित शान्तस्वरूप धारण गरेका
ते = हजुरलाई
नमः नमः = बारम्बार नमस्कार छ
जगताम् = संसारलाई
अरुन्तुदः = दुःखकष्ट दिने
अयं = यो हिरण्याक्ष
दिष्ट्या = भाग्यले
हतः = मारियो
ईश = हे भगवान्
त्वत्पादभक्त्या = हजुरको चरणको सेवाले
वयम् = हामीहरू
निर्वृताः = सुखी भएका छौँ

वाक्यार्थ– सम्पूर्ण यज्ञका प्रवर्तक संसाररक्षाका निम्ति रज, तम आदिरहित शान्तस्वरूप धारण गरेका हजुरलाई बारम्बार नमस्कार छ। संसारलाई दुःख, कष्ट दिने यो हिरण्याक्ष भाग्यले मारियो। हे भगवान् ! हजुरको चरणको सेवाले हामीहरू सुखी भएका छौँ।

मैत्रेय उवाच (मैत्रेयले भन्नुभयो)

एवं हिरण्याक्षमसह्यविक्रमं
स सादयित्वा हरिरादिसूकरः ।
जगाम लोकं स्वमखण्डितोत्सवं
समीडितः पुष्करविष्टरादिभिः ॥ ३१ ॥

पदार्थ–

असह्यविक्रमं = अत्यन्त बलवान्
हिरण्याक्षम् = हिरण्याक्षलाई
आदिसूकरः = वराहरूप
सः = उहाँ
हरिः = हरि भगवान्ले
एवं = यसप्रकार
सादयित्वा = मारेर
पुष्करविष्टरादिभिः = ब्रह्मादिले
समीडितः = स्तुति गरिएर
अखण्डितोत्सवं = रमणीय
स्वम् = आफ्नो
लोकं = वैकुण्ठलोकमा
जगाम = जानुभयो

वाक्यार्थ– अत्यन्त बलवान् हिरण्याक्षलाई वराहरूप हरि भगवान्ले यसप्रकार मारेर ब्रह्मादिद्वारा स्तुति गरिएर उहाँ रमणीय आफ्नो वैकुण्ठलोकमा जानुभयो।

मया यथानूक्तमवादि ते हरेः
कृतावतारस्य सुमित्र चेष्टितम्।
यथा हिरण्याक्ष उदारविक्रमो
महामृधे क्रीडनवन्निराकृतः॥ ३२॥

पदार्थ–

सुमित्र = हे उदार हृदय भएका विदुरजी	**क्रीडनवत्** = खेलौनाझैँ गरी	**चेष्टितम्** = कार्य हो
यथा = जसरी	**निराकृतः** = मारियो	**अनूक्तम्** = जसरी जानिएको थियो त्यो सबै
उदारविक्रमः = पराक्रमी	**तथा** = त्यो सबै	**मया** = मद्वारा
हिरण्याक्षः = हिरण्याक्षलाई	**कृतावतारस्य** = वराहरूप धारण गर्नुभएका	**ते** = तपाईं
महामृधे = युद्धमा	**हरेः** = नारायणको	**अवादि** = भनिनुभयो

वाक्यार्थ– हे उदार हृदय भएका विदुरजी ! जसरी पराक्रमी हिरण्याक्षलाई युद्धमा खेलौनाझैँ गरी मारियो, त्यो सबै वराहरूप धारण गर्नुभएका नारायणको कार्य हो। यो कुरा मैले जानेको जति सबै तपाईंलाई भनैँ।

सूत उवाच (सुतजीले भन्नुभयो)

इति कौषारवाख्यातामाश्रुत्य भगवत्कथाम्।
क्षत्तानन्दं परं लेभे महाभागवतो द्विज॥ ३३॥

पदार्थ–

द्विज = हे शौनकजी	**भगवत्कथाम्** = वराहरूप भगवान् नारायणको कथा	**क्षत्ता** = विदुरजीले
इति = यसप्रकार	**आश्रुत्य** = सुनेर	**परं** = धैरै
कौषारवाख्याताम् = मैत्रेयजीले भनेको	**महाभागवतः** = परमवैष्णव	**आनन्दं** = आनन्द
		लेभे = प्राप्त गर्नुभयो

वाक्यार्थ– हे शौनकजी ! यसप्रकार मैत्रेयजीले भनेको वराहरूप भगवान् नारायणको कथा सुनेर परमवैष्णव विदुरजीले धैरै आनन्द प्राप्त गर्नुभयो।

अन्येषां पुण्यश्लोकानामुद्दामयशसां सताम्।

उपश्रुत्य भवेन्मोदः श्रीवत्साङ्कस्य किं पुनः ॥ ३४ ॥

पदार्थ–

पुण्यश्लोकानाम् = पवित्र कीर्ति भएका	**अन्येषां** = यीदेखि अन्य	**भवेत्** = हुन्छ भने
उद्दामयशसां = संसारभर यश फैलिएका र	**सताम्** = सज्जन भक्तहरूको	**श्रीवत्साङ्कस्य** = साक्षात् भगवान्‌को (कथा सुनेर त)
	उपश्रुत्य = कथा सुनेर	**पुनः किं** = फेरि के कुरा गर्नु
	मोदः = आनन्द	

वाक्यार्थ– पवित्र कीर्ति भएका, संसारभर यश फैलिएका अन्य सज्जन भक्तहरूको कथा सुनेर त आनन्द हुन्छ भने साक्षात् भगवान्‌को कथा सुनेर आनन्द नहुने त कुरै छैन।

यो गजेन्द्रं झषग्रस्तं ध्यायन्तं चरणाम्बुजम् ।
क्रोशन्तीनां करेणूनां कृच्छ्रतोऽमोचयद् द्रुतम् ॥ ३५ ॥
तं सुखाराध्यमृजुभिरनन्यशरणैर्नृभिः ।
कृतज्ञः को न सेवेत दुराराध्यमसाधुभिः ॥ ३६ ॥

पदार्थ–

यः = जो भगवान्‌ले	**कृच्छ्रतः** = ग्राहको प्रहारजन्य कष्टबाट	**सुखाराध्यम्** = सुखपूर्वक प्रसन्न गराउन सकिने
करेणूनां = हस्तिनीहरू	**द्रुतम्** = छिट्टै	**असाधुभिः** = दुष्टहरूद्वारा
क्रोशन्तीनां = रुन थालेपछि	**अमोचयत्** = छुट्कारा दिलाउनु भयो	**दुराराध्यम्** = प्राप्त गर्न नसकिने
झषग्रस्तं = गोहीद्वारा समातिएकाले	**अनन्यशरणैः** = अन्य कुनै शरण नभएका	**तं** = त्यस्ता
चरणाम्बुजम् = आफ्नो चरणको	**नृभिः** = मानिसहरूले	**कृतज्ञः** = शरणागतको परिपालन गर्ने भगवान्‌लाई
ध्यायन्तं = स्मरण गर्ने	**ऋजुभिः** = सरल उपायद्वारा	**कः** = कसले
गजेन्द्रं = हात्तीलाई		**न सेवेत** = सेवा नगर्ला र ?

वाक्यार्थ– जो भगवान्‌ले हस्तिनीहरू रुन थालेपछि गोहीद्वारा समातिएकाले आफ्नो चरणको स्मरण गर्ने हात्तीलाई ग्राहको प्रहारजन्य कष्टबाट छिट्टै छुट्कारा दिलाउनुभयो। अन्य कुनै शरण नभएका मानिसहरूले सरल उपायद्वारा सुखपूर्वक प्रसन्न गराउन सकिने दुष्टहरूद्वारा प्राप्त गर्न नसकिने त्यस्ता शरणागतको परिपालन गर्ने भगवान्‌लाई कसले सेवा नगर्ला र ?

यो वै हिरण्याक्षवधं महाद्भुतं

विक्रीडितं कारणसूकरात्मनः।
शृणोति गायत्यनुमोदतेऽञ्जसा
विमुच्यते ब्रह्मवधादपि द्विजाः॥ ३७॥

पदार्थ–

द्विजाः = हे ब्राह्मणहरू हो
कारणसूकरात्मनः = पृथ्वीको रक्षाका निम्ति वराहरूप धारण गर्नुभएका भगवान्को
महाद्भुतं = ज्यादै आश्चर्य लाग्दो
हिरण्याक्षवधं = हिरण्याक्षको नाशरूप
विक्रीडितं = लीला
यः = जसले
शृणोति = सुन्दछ
गायति = भन्दछ
अनुमोदते = स्वीकार पनि गर्दछ त्यो
अञ्जसा = सजिलै
ब्रह्मवधात् = ब्रह्महत्याजस्तो महापापबाट
अपि = पनि
वै = निश्चय नै
विमुच्यते = मुक्त हुन्छ

वाक्यार्थ– हे ब्राह्मणहरू हो ! पृथ्वीको रक्षाका निम्ति वराहरूप धारण गर्नुभएका भगवान्को आश्चर्य लाग्दो हिरण्याक्षको नाशरूप लीला जसले सुन्दछ, भन्दछ स्वीकार पनि गर्दछ त्यो सजिलै ब्रह्महत्याजस्तो महापापबाट पनि निश्चय नै मुक्त हुन्छ।

एतन्महापुण्यमलं पवित्रं
धन्यं यशस्यं पदमायुराशिषाम्।
प्राणेन्द्रियाणां युधि शौर्यवर्धनं
नारायणोऽन्ते गतिरङ्ग शृण्वताम्॥ ३८॥

पदार्थ–

अङ्ग = हे प्यारा विदुरजी
अलं = अत्यन्त
पवित्रं = पवित्र
महापुण्यम् = धेरै पुण्यदान गर्ने
धन्यं = प्रशस्त धन सम्पत्तिरूप फल दिने
यशस्यं = कीर्ति दिलाउने
आयुराशिषाम् = आयु र सम्पूर्ण मनोरथहरूको पनि
पदम् = प्राप्तिस्रोत भएको
युधि = युद्धमा
प्राणेन्द्रियाणां = प्राण र इन्द्रियहरूको
शौर्यवर्धनं = शक्ति बढाउने
एतत् = यो भगवान्को कथाचरित्र
शृण्वताम् = सुन्नेहरूका लागि
अन्ते = अन्तिम समयमा
नारायणः = भगवान् नारायण
गतिः = प्राप्तिरूप फल दिनेवाला छ

वाक्यार्थ– हे प्यारा विदुरजी ! अत्यन्त पवित्र धेरै पुण्यदान गर्ने, प्रशस्त धन सम्पत्तिरूप फल दिने, कीर्ति दिलाउने, आयु र सम्पूर्ण मनोरथहरूको पनि प्राप्तिस्रोत भएको, युद्धमा प्राण र इन्द्रियहरूको शक्ति बढाउने भगवान्‌को यो कथाचरित्र सुन्नेहरूका लागि अन्तिम समयमा भगवान् नारायण प्राप्तिरूप फल दिनेवाला छ।

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां तृतीयस्कन्धे हिरण्याक्षवधो नामैकोनविंशोऽध्यायः ॥ १९ ॥